CC-0. In Public Domain. Digitization by eGangotri

मेचीदेखि महाकाली

(भाग १)



पूर्वाञ्चल विकास क्षेत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वा॰ शि॰ आ॰ ४

११/ [redacted] / द॰ ६४७८

पु॰ [redacted] आ॰ नं॰

पु॰ [redacted] आरक्षित

वा॰ वि॰ पीठ,

पुस्तकालय,

दोश्रो प्रति

मू॰ ५०।—

११/११८/६४८८

KATHMANDU NEPAL

KATHMANDU NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेचीदेखि महाकाली

(भाग १)

११/११०/ ६४66

पूर्वाञ्चल विकास क्षेत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः
श्री ५ को सरकार
सञ्चार मन्त्रालय
सूचना विभाग

सर्वाधिकार सुरक्षित

प्रथम संस्करणः १,००० प्रति
शुभ-राज्याभिषेक वर्ष, २०३१

मूल्यः ५०/-

मुद्रकः
श्री ५ को सरकारको छापाखाना
सिंहदरबार, काठमाडौं,
नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट

"मेचीदेखि महाकाली" को प्रकाशनमा बक्सेको सन्देश

नेपाली समाजको आधुनिकीकरण नै हामीहरूको आजको सर्वोपरी लक्ष्य भएको हुनाले देश विकास सम्बन्धी विभिन्न उपाय तथा विचारधाराहरू देखा पर्नु स्वभाविकै हो । तर यस्ता उपाय तथा विचारहरू देशमा विद्यमान रहेका वस्तुस्थितिसित मेल खाए मात्र देश विकासको निम्ति उपयोगी सिद्ध हुन्छन् । त्यसैले हाम्रो देशको भौगोलिक अवस्था तथा सांस्कृतिक परम्पराको विशिष्टताले गर्दा हाम्रो आर्थिक तथा सामाजिक समस्याहरूको समाधान अरूको अनुकरणले मात्र हुन सक्दैन । यसको निम्ति हामीले हाम्रो वास्तविकताको स्पष्ट बोध गरी त्यसको आधारमा आफ्नै किसिमका समाधानहरू पहिल्याउनु आवश्यक छ । त्यसैले पहिले आफ्नै मुलुकसँग परिचित हुनु नै हाम्रो आजको आवश्यकता हो ।

"मेचीदेखि महाकाली" नामको यो पुस्तकले हाम्रो देशका जिल्लाहरूको परिचयात्मक विवरणहरू प्रस्तुत गरी एउटा खाँचो पूर्ति गर्ने प्रयत्न गरेको छ। सबै क्षेत्रका पाठकहरू यस प्रयासबाट लाभान्वित हुने छन् र यसमा देखिएका कमीहरूको भविष्यमा सुधार गर्दै यसलाई अझ परिष्कृत पार्दै लगिनेछ भन्ने हाम्रो आशा छ ।

यस नौलो तथा महत्वपूर्ण प्रयासमा लागेका सबै हाम्रा धन्यवादका पात्र छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द० ६४७७
पू० [redacted] आ०नं०
पू० [redacted] आरक्षित
वा०वि०पी० पुस्तकालय,

भूमिका

शताब्दीयौंसम्मको सुषुप्तावस्थापछि नेपालमा केही दशक यतादेखि सञ्चालन हुन लागेका विकास अभियानहरू र नेपाली जनमानसमा सुदृढ हुँदै गएको राष्ट्रियताको भावनाले गर्दा नेपाल अधिराज्यको प्रत्येक भागले आज बढ्दो महत्वको अनुभव गरेको छ। केही दशक पहिलेसम्म पनि शिक्षित नेपालीहरूमा समेत आफ्नो देशको विभिन्न भाग तथा त्यहाँका निवासीहरूको अस्तित्वको बारेमा बहुतै सीमित ज्ञान मात्र हुन्थ्यो। तर विकास कार्यक्रमहरूको प्रभावमा अधिराज्यका विभिन्न भागका मानिसहरूको बीच सम्पर्क यति व्यापक र तीव्र हुन गएको छ कि आज सबै नेपालीहरू नेपालका विभिन्न भागले प्रस्तुत गरेको विविधता बारे बढी मात्रामा सचेत भएका छन्। त्यसमाथि पनि अधिराज्यमा पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएपछि गाउँ र जिल्ला पञ्चायत-हरूको स्थापनाद्वारा स्थानीय विकासको क्षेत्रमा मात्र बढी ध्यान गएको होइन कि यसले गर्दा देशका सम्पूर्ण भागहरूलाई राष्ट्रिय जीवन प्रवाहमा अझ प्रभावकारी रूपले संलग्न गरायो। केही वर्ष यता श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको सदिच्छा अनुसार देशमा विकास कार्यक्रमहरूको सञ्चालनमा क्षेत्रिय सन्तुलन ल्याउन अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गरिनुको साथै देशका विभिन्न इलाकाहरूको विकास र तिनीहरूलाई आपसमा परिपूरक बनाउन राष्ट्रिय योजनाको प्रक्रियामा प्रादेशिक दृष्टिकोण अपनाइनाले नेपाल अधिराज्यको प्रत्येक भू-भाग तथा जन-समूहको महत्व झन् बढ्न गएको छ।

देश विकासको यस बढ्दो गतिको परिप्रेक्षमा नेपालका वर्तमान जिल्लाहरू, यसमा समावेश भएका जनसंख्या र भू-इलाकाको परिमाणको कारणले विकास तथा प्रशासनको महत्वपूर्ण एकाईहरूको रूपमा विकसित हुँदै आइरहेका छन्। यसरी वर्तमान नेपालको ७५ वटा जिल्लाहरूको समष्टिले नै नेपालको प्रत्येक भू-भाग र गाउँ समाजको प्रतिनिधित्व गर्न लागेको छ।

नेपालका जिल्लाहरूको यस्तो महत्वपूर्ण स्थान भए तापनि हालसम्म तिनीहरूको विषयमा समष्टि रूपले परिचय दिने कुनै पुस्तक तयार भइसकेको थिएन। श्री ५ को सरकार, पञ्चायत मन्त्रालयले २०२१।०२२ सालतिर विभिन्न जिल्लाहरूको छोटकरी परिचय दिने स-साना पुस्तिकाहरू निकालेको थियो। ती पुस्तिकाहरू सही दिशामा चालिएका पहिलो पाइला भए तापनि ती परिचयहरू अत्यन्त संक्षिप्त भएका हुनाले तिनीहरूको उपयोगिता पनि सीमित नै रह्यो। सोही मन्त्रालयबाट पछि पनि यस्ता पुस्तिकाहरू प्रकाशनमा आएका थिए, तर तिनीहरूको व्यापकतामा पनि खास वृद्धि हुन सकेन। यस्तै प्रकारको प्रयास अरू संस्थाहरूले पनि फाटफूट गरेको देखिन्छ। कपिलवस्तु जिल्ला पञ्चायतद्वारा २०२९ सालमा प्रकाशित श्री वज्रानन्द वज्राचार्य लिखित कपिलवस्तुको रूपरेखा नामक पुस्तक र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले विश्व-कोश तयार गर्ने सिलसिलामा नमूनाको रूपमा २०३० सालमा निकालेको पाल्पा भन्ने पुस्तिका यस प्रकारको प्रयासका केही उदाहरणहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । तर ती प्रयासहरूमा समावेश गरिएका विषय वस्तुहरूको व्यापकता तथा गहिराइमा समेत एक आपसमा फरक छन् भने अर्कोतिर तिनीहरू सीमित जिल्लाहरूको बारेमा मात्र उपलब्ध छन् ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ युवराजाधिराज होइबक्सँदा नै २०२७ सालदेखि प्रारम्भ गरिबक्सेको अधिराज्यका विभिन्न भागहरूको अनौपचारिक सवारी भ्रमणमा जिल्लाहरू सम्बन्धी जानकारीको ठूलो अभाव अनुभव भयो । त्यसैले यस जाँचबुझ केन्द्रले मुख्यत: मौसूफ सरकारको सवारी भ्रमणको निमित्त आवश्यक पर्ने विभिन्न जिल्लाहरू सम्बन्धी जानकारी विभिन्न स्रोतहरूबाट सङ्कलन गर्न प्रारम्भ गऱ्यो । यसरी क्रमश: प्रत्येक जिल्लाको विषयमा केही वृहत् प्रतिवेदनहरू तयार भए जुन पछि अत्यन्त उपयोगी सावित भए । यदि ती जानकारीहरूलाई सर्व-साधारणले समेत प्रयोग गर्न पाउने गरी प्रकाशमा ल्याउन सकेमा धेरै नेपालीहरू यसबाट लाभान्वित हुन सक्ने छन् भन्ने मौसूफ सरकारको सदिच्छाअनुसार यस केन्द्रको संयोजकत्वमा उक्त प्रतिवेदनहरूलाई एकरूपता दिनुको साथै तिनीहरूलाई प्रकाशनको लागि उपयुक्त तुल्याउने योजना सञ्चालन भयो । अन्दाजी डेढ वर्षको समयावधिमा धेरै जना विशेष अधिकृतहरूको परिश्रमको फलस्वरूप यस पुस्तकले वर्तमान रूप धारण गर्न सकेको छ । चार खण्डमा प्रकाशित यस "मेचीदेखि महाकाली" नामक पुस्तकलाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ-राज्याभिषेकको महान् ऐतिहासिक वर्षमा अधिराज्यका प्रत्येक कुना कन्दरामा बस्ने नेपालीहरूको सुख दु:खप्रति मौसूफ सरकारको चिन्तनको प्रतीकको रूपमा प्रकाशमा ल्याउन पाउनु यस केन्द्रको लागि अत्यन्त ठूलो सौभाग्यको कुरा हो ।

"मेचीदेखि महाकाली" को संयोजनको उद्देश्य एक अर्थमा सीमित र अर्को अर्थमा व्यापक छ । सीमित यस अर्थमा छ कि यसले नेपालका प्रत्येक जिल्लाको विषयमा छुट्टाछुट्टै परिचयात्मक विवरण मात्र दिन प्रयत्न गरेको छ । यो पुस्तक नेपाल अधिराज्यको समष्टि रूपको परिचय होइन, किनभने नेपाल अधिराज्यको पूर्णता यसको ७५ वटा जिल्लाहरूको योगभन्दा व्यापक तथा गहिरो छ । साथै यसले कुनै पनि जिल्लामा पाइने कुनै खास सामाजिक तथा आर्थिक समस्याको बारेमा पूर्ण विश्लेषण पनि प्रस्तुत गर्दैन । जानकारीको उपलब्धिले भ्याएसम्म यस पुस्तकले ती समस्याहरूको उपस्थितिसम्म इङ्गित गर्ने प्रयत्न गरेको छ । तर यसको उद्देश्य व्यापक यी अर्थहरूमा छन् कि यसले प्रथमत: कुनै पनि जिल्लाको बारेमा भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक आदि सम्पूर्ण पक्षहरूमा जानकारी उपलब्ध गराउने चेष्टा गरेको छ र दोस्रो, यी परिचयात्मक ठेलीहरू कुनै वर्ग विशेषको चाख वा आवश्यकताको पूर्तिको निमित्त मात्र लेखिएका नभई यिनीहरूले नेपालका अनुसन्धानकर्ता, योजनावेत्ता, प्रशासक, विद्यार्थी, पर्यटक तथा सामान्य पाठक सबैको निमित्त उपयोगी हुने जानकारीहरू उपलब्ध गराउने प्रयत्न गरेको छ । तर यस प्रयासमा हामी कहाँसम्म सफल भएका छौं भन्ने कुराको निरूपण पाठकवर्गले नै मात्र गर्न सक्दछन् । साथै यहाँ यो पनि उल्लेख गर्नु आवश्यक छ कि यस पुस्तकले नेपालका जिल्लाहरूको बारेमा यत्रतत्र छरिएर रहेका जानकारीहरूलाई सकेसम्म एकत्रित गरी जिल्ला जिल्लाको आधारमा प्रस्तुत गर्न मात्र खोजेको हो । यस पुस्तकमा समावेश भएका कुराहरू ती जिल्लाहरूको सम्बन्धमा कुनै आधिकारिक जानकारी होइनन् ।

यस परिचयात्मक पुस्तकको संयोजन माथि उल्लेख गरिए झैं चार खण्डहरूमा भएको छ । प्रत्येक विकास क्षेत्रको निमित्त एउटा ठेली तयार भएको छ । त्यसैले पूर्वाञ्चल विकास क्षेत्रसित सम्बन्धित खण्डमा उक्त क्षेत्रभित्र पर्ने जम्मा १६ वटा जिल्लाहरूका परिचयहरू, दोस्रो खण्डमा मध्यमाञ्चल विकास क्षेत्र भित्रका १९ वटा जिल्लाहरूका परिचयहरू, तेस्रो खण्डमा पश्चिमाञ्चल विकास क्षेत्रका १७ वटा जिल्लाका परिचयहरू र चौथो खण्डमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका २३ वटा जिल्लाहरूका परिचयहरू समावेश छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक खण्डमा सबभन्दा पहिले उक्त विकास क्षेत्रलाई समष्टि रूपले विचार गरी लेखिएको एउटा क्षेत्रिय सारांश छ। सो सारांशमा उक्त क्षेत्रको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक आदि सम्पूर्ण दृष्टिकोणले विश्लेषण गरी त्यस क्षेत्रभित्र पर्ने विभिन्न इलाकाहरूको विशेषताहरूको चित्रण गर्ने र ती इलाका-हरूका बीच रहेका आपसी अन्तरक्रियाहरूलाई प्रस्तुत गरी उक्त क्षेत्रको वैशिष्टचताको एउटा पार्श्वदृश्य प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। प्रत्येक सारांशको आखिरमा एउटा उपसंहार दिइएको छ जसमा मुख्यतः सो क्षेत्रको विकासको निमित्त अनुकूल र प्रतिकूल परेका तत्वहरूको चर्चा गर्नुको साथै यस क्षेत्रका विकास सम्बन्धी सम्भावना-हरू र त्यसको निमित्त उठाउनु पर्ने कदमहरूको समेत संक्षेपमा उल्लेख गरिएका छन्।

प्रत्येक जिल्लाका वर्णनहरूमा पनि यस्तै प्रकारको ढाँचा अपनाई परिच्छेदहरूको विभाजन गरिएको छ। तर यी वर्णनहरू प्रत्येक जिल्ला विशेषका वर्णन भएको हुनाले यसमा उक्त जिल्ला सम्बन्धी विभिन्न पक्षहरूमा सविस्तार वर्णन प्रस्तुत गरिएको छ।

प्रत्येक जिल्लाको वर्णन उक्त जिल्लाको सामान्य परिचयबाट शुरू हुन्छ, जसमा उक्त जिल्लाका भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसंख्या जस्ता प्रारम्भिक जानकारीहरू र उक्त जिल्लाको विशेषताहरूको बारेमा संक्षिप्त टिप्पणी दिइएको हुन्छ। त्यसपछि प्राकृतिक स्वरूप र सम्पदाको परिच्छेद आउँछ। यसमा समावेश भएका मुख्य उप-शीर्षकहरूमा उक्त जिल्लाको भौगोलिक बनावट, नदी प्रणाली, हावापानी र प्राकृतिक वन-वनस्पति हुन्। हावापानीको सन्दर्भमा जुन जिल्लामा मौसम अवलोकन केन्द्र छैन त्यस जिल्लाका हावापानी सम्बन्धी चर्चा सो जिल्लाको प्राकृतिक अवस्थासित मोटामोटी रूपले मिल्ने देखिने नजीकको जिल्लाको जानकारी-मा आधारित गरिएको छ। वन विकास सम्बन्धी कुराहरू पनि यसै परिच्छेदमा वन-वनस्पति उप-शीर्षक अन्तर्गत राखिएका छन्। जुन जिल्लामा खनिज पदार्थको महत्वपूर्ण भूमिका छ त्यस जिल्लामा यसै परिच्छेद अन्तर्गत खनिज पदार्थ सम्बन्धी पनि केही चर्चा गरिएको छ। अन्यथा खनिज पदार्थ सम्बन्धी चर्चा क्षेत्रिय सारांशहरूमा मात्र गरिएका छन्।

तेस्रो परिच्छेदमा जिल्लाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धी चर्चा गरिएको छ। हुनतः इतिहासको घटनाक्रमले सामान्यतः एउटा व्यापक भू-इलाका समेटेको हुन्छ। त्यसैले नेपालका वर्तमान जिल्लाहरूको सीमानाको आधारमा इतिहासको चर्चा गर्नु वास्तवमा एउटा कृत्रिम प्रयास मात्र हुनेछ तापनि नेपाली इतिहासको निर्माणमा वर्तमान जिल्लाको के भूमिका थियो भन्ने कुरा पाठकवर्गलाई चाखको विषय हुनुका साथै यसप्रकारको जानकारीले भविष्यमा इतिहास सम्बन्धी जिल्ला जिल्लामा गरिने सोधकार्यको निमित्त पनि सहयोग पुऱ्याउला भन्ने अभिप्रायले प्रत्येक जिल्लाको ऐतिहासिक पृष्ठभूमि पनि दिइएको हो। यसमा विभिन्न स्रोतबाट उपलब्ध भएसम्म प्राचीन ऐतिहासिक घटनाहरूको बारेमा समेत संक्षिप्त वर्णन गरिएको छ।

यसपछिको परिच्छेदमा जिल्लामा केही प्रमुख स्थानहरूको विषयमा छुट्टाछुट्टै चर्चा गरिएको छ। यसमा सामान्यतः उक्त स्थानको अवस्थिति, त्यहाँ पुग्ने तरीका, ऐतिहासिक, धार्मिक अथवा व्यापारिक महत्व, मौजूद सामाजिक सुविधाहरू आदिको विषयमा उल्लेख गरिएका छन्।

पाँचौं परिच्छेद जनसंख्या र जनजीवनको हो। यस अन्तर्गत जिल्लाको कुल जनसंख्या, पुरुष महिलाको अनुपात, घर परिवार, उमेर समूह, सक्षम तथा आश्रित जनसंख्याको अनुपात, वैवाहिक स्थिति, मातृभाषा, जन्मस्थान र गाउँ पञ्चायतहरूका जनसंख्या सम्बन्धी जानकारीहरू दिइएका छन्। जनजीवन उप-शीर्षक अन्तर्गत प्रत्येक जिल्लामा बस्ने विभिन्न जात जातिका बासिन्दाहरूमा आपसी सम्बन्धको एउटा स्वरूप प्रस्तुत गर्ने कोशिस गरिएको छ। यसको साथै कुनै कुनै जिल्लामा कुनै कुनै जाति विशेषको बारेमा पनि केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तृत परिचय प्रस्तुत गरिएको छ। यस अन्तर्गत जानकारी उपलब्ध भएसम्म त्यस जातिको भाषा, भेषभूषा, सामाजिक संगठन, आर्थिक व्यवसाय, जीवनचक्र आदि विषयहरूमा चर्चा गरिएको छ। तर कुन जिल्लामा कुन जातिको बारेमा विस्तृत चर्चा गर्ने भन्ने बारेमा राष्ट्रिय जनगणनाको आधार लिइएको छ। उक्त जनगणनामा जम्मा १९ वटा मातृभाषाहरूको समूह दिइएका छन् जसमध्ये १७ वटा छुट्टाछुट्टै मातृभाषा हुन् र बाँकी दुई वटा समूहहरूमा नेपालभित्र बोलिने स-साना मातृभाषाको समूह– "स्थानीय जिल्लाका भाषाहरू" र विदेशी भाषाहरूको समूह– "अन्य भाषाहरू" पर्दछन्। यसरी जनगणनामा जुन जातिको मातृभाषा जुन जिल्लामा सबभन्दा बढी बोल्नेहरूको संख्या देखाइएको छ त्यसै जिल्ला र त्यसको वरिपरिको इलाकालाई त्यस जातिको मूलथलोको रूपमा मानेर उक्त जातिको सम्बन्धमा सो जिल्लाको परिचयमा विस्तृत जानकारी दिने प्रयास गरिएको छ। तर जुन मातृभाषा जनगणनामा यसरी छुट्टै दिइएको छैन ती मातृभाषा बोल्ने जातिको विशेष परिचय अन्य जानकारीको आधारमा जुन जिल्लामा तिनीहरूको सबभन्दा बढी जनसंख्या रहेको छ त्यस जिल्लाको वर्णनमा दिइएको छ। तर नेपाली समाजका जातहरू तथा अन्य धार्मिक समूहहरूका हकमा कुनै स्थान विशेषलाई तिनीहरूको मूलथलोको रूपमा मान्न नसकिने भएकोले तिनीहरूको विषयमा सामान्यतः कुनै पनि जिल्लाको परिचयमा विस्तृत जानकारी दिइएको छैन र त्यसको बदला त्यस जिल्लाको जनजीवनको समष्टि रूपको चर्चा गर्दा तिनीहरूको विषयमा जानकारी दिइएको छ। यसरी यस पुस्तकमा निम्नलिखित जातिहरूको विशेष परिचय निम्नलिखित जिल्लाहरूको वर्णन अन्तर्गत दिइएका छन्:–

जाति	जिल्ला	जाति	जिल्ला	जाति	जिल्ला
लिम्बू	पाँचथर	थामी	दोलखा	गुरुङ	लमजुङ
लेप्चा	इलाम	हायु	रामेछाप	थकाली	मुस्ताङ
राजवंशी	झापा	सुनुवार	रामेछाप	छन्तेल	म्याग्दी
मेचे	झापा	दनुवार	सिन्धुली	मगर	पाल्पा
सतार	झापा	तामाङ	काभ्रेपलाञ्चोक	राउटे	सल्यान
धिमाल	मोरङ	नेवार	काठमाडौं	राजी	दाङ
शेर्पा	सोलुखुम्बू	चेपाङ	मकवानपुर	थारू	कैलाली
राई	खोटाङ	माझी	चितवन	ब्यांसी	दार्चुला

कुनै कुनै जातिको नाम एउटै भए तापनि स्थान विशेषले तिनीहरू छुट्टै सांस्कृतिक अस्तित्व भएका पृथक समूहहरूका रूपमा पनि देखापरेका छन्। यस्तो समूहमा धनकुटामा पाइने आठपहरिया राई, चितौनिया थारूहरू, मनाङमा पाइने मनाङ्गे भोटेहरू, मुस्ताङमा पाइने भोटे, पुनेल, पाँच गाउँले, बाह्र गाउँले आदि, पश्चिम बागलुङमा पाइने मगरहरू, दाङमा पाइने डंगौरा थारू, डोल्पामा पाइने काइके भाषा बोल्ने मगरहरू, हुम्लामा पाइने हुम्ली तामाङ आदि हुन्। यी बाहेक जानकारीको उपलब्धिको साथसाथै व्यावसायिक तथा सांस्कृतिक विशेषताको कारणहरूले गर्दा गाइनेहरूको विषयमा कास्कीमा, कर्णालीका ठकुरीहरूलाई जुम्लामा र मतवाली क्षेत्रीहरूलाई तिब्रिकोटमा वर्णन गरिएका छन्। तर यहाँ यो कुरा उल्लेख गर्नु आवश्यक छ कि उक्त वर्णनहरूले नेपालको सांस्कृतिक वैभवको सम्पूर्ण परिचय प्रस्तुत गर्दैनन्; जानकारीले भ्याएसम्म यी वर्णनहरूले विभिन्न समूहहरूको परिचय मात्र दिन खोजेका छन्।

छैठौं परिच्छेदमा जिल्लाको आर्थिक व्यवस्था आउँछ। यसमा कृषि र उद्योग तथा व्यापार मुख्य दुई उप-शीर्षकहरू छन्। कृषि उप-शीर्षक अन्तर्गत भूमि व्यवस्था, पशुपालन, फलफूल खेती, सिचाइ, कृषि ऋण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र खेती सम्बन्धी विकास कार्यक्रमहरू बारेमा चर्चा गरिएको छ। उद्योग व्यवसाय अन्तर्गत जिल्लामा भएका औद्योगिक प्रतिष्ठानहरू, तिनीहरूको सञ्चालन, घरेलु उद्योगहरू, अन्तःशुल्क आदिका बारेमा जानकारी दिइएका छन्। त्यस्तै व्यापार अन्तर्गत पनि जिल्लाका व्यापारिक केन्द्रहरू, आयात र निर्यात हुने सामानहरू र भन्सारहरू बारेमा चर्चा गरिएका छन्। यसपछि कृषि र गैर कृषि व्यवसायमा लागेका जनसंख्याको तुलनात्मक विवेचना आउँछ जहाँ यो परिच्छेदको अन्त्य हुन्छ। यातायात, सञ्चार र बिजुली प्रत्येक जिल्ला वर्णनको सातौं परिच्छेद हो। यसमा यातायात अन्तर्गत जिल्ला भित्रका विभिन्न सडक, बाटोहरू, हवाई सेवा, रोपवे, घाटहरू, जल मार्गहरू बारेमा आवश्यक जानकारी दिइन्छ। सञ्चार अन्तर्गत आकाशवाणी, टेलिफोन, हुलाक अड्डा र तिनीहरू स्थापित भएका स्थानहरूको बारेमा जानकारी दिइएको छ। त्यस्तै बिजुली भन्ने उप-शीर्षक अन्तर्गत विद्युत् आयोजनाहरू, उत्पादन शक्ति र प्रणाली, वितरण प्रणाली र ग्राहकहरूको विषयमा चर्चा गरिएको छ। आठौं परिच्छेदमा शिक्षा, स्वास्थ्य तथा खानेपानी राखिएको छ। यसमा शिक्षा उप-शीर्षक अन्तर्गत जिल्लाको साक्षरताको दर, त्यसको विश्लेषण, विद्यालय शिक्षा, उच्च शिक्षा र राष्ट्रिय शिक्षा पद्धतिको बारेमा चर्चा गरिएको छ। स्वास्थ्य उप-शीर्षक अन्तर्गत जिल्लास्थित अस्पताल, स्वास्थ्य केन्द्र र आयुर्वेदीय औषधालयहरू, जिल्लामा दुःख दिने मुख्य रोगहरू, स्थानीय चिकित्साको तरीका, औलो, बिफर आदिको नियन्त्रण कार्यक्रम, परिवार नियोजन आदि स्वास्थ्य कार्यक्रमहरूको विषयमा जानकारी दिइएका छन्। खानेपानी उप-शीर्षक अन्तर्गत जिल्लामा उपलब्ध खानेपानी सम्बन्धी व्यवस्थाको चर्चा गरिएको छ। प्रशासन र पञ्चायत प्रत्येक जिल्ला वर्णनको नवौं परिच्छेद हो। यसमा प्रशासन उप-शीर्षक अन्तर्गत जिल्लाको वर्तमान प्रशासनिक एकाईको वर्णन, जिल्लास्थित विभिन्न सरकारी, गैर सरकारी कार्यालयको फिहिरिस्त, जिल्लामा प्रहरी कार्यालयहरू रहेको स्थान, कारागार र न्याय प्रशासनको विषयमा जानकारी दिइएका छन्। पञ्चायत उप-शीर्षक अन्तर्गत पनि जिल्लाका गाउँ, नगर र जिल्ला पञ्चायत-हरू, वर्गीय संगठनहरू र ठाउँ ठाउँमा अन्य सामाजिक संस्थाहरूको समेत चर्चा गरिएको छ। त्यसपछि जिल्ला वर्णनको अन्तिम परिच्छेदको रूपमा उपसंहार प्रस्तुत गरिएको छ। यसमा जिल्लाको सन्दर्भमा यसभन्दा अगाडिका परिच्छेदहरूमा दिइएका विभिन्न पक्षहरूको सारांश निकालेर त्यसैको परिप्रेक्षमा भविष्यमा यस जिल्लाको विकास सम्बन्धी सम्भावनाहरू कस्तो देखिन्छ त्यसको चर्चा गरिएको छ। यसरी यी सबै परिच्छेद-हरूको आपसी संयोजनले प्रत्येक जिल्लालाई एउटा सबल एकाईको रूपमा प्रस्तुत गर्नेछ भन्ने आशा गरिएको छ। कुनै कुनै जिल्लामा श्री ५ को सरकारले अथवा निजी क्षेत्रले समेत विशेष योजना तथा कार्यक्रम सञ्चालन गरिराखेका छन्। यस्ता जिल्लाहरूमा माथि समावेश नभएको छुट्टै उप-शीर्षक दिएर आवश्यक विवेचना पनि गरिएका छन्। यसरी यी ठेलीहरूमा समावेश भएका जिल्लाका विवरणहरूमा विषयसूची समान किसिमको भए तापनि जिल्ला अनुसार तिनीहरूको उप-शीर्षकहरूमा केही फरक पनि पर्न गएका छन्।

यस पुस्तकमा समावेश भएका जानकारीहरूको निमित्त सकेसम्म विस्तृत स्रोतहरूको प्रयोग गरिएको छ। सर्वप्रथम माथि उल्लेख गरिएअनुसार जाँचबुझ केन्द्रमा तयार पारिएका जिल्ला प्रतिवेदनहरूलाई प्रयोगमा ल्याइएका छन्। अनि एउटा विस्तृत प्रश्नावली तयार पारी प्रत्येक प्रमुख जिल्ला अधिकारीको माध्यमद्वारा जिल्लाका सम्बन्धित कार्यालयहरूबाट आवश्यक जानकारीहरू सङ्कलन गरी प्रयोगमा ल्याइएको छ। साथै सम्बन्धित विषयहरूमा छापिएका पुस्तक, प्रतिवेदन, पत्र–पत्रिका आदि पनि यथेष्ट रूपले उपयोगमा ल्याइएका छन्। जनसंख्या सम्बन्धी जानकारीको निमित्त केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित २०२८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन र कृषि सम्बन्धी धेरैजसो तथ्याङ्कको निमित्त खाद्य तथा कृषि मन्त्रालयबाट सन १९७२ मा प्रकाशित नेपालको कृषि तथ्याङ्क (Agricultural Statistics of Nepal) नामक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकलाई सबैं नैं जिल्ला परिचयहरूमा आधारको रूपमा लिइएका छन्। यी बाहेक अन्य स्रोतहरू पनि प्रयोगमा आएका छन् जसलाई सम्बन्धित स्थानहरूमा आभार प्रकट गरिएको छ। नेपालमा भएका विभिन्न जात-जातिहरूमध्ये कतिपयको स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूले अध्ययन गरेका छन्। त्यसैले यसरी अध्ययन गरिसकिएका जात–जातिहरूको विषयमा जानकारी उपलब्ध गराइदिन केही अनुसन्धानकर्तालाई अनुरोध गरिएको थियो। विदेशी अनुसन्धानकर्ताहरूबाट आशा गरिए जति संख्यामा सहयोग उपलब्ध नभए तापनि जो जसले सहयोगको भावनाले जानकारीहरू उपलब्ध गराए, ती जानकारीहरूलाई आवश्यकता अनुसार सम्बन्धित जिल्ला परिचयहरूमा समावेश गरिएका छन्। यसैगरी अरू परिच्छेदहरूमा पनि एकाध ठाउँमा यसप्रकारका सहयोगहरू उपलब्ध गरिएका छन्।

यसरी समय र साधनको सीमित परिधिभित्र रहेर सम्भव भएसम्मका जानकारी बटुली प्रत्येक जिल्लाका परिचयको मस्यौदा तयार गरिएको हो। धेरैजसो जिल्लाहरूको सन्दर्भमा ती मस्यौदाहरूलाई आवश्यक परेका ठाउँमा थप जानकारीहरूको साथै आफ्नो र स्थानीय जानकार व्यक्तिहरूको प्रतिक्रियाको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरू समक्ष पुनः पठाइयो। यस बाहेक उक्त जिल्ला सम्बन्धी जानकार व्यक्तिहरू उपलब्ध भएसम्म उहाँहरूसित पनि प्रतिक्रियाहरू लिइयो। यसरी उपलब्ध भएका थप जानकारी र प्रतिक्रियाहरूको आधारमा उक्त मस्यौदामा पुनः आवश्यक संशोधन र सुधारहरू समेत गरी अन्तिम रूप दिइएको हो। त्यसैले प्रस्तुत पुस्तकमा समावेश भएका जानकारीहरू तथ्य र सही होउन् भन्ने दिशातिर सकेसम्म प्रयास गरिएको छ। तैपनि यसमा केही कमजोरीहरू अवश्य रहनगएका होलान्। प्रथमतः यस पुस्तक लेख्दा सकेसम्म ताजा तथ्याङ्क समावेश गर्ने प्रयत्न गरिएको छ तापनि धेरैजसो तथ्याङ्कको सम्बन्धमा यस पुस्तक प्रकाशित हुने समयसम्ममा तीभन्दा नयाँ तथ्याङ्कहरू प्रकाशमा आइसकेका हुन सक्छन् जसलाई त्यतिञ्जेलसम्ममा यी पुस्तक-हरूको छपाइको क्रम चलिसकेको हुनाले समावेश गर्न स्वतः असम्भव थियो। यसप्रकारको परिवर्तनको क्रम नेपाली समाजको अरू क्षेत्रमा पनि तीव्र गतिले चल्दै आएको छ, जसले गर्दा यस पुस्तकमा समावेश भएका कुराहरू क्रमशः पुराना हुँदै जाने छन्। त्यसैले यसमा समावेश भएका कुराहरूले यस पुस्तक लेख्दाको समयको नेपालका जिल्लाहरूको वास्तविकताहरू बारे मात्र जानकारी दिने छ, जुन आफैमा एउटा महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ। दोस्रोकुरा, प्रस्तुत पुस्तकको चार वटा ठेलीमा समावेश भएका जिल्ला परिचय लेख्ने लेखकहरूको पृष्ठभूमि पनि समान किसिमको छैन। पेशाको दृष्टिकोणले यी लेखकहरू अधिकांश निजामती कर्मचारी अथवा प्राध्यापक छन् भने विषय–ज्ञानको दृष्टिकोणले तिनीहरूमा झन् ठूलो विविधता छ। कोही मानवशास्त्री छन् भने कोही वनस्पतिशास्त्र विशेषज्ञ, भूगोलशास्त्री, जलवायु विज्ञ, राजनैतिकशास्त्री, अर्थशास्त्री, इतिहासकार, लेखा विशेषज्ञ, पत्रकार, साहित्यकार आदि आदि। एक दृष्टिकोणले यो लाभदायक नै भएको छ किनभने यस विविधताले गर्दा एक अर्कोको विषयमा एक आपसलाई प्रशस्त मद्दत पुगी विभिन्न विषयको प्रस्तुती-करणमा एउटा व्यापक दृष्टिकोण अपनाउन सजिलो हुन गएको छ। तर अर्कोतिर प्रत्येक लेखकले लेखेको जिल्ला परिचयमा आफ्नो विषयवस्तु प्रति स्वभावतः रहने झुकावको साथै लेखन शैलीमा पनि यो विविधता प्रशस्त रूपले प्रतिबिम्बित भएको छ। त्यसैले कुनै जिल्लाको परिचयमा लेखकले वस्तुगत व्याख्या दिए तापनि सरसताको कमी देखिएको छ भने कसैले त्यही कुरालाई रोचक र सजिलैसित बुझिने भाषाले व्यक्त गर्न सकेका छन्। अझ कसै कसैले अभिव्यक्तिको दौडानमा आफ्नो पृष्ठभूमिको विवशता दर्शाउँदै भावनाको लहरसितै बगिगएका पनि छन्। कुनै कुनै जिल्लाका वर्णन एकभन्दा बढी लेखकहरूले पनि लेख्नु पर्ने स्थिति उत्पन्न हुन गयो र फलस्वरूप एउटै परिचयमा पनि विभिन्न शैलीहरू रहन गएका छन्। यसै विविधतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियन्त्रण गर्न जिल्ला परिचय लेख्ने ढाँचामा पटक पटक छलफल गरी सकेसम्म एक रूपता ल्याउने कोशिस गरिएको छ। तर यसमा पनि हामीलाई कति सफलता हासिल भएको छ भन्ने कुराको अन्तिम निर्णायक स्वयं पाठकवर्ग नै मात्र हुनेछन्।

तेस्रो कुरा, यस प्रकारको अन्य प्रयासमा जस्तै यो पुस्तक पनि माथि उल्लेख गरिए झैं सीमित साधन र समयको परिधिभित्र रहेर तयार गरिनु पर्‍यो जसले गर्दा केही कमीहरू रहन गएका छन्। जस्तो कि यस किसिमको पुस्तकमा अत्यन्त महत्वपूर्ण हुने सूचीपत्र, नक्सा वा तस्बीरहरू समेत यसमा राख्न पाइएन। कतै कतै छपाइमा पनि अशुद्धता रहन गयो। यसको निवारणको निम्ति प्रत्येक खण्डको आखिरमा एउटा शुद्धिपत्र दिइएको छ। आशा छ पाठकवर्गले सो अनुसार पुस्तकमा सच्याई पढ्ने कष्ट गर्नु हुनेछ।

यसप्रकार यस प्रयासमा उपर्युक्त केही कमजोरीहरू अवश्य लुकेका छन्। तर यो पुस्तकको प्रकाशन नेपाली वाङमयको इतिहासमा प्रथम विस्तृत प्रयास भएको र यसलाई क्रमशः समय समयमा नवीकरण गर्दै लैजानु पर्ने भएको हुनाले आउँने दिनहरूमा यसको बढी परिपक्व र उपयोगी रूप देख्न पाइएला भन्ने आशा गर्दै वर्तमान प्रकाशनमा रहेका कमजोरीहरूको निम्ति क्षमा याचना गर्नु यो केन्द्र आवश्यक ठान्दछ।

अधिराज्यका ७५ जिल्लाहरूकै परिचय र चार विकास क्षेत्रहरूको सारांश भएको यो पुस्तक तयार पार्न धेरै जनाले योगदान दिएका छन्। तर उहाँहरूको संख्या निक्कै ठूलो भएको हुनाले सबैलाई व्यक्तिगत रूपले आभार प्रकट गर्न सम्भव छैन। सर्वप्रथम, यस पुस्तकको निमित्त यस केन्द्रले तयार पारेको लामो प्रश्नावली-को उत्तर दिएर आधारभूत जानकारी उपलब्ध गराइदिनु भएकोमा र जिल्ला परिचयका मस्यौदा तयार भएपछि त्यसमा आवश्यक प्रक्रिया समेत दिनु भएकोमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित अन्य कार्यालय प्रमुखहरू र यस कार्यमा सहयोग दिनु भएका स्थानीय बुद्धिजीवीहरू प्रति यो केन्द्र धेरै आभार छ। यी जानकारीहरू जिल्लाहरूबाट सङ्कलन गर्ने कार्यमा सघाउ पुर्‍याइदिनु भएकोमा सम्बन्धित अञ्चलाधीश कार्यालयहरू प्रति पनि यो केन्द्र धन्यवाद व्यक्त गर्न चाहन्छ। यसै गरी श्री ५ को सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूप्रति पनि यो केन्द्र धन्यवाद ज्ञापन गर्दछ। यस योजनाको प्रारम्भिक अवस्थामा आवश्यक सुझाव र प्रतिक्रियाहरू दिनु भएकोमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. हर्कबहादुर गुरुङलाई र पछि विभिन्न जिल्ला परिचयका मस्यौदाहरूमा प्रतिक्रया दिनु भएका अन्य धेरै विद्वान्हरूप्रति पनि यो केन्द्र कृतज्ञ छ।

माथि उल्लेख गरिए झैं सम्बन्धित जिल्ला परिचयहरूको विभिन्न परिच्छेदमा समावेश गर्ने नेपालका विभिन्न जातिहरूको विषयमा र अन्य विषयहरूमा समेत यस केन्द्रको अनुरोधमा लेखहरू उपलब्ध गराई सहयोग गर्ने निम्नलिखित स्वदेशी तथा विदेशी विद्वान्हरूप्रति पनि जाँचबुझ केन्द्र कृतज्ञता ज्ञापन गर्न चाहन्छ। सर्वप्रथम, लिम्बू जातिहरूको विषयमा फ्रेञ्च मानवशास्त्री श्री फिलिप सार्गं, राईहरूको विषयमा बेलायतका मानवशास्त्री डा. एन्. जे. एल्लेन, नेपालस्थित अमेरिकी मानवशास्त्री डा. चार्लस् माएकडुगल र त्रिभुवन विश्वविद्यालयका मानवशास्त्री श्री दिल्लीराम दाहाल, जिरेल र सुरेलहरूको विषयमा फ्रान्सका मानवशास्त्री श्री एलान फुनेर, हायुहरूको विषयमा अमेरिकी भाषाविशेषज्ञ श्री बोएड माइकेलोवस्की, ओखलढुङ्गाको एउटा गाउँको विषयमा अमेरिकी अनुसन्धानकर्ता श्री पिटर प्रिण्डल, गुरुङहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. डोनाल्ड मेसरस्मिड, थारूहरूको विषयमा त्रिभुवन विश्वविद्यालयका अनुसन्धानकर्ता श्री दुर्गाप्रसाद रजौरे, चेपाङहरूको विषयमा सोही संस्थाका अनुसन्धानकर्ता श्री नवीन राई, माझी, थकाली, भोटेहरूको विषयमा फ्रान्सका मानवशास्त्री डा. कोनिए जेष्ट, डोल्पाका भोटेहरूकै विषयमा अमेरिकी मानवशास्त्री डा. जिम् फिसर, गाइनेहरूको विषयमा फ्रेञ्च मानवशास्त्री मेरी एल्फर, छन्तेलहरूको विषयमा जर्मन मानवशास्त्री श्री वल्थ डिएटर माइकल, राजीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयमा अमेरिकी मानवशास्त्री डा. जोहन राइह्नार्ड र हुम्ली तामाङहरूको विषयमा अमेरिकी अनुसन्धानकर्ता सुश्री नाएन्सी लेभाइनले लेखहरू उपलब्ध गराइदिनु भएको हुनाले यो केन्द्र उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यसैगरी काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका ऐतिहासिक पृष्ठभूमि सम्बन्धी परिच्छेदहरू लेखिदिनु भए वापत त्रिभुवन विश्वविद्यालयका इतिहासकार श्री धनवज्र वज्राचार्यलाई र चारवटै विकास क्षेत्रहरूको भौगर्भिक बनावट र खनिज पदार्थ बारेमा छोटकरी विवरण लेखिदिनु भएकोमा श्री ५ को सरकार भौगर्भिक सर्वेक्षण विभागका श्री दिनेशराज भट्टराई र श्री रमेशप्रसाद वश्यालप्रति पनि यो केन्द्र आभार प्रकट गर्न चाहन्छ ।

तर सबभन्दा बढी धन्यवादका पात्र यस केन्द्रमा आई काम गर्नु भएका ती विशेष अधिकृतहरू हुनुहुन्छ जसले विभिन्न स्रोतबाट उपलब्ध भएका र आफ-आफैंले समेत खोजीनीति गरी बटुलेका विभिन्न जानकारीहरूलाई क्रमबद्ध रूपले मिलाएर प्रत्येक जिल्लालाई एउटा सम्बद्धरूप दिन प्रयत्न गर्नु भयो । अन्त्यमा यस पुस्तकको प्रकाशनको व्यवस्था मिलाइदिएकोमा श्री ५ को सरकार सूचना विभागलाई, यस पुस्तकको पूर्वाञ्चल र मध्य-माञ्चल विकास क्षेत्रको पूरै खण्डहरू र सुदूर पश्चिमाञ्चलको आधा भाग छापिदिएकोमा श्री ५ को सरकारको छापाखानालाई र पश्चिमाञ्चल विकास क्षेत्रको पूरै खण्ड र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको आधा भाग छापिदिएकोमा गोरखापत्र संस्थानलाई र यस पुस्तकमा चारै विकास क्षेत्रका नक्साहरू समावेश गर्न सहयोग दिएकोमा श्री ५ को सरकार नापी विभागलाई यो केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

जाँचबुझ केन्द्र
राजदरबार

राजदरबार,
काठमाडौं, नेपाल ।
संवत् २०३१ फागुन २९ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेको सन्देश

भूमिका (क)-(ज)

क्षेत्रिय सारांश १–४६

मेची अञ्चल

१ ताप्लेजुङ्ग ४७
२ पाँचथर ९५
३ इलाम १४३
४ झापा १९९

कोशी अञ्चल

५ संखुवासभा २८१
६ तेन्हथुम ३२१
७ धनकुटा ३६१
८ मोरङ ४१९
९ सुनसरी ४८९

सगरमाथा अञ्चल

१० सोलुखुम्बू ५४५
११ भोजपुर ५९७
१२ खोटाङ ६५३
१३ ओखलढुङ्गा ७०५
१४ उदयपुर ७५३
१५ सप्तरी ८०५
१६ सिराहा ८५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रिय सारांश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रिय सारांश

नेपाल अधिराज्यको सबै क्षेत्रमा सन्तुलित प्रकारले विकास गर्दै लैजाने उद्देश्यले नेपाललाई चार विकास क्षेत्रमा विभाजन गरिएको छ र पूर्वाञ्चल विकास क्षेत्रमा धनकुटा विकास केन्द्र अन्तर्गत पर्ने सगरमाथा अञ्चल,कोशी अञ्चल र मेची अञ्चल समावेश छन्। यस क्षेत्रका १६ जिल्लाहरूमा ९५० पञ्चायतहरूमध्ये पाँच वटा मात्र नगर पञ्चायत भई ९४५ गाउँ पञ्चायत छन्। यस क्षेत्रको जनसंख्या २७,९७,५०० (नेपालको कुल जनसंख्याको २४.२ प्रतिशत) छ। यो विकास क्षेत्रको निम्ति परिकल्पना गरिएको आर्थिक अभिवृद्धिको मेरूदण्डले विराटनगर, धरान, धनकुटा र हेदाङना गढीलाई जोड्दछ।[1]

यो विकास क्षेत्र मोटामोटी रूपमा चारपाटे परेको छ। यसको पूर्व–पश्चिम लम्बाई १९८ किलोमिटर (१२३.७५ माइल) देखि १६१ किलोमिटर (१००.६२ माइल) र उत्तर–दक्षिण चौडाई १४१ किलोमिटर (८८.१२ माइल) देखि १६९ किलोमिटर (१०६.२५ माइल) सम्म पर्न आउँछ। विश्वको सर्वोच्च टाकुरा सगरमाथा ८,८४८ मिटर[2] तदनुसार २९,०२८ फीट उच्च भू–भागदेखि लिएर अधिराज्यको सबभन्दा होचो ठाउँ झापा जिल्लाको कचना कलन (७० मिटर अर्थात् २२० फीट) पनि यसै परिधिभित्र पर्दछ। यो क्षेत्र २६° २०′ देखि २८° ८′ उत्तरी अक्षांश तथा ८६° ८′ देखि ८८° १५′ पूर्वी देशान्तरभित्र पर्न आउँछ। यसको कुल क्षेत्रफल २८,२०,२०० हेक्टर अथवा २८,२०२ वर्ग किलोमिटर (१०,८८८.८ वर्गमाइल) छ। यस क्षेत्रको पूर्वमा सिक्किम र भारतको दार्जीलिङ्ग, पश्चिममा मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चल, उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित प्रदेश तथा दक्षिणमा भारतको विहार राज्य पर्दछन्। यस विकास क्षेत्र अन्तर्गत हिमाली जिल्ला तीन वटा (विकास क्षेत्रको ३५.२ प्रतिशत भू–भाग), पहाडी जिल्ला आठ वटा (३९.२ प्रतिशल भू-भाग) र तराई जिल्ला पाँच वटा (२५.६ प्रतिशत भू-भाग) गरी जम्मा १६ जिल्ला पर्न आउँछन्। प्रकाशित कृषि तथ्याङ्क अनुसार यस क्षेत्रको २१.१ प्रतिशत भू–भागमा खेती भएको अनुमान गरिएको छ।[3]

यो विकास क्षेत्रको उत्तरी हिमाली खण्डमा शेर्पा, मध्य पर्वतीय भागमा किरांतीहरू र कोशी पूर्वको

1. Okada, E. Ferdinand-Preliminary Report on Regional Development Areas in Nepal, page 15, National Planning Commission, H.M.G. of Nepal, July 1970.
2. Hagen, T., Nepal, the Kingdom in the Himalayas, page 71, 2nd ed. 1970, Oxford & IBH Publishing Co. New Delhi, Bombay, Calcutta.
3. Agricultural Statistics of Nepal, Ministry of Food & Agriculture, H.M.G. of Nepal, 1972.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराई भागमा थारू, सुनार, दनुवार र कोशी पश्चिममा यादवहरूको प्रधानता छ। केही वर्ष यता तराई र मधेश क्षेत्रमा पर्वतीय क्षेत्रका वासिन्दाहरू ओर्इरिंदै छन्।

पूर्वाञ्चल विकास क्षेत्रलाई उत्तरदेखि दक्षिणको क्रममा हिमाली, पहाडी र तराई खण्ड गरी तीन भागमा विभाजन गरिएको छ। यस विभाजनको आधार केवल भौगोलिक वास्तविकतामा मात्र निहित नरही यस भेकका जनताको आर्थिक, सामाजिक एवं जातीय परम्परासमेतको तथ्यलाई अँगालेको छ। त्यस अनुसार हिमाली खण्डमा सोलुखुम्बू, संखुवासभा र ताप्लेजुङ्ग तीन वटा जिल्लाहरू पर्दछन्। पहाडी खण्डमा ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, धनकुटा, तेह्रथुम, इलाम, पाँचथर र उदयपुर आठ वटा जिल्लाहरू र तराई खण्डमा सिराहा, सप्तरी, सुनसरी, मोरङ्ग र झापा पाँच वटा जिल्लाहरू पर्दछन्।

प्राकृतिक स्वरूप

यो विकास क्षेत्र नेपालको सबैभन्दा पूर्वी भागमा पर्नुको साथै अक्षांशको दृष्टिले सबैभन्दा दक्षिण फैलिएको भू–भाग पनि हो। यो क्षेत्रको उत्तरी सीमाना र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको दक्षिण सीमाना लगभग एकै अक्षांश रेखा २८° मा पर्न आउँछ। नेपालको अन्य क्षेत्रभन्दा यो क्षेत्र समुद्रको पनि नजीक पर्ने र दक्षिण–पूर्वी मनसुनी हावाको उग्र प्रभाव क्षेत्रभित्र पर्ने हुनाले यहाँ धेरै पानी पर्दछ। तर हिउँदमा यहाँ अधिराज्य-को पश्चिमी भागको तुलनामा कम पानी पर्दछ।

यो क्षेत्रको सम्पूर्ण भाग सप्तकोशीको जलाधार क्षेत्रभित्र पर्न आउँदछ। यो क्षेत्रमा सगरमाथा-सहित अन्य कतिपय हिमाली शृङ्खला र टाकुराहरू विशेषरूपले केन्द्रित भएको पाइन्छ।

भौगोलिक एवं प्राकृतिक दृष्टिले यो क्षेत्रलाई नेपालका अन्य क्षेत्रलाई झैं दक्षिणदेखि उत्तरतर्फ मोटामोटी तवरले निम्न तीन खण्डमा बाँड्न सकिन्छ।

(क) तराई, भावर र चुरे डाँडाको उष्ण प्रदेश
(ख) महाभारत तथा मध्यवर्ती पहाडी शीतोष्ण प्रदेश
(ग) अतिशीतप्रधान हिमाली प्रदेश

तराई, भावर र चुरे डाँडाको उष्ण प्रदेश

दक्षिणतर्फ गङ्गा र ब्रह्मपुत्र नदीले बनाएको समथल जमीन र उत्तरतर्फ चुरे र महाभारत पर्वतको फेदीको बीचमा फैलिएको साँघुरो समथल भागलाई तराई भनिन्छ। तराई एक फारसी शब्द हो जसको अर्थ आर्द्र भन्ने बुझाउँछ।[1] यो भाग समुद्र सतहदेखि लगभग २०० मिटर (६६० फीट) को उचाईमा पर्दछ।

यसको दक्षिणी भाग गङ्गा तथा ब्रह्मपुत्रले बनाएको समथल भूमिकै अंश हो र यो मलिलो पाँगो माटोले बनेको छ। यो उर्वर भूमिको उत्तरतर्फ पर्वतको फेदीसम्म फैलिएको भागमा नदीले पहाडबाट बगाई ल्याएको बलौटे माटो, गिर्खाहरू र ठूला ठूला ढुङ्गाहरू तह तह परी बनेको हुन्छ। यस भागलाई भावर भनिन्छ। सालको जङ्गलले भरिएको चारकोसे झाडी यही भावर प्रदेशमा पर्दछ। यो भाग औलोको गढ मानिन्थ्यो तर हाल औलो प्रायः उन्मूलन भइसकेको र जङ्गल पनि धेरै अंशमा आवादी जगगामा परिणत हुँदै गएको छ। यस भागमा खासगरी उत्तरी खण्डमा पानी प्रायः जमीनभित्र भित्रै दबेर जाने र जमीनको ढाल पनि उत्तरतिर अग्लो भएर दक्षिणतिर होचिंदै गएकोले सिंचाईको सुविधा पुऱ्याउन विशेष कठिन पर्न आउँछ।

1. Hooker, J.D.-- Himalayan Journals, Vol. 1, page 377, 1854 John Murrey Albemarle Street, London.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराईको करीब समानान्तर परी उत्तरतिर चुरे डाँडा पूर्व–पश्चिम फैलिएको छ। यसलाई सिवालिक पनि भनिन्छ। यो पर्वत श्रेणीको अधिकांश भाग १,००० मिटर (३,३०० फीट) भन्दा होचो छ। यो श्रेणी विशेषतः गिरखा, बालुवा इत्यादिको तह तहले बनेको छ। चुरे र महाभारत श्रेणीको बीचमा पूर्व–पश्चिम फैलिएको मधेश भाग उदयपुर जिल्लामा पर्दछ। कोशी पूर्वको खण्डमा चुरे प्रायः लोप भएको छ र झापा जिल्लाको उत्तरी भागमा यो छिया छिया परेको भई कैयौं साना साना थुम्का र चुलीका स्वरूपमा देखा पर्दछ। यहाँ वर्षाकालमा अनगिन्ति स-साना खोला नालाहरू बग्दछन् र हिउँद तथा ग्रीष्मताका ठूला नदी बाहेक अरू सबै सुकेर गई यो भाग सुख्खा रहन्छ। यो भागमा अति गर्मी हुन्छ र पानी पनि धेरै पर्ने हुनाले मिश्रित प्रकारको सदावहार उष्ण मनसुनी जङ्गल पाइन्छ। यहाँ वन्य जन्तुको प्रचूरता पनि उल्लेखनीय छ। विभिन्न चुलीहरूका बीच कहीं कहीं दुई मिटरभन्दा पनि साँघुरो गल्छीहरू पाइन्छन्। तिनको दुवैतिरको पहरा सोझो परखाल झैं उठेको हुन्छ। कमला नदीदेखि मेची नदीसम्मको यस विकास क्षेत्रमा पर्ने तराई प्रदेशको लम्बाई लगभग १९२ किलोमिटर (१२० माइल) र चौडाई १६ किलोमिटर (१० माइल) देखि ४० किलोमिटर (२५ माइल) सम्म फैलिएको छ। तराईको दक्षिणी भागमा घना बस्ती र व्यापक आवादी छ। प्रमुख शहर, बस्ती तथा सदरमुकामहरू दक्षिण तर्फ नै केन्द्रित छन्।

महाभारत तथा मध्यवर्ती पहाडी शीतोष्ण प्रदेश

पूर्वाञ्चल विकास क्षेत्रमा महाभारत पर्वत श्रृङ्खला सप्तकोशीले काटेको ठाउँमा बाहेक अन्यत्र प्रायः अवछिन्न रूपमा चुरे डाँडाको समानान्तर भई पूर्व-पश्चिम फैलिएको छ। सप्तकोशीको पश्चिममा यो पर्वतले त्रिजुगा र सुनकोशी नदीको जलाधारलाई छुट्याउँछ र यस खण्डमा यस पर्वतको सर्वोच्च उचाई २,१००मिटर (७,००० फीट) मात्र पुग्दछ। सप्तकोशीको पूर्वी भागमा यो पर्वत सोझै तराईबाट उठेको छ। यस खण्डमा यो पर्वतको श्रेणी साँगुरी डाँडा हुँदै मेक्लाजाम, कुइभिरे, छिन्तापु र सन्डाक्पुसम्म पुगेको छ। सन्डाक्पुनिर यो श्रेणी सिङ्गलिला श्रेणी सँग संयोजन हुन्छ। यस प्रकार इलाम जिल्लाको सम्पूर्ण भाग महाभारत श्रृङ्खलाको दक्षिणी भागमा पर्दछ।

महाभारत पर्वत र उत्तरी सीमावर्ती हिमाली श्रेणीको मध्यवर्ती भागमा पहाडी प्रदेश फैलिएको छ। यस पहाडी प्रदेशलाई ठूला साना कैयन् नदी-नालाले उत्तर दक्षिण काटेका छन्। यो प्रदेशमा हिमाली श्रेणी-बाट दक्षिणतर्फ फैलिएर आएका कैयौं पर्वत श्रेणीहरू पर्दछन्। यी श्रेणीहरूले दूधकोशी, अरुण र तमोर नदीका जलाधारलाई छुट्याएका छन्। ती श्रेणीहरूमध्ये मिल्के डाँडाको श्रेणी विशेष उल्लेखनीय छ। यो श्रेणी लुम्वा-सुम्वा हिमाल र जलजले हिमालदेखि लिएर धनकुटा र मूलघाटसम्म अवछिन्न रूपमा फैलिएको छ। यसको पूर्वमा तमोरको उपत्यका र पश्चिममा अरुणको उपत्यका पर्दछन्।

नदीनालाको जालो फिंजिएको यस पहाडी भागको भौगोलिक स्वरूप अनेकताले भरिएको छ। नदीले बनाएका बेंसी र घाँटीहरू, टार तथा उपत्यकाहरू ज्यादै गहिरो ठाउँमा अवस्थित छन् र त्यहाँ कम उचाईको कारणले ज्यादै गर्मी हुन्छ। ५,००० मिटर (१६,५०० फीट) भन्दा अग्ला डाँडाका बीचमा पर्ने लामोवगर गोला अन्दाजी १,४०० मिटर (४,६०० फीट) मात्र उच्च ठाउँमा अवस्थित छ। यसप्रकार यो स्थान ३२ किलोमिटर (२० माइल) को बीचमा लगभग ३,६०० मिटर (११,८८० फीट) गहिरिएको छ। यसप्रकार सानो परिधिभित्र हिमाच्छादित भू-भागदेखि लिएर उष्ण टार तथा बेंसीहरूको विषमता हुनु नै यस प्रदेशको विशेषता हो।

यस विकास क्षेत्रको करीब २,४०० मिटर (८,००० फीट) सम्मको उचाईमा रहेको अधिकांश भागमा मानिसको बसोवास छ र सोभन्दा उच्च भू-भाग खर्क र गोठको निम्ति मात्र उपयुक्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अति शीत प्रधान हिमाली प्रदेश

यस विकास क्षेत्रमा हिमालयको मुख्य शृङ्खला उत्तरी सांधको रूपमा रहेको छ। तसर्थ सुख्खा तिब्बती पठारको प्रदेश यस विकास क्षेत्रभित्र कहीं पनि पर्दैन। यस विकास क्षेत्रभित्र पर्ने प्रमुख हिमाली श्रेणीहरूमा महालंगूर, कुम्भकर्ण, लुम्वा-सुम्वा र सिङ्गलिला उल्लेखनीय छन्। महालंगूर श्रेणीमा सगरमाथा (८,८४८ मिटर), ल्होत्से (८,५०१ मिटर), आमादावलाम (६,८५६ मिटर) जस्ता विश्व विख्यात टाकुराहरू पर्दछन्। त्यस्तै कुम्भकर्ण श्रेणीमा मकालु (८,४८१ मिटर) र सिङ्गलिला श्रेणीमा कञ्चनजङ्घा (८,५९८ मिटर) विश्व प्रसिद्ध चुलीहरू हुन्।

यो विकास क्षेत्रमा हिमालय अवछिन्न रूपमा पूर्व-पश्चिम फैलिएको छ। केवल एक स्थानमा मात्र अरुण नदीले त्यसलाई छिचोलेको छ। हिमालय श्रेणीलाई तरेर उत्तरतर्फ जाने भन्ज्याङहरू ठाउँ ठाउँमा छन्। तिनमा पोप्तीला, कीमाथाङका, राखा, सामान्यतः ४,८०० मिटर (१६,००० फीट) भन्दा पनि अग्ला छन्। नेपाल र सिक्किम आवत् जावत गर्न हुने भन्ज्याङहरूमा काङ्गला, चिया भन्ज्याङ, सन्दाक्पु आदि प्रख्यात छन्। तिनीहरू लगभग ३,३०० मिटर (१०,००० फीट) को उच्चाईमा अवस्थित छन्।

नदी प्रणाली

यस विकास क्षेत्रको सम्पूर्ण भू–भाग सप्तकोशीको जलाधारभित्र पर्दछ। सातवटा ठूला नदीहरू–मध्ये यस क्षेत्रमा दूधकोशी, सुनकोशी, अरुण र तमोर नदीहरू पर्दछन्। अरुण नदी सबभन्दा ठूलो छ। यसको मुहान् चीनको स्वशासित तिब्बत प्रदेशको पुङ्चुमा पर्दछ। नेपालभित्र प्रवेश गरेपछि यो नदी उत्तर दक्षिण प्रायः सोझै बगेको छ। पश्चिमतिरबाट बगिआएको सुनकोशी यो क्षेत्रमा महाभारत श्रेणीको उत्तरी फेंदी च्यापेर पूर्व तर्फ बग्दै गई अरुणसँग त्रिवेणीमा मिसिन्छ। यो ठाउँमा उदयपुर, भोजपुर, धनकुटा र सुनसरी यी चार जिल्लाको साँध मिलेको छ। उत्तरतिरबाट बगिआउने मोलुङ खोला, दूधकोशी, साप्सु खोला आदि सबै सुनकोशीमा मिसिन्छन्। यस विकास क्षेत्रको पूर्वी भागका सबै खोलाहरू तमोरमा मिसिन्छन् र यो खोला अरुण र सुनकोशीको दोभानभन्दा केही दक्षिणमा आएर सप्तकोशीमा मिसिन्छ। यसपछि सप्तकोशीले महाभारत पर्वतलाई छिचोलेर चतरामा निस्कन्छ। यहाँबाट अनेकौं भंगालो फुटेर दक्षिणको समथल मैदानतिर बग्न थाल्दछ। यो हिमाली क्षेत्रबाट उत्पन्न भएका नदीहरू बाहेक महाभारत पर्वतको दक्षिणी काखबाट मात्र उत्पन्न हुने नदीहरूमा कमला त्रिजुगा, रतुवा, बाक्रा, माइ खोला, मेची खोला, आदि उल्लेखनीय छन्।

हावापानी

यो विकास क्षेत्रमा पनि विशेष गरेर पहाडी भागमा एकै प्रकारको हावापानी पाउने कुनै दुई स्थान छान्न गाह्रै पर्ने हुन्छ। भू-बनावटको विभिन्नता, उचाईको विषमता र अन्य प्राकृतिक पृथकता आदि अनेकौं कारणले गर्दा कुनै स्थानको हावापानी विषय वर्णन गर्दा केवल मौसम अवलोकन केन्द्र रहेको स्थान र यसको निकटतम ठाउँलाईमात्र प्रतिनिधित्व गर्ने हुन्छ। त्यसको अतिरिक्त अवलोकन केन्द्रहरू पर्याप्त संख्यामा नहुनु र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकाबाट पनि पूर्ण अभिलेख प्राप्त गर्न नसक्नु आदि कारणले गर्दा हावापानी विषयको विवरण मोटामोटी रूपमा मात्र प्रस्तुत हुन्छ। प्राप्त अभिलेख अनुसार यस विकास क्षेत्रमा पनि अधिराज्यका अन्य भागमा झैं वार्षिक वर्षाको करीब करीव ८० प्रतिशत पानी असार, साउन र भदौमा पर्दछ।

विभिन्न भौगोलिक कारणले गर्दा यस विकास क्षेत्रमा धेरै प्रकारका हावापानी पाइन्छन् र तिनलाई मोटामोटी रूपमा चार भागमा बाँड्न सकिन्छ।

(१) उष्ण मनसुनी हावापानी
(२) शीतोष्ण मनसुनी हावापानी
(३) लेकाली हावापानी
(४) हिमाली अथवा ध्रुवीय हावापानी

यी विभिन्न प्रकारका हावापानीको विभाजनको मुख्य आधार उचाईमा निहित छ।

उष्ण मनसुनी हावापानी

समुद्र सतहबाट १,२०० मिटर (४,००० फीट) भन्दा मुनि पर्ने भू–भागमा उष्ण वा अर्ध उष्ण हावापानी हुन्छ। त्यहाँको औसत तापमान २५° सेन्टिग्रेडभन्दा बढी हुन्छ। यस प्रकारको हावापानी तल तराई र मधेशको हावापानीको सिलसिलामा उल्लेख गरिने छ।

शीतोष्ण मनसुनी हावापानी

करीब १,२०० मिटरदेखि २,००० मिटर (६,६०० फीट) सम्म समशीतोष्ण र सोभन्दा माथि ४,००० मिटर (१३,२०० फीट) सम्म शीतोष्ण र ठण्डा शीतोष्ण हावापानी हुन्छ। यस्तो प्रदेशमा औसत अधिकतम तापमान २०° सेन्टिग्रेडदेखि ३०° सेन्टिग्रेडसम्म रहन्छ। गर्मीमा धेरै गर्मी नभए तापनि जाडोमा केही बढी जाडो हुन्छ। अधिकांश गाउँ, बस्ती यसै क्षेत्रमा बसेका छन्।

लेकाली हावापानी

करीब ४,००० मिटर (१३,२०० फीट) भन्दा माथिको भागमा लेकाली हावापानी हुन्छ। त्यहाँ विशेषतः पशुपालन गरिन्छ र वर्षे गोठ आदि बाहेक गाउँ बस्ती हुँदैन। यस क्षेत्रमा हिउँदमा हिउँले ढाकिएको हुन्छ र वर्षामा हिउँ पग्लेपछि घाँसे मैदान र पाखाहरूमा थरिथरिका फूल फुल्ने भई अत्यन्त रमणीय हुन्छ। यस क्षेत्रमा ग्रीष्म र वर्षा याममा भेडा र चौंरीका गोठहरू यत्रतत्र देखिन्छन्। यो क्षेत्र वृक्षरेखाभन्दा माथि पर्दछ।

हिमाली वा ध्रुवीय हावापानी

करीब ५,००० मिटर (१६,५०० फीट) भन्दा उच्च क्षेत्रमा बाह्रै महीना हिउँ पग्लदैन। यो हिमरेखा पनि उत्तरी सियाला परेको ठाउँमा अझ तल र दक्षिणी पहाडा परेको ठाउँमा केही उच्च स्थानमा हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यतः उपरोक्त विभाजनभित्र सबै इलाका पर्ने भए तापनि स्थान विशेषको हावापानी अरू कतिपय कारणले भिन्दै प्रकारको हुन जाने स्थानहरू पनि यस विकास क्षेत्रमा प्रशस्तै पाइन्छन् ।

उपरोक्त विभिन्न प्रकारका हावापानी वर्णन गर्नाको निम्ति यो विकास क्षेत्रलाई नै दुई मुख्य भागमा विभाजन गरी तिनको छुट्टाछुट्टै प्रकारले निम्नानुसार वर्णन गरिएको छः–

तराई, भावर, चुरे र भित्री मधेशको हावापानी

यो क्षेत्रमा उष्णमनसुनी हावापानी छ। पश्चिमी नेपालको तराई खण्डमाभन्दा यहाँ बढी वर्षा हुन्छ। वर्षा प्रायः जेठको मध्यतिर शुरू भई असोज महीनासम्म नै रही रहन्छ। नेपालको अन्य भागमा झैं सबभन्दा बढी वर्षा (४० देखि ५० प्रतिशत) असार, साउनमा नै हुन्छ। यस विकास क्षेत्रको तराई खण्डमा कोशी नदीको पूर्वी भागमा १,५०० मिलिमिटर (५९ इन्च) भन्दा बढी वर्षा हुन्छ। दमक र रानी विर्तामा लिइएको तथ्याङ्क अनुसार ती ठाउँमा एक वर्षमा २,००० मिलिमिटर(७८.७ इन्च)देखि ३,००० मिलिमिटिर (११८ इन्च) सम्म वर्षा हुने गरेको देखिन्छ। कोशी नदीको पश्चिमी भागमा पर्ने जिल्लाहरूमा १,००० मिलिमिटर (३९.३७ इञ्च) मात्र वर्षा हुन्छ। उदयपुरको भित्री मधेश भागमा केही बढी वर्षा हुन्छ। त्यस्तै खुल्ला तराई भागमाभन्दा पहाडको फेदीनिर बढी वर्षा भएको देखिन्छ। उदाहरण स्वरूप धरानमा लगभग २,६०० मिलि-मिटर वर्षा हुन्छ तर विराटनगरमा १,३०० मिलिमिटर मात्र हुन्छ।

तापक्रमको दृष्टिले यो क्षेत्र वर्षमा करीब करीब २४० दिन ३०° सेन्टिग्रेडभन्दा बढी तापमान रहन्छ। गरम महीनामा ४०° सेन्टिग्रेडसम्म तापक्रम चढ्छ र जाडोमा ३° सेन्टिग्रेडसम्म तापक्रम तल झर्दछ। कहिले काहीं ०° सेन्टिग्रेडसम्म पनि तापक्रम तल झर्दछ। सबभन्दा गर्मी दिन र सबभन्दा जाडो दिनको तापमानमा सालाखाला ३८° सेन्टिग्रेडसम्मको फरक पर्दछ। ग्रीष्म ऋतुमा एक महीनाको बीचमा तापमानको फरक केवल ८° सेन्टिग्रेड-सम्म पुग्दछ। मोटामोटी तवरमा यस तराई क्षेत्रमा मङ्सीर, पुस र माघमा राती केही जाडो अनुभव हुने भए तापनि दिउँसो रमाइलो हुन्छ। फागुन, चैतमा वतास चल्ने र सुख्खा पर्ने हुन्छ। वैशाख, जेठमा अति गर्मी भई पछि जेठको आधा आधीदेखि वर्षा शुरू भएपछि केही गर्मी घट्तै जान्छ।

महाभारत, मध्यवर्ती पहाड तथा हिमाली प्रदेशको हावापानी

भौगोलिक विभिन्नताले गर्दा पहाडी क्षेत्रमा सानै परिधिभित्र पनि हावापानीको ठूलो विषमता देखिन्छ। उदाहरणस्वरूप धनकुटा जिल्लामा पर्ने सुगामा १,१८६ मिलिमिटर वार्षिक पानी पर्छ भने धनकुटा बजारमा ८०६ मिलिनिटिर मात्र पानी पर्दछ। त्यस्तै इलाम बजार र खोटाङ बजार एकै अक्षांश र एकै उचाईमा अवस्थित रहेको भए तापनि खोटाङमा वार्षिक १,०३२ मिलिमिटर पानी पर्छ भने इलाममा १,७३१ मिलिमिटर पानी पर्दछ। त्यस्तै प्रकारले ओलाङचुङ गोलामा १,७९३ मिलिमिटर वर्षा हुन्छ भने नाम्चे बजारमा ८३० मिलिमिटर मात्र वर्षा हुने देखिन्छ। यसप्रकार मोटामोटी रूपमा हेर्दा यस विकास क्षेत्रको पहाडीभेकमा पूर्वी भागमाभन्दा पश्चिमी भागमा कम वर्षा हुने देखिन्छ।

उत्तरी र दक्षिणी भेकका स्थानहरूको तुलना गर्दा हावापानीमा अझ ठूलो विषमता देखिन्छ। उदा-हरण स्वरूप अरुण उपत्यकाको नुम भन्ने ठाउँमा २,८०० मिलिमिटर वर्षा हुन्छभने सोही जिल्लामा पर्ने चैनपुरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३०० मिलिमिटिर मात्र वर्षा हुन्छ। त्यस्तै धनकुटामा ८०६ मिलिमिटर र धरानमा २,६३६ मिलिमिटर तथा विराटनगरमा १,३१३ मिलिमिटर वर्षा हुन्छ। यसप्रकार समष्टि रूपमा हेर्दा हिमाली भागमाभन्दा मध्यवर्ती पहाडी भागमा कम पानी पर्ने देखिन्छ। यस विकास क्षेत्रमा सबभन्दा बढी पानी पर्ने भाग मकालु हिमालको दक्षिणी काख विशेष गरेर वरुण उपत्यका र तराईतिर झापा जिल्ला हो। कम वर्षा हुने इलाका धनकुटा र तेह्रथुम इलाका हुन्।

माथि उल्लेख भएका चार प्रकारका हावापानीमध्ये शीतोष्ण, मनसुनी, लेकाली र ध्रुवीय हावापानी यो क्षेत्रमा पाइन्छ नै साथैं तराई, भावर, चुरे र भित्री मधेश क्षेत्रमा पाइने उष्णमनसुनी हावापानी पनि यस क्षेत्रका बेंसी, टार आदि कम उचाई भएका स्थानहरूमा पाइन्छ।

तापक्रमलाई प्रत्यक्ष असर पार्ने प्राकृतिक कुरामा उचाईको भूमिका सबभन्दा महत्वपूर्ण हुन्छ। उदाहरणस्वरूप सोक्तिम ५०० मिटरमा वार्षिक औसत न्यूनतम तापक्रम १९° सेन्टिग्रेड र अधिकतम २७° सेन्टिग्रेड पुग्ने देखिन्छ भने भोजपुर (१,५२४ मिटर) मा अधिकतम तापमान २५° सेन्टिग्रेडभन्दा पनि कम रहन्छ र न्यूनतम करीब करीब ७° सेन्टिग्रेड तल झरेको हुन्छ। भोजपुरभन्दा उच्च स्थान ओखलढुङ्गा (२,१०३ मिटर) मा जाडोमा ११° सम्म तापमान तल झर्दछ र अधिकतम पनि करीब करीब २१° सेन्टिग्रेडसम्म मात्र पुग्दछ। नाम्चे बजारमा (३,४५० मिटर) भने ०° सेन्टिग्रेडको लगभगसम्म जाडोमा तापमान तल झर्दछ र अधिकतम तापमान १२° सेन्टिग्रेड जति मात्र पुग्दछ। त्यसप्रकार कुनै स्थानको तापमानमा उचाईको प्रत्यक्ष प्रभाव पर्ने हुन्छ। त्यसको अतिरिक्त पहाडापरेको ठाउँमा तापमान बढ्ने र सियालः परेको ठाउँमा घट्ने हुन्छ।

वन तथा वनस्पति

वन तथा वनस्पति पनि भौगोलिक एवं प्राकृतिक वातावरण आदिबाट प्रभावित हुने हुनाले यो विकास क्षेत्रको वन तथा वनस्पति वर्णन गर्दा तराई, भावर, चुरे र मधेशको भाग तथा पहाडी र हिमाली भागलाई छुट्टाछुट्टै वर्णन गर्न सकिन्छ।

तराई, भावर, चुरे डाँडा र भित्री मधेशको वन वनस्पति

केही दशक पहिलेसम्म पनि नेपालको दक्षिणी भागमा सालको घना वनले ढाकिएको र औलोको गढ पनि भएकोले वनको सुरक्षा प्राकृतिक तवरले हुँदै आएको थियो र चारकोसे झाडीले प्रतिरक्षाको काम पनि दिइआएको थियो। हाल विकासको क्रममा यी क्षेत्रहरूबाट औलोको उन्मूलन हुनु, यातायातको सुविधा बढ्दै जानु र जनसंख्याको अनियन्त्रित वृद्धि हुनु इत्यादि कारणले गर्दा वन अतिक्रमणको गति ज्यादै बढ्दो छ।

पूर्वाञ्चल विकास क्षेत्रको तराई, भावर, चुरे र मधेशमा पाइने वनलाई मोटामोटी तवरमा तीन समुदायमा बाँड्न सकिन्छ।

(क) उष्ण सदावहार वन जहाँ सालको रूखको प्रचूरता धेरै छः

भावर र भित्री मधेशको समथल भूमिमा सालप्रधान वन फष्टाउँछ। जङ्गल ज्यादै घना हुन्छ र लहरा, झार इत्यादिको मात्रा कम हुन्छ। सालको साथमा विभिन्न अनुपातमा मिश्रित रहने अन्य रूख विरूवा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूमा असना, टाँटरी, पिठारी, रूख घँयारो, जामुन, कुम्भी, सिंधुरे, इत्यादि प्रमुख छन्। सालको जङ्गलभित्र पाइने झारपातहरूमध्ये क्लेरोडेन्ड्रन (Clerodendron) र जरीबूटीमा सर्पगन्धा, सतावरी विशेष उल्लेखनीय छन्। जङ्गलको छेउछाउ र नदी नालाले छोडेका सुख्खा ठाउँहरूमा केही खयर, आँक यत्रतत्र पाइन्छन्।

(ख) उष्ण पतझड वन जुन ठूलठूला नदीले छोडेर गएका फाँटहरूमा पाइन्छः

यस्तो वनमा खयर तथा सिसौ प्रधान रूपले पाइन्छ। खयर र सिसौले ढाकिएको क्षेत्र धेरै वर्षपछि अन्य बीज विरूवाको निम्ति पनि वासस्थल बन्न आउँदछ। तसर्थ पुराना स्थलहरूमा सिंधुरे, सिमल, असुरो, भीमसिनपाते, जामुन, सिरिस इत्यादिले भरिएको हुन्छ।

(ग) घाँसे मैदानहरूः

नदीको दायाँ बायाँ र अन्यत्रका बलौटे खुल्ला ठाउँहरूमा ठूल-ठूला घाँसे मैदाहरू छन्। सप्तकोशीको पूर्वी किनारामा यस्ता मैदान धेरै छन्। त्यहाँ हात्ती डुबाउने खालको खर, काँस र अन्य विभिन्न जातका घाँसहरू जङ्गली जन्तुहरूको निम्ति उपयुक्त वासस्थान बनेका छन्।

(घ) उष्ण मिश्रित प्रकारको सदावहार वनः

नदीको झोर र पहाडी खोंचका सेपिला भागहरूका पात नझर्ने खालका विरूवाहरूको संमिश्रण भएको जङ्गल पाइन्छ। रतुवा खोलाको पूर्वमा रहेको चुलाचुली, मैनाचुली इत्यादि भागमा यस्तो वन विशेष रूपले फष्टाएको पाइन्छ। मोरङ्ग र झापाका केही यस्ता वनहरूमा दक्षिण पूर्वी एशियाको प्रभाव केही प्रष्ट रूपमा देखिन्छ। यस्तो क्षेत्रमा थाकल (Cycas pectinata) र निटम (Gnetum) जस्ता दक्षिण–पूर्वी एशियाली विरूवाहरू पाइन्छन्। यहाँका वनमा जङ्गली आँप, जङ्गली केरा र अन्य बीज विरूवाहरू पाइन्छन्।

वन इलाका

यस क्षेत्रका पाँच जिल्लाहरूको वन सम्पदाको विषय प्राप्त आँकडाअनुसार झापा जिल्लामा कुल क्षेत्रफलको २०.२६ प्रतिशत, मोरङ्ग र सुनसरीमा २५ प्रतिशत, सप्तरी र सिराहामा २१ प्रतिशत तथा उदयपुरमा ६३ प्रतिशत वन कायम रहेको देखिन्छ। यो तथ्याङ्क फरेष्ट रिसोर्सेज सर्वेको सन् १९६७ (संवत् २०२३–२४) को प्रकाशन नं. ४ बाट प्राप्त हुन्छ।

हनुमाननगर फरेष्ट म्यानेजमेन्ट प्लान् सन् १९७१ (सम्वत् २०२७।२८) को तथ्याङ्क अनुसार यस डिभिजनमा २५.५ प्रतिशत वन्य क्षेत्र छ भन्ने देखाइएको छ। यस डिभिजनमा कमला नदी तथा सप्तकोशीको बीचमा पर्ने तराई क्षेत्र र उदयपुर जिल्लाको केही भागपर्दछ। यस्को कुल क्षेत्रफल १३,३८७.२८ हेक्टर (३,०४,६२२ एकड) छ।

केही वर्ष यतादेखि भइरहेको वन विनाशको गतिलाई दृष्टिगत गरेमा उपरोक्त तथ्याङ्क पुराना तथा अनुपयुक्त भइसकेका छन् र तिनलाई सीमित प्रयोजनको निम्ति मात्र प्रयोग गर्न सकिन्छ। सिराहा र सप्तरी जिल्लामा वन प्रायः छैन भने पनि हुन्छ। चुरेको काँठमा केही साना तिना जङ्गलहरू मात्र छन् र यी जिल्लाहरूमा बाल्ने दाउराको माग पनि जिल्ला भित्रबाट पूर्ति हुन नसक्ने अवस्था देखा परेको छ। उदयपुर जिल्लामा केही वन अझै बाँकी छ। यस जिल्लामा काठ चिरान गर्ने कारखानाहरूको स्थापना हुँदै गएको र त्यहाँबाट राजमार्ग जोड्ने सडक पनि निर्माण भएको तथा पहाड तर्फबाट तल झरेका जनसंख्याको चाप बढ्दै गएको आदि कारणबाट पनि वन सम्पदाको ह्रास छिटो छिटो हुँदैछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी एवं हिमाली प्रदेशका वन वनस्पति

यस प्रदेशमा विशेषगरेर चौडा पात हुने खालका बिरूवाहरू जस्तै गुराँस, खसु, म्यागनोलिया (Magnolia) आदिको प्रधानता हुन्छ। रूख बिरूवाका हाँगा बिगा र बोक्राहरू अक्सरगरेर झ्याउले ढाकेका र तिनमा लहरा, उन्यू, सुनगाभा, चाँदीगाभा जस्ता अर्कीड (Orchid) आदि बिरूवाले आश्रय पाएका हुन्छन्। यस्तो हुनु बढी वर्षाको संकेत हो र यो पूर्वी नेपालको विशेषता नै हो।

यस क्षेत्रको पहाडी भागमा लगभग १,२२० मिटर (४,००० फीट) देखि २,४४० मिटर (८,००० फीट) सम्मको उचाईमा रहेको वन क्षेत्र तथा कृषि भूमिमा समेत छ्यासछ्यास्ती ढाक्नेगरी "वनमारा" भन्ने झार देखिन थालेको छ। यो झारलाई कहीं [redacted] कहीं तीतेझार पनि भनिन्छ। करीब एक मिटर (३.३ फीट) अग्लो यो झारले पूर्वी पहाडको कृषि उत्पादनलाई ठूलो क्षति पुऱ्याउन थालेको हुनाले यसको नियन्त्रण र निर्मूलन गर्नुपरेको छ।

पहाडी र हिमाली प्रदेशको भू-बनावटबाट उत्पन्न भएको प्राकृतिक विभिन्नता खासगरेर उचाईको विषमताले गर्दा उष्ण हावापानीका जीवजन्तु र बीज बिरूवाहरूदेखि लिएर ध्रुवीय हावापानीमा हुने जीवजन्तु र बीज बिरूवाहरू पनि यसै प्रदेशभित्र पाइन्छन्। यस प्रदेशको वन वनस्पति र वन्य सम्पदा विषय विवेचना गर्दा तलका विभाजनहरू सुविधाजनक हुन आउँदछन्।

उष्ण प्रदेश

अन्दाजी १,००० मिटर (३,३०० फीट) भन्दा होचो उचाईमा पर्ने नदीको बेंसी, टार र उपत्यकाहरूमा हुर्केका वनहरूमा सालका रूखहरू नै प्रधान रूपमा रहेका हुन्छन्। ती वनहरूमा हुने वृक्षहरू तराईका बिरूवाहरू झैं ठूलो नभए तापनि प्रायः तराईमा पाइने बिरूवाहरूकै जाति धेरै पाइन्छन्। नदीको बगर र बलौटे भागमा खयर, सिसौ, असला, वयर आदि पाइन्छन् भने अन्य ठाउँमा लामपाते, हर्रा, बर्रा, टाँटरी, सिरिस आदि पाइन्छन्। अन्य बिरूवामा सिमल, जामुन इत्यादि पनि प्रमुख छन्।

उष्ण मनसुनी हावापानी भएको मलेशिया क्षेत्रमा पाइने केही बीज बिरूवा यस भागमा कहीं कहीं देखापर्दछ। त्यस्ता बिरूवाहरूमा निटम, पोडोकार्पस (Podocarpus) र थाकल यस पूर्वाञ्चल क्षेत्रको विशेषता हो।

अर्ध उष्ण प्रदेश

लगभग १,००० मिटरको र त्यसभन्दा माथिको भाग करीब करीब २,००० मिटर (६,००० फीट) सम्मको भागमा पाइने वनस्पति प्रायः मिश्रित प्रकारको हुन्छ। यो भागमा चिलाउने र कटुसको वाहुल्यता हुनका साथै अन्य बीज बिरूवाहरू जस्तै सिरिस, टुनी, गुराँस, बाँझ, फलाँट, सिंधुरे, अमला, काफल, रूद्राक्ष इत्यादि पाइन्छन्। झोर तथा सियाला परेका ठाउँमा उत्तिसको वन विशेष फष्टाउँदछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समशीतोष्ण प्रदेश

करीब २,००० मिटरभन्दा उच्च र ३,००० मिटर (९,९०० फीट) भन्दा तल पर्ने भू–भागमा अधिकतम गाउँ बस्ती र खेती-पाती रहेको हुन्छ । तसर्थ खास शुद्ध प्रकारको वन भेट्न सजिलो हुँदैन । यस भेकमा पाइने बिरूवामा दालचिनी, तेजपात, काउलो र अरू जातका बिरूवाहरूमा चाँप, रक्तचन्दन, कनिके, कटुस, लोक्ताको झार, चुत्रो, जमाने मान्द्रो, टिमुर इत्यादि लिन सकिन्छ । यस क्षेत्रमा गुराँसका शुद्ध वनहरू पनि ठाउँ ठाउँमा पाइन्छन् । लहरा जातिमा नागवेली निकै प्रख्यात छ । यसको कोसाबाट निस्कने पीठो जस्तो धूलो अति किमति जरीबूटीमध्ये एक हो ।

गुराँसका विभिन्न रङ्ग र जातिका बिरूवाहरू विशेषगरेर ३,००० मिटर (९,९००) को लगभगमा प्रशस्त पाइन्छन् । यो उचाईमा कोणधारी र अन्य बिरूवाहरू विभिन्न अनुपातमा मिश्रित हुन्छन् । ३,००० मिटर-भन्दा उच्च क्षेत्रमा कोणधारी वृक्ष जस्तै सल्ला, गोब्रे सल्ला, ठिंग्रे सल्ला, धूपी आदि बिरूवाहरूले ढाकेको हुन्छ । सुख्खा र ढुङ्गे पाखामा खस्रु तथा केही होचो भागमा बाँझको वनको प्रायः एकाधिकार नै रहेको हुन्छ ।

लेकाली भाग

करीब ४,००० मिटर (१३,२०० फीट) को लगभगमा वृक्षरेखा पर्दछ । यस भाग र सोभन्दा माथि माटो ज्यादै पातलो र धेरै महीनासम्म हिउँ जम्ने भएकोले स-साना बोट बिरूवाहरू मात्र फष्टाउन सक्दछन् । वृक्षरेखाको हाराहारीमा अनेकौं सुन्दर फूलहरू जस्तै प्रिमुला (Primula), मेकानोप्सीस (Meconopsis), सतुवा, पोलीगोनम (Polygonum) आदि प्रशस्त मात्रामा पाइन्छन् र हिम रेखादेखि तल पर्ने भागमा धूपी, चिमाल, भैरूमपाते, वामपाते, प्रिमुला, बज्रदन्ती आदि लेकाली बिरूवाहरूमा विशेषगरेर साउन भदौतिर विभिन्न चहकिला रङ्गका फूलहरू फक्रेर निर्जन भूमिलाई शोभायमान बनाउँदछन् । खुल्ला घाँसे मैदानहरू पनि यत्रतत्र फैलिएका हुन्छन् । यी लेकाली घाँसे मैदान नै हाम्रा चौंरी र भेडाका खाद्य भण्डार हुन् ।

पहाडी र हिमाली भेक जरीबूटीको निम्ति प्रख्यात छ । यस भेकको प्रमुख जरीबूटीमा विष, विषमा, कुटकी, जटामसी, पदमचाल, पाषण भेद, चिराइतो आदि उल्लेखनीय छन् ।

वनसम्पदा

नेपाल अधिराज्यको वनसम्पदा विषय प्रकाशित तथ्याङ्कहरूमा वन सर्वेक्षणले छुट्याएको इलाका र प्रशासनिक इलाकामा एकरूपता नभएको हुनाले कुनै जिल्ला वा अञ्चल अथवा विकास क्षेत्रको वनसम्पदा कति छ भन्ने आँकडा प्राप्त छैन । त्यसको अतिरिक्त उत्तरी सीमावर्ती इलाकाको पनि केही तथ्याङ्क प्राप्त छैन ।

पूर्वाञ्चल विकास क्षेत्रभित्र पर्ने पहाडी इलाकाको वनसम्पदा विषयको प्रकाशित नक्सा[1]मा उल्लेख भएअनुसार २५ देखि ५० प्रतिशत भू-भागमा वन भएको क्षेत्रमा ओखलढुङ्गा, धनकुटा, तेह्रथुम, इलाम आदि

1 Forest Statistics (Hill Region), Forest Resources Survey, Dept. of Forests, page 9, Vol. 21, 1973.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाका भू-भागहरू पर्न आउँदछन् र ५० देखि ७५ प्रतिशत भू-भागमा वन भएको क्षेत्रमा भोजपुर, खोटाङ्ग, संखुवासभा, पाँचथर र ताप्लेजुङ्ग जिल्लाका केही अंशहरू पर्न आउँछन्।

मध्यमाञ्चल विकास क्षेत्रभित्र पर्ने त्रिशूली नदीदेखि पूर्वको सम्पूर्ण भागलाई पूर्वी क्षेत्र मानेर लिइएको सो तथ्याङ्कमा वन इलाका ५४.७२ प्रतिशत देखिएको छ। सो वनमध्ये ३४.२९ प्रतिशत मात्र व्यापारिक दृष्टिले महत्वपूर्ण वन रहेको र ६५.७१ प्रतिशत अन्य प्रयोजनको निम्ति मात्र उपयुक्त हुने देखिन्छ। व्यापारिक महत्वका वनमा पाइने प्रमुख वृक्षहरूमा साल, सिसौ, खयर, ठिंग्रेसल्ला, विभिन्न थरीका खस्रु, बाँझ, फलाँट र गुराँसहरू हुन्।

वन्य जन्तुहरू*

यस विकास क्षेत्रमा पनि हिमालयको डाँफेचरीदेखि उष्ण बेंसीको मैनाचरीसम्म पाइन्छ। त्यस्तै जीवशास्त्रीहरूको अझसम्म पनि खोजको विषय भएको प्राणी 'यती'देखि लिएर पृथ्वीको धरातलबाट लोप हुन थालेको अरना पनि यही क्षेत्रमा पाइन्छ। यस विकास क्षेत्रका जीवजन्तुहरूका विषयमा विवेचना गर्दा पनि तराई, भावर, चुरे डांडा र मधेशको उष्ण प्रदेशका जीवजन्तु र पहाडी एवं हिमाली क्षेत्रका जीवजन्तुहरूलाई बेग्ला बेग्लै उल्लेख गरिन्छ।

तराई, भावर, चुरे तथा मधेशका वन्य जन्तुहरू

समुद्र सतहभन्दा लगभग ९०० मिटर (३,००० फीट) भन्दा तल पर्ने पूर्वी नेपालको उष्ण भागमा दूधारू जन्तुहरू (mammals) मा अरना सबभन्दा महत्वको छ। कोशीको टप्पुमा यसको संख्या करीब ४०-४५ मात्र बाँकी छ। यसलाई संरक्षण गर्ने दिशातर्फ केही कार्य हुनेभएको छ। संसारभरको तथ्याङ्क अनुसार यो जातिको अरना केवल १,५०० मात्र छ र यो दिन परदिन ह्रास हुँदो छ। मोरङको जङ्गलमा नील गाई केही मात्रामा पाइन्छ। यसलाई घोडगधा पनि भनिन्छ। पूर्वी तराईको क्षेत्रमा पाइने अन्य जन्तुहरूमा चित्तल, भालू, बनेल, स्केली एन्ट इटर (Scaly ant eater) इत्यादि केही ज्यादा मात्रामा पाइन्छन्। झापा जिल्लातिर पाइने ठूला खालका बानर (Assamese Macaque) यहाँभन्दा पश्चिमी भागमा पाइँदैनन् तर लंगूर भने अन्यत्र पनि पाइन्छ। झापाको पहाडी घाँचका घना जङ्गलमा पाइने लोखर्के झण्डै एक मिटर लामो हुन्छ र यो पनि नेपालको अन्य कुनै भागमा पाइँदैन। यसप्रकार दूधारू जन्तुमा यो क्षेत्रले केही विशेषता राख्दछ। यहाँ आसाम-तर्फबाट हात्ती पनि आउने गर्दछ। करीब १२५ वर्ष पहिलेको एक भ्रमण प्रतिवेदनअनुसार झापा तथा मोरङमा गैंडा पनि पाइने गर्दथ्यो भन्ने कथन[1] छ। हाल यस क्षेत्रमा कुनै गैंडा छैन भन्ने निश्चित भइसकेको छ।

कोशी नदीमा डुबुल्की मार्दै लुकिछिपी गर्ने गोंज पनि एक चाखलाग्दो दूधारू जन्तु हो। यसलाई (Gangetic dolphin) भनिन्छ। यिनीहरूको मूल बासस्थान गङ्गाजी हो र त्यहाँबाट उँभो लाग्ने क्रममा नेपालभित्र पनि पस्ने गर्छन्। तर कोशी ब्यारेजको निर्माणले यिनीहरूको संख्या घट्न गएको छ।

---

* डा. रोबर्ट एल. फ्लेमिङ (जुनियर) बाट उपलब्ध भएका जानकारीहरूमा आधारित।

1 Hooker, J. D— Himalayan Journals vol. 2, 1854.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराई क्षेत्रमा पाइने असंख्य चराचुरूङ्गीहरूमा धनेश विशेष उल्लेखनीय छ । यो तीन प्रकारको हुन्छ र सबभन्दा ठूलो खालको धनेश (Gaint horn bill) टाउकोदेखि पुच्छरसम्म करीब १.५ मिटर (५ फीट) लामो हुन्छ । पाखातिरका वनमा लुइँचे, तित्रा र तराईको घाँसे जमीनतिर मयूर, नीलकण्ठ इत्यादि पाइन्छन् । यस क्षेत्रमा विभिन्न छ थरीका सुगाहरू पाइन्छन् । नदीको आसपासमा बगुला, सारस, चखेवा, चखेवी पाइन्छन् । कोशी व्यारेजको जलाशयमा १६ प्रकारका हाँसहरू पाइएका छन् । यो ठाउँ चराचुरुङ्गीले भरिएको हुन्छ । एक वैज्ञानिकले यस क्षेत्रमा दश दिनको अनुसन्धानमा ३२,००० चराहरूको गणना गरेका थिए ।

पूर्वी तराई गोमन साँपको गढ मानिन्छ । यहाँ दुई थरीका गोमन र केही अन्य प्रकारका विषालु साँपहरू छन् । त्यसमध्ये तीन थरीका करेत उल्लेखनीय छन् । बीस थरीका निर्विषी साँपहरू छन् । खोला-नालाको छेउ पर्ने जङ्गली ठाउँमा अजिङ्गर पनि पाइन्छ । यो तुम्लिङटारसम्म पनि पाइएको छ ।

पहाडी तथा हिमाली प्रदेशका वन्य जन्तुहरू

यस विकास क्षेत्रको पहाडी भागमा पाइने साधारण अन्य जीवजन्तु जस्तो खरायो, भालू, चितुवा, बाँदर, फ्याउरो, आदि प्राणी बाहेक जीवशास्त्रीको दृष्टिमा चाखलाग्दा प्राणीहरू पनि निकै पाइन्छन् । खासगरेर यो विकास क्षेत्रमा पूर्वी हिमालयलाई प्रतिनिधित्व गर्ने खालका पशुपक्षीहरू पाइन्छन् । इलाम जिल्लाको हाँस-पोखरी इलाकामा रहेको जङ्गलमा केही विभिन्न पशुपक्षीहरू पाइन्छन् । यहाँ ज्यादै सानो एक थरीको लोखर्के रूखका हाँगा विंगामा फीष्टोचरा झैं चुल्बुलाएर हिंडेको देखिन्छ । यो खालको लोखर्के नेपालको अन्य भागमा पाइएको छैन ।

हिमाली क्षेत्रका भीर पाखामा नावर, कस्तूरी, झारल, हिमचितुवा, हिमब्वाँसो, कालो भालू, थार, लोखर्के, आ-आफ्नो सुहाउँदो वातावरणमा बिचरिरहेका हुन्छन् । यस्ता जङ्गली जनावरहरू खासगरेर वृक्षरेखा ४,००० मिटरको लगभगमा निगालोघारी र चिमाल तथा धूपीका झाडी भएको इलाकामा पाइन्छन् । निर्जन चट्टानी भागमा सानो मुसो जस्तो आकृति भएको 'पीका' नामक जन्तु यत्रतत्र चिलबिलाएर उफ्री उफ्री हिंडेको देखिन्छ । यो जन्तु मुसो जस्तो भए तापनि यो खरायो समुदायभित्र पर्दछ । पृथ्वी धरातलमा अति उच्च भू-भागमा बाँच्न सक्ने यो जन्तु केही रतिए जस्तो गरी मानिसको छेउ छेउसम्म पनि आउँदछ । हिमाली दूधारू पशुमा कस्तूरी सोलुखुम्बू जिल्लाको खुम्जुङ्ग र थामी इलाकामा र नावर लुम्बासुम्बा हिमाल श्रेणीमा धेरै पाइन्छ । यस इलाकामा चाँगु नामगरेको एक प्रकारको ब्वाँसो पाइन्छ । यो निकै चालबाज शिकारी पशु हो । अरुण नदीको अगल बगलतिर तथा यस नदीभन्दा पूर्वी हिमाली खण्डमा पाइने कालो भालू निकै ठूलो हुन्छ । तोप्केगोला र ओलाङचुङगोला क्षेत्रमा यसको उपद्रव निकै सुनिन्छ । बरुण नदीको उपत्यकामा पाइने थार ज्यादै ठूलो हुन्छ । कोही कोही त खच्चर जत्रो पनि हुन्छ । वास्तवमा थार जङ्गली बाख्रा हो । यस इलाकामा एक प्रकारको सानो छुचुन्द्रो पानीभित्र पाइन्छ । यसको बासस्थान २,००० मिटर देखि ३,००० मिटरको उचाईमा पर्दछ । यो जन्तु पश्चिमी चीन र तिब्बती क्षेत्रमा मात्र पाइन्थ्यो । हालै २०२६ सलामा संयुक्त राज्य अमेरिकाको वन्य जन्तु संरक्षण संस्थाको तर्फबाट बरुण उपत्यकामा गरिएको जीवजन्तु सर्वेक्षणमा यो छुचुन्द्रो नेपालभित्र पत्ता लगाइएको सबभन्दा पहिलो अवसर हो । सोही दलले यस भेगमा "यती" को पाइलाहरू भेट्टाइयो भन्ने दावी पनि गरेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चराचुरुङ्गीहरूमा कालिज, तित्रा, कोइली, चाँचर, लुइँचे, पहाडी क्षेत्रको सामान्य पक्षीहरू हुन्। करीब १४५ वर्ष पहिले सर्वप्रथम इलाममा पत्ता लागेको रातो धनेश (Aceros nepalensis) हाल लोप भइसकेको छ। नेपालको प्रख्यात पक्षी मोनाल करीब ३,००० मिटर (६,६०० फीट) को आसपासको कोणधारी जङ्गलमा पाइन्छ तर राष्ट्रिय चरा डाँफे त्योभन्दा अलि उच्च क्षेत्रमा मात्र पाइन्छ। यसको प्रचुरता खुम्जुङ्ग इलाकामा छ।

खुम्बू क्षेत्रमा पाइने एक प्रकारको चील (Lammergeier) करीब ७,८०० मिटर (लगभग २६,००० फीट) को उचाईसम्म उड्न सक्छ र दुवै पखेटा फिजाएमा यो पक्षी करीब २.७ मिटर (९ फीट) फलिएको हुन्छ। यो पक्षी अधिराज्यको सबभन्दा ठूलो पक्षी हो। अन्य हिमाली पक्षीमा चिलमे, कङ्गमो, मलेवा, लाहाँचे आदि उल्लेख गर्न सकिन्छ। यस विकास क्षेत्रको पहाडी र हिमाली भेकमा १० जातका सर्पहरू छन् भन्ने ज्ञात भएको छ। ती मध्ये दुई थरीका ज्यादै विषालु, दुई थरीका कम विषालु छन् र अन्य छ थरीका सर्पहरू बिषालु छैनन्। विषालु सर्पमा भाइपर (Mountain Pit viper) र करेत (Crate) डरलाग्दा हुन्छन्।

वन वनस्पति तथा पशुपक्षीको दृष्टिले सोलुखुम्बू क्षेत्र विशेष आकर्षक भएको र पर्यटकहरूलाई सो ठाउँमा जान सक्ने व्यवस्था पनि भएकोले हालै सगरमाथा राष्ट्रिय निकुञ्जको स्थापना गरिन थालेको छ। यसबाट जङ्गली पशुपक्षी र वन वनस्पति संरक्षण हुने आशा राखिएको छ।

भौगर्भिक बनावट र खनिज पदार्थ*

नेपाल अधिराज्यको कुनै पनि भागको भौगर्भिक वातावरण बारे विवेचना गर्दा समस्त हिमाली पर्वतको उत्पत्तिको प्रसंग उठ्दछ। परापूर्वकालमा करीब सात करोड वर्ष अगाडि टर्सरी युग (Tertiary age) मा हालको साइबेरीया (अंगाराल पण्ड) पेनेन्सुला र इण्डियाको गोंडयाना लाएण्डको बीचमा एक समुद्र थियो। त्यस समुद्रलाई आधुनिक भू-गर्भशास्त्रीहरू टेथिसी (Tethys sea) भन्दछन्। यसै समुद्रको सतहलाई कुनै शक्तिले माथि उचाली हिमालयको उत्पत्ति भएको मानिएको छ। पहिले उच्च हिमाली शृङ्खला तथा महाभारत शृङ्खलाको बीचमा ठूला ठूला तालहरू भएको अनुमान गरिएको छ। तिनै तालहरू सुक्नाले नेपालको हालको मध्यवर्ती भू-भाग (Mid-land) बन्न गएको पनि अनुमान छ। चुरिया पहाड भने सबभन्दा पछि मात्र उत्पत्ति भएको भन्ने मानिएको छ।

हिमालयको भौगोलिक बनावट विषय विभिन्न विचारहरू रहेको भए तापनि यूरोपको आल्प पर्वत झैं हिमालय पनि रिकम्वेट न्यपि (Nappe) हरूले बन्न पुगेको भन्ने विचारमा धेरैको सहमत छ। न्यपि भन्नाले एक मुहानबाट उठी एक मिलभन्दा परसम्म नयाँ चट्टानहरू माथि फैलिएका पुराना चट्टानका समूहलाई बोध गर्दछ।

भौगर्भिक अध्ययनले जनाएअनुसार उच्च हिमाली शृङ्खला तथा मुख्यतः यसको उत्तरपट्टि टिवेटियन टेथिस सेडिमेन्ट (Tibetan Tethys Sediment) देखापरेको छ। पूर्वाञ्चलमा यस्तो सेडिमेन्टलाई एभरेष्ट सेडिमेन्ट (Everest Sediment) भन्ने नाम दिइएको छ। यसै समूहको पेलाइटस् (Pelites) तथा

* श्री ५ को सरकार, उद्योग वाणिज्य मन्त्रालय, भौगर्भिक सर्वेक्षण विभागबाट प्राप्त विवरणमा आधारित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चूनढुंगाले सगरमाथा बनेको छ। महाभारत शृङ्खला तथा मध्य पहाडी भेकमा विभिन्न प्रकारका सिष्ट (Schist) फिलाइट (Phyllite) चून ढुंगा आदि पाइन्छन्। चुरे शृङ्खलाको बनावटमा मुख्य रूपले स्याण्ड स्टोन (Sand stone), सेल (Shale), कङ्ग्लोमरेट (Conglomerate) को भूमिका विशेष महत्वको छ।

खनिज पदार्थ

यस विकास क्षेत्रका कतिपय भागमा स-सना खानीबाट तामा, फलाम, टुर्मालिन, आक्वामरिन आदि खनिज पदार्थ निकालेर स्थानीय जनताहरूले केही रोजगारी पाइआएका थिए तर खानी जस्तो जटिल उद्योगमा आधुनिक वैज्ञानिक आधार नहुनु अव्यावहारिक र असंभवको कुरा पनि मान्न सकिन्छ। हालसम्मको अध्ययन र अनुसन्धानको आधारमा यस विकास क्षेत्रमा निम्न खनिज पदार्थ पत्ता लागेका छन्।

तामा (Copper)

यस विकास क्षेत्रको महत्वपूर्ण तामा खानीमा सोलुखुम्बू जिल्लाको वाप्सी तामा खानी र इलाम जिल्लाको सिद्धि तामा खानी उल्लेख गर्न सकिन्छ।

ग्राफाइट (Graphite)

इलाम जिल्लाको पान ढुंगा र परम जडमा राम्रो खालको ग्राफाइट पाइन्छ।

अभ्रख (Mica)

मध्यवर्ती पहाडी क्षेत्र अभ्रखको निम्ति उपयुक्त ठाउँ हो। तिनमा धनकुटा र भोजपुरको अभ्रख राम्रो मानिएको छ तर यहाँको अभ्रख विषय कति परिमाण छ भन्ने कुरा ज्ञात भइसकेको छैन।

फस्फराइट चट्टान (Phosphorite)

धरानको टाकुरेदेखि पश्चिम चौसापानी भेकको आसपासमा फस्फराइट भएका चट्टानहरू देखापरेका छन्। यी चट्टानहरूको विस्तृत भौगर्भिक अध्ययन भइरहेको छ। हालसम्म सन्तोषजनक मात्रामा फस्फराइट पाइएको छैन।

मूल्यवान पत्थरहरू (Semi-precious stones)

यस विकास क्षेत्रको हिमाली जिल्लामा विशेष गरेर संखुवासभा जिल्लामा विभिन्न रङ्गका टुर्मालिन, अक्वामारिन, अल्माण्डीन (Almandin), पाइरोपी (Pyrope) तथा धुंवासे क्वार्ज आदि पाइएकाछन्। तिनको परिमाण, स्तर तथा आकार उत्साहवर्द्धक देखिएको छ। केही हदसम्म तिनको व्यापार पनि चलेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइराइट (Pyrite)

इलाम जिल्लामा बेरिङ्खोला नजीक क्वार्जका नसाहरूमा छरिएका पाइराइट धाउहरू भेटिएका छन् । चट्टानमा धाउको मात्रा २५ प्रतिशत पाइएको छ ।

म्याग्नेसाइट (Magnesite)

सगरमाथा अञ्चलको कम्पु घाटको क्षेत्रमा ठूलो मात्रामा म्याग्नेसाइट पाइएको छ । यो ठाउँ त्यति दुर्गम स्थानमा छैन ।

हालसम्म भएको भौगभिक अध्ययनको आधारमा यहाँको जमीन मुनिको भौगभिक बनावट बारे पनि निकै ज्ञान हासिल भइसकेको छ र भू-सतहको भौगभिक बनावट तथा बीच बीचमा देखापरेका खनिजहरू विषय पनि आधारभूत ज्ञानहरू प्राप्त भइसकेका छन् । त्यसको आधारमा ताप्लेजुङ्ग जिल्लाको तमायस इलाका, धरान-इलाम बीचको २,६०० वर्ग किलोमिटरको क्षेत्र र वाप्साक्षेत्र खनिज पदार्थको दृष्टिले महत्वपूर्ण छन् ।

ऐतिहासिक पृष्ठभूमि

प्रोफेसर रावलिन्सन् भन्छन्– काशी वंशका केही मानिस पहिले अफ्रिका महादेशको कुश देशबाट भारत पसे, केही अरब–फारसको शिनार वा वेबिलोन देशतर्फ बढ्दै गए । यी सब कुरा बुझ्दा नेपालको किराती वंश पनि आरम्भमा कुश (हिन्द कुश?) देशबाटै आएको कुराको अनुमान हुन्छ । योगिनी तन्त्र नामक ग्रन्थमा पनि कुश द्वीपबाट आएकी कंकती नाउँ गरेकी सुन्दरी कन्यासँग महादेवको संसर्ग हुँदा किराती वंशको जन्म भयो भन्ने उल्लेख पाइन्छ । प्रत्येक किरातीका घरको सम्मुख शिवजी स्थापना गरेका ठाउँमा सिउँडीको बोट रोपिन्छ र सांझ बिहान त्यसको पूजा हुन्छ । अघि मिस्र देशमा बिरालो, चील, सर्प, बाँदर आदिको ममा बनाई पूजा गर्थे । वर्तमान किराती वंशका कुनै कुनै घरमा बिरालो देव, चील देव, सर्प देव र बाँदर देव मान्दछन् ।[1]

गोपाल राजवंशावलीकारको अनुसार गोपाल र महिषपालहरूलाई जितेर किरातहरूले राज्य गरे । यी बत्तीस किरात राजाहरू भए । जुन किरातहरू (अहिले) तामाकोशी र अरुण कोशीको बीचको भू-भागमा बस्दछन् ।[2]

किराती जाति नेपाल देशको एक ज्यादै पुरानो जाति भएकोले नेपालका सारा पहाडी खण्डलाई किराती देश भनिन्थ्यो । वर्तमान समयमा लिम्बू र राई मात्र किराती भनी प्रख्यात भएको भए तापनि किरात इतिहासले नेपालका सबै जाति, आसाम प्रदेशका सारा पहाडी जाति, बर्मा, थाइल्याण्ड अथवा श्याम, अनामका ताई र भियतनाम जाति, फिलिपाइनका खाम्बोज जाति औ यूनानी चीनिया जाति सबैलाई किराती वंशमा गणना गरिएको छ । द्वापर युगमा मध्य देशमा हर्व हाङ भन्ने किराती राजा थिए । उनको सुत्य र किचक नाउँ गरेका दुई भाइ छोराहरू थिए । विराट राजा विदेह प्रान्तका राजा थिए । सत्य राजाका पालामा किरातीहरू सभ्यताको शिखरमा पुगेका थिए । सर जान हेमरटनले आफ्नो इतिहासमा लेखेअनुसार किराती वंश मंगोल

१ ईमान सिंह चेमजोङ, लिम्बू–नेपाली–अंग्रेजी शब्द कोश, भूमिका, पृष्ठ ९

२ धनवज्र वज्राचार्य, लिच्छविकालको इतिहासमा किरात कालको प्रभाव, पूर्णिमाः अङ्क १७, पृष्ठ २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जातिमध्येको हो। असुर वंशी राजाहरूले लडाइंमा हारेपछि पूर्व भारत देश आई नरकासुर, दानासुर, महिषासुर, किरातासुर नाउँले धेरै वर्षसम्म राज्य गरे। आर्य वंशीहरू आफूलाई सुरवंशी भन्थे। अनार्य वंशीहरूलाई असुर वंशी भन्थे। किरातीहरू असुर वंशका नै थिए। यस प्रमाणले किरातीहरूले मिस्र वा बेबिलोनकै सभ्यता नेपालमा ल्याएको बुझिन्छ। लिम्बू किराती मुन्धुमका आरम्भमा उनीहरूका राजा मुनाफेन हाङले चीन मुलुकको सुचुवाङ प्रदेशबाट चीनिया सभ्यता लिएर तिब्बत आएको कुरा छ।[1] किरात मुन्धुमको अनुसार—परमात्माको शक्ति र सिन्‌युक महारानीको आदेश अनुसार उवाहाङले किरात देशको ताप्लिङजोङ (ताप्लेजुङ्ग?), पोमे जोङ, याशोक जोङ (पाँचथरको ?), चेम्फु जोङ गढहरू विजय गर्दै मिथिला प्रदेशसम्म हमला गरी आफ्नो देशको सीमाना वहाँ राखे।[2]

यस विषयको एउटा दन्त्य कथा यसप्रकार छ— शुरूमा मङ्गोलीहरूको एकदल चीनबाट तिब्बत आयो। अब कहाँ गै बासस्थान बनाउने भनी त्यस मङ्गोली दलले भगवान् परमात्मासँग प्रार्थना गरी सबैले लगाएको "दोचा" (जुत्ता) फुकाली ठूलो पोको बनाई ईश्वरसँग वाचा गरेर भने—हे भगवान्, हामीले कहाँ गै आफ्नो अवस्थल बनाउने ? जान्दैनौं। तसर्थ यो "दोचा"को पोको यो अरुण खोलोको शिरमा हाल्छौं र खोलोले बगाउँदै लैजाँदा जहाँ तपाईंले यस दोचाको पोकोलाई पाखा लाई दिनुहुन्छ त्यसै ठाउँमा हामीहरू तपाईंले देखाएको जग्गा भनी किपट बनाई बस्छौं। यति भनी उनीहरूले दोचाको पोको अरुण नदीको शिरमा हालिदिए। अरुण खोलाको किनार किनार दोचाको पोको खोज्दै आउँदा धेरै दिनमा उनीहरूले त्यो पोको तिब्बतको दक्षिण पहाडी जग्गाको खोलोको बगरमा भेटे। खुशी भै देवी देवतालाई वलि चढाई तिनीहरूले पूजा गरे र त्यस जग्गाको नाउँ "मालिकले घुमाई— घुमाई देखाएको जग्गा" भनी "हिदाङ्ना" राखे। यो ठाउँ पल्लो किरातमा (हाल संखुवासभा) पर्छ।[3]

किरातकालभन्दा अघि केही काल भए तापनि किरातीहरू नेपाल भित्र प्रवेश गर्दा पहाडी क्षेत्रमा ताप्लेजुङ्गतिरबाट र तराई क्षेत्रमा विराटनगरतिरबाट छिरेको कुरा माथिका तथ्यहरूले प्रमाणित गर्दछन्। पूर्वाञ्चल क्षेत्रलाई शुरूदेखि नै किरात प्रदेश भनेर विभाजन गरिंदा अरुण पूर्व अर्थात् कोशी र मेची अञ्चललाई लिम्बुवान र अरुण पश्चिम अर्थात् सगरमाथा अञ्चललाई खम्बुवान भनिन्थ्यो। त्यसैले आजको पूर्वाञ्चल विकास क्षेत्र यी दुवै लिम्बुवान र खुम्बुवानको समष्टि रूप हो। किरात जाति माथि कुन कुन जातलाई राख्ने भन्ने कुरामा विभिन्न मत पाइन्छ। धार्मिक ग्रन्थहरूमा समेत यस जातिको उल्लेख भएकोले कसैले सबै जातलाई किरात भन्छन् भने कसैले एशियाका मङ्गोलियन जातिहरू र किरात जातिहरूलाई एउटै समूहमा पारेका छन्। नेपालका किरात जातिहरूको यथावत अध्ययन गरेमा यस समूहलाई तीन जातिमा लिन सकिन्छ— राई, लिम्बू र याखा। यी तीनै जातिको लिपि किरात लिपि हो। नेपालका अन्य केही भाषाहरू झैं राई, लिम्बू र याखा भाषा तिब्बत बर्मेली भाषा परिवार भित्र पर्दछन्।

राजा स्थिति मल्ल (१४१८–५२)को शासनले नेपाललाई उन्नतिका मार्गमा उचाल्न समर्थ भएको अनुमान हुन्छ। स्थिति मल्लका नाति यक्ष मल्ल (१४८५–१५३७) का कालमा त्यो पुरानो नेपाल राज्य पूर्ण कलामा पुग्यो। उत्तरपट्टि सीमाना आजकलको सीमानाभन्दा पर शिकारजुंगसम्म पुगेको थियो। पूर्वपट्टि तमोर

१ ईमान सिंह चेमजोङको माथि उल्लिखित कोश, पृष्ठ १, २, १०, १२
२ ईमान सिंह चेमजोङ– किरात–मुन्धुम (किरातको वेद), सन् १९६१, पृष्ठ ८७–८८
३ ईमान सिंह चेमजोङको माथि उल्लिखित कोश– पृष्ठ ५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र पश्चिमपट्टि शायद भेरी नदीसम्म मात्र फैलिएको थियो। तर मधेश तराईपट्टि गङ्गा नदी (शायद मुंगेर शहरपट्टि) सम्म यस राज्यको शासन थियो।[१] कर्कप्याट्रिकको अनुसार यक्ष मल्लले मोरङ, तिरहुत, गयालाई आफ्नो राज्यभित्र मिलाउनुको साथै पश्चिमपट्टिको गोर्खा र उत्तरपट्टिको तिब्बतको शिकारजोङलाई समेत जितेका थिए। साथै अमेल भएर रहेका पाटन र काठमाडौंका राजाहरूलाई पराजित गरे।[२]

यक्ष मल्लको शेषपछि नेपाल टुक्रिनुको साथै बाईसी र चौबीसीको राज्य खडा भयो। साथै जतातता जो जो बलियो भए त्यता त्यता उनै उनैले स्वतन्त्र राज्य खडा गर्ने उद्योग लिए। सेनहरूको प्रभुत्व राम्रो रूपले जम्न थाल्यो। पर्वतीय अञ्चलमा अधिपत्य जमिसकेको हुनाले मुकुन्द सेनले तराईको कोशी क्षेत्रतिर ध्यान दिए-पछि पूर्व पट्टिका मोरङसम्मका तराई प्रदेशमा मुकुन्द सेनले आफ्नो विजयपताका फैलाएका थिए। हेमिल्टनको किताब अनुसार मोरङका राजा विजय नारायण र उनका किराती सरदारहरूमा केही बैमनस्य थियो। यसै अवसरमा लोहाङ सेन पूर्वी तराई विजय गर्न भनी हिंडे। अधवारा नदी तर्नासाथ लोहाङ सेनको हातमा मगरातको एक सानो रियासत पऱ्यो। तत्पश्चात् मोहन ठाकुरलाई पराजित गरी उनले वर्तमान महोत्तरी जिल्लाको एक भाग दखल गरे। अनि क्रमशः कोशी क्षेत्रका सानातिना स्वतन्त्र रियासतहरू उपर दखल जमाउँदै उनी कोशीको किनारसम्म पुगे। कोशी पारी वर्तमान मोरङ उपर एकाएक आक्रमण गरिहाल्नु त्यति सजिलो थिएन। त्यस समय मोरङको राजधानी विजेपुर थियो र त्यहाँका राजा विजयनारायण तराईको एक निक्कै ठूलो भाग र साथै पहाडको केही भागमा पनि शासन गर्दथे। यसै अवसरमा विजयनारायणको मृत्यु भएको र साथै विजयनारायणका किराती सरदारहरू उनका विरोधी भएकाले मोरङको राज्य सुगमतासाथ लोहाङ सेनको हात पऱ्यो। पूर्व प्रतिज्ञा अनुसार लोहाङ सेनले मोरङको मन्त्री पद किरातीहरूलाई नै सुम्पे र यो क्रम पछिसम्म पनि कायम नै रह्यो। यसप्रकार मुकुन्द सेनको राज्यको एक सीमा लगभग आधुनिक नेपालको पूर्वी सरहदसम्म पुगेको देखिन्छ।[३] पछि मुकुन्द सेनले आफ्नो राज्य छोराहरूलाई भाग लगाई दिंदा लोहाङ सेनको भागमा उनले जितेका भागहरू नै पऱ्यो।

मकवानपुरका राजा लोहाङ सेनले विजयपुर दखल गरेर त्यहाँ राजधानी बनाए। यिनका नाति हरिहर सेनका अन्तिम समयमा यो राज्य दुई टुक्रा भएर विजयपुर विधाता इन्द्र सेनको र मकवानपुर शुभ सेनको राजधानी हुन गयो।[४] शुभ सेनका दुई छोरामा विजयपुर र मकवानपुरका ठकुराईको बण्डा हुँदा तौतर प्रगन्ना भित्र परेको कोशी नदीदेखि पश्चिम तलहट्टी र भावरमा परेको पर्सासम्मका जिल्ला मकवानपुरका ठकुराईमा, कोशीदेखि पूर्वपट्टि टिष्टासम्मको तलहट्टी विजयपुरका ठकुराईमा परेका थिए। पहाडपट्टि सिंधुलीका पौवा गढीदेखि पूर्वपट्टि पूर्व वाहिनी सुनकोशीको दाँया किनारापट्टिको महाभारतको उत्तर पाखो अरुण कोशीसम्म नै चौदण्डीको ठकुराईमा सम्मिलित थियो। दूध कोशीदेखि अरुण कोशीसम्मको खम्बूहरूको बस्ती भएको माझ किरात चौदण्डीको ठकुराईमा नै सम्मिलित थियो। सिंधुलीदेखि पूर्वपट्टि अचेलको उदयपुरसम्म मगर बस्ती रहेको र उदयपुरदेखि दक्षिणपट्टिको भावरमा नयाँ राजधानी चौदण्डी बनेको थियो। अरुण कोशीदेखि पूर्वपट्टि

---

१ बाबुराम आचार्य–नेपालमा भएको मुसलमानी आक्रमण– पूर्णिमाः अङ्क २७–पृष्ठ १६१

२ D. R. Regmi-- Mediaeval Nepal, Part I: 1965, Page 444

३ बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूप रेखा, २०२७,पृष्ठ २०१–२०२

४ बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी– भाग ३: पृष्ठ ३९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिङ्गलिला पहाडसम्म दश लिम्बुवान बस्ती र यी बस्तीदेखि दक्षिण पूर्वपट्टि माईखोलाको उपत्यकामा इलामका लिम्बूहरूको बस्ती रहेको थियो। मकवानपुरका राजा हेमकर्ण सेनले आरम्भमा नै कमला नदीदेखि कोशीसम्मको तलहट्टीमा र उत्तरपट्टि यस ठकुराईको भागमा परेका माझ किरातका बस्तीमा समेत प्रशासनको काम चलाउन आफ्ना भाइ जगत सेनलाई प्रतिनिधि गराएर पठाएका थिए।[१]

शुभ सेनका मन्त्रीहरूले पूर्णियाका नवाव इस्कन्दर खाँसित मिलेर शुभ सेनका विरूद्ध षडयन्त्र रचे। यद्यपि प्रारम्भमा सेनहरूको विजय भयो तर अन्ततोगत्वा शुभ सेन र उनका भतिजा इन्दु विधाता सेन कैद गरिए। नवाबले ती दुवैलाई दिल्ली सम्राट्कहाँ पठाइदिए र त्यहीं उनीहरू जातिच्यूत गरिए। मोरङको एक ठूलो तराई भागमा नवावको अधिकार जम्यो। शुभ सेनका नायब प्रबोधदास उनका दुई भाइ छोरा–महीपति सेन अथवा मान्धाता सेन र मानिक सेनलाई साथमा लिएर किरात–प्रदेशमा शरण लिन पुगे। पछि विद्याचन्द्र राईको सहायताले महीपति सेन कमला नदीदेखि पूर्वको शेष रहेको आफ्नो पैतृक राज्यका अधिकारी भए र उनका भाइ मानिक सेन कमला नदीको पश्चिमी फाँटको एक सानो भागको रजाइँ गरी बसे। महीपति सेनपछि उनका छोरा कामदत्त सेन मोरङ इलाकाका राजा भए। आफ्ना किरात मन्त्री विचित्र राईसित यिनको कलह भयो। फलस्वरूप विचित्र राईले यिनलाई भोटतिर धपाएर मानिक सेनका नाति जगत सेनलाई मोरङका राजा बनाए।[२] विजयपुरका ठकुराईमा सेन राजाहरूका पुस्तौनी दीवान वा चौतारा लिम्बू हुने नियम थियो। राजा महीपति सेनका समयमा पनि राजा र दीवानहरूका बीच कलह छँदै थियो। विस्तर सेनका छोरा राजा कामदत्त सेनले दीवानहरूका शक्ति दबाउन खोज्दा कहिले राजाले र कहिले दीवानले सिक्किम वा अंग्रेजी राज्यका पूर्णियातिर भाग्नु पर्दथ्यो।[३] विचित्र राईको मृत्यु भएपछि सेनहरूको पूर्वी राज्यखण्डको मन्त्री पद उनका छोरा बुद्धकर्ण राईको भयो।[४] अन्तिम दीवान बुद्धिकर्ण राय (राई ?) सँग कडा विरोध गरेर राजा कामदत्त सेनले बुद्धिकर्णका भाइ बधकर्ण रायलाई कटाई उनलाई भाग्न बाध्य गराए। यस तरहसँग राजा र दीवानका बीचमा चलेको कलहको मौका छोपेर सिक्किमका राजा नाग्याल फुन–चोले विजयपुरको ठकुराईको इलाम प्रदेश खोसेर आफ्ना ठकुराईमा मिलाएका थिए। बुद्धिकर्ण राय भागेर अंग्रेजी राज्यका पूर्णिया जिल्लामा पुगी उनले विजयपुरमा रहेका आफ्ना गठका सैनिकहरूद्वारा राजा कामदत्त सेनको इ. सं. १७६९ मा हत्या गराइदिए। कामदत्त सेनका उत्तराधिकारी बनेर यिनका काका रघुनाथ सेनले विजयपुरका गद्दीमा अधिकार गरे। तर बुद्धिकर्ण रायदेखि यी पनि डराउँथे र यिनले पूर्णियामा रहेका अंग्रेज हाकिम डुकारेलसँग बुद्धिकर्णका विरूद्ध सैनिक सहायता मागे। डुकारेलले पनि यो मोरङका तलहट्टीमा अधिकार गर्ने कम्पनीको निमित्त असल मौका देखेर रघुनाथ सेनलाई सैनिक सहायता दिनु आवश्यक छ भन्ने आफ्नो राय लेखी गभर्नरकहाँ पठाए। तर कम्पनीको स्वार्थमा सोझै धक्का नपरून्जेल यस प्रदेशका कुनै पनि पहाडी राजाहरूलाई कुनै किसिमको सैनिक सहायता नदिने नीति गभर्नरको विषय समितिले लिएको हुनाले डुकारेलको तर्कले कुनै प्रभाव पार्न सकेन। उनले कम्पनीका सीमानामा सुरक्षाको लागि आवश्यक स्थानमा सेना तैनाथ गर्ने मात्र आज्ञा दिए। यस कारण विजयपुरमा रघुनाथ सेनको पयर जम्न सकेन र तिनी भाग्दा बुद्धिकर्ण रायले बिना बिघ्न वाधासँग विजयपुरमा पुगी चौदण्डीका

१ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०१–६०२
२ बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०६
३ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०३
४ बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा कर्ण सेनलाई बोलाएर थिनलाई विजयपुरमा पनि नाममात्रका राजा थापी "राजभारा सामर्थ" भन्ने उपाधि लिई आफू विजयपुर ठकुराईका हर्ताकर्ता (ई. सं. १७७०) बने।[१]

वि. सं. १६१६ मा गोरखाको राजगद्दीमा द्रव्य शाह बसेपछि नेपालको इतिहासले अर्कै किसिमको मोड लिन थाल्यो। सिह्लानचोक र अजिरगढ थिनको पालामा दखल भयो। साथै लमजुङ र गोरखाको बीच बैमनस्य बढ्दै गएपछि गोरखालीहरूले लमजुङ्गेहरूलाई पिटपाट पारी चेपे पारि लखेटिदिए। द्रव्य शाहदेखि शुरू हुँदै आएको अभियानलाई पृथ्वीनारायण शाहले अगाडि बढाउँदै लगे।मकवानपुर तथा नेपाल खाल्डो दखल गरेपछि पूर्वका दुई सेन राज्य (चौदण्डी र विजयपुर) तिर पृथ्वीनारायण शाहको आँखा लागेको थियो।[२] काठमाडौं उपत्यकाका मल्ल राजाहरूका समयमा नै चौबीसी ठकुराईबाट गोरखा, तनहूं र मकवानपुरपट्टिबाट खश, ब्राह्मण र क्षेत्रीका साथै मगर र गुरुङहरूका टोली समेत वल्लो किरात, माझ किरात र पल्लो किरातका लिम्बुवानमा समेत पुगेर आवाद हुँदै आएका थिए। थिनीहरू खम्बू वा लिम्बू चौताराहरूका प्रशासनमा नरही ठकुरी राजा सेनहरूका प्रशासनमा रहन चाहन्थे। तर माझ किरातपट्टि राजाका प्रशासन हुन दिन दीवानहरू चाहँदैनथे। त्यसबेला धनाढ्य बाहुनहरूमा खार्पाका हरिनन्द उपाध्याय (पोखऱ्याल) मुख्य थिए। क्षेत्री कर्मचारीहरूमा मुख्य भएका स्वरूपसिंह कार्कीले राजा कर्ण सेनका दीवान अजित रायका अधीनमा रही काम गर्नुपर्दा यी दुईको परस्परमा मनमुटाव भइरहेको थियो। यी दुवै जना नुवाकोटमा पृथ्वीनारायण शाहको आश्रय लिन (ई. सं. १७६९) पुगे। स्वरूपसिंह कार्की सरदारीमा भर्ना भएर सैनिक अफिसरमा नियुक्त भए। हरिनन्द उपाध्यायले "चौदण्डीका ठकुराईको माटो लिएर आएको छु, चढाउँछु यथासम्भव धनको समेत सहायता गर्दछु" भन्ने निवेदन गर्दा पृथ्वीनारायण शाह प्रसन्न भई थिनलाई थाहा नदिई माझ किरातमा रहेका खम्बूहरूको र बाहुन-क्षेत्रीहरूको परिस्थिति समेत बुझी बाहुन र क्षेत्रीहरूलाई आफूतर्फ मिलाउन आफ्ना दूत गराई गुप्तरीतिले बाँग्या बस्न्यात आदिलाई पृथ्वीनारायण शाहले पठाएका थिए। त्यहाँको सबै परिस्थिति बुझेर थिनीहरू फर्केर आएपछि पनि पश्चिमपट्टिको लडाइँ रोकिएपछि मात्र पृथ्वीनारायण शाहले अभिमान सिंह बस्न्यातलाई चौदण्डीमा र किरातका पहाड खण्डमा अधिकार गर्न सरदार रामकृष्ण कुँवर र सरदार अमर सिंह थापालाई पृथ्वीनारायण शाहले खटाए। सरदार रामकृष्ण कुँवर माझ किरात भित्र घुस्दा बाहुन र क्षेत्री जतिले विरोध केही नगरी स्वागत जनाए। यस तरहबाट माझ किरातका खम्बूहरू असहाय अवस्थामा रहन गए तापनि गोरखालीलाई हटाउने उद्योग गरे। गोरखालीको अगाडि खम्बूहरूको केही जोड चल्न सकेन र चिसंखु र रावाघाटसम्मका घुमहरूमा गोरखालीको अधिकार भयो। यसपछि हलेसीमा विश्राम गरेर गोरखालीले मझुवा, कुलुम (कुलुङ) र दिगला (दिङला) मा समेत क्रमैसँग आक्रमण गरी ती घुमहरूमा पनि अधिकार गरे। माझ किरातमा पूरा अधिकार भएपछि चौदण्डीको र विजयपुरको राजधानी समेत दखल गर्नलाई पृथ्वीनारायण शाहले गभर्नर जनरल वारेन हेष्टिङ्गस्लाई एकातिर पत्र लेखी अर्कोतिर अभिमान सिंह बस्न्यात र सरदार पारथ भण्डारीलाई दुई कम्पनी सैनिकका साथ तलहट्टीतिरबाट चौदण्डीमा आक्रमण गर्न पठाए। राजा कर्ण सेन पहिले नै भागेर विजयपुरमा पुगेका हुनाले चौदण्डीका रक्षामा लागिरहेको राजा र दीवानका सैनिकहरूले हार मानेर राजधानी छोडिदिए। यस तरहसँग एक वर्ष भित्रैमा चौदण्डीको ठकुराईको उन्मूलन भएर यो नेपाल अधिराज्यमा सम्मिलित भयो। पछि कोशी

---

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०३–६०५

२. नयराज र तोवराज—नेपालको संक्षिप्त इतिहास, २००४, पृष्ठ ६६ र ८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार गरेर गोरखालीले विजयपुरमा एक्कासी हमला गर्दा उक्त हमलाको मारबाट तर्सेर बुद्धिकर्ण राय भागेपछि राजधानीमा गोरखालीको अधिकार भयो । अनि अभिमान सिंह बस्न्यातले विजयपुरदेखि माथि महाभारतका डाँडामा परेका साँगुरी गढीमा गोरखाली सैनिक दल पठाई त्यस गढीमा अधिकार गरेर त्यसतिरबाट पहाडपट्टि घुस्ने बाटो खोले ।[१] चौदण्डी र विजयपुर दुवै राज्य पृथ्वीनारायण शाहले दखल गरेपछि ती राज्यका किरात र लिम्बुवान प्रदेशका शासकहरूले पृथ्वीनारायण शाहप्रति आफ्नो सम्मान देखाई राजभक्ति प्रदर्शन गरे । अब नेपाल राज्यको सीमाना सिक्किम (सुखिम) राज्यसँग जोडिन पुग्यो । विजयपुरको टिष्टासम्म फैलिएको राज्यमा राजा मन्त्रीको कलहको अवसर छोपी सिक्किमले टिष्टादेखि कनकाईसम्मको प्रदेश आफ्नो अधीन गराएको थियो । पृथ्वीनारायण शाहको भनाइ मैले विजयपुर जितेपछि विजयपुरको राज्य जम्मै मेरो हुनु पर्छ भन्ने थियो । सिक्किम आफूले अँठ्याएको जग्गा छोड्न अनकनाउँथ्यो ।[२]

इलाम दखल गरेपछि सिक्किम (सुखिम) का राजाले पल्लो किरातपट्टि पनि आक्रमण चालू राखेर लिम्बूहरूलाई हैरान गराएका थिए । यसकारण सिक्किमका आक्रमणबाट बच्नलाई विजयपुरमा गोरखालीको अधिकार हुने बित्तिकै दश लिम्बूवानका लिम्बुहरूले सरदार रामकृष्ण कुँवरलाई निम्त्याएर अरुणपारका चैनपुर नामक मुख्य बस्तीमा बोलाए । विजयपुरमा रहेका गोरखाली सैनिकले पनि अभिमान सिंह बस्न्यातका नेतृत्वमा पल्लो किरातमा पुगी उत्तरपट्टि तिब्बतको सीमानासम्म र पूर्वपट्टि तमोर नदीसम्म अधिकार गरे । यस प्रकार सम्पूर्ण लिम्बुवान गोरखालीको अधिकार भएपछि सिक्किमका राजाको मनमा चिसो पस्यो । लिम्बुवान पछि सिक्किमको पालो आएको देखेर गोरखालीलाई सुलहको कुरा चलाउनको निमित्त त्यहाँका राजाले आफ्ना दीवानका छोरालाई पठाएर उनले अभिमान सिंह बस्न्यातसँग सुलहको कुरा गर्दा अभिमान सिंह बस्न्यातले यो कुरा मञ्जूर गरो सिक्किमका राजाले विजयपुरका राजाबाट लिएको इलाम र टिष्टासम्मको तलहट्टी फिर्ता गरेमा सिक्किमलाई सुरक्षित राखिने छ भन्ने पृथ्वीनारायण शाहको सन्देशसाथ सुब्बा गङ्गानन्द आचार्य र विश्वामित्र उपाध्यायलाई आफ्ना प्रतिनिधि गराई सिक्किम पठाए । सिक्किमका राजाले गोरखालीको शर्त मञ्जूर गरी सन्धि पत्रमा छाप लगाइदिए र अभिमान सिंह बस्न्यातले अंग्रेजका अधिकार क्षेत्रदेखि बाहिर परेका टिष्टासम्मको विस्तृत भू-भागमा अधिकार गरेर भूटानसँग नेपालको सीमाना जोडिसकेका थिए ।[३] पूर्व-पश्चिम दुवैतिर राज्य फलाउने उद्योगमा पृथ्वीनारायण शाह लागेकै थिए । १८३१ सालको हिउँदमा नुवाकोट गएको बेलामा त्रिशूली गण्डकीका किनारमा ५२ वर्षको उमेरमा पृथ्वीनारायण शाहको देहान्त भयो । पृथ्वीनारायण शाहको मृत्यु भएपछि जेठा छोरा प्रतापसिंह शाह राजगद्दीमा बसे । पृथ्वीनारायण शाहकै पालामा सिक्किमसँग लडाइँ हुन ठीक परिसकेको थियो । परन्तु प्रताप सिंह शाह आफू राजा भएपछि सो लडाईंलाई सकभर रोक्ने चेष्टा गरेका थिए । आफ्ना विश्वासी काजी देवान स्वरूपसिंह कार्कीलाई पूर्वका किरात प्रदेशमा बन्दोबस्त मिलाउने कामपट्टि नै लगाए । प्रतापसिंह शाहको शेषपछि सिक्किमका सेनापति सत्राजित र उनका साथी देपाव कार्पोहरूसँग नेपाली-हरूको धेरै वर्षसम्म बराबर सानो तिनो लडाइँ परिरहेकै थियो ।[४] दलाईलामाहरूले सिक्किमलाई उचाली

१ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०५–६१२
२ नयराज र तोत्रराजको माथि उल्लिखित किताब, पृष्ठ ८६
३ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६१२–६१३
४ नयराज र तोत्रराजको माथि उल्लिखित किताब, पृष्ठ ८७–९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको पल्लो किरातमा दखल गराउने र डिगर्चाबाट फर्केको नेपाली फौजलाई बीचैमा सिध्याउने विचार गरे। भोटको बल पाई सिक्किमका सेनापति युक्सथुकले पल्लो किरातमा ठूलो फौज ल्याई आक्रमण गरे। चैनपुरका सुब्बा पूर्णानन्द र विजयपुरका सरदार बदलसिंह बस्नेतको संयुक्त सेनासँग सिक्किमका सेनाको लडाइँ पऱ्यो। युक्सथुकले सिद्धपोखरीमा आफ्नो किल्ला जमाए। काठमाडौंबाट बहादुर शाहले काजी देवदत्त थापाका मातहतमा सैन्य पठाए। सो सैन्यको र युक्सथुकका मातहतको सिक्किमका सेनाको सिद्धपोखरीमा ठूलो लडाइँ पऱ्यो। नेपालीको जित भयो। नेपाली सेनाले दपेट्दै टिष्टासम्म दखल गऱ्यो। सिक्किमले नेपालको आधिपत्य स्वीकार गऱ्यो।[1]

इष्ट इण्डिया कम्पनीका अधिकारीहरू प्रारम्भदेखि नै नेपालको इलाकाहरूको बाटो भोटमा आफ्नो व्यापार बढाउन खोज्दै थिए। सतलजदेखि टिष्टासम्म नेपालीहरूकै अधिकार भएकोले भारतबाट भोट पस्ने सम्पूर्ण मार्गहरू उनीहरूकै कब्जामा थियो। यसैकारण अंग्रेजहरू नेपालसित अघिदेखि नै व्यावसायिक सन्धि गर्ने कुरामा बल गर्दै आइरहेका थिए। किन्तु नेपालीहरूको अंग्रेज विरोधी नीतिले गर्दा स्वीकृत भइसकेका सन्धिहरू पनि दुई पटक बेकम्मासिद्ध भइसकेका थिए। यस अवस्थामा नेपाललाई सैनिक शक्तिले मिची आफ्नो मन-कामना पूर्ण गर्नु नै अंग्रेजहरूले श्रेयकर ठाने।[2] यूरोप जस्तो ठण्डा मुलुकका बासिन्दा अंग्रेजहरूलाई भारतको गर्मी खप्न गाह्रो पर्दथ्यो। यसकारण हिमालको काख नेपाललाई हात लाउने यिनीहरूको भित्री मनसाय थियो। वि. सं. १८६२ सम्म भारतमा मराठाहरूकै ठूलो शक्ति हुनाले नेपालसँग विरोध गर्न अंग्रेजहरू हच्केका थिए। त्यही साल मराठाहरूलाई हराई भारतका मैदानमा आफ्नो प्राधान्य गराएपछि अंग्रेजहरूले नेपालतिर कुदृष्टि दिन लागे। जसरी भएपनि नेपाल हात लाउने विचारमा कम्मर कसी बसेका लार्ड हेष्टिङ्ले अवधका नवाब गाजिउद्दीनबाट दुई करोड जति रूपैयाँ सापट लिए। पूर्व मोरङदेखि लिएर पश्चिम हण्डुरसम्म जम्मै नेपाल राज्यमा दखल गर्न पाँच बाटोबाट फौज पठाउने निश्चय गरी वि. सं. १८७१ कात्तिक १८ गतेका दिन लडाइँको घोषणा हेष्टिङ्ले लखनौबाट गरे। दार्जीलिङ्गको बाटो पूर्व दखल गर्न र सिक्किमलाई भड्काउने फौज लिएर मेजर पिटर आएका थिए। पूर्वतिर आएका मेजर पिटरलाई रोक्न काजी भक्तवीर थापाका आज्ञाले काजी बहादुर भण्डारीले नेपाली फौजका साथ आक्रमण गरे। उता मोरङको दक्षिण भागमा बसी मेजर पिटरले सिक्किमलाई नेपालको विरुद्ध उचाल्न लागे।[3] युद्ध प्रारम्भ भएको वर्ष अधिकांश मोर्चामा अंग्रेजहरूले केवल विफलता र लज्जापूर्ण पराजयकै सामना गर्नु पऱ्यो। मोरङको मोर्चामा अंग्रेजहरूको विशेष क्षति भएन। सिक्किमका राजालाई अंग्रेजहरूले आफ्नो पक्षमा पार्न समर्थ भइसकेका थिए। नेपाली-युद्ध प्रारम्भिक भागमा भएका हारहरूले कम्पनीको साह्रै बदनामी भइरहेको थियो। १८१५ ई. सं. (वि. सं. १८७२) मा पूरा तागत र सामग्री एकत्रित गरी अंग्रेजहरू नेपालसित अन्तिम फैसला गर्न अगाडि बढे र यस प्रकार युद्धको दोस्रो परिच्छेद प्रारम्भ भयो। युद्धको दोस्रो वर्षको प्रारम्भमा नेपालको मध्य र पूर्वाञ्चलका मोर्चाहरूमा केवल साधारण संघर्ष मात्र भए, तर पश्चिममा भने निर्णयात्मक घटनाहरू घटे।[4]

---

१ नयराज र तोत्रराजको माथि उल्लिखित किताब, पृष्ठ १२५

२ बालचन्द्र शर्माको माथि उल्लिखित किताब पृष्ठ २५४–२५५

३ नयराज र तोत्रराजको माथि उल्लिखित किताब, पृष्ठ १५५, १५६, १६१, १७१ र १७२

४ बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २६६–२६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल सरकारले अब युद्ध जित्ने आशा मारिसकेको थियो । अतः कम्पनीका अधिकारीहरूसित सन्धिका कुरा चलाउन राजगुरु गजराज मिश्र मे १८१५ ई. मा लालमोहर सहितको आवश्यक अधिकारपत्रको साथ पठाइए । उनले सुगौलीमा २८ नोभेम्बर १८१५ ई. को दिन सन्धि-पत्र उपर हस्ताक्षर गरिदिए [१]। सन्धि पश्चात् नेपाल अधिराज्यको पूर्वी सीमाना मेची नदी भयो ।

जनसंख्या

नेपालका चार विकास क्षेत्रहरूमध्ये यो पूर्वाञ्चल विकास क्षेत्र मध्यमाञ्चल विकास क्षेत्रपछि दोस्रो सबभन्दा बढी जनसंख्या भएको क्षेत्र हो ।

विकास क्षेत्रहरूको जनसंख्या र क्षेत्रफलको तालिका

क्षेत्र	जनसंख्या	प्रतिशत	क्षेत्रफल (हेक्टर)	प्रतिशत	जन घनत्व
नेपाल	१,१५,५५,९८३	१००	१,४५,३०,५००	१००	०.७९
पूर्वाञ्चल विकास क्षेत्र	२७,९७,५००	२४.२	२८,२०,२००	१९.४	०.९९

यहाँ नेपालको १९.४ प्रतिशत भू-भागमा २४.२ प्रतिशत जनसंख्याको बसोबास छ । यस क्षेत्रमा पुरुषको संख्या १४,१४,४६३ र महिलाको संख्या १३,८३,०३७ भएर जम्मा २७,९७,५०० जनसंख्या २८,२०, २०० हेक्टरको क्षेत्रफलमा बसोबास गरेका छन् । यसप्रकार यहाँ प्रति हेक्टरमा ०.९९ जन घनत्व अर्थात् एक वर्ग किलोमिटरमा ९९ व्यक्ति भएको देखिन्छ । यसप्रकार प्रतिव्यक्तिको निमित्त एक हेक्टरभन्दा केही बढी भू-भाग उपलब्ध छ । तर आवाद गरिएको जमीन भने ४.७ व्यक्तिको भागमा एक हेक्टर पर्न आउँछ ।

यस विकास क्षेत्रमा तीन हिमाली जिल्ला, आठ पहाडी जिल्ला र पाँच तराई जिल्लाहरू छन् । भौगोलिक विभिन्नताले गर्दा उपर्युक्त जनघनत्वको तथ्याङ्क हिमाली, पहाडी र तराई जिल्लाहरूमाभन्दा भिन्दै भए तापनि क्रमिक रूपमा देखा पर्दछ । जिल्लाको कुल क्षेत्रफलको आधारमा प्रति हेक्टर भू-भागमा औसत जनघनत्व हिमाली जिल्लामा ०.३, पहाडी जिल्लामा १ र तराई जिल्लामा १.९ देखिन आउँछ । अर्को शब्दमा भन्ने हो भने हिमाली जिल्लामा एक व्यक्तिलाई औसत ३.५ हेक्टर, पहाडी जिल्लामा १ हेक्टर र तराई जिल्लामा ०.५ हेक्टर भू-भाग पर्न आउँछ । यस प्रकार पहाड तर्फबाटभन्दा तराईतर्फ बढी जनधनन्व देखिए तापनि आवादी जमीन प्रतिको जनघनत्व भने तराईमाभन्दा पहाड र हिमालतर्फ क्रमैले बढ्दै जाने देखिन्छ । तराई जिल्लामा एक व्यक्तिलाई औसत ०.२८ हेक्टर आवादी जमीन पर्न आउँछ भने पहाडी र हिमाली जिल्लामा ०.१७ हेक्टर मात्र पर्न आउने देखिन्छ । यस विकास क्षेत्रका तीन हिमाली जिल्लामा १०.९ प्रतिशत, आठ पहाडी जिल्लामा ३९.५ प्रतिशत र पाँच तराई जिल्लामा ४९.६ प्रतिशत जनसंख्या रहेको छ ।

१ बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २७२–२७४, २७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार हिमाली र पहाडी जिल्लाहरूमा बाहिरी रूपमा कम जनसंख्या देखिए तापनि वास्तविक रूपमा भने जनसंख्याको चाप बढी देखिन्छ । तर पहाडी भाग र भित्री मधेश भाग समेत समावेश भएको उदयपुर जिल्लामा क्षेत्रफल पनि धेरै र आवादी जमीन पनि धेरै तर जनसंख्या भने कम भएको हुनाले दुवै दृष्टिमा जनघनत्व कम रहेको छ । त्यहाँ एक व्यक्तिलाई २ हेक्टर भू-भाग पर्न आउँछ र त्यस्तै आवादी जमीन पनि एक व्यक्तिलाई झण्डै एक हेक्टर पर्न आउँछ ।

यो विकास क्षेत्र भित्र पर्ने तीन अञ्चलका १६ जिल्लाहरू जम्मा ९२० पञ्चायतमा विभाजित छन् । ती मध्ये १३० हिमाली जिल्लामा, ३९२ पहाडी जिल्लामा र ३९८ तराई जिल्लामा पर्दछन् । ती मध्ये पहाडको एक पञ्चायत (इलाम) र तराईका ४ पञ्चायत (भद्रपुर, विराटनगर, धरान र राजविराज) नगर पञ्चायत हुन् । यी पाँच नगर पञ्चायतमा जम्मा ८८,२३३ (३.१ प्रतिशत) जनसंख्या छन् । सबभन्दा बढी जनसंख्या (४५,१००) भएको पञ्चायत विराटनगर हो र दोस्रो धेरै जनसंख्या (२०,५०३) भएको नगर पञ्चायत धरान हो । ५०० भन्दा कम जनसंख्या भएका दुई पञ्चायत छन् । ती मध्ये एउटा संखुवासभा जिल्लामा किमाथाङका गाउँ पञ्चायत (१५६) र अर्को ताप्लेजुङ्ग जिल्लामा ओलाङचुङ गोला (४५९) गाउँ पञ्चायत हुन् । यस विकास क्षेत्रका अधिकांश (४१७ वटा) पञ्चायतमा २,००० देखि ३,००० सम्म जनसंख्या भएको देखिन्छ । यस क्षेत्रमा तीन लाखभन्दा बढी जनसंख्या भएको जिल्ला सप्तरी र मोरङ मात्र हुन् । दुई लाखभन्दा बढी र तीन लाखभन्दा कम जनसंख्या भएको जिल्ला झापा र सुन्सरी हुन् तर एक लाखभन्दा बढी र दुई लाखभन्दा कम जनसंख्या भएका १० जिल्लाहरू पहाडी क्षेत्रमा पर्दछन् र एक लाखभन्दा कम अर्थात ८४,७१५ जनसंख्या भएको एक मात्र जिल्ला ताप्लेजुङ्ग हो । सबभन्दा बढी पञ्चायत संख्या (१२४) भएको जिल्ला सिराहा भए तापनि सबभन्दा बढी जनसंख्या (३,१२,५६५) भएको जिल्ला सप्तरी हो ।

पुरुष र महिलाको संख्यालाई तुलना गर्दा यस विकास क्षेत्रमा हिमाली र पहाडी जिल्लाहरूमा सामान्यतः पुरुषभन्दा महिलाको संख्या धेरै देखिन्छ तर तराई जिल्लामा भने पुरुषको संख्या धेरै देखिन्छ । यस तथ्याङ्कले पहाडबाट तराईतर्फ बसाइँ सर्ने क्रममा पुरुषहरू धेरै छन् भन्ने कुरा दर्शाउँछ ।

धर्मको आधारमा जनसंख्याको विश्लेषण गर्दा ७३.७ प्रतिशत हिन्दू धर्मावलम्वी भए तापनि दोस्रो बहुसंख्यक धर्मावलम्वीहरूमा हिमाली तथा पहाडी जिल्लाहरूमा बौद्धमार्गीहरू देखापर्दछन् भने तराईतर्फ इस्लाम धर्मावलम्वीहरू दोस्रो क्रममा देखा पर्दछन् ।

मातृ भाषाको तथ्याङ्क हेर्दा नेपाली भाषा व्यापक रूपमा प्रचलन भई आएको भए तापनि उत्तरी सीमावर्ती जिल्लामा शेर्पा भाषा बोलनेको संख्या प्रशस्त देखिन्छ भने तराई जिल्लामा मैथिली भाषा बोल्नेहरू धेरै छन् ।

अधिराज्यको विगत दुईवटा राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्याङ्कलाई तुलना गर्दा पूर्वाञ्चल विकास क्षेत्रमा २०१८ सालको तथ्याङ्कमा २२,७३,४९६ जनसंख्या थियो र २०२८ सालको तथ्याङ्कमा यहाँको जनसंख्या २७,९७,५०२ पुगेको देखिन्छ । तदनुरूप १० वर्षभित्र यस विकास क्षेत्रमा ५,२४,००६ जनसंख्या वृद्धि भएको सम्वत् २०१८ सालको तथ्याङ्कलाई आधार मान्दा विगत १० वर्षमा यहाँ २३ प्रतिशत जनसंख्या वृद्धि भएको भए तापनि तराई प्रदेशको पहाडी एवं हिमाली प्रदेशसँग तुलना गर्दा पहाडी र हिमाली प्रदेशमा साविक १३,१७,७५० जनसंख्याबाट हाल १४,०९,९३९ जनसंख्या पुगेको छ । यस प्रकार त्यहाँ सात प्रतिशत मात्र वृद्धि भएकोछ । तराई प्रदेशमा साविक ९,५५,७४६ बाट १३,८७,५६३ जनसंख्या पुगेकोछ र त्यहाँ ४५ प्रतिशत जनवृद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको देखिन्छ। यस प्रकार पहाडी र हिमाली प्रदेशको तुलनामा तराईतिर जनसंख्याको चाप निक्कै बढ्दो छ। यसरी वृद्धि हुनाको कारणहरूमा पहाडतर्फबाट तराईतिर बसाइँ सरेका जनसंख्याको ठूलो भूमिका छ।

यस विकास क्षेत्रको जनसंख्यालाई ० देखि ६४ वर्षसम्मको उमेरकालाई पाँच पाँच वर्षको फरकमा १३ समूहमा विभाजन गरेर त्यसपछि ६५ वर्ष र त्यसभन्दा माथिको उमेरलाई अर्को समूहमा राखी जम्मा १४ समूह बनाउन सकिन्छ। यस्तो विभिन्न उमेर समूहका जनसंख्याको आपसी तुलनात्मक रूपरेखालाई ग्राफको रूपमा प्रस्तुत गरेमा एक त्रिभूजाकारको पिरामिड बन्न जाने हुन्छ। यसमा कम उमेरका जनसंख्या धेरै र बढी उमेरका जनसंख्या क्रमैले घट्दै जाने भई जनसंख्याको आकृति मोटामोटी रूपमा मन्दिरको छानाको तल्लाहरू झैं एक पछिअर्को तल्ला सानो हुँदै जाने देखिन्छ। यसबाट यो संकेत हुन्छ कि यस विकास क्षेत्रको जनसंख्यामा एकातिर जन्मदर बढी भै सानो उमेरको जनसंख्या बढी हुन गएको देखिन्छ भने अर्कोतिर यसले बढ्दो उमेरको साथै मृत्युदर पनि बढ्दै गएको देखिन्छ। सारांशमा भन्ने हो भने अन्य विकसित क्षेत्रको जनसंख्या झैं यस विकास क्षेत्रको जनसंख्याको वास्तविकता पनि बढी जन्मदर र बढी मृत्युदर नै हुन्। यस प्रकार एकातिर दुःखदायी मृत्युहरू कम गर्नको निमित्त स्वास्थ्य सेवाको बढी आवश्यकता छ भने अर्कोतिर जन्म नियन्त्रण र परिवार नियोजनमा बढी जोड दिनु पर्ने कुरा पनि देखिन आउँछ।

जन–जीवन

भौगोलिक विभाजन अनुसार नै यस विकास क्षेत्रका विभिन्न जनजातिलाई पनि तीन समूहमा विभाजन गर्न सकिन्छ।

हिमाली

सोलुखुम्बू, संखुवासभा र ताप्लेजुङ्ग जिल्लाका उत्तरी भेकमा तिब्बती-बर्मन साँस्कृतिक समूहका मानिसहरू परम्परागत रूपमा बसिआएका छन्। सोलुखुम्बूका भोटेहरू शेर्पा हुन्। संखुवासभाका भोटेहरू आफूलाई सिङसवा भन्दछन् र ताप्लेजुङ्गका भोटेहरू आफूलाई वालुं भन्दछन्। यी हिमाली वासिन्दाहरूले बसोबास गरेका गाउँ घरहरू ३,००० मिटर (९,९०० फीट) देखि ४,००० मिटर (१३,२०० फीट) सम्ममा अवस्थित छन् र यो उचाई विश्वमा मानवको बसोबास भएको सर्वोच्च स्थान भन्न सकिन्छ।

शेर्पाहरू विशेषतः सोलुखुम्बूको उत्तरी भागमा केन्द्रित भए तापनि यिनीहरू पूर्वी नेपालको अन्य हिमाली क्षेत्रमा पनि पाइन्छन्। यिनीहरूको परम्परागत व्यवसाय पशुपालन र व्यापार हो। हाल यिनीहरूले पर्वतारोहण कार्यमा देखाएको सीप, साहस र सफलताको फलस्वरूप कुनै पनि पर्वतारोहण वा अन्य भ्रमण कार्यमा शेर्पाहरूको भूमिका प्रायः अपरिहार्य भइसकेको छ। यसप्रकार पर्यटन उद्योगले यिनीहरूको अर्थ व्यवस्थामा ठूलो टेवा दिइआएको छ। नेपालका अन्य भागमाभन्दा सोलुखुम्बू जिल्लामा धेरै शेर्पा भएकाले शेर्पा विषयको विस्तृत वर्णन सोलुखुम्बू जिल्ला परिचयमा उल्लेख छ। संखुवासभा र ताप्लेजुङ्गका हिमाली निवासीहरू विशेष गरेर थुदाम, किमाथाङ्का, चेपुवा च्याम्टाङ्ग, तोप्के गोला, ओलाङचुङ गोला, धुन्सा आदि इलाकामा बस्दछन्। यिनीहरू चौंरी र भेडा पाल्ने काममा व्यस्त रहनाकासाथै केही व्यापारमा पनि लाग्ने गर्दछन्। केही वर्ष यता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिब्बतसँगको व्यापारमा केही नियन्त्रण आएको हुनाले यी उत्तराखण्डका बासिन्दाहरू धनकुटा जिल्लाको हिले र अन्य पायक पर्ने ठाउँमा नयाँ बस्तीहरू स्थापना गर्न थालेका छन्।

भोटे जातिको रहन सहन भेषभूषा तिब्बतीहरूसँग धेरै मेल खान्छ र शेर्पा तथा वालुङ्गे भोटेहरू तिब्बती बौद्ध धर्मको "ह्निङ्गमापा" शाखाका हुन् भन्ने विश्वास गरिन्छ। यिनीहरूको धर्म कर्म पाठ पूजा आदिमा लामा पुरोहित हुन्छ र यिनीहरूमा बलि दिने चलन छैन। संखुवासभाका सिङ्सवा भोटेहरू "वोम्पो" धर्म मान्ने गर्दछन्। नेपालमा यो धर्म मान्ने अर्को समूह केवल डोल्पा जिल्लामा मात्र छन्। यिनीहरू प्रकृति पूजक हुन्छन् र यिनीहरूमा नदीनाला, डाँडा-काँडालाई बाख्रा, सुंगुर, कुखुरा आदि भोग दिने चलन छ।

पहाडी

यस क्षेत्रको पहाडी भागमा किराती मानिसहरूको बाहुल्यता छ। मोटामोटी हिसाबमा अरुण नदीको पूर्वी भागमा लिम्बूहरू बहुसंख्यक रूपमा छन् र त्यस क्षेत्रलाई पल्लो किरात वा लिम्बुवान भनिन्छ। अरुण नदीको पश्चिम भागमा दूधकोशीसम्मको इलाकालाई माझ किरात भनिन्छ र यो इलाकामा राईहरू बहुसंख्यक रूपमा छन्। तेह्रथुम तथा संखुवासभा जिल्लामा किरातको अर्को जाति याखाहरू विशेष रूपमा केन्द्रित छन्। राई, लिम्बू तथा याखाहरूको भिन्दा भिन्दै भाषा भए तापनि यिनीहरूको धर्म-कर्म आदि एकै प्रकारको हुन्छ। यिनीहरूको आपसमा बिहा-बारी चल्छ। याखा जातिविशेष केही विस्तृत विवरण संखुवासभा जिल्लामा उल्लेख गरिएको छ। किरातीहरूको पुरोहितलाई "फेदाङमा" भनिन्छ र तिनीहरू "मुन्धुम" धर्म शास्त्रलाई मान्दछन्। यो धर्ममा छुवाछुत हुँदैन र यो प्रकृति पूजक धर्म हो। किरातीहरूमध्ये राई जातिविशेषको विस्तृत वर्णन खोटाङ जिल्लामा, लिम्बूजातिको पाँचथर जिल्लामा, अठप्रेजातिको धनकुटा जिल्लामा र याखा जातिको संखुवासभा जिल्लामा उल्लेख छ।

अन्य पहाडी जातिमा बाहुन, क्षेत्री, मगर, गुरुङ, तामाङ,नेवार, सुनुवार, माझी, दमाई, कामी, सार्की, आदि उल्लेख गर्न सकिन्छ। पहाडको बेंसी तथा कम उचाइमा अवस्थित भागहरूमा विशेषगरेर बाहुन क्षेत्रीको आधिक्य रहेको देखिन्छ। यिनीहरूको मुख्य व्यवसाय खेती हो। गुरूङहरू यस पूर्वाञ्चल क्षेत्रमा धेरै ठूलो संख्यामा नभए तापनि ओखलढुङ्गा तथा संखुवासभाका केही भागमा यिनीहरू भेडा पाल्ने र राडी-पाखी बुन्ने काममा लागेका छन्। सदरमुकाम तथा व्यापारिक महत्वका ठाउँहरूमा नेवारहरू केन्द्रित भएका पाइन्छन्। यिनीहरू व्यापारको अतिरिक्त पित्तल र काँसका भाँडाकुँडा बनाउने आदि काममा निपुण हुन्छन्। पूर्वी पहाडको रैथानी जाति लेप्चा पनि हो। हाल यिनीहरू इलाम जिल्लामा केही संख्यामा पाइन्छन्। यिनको विशेष उल्लेख इलाम जिल्ला परिचयमा गरिएको छ।

तराई

यस प्रदेशका आदिबासीहरूमा थारू, वातर, राजवंशी, गन्गाई, धिमाल, सतार आदिलाई मुख्य रूपमा लिन सकिन्छ। औलो उन्मूलन भएपछि तराईमा बसोबास गर्न पहाडी भेकका मानिसहरू पनि जान थालेका छन्। त्यसको अतिरिक्त मधेशका बासिन्दाहरू जस्तै यादव, मैथिली ब्राह्मण, राजपूत, कायस्थ, वनिया,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेली, कलवार, दनुवार, मुसलमान, डोम, चमार, धोबी, मुसहर, झागर, धानुक, मलाहा, हजाम आदि पनि तराई क्षेत्रका रैथानी बासिन्दा मान्न सकिन्छ।

थारू, दनुवार, हायु आदि चुरेको घाँच र भावर क्षेत्रमा बसोबास गर्ने मुख्य जाति हुन्। यिनीहरू प्रायः सबैजसो तराई जिल्लामा पाइन्छन्। राजवंशीहरू विशेषगरेर झापा र मोरङ जिल्लामा बस्दछन्। त्यस्तै धिमाल पनि मोरङ र झापा जिल्लामा लोहन्द्रा खोलाको पूर्व, मेची खोलाको पश्चिम, बविया बितौलेती गोविन्दपुर उत्तर र माललाख सीमाना दक्षिणमा केन्द्रित छन्। सतारहरू कोशी पूर्वमा मात्र पाइन्छन्। कोशी पश्चिममा पर्ने सप्तरी र सिराहा जिल्लामा यादव, मैथिली ब्राह्मण, राजपूत आदि धेरै संख्यामा बसोबास गरेका पाइन्छन्। अन्य जातिमा मुसलमान, मारवाडी आदि सबैजसो जिल्लामा पाइन्छन्। पहाडी भेकका राई, लिम्बू, बाहुन, क्षेत्री आदि पनि यत्रतत्र बसाइँ सर्दै तराई क्षेत्रमा बस्न थालेका छन्। तराई क्षेत्रका केही विशेष उल्लेखनीय जातिहरूको सम्बन्धमा विस्तृत विवरण विभिन्न जिल्लाहरूमा दिइएको छ। तदनुरूप मोरङ जिल्लामा धिमाल जाति र झापा जिल्लामा राजवंशी, मेचे (बोडे), कोचे र सतार विषय विवेचना गरिएको छ।

यस प्रकार यस विकास क्षेत्रमा भौगोलिक विभिन्नता र जातीय अनेकता भए तापनि आपसी सामञ्जस्यता र एकता एकै सूत्रमा आबद्ध भएर रहेका छन्।

आर्थिक व्यवस्था

नेपाल एक कृषि–प्रधान देश हो र यसको पूर्वाञ्चल विकास क्षेत्रको आर्थिक व्यवस्थामा कृषिकै भूमिका सर्वोपरि रहेको भए तापनि उत्तरी भागका हिमाली जिल्लाहरू र दक्षिणी भागका समथर तराईका जिल्लाहरू तथा मध्य भागमा अवस्थित पहाडी जिल्लाहरूमा भौगोलिक एवं अन्य प्राकृतिक कारणबाट उत्पन्न भएको विभिन्नताले गर्दा खेतीपाती गरिने वालीनालीको किसिम, खेती गर्ने तरीका तथा उपलब्ध साधन आदिमा समेत ठूलो अन्तर रहन गएको हुनाले कृषि उत्पादनमा पनि ठूलो अन्तर रहेको छ। त्यसको अतिरिक्त बढी उब्जाउ क्षेत्रबाट कम उब्जाउ तथा अभाव–ग्रस्त क्षेत्रमा खाद्य पदार्थ आदि पुऱ्याई दिन पनि यातायातको कठिनाई रहेको र हिमाली तथा पहाडी जनतामा क्रयशक्ति पनि कम भएको हुनाले आर्थिक सन्तुलन कायम हुन सकेको छैन। पहाडी र हिमाली भेकको कृषि व्यवसाय जीवन निर्वाह स्तरमा मात्र अडेको छ, तसर्थ पहाडका मानिसहरूका अतिरिक्त आर्थिक स्रोतको निमित्त विदेशतर्फ समेत गई नोकरी गर्ने परम्परा कायम रहन गएको छ। यस्तै मानविक साधनद्वारा नै पहाडी जनताले केही नगद जम्मागरी जीवनयापनको निमित्त आवश्यक सामग्री जस्तै लत्ता–कपडा, नून, तेल इत्यादि खरीद गरी जीविका चलाउँदै आएका छन्। यस विकास क्षेत्रको पहाडी भेकमा बस्ने मानिसहरू विशेषगरेर भारतीय सेनामा भर्ना हुने, सिक्किम तथा भूटानमा चिया तथा अलैंची खेतीमा काम गर्ने, बाटो खन्ने आदि कार्यमा देश बाहिर जान्छन् भने भारतीय मानिसहरू तराई भेकमा खेती-पातीमा र साथै कल कारखानामा काम गर्न आउँदछन्।

व्यापारको क्षेत्रमा उत्तरी सीमावर्ती जिल्लाबासीहरूको नून र ऊनको परम्परागत व्यापारमा ठूलो ह्रास हुँदै आएको छ र व्यापारको सिलसिलामा दक्षिणी सीमावर्ती भागतर्फ नै केन्द्रित हुँदै गएको छ। उद्योगको दृष्टिमा यो विकास क्षेत्र मध्यमाञ्चल विकास क्षेत्रको लगत्तै पछि आउने भए तापनि यसको औद्योगिक कार्यकलाप तराई खण्डमा मात्रै सीमित रहेको छ। उपर्युक्त कारणहरूबाट सिर्जना भएको आर्थिक विषमताले गर्दा पहाड-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर्फको जनसंख्या निरन्तर रुपमा तराई तथा मधेश भागमा बसाइँ सर्ने गरेका छन्। औलो रोगको नियन्त्रण भएपछि पहाडका जनतामा पनि तराई र मधेशको उष्ण वातावरण खप्न सक्ने हुन गई तराईतिर नै स्थायी बसोबास गर्ने प्रवृत्ति दिन पर दिन बढ्दो छ। सम्वत् २०२९ को एक अध्ययन अनुसार कोशी अञ्चलमा पाँच वर्षमा ५,००० भन्दा बढी परिवार पहाडतर्फबाट तराईमा बसाइँ सरेको अनुमान गरिएको छ। फलस्वरुप तराईमा वनको अतिक्रमण भई अव्यवस्थित रुपमा मानिसहरूको बसोबास हुनु र बाढीको प्रकोप पनि बढ्दै जानु आदि समस्याहरू देखिन थालेका छन्। तसर्थ उपर्युक्त सबै क्षेत्रिय असन्तुलनलाई कम गर्दै लगेर आर्थिक पृष्ठभूमिमा तराई र पहाडलाई एक अर्काको पूरक बनाउने लक्ष्य राखी देशको आर्थिक योजना गरिन थालिएको छ।

पूर्वाञ्चल विकास क्षेत्रमा १० वर्ष पुगका र सोभन्दा माथिका उमेर समूहमा पर्ने तथा आर्थिक दृष्टिले सक्रिय मानिएका १०,९७,०६८ जनसंख्या मध्ये १०,३२,१४१ अर्थात् ९४ प्रतिशत कृषि व्यवसायमा लागेका छन्। उपर्युक्त तथ्याङ्कमा गृहिणी, विद्यार्थी, रोगी, अशक्त, कैदी, पेन्सनवाला आदि समावेश छैनन्। जनगणनाको अन्तर्राष्ट्रिय परम्परा यस्तो भए तापनि नेपाली गृहिणी नारीहरू विशेष गरेर ग्रामीण समुदायमा प्रायः सबै कृषि कार्यमा व्यस्त रहन्छन्। तसर्थ यस विकास क्षेत्रका ६,०४,८४६ गृहिणीहरूको संख्या समेत समावेश भएमा कृषि व्यवसायमा लाग्ने जनशक्तिको आँकडा अरू बढ्ने देखिन्छ।

यस विकास क्षेत्रमा जम्मा ५,९५,९०० हेक्टर जमीन अर्थात् कुल क्षेत्रफलको २१.१ प्रतिशत खेती-योग्य छ भन्ने अनुमान छ।

विभिन्न भौगोलिक क्षेत्रमा खेती-योग्य जमीन र जनसंख्याको तालिका

भौगोलिक क्षेत्र	जिल्लासंख्या	कुल क्षेत्रफल (हेक्टरमा)	खेती-योग्य जमीन (हेक्टरमा)	खेती-योग्य जमीनको प्रतिशत	प्रति हेक्टर खेतीयोग्य जमीनमा जन घनत्व
हिमाली	३	९,९२,९००	२४,३००	२.४	१२.५
पहाडी	८	११,०५,६००	१,९४,०००	१७.५	५.७
तराई	५	७,२१,७००	३,७७,६००	५२.३	३.७
जम्मा	१६	२८,२०,२००	५,९५,९००	२१.१	४.७

उपर्युक्त तालिकाबाट यो प्रष्ट हुन्छ कि तराई खण्डमा ५२.३ प्रतिशत जमीन खेती-योग्य छ भने पहाडमा १७.५ प्रतिशत र हिमाली खण्डमा २.४ प्रतिशत मात्र खेती-योग्य देखिन्छ। यस प्रकार तराईमा १० हेक्टर खेती-योग्य जमीन २७ व्यक्तिको निमित्त उपलब्ध छ भने पहाडमा ५७ व्यक्तिको निमित्त र हिमाली भेकमा १२५ व्यक्तिको निमित्त उपलब्ध हुन जाने देखिन्छ। तसर्थ कृषिको दृष्टिले पहाडी भाग र हिमाली भाग ज्यादै पिछडिनु पर्ने अवस्था रहेको छ। भित्री मधेश समेत भएको पहाडी जिल्ला उदयपुर भने कृषिमा विशेष सम्पन्न छ। यस जिल्लामा जनसंख्या कम र आवादी जमीन धेरै भएकोले १० हेक्टर खेती-योग्य जमीनको निमित्त केवल ११ व्यक्ति मात्र पर्ने आउने देखिन्छ।

यो विकास क्षेत्रको खाद्य स्थितिलाई हेर्दा २०३०।०३१ सालको अनुमान अनुसार ७१,४७८ मेट्रिक टन खाद्यान्न वचत हुने देखिन्छ। हिमाली र पहाडी भेकमा अन्नाभाव भए तापनि तराई र मधेशमा पर्ने जिल्ला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओखर, आरूको बोट लगाइएका छन् । सोलुसल्लेरी इलाकामा स्थानीय मानिसहरू स्याउलाई आयफल भन्दछन् । यो शब्द अंग्रेजी "एपल" को अपभ्रंश हुनु पर्दछ ।

ताप्लेजुङ्ग जिल्लाको लुङथुङमा मयलको बोटको जङ्गलै छ र स्थानीय घरहरूमा पनि प्रत्येक घरैंपिच्छे एक–दुई बोट मयल लगाइएको हुन्छ ।

पशुपालन

यस विकास क्षेत्रका सबैजसो गाउँ घरमा हावापानी र वातावरण अनुसार केही न केही पशु पालिएका हुन्छन् । पशुपालनबाट दूध र मासुको अतिरिक्त खेतबारीको निम्ति मल पनि प्राप्त हुन्छ ।

उत्तरी भेकमा लेकाली भाग धेरैं रहेको छ र लगभग २,५०० मिटर (८,२०० फीट) भन्दा उच्च क्षेत्रमा खुल्ला घाँसे मैदान र खर्कहरू चौरी र भेडा पालनको निम्ति उपयुक्त छन् । चौरी पालनमा स्थानीय परम्परागत रूपमा विकास गरिएका प्रजनन् प्रविधि अनुसार बढी दूध दिने जोमु, तोमो र झोमो तथा भारी बोक्ने र जोत्ने कार्यको निम्ति बलवान "जो" साँढेहरू उत्पादन गरिन्छ । यो प्रक्रिया निम्न प्रकारको छ ।

तिब्बत क्षेत्रमा पालिने शुद्ध जातिको भाले चौंरीलाई "याक" भनिन्छ र पोथीलाई "नाक" भनिन्छ । यी पशुहरू नेपालमा चीनबाट आयात गरिन्छ र नेपाली औले साँढे वा गाईसँग संमिश्रण गराएर विभिन्न खच्चड पशु पैदा गरिन्छन् ।

नाक (पोथी) र नेपाली औले साँढेबाट पैदा हुने सन्तानलाई चौंरी भन्ने चलन छ । तिनमा भालेलाई "जो" र पोथीलाई "जोमु" भनिन्छ । "जो" जोत्ने र भारी बोक्ने काममा प्रयोग हुन्छ । यसले लेकाली र औले दुवै हावापानी खप्न सक्ने हुनाका साथै निक्कै बलियो पनि हुन्छ । "जोमु" चाहिं दूधको निम्ति राम्रो हुन्छ । जोमुलाई फेरि याकसँग लगाएर पैदा हुने पोथी पशुलाई "तोमो" भनिन्छ र तोमोलाई पनि फेरि याकसँग लगाएमा पैदा हुने पोथीलाई "झोमो" भनिन्छ । यसरी पैदा भएका "झोमो" दूधको लागि निक्कै उत्तम हुन्छन् ।

नेपाली औले गाई र हिमाली याक (साँढे) को संमिश्रणबाट पैदा हुने चौरीमा पोथीलाई "उरागङ" भनिन्छ । यो पनि दूधको निम्ति राम्रै हुन्छ तर भाले चौंरी "उन्जो" र "उराङ" नपुंसक हुन्छन् ।

चौंरी, याक, नाक, आदि पशुहरू उत्तरी भेकका जनताको ग्रामीण जीवनसँग निक्कै सम्बन्धित छन् । यी पशुबाट प्राप्त गरिने दूध र दूधबाट बन्ने परिकारहरू घ्यू, छुरपी आदिबाट आर्थिक लाभ गरिन्छ र छाला, रौं, गोबरको पनि उत्तिकै उपयोग गरिन्छ । चौंरीको रौंबाट बन्ने डोरी "थाक्पा", पालको कपडा, ओछ्याउने छेरो अति बलियो र नसड्ने हुन्छन् । यस प्रकार चौंरी हिमाली जनजीवनमा निक्कै महत्व राख्ने पशु सिद्ध भएको छ ।

लेकाली खर्कहरू भेडा पालनको निम्ति पनि विशेष महत्व राख्दछन् । यस विकास क्षेत्रमा भेडा गोठ राख्नेहरूमा धेरैंजसो गुरुङ जाति नै छन् । भेडाहरूलाई चैत, वैशाखताका उभौंली लग्ने चलन छ । लेकाली भागमा हिउँ बिलाउँदै गएपछि घाँस पलाउँदै जान्छ । यी गोठहरू पनि विस्तारै विस्तारै उँभो लग्ने काम शुरू हुन्छ । असोज, कात्तिकतिर फेरि भेडाहरूलाई लेकतर्फबाट उँधौली लगिन थाल्दछ । उँधौली लग्नु पहिले र उँधौली लग्नु अघि भेडाहरूको ऊन काटिन्छ । तीनचार भेडाको वर्षभरिको ऊन जम्मा गरेमा एक धार्नी (२.४ किलो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्राम) जति हुन आउँछ । यी भेडाको ऊन खस्रो हुन्छ र राडी पाखी बुन्ने काममा प्रयोग हुन्छ । गलैंचा आदि बुन्नको निम्ति असल ऊनको जरूरत पर्दछ र यस्तो ऊन दिने तिब्बती भेडा "म्याग्लुङ" पनि यस विकास क्षेत्रमा कहीं कहीं पालिएका छन् तर यो जातको भेडालाई २,५०० मिटरभन्दा होचो भागमा बचाउन सकिँदैन ।

पहाडी भेकमा सामान्यतः गाई गोरु, भैंसी, राँगो, सुंगुर पालिन्छन् । यस विकास क्षेत्रका अधिकांश भागमा राई, लिम्बूहरू भएका र तिनको चहाड–पर्व भोज-भत्तेरमा सुंगुर विशेष रूपले प्रयोग हुने भएको हुनाले तिनका हरेक घरमा सुंगुर पालेको देखिन्छ । त्यस्तै दूध, घ्यूको निम्ति गाई, भैंसी र खेत जोत्नलाई गोरु पनि घर घरै पालिन्छन् । बाहुन, क्षेत्री आदिका घरमा बोका, बाख्रा पनि दशैं तिहार टार्नको निम्ति मात्र पालिन्छन् । यस प्रकार पहाडी जिल्लामा व्यापारिक वा व्यावसायिक स्तरमा पशु–पालन हुँदैन । पालिएका पशुहरू पनि चरन-को कमी हुनाको साथै औषधोपचारको पर्याप्त सुविधा पनि उपलब्ध नहुने भएकोले पशुहरू हृष्ट पुष्ट छैनन् । कोशी अञ्चलको अध्ययनबाट देखिएअनुसार पहाडी भेकमा गाई, भैंसीले प्रतिदिन ०.५ देखि ३ किलोग्राम मात्र दूध दिने गर्दछन् र जोत्ने गोरु पनि पूर्ण रूपले सक्षम छैनन् । कोशी अञ्चलमा सालाखाला प्रतिघर पाँच पशु छन् भन्ने पनि अनुमान गरिएको छ ।

तराई प्रदेशमा पनि गाई, भैंसी, गोरु आदि नै प्रमुख रूपमा पालिने पशुहरू हुन् । त्यसको अतिरिक्त बोका, खसी, बाख्रा पनि पालिन्छन् । धिमाल र थारू जस्ता आदिबासीहरू सुंगुर पाल्दछन् तर यस विकास क्षेत्रमा व्यावसायिक रूपमा पशुपालन भएको छैन ।

सिचाइ व्यवस्था

कृषि विकासको सन्दर्भमा एकातिर सिचाइ सुविधादेखि लिएर उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधी र आधुनिक प्रविधि तथा औजारको अभावमा अपेक्षित उत्पादन गर्न सकिएको छैन भने अर्कोतिर भएकै उत्पादनलाई सुरक्षित राख्न पर्याप्त गोदामहरू निर्माण हुन सकेका छैनन् । यो विकास क्षेत्रमा रासायनिक मलखादको प्रयोग विशेषगरेर तराई जिल्लामा मात्र सीमित रहेको र पहाडी तथा हिमाली जिल्लामा नगण्य मात्रामा मलखादको प्रयोग भएको देखिन्छ । आर्थिक वर्ष २०२९।३० को प्राप्त तथ्याङ्क अनुसार त्यस वर्ष ३,५०० मेट्रिक टन मल बिक्री भएको थियो । त्यसमध्ये ३,३६६ मेट्रिक टन तराई जिल्लामा मात्र खपत भएको थियो ।

सिचाइको सम्बन्धमा परम्परागत सिचाइ कार्य बाहेक यस विकास क्षेत्रमा तीनवटा ठूलठूला सिचाइ आयोजनाहरू सञ्चालन गरिएका छन् । तीमध्ये चतरा सिचाइ योजनाबाट ६७,००० हेक्टर, कन्काई सिचाइ योजनाबाट ३५,७०० हेक्टर, कोशी पश्चिम नहर तथा चन्द्र नहर नवीकरण समेतबाट २२,००० हेक्टर र कमला सिचाइ आयोजनाको पूर्वी खण्डबाट २२,६०० हेक्टर समेत गरी जम्मा १,४७,३०० हेक्टर जमीनमा सिचाइ सुविधा पुऱ्याउने आयोजनाहरू निर्माणका विभिन्न चरणमा पुगेका छन् । त्यसको अतिरिक्त सिराहा जिल्लामा केही ट्यूबवेलबाट पनि सिचाइ गरिने भएकोछ । पहाड तर्फ भने सिचाइमा खास आयोजना लागू भइसकेको छैन ।

कृषि ऋण

कृषकहरूलाई खेतीपाती गर्न कृषि विकास बैंकले विभिन्न जिल्लामा ऋणहरू उपलब्ध गराउने प्रबन्ध गरेको छ । यस क्षेत्रमा कृषि विकास बैंकका शाखाहरू झापा र मोरङगरी दुई जिल्लाहरूमा र उप-शाखा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू झापा, इलाम, सुनसरी, धनकुटा, सप्तरी, सिराहा, उदयपुर, ओखलढुङ्गा गरी आठ जिल्लामा स्थापना भएका छन्। सिराहाको लहानमा एउटा एजेण्ट कार्यालय पनि छ। यस विकास क्षेत्रका विभिन्न जिल्लामा गरी ४८ वटा निर्दिष्ट सहकारी संस्थाहरू खोलिएका छन्। अधिराज्यभरका बैंकहरूबाट लगानी हुने रकमको ४० प्रतिशत यस विकास क्षेत्रमा लगानी हुन्छ भन्ने २०२९ सालको तथ्याङ्कबाट देखिन्छ। त्यसमा कर्जाको ९७.८ प्रतिशत तराई प्रदेशमा, १.७ प्रतिशत पहाडी प्रदेशमा र ०.५ प्रतिशत मात्र हिमाली प्रदेशमा लगानी भएको देखिन्छ।

कृषि विकास

कृषि व्यवसायलाई आधुनीकरण गरी वैज्ञानिक उपलब्धिहरूबाट नेपाली कृषकहरूलाई पनि यथोचित लाभ होस् भन्ने हेतुले श्री ५ को सरकारको विभिन्न कृषि विकासका एकाईहरू यस विकास क्षेत्रका विभिन्न ठाउँमा स्थापना भएका छन्। २०३१ सालको एक प्रतिवेदन अनुसार ताप्लेजुङ्ग, संखुवासभा, खोटाङ र सोलुखुम्बू जिल्ला बाहेक अन्य १२ जिल्लामा कृषि विकास कार्यालयहरू रहेका छन्। अनुसन्धान तथा प्रसार कार्यको सिलसिलामा सुनसरी जिल्लाको तरहरामा एक कृषि केन्द्र छ जहाँ धान, गहुँ, सनपाट, तरकारी, कुखुरा, माछा, सुंगुर, भैंसी, गाई आदिमा अनुसन्धान गरी उन्नत जात पत्ता लगाउने र तिनलाई किसानहरूमा लोकप्रिय बनाउने उद्देश्यले कार्य भइरहेको छ। इलाम जिल्लाको जौबारी स्थित कृषि फार्ममा आलु विकास विषय अनुसन्धान गरिन्छ र धनकुटाको पारीपातले स्थित कृषि केन्द्रमा तरकारी विषय तथा सुन्तला, कागती, जुनार, ज्यामीर जस्ता सिट्स खाले फलफूलमा अनुसन्धान गरिन्छ। माछाको विषयमा सप्तरी जिल्लाको माछा प्रजनन तथा वितरण केन्द्र र सुनसरीको कृषि केन्द्रले माछा विकास सम्बन्धी काम गरिआएको छ। ताप्लेजुङ्ग, संखुवासभा, खोटाङ र सोलुखुम्बू जिल्लाहरूमा जुनियर टेक्निकल एसिष्टेन्ट (जे. टि. ए.) हरूबाट मात्र कृषि प्रसार कार्य गरिन्छ। पशु–रोग नियन्त्रण तथा निवारणको निम्ति इलाम,झापा, धनकुटा, मोरङ, ओखलढुङ्गा, भोजपुर र सप्तरीमा गरी सातवटा पशु चिकित्सालय छन् र सोलुखुम्बू तथा उदयपुर जिल्ला बाहेक अन्य सात जिल्लामा औषधालय मात्र स्थापना भएका छन्। कृषकहरूलाई उन्नत कृषि पद्धति र तरीकाको अवलम्बन गराउने सन्दर्भमा विभिन्न जिल्लामा कृषि विकासको निम्ति आवश्यक आधारहरू भिन्न भिन्न भएकाले तल उल्लिखित तीन चरणका कृषि कार्यक्रम सञ्चालन गरिएको छ।

(१) प्रारम्भिक (२) अन्तरिम (३) सघन कृषि विकास कार्यक्रम

प्रारम्भिकः आधारभूत स्थितिको प्रारम्भ पनि नभएका जिल्लाहरूमा प्रारम्भिक रूपमा उन्नत कृषि पद्धतिको जानकारी गराउने खालका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यस विकास क्षेत्रमा ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बू, खोटाङ र उदयपुर गरी जम्मा पाँच जिल्लाहरूमा यस्तो कार्यक्रम चालू गरिएको छ।

अन्तरिमः आधारभूत स्थिति पैदा हुन लागेका जिल्लाहरूमा विभिन्न कृषि प्रसार तरीकासँग कृषकहरूलाई परिचय गराउनाको साथै कृषि विकासको लागि चाहिने सामग्रीहरू उचित मूल्यमा सरल तरीकाले उपलब्ध गराउन यस्तो कार्यक्रम चालू गरिएको हुन्छ। यस्ता जिल्लाहरूमा कृषि विकासका सम्भाव्यताहरूको पनि अध्ययन गरिन्छ। यस्तो कार्यक्रम पाँचथर, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा र सिराहा गरी पाँच जिल्लाहरूमा चालू छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सघन कृषि विकास कार्यक्रम : कृषि विकासको लागि आधारभूत स्थिति पैदा भइसकेका जिल्लाहरू जहाँ सिचाइ तथा यातायातको पनि बढी सुविधा प्राप्त भई कृषि उपकरणहरू उपलब्ध गराउन सकिन्छ त्यस्ता जिल्लामा यो कार्यक्रम लागू गरिएको हुन्छ। यस अन्तर्गत पर्ने जिल्लाहरूमा विशेषरूपले कृषि पद्धतिमा विकास गराउने प्रयत्न हुन्छ र कृषि सामग्री तथा साधनहरू उचित मूल्यमा सरल तरीकाले उपलब्ध गराइन्छ। यस कार्यक्रम सञ्चालन भएका जिल्लाहरू इलाम, झापा, धनकुटा, सुनसरी, मोरङ र सप्तरी हुन्।

उद्योग

औद्योगिक दृष्टिबाट पूर्वाञ्चल विकास क्षेत्रले मध्यमाञ्चल विकास क्षेत्र पछिको ठाउँ ओगटेको छ। यहाँका महत्वपूर्ण उद्योगहरूमा जूट मिल, चिनी मिल, सलाई कारखाना, फलफूल तथा फलफूलका रसलाई बट्टा बन्दी गरी संरक्षण गर्ने कारखाना इत्यादि लिन सकिन्छ। तिनका अतिरिक्त मोरङ जिल्लाका स्टेनलेस स्टिल (स्पात)का भाँडा वर्तन बनाउने कारखानाहरू तथा कृत्रिम रेसाबाट लुगा बुन्ने कारखानाहरू केही वर्ष अगाडिसम्म अति फलिफाप भई चलेको भए तापनि हाल ती उद्योगहरूको उत्पादनमा ठूलो ह्रास आएको छ। अधिराज्यमा सबभन्दा बढी विदेशी मुद्रा उपार्जन गर्ने उद्योग यसै विकास क्षेत्रका सनपाट (जूट) उद्योगहरू हुन्। यहाँक। दुई जूट मिलहरू विराटनगर जूट मिल तथा रघुपति जूट मिलमा अन्दाजी १५,००० मेट्रिक टन सनपाट खपत हुन्छ र लगभग रू. ५,४८,००,०००।– बराबरको जूट सामग्री तयार गरिन्छ। सनपाट उद्योगलाई अरू विस्तृत गर्न ती दुई जूट मिललाई नवीकरण गरी क्षमता बढाउने र साथै झापा जिल्लामा एउटा नयाँ मिल स्थापना गर्ने कार्यक्रम पनि रहेको छ। तराई जिल्लाहरूमा सामान्यरूपमा यत्र तत्र देखिने उद्योगमा धानकुट्ने, पीठो पिंध्ने र तेल पेल्ने मिलहरू प्रमुख छन्। यस्ता मिलहरू ११६ वटा झापामा, ९४ वटा मोरङमा, ७५ वटा सुनसरीमा, ११३ वटा सप्तरीमा र ६२ वटा सिराहामा छन्। तिनका अतिरिक्त केही पहाडी जिल्ला जस्तै धनकुटा, संखुवासभा र इलाममा पनि धान कुट्ने केही आधुनिक मिलहरू छन्।

पहाडी जिल्लामा संगठित रूपले सञ्चालन भएका उद्योगहरूमा चिया उद्योगको स्थान सर्वोपरि रहेको छ। २०२३ सालदेखि नेपाल चिया विकास निगमको स्थापना भएपछि चिया उद्योगमा विकास र विस्तार विशेष रूपमा हुन थालेको छ। २०२३ सालमा इलाम र सोक्तिमबाट गरी २,६४३ किलोग्राम चिया उत्पादन भएकोमा २०३० सालमा ४३,८१३ किलोग्राम उत्पादन भएको छ।

पर्वतीय भागबाट उत्पादन हुने सुन्तला, कागती, जुनार आदि फलफूल तथा आलु जस्ता खाद्यान्नलाई संरक्षित अवस्थामा राख्न धनकुटामा एउटा "कोल्ड स्टोरेज" स्थापना गर्ने कार्यक्रम छ। त्यसको संचय क्षमता करीब ९३ मेट्रिक टनको हुने अनुमान छ।

चालू पञ्चवर्षीय योजनाअनुसार धरानमा एउटा औद्योगिक केन्द्रको निर्माण हुन थालेको छ। यसको स्थापनाले पहाडी भेकका कच्चा पदार्थको देशभित्रै उपयोग गरिन थालिने छ र साथै पहाडी जनजीवनको लागि आवश्यक उपभोग्य पदार्थ पनि तयार गरिन थालेको छ।

ग्रामीण क्षेत्रमा प्रायः सबै गाउँ घरमा केही न केही मात्रामा घरेलु उद्योग-धन्धा भएको पाइन्छ। हिमाली जिल्लाहरु जस्तै ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बूका गाउँ घरमा छुरपी, घिउ तथा ऊन उत्पादनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम धेरै हुन्छ । गलैंचा, राडी, पाखी आदि स्थानीय प्रयोजनको लागि मात्र नभई जिल्ला बाहिर लगेर पनि बेचिन्छ । त्यस्तै बाँस, निगालोबाट डोको, भकारी, चित्रा तथा रूख-काठबाट ठेकी, आरी इत्यादि बनाउनु गाउँ घरको प्रचलित घरेलु उद्योग हो । तराई तर्फका थारू, धिमाल आदि जातिहरू विभिन्न वन्य पैदावारबाट ढक्की, मान्द्रो, डालो इत्यादि तयार गरी हाटबजारमा बेच्न लाने गर्दछन् । पाँचथर, खोटाङ, भोजपुर, ओखलढुङ्गा आदि जिल्लाहरूमा लोक्ता र कागतेको बोक्राबाट नेपाली कागज बनाई धरान वा काठमाडौंसम्म बेच्न लैजान्छन् ।

यस विकास क्षेत्रको घरेलुस्तरमा तैयार गरिने केही वस्तुहरू अधिराज्यभरी नै लोकप्रिय छन् । उदाहरणस्वरूप भोजपुर र खोटाङको कोगिटा तथा खाँडी कपडा, तेह्रथुम र धनकुटाको ढाका टोपी, भोजपुरको खुकुरी, चैनपुरको करूवा तथा अन्य काँस पित्तलका भाँडाकुडा इत्यादिको गुणात्मक तथा कलात्मकस्तर उत्कृष्ट खालका छन् । त्यसको अतिरिक्त सोलुखुम्बू जिल्लाको च्याल्सा भन्ने ठाउँमा तिब्बती शरणार्थीबाट तैयार गरिने गलैंचाहरू पश्चिमी देशमा समेत विशेष लोकप्रिय भएका छन् ।

घरेलु शिल्पकला तथा अन्य ग्रामीण उद्योगलाई टेवा दिन श्री ५ को सरकारले यस विकास क्षेत्रमा पनि विभिन्न कार्यालयहरू खोलेको छ । हालसम्म इलाम, झापा, धनकुटा, तेह्रथुम, भोजपुर र खोटाङमा गरी जम्मा छ वटा जिल्लामा घरेलु तथा ग्रामीण उद्योग कार्यालयहरू स्थापना भइसकेका छन् ।

पर्यटन उद्योगको दृष्टिमा यो विकास क्षेत्रमा पर्ने सोलुखुम्बू जिल्लाले एक विशिष्ट स्थान ओगटेको छ । यस जिल्लाको नाम्चे बजार भ्रमण गर्ने पर्यटकहरूको संख्या आर्थिक वर्ष २०२८।२९ मा १,२८१ पुगेको थियो । त्यस वर्ष लगभग ५०,००० पर्यटकहरू नेपालमा भित्रिएका थिए । सोलुखुम्बू जिल्लाको पर्यटन व्यवसाय बढ्दो छ । हालसालै लगभग ४,००० मिटरको उचाईमा होटेल एभरेष्ट भ्यु भन्ने एक आधुनिक होटेल पनि स्थापना भएको छ ।

विद्युत् शक्ति

सप्तकोशी र तिनका अनगिन्ती शाखा-प्रशाखा तथा छाँगा र झरनाहरूले भरिएको यस पूर्वाञ्चल विकास क्षेत्रमा हालसम्म केवल २४० किलोवाट जल विद्युत् शक्ति मात्र उत्पादन गर्न सकिएको छ । यहाँका उद्योग तथा घरायसी प्रयोगको लागि समेत डिजेल जेनरेटरद्वारा नै विद्युत् शक्ति प्राप्त गरिन्छ । मोरङ र सुनसरीमा उत्पादन गरिने ६,४०४ किलोवाट बिजुली निजीरूपमा सञ्चालन भएका छन् र झापाको १०० किलोवाट डिजेल प्लान्ट सरकारी क्षेत्रमा सञ्चालित छ । यस प्रकार यो विकास क्षेत्रमा जल विद्युत् २४० किलोवाट (अधिराज्यको उत्पादनको २४.२५ प्रतिशत) विद्युत् शक्ति उत्पादन हुन्छ ।

विद्युत् शक्ति विनिमय सम्झौता अनुसार भारत सरकारबाट प्राप्त गरिने विद्युत् शक्तिमध्ये विराटनगरमा ३०० के. भि. ए. (कीलो भोल्ट एम्पाएर) र राजविराजमा १५० के. भि. ए. को लाइन ल्याई विद्युत् वितरण कार्य भइसकेको छ । त्यसको अतिरिक्त झापामा ५०० किलोवाट र सिराहामा ५०० किलोवाट पनि प्राप्त गरिने कार्यक्रम छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार

व्यापारको क्षेत्रमा पूर्वाञ्चल विकास क्षेत्रको कार्यकलाप विशेष महत्वपूर्ण छ । यो भाग समुद्रको नजीक भएकोले विदेश व्यापारमा पनि यसको महत्व ठूलो रहेको छ । यस विकास क्षेत्रको पहाडी भेकबाट जरीबूटी, फलफूल, घिउ, अलैंची, ऊन र ऊनबाट बनेका सामग्री भारतबाट निकासी हुन्छ । पूर्वी तराई खण्डबाट अधिकृत तवरले मात्र भारततर्फ प्रति वर्ष ६७,७६१ मेट्रिक टन चामल र धान (२०२६।२७ मा) निकासी गरिएको उल्लेख छ । समुद्रपार निकासी हुने प्रमुख वस्तु सनपाट हो । भारततर्फबाट आयात हुने सामग्री विशेष गरेर लत्ताकपडा, नून, तेल, मट्टितेल , कागज, जुत्ता आदि अनेकौं उपभोग्य सामानहरू उल्लेख गर्न सकिन्छ । पहाडी भागको आयात र निर्यात विषय केवल कोशी अञ्चलको मात्र तथ्याङ्कलाई हेर्दा पनि निर्यातभन्दा आयात ठूलो परिमाणमा भएको देखिन्छ । त्यहाँ रू. ४,८०,००,०००।– को माल सामान आयात गरिन्छ भने केवल रू. १,३०,००,०००।– को मात्र निर्यात गरिन्छ । यस प्रकार आयात र निर्यातको असन्तुलन सधैं रहिआएको छ ।

यस विकास क्षेत्रको समुद्रपार व्यापारको सम्बन्धमा केही तथ्याङ्कहरू प्रकाशमा आएका छन् । सो अनुसार आर्थिक वर्ष २०३०।३१ मा रू. १२,६४,७३,१७८।– को विभिन्न सामग्री निर्यात गरिएको थियो । यो नेपालको कुल समुद्रपार निकासीको ७५.१ प्रतिशत पर्न आउँछ । निकासी वस्तुमा रू. ६,२२,७६,११३।– को सनपाट र सनपाटका सामान तथा रू. ३,७१,६४,०६५।– को मात्र अन्य वस्तु निर्यात भएको थियो ।

समुद्रपारबाट पैठारीको सम्बन्धमा प्राप्त तथ्याङ्क अनुसार यस विकास क्षेत्रमा रू.४,१७,६४,४०१।– को विभिन्न माल सामानहरू विशेष गरेर मेशिन, कलपूर्जा, कपडा, औषधी आदि आयात गरिन्छ । यो रकम अधिराज्यको कुल समुद्रपारबाट पैठारी हुने मालको २२.४ प्रतिशत छ ।

आयात र निर्यातको सिलसिलामा मौसमको पनि महत्वपूर्ण भूमिका रहेको छ । नेपाल औद्योगिक विकास निगमले २०३० सालमा धनकुटाको "कोल्ड स्टोरेज" सम्बन्धी तयार पारेको प्रतिवेदन अनुसार सुन्तलाको फल लाग्ने मौसमको बेलामा धरानबाट निकासी हुने सुन्तलाको मूल्य प्रति १०० को रू. ५।– देखि ७।– सम्म मात्र पर्न आउँछ भने बेमौसममा भारतबाट आयात गरिने सुन्तलालाई मोरङ र सुनसरीमा प्रति १०० गोटाको रू. १५।– देखि ३०।– सम्म तिर्नु पर्ने देखिन्छ । यस्तै प्रकारले आलु, जुनार, कागती, नास्पाती आदिको मूल्यमा पनि मौसममा र बेमौसममा ठूलो अन्तर रहेको पाइन्छ । धनकुटाको प्रस्तावित "कोल्ड स्टोरेज" जस्ता फलफूल संरक्षण गृहहरूको सफल कार्यान्वयन पश्चात् उपर्युक्त समस्या समाधान हुनेछ ।

यस विकास क्षेत्रको प्रमुख व्यापारिक केन्द्र धरान तथा विराटनगर नै हुन् । त्यसको अतिरिक्त भद्रपुर, राजविराज, लहान र सिराहा पनि महत्वपूर्ण व्यापारिक केन्द्र हुन् ।

व्यापारको सिलसिलामा ताप्लेजुङ्ग, पाँचथर, तेह्रथुम, संखुवासभा र भोजपुरतर्फका बासिन्दाहरू धनकुटाको बाटोगरी धरान आई आफ्नो किनमेलको काम गर्दछन् । इलामतर्फका बासिन्दा भद्रपुरतर्फ नै धेरै जान्छन् । सगरमाथा अञ्चलका पहाडी बासिन्दाहरू सिराहातर्फ आइरहन्छन् । उत्तरी ताप्लेजुङ्गका बासिन्दा-हरू सिङ्गलिला श्रेणी पारगरेर दार्जीलिङ्गतर्फ व्यापार गर्न जान्छन् । पहाडतर्फका बासिन्दाहरू आफ्नो कृषि पैदावार आफैंले बोकी ढुवानी गर्ने परम्परा छ । २०२९ को एक प्रतिवेदन अनुसार पहाडतर्फबाट धरान आउने कुल जनसंख्याको २४ प्रतिशत आफ्नो भारी आफैं बोक्ने खालका थिए भन्ने मूलघाटमा लिइएको तथ्याङ्कबाट देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी जनजीवनमा आर्थिक कारोबारको सन्दर्भमा हाट व्यवस्थाको ठूलो भूमिका छ र हाट व्यवस्था यस पूर्वाञ्चल क्षेत्रमा व्यापकरूपमा फैलिएको छ । कतिपय ठाउँहरू जस्तै शनिश्चरे, आइतबारे, मंगलबारे इत्यादिको नाम हाट लाग्ने बारमा नै आधारित छन् । हाट लागेको दिन ती ठाउँमा विशेष चहल-पहल भई एक मेला नै लाग्ने हुन्छ । विभिन्न गाउँबाट आ-आफ्ना उत्पादनहरू ल्याई त्यहाँ मेला गराई आर्थिक विनिमय गर्ने अवसर प्राप्त गर्दछन् । झापा जिल्लामामात्र प्रत्येक हप्ता ११ स्थानमा १९ पटक हाट लाग्ने देखिन्छ ।

यस विकास क्षेत्रको आर्थिक गतिविधिलाई समष्टिरूपमा हेर्दा हाम्रो राष्ट्रिय अर्थव्यवस्थामा यसको भूमिका विशेष महत्वको छ । अधिराज्यको समुद्रपार निकासीको ७५.१ प्रतिशत अंश यसै विकास क्षेत्रको देन हो । यस्तै प्रकारले यस विकास क्षेत्रको तराई इलाकाबाट निकासी हुने धान चामलले ठूलो धनराशीमा भारतीय मुद्रा समेत सञ्चय गराउँदछ । त्यस्तै घिउ, जरीबूटी, फलफूल इत्यादि निकासीबाट पनि राष्ट्रिय आयमा टेवा दिँदै आएको छ । सोलुखुम्बू जिल्लामा दिन परदिन बढ्दो पर्यटन व्यवसायले पनि विदेशी मुद्रा उपार्जन गर्नमा र यसबाट भोटसँगको व्यापारबाट विमुख भएका शेर्पाजातिलाई एक वैकल्पिक रोजगारी प्राप्त भएको छ । यस विकास क्षेत्रको विभिन्न पहाडी भेगमा बस्ने मानिसहरूले भारतमा गई कामगरेर ल्याएको धनलाई पनि राष्ट्रिय आयमा नै गाभिनु पर्दछ । आयात र निर्यातको ठूलो-ठूलो परिमाणबाट प्राप्त हुने भंसार रकम पनि राष्ट्रिय आयको महत्वपूर्ण स्रोत हो । यसरी यस विकास क्षेत्रको विभिन्न आय श्रोतले राष्ट्रिय अर्थतन्त्रमा विशेष स्थान ओगटेको छ ।

यातायात

पूर्वाञ्चल विकास क्षेत्रमा आधुनिक आवागमनको निम्ति निर्माण भएका अधिकांश सडकहरू तराई खण्डमा नै पर्दछन् । यस क्षेत्रमा पूर्वमा झापा जिल्लाको सतिघट्टादेखि पश्चिममा कमला नदीसम्म महेन्द्र राजमार्गको दूरी २८२ किलोमिटर पर्दछ । यस खण्डमा झापा जिल्लाको माई खोलामा बाहेक अरू सबै ठाउँमा पक्को पुल तयार भइसकेका छन् ।

तराई खण्डका धेरैजसो पुराना शहर र बस्तीहरू भारत सीमाना नजीक पर्ने भएकोले व्यापारिक दृष्टिमा महत्वपूर्ण ती पुराना शहर बस्तीहरूलाई यस राजमार्गसँग जोड्ने सडकहरूको माग बढ्दै जानु स्वाभाविकै हो । धरानबाट विराटनगर भई जोगवनी जोडिने बाटो निक्कै पुरानो सडक हो र पूर्वी पहाडको अधिकांश भागको आर्थिक एवं सामाजिक पक्षमा यसको ठूलो भूमिका रहेको छ । यो सडकले महेन्द्र राजमार्गलाई ईटहरीमा भेटगर्दछ । धरानदेखि धनकुटासम्म जोड्ने ६५ किलोमिटर लामो बाटो हाल निर्माणाधीन छ । यसको निर्माणले पूर्वाञ्चलको आर्थिक विकासमा विशेष महत्व राख्ने कुरा स्पष्ट छ । पहाड र तराईलाई जोड्ने अर्को महत्वपूर्ण बाटो इलाम–झापा सडक हो । हाल चालु रहेको शनिश्चरेदेखि सोक्तिम सतरे भई इलाम पुग्ने सडक अनुपयुक्त भएको हुनाले झापाको जामनबारीदेखि सोक्तिम र गोलाखर्क भई इलाम पुग्ने ६४ किलोमिटर सडकको प्रस्ताव भएको छ तर स्थानीय जनताको श्रम र साधनले अर्को सडकको निर्माण कार्य विशेष उत्साहकासाथ गरिँदै छ । यो सडक करीब ८० किलोमिटर लामो छ र चार आलीबाट शुरूभई बुद्धबारे, वेने, सुनमाई, लसुने, कन्याम, फिकल, आइतबारे भएर राजखालीको पुल पारगरी इलाम पुग्दछ । सगरमाथा अञ्चलमा यस प्रकार पहाड र तराई जोड्ने उत्तर–दक्षिण सडक निर्माण गर्ने हाल कुनै कार्यक्रम छैन । यस अञ्चलमा राजविराजलाई महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजमार्ग र उत्तरमा फत्तेपुरसम्म जोड्ने सडक छ। पूर्वाञ्चल विकास केन्द्र धनकुटाबाट भोजपुर र खोटाङ जिल्लाको बीचैबीच भएर ओखलढुङ्गाको दक्षिणी भागमा आई सुनकोशीलाई पछ्याएर दोलालघाटसम्म पुग्ने एउटा राजमार्ग प्रस्ताव भएको छ। यसको निर्माणले पहाडी जिल्लाको विकासको लागि महत्वपूर्ण पृष्ठभूमि तयार हुनेछ।

पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने पक्की सडकहरूको फिरिस्त यस प्रकार छः—

महेन्द्रराजमार्ग (सधिट्टा-कमला खण्ड)	२८२ कि. मि.
हनुमान नगर – फत्तेपुर	२८. कि. मि.
हनुमान नगर – राजविराज	१३. कि. मि.
हनुमान नगर – कुनौली	१०. कि. मि.
जोगवनी – धरान	५०. कि. मि.
विराट नगर – रंगेली	२०. कि. मि.
सिराहा – जयनगर	८. कि. मि.
महेन्द्र राजमार्ग-इलाम (प्रस्तावित)	६४. कि. मि.
धरान – धनकुटा (प्रारम्भिक अवस्थामा)	६५. कि. मि.

उपर्युक्त सडकहरू बाहेक परापूर्वकालदेखि कायम रहिआएका पैदल बाटाहरूको जाल यत्रतत्रफैलिएका छन्। यी बाटाहरू वर्षा र हिउँदको निम्ति बेग्लाबेग्लै हुन्छन्। हिउँदको बाटो बेंसी र बगरबाट गएको हुन्छ। वर्षाको बाटो लेकाली भागबाट गएको हुन्छ। यी परम्परागत बाटाहरूलाई चालू राख्न झोलुङ्गे पुलहरूको अभाव सधैं खड्किआएको छ।

पूर्वाञ्चल विकास क्षेत्रमा साना ठूला गरेर नौ वटा विमानस्थलहरू छन्। तीमध्ये तीन वटा तराई खण्डमा पर्दछन्। विराटनगर विमानस्थल सबभन्दा चल्तीको विमानस्थल भएकोले यसको नवीकरण एवं विस्तार कार्य चालू छ। यसको साविक धावन मार्ग १,००० मिटर (३,३०० फीट) लाई १,५६५ मिटर (५,५०० फीट) बनाउने कार्य पूरा भइसक्यो। पहाडी एवं हिमाली खण्डमा पर्ने छ वटा विमानस्थलहरूमध्ये सोलुखुम्बू जिल्लाको स्याङ्बोचे विश्वमा सर्वोच्च भूमिमा अवस्थित विमानस्थल हो। यसको उच्चाई समुद्र सतहबाट ३,७८० मिटर (१२,५०० फीट) मा पर्दछ।

सञ्चार

यस विकास क्षेत्रका सबै जिल्लाहरूमा सार्वजनिक प्रयोजनको निम्ति आकाशवाणी केन्द्रहरू छन्। ती केन्द्रहरूलाई मिलाउने संयोजकको रूपमा तीन वटा "एरिया कन्ट्रोल स्टेशनहरू" ओखलढुङ्गा, मोरङ र इलाम जिल्लामा स्थापना भएका छन्। टेलिफोनको सम्बन्धमा विराटनगरबाट धनकुटा जोड्ने एउटा अति पुरानो लाइन छ। सर्वप्रथम ई. सं. १९३६ मा धनकुटामा टेलिफोन जडिएको थियो। सामान्यतः यसलाई सरकारी काममा मात्र प्रयोग गरिन्छ। सार्वजनिक सुविधाको रूपमा विराटनगर शहरमा ४०० लाइनको टेलिफोनको व्यवस्था छ। धरानमा ट्रंक टेलिफोन सेवा उपलब्ध गराउने कार्यक्रम छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुलाकतर्फ सबै जिल्लामा छोटी हुलाक, शाखा हुलाक वा अतिरिक्त हुलाक आदिको व्यवस्था छ। यस विकास क्षेत्रमा रहेका दुई मुख्य हुलाकहरू विराटनगर र धनकुटामा अवस्थित छन्। त्यसको अतिरिक्त हिमाली भेकमा जम्मा २८ वटा, पहाडी भेकमा ७४ र तराई भेकमा ७२ वटा विभिन्न स्तरका हुलाकहरू छन्।

शिक्षा

पूर्वाञ्चल विकास क्षेत्रमा पाँच वर्षको उमेर नाघेका जनसंख्यामा १५.२५ प्रतिशत जनता साक्षर भएको देखिन्छ। अधिराज्यको राष्ट्रिय साक्षरताको प्रतिशत १३.८८ मात्र छ। यस विकास क्षेत्रमा पर्ने तराई-का पाँच जिल्लाहरूमा १७.३१ प्रतिशत जनता साक्षर भएकोले उपर्युक्त आँकडा (१५.२५ प्रतिशत) उत्साह-वर्धक देखिएको स्पष्ट छ। हिमाली प्रदेशमा १३.२९ प्रतिशत र पहाडीप्रदेशमा १३.४० प्रतिशत मात्र जनता साक्षर छन्। साक्षरताको दृष्टिले झापा जिल्ला सबभन्दा अगाडि बढेको छ। झापा जिल्लामा २०.८ प्रतिशत र त्यसपछि मोरङ जिल्लामा २० प्रतिशत जनसंख्या साक्षर छन्। उदयपुर जिल्लामा १०.४ प्रतिशत जनसंख्या मात्र साक्षर भई शिक्षाको क्षेत्रमा पिछडिएको छ। त्यसभन्दा केही बढी साक्षर जिल्ला ओखलढुङ्गा हो, त्यहाँ ११ प्रतिशत साक्षर छन्।

यस विकास क्षेत्रका सबै जिल्लाहरूमा राष्ट्रिय शिक्षा पद्धति २०३१ साल पौषसम्ममा लागू भइ-सक्नेछ। कतिपय जिल्लाहरूमा यो पद्धति भरखरै लागू भएको हुनाले शिक्षण संस्थाहरू अवस्थानान्तरकै क्रममा छन्। तसर्थ शिक्षण संस्थाहरू विषयका तथ्याङ्कहरूमा स्थिरता आइसकेको छैन।

विभिन्न जिल्लाहरूबाट प्राप्त भएका तथ्याङ्क अनुसार यस विकास क्षेत्रमा १,७०१ प्राथमिक, २८५ निम्न माध्यमिक र १२७ माध्यमिक विद्यालयहरू गरी जम्मा २,११३ शिक्षालयहरू छन्। हिमाली, पहाडी र तराई जिल्लाहरूमा तिनीहरू निम्न प्रकारले बाँडिएका छन्।

भौगोलिक क्षेत्र अनुसार प्रत्येक जिल्लाको औसत विद्यालय संख्याको तालिका

क्षेत्र तथा जिल्ला संख्या	प्रति जिल्ला औसत जनसंख्या	प्रति जिल्लाको औसत विद्यालय संख्या			प्रति जिल्लाको औसत विद्यालय संख्या	प्रति विद्यालय जनघनत्व
		प्राथमिक	नि. मा.	माध्यमिक		
हिमाली (३)	१,०१,४५०	९७	१०	४	१११	९१४
पहाडी (८)	१,३८,१९८	९७	१०	६	११३	१,२२३
तराई (५)	२,७७,५१२	१२७	३४	१३	१७४	१,५९९

उपरोक्त तालिकाबाट प्रष्ट हुन्छ कि तराईका जिल्लामा विद्यालयको संख्या हिमाली र पहाडी जिल्लाको तुलनामा धेरै देखिए तापनि जुन अनुपातमा जनसंख्या धेरै भएको देखिन्छ त्यहि अनुपातमा विद्यालयको संख्या धेरै भएको देखिदैन। जनसंख्याको अनुपातमा विद्यालयलाई हेर्दा हिमाली भेकमा लगभग प्रति ९०० व्यक्तिको बीच एक विद्यालय, पहाडी भेकमा लगभग प्रति १,२०० व्यक्तिको बीच एक विद्यालय तराईमा प्रति १,६०० व्यक्तिको बीच एक विद्यालय पर्न आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

विद्यालय जाने उमेर भएका जनसंख्यामध्ये कति जना विद्यालयमा भर्ना भएका छन् भन्ने तथ्याङ्कलाई हेर्दा वर्तमान र भविष्यको शैक्षिक स्थितिलाई अझ बढी प्रष्ट पार्दछ। यस तथ्याङ्कले एकातिर बाल-बालिकाहरूलाई शिक्षा हासिल गर्ने कत्तिको अवसर प्राप्त छ भन्ने कुरा झल्काउँदछ भने अर्कोतिर भएकै अवसरलाई कत्तिको उपयोगमा ल्याउन सकिएको छ भन्ने समेत सङ्केत गर्दछ।

विद्यालयमा नाम दर्ता भएका ६ देखि १४ वर्ष उमेरभित्रका जनसंख्या*को तालिका

विवरण / इलाका	हिमाली (३ जिल्ला)		पहाडी (८ जिल्ला)		तराई (५ जिल्ला)		जम्मा (१६ जिल्ला)	
विद्यालय भर्ना भएका	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पुरुष	७,३२९	१८.७	२९,४३६	२१.०	४९,८२९	३०.५	८६,५७४	२५.३
महिला	१,५२२	४.०	६,६४१	५.०	१६,५५७	११.५	२४,७२०	७.९
जम्मा:	८,८५१	११.६	३६,०५७	१३.२	६६,३८६	२१.६	१,११,२९४	१७.०
विद्यालय भर्ना नभएका								
पुरुष	३१,८४७	८१.३	१,१०,७३५	७९.०	१,१३,५२३	६९.५	२,५६,१०५	७४.७
महिला	३५,९०५	९६.०	१,२६,५५८	९५.०	१,२७,०७०	८८.५	२,८९,५३३	९२.१
जम्मा:	६७,७५२	८८.४	२,३७,२९३	८६.८	२,४०,५९३	७८.४	५,४५,६३८	८३.०
६–१४ वर्षभित्रको कुल जनसंख्या								
पुरुष	३९,१७६	१००	१,४०,१५१	१००	१,६३,३५२	१००	३,४२,६७९	१००
महिला	३७,४२७	१००	१,३३,१९९	१००	१,४३,६२७	१००	३,१४,२५३	१००
जम्मा:	७६,६०३	१००	२,७३,३५०	१००	३,०६,९७९	१००	६,५६,९३२	१००

नेपालको राष्ट्रिय शिक्षा पद्धतिमा विद्यालय जाने उमेर समूह ६ वर्षदेखि १५ वर्षसम्म भन्ने उल्लेख भएको छ तापनि २०२८ को जनगणनालाई प्रयोगमा ल्याउन ६ देखि १४ वर्षको उमेर समूह मात्र पृथक रूपमा छुट्याउन सकिने भएकोले माथि प्रस्तुत तालिकामा ६–१४ वर्षको उमेर समूहलाई विद्यालय जाने उमेर मानेर विवरण दिइएको छ। उक्त तालिका अनुसार पूर्वाञ्चल विकास क्षेत्रका ६,५६,९२३ बाल-बालिकामध्ये १,११,२९४ अर्थात् १७ प्रतिशत मात्र विद्यालयमा भर्ना भएका छन्। ती मध्ये पनि पुरुषमा २५.३ प्रतिशत विद्यालयमा दर्ता छन् भने महिलाहरूमा केवल ७.९ प्रतिशत मात्र विद्यालयमा दर्ता भएका छन्। यस प्रकार पढ्ने लेख्ने उमेरका ८३.० प्रतिशत बाल-बालिका विद्यालयबाट विमुख रहनु उज्ज्वल भविष्यको सूचक मान्न सकिँदैन। राष्ट्रिय शिक्षा पद्धति यस विकास क्षेत्रका सबै जिल्लामा लागू भइसकेको र यसबाट शिक्षामा ठूलो परिवर्तन आउने कुरामा सबै विश्वस्त छन्।

विकास क्षेत्रभित्रै पनि हिमाली, पहाडी र तराई भेकका उपर्युक्त शैक्षिक तथ्याङ्कमा आपसि विभिन्नता देखा पर्दछ। हिमाली जिल्लाहरूमा ११.६ प्रतिशत मात्र विद्यालयमा दर्ता भएका छन् भने पहाडी

* २०२८ को जनगणनामा आधारित

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा १३.२ प्रतिशत र तराई जिल्लाहरूमा २१.६ प्रतिशत विद्यालयमा दर्ता छन् । यस प्रकार जनसंख्याको अनुपातमा हेर्दा पहाडी र हिमाली क्षेत्रमा तराई क्षेत्रमाभन्दा बढी विद्यालय रहेको देखिए तापनि वास्तवमा ज्यादै कम बाल-बालिका मात्र विद्यालयमा गएको देखिन्छ ।

उच्च शिक्षाको लागि यस क्षेत्रमा रहेका क्याम्पसहरूको विवरण यस प्रकार छः–

उच्च शिक्षाका क्याम्पसहरू स्थापना भएका स्थानहरूको विवरणको तालिका

अध्ययन संस्थानहरू	क्याम्पस स्थापना भएका स्थानहरू							जम्मा
	इलाम	झापा	धनकुटा	सुनसरी	मोरङ्ग	भोजपुर	सप्तरी	
विज्ञान	–	–	–	–	१*	–	—	१
व्यापार प्रशासन, वाणिज्य-शास्त्र तथा जनप्रशासन	–	–	–	१	१*	–	—	२
मानविकी तथा सामाजिक	१*	१	१	१	१*	१	१	७
व्यवहारिक विज्ञान तथा प्रविधि	–	–	–	१	–	–	—	१
चिकित्सा शास्त्र	–	–	–	–	१	–	—	१
इन्जिनीयरिङ्ग	–	–	–	–	१	–	—	१
शिक्षा	१	–	१	–	–	–	—	२
संस्कृत	–	–	–	१*	–	–	—	१
जम्मा	२	१	२	४	५	१	१	१६

उपर्युक्त तालिकामा देखाइएअनुसार यो विकास क्षेत्रका सात विभिन्न स्थानमा रहेका १६ क्याम्पसहरूमा जम्मा आठ विषयमा उच्च शिक्षाको अध्यापन गराइन्छ । ती क्याम्पसहरू पहाडी जिल्लाहरूमा पाँचवटा र तराई जिल्लामा ११ वटा पर्दछन् । तर सिराहा तराईमा पर्ने जिल्ला भए तापनि त्यहाँ कुनै क्याम्पस छैन । सबभन्दा बढी अर्थात् पाँचवटा क्याम्पस मोरङ (विराटनगर) मा केन्द्रित छन् । यस विकास क्षेत्रमा मानविकी तथा सामाजिक ईन्स्टिच्यूटका क्याम्पसहरूको संख्या सबभन्दा बढी रहेको र विभिन्न जिल्लाहरूमा गरी सातवटा क्याम्पसहरू चलेका छन् ।

यस विकास क्षेत्रका १६ क्याम्पसहरूमध्ये पाँचवटा मात्र स्नातक स्तरका छन् र ती मोरङ जिल्लामा तीन, सुनसरीमा एक र इलाम जिल्लामा एकवटा छन् । अन्य क्याम्पसहरू प्रमाण-पत्र स्तरका वा सो भन्दा मुनिका छन्। प्रमाण-पत्र स्तरभन्दा मुनिका क्याम्पसहरूमा विराटनगरस्थित चिकित्सा शास्त्र ईन्स्टिच्यूट र ईन्जिनीयरिङ्ग ईन्स्टिच्यूट हुन् ।

* स्नातकस्तरको क्याम्पस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य

पूर्वाञ्चल विकास क्षेत्रका सबै जिल्लाहरूमा कुनै न कुनै रूपमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिए तापनि जनसंख्याको अनुपातमा हेर्दा यो सेवा अपर्याप्त छ। श्री ५ को सरकारकोतर्फबाट तथा अन्य गैर सरकारी अथवा विदेशीहरूका तर्फबाट सञ्चालन भएका संस्थाहरूसमेत गरी यस विकास क्षेत्रमा १११ वटा स्वास्थ्य संस्थाहरू छन्। तीमध्ये अस्पताल १४, स्वास्थ्य केन्द्र १२, स्वास्थ्य चौकी ६८ र आयुर्वेदिक औषधालय १७ वटा छन्।

स्वास्थ्य सेवाको बिवरण तालिका

क्षेत्र तथा जिल्ला संख्या		जनसंख्या	अस्पताल	शय्या	जन घनत्व प्रति शय्या	स्वास्थ्य केन्द्र	स्वास्थ्य चौकी	आयुर्वेदिक औषधालय	जम्मा स्वास्थ्य संस्था	परिवार नियोजन क्लिनिक
हिमाली जिल्ला	(३)	३,०४,३५२	१	३०	१०,१४५	४	२	४	११	२
पहाडी जिल्ला	(८)	११,०५,५८७	६	७७	१४,३५८	६	१५	८	३५	१५
तराई जिल्ला	(५)	१३,८७,५६३	७	२६२	५,२६६	२	५१	५	६५	२१
जम्मा	(१६)	२७,९७,५०२	१४	३६९	७,५८१	१२	६८	१७	१११	३८

उपर्युक्त तालिकाले यो देखाउँछ कि तीनवटा हिमाली जिल्लाहरूको बीचमा एउटा अस्पताल र ३० शय्या प्राप्त छन्। यस प्रकार त्यहाँ १०हजारभन्दा बढी जनताको निम्ति एउटा शय्या उपलब्ध छ। आठवटा पहाडी जिल्लाहरूमा छ वटा अस्पताल र ७७ वटा शय्या छन्। त्यहाँका १४ हजारभन्दा बढी जनताको निम्ति एउटा शय्या प्राप्त छ। यसै प्रकारले तराईका पाँच जिल्लाहरूमा सात वटा अस्पताल र २६२वटा शय्या छन्। त्यहाँका पाँच हजारभन्दा बढी जनताको निम्ति एक शय्या प्राप्त छ। यसप्रकार स्वास्थ्य सेवाको दृष्टिमा पहाडी जिल्लाहरू हिमाली र तराईका जिल्लाभन्दा पछाडि परेको देखिन्छ।

अस्पताल बाहेक अन्य स्वास्थ्य संस्थाहरूलाई विचार गर्दा हिमाली भागमा स्वास्थ्य केन्द्र चार, स्वास्थ्य चौकी दुई र आयुर्वेदिक औषधालय चारसमेत गरी १० स्वास्थ्य संस्थाहरू सञ्चालन भएका छन्। पहाडी भागमा स्वास्थ्य केन्द्र छ, स्वास्थ्य चौकी १५ र आयुर्वेदिक औषधालय आठसमेतले जम्मा २९ स्वास्थ्य संस्थाहरू छन्। तराई भागमा स्वास्थ्य केन्द्र दुई, स्वास्थ्य चौकी ५१ र आयुर्वेदिक औषधालय पाँच समेत गरी जम्मा ५८ स्वास्थ्य संस्थाहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विकास क्षेत्रका सबै जिल्लाहरूमा औलो रोगको रोकथाम र नियन्त्रण गर्ने व्यवस्था छ । बिफर उन्मूलन र त्यसको रोकथाम गर्ने दिशामा विभिन्न कदमहरू चालिएका छन् । कुष्ट रोग निवारणको निम्ति पनि ठाउँ ठाउँमा क्लिनिक आदि खोलिएका छन् । पौष्टिक खुराकको अभावबाट सिर्जना हुने रोग व्याध तथा खानपिन एवं रहन सहनमा अस्वस्थकर आनिबानीबाट उत्पन्न हुने रोगव्याधद्वारा सताइएका कतिपय जनताहरू पुराना अन्धविश्वासमा आधारित मान्यताहरूलाई नै अँगाल्दै आएका छन् । गाउँ घरमा झाँक्री, धामी, विजुवा आदिको कार्यकलापमा विश्वास राख्ने अवस्था अझै धेरै हदसम्म कायमै छ भन्नु पर्दछ । परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना अनुरूप आर्थिक वर्ष २०२९।३० सम्ममा विभिन्न जिल्लामा गरी ३८ वटा क्लिनिकहरू खोलिएका छन् । तीमध्ये हिमाली भेकमा दुईवटा, पहाडी भेकमा १५ वटा र तराई भेकमा २१ वटा पर्दछन् । यस प्रकार मोटामोटी हिसाबले हेर्दा हिमाली भेकमा प्रत्येक १,५२,१०० जनसंख्याको बीच एउटा क्लिनिक, पहाडतर्फ ७३,७०० जनसंख्याको बीच एउटा क्लिनिक र तराईतर्फ १,३३,२०० जनसंख्याको बीच एउटा क्लिनिक रहेको देखिन्छ ।

उपसंहार

नेपालको सर्वाङ्गीण विकासको निमित्त यस अधिराज्यको विभिन्न प्रादेशिक क्षेत्र जस्तै हिमाल, पहाड र तराई प्रदेशमा एकले अर्काको आर्थिक एवं सामाजिक स्थितिलाई उकास्नमा समर्थ हुने खालको आर्थिक पृष्ठभूमि तयार पार्नु आवश्यक भएको कुरालाई यसभन्दा अगाडि विभिन्न पक्षमा विवेचना गर्दा उल्लेख गरिएको आर्थिक असन्तुलनबाट छर्लङ्ग हुन्छ । उपरोक्त विभिन्न प्रदेशहरूका आ-आफ्नै किसिमका प्राकृतिक एवं मानवीय साधन र शक्ति हुन्छन् र ती सबै किसिमका साधन र शक्तिलाई देशको आर्थिक उन्नतिमा सरीक गराउन आवश्यक देखिएको छ । तसर्थ चौथो पञ्च-वर्षीय योजना र आउँदा योजनाहरूमा प्रादेशिक असन्तुलनलाई कम गराउँदै लगेर सन्तुलित विकास गर्नु पर्ने कुरामा विशेष जोड दिई आएको छ । तदनुरूप पूर्वाञ्चल विकास क्षेत्रमा विराटनगरदेखि संखुवासभाको हेदाङनागढीसम्म एक विकासरेखाको परिकल्पना गरिएको छ । यस विकासरेखाले दक्षिणी तराई खण्डमा पूर्व–पश्चिम राजमार्ग, विराटनगरको विमानस्थल र छिमेकमा भारतीय रेलवे ष्टेशन आदिको सुविधा भएको मोरङ जिल्लालाई र उत्तरतर्फ परम्परागत व्यापार केन्द्र रहेको र तिब्बततर्फको मूलबाटोमा पर्ने हेदाङनागढीलाई जोड्दछ । यस रेखामा धरान, धनकुटा, चैनपुर, भोजपुर, खाँदवारी पनि पर्दछन् । पूर्वाञ्चल विकास क्षेत्रको विकास केन्द्र मानिएको धनकुटा यस रेखाको प्रायः मध्यभागमा पर्दछ । यो रमणीय स्थलले प्रशासनिक एवं व्यापारिक माध्यमबाट पूर्वाञ्चलका सबैजसो पहाडी र हिमाली प्रदेशका जनतालाई आपसमा आबद्ध गराउने परम्परागत भूमिकालाई कायमै राखेको छ । जुनप्रकारले सुनकोशी, अरुणकोशी र तमोरकोशी आदि नदीहरू हिमालदेखि बगेर आई धनकुटा जिल्लामा मिल्दछन् त्यस्तैगरी सबैजसो पहाडी मूलबाटोहरू धनकुटामा मिल्न आउने भएकाले धनकुटा बजार यस विकास क्षेत्रका पहाडी र हिमाली जिल्लाहरूको निम्ति एक साझा चौताराको रूपमा रहेकोछ भन्नु अत्युक्ति नहोला । यसै धनकुटालाई वर्तमानको प्रादेशिक योजनामा पूर्वाञ्चल विकास केन्द्र भनी तोकिएको छ । विकास कार्यको निम्ति श्री ५ को सरकारबाट यस विकास क्षेत्रको लागि छुट्टयाइएको रकम पनि क्षेत्रीय सन्तुलनलाई ध्यानमा राखी घटबढ गरिएको छ । त्यस अनुसार पूर्वाञ्चल विकास क्षेत्रमा विकास लगानी अन्य विकास क्षेत्रको तुलनामा निम्नानुसार छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकास लगानीको तुलनात्मक तालिका

विकास क्षेत्र	विभिन्न आर्थिक वर्षमा छुट्याइएको राष्ट्रिय बजेटको प्रतिशत		
	२०२९।३०	२०३०।३१	२०३१।३२
पूर्वाञ्चल	१५.५ प्रतिशत	१७.२ प्रतिशत	१३.३ प्रतिशत
मध्यमाञ्चल	४१.८ प्रतिशत	३९ प्रतिशत	३४.६ प्रतिशत
पश्चिमाञ्चल	१०.४ प्रतिशत	११ प्रतिशत	१२.६ प्रतिशत
सुदूर पश्चिमाञ्चल	७.६ प्रतिशत	१३ प्रतिशत	२०.५ प्रतिशत
विकास क्षेत्र खुलाउन नमिल्ने	२७.७ प्रतिशत	१९.८ प्रतिशत	१९ प्रतिशत

उपर्युक्त तालिका अनुसार यस विकास क्षेत्रमा आर्थिक वर्ष २०२९।३० को तुलनामा २०३०।३१ मा राष्ट्रिय बजेटको १.७ प्रतिशत बढी रकम छुट्याइएको थियो तर हाल ०३१।३२ को बजेटमा त्यसलाई गत वर्षको तुलनामा ३.९ प्रतिशत घटाइएको छ। चालू आर्थिक वर्ष ०३१।३२ मा यस विकास क्षेत्रमा सामाजिक सेवा तथा विविध शीर्षकमा गत वर्षभन्दा दोब्बर रकम छुट्याइएको भए तापनि निर्माण, सञ्चार तथा यातायात शीर्षकमा निक्कै कटौती गरिएको छ। त्यस्तै उद्योग वाणिज्य तथा विद्युत् आदिमा पनि उल्लेखनीय कटौती भएको छ। तर कृषि, सिचाइ, जलवायु विज्ञान, भूमिसुधार र वन वनस्पति शीर्षकमा छुट्याइएको रकम प्रायः यथावत न छ। यस विकास क्षेत्रको निम्ति गत तीन वर्षको विभिन्न शीर्षकमा छुट्याइएको रकम तल दिइन्छः—

पूर्वाञ्चल विकास क्षेत्रको तीन वर्षको विकास लगानी तालिका

शीर्षक	विभिन्न आर्थिक वर्षको बजेट रू. मा		
	२०२९।३०	२०३०।३१	२०३१।३२
कृषि, सिचाइ, जलवायु विज्ञान, भूमिसुधार र वन वनस्पति	२,४३,९२,६९१।	४,२१,६९,७६४।	४,२१,४४,०००।
निर्माण, सञ्चार तथा यातायात	७,३६,३७,५००।	७,१५,६४,६२०।	४,६२,६४,९७७।
उद्योग, वाणिज्य तथा विद्युत् आदि	३,३०,७२,०००।	४,८१,४०,९०४।	३,०४,९३,०००।
सामाजिक सेवा तथा विविध	१७,४३,८००।	१,७०,२२,२८३।	३,४३,७४,४३९।
जम्मा	१३,२८,४५,९९१।	१७,८८,९७,५७१।	१५,३२,७६,४१६।
राष्ट्रिय बजेटको प्रतिशत	१५.५ प्रतिशत	१७.२ प्रतिशत	१३.२ प्रतिशत

यो विकास क्षेत्रको उत्तरी भागमा हिमाली प्रदेशका निवासी शेर्पा र भोटे जातिका मानिसहरूको कृषि र पशुपालनको अतिरिक्त व्यापार पनि ठूलो आर्थिक टेवाको रूपमा रहिआएको छ। हाल शेर्पाहरू पर्यटन उद्योग तथा पर्वतारोहणमा आफ्नो आर्थिक आधार बसाल्न सफल भएका छन् तर संखुवासभा तथा ताप्लेजुङ्गका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोटेहरू भने मुख्यतः पशुपालन र व्यापारमा नै लागेका छन् तर यिनको व्यापार परम्परागत रूपमा नून र ऊनको व्यापार नभई घ्यू, छुरपी, जरीबूटी तथा लत्ताकपडा, साबुन आदिको व्यापार गर्न थालेका छन् । व्यापारको सिलसिलामा यिनीहरू उत्तरी खण्डबाट दक्षिणी भेकका पहाडी इलाका जस्तै हिले इत्यादि ठाउँमा आफ्नो नयाँ बस्ती कायम गर्न थालेका छन् । पहाडी भेकमा राई, लिम्बू र अन्य जातिका मानिसहरूको जीवन निर्वाहको आधार खेती नै छ । खेतीको अतिरिक्त जीवन निर्वाहको लागि अत्यावश्यक सामग्री जस्तो कपडा नून, मट्टितेल आदि विदेशबाट आयात हुने वस्तु खरीद गर्न नगदको आवश्यकता पर्ने हुन्छ । अतः केही नगद आर्जन गर्नको लागि यहाँका महिलाहरू केही कुटीर उद्योगमा लागेका छन् र पुरुषहरू भने अतिरिक्त आय स्रोतको खोजीमा भुटान, सिक्किम र भारततर्फ विभिन्न रोजगारी गर्न जान्छन् ।

हिमाली र पहाडी प्रदेशमा जनसंख्याको चाप बढ्न गई जमीन र जनसंख्याको सन्तुलन कायम रहन नसकेबाट तराईतर्फ बसाइँ सर्ने प्रक्रियाले एक निरन्तर रूप लिन थालेकोछ । यसको प्रत्यक्ष असरको रूपमा वन अतिक्रमण र अव्यवस्थित बसोबासको समस्यालाई लिन सकिन्छ ।

तराई क्षेत्रको उर्वर भूभागबाट औलो रोगको निर्मूल भए पछि त्यहाँका अधिकांश भू-भागमा वनलाई फाँडेर खेती गरिन थालिएको छ र समथल भू-बनावटको कारणले यातायातको पनि छिटो विकास हुन गएकोले औद्योगीकरणको लहर पनि यही प्रदेशमा केन्द्रित हुन थालेको छ । आर्थिक वर्ष २०२९।३० सम्म दर्ता भएका अधिराज्यका जम्मा ७५५ उद्योगहरूमध्ये यस विकास क्षेत्रमा १३३ उद्योगहरू (१७ प्रतिशत) छन् र तिनमा अधिकांश उद्योगहरू मोरङ र झापामा छन् । यी उद्योगमा काम गर्ने धेरैजसो मजदूरहरू भारतीय नागरिक छन् । उदाहरणस्वरूप विराटनगरको मोरङ जूट मिलसमा ८० प्रतिशत भारतीय नागरिकहरू काम गर्दछन् । २०२८ सालको जनगणना अनुसार झापामा ६.९ प्रतिशत र मोरङमा ७.२ प्रतिशत जनसंख्या भारतीय नागरिक देखिएकोछ । अधिराज्यको राष्ट्रिय तथ्याङ्कमा भारतीय नागरिक केवल १.१ प्रतिशतमात्र रहेको कुरालाई स्मरण गर्दा यो आँकडा निक्कै ठूलो छ । झापा तथा मोरङ जिल्ला अधिराज्यमा सबभन्दा बढी भारतीय नागरिक भएको पहिलो र दोस्रो क्रमका जिल्ला हुन् । यी जिल्लाहरूमा कृषि कार्यको निमित्त पनि भारतीय मजदूरहरू वर्षेनी भित्र आउँदछन् । यसप्रकार तराई क्षेत्रमा भएको विकास कार्यले उत्पन्न भएको रोजगारीका नयाँ नयाँ अवसरहरूमा बाहिरबाट आएका गैह्र नेपाली नागरिकहरूसँगसमेत प्रतिस्पर्धा गर्नु पर्दा स्थानीय जनताले रोजगारीको उचित मौका नपाउने र स्थानीय जनशक्तिमा विकास गरिनु पर्ने दक्षता पनि सुषुप्त रहने देखिन्छ । यसबाट अर्को कुराको पनि आभाश मिल्दछ कि हाम्रो तराई क्षेत्रमा बसाइँ सरिआएका पहाडतर्फका अधिकांश जनताहरू खेती कार्यमा नै रहन्छन् र खेती बाहेक अरू व्यवसाय भरपर्दो ठान्दैनन् र अरू कार्यमा हात हाल्न चाहँदैनन् । तसर्थ उद्योगको निम्ति खाँचो पर्ने दक्ष तथा अर्ध दक्ष जनशक्तिको निम्ति बाह्य श्रममा भर पर्नु परेको हुनसक्दछ । पूर्वाञ्चल विकास क्षेत्रको उद्योगमा यस्तो प्रवृत्ति देखिए तापनि एकै भौगोलिक स्थितिमा रहेको पूर्वाञ्चल विकास क्षेत्रको छिमेकी अञ्चलको जनकपुर चुरोट कारखानामा भने भारतीय नागरिकको संख्या साह्रैकम मात्र छ । यसरी फरक वस्तुस्थिति देखिनुमा के के कारणहरू प्रभावकारी छन् भन्ने कुराको लेखाजोखा हुनु भविष्यको निम्ति तर्जुमा गरिने योजनाहरूको लागि लाभदायक हुन्छ ।

सम्वत् २०१८ सालको उपस्थित जनसंख्यासँग २०२८ सालको जनसंख्यालाई तुलना गर्दा १० वर्षको अवधिमा यस विकास क्षेत्रको हिमाली प्रदेशमा सात प्रतिशतमात्र जनसंख्या वृद्धि भएको देखिन्छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराईतर्फ ४५ प्रतिशतले जनसंख्या वृद्धि भएको देखिन्छ। यसप्रकार तराई र त्यहाँको विशाल वन क्षेत्रले अधिराज्यमा अनियन्त्रित रूपमा वृद्धि हुँदै गएको जनसंख्याको भारलाई थाम्दै आएको छ तर तराईको भू-भाग पनि सीमित मात्र छ र यसले पनि सीमित जनसंख्या मात्र धान्न सक्छ भन्ने कुरालाई बिर्सन सकिन्न। त्यसकारणले रोजी रोटीको खोजीमा तराई झरेको जनतालाई वन फाँडेर जोत्नु बाहेक अरू विकल्प पनि बोध गराई यथोचित रोजगार उपलब्ध गराउनामा जागरुक कदम चालिनु आवश्यक छ।

पूर्वाञ्चल विकास क्षेत्रको तराई खण्ड अधिराज्यको खाद्य भण्डार हो। यहाँका पाँच जिल्लाहरूबाट ७१,४६८ मेट्रिक टन खाद्यान्न वचत हुन्छ भन्ने अनुमान गरिएको छ। अधिराज्यको कुल वचतको यो २३.६ प्रतिशत हुन आउँदछ। तर ती खाद्यान्न पहाडी एवं हिमाली जिल्लाका अन्नाभाव क्षेत्रमा पुऱ्याउने प्रभावकारी माध्यमको अभावले गर्दा विदेशतिर निर्यात हुन्छ। यस विकास क्षेत्रका पहाडी एवं हिमाली ११ जिल्लाहरू–मध्ये सोलुखुम्बू, संखुवासभा, ओखलढुङ्गा, खोटाङ, भोजपुर, तेह्रथुम, इलाम र पाँचथर गरी आठ जिल्लाहरूमा खाद्यान्नको अभाव हुन्छ। तसर्थ पहाडी जनजीवनमा जङ्गली गिट्टा, भ्याकुर आदिको पनि महत्वपूर्ण स्थान रहिआएको छ।

हिमाली एवं पहाडी क्षेत्रमा खाद्यान्न उपलब्ध गराउनामा अर्को जटिल समस्या क्रयशक्तिको छ। त्यहाँका जनतामा नगद आर्जन गर्ने सीमित क्षेत्र भएकोले क्रयशक्ति साह्रै निम्नस्तरको छ। तसर्थ तिनको श्रम-शक्तिको अधिक उपयोग हुने कार्यक्रम संचालन नभएसम्म तिनले रोग र भोकबाट मुक्त हुन सक्दैनन्।

यस विकास क्षेत्रमा पनि विभिन्न भौगोलिक क्षेत्रमा रहेको प्राकृतिक साधन र आवहवालाई ध्यानमा राखेर ठाउँ अनुसारको कार्यक्रम चलाउन श्री ५ महाराजाधिराजबाट बक्सेको निर्देशन अनुसार उत्तरी भेकमा पशुपालन, मध्य पहाडी भेकमा फलोद्यान र दक्षिणी मैदानतिर अन्न उत्पादनमा जोड दिनु पर्ने स्वसिद्ध छ।

हिमाली र पहाडी जिल्लाका बासिन्दाहरूको निम्ति पशुपालन तथा फलफूल खेती परम्परादेखि गरिआएको कामभन्दा नौलो काम होइन। त्यसकारण पशुपालनको निम्ति आवश्यक आधारभूत कुराहरू जस्तै असल नश्लको पशु, पर्याप्त चरन तथा आवश्यक ऋण उपलब्ध गराई तिनबाट पैदायस हुने दुग्ध पदार्थ, ऊन, मासु, छाला आदिको निम्ति उचित बजार व्यवस्था भएमा हिमाली तथा पहाडी जनश्रमबाट यथोचित उपलब्धि हासिल हुनसक्ने देखिन्छ। त्यस्तै पहाडी इलाकामा ठाउँअनुसारको फलफूल विशेषगरेर सुन्तला, ज्यामीर, कागती, जुनार, भूइँकटहर, स्याउ, आरू, नास्पाती आदि समशीतोष्ण हावापानीमा फष्टने फलफूलको व्यापक खेती भइदिएमा र ती फलफूललाई प्रशोधन गर्ने र तिनको बजार व्यवस्था सुलभ गराइदिएमा पहाडी भागले पनि जनसंख्याको ठूलो अंशलाई आश्रय दिन सक्ने हुन आउँदछ। त्यस्तैप्रकारले पहाडी क्षेत्रमा केही परिवर्तन ल्याउने भूमिका सिचाइ व्यवस्थाको पनि छ। पहाडी कृषिमा सिचाइतर्फ विशेष प्रगति भइसकेको छैन र यस क्षेत्रमा सिचाइको ठूलो आवश्यकता छ। आर्थिक वर्ष २०३०।३१ को सिचाइ लक्ष्यमा ओखलढुङ्गा, खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, तेह्रथुम र इलाम जिल्लाहरूमामात्र सिचाइ आयोजनाको उल्लेख छ र सबैजसो योजनाहरूमा सर्वेक्षण, संभाव्यता अध्ययन, विस्तृत डिजाइन र इष्टिमेट जस्ता प्रारम्भिक कुरालाई मात्र कार्यलक्ष्य बनाइएको देखिन्छ।[1]

पूर्वाञ्चल विकास क्षेत्रको पहाडी भागमा पश्चिमी नेपालमाभन्दा अधिक वर्षा हुने भएकोले बाढी पैरो पनि समस्याकै रूपमा खडा छ। यी पहाडी क्षेत्रमा भू-संरक्षणको कार्यलाई विशेष स्थान नदिएमा एकातिर

१ राष्ट्रिय योजना आयोग पूर्वाञ्चल विकास क्षेत्रको ०३०।३१ को अर्ध वार्षिक प्रगति विवरण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी क्षेत्रको उर्वर माटो सबै बगेर जान्छ भने तराई क्षेत्रमा संचालित ठूला सिंचाइ योजना, विद्युत् योजना इत्यादिमा बालुवा अनियन्त्रित रूपमा वृद्धि हुन गई आयोजनाहरू विफल हुन जाने सम्भावना रहन्छ । यसको अतिरिक्त बाढीले तराईको खेती डुब्ने र बग्ने सम्भावना बढी व्याप्त रहन्छ ।

पूर्वाञ्चलको तराई प्रदेशमा खाद्यान्न उब्जनीमा बढी जोड दिने सन्दर्भमा त्यहाँ निर्माण हुने कन्काई आयोजना, चतरा फील्ड च्यानल, कोशी पश्चिम नहर समेतबाट कुल १,१६,००० हेक्टर जमीन सिंचाइ गरिने लक्ष्य छ । यस लक्ष्य हासिल भएमा यस क्षेत्रमा कृषिको ठूलो विकास हुनेछ ।

पूर्वाञ्चल विकास क्षेत्रको आन्तरिक सम्पर्कलाई मजबूत बनाउनमा धरान–धनकुटा बाटो र इलाम-बुधवारे बाटोको निर्माणले आमूल परिवर्तन ल्याउने छ भने धनकुटा दोलालघाट बाटोको निर्माणबाट अन्तर-क्षेत्रीय सम्पर्कलाई बढाई विकासलाई अरू गति प्रदान गर्ने स्पष्ट छ ।

पूर्वाञ्चल विकास क्षेत्रमा विकासका सम्भाव्यताहरूलाई केलाएर हेर्दा सोलुखुम्बू जिल्लामा पर्यटनको ठूलो विकास हुन सक्ने देखिन्छ र अन्य हिमाली जिल्लामा घरेलु उद्योग, पशुपालन र बागवानी विकासबाट ठूलो आर्थिक टेवा मिल्ने स्पष्ट छ । तराई खण्डमा जनसंख्याको चापलाई सन्तुलित गराउनको निम्ति कृषि क्षेत्रमा सघनता ल्याई भएकै जमीनबाट बढी उब्जाउ गराउनामा जोड दिने कार्यक्रम राखिनु आवश्यक छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ताप्लेजुङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	५१
प्राकृतिक स्वरूप र सम्पदा	५३
ऐतिहासिक पृष्ठभूमि	६०
प्रमुख स्थानहरू	६२
जनसंख्या र जनजीवन	६६
आर्थिक व्यवस्था	७४
यातायात र सञ्चार	८४
शिक्षा, स्वास्थ्य र खानेपानी	८८
प्रशासन र पञ्चायत	९२
उपसंहार	९४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

"ताप्ले" राजाको "जोङ्ग" (किल्ला) भएको पुरानो कथनबाट ताप्लेजुङ्ग नाम रहेको यो जिल्ला अधिराज्यको सुदूर उत्तर–पूर्वी भागमा अवस्थित एक महत्वपूर्ण जिल्ला हो। ताप्लेजुङ्ग जिल्ला गणतन्त्र चीन र सिक्किम दुबैसँग सीमाना गाँसिएको अधिराज्यको एक मात्र जिल्ला हो। तिब्बत स्वशासित प्रान्तको राजधानी ल्हासाबाट सबैभन्दा नजीक पर्ने नेपालको जिल्ला पनि यही नै हो। पूर्वाञ्चल विकास क्षेत्रका जिल्लाहरू मध्ये सबैभन्दा कम जनघनत्व र सबैभन्दा तेस्रो ठूलो क्षेत्रफल भएको जिल्ला पनि ताप्लेजुङ्ग नै हो।

यो जिल्ला २७° १५' देखि २७° ५६' उत्तरी अक्षांश र ८७° ३२' देखि ८८° १५' पूर्वी देशान्तर–भित्र पर्दछ। समुद्रको सतहदेखि यस जिल्लाको उचाई करीव ७७७ मिटर (२,५५० फीट) देखि ८,५९८ मिटर (२८,२०१ फीट) सम्म छ। यसको उत्तरी सीमाना टिप्ताला घाँटीदेखि दक्षिणी साँध काबेली खोलासम्मको लम्बाई करीव ९६ किलोमिटर (३० कोस) र पूर्वी सीमानाको याम्फुदिन गाउँ पञ्चायतदेखि पश्चिम सीमाना पापुङ गाउँ पञ्चायतसम्मको चौडाई करीव ७२ किलोमिटर (२२ कोस) छ। यो जिल्ला उत्तरतर्फ पूर्व–पश्चिम हुँदै फुक्दै गएको र दक्षिणतिर साँगुरिदै गएको छ।

यो जिल्लाको उत्तरमा गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रको सर्रतिङ्के जोङ्ग प्रान्त, पूर्वमा सिक्किमको गेजिङ र सोसिङ्ग जिल्लाहरू, दक्षिणमा कोशी अञ्चलको तेह्रथुम जिल्लाको दक्षिण–पूर्वी भाग र मेची अञ्चलको पाँचथर जिल्ला तथा पश्चिममा तेह्रथुम जिल्लाको उत्तर–पूर्वी भाग र कोशी अञ्चलको संखुवासभा जिल्ला पर्दछन्।

अधिराज्यभित्रको दोस्रो र विश्वको तेस्रो उच्च हिमाल कञ्चनजङ्गा ८,५९८ मिटर (२८,२०१ फीट) यही जिल्लाभित्र पर्दछ। विश्वभरिमा सबैभन्दा सुन्दर कहलिएको "सिङ्गलिला" श्रृङ्खलाले यो जिल्लाको पूर्वी भागलाई बेरेको छ।

कृषि, व्यापार र "गोर्खा भर्ती" यस जिल्लाका प्रमुख व्यवसाय हुन्। तमोर नदी र यसैका सहायक नदीहरूले एकतर्फ भूमि सिंचित पारेका छन् भने अर्कोतर्फ यिनैले दैवी प्रकोप पनि ल्याएका छन्। धान, मकै र कोदो यस जिल्लाका प्रमुख बालीहरू हुन्। भोटसँगको नून, ऊन र अन्न सटहीको व्यापार दिनप्रति दिन घटी रहेको साथै विदेशी राष्ट्रहरूले गोर्खा भर्तीमा पनि कटौती गर्दै लगिरहेको हुनाले जिल्लावासीहरूलाई अतिरिक्त पेशाको खोजीमा तराईतिर झर्नु परिरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओलाङचुङको गलैंचा र छुर्पीले पूर्वी पहाडमा निक्कै ख्याति पाइसकेका छन् । स्थानीय ढाका अथवा लिम्बूनीहरूले बुनेको ढाकाको टोपीको लोकप्रियता पनि दिनहुँ बढिरहेको छ ।

शिक्षा र स्वास्थ्य सेवा पर्याप्त मात्रामा पुगिसकेको छैन। यातायातको खराब स्थितिलाई यस जिल्लाको दुर्गमताको मापदण्डको रूपमा हेर्न सकिन्छ । योजनावद्ध रूपमा विकास कार्यहरूको कार्यान्वयन हुन सके यस जिल्लामा पशुपालन, फलफूल खेती र घरेलु उद्योगको क्षेत्रमा धेरै योजनाहरू परिचालन गर्न सकिन्छ ।

कुल ३,१५८ वर्ग किलोमिटर क्षेत्रफल भएको यस जिल्लामा ४१ वटा गाउँ पञ्चायतहरू छन् । २०२८ सालको जनगणनानुसार यो जिल्लाको जनसंख्या ८४,७१५ छ । ताप्लेजुङ्ग, फुङलिङ बजार र ओलाङ-चुङगोला जिल्लाका प्रमुख स्थानहरू हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

नेपाल अधिराज्यको उत्तर–पूर्वी सीमानामा स्थित ताप्लेजुङ्ग जिल्ला करीब ६७० मिटर (२,२०० फीट) देखि ८,५९८ मिटर (२८,२०१ फीट) सम्मका उच्च भू-भाग भएको एउटा हिमाली जिल्ला हो। उत्तरी क्षेत्रमा यस जिल्लाको तीनतिर हिमालहरू पश्चिमबाट पूर्वमा क्रमशः लुम्बासुम्बा, उम्भेक तथा सिङ्गलिला अथवा कुम्भकर्ण हिमालले घेरिएका छन्। दक्षिणतिरको भाग ठूल ठूला नदीहरूले काटेर बनाएका होचो बेंसीहरूमा निक्कै गरमी हुन्छ। यसरी बेंसी, पहाडी लेक तथा हिमाली क्षेत्रले संलग्न यस जिल्लाको प्राकृतिक स्वरूपहरू एक ठाउँबाट अर्को ठाउँमा निक्कै भिन्न पाइन्छन्।

भौगोलिक बनावट

भौगोलिक बनावट अनुसार यस जिल्लालाई मोटामोटी तीन प्राकृतिक खण्डमा विभाजन गर्न सकिन्छ।

(१) हिमाली प्रदेश
(२) पहाडी प्रदेश
(३) बेंसी

हिमाली प्रदेश

जिल्लाको प्रायः सबै उत्तरी खण्ड जुन ५,००० मिटर (१६,५०० फीट) भन्दा अग्ला छन्, संधै हिउँले ढाकिरहन्छन्। विश्वमा तेस्रो अग्लो चुचुरो कञ्चनजङ्घा पनि यसै क्षेत्रभित्र पर्दछ। यस जिल्लाभित्र पर्ने तीन महत्वपूर्ण डाँडाहरूमा लुम्बासुम्बा उत्तर दक्षिण, उम्भेक पूर्व–पश्चिम तथा सिङ्गलिला अथवा कुम्भकर्ण पनि उत्तर–दक्षिण भई फैलिएर रहेका छन्। उम्भेक हिमालको पूर्व पट्टिको आधा भागलाई जनक हिमाल पनि भन्ने गरेका छन्। ज्यादै अग्लो ठाउँमा स्थित भई सँधै हिउँले ढाक्ने हिमालबाट उत्पत्ति भएर आएका धेरै हिमनदीहरू छन्। त्यसमध्ये यालुङ्ग, यामातारी, जानो, रामतान, कञ्चनजङ्घा, नपथे आदि हिमनदीहरू प्रख्यात छन्। यी हिमनदीहरू तल गरम प्रदेशमा आएपछि ठूल ठूला नदी बन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वको तेस्रो उच्च हिमाली टाकुरा कञ्चनजङ्गा, यसै जिल्लाको पूर्वी सीमानामा परेको कुरा माथि नै उल्लेख भइसकेको छ। यस बाहेक यस जिल्ला भित्र परेका चुचुराहरूका नाम यस प्रकार छन्:—

खाङ्वाचेन ७,९०२ मिटर (२५,९२५ फीट), जान्नु हिमाल ७,७१५ मिटर (२५,२९४ फीट), जोङसाङ ७,४७३ मिटर (२४,५१८ फीट), डोम ७,४४२ मिटर (२४,४१६ फीट), टेन्टपिक ७,३६५ मिटर (२४,१६४ फीट), दि टुइनस ७,३५० मिटर (२४,११७ फीट), तालुङ ७,३४९ मिटर (२४,१११ फीट), काबु ७,३३८ मिटर (२४,०७६ फीट), नेपालपिक ७,१४५ मिटर (२३,४४३ फीट), दि प्यारामिड ७,१२३ मिटर (२३,३६९ फीट), उरुभेक ५,८३८ मिटर (१९,०८०फीट), लुम्बासुम्बा ५,७६१ मिटर(१८,९०० फीट), यार्फुदिन हिमाल, याङलाकाङ, दिङगासम्बा, उगेरी र अन्य स-साना कैयौं हिमालहरू यो जिल्लामा छन्। विश्वभरिमा सुन्दर कहलिएको सिङ्गलिला हिम श्रृङ्खलाले यो जिल्लाको पूर्वी भागलाई अद्वितीय सौन्दर्य प्रदान गरेको छ। ज्यादै उच्चाईमा परेको भाग भएको हुँदा मानिसहरूको बस्तीको लागि यो प्रदेश उपयोगी छैन।

पहाडी प्रदेश

करीब ५,००० मिटर(१६,५०० फीट) भन्दा होचो १,०६६ मिटर (३,५०० फीट) सम्मको भू-भागमा विभिन्न किसिमका पर्वतीय श्रृङ्खलाहरू भरिपूर्ण छन्। भू-उपयोगको दृष्टिकोणबाट यस प्रदेशलाई अन्य दुई भागमा विभाजन गर्न सकिन्छः— (क) लेकाली भाग र (ख) पहाडी प्रदेश।

करीब २,४४० मिटर (८,००० फीट) देखि माथि हिमरेखासम्मको उच्च भाग लेकाली प्रदेशको नाउँले प्रख्यात छ। यहाँ हिउँदमा हिउँ पर्ने भई ज्यादै जाडो हुने गर्दछ। वर्षा कालमा हिउँ पग्लेर गएपछि यो ठाउँ अत्यन्त रमणीय हुन्छ। यसबेला यहाँ चौर तथा पाटाहरूमा विभिन्न किसिमका घाँसहरू पलाउने हुँदा ठाउँठाउँमा भेडा, बाखा, चौंरीका गोठ तथा खर्कहरूमा गोठालाहरूको विशेष रूपले जमघट हुन्छ। यस क्षेत्रको धेरै जसो ठाउँहरूमा तीखा धारका श्रेणीहरू हिमालय पहाडदेखि शुरू भएर आएका छन्। यी पहाडी भागमा विशेषगरी ठूल–ठूला ढुङ्गाहरू सतहमा देखा परिरहेका हुन्छन्। एक दुई लेकाली बाली बाहेक खेतीको लागि पनि यो ठाउँ सुहाउँदो छैन। यस प्रदेशभित्र परेका केही मुख्य डाँडाहरूमा भोंसे डाँडा, ओया डाँडा, लोछ डाँडा, मुरीला डाँडा, सरमाला डाँडा, देउराली थान डाँडा आदि प्रख्यात छन्। यी सबै डाँडाहरू ११,००० फीट-भन्दा अग्ला छन्।

लेकाली क्षेत्रभन्दा मुनि अर्थात् ३,५०० फीट देखि ८,००० फीटसम्मको भू-भागलाई यस जिल्लामा पहाडी प्रदेशको रूपमा लिन सकिन्छ। ज्यादै गरम पनि नहुने, ज्यादै जाडो पनि नहुने यस पहाडी क्षेत्र मानिसहरूको लागि निकै सुहाउँदो भएको हुँदा यहाँ अलि बाक्लो बस्ती छ। यो क्षेत्र धेरै साना ठूला पर्वतहरूको संगम स्थल हो। उत्तरतर्फबाट फैलिएर आएका श्रेणीहरू जिल्लाको दक्षिण सीमानामा आएर अन्त हुन्छन्। यिनै श्रेणीहरूका बीचबाट बग्ने साना ठूला खोलाहरूका दुबैतिरका पहाडी ढालहरूमा खेतीयोग्य जग्गा बनाई मानिसहरू बसोबास गरिरहेका छन्। पत्रे तथा परिवर्तित चट्टानहरूले युक्त यस प्रदेश नेपाल अधिराज्यको मध्यवर्ती पहाडी प्रदेशको नाउँबाट पनि प्रख्यात छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेंसी

जिल्ला भित्रबाट बगेर गएका ठूला–ठूला नदीहरूले काटी बनाएका बेंसीहरू होचा भएको हुँदा त्यहाँ निक्कै गरम हुन्छ। विशेष गरी तमोर, मेवा तथा काबेली नदीहरूका बेंसीहरू उल्लेखनीय छन्। नदीले थुपारेको मलिलो माटोले गर्दा यस क्षेत्र खेतीको लागि निक्कै उपयुक्त छ। ठूला नदीहरूमा मिल्न आउने स-साना सहायक नदी तथा खोलाहरूले बनाएको जग्गा खेतीको लागि अझै महत्वपूर्ण हुन्छ। प्रायः यी सबै बेंसीहरू निक्कै साँगुरा भई कुनै कुनै ठाउँमा मात्रै फराकिलो पाइएका छन्।

नदीनालाहरू

नेपाल अधिराज्यको उत्तर–पूर्वी सीमानामा स्थित ताप्लेजुङ्ग जिल्लाको सम्पूर्ण उत्तरी खण्ड हिमालयका अग्ला टाकुराहरूले भरिपूर्ण छ। यिनै हिमालय पर्वत तथा अन्य पहाडी भागबाट उत्पत्ति भएका अनगिन्ति खोला तथा नदीहरूमध्ये तमोर नदी सबभन्दा महत्वपूर्ण हो। यस बाहेक जिल्लाका ठूलठूला खोलाहरू मेवा खोला, पुन्सा खोला, काबेली खोला, याङ्ग्वा खोला आदि प्रख्यात छन्। यस जिल्लाभित्रका प्रमुख तमोर नदी तथा यसमा मिल्न आउने खोलाहरूको वर्णन यमप्रकार छ।

तमोर नदी

पूर्वी नेपालको महत्वपूर्ण सप्त कोशी नदीको सहायक नदीहरूमध्ये सबभन्दा पूर्वी सीमानाबाट बगेर आउने तमोर नदी हो। यसको मुहान जिल्लाको उत्तर–पश्चिमको कुना उम्भेक हिमाल र लुम्बासुम्बा हिमालको संगम स्थलमा स्थित छ। जिल्लाभित्र यस नदीको उद्गमस्थानदेखि दक्षिणमा नाङ खोल्याङ्ग पञ्चायतको मेवाखा गाउँसम्मको दूरी करीव ७६.८ किलोमिटर (२४ कोस) पर्न आउँछ। यहाँबाट यो नदी तेह्रथुम र पाँचथरको सीमाना बन्दै धनकुटा जिल्ला भएर भोजपुर, उदयपुर, सुनसरी र धनकुटा जिल्लाहरूको संगमस्थलमा अरूण र सुनकोशी नदीमा मिलेपछि विशाल सप्त कोशीको रूप धारण गर्दछ।

जिल्लाभित्र यस नदीमा मिल्न आउने साना ठूला सहायक खोलाहरू छन्। करीव १६,००० फीट माथिबाट उत्पत्ति भएको यो नदी सिधा दक्षिण बगेर जान्छ। ओलाङचुङगोलाको करीव तीन किलोमिटर दक्षिणमा पूर्व तर्फबाट आउने याङ्ग्बा खोला मिल्न आउँछ। त्यसपछि पश्चिमतिरबाट दानजोङ्ग खोला मिल्दछ। लेलप पञ्चायतनिर पुगेपछि कञ्चनजङ्घा हिमनदी पग्ली बगेर आउने पुन्सा खोलाले यस नदीलाई ठूलो पारिदिन्छ। त्यहाँबाट यस नदीको दाँयाबायाँ बगेर आउने अनगिन्ति खोलाहरूको पानी बोकी दक्षिण पश्चिम–तर्फ लाग्दछ। खोकलिङ्ग पञ्चायतको दक्षिण सीमानामा पुगेपछि मेवा खोला थपिन आउँछ। त्यसपछि पश्चिम–तिरबाट बगेर आउने मइवा खोलाको पानी सहित भएर दक्षिण पूर्वतर्फ बगेर जान्छ। नाङ खोल्पाङ्ग पञ्चायतको मेवाखा गाउँको अलि दक्षिणमा सिङ्गलिला श्रेणीबाट उत्पत्ति भई आउने अर्को ठूलो काबेली खोलाले यस नदीलाई विशाल बनाइदिन्छ। यसरी जिल्लाभित्रका सबै नदी तथा खोलाहरूको संयुक्त पानीको मुस्लो नै तमोर नदी हो भनेमा अत्युक्ति नहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तमोर नदी निक्कै उचाईबाट उत्पत्ति भई थोरै दूरीमा होचो भागमा पुग्ने हुँदा यस नदीको जोड निक्कै ठूलो भएको छ । त्यसैले यस नदीले ठाउँ ठाउँमा गहीरो गल्छी तथा खोंच बनाएर बगेकोबाट भविष्यमा हजारौं किलोवाटको विद्युत् शक्ति निकाल्ने सम्भावना छ। यस नदीमा ताप्लेजुङ्ग जिल्लाभित्र मात्रै आठवटा भन्दा बढी ठाउँमा पुलहरू छन्। यो जिल्लाका मानिसहरू यस नदीको खोंचै खोंच भएर तिब्बत जाने गर्दछन् ।

ताल र छहराहरू

यस जिल्लाको सबैभन्दा ठूलो ताल सिंजेमा ताल हो। यो ताल ओलाङ्चुङ्गोला गाउँ पञ्चायतमा पर्दछ। यो तालको वरपर घुम्न कोसौंको बाटो हिंड्न पर्दछ । यो ताललाई धार्मिक दृष्टिकोणबाट पनि मानिस-हरू मान्दछन्। वर्षेनी सयौं मानिसहरू यस तालको दर्शन गर्न आउने गर्दछन्। लिम्बूहरू यस ताललाई "मानस ओरक" पनि भन्दछन्।

ओलाङ्चुङ गाउँ पञ्चायतमा नुप, नुराक, लामपोखरी आदि नाम गरेका अरू पाँचवटा पोखरीहरू पनि छन्। नाल्वू गाउँ पञ्चायतभित्र तीन पोखरी, काली पोखरी र कोशा पोखरी नाम गरेका तीनवटा पोखरीहरू छन्। पापुङ गाउँ पञ्चायतमा सिवाताल, रातेपोखरी र सदुपोखरी तथा खेवाङ गाउँ पञ्चायतमा इवा पोखरी, हाँडी पोखरी र सिवापोखरीहरू छन्। पापुङ गाउँ पञ्चायत र ताल्वू गाउँ पञ्चायतको बीचमा अरू १२ वटा जति पोखरीहरू छन्। तर यिनीहरूको सम्बन्धमा धेरै कुरा प्रकाशमा आएका छैनन्।

यस जिल्लाको छहराहरूमा जम्मा दुई छहराहरू प्रख्यात छन् :– (१) टिपताला छहरा (२) इलाडाँडा फेंदी छहरा (स्थानीय भोटे भाषामा "छु धप धप" पनि भनिन्छ)। टिपताला छहरा ओलाङ्चुङ गाउँ पञ्चायतमा पर्दछ। यहाँ जिल्लाको प्रमुख नदी तमोर नै एक छाँगोको रूपमा डाँडाबाट सयौं फीट तल झरेको छ । इलाडाँडा फेंदी छहरा चाहिं लेलेप गाउँ पञ्चायतमा पर्दछ। यो अति सुन्दर छाँगो हो। यो छाँगो ताप्लेजुङ्गबाट ओलाङ्चुङ जाने बाटोमा पर्दछ। यी छहराहरू बाहेक ओलाङ्चुङ बजारभन्दा माथि अरू पनि कैयौं स-साना छहराहरू छन् ।

हावापानी

समुद्र सतहबाट ७७७ मिटर देखि ८,५९८ मिटरसम्मको उच्चाईमा अवस्थित हुनाले यो जिल्लामा विभिन्न किसिमको हावापानी हुनु स्वभाविकै हो। बंगला खाडीको नजीकमा पर्ने अधिराज्यको भाग हुनाले यो जिल्लामा मनसुनी वर्षा बढी हुने गर्दछ। जिल्लाको उत्तरी भागको धेरै जसो इलाका सदैव हिउँले ढाकिरहने हुँदा यस भेकमा असाध्य जाडो हुन्छ। जिल्लाको दक्षिण भेगमा तमोर नदीको बेंसीतिर निक्कै गर्मी हुन्छ।

यस जिल्लामा ओलाङ्चुङ, पाङ्दाङ डोमा, लुङ्थुङ, तापेथोक र ताप्लेजुङ्गमा गरी जम्मा पांच स्थानहरूमा मौसम अवलोकन केन्द्रहरू छन्। ताप्लेथोक र ताप्लेजुङ्गमा तापक्रम र सापेक्षिक आर्द्रता समेत नाप्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यन्त्र जडान भएका छन् तर ओलाङचुङ, पाङदाङडोमा र लुङथुङ यी तीन स्थानहरूमा केवल वर्षा नाप्ने यन्त्रहरू मात्र छन्। ओलाङचुङ र पाङदाङडोमा केन्द्रहरूले हिमाली भेक, लुङथुङ र ताप्लेथोक केन्द्रहरूले जिल्लाको मध्य भाग र ताप्लेजुङ्गको केन्द्रले जिल्लाको दक्षिणी भेगको जलवायुलाई अध्ययन गर्ने आधार दिएको छ।

ताप्लेथोक र ताप्लेजुङ्ग मौसम अवलोकन केन्द्रहरूद्वारा अभिलेख गरिएको सन् १९७० को बाह्रै महीनाको तापक्रम तलको तालिकामा दिइएको छ। उक्त अभिलेख अनुसार ताप्लेथोकमा सबैभन्दा बढी तापक्रम ३२.६ डिग्री सेण्टिग्रेड मे महीनाको १४ तारीखमा र सबैभन्दा कम तापक्रम ३.२ डिग्री सेण्टिग्रेड जनवरी महीनाको १३ तारीखमा पुगेको देखिन्छ। त्यस्तै सन् १९७० मै ताप्लेजुङ्गको मौसम अवलोकन केन्द्रमा सबैभन्दा बढी तापक्रम २८.३ डिग्री सेण्टिग्रेड अगष्ट महीनाको २२ तारीखमा र सबैभन्दा कम तापक्रम १.५ डिग्री सेण्टिग्रेड जनवरी महीनाको १३ तारीखको दिन पुगेको देखिन्छ।

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	ताप्लेथोक औसत अधिकतम	ताप्लेथोक औसत न्यूनतम	ताप्लेजुङ्ग औसत अधिकतम	ताप्लेजुङ्ग औसत न्यूनतम
जनवरी	१८.४	६.१	१३.२	३.८
फेब्रुअरी	२०.८	७.३	१५.१	५.३
मार्च	२४.५	१०.९	१९.४	८.६
अप्रिल	२७.१	१४.९	२३.१	१३.०
मे	२८.५	१६.९	२४.६	१५.१
जून	२८.०	१८.३	२४.२	१७.३
जुलाई	२७.३	१८.८	२४.२	१८.०
अगष्ट	२७.५	१८.५	२४.७	१७.६
सेप्टेम्बर	२७.२	१७.७	२४.०	१६.७
अक्टोबर	२६.७	१४.२	२२.८	१२.८
नोभेम्बर	२३.६	९.८	१८.५	८.३
डिसेम्बर	२१.३	६.८	१५.८	५.३
वार्षिक औसत	२५.०	१३.३	२०.८	११.८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताप्लेजुङ्ग जिल्लामा पाँचवटा वर्षामापन केन्द्रहरू छन् । ती केन्द्रहरूद्वारा सन् १९७० को बाह्र महीनामा अभिलेख गरेका वर्षाको तालिका तल दिइएको छ ।

वर्षाको तालिका (मिलीमिटरमा)

महीना	ओलाङचुङ (३०४८ मिटर)	पाङदाङ (२८१८ मिटर)	लुङथुङ (२४३८ मिटर)	ताप्लेथोक (१३७२ मिटर)	ताप्लेजुङ्ग (१७६८ मिटर)
जनवरी	२५.४	२.५	१९.५	७.९	३.२
फेब्रुअरी	६६.२	७.६	१२२.५	६७.९	१४५.७
मार्च	६.५	२३.६	५४.०	२८.९	१९.५
अप्रिल	३८.१	७१.८	४३.५	१०२.७	३८.७
मे	१०३.२	७१.२	८६.४	१५०.०	१७६.७
जून	२४१.५	१६०.४	११७५.५	३४४.१	३४४.४
जुलाई	३८२.०	२९४.९	५८४.०	५८४.१	४०७.४
अगष्ट	३६७.१	३९६.८	६५८.६	५७२.८	४२०.८
सेप्टेम्बर	२०२.०	१५०.६	३६०.४	५००.३	३४६.३
अक्टोबर	२५.४	३१.८	९८.२	३९.१	२३.८
नोभेम्बर	३.८	१२.०	२४.२	४५.७	६.८
डिसेम्बर	०.०	०.०	०.०	०.०	०.०
वार्षिक जम्माः–	१४६१.२	१२५३.२	३२२९.८	२४४३.५	१६३३.३

उपर्युक्त तालिकाबाट यो देखिन्छ कि सबैभन्दा बढी बर्षा लुङथुङ र सबैभन्दा कम वर्षा पाङदाङडोमा क्षेत्रमा हुन्छ। तालिका अनुसार सन् १९७० मा ओलाङचुङ गोलामा सबैभन्दा बढी वर्षा जुलाई र अगष्ट महीनामा भयो । त्यस्तै पाङदाङ डोमामा जुलाई र अगष्टमा सबैभन्दा बढी वर्षा भएको देखिन्छ । यी पाँचै केन्द्रहरूमध्ये सबैभन्दा बढी वर्षा लुङथुङमा जून महीनामा भएको थियो । उक्त वर्षमा ओलाङचुङमा २४ घण्टामा सबैभन्दा बढी वर्षा ३८.१ मिलिमिटर फेब्रुअरीको २० तारीखको दिन भएको देखिन्छ । लुङथुङमा २६१.२ मिलिमिटर जूनको ८ तारीखमा, ताप्लेथोकमा ८४.८ मिलिमिटर सेप्टेम्बरको २२ तारीखमा र ताप्लेजुङ्गमा १०४.० मिलिमिटर मे महीनाको १७ तारीखको दिन सबैभन्दा बढी वर्षा भएको थियो ।

प्राकृतिक वनस्पति

ताप्लेजुङ्ग जिल्लाको वन सम्पदाको विषय बारे वैज्ञानिक तरीकाको तथ्याङ्क प्राप्त छैन। वन वनस्पतिका प्रकारको विषयमा करीव १२६ वर्ष पहिले जोसेफ हुकर भन्ने एक वैज्ञानिकले यस क्षेत्रको भ्रमण गरी निक्कै कुरा पत्ता लगाएका थिए । सिक्किमसँगै जोडिएको जिल्ला भएकोले यहाँको वन वनस्पति वा अन्य प्राकृतिक कुराहरू सिक्किमसँग धेरै मिल्दो छ ।

जिल्लाको उत्तरी भाग हिमाली शृङ्खलाहरूले भरिपूर्ण छ र त्यहाँ स्थायी रूपमा हिउँ नजम्ने भागमा लेकाली फूल बिरूवाहरू प्रचुर मात्रामा पाइन्छ । साउन–भदौको महीनामा ४,००० मिटरदेखि ५,०००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिटरसम्मका क्षेत्रका घाँसे मैदानहरू वृहत् रूपमा रङ्गीबिरङ्गी फूलले भरिपूर्ण हुन्छन् । लेकाली फूलहरूमा विशेष ख्यातिप्राप्त फूलहरू प्रिमुला, मेकोनाप्सीस, पदमचाल, सूर्यफूल, सर्मागरू, पाषण भेद आदि हुन् । तिनका अतिरिक्त झार र बुटेनहरूमा विशेषगरेर सुनपाते, भैरूमपाते, धूपी आदि प्रशस्त मात्रामा यत्र तत्र पाइन्छ । माटो जमिनसकेका पहराहरूका ठूलठूला चट्टानमा झ्याउ र कहीं कहीं स-साना फूल बिरूवा पनि पाइन्छन् । वृक्षरेखा र त्यसको हाराहारी (४,००० मिटर) तिर भोजपत्रको वन पाइन्छ । त्यस क्षेत्रमा विभिन्न जातका गुराँस र चिमालहरू विभिन्न मात्रामा रहेका हुन्छन् । यस उचाइभन्दा केही तल ३,००० मिटरसम्म गोब्रेसल्लाको घना जङ्गल पाइन्छ । पहाड परेको भागमा भने गुराँस, अंगेरी, खस्रु, चाँप आदिको वन पाइन्छ । यस क्षेत्रभन्दा मुनि पर्ने भागमा धेरै जमीन खेतीमा परिणत भई वन जङ्गल थोरै मात्र पाइन्छ । विशेषगरेर २,००० मिटरभन्दा मुनि वन साह्रै थोरै मात्र पाइन्छ । पहाडी भागमा गाउँ घरको छेउ छाउमा सियाल परेको र खहरे आदि पनि नजिकै परेको भागमा उत्तिसको वन फस्टाउँदछ ।

जिल्लाको दक्षिणी भागमा पर्ने २,००० देखि ३,००० मिटरको उचाई पर्ने पहाडी क्षेत्रमा अंगेरी, बाँझ, गुराँस, फलाँट, स्याग्नोलिया इत्यादि भएको वन पाइन्छ । बेंसी भागमा चिलाउने र कटुसको वन थोरै बाँकी छ । रातो माटो भएको पाखामा केही सालका घारीहरू र अरू ठाउँ ठाउँमा बाँसका झाँग, पिपल, रूख कटहर, केरा, नागकेशर आदि बोट बिरूवा पाइन्छ । माया खोला, मेवा खोला, तमोर नदी आदिको बेंसीहरूमा केही खयर र सिसौ पनि पाइन्छ ।

यो जिल्लाको जरीबूटीमा विष, विषमा, जटामसी, कुटकी, चिराइतो, पद्मचाल, हत्ताजडी (पाँच औंले) नागवेली पिठो, पाषाण भेद आदि मुख्य हुन् ।

पशु–पक्षी

यो जिल्लाको उत्तरी भेकका हिमाली कन्दराहरूमा झारल, कस्तूरी, थार, नावर, भालू, हिम–ब्वाँसो आदि पाइन्छन् । यो जिल्लामा हुकरले देखेको वनभेडा नेपालको अन्य भागमा पाइएको छैन । त्यस्तै यहाँ वनघोडा पनि पाइने अनुमान छ । पहाडी भागमा भालू, चितूवा, वन बिरालो, लोखर्के, मलसाँप्रो, बनेल, दुम्सी, स्याल, बाँदर, ढेड्, आदि पाइन्छ ।

चराचुरूङ्गीहरूमा हिमालतिर चिलामे, हिम मलेवा, कंगमो, डाँफे, मोनाल पाइन्छ भने पहाडी भागमा लुईंचे, कालिज, कोइली, पिउरा, तित्रा आदि पाइन्छ ।

खनिज पदार्थ

यस जिल्लाको योजनाबद्धरूपले भौगर्भिक सर्वेक्षण अझसम्म भएको छैन । तर यो जिल्लामा प्रशस्त खानीहरू पाइने सम्भावना छ । ताप्लेथोकमा शिशा खानी, खोकलिङ र तेल्लोक गाउँहरूमा र खाम्लुङ गाउँ पञ्चायतको सिवारा भन्ने स्थानमा तामा खानी, ममाङ्खे र धुन्सान्याङमा बीचमा र तेल्लोक गाउँ पञ्चायतमा भेलोर (टुरमालोन) खानी, याङमा र सिंङसावुमा अभ्रक खानी अनि खोकलिङ्ग गाउँ पञ्चायतमा र खाम्लुङ गाउँ पञ्चायतको खोला खानी भन्ने स्थानमा सुन खानीहरू भेट्टाइएका छन् । राणाकालीन समयमा खोकलिङको सुन खानी सम्बन्धमा खोज गर्न तत्कालीन ब्रिटिश भारतका विशेषज्ञहरू यहाँ आएका थिए भन्ने स्थानीय मानिसहरूको भनाई छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

यो जिल्ला लिम्बुवानको छ जिल्लाहरूमध्येको एक हो। २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लाहरूमा विभाजन गर्नु भन्दा पहिले यो जिल्ला धनकुटा गौंडा अन्तर्गत पर्दथ्यो। नेपाल अधिराज्यमा गाभिनु अघि यस जिल्लाको इतिहास "किरात प्रदेश" को इतिहाससँग गाँसिएको छ।

किराती इतिहास र संस्कृतिको अध्ययन गर्नु अघि किरातीहरूको उत्पत्ति सम्बन्धी केही चर्चा गरिनु जरूरी देखिन्छ। वंशावली अनुसार–"द्वापर युग ८,३४,००० वर्ष रह्यो। द्वापर युगको १५,००० वाँ वर्षमा नेपाल आएर किरातीहरूले यो देशमा १०,००० वर्षसम्म शासन गरे। यो देशमा देवताहरू किरातीहरू भन्दा पछि मात्र आए ... ...।" वैदिक शास्त्रहरूमा पनि किरातीहरूको उल्लेख भएको पाइन्छ। वर्तमान नेपालको राई, लिम्बू र याखाहरू नै यी प्राचीन किरातीहरूका वंशज हुन् भन्ने कुरामा प्रायः सबै इतिहासकारहरू एक मत भएको देखिन्छ। प्रसिद्ध पश्चिमी विद्वान डा.स्पेलभेन लेवीले लिम्बूहरूका सम्बन्धमा यसरी लेखेका छन्–"त्यो हिमाल वास्तवमा उसैको हो जो त्यहीं आदिकालदेखि बसिरहेका थिए। अनि अहिले पनि बसिरहेका छन्।" किरातीहरू पहिले कहाँबाट आएका हुन् भन्ने सम्बन्धमा इतिहासकार बालचन्द्र शर्मा आफ्नो पुस्तक 'नेपालको ऐतिहासिक रूपरेखा' मा यसरी लेख्नु हुन्छ– "किरातीहरूका प्राचीन वंशावली अनुसार शरतचन्द्र दासले यिनीहरूलाई पूर्वकालमा भोटदेखिनै हिमालय वारी आएका हुन् भनी लेखेका छन्। किरात अनुश्रुति अनुसार अघि भोटस्थित 'ताशी रक्का'[1] भन्ने ठाउँको कुनै गोठालाको चौंरी गाई हराएर ओलाङचुङबाट याङमा घाँटी तिर आएछ। बसै गाईको खोजीमा आएका गोठालाहरूको एक दलले हिमालयको उब्जाउ दक्षिणी फाँटमा आएर बसोबास गरेको हो। किरातीहरूमा प्रचलित विश्वास अनुसार पनि किरातीहरूको हिमालयवारी यहाँ प्रथमआगमन थियो।"यस भनाई अनुसार वर्तमान किरातीका पूर्वजहरू हालको ताप्लेजुङ्ग जिल्लाको ओलाङ-चुङगोला र याङमा घाँटीहरूका बाटोबाट नेपाल पसेका हुन्। हुन पनि प्राचीन कालदेखि नै ओलाङचुङको टिप्ताला डाँडाबाट निस्केको तमोर नदीको उपत्यकाको नै किरातीहरू सबभन्दा घनाबस्ती भएको इलाका हो।

पण्डित शरतचन्द्र दासले मगरातका मगरहरू पनि पूर्व नेपालबाट पश्चिम नेपालतर्फ फैलिएका हुन् भन्ने कुराको उल्लेख गरेका छन्। ईमानसिंह चेमजोङको अनुसार उहिले खाङवाचेन उपत्यकामा मगर

१'ताशी रक्का' लाई हिजो आज "टाशी राका"भनिन्छ। यो स्थान ओलाङचुङ गोलाबाट एकै दिनमा पुगिने भोटको क्षेत्रमा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूले राज्य गरेको बेलाको बजार र किल्लाहरूका भग्नावशेष अझसम्म छँदैछ भन्ने कुराको पनि पण्डित शरतचन्द्र दासले उल्लेख गरेका छन्। खाङवाचेन उपत्यका वर्तमान ताप्लेजुङ्ग जिल्लाको ओलाङचुङ गाउँ पञ्चायत अन्तर्गत पर्दछ।

पल्लो किरातको सत्र थुमहरूमा दशलिम्बूहरूले राज्य गरेको समयमा तमोर खोला थुमका राजा साम्लुप्ली सम्वाहाङ तथा मेवा र मेवा थुमहरूका राजा सिसिएन सिरिङहाँङ थिए। तमोर खोला र मेवा खोलाहरूका सम्पूर्ण थुमहरू हालको ताप्लेजुङ्ग जिल्ला भित्र पर्दछन्। मेवा खोलाको थुम चाहिं हाल ताप्लेजुङ्ग र तेह्रथुम जिल्लाहरूमा आधा आधा भाग पर्दछ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाको सर गरिसकेपछि पूर्वको राज्य रजौटा-हरू विजय गर्न भनी अभिमान सिंह बस्न्यातको नेतृत्वमा पठाएको फौजले सम्वत् १८३० (१६ जुलाई १७७३) मा चौदण्डी सजिलैसित हात पारे। त्यहाँका राजा कर्णसेन गोर्खालीहरूको आगमनबाट तर्सिएर पहिले नै भागेर विजयपुर पुगिसकेका थिए। चौदण्डीमा रहेका देवान (मन्त्री) र सैन्यहरूले हार माने।

अभिमान सिंह बस्न्यातले त्यसपछि कोशी पारी विजयपुर राज्यमा हमला गर्ने मध्य वर्षाको मौका छोपे। उनले अम्बरपुरबाट पूर्वतर्फ बढेर वर्षादको उर्लंदो कोशी नदीमा हात्तीद्वारा गोर्खाली सेना उतारेर विजय-पुरमा एक्कासी हमला गरे। यसरी एक्कासी भएको आक्रमणलाई सामना गर्ने व्यवस्था मिली नसकेकोले बुद्धिकर्ण राई भाग्न वाध्य भए। बुद्धिकर्ण भागेपछि राजधानीमा गोर्खालीको अधिकार भयो। त्यसपछि अभिमान सिंह बस्न्यातले विजयपुरदेखि माथि महाभारत डाँडामा परेको साँगुरी गढीमा गोर्खाली सेना पठाई त्यस गढीमा अधिकार गरेर पहाडतिर घुस्ने बाटो खोल्न समर्थ भए।[1] त्यसपछि विजयपुरमा रहेका गोर्खाली सैन्यका नेता अभिमान सिंह बस्न्यातले त्यहांका सुब्बाहरूसँग एक सम्झौता गरी पृथ्वीनारायण शाहबाट एक लालमोहर निजहरूलाई बक्साए। पृथ्वीनारायण शाहबाट १८३१ सालको लालमोहरमा यस क्षेत्रलाई किपट क्षेत्र घोषित गरी यहाँको थिति अनुरूपको अमाल प्रथा लागू गराइयो।

वर्तमान ताप्लेजुङ्ग जिल्लाका विभिन्न क्षेत्रका तत्कालीन राजाहरूले कसरी आफ्नो क्षेत्र नेपाल अधि-राज्यमा गाभे भन्ने सम्बन्धमा इतिहासकार ईमान सिंह चेम्जोङले आफ्नो यस सम्बन्धी पुस्तकमा यसरी लेख्नु भएको छ– "जब मेवा, फेदाम र तम्बर (तमोर) जिल्लाहरूका किराती नेताहरूले विजयपुर मोरङका किरात मन्त्रीहरूले गोर्खा राजासँग आत्मसमर्पण गरेको कुरा सुने। तिनीहरूले पनि सेरिङ लिम्बूको नेतृत्वमा विजयपुर आई गोर्खा राजासँग आत्मसमर्पण गरे।"

---

[1] बाबुराम आचार्य श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, पृष्ठ ६१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

ताप्लेजुङ्ग बजार

यो जिल्लाको सदरमुकाम हो । यसलाई फुङलिङ बजार भनिन्छ । लिम्बू भाषामा 'फुङलिङ' भनेको फूलैंफूल भएको स्थान हो । वल्लो र पल्लो दुइटा बजार मिली यो बजार बनेको छ । "जिमी पोखरी" नाम गरेको एउटा पोखरी भएको हुनाले पल्लो बजारलाई पहिले जिमी पोखरी पनि भन्ने चलन थियो । ताप्लेजुङ्ग बजार समुद्र सतहदेखि करीव १,८५० मिटर (६,०६८ फीट) को उच्चाइमा अवस्थित छ । यो बजार २७°२१' उत्तर अक्षांश र ८७°४०' पूर्व देशान्तरमा पर्दछ । यहाँबाट उत्तरी सीमा नजिक रहेको दिंगा सम्बा हिमालको दृश्य अति राम्रोसँग देखिन्छ । फुङलिङ गाउँ पञ्चायतको जनसंख्या ६,८३५ छ । यो स्थान एक व्यापारीक केन्द्र पनि हो । यहाँ पसल घरहरू निकै छन् । बजार लाइनमा धेरैंजसो नेवारहरूको पसलहरू छन् । लिम्बू, गुरूङ्ग र मगर-हरू बजारको तलमाथि रहने गर्दछन् ।१०-१५घर जति भोटेहरू र आठ घर जति मारवाडीहरू पनि यहाँ व्यापार गरेर बसेका छन् । यिनीहरू यहाँ बस्न थालेको एक दुई पुस्ता भइसकेको छ । अघि अघि भोटतिर ठूलो मात्रामा व्यापार हुँदा बढी मुनाफा निकाल्ने उद्देश्यले धरानबाट केही परिवार मारवाडीहरू उत्तरी सीमान्तको व्यापार केन्द्र ओलाङचुङगोलामा पसल खोल्न गए । तर त्यहाँ पसल खोल्न नपाएकाले ताप्लेजुङ्ग बजारमा बस्न पुगेका हुन् भन्ने भनाई छ ।

यो स्थानमा जिल्लास्तरीय सबै कार्यालयहरू छन् । जिल्ला पञ्चायत कार्यालय बजारदेखि करीव आधा कोस टाढा पर्ने तोक्मे डाँडा भन्ने स्थानमा छ । हरेक शनिश्चरवार तोक्मे डाँडामा हाट लाग्ने गर्दछ । यहाँ एउटा व्यावसायिक माध्यमिक विद्यालय र एउटा स्वास्थ्य चौकी पनि छ ।

बजारदेखि करीव छ किलोमिटर माथि सुकेटार नाम गरेको एउटा ठूलो टार छ । त्यहाँ हालै स्टौल हवाइ सेवा चालू भएको छ । बजारदेखि उत्तरमा करीव डेढ दुई घण्टाको बाटोमा सिद्धिडाँडा नाम गरेको अति सुन्दर गाउँ छ । गाउँ माथि बुङकुलुङमा शेर्पाहरूको एउटा ठूलो गुम्बा छ ।

ताप्लेजुङ्ग फुङलिङ बजारबाट उत्तरी सीमाना टिप्ताला भन्ज्याङ र पूर्वी सीमाना सिक्किम क्रमशः करीब ८० र ७२ किलोमिटर (२५ र२२.५ कोस) पर्दछन् । यस बजारबाट दक्षिणमा पाँचथर जिल्लाको सदर मुकाम फिदीम, कोशी अञ्चलको तेह्रथुम जिल्लाको सदर मुकाम म्याङलुङ बजार र पश्चिममा कोशी अञ्चलकै संखुवासभा जिल्लाको सदर मुकाम खाँदवारी क्रमशः ४८ किलोमिटर (१५ कोस), ६४ किलोमिटर (२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोस), ८६ किलोमिटर (२६ कोस) टाढा पर्दछन् । अञ्चल सदर मुकाम इलाम करीब ९७ किलोमिटर (३० कोस) र चन्द्रगढी (झापा) १६० किलोमिटर (५०कोस) पर्दछ । राजधानीबाट ताप्लेजुङ्ग पुग्नलाई हवाइ जहाज-बाट विराटनगर धनकुटा हुँदै तीनजुरे लेक काटेर जाने बाटो वर्षाको लागि हो । हिउँदमा मूलघाटबाट तमोर नदीको तीरैं तीर भएर आठराई हुँदै ताप्लेजुङ्ग पुग्न सकिन्छ । वगरको बाटोभन्दा तीनजुरेको बाटो केही छोटो छ । धरानबाट ताप्लेजुङ्ग बजार पुग्न करीव ५–६ दिनको बाटो पैदल हिंड्नु पर्दछ । धरानबाट जाने बाटो नै ताप्लेजुङ्ग जाने मुख्य बाटो हो ।

ओलाङ्चुङगोला बजार

यो उगेरी र अचिङल डाँडाहरूको उपत्यकामा रहेको जिल्लाको सबैभन्दा ठूलो बजार र व्यापारिक केन्द्र हो । भोटेहरू यसलाई वलुङ भन्दछन् । समुद्र सतहबाट यो बजार करीव ३,२३१ मिटर (१०,६०० फीट) को उचाईमा छ । यो स्थान २७°४१' उत्तर अक्षांश र ८७°४७' पूर्व देशान्तरमा पर्दछ । यहाँ भोटे जातिका मानिसहरू मात्र रहन्छन् । सबै घरहरू काठका छन् । यहाँ आलु, भोटेमुला, फूलकोपी, बन्दाकोपी आदि मात्र उब्जनी हुन्छ । सबैजसो मानिसहरू व्यापारमा लागेका छन् । यहाँको बजारमा बाहिरबाट देखिनेगरी पसल थापिएका छैनन् तापनि लामो लामो सिंढी उक्लेर घरको माथिल्लो तल्लामा गए देश विदेशका विभिन्न किसि-मका सामानहरू यहाँ पाइन्छन् । हिउँ पर्ने हुनाले यहाँका निवासीहरू मंसीरको पहिलो हप्तातिरै गाउँ छोडी तल बेंसीतिर झर्दछन् ।

यहाँ एउटा गुम्बा छ । यो गुम्बा अधिराज्यका प्रसिद्ध गुम्बाहरूमध्ये एक मानिएको छ । यहाँ धेरै संख्यामा महत्वपूर्ण धार्मिक पुस्तकहरू र मूर्तिहरू छन् । गुम्बामा हेर्न लायकको एउटा बत्ती छ । यो बत्ती गुम्बाको निर्माण भएदेखि निभेको छैन भन्ने भनाई छ । यसलाई यहाँका मानिसहरू "सत्य युगको बत्ती" भन्दछन् । यो अन्दाजी ४०० वर्ष पुरानो छ । यहाँ अर्को हेर्न लायक कुरा एउटा च्याउ छ जसमा पहिले उम्रिदाखेरि नै भोटे भाषामा 'ॐ मणी पद्मे हूँ' लेखेको पाइयो भनिन्छ ।

ओलाङ्चुङ बजारमा भन्सार, शाखा हुलाक र प्रहरी चेक पोष्ट रहेका छन् । यहाँ एउटा प्राथमिक पाठशाला पनि छ । यहाँ पुग्न सदर मुकाम फुङलिङ बजारबाट करीब चार दिनको बाटो पैदल हिंड्नु पर्दछ । फुङलिङ बजारबाट यो ठाउँ करीब ६४ किलोमिटर (२० कोस) टाढा छ । बाटोमा खानपीनको त्यति समस्या नपरे पनि बाटोघाटोको अवस्था चाहिं उति राम्रो छैन । यहाँबाट तिब्बतको सीमानामा स्थित टिप्ताला भन्ज्याङ्ग करीब १६ किलोमिटर (पाँच कोस) टाढा पर्दछ ।

लुङथुङ

यो स्थान उत्तरी प्रशासन क्षेत्रको केन्द्र हो । यो लेलेप गाउँ पञ्चायत अन्तर्गत पर्दछ । समुद्र सतह-देखि यो स्थान १,८२९ मिटर (६,००० फीट) को उच्चाइमा अवस्थित छ । यो ठाउँ २७°३३' उत्तर अक्षांश र ८७°४७' पूर्व देशान्तरमा पर्दछ । यहाँ मकै, आलु र कोदोको खेती हुन्छ । ओलाङ्चुङमा झैं यहाँ पनि शेर्पा जातिकै बस्ती छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ उत्तरी प्रशासन कार्यालय, स्वास्थ्य केन्द्र, अतिरिक्त हुलाक, जिल्ला प्रहरी निरीक्षक कार्यालय आदि कार्यालयहरू छन्। यहाँ एउटा प्राथमिक विद्यालय पनि छ। लुङथुङ गुम्बा नाम गरेको एक पुरानो गुम्बा पनि यहाँ छ। यहाँ दुई-तीनवटा पसलहरू छन्।

सदरमुकाम फुङलिङ बजारबाट यो गाउँ करीब ४८ किलोमिटर (१५ कोस) टाढा पर्दछ। यो ठाउँ ओलाङचुङगोला जाने बाटोमा पर्दछ। यहाँबाट ओलाङचुङ एकै दिनमा पुग्न सकिन्छ। यस गाउँको छेउमा अवस्थित ढोक्सा पारी भन्ने स्थानमा स्टोल हवाइ मैदान निर्माण गर्न सकिने एउटा मैदान छ।

घुन्सा

यो गाउँ ओलाङचुङ गाउँ पञ्चायत अन्तर्गत पर्दछ। समुद्र सतहबाट यो गाउँ करीब ३,८१० मिटर (१२,५०० फीट) को उच्चाइमा अवस्थित छ। यहाँ पनि भोटेजातिकै बसोबास छ। यो ठाउँ उत्तरी क्षेत्रबाट सिक्किम जाने मूलद्वार हो। यहाँबाट तिब्बतको सीमाना पनि करीब १२ किलोमिटर (चार कोस) मात्र पर्दछ। यहाँबाट छिटो हिंडने व्यक्ति सिक्किमको गेजीङ भन्ने गाउँमा दुई दिनमा पुग्न सक्दछ। यस स्थानबाट ओलाङचुङ र लुङथुङ डेढ डेढ दिनमा पुग्न सकिन्छ। धुन्सा खोलाको तीरमा अवस्थित यो गाउँ एक अति रमणीय गाउँ हो। विश्वको तेस्रो उच्च हिमाल कञ्चनजङ्गाको फेदीमा यहाँबाट एक दिनमा पुगिन्छ।

यहाँ एक विद्यालय पाठशाला र प्रहरी चेकपोष्ट रहेका छन्। यस गाउँमा र गाउँको छेउ छाउका अरू बस्तीहरूमा गरी जम्मा तीनवटा बौद्ध गुम्बाहरू छन्। यो स्थानको भौगोलिक अवस्थितिले गर्दा भविष्यमा यो गाउँ एउटा पर्यटन स्थल हुन सक्ने सम्भावना छ।

याङमा

याङमा खोलाको तीरमा अवस्थित यो सुन्दर गाउँ ओलाङचुङगोला गाउँ पञ्चायतमा पर्दछ। समुद्र सतहबाट यो गाउँ करीब ४,२६८ मिटर (१४,००० फीट) को उच्चाइमा अवस्थित छ। यहाँ पनि भोटेजातिका मानिसहरूलेनै बसोबास गरेका छन्। यहाँ आलु, गहुँ, जौ र उवाको खेती हुन्छ। आलुको खेतीको निम्ति यो ठाउँले निक्कै ख्याति प्राप्त गरिसकेको छ। यो गाउँ ओलाङचुङ बजारबाट एकै दिनमा पुग्न सकिन्छ। यस गाउँको नजीकै जरीटार नाम गरेको एक ठूलो टार छ। त्यस टारमा सजिलैसँग एक स्टोल हवाइ मैदान निर्माण गर्न सकिने देखिन्छ। यहाँ पनि एक प्रख्यात बौद्ध गुम्बा छ। यहाँबाट भोट सीमाना केवल आठ किलोमिटर (अढाइकोस) जति मात्र टाढा छ।

खोकलिङ

यो गाउँ ताप्लेजुङ्ग फुङलिङ बजारको ठीक पारीपट्टि पर्दछ। बीचमा तमोर नदीले गहिरो खोंच पारेर लगेको हुनाले सदर मुकामबाट यहाँ पुग्न करीब १२ किलोमिटर (४कोस) जति ओह्रालो-उकालो बाटो हिंड्नु पर्दछ। यस ठाउँमा लिम्बूहरू अधिक संख्यामा बसोबास गरेका छन्। यहाँ माध्यमिक विद्यालय, हुलाक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहरी चौकी आदि छन् । यस खोकलिङ गाउँ पञ्चायतका क्षेत्रमा सुन र तामा खानीहरू छन् भन्ने भनाइ छ । राणा शासनकालमा केही विदेशी प्राविधिज्ञहरूले उक्त खानीहरूका सर्वेक्षण गरेको कुराहरूको पनि यहाँका मानिसहरू चर्चा गर्छन् ।

सिद्धि डाँडा र पाथीभरा

ताप्लेजुङ्ग फुङलिङ बजारको करीब डेढ दुई घण्टाको बाटोमा सिद्धि डाँडा नाम गरेको अति सुन्दर गाउँ छ भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ । यहाँको बुङकुलुङ भन्ने स्थानमा हेर्न लायकको एक बौद्ध गुम्बा छ । उक्त गुम्बामा अनेकौं धार्मिक पुस्तक र मूर्तिहरू छन् । यहाँ सयौं भक्तजनहरू जाने गर्दछन् ।

ताप्लेजुङ्ग बजारबाट एक दिनमा पाथीभरा भगवतीको थान पुगिन्छ । यस इलाकाका हिन्दू समुदायले यसलाई ठूलो भक्तिकासाथ मान्दछन् । पाथीभरा भन्ने स्थानबाट विभिन्न हिमालहरूको दृश्य अति राम्रोसँग देखिन्छ । यो पाथीभराथान करीब ३,६५८ मिटर (१२,०००फीट) को उच्चाइमा अवस्थित छ । यस भगवतीथानको सम्बन्धमा अनेकौं किम्बदन्तीहरू छन् । यो फुरूम्बो गाउँ पञ्चायत अन्तर्गत पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालको राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ८४,७१५ छ। यसमध्ये ४२,२२७ पुरुष र ४२, ४८८ महिला छन् । मेची अञ्चलका जिल्लाहरूमध्ये यो जिल्ला सबैभन्दा कम जनसंख्या भएको जिल्ला हो । पूर्वाञ्चल विकास क्षेत्रका १६ जिल्लाहरूमध्ये पनि यो जिल्लाको जनसंख्या सबैभन्दा कम छ। नेपाल अधिराज्यको ७५ जिल्लाहरूमध्ये बढी जनसंख्याको दृष्टिकोणबाट यस जिल्ललाको स्थान ६४ औं हुन आउँछ। पूर्वाञ्चल विकास क्षेत्रका जिल्लाहरूमध्ये तेस्रो सबैभन्दा बढी क्षेत्रफल (३,१५८ वर्ग किलोमिटर) र सबैभन्दा कम जनघनत्व (प्रति वर्ग किलोमिटर २७ व्यक्ति) भएको जिल्ला पनि यही नै हो । आवादी जमीन र जनसंख्या हेर्दा ताप्लेजुङ्ग जिल्लामा प्रति हेक्टर जमीनमा करीब नौ जना मानिस बसोबास गरेको देखिन्छ ।

यस जिल्लाको कुल जनसंख्यालाई तीन उमेर समूह ० देखि ५ वर्ष, ५ देखि १५ वर्ष र १६ तथा त्यसभन्दा माथिमा विभाजन गरेको तालिका यस प्रकार छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५	६,८८१	१६.३	७,२७०	१.१	१४,१५१	१६.७
६ – १५	१२,३६५	२९.२	११,८५०	२७.९	२४,२१५	२८.६
१६ र माथि	२२,६१७	५४.६	२३,३६८	५५.१	४६,३४९	५४.७

उपर्युक्त तालिकामा जिल्लाको कुल जनसंख्याअनुसार तीन उमेर समूहमा विभाजन गरिएको छ । पाँच वर्ष र सो भन्दा मुनिको जनसंख्या १४,१५१ अर्थात् १६.७ प्रतिशत नावालक शिशुहरू मानिएको छ । छ वर्ष देखि १५ वर्षसम्मको जनसंख्या २४,२१५ अर्थात् २८.६ प्रतिशतलाई प्राथमिक विद्यालय र अन्य स्तरका विद्यालयहरूमा जाने उमेर समूह मानिएको छ। १६ वर्षभन्दा माथिको बाँकी जनसंख्या ४६,३४९ अर्थात् ५४.७ प्रतिशतलाई अन्तिम समूहमा राखिएको छ।

अधिराज्यका सबै जिल्लाहरूमा झैं ताप्लेजुङ्गमा पनि केटाकेटीहरू सानै उमेरदेखि आर्थिक दृष्टिले सक्रिय काम गर्नु पर्ने हुनाले १० वर्षदेखि ६० वर्षसम्मको जनसंख्यालाई आर्थिक दृष्टिकोणले सक्षम मानिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नौ वर्ष र सोभन्दा मुनिका केटाकेटीहरू र ५९ भन्दा माथिका मानिसहरू शारीरिक परिश्रमबाट आर्थिक लाभ हुने काम गर्न नसक्ने हुनाले नौ वर्षसम्मको र ५९ वर्ष भन्दा माथिको जनसंख्यालाई आश्रित मानिएको छ। २०२८ सालको जनगणनाको तथ्याङ्क अनुसार ५५,४३५ व्यक्तिमाथि २९,२८० मानिसहरू आश्रित रहेका देखिन्छन्, अर्थात् ५५,४३५ व्यक्ति (कुल जनसंख्याको ६५.४ प्रतिशत) ले आफू बाहेक अरु २९,२८० व्यक्ति (कुल जनसंख्याको २४.५ प्रतिशत) को जीवन निर्वाह गर्नु परेको देखिन्छ। तसर्थ यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५० हुन आउँछ। यसबाट यो थाहा हुन्छ कि १०० जना सबल मानिसहरूले अरु ५० आश्रित व्यक्तिको पालन-पोषण गर्नु पर्छ।

अन्तर्राष्ट्रिय चलन अनुसार १५ वर्षदेखि ६४ वर्षसम्मको जनसंख्यालाई सक्षम मानेमा यो निर्भरताको अनुपात बेग्लै हुन आउँछ। ताप्लेजुङ्ग जिल्लाको कुल जनसंख्यामध्ये १४ वर्षसम्मको जनसंख्या ३६,१०७ अर्थात् जिल्लाको कुल जनसंख्याको ४२.६ प्रतिशत हुन आउँछ। १५ देखि ६४ वर्षको आर्थिक दृष्टिकोणले सक्षम ४५,८८२ व्यक्ति छन् र ६५ वर्ष र सो भन्दा माथिको आश्रित जनसंख्या मानिएको २,७२६ व्यक्ति अर्थात् कुल जनसंख्याको ३.२ प्रतिशत हुन आउँछ। यसरी सक्षम र आश्रित जनसंख्या छुट्याउँदा आर्थिक दृष्टिकोणले सक्षम जनसंख्या ४५,८८२ र कुल आश्रित जनसंख्या ३८,८३३ हुन आउँछ। तसर्थ यस जिल्लाको निर्भरताको अनुपात १००:८० हुन आउँछ। यस अनुसार १०० जना माथि अरु करीब ८० जनाको आर्थिक भार परेको देखिन्छ।

दुर्गम पहाडी जिल्ला भए तापनि ताप्लेजुङ्ग जिल्लाको आर्थिक दृष्टिकोणले सक्रिय रहेको जनसंख्याको प्रतिशत मेची अञ्चलमा सबैभन्दा बढी छ। साथै पूर्वाञ्चल विकास क्षेत्रका जिल्लाहरूमध्ये पनि यो प्रतिशत सबैभन्दा बढी भई सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्ला बराबर हुन पुगेको छ। राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार यस जिल्लाको आर्थिक दृष्टिले सक्रिय रहेको जनसंख्या ४२,७३९ मध्ये ४२,०५६ जना कृषिमा र बाँकी ६८३ जना मात्र उद्योग व्यापारमा लागेको देखिन्छ।

वि. सं. २०२८ सालको जनगणना अनुसार यस जिल्लामा बोलिने भाषा-भाषीको आधारमा यहाँको जनसंख्यालाई निम्न बमोजिम विभाजन गर्न सकिन्छः—

बोलिने भाषा	बोल्नेको संख्या
नेपाली	३६,४०१
लिम्बू	३२,३९८
शेर्पा र तामाङ	७,२२९
राई	४,४२८
अन्य (गुरुङ, नेवारी, सुनुवार आदि)	४,२५९
जम्मा:—	८४,७१५

उपर्युक्त तालिकाबाट यो देखिन्छ कि राष्ट्र-भाषा नेपालीपछि सबैभन्दा बढी मानिसले बोल्ने भाषा लिम्बू भाषा हो। त्यसपछि शेर्पा, तामाङ र राईको स्थान आउँछ। यी विभिन्न जात-जातिहरू आफ्नो समुदाय-भित्र आफ्नै मातृभाषा बोल्छन् तापनि विभिन्न जात-जाति बीच नेपाली भाषामा नै कुराकानी हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी विभिन्न भाषालाई मातृभाषाको रुपमा बोल्ने जिल्लाबासीहरूले नेपाली भाषालाई बढी व्यापक रुपमा बोल्न थालेपछि यहाँ विभिन्न भाषाभाषीहरूको बीचको सम्पर्क बढ्न गएको छ। नेपाली भाषाको बढ्दो प्रयोगको फलस्वरुप यस जिल्लाको व्यापारको विकासको लागि टेवा पुगेको छ।

केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित तथ्याङ्कअनुसार धर्मको आधारमा जिल्लाको जनसंख्यालाई निम्न बमोजिम विभाजन गर्न सकिन्छः–

धर्म	संख्या
हिन्दू	७७,७६३
बौद्ध	६,८९७
अन्य	५५

यस तथ्याङ्कले जिल्लामा सबैभन्दा बढी हिन्दू धर्मावलम्बीहरू रहेको देखाउँछ। यहाँको दोस्रो महत्वपूर्ण धर्म बौद्ध धर्म हो। बौद्ध धर्मावलम्बीहरूले यहाँ धेरै गुम्बाहरू निर्माण गरेका छन्।

यो जिल्लामा औसत परिवार छ जनाको छ। यो औसत नेपाल अधिराज्यको औसतभन्दा केही बढी छ। यस जिल्लामा पाँच जना र सोभन्दा कम व्यक्ति भएको परिवार संख्या ६,५०३ र पाँचभन्दा बढी व्यक्ति भएको परिवार संख्या ७,५८८ छ। जिल्लाको कुल परिवार संख्या १४,०९१ छ।

ताप्लेजुङ्ग जिल्लामा ४१ वटा गाउँ पञ्चायतहरू छन्। ती गाउँ पञ्चायतहरूको नामावली र जनसंख्या निम्न बमोजिम छन्ः–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. आम्बेगुदिन	२,३७७	२. इखाबु	२,१२४
३. ओलाङचुङगोला	४९५	४. खाम्लुङ	१,१६२
५. खेजेनिम	२,१९२	६. खेवाङ	२,५६०
७. खोक्लीङ	२,८०६	८. चाक्सीबोटे	१,१४०
९. डुम्रिसे	१,७६९	१०. तापेथोक	१,४००
११. तिरिङ्गे	३,०६२	१२. तेल्लोक	२,३२०
१३. थुकिम्मा	२,३६५	१४. थुङरूम्बा	२,०८२
१५. थुङलुङ	९०६	१६. थुम्वेदिन	२,३५४
१७. थेचम्बु	३,३९४	१८. दोखु	२,७६४
१९. नाङखोल्याङ	३,३८३	२०. नाल्बु	१,५२६
२१. पापुङ	१,१७९	२२. पैंदाङ	१,३६५
२३. फुङलिङ	६,८३५	२४. फुरूम्बो	२,२३३
२५. ममाङ्खे	१,२४४	२६. मेहेले	१,८३७
२७. याम्फुदिन	७२९	२८. लेलेप	१,७७३
२ लिं९.गखीम	१,८०१	३०. लिंगतेप	२,०१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३१. लिम्बुदिन	२,०१६	३२. लिवाँङ	१,५१३
३३. सादेवा	१,५२०	३४. सान्थाक्रा	२,४७४
३५. सावां	१,१६२	३६. सावादिन	१,१४७
३७. सावलाखु	१,८५६	३८. सिकेचा	२,६८५
३९. सिनाम	२,१५६	४०. सुरूङखिम	१,४६६
४१. हाङदेवा	३,१६४		

जनजीवन

यस जिल्लामा नेपाली भाषा बोल्नेहरूको संख्या पछि लिम्बू भाषा बोल्नेहरूको संख्या आउँछ भन्ने कुरा जनसंख्याको भाषागत विभाजनबाट स्पष्ट भइसकेको छ। यस दृष्टिकोणले हेर्दा यस जिल्लाको बहुसंख्यक जाति लिम्बू हुन् भनेर सजिलैसँग भन्न सकिन्छ। यहाँका अन्य जात जातिहरूमा शेर्पा, तामाङ, राई, गुरूङ, सुनुवार, नेवार, बाहुन, क्षेत्री, कामी, दमै, सार्की आदि छन्।

शेर्पा र तामाङहरू अक्सरगरेर १,८२९ मिटर (६,००० फीट) माथिका उच्च इलाकाहरूमा बस्दछन्। शेर्पाहरू अधिक संख्यामा बसोबास गरेका गाउँ पञ्चायतहरू ओलाङचुङ, लेलेप, पापुङ र याम्फुदिन हुन्। यसको अतिरिक्त यस जातिका मानिसहरू सिद्धिडाँडा, बुङकुलुङ आदि गाउँ-हरूमा र मेवा खोलाको तल्लो थुमका गाउँहरूमा पनि प्रशस्त संख्यामा बसोबास गरेका छन्। हाल केही वर्षदेखि सदरमुकाम ताप्लेजुङ्ग बजारमा पनि यस जातिका मानिसहरू निकै संख्यामा बसोबास गरेका छन्। तामाङहरू प्रायः सबै गाउँ पञ्चायतहरूमा छरिएर बसेका छन्। लिम्बूहरू अधिकांश संख्यामा तमोर खोला र मेवा खोलाको छेउछाउमा र याङरूप थुमहरूमा बसोबास गरेका छन्। शहर बजारमा नेवार धेरै पाइन्छन्। नेवारहरू फुङलिङ बजार, मितलुङ, धुले, हाङदुङ आदि स्थानहरूमा बढी पाइन्छन्। गुरूङ र सुनुवारहरू कुनै कुनै गाउँहरूमा मात्र पाइन्छन्। क्षेत्री बाहुनहरू जिल्लाको हिमवर्ती इलाकाको चार पञ्चायतहरू बाहेक अन्य सबै गाउँहरूमा १०–१५ घरका दरले छरिएर रहेका छन्।

यस जिल्लाका मुख्य आदिवासी लिम्बूहरू नै हुन्। यस जिल्लामा बसोबास गर्ने भोटेहरूको पनि अति पुरानो इतिहास छ। पल्लो किरातमा दश लिम्बूहरूले राज्य गरेको समयभन्दा पहिले ताप्लेजुङ्गमा 'ताप्ले' भन्ने भोटे राजाले राज्य गर्दथे भन्ने कथन छ। वर्तमान किरातीहरूका पुर्खाहरूले यो जिल्लाको ठाउँ ठाउँमा भोटे-हरूसँग लडाई गरेको कुरा पनि किरात प्रदेशको इतिहासमा पाइन्छ। अतः यो जिल्लाको आफ्नैपनको स्थिति र संस्कृति जान्न यहाँका लिम्बू र शेर्पा जातिहरूको संस्कृतिको अध्ययन गर्नु पर्ने हुन्छ।

लिम्बू

लिम्बू जातिको संस्कृति अति रङ्गमय र रोमान्चकारी छ। लिम्बूहरू स्वभावैले उज्जण्ड मिजासको देखिए तापनि साह्रै रमाइला, स्पष्टवादी र सरल हृदयका हुन्छन्। यिनीहरूको वीरताको गाथा पनि अनेकौं छन्। अतिथि सत्कारको निम्ति यिनीहरू प्रख्यात छन्। 'तोङवा' (जाँडको निगारलाई मालिंगोको नलीले चुस्ने) पिउने र सुंगुरको मासु खाने चलन लिम्बूहरूमा प्रशस्त छ। देवताको पूजा र अतिथिको सत्कार तोङ्वा र सुंगुरको मासुले नै गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्वमा सुब्बाहरूका[1] घरमा उनीहरूका रैतीहरूले जाँड, रक्सी, सुंगुर अथवा खसीको फिला, दही अथवा घ्यूको ठेकी आदि कोसेली बोकी जाने चलन छ। अघि अघि यी सुब्बाहरूले पञ्चखत बाहेक अरू सबै मुद्दा मामिला हेर्ने र "ठेङरो मुङरो" गरी दण्ड जरीवाना समेत गर्ने अधिकार लालमोहरबाट पाएका थिए। चेमजोङको अनुसार ज्यानमारालाई ज्यानको बदला ज्यान सजाय दिने, हाडफोडालाई कमारा बनाई पशु झैं बेच बिखन गर्ने, चोर्नेको हात उम्लेको पानीमा हाल्ने, दूधफोरालाई गाउँबाट निकाली ओडारमा राख्ने आदि नियमहरू अघि किरात राजाहरूका पालामा प्रचलनमा थिए। लिम्बहरूले आपनो आपसी सम्मेलनलाई 'चुम्लुङ' भन्दछन्। लिम्बू भाषामा राजालाई "हाङ" भनिन्छ।

लिम्बूहरूको भेषभूषा र गहनापातमा हिजो आज धेरै परिवर्तन आइसके तापनि अझ केही अंशमा पुराना छापहरू पाइन्छन्। अघि अघि पुरुष महिला दुबैले शिरदेखि पाउसम्म ढाकिने एक प्रकारको लुगा लगाउने चलन थियो। यस प्रकारको पुरूषको लुगालाई "मेखली" र महिलाको लुगालाई "धौगरी" भनिन्थ्यो। तर हिजो-आज लिम्बूहरूले पनि अन्य जातिले लगाए सरहकै लुगा लगाउन शुरू गरेका छन्। लिम्बूनीहरू छिटको गहुन (फरिया) केंचीमार पारेर (सारी लगाउने एक किसिमको तरीका) लगाउँदछन्। फरियामाथि पटुका बाँध्छन्। चौबन्दी चोली लगाउने र पछ्यौरा ओड्ने चलन बढी छ। लिम्बूनीहरू कानमा मुन्द्री, लस्करी र च्याप्टे सुन नाकमा बुलाकी लगाउँदछन्। गलामा चाँदीका सिक्काहरूको एक किसिमको माला, कण्ठ, तिलहरी र नौगेंडी लगाउने चलन छ। निधार मास्तिर जायज्यथाले भेटेसम्मको एउटा ठूलो च्याप्टे सुन लगाउँदछन्। हातमा बुट्टेदार चाँदी अथवा सुनको चुरा र खुट्टामा चाँदीको ठूलो बुट्टेदार कल्ली लगाउने चलन छ। यी कुराहरू बाहेक लिम्बूनीहरू कपालमा सुनका स-साना किलिपहरू पनि लगाउँछन्। गहनापातको चलन पहिलेभन्दा निकै कम भए पनि अझ हाट पर्वहरूमा विभिन्न गहनाहरूले सुसज्जित लिम्बूनीहरूको संख्या निकै देखिन्छ। सामाजिक प्रतिष्ठाको निम्ति धनी सुब्बाहरूका छोरीहरूले यी गहनाहरू राखेका हुन्छन्।

बिहा-बारीमा बेहुलाले रीतको रूपमा केटीको आमा बाबुलाई केही रकम बैना भनी राखी ढोग गरेपछि र केटीको आमा बाबुले रक्सीको बोतल र सुंगुरको फिला समाएपछि बिहेको कुरा छिनेको मानिन्छ। बेहुलाले ठूलो सेतो फेटा टाउकोमा बाँधी त्यसमाथि सानो कल्की बनाएर लगाउने गर्दछन्। बेहुला-बेहुली दुबैले दहीमा मुछेको अक्षताले निधारै ढाक्नेगरी टीका लगाउने चलन छ। कुनै लिम्बू वंशको लोग्नेमानिसले अन्य वंशको छोरी चेलीसँग विवाह गर्ने इच्छा प्रकट गरेमा त्यस्ती केटीलाई लिम्बू रीतको 'चोकफुङ थिम' बमोजिम कुनै कुटुम्ब घरको लिम्बू जाति उठाई उसको छोरी चेली बनाइ लिम्बू थर, गोत्र वा मिङमामा गणना गरेको दश लिम्बूका पञ्चहरू (पासिङ पदाङहरू) ले सो कुरामा सहमति जनाए पछि मात्र त्यसरी लिम्बू भएकी केटीको उक्त लोग्ने मानिससँग विवाह हुन सक्नेछ। लोग्ने मानिसले विवाह गरी स्वास्नी बनाई सकेको स्त्रीलाई उसको चरित्र नराम्रो ठहरिएमा पारपाचुके गर्न सक्नेछ। यस प्रकारको पारपाचुके प्रथालाई 'खेमजोङ्ग' रीत भनिन्छ। स्वास्नीमानिसले लोग्नेलाई पारपाचुके गरिन्छ भने उसले पञ्चको सामु सो रीतको खर्च लोग्नेलाई फिर्ता दिई आफू पुनः विवाहयोग्य हुन सक्छे। लिम्बूहरूको विवाहमा दुलहा-दुलही र जन्तिहरूको अघिल्तिर एक दल मानिसहरू भरूवा बन्दुक पड्काउँदै हिंड्ने गर्दछन्।

---

१ लिम्बूहरूलाई मान गर्दा "सुब्बा" भन्ने चलन उहिले सेनसकवान राजाहरूको पालादेखिको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिम्बूहरूको सामाजिक रीत अनुसार छोरी जन्मिए तीन दिनमा र छोरा जन्मिए चार दिनमा सुत्केरी शुद्ध गरी न्वारान गरिन्छ । लोग्नेमानिस मरे चार दिन र स्वास्नीमानिस मरे तीन दिनसम्म नून, तेल बारी भला पञ्चको बोलीबाट शुद्ध गर्ने चलन छ । मानिस मरेको घरमा एक वर्षसम्म मनोरञ्जन कार्य वन्द गरिन्छ। विवाह गर्दा झैं मानिस मर्दा पनि लाशको अगाडि अगाडि बन्दुक पड्काउँदै लैजाने चलन छ । १० लिम्बू वंशको लोग्ने मानिस मरेमा लाश हाल्ने बाकसमा चार तेर्सो काठ र स्वास्नी मानिस मरेमा तीन तेर्सो काठ राख्ने चलन छ । चिहान बनाउँदा पुरुषकोनिम्ति चार तल्ला र महिलाको निम्ति तीन तल्ला पर्खाल जमीन माथि उठाई चौतारो बनाइन्छ। चौतारामा एउटा चेप्टो ढुङ्गामा मृत व्यक्तिको नाम थर र जन्म मरणको मिति खोपेर राखिन्छ।

अधिकांश लिम्बहरू खेतीपातीमा लागेका छन् । शारीरिक दृष्टिले योग्य युवकहरू धेरै संख्यामा विदेशी सेना (गोर्खा भर्ती) मा पनि जाने गरेका छन् । लिम्बू किसानहरूको कृषि गर्ने तरीका पनि अरू जातिकोभन्दा केही फरक छ । लिम्बू स्थिति अनुसार औंसी, पूर्णे जस्ता विभिन्न तिथि र समयमा खेतवारीमा काम नगर्ने चलन छ ।

लिम्बूहरू गाउने, नाच्ने आदि मनोरञ्जन गर्न पनि खूब जान्दछन् । धान नाच यिनीहरूको मुख्य नाच हो । च्याब्रुङ् नाच चाहिं कहिलेकाँही चाडपर्व र पूजा आजामा मात्र हुने गर्दछन् । यो नाच खासगरी ठूला-ठूला सुब्बाहरूको आँगनमा दुई-तीन वटा ध्वजा हालेको बाँस गाडेर खासगरी बूढापाकाहरू ठूला ठूला खरी वेगरका मादल बजाउनेहरूको बीचमा एक जना र चमर बोकेको एक जना नाच्ने व्यक्ति पनि हुन्छ । यस नाचमा गीत गाउने चलन छैन ।

धान नाच (स्थानीय भाषामा "याराकमा") लिम्बूहरूको प्रख्यात नाच हो । धान नाचमा लहरै एउटा केटा एउटी केटी हुँदै अँगालो हालेर लामो लामो लय (जसलाई उनीहरू "पालम" भन्दछन्) हालेर कहिले खुट्टा अघि बढाएर अनि कहिले पछि लगेर वरिपरि घुम्दै नाच्ने गर्दछन् । हाट बजार, विवाह उत्सव र चाड पर्वमा युवक युवतीहरू कहिले काँही दुई-तीन रातसम्म लगातार यो नाच नाच्ने गर्दछन् । यो नाच कुनै रङ्गशालामा प्रस्तुत गर्न सकिने नृत्य होइन । यो नाच नाच्नलाई त एउटा अर्कै वातावरणको सिर्जना हुनु पर्छ । एउटा आत्मीयता र स्वतन्त्रताको प्राकृतिक वातावरणको जरूरत पर्छ । धान नाचमा गाइने गीतहरूमा अश्लीलता पटक्क हुन्न । एक अर्काको आत्मीयताको अभिव्यक्ति प्रकृतिको सुन्दर रचनाहरूसँग तुलना गरेर अभिव्यक्त गरिन्छ ।

हिजो आज धान नाचमा धेरै नयाँ चालहरू आएका छन् । तमोर खोले, पाँचथरे, फेदाफे आदि विभिन्न धान नाचहरू छन् ।

आफ्नो नाता पर्ने भन्ने लिम्बूहरूको पुरानो विश्वास छ । युवक युवतीहरूले एकै लहरमा नाच्नु हुँदैन भन्ने नियम छ । धान नाच नाच्दा एक अर्काको खुट्टाको औंलाहरू छुन हुन्न यदि छोइहाले दुवैजना घेराबाट बाहिर आई एक अर्काको घुँडासम्म दाहिने हातलगी फेरी हात उठाएर नमस्कार गरी एक अर्कासँग माफी मागेर मात्र पुनः नृत्यमा सामेल हुन्छन् । लिम्बूहरू आफ्नो छोरी-चेलीलाई त्यति बन्धनमा राख्दैनन् । धान नाचमा नै धेरैले आ-आफ्ना जोडी छानी पछि रीत पुऱ्याएर विवाह गर्ने प्रचलन लिम्बू समाजमा लोकप्रिय हुँदै आएको देखिन्छ।

युवक युवतीहरू कहिले काँही जुवारी जस्तो चुट्कीहरू पनि भनाभन गर्दछन् । यसलाई उनीहरू "ख्याली" भन्दछन् । ख्यालीमा केटाले जित्यो भने केटीले केटासँग हिंड्नु पर्ने र केटीले जित्यो भने केटाले बाजीमा जे थियो सो गर्नु पर्ने दस्तूर छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिम्बू समाजको संस्कृति यस्तै यस्तै साहसिला र रसिला कुराहरूले भरिपूर्ण छन् ।

शेर्पा जाति

शेर्पाहरू धर्ममा गहिरो आस्था राख्नुको साथै कला र संगीत पनि मनपराउँछन् । ठूला ठूला गुम्बाहरू र त्यहाँ रहने विद्वान् लामाहरूलाई साह्रै नै श्रद्धा र भक्तिको दृष्टिकोणले हेर्दछन् । यी विद्वान् लामाहरू मरेपछि फेरि अवतार लिएर यस लोकमा आउँछन् भन्ने कुरामा यिनीहरू विश्वास राख्दछन् । अवतारी लामाहरूले मर्ने बेलामा कहिले काँही आफू कुन घर र गाउँमा जन्म लिने हो भन्ने कुरा बताएर मर्छन् भनिन्छ । यस जिल्लाका सबै शेर्पाहरू वज्रयान बौद्ध धर्मको "ङिङमापा" हाँगाका अनुयायी हुन् ।

शेर्पा जातिका पुरुषहरूमा पनि महिलाहरूले झैं कपाल पालेर बाट्ने चलन छ तर यो चलन विस्तारै हराउँदै जाँदैछ । पुरुष महिला दुवै बख्खु लगाउने गर्दछन् । स्वास्नी मानिसहरूले "पाङदेन" लगाउनु हिन्दू नारीहरूले सिन्दूर हाले जस्तै हो अर्थात् यो जातिमा विवाह भएका स्वास्नीमानिसले "पाङदेन" लगाउँनै पर्छ भन्ने सामाजिक नियम छ । शेर्पिनीहरूको ताक्चा पट्ुक, घोउ, केदाक आदि नाम गरेका अनेकौं गहना पातहरू हुन्छन् । लोग्नेमानिसले पनि कानमा सुनको ठूलो कुण्डल (स्थानीय भाषामा "आलोङ") लगाउने चलन छ ।

शेर्पा समाजमा मान्नुपर्ने व्यक्तिसँग भेट्दा "नमस्ते" गर्ने चलन छैन । यिनीहरू एक हातले टोपी झिकी जिब्रो निकाली अलिकति निहुरेर अर्को हातले टाउको कन्याएको जस्तो गर्दछन् । यस प्रथालाई यिनीहरू 'छ्याङबु सुसी' भन्दछन् । अधिकांश भोटे शेर्पाहरू व्यापार गरेर, गलैंचा, पाखी बुनेर र याक, नाक आदि पालेर जीविका चलाउँछन् । व्यापारको सिलसिलामा यिनीहरू देश विदेशमा पनि जाने गर्दछन् ।

शेर्पा जाति कलाप्रेमी हुन्छन् । राम्रा राम्रा मूर्ति, थाङका आदि बनाउनुको साथै आफूले प्रयोग गर्ने टेबुल कुर्सीहरूमा पनि प्रशस्त कला भर्दछन् । यिनीहरू काठका छाना भएका काठैका ठूला ठूला घरहरूमा बस्ने गर्दछन् । प्रत्येक घरमा कलाले सुसज्जित गरिएको एउटा छुट्टै पूजाकोठा पनि हुन्छ ।

यिनीहरूको मुख्य चाड "लोसर" (नयाँ वर्षको दिन) र मंसीरको पहिलो हप्तातिर हुने "फुट्ुक" पर्व हो । "फुट्ुक" को दिन गुम्बामा लामाहरूले तीन दिनसम्म विभिन्न मकुण्डोहरू लगाई नाच गर्दछन् । भोटे बर्षको तेस्रो महीनातिर "नेसु" भन्ने चाड पनि मान्दछन् । यस चाडमा "डुवा साङसु" र "अजि ह्लामु" जस्ता पौराणिक कथाहरूको नाटक खेलिन्छ ।[1] ङ्युङने, दुन्ज्याङ, माज्यू आदि अन्य चाड पर्वहरू हुन् । दुन्ज्याङ र माज्यूमा एकै दौतरका युवक युवतीहरू मिली पैसा र अरू खानपिनका सामान जम्मा गरी रातभर नाचगानमा बिताउँछन् । यी नाचहरूमा केटा र केटीहरू एकले अर्कोलाई अँगालो हाली लहरै बसेर ठूलो ठूलो स्वरले गीत गाई भूइँमा खुट्टा बजारेर एकै स्वर निकाल्दछन् ।

भोटे शेर्पाहरू जाँड रक्सी (खासगरी "तोङ्वा") र नून घिउ हालेको चिया प्रशस्त खान्छन् । लिम्बूहरूले झैं यिनीहरू पनि छोरीचेलीलाई कठोर बन्धनमा राख्दैनन्, स्वतन्त्र वातावरणमा नै छोड्ने गर्दछन् । परिवारमा खासगरी स्वास्नीमानिसको ज्यादा प्रभुत्व रहने चलन छ ।

---

१ Dor Bahadur Bista-People of Nepal, Page-17

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस मरे पछि लाशलाई जलाउने अथवा गाड्ने सम्बन्धमा लामाहरूले जोखना हेरी निर्णय दिन्छन् । जोखना नमिलेको खण्डमा कहिले काँही लाशलाई घरमा कैयौं दिन राख्न पर्ने अवस्था पनि हुन्छ । मरेको मानिसको गहनापात भाँडा वर्तन र लुगा फाटा लामाहरूलाई चढाउने दस्तूर छ ।

अन्य जातजाति

सम्वत् १८३१ मा यो जिल्ला नेपाल अधिराज्यमा गाभिई सकेपछि मात्र अन्य जातजातिका मानिसहरू यस जिल्लामा आएको कुरा इतिहासबाट थाहा हुन्छ । यस जिल्लामा रहने गुरूङहरू आफ्नो भाषा जान्दैनन् । यहाँ आउने नेवारहरूमध्ये सबैभन्दा पहिले दोलखे नेवारहरू थिए भनिन्छ । यहाँका अरू नेवारहरू काठमाडौं उपत्यका र धुलिखेलबाट धरान, चैनपुर आदि स्थानहरूमा गएर त्यहाँ धेरै पुस्ता बसेपछि त्यहाँबाट ताप्लेजुङ्गतिर फैलिएर गएको बुझिन्छ ।

विभिन्न वर्ण,धर्म,भाषा र संस्कृति भए तापनि यस जिल्लाका विभिन्न जातजातिहरूमा जातीय सामन्जस्यता छ र यो सामन्जस्यता दिनहुँ बलियो हुँदै गएको छ । अधिकांश जिल्लावासीहरू राष्ट्रभाषा नेपाली बोल्न र बुझ्न सक्ने भएका छन्। एकले अर्काको सांस्कृतिक मान्यता र मूल्यहरूको कदर गर्नु र स्वीकार्नु नै वास्तवमा सामन्जस्यताको मूल आधार हो । लिम्बूहरूको धाननाच अब लिम्बूहरूको मात्र नभएर त्यहाँ रहने सारा नेपालीहरूको हुन गएको छ । हिजोआज हाट पर्वहरूमा धान नाच नाच्ने लस्करहरूमा के क्षेत्री बाहुन, के लिम्बू गुरूङ सबै एकैसाथ नाचिरहेका हुन्छन् । लिम्बूहरूले पनि दशैं , तिहार जस्ता हिन्दू चाडहरू मान्नुको साथै यस प्रकारका पर्वहरूमा भाग लिन थालेका छन् । कुनै कुनै सुब्बाहरूको घरमा स्वस्थानी र सत्यनारायणको पूजा लगाउने र रामायण आदि पुराण सुनाउने काममा ब्राह्मणहरूलाई निमन्त्रणा गरेको देख्दा विदेशी समाजशास्त्री र नृ-तत्त्वशास्त्रीहरू चकित पर्दछन् । किरातीहरूको धार्मिक निरपेक्षताबारे पश्चिमा विद्वान् डा. स्यालभेन लेवीले यसरी लेखेका छन्– एउटा बौद्ध प्रदेशमा किरातीहरू "ॐ मणी पद्मे हूँ" को मन्त्र जपी लामाहरूलाई दान दिन्छन् भने हिन्दूप्रदेशमा यिनीहरू शैव धर्मावलम्बी भई महादेव र गौरीको पूजा गर्दछन् ।

डा. स्यालभेन लेवीको उपर्युक्त भनाइ केवल किरातीहरू मात्रको निम्ति नभई वास्तवमा सारा नेपालीहरूकै निम्ति सार्थक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

वि.सं. २०२८ सालको जनगणना अनुसार यस जिल्लामा १० वर्षभन्दा माथिको जनसंख्या ६०,४५७ छ। यस जनसंख्यालाई आर्थिक दृष्टिकोणबाट सक्रिय हुन सक्ने मानिएको छ। तर वास्तवमा ४२,७३९ जना अर्थात् ७०.७ प्रतिशत मात्र आर्थिक दृष्टिकोणले सक्रिय भएको कुरा उक्त जनगणनाको तथ्याङ्कबाट पुष्टि हुन्छ। यस सक्रिय ४२,७३९ मध्ये २५,६४० अर्थात् ६० प्रतिशत पुरुष र १७,०९९ अर्थात् ४० प्रतिशत महिला छन्। यस तथ्याङ्कबाट के देखिन्छ भने यस जिल्लाका अधिकांश महिला घरायसी धन्दामा सक्रिय रहेको र पुरुषहरूको दाँजोमा कम संख्यामा आर्थिक दृष्टिले लाभदायक काममा लागेका छन्। आर्थिक दृष्टिले सक्रिय रहेको यस जिल्लाको उक्त जनसंख्याको प्रतिशत मेची अञ्चलका जिल्लाहरूमध्ये सबैं भन्दा धेरै छ। पूर्वाञ्चल विकासक्षेत्रमा पनि यो प्रतिशत सबैभन्दा बढी भई सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्लाको बराबर हुन पुगेको छ।

जनगणनानुसार यस जिल्लाको आर्थिक दृष्टिले सक्रिय जनसंख्या ४२,७३९ मध्ये जम्मा ४२,०५६ जना कृषि कार्यमा र बाँकी ६८३ जना उद्योग, व्यापार र अन्य पेशामा लागेका छन्। यस जिल्लाबाट भारत र ब्रिटिशको गोर्खा पल्टनमा भर्तीमा जाने संख्या पनि निकै ठूलो छ।

कृषि

मकै, धान, गहुँ र कोदो यस जिल्लाको प्रमुख बालीहरू हुन्। अन्य बालीहरूमा आलु, जौ, तोरी र फापर मुख्य हुन्। यस जिल्लामा वर्षे अथवा मुख्य बाली र हिउँदे बाली गरी दुई प्रकारका बालीहरू हुन्छन्। यो जिल्लामा धान जेठ महीनाको पहिलो हप्तादेखि मंसीरको दोस्रो हप्तासम्ममा लगाइन्छ। पाखा बारीमा लगाइने फापर, जौ आदि अन्नहरू असोज र कार्तिक महीनासम्ममा र आलु पुस र फागुनमा लगाइन्छ। धानको गोडमेल साउन र भदौमा, मकैको वैशाख र जेठमा र आलुको गोडमेल फागुनदेखि चैतको दोस्रो हप्तासम्ममा गरिन्छ। मंसीर र पुस महीनामा धान बाली र फागुनदेखि चैतको अन्त्यसम्ममा गहुँ र तोरी बालीहरू काटिसकिन्छ। पाखाबारीको मकै बालीचाहीं भदौ महीनाभरिमा सुकाएर थन्काइसकिन्छ। खेतमा लगाएको मकै असारको दोस्रो हप्तासम्ममा काटिन्छ। पाखाबारीमा लगाएको गहुँ, जौ र तोरी चैतको दोस्रो हप्तादेखि वैशाखको दोस्रो हप्तासम्ममा काटिसकिन्छ।

झारपात, पतिङ्गर, सोत्तर आदि खाडलमा कुवाएर मल तयार पारिन्छ। वस्तुको मलमूत्र पनि मलको रूपमा प्रयोग गर्ने चलन व्यापक छ। खेतमा सरदर प्रति रोपनी १०० धार्नीको दरले मल राखिन्छ। मल हाल्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न बालीहरूको निम्ति भिन्नाभिन्नै समयमा हालिन्छ। धान बालीको निम्ति वैशाख जेठमा र गहुँ, जौ र तोरीको लागि मंसीर पुसमा मल हालिन्छ। मकै बालीको हकमा पाखाबारीमा लगाइने मकैलाई चैत वैशाखमा र खेतको मकै बालीलाई फागुन महीनामा मल हाल्ने चलन छ।

अबल खेतमा सालाखाला चार मुरी धान, तीन मुरी मकै र दुई मुरी गहुँ प्रति रोपनी उत्पादन हुन्छ। द्वयम खेतमा सालाखाला उत्पादन धानमा दुई मुरी १० पाथी, मकैमा दुई मुरी र गहुँमा एक मुरी १० पाथी हुन्छ। सीम चाहार खेतमा प्रति रोपनी धान एक मुरी १० पाथी, मकै एक मुरी १० पाथी र गहुँ एक मुरी उत्पादन हुन्छ। पाखाबारीमा प्रति रोपनी सालाखाला उत्पादन जौ, गहुँ र फापरमा एक मुरी पाँच पाथी, मकै एक मुरी र आलु २५० के. जी. दरले हुन्छ।

ज्याला मजदूरी लगाउँदा लोग्नेमानिस तथा स्वास्नीमानिसको भिन्नाभिन्नै दर छ। हलो जोत्ने र बारी खन्ने खेतालाको पनि बेग्लाबेग्लै ज्याला छ। कृषि श्रमको क्षेत्रमा यस जिल्लामा एकले अर्कालाई सघाउने पर्म प्रथा (स्थानीय भाषामा परिमा) को पनि प्रचलन छ। हलो जोत्ने खेतालाको प्रति दिन एक पाथी अन्न र खन्ने खेतालाको दिनको छ माना अन्न ज्याला दिने चलन छ। यिनीहरूलाई बिहान बेलुकाको खाना र दिउँसोको खाजाको पनि बन्दोबस्त गरिन्छ। रोपाइँ गोडमेल गर्ने आइमाई खेतालालाई खाना नदिई सुख्खा छ माना अन्न दिने चलन छ।

जिल्लामा निर्मित हलो, कोदालो, हँसिया आदि कृषि औजारहरू नै खेतीको काममा प्रयोग गरिन्छ। आधुनिक कृषि औजारहरू यस जिल्लामा पुगेका छैनन् अथवा भए पनि नगण्य रूपमा पुगेका छन्।

यस जिल्लामा नगदे बालीको रूपमा उखु र तोरी खेतीलाई लिन सकिन्छ। तर नगदे बालीको परिमाण भने नगण्य मात्रामा छ। उखुबाट सख्खर र तोरीबाट तेल बनाई बिक्री गरिन्छ। तर यस जिल्लामा उत्पादन हुने सख्खर र तेलले स्थानीय आवश्यकतालाई नै पूरा गर्न सकेको छैन। पहिले केही परिमाणमा भोटमा सख्खर निर्यात गरिन्थ्यो तर हाल उक्त निर्यात व्यापार प्रायः बन्द भएको छ। सबै कृषकहरूले आफ्नो उपयोगको निम्ति हरेक खेतबारीका छेउछाउमा अलि अलि सुर्ती पनि लगाएका हुन्छन् तर व्यापारिक दृष्टिकोणबाट सुर्ती खेती गरेको उदाहरण कम पाइन्छ। चिया र अलैंची जस्ता नगदे बालीको खेतीमा जिल्लामा कुनै ठोस प्रगति हुन सकेको छैन। खाद्य कृषि मन्त्रालयको २०२७।२८ आर्थिक वर्षको प्रतिवेदनमा यस जिल्लाको निम्ति आलुलाई पनि नगदे बालीमा समावेश गरेको छ। तर यहाँका हिमवर्ती इलाकाहरूमा आलुलाई प्रमुख खाद्यान्नकै रूपमा प्रयोग गरिने र उत्पादनको केही अंश मात्र अन्न सटहीको काममा लगाइने हुनाले जिल्लामा आलुलाई नगदेबाली मानिनु उचित देखिंदैन।

यस जिल्लाको अनुमानित कुल जग्गा ३,१५,८०० हेक्टर मध्ये १०,००० हेक्टर मात्र आबादी जग्गा छ भन्ने तथ्याङ्क खाद्य तथा कृषि मन्त्रालयको आर्थिक विश्लेषण तथा योजना शाखाबाट कृषि तथ्याङ्क सम्बन्धित सन् १९७२ मा प्रकाशित पुस्तिकामा दिएको छ। यस तथ्याङ्कलाई भरगरी यस जिल्लाको ८४,७१५ जनसंख्यालाई हेर्दा यहाँको जनघनत्व प्रति वर्गकिलो मिटरमा २७ जना हुन आउँछ। आबादी जग्गा र जनसंख्या हेर्दा यस जिल्लामा प्रति हेक्टर जमीनमा आठ व्यक्ति पर्न आउँछ।

बालीहरू र कृषि उत्पादन

यस जिल्लामा उत्पादन हुने खाद्यान्न तथा अन्य बालीहरूले ढाकेको जमीनको क्षेत्रफलको तालिका तल दिइएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल–हेक्टरमा
उत्पादन – मेट्रिक टनमा

आर्थिक वर्ष	१९६७–६८		१९६८–६९		१९६९–७०		१९७०–७१	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
मकै	४४००	८४०४	४५००	८५५०	४७००	९११८	४७००	९१६५
धान	९७०	२३२८	९७०	२३२८	१०००	२४५०	१०००	२५००
गहुँ	१३५०	१५५२	१३५०	१५५२	१४००	१६८०	१४००	१२८०
कोदो	८००	१०४८	९००	११५२	९००	११७०	९५०	१२३५
जौ	५००	५००	५००	५००	५१०	५१५	५२५	५३०
आलु	१२००	५९४०	१२००	६१२०	१२५०	६३१२	१३००	६५००
तोरी	२००	६४	२००	६८	२००	६६	२१०	७६

प्रमुख बालीहरूको उत्पादन परिमाण र उत्पादकत्वलाई हेर्दा धान, मकै र कोदोको उत्पादनमा वर्षेनी केही वृद्धि भएको देखिन्छ। त्यस्तै जौ, आलु र तोरी जस्ता अन्य बालीहरूको उत्पादन परिमाणमा पनि वृद्धि भएको पाइन्छ। तर प्रमुख बालीहरू मध्ये गहुँको उत्पादनमा भने सन् १९६७।६८ देखि केही प्रगति हुन नसकी सन् १९७०।७१ मा गएर निकै घटेको देखिन्छ। सन् १९६७।६८ र १९६८।६९ मा १५५२।१५५२ मेट्रिक टन र सन् १९६९।७० मा १६८० मेट्रिक टन गहुँको उत्पादन थियो भने सन् १९७०।७१ मा गएर यसको उत्पादन १२८० मेट्रिक टन मात्र हुन गएको छ। गहुँ बाहेक अरू प्रमुख र अन्य बालीहरूको उत्पादन परिमाणमा वर्षेनी केही वृद्धि भएको छ तापनि खेतीयोग्य जमीन जति बढेको छ कृषि पैदावार भने उति बढ्न सकेको देखिदैन। तर पनि हिमाली र पहाडी प्रदेशका अरू कतिपय जिल्लाहरूको तुलनामा यस जिल्लाको उत्पादन परिमाणमा केही वृद्धि भएकै मान्नुपर्छ। साथै उन्नत जातका मल, कीटाणुनाशक औषधी र औजारहरू प्रयोग गर्न सकिए उत्पादनमा निकै वृद्धि गराउन सकिने सम्भावना तर्फ उपर्युक्त तालिकाले प्रष्ट संकेत गरेको छ।

उपर्युक्त तालिकाले यस जिल्लाका मानिसहरूको प्रमुख खाद्यान्न के हुन् भन्ने कुरा पनि स्पष्ट गराएको छ। यहाँका अधिकांश मानिसहरू मकै र आलुमा भर पर्दछन्। हिमाली भेगका मानिसहरूको निमित्त आलुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य बालीको रूपमा लिन सकिन्छ । जिल्लाका बाँकी भागमा मकैको भात (च्याँख्ला), भुटेको मकै र मकैको ढिँडो खाएर जिउने निवासीहरूको संख्या ठूलो छ ।

श्री ५ को सरकार, कृषि मन्त्रालयबाट प्रकाशित कृषि तथ्याङ्क अनुसार सन् १९७०।७१ मा यस जिल्लामा जिल्लाको आवश्यकता भन्दा २३७ मेट्रिक टन अधिक खाद्यान्न उत्पादन भयो । तर सोही वर्ष यस जिल्लामा खाद्यान्न समस्या मेटाउन केही खाद्यान्न तराई जिल्लाबाट ल्याउनु परेको थियो । यसो हुनुको मूल कारण जिल्लाको हिमवर्ती इलाकामा रहने शरणार्थीहरूको बढ्दो संख्या नै हुनुपर्छ । यो जिल्ला अघिदेखि नै अन्य पहाडी दुर्गम जिल्लाहरूको जस्तो खाद्यान्न अभाव जिल्ला होइन । पहिले यस जिल्लाबाट केही बचत अन्न भोटतर्फ पनि निकासी हुने गर्दथ्यो । तर हाल उक्त निकासी कार्य बन्द भएको छ । तर गत एक दुई वर्षदेखि बाढी, पैरो र अतिवृष्टिले गर्दा यस जिल्लामा पनि केही खाद्यान्न समस्या पैदा भएको छ ।

फलफूल खेती

यस जिल्लाको हिमवर्ती इलाकामा मैल, हाडे ओखर, आस्यू (सानो जातको आरू), मैले नास्पाती (सानो जातको नास्पाती) आदि फलफूलहरू पाइन्छ । जिल्लाको लेकाली भागमा नास्पाती, हाडे ओखर, अम्बा (स्थानीय भाषामा 'अम्वक') आरू, आरूबखडा, कागती आदि फलफूलहरू प्रशस्त मात्रामा पाइन्छ । ताप्लेजुङ्ग सदरमुकाम छेउछाउमा मैल र मैल नास्पातीका बोटहरू जताततै हुन्छन् । अम्बा हुने याममा जिल्लाका तल्लो भेकमा अम्बा यति हुन्छ कि मानिसले खाई नसकी पशुलाई दिइन्छ । यसको अलावा चोथ्रो, मलडेढु, ऐंसेलु, चरीअमिलो, भूई ऐंसेलु आदि जङ्गली फलफूलहरू पनि वन जङ्गलमा प्रशस्त हुन्छन् । नास्पाती र मैललाई काटेर सुकाएर अचार बनाई खाने चलन छ । जिल्लाको बेंसी खण्डमा सुन्तला, कागती, आँप, कटहर, भूई कटहर लिची आदि फलफूलहरू हुन्छन् । भोटसित राम्रो व्यापार चलेको बेलामा यस जिल्लाबाट केही फलफूलहरू भोट तर्फ पनि निकासी हुने गर्दथ्यो तर हाल जिल्ला बाहिर निकासी हुन छाडेको छ । ताप्लेजुङ्ग सदरमुकामको तोक्मे डाँडामा प्रत्येक शनिश्चरबार लाग्ने हाटमा फलफूलहरू बेचबिखन निकै परिमाणमा हुने गर्दछ । तर यस जिल्लामा योजनाबद्धरूपमा फलफूल खेती गर्ने कुनै परम्परा छैन ।

पशुपालन र पशुचिकित्सा

पशुपालनलाई पनि यस जिल्लाको प्रमुख व्यवसायहरूकै समूहमा राख्न सकिन्छ । यस जिल्लाको हिमवर्ती इलाकामा नाक, जो, उन्जो, तोली आदि विभिन्न जातका चौंरीहरू र भेडा, च्याङ्ग्रा, सुंगुर, कुकुर आदि जीवजन्तुहरू पालिन्छन् । यस भेकमा पाइने भेडाहरू अक्सर गरेर कागे जातका स्थानीय भेडा हुन् । सुंगुर पाल्ने चलन यस क्षेत्रमा धेरै पछि मात्र आएको देखिन्छ । यस भेकमा पालिने ठूला ठूला कुकुर, जसलाई 'भोटे कुकुर' भनिन्छ, गोठहरूमा राख्न अति उपयोगी हुन्छन् । यहाँका स-साना "आप्सा" कुकुर त विश्वप्रख्यात नै भइसकेको छ ।

जिल्लाको बाँकी भागमा गाई, भैंसी, राँगो, खसी, सुंगुर, बाख्रा, घोडा, भेडा, हाँस, कुखुरा आदि पशुपक्षी पालिन्छन् । गाई, भैंसी, खसी, बाख्रा आदि पशुहरू सब जातले पाल्ने गर्दछन् तर क्षेत्री बाहुनहरूले सुंगुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र कुखुरा पाल्दैनन् । लिम्बू र राईहरूले भने सुंगुर र हाँस कुखुरा पालनमा ज्यादा ध्यान दिएको पाइन्छ । भेडा पालन खास गरेर गुरूङ, शेर्पा र भोटेहरू गर्दछन् ।

उत्तरी भेकमा ओलाङ्चुङ, याङ्मा, धुन्सा, खाङ्वाचेन, चिनी, अम्जीलेसा, फले, जोङगीन, सेलाप, लुङ्थुङ, लेलेप-लेप्चुङ, सीयाधोङमा, लावाचेन, लसे, पाङ्दाङडोमा, याम्फुदिन (स्थानीय भाषामा 'याङ गुताङ") तोप्केगोला आदि स्थानहरू चौंरी गोठहरूका निम्ति प्रख्यात छन् ।

याक र नाक खासगरी २,७४३ मिटर (९,००० फीट) माथि मात्र पाइन्छन् । चौंरीहरूलाई जाडो याममा २,१२४ मिटर (७,००० फीट) तलसम्म पनि चराउन ल्याउन सकिन्छ । चौंरीहरूको आहाराको लागि चरनको व्यवस्था बाहेक अरू केही छैन । महीनामा एक दुई चोटी अलि अलि नून खान दिने चलन छ । याक र नाकहरू अति उपयोगी पशुहरू हुन् । ढुवानीको निमित्त याकहरू जत्तिको उपयोगी पशुहरू हिमालमा अरू हुँदैनन् । हिउँदमा हिउँले सेताम्मेगरी बाटो र चरनहरू ढाकेको समयमा याकहरू कैयौं दिनसम्म केही नखाएर पनि गह्रौं भारी बोकी हिंड्न सक्छन् । यसैले याकलाई कसै कसैले "हिमाली उँट" पनि भन्दछन् । कुनै कुनै गाउँहरूमा याकलाई जोत्ने काममा लगाइन्छ । नाकको दूधबाट घिउ, छुर्पी आदि उत्पादन गरिन्छ । याक, नाकहरूको भुत्ला काटेर राम्रा राम्रा छेरा (दरी), डोरी, पाल आदि वस्तुहरू बुन्न सकिन्छ । याक र नाकहरूको पुच्छर (चमर) पनि राम्रो मोलमा बिक्छ ।

याक, नाक र अरू चौंरीहरू यस भेकमा मासुको लागि पनि प्रयोग हुन्छन् । मरेको चौंरीको छालाबाट दोचा (भोटे जुत्ता), ओछ्यान आदि बनाउन सकिन्छ ।

यस जिल्लामा पाइने भेडाहरूको रङ्ग कालो सेतो मिसिएको र कुनै कुनै खाली कालो र सेतो रङ्गका पनि हुन्छन् । यी भेडाहरू कागे जातका हुन् । यी भेडाहरूको ऊन खस्रो हुनाले खाली राडी, घुमराडी र लुकुनी मात्र बुनिन्छ । भ्याङ्लुङ भेंडाहरू यस जिल्लामा कम पाइन्छन् । भ्याङलुङका ऊन नरम हुने हुनाले यसको ऊनबाट पाखी, बक्खु, गलैंचा, चुट्क आदि बुन्न सकिन्छ । भ्याङ्लुङको ऊन अझ पनि यस जिल्लामा धेरै परिमाणमा भोटबाट आयात गरिन्छ । भेडाहरू चैत महीनातिर लेकमा लैजाँदा ऊन काटिन्छ । असोज महीनामा भेडा-हरूलाई तल बेंसीतिर लैजाने बेलामा पनि फेरि एकपल्ट ऊन काटिन्छ । भ्याङ्लुङ र कुनै कुनै ठाउँमा कागेभेडाहरूलाई ढुवानीको काममा पनि प्रयोग गरिन्छ ।

चराउन बाहेक यी भेडाहरूलाई अरू कुनै किसिमको दाना पानी दिने चलन छैन । करीब १०० को बथानमा दुई-तीन वटासम्म थुमो राख्दछन् । स्थानीय भाषामा थुमोलाई "थुम्वा" भन्ने चलन पनि छ । हरेक भेडी गोठमा भेडाहरूलाई चोरीबाट सुरक्षा गर्न ठूला ठूला भोटे कुकुर पालेको हुन्छ ।

राई लिम्बूहरूको जनसंख्या बढी भएको जिल्ला हुनाले र साथै यिनीहरूका विवाह, व्रतवन्ध, चाड-पर्व आदिमा सुंगुर नभइनहुने हुनाले सुंगुर पालन पनि लोकप्रिय भएको छ । सुंगुर पालनमा त्यति दुःख पनि उठाउन पर्दैन । दिनभरी सुंगुर बाहिर चहारी रहन्छ । बिहान बेलुकाको समयमा मात्र केही केही दाना खुवाउने चलन छ । सुंगुरको लागि विशेष दाना चाहिं "तोङ्वा" खाइ सकेपछिको छोक्रा हो ।

यस जिल्लामा भएका गाई भैंसी, कुखुरा आदि असल नश्लका छैनन् । पाल्ने विधि पनि अन्य पहाडी जिल्लाहरूमा झैं पुराना खालका छन् । पशु रोगको रोकथाम गर्ने तर्फ यो जिल्लामा हाल केही प्रयास भइरहेकोछ । २०३० सालसम्म जिल्लाभरमा कहीं पनि पशु चिकित्सालयको स्थापना भएको थिएन । हालसालै मात्र सदर-मुकाममा एउटा औषधालयको स्थापना भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको हिमाली भेकमा सिङजेमा, नुराक, मौमा, देउमा, ढोक्सा, मावा, इवानागी, तावा नागी, जरिटार, बाङजे आदि नाम गरेका ठूला ठूला खर्कहरू छन् । यी खर्कहरूमा चौंरी र भेडा पालिन्छन् ।

जिल्लाको तल्लो भेकमा स्थित याङरूम, पाथिभरा, सुकेटारतिर पनि ठूला ठूला खर्कहरू छन् । यी खर्कहरूमा उन्नत जातका घाँसहरू उब्जाउन सकिए पशु पालन विकासमा ठूलो सघाउ पुग्ने देखिन्छ ।

कृषि विकास

कृषि विकासको निमित्त चाहिने उन्नत जातका बीउ, मल, औजार र कीटनाशक औषधीहरू विराटनगरस्थित कृषि खरीद-बिक्री संस्थानबाट उपलब्ध हुने गरेको छ । गत तीन वर्षदेखि उन्नत जातको गहुँको बीउ र कीटनाशक औषधी आदिको प्रयोग बढ्दै गइरहेको छ । गहुँको हिउँदे बाली लगाउने तर्फ पनि कृषकहरूमा अभिरुचि बढेको छ ।

पशुपालन क्षेत्रमा सुंगुर र कुखुरा पालनमा मानिसको रुचि बढेको छ । हाल यस जिल्लामा पशुहरूको नश्ल सुधार गर्ने कार्यक्रम चलाइएको छैन । तर वस्तुको नश्ल सुधार गराउन असल जातका साँढेहरू प्राप्त गर्न कृषकहरू उत्सुक देखिन्छन् ।

वागवानीको क्षेत्रमा स्याउ, कागती र आरूको प्रचार प्रसार भइरहेको छ । यस जिल्लाको हिमाली क्षेत्रमा स्याउ र अरू भेकमा अलैंची र चियाको खेती गराउन सकिने संभावना देखिएको छ । अलैंची खेतीमा पनि स्थानीय जनताको अभिरुचि बढेको पाइन्छ ।

कृषि ऋण

वैज्ञानिक तरीकाबाट खेती गर्न गरीब कृषकहरूलाई बीउ, रासायनिक मल र कृषि औजारहरू किन्न ऋणको आवश्यकता पर्दछ । कृषि ऋण दिने सहकारी संस्था वा बैंक यस जिल्लामा नभएकाले कृषि कार्यलाई चाहिने ऋणको निमित्त कृषकहरूले साहु महाजन जस्ता परम्परागत ऋणका स्रोतहरूमा नै निर्भर गर्ने गरेका छन् ।

यस जिल्लामा चौंरी पालन, भेंडा पालन र अलैंची खेतीको सहकारी कार्यक्रम चलाउने लक्ष्य राखेर पाथीभारा बहुमुखी सहकारी संस्था लि. को स्थापना भएको छ, तर यस संस्थाबाट अलैंची खेतीकोमात्र कार्यक्रम सञ्चालन भइआएको छ । यस संस्थाबाट कृषकहरूलाई वार्षिक १० प्रतिशत व्याज दरमा ऋण दिने काम भइरहेको छ । उक्त ऋण पाउनेहरूमा यस जिल्लाको २४ गाउँ पञ्चायतहरूका ८४ जना कृषकहरू छन् । धरान र दार्जीलिङ्ग (भारत) जस्तो बजारहरू टाढा हुँदा कृषकहरूलाई आफ्नो बालीको निमित्त बजार पाउन मुश्किल हुने हुनाले यिनीहरूलाई सुविधा पुऱ्याउन र अलैंची खेतीको कार्यक्रमलाई सफल तुल्याउन जिल्लामा एउटा सहकारी गोदाम घरको निर्माणगरी पाथीभारा बहुमुखी सहकारी संस्थाबाट कृषकहरूको अलैंची किनी उक्त संस्था मार्फत नै निर्यात गर्ने बन्दोवस्त पनि मिलाउने काम भइरहेको छ ।

यस पाथीभारा सहकारी संस्था आफ्नो लक्ष्यमा सफल भएमा भविष्यमा जिल्लाको अन्य स्थानहरूमा यस प्रकारको संस्था सफलतापूर्वक सञ्चालन गर्न सजिलो हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिचाइ

अधिराज्यका अन्य दुर्गम र पहाडी जिल्लाहरूमा झैं यस जिल्लामा पनि अधिकांश खेतीकार्यको निमित्त वर्षाको पानीमा भर पर्नु पर्ने अवस्था छ। यो जिल्ला पनि वर्षा धेरै हुने जिल्लाहरूमध्ये एक हो। कहीं कहीं स-साना कुलोहरू निर्माणगरी काम चलाएको पनि देखिन्छ। वर्षा याममा अक्सर गरेर जेठ महीनादेखि भदौ महीनासम्म कुलोलाई काममा लगाइन्छ। यस जिल्लामा ठूला-ठूला नहर र पक्की कुलोहरू छैनन्। गाउँलेहरूबाट मात्र निर्माण हुन नसक्ने तर धेरै परिवारको जमीन सिचाइ गर्न सकिने स-साना कुलोहरू जिल्ला पञ्चायतको अनुदानबाट जिल्लामा कहीं कहीं निर्माण भएको पाइन्छ। आर्थिक वर्ष २०२०।२१ देखि २०२६।२७ सम्म विभिन्न गाउँ पञ्चायतहरूमा जम्मा १५ वटा कुलोहरू निर्माण भएको देखिन्छ। २०२७।२८ देखि २०२६।३० आर्थिक वर्षसम्म जम्मा पाँच कुलो योजनाहरूमध्ये केही निर्माण भइसकेका र केही निर्माण भइरहेका छन्।

भूमि व्यवस्था

यस जिल्लामा वि. सं. १९५० सालमा नापी महाजाँच भएको थियो। त्यसवेला खेत, पाखा दुवै जग्गाको चौहद्दी नलेखी खेततर्फ माटो तिरो र पाखातर्फ घरधुरीको तिरो गरी विभिन्न घटिबढी तिरो ठेकिएको थियो। हले, पाटे, कोदाले, सुजेरे, ताले, पलेटे, तिपी, गोवाङ्गी र किपटिया किसिमका जग्गा त्यस जिल्लामा छन्। पाखा जग्गा पहिलेको स्थितिअनुसार घरलाई रू. ७।५०, ६।५०, ५।५० र ३।– का दरले तिरो लागेको थियो। तर आर्थिक ऐन २०२० लागू भएदेखि किसिमअनुसार सबै जातको बराबर एकै दर अर्थात् हलेको रू. ३।३०, कोदालेको रू. ०।८३, पाटेको रू. १।६५ र सो बाहेकका अरूलाई दोब्बर कायम भयो। यो जिल्लामा जग्गा तर्फ खेत माटो मुरी ३५६।४६।१४।१ छ। पाखा तर्फको जग्गा भने खुलाइएको छैन, खाली घर–धुरीको संख्या मात्र प्राप्त भएको छ। घर-धुरी संख्या ९,८०३ देखाइएको छ।

किपट जग्गाको आकार राम्ररी नतोकिएकोले २०२३ सालमा जग्गाको फाँटवारी सङ्कलन गर्दा बीउ विजनको आधारमा चार माना विजनको एक रोपनी कायम गरी लगत तयार पारिएको थियो। उक्त लगतको तथ्याङ्कअनुसार जग्गा धनीको संख्या ११,५१० थियो र जम्मा क्षेत्रफल १,८८,८४३ रोपनी थियो।

यस जिल्लाको सालवसाली उठ्ती हुने मालपोत जम्मा रू. ६१,६८८। सम्म पुगेको छ। यस जिल्लामा जम्मा ७७ वटा मौजाहरू छन्। यहाँ सुब्बा र गोवाहरूले जिम्मुवालको काम गरी मालपोत उठाउने चलन थियो। यी जिम्मुवालहरूको जम्मा संख्या ७४५ सम्म पुगेको छ। थोरै लगतको माल हुनाले जमीन सम्बन्धी लगत राख्ने र मालपोत उठाउने माल कार्यालय यस जिल्लामा "ग" श्रेणीको मात्र छ।

यो जिल्लामा हालसम्म नापी नभएको हुँदा हदबन्दी र विक्री वितरण सम्बन्धी कुनै कारवाई हुन-सकेको छैन। ऋण निश्चित तर्फ भएको कारवाही निम्न प्रकार छः—

शुरूदेखि हालसम्म यस जिल्लामा भएको ऋण निश्चित—	रू.	९,८२,८२३।
यस मध्ये साहुलाई तिर्न नपर्ने गरी मिनाहा भएको—	रू.	१,५४,००३।
मोहीयानी हक ४ नं. जो. अ. नि. प्रदान गरिएको संख्या—		१४,१६७

यस जिल्लामा कूत निश्चित गरिएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०३० सालसम्मको अनिवार्य बचतको लगत यसप्रकार छः–
आर्थिक वर्ष २०२४।२५ मा २०२३ सालको बचत जम्मा गर्ने बचतकर्ताबाट जिन्सी ४,७१६ मुरी १२ पाथी दुई माना नौ मुठी, २०२५ सालको नगदी १,०३,१५६। व्याज आम्दानी जिन्सी १,११० मुरी चार पाथी तीन माना पाँच मुठी र सुख्खा जर्ती आम्दानी ४३३ मुरी १६ पाथी पाँच माना दुई मुठी देखिन्छ ।

उद्योग तथा व्यापार

यो जिल्लाका प्रायः सम्पूर्ण जनसंख्याको जीविकाको मुख्य आधार कृषि नै भएकोले कृषिबाट फुर्सद पाएको समयमा धेरैजसो मानिसहरू बेरोजगार नै हुन्छन् तापनि हिमवर्ती क्षेत्रका निवासीहरू गलैंचा, छेरा, पाखी, दरी, बक्खु, दोचा, नम्बु, चुट्टुक, कितेन, पाङ्गी आदि बुन्ने काममा, लिम्बूनीहरू असल असल लिम्बू टोपी र बर्कोहरू बुन्ने काममा तथा गुरूङहरू राडी, घुमराडी, र लुकुनीहरू बुन्ने काममा लागेका देखिन्छन् । आफूले बोक्ने ढाकर, थुन्से, डालो, नाङलो, हाँडी, हर्पी आदि वस्तुहरू जिल्लामा नै तयार हुन्छन् । जिल्लामा भएका कामी र बाँडा जातिहरूले नरसिंह, सहनाई र स-साना भाँडा वर्तनहरू बनाउने गर्दछन् । उत्तरी क्षेत्रको लेलेप गाउँ पञ्चायत अन्तर्गतको लावाचेन गाउँ, ताप्लेथोक गाउँ पञ्चायत र याङरूप भेक तर्फ नेपाली कागजको पनि उत्पादन गरिन्छ । अघि भोटसँग राम्रो व्यापार चलेको समयमा लावाचेनमा बनेको नेपाली कागज भोटतर्फ निक्कै ठूलो परिमाणमा निकासी हुने गर्दथ्यो तर, भोटसँगको व्यापार कम हुन थालेदेखि लावाचेनको कागज उद्योग कम हुँदै गइरहेको छ । यस जिल्लामा घरेलु उद्योगहरू संगठित अवस्थामा छैनन् । जहाँ चीजहरू बनाइन्छ, अक्सर उहीँनै विक्री हुने र खपत हुने हुनाले हाट बजारमा आइ पुग्दैन ।

गणतन्त्र चीनको तिब्बत स्वशासित प्रान्त र सिक्किमसँग लामो सीमाना भएको यस जिल्लामा व्यापारिक गतिविधि बढी हुनु स्वाभाविकै हो । यस जिल्लामा सदरमुकाम बाहेक ओलाङचुङ, फुवा, मित्लुङ, सिवा, धुले, हाङदेवा, हान्द्रुङ आदि स्थानहरूमा पनि साना ठूला बजारहरू छन् । यस जिल्लाको प्रमुख व्यापारिक केन्द्र ओलाङचुङगोला हो । ओलाङचुङगोला अघि पूर्व पहाडकै एक प्रसिद्ध व्यापारिक केन्द्र मानिन्थ्यो । यहाँबाट आएका घोडाहरू पहाड र मधेशका धेरै स्थानमा पुगेका थिए । यहीं कै नूनले यस जिल्ला र यसका छिमेकी जिल्लाहरूलाई पुगेको थियो । तर भोटसँग सटही व्यापार कम हुन थालेदेखि ओलाङचुङको व्यापारिक प्रभुत्व विस्तारै कम हुन थालेको छ ।

भोटतर्फको रीउ र सारा तथा पूर्वमा दार्जीलिङ्ग र दक्षिणमा धरान यस जिल्लाले व्यापार गर्ने मुख्य केन्द्रहरू हुन् । जिल्लाभित्र किनबेचको निमित्त ठाउँ ठाउँमा हाटहरू लाग्ने गर्दछन् । जिल्लाको सदरमुकाम फुङलिङ (ताप्लेजुङ्ग) बजारको तोक्मे डाँडामा प्रत्येक शनिबार हाट लाग्ने गर्दछ । लुङथुङ, नाम्लेपाटी, सिवा आदि स्थानहरूमा पनि बखत बखतमा हाटहरू लाग्ने गर्दछन् ।

अघि यस जिल्लाबाट ओलाङचुङको बाटो भै अन्न फलफूल, खोर्सानी, बदाम, काठ, सख्खर, हरूवा, नेपाली कागज, खयर, लाहा आदि वस्तुहरूको निकासी हुने गर्थ्यो साथै भोटबाट ऊन, नून, याकको साँढे, उवा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को पीठो, घोडा, भ्याङलुङ, सुकुटी मासु, सुन चाँदी आदिको आयात गरिन्थ्यो। तर हाल भोट तर्फको व्यापार प्रायः बन्द भएको छ। ओलाङचुङका व्यापारीहरू हाल गणतन्त्र चीनको तिब्बत स्वशासित प्रान्तको रीउ भन्ने इलाकादेखि उता व्यापार गर्न जाँदैनन्।

दक्षिण तर्फबाट यो जिल्लामा लत्ता कपडा, मट्टीतेल, चीनी, भाँडा वर्तन, फलाम आदि आयात गरिन्छ। यस जिल्लाबाट दक्षिण र पूर्वतर्फ निर्यात हुने वस्तुहरूमा छुर्पी, गलैंचा, पाखी, घिउ आदि वस्तुहरू र जटामसी, चिरैंतो, मझिटो, कुडकी, पाँच–औंले, नागवेलीको पीठो, उत्तिसको पीठो, टिम्मुर, भोजपत्र आदि वनस्पति र जरीबूटीहरू मुख्य छन्।

यस जिल्लामा खासगरी मारवाडी, भोटे र नेवार जातिहरू व्यापारिक पेशामा लागेका छन्।

भन्सार

छिमेकी राष्ट्र गणतन्त्र चीनको स्वशासित तिब्बत क्षेत्रसँग जोडिएको यस जिल्लाको उत्तरमा अवस्थित ओलाङचुङगोला गाउँ पञ्चायतमा एक मूल भन्सार छ। यसै मूल भन्सार अन्तर्गत पापुङ गाउँ पञ्चायत तोप्केगोलामा, पाबपुङ गाउँ पञ्चायत ताङमुखामा र लेलेप गाउँ पञ्चायत फेम्बूमा एक-एकवटा छोटी भन्सार छन्।

यस जिल्लाका उक्त एक मूल भन्सार र तीन छोटी भन्सारबाट भएको आम्दानी निम्न तालिकाबाट देखिन्छः–

कार्यालय	२०२६–२७	२०२७–२८	२०२८–२९	२०२९–३०
ओलाङचुङगोला मूल भन्सार	४,४०३।–	४,४५८।–	५,३६३।–	३,६२९।–
तोप्के छोटी भन्सार	१२०।–	६०७।–	३५२।–	३६७।–
फेम्बु छोटी भन्सार	१७७।–	२४८।–	१३३।–	११।–
ताङखु छोटी भन्सार	८२।–	५३।–	७१।–	४।–

बैंक

वि. सं. २०२८ सालमा जिल्ला सदरमुकाममा नेपाल बैंक लिमिटेडको एउटा उप-शाखा स्थापना भएको छ। स्थानीय निवासीहरूमा बैंङ्किङ्ग चेतना जागृत गराउन यो उप-शाखा सफल भएको छ। व्यापारी वर्गलाई धरान र अन्य स्थानहरूमा रूपैयाँ पठाउन टी. टी. र ड्राफ्टबाट सुविधा प्राप्त भएकोले नगद बोकेर कैयौं दिन हिड्न पर्दा आउन सक्ने खतराहरू कम भएको छ। यो जिल्लामा बैंकको स्थापना भएपछि थोरै व्याज दरमा गहनाहरू धितो राखी कर्जा पाउन लागेकोले बढी व्याज दिई साहू महाजनबाट ऋण लिने प्रवृत्ति गाउँलेहरूमा कम हुन थालेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २०३० आश्विन मसान्तसम्ममा उक्त बैंकबाट सून चाँदीको धितोमा रू. ७,५६,०००।–, चल्ती ओभर ड्राफ्ट अन्तर्गत दैवी प्रकोप समस्या हल गर्नेऋण कोष खातामा रू. ४०,०००।–, कर्जा विविधमा रू. ७,०००।–, कर्जा नून चीनीमा रू. १,०००।– र मुद्धती रसीदमा रू. १,०००।– को लगानी भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

केही वर्ष यता निर्माण र मर्मत गरिएका पुल र बाटोहरूले जिल्लाको यातायातमा निकै सुधार ल्याएको छ तर सदरमुकामदेखि उत्तर मेवा खोला र तमोर खोला थुमका बाटोहरूमा ज्यादा पैरो गएकोले र चट्टाने भीर ज्यादा भएकोले यी क्षेत्रहरू अझै दुर्गम नै रहिरहेका छन्। ओलाङ्चुङगोला क्षेत्र र जिल्लाका अरू क्षेत्रहरूबाट सिक्किम जाने बाटोहरू घोडेटा लायक हुन सकेका छैनन्। दक्षिणतर्फ तेह्रथुम र पाँचथर जिल्लाहरू-सँग जोडिने घोडेटाहरू पहाडी क्षेत्रको लागि राम्रै स्थितिमा छन् भन्नुपर्छ। यस जिल्लाको ओलाङचुङ क्षेत्रमा अघि तमोरमा बाढी नआउँदा घोडा खच्चरको चलन चल्ती निक्कै थियो। अझै पनि जिल्लाका अन्य भागहरूमा केही केही परिवारहरूले घोडा प्रयोग गर्दछन्। तर जिल्लाको अधिकांश भागमा यातायातको साधन दुई गोडा र ढुवानीको साधन पिठ्यूँ मात्रै हुन्। अधिराज्यभित्रका राजमार्ग र सडकहरूले यस जिल्लालाई कहीं पनि छोएको छैन। यस जिल्लाको मूल बाटो (कच्ची हुलाकी बाटो), गोरेटा र घोडेटाहरू यस प्रकार छन्ः–

ओलाङ्चुङगोला–धरान बाटा

करीब २०८ किलोमिटर (६५ कोस) जति लामो यो उत्तर–दक्षिण बाटो यस जिल्लाको सबैभन्दा चल्तीको मूल बाटो हो। यस बाटोबाट ताप्लेजुङ्ग सदरमुकाम जाँदा अलि घुमाउरो पर्दछ। सदर मुकाम पुग्न यो बाटोबाट तल झर्दा मिकलुङ भन्ने स्थानबाट करीब तीन कोस उकालो र धरानबाट माथि लाग्दा मेवा दोभानबाट तमोर तरेर करीब तीन कोस उकालो बाटो लाग्न पर्दछ। यसरी सदरमुकाम निस्कन पर्‍यो भने यो बाटो धेरै घुमाउरो र करीब एक दिन बढी लाग्ने हुन जान्छ। तमोरको तीरै तीर मेवादोभान, धुले, हाङ्द्रुङ, थुम्वा हुँदै मिकलुङ भई ओलाङचुङ जाने बाटो छोटो छ। धरान बजार यस जिल्लाको मालसामान आयात निर्यात गर्ने प्रमुख बजार भएकोले यो बाटोलाई जिल्लाको आर्थिक मेरूदण्ड भने पनि हुन्छ।

यस बाटोबाट धरान आउनलाई दुई शाखा बाटाहरू छन्–(१) मेवादोभानदेखि आठराई संक्रान्ती हुँदै तमोरको तीरैतीर भएर धनकुटा जिल्लाको मूलघाट भन्ने स्थानमा निस्कने बाटो र (२) मेवादोभानदेखि गोर्चा गाउँ हुँदै तीनजुरेको लेक काटी धनकुटा बजार हुँदै मूलघाट निस्केर गढतिरको बाटोसँग मिल्ने बाटो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी दुई बाटाहरू मध्ये तीन जुरेको बाटो अलि छोटो भएपनि हिउँद महीनामा यसबाटोमा ठण्डा ज्यादा हुने हुँदा अक्सर हिउँदमा मानिसहरू गढतिरको बाटोबाटै ओहोर दोहोर गर्ने गर्दछन्। तर वर्षा महीनामा तल बाटोमा गर्मी ज्यादा हुने, बाढी पैरो ज्यादा आउने र डरलाग्दा काठका डुङ्गाबाट नदी तर्नु पर्ने कारणहरूले गर्दा मानिसहरू माथिल्लै बाटोबाट हिड्ने गर्दछन्। धरानबाट ताप्लेजुङ्ग सदरमुकाम पुग्न करीब छ दिन र ओलाङचुङगोला पुग्न करीब १० दिन जति लाग्दछ। यही बाटोबाट ताप्लेजुङ्गदेखि तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ बजार हुँदै धनकुटा जाने बाटो पनि छ तर यो पनि ज्यादै घुमाउरो भएकोले ताप्लेजुङ्गबाट तेह्रथुम बजार पुग्न करीब तीन दिन र धनकुटा बजार पुग्न करीब पाँच दिन जति लाग्छ।

ओलाङचुङदेखि धरानसम्ममा मूल घाटको पुल बाहेक पक्की पुल अरू कहीं पनि छैन। पहिले तापेथोक गाउँ माथि एउटा पक्की पुल थियो तर तमोरको बाढीले उक्त पुललाई भत्कायो। हाल भएका पुलहरू धेरैजसो कच्ची झोलुङ्गे र काठे पुलहरू छन्।

ताप्लेजुङ्ग–फिदिम–इलाम बाटो

करीब ६७ किलोमिटर (३० कोस) लामो यो बाटोको महत्व दिनहुँ बढ्दै छ। व्यापारिक र आर्थिक दृष्टिले यो बाटो त्यति महत्वपूर्ण नभए पनि यो जिल्ला मेची अञ्चल अन्तर्गत परेपछि राजनैतिक र प्रशासनिक दृष्टिकोणले यो बाटोको आवश्यकता बढिरहेको छ। ताप्लेजुङ्गबाट फिदिम जाने दुई बाटाहरू छन्– (१) ताप्लेजुङ्गबाट नाङखोल्याङ गाउँ हुँदै कावेली खोला तरेर आङवुङ, दोरूम्वा र सुभाङ गाउँहरू भएर पुग्ने बाटो र (२) ताप्लेजुङ्ग बजारबाट रोखु गाउँ पन्चायत अन्तर्गतको थपलिया पुल तरी तेह्रथुम जिल्लाको फूलबारी गाउँ पञ्चायत हुँदै सिटौला पुल तरी फिदिम पुग्ने बाटो। यी दुवै बाटाहरू बराबर चलन चल्तीमा छन्। ताप्लेजुङ्गबाट फिदिम पुग्न दुई अढाई दिन र इलाम पुग्न करीब पाँच दिन जति लाग्दछ। इलामबाट झापा मोटरमा एकै दिनमा पुग्न सकिन्छ।

ताप्लेजुङ्ग–दार्जीलिङ्ग बाटो

ताप्लेजुङ्ग जिल्लाको भारतको बंगाल प्रान्तको दार्जीलिङ्ग जिल्लासँग पनि व्यापारिक सम्बन्ध छ। यहाँबाट दार्जीलिङ्ग पुग्ने विभिन्न बाटाहरू छन्। ताप्लेजुङ्ग बजारबाट नाङखोल्याङ गाउँ हुँदै कावेली नदी तरेर आङवुङ, भालुखोप, मेमेङ हुँदै फालेलुङ डाँडा निस्केर रिम्वीक (दोकान डाँडा), विजनवारी आदि भारतीय भू-भाग हुँदै दार्जीलिङ्ग पुग्ने बाटो सबैभन्दा चल्तीको हो। अर्को बाटो आङवुङ, भालुखोप हुँदै जोरपाटी भन्ने स्थानबाट बन्दुके भन्सारको बाटो लागी कालपोखरी निस्की तुम्लीङ, मेग्मा हुँदै माने भन्ज्याङ पुगी त्यहाँबाट मोटरमा दार्जीलिङ्ग पुग्न सकिन्छ। च्याङचापु इलाका भएर चिया भन्ज्याङ र फालेलुङ हुँदै सन्दक्पुको बाटो गरी दार्जीलिङ्ग पुग्ने बाटो पनि छ। जुनसुकै बाटोबाट गए पनि ताप्लेजुङ्गबाट दार्जीलिङ्ग पुग्न करीब छ–सात दिन लाग्दछ। फालेलुङ डाँडामा मोटर पाए यो बाटो दुई बिनजति छोटिन जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र जानेबाटाहरू

यस जिल्लाबाट ओलाङचुङ, याङमा र धुन्सा गाउँहरू भएर भोट जाने तीन मुख्य भन्ज्याङहरू छन्– (१) टिप्ताला (२) काङला र (३) चाबुक्‌ला। यी तीन भन्ज्याङमध्ये सबैभन्दा चल्तीको भन्ज्याङ ओलाङचुङबाट टिप्ताला भएर जाने हो। यो भन्ज्याङ हिउँदमा दुई–चार दिन बाहेक बाह्रैमहीना पार गर्न सकिन्छ। जिल्लाको भोटसँगको परम्परागत व्यापारिक मार्ग पनि यही नै हो। यी तीन भन्ज्याङहरू बाहेक केही अरू स-साना बाटाहरू पनि छन् तर हिउँदमा हिउँले ढाकिने हुँदा ती बाटाहरूबाट वर्षा महीनामा केही दिनसम्ममात्र सीमाना पार गर्न सकिन्छ।

ताप्लेजुङ्ग बजारबाट खोक्लीङ, थुङलुङ, पापुङ गाउँहरू हुँदै मेवा नदीको गढ तीरैतीर हिंडेर तोक्पे गोला निस्की कोशी अञ्चलको संखुवासभा जिल्लाको थुदाम इलाका निस्केर पनि भोटतर्फ जान सकिन्छ तर यो त्यति चल्तीको बाटो होइन। तोक्मे गोलाबाट पश्चिमतर्फ वाहा खोलाको किनारैं किनार संखुवासभाको हेदाङना गाउँ पुग्ने एउटा गोरेटो पनि छ।

जिल्लाबाट सिक्किम जाने बाटाहरू

यस जिल्लाबाट सिक्किम जाने धेरै बाटाहरू छन्। ती मध्ये निम्नलिखित प्रमुख छन्:–

ओलाङचुङ – धुन्सा – बोक्तो – गेजिङ (सिक्किम) बाटो।

ओलाङचुङ – धुन्सा – ह्लोनाक – लाचेनलाचुङ (सिक्किम) बाटो।

ओलाङचुङ – हेल्लोक – याम्फुदिन – सिक्किम बाटो।

ताप्लेजुङ्ग– तेल्लोक – खेवाङ – उत्तरे (सिक्किम) बाटो।

ताप्लेजुङ्ग – तेल्लोक – ममाङ्खे – याम्फुदिन – सिक्किम बाटो।

ताप्लेजुङ्ग – च्याङथापु – चियाभन्ज्याङ बाटो।

ओलाङचुङबाट धुन्सा, बोक्तो आदि इलाका हुँदै सिक्किमको गेजिङ जिल्ला निस्कने बाटो सिक्किम जाने बाटाहरूमध्ये सबैभन्दा प्रमुख मान्न सकिन्छ। यस बाटोबाट उत्तरी भेकका व्यापारीहरू निक्कै ओहोर दोहोर गर्दछन्।

ताप्लेजुङ्ग बजारबाट तेल्लोक हुँदै खेवाङ भएर सिक्किम र याम्फुदिन भएर सिक्किम सोसिङ र गेजिङ जिल्लाहरू जाने दुई बाटाहरू छन्।

ताप्लेजुङ्गबाट च्याङथापु इलाका भएर नेपाल–भारत–सिक्किमको सीमानामा स्थित चिया भन्ज्याङ भएर सिक्किमको नयाँ बजार जाने बाटो पनि निक्कै चल्तीको छ।

हवाइ यातायात

ताप्लेजुङ्ग सदरमुकामबाट छ किलोमिटर (दुई कोस) माथि सुकेटार भन्ने स्थानमा स्टोल विमान स्थलको निर्माण कार्य सम्पन्न भई स्टोल विमान सेवा समेत चालू भइसकेको छ। यस स्टोल विमान स्थलको निर्माण-ले यस जिल्लाको यातायात र आर्थिक विकासमा निक्कै सहयोग पुऱ्याउने आशा गरिएको छ। यस विमान स्थल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को कुल लम्बाइ ६७१ मिटर (२,२०० फीट) र चौडाइ ८५ मिटर (२८० फीट) छ। धावन मार्गको लम्बाइ ५४६ मिटर (१,८०० फीट) र चौडाई १८ मिटर (६० फीट) छ। जिल्लाको उत्तरी भेकमा लुङ्थुङ्को छोक्सापारी र याङ्माको जरीटारमा पनि यस्ता साना विमानस्थल निर्माण गर्न सकिने टारहरू छन्।

हुलाक

यस जिल्लामा हालसम्म स्थापना भएका १० वटा हुलाक कार्यालयहरूमध्ये छोटी हुलाक एक, शाखा हुलाक दुई, अतिरिक्त हुलाक पाँच र सहकारी हुलाक दुई छन्। यस जिल्लामा निम्नलिखित स्थानहरूमा निम्न बमोजिमका हुलाक कार्यालयहरू छन् :–

हुलाकको नाम र स्तर	गाउँ पञ्चायत
ताप्लेजुङ्ग छोटी हुलाक	सदरमुकाम फुङलिङ बजार
सिनाम शाखा हुलाक	सिनाम गाउँ पञ्चायत
ओलाङचुङ शाखा हुलाक	ओलाङचुङगोला
खोक्लीङ अतिरिक्त हुलाक	खोक्लीङ
डुम्रिसे अतिरिक्त हुलाक	डुम्रिसे
खेवाङ अतिरिक्त हुलाक	खेवाङ
पेदाङ अतिरिक्त हुलाक	पेदाङ
लुङथुङ अतिरिक्त हुलाक	लेलेप
तिरिङ्गे सहकारी हुलाक	तिरिङ्गे
खुर्पाथाक सहकारी हुलाक	थुकिम्मा

आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा जम्मा ४,७३,९९० वटा चिट्ठी पत्रहरूको आवत जावत भएको थियो।

विदेशमा गोर्खा भर्ती जाने, बाहिर अध्ययन गर्न र काम गर्न जाने मानिसहरूको संख्या ठूलो हुनुको साथै व्यापारिक गतिविधि पनि धेरै भएकोले यस जिल्लामा चिट्ठी पत्रको आवत जावत धेरै हुन गएको हो।

आकाशवाणी

ताप्लेजुङ्ग सदरमुकाममा सार्वजनिक प्रयोगको निम्ति एक आकाशवाणी केन्द्र छ। यहाँबाट मेची अञ्चलका अरू तीन जिल्लाहरू (पाँचथर, इलाम र झापा) र काठमाडौंसँग सोझै सम्पर्क राख्न सकिन्छ।

आर्थिक वर्ष २०२९।०३० मा यस केन्द्रमा १,४०९ वटा खबर आएको थियो। यहाँबाट पठाइएका खबरहरू १,६५३ वटा थिए। सालभरिमा कुरा गरेको मिनेट ६३७ (१० घण्टा ३७ मिनेट) थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यहाँका निवासीहरूको शिक्षाप्रतिको जागरण उल्लेखनीय छ । २०२८ सालको जनगणनाअनुसार यहाँको पुरुष साक्षर संख्या ९,१३६ अर्थात् २५.८ प्रतिशत तथा महिला साक्षर संख्या १,१६२ अर्थात् ३.३ प्रतिशत गरी कुल जनसंख्यामध्ये साक्षर संख्या सरदर १४.६ प्रतिशत हुन आउँछ ।

साक्षरताको आधारमा यो जिल्लाको स्थान मेची अञ्चलमा तेस्रो र पूर्वाञ्चल विकास क्षेत्रमा आठौं छ । अधिराज्यको साक्षरताको प्रतिशत १३.९ को तुलनामा यो जिल्लाको साक्षरताको प्रतिशत अधिराज्यको सरदरभन्दा बढी हुन आउँछ । यस जिल्लाको साक्षरताको स्थिति तलको तालिकाले स्पष्ट पार्दछ ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	५,००६	६०३	१२.०	५,१०१	१६१	३.२	१०,१०७	७६४	७.६
१०–१४	६,१६५	२,०६९	३३.६	५,६८४	३९६	७.०	११,८४९	२,४६५	२०.८
१५–१९	४,८९१	१,७५३	३५.८	४,४०९	२३४	५.३	९,३००	१,९८७	२१.४
२०–२४	३,६६७	१,२३४	३३.७	३,७२५	११२	३.०	७,३९२	१,३४६	१८.२
२५–२९	२,७०४	७८१	२८.९	२,९२६	६४	२.२	५,६३०	८४५	१५.०
३०–३४	२,३८८	५८४	२४.५	२,६३६	३३	१.३	५,०२४	६१७	१२.३
३५–३९	२,१८५	५२३	२३.९	२,२९०	४३	१.८	४,४७५	५६५	१२.३
४०–४४	१,९२८	४४३	२३.०	२,११७	३५	१.७	४,०४५	४७८	११.८
४५–५४	२,९८८	६२२	२०.८	३,०११	४१	१.४	५,९९९	६६३	११.१
५५–६४	२,०१४	३२९	१६.३	२,००३	२६	१.३	४,०१७	३५५	८.८
६५ र माथि	१,४१०	१९५	१३.८	१,३१६	१८	१.४	२,७२६	२१३	७.८
जम्मा—	३५,३४६	९,१३६	२५.८	३५,२१८	१,१६२	३.३	७०,५६४	१०,२९८	१४.६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा चार वटा माध्यमिक, १६ वटा निम्न माध्यमिक र ११५ वटा प्राथमिक विद्यालयहरू छन्। माध्यमिक विद्यालयहरू यसप्रकार छन्:—

श्री भानु जन व्यावसायिक माध्यमिक विद्यालय, अम्बीटार, ताप्लेजुङ्ग,
श्री सिनाम माध्यमिक विद्यालय, सिनाम,
श्री मोती माध्यमिक विद्यालय, खोक्लीङ,
श्री बाल सुबोधिनी संस्कृत माध्यमिक विद्यालय, मेदीवुङ

प्रौढहरूलाई साक्षर बनाउने क्रममा पुरुषको निम्ति प्रौढ कक्षाहरू जिल्लाका विभिन्न केन्द्रहरूमा बर्षेनी सञ्चालन भइरहेका छन्। तर महिला साक्षरता कार्यक्रम भने हालसम्म यस जिल्लामा सञ्चालन हुन सकेको छैन।

यस जिल्लामा शिक्षा हासिल गर्न बढी अभिरुचि राख्ने जातिमा बाहुन, क्षेत्री, नेवार, शेर्पा आदि देखापरेका छन्। लिम्बू, राई, भूजेल, दमाई, कामी, सार्की आदि शिक्षाको क्षेत्रमा अलि पछि परेका छन्। अधिराज्यका दुर्गम जिल्लाहरूमा रहेका हिमालवासीहरूमध्ये आधुनिक शिक्षा हासिल गर्नेमा यही जिल्लाका निवासीहरू सबैभन्दा अगाडि भएको देखिन्छ। वास्तवमा जनसंख्याको अनुपातलाई हेर्दा यो जिल्लाको अन्य भेकमाभन्दा हिमवर्ती क्षेत्रमा शिक्षाको क्षेत्रमा बढी प्रगति भएको पाइन्छ। जिल्लाको उत्तर सीमान्त गाउँ ओलाङचुङ गोलाबाट एस. एल सी. पास गर्ने विद्यार्थीहरूको संख्या २० भन्दा बढी पुगेको छ। यसै गाउँबाट दार्जीलिङ्ग र काठमाडौंका विद्यालयहरूबाट सिनियर क्याम्ब्रीज पास गर्ने विद्यार्थीहरूको संख्या पनि करीब १२ पुगेको छ। यहींबाट केही स्नातक पनि निस्किसकेका छन्। यही गाउँका पाँच जना विद्यार्थीहरू छात्रवृत्ति लिई विदेशमा डाक्टरी, इन्जिनीयरिङ्ग, कृषि आदि विषयमा अध्ययन गरिरहेका छन्। हिमवर्ती र जेहेन्दार छात्रवृत्ति अन्तर्गत तथा आफ्नै खर्चबाट पनि यहाँका मानिसहरूले विभिन्न स्थानहरूमा आफ्नो छोराछोरी पढाइरहेका छन्। यहाँका मानिसहरू पहिलेदेखि नै व्यापार व्यवसायमा लागी कहिले भोट र कहिले मधेश गरिरहने हुँदा आधुनिक शिक्षाप्रति बढी आकर्षित भएको हुनुपर्दछ।

२०३०।३१ को लगत अनुसार यो जिल्लामा प्राथमिक विद्यालयस्तरको तालीम प्राप्त गरेका जम्मा ७७ जना शिक्षकहरू काम गर्दैछन्। माध्यमिक तहमा दुईजना र निम्न माध्यमिक तहमा एक जना तालीम प्राप्त शिक्षकहरू यस जिल्लामा छन्। केही शिक्षकहरू इलाम, धनकुटा, वीरगञ्ज र कीर्तिपुर क्याम्पसमा तालीम लिइरहेका छन्।

हाल प्राथमिक तहका सबै शिक्षकहरूको तलब भत्ता शत प्रतिशत, निम्न माध्यमिक तहमा ७५ प्रतिशत र माध्यमिक तहका विद्यालयका शिक्षकहरूको तलब भत्ता ५० प्रतिशत श्री ५ को सरकारबाट व्यहोरिएको छ। भानु जन व्यावसायिक माध्यमिक विद्यालय पूर्ण व्यावसायिक भएबाट त्यस विद्यालयका शिक्षकहरूको तलब भत्ता ७५ प्रतिशत श्री ५ को सरकारबाट व्यहोरिएको छ। साथै अति दुर्गम क्षेत्रमा परेका एक माध्यमिक विद्यालय र तीन निम्न माध्यमिक विद्यालयहरूका शिक्षकहरूको तलब भत्ता पनि पूर्णरूपले श्री ५ को सरकारले नै व्यहोरेको छ।

माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र प्राथमिक बिद्यालयहरू गरी जिल्लामा रहेका जम्मा ७९ विद्यालयहरूमध्ये धेरैजसोका भवनहरू ढुङ्गाको गारो र फुसको छानो भएका छन्। कुनै कुनै भवन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू टिनले पनि छाएको पाइन्छ । जिल्लाका उत्तरी भेकमा विद्यालय भवनहरूका गारो र छाना दुवै काठको हुन्छ ।

आर्थिक वर्ष २०२९।०३० मा श्री ५ को सरकारबाट शिक्षा प्रसारको निम्ति यो जिल्लामा रू. २,१४,३५०।– खर्च भएको थियो ।

स्वास्थ्य

यस जिल्लाका मानिसहरूमा पाइने रोगहरूमा खास गरी अरू जिल्लामा झैं रूगा खोकी, आँखाको व्यथा, क्षयरोग जस्ता रोगहरू मात्र भए तापनि हिमवर्ती क्षेत्रका याङ्मा, घुन्सा, खाङ्वाचेन, च्येने, पाङ्दाङ्डोमा, हेल्लोक, तोक्मे आदि गाउँहरूमा गाँड भएका मानिसहरूको संख्या निक्कै देखिन्छ ।

जिल्लामा देखिने रोगहरूलाई समष्टिरूपमा हेर्दा खाद्यान्नको कमी र भएको खाद्यान्नमा पौष्टिक तत्त्वको कमीबाट उत्पन्न रोगहरूले पीडित मानिसहरू धेरै पाइन्छन् । जिल्ला निवासीहरूमा डाक्टरी औषधिप्रति आस्था उत्ति बढ्न नसकेकोले मानिसहरू परम्परागत लामा, फेदाङ्मा (लिम्बूको पुरोहित), झाँक्री, विजुवा आदि प्रणालीका तत्त्वहरूद्वारा ढ्याङ्ग्रो–झाम्टा, झारफुक गराई रोगको निवारण गर्ने प्रयास गर्दै थिए र अझै पनि केही मात्रामा गरिनै रहेका छन् । तर हाल औषधि समयमा उपलब्ध गर्ने तर्फ निक्कै प्रगति भएको हुँदा जिल्लावासीहरूमा आधुनिक औषधि उपचार तर्फ बढी आस्था जाग्न थालेको छ ।

हाल जिल्लाका निम्नस्थानहरूमा निम्नबमोजिमका स्वास्थ्य सेवाका कार्यालयहरू छन्:–

ओलाङ्चुङ्गोला स्वास्थ्य केन्द्र	लुङ्थुङ
स्वास्थ्य चौकी	ताप्लेजुङ्ग फुङलिङ बजार
आयुर्वेदिक औषधालय	" " "
औलो उन्मूलन शाखा	" " "

उत्तरी प्रशासन क्षेत्र अन्तर्गत लुङ्थुङ गाउँमा रहेको स्वास्थ्य केन्द्रमा एकजना डाक्टर र एकजना स्वास्थ्य सहायकको दरबन्दी छ । उक्त केन्द्रमा २०२७ सालमा १,४०० जना, २०२८ सालमा ३,५०० र २०२९ सालमा ३,००० जना रोगीहरूको उपचार भएको देखिन्छ । ताप्लेजुङ्ग जिल्लाको सदरमुकाम फुङलिङ बजारमा स्थित स्वास्थ्य चौकीले २०२९ सालमा १०,०४१ जना बिरामीहरूको उपचार गरेको थियो ।

वि. सं. २०२९ साल जेठ महीनामा सदरमुकाममा स्थापना भएको आयुर्वेदिक औषधालयले सोही स्थानमा रहेको स्वास्थ्य चौकीमा बेला बेलामा उत्पन्न हुने औषधि अभावको समस्यालाई सुल्झाउन केही हदसम्म सहयोग पुऱ्याएको देखिन्छ ।

यस जिल्लामा परिवार नियोजनको निम्ति कुनै क्लिनिक छैन तर जिल्लामा रहेका स्वास्थ्य केन्द्रले आफ्नै सीमित सामग्रीहरूद्वारा परिवार नियोजनको क्षेत्रमा केही कदमहरू उठाएका छन् । २०२८।०२९ सालमा चारवटा र २०२९।०३० सालमा आठवटा भ्यासेक्टोमी अप्रेशन सम्पन्न भएको छ । धरानबाट प्राप्त परिवार नियोजन सम्बन्धी औषधि, पिलस तथा अन्य साधनहरू सर्वसाधारणलाई वितरण गरिएको छ ।

जिल्लास्थित औलो उन्मूलन शाखाको प्रतिवेदनानुसार २०३०।०३१ को भदौ महीनासम्ममा पाइएको औलो रोगीहरूको संख्या ३६ पुगेको छ जसमध्ये १० जनाले भारतको आसाम र नागाल्याण्डबाट औलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तोकी आएका र अरू स्थानीय निवासीहरूमा प्रसारण भएको भन्ने बुझिन्छ। औलो उन्मूलनको लागि रगत संङ्कलन गर्ने र डी. डी. टी. छर्ने जस्ता कामहरू औलो उन्मूलन शाखाबाट भई नै रहेको छ। २०२९।३० आर्थिक वर्षको प्रगति प्रतिवेदनानुसार ७,५२७ रक्त सङ्कलन गरिएको मध्ये ६० लाई औलो लागेको पत्ता लागेको छ। सोही आर्थिक वर्षमा १७० ड्रम डी. डी. टी. छर्कने काम सम्पन्न भयो।

यसको अतिरिक्त बिफर, हैजा र टाइफाइडको रोगका रोकथामको निमित्त यस जिल्लाका स्वास्थ्य केन्द्रहरूबाट समय समयमा खोपिदिने कार्य भइआएको छ।

जिल्लाको आकार र जिल्लामा रहेका बस्तीहरूको संख्या तथा जनसंख्यालाई ध्यानमा राख्दा हाल उपलब्ध भएका स्वास्थ्य सेवाका कार्यहरू पर्याप्त छैनन्। प्रमुख स्थानहरूमा अरू पनि स्वास्थ्य केन्द्रहरू खोली स्वास्थ्य सेवालाई विस्तार गराउँदै लैजानु पर्ने देखिन्छ।

खानेपानी

यस जिल्लामा प्रशस्त खोलानाला र पहाडी झरनाहरू भएको हुनाले जिल्लामा खानेपानीको खास समस्या भएको पाइँदैन। तर फाटफुट गाउँहरूमा ती गाउँहरूको अवस्थितिले गर्दा कहीं कहीं खानेपानी पर्याप्त मात्रामा नपुगेको जस्तो देखिन्छ। यस जिल्लाको थोकिम्मा र सावलाखु गाउँहरूमा खानेपानीको व्यवस्था मिलाइएको छ। यो जिल्लाको हाङदेवा, पेदाङ, चाक्सीबोटे, खोक्लीङ र खेजेनिम गाउँ पञ्चायतहरूमा पनि खानेपानीको लागि नालाहरू निर्माण भएका छन्।

ताप्लेजुङ्ग सदरमुकामको वल्लो बजार र पल्लो बजारमा गरी जम्मा आठ–नौ वटा पानीका धाराहरू छन्। यसको अतिरिक्त बजारको तलमाथि साँघुधारा, दाहाल धारा, भूंडे जङ्गलको धारा, कामी धारा आदि नाम गरेका कयौं खानेपानीका धाराहरू छन्। साँधुधाराबाट ल्याएको कलधाराले प्रहरी लाइन र जेललाई खानेपानी उपलब्ध गराएको छ। जिल्ला पञ्चायत कार्यालय रहेको र हरेक शनिवार हाट लाग्ने तोक्मे डाँडाको खानेपानी समस्या हाल समाधान भएको छ। श्री ५ को सरकारको अनुदान रकम र स्थानीय वासिन्दाहरूको सहयोगले तोक्मे डाँडामा कलधाराको बन्दोबस्त भएको छ।

हिमवर्ती क्षेत्रमा रहेको याङमा र धुन्सा गाउँहरूमा खानेपानी पर्याप्त भएपनि त्यहाँको पानीमा आयोडीन कम हुनाले यस क्षेत्रका धेरै मानिसहरू गाँडको रोगले पीडित देखिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

ताप्लेजुङ्ग जिल्लाका ४१ गाउँ पञ्चायतहरूमध्ये १० गाउँ पञ्चायतहरू उत्तरी प्रशासन क्षेत्र र बाँकी ३१ गाउँ पञ्चायतहरू प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष प्रशासनिक क्षेत्रमा विभाजन भएका छन् । अधिराज्यका अन्य जिल्लाहरूका झैं यहाँका प्रमुख जिल्ला अधिकारीलाई पनि जिल्लाको शान्ति सुरक्षा र प्रशासन लगायत स्थानीय विकासको काम कारवाईको अधिकार सुम्पिएको छ ।

उत्तरी प्रशासन क्षेत्रको प्रमुख प्रशासन "उत्तरी प्रशासक" को नाम दिइएको थियो तर पछि उक्त पदलाई "प्रशासक" मात्र भन्ने निर्णय भयो । उत्तरी प्रशासन क्षेत्रको प्रशासकको काम कर्तव्य पनि प्रमुख जिल्ला अधिकारी झैं आफ्नो तोकिएको क्षेत्रभित्र शान्ति र स्थानीय विकास कार्य गर्नु हो । तर यस प्रशासकले सीमा क्षेत्र र त्यहाँ रहने शरणार्थीहरूको गतिविधिमाथि बढी निगरानी राख्ने गर्दछ । उत्तरी प्रशासन क्षेत्रको कार्यालय "मेची अञ्चलाधीश कार्यालय, शाखा नं. १ ओलाङ्चुङगोला उत्तरी प्रशासन क्षेत्र" को नामले लुङथुङ भन्ने गाउँमा स्थापना भएको छ । तर हाल उक्त प्रशासनको काम पनि ताप्लेजुङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारी-लाई नै सुम्पिएको छ ।

यस जिल्लामा निम्न सरकारी र अर्ध सरकारी कार्यालयहरू छन्:—

कार्यालयको नाम	कार्यालय रहेको स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय	फुङलिङ बजार
ओलाङ्चुङ गोला उत्तरी प्रशासन क्षेत्र (मेची अञ्चलाधीश कार्यलय शाखा नं. १)	लुङथुङ
जिल्ला पञ्चायत कार्यालय	फुङलिङ बजार
जिल्ला भूमिसुधार कार्यालय	फुङलिङ बजार
जिल्ला शिक्षा कार्यालय	फुङलिङ बजार
माल कार्यालय	फुङलिङ बजार
निर्वाचन आयोग शाखा कार्यालय	फुङलिङ बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि शाखा	फुङलिङ बजार
आकाशवाणी स्याटलाइट स्टेशन कार्यालय	" "
पाथिभरा बहुमुखी सहकारी संस्था लि०	" "
जिल्ला सहकारी कार्यालय	" "

प्रहरी

यो जिल्लामा निम्नलिखित प्रहरी कार्यालयहरू निम्न स्थानहरूमा अवस्थित छन्:—

कार्यालयको नाम	कार्यालय रहेको स्थान
उत्तरी प्रशासन, प्रहरी निरीक्षक कार्यालय	लुङ्थुङ
प्रहरी चेकपोष्ट	ओलाङ्चुङ गोला
प्रहरी चेकपोष्ट	धुन्सा
जिल्ला प्रहरी ठाना	फुङलिङ बजार
सशस्त्र प्रहरी	" "
प्रहरी चौकी	तेल्लोक
प्रहरी चौकी	खेवाङ
प्रहरी चौकी	खोक्लीङ

कारागार

यहाँ सदरमुकाममा एक कारागार छ। कारागार भित्र महिला बन्दीहरूको निम्ति अलग कोठा छुट्याइएको छ।

पञ्चायत

ताप्लेजुङ्ग जिल्लामा जम्मा ४१ वटा गाउँ पञ्चायतहरू छन्। यो जिल्लाको जिल्ला सभाकोषको २०२९।०३० आर्थिक वर्षको कुल आम्दानी रू. १,८२१। मात्र भएको देखिन्छ। जिल्ला सभाकोषको औसत वार्षिक आम्दानी रू. २,०००। सम्म मात्र पुग्दछ। यो जिल्लाको प्रायः सबै गाउँ पञ्चायतहरूको आपनो ठोस आम्दानी छैन। प्रायः सबै पञ्चायतहरूमा रेडियोको प्रमाणपत्र र भरूवा बन्दुकको नवीकरण दस्तूर र निवेदन दस्तूर बाहेक अरू कुनै किसिमको आम्दानीको स्रोत छैन। कतै कतै हाट लाग्ने पञ्चायतहरूमा हटिया कर लगाइएको छ। यो जिल्लामा घाटहरू नभएकोले यहाँ घाटकर कहीं पनि लाग्दैन।

वर्गीय संगठनहरूमा यहाँ किसान, युवक, भू. पू. सैनिक र महिला संगठनहरू छन्। यी वर्गीय संगठनहरूको प्रारम्भिक समिति संख्या र तिनिहरूको सदस्य संख्या निम्न बमोमि छन्:—

वर्गीय संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
किसान संगठन	२७	१,३५०
युवक संगठन	२९	१,४५०
भूतपूर्व सैनिक संगठन	१४	७००
महिला संगठन	११	५५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यो जिल्लामा स्थानीय जन-सहयोग र सरकारी तवरमा समेत भएका तथा भइरहेका विकास कार्यहरू माथि विभिन्न शीर्षकमा चर्चा गरिएको छ । असजिलो भौगोलिक बनावट र यातायात एवं विद्युत् शक्ति जस्ता आधुनिक विकासका आधारभूत तत्वहरूको अभावमा कुण्ठित जिल्लाको पृष्टभूमिलाई दृष्टिगत गरी निम्न केही विकास कार्यहरूको सम्भावना यहाँ उल्लेख गर्न सकिन्छ ।

ताप्लेजुङ्ग एउटा दुर्गम र पहाडी जिल्ला भएर पनि यहाँ बग्ने नदी र खोलाहरूको छेउछाउमा केही खेतीयोग्य जमीनहरू छन् । सिचाइको राम्रो व्यवस्था गरी आधुनिक मलखाद तथा उन्नत जातको बीउको प्रयोगबाट खाद्यान्न उत्पादन वृद्धि गर्न सकिन्छ । यो जिल्लामा नगदे बालीको रूपमा आलु, चिया र अलैंची खेतीको विकास गर्न सकिने सम्भावना रहेको छ । त्यस्तै यहाँका पाखा पखेरा तथा हिमाली घाँचतिर चौंरी, याक, तथा भेडा च्याँग्रा पालन गर्न सकिने हावापानी र चरन प्रचुर मात्रामा रहेको छ । अतः पशुपालनबाट पनि ताप्लेजुङ्गवासीहरूको आर्थिक विकासमा दरिलो टेवा पुग्न सक्ने देखिन्छ । तर जिल्लावासीहरूलाई पशुपालनमा अग्रसर गराउनुभन्दा पहिले यहाँ पशु चिकित्सालयको स्थापना गरिनु आवश्यक छ ।

यहाँ स्थानीय ऊनबाट राडी, पाखी आदि ऊनका सामानहरू बनाउन सकिने कुटीर उद्योगको राम्रो सम्भावना रहेको छ । त्यस्तै यहाँको वनमा पाइने बाँस र निगालोबाट डोको, डालो, सोली, स्याखु आदि सामग्रीहरू स्थानीय सीप र श्रमबाट तयार गर्न सकिन्छ । यो जिल्लामा उत्पादन हुने नगदे खेती तथा कुटीर उद्योगका सामानहरू स्वदेशी वा विदेशी बजारहरूमा बिक्री गर्नको लागि भइरहेका गोरेटा बाटाहरूलाई घोडेटो वा चक्रेटोमा विकास गरी धनकुटा, इलाम तथा सिक्किम र दार्जीलिङ्गसम्म यातायातको सुविधा विस्तार गर्नु बेस हुनेछ । धरान–धनकुटा राजमार्ग पूरा भएपछि प्रस्तावित मूलघाट तेह्रथुम सडक ताप्लेजुङ्ग सम्म विस्तार गर्न सकिने देखिन्छ । यो बाटोको व्यवस्था भएमा ताप्लेजुङ्गको उत्पादनले धरान, विराटनगर र अन्ततः भारतको बजार पाउन सक्नेछ ।

नुप्चे र कञ्चनजङ्गा जस्ता विश्वप्रसिद्ध हिमगिरिहरूले सुशोभित ताप्लेजुङ्ग जिल्लामा पर्वतारोहण, ट्रेकिङ तथा दृश्यावलोकनका आकर्षणहरू प्रशस्त छन् । रसिला पाखाहरू, हँसिला शेर्पाहरू र रमाइला हिम नदीहरूले परिपूर्ण यो जिल्लामा पर्यटन उद्योग विकास गर्ने सम्भावना रहेको छ । वरपर हिमाली डांडाहरूले परिवेष्टित धुन्सा उपत्यका पर्वतारोहणको आधार शिविर तथा पर्यटनको केन्द्र बन्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचथर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	९९
प्राकृतिक स्वरूप र सम्पदा	१०१
ऐतिहासिक पृष्ठभूमि	१०५
प्रमुख स्थानहरू	१०६
जनसंख्या र जनजीवन	११२
आर्थिक व्यवस्था	१२२
यातायात र सञ्चार	१३२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	१३५
प्रशासन र पञ्चायत	१३९
उपसंहार	१४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

पाँचथर जिल्ला नेपाल अधिराज्यको पूर्वी सीमानाको रूपमा दक्षिण-उत्तर फैलिई रहेको मेची अञ्चलको बीचमा पर्दछ। पल्लो किरातको नामले प्रसिद्ध यो जिल्लालाई दश लिम्बुवान भन्ने चलन थियो। यस भेकका "दश लिम्बुवान" क्षेत्रका राजाहरूले संयुक्त रूपमा सभा गरी, सामूहिक र महत्वपूर्ण विषयहरू फिदिममा रहेको "अभ्वे पोजोमा" भन्ने तीर्थ स्थलमा जम्मा भै चुमलुङ (सभा) द्वारा निर्णय गर्ने परम्परा भएको यस जिल्ला हाल पनि लिम्बुवानभरिमा सबभन्दा ठूलो लिम्बू बस्ती भएको जिल्ला हो।

शारीरिक परिश्रम तथा मेहनतको लागि प्रख्यात यो लिम्बू जाति आफ्नो समृद्ध संस्कृति र मनोरञ्जनको लागि पनि उत्तिकै प्रख्यात छ। विभिन्न हाट, मेला तथा पर्वहरूमा युवक युवतीहरू हाते मालो गरी रमाइला नाचहरू नाच्छन्। धान नाचको नामले जानिने लिम्बुवान क्षेत्रमा प्रख्यात "यालाङ्मा" नाचमा रातभर केटा र केटीहरू एक अर्काको हात समाती तोङ्वा तथा रक्सी खाई नाच–गान गर्दछन्। तर नाचमा केटा तथा केटीको खुट्टाको बूढी औंला छोइएमा समूह नाचबाट बाहिर निस्की एक अर्कासँग माफी माग्नु पर्ने जस्तो अनुशासित परम्परा मान्दै आएको यस जातिको चोखो संस्कृतिले सबैलाई मुग्ध पार्दछ।

वीरता र बहादुरीका प्रतीक, यी लिम्बू जातिहरूमा "तोङ-सम-तोङ नम" भनिने विशाला पूजामा पाँचथर जिल्लाको यासोक भन्ने ठाउँमा पल्लो किरातका सबै लिम्बूहरू हरेक तीन वर्षमा एक पटक भेला भई पूजा–आजा गरी नाच–गान गर्ने र युवक केटाहरूमा खुकुरी तथा लट्ठीद्वारा बल प्रदर्शन गरिने परम्परा छ। यसबेला हात खुट्टा काटिनु साधारण जस्तै मानिन्छ तापनि पाको सुब्बाहरूले बल प्रदर्शन रोकेपछि, सबै रीस-राग बिर्सी तुरुन्तै नाच–गान शुरू गरिने जस्ता अनुकरणीय परम्परा हालसम्म पनि यस क्षेत्रमा पाइन्छ।

लिम्बुवान क्षेत्रमा रहने लिम्बूहरू भन्नासाथै विभिन्न कहावतहरूद्वारा जानिने यहाँका वासिन्दाहरू सरस तथा विनयी हुन्छन्। मित्रताको लागि यिनीहरू आफ्ना साथीभाइको निमित्त "मासु काटी दिने" भनिन्छन् भने छलकपटीयाको निमित्त "ज्यान लिने" पनि भनिन्छन्। तर विदेशी सम्पर्क तथा अन्य जिल्लाहरूसँगको आवत–जावत बढ्दै गएकोले हाल यो स्थिति बदलिंदै गएको छ।

जिल्लाको राजनैतिक सीमाना विदेशमा भारत तथा सिक्किमसँग जोडिन पुगेको छ भने स्वदेशमा यसले धनकुटा, तेह्रथुम, इलाम, ताप्लेजुङ्ग र मोरङ जिल्लाहरूलाई छोएको छ। भारत तथा सिक्किम दुवैसँग सीमाना जोडिएको नेपाल अधिराज्यको यो एक मात्र जिल्ला हो। जिल्लामा प्रसिद्ध हिमालहरू छैनन् तर सारै मनोरम मानिने सिङ्गलिला पर्वत शृङ्खला यो जिल्लामा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको प्राकृतिक सीमाना पूर्वमा भारतको दार्जीलिङ्ग जिल्लाको फालेलुङ डाँडाको पानी ढलोले भारतसँग र सिक्किमको चिया भन्ज्याङ डाँडाको पानी ढलोले सिक्किमसँग यसको अन्तर्राष्ट्रिय सीमाना छुट्याइएको छ। पश्चिममा तमोर नदीले धनकुटा र तेह्रथुम जिल्ला, दक्षिणमा महाभारतको डाँडाले इलाम जिल्ला र चिसोपानी पञ्चमीले मोरङ जिल्लासँग तथा उत्तरमा कावेली नदीले ताप्लेजुङ्ग जिल्लासँग सीमाना छुट्याइएको छ।

नेपाल अधिराज्यको पूर्वी सीमानामा पर्ने उत्तर–दक्षिणमा फैलिएको मेची अञ्चलका चार जिल्लाहरूमध्ये बीचमा पर्ने यो पाँचथर जिल्ला २६°५०′ देखि २७°२८′ उत्तर अक्षांश र ८७°३०′ देखि ४४°२′ पूर्व देशान्तरभित्र पर्दछ।

जम्मा ५३ गाउँ पञ्चायतहरू भएको यस जिल्लाको सदरमुकाम फिदिम हो र यो जिल्लाको क्षेत्रफल १,२४४ वर्ग किलोमिटर छ।

धेरै जसो लेक र पाखाहरू नै भई बेंसी कम भएको यस जिल्लामा पुरुषको संख्या ७२,३३१ र महिलाको ७३,४७८ भई कुल १,४५,८०९ जनसंख्याको बसोबास छ। विभिन्न जात–जातिहरूसँगै मिली बसेको यो जिल्लामा लिम्बूहरूको अधिकता छ र नेपालको अन्यत्र पहाडी जिल्ला सरह यहाँका वासिन्दाहरूको मुख्य आर्थिक गतिविधि कृषि व्यवसाय नै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

महाभारत पर्वत श्रेणीको उत्तरी पाखो र सिङ्गलिला पर्वत श्रेणीको पश्चिमी पाखो मिलेर बनेको पहाडी भागबाट निर्मित यो जिल्लालाई उत्तरमा काबेली नदी र पूर्वमा तमोर नदीले ताप्लेजुङ्ग, तेह्रथुम र धनकुटासँग साँध छुट्याएको छ। यो जिल्लाको पूर्वी भागमा रहेको सिङलिला पर्वत श्रेणीले सिक्किम र दार्जीलिङ्गसँग सीमाना छुट्याएको छ। त्यस्तै दक्षिणतिरको महाभारत पर्वत श्रेणीले इलाम र मोरङसँग साँध छुट्याएको छ।

पाँचथर जिल्लालाई भौगोलिक दृष्टिबाट दुई खण्डमा विभाजन गर्न सकिन्छ।

(क) पहाडी प्रदेश (ख) बेंसी तथा टारहरू

पहाडी प्रदेश

यो जिल्लाको पूर्वी तथा दक्षिणी भागमा लगभग ३,००० मिटर (६,९०० फीट) अथवा सो भन्दा बढी उच्च पहाडी भागहरू पर्दछन् र यी पहाडी भागहरू पश्चिमतर्फ क्रमैले होचिंदै गएका छन्।

कञ्चनजङ्घा हिमालबाट नेपालको पूर्वी सीमानाको रूपमा दक्षिण तर्फ फैलिएर आएको सिङ्गलिला पर्वत श्रेणीको तेम पोखरी र सन्डाक्पू खण्ड करीब ७७ किलोमिटर (२४ कोष) यो जिल्लामा पर्दछ। यस खण्डमा केही उच्च टाकुराहरू र केही भन्ज्याङ्गहरू छन्। यहाँ पर्ने तीनवटा उच्च टाकुराहरूमध्ये उल्लेखनीय टाकुरा सन्डाक्पू करीब ३,६७५ मिटर (१२,०७३ फीट) को उचाइमा पर्दछ। यस खण्डमा ३,३१५ मिटर (१०,८०७ फीट) को उचाइमा पर्ने चिया भन्ज्याङ्गले विशेष व्यापारिक महत्व राख्दछ। ताप्लेजुङ्ग, पाँचथर र संखुवासभातर्फका पहाडी व्यापारीहरू यसै बाटो दार्जीलिङ्गतर्फ आउने जाने गर्दछन्। सन्डाक्पू र चिया भन्ज्याङ्गको बीचमा पर्ने सबरधाम टाकुराले नेपाल, सिक्किम र दार्जीलिङ्गलाई साँध छुट्याउने काम गर्दछ। यो टाकुरो करीब ३,५४० मिटर (११,६२४ फीट) को उच्चाइमा पर्दछ। सन्डाक्पूबाट महाभारत पर्वत शृंखलाले पाँचथर र इलामको सीमानालाई छुट्याउँदै पश्चिमतिर फैलिएको छ। यो पर्वत पश्चिमतिर क्रमैले होचिंदै गएको छ र यो जिल्लाको दक्षिण - पश्चिमी साँधमा रहेको मेक्लाजाम डाँडा करीब २,४२० मिटर (७,९५० फीट) मात्र अग्लो छ। महाभारत पर्वतमा पनि ठाउँ ठाउँमा अग्ला होचा भन्ज्याङ्गहरू छन्। तीमध्ये बन्चुके, छिन्तापु, कुइभिरे आदि उल्लेखनीय छन्।

यो जिल्लामा सिङ्गलिला श्रेणीबाट एउटा डाँडा पश्चिमतर्फ फैलिएर गएको छ। त्यो डाँडाले उत्तरमा काबेली नदी र दक्षिणमा हिमा खोलालाई छुट्याएको छ। यो डाँडामा स-साना टाकुराहरू पर्दछन्। सबभन्दा उच्च टाकुरा बारेबुङ डाँडामा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेंसी र टारहरू

यो जिल्लाको काबेली र तमोर नदीले बनाएका उपत्यका तथा बेंसीहरू १,५२४ मिटर (५,००० फीट) देखि ६०९ मिटर (२,००० फीट) को उचाइमा पर्दछन् । ईन्वा खोला र काबेली नदीको दोभानदेखि काबेली तथा तमोरको दोभानसम्मको लगभग १६ किलोमिटर (५ कोस) को उपत्यकामा रहेको बेंसी भाग लगभग ७६१ मिटर (२,५०० फीट) को उचाइमा पर्दछ र यो उपत्यका पूर्व-पश्चिम लाम्चिएको छ । तमोर नदीका बेंसीहरू पनि ६०९ मिटर (२,००० फीट) वा सो भन्दा होचो भागमा पर्ने भएकोले उष्ण हावापानीको प्रभावमा पर्दछ । यो जिल्लाका बेंसीहरूमा वर्षमा दुई बालीसम्म धान लाग्न सक्दछ । यो जिल्लामा उल्लेखनीय टारहरू छैनन् ।

नदी नालाहरू

दक्षिण-पश्चिममा फुकेको र दुईवटा लामा चोसा आकार भएका नदीहरू यस जिल्लामा प्रशस्त छन् र जिल्लाको सीमानामा बहने मुख्य नदीहरू तमोर तथा काबेली हुन् । सप्तकोशीमध्ये एक मानिएको तमोर नदी पाँचथर तथा तेह्रथुम जिल्लाको सीमानामा बहेको छ । यो नदी पाँचथरको उत्तर-पश्चिम सीमानाबाट बग्दै धनकुटामा निस्कन्छ । पाँचथर जिल्लामा बग्ने सबैजसो खोलाहरू अन्ततः तमोरमा गएर मिसिन्छन् । अतः यो नदीले ताप्लेजुङ्ग, तेह्रथुम तथा धनकुटाको मात्र होइन पाँचथर जिल्लाको समेत मुख्य ढलको काम गरेको छ भन्न सकिन्छ । ताप्लेजुङ्ग र पाँचथर जिल्लाको सीमानामा बहेको काबेली नदी जिल्लाको पूर्वी सीमानामा बसेको च्याङथापु पञ्चायतको उत्तरी भाग फालेलुङको फेदीबाट निस्केको छ र आङबुङ पञ्चायतको अन्तमा तमोर नदीसँग मिसिएको छ । यस बाहेक जिल्लाभित्र भएका खोलाहरूमा हिमा खोला, ईमा खोला, नाम्बु खोला, निवु खोला, सावा खोला तथा मेवा खोला नै मुख्य हुन् । नेपाल र सिक्किमको सीमानामा पर्ने पहाडी शृङ्खलाबाट पश्चिम बग्ने स-साना खोलाहरूको संगमबाट सिर्जना भएर फिदिमको उत्तरी भाग हुँदै तमोरमा मिसिने हिमा खोला यस भेकको महत्वपूर्ण खोला हो । यसको आस-पासमा रसिला बेंसी र फाँटहरू छन् ।

जिल्लाको उत्तरी क्षेत्र भेमेङ पञ्चायतको शिर (सिङ्गलिला पर्वत शृङ्खलाको दक्षिणी भाग) बाट बगेर बस्ती क्षेत्रहरूबाट गएको र आसपासमा धेरै धान खेती समेत भएकोले, हिमा खोला सिचाइको लागि वरदान मानिन्छ । यस खोलामा पछि महाभारत लेकतिरबाट आएको फेमा खोला पनि मिसिन्छ ।

जिल्लाको सिक्किमसँगको सीमानाबाट बगिआएको ईमा खोलाको मुहानलाई जिल्लामा पवित्र स्थल मानिन्छ । यो ठाउँ धेरै उचाइमा भएकोले हिउँदमा लगातार हिउँ परिरहन्छ र वर्षादमा मात्र मानिसहरू यहाँ जाने गर्दछन् । यस क्षेत्रमा विभिन्न पोखरीहरू भएको र पर्वतको टाकुरामा विभिन्न रङ्गी-चङ्गी फूलहरू फुल्ने हुनाले यसबेला यो क्षेत्र निकै रमणीय हुन्छ । यिनै पोखरीहरूबाट निस्की खोलाहरू पश्चिमतर्फ बगेका छन् । यी खोलाहरूमध्ये नेपालपट्टि बगिआएको खोलालाई "ईमा" नदी भनिन्छ र यो पाँचथर र ताप्लेजुङ्गको सीमाना-बाट बगेर मेदिबुङ पञ्चायत आई काबेली नदी सँगसँगै तमोर नदीमा मिसिन्छ ।

सदर मुकाम फिदिमलाई यस नजीकैको नाम्दु खोलाले राम्रो सिचाइ सुविधा पुऱ्याएको छ । जिल्लाको दक्षिणी सीमानातर्फबाट आउने निवु खोला पनि घनाबस्ती क्षेत्रहरू हुँदै पश्चिमको सीमानामा बग्ने तमोरमा गई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्दछ। जिल्लाको सुदूर दक्षिणी सीमानामा बग्ने मेवा खोला पूर्वबाट पश्चिम गई तमोरमा मिल्दछ। यो खोला बस्ती क्षेत्रहरूबाट गएको छैन। यी सबै खोलाहरूको आसपासमा केही धानखेती हुने फाँट र टारहरू छन्।

ताल तथा झरना

नदी तथा खोलाहरूको अतिरिक्त यहाँ प्रसिद्ध पोखरीहरू पनि छन्। खुङ्ग, मारपा, गोपेटार तथा ओराङफुङ गाउँ पञ्चायतहरूको बीचमा पर्ने जोर पोखरी र रानीटार र पौवा सार्ताप गाउँ पञ्चायतहरूको बीचमा पर्ने सुखे पोखरी यहाँका प्रमुख पोखरी हुन्। यसमध्ये सुखे पोखरीमा धेरै वर्ष अघिदेखि पानी सुकेको छ।

जिल्लामा विभिन्न खोलाहरूले बनाएका झरनाहरू पनि पाइन्छन्। फिदिम गाउँ पञ्चायतको नाम्दु महभिर, मारपा गाउँ पञ्चायतको रातामाटे महभिर तथा मुक्तुरा गाउँ पञ्चायतको सुझाङ साप्सु झरना प्रमुख र मनोरम छन्।

खनिज पदार्थ

यस जिल्लाको याङनाम गाउँ पञ्चायतको चिलिङ दिनमा पाइने फलामखानी पहिले परम्परागत रूपमा स्थानीय प्रयासबाट सञ्चालन भएको थियो। राणा प्रशासनको समयमा नै सञ्चालित यस खानीबाट निकालिएको फलामबाट स्थानीय कालिगढहरूले हात हतियार तथा भाँडा कुँडा बनाउने गर्दथे। पछि गई फलाम झिक्ने काम बन्द गरियो। यस बाहेक जिल्लाका विभिन्न ठाउँमा चून खानी पाइन्छ। त्यस्तै याङनाम र नीगिन गाउँ पञ्चायतको सीमानामा पर्ने खोड खोलामा तामाखानी निस्कन्छ भन्ने स्थानीय मानिसहरूको भनाई छ। खानी सम्बन्धमा वैज्ञानिक रूपमा संभाव्यता अध्ययन पछि मात्र यसको उपादेयता र संभावनाहरू पत्ता लाग्ने भएकोले नै खानीले जिल्लाको आर्थिक उन्नतिमा मद्दत हुन सक्ने नसक्ने कुराको टुङ्गो पछि मात्रै लाग्न सक्ने देखिन्छ।

हावापानी

यस जिल्लामा हिमाली पर्वतमाला पर्दैन र जिल्लाको दक्षिण पूर्वी भागमा घना जङ्गल पाइन्छ। हावापानीको दृष्टिमा यो जिल्लालाई मोटामोटी तीन भागमा बाँड्न सकिन्छ:– (१) लेकाली भाग (२) मध्यपहाडी भाग र (३) टार तथा बेंसी।

जिल्लाको उत्तरी भागमा रहेको सिङ्गलिला पर्वत श्रृङ्खला तथा अन्य उचाइका भागहरूमा लेकाली हावापानी पाइन्छ। यहाँ मंसीरदेखि फागुनसम्म हिउँ परिरहने हुँदा यसको आसपासमा रहेका गाउँहरूमा निक्कै जाडो हुन्छ। १,२२० मिटर(४,००० फीट)देखि २,१३४ मिटर (७,००० फीट)को मध्य-पहाडी भागमा सम-शीतोष्ण हावापानी पाइन्छ। यहाँ न धेरै गरम र न धेरै जाडो नै हुन्छ। नदीको बेंसीहरूमा तथा धेरै कम उचाइका जिल्लाका भागहरूमा अर्ध-उष्ण हावापानीको अधिक प्रभाव पाइन्छ। यहाँ गर्मीको समयमा निकै गर्मी हुन्छ। यस्ता ठाउँहरूमा औलो लाग्ने पनि सम्भावना रहन्छ।

बङ्गालको खाडीबाट आउने मनसुनी प्रभावले अधिराज्यको पूर्वी भागमा पश्चिमी भागको तुलनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिक वर्षा हुन्छ । भारतको बङ्गाल राज्यसँग सीमा जोडिएको यस जिल्लामा अन्य पहाडी जिल्लामाभन्दा धेरै नै पानी पर्दछ ।

यहाँ भएको एकमात्र मौसम अवलोकन केन्द्र जिल्लाको उत्तर-पूर्व भाग रहेको भेमेङ घाटमा छ । १९६० देखि १९७० सम्मका वर्षहरूमा अभिलेख गरिएको वार्षिक औसत २,२९८.९ मिलिमिटर छ । यस बीच भएका वर्षभरीको वर्षामा अधिकतम र न्यूनतम वर्षा क्रमशः १९६३ को २६५०.६ मिलिमिटर र १९६७ को १३२५.९ मिलिमिटर छ । कुनै एक दिनमा हुने अधिक वर्षा चाहिं साधारणतया जून महीनाको चौथो हप्तादेखि जुलाई महीनाको दोस्रो हप्ताभित्र हुने देखिन्छ । यहाँ वर्षमा सालाखाला १४६ दिन पानी पर्दछ । ई. सं. १९६८, १९६९ तथा १९७० मा भेमेङ घाटमा रहेको मौसम अवलोकन केन्द्रमा अभिलेख गरिएको वर्षाको महीनावारी औसत र १९७० को एक वर्षको पूरा अभिलेख निम्न बमोजिम छः–

(सेन्टिग्रेडमा)

वर्षाको तालिका

	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जून
तीन वर्षको औसत	२०.५	१५.४	५५.४	७८.०	२९९.४	३७२.४
१९७०	३९.०	४५.८	१२.४	११८.३	२७७.८	४३६.३
	जुलाई	**अगष्ट**	**सेप्टेम्बर**	**अक्टोबर**	**नभेम्बर**	**डिसेम्बर**
तीन वर्षको औसत	६७४.२	८५१.३	३०५.५	१६८.१	९.०	०.१
१९७०	६५१.२	४६५.३	२२७.६	३५.६	८.६	०.०

जिल्लामा तापक्रम नाप्नेयन्त्र छैन तर जिल्लाको अक्षांश, देशान्तर तथा उचाईको दृष्टिकोणले धनकुटा जिल्लासँग निकटतम समानता देखिने हुनाले यहाँ पनि अधिकतम तापक्रम २८°२′ सेन्टिग्रेड, न्यूनतम तापक्रम ७° सेन्टिग्रेडसम्म हुने अनुमान गर्न सकिन्छ । यसै अनुसार वार्षिक औसत अधिकतम २२° सेन्टिग्रेड र न्यूनतम वार्षिक औसत १५° सेन्टिग्रेड यहाँ पनि हुने अनुमान गर्न सकिन्छ ।

वन तथा वनस्पति

जिल्लामा विभिन्न हावापानीको प्रभावले गर्दा विभिन्न प्रकारका वनहरू पाइन्छन् । अन्दाजी १,२१९ मिटर (४,००० फीट)को उचाइमा पतझड मनसुनी वन पाइन्छ । यस ठाउँमा कतै कतै औले सल्लो पनि हुन्छ । महाभारत पहाड र खासगरी अन्दाजी १,२१९ मिटरदेखि २,१३३ मिटर (४,००० फीटदेखि ७,००० फीट) सम्मका वनहरूमा पतझड तथा कोणधारी सदावहार वन पाइन्छ । यो वनमा कटुस, बाँझ आदिका रूखहरू हुन्छन् । यहाँ विभिन्न रङ्गका गुराँसहरू पनि पाइने हुनाले वनहरू निक्कै मनमोहक देखिन्छन् । जिल्लामा भएका उचा भागहरू खासगरी २,१३३ मिटरदेखि ३,६५७ मिटर (७,००० फीटदेखि १२,००० फीट) सम्मको उचाइमा कोणधारी वन तथा लेकाली घाँसे वनस्पति पाइन्छन् । यहाँ पाइने रूखहरूमा भोज, सल्लो, ओखर, धूपी तथा खस्रु हुन् ।

जिल्लामा पाइने जनावरहरूमा मृग, घोरल, दुम्सी, फयाउरो, बाँदर, चितुवा, भालू तथा जरायो मुख्य हुन् । यहाँ पाइने पक्षीहरूमा मयूर, कालिज, ढुकुर, च्याखुरा, लुइँचे तथा न्याउरी आदि हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

पल्लो किरात मानिने यस जिल्लाको आफ्नै लामो र पुरानो इतिहास छ। प्राचीन कालदेखि नै यहाँ किराती राजाहरूको राज्य थियो। पछि सातौं शताब्दीमा यिनीहरूको आपस्तमा झैं-झगडा परी यस किरात प्रदेशको अरुण नदीको पूर्व र टिष्टा नदीको पश्चिम भू-भागलाई लिम्बुवान र काठमाडौं उपत्यकादेखि पूर्व र दूधकोशी नदीको पश्चिम भागलाई खम्बुवान भन्न थालेको हो भनिन्छ।

चीनको युनान प्रदेशका शानजातिहरू लडाईंमा हारी पूर्वी भारतको आसाममा आई बसी पछि धमाधम पश्चिमतिर सर्दै नेपालको पूर्वी भागमा रहन आएका हुन्। यसै जातिले पछि लिम्बुवान क्षेत्रका आठ किरात राजाहरूलाई हराई यस भेकमा राज्य कायम गरे। यसै जातिले नै पछि लिम्बुवानमा बस्ने गैह्र लिम्बूहरूलाई पनि लिम्बूमा शासेल गर्ने गरी यस लिम्बुवान क्षेत्रलाई दश थुममा विभाजन गरेका हुन् भन्ने कुरा ईमानसिङ चेमजोङको किरात इतिहासको कथनबाट देखिन्छ। शायद यी दश थुमहरूको नामबाट नै पछि यस भेकलाई "दश लिम्बुवान" भनिएको हुन सक्छ। यस अनुसार दश थुमहरूमध्ये पाँचथर थुममा यासोक फेदेन गढी बनाई यिङासो पापो हांग राजाले राज्य गरेका थिए।

यी दश थुमका लिम्बूहरूले आफ्नो सम्पूर्ण जातिलाई संयुक्त रूपमा "याका थुम्बा" भन्ने चलन चलाए। दश लिम्बूहरूद्वारा नै शासित यो "याका थुम्बा" जातिमा नै पछि गई पुराना किरातीहरू समेत सम्मिलित गरियो। पछि दश लिम्बूहरूले राज्यको अधिकारबाट पराजित भएपछि सबै याका थुम्बाहरूले आफूलाई लिम्बू भन्न थाले।[1]

किरातीहरूको इतिहास प्राचीन छ। महाभारतकालीन इतिहासमा अर्जुनको आज्ञा अनुसार किराती राजा पाण्डवहरूको पक्षतिरबाट महाभारतको युद्धमा सम्मिलित भएका थिए भन्ने पाइन्छ। तर यी कुराहरूमा प्रामाणिक आधारहरू नभई श्रुतिहरूमै आधारित भएकोले यसलाई ऐतिहासिक तथ्य मान्न नसकिए तापनि किराती वंश प्राचीन वंशहरूमध्येका हुन् भन्ने कुरा चाहिं अनुमान गर्न सकिन्छ।

मध्यकालीन इतिहासमा किराती राजाहरू पनि नेपालका प्रारम्भिक राजाहरूमध्ये भएकाले किरातकालीन इतिहासमा पनि यी राजाहरू बारे वर्णन गर्नु जरूरी छ। किरात राजाहरूको नाम र तिनको शासनकालको सम्बन्धमा विभिन्न संस्करणहरूमा विभिन्नता देखिन्छ। कर्कपेट्रिक तथा राईट जस्ता इतिहासकारहरूको किरात वंशको नामावली र काल विभाजन एक आपसमा मेल खाँदैनन्। तर पनि किराती राजा

---

[1] I.S. Chemjong- History and culture of the Kirat people

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिते दस्ती र स्थुंको शासनकाललाई क्रमशः गौतम बुद्ध तथा अशोकको समकालीन मानिएको हुनाले यसको आधारमा नेपालमा किराती शासनको अवधि अनुमान गरिएको हो। किराती शासनको प्रथम राजा यलम्बर वा थलुङ्ग रहेछन् र जिते दस्ती सातौं पुस्ताका राजा र स्थुंको चौधौं पुस्ताका थिए।[१]

गौतम बुद्धको नेपाल (काठमाडौं) आगमन ५२० ई. सं. पूर्व र अशोकको शासन २५० ई. पूर्वतिर भएको कुरा भारतीय इतिहासकारहरूले प्रमाणित रूपमा निर्धारण गरेका छन्। यस अनुसार किराती राजाका सातौं पुस्ताका जितेदस्ती पनि समकालीन मानिएका छन्। यस्तै गरी सम्राट् अशोक पनि नेपालमा आई बुद्ध धर्मको प्रचार गरेका र लुम्बिनी तथा पाटनमा समेत विभिन्न स्तम्भहरू खडागरी फर्केको वर्णन पाइन्छ। अशोकको शासनकाल २५० ई. पूर्व मानिएकोले राजा स्थुंको यस समयसम्म पनि नेपालमा किराती राजा रहेको कुरा धेरै हदसम्म विश्वसनीय छ। किराती राजाहरूको शासनावधिको सम्बन्धमा जितेदस्तीभन्दा अघि यालम्बर-सम्मका छ राजा र जितेदस्ती पछि २०।२२ राजा भएका कुरा राईट तथा कर्कपेट्रिकको वंशावलीमा देखिएकोले यी दुवै वंशावलीलाई केलाई हेर्दा नेपालमा किरातहरूको शासन ईशाको पुगनपुग नवौं शताब्दी पूर्वदेखि कायम भई ईशा पछि दुई अथवा साढे तीनसय वर्षसम्म चलेको अनुमान गर्न सकिन्छ।[२]

आधुनिक नेपालको पूर्वाञ्चलमा रहेको लिम्बुवानमा ईशाको सातौं शताब्दीमा फेरि दक्षिणी चीनबाट सान मकवान वंशका जातिहरू आई लिम्बुवान प्रदेशका तराई तथा पहाडी भागमा कब्जा गरी बसे। शुरूमा मुङ-म-रोङको नेतृत्वमा यो जाति आएको थियो। यिनले यस भेकको शासन चलाउन मोरङमा दरबार बनाएका थिए भनिन्छ। पछि गई यिनले दश लिम्बुवानमा आक्रमण गरी तिनीहरूलाई जिते। दश लिम्बुवानहरूले पनि लडाईंमा हारखाई मुङ-म-रोङको अधीनस्थ स्वीकार गरेकाले यिनले आफ्नो राज्य विस्तार गरे।[३]

विभिन्न क्षेत्र तथा थुमहरूमा विभाजित नेपालमा ईस्वी सोह्रौं शताब्दीमा सेन वंशीहरूको चकचकी शुरू भयो। आफ्नो शासनकेन्द्र पालपालाई बनाई यस वंशका मुकुन्द सेन (प्रथम) ले पूर्वी भेकमा पनि आधिपत्य जमाए। बाबुराम आचार्यका अनुसार वि. सं. १५७५ देखि १६१० (ई. सं. १५१८ देखि १५५३) सम्म यिनले शासन गरेका थिए। हेमिल्टनले भेट्टाएका वंशावली अनुसार पराक्रमी मुकुन्द सेन (प्रथम)ले आफ्नो राज्यको विस्तार गरी राज्यहरूका विभिन्न टुक्राहरू पछि आफ्ना भाइ छोराहरूलाई बाँडी दिए। यिनका सबभन्दा कान्छा छोरा लोहाङ सेनले आफ्ना बाबु छँदा नै आफैले नै पूर्वी तराईका भाग विजय गरो यसमा शासन चलाई बसे। लोहाङ सेनले पूर्वी तराईका सानातिना रियासतहरू दखल गर्दै कोशीको किनारसम्म पुगी बिस्तारै बिस्तारै कोशी पारीको मोरङ पुगे। त्यस समय मोरङको राजधानी विजयपुर थियो र त्यहाँका राजा विजयनारायण निक्कै शक्तिशाली थिए भनिन्छ। तर यसै बीच राजा विजयनारायणको मृत्यु भएको र उनका सरदार राईहरूमा कलह भएकोले यिनले केही किराती सरदारहरूलाई हात लिई मोरङको राजा भए पछि पनि मोरङको मन्त्री पद किरातीलाई नै सुम्पिने कुराकानी मिलाई मोरङको विजयपुर हात लगाए र पूर्वप्रतिज्ञा अनुसार राजा आफू भई मन्त्री पद किरातीहरूलाई नै सुम्पिदै गए जुन परम्परा धेरै पछिसम्म पनि कायमै भएको पाइन्छ। यस प्रकार मुकुन्द सेनको राज्यको एक सीमा झण्डै आधुनिक नेपालको पूर्वी सरहदसम्म पुगेको देखिन्छ।

---

१ बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा

२ बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा

३ I.S. Chemjong- History and Culture of Kirat people–Part II

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै राजा लोहाङ सेनका नाति हरिहर सेनले आफ्नो राज्य विस्तार गरी उत्तर विहारको गोन्डवारासम्म बढाई आफूलाई "हिन्दूपति" सम्मानले विभूषित पनि गराएका थिए भनिन्छ।

सेन वंशीहरूको राज्यहरूमा मकवानपुर ठकुराई र विजयपुर ठकुराई छुट्टिएको देखिन्छ। सिन्धुली-देखि पूर्वपट्टि हाल सगरमाथा अञ्चलको उदयपुरसम्म मगरका बस्तीहरू रहेका र उदयपुरदेखि दक्षिणपट्टिको भावरमा नयाँ राजधानी "चौदण्डी" बनेको थियो। अरुण कोशीको पूर्वपट्टि सिङ्गलिला पहाडसम्म दशलिम्बुवान बस्ती थियो। माझ किरातको बस्ती चौदण्डीमा जगत सेनले राज्य गर्दथे र यस ठकुराईको जम्मै तलहट्टी अम्बरपुर कहलाउँथ्यो। जगत सेन पछि विक्रम सेन राजा भए। पछि गई कामदत्त सेनले मोरङको राज्य फेला पारे।

सेनहरूको राज्यमा दीवान भई राईहरूले प्रशासन चलाउँथे। बेला-बेलामा यिनीहरूमा आपसी कलह भई कहिले राजाले दीवानलाई दबाउने र कहिले दीवानले राजालाई दबाउने भइरहन्थ्यो। यसैगरी अन्तिम दीवान बुद्धकर्ण राईसँग कडा विरोध गरेर राजा कामदत्त सेनले बुद्धिकर्णका भाइ बुधकर्ण राईलाई ई. स. १७६८ मा मार्न लगाए र बुद्धिकर्ण राई भाग्न वाध्य भए। यस बेलाको गृह कलहको मौका छोपी सिक्किम-का राजा नाग्याल फुन-चोले विजयपुर ठकुराईको इलाम प्रदेशलाई आफ्नो प्रदेशमा मिलाएका थिए। बुद्धिकर्ण राई भागेर पूर्णियामा गई बसे र ई. सं. १७६९ मा कामदत्त सेनको हत्या गराए। विजयपुरमा कामदत्त सेनका उत्तराधिकारी बनी उनका काका रघुनाथ सेनले राज्य चलाए। तर यिनले पछि राज्य थाम्न नसकेकाले फेरि बुद्धिकर्ण राई नै यहाँको हर्ताकर्ता भए र यिनले कर्ण सेनलाई राजा बनाए।

यसै समय पृथ्वीनारायण शाहले आफ्ना राज्यहरू संगठित गर्दै गए र खार्पाका हरिनन्द पोखरेल समेत-को सहायता लिई चौदण्डीको ठकुराई नेपाल राज्यमा सम्मिलित गराउने प्रयास शुरू गरे र अभिमान सिंह बस्न्यातलाई चौदण्डीमा अधिकार गर्न खटाए। किरातका पहाड खण्डमा सर गर्न सरदार रामकृष्ण कुँवर र अमर सिंह थापालाई खटाए र ई. सं. १७७३ को जनवरी तथा फेब्रुअरीमा माझ किरातको सम्पूर्ण खण्डको दखल पूरा गरे।

माझ किरातमा अधिकार जमाएपछि गोर्खालीहरू विजयपुरको आक्रमणको तयारीमा लागे। यस सम्बन्धमा पृथ्वीनारायण शाहले ब्रिटिश भारतका गभर्नर जनरलबाट पनि सहयोगको आशा राखी विजयपुरका शासकलाई दण्ड दिने र त्यहाँबाट अंग्रेजहरूलाई साविकमा दिइआएको नजराना पठाउने समेत कबूल गरी अभिमान सिंह बस्न्यात र सरदार पारश भण्डारीको नेतृत्वमा फौज पठाए। त्यहाँका राजा कर्ण सेन र दीवान बुद्धिकर्ण राई दुवै विजयपुरमा नै थिए। गोर्खाली सैनिकहरू अम्बरपुर (हालको सिराहा र सप्तरी) मा रहेकाले विजयपुरमा तुरुन्तै आक्रमण हुन सक्दैन भनी यिनीहरू नीचमारिरहेका थिए। यसै समय सुरक्षाको लागि आफ्नो परिवार पूर्णियामा लगी राख्न भनी गएका राजा कर्ण सेन फर्कंदै फर्केनन्। यता मध्य वर्षातको समय पारी अभिमान सिंह बस्न्यातको नेतृत्वमा गोर्खाली सेना अम्बरपुरबाट पूर्व बढेर उर्लंदो कोशीमा हात्तीद्वारा गोर्खाली सेना तारी विजयपुरमा एक्कासी हमला गरी यसलाई वि. सं. १८३१ श्रावण ५ (ई. सं. १७ जुलाई १७७३) मा सर गरे। बुद्धिकर्ण राई भागे। विजयपुर लिएपछि महाभारतको डाँडामा परेको साँगुरीगढीमा समेत अधिकार गरी गोर्खाली सेनाले पहाडपट्टि घुस्ने बाटो पनि खोले।

यसै समयमा सिक्किमका राजाले पल्लो किरात क्षेत्रमा पनि बराबर आक्रमण गरिरहेका थिए। किरात क्षेत्रको इलाममा सिक्किम राजाले पहिले दखल जमाइसकेका थिए। दश लिम्बुवान भनिने क्षेत्रमा साना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साना रियाशतहरूका टुक्रामा लिम्बूहरूको प्रशासन रहेपनि यी लिम्बुवानका थरीहरू विजयपुरका राजालाई नै अधिपति मान्दथे। विजयपुर गोर्खालीको हात परिसकेको र यस भेकमा सिक्किमले डर-त्रास देखाइरहेको हुनाले दश लिम्बुवानका लिम्बूहरूले सरदार रामकृष्ण कुँवरलाई निम्त्याएर अरुण पारको चैनपुर नामक मुख्य बस्तीमा बोलाए। विजयपुरमा रहेका गोर्खाली सैनिकले पनि अभिमान सिंह बस्न्यातको नेतृत्वमा पल्लो किरातमा पुगी उत्तरपट्टि तिब्बतको सीमानासम्म र पूर्वपट्टि तमोर नदीसम्म अधिकार गरे। लिम्बूहरूले पनि निजहरूको रीति-स्थिति तथा अन्य सामाजिक व्यवस्था खलबल नपुऱ्याउने प्रतिज्ञा गोर्खालीहरूबाट प्राप्त गरी ई. सं. १७७४ मा नेपाल सरकारको आश्रयमा रहन मञ्जूर गरे। यसपछि लिम्बूहरूको सहयोगसमेत लिई सेना खडा गरेर नेपाल सरकारको फौजले लडाईं लडी ठूलो वीरता देखाएर नव–नेपालको निर्माणमा ठूलो योगदान गरेको कुरा विभिन्न इतिहासबाट झल्किन्छ। लिम्बू जातिको यही सहयोगलाई ध्यानमा राखी यिनीहरूको बहादुरीको कदर स्वरूप नेपाल सरकारबाट नगारा निशान तथा लालमोहरहरू बक्स भएको थियो।

यसरी सम्पूर्ण लिम्बुवान अधिकार गरेपछि सिक्किमतर्फ पनि बढ्ने पालो आउँदै थियो। यसै बीच सिक्किमका राजाले गोर्खालीसँग सुलहको कुरा चलाई आफ्ना दीवानका छोरालाई पठाएर अभिमान सिंह बस्न्यातसँग कुराकानी चलाए। अभिमान सिंह बस्न्यातले पनि "विजयपुरको राजाबाट लिएको इलाम तथा टिष्टासम्मको तलहट्टी फिर्ता गरेमा सिक्किमलाई सुरक्षित राखिनेछ" भन्ने पृथ्वीनारायण शाहको सन्देशको आसयकासाथ सुब्बा गङ्गानाथ आचार्य र विश्वामित्र उपाध्यायलाई आफ्नो प्रतिनिधि गराई सिक्किममा पठाए। सिक्किमका राजाले पनि गोर्खालीको शर्त मञ्जूर गरी सन्धिपत्रमा २५ सेप्टेम्बर १७७४ ई.मा छाप लगाइदिएकाले गोर्खालीको लिम्बुवान विजय पूर्ण भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

फिदिम

जिल्लाको सदरमुकाम फिदिम हो। "फिदिम" फेदेनबाट रूपान्तर भई बनेको संज्ञा हो भनिन्छ। लिम्बू भाषामा "फे" (फराकिलो) र "देन" (ठाउँ) भएकोले फराकिलो ठाउँ भएको यस गढीलाई फेदेनगढी भन्दछन्। अर्को थरीको कथन अनुसार फे-धनु, देन-हान्ने ठाउँ हो। सम्भवतः फराकिलो धनु हान्ने ठाउँ हुनाले पनि यस ठाउँलाई फिदिम भनिएको हुन सक्छ। फिदिम दुई पहाडको बीचमा परेको र पूर्वबाट पश्चिमतर्फ होचिदै गएको फराकिलो ठाउँ हो। यसको पूर्वतर्फ नागीन डाँडा र फेमा खोला, उत्तरमा मारपा डाँडा र हिमा खोला तथा दक्षिणमा लालिखर्क चुचुरे डाँडा अवस्थित छन्।

लिम्बुवान १० थुमका सुब्बाहरू प्राचीन कालमा यही गढी डाँडामा जम्मा भएर चुम्लुङ-बैठक गर्दथे भनिन्छ। यी थुमहरूमध्ये अहिले दुईवटा मात्र यस जिल्लामा पर्दछन्। बढी डाँडामा देवीको मन्दिर छ। फिदिम गढीमा सिद्ध देवी छन्। त्यहाँ एउटा कुण्ड पनि छ। फिदिममा औंसी पूर्णिमामा बजार लाग्छ। हालसालै जिल्ला पञ्चायतको तर्फबाट अष्टमी बजार पनि लगाइएको छ। यहाँ भदौ पूर्णे, मंसीर पूर्णे, राम नवमी, फागु जात्रामा विशेष हाट बजार लाग्दछ।

करीब १,२६६ मिटर (४,१६६ फीट) को उचाइमा रहेको फिदिम बजारबाट दक्षिणको इलाम सदरमुकामसम्म पुग्न करीब ४८ किलोमिटर (१५ कोस), दक्षिणमा धनकुटा ५४ किलोमिटर (१७ कोस), पश्चिममा तेह्रथुम ४८ किलोमिटर (१५ कोस) पर्दछ। अञ्चलको सदरमुकाम इलाम जाने चल्ती बाटो सुखे पोखरी मार्फत नै छ। झापा जाँदा इलामबाट बिर्तामोडसम्म मोटरमा गई त्यसपछि पूर्व-पश्चिम राजमार्गको सहायक राजमार्ग भई चन्द्रगढी पुगिन्छ।

फिदिमबाट इलाम जाँदा बाटोमा सुखे पोखरीमा अथवा साब्रेजुङमा एक दिन बास बसी दोस्रो दिन पुगिन्छ। फिदिमबाट धनकुटा जाँदा साँवापाटीमा एक दिन बास बसी दोस्रो दिन धनकुटा पुगिन्छ। तेह्रथुम जाँदा साँवापाटीमा नै बास बसी दोस्रो दिन पुगिन्छ।

यहाँ जिल्लास्तरीय कार्यालयहरू बाहेक नेपाल बैंकको उप-शाखा तथा एक माध्यमिक विद्यालय पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोरसाल बजार

फिदिमबाट करीब तीन किलोमिटर (एक कोस) पश्चिममा जोरसाल बजार पर्दछ । स्थानीय व्यक्तिहरूको कथनअनुसार पहिले त्यहाँ एक जोडी सालको रूख थिए। श्री बलभद्र ओझाले धर्म कीर्ति राख्न एउटा धर्मशाला बनाउन ती रूखहरू ढाल्न लगाए । यसको निमित्त उनले भोजपुरका कुह्यालेहरू डाकेका थिए। कुह्यालेहरूले ती दुवै सालको रूख ढाल्दा एक जोर नाग त्यहाँबाट निस्के र थाङसाङ खोलातिर गए । तिनै जोरसाल रूखको नामबाट अहिले त्यो ठाउँको नाम जोरसाल बजारको नाम रहेको छ । अहिलेसम्म पनि [उक्तधर्मशाला जोरसाल बजारमा छँदैछ । यहाँ निकै राम्रो हाट लाग्दछ र ऋषि तर्पणी पूर्णिमा र ठूलो एकादशीमा मेला पनि लाग्दछ ।

जोरसाल बजारमा प्रहरी थाना, प्राथमिक विद्यालय, भूमिसुधारको नापी कार्यालय आदि सरकारी कार्यालयहरू हुनुको साथै त्यहाँ एउटा सानो बजार पनि छ । फोटो स्टुडियो, कपडा पसल, अन्य पसलहरू हुनुको साथै यो ठाउँ रमणीय पनि छ । जोरसाल बजार फिदिम सदरमुकामभन्दा केही होचो ठाउँमा अवस्थित छ । यहाँबाट इलाम जाने गढ तीरैतीर धरान जाने, ताप्लेजुङ्ग जाने र तेह्रथुम जाने बाटो हुनाले यो सबैतिर जाने बाटोको चौबाटो भएको छ । यो फिदिम गाउँ पञ्चायतभित्रै पर्दछ । फिदिममा नगर योजनाको आयोजना गरिएमा बजारको रूपमा यसको ठूलो महत्व हुनेछ । यहाँबाट फिदिमसम्म मोटर चल्ने फराकिलो बाटो पनि बनेको छ ।

यासोक

जिल्लाको दक्षिणी भागमा रहेको यो ठाउँ फिदिमबाट करीब ३२ किलोमिटर (१० कोस) मा पर्दछ। यहाँ प्रसिद्ध सिद्धदेव तथा सिंहदेवीको मन्दिर छ । यस ठाउँमा लिम्बुवानभरिका तीन बर्षे मेला पनि लाग्दछ । एक माध्यमिक विद्यालय, स्वास्थ्य चौकी तथा शाखा हुलाक कार्यालयहरू रहेको यस ठाउँमा सानो बजार पनि छ।

रवी

इलाम चारखोला र पाँचथरको बीच पर्ने यो ठाउँ सदरमुकामबाट करीब ४४ किलोमिटर (१४ कोस) टाढा पर्दछ। जिल्लाको सुदूर दक्षिणी भागमा पर्ने यस ठाउँमा सानो पहाडी बजार रहेको छ । माध्यमिक विद्यालय, प्रहरी थाना तथा स्वास्थ्य केन्द्र समेत भएको यस ठाउँमा भेडी गोठ तथा घोडा गोठको लागि चरनहरू राम्रो पाइन्छन्।

पौवा सार्ताप

सदरमुकामबाट करीब १९ किलोमिटर (६ कोस) टाढा पर्ने यो ठाउँ सिलौटी डाँडामा अवस्थित छ । यहाँ फाल्गुनन्द धर्मगुरुको कुटी तथा देवालय बनाइएको छ । सिलौटे कुटी तथा लोव्रे कुटीसमेत भएको यस ठाउँमा परम्परादेखि साधु सन्यासी बस्ने र पूजापाठ आदि गरिने प्रथा अद्यापि छ ।

च्याङथापू

जिल्लाको सुदूर उत्तर-पूर्वी क्षेत्रमा पर्ने यो ठाउँ सदरमुकामबाट करीब ५१ किलोमिटर (१६ कोस) टाढा पर्दछ। रणबहादुर शाहको पालामा सिक्किमसँग भएको युद्धमा यसै ठाउँमा नै शत्रुलाई पासो थापिएको हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई ऐतिहासिक ठाउँ हो भनिन्छ । यो ठाउँ सिक्किमको सीमानासित जोडिएको छ र यहाँ एक छोटी भन्सार पनि रहेको छ ।

मेहल्बोटे

जिल्लाको दक्षिणी भागमा रहेको यो ठाउँ सदरमुकामबाट करीब २४ किलोमिटर (८ कोस) को दूरीमा परेको छ। यहाँ मार्ग देवीको प्रसिद्ध स्थान छ। यस ठाउँमा माध्यमिक विद्यालय, हुलाक तथा आयुर्वेदिक औषधालय पनि रहेका छन् ।

ओयाम

जिल्लाको उत्तरी भागमा रहेको यो ठाउँ सदरमुकामबाट करीब ३८ किलो.मिटर (१२ कोस) मा पर्दछ। यहाँ गुप्तेश्वर महादेवको प्रसिद्ध मन्दिर छ जहाँ शिवरात्रीमा ठूलो मेला लाग्दछ। जिल्लाका मानिसहरू यहाँ वालाचतुर्दशीमा सतबीज छर्ने गर्दछन् ।

मेमेङ

जिल्लाको पूर्वी भागमा रहेको यो ठाउँ सदरमुकामबाट ३८ किलोमिटर (१२ कोस) टाढा पर्दछ। यहाँ एक छोटी भन्सार पनि रहेको छ। भारतीय सीमानामा पर्ने यस ठाउँको मेमेङघाट भन्ने ठाउँमा २००७ साल अघिदेखि नै एक मौसम अवलोकन केन्द्र रहिआएको छ ।

सुखे पोखरी

जिल्लाको दक्षिण भागमा रानीटार गाउँ पञ्चायतमा र पौवा सार्ताप गाउँ पञ्चायतको बीचमा पर्ने यो पोखरी २,७३४ मिटर(८,९७१ फीट)को उचाइमा रहेको छ । जङ्गल तथा मनोरम दृश्यहरूको साथैं सम्म जमीन समेत पाइने र हिमालयहरू छर्लङ्ग देखिने भएकोले यस ठाउँ पर्यटनको लागि राम्रो केन्द्र हुन सक्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालको जनगणनाअनुसार पाँचथर जिल्लाको कुल जनसंख्या १,४५,८०९ छ, जसमध्ये पुरुषको संख्या ७२,३३१ र महिलाको संख्या ७३,४७८ छ। मेची अञ्चलका जिल्लाहरूको कुल जनसंख्यामा यो जिल्लाले दोस्रो स्थान ओगटेको छ। नेपाल अधिराज्यको कुल जनसंख्याको दृष्टिकोणले भने यो जिल्ला ३८ औं स्थानमा पर्दछ। यो जिल्लाको क्षेत्रफल जम्मा १,२४४ वर्ग किलोमिटर छ। जिल्लामा जनघनत्व प्रति वर्ग किलोमिटर ११७ व्यक्ति पर्न आउँछ। जनघनत्व एकदमै कम भएपनि मेची अञ्चलकै जनघनत्वको दाँजोमा भने यो झापा पछिको दोस्रो जिल्ला हो। मेची अञ्चलको जम्मा जनसंख्याको २३.६ प्रतिशत मानिस यो जिल्लामा बस्छन्। अञ्चलमा अधिक जनसंख्याको दृष्टिकोणबाट झापा जिल्ला पहिलो हो र पाँचथर जिल्ला दोस्रो हुन आउँछ।

जिल्लाको कुल जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा निम्न बमोजिम देखिन्छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	१२,३४९	१७.१	१२,५८८	१७.२	२४,९३७	१७.१
६–१५	२०,७०८	२८.६	१९,४८१	२६.५	४०,१८९	२७.६
१६ र माथि	३९,२७४	५४.२	४१,४०९	५६.३	८०,६८३	५५.३

उपर्युक्त तालिकामा पाँच वर्षसम्मका हुर्कंदै गरेका केटा-केटी, छ वर्षदेखि १५ वर्षसम्म विद्यालय जाने उमेरको जनसंख्या र त्यसभन्दा माथिको एक समूह गरी जम्मा तीन उमेर समूहमा विभाजन गरिएको छ।

यो जिल्लाको आर्थिक दृष्टिकोणले सक्षम र आश्रित जनसंख्यालाई हेर्दा १० देखि ५९ वर्षको सक्षम मानिएको समूहमा ९५,०९१ अर्थात् कुल जनसंख्याको ६५.२ प्रतिशत पर्न आउँछ। यसरी हिसाब गर्दा यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५३ हुन आउँछ। अन्तर्राष्ट्रिय परिपाटी अनुसार १५ देखि ६४ वर्षको समूहलाई सक्षम मानेमा सो समूहमा ७९,८३८ अर्थात् ५४.८ पर्न आउँछ। यस परिपाटी अनुसार हिसाब गर्दा जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८३ हुन आउँछ।

केन्द्रीय तथ्याङ्क विभागको २०२८ को जनगणना प्रतिवेदनमा आर्थिक दृष्टिकोणले सक्रिय जन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या ७०,९६८ अर्थात् कुल जनसंख्याको ४८.६७ प्रतिशत रहेको देखिन्छ। त्यसरी आर्थिक दृष्टिकोणले विभिन्न व्यवसायमा लागेका व्यक्तिहरू निम्न बमोजिम देखिन्छन्:—

व्यवसाय	संख्या	प्रतिशत
कृषि, वन तथा पशुपालन	६९,९८३	९८.६१
उद्योग	२०८	०.२९
व्यापार	१२७	०.१७
यातायात सञ्चार	९	०.१२
वैयक्तिक तथा सामुदायिक सेवा	६४१	०.९०
जम्मा:—	७०,९६८	१००.०९

जिल्लाको तथ्याङ्कमा पुरुषभन्दा महिलाहरूको संख्या बढी देखिन्छ। छ वर्षदेखि १५ वर्षसम्मका महिला संख्या पुरुषको दाँजोमा कम भई १६ वर्षदेखि ५९ वर्षसम्म र ६० वर्ष तथा सोभन्दा माथिका वर्षहरूमा महिलाहरूको संख्या पुरुषको दाँजोमा बढी देखिन्छ। यसबाट पुरुषभन्दा महिलाहरू बढी बाँच्ने वा महिला हरूमा जिल्ला छोडी अन्त जाने प्रवृत्ति कम छ भन्ने पुष्टि हुन्छ। यस जिल्लामा पुरुषहरू धेरै विदेशी सेनामा भर्ती हुन जाने र विभिन्न दुर्भाग्यहरूमा पर्ने हुँदा पनि पुरुषहरूको संख्या घट्न गएको हुन सक्छ।

जिल्लाको जनसंख्या अधिकतम दक्षिण तथा पश्चिम भेकमा घना देखिन्छ। यो जिल्लामा भएका ५३ गाउँ पञ्चायतको जनसंख्याको विवरण निम्न बमोजिम छ:—

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. आंगबुंग	२,४७९	१६. चिलिङदिन	२,८०१
२. आरूवोटे	३,३३१	१७. डालीखर्का	२,१८९
३. आङना	२,५८८	१८. दोरूम्बा	१,८५६
४. ओराङफुङ	१,६८४	१९. दूर्दिम्बा	३,०७९
५. ओयाम	२,८४३	२०. नांगिन	४,६७५
६. ओलने	२,१६७	२१. निगाले	२,१८०
७. उम्लावुङ	२,००३	२२. पौवा सार्ताप	३,३३९
८. ईम्बुङ	१,८९७	२३. प्राङवुङ	३,९९५
९. एकतिन	२,५६४	२४. फलैंचा	२,६७९
१०. कुरूम्वा	२,९८७	२५. फिदिम	२,६७३
११. खुंगा	२,०४४	२६. फेजुङ	१,८७०
१२. खान्द्रुङ	१,२३१	२७. फाक्तेप	२,७३३
१३. च्याङथापु	२,३१४	२८. भेमेङ	४,३१३
१४. चितौक	१,५०३	२९. भारपा	४,८३०
१५. चोकमागुं	२,९५८	३०. भाङजावुङ	३,१४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३१. मेहेलबोटे	४,७१७	४३. लुम्फावुङ	१,८०२
३२. भेदिवुङ	२,०१७	४४. सिवा	२,५३८
३३. मौवा	३,६०६	४५. सिदिना	३,५१६
३४. मुकुवुङ	२,१५५	४६. सुर्खेनायी	१,७७१
३५. यासोक	४,४४३	४७. स्याब्रुम्वा	२,७५७
३६. यांगनाम	२,३१०	४८. सिवुवा	३,८२५
३७. रानी गाउँ	४,७५६	४९. सिरिसे	१,६१४
३८. रानीटार	५,०५६	५०. सेवा	२,२६४
३९. रवी	१,८८५	५१. हांगुम	२,२३७
४०. लिम्वा	२,६९७	५२. होपेटार	१,०६१
४१. लुवाफु	२,३३२	५३. भुक्तुरा	२,४१२
४२. लुङरूपा	२,७५६		

गाउँ पञ्चायत अनुसारको जनसंख्या विभाजनको उपर्युक्त तालिकाबाट ५,००० भन्दा बढी जनसंख्या भएको गाउँ पञ्चायत रानीटार एउटा मात्र देखिन्छ। ४,००० भन्दा बढी जनसंख्या हुने गाउँ पञ्चायतहरू पनि केवल छ वटा मात्र देखिन्छन्। ती गाउँ पञ्चायतहरू रानी गाउँ, नांगिन, यासोक, भारपा, भेमेङ र मेहलबोटे हुन्। पहाडी जिल्ला तथा आर्थिक कठिनाई तथा उब्जाउ भूमिको अभावको कारणले यहाँ ठूला बजार तथा घना जनसंख्या भएका गाउँहरू कमै देखिन्छन्।

यस जिल्लामा मानिस बसोबास घरबार संख्या २५,३२४ छ। तथ्याङ्क विभागको २०२८ को आँकडा अनुसार जम्मा १३३ जना घरविहीन देखिन्छन्। जिल्लाको सम्पूर्ण जनसंख्याको हिसाब गर्दा यहाँको परिवारको औसत संख्या करीब ६·६ छ। एक व्यक्ति मात्र भएको परिवार संख्या ७७० देखिन्छ र पाँच व्यक्तिभन्दा बढी भएको परिवार संख्या ३,९३० छ। सबैभन्दा बढी भएको परिवार संख्या पनि पाँच नै देखिन्छ। २० र सोभन्दा बढी सदस्य रहने परिवार संख्या २५ मात्र छ।

केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित आँकडा अनुसार भाषा र बोलीको आधारमा यहाँको जनसंख्यालाई निम्न बमोजिम विभाजन गरेको देखिन्छः—

भाषा-भाषी	बोल्नेको संख्या
नेपाली भाषा	६४,९५६
लिम्बू भाषा	५१,१९४
राई भाषा	१५,८२९
तामाङ्ग भाषा	७,६२०
अन्य भाषा	६,२१०
	१,४५,८०९

उपर्युक्त तथ्याङ्कबाट जिल्लाको मुख्य भाषा नेपाली नै देखिन्छ। पाँचथर जिल्लामा लिम्बू तथा राईहरू नै बहुसंख्यक भएकाले यी दुवै जातिको मातृभाषा बोल्नेहरूको संख्या जोडिएमा यो संख्या नेपाली बोल्नेहरूको संख्याभन्दा बढी नै देखिन्छ। नेपाल अधिराज्यमा लिम्बूहरू सबैभन्दा बढी रहेको यो पाँचथर जिल्ला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा लिम्बू भाषा मात्र बोल्नेहरूको संख्या नेपाली पछि दोस्रो स्थानमा आउँछ। अन्य भाषाहरूमा सुनुवार, भोटे शेर्पा, नेवारी, गुरूङ तथा स्थानीय भाषाहरू पनि जिल्लामा बोलिन्छन्। यहाँ भएका विभिन्न भाषाभाषीहरूको बीचको कुराकानी गर्ने भाषा चाहिं अधिकतम नेपाली नै हो।

जिल्लामा विभिन्न धार्मिक समुदायहरू रहेका छन्। तथ्याङ्क विभागको आँकडा हेरी धर्म अनुसार जनसंख्यालाई विभाजन गर्दा कुल जनसंख्याको ९४.४ प्रतिशत हिन्दू, ४.३ प्रतिशत बुद्ध धर्म मान्ने र १.३ अन्य धर्मावलम्बीहरू देखिन्छन्। यसबाट जिल्लामा बहुसंख्यक रूपमा रहेका लिम्बू तथा राई किरातीहरू सबै जसोले हिन्दू धर्म मान्ने गरेको कुरा स्पष्ट हुन्छ। जिल्लामा रहेका तामाङ्ग जातिहरू भने अधिकांश बुद्ध धर्म नै मान्दछन्। भाषाभाषी र धार्मिक परम्परामा केही विभिन्नता देखिए तापनि जिल्लावासीहरू आपसमा मिलिजुली बसेका छन्।

जिल्लामा बालविवाह हालसम्म पनि निर्मूल भएको छैन। केन्द्रीय तथ्याङ्क विभागको आँकडा अनुसार यहाँ छ देखि १४ वर्षसम्मको उमेरभित्र विवाह गर्नेहरू पुरुष १८९ र महिला ३३२ देखिन्छन्। यस जिल्लामा जारीको पनि प्रशस्तै चलन छ। जिल्लाको यस सम्बन्धी तथ्याङ्क अनुसार सबैभन्दा बढी विवाह २५ देखि २९ वर्षका केटा-केटीहरूमा हुने देखिन्छ। जिल्लाको जनसंख्यामा पुरुषको भन्दा महिलाको आधिक्य भएको र लोग्ने मान्छेहरू भारत तथा अन्यत्र सैनिक सेवामा जाने भएकाले पनि यहाँ एकभन्दा बढी स्वास्नी राख्ने चलनलाई बढावा मिलेको जस्तो देखिन्छ।

जन-जीवन

लिम्बूहरू तराईका विभिन्न जिल्लामा तथा पहाडका अरू इलाकामा पनि बसेका छन् र सिक्किम, दार्जीलिङ्ग र विदेशका अनेकौं भागहरूमा पनि पुगेका छन् तापनि उनीहरूको परम्परागत थलो अरुण नदीदेखि पूर्व, हिमालय श्रृङ्खलादेखि दक्षिण, सिक्किमको सीमा र मेचीदेखि पश्चिम अनि तराई र पहाडको दोसाँधदेखि उत्तर भित्र पर्ने क्षेत्र हो। कोशी अञ्चलका धनकुटा, संखुवासभा र तेह्रथुम तथा मेची अञ्चलका ताप्लेजुङ्ग, पाँचथर र इलाम गरी छ जिल्लाहरूमा आजसम्म पनि अधिकांश लिम्बूहरू बसेकै छन्। यी छ जिल्लाहरूमा पनि पाँचथरमा चाहिं लिम्बूहरू बहुसंख्यक रूपमा छन्। पाँचथरको सम्पूर्ण जनसंख्या १,४५,८०९ छ र तिनमा ५१ प्रतिशत लिम्बूहरू नै छन्।

पाँचथरका अरू बासिन्दाहरूमा बाहुन, क्षेत्री, मगर, भोटे, दमाई, राई, कामी, गुरूङ, नेवार, सुनुवार, तामाङ र सार्कीहरू हुन् तापनि यस जिल्लाका बहुसंख्यक र प्रमुख जनता लिम्बूहरू नै भएकाले तिनका विषयमा यहाँ केही उल्लेख गर्नु उचित होला।

परापूर्वकालदेखि पूर्वी नेपालको पर्वतीय क्षेत्रभित्र बसोबास गर्दै आएका किरातीहरूमा लिम्बू जातिको आफ्नै धार्मिक, सामाजिक र भाषिक विशेषताहरू छन्। लिम्बूहरू पनि किराती नै भएकाले राईहरूसित तिनका चालचलन, रीतिथिति, चाडवाड र धर्मकर्म धेरै अशमा मिल्दछन्, तर अप्ठचारो भौगोलिक स्थितिले हाम्रो अधिराज्यका अनेकौं पहाडी समूहहरूलाई सम्पर्क र निकटताको सुविधा नदिएकाले बेग्लाबेग्लै परम्पराहरूको आफ्नै विशिष्ट प्रकारले विकास हुन् स्वाभाविक साँस्कृतिक प्रक्रिया हो र सो कुराको प्रमाणस्वरूप राई र लिम्बूहरू पनि छन् जसका आफ्ना - आफ्नै साँस्कृतिक वैशिष्ठचहरू स्पष्टतासाथ आज देखा परेका छन्। अन्य जात-जातिमा जस्तै लिम्बू जातिभित्र पनि विभिन्न थर र उपथरहरू हुन्छन्। नमूनाको लागि केही थरहरू यस प्रकार छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुम्बाहाङफे	थेबे	मायाम	माङफू
फुरूम्बो	लिङखीम	इङवादोकपा	तुङयाङपा
थुप्पोको	सिङ थेबे	थामसुहाङ	जवेगु (चवेगुहाङ)
स्वानसाबू	सिगू	रोवोन	योङ याङ
सेल्ले	सतिहाङमा	तामादेन	वनछोङवो
रूपिहाङ	फेम्बू	हेल्लोक	पालुङवा
हिना	पुङलाङ	पेथेगिम्वाङ	पेगाहाङ
साम्वाहाङ	स्याङसाबू	कामवाङ	भाबुहाङ
लिङदेन	फेन्दुवा	फाङहाङ	एकतीनहाङ
चोङवाङ	खापुङ	पोङठाक (पोङघाक)	लुम्फुङा
मादेम्वा	सोदेम्वा	खोङवाहाङ	वनेम
आङवाङ (आङवोहाङ)	योक्सुहाङ	इङनाम	कन्दङवा
कुरूमाङ्ग	थाङदेन	फेदाप	थोप्रा
सोदुङ	फोम्वो	इसिबु	सोङवो
साँवा	तुङघोङ	खेवा	थेगिम
सोङयोङपा	निङलेकू	लावती	आङदेम्बे
मादेन	सिङजागुं	ओख्राबू	पोङयाङगू
पोमू	फुदोङ	आङबुङ	लिवाङ
पाङगेनहाङ	मोयाङवो	चेमजोङ	थोलङ
पेहिम	तुम्वा	स्यावरूम्वा	हाङसुरूङ
केरूङ	केबुहाङ	इवाहाङ	चिल्लेक
फागू	नेम्वाङ	तुमरोक	नाम्लोक

जन्मदेखि मृत्यु पर्यन्त लिम्बूको जीवन विशिष्ट धार्मिक रीति, परम्परा र संस्कृतिले अनुशासित हुन्छ । भूत, प्रेत, देवी-देवता, सीमेंभूमें, नागनागिनी तथा प्रकृतिका प्रमुख तत्वहरूले रिसाएमा लिम्बू जीवनलाई रोग व्याध र मृत्युको त्रास दिन्छन् तथा खुशी भएमा शक्ति, प्रेरणा र उमङ्गको आश दिन्छन् । उनीहरूका परमपिता परमेश्वर "तागेरा निङवाफुमा" हुन् जसले परब्रह्मका रूपमा यो सम्पूर्ण ब्रह्माण्डको सृष्टि गरेको हो भनी सबै लिम्बूहरू मान्छन् । लिम्बूहरूका अरू देव देवता, हंस, आत्मा र पुरोहितहरूका सृष्टिकर्ता पनि "तागेरा निङवा-फुमा" नै मानिन्छन् । "तागेरा निङवाफुमा" वास्तवमा सृष्टिकर्ता परब्रह्म तथा प्रकृति र पुरुष दुवै हुन् भने पनि हुन्छ किनभने आदिशक्तिका रूपमा पनि लिम्बूहरूले यिनलाई मान्ने गर्छन् । "तागेरा निङवाफुमा" को यत्रो महत्व भए तापनि तिनको सोझै पूजा हुँदैन, बरु तिनका स्थानमा पृथ्वीको देवी "युमा सामाङ" लाई लिम्बूहरू भक्तिपूर्वक पूजा गर्ने गर्छन् । नेपाली हिन्दूहरूले महाकालीलाई बलि चढाएझैं लिम्बूहरू "युमा सामाङ" लाई बोका, कुखुरा र सुंगूरहरू काटेर भोग दिने गर्छन् । "युमा सामाङ" देवी हुन् भने "थेवा सामाङ" देवता हुन् जो शौर्य र यद्धका लागि प्रसिद्ध मानिन्छन् । अरू देव देवीमा अग्निदेव, गृहदेव तथा पातालदेवलाई लिम्बूहरू महत्व दिन्छन्, पातालदेव "ओक्वामा सामाङ" लाई हरेक नयाँ घर बनाउँदा पूजा गरिन्छ र वर्षेपिच्छे एक दिन तिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा नगरे घरको रक्षा नहुने विश्वास छ किनभने यी देवता पृथ्वीको मध्यमा बसेका मानिन्छन् । अर्को रिसाहा लिम्बू देवता "नाहेन" हुन् । यी ईर्ष्याका देवतालाई तीन तीन वर्षमा बलि चढाएर रीतपूर्वक पूजा गरेर खुशी नपार्ने परिवार यिनको क्रोधको शिकार बन्छ । यिनको असीम क्रोधले रोगव्याध मात्र ल्याउँदैन, परिवारमा भयावह मृत्यु समेत पठाउन सक्छ । वन देवता "ताम्फुङ्मा" यस्तो दुरात्मा हो जसलाई खुशी नराखिएमा दुर्भाग्य र रोगको भागी होइने व्यापक डर लिम्बू जातिमा पाइन्छ । यसलाई पशु बलिले सन्तुष्ट राख्न सकिने विश्वास छ । हरेक किसिमको आपद र दुर्घटनाबाट बचियोस् भन्नाका खातिर घरको मूल पुरुषको नामबाट नाहाङ्मा गर्ने चलन छ । यसको लागि कम्तीमा पनि एक वर्षसम्म पालेको भालेले मुन्धुम पढी फेदाङ्माद्वारा धनु काण लिई नाहाङ्मा पूजा गरिन्छ । माइतीले चेलीको नाममा र चेलीले माइतीको नाममा कल्याणको निमित्त एक जोर कुखुरा र सापतोक (काँचो कोदोको गेडा र मर्चा मिलाई बाँस वा नरकटको सानो तोङ्वा बनाई) मङ्ङ्ना पूजा हुन्छ । नाहाङ्मा र मङ्ङ्ना गर्दा जसको नामबाट गरिन्छ त्यस व्यक्तिको लुगा राख्नु पर्छ । यसलाई एवो राख्ने भनिन्छ ।

अरू असंख्य दुरात्माहरूमा "सोघा", "सुगुत" र "सुसिक" लिम्बू गाउँहरूभरि फैलिएका हुन्छन् । दुर्घटना वा हत्यामा परी अकाल मृत्यु हुँदा "सोघा" भन्ने दुरात्मा भूत रिसाएको मानिन्छ । बालकलाई जन्माउन नसकी मर्ने गर्भवतीलाई "सुगुप" नाउँको दुरात्मा लागेको र मृतरूपमा जन्मेको बालकलाई "सुसिक" भन्ने दुरात्मा लागेको ठानिन्छ । यी बाहेक अकाल मृत्युमा परेका अनेक प्रकारका भूत, प्रेत, पिशाच तथा बूढाबूढीका हंसहरूलाई पनि लिम्बूहरू व्यापकरूपले जीवनलाई प्रभाव पार्ने तत्वका रूपमा विश्वास गर्दै मन्साउने र खुशी पार्ने गर्छन् ।

लिम्बूहरूका धार्मिक कार्यहरू र विधि विधानहरू पुरोहितका जिम्मामा छाडिन्छन् । जन्मदेखि मृत्युसम्मका अनेकौं चाडपर्व, धर्मकर्म, न्वारान शुद्धाई, बिहेबटुलो, पूजाआजामा "फेदाङ्मा" भन्ने पुरोहित लगाइन्छ । "फेदाङ्मा" हरेक प्रकारका धार्मिक कार्यमा नियुक्त हुन सक्छ । "फेदाङ्मा" बाहेक "साम्बा", "माङबा", "येवा" र "येमा" पनि लिम्बू जातिमा पुरोहितका रूपमा लगाइन्छन् । ईर्ष्याका देवता "नाहेन" बाट बचाउने काममा "येवा" र "येमा" ले काम गर्छन् । "येवा" (पुरुष) र "येमा" (स्त्री) झाँक्री झँक्रिनीले बोक्सा बोक्सीलाई तह लगाउँछन् र रगत चुस्नबाट बचाउँछन् भन्ने विश्वास गरिन्छ । "साम्बा" लाई लिम्बूहरूको "मुन्धुम" भन्ने वेद कण्ठस्थ हुन्छ । "माङबा" भन्ने पुरोहित चाहिं भूत, प्रेत र पिशाच मन्साउने काममा निपुण मानिन्छ ।

कुनै नारीले गर्भधारण गर्ने बित्तिकै उसको र गर्भ भित्रका बालकको स्वास्थ्यका लागि फेदाङ्माले पूजापाठ गर्छ र दुष्ट पिशाच र प्रेतहरूबाट जोगाउँछ । नेपालका अरू केही जातिहरू रा जस्तै लिम्बू जातिमा पनि छोरो जन्मेमा चार दिन र छोरी जन्मेमा तीन दिन सूतक बार्ने चलन छ । यसैबेला आठ पौराणिक हाङ राजाहरूका आत्मा त्यस बालकको भाग्य स्थापित गर्न आउँछन् । सूतकको अन्तिम दिनमा न्वारान हुन्छ । "फेदाङ्मा" ले बालक जन्मेको घर र बालकका परिवारलाई चोख्याउँछ तथा बालकको नाम राख्छ । इष्टमित्रहरूलाई भेला पारी भोज खुवाइन्छ । यसरी लिम्बू बालकले आफ्नो नाम र जातिभित्र सार्वजनिक स्वीकृति पाउँछ । तन्नेरी केटा र तरुनी केटीहरू हुल हुल बाँधेर कुनै घरका आँगनमा वा दाइँ गर्ने खलामा राति भेटेर आनन्दपूर्वक "धाननाच" नाच्छन् । "धाननाच" मित्रता, स्नेह र सामूहिकताको प्रतीक हो । एक जोडाले मात्र एकान्तमा नाच्ने नाच नभई "धाननाच" सामूहिक नृत्य भएकाले कामवासनाजन्य कुनै विकृतिले यसमा प्रवेश गर्ने भय हुँदैन । त्यतिमात्र होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परागत रूपले पनि लिम्बूहरूको "यालाङमा" वा "धाननाच" लाई पवित्र मान्दै आएको देखिन्छ। "धाननाच" ले युवक युवतीलाई दिनभरीको परिश्रमबाट मुक्ति दिन्छ तथा परिचयको क्षितिजलाई विस्तार गर्छ। नृत्यका साथ साथै गाइने रचनात्मक र आकर्षक जुहारी गीतहरूबाट उनीहरूका मुटुभित्र नैसर्गिक प्रेमको प्रादुर्भाव हुन्छ। प्रीतिका मुना स्वाभाविक रूपले टुसाएपछि युवक युवतीमा विवाहको आकाँक्षा उत्पन्न हुन्छ।

लिम्बूहरूमा "चोरी विवाह" र "मागी विवाह" गरी दुई खालका विवाह बढी प्रचलित छन्। "चोरी विवाह" नेपालका अरू जातिहरूमा पनि पाइन्छ। लिम्बूहरूमा यो प्रथा बिस्तारै हट्दै छ र "मागी विवाह" ले जनप्रियता पाउँदैछ।

"चोरी विवाह" मा धेरैजसो स्थितिमा ब्याउलीलाई आकस्मिकरूपले ब्याउलासित झुक्याई भगाइन्छ। यो चोरी एक्लै ब्याउलाले मात्र गर्दैन। उसका इष्टमित्रहरूको बलियो समूहले धाननाचमा, मेलापातमा, हाटबजार-मा वा अरू कुनै स्थानमा युवतीलाई एक्लो पारी आफूसित जान वाध्य तुल्याउँछ। सर्वप्रथम ब्याउला हुन चाह-नेले त्यस युवतीलाई छुन्छ र "युप्पारेड" (बैना) बाँधी दिन्छ। उसले हात हालेपछि त्यो युवती उसकी मानिन्छे र त्यसपछि ब्याउलाका साथीहरूले उसलाई मानेमा राम्रोसित हिंडाएर र नमानेमा बोकेर वा घिसारेर नै भए पनि माइतीले नदेख्ने नभेट्ने ठाउँमा लान्छन् र घरमा लगी टीका लगन गर्छन्। त्यति गरेर पनि युवतीले स्वीकृति नदिएसम्म विवाह भएको मानिन्न। ब्याउला ब्याउलीको पहिल्यैदेखि प्रेम रहेछ अथवा चोरी कार्यपछि तिनमा प्रेम टुसाएछ भने विवाहको भोजमा काटिएको जीवातको साँप्रो (बेहासालाङ) माइती कहाँ तुरुन्त पठाइन्छ। सो स्वीकार गरेपछि चेलीको विवाह भएको स्वीकृति जनाइन्छ। जात नमिली गरिएका विवाहबाट जन्मेका छोरा छोरीलाई लिम्बू जातिभित्र सम्पूर्ण अधिकारहरू सहित प्रवेश गराइन्छ।

लिम्बूहरूको विवाहको कुरा छिन्दा नै बागदत्त बोल्ने चलन छैन। चेलीबाट सन्तान पैदा भएपछि वा अब दम्पती छुट्टिदैनन् भन्ने विश्वास परेपछि मात्र वागदत्त वा साइमुन्द्री छिन्ने काम हुन्छ। साइमुन्द्री नाउँ गरेको दुई रूपैयाँ तिर्नु पर्ने रीत जुवाई तर्फबाट नबुझाएसम्म चेली मरेमा माइतीले नै काज क्रिया गर्नु पर्छ। त्यस्तो चेलीको सन्तानले बाबु आमा मरेपछि वा मर्ने बित्तिकै साइमुन्द्री बुझाएर आमाको क्रिया आफूमा सार्छन्।

"मागी विवाह" मा केटी माग्ने दिनको शुभ-साइत "फेदाङमा" ले निकालेपछि लमीका सहयोगले आफ्ना छोराको लागि कुटुम्ब खोज्ने चलन छ। यसरी कुटुम्ब खोज्दा "मावली" र आफ्नो गोत्रलाई जोगाउनु पर्छ। बाजेको मामाखलक, बाबुको मामाखलक र केटाको मामाखलक भित्र र आफ्नै गोत्रभित्रकी केटीसित विवाह गर्नु हुँदैन। उपयुक्त कुटुम्ब फेला परेपछि लमीलाई अघि लगाएर केटा र केटाका साथीहरू (मासु, रक्सी र अरू कोसेलीहरू लिई रीतपूर्वक) केटी माग्न जान्छन्। सबै कुरामा चित्त बुझेपछि केटीका बाबुले सुनौली (छोरी दिए वापत रकम) छोरीको लागि सुनको गहना लिने काम हुन्छ र आफ्नी छोरीलाई ब्याउली बनाई पठाउने स्वीकृति दिन्छ। केटा आफ्नी भावी पत्नीका मान्यजनसित ढोगभेट गर्छ र विवाहको दिन तोकिन्छ। विवाह ब्याउलाकै घरमा हुन्छ। केटीलाई माइतीबाट दुलाहाका गाउँमा ल्याई एउटा अर्कै घरमा अघिल्लै दिन राखिन्छ। केटीसित उसका संगिनीहरूको एक हुल लोकन्ती भएर आएको हुन्छ। यी लोकन्तीलाई "मेकेसामा" भन्छन्। केटाका घरमा "च्याब्रुङ" बजाएर नाचगान हुन्छ, रक्सी मासुको भोज चल्छ। यो भोज भतेर चार दिनसम्म चल्छ। ब्याउली भित्र्याउने दिन लमीले केटाका तर्फबाट लुगा र गहनाहरू ब्याउली राखेको घरमा पुर्‍याई दिन्छ र "मेकेसामा" ले ब्याउली सिंगार्छन्। त्यसपछि च्याब्रुङ र नौमती बाजा बजाउँदै र बन्दूकहरू पड्काउँदै ब्याउला सहित जन्तीहरू ब्याउली भएको ठाउँमा गई ब्याउलीलाई लिएर घर फर्कन्छन्। ब्याउली भित्रिने बेलामा ढोकाको दुईतिर दुई गाग्री पानी र ती गाग्रीमाथि फूलहरू सहित दुई लोहोटा राखिएका हुन्छन्। सिकुवादेखि भित्र ब्याउला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्याउली बस्ने ठाउँसम्म सफा सेतो खाँडीको लुगा बिछ्याएको हुन्छ । ब्याउली आइपुग्ने बित्तिकै उसका खुट्टा धोई त्यसै सेता लुगामाथिबाट हिंडाई भित्र लगिन्छ । ब्याउला ब्याउलीलाई ब्याउलाको आँगनमा पुगेपछि अक्षताको वर्षाद्वारा स्वागत गरिन्छ र सगुनका रूपमा दूध खुवाइन्छ । केटापट्टिका मान्य महिलाहरूले ब्याउलीलाई टीका र फूल लगाईंदिँदै आफ्नो आफ्नो मजेत्रो ओढाएर आफ्ना परिवारमा सम्मिलित गर्छन् । ती महिलाहरूलाई ढोगेपछि ब्याउली बस्छे । जन्तीहरूलाई खुवाउने पियाउने काम हुन्छ र साँझ परेपछि फेदाङ्माले मुन्धुमका मन्त्रहरू उच्चारण गर्दै विवाहको कर्म सम्पन्न गर्छ । लगन गर्दा एक जोर भाले पोथी कुखुरा कटाएर केराको पातमा रगत झार्नु पर्छ । भाले पोथी दुईमध्ये भालेबाट रगत ननिक्लेसम्म अर्को भाले मार्दै लानु पर्छ र पोथीबाट रगत ननिक्लेसम्म अरू पोथी मार्दै लानु पर्छ । कोदाको गेडाको जाँड "थी-तोङ्वा" र "साजोग्टा" र आठ टुक्रा मासु ब्याउला ब्याउलीको मुखमा छुवाइन्छ । लगन गाँठोस्वरूप (युप्पारे चेम्मा) एक रूपैयाँ ब्याउलीका बरकोमा वाचा गरेर राखिन्छ र ब्याउलीको टाउकोमा ब्याउलाले सिंदूर लगाई दिन्छ । घरका मूल खाँवाका वरिपरि हुने यस पवित्र कर्ममा फेदाङ्माले दुवै नयाँ दम्पतिलाई सँगै मिलेर प्रेमपूर्वक लोग्ने-स्वास्नीका रूपमा जीवन यापन गर्ने प्रतिज्ञा गराउँछ र विवाहको धार्मिक विधि सकिएपछि च्याब्रुङ बाजा मूलखाँवा वरिपरि तीन पल्ट घुम्दै बजाई नाची उत्सव मनाएपछि विवाह सकिन्छ । विवाह सकिएको भोलिपल्ट राँगा भए जिउँदै सुंगुर भए मारी आन्द्रा-भूँडी मात्र झिकी डोले, साढे अठार रूपैयाँ सहित रक्सी लिई ब्याउलाले इङमीवा (सरदार) र अरू साथीहरूलाई लिएर ससुरालीको रीत बुझाउन जानुपर्छ । यसलाई फाकहक लाने भनिन्छ । फर्कंदा ब्याउलाले आफ्नी पत्नीको दाइजो र अरू कोसेलीहरू लिएर आउँछ ।

लिम्बूहरूमा पारपाचुकेको प्रथा पनि प्रशस्त प्रचलित छ । लोग्नेले स्वास्नीलाई छोडेमा "खेमजोङ" सिंदूर तुक्मा र स्वास्नीले लोग्नेलाई छोडेमा "नाजोङ" भन्दछन् । लोग्नेले स्वास्नी छोडेमा कुनै रीत फर्काउनु पर्दैन । स्वास्नीले लोग्ने छाड्दा लोग्नेले पहिले दिएका सबै गर-गहनाहरू फर्काउनु पर्छ । केटी अन्तै जारी गरेर गएमा नयाँ जुवाईले साइनो सच्याउन नयाँ ससुरालीमा फाकहक जस्तै लिएर जान्छ । यसलाई साइनो तोम्बा भनिन्छ ।

महाभारतमा वर्णित प्रसिद्ध वीर किराती जाति नेपालका आदिबासी हुन् । वीर अर्जुनले यसै किराती प्रदेशका सर्वशक्तिसम्पन्न देवता किरातेश्वरको तपस्या गरी पशुपतास्त्रको ज्ञान प्राप्त गरेको कथा प्रसिद्ध छ । "लिम्बू" शब्दको अर्थ "लि" भनेको धनु र "आबू" भनेको हान्ने अथवा धनुधारी हो । लिम्बूहरू वास्तवमा अत्यन्त शूरा तर असाध्य निर्दोष र निष्कपट जाति हुन् । आदिकालदेखि यस क्षेत्रमा आवाद गरी बसेका लिम्बूहरू खास गरी पहाडका मध्यपाटाहरूमा बस्न र खेती गर्न रूचाउँछन् । अचेल लेकका माथिल्ला भागमा शेर्पा र भोटेहरू र खोलाका गड-तीरतिर बाहुन क्षेत्रीहरू पाइन्छन् अनि नेवारहरू चाहिं हाटबजार तथा सदर मुकाममा व्यापार गरेर बसेका पाइन्छन् । पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरण अभियान थालिनु भन्दा अघि लिम्बुवानमा अरू जातिका मान्छेहरू विरलै पसेका थिए । एकीकरण अभियानपछि पनि पृथ्वीनारायण शाहबाट सम्वत् १८३१ सालमा "किपटको" एकाधिकारी लालमोहर लिम्बूहरूले पाएकाले लिम्बूको जमीन अरूहरूले किन्न नपाउने भयो । किपटको जग्गा अरूहरूले किन्न नपाउने भए तापनि अरू जातिहरू यस प्रदेशमा यथेष्ठ संख्यामा आउन, जान र बस्न थाले । नेपालका अरू पहाडी इलाकाहरूमा झैं आज लिम्बुवानमा पनि प्रायः सबै जातका नेपालीहरू मिलेर बसेका भेटिन्छन् ।

किपट भनेको बेचन नपाइने र ज्येष्ठताक्रम अनुसार आफ्नो वंशमा पैतृक सम्पत्तिका रूपमा प्राप्त हुने जमीन हो । हाम्रो नेपालका अरू जातिहरूका पनि किपट जमीन थिए, तर किपट प्रथाले बलियो जरो भने लिम्बुवानमा मात्र गाडेको कुरो इतिहासले देखाएको छ । २०२३ सालमा भूमिसुधार लागू नहुञ्जेल लिम्बूहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किपटको प्रथा छँदै नै थियो। घर धूरीको संख्या बढ्दै जाँदा किपटको तिरो पनि उक्त संख्या सँगसँगै बढ्दै गएको र बेच्न नपाए तापनि बन्धकीको रूपमा ऋण लिएर अधिकांश लिम्बूहरूले अरू जातिलाई खनजोत गर्न आफ्नो किपटका जमीनहरू दिएकाले किपटले साधारण लिम्बू जनतालाई कुनै विशेष फाइदा दिएको थिएन। एउटालाई बन्धकीमा दिएको किपट अर्कालाई बढी पैसा लिएर दिन पाइने भएकोले ऋण काढ्ने साधनको रूपमा भने किपटले केही सहयोग दिएकै थियो। तर यस बढ प्रथाले लिम्बू जनतालाई झन् झन् दरिद्र पार्दै लगेको र बन्धकी लिनेलाई असुरक्षित पारेको थियो। हाल भूमिसुधार लागू भएपछि किपटलाई रैकरमा परिणत हुने गरी राजीनामा हुने प्रथाले गर्दा धेरै जसो लिम्बूहरू आफ्नो जग्गाहरू गुमाउँदैछन्।

अधिकांश लिम्बूहरूको आर्थिक स्थिति राम्रो छैन। उनीहरू प्रायः धेरैजसो विदेशी वा स्वदेशी सेनामा भर्ती भई आफ्नो आय स्रोत बढाउने काममा पनि संलग्न भएका पाइन्छन्। पहाडी इलाकामा बस्ने हुनाले जमीन सीमान्त भइसकेको छ र उनीहरूको मुख्य पेशा कृषि भएता पनि कृषिको तरीका पुरानै भएकाले उत्पादनको वर्षेनी ह्रास हुँदै गएको देखिन्छ र यस मुख्य पेशाबाट उनीहरूलाई जीवन धान्न धौ धौ पर्न लागेको छ। महिलाहरू कृषिको सहायक पेशाका रूपमा राढी, पाखी, खाँडी र ढाका टोपी बुन्ने जस्ता कुटीर उद्योगमा लागेका हुन्छन् भने पुरुषहरू डोको, डालो, थुन्सेहरू बुन्ने काममा पनि व्यस्त देखिन्छन्। जतिसुकै आर्थिक वा भौगोलिक कष्ट सहनु परे तापनि लिम्बूहरू जीवनलाई सहजतापूर्वक ग्रहण गर्दै तोङ्वा चुसेर भोजभतेरमा भागलिएर र नाचहरू नाचेर जीवन यापन गर्छन्।

असंख्य देवता देवी, भूत, प्रेत र विधि विधानको विश्वासले तथा किपट प्रथाको प्रभावले मध्यपहाडी इलाकामा बस्ने लिम्बू जातिको सामाजिक जीवन सञ्चालन भएको छ। नदीकै समानान्तर धुरी राखी काठ वा बाँसको घर बनाउने लिम्बूहरू आज अरू जातिको प्रभावमा आएर ढुङ्गामाटोको गारो भएका घर पनि बनाउन थालेका छन्। कठोर परिश्रम गरेर जीविकोपार्जन गर्ने यो जाति चाडबाड र मेलापर्वमा नाचेर, गाएर तथा भोजभतेर खाएर रमाइलो मनाई आफ्ना दुःख कष्टहरू बिर्सन्छन्। "धाननाच" (यालाङमा) लिम्बूहरूको अति प्रसिद्ध नाच हो जो अचेल अरू जातिले पनि नाच्न थालेका छन्। "धाननाच" नाच्नुभन्दा अघि गाइने कर्मगीतलाई "पालाम" भन्छन्। "यालाङमा" नाच पनि पाँचथरे, छथरे, तामाङ्ग, फेदापे आदि धेरै प्रकारका छन् जसमध्ये पाँचथरे र फेदापे असाध्य चलतीमा देखिन्छन्। च्याब्रुङ नाचमा कुसरक्पा भन्नेबाट थालनी हुन्छ। जीवन तत्वलाई ज्यादै प्रभावित पार्ने दार्शनिक कुराहरूदेखि लिएर प्रेम स्नेहका कुराहरू यस्ता गीतमा सम्मिलित हुन्छन्। विशेषतः "पालम" मा सृष्टिको उत्पत्ति, माया र प्रीति, प्रेम र घृणा, भाग्य र भविष्य जीवनको सुखद कल्पनाका विषय पाइन्छन्।

"पालम" को एउटा उदाहरण यस्तो छः–

मेम्फेम्मा च्वालाम साक्तुम्लो
अहिङल थेलिक लाक्तुम्लो
कङ पिचीन सीले, सिक्किम नेलाल्
पेन्छाम याम्मी सील्ले, पेली पान ला
आसी ग र पोङलो, सी–मून्धुम
आहिङ ग र पोङलो, हिङ – मुन्धुम

(नआउने कुलो थुनिपठाउँ, बाँचुन्जेलसम्म नाचौं है। गाइवस्तु मरे माल-दाम्लो रहन्छ, मन-मान्छे मरे बोलीवचन रहन्छ। मरे पनि मृत्यु पछिको कथा होस् र बाँचे पनि जीवको गाथा होस्।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन र जगतलाई यसरी स्वीकार गर्ने यस जातिमा पञ्च वाक्यको ठूलो महत्व छ। दश लिम्बुवान सत्र थुमको रीतिथितिको आधारमा बूढापाका पञ्च-भलादमीहरूको स्वीकृतिद्वारा सामाजिक वहिष्कार फुक्न सक्छ, नैतिक दोषारोपण फ्याँकिन सक्छ, धार्मिक अशुद्धि हट्न सक्छ र जातिगत अपराध पनि माफी हुन सक्छ। जुनसुकै जातिपातिको भए तापनि पञ्चहरूले दूबो ढुङ्गो छुवाई आफ्नो जातिमा समावेश गर्न सक्छन्। आफ्नो जाति भित्रकाले कुनै अक्षम्य अपराध गरेमा तिनै पञ्च भलाद्मीले दण्डसजायँ गर्ने वा जातिबाटै वहिष्कार गर्न सक्छन्। अरू जुनसुकै जातकी स्त्री पनि लिम्बूले बिहे गरी ल्याएमा पञ्चहरूले त्यसलाई आफ्नै लिम्बू जातिमा बाहुन, जैसी, खत्री, क्षेत्री जस्ता कुनै विभेद नगरी एकै थर, एकै जातमा ग्रहण गर्न सक्छन्।

झाँक्रीविजुवा लगाई भूत, प्रेत मन्साए तापनि र "देवारी" वा वैद्य लगाई ओखतीमुलो गराए तापनि अवश्यम्भावी र सर्वशक्तिमान् मृत्युले आफ्नो प्रत्यक्ष क्रोध देखाएरै छाड्छ। मृत्युपछि लिम्बूहरू धार्मिक संस्कारद्वारा आफूलाई चोख्याउँछन्। मर्दा पनि लोग्ने मान्छेको जूठो चार दिन र स्वास्नी मान्छेको जूठो तीन दिन बार्नु पर्छ। यसरी जूठो बार्दा नून र तेलबाट आफ्नो भोजन मुक्त हुनु पर्छ।

मान्छे मर्ने बित्तिकै विशेष प्रकारले बन्दूक पड्काएर गाउँलाई सूचना दिइन्छ। मृत्युको सूचना पाउने बित्तिकै मलामीहरू भेला हुन्छन्। मृतदेहलाई चिहानघारीमा गाड्ने चलन छ। लाश गाड्ने काम नसकिउन्जेल मृतकका घरमा आगो फुक्नु हुँदैन। बाँसको वा काठको बाकसमा सेतो लुगा बेरेको लाश राखी लोग्नेमान्छेहरूले बोकेर चिहानघारीमा पुर्याउँछन्। लाश लानु अघि बन्दूक पड्काउने चलन छ। लाशको अघि अघि नाङ्गो खुकुरी बोकेर पुरोहित हिंड्छ र पुरोहितका दुई जना साथीहरू पनि नाङ्गो खुकुरी हातमा बोकेर हा हा र हुहु गर्दै लम्कन्छन्। लाश लाने बाकस बनाउन्जेल र चिहानको खाल्डो खनुन्जेल आइमाईहरू लाशका छेउमा बसेर विलाप गरिरहन्छन्। पुरोहितले धार्मिक वाक्यहरूको पाठद्वारा व्यक्तिको मृत्युको सार्वजनिक घोषणा गर्छन् र सबै मलामीले यस तथ्यलाई स्वीकार गरी एक एक मुठी माटो खाल्डाभित्र राखेको लाशमा हाल्छन्। लाशको आत्माले प्रेत वा दुरात्मा भई दुःखपूर्वक पृथ्वीमा घुम्न नपरोस् तर उसले स्वर्गमा गई आनन्दपूर्वक बस्न पाओस् भन्ने कामना गर्दै पुरोहितले धर्म ग्रन्थको पाठ गर्छ। लाशलाई पुरेपछि मृत व्यक्ति लोग्ने मान्छे भए चार खण्डे र आइमाई भए तीन खण्डे ढुङ्गाको पर्खाल ठडयाइन्छ। जूठोको अन्तिम दिनमा अनिवार्य रूपले मासु,जाँड, रक्सी राख्नै पर्छ जसलाई "साम्दाखुङ" भनिन्छ। मलामीहरू भेला पारेर पुरोहितले जूठो बार्नेहरूलाई धार्मिक रूपले चोख्याई सबै भेला भएकाहरूको अनुमतिद्वारा हरेक सामाजिक कार्यमा स्वतन्त्ररूपले भाग लिन पाउने गरी शुद्ध पारिदिन्छन्। मान्छे कालगतिले नै मरेको हो र परिवारले कुनै प्रकारले स्वास्थ्योपचार वा हेरविचारमा अनुत्तरदायित्व देखाएको छैन भन्ने कुरामा गाउँका पञ्च भलाद्मी र इष्टमित्रहरूको सहमति प्राप्त गर्ने क्रममा नै यस्तो भोजको आयोजना गरिएको हुन्छ। मृत व्यक्तिका नजीकैका नातादारले बरखी बार्ने पनि चलन छ। श्राद्ध गर्ने चलन नभए तापनि वर्ष दिनसम्म दाह्रीजुँगा र केश नकाटी र अरूले छोएको नखाई मृतकका सन्तानले बरखी बार्ने चलन छ। बरखी फुक्दा गाउँ घर, छरछिमेकी, इष्टमित्रहरूलाई बोलाई भोज पनि खुवाइन्छ।

लिम्बू जातिका सम्बन्धमा लेखिएका कुराहरू निम्न सामग्रीबाट पनि लिइएका छन्:–

१. Jones, Rex L.– A Brief Discussion of Limbu Samanism (Unpublished)
२. Sagant, Philippe– The Limbus (Unpublished)
३. ईमान सिंह चेमजोङ– लिम्बू-नेपाली-अंग्रेजी-शब्द-कोश, राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२८
४. Bista, Dor Bahadur- People of Nepal, 1972.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

नेपाल अधिराज्यको अन्य पहाडी जिल्ला सरह यहाँको मुख्य पेशा पनि खेती नै हो। कुल जनसंख्यामा ९८.६ प्रतिशत कृषि व्यवसायमा नै निर्भर गर्छन्। जिल्लामा धान, मकै, गहुँ, कोदो, फापर, आलु, मास, जौ तथा तोरीको खेती गरिए तापनि यहाँको मुख्य खेती धान, मकै तथा आलु नै हुन्। नगदे बालीको रूपमा अलैंची तथा चियाको पनि खेती गरिन्छ। जिल्लाको प्रायः धेरै भू-भाग डाँडा र जङ्गलले ढाकिएको छ र परम्परागत रूपमा नै खेती गरिने यस जिल्लामा सिचाइ सुविधा नगण्य भएकोले खेतीको निमित्त बढी मात्रामा प्रकृतिमा नै निर्भर गरिन्छ। जिल्लामा जमीनको वैज्ञानिक नापी भइनसकेकोले पुरानो वि. सं. १९५० को नापीकै आधारमा खेत पाखोहरूको लगत राखिएको छ।

जिल्लाको कुल क्षेत्रफल १,२४,४०० हेक्टर भएकोमा खेती गरिएको जमीन केवल १४,९९५ हेक्टर मात्र छ। यसरी जिल्लाको कुल क्षेत्रफलको करीब १२ प्रतिशत जमीन मात्र कृषि उत्पादनको लागि प्रयोग गरिएको पाइन्छ।

जिल्लामा भएको कुल खेती-योग्य जमीनमा जनसंख्याको ठूलो चाप छ। अन्य व्यवसायहरू नगण्य भएको यस जिल्लामा प्रतिव्यक्ति खेती-योग्य जमीन ०.१ हेक्टर पर्दछ। अर्थात् एक हेक्टर जमीनमा १० जवान मानिसहरू निर्भर छन्। तथ्याङ्क विभागको २०२८ को जनगणनामा यस जिल्लाको औसत परिवार संख्या करीब छ देखाइएको छ। एक परिवारमा ०.६ हेक्टर अर्थात् करीब १२ रोपनी आवादी जमीन मात्र पर्न आउँछ।

यस जिल्लालाई खेतीको दृष्टिकोणले पनि तीन भाग अर्थात् लेक, मध्यपाखो तथा अब्बल जमीनमा विभाजन गर्न सकिन्छ। लेक भागमा आलु, फापर खेती गरिन्छ। मध्यपाखो र खेतमा मकै, कोदो, गहुँ, जौ, तोरी आदि उत्पादन हुन्छ र अब्बल जमीनमा धान, गहुँ आदिको खेती गरिन्छ।

कृषि

नयाँ नापी नभएको हुँदा यहाँ जग्गाको लगत तथा किसिमको विभाजन वि. सं. १९५०सालको नापी अनुसार पुरानै कायम छ। यस अनुसारको तथ्याङ्क बमोजिम जिल्लामा भएका खेत, पाखो निम्न बमोजिम छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिम	मुरी
अबल माटो	१,७०८
दोयम माटो	३०४
सीम	७८७
चाहार	२६,६८६
पाखातर्फ	३२,७८६
हले घर	३,५२२
कोदाले घर	६८,८५७
पाखे घर	२५
अरू किसिम नखुलेको	४,१५८

यस किसिमबाट जग्गाको स्तर विभाजन गरिएको लगतअनुसार जिल्लामा अब्बल खेत करीब २१ हेक्टर, दोयम करीब चार हेक्टर, सीम करीब १० हेक्टर खेत देखिन्छ। चाहारमा दर्ता भएको खेत करीब ३७५ हेक्टर देखिन्छ। यी सबै खेत बराबर अर्थात् ४१० हेक्टर पाखा बाली देखिन्छ। मालपोत असूलीको निमित्त जिल्लाको क्षेत्र दुई थुम तथा ६७५ मौजामा विभाजित छ। मालपोतको वार्षिक आय रू. ८२,६६०।– छ।

जिल्लामा गरिने खेतीमा पनि लेक भेकको र बेंसी भेकको निमित्त रोप्ने, गोड्ने तथा काट्ने समय छुट्टाछुट्टै हुन्छ। लेकमा साधारणतया बाली ढीलो गरी पाक्दछ।

खेतीमा हालिने मलहरूमा अधिकांश स्थानीय झारपात तथा पत्करलाई कुहाइएको मल नै हुन्छ। गाई, भैंसी पाल्ने गाउँलेहरूले गोबर तथा झ्यासमिसलाई कुहाएर पनि मल बनाउँदछन्। आज–कल कृषकहरूमा आधुनिक मलहरू हाल्ने जागरुकता बढ्दै गएको पाइन्छ। पाँचथर जिल्लामा हुने मुख्य मुख्य बालीको स्थिति यस प्रकार छः—

धान

धान खेतीको लागि ४,००० फीटभन्दा कम उचाई, पानीको पर्याप्तता र जमीनको दृष्टिकोणबाट जिल्लाको पश्चिमी भाग, उत्तर-पश्चिमी भाग र दक्षिण पश्चिमी भाग उपयुक्त छ। यी भागहरूको आँगवुङ, रानीटार आदि ठाउँहरूमा भइरहेका सिचाइ योजनाहरूलाई सुधार तथा केही नयाँ कुलो योजनाहरू भएमा उत्पादनमा राम्रो वृद्धि हुन सक्दछ।

मकै

जिल्लाका अधिकांश पाखामा मकैको खेती हुन्छ। यसको लागि पानीको उत्ति बढी आवश्यकता पर्दैन र आकाशकै भरमा पनि खेती संभव हुन्छ। जिल्लाको च्याङ-थापु, फिदिम, सुवांग, भुक्तुरा तथा रवी जस्ता ठाउँहरूमा मकैको राम्रो उत्पादन हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आलु

जिल्लाको उच्च भागहरूमा आलुको प्रशस्त उत्पादन हुन्छ। यहाँ उत्पादित आलु भारतमा पनि निकासी गरिन्छ। जिल्लाको पूर्वी भागमा भारतको सीमाना प्रदेशमा रहने गाउँलेहरूको मुख्य पेशा नै आलु उत्पादन र निकासी हो भने पनि हुन्छ। यसरी उत्पादन हुने आलुको लागि जिल्लाको भारतीय सीमाना नजिकको गाउँहरू प्रांगवुङ, भेमेङ, लुंगरूम तथा एकतिनमा उब्जाइन्छ। यस बाहेक जिल्लाका अन्य भागहरूमा पनि आलु उत्पादन गरिन्छ तापनि निकासीको लागि सुविधा समेत भएकोले पूर्वी भागमा आलु खेती केन्द्रित भएको छ।

चिया

जिल्लामा हालसम्म व्यावसायिक किसिमबाट चियाको खेती भएको छैन तर यहाँको ५,००० फीटदेखि ७,००० फीट बीचका क्षेत्रहरूमा दार्जीलिङ्गको पहाडी शृङ्खलाको हाराहारीमा चिया खेतीको विकासको सम्भावना प्रशस्त छ। जिल्लाको लालिखर्कदेखि पौवा सार्ताप तथा पौवा सार्तापदेखि रवीको बीचको भाग यसको लागि उपयुक्त देखिन्छ। जिल्लाका विभिन्न इलाकाहरूमा विशेषज्ञहरूद्वारा छानबीन भई चिया खेती बढाउन सके यसबाट जिल्लाबासीहरूलाई प्रशस्तै लाभ हुने देखिन्छ।

यहाँको मुख्य बाली धान, मकै, कोदो तथा नगदे बाली आलु हुन् तापनि जिल्लाको आवादी जमीनमा सबैभन्दा बढी क्षेत्र मकैद्वारा नै ढाकिने कुरा तलको तथ्याङ्कबाट पुष्टि हुन्छः—

खाद्यान्न बाली लागेको जमीन (हेक्टरमा)

खाद्यान्न	२०२५।०२६	२०२६।०२७	२०२७।०२८
धान	२,५००	२,५००	२,५२५
मकै	८,०००	८,०००	८,३००
गहुं	२५०	२७५	३००
कोदो	१,२२५	१,२२५	१,३००
जौ	२५०	२५०	२७५
जम्माः—	१२,२२५	१२,२५०	१२,७००

नगदे बाली (हेक्टरमा)

तोरी	३००	३००	३२०
उखु	२०	२०	२५
जम्माः—	३२०	३२०	३४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य बाली (हेक्टरमा)

खाद्यान्न	२०२५।०२६	२०२६।०२७	२०२७।०२८
आलु	१,८००	१,३००	१,३५०
जम्मा जम्मी बाली लागेको जमीन	१४,३४५	१४,६७०	१४,६६५

उपर्युक्त तथ्याङ्कबाट खेती गरिएको जमीन वार्षिक केही न केही वृद्धि गर्दै गएको भएपनि वास्तवमा यो नगण्य नै देखिन्छ। ढाकिएको जमीनको दृष्टिकोणले मकै, धान तथा आलुले क्रमशः पहिलो, दोस्रो तथा तेस्रो उच्च स्थान ओगटेका छन्।

पहाड तथा उबड खाबड जमीनले भरिपूर्ण भएको, सिचाइ सुविधाको कठिनाई तथा आधुनिक कृषि प्रविधिको प्रचार नभएको यस पहाडी जिल्लामा खेतीको उत्पादन अन्य पहाडी जिल्लाको दाँजोमा निकै नै कम छ। खाद्य कृषि मन्त्रालय आर्थिक विश्लेषण शाखाको तथ्याङ्क अनुसार यस जिल्लामा २०२५।२०२६, २०२६।२०२७ तथा २०२७।२०२८ आर्थिक वर्षहरूमा क्रमशः २०,४४६; २०,६७१ तथा २१,६२८ मेट्रिक टन खाद्यान्न उत्पादन भएको देखिन्छ। २०२७।०२८ पछिका वर्षहरूमा हिउँदे बालीहरूमा पनि वृद्धि हुँदै गएको पाइन्छ। खासगरी गहुँ बालीबाट पहाडी भेकका मानिसहरूले समेत राम्रो फाइदा लिन सक्ने हुनाले यसको खेती क्रमशः बढ्दै जाने देखिन्छ। खाद्य कृषि मन्त्रालयद्वारा प्रकाशित तथ्याङ्क अनुसार जिल्लामा विभिन्न बाली उत्पादन निम्न प्रकार छः—

खाद्यान्न उत्पादन (मेट्रिक टनमा)

खाद्यान्न	२०२५।०२६	२०२६।०२७	२०२७।०२८
धान	५,६२५	५,७५०	६,०६०
मकै	१२,८००	१३,१२०	१३,६६५
गहुँ	२६२	३३०	२७०
कोदो	१,५१६	१,५१६	१,६२५
जौ	२५०	२५२	२७८
जम्माः—	२०,४५६	२०,६७१	२१,६२८

नगदे बाली उत्पादन (मेट्रिक टनमा)

खाद्यान्न	२०२५।०२६	२०२६।०२७	२०२७।०२८
तोरी	१११	११२	१२५
उखु	२४८	२५२	३१७
जम्माः—	३५६	३६४	४४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य बाली उत्पादन (मेट्रिक टनमा)

आलु	१०,८००	६,८००	११,७००
जम्माजम्मी उत्पादन	३१,६१५	३१,१३५	३४,०७०

यसरी दिइएको तथ्याङ्कबाट विभिन्न बालीको कुल उत्पादन ३४,०७० मेट्रिक टनसम्म पुगेर्पा। खाद्यान्न भने बढीमा २१,६२८ मेट्रिक टन मात्र भएको पाइन्छ।

यस पछिका वर्षहरूमा चाहिं धानको बाली घटाउँदै गई अन्य बालीहरू बढाउँदै जाने सुझाव भएको पाइन्छ। यस सम्बन्धमा गरिएको अनुमान अनुसार ०२८।०२९ र ०२९।०३० का वर्षहरूमा मुख्य बालीहरूको उत्पादन निम्न बमोजिम भएको देखिन्छः–

मुख्य खाद्यान्न बाली (मेट्रिक टनमा)

	२०२८।०२९	२०२९।०३०
धान	५,६९८	५,५९०
मकै	१२,०९५	१३,९४०
गहुँ	२७६	३२३
कोदो	–	१,७६४
जौ	–	३०३
जम्माः–	१,८६९	२१,९२०

नगदे बाली (मेट्रिक टनमा)

	२०२८।०२९	२०२९।०३०
तोरी	–	१६२
उखु	–	३१८
		४८०

अन्य (मेट्रिक टनमा)

आलु	–	६,८५०
सबैको जम्मा	–	२९,२५०

उपर्युक्त तथ्याङ्कबाट उत्पादनहरू केहीमा वृद्धि भएको भए पनि जम्माजम्मी वृद्धि झनै घटी हुनगएको देखिन्छ।

जिल्लाको मुख्य नगदे बाली तोरी तथा उखु हो तापनि गाउँलेहरूले निर्यातगरी नगद आर्जन गर्ने स्रोत आलु नै हो। जिल्लाको पूर्वी भेकमा प्रशस्तै उब्जा हुने आलु भारततर्फ निकासी गरिन्छ। उच्च भागहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पादन गरिएको आलु खाद्यान्नकै रूपमा प्रयोग गर्ने चलन छ। तर यहाँको रातो आलु भारतमा पनि राम्रो मानिन्छ र राम्रो मोल पाउने हुनाले बढी मात्रामा निकासी गरिन्छ।

अन्य नगदे बालीमा अलैंची प्रमुख हो। तथ्याङ्कको अभावको कारण यसको विस्तृत विवरण दिन सकिंदैन तर व्यापार प्रवर्द्धन केन्द्रको सर्वेक्षण अनुसार २०२७।२०२८ आर्थिक वर्षमा अलैंची खेती गरिएको क्षेत्र ६.७ हेक्टर र उत्पादन ३.१७ मेट्रिक टन थियो। अलैंचीको भाउ निक्कै बढेको र यसले विदेशमा सजिलैसँग बजार पाउन सक्ने हुनाले यसको खेती गर्न किसानहरूले निक्कै चाख लिएको पाइन्छ।

खाद्यान्नको दृष्टिकोणले यो जिल्ला अभावग्रस्त जिल्ला हो। मेची अञ्चलका जिल्लाहरूमा सबैभन्दा बढी खाद्यान्नाभाव जिल्ला यही हो। जिल्लामा खाद्यान्नको उत्पादन करीब २१,००० मेट्रिक टन छ र त्यसबेलाको जनसंख्या १,४२,००० अनुमान गरी कुल उत्पादनमा बीउ, नोक्सानी आदि सबै कटाई खाद्य कृषि मन्त्रालयको कृषि सर्वेक्षण शाखाले २०२८ मा गरेको अनुमान अनुसार जिल्लाको खाद्यान्नको सन्तुलनमा ५,६४४ मेट्रिक टन कमी हुन आएको पाइन्छ। यसरी कमी हुने खाद्यान्न पूर्तिको निमित्त आलुजस्तो उत्पादनले केही सगाउ पुऱ्याए तापनि अन्न चाहिं झापा तथा मोरङ्गतर्फबाट आयात गरिन्छ।

अन्य पहाडी जिल्लाहरूमा झैं यहाँ पनि परिमा प्रथा (जसलाई स्थानीय मानिसहरू पर्म भन्दछन्) को प्रचलन छ। यस प्रथामा आपसी सहयोगद्वारा श्रमको लेनदेन गरी खेती-बाली लगाउने, गोड्ने, काट्ने लगायत यावत बालीका कामहरू एकले अर्कालाई सघाएर नै गरिन्छ। दिनभरि काम लिंदा खाजा ख्वाउने चलन छ। यस बाहेक ज्याला पनि लगाउने गरिन्छ, जसमा लोग्ने मान्छेलाई खाजादिई रू. ३।– र आइमाईलाई रू. २।– ज्याला दिइन्छ।

फलफूल खेती

पाँचथर जिल्लाको अधिकांश भागमा सिट्रस फलफूलको लागि उपयुक्त हावापानी पाइन्छ। सुन्तला, जुनार तथा कागती यहाँ प्रशस्तै हुन्छ। जिल्लाको उच्च भागमा रहेका लेकाली क्षेत्रमा टेम्परेट फलफूल (स्याउ, ओखर आदि) को लागि सुहाउँदो छ। उपयुक्त हावापानी भई बजारको दृष्टिकोणले पनि फाइदाजनक स्थितिमा रहेका जिल्लाका ३,००० फीटदेखि ५,००० फीटसम्मका भागहरूमा व्यावसायिक रूपमा सुन्तला खेती गराउन सकिन्छ। फिदिम, बोदिन तथा रानी गाउँ जस्ता ठाउँहरूमा अहिले पनि प्रशस्त सुन्तला हुन्छ तापनि यसलाई व्यावसायिक रूप दिइएको छैन। जिल्लामा भएका बेंसी क्षेत्रहरूमा आँप, लिची तथा कटहर जस्ता फलफूल पनि हुन्छन्।

पशुपालन

अन्य पहाडी जिल्लाहरूमा झैं यहाँ पनि विभिन्न उपयोगको निमित्त पशुहरू पालिन्छन्। पालिने पशुहरूमा गाई, भैंसी, बाख्रा तथा सुंगूर नै मुख्य हुन्। गाइ, भैंसीहरू दूध दहीको निमित्त र सुंगूर तथा भेडा बाख्रा मासुको लागि प्रयोगमा ल्याइन्छन्। गाई, भैंसीको दूधबाट घिउ बनाई तराईतर्फ लगी बेच्ने पनि गरिन्छ। गाउँका केही ठूला ठालूहरूले शोखले घोडा पनि पाल्ने गर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकांश लिम्बू भएको यस जिल्लामा मासुको खपत प्रशस्तै हुन्छ र हरेक लिम्बहरूको घरमा केही न केही सुंगूर तथा कुखुराहरू पालिएका हुन्छन्। यहाँबाट खसीहरू भारततर्फ निर्यात पनि हुन्छ। हाल कृषि प्रसार कार्यक्रमहरूको असरले गर्दा नश्ल सुधार गरिएका राँगा र उन्नत जातका कुखुरा तथा साँढे बोकाहरूको यहाँ निक्कै माँग बढ्दै गएको छ।

जिल्लामा एक पशु चिकित्सालय छ। २०२७ सालमा स्थापना भएको यस चिकित्सालयले २०२९।-२०३० आर्थिक वर्षमा ४४० वस्तुहरूलाई एस. एच. भ्याक्सिनेशन दिएको थियो।

कृषि ऋण

गाउँ घरमा विभिन्न कृषि कार्यहरूको लागि ऋण लिइन्छ। स्थानीय साहूहरूबाट लिइने ऋणहरूमा चर्को ब्याज लिइन्छ। गरीबहरूले अनाजै पनि ऋण लिने गर्छन्। जिल्लामा कृषि सम्बन्धी ऋण दिने कृषि विकास बैंक नहुँदा साधारण गाउँलेहरूलाई ऋणको निमित्त चर्को मूल्य चुकाउनु पर्दथ्यो। जिल्लामा "पाँचथर बहुमुखी सहकारी संस्था" नामको एक सहकारी संस्था छ, जसको सदस्य संख्या १६२ छ र यसले अलैंची खेतीको निमित्त रू. ६४,४३५।– ऋण वितरण गरेको देखिन्छ।

सिचाइ

जिल्लामा भएको सिचाइ सुविधा एकदमै अपर्याप्त छ। जिल्लाका धेरैजसो खेतहरू वर्षाको निमित्त प्रकृतिमा नै निर्भर गर्छन्। यसैकारण पनि यहाँको उत्पादन वर्षाको अनुकूलता अनुरूप घटबढ भएको पाइन्छ। अन्य जिल्लाहरूमा खाद्यान्न उत्पादनमा वृद्धि भएकोमा यस जिल्लामा २०२४।०२५ देखि २०२९।०३० सम्मको कृषि सर्वेक्षण अनुसार यहाँ उत्पादन वृद्धि हुनुको सट्टा यसको ह्रास भएको अनुमान गरिएको छ।

हाल जिल्लामा भएका सिचाइ सुविधाहरू निम्न बमोजिम छन्:–

नाम्दु खोलाबाट फिदिम गाउँ पञ्चायतको थाम्लेसम्म अन्दाजी एक घट्ट पानी आउने १३ किलोमिटर (चार कोस) लामो कुलो छ। यो बाह्रै महीना चालू हुन्छ।

प्राङवुङ गाउँ पञ्चायतमा पाँच किलोमिटर (१.५ कोस) लामो कुलो छ। यसले करीब १०० रोपनी जमीनमा सिचाइ सुविधा पुर्‍याउँछ।

लिम्वा गाउँ पञ्चायतको ६.५ किलोमिटर (दुई कोस) लामो कुलोले पनि करीब १५० रोपनी जमीनमा सिचाइ भएको छ।

एकतिन गाउँ पञ्चायत क्षेत्रमा पनि १० किलोमिटर (तीन कोस) लामो कुलो छ। यसले पनि करीब २०० रोपनी जमीनमा सिचाइ सुविधा पुर्‍याएको छ।

पाँचथर जिल्लाको भौगोलिक स्थिति तथा अन्य कारणहरूले यहाँ वृहत् सिचाइ योजना चालू गर्न निक्कै कठिनाई छ तापनि जिल्लाको पश्चिम, उत्तर-पश्चिम र दक्षिण–पश्चिमका भागहरूमा सानातिना सिचाइका योजनाहरू सञ्चालन गर्नु पर्ने देखिन्छ। निरन्तर खाद्यान्नको अभाव भई राख्ने यस जिल्लाका आंगवुङ, फिदिम, च्याङ्थापु तथा रानीटार इलाकाहरूमा ५०० फीटभन्दा कम उचाई भएका ठाउँहरू पनि छन्। नदी–नाला प्रशस्तै भएका यी इलाकाहरूमा सिचाइको व्यवस्था पश्चात् खाद्यान्न उत्पादन बढ्ने सम्भावना प्रशस्तै देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमि व्यवस्था

धेरै अघिदेखि किपट प्रथा भएको यस लिम्बुवान क्षेत्रमा २०२३ सालदेखि भूमिसुधार लागू भएको हो। यस जिल्लामा नापी भइनसकेकोले जग्गाको यथार्थ वर्गीकरण र जग्गा धनीको स्थिति पत्ता लाग्न नसके पनि २०२३ सालदेखि भूमिसुधार लागू भएपछि ७ नं. को फाँटवारी जग्गा धनीबाट पेश गराइएको आधारमा २०२८ सालसम्ममा छानबीन गरी निकालिएको लगतमा जम्माजम्मी फाँटवारी पेश गर्नेको संख्या २५,०२८ भएको देखिन्छ। यसमध्ये एक देखि नौ रोपनीसम्म जग्गा हुने परिवार संख्या १७,१५० देखिएको छ। १० रोपनी-भन्दा बढी जग्गा हुने परिवारहरूको संख्या निम्न बमोजिम देखिन्छ:—

१० देखि १९ रोपनीसम्म जग्गा हुने परिवार संख्या	५,५८४
२० देखि २९ " " " "	१,३९३
३० देखि ४९ " " " "	६१३
५० देखि ७९ " " " "	२०६

जम्मा ८० रोपनी भन्दा बढी जग्गा हुने परिवारको संख्या ७६ थियो। यसरी ७ नं. फारामद्वारा बढी देखिएको जमीनहरू पनि नापी नभएको कारणले यथार्थता यकिन नभएकोले जग्गा जफत गर्ने तथा वितरण गर्ने जस्ता कार्य गर्न नसकिएको देखियो।

जिल्लामा शुरूदेखि २०३० आश्विन मसान्तसम्ममा जम्मा आसामी संख्या १,८१८ को रू. ३६,३३,-९११।— ऋण निश्चित भै जम्मा रू. ३,६१,४९५।— ऋण तिर्न नपर्नेगरी कट्टा गरिएको छ। जिल्लामा जम्मा २१,८७२ मोहीहरूलाई ४ नं. जोताहाको अस्थायी निस्साद्वारा मोहीयानी हक प्रदान गरिएको छ।

यस जिल्लामा अनिवार्य बचत नगदीमा रू. १,३५,९८४।— र जिन्सीमा ४,३२४ मुरी बचत उठेको छ। यसमध्ये १,२३,५४३।— भूमिसुधार बचत संस्थानमा जम्मा गरेको र बाँकी नगद तथा जिन्सी ग्राम समिति-द्वारा ऋण वितरण गरिएको छ।

किपट प्रथा

यहाँ किपट प्रथाको प्रचलन थियो। लिम्बुवानक्षेत्र नेपाल अधिराज्यमा संलग्न गराइनुभन्दा अघिदेखि नै कायम भएको यस प्रथालाई पृथ्वीनारायण शाहबाट पनि थमौती भयो। यो प्रथामा जमीनको स्थायी हक किपटिया सुब्बाकोमा नै हुन्थ्यो। किपटियासँगबाट अरू गाउँलेहरूले बन्धक भोग लिन सक्ने र यस्तो बन्धकमा दिएको जग्गा थैलो फर्काई जहिले पनि सुब्बाले लिन सक्दथ्यो। बेला बेलामा किपटिया सुब्बाले जग्गा वापतको बढी रकम बुझाउने वा जग्गा छोडीदिने धम्की पनि दिइने हुँदा यस्ता जग्गामा बसेका अन्य रैतीहरूलाई जग्गाको सुरक्षा नभएकोले यस्ता खेतहरूमा व्यावसायिक खेती गर्ने वा स्थायी तवरले जमीनको सुधार गर्नेतर्फ मानिस-हरूमा उत्साह रहँदैनथ्यो। भूमिसुधार लागू भएपछि यहाँ पनि किपट प्रथा खारीज भई किपट जमीन पनि रजिष्ट्रेशन हुन सक्ने र यी जमीनहरूमा बसोबास गर्नेहरूको नै स्थायी हक हुने व्यवस्था गरिएको छ।

उद्योग

पूर्वाञ्चल विकास क्षेत्रको एक पहाडी जिल्लाको रूपमा रहेको यस ठाउँमा उद्योग व्यवसाय अझै अविकसित स्थितिमा छ। यहाँ ठूला उद्योगहरू सञ्चालन भएका छैनन्। यातायात तथा सञ्चार पिछडिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा भएकोले यहाँ निकट भविष्यमा पनि ठूला उद्योगहरूको सम्भाव्यता देखिंदैन। जिल्लाका मानिसहरूको मुख्य पेशा खेती नै हो र यहाँ उद्योग तथा व्यापारमा लाग्नेको संख्या नगण्य छ। आर्थिक समुदायमा सक्रिय (वर्ष १० देखि माथि) को जनसंख्याको ०.४७ प्रतिशत मात्र उद्योग व्यापारमा भएकोले पनि यो कुराको पुष्टयाइँ गर्छ।

जिल्लामा यातायातको विकास भएमा मझौला तथा साना उद्योगहरूको सम्भावना देखिन्छ। जिल्लामा उत्पादन हुने कृषि उपजहरूमा आधारित उद्योगहरूको सञ्चालन गर्नसकेमा यसले छेउ छाउको भारतीय क्षेत्रमासमेत राम्रो बजार पाउन सक्दछ। यहाँ प्रचुर मात्रामा पाइने सिट्स फलफूल, आलु तथा चियाको उत्पादनहरूबाट फलफूल संरक्षण उद्योग तथा स्टार्च, चिया जस्ता उद्योगहरू सञ्चालन हुन सक्दछन्। निरन्तर खाद्यान्नाभावको भार पर्ने यस जिल्लाको कृषि क्षेत्रमा बेकार भएका अधिक जनसंख्यालाई अन्य व्यवसायमा सादैं जानु जिल्लाको विकासको दृष्टिकोणबाट पनि जरूरी देखिन्छ। हाललाई जिल्लामा घरेलु उद्योगका व्यवसायहरू नै महत्वपूर्ण छन् किनभने अन्य उद्योगहरू हालसालै सञ्चालन हुन सक्ने स्थिति यहाँ छैन। जिल्लामा भएका राई, लिम्बू तथा तामाङ जातिहरू निकै मेहनती हुन्छन् र यी जातिका आइमाईहरू तथा लोग्नेमान्छेहरू फुर्सदको समयमा बाँसको डोको, नाम्लो बनाउने र मोटो खाँडीको कपडा बनाउने जस्ता घरेलु व्यवसायहरू गर्दछन्। जिल्लाको उच्च भागहरूमा कागजको निमित्त आवश्यक विरूवा तथा अल्लो पाइने भएकोले लालीखर्क गाउँ पञ्चायतमा नेपाली कागज बनाउने पनि गरिएको छ। निजी श्रम र साधनद्वारा बनाइने यी राम्रा नेपाली कागजहरू इलामसम्म पनि निकासी गरिन्छन्।

व्यापार

व्यापारको दृष्टिकोणबाट पनि यो जिल्ला पिछडिएको नै छ। जिल्लाको सीमाना भारतसँग पनि जोडिएकोले निकासी पैठारी अन्य पहाडी जिल्लाभन्दा यहाँ सजिलो छ तापनि अविकसित यातायात र छरिएर रहेको जनसंख्याको कारणले यहाँ बजारको विकास हुन सकेको छैन।

जिल्लाको पूर्वी भागमा रहेको भेमेङघाट तथा च्याङथापुमा छोटी भन्सार रहेको छ र भारत तथा सिक्किमसँग गरिने व्यापारहरू यही बाटोबाट गरिन्छ। यहाँको निर्यातमा मुख्य आलु, घ्यू तथा जरीबूटी नै हुन्। यस बाहेक खसी, बोका, राडी, पाखीहरू पनि जिल्लाबाट निकासी गरिन्छन्।

जिल्लामा आयात गरिने सामानहरूमा कपडा, मसला, तेल तथा नून नै मुख्य हुन्। यस बाहेक झापा तथा मोरङ तर्फबाट प्रशस्तै अन्नहरू पनि आयात गरिन्छ। यस जिल्लाको विदेशी बजार दार्जीलिङ्ग, सिक्किम जस्ता ठाउँहरू हुन् भने स्वदेशी बजार अधिराज्यका झापा, इलाम तथा मोरङ हुन्।

जिल्लाको अधिकांश व्यापार सदरमुकाम फिदिम मार्फत हुन्छ र यस बाहेक यहाँ रवी, यासोक तथा मेहल्वोटेमा पनि सानातिना पहाडी बजारको विकास भएको पाइन्छ। गाउँ घरमा अहिले पनि वस्तु विनिमयद्वारा आफ्नो आवश्यकताको सामानहरू लिने प्रचलन देखिन्छ। यहाँ लाग्ने विभिन्न हाटहरू पनि व्यापारिक क्रियाकलापको लागि महत्वपूर्ण हुन् र यस्ता हाटहरू विभिन्न गाउँ पञ्चायतमा निम्न बमोजिम लाग्दछन्:—

गाउँ पञ्चायतको नाम	हाट बजारको नाम	हाट लाग्ने दिन
दुर्दिम्वा गाउँ पञ्चायत	बुधबारे बजार	प्रत्येक हप्ता बुधबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिम्बा गाउँ पञ्चायत	नवमी बजार	१५ दिने
कुरूम्बा गाउँ पञ्चायत	चिसापानी पञ्चमी बजार	"
रवी गाउँ पञ्चायत	औंसी पूर्णिमा बजार	"
रवी गाउँ पञ्चायत	सप्तमी बजार	"
मौवा गाउँ पञ्चायत	पञ्चमी बजार	"
ओलेने गाउँ पञ्चायत	दशमी बुधबारे बजार	"
फार्वतप गाउँ पञ्चायत	धुर्मिखे पञ्चमी बजार	"
लालीखर्क गाउँ पञ्चायत	द्वितीया बजार	"
चोक्यागु गाउँ पञ्चायत	पञ्चमी बजार	"
रानीटार गाउँ पञ्चायत	पञ्चमी बजार	"
फिदिम गाउँ पञ्चायत	औंसी, पूर्णिमा बजार	"
फिदिम गाउँ पञ्चायत	भदौ पूर्णिमा, मार्ग पूर्णिमा, रामनवमी, फागुजात्रा	१ दिने
मारपा गाउँ पञ्चायत	चतुर्दशी बजार	१५ दिने
भुक्तुरा गाउँ पञ्चायत	सप्तमी बजार	"
सिमुवा गाउँ पञ्चायत	अमरपुर नवमी बजार	"
दोरूम्बा गाउँ पञ्चायत	नवमी बजार	"
दोरूम्बा गाउँ पञ्चायत	अमरपुर नवमीमा कृष्णाष्टमीमेला	३ दिने
मेदिबुङ गाउँ पञ्चायत	नवमी बजार	१५ दिने
मेदिङ गाउँ पञ्चायत	राके र चण्डी पूर्णिमा मेला	१ दिने
ओयाम गाउँ पञ्चायत	पञ्चमी बजार	१५ दिने
ओयाम गाउँ पञ्चायत	महादेवस्थान बालाचतुर्दशी मेला	१ दिने
प्राङबुङ गाउँ पञ्चायत	औंसी पूर्णिमा बजार	१५ दिने
प्राङबुङ गाउँ पञ्चायत	नवमी बजार	"
याङनाम गाउँ पञ्चायत	नवमी बजार, खलङ्गा	"
नागिन गाउँ पञ्चायत	औंसी पूर्णिमा बजार	"
यासोक गाउँ पञ्चायत	त्रिशाली मेला बजार	वर्षको ३ दिन
भारपा गाउँ पञ्चायत	त्रिवेणी माघे मेला	वर्षको ३ दिन
वराङफुङ गाउँ पञ्चायत	जोर पोखरी	१ दिने
लुपालु गाउँ पञ्चायत	संक्रान्ति राके बजार	"
रानीटार गाउँ पञ्चायत	युवा मेला	३ दिन

फिदिममा भएको नेपाल बैंकको उप–शाखा २०२९ साल पुसमा खुलेको हो। उक्त बैंकको मुख्य लगानी सुन–चाँदीमा नै छ र जम्मा रू. १,७५,०००।– मात्र लगानी भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

नेपालको अन्य पहाडी जिल्ला सरह यहाँ पनि यातायात सञ्चारको कठिनाई छ। जिल्ला पुग्न आधुनिक यातायातबाट पनि २–३ दिन लाग्छ भने जिल्ला भित्रैको आन्तरिक यातायात पनि उत्तिकै कठिन छ। घोडा तथा गोडाकै भरमा जिल्लाको यातायात सञ्चालित छ।

यस जिल्लामा कुनै राजमार्ग छैन। जिल्लाभित्रका सडकहरू सबै जसो घोडेटो नै हुन् र पिठ्यूँको बोकाइ नै जिल्लाको निकासी पैठारीका साधन हुन्। मध्यपहाडी भागमा पर्ने यो जिल्लाको उत्तरी भागमा सिङ्गलिला पर्वत शृङ्खला तथा दक्षिण-पूर्वी भागमा महाभारत लेक भएकोले यहाँको यातायात विकासमा निकै बाधा भएको पाइन्छ।

यातायात

जिल्लाको चल्तीका बाटोहरूमा पाँचथरदेखि इलाम, पाँचथरदेखि ताप्लेजुङ्ग, पाँचथरदेखि धनकुटा, धरान तथा पाँचथरदेखि च्याङ्थापुसम्मका बाटाहरू नै हुन्। यी घोडेटो बाटाहरूमा इलाम जान नाम्दु खोलाबाट सुके पोखरी हुँदै जाने बाटो करीब ४८ किलोमीटर (१५ कोस) छ। अञ्चलको सदरमुकाम भएको इलाम जिल्लासँग प्रशासकीय तथा व्यापारिक सम्बन्धहरू प्रशस्त भएकोले यो बाटो जिल्लाको निकै प्रचलित बाटो हो। अघि ८८ सालमा भोटसँग लडाईं हुने होहल्ला भएको बेलामा बनाइएको भन्ने स्थानीय मानिसहरूको भनाइ भएको यो बाटो पुरानो भएपनि घोडा चढी ओहोर दोहोर गर्न सकिनेछ। यो बाटोभित्र पर्ने पाँचथरका केही भागहरूमा त मोटर चल्न सक्ने चौडाई भएका बाटाहरू पनि छन्। अघि ग्राम विकास कार्यक्रम लागू हुँदा फिदिमदेखि लालीखर्कसम्म मोटर चलाउने पनि गरेको थियो। तर पछि उक्त बाटो भत्कन गएको र मर्मत सम्भार पनि नभएकोले हाल यी बाटाहरू भताभुङ्ग अवस्थामा छन्।

सदरमुकाम फिदिमदेखि अञ्चलको सुदूर उत्तरमा रहेको ताप्लेजुङ्ग जिल्ला जाने दुई मुख्य बाटाहरू छन्:– (क) फिदिमबाट उत्तर–पूर्वतिर झरी हिमाखोला तरेर सुभाङ दोरूम्बा र आङबुङ गाउँ पञ्चायत हुँदै कावेली खोला तरेर जाने बाटो (ख) फिदिमबाट उत्तर पश्चिमतिर झरी हिमाखोला तरेर माझी गाउँ हुँदै सिटौला पुल तरी, तेह्रथुमको केही भाग हुँदै तमोर खोलाको थपलिया पुल तरेर जाने बाटो। उपर्युक्त दुई बाटाहरूमा (क) बाटो लामो भएपनि राम्रो छ र (ख) बाटो चाहिं केही छोटो छ तर ठाउँ ठाउँमा पैरो गएकोले बाटो राम्रो अवस्थामा छैन। फिदिमबाट ताप्लेजुङ्ग जाने बाटो करीव ४८ किलोमिटर (१५ कोस) को छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदरमुकाम फिदिमदेखि निमु खोला, सावा खोला, नावा खोला हुँदै तमोरको किनारै किनार धरान जाने बाटो अर्को प्रमुख चल्तीको बाटो हो। धरानको लागि अर्को बाटो धनकुटाबाट जाने पनि छ। फिदिमबाट सावापाटीभई तमोर तरेर पुग्ने र त्यहाँबाट धरान जाने पनि गरिन्छ।

जिल्लाको पूर्वी सीमानामा फालेलुङको डाँडै डाँडा चिया भन्ज्याङसम्म भारत सरकारले मोटर बाटोको निर्माण गरेको छ। जिल्लाका मानिसहरू आफ्ना निकासी पैठारीका सामानहरू यसै बाटो मार्फत गर्ने गर्छन्। तर सदरमुकाम फिदिमबाट फालेलुङसम्म आउने हाम्रोपट्टिका बाटाहरू राम्रा छैनन्। प्रशासनिक तथा व्यापारिक दृष्टिकोणबाट समेत अति महत्वपूर्ण यी बाटाहरू गाउँस्तरीय योजनाको रूपमा वर्ष वर्षमा केही मर्मत तथा निर्माण गर्दै गरे तापनि यस्ता बाटामा केन्द्रीय प्राविधिक सहयोग भएमा मात्र फलदायी हुने देखिन्छ।

ई.सं. १९७० मा श्री ५ को सरकार तथा संयुक्त राष्ट्र संघको संयुक्त प्रयासबाट नेपाल अधिराज्य-भरि हवाइ सर्वेक्षणहरू गरी सडक निर्माण सम्बन्धी पेश गरिएको प्रतिवेदनमा धनकुटाको मूलघाटबाट नयाँ बाटो भई तेह्रथुम हुँदै पाँचथर जाने सडक मार्ग सुझाइएको छ।

यो सडक आर्थिक दृष्टिकोणबाट पनि लाभदायी देखियो। अर्कोतिर मेची अञ्चलका सबै जिल्ला-हरूलाई झापासँग जोड्ने मेची मूल बाटो बनाउने सम्बन्धमा पनि सर्वेक्षण भएको थियो।

पाँचथर जस्तो पहाडी जिल्लाको विकासको लागि नेपालको अन्य पहाडी ठाउँ जस्तै कृषि विकासमै बढी निर्भर गर्नु स्वाभाविकै हो। यस जिल्ला निरन्तररूपमा खाद्यान्नाभाव ग्रस्त भएको र भू–बनोट र उपयोगको दृष्टिबाट यहाँ खाद्यान्नभन्दा अन्य प्रकारका नगदे बाली तथा फलफूल आदिको उत्पादनमा जोडदिई आर्थिक विकासको क्रमलाई अघि बढाउँदै जानु पर्ने भएकोले पनि भारत तथा सिक्किमसँग सीमाना भएको यस जिल्लामा यातायातको विकास भएमामात्र परम्परागत कृषिमा परिवर्तन ल्याई जिल्लाको जीवनस्तर उँचा हुने क्रममा सहयोग पुग्न सक्ने देखिन्छ।

जिल्लामा मोटर चल्ने सडक बन्न केही समयपछिमात्र सम्भव छ किनभने पहिले धरान–धनकुटाको सडक पूरा भएपछि मात्रै धनकुटा–फिदिमको सहायक मार्ग बन्न सक्दछ। यस कारण हाल चालू पैदल बाटोलाई विकसित तथा मर्मत गर्नु र खोलाहरूमा सानातिना पुलहरू हाल्नु जरूरी देखिन्छ। दुई वर्षे योजना अन्तर्गत बेली तथा तमोर नदीमा झोलुंगे पुल बन्ने भएको छ। जिल्लामा भएका सबै जसो खोलाहरूमा पुल नभएकोले वर्षामा यातायात झण्डै ठप्प हुन्छ। जिल्लाको सिमुवा गाउँ पञ्चायत अन्तर्गत तमोर नदीमा पिनाजीघाट पर्छ जहाँ हिउँद महीनामा डुंगा चलाइन्छ। यस ठाउँमा दैनिक अन्दाजी ५० जना आवत जावत गर्छन् र प्रति व्यक्ति रू. २।– लिइन्छ। गाउँलेहरूबाट नै सञ्चालन गरिएको उक्त घाट ठेक्कामा दिइएको छैन।

सञ्चार

यस जिल्लामा सञ्चारका साधनहरू दूर सञ्चार तथा हुलाक नै हुन्। सदरमुकाम फिदिममा दूर सञ्चार समितिद्वारा सञ्चालित दूर सञ्चार केन्द्र छ। जिल्लालाई अञ्चलका अन्य जिल्लाहरूसँग र काठमाडौं केन्द्रसँग सम्पर्क राख्ने साधन यही नै हो।

यस जिल्लामा भएको फिदिम छोटी हुलाक अन्तर्गत निम्न गाउँ पञ्चायतमा शाखा, अतिरिक्त तथा सहकारी हुलाकहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यासोक शाखा हुलाक
च्याङथापु शाखा हुलाक
नाम्लुवा शाखा हुलाक
अमरपुर शाखा हुलाक
भेदिबुङ अतिरिक्त हुलाक
उम्लाबुङ अतिरिक्त हुलाक
मुजुरा अतिरिक्त हुलाक
चिलिङदिन अतिरिक्त हुलाक
पौवा अतिरिक्त हुलाक
पौवा सार्ताप अतिरिक्त हुलाक
प्राङबुङ अतिरिक्त हुलाक
लाली खर्क अतिरिक्त हुलाक
बुधबारे अतिरिक्त हुलाक
लुवाफु अतिरिक्त हुलाक
याङनाम अतिरिक्त हुलाक
जोरसाल फिदिम सहकारी हुलाक

यस जिल्लाबाट धेरै लिम्बूहरू भारत तथा ब्रिटिश फौजमा भर्तीभई जाने भएकाले अधिकांश चिट्ठी-पत्रहरू यिनीहरूबाटै आफ्ना गाउँ घरमा आउने गर्दछन् । सदरमुकाम तथा बाक्लो बस्तीको कारणले फिदिम छोटी हुलाक अन्तर्गत पर्ने गाउँ पञ्चायतमा नै बढी मात्रामा चिट्ठीहरू आदान प्रदान हुन्छ । जिल्लामा सरकारी चिट्ठी, रजिष्ट्री तथा साधारण चिट्ठी तथा पुलिन्दा विमाहरू सबै मिलाई वर्ष भरीमा लगभग ७७ हजारको आवत–जावत हुन्छ ।

सञ्चारका अन्य साधनहरूमा गोरखापत्र तथा सक्नेले झिकाएका केही अन्य पत्र-पत्रिका पनि जिल्लामा देखिन्छन् । भर्तीमा गएका जवानहरूले ल्याएका ट्रान्जीष्टर रेडियो जस्ता आधुनिक सञ्चारका साधनहरू पनि हाल गाउँ गाउँमा छन् र यसबाट वरपरका गाउँलेहरूले संसारका अन्य भागहरूको जानकारी राख्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

नेपालको पूर्वाञ्चलमा भारत तथा सिक्किम दुवै राज्यसँग सीमाना भएको यस पहाडी जिल्ला शिक्षा-प्रचारको दृष्टिकोणले अन्य पहाडी जिल्लाभन्दा राम्रो स्थितिमा छ। जिल्लामा माध्यमिक विद्यालय नहुँदै देखि विदेशी स्कूल तथा कलेजमा अध्ययन गरी फर्केका मानिसहरू पनि यहाँ पाइन्छन्। विदेशी फौजमा भर्ती हुन जाने यस जिल्लाका अधिकांश व्यक्तिहरूले आफ्ना परिवारहरू पनि उतै लगी पढाउने गरेबाट पनि शिक्षाको क्षेत्रमा यहाँ जागरूकता चाँडो आएको हुन सक्दछ।

नेपाल अधिराज्यमा कुल साक्षर प्रतिशत १३.९ छ। पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने पाँचथर जस्तो पहाडी जिल्लामा पनि साक्षर १३.४ प्रतिशत हुनु संतोषप्रद नै मान्नु पर्दछ। छ वर्षभन्दा माथि उमेर भएको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी हेर्दा त्यसको रूपरेखा यस्तो हुन्छः-

साक्षारताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ – ९	८,७७२	९७१	११.१	८,५१९	२५२	३.०	१७,२९१	१,२२३	७.१
१० – १४	९,९८२	३,१४७	३१.५	९,१९२	५३२	५.८	१९,१७४	३,६७९	१९.२
१५ – १९	७,५४०	२,७६४	३६.७	७,३२०	३१८	४.३	१४,८६०	३,०८२	२०.७
२० – २४	६,२८५	२,११४	३३.६	६,४७९	१७२	२.७	१२,७६४	२,२८६	१७.९
२५ – २९	५,०८०	१,४१०	२७.८	५,३९६	८२	१.५	१०,४७६	१,४९२	१४.२
३० – ३४	४,२६५	१०६४	२४.९	४,८०२	३२	०.७	९,०६७	१०,९६	१२.१
३५ – ३९	४,१८६	८८२	२१.१	४,०५२	२९	०.७	८,२३८	९११	११.१
४० – ४४	३,२९५	६२४	१८.९	३,६५०	२१	०.६	६,९४५	६४५	९.३
४५ – ५४	५,०८३	९१३	१८.०	५,४१८	३१	०.६	१०,५०१	९४४	९.०
५५ – ६४	३,३०३	५१९	१५.७	३,६८४	२३	०.६	६,९८७	५४२	७.८
६५ माथि	२,१९१	२५४	११.६	२ ३७८	११	०.५	४,५६९	२६५	५.८

जिल्लामा छ वर्षदेखि माथिको जनसंख्या १,२०,८७२ मा पुरुष तथा महिला दुवै गरी १६,१६५ साक्षर छन्। यसमा छ वर्षदेखि नौ वर्षसम्म र त्यसपछि प्रत्येक पाँच वर्षको छुट्टाछुट्टै समूह गरी अन्तमा ६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष र सो भन्दा माथिका वर्षहरूको समह विभाजन गरिएको तथ्याङ्क विभागको २०२८ सालको प्रतिवेदन अनुसार १५ देखि १९ र १० देखि १४ वर्षको समूह भित्रका मानिसहरूमा नै साक्षर संख्या क्रमशः २०.७ र १९.२ भई सर्वाधिक साक्षर समूहहरू भएका देखिन्छन् ।

त्यस्तै गरी यस जिल्लामा विद्यालयहरूमा दर्ता नै नभएको जनसंख्या १,१४,६०४ छ। विद्यालयमा दर्ता भएका संख्या छ देखि नौ सम्म र त्यसपछि १० देखि ४४ वर्षसम्म प्रत्येक पाँच वर्ष समूह र ४५ वर्ष तथा सो भन्दा माथि अन्तिम समूह मानी केन्द्रीय तथ्याङ्क विभागबाट लिइएको २०२८ को जनगणना अनुसार पनि माथि उल्लेख भएकै कुरा देखिन्छ। अर्थात् १० देखि १४ सम्म र १५ देखि १९ वर्षसम्मका समूहहरूमा नै विद्यालय जानेहरूको संख्या सर्वाधिक छ ।

वि. सं. २०३० सालदेखि नयाँ शिक्षा योजना लागू भएको यस जिल्लामा जम्मा छ वटा माध्यमिक विद्यालयहरू छन्:–

(१) फिदिम माध्यमिक विद्यालय, फिदिम
(२) निलगिरी माध्यमिक विद्यालय, सुभाङ
(३) पृथ्वी माध्यमिक विद्यालय, यासोक
(४) जयनारायण आदर्श माध्यमिक विद्यालय, मेहलबोटे
(५) दुर्गा विद्यालय, रवी
(६) अम्बरपुर माध्यमिक विद्यालय, दोरूम्बा

यो विद्यालयहरूमा सबभन्दा पुरानो र बढी छात्र–छात्रा तथा शिक्षकहरू भएको जयनारायण आदर्श विद्यालय हो। यो विद्यालय नयाँ शिक्षा योजना लागू हुनुअघिदेखि नै पूर्ण सरकारी रूपमा सञ्चालित थियो। २०३० सालको लगत अनुसार यस विद्यालयमा २४४ जना विद्यार्थीहरू अध्ययन गर्दछन् र १५ जना शिक्षकहरू छन्। त्यस्तै शिक्षकको संख्याको दृष्टिकोणले उत्तरी भेकको मुक्तुराको विद्यालयमा पाँच जना मात्र भई सबैभन्दा कम शिक्षकहरू छन् भने विद्यार्थीहरूको दृष्टिकोणले यासोकमा ८७ छात्र–छात्राहरू भई सबै भन्दा कम विद्यार्थी भएको विद्यालय हो।

जिल्लामा जम्मा छ वटा निम्न माध्यमिक विद्यालयहरू छन् । यी विद्यालयहरू ओराङचुङ, उम्लावुङ, पौवा सार्ताप, आङवुङ, च्याङथापु तथा याङलाभ प्रत्येक गाउँ पञ्चायतहरूमा एक एक रहेका छन्। यी विद्यालयहरूमा पढाउने जम्मा १९ जना शिक्षकहरू छन् ।

जिल्लामा आर्थिक सहायता प्राप्त गर्ने प्राथमिक विद्यालयहरू जम्मा ८६ छन् र तिनमा ३,१०० छात्रहरू र ५०० छात्राहरू पढ्दछन्। विभिन्न गाउँ पञ्चायतमा छरिएका यी विद्यालयहरूमा २५० शिक्षकहरू र सात शिक्षिकाहरू छन् ।

जिल्लाका विभिन्न ठाउँमा पुस्तकालयहरू पनि छन्। पुस्तक सख्या थोरै नै भए पनि पुस्तकालयप्रति भएको चाख यहाँ भएका ११ वटा पुस्तकालयहरूले देखाउँछन्। पुस्तकालयहरूको नाम र सम्बन्धित गाउँ पञ्चायत निम्न बमोजिम छन्:–

पुस्तकालय	गाउँ पञ्चायत
१. याङनाम पुस्तकालय	याङनाम
२. जनक पुस्तकालय	मुक्तुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. मुक्तुरा पुस्तकालय	मुक्तुरा
४. वीरेन्द्र पुस्तकालय	यासोक
५. सात गाउँ पुस्तकालय	मेमेङ
६. त्रिभुवन स्मारक पुस्तकालय	मेहलबोटे
७. रवी पुस्तकालय	रवी
८. जन पुस्तकलाय	फिदिम
९. जनप्रिय पुस्तकालय	एकतिन
१०. आङवुङ पुस्तकालय	आङवुङ
११. अमरपुर पुस्तकालय	दोरूम्वा

स्वास्थ्य

स्वास्थ्य सेवाको दृष्टिकोणबाट यो जिल्ला निक्कै पछाडि रहेको छ। यहाँ हालसम्म कुनै अस्पताल छैन र भएका केही स्वास्थ्य सेवा पनि सबै दक्षिणी भागमा मात्रै सीमित छन्। यसकारण पनि यहाँका अधिकांश जनताहरू आधुनिक स्वास्थ्य सेवामाथि कम विश्वास मान्दछन् र गाउँलेहरू फेदाङमा, धामी, झाँक्री तथा विजुवामा नै धेरै विश्वास गरी तिनीहरू मार्फत् नै औषधि उपचार गराउने चलन यहाँ ज्यादा पाइएको छ।

जिल्लाको सदरमुकाम फिदिममा एक स्वास्थ्य केन्द्र छ। जिल्लामा अन्य दुई स्वास्थ्य चौकीहरू छन् जुन यासोक गाउँ पञ्चायत र रवी गाउँ पञ्चायतमा रहेका छन्। यहाँबाट साधारण औषधोपचारको सेवा पुऱ्याइन्छ। जिल्लामा एक आयुर्वेदिक औषधालय पनि छ। आङसराङ गाउँ पञ्चायतको मेहल्बोटेमा रहेको यस औषधालयले वरपरका गाउँहरुमा स्वास्थ्य सेवा उपलब्ध गराएको छ।

यस जिल्लामा औलो उन्मूलन कार्यालयले जिल्लाका विभिन्न ठाउँमा शाखा कार्यालयहरू खोली डी. डी. टी. छर्ने काम चालू गरेको छ। हाल अधिकांश भागहरूबाट औलो उन्मूलन भइसकेको छ।

विफर उन्मूलन कार्यक्रम यस जिल्लामा पनि चालू छ। मेची अञ्चलका इलाम तथा पाँचथर जिल्लामा पहिलेदेखि नै यो कार्यक्रम सञ्चालन भैरहेकोमा पछि ताप्लेजुङ्गमा समेत शुरू गरिएकोले हाल यस अञ्चलका सबै जिल्लाहरूमा कार्यक्रम लागू भएको छ। तर यस अञ्चलमा भएको सम्पूर्ण विफरको खोप सन्तोषप्रद नभएकोले पाँचथर तथा इलाममा आन्तरिक मूल्याङ्कन पनि गरिएको छ। विफर जस्तो संक्रामक रोग निवारण गर्न प्रत्येक साल जिल्लाभरी गरिने "मास भ्याक्सिनेशन कार्यक्रम" हिउँद महीनाहरूमा गरिन्छ र बाँकी महीनाहरूमा "सर्वेलेन्स कार्यक्रम" सञ्चालन गरिन्छ। यस जिल्लामा ०२९।०३० सम्मको खोप गरिएका मानिसको संख्या १,१२,१७४ भएकोले विफर उन्मूलन कार्यक्रमले जिल्लाको जनसंख्याको अधिकांश भागलाई विफरबाट जोगाएको छ।

खानेपानी

अन्य पहाडी जिल्ला सरह यहाँ पनि धेरै गाउँहरूमा पानीको दुःख छ। सदरमुकाम फिदिममा धारा निर्माण भएको छ। यसबाट यहाँका स्थानीय जनता तथा सरकारी कर्मचारीहरू समेतलाई निक्कै फाइदा पुगेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। अन्य खानेपानी योजनामा ओलने गाउँ पञ्चायत तथा प्राङवुङ गाउँ पञ्चायतको योजना उल्लेखनीय छन्। यूनिसेफको सहायताद्वारा स्थानीय विकास विभाग अन्तर्गत खानेपानी योजना यासोकमा सञ्चालन गरिएको छ। हालसालै सम्पन्न भएको उक्त योजनाले यासोकमा खानेपानीको समस्यालाई धेरै हल गरेको छ र यसले छिमेकी गाउँ पञ्चायत रानी गाउँ, आङसराङ तथा स्याब्रुम्बाका केही गाउँहरूलाई समेत खानेपानीको सुविधा पुऱ्याएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

पाँचथर जिल्लाको सदरमुकाम फिदिम भएकोले अधिकांश जिल्लास्तरीय कार्यालयहरू यहीं नै छन्। राणा प्रशासनको समयमा पाँचथरका थुमहरू धनकुटा गौंडा अन्तर्गत प्रशासित थियो र अञ्चल तथा जिल्ला विभाजन हुनुभन्दा अघि पाँचथरको केही भाग इलाम गौंडाद्वारा पनि प्रशासन चलाइएको थियो। पहिले याङरूप र पाँचथर दुई थुममा विभाजित यो क्षेत्र धनकुटा, इलाम तथा ताप्लेजुङ्गद्वारा भिन्ना भिन्नै क्षेत्रमा प्रशासित थियो। पाँचथरको निवुखोलादेखि दक्षिण इलाम, नावा खोलादेखि पूर्व धनकुटा र निवुखोलादेखि उत्तर ताप्लेजुङ्ग मानिएको थियो।

अञ्चल तथा जिल्ला विभाजन पछि मात्रै छुट्टै जिल्लाको रूपमा देखा परेको पाँचथरको हालको प्रशासकीय सीमाना पूर्वमा भारतको दार्जीलिङ्ग जिल्ला र सिक्किम पश्चिममा तेह्रथुम र धनकुटा जिल्ला, दक्षिणमा इलाम र मोरङ तथा उत्तरमा ताप्लेजुङ्गको सीमानासम्म पर्दछ।

जिल्लाभित्र रहेका कार्यालयहरूमा प्रमुख जिल्ला अधिकारीको कार्यालय नै प्रमुख हो। जिल्लास्तरीय कार्यालयको सामान्य रेखदेख पुऱ्याउने कामको अलावा यसले जिल्लाभित्र शान्ति सुरक्षा तथा विकासका कार्यहरूमा आइपर्ने विभिन्न अवरोधहरू हटाउने कार्यहरू गर्दछ। यी मुख्य कामहरू बाहेक जिल्लाका मानिसहरूलाई पर्ने पीरमर्का तथा भ्रष्टाचार सम्बन्धमा कार्यवाहीहरू गर्ने काम पनि यसै कार्यालयले गर्दछ। जिल्लाभित्र रहेका विभिन्न जिल्लास्तरीय कार्यालय तथा स्वशासित संस्थाहरूको नामावली निम्न बमोजिम छन्:–

प्रमुख जिल्ला अधिकारीको कार्यालय, फिदिम
जिल्ला प्रहरी इन्स्पेक्टर कार्यालय, फिदिम
जिल्ला भूमिसुधार कार्यालय, फिदिम
जिल्ला शिक्षा कार्यालय, फिदिम
माल कार्यालय, फिदिम
स.स.अ. तथा स.स.अ. को कार्यालय, फिदिम
रेञ्ज कार्यालय
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय
आकाशवाणी कार्यालय, फिदिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वशासित संस्थाहरू

नेपाल बैंक लिमिटेड (उप-शाखा) फिदिम

सहकारी संस्था, फिदिम

माथिका जिल्लास्तरीय कार्यालयहरू बाहेक जिल्लाका विभिन्न गाउँ पञ्चायतहरूमा शाखा हुलाक र अतिरिक्त हुलाक तथा प्रहरी थाना तथा चौकीहरू छन्।

प्रहरी

प्रहरी तर्फ सदरमुकाममा एक इन्स्पेक्टर कार्यालय छ। उत्तरी सीमामा पर्ने च्याङथापु भन्ने ठाउँमा एक चेक पोष्ट राखिएको छ। जिल्लाभित्रका शान्ति सुरक्षाको निमित्त विभिन्न गाउँ पञ्चायतमा गरी एक थाना, सशस्त्र प्रहरी एक तथा चार चौकीहरू छन्।

न्याय

पाँचथरमा जिल्लास्तरीय अदालत एक छ। गत तीन सालमा यस अदालतमा जम्मा ८९० थान मुद्दा परेकोमा ६३० थान फछर्चोट गरिएको छ।

अन्यत्रका पहाडी जिल्ला सरह यहाँ पनि अधिकांश मुद्दा जग्गा तथा लेनदेन सम्बन्धी छन्। यस बाहेक गाली बेइजती, कुटपीट, करणी, आत्महत्या तथा गर्भपतन जस्ता मुद्दाहरू पनि यहाँ देखिन्छन्।

पञ्चायत

पाँचथर जिल्लामा ५३ गाउँ पञ्चायतहरू छन्। सबैजसो गाउँ पञ्चायतहरूले स्थानीय स्रोत र श्रमदान मिलाई ५० प्रतिशत र ५० प्रतिशत जिल्ला पञ्चायत अनुदान समेत लिई केही न केही योजनाहरू सञ्चालन गरेका हुन्छन्। यस्ता योजनाहरूको लागि जिल्ला सभाले पारित गरे मुताविक जिल्ला सभा कोषबाट अनुदान दिने गरिन्छ। जिल्ला पञ्चायतले जिल्लाका आयोजनाहरूको निमित्त केन्द्रबाट पाउने सहायता, घाट ठेक्का जस्ता ठेक्काहरूबाट प्राप्त हुने रकम लगायत जिल्ला पञ्चायतको आम्दानीहरू र केही गाउँ पञ्चायतबाट प्राप्त हुने रकमहरू सबै जिल्ला सभा कोषका स्रोतहरू हुन्। यहाँको जिल्ला सभामा ५३ जना सदस्यहरू छन्। पाँचथर जिल्लाबाट राष्ट्रिय पञ्चायतमा एकजना सदस्यले प्रतिनिधित्व गर्दछन्।

जिल्लामा वर्गीय संगठनहरूको प्रारम्भिक समिति गठन गरिएका छन् जसको संख्याहरू निम्न प्रकारका छन्:—

संगठन	सदस्य संख्या
नेपाल भूतपूर्व सैनिक संगठन	३०८
नेपाल महिला संगठन	२३७
नेपाल युवक संगठन	५५०
नेपाल किसान संगठन	५२८

जिल्लाका स्थानीय पञ्चायतहरूले स्थानीय कर तथा दस्तूरहरूबाट आम्दानी गर्छन्। जिल्लाका गाउँ पञ्चायतहरूको वार्षिक आम्दानी सरदर ३००।— हुन्छ। गाउँ पञ्चायतहरूको आम्दानीको मुख्य स्रोतहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाट बजार कर, धुरी कर र रेडियो र भरूवा बन्दुक नवीकरण दस्तूर हुन् । जिल्लाका गाउँ पञ्चायतहरूमा सबभन्दा बढी आम्दानी गर्ने यासोक गाउँ पञ्चायत हो ।

स्थानीय स्रोत र केन्द्रीय अनुदानको संयुक्त सञ्चालनमा गाउँहरूमा कुलो, पानी, विद्यालय र विभिन्न साना-तिना आयोजनाहरू सञ्चालन भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

पूर्वाञ्चल विकास क्षेत्रमा मेची अञ्चलको पहाडी जिल्लाको रूपमा रहेको पाँचथर जिल्लाको आर्थिक विकास मुख्यरूपमा कृषि विकासमा नै निर्भर छ। निरन्तररूपमा खाद्यान्नाभाव हुने यस जिल्लामा कृषि उत्पादन वृद्धि गर्न सकिने प्रशस्त क्षेत्रहरू पनि छन् र सिचाइ सुविधा तथा आधुनिक प्रविधि उपयोग गरिएमा खाद्यान्नभावको समस्या सुगम हुनुको साथै जिल्लाबासीहरूको जीवनस्तर उँचा पार्न समेत सगाउ पुग्ने देखिन्छ। जिल्लाको उत्तर-पश्चिम र दक्षिण-पश्चिमी भागमा धान खेतीको लागि उपयुक्त राम्रा खेतहरू भएकोले आङ्गबू, फिदिम तथा रानीटार जस्ता इलाकामा सिचाइ सुविधालाई प्राथमिकता दिन पर्ने देखिन्छ। यी इलाकाहरूमा वृहद् सिचाइको कार्यक्रम सञ्चालन सम्भव छैन। लघु सिचाइ आयोजनाहरू नै फाइदाजनक हुन सक्छन्। जिल्लाको प्रमुख निकासीको बस्तु आलु प्राङ्गवुङ तथा लुङ्गरूप जस्ता क्षेत्रहरूमा उत्पादन हुने भएकोले यी क्षेत्रहरूमा यसको उत्पादन वृद्धि गर्न वैज्ञानिक ढङ्गबाट खेती गर्न प्रोत्साहित गरिनु पर्ने देखिन्छ।

जिल्लामा चिया तथा फलफूल खेती विकासको राम्रो सम्भावना छ। बजारको दृष्टिकोणले पनि भारत तथा सिक्किमसँग सीमाना भएकोले यो जिल्ला फाइदाजनक स्थितिमा छ। सीमाना पारी दार्जीलिङ्गमा चिया वगान धेरै अघिदेखि भएको भए तापनि यहाँ हालसम्म पनि चियाको खेती व्यावसायिकरूपमा गर्न सकेको देखिँदैन। त्यस्तैगरी जिल्लाको लेकाली भागमा स्याउ, ओखर जस्ता टेम्परेट फलफूल र उचाइ कम भएका ३,००० फीटदेखि ५,००० फीटसम्मका भागहरूमा सुन्तला, जुनार तथा कागती जस्ता सिट्स फलफूलको विकासको सम्भाव्यता छ। यी खेतीहरूलाई व्यवसायिकरूपमा सञ्चालन गराउन सके जिल्लाको खाद्यान्नाभाव हटाउन मात्र मद्दत पुग्ने नभई जिल्लाबासीको जीवनस्तर उचा गर्ने क्रममा पनि ठूलो सगाउ पुग्न सक्नेछ। कृषि विकासको सन्दर्भमा यस भेग अलैंची खेतीको लागि उपयुक्त भएकोले हाल भैरहेको खेतीलाई व्यावसायिकरूपमा विस्तार गर्नुपर्दछ।

यातायातको दृष्टिले दुर्गम रहेको यो पहाडी जिल्लामा चक्रेटो निर्माणको विभिन्न योजना बनेको छ। तर हालको महत्वको हिसावले सिक्किम तथा भारतको सीमानासम्म चक्रेटो बाटो आइसकेकोले जिल्लाबाट चिया भन्ज्याङसम्म चक्रेटो बाटोलाई प्राथमिकता दिई दीर्घकालीन दृष्टिकोणको आधारमा हालको घोडेटो बाटोलाई प्राविधिकहरूको राय समेत लिई चौडा गर्दै गएमा यसले तुरून्तै आर्थिक लाभ पुऱ्याउने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इलाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गा७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय १४७
प्राकृतिक स्वरूप र सम्पदा १४९
ऐतिहासिक पृष्ठभूमि १५७
प्रमुख स्थानहरू १५९
जनसंख्या र जनजीवन १६४
आर्थिक व्यवस्था १७३
यातायात र सञ्चार १८४
शिक्षा, स्वास्थ्य तथा खानेपानी १८८
प्रशासन र पञ्चायत १९३
उपसंहार १९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

इलाम र चिया एक किसिमले पर्यायवाची भइसकेको छ किनभने आज इलामको नाउँले चियाको सुमधुर सम्झना हुन्छ र चियाको चर्चामा इलामको चर्चा नभई छाड्दैन। हुन पनि "इलाम", "माई भ्याली", "सोक्तिम चिया" जस्ता व्यापारिक सङ्केत भएका नेपाली चियाका पुरिया अधिराज्यको कुना काप्चामा पुगिसकेका छन् र जति व्यापक रूपमा यो फैलिंदैछ उत्तिकै लोकप्रिय पनि भएको पाइन्छ। अझ भनौं भने, यसको ख्याति नेपाल सीमानाभित्र मात्र सीमित छैन। नेपाली चिया आज समुद्रपारका देशहरूको बजारमा पुगिसकेको छ र यसको मांग पनि बढ्दै छ। यसरी जिल्लाको एक बलियो आर्थिक टेवा र विदेशी मुद्रा आर्जन गर्ने एक विश्वसनीय स्रोतको रूपमा रहेको नेपाली चिया उद्योगको स्थापना र विकासमा इलामको सबभन्दा ठूलो देन रहेको छ। अधिराज्यमा पहिलो पटक चियाको खेती यसै जिल्लामा भएको हो र सो खेती लगाइएको आज १०० वर्षभन्दा बढी भइसकेको छ। चियाको खेती छिमेकी झापा जिल्लासम्म फैलिंदै गए तापनि उच्च कोटीको निकासीयोग्य चिया उत्पादनको लागि अझसम्म पनि इलाम जिल्लाकै एकाधिकार भएको देखिन्छ।

इलाम भन्ने नाम लिम्बू भाषाबाट व्युत्पत्ति भएको अनुमान हुन्छ। यस भाषामा इलाम शब्दको अर्थ घुमाउरो बाटो हो। यस जिल्लाको भू-भागमा घुमाउरा बाटाहरू पहिलेदेखि नै धेरै भएकाले यसको इलाम भन्ने नामाकरण भएको हुन सक्दछ। ईमान सिंह चेमजोङको भनाइ अनुसार इलामको नाम करण ऐतिहासिक कारणबाट भएको हो। पर्सियाका मानिसहरूले आफ्नो देशलाई इलाम भन्दथे र त्यहाँका केही मानिसहरू लडाईंमा हारेर भाग्दा भाग्दा यस ठाउँमा आइपुगे र यहाँको जङ्गल फडानी गरी बस्ती बसाले। आफ्नो पुरानो देशको सम्झनामा उनीहरूले यसलाई "इलाम" र आफूलाई "इलाम्भू" भन्ने गरे। इलाम गाउँका आदि वासीहरू लाप्चा जातिका हुन् र लिम्बूहरूले उनीहरूलाई "इमेम्पा" भन्दछन्। इलाम लिम्बुवानभित्र नपरेकोले यसको सम्बन्ध लाप्चा जातिसित भएको देखिन आउँछ।

भौगोलिक परिवेशमा हेर्दा यो जिल्ला अग्ला होचा पहाडहरूले भरिएको छ। यो जिल्ला २६°४०' देखि २७°८' सम्म उत्तरी अक्षांशमा र ८७°४०' देखि ८८°१०' सम्म पूर्वी देशान्तरमा पर्दछ। यसको उत्तरमा महाभारत पहाडको पानी ढलोले पाँचथर जिल्लालाई छुट्याएको छ। पश्चिममा सोही पहाडी शृङ्खला उत्तरदेखि तराईसम्म आएको छ। दक्षिणमा तराईसित जोडिएका पहाडहरूले सीमाना छुट्याएका छन्। पूर्वमा सीमानाको केही भाग महाभारत पहाडको पानी ढलोले छुट्याएको छ र केही भागमा मेची नदी बगेकोछ।

यस जिल्लाको उत्तरमा पाँचथर जिल्ला, पश्चिममा धनकुटा र मोरङ जिल्लाहरू, दक्षिणमा झापा जिल्ला तथा पूर्वमा भारतको दार्जीलिङ्ग जिल्ला पर्दछन्। इलामको क्षेत्रफल १,५७१ वर्ग किलोमिटर छ र यसको झण्डै चारकुने आकार छ। यसको सदरमुकाम इलाम बजार हो र यो ठाउँ जिल्लाको लगभग बीचमा रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको जनसंख्या १,३६,५३८ छ। त्यसमध्ये पुरूष ७०,४२९ र महिला ६६,१०९ छन्। यहाँ बाहुन, क्षेत्रीको अतिरिक्त खासगरी लिम्बूहरूको बस्ती पाइन्छ। यहाँका आदिबासीहरू लेप्चा जाति हुन् तर उनीहरूको संख्या हाल थोरै मात्र छ।

यस जिल्लामा जम्मा ५० पञ्चायत छन्। त्यसमध्ये इलाम बजारको पञ्चायत नगर पञ्चायत हो।

यहाँका जनताको मुख्य आर्थिक आधार कृषि नै हो। चिया, अलैंची र आलुको निकासी ठूलो मात्रामा हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

ठूला साना पहाडहरूले सुसज्जित इलाम जिल्लालाई माई खोला र यसका हाँगा बिगाले सिंचित गरेका छन् । मध्य तापक्रम र प्रशस्त वर्षाले यस जिल्लाका वनस्पति सम्पदालाई हरियो भरियो बनाएर राखेको छ । यहाँका राम्रा राम्रा ताल र झरनाहरूले यस जिल्लाको सौन्दर्यलाई बढाएकाछन् । यहाँका कतिपय स्थानहरू धार्मिक, आर्थिक र सौन्दर्यताको दृष्टिबाट महत्वपूर्ण मानिएका छन् ।

भौगोलिक बनावट

इलाम जिल्लाको सबै क्षेत्र महाभारत शृङ्खलाको दक्षिणी भागमा पर्दछ । भौगोलिक बनावटको आधारमा यस जिल्लालाई निम्न दुई मुख्य भागमा विभाजन गर्न सकिन्छ :–

(१) पहाडी भाग
(२) बेंसी भाग

पहाडी भाग

जिल्लाको उत्तरी सीमानै सीमाना महाभारत पहाड पूर्व–पश्चिम फैलिएर गएको छ । पूर्वमा उत्तरबाट आएको सिङ्गलिला श्रेणीसित यो पर्वत सान्दाफूमा गएर मिलेको छ । यिनै महाभारत श्रेणीबाट विभिन्न श्रेणीहरू निस्केर दक्षिण फैलिएका छन् । जिल्लाको सबैभन्दा अग्लो चुचुरो सन्डाक्यू डाँडा ३,६७९ मिटर (१२,०७२ फीट) को उचाइमा छ ।

यो पहाडी श्रेणी ज्यादै छिया छिया परेको तथा खासगरी शेल, बलौटे ढुङ्गा चून, सिलेट आदि परिवर्तित चट्टानले भरिएको छ ।

जिल्लाको उत्तरी भागमा तीनवटा डाँडाहरू छन् जसको उत्तर–दक्षिण भएर तीन नदीहरू बगेका छन् । त्यसैगरी जिल्लाको दक्षिणी भागमा पनि तीन चारवटा डाँडाहरू छन् । उत्तरी खण्डका पहाडहरू ३,३५२ मिटर (११,००० फीट) सम्म अग्लिएर गएका छन् र दक्षिणी पहाडहरू करीब १,५२४ मिटर (५,००० फीट) अग्ला छन् । यिनीहरू होचिंदै गएर तराईमा मिल्दछन् ।

यस भागका पहाडहरूमा सन्तपुर ३,३५२ मिटर (११,०० फीट), छिन्ताप्र ३,३५२मिटर (११,००० फीट), देउराली ३,०१७ मिटर (९,९०० फीट), सिद्धि थुम्का २,१३३ मिटर (७,०००फीट) र अन्तु १,६४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिटर (५,४०० फीट) उल्लेखनीय छन् ।

यस जिल्लाको पूर्व सीमाना स्थित माने भञ्ज्याङ यहाँको सबैभन्दा महत्वपूर्ण भञ्ज्याङ हो ।

बेंसी भाग

जिल्लाको दक्षिणी भाग भएर बग्ने कन्काईमाई,देउमाई खोला,जोगमाई खोला, पुवा खोला आदिले काटी बनाएका बेंसीहरू जिल्लाका विभिन्न भागमा फैलिएका छन् । वर्षेनी नदीले बगाएर ल्याएको मलिलो माटो थुप्रिएको जमीन भएकोले यो भाग खेतीको लागि निकै उपयुक्त छ । होचो भागमा पर्ने हुँदा यस क्षेत्रमा निक्कै गर्मी हुन्छ । उचाइको हिसाबले यो बेंसी खण्ड ६१० मिटर (२,००० फीट) देखि १,२२० मिटर(४,००० फीट) को बीचमा पर्न आउँछ ।

नदीनालाहरू

यस जिल्लाको सबभन्दा ठूलो नदी कन्काई माई नदी हो । यो पूर्वी नेपालको एक प्रख्यात नदी पनि हो । यसै जिल्लाबाट निस्केको यस नदीमा जिल्लाको उत्तरी भागमा बग्ने सबै नदीनालाहरू मिसिन्छन् र दक्षिणी भागमा पुगेपछि यसको आकार ठूलो भएको पाइन्छ । जिल्लाको दक्षिण–पूर्वी भागबाट पनि केही साना खोलाहरू निस्कन्छन् । यहाँका मुख्य नदीनालाहरू यस प्रकार छन्ः–

कन्काई माई

यो छिन्तापू डाँडाबाट निस्केर सोझै दक्षिणतिर बगेको छ । यो नदी माईमझुवा, माबु, सुल्बुङ, सुम्बेक पञ्चायत क्षेत्र हुँदै राजदुवालीसम्म दक्षिणतिर बगेको छ । त्यहाँबाट पश्चिमतिर बग्दै इलामको पश्चिम सीमाना-सम्म पुगेको छ । त्यसपछि यो नदी दक्षिण-पूर्व दिशामा मोडिएको छ । यस ठाउँमा यो नदीको रूप ठूलो हुनुको साथै यसको फैलावट पनि निकै बढेको देखिन्छ । यसरी जिल्लाको दक्षिण–पश्चिम भागबाट यो नदी झापा जिल्लामा पसेको छ । यसको मूल हिमालय पर्वतमा नभए तापनि यसमा बाह्रै महीना धेरथोर पानी रहन्छ । यसमा मिसिने खोलाहरूमा देउमाई खोला, पुवा खोला, जोगमाई खोला र मईम खोला उल्लेखनीय छन् । यसमा तीनवटा झोलुङ्गे पुल र एउटा ठूलो मोटर चल्नसक्ने पुल पनि छ ।

देउमाई खोला

यो खोला जिल्लाको उत्तरी सीमाना स्वरूप रहेको महाभारत डाँडाबाट निस्केको छ । यसको मुहान चमैता र साजुङ पञ्चायत बीच पर्दछ । यो खोला शुरूमा दक्षिण-पश्चिम दिशामा बगेको छ । र धुसेनी पञ्चायत क्षेत्र पुगेपछि सोझै दक्षिणतिर लागेको छ । ईमाङ पञ्चायत क्षेत्र छिचोलेपछि यो खोला कन्काईमा मिसिन्छ । यसको पूर्वमा बग्ने फाकफोक खोला धुसेनी पञ्चायत क्षेत्रमा पुगेपछि यो देउमाई खोलामा मिलेको छ । यसमा एउटा झोलुङ्गे पुल छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोगमाई खोला

यो खोला जिल्लाको पूर्वी भागमा अवस्थित तुम्लिङ पञ्चायत अन्तर्गतको पहाडी प्रदेशबाट निस्केको छ । शुरूमा यो खोला सीधा दक्षिणतिर झरेको छ तर धाप पञ्चायत क्षेत्र आएपछि भने सोझै पश्चिमतिर लागेको छ । नाम्सालिङ र माघेसुन्तले पञ्चायतको बीचबाट बग्दै यो खोला राजदुवाली नजीक कन्काईमाईसित मिलेको छ । यसको अरू पूर्व दिशा बग्ने मईम खोला धाप पञ्चायतको क्षेत्रमा आईपुग्दा जोगमाई खोलामा मिसिएको छ । यसमा दुईवटा झोलुङ्गे पुल छन् ।

पुवा खोला

यो खोला पनि उत्तरी भागमा रहेको महाभारत पहाडबाट उत्पत्ति हुन्छ । यो खोला पुवा, मझुवा पञ्चायत क्षेत्र बाट सीधा दक्षिणतिर बगेको छ । यो साँखेजुङ र फुटुक पञ्चायत क्षेत्रबाट बग्दै इलाम बजार र चिसापानी बीचको बाटोमा कन्काईमाईमा विलीन भएको छ । यो खोला माईपोखरी र इलाम डाँडाको पश्चिममा समानान्तर रूपले बगेको छ । यस खोलामा तीन वटा झोलुङ्गे पुल छन् ।

फाकफोक खोला

यो खोला जिल्लाको उत्तर–पश्चिम भागबाट निस्केको छ । खाम्बाङ र एकतप्पा पञ्चायत क्षेत्र हुँदै यो खोला देउमाई खोलामा मिसिन गएको छ । यस खोलामा पनि दुई तीन स-साना खोलाहरू मिसिएका छन् । यसमा एउटा झोलुङ्गे पुल छ ।

मईम खोला

यो पूर्वी सीमानाको डाँडाबाट निस्केको छ । यो खोला माने भञ्ज्याङ र पशुपति नगर बीचबाट आएको छ र गोर्खे र धाप पञ्चायत क्षेत्र भएर गएको छ । यो खोला जोगमाई खोलासित मिसिएको छ ।

सिद्धि खोला

यो खोला जिल्लाको दक्षिण–पूर्व भागमा बगदछ । यो हिलेतिरबाट निस्केर दक्षिणतिर बगेको छ र अन्तमा मेची नदीमा मिल्न गएको छ । यो कन्याम र अन्तु डाँडाहरूको बीचबाट बगेको छ ।

मेची नदी

मेची नदीले इलामको दक्षिणीभाग र भारतको सीमाना छुट्याउने काम गरेको छ । महाभारत शृङ्ख-लाको लालीखर्कबाट निस्केको यस नदीमा हिउँदमा धेरै पानी रहन्न तर वर्षायाममा यस भेकमा प्रशस्त वर्षा हुने हुँदा यो नदीले भयावह रूप लिने गर्छ । नेपाल र भारतको पूर्वी सीमानाको रूपमा रहेकोले यो नदी प्रख्यात भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झरना

यस जिल्लामा दुईवटा उल्लेखनीय झरनाहरू छन ।

टोङ्केको झरना

यो करीब ८६ मिटर (२८५ फीट) उचाइबाट झरेको छ। यो माईमझुवा पञ्चायत अन्तर्गत पर्दछ। इलाम बजार माईपोखरी गई त्यहाँबाट करीब ४.८ किलोमिटर (डेढकोस) पूर्वतिर लाग्यो भने यस ठाउँमा पुग्न सकिन्छ। यो झरना मौसम सफा रहेको बेलामा ज्यादै रमाइलो देखिन्छ। हिउँद महीनामा पनि यहाँ छाँगो ठूलो हुन्छ। झरनाको पानी कतै पनि ठक्कर नखाई सीधा झरेको छ।

सोयाङको झरना

यो लगभग १९ मिटर (६० फीट) माथिबाट झरेको छ। यो सोयाङ र नाम्सालिङ पञ्चायतको बीचमा पर्दछ। यो ठाउँ इलाम बजारबाट पूर्वपट्टि पर्दछ।

पोखरी

माईपोखरी यस जिल्लाको सबभन्दा प्रख्यात पोखरी हो। यो इलाम बजारको उत्तरमा करीब १२.८ किलोमिटर टाढा अवस्थित छ। यहाँसम्म मोटर चल्ने बाटो पनि छ। यो पोखरीको गोलाइ एक माईल जति भएको अनुमान गरिएको छ। यसमा नौ वटा कुण्ड (अथवा कुना) छन्। यसको गहिराइ थाहा भएको छैन। यस पोखरीमा ठाउँ ठाउँमा बाक्लो झ्याउको जमोट बनेको छ जसमाथि टेकेर हिड्न सकिन्छ। यो पोखरी धार्मिक महत्वको हो र मानिसहरू यहाँ स्नान गर्न आउँछन्।

यसको अतिरिक्त जीतपुर पञ्चायतमा एउटा झ्याउ पोखरी, छिन्तापुमा साना-साना पोखरीहरू, जमुना पञ्चायतमा हाँगेथाम पोखरी र लक्ष्मीपुर पञ्चायतमा अर्को एउटा पोखरी रहेका छन्।

हावापानी

यो जिल्लाको सबै भाग महाभारत पर्वत शृङ्खला भित्र परेको छ र यहाँको बेंसी भाग खोला–नालाको किनारामा कम उचाइमा अवस्थित छ। यसैले यसको पहाडी भागमा समशीतोष्ण मनसुनी हावापानी र बेंसी भागमा उष्ण मनसुनी हावापानी भएको पाइन्छ। यहाँको भौगोलिक बनावटमा विविधता भए अनुसार यहाँको जलवृष्टि, तापमान र आर्द्रता आदिमा पनि विविधता देखिन्छ।

यस जिल्लामा तापमान केन्द्रहरू इलाम, कर्फोक र सोक्तिम तीन ठाउँमा राखिएका छन्। इलाम केन्द्रको तापक्रम कुनै पनि सालको पूरा विवरण प्राप्त हुन नसके पनि कर्फोक र सोक्तिमको सन् १९६८ सालको पूरा विवरण तल दिइएको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

	कर्फोक (१७२७ मिटर)		सोक्तिम (५०० मिटर)	
	अधिकतम औसत	न्यूनतम औसत	अधिकतम औसत	न्यूनतम औसत
जनवरी	—	—	२०.९	१५.४
फेब्रुअरी	१३.३	५.४	२३.८	१४.७
मार्च	२१.०	१०.७	२७.९	२०.४
अप्रिल	२४.७	१३.३	३१.७	२३.०
मे	२९.०	१४.५	३१.६	२३.५
जून	२३.०	१६.०	२९.४	२२.५
जुलाई	२३.४	१७.२	२९.४	२२.४
अगष्ट	२४.९	१७.७	२९.७	२२.५
सेप्टेम्बर	२३.५	१६.८	२९.१	२२.३
अक्टोबर	२१.८	१२.३	२७.६	१८.९
नोभेम्बर	१९.१	८.९	२५.२	१८.१
डिसेम्बर	१६.३	६.७	२९.७	१३.४
वार्षिक औसत	२१.८	१२.७	२७.३	१९.८

	उचाइ	अधिकतम तापक्रम	न्यूनतम तापक्रम	एक दिनमा अधिकतम तापक्रम र सो दिन	एक दिनमा न्यूनतम तापक्रम र सो दिन
कर्फोक	१७२७ मिटर	२१.८ डि. से	१२.७ डि. से	३५ डि. से. २५ मे.	२.० डि. से. ३ फेब्रुअरी
सोक्तिम	५०० मिटर	२७.३ डि. से.	१९.८ डि. से.	३६ डि. से. २२ अप्रिल र ७ मे.	७.२ डि. से. २९ डिसेम्बर

कर्फोकको सन् १९६८ सालको वार्षिक औसत सापेक्षिक आर्द्रता ८० प्रतिशत छ। माथि दिइएको तालिकाबाट ठाउँको उचाइले तापक्रम निर्धारित भएको देखिन्छ । सोक्तिमभन्दा उच्च स्थान कर्फोकमा औसत अधिकतम र औसत न्यूनतम तापक्रम दुवै कम देखिन्छ। यस जिल्लाका ३,३५२ मिटरसम्म उच्च लेकहरूमा न्यूनतम तापक्रम औसत रूपमा पनि १२.७ डि. से. भन्दा कम हुने र यहाँका बेंसीहरूको उचाइ ५०० मिटरभन्दा पनि कम भएकोले अधिकतम तापक्रम औसत रूपमा पनि २७.३ डि. से. भन्दा बढी हुने गर्दछ।

यसै आधारमा हेर्दा यस जिल्लामा डिसेम्बर, जनवरी र फेब्रुअरी महीनामा धेरै जाडो हुने र अप्रिल र मे महीनामा धेरै गरम हुने गर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित जलवायु अवलोकन केन्द्रहरूमध्ये इलाम र सोक्तिमका केन्द्रहरूको उपलब्ध वर्षा सम्बन्धी तथ्याङ्क तल दिइएको छः–

वर्ष	इलाम चिया बगान वार्षिक वर्षा (मिलिमिटर)	इलाम चिया बगान सबभन्दा धेरै वर्षा भएको दिन (मि.मि.)	सोक्तिम वार्षिक वर्षा (मि.मि.)	सोक्तिम सबभन्दा धेरै वर्षा भएको दिन (मि.मि.)
१९६६	१,६५४.८	१३१.२ (१ जु.)	–	–
१९६७	१,४९२.६	१९७.४(१० जु.)	२,११४.४	१९२ (१० जु.)
१९६८	२,४४७.३	१९०.४(२४जु.)	२,३६८.८	२७४ (१३ जु.)
१९६९	१ ३२९.७	७०.२(६ से.)	–	–

यसबाट चार वर्षमा इलामको वार्षिक औसत वर्षा १,७३१.१ मिलिमिटर भएको देखिन्छ र सोक्तिम-को दुई वर्षको वर्षाको तथ्याङ्क अनुसार त्यहाँको वार्षिक औसत वर्षा २,२४१.६ मिलिमिटर भएको पाइन्छ।

सालभरमा यहाँ हुने वर्षा कसरी वितरण भएको छ भन्ने कुराको दिग्दर्शन गराउन ई.स. १९६९ को वर्षाको पूरा विवरण मिलिमिटरमा यस प्रकार दिइएको छः–

वर्षाको तालिका (मिलिमिटरमा)

जनवरी	०.६	जुलाई	३०९.९
फेब्रुअरी	०.०	अगष्ट	१९३.८
मार्च	३३.८	सेप्टेम्बर	२१७.०
अप्रिल	११३.०	अक्टोबर	४५.०
मे	२३१.०	नोभेम्बर	०.०
जून	१८५.६	डिसेम्बर	०.०

वार्षिक वर्षा– १३२९.७

इलाम चिया बगानको उचाइ १,३०० मिटर र सोक्तिमको उचाइ ५०० मिटर छ। यी दुई स्थान-हरूको तुलना गर्दा इलाम चिया बगानभन्दा सोक्तिममा धेरै वर्षा हुने गरेको देखिन्छ।

प्राकृतिक वनस्पति

यस जिल्लाको धेरै भाग प्रायः कुहिरोले ढाकी राख्ने हुनाले यहाँ ओसिलो जङ्गल पाइन्छ। कतै सालको घना जङ्गल र कतै मिश्रित जङ्गल भएको पाइन्छ। समुद्रको सतहबाट एक दुई सय फीटदेखि लिएर ११,००० फीटसम्मको उचाइमा रहेको यस जिल्लाको भू-भागमा विभिन्न किसिमको प्राकृतिक वन्य–सम्पदा भएको पाइन्छ। अधिकांश भाग पहाडले ओगटेको जिल्ला भए तापनि विभिन्न खोला नालाले बनाएका उष्ण उपत्यका र बेंसीहरूमा झण्डै तराईतिर पाइने वन–वनस्पति ठाउँ ठाउँमा पाइन्छ। उष्ण हावापानी भएका ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वते सालका वृक्षहरू तथा नदीको छेउ–छाउमा सिसौ एवं खयर पनि पाइन्छ । त्यसको अतिरिक्त सिरिस, सिमल, पिठारी कुम्भी, टुनी पनि ठाउँ–ठाउँमा फाटफुट पाइन्छ । साथै यहाँ विशेषरूपमा बेत, बाँस, रूख उन्यू, थाकल जस्ता नेपालको अन्य पश्चिमी भागमा नपाइने विरूवा यस जिल्लामा प्राप्त छ । यस प्रकार यो जिल्लाको उष्ण भागमा आसाम र दुवार्सतिर पाइने केही वनस्पति प्राप्त छ । १,८३०मिटर(६,००० फीट)–भन्दा मुनि पर्ने पहाडी भागमा चिलाउने र धाल्ने कटुसको वन यत्रतत्र पाइन्छ तर त्यो भन्दा उच्च क्षेत्र २,४५५ मिटर(८,५०० फीट)सम्मको क्षेत्रमा विभिन्न प्रकारका बाँझ, कटुस, मुसुरे कटुस आदि र ओक जातका विरूवा सहित भएको लालीगुराँस, काफल, उत्तिस आदिका वनहरू पाइन्छन् ।२,७४५ मिटर(९,०००फीट)को लगभग र त्यसभन्दा माथि विभिन्न थरीका गुराँस, चाँप तथा गोब्रे सल्लाको वन यत्रतत्र पाइन्छ । यस्ता वनहरूमा रूख विरूवाका हाँगाहरू प्रायः झ्याउले ढाकेको र तिनमा सुनगाभा, चाँदीगाभा र अन्य अर्किड जातका विरूवा प्रशस्त पाइन्छन् ।

यस जिल्लामा आर्थिक दृष्टिले उपयोगी वन्य पदार्थमा मुख्यतः साल, चिलाउने, कटुस, गोब्रे सल्लो चाँप आदिको जङ्गल पाइन्छ । यसको साथै खराने, पिपली, अस्ना, महुवा, सिरिस, सिमल, टुनी, दार, वोट, वंगेरो, कपास र फाईकस जातका वृक्षहरू पनि पाइन्छन् । यहाँ पाइने अन्य बनस्पतिमा बाँस, सवाईघाँस,अम्सीला, मह, नागबेली, चिराइतो, मजिटो आदि उल्लेख गर्न सकिन्छ ।

जिल्लावासीहरूले यहाँको वन सम्पदाबाट ईन्धनको प्रयोग गर्दछन् र घर गोठ निर्माण गर्ने गर्दछन् । यसको लागि काठ, बाँस, खर आदिको व्यापक प्रयोग हुन्छ । यस जिल्लाबाट केही जरीबूटीहरू निकासी पनि हुन्छन् । यी सबै प्रयोगबाट श्री ५ को सरकारलाई केही राजस्व आम्दानी पनि हुन्छ ।

यस जिल्लाको वन क्षेत्र चारैतिर फैलिएको छ । तर यसको दक्षिणको चुला-चुली क्षेत्रमा रहेका वन जङ्गल सबभन्दा महत्वपूर्ण मानिन्छन् । सो जङ्गल झापा र मोरङ जिल्लाको वनसित जोडिएको पनि छ । यहाँ खासगरी मिश्रित जङ्गल पाइन्छ । यस भागमा बाँस प्रशस्त मात्रामा पाइन्छ ।

यसको उत्तरतिर महाभारत लेकको जङ्गल छ । सो जङ्गल पाँचथर जिल्लाको जङ्गलसित जोडिएको छ । पूर्व इलाकामा रहेको वन जङ्गल भारत सीमानासित जोडिएको छ । जिल्लाको बीच भागमा सालको घना जङ्गल देखिन्छ । तर अरू जिल्लामा जस्तो सल्लो पाइने उचाइमा यो जिल्लामा सल्लो पाइन्न । धेरै जसो ऋतुहरूमा यस जिल्लाको डाँडाकाँडा र सम्म जमीन पनि कुहिरोले ढाकि राख्ने भएकोले ओसिलो ठाउँमा पाइने कटुस, चिलाउने, महुवा, खराने, पिपली, आदिको वन पाइन्छ । यस्तो किसिमको ओसिलो ठाउँ अलैंची खेतीको लागि उपयुक्त हुने हुनाले यस्तो भेकमा अलैंची खेतीको विस्तार भइरहेको पाइन्छ । कहीं कहीं चार-पाँच हजार फीटको उचाइमा चाँपका वनहरूछन् ।

यहाँ वन सीमानामा बार लगाउने काम भएको छैन । यस जिल्लाका वन जङ्गलहरू कुनै वन योजना अनुसार ब्लक ब्लकमा छुट्टिएको नभै वनको किसिम अनुसार प्राकृतिक ब्लकमा छुट्टिएका छन् । यसै अनुसार विभिन्न रेन्ज कायम गरी रेन्जको क्षेत्रिय सीमाना निर्धारित गरिएको छ ।

पशुपक्षी

यस जिल्लाको दक्षिणी होचो भागको साल र चिलाउने जङ्गलमा प्रायः चित्तल, रातो जरायो, बनेल, बाघ, चितुवा, भालू, मिथुनगाई, जङ्गली कुकुर, अजीङ्गर, मलसाँप्रो जस्ता जीवजन्तु पाइन्छन् । यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मयूर, कालिज, वन कुखुरा, तित्रा आदि पक्षीहरू पनि छन् । उत्तर दिशाको महाभारत शृङ्खलामा खासगरी रातो मृग, खरायो, भालू निंगाले ध्वाँसे चितुवा, बुम्सी, मलसाँप्रो, फ्याउरो जस्तो जीवजन्तु र कालिज, तित्रा, मुनाल, भ्याकुरा, वन कुखुरा आदिपक्षीहरू पनि पाइन्छन् ।

वन संरक्षण

यस जिल्लामा वन अतिक्रमणको ठूलो समस्या देखिएको छैन । यहाँको वन सीमाना सर्वेक्षण नभए पनि वन संरक्षण गर्ने दिशातिर केही काम भएको देखिन्छ । अहिलेसम्म यहाँको ८५ माईल जति वन सीमाना लागि सकेको छ । यसको साथै, पञ्चवर्षीय योजनामा वन सीमाना, वनपथ तथा गुणात्मकस्तर बढाउने कार्यक्रम समावेश गरिएको छ ।

खनिज पदार्थ

यस जिल्लामा तामा, अभ्रख, चून, फलाम आदि खनिज पदार्थ पाइएका छन् । कन्याम पञ्चायत अन्तर्गत सिद्धि खोलामा तामा खानी, धुसेनी पञ्चायत अन्तर्गत बारूङमा चून खानी, फिक्कल र कन्यामको सीमाना पर्ने विरिङ खोलामा अभ्रक खानी, वाङरूङ पञ्चायत अन्तर्गत लामीडाँडामा र खाम्वाङ पञ्चायतमा फलाम खानी देखिएका छन् ।

ती खानीहरूमध्ये वारूङको चून खानी र सिद्धि खोलाको तामा खानी प्रयोगमा ल्याइएका थिए । केही वर्ष अगाडि वारूङको खानी स्थल में भट्टी लगाई जिल्लाका अड्डा अदालतहरूमा चून लगाउने काम गरिएको पनि थियो । त्यसैगरी तामा खानीबाट तामा झिकी गाउँलेहरूले निजी प्रयोगमा ल्याएका थिए । केही खानीको सर्वेक्षण श्री ५को सरकारको खानी विभागबाट भएकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

इलाम किराती प्रदेशभित्र परे तापनि लिम्बुवानको भाग थिएन। अरुण कोशीदेखि पूर्वपट्टि सिङ्गलिला पहाडसम्म दश लिम्बुवान बस्ती थियो। यो बस्तीदेखि दक्षिण-पूर्वपट्टि माईखोलाहरूका उपत्यकामा इलामका लिम्बूहरूको बस्ती थियो तर यिनीहरू दश लिम्बूहरूको अधीनमा थिएनन्।

अठारौं शताब्दीमा इलाम क्षेत्र विजयपुर राज्य अन्तर्गत थियो। विजयपुरमा सेन राजाहरूले यस क्षेत्रका राईहरूलाई दीवान बनाउने गर्दथे। तर कालान्तरमा राजा र दीवानहरू बीचमा तनाव र झगडा हुन थाल्यो। अन्तिम दीवान बुद्धिकर्ण राईसँग कडा विरोध गरेर राजा कामदत्त सेनले बुद्धिकर्ण राईका भाइ बुधकर्ण राईलाई कटाई उनलाई भाग्न बाध्य गराए। यो घटना ई. सं. १७६८ को हो। यस किसिमको राजा र दीवानको बीचमा चलेको कलहको मौका छोपेर सिक्किमका राजा नाग्याल फुन–चोले विजयपुरको ठकुराईको इलाम प्रदेश खोसेर आफ्नो ठकुराईमा मिलाए।[१]

इलाम दखल गरेपछि सिक्किमका राजाले पल्लो किरातपट्टि पनि आक्रमण चालू राखेर लिम्बूहरूलाई हैरान गराएका थिए। यसकारण, सिक्किमको आक्रमणबाट बच्नलाई विजयपुरमा गोर्खालीको अधिकार हुने बित्तिकै दश लिम्बुवानका लिम्बूहरूले सर्दार रामकृष्ण कुँवरलाई निम्त्याएर अरुणपारका चैनपुर नामक मुख्य बस्तीमा बोलाए। विजयपुरमा रहेका गोर्खाली सैनिकले पनि अभिमान सिंह बस्न्यातको नेतृत्वमा पल्लो किरातमा पुगी उत्तरपट्टि तिब्बतको सीमानासम्म र पूर्व तमोर नदीसम्म अधिकार गरे। सिक्किमका राजाले सताइएका लिम्बूहरू गोर्खालीको आश्रयमा आए। पल्लो किरात र सिक्किमको सीमाना बनेको सिङ्गलिला पहाडको पानी ढलोदेखि पश्चिमपट्टिका इसलिम्वा र च्याँगथाकुसम्मका लिम्बूहरूले पनि नेपाल सरकारको आश्रयमा रहन मञ्जूर गरे।[२]

यसप्रकार सम्पूर्ण लिम्बुवानमा गोर्खालीको अधिकार भएपछि सिक्किमका राजाको मनमा पनि चिसो पस्यो। लिम्बुवान पछि सिक्किमको पालो आएको देखेर गोर्खालीसँग सुलहको कुरा चलाउनको निमित्त त्यहाँका राजाले आफ्ना दीवानका छोरालाई पठाए र उनले अभिमान सिंह बस्न्यातसँग सुलहको कुरा गर्दा अभिमान सिंह बस्न्यातले यो कुरा मञ्जूर गरी सिक्किमका राजाले विजयपुरका राजाबाट लिएको इलाम र टिष्टासम्मको तलहट्टी फिर्ता गरेमा सिक्किमलाई सुरक्षित राखिने छ भन्ने पृथ्वी नारायण शाहको सन्देशकासाथ सुब्बा गङ्गानन्द आचार्य र विश्वामित्र उपाध्यायलाई आफ्ना प्रतिनिधि गराई सिक्किम पठाए। सिक्किमका

---

१. बाबुराम आचार्य–श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, पृष्ठ ६१२
२. " " "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले गोर्खालीको शर्त मञ्जूर गरी सन्धि-पत्रमा छाप लगाई दिए। सो सन्धि ई. सं. १७७४ मा भएको थियो। त्यस बेलादेखि यो क्षेत्र नेपाल अधिराज्यमा समाविष्ट भयो।

विजयपुर दखल हुँदा इलामको दक्षिणपट्टिको कन्काई नदीसम्म दखल भएको थियो। तिब्बतका पञ्चन लामा पालदेन सिक्किमका नजीकमा रहेका हुनाले सिक्किमका ठकुराईलाई मासिदिन चाहँदैनथे र काठमाडौंको ठकुराईमा गोर्खालीको अधिकार हुँदा पनि यिनले रोष प्रकट गरेका थिए। हुन त यिनको तिब्बतको राजनीतिमा कुनै अधिकार थिएन र यिनले ल्हासाका दलाई लामाको प्रशासनमा रहनु पर्दथ्यो। दलाई लामा पनि चीनका बादशाहका सामन्तका रूपमा रहेका थिए र ल्हासामा चिनियाँ अम्मान रहने गरेका थिए। तैंपनि सिक्किमलाई ज्यादा निचोरेमा पञ्चन लामाले दलाई लामाद्वारा गोर्खालीसँग चीनको विरोध गराइदिने सम्भावना थियो। हुन त पृथ्वीनारायण शाह अंग्रेजसँग पनि मेल राख्न चाहन्थे र यस समयमा अंग्रेजहरूसँग गोर्खालीको सम्बन्ध बिग्रेको थिएन तापनि मौका भेटेमा तुरून्त शत्रु बन्न पनि गाह्रो नमान्ने अंग्रेजहरूको गतिविधिलाई उनले तोडेका थिए। यस अवस्थामा पृथ्वीनारायण शाहले कुनै अवस्थामा पनि चीनसँग विरोध नगर्ने नीति अपनाएका थिए। यसकारण सिक्किमसँग विरोध पर्ने देखिएमा कन्काईदेखि टिष्टासम्मको विस्तृत तलहट्टितिर नलाग्नु भनेर पृथ्वीनारायण शाहले अभिमान सिंह बस्न्यातलाई आज्ञापत्र पठाएका थिए (५ अक्टोबर १७७४) तर यो पत्र लेखिनुभन्दा पहिले नै सिक्किमका राजासँग सन्धिपत्र भईसकेको (२५ सेप्टेम्बर १७७४) थियो र अभिमान सिंह बस्न्यातले अंग्रेजका अधिकार क्षेत्रदेखि बाहिर परेको टिष्टासम्मको विस्तृत भू-भागमा अधिकार गरेर भूटानसँग नेपालको सीमाना जोडिसकेका थिए।

यसै बीच १० जनवरी १७७५ ई. को राती पृथ्वीनारायण शाहको मृत्यु भयो। पछि गोर्खालीहरूले १८१४ ई. सम्म पनि सिक्किमसित बराबर युद्ध गरिनै रहन पर्‍यो।[१] अन्तमा, "नेपाल युद्ध" मा अंग्रेजहरूसित नेपालीहरू पराजित भएकोले यस लामो युद्धको पनि टुङ्गो लाग्यो र वर्तमान पूर्वी सीमाना कायम भयो।

ई. १८१६ मा सुगौली सन्धि भएपछि दुई वर्षसम्म नेपालका अड्डाहरू करफोक (इलाम) मा राखिएका थिए र त्यसपछि इलाम बजारमा सारिए। त्यसबेलादेखि इलाम त्यस क्षेत्रको प्रशासनिक केन्द्र भएको छ।

---

१. बालचन्द्र शर्मा—नेपालको ऐतिहासिक रूपरेखा—पृष्ठ २३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

इलामबजार

यो इलामबजार, जिल्ला तथा अञ्चलको सदरमुकाम हो । यहाँ जिल्ला तथा अञ्चलस्तरीय विभिन्न कार्यालयहरू छन् ।

यो बजार करीब १,३७२ मिटर (४,५०० फीट) अग्लो डाँडामा अवस्थित छ । यहाँ एउटा नगर पञ्चायत छ जसमा इलाम बजार र केही नजीकका गाउँहरू समावेश गरिएका छन् । यस क्षेत्रमा केही मुख्य बाटोहरू जस्तै टुंडिखेल पथ, नारानथान पथ, माला पथ, सिंहवाहिनी पथ, कोप्चे पथ आदि पर्दछन् । यहाँको बजारका विभिन्न भाग तिल्कैनी, गोलाखर्क गढीगाउँ, पीपल बोटे, सिङ्फ्रिङ्ग महभीर, बालन गाउँ र बर भैंया आदि टोलको नाउँले जानिन्छन् । यहाँ करीब १०० वटा पसलहरू छन् । यहाँको बजारमा घडी, जुत्ता, लुगा आदि मर्मत गर्ने सुविधा पनि प्राप्त छ ।

यहाँ विभिन्न देवदेवीहरूका मन्दिर छन् । तिनमा माईमन्दिर सबभन्दा प्रख्यात छ । माई भगवतीको नाममा सयौं परेवाहरू छाडिएका छन् र बजारको चोकमा बिहान बेलुकी चारा खान भेला हुन्छन् । बजारको दर्शनीय वस्तुहरूमध्ये यी परेवाहरू पनि एक हुन् ।

यस ठाउँमा हरेक विहीबार र आइतबार हाट बजार लाग्दछ र वरपरका गाउँबाट मानिसहरू ठूलो संख्यामा भेला हुन्छन् । यहाँ एउटा १५ शय्याको अस्पताल छ र बजारमा आयुर्वेद र एलोपेथिक औषधि किन्न पाइन्छ । यहाँ डिप्लोमा स्तरको एउटा र सर्टिफिकेट स्तरको एउटा गरी दुई क्याम्पसहरू छन् । यसको अतिरिक्त एक माध्यमिक विद्यालय, एक निम्न माध्यमिक विद्यालय र १० प्राथमिक विद्यालयहरू छन् ।

यहाँ खानेपानीको व्यवस्था छ । सो व्यवस्था वि. सं. १९९५ सालमा भाँडी खोलाबाट नालाद्वारा पानी ल्याएर गरिएको हो । तर सो पानी अब अपर्याप्त भएकोले यस बजारमा खानेपानीको अभाव भइसकेको छ ।

२०२८ सालको जनगणना अनुसार यहाँको जनसंख्या ७,२९९ छ । त्यसमध्ये पुरुष ३,७५३ र महिला ३,५४६ छन् । धार्मिक विभाजनको दृष्टिबाट यहाँ हिन्दू ७,२६७, बौद्धमार्गी २९ र मुसलमान ३ जना छन् ।

यस नगरमा छ वर्षभन्दा माथिका मानिसहरूमध्ये पुरुषहरूमा ५८.४ प्रतिशत र महिलाहरूमा २४.६ प्रतिशत साक्षर देखिन्छन् । छ वर्षभन्दा माथिका ६,१२१ जना मानिसहरूमध्ये प्राथमिक विद्यालयमा ७०६, निम्न माध्यमिक विद्यालयमा २९१, माध्यमिक विद्यालयमा १६०, प्रमाणपत्रस्तरमा ५५, स्नातकस्तरमा १२ र स्नातकोस्तरमा दुई जना पढ्दै गरेको देखिन्छ ।

इलाममा दक्षिण र पूर्वतर्फबाट मोटरद्वारा पुग्न सकिन्छ । झापाको शनिश्चरेबाट जाँदा इलामलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

करीब ४८ कि. मि. (१५ कोस) पर्दछ र उही जिल्लाको बुधबारेबाट जाँदा करीब ५५ कि.मि. (१७ कोस) को दूरी पर्दछ। पूर्वतर्फको पशुपतिनगरबाट इलाम जान करीब ३८ कि. मि. (१२ कोस) जति पर्दछ। यो बाटो सुगम र चालू पनि छ। भारतीय सीमानाको अर्को ठाउँ माने भञ्ज्याङ्गबाट पनि इलाम मोटरद्वारा जान सकिन्छ। यसको दूरी करीब ४८ कि. मि. (१५ कोस) जति पर्दछ। तर यो बाटो राम्रो अवस्थामा छैन। इलामबाट उत्तरतिर माईपोखरीसम्म जसोतसो मोटरबाट जान सकिन्छ। तर त्यहाँबाट पश्चिमतिर पर्ने मङ्गलबारेमा भने मोटरको बाटो एकपटक बनेको भए तापनि आजकल चालू अवस्थामा छैन। इलामबाट रवी भई धनकुटा जान करीब ९६ कि.मि. (३० कोस) र पाँचथरको सदरमुकाम फिदिम पुग्न करीब ५१ कि. मि. (१६ कोसको) दूरी पर्दछ।

माईपोखरी

यो इलामबाट करीब १३ कि.मि. (चार कोस) टाढा उत्तर पर्दछ। इलाम बजारबाट त्यहाँ पुग्न करीब चार घण्टा लाग्दछ। माईपोखरीसम्म जसोतसो पुग्ने मोटरको बाटो पनि छ। यस बाटोमा चुरेघाँटी, बखौटे, धारापानी, जसवीरे भञ्ज्याङ आदि गाउँहरू पर्दछन्। चुरे घाँटीबाट उकालो लागेपछि राम्रा राम्रा नागीहरू भेटिन्छन्।

माईपोखरी करीब २,४३८ मिटर (८,००० फीट) को उचाइमा अवस्थित छ। यस पोखरीको गोलाइ एक माइल जति छ र यसको वरिपरि मोटर चल्न सक्दछ। यसका नौ वटा कुण्ड छन् यसलाई नौकुना भनिन्छ र एउटै कुण्डमा एकैचोटी ५०।६० जना नुहाउन सक्दछन्। यहाँ रङ्गीन माछाहरू प्रशस्त छन्। पोखरी-को गहिराइ पत्ता लागेको छैन तर यहाँ डुङ्गा चल्न सक्छ। यस पोखरीमा बाक्लो झ्याउको जमोट बनेको छ जसमाथि टेकेर हिंड्न पनि सकिन्छ।

माईपोखरीमा प्रत्येक साल हरिशयनी एकादशीको अघिल्लो रात एकराते मेला लाग्दछ। यहाँ बलि दिइन्न। यहाँ वनभोज खाने चलन छ। एउटा साधु बस्ने कुटी र मन्दिर बनाइएको छ।

यो पोखरी इलामबाट सर्दै गएको भन्ने कुरा सुनिन्छ। तर यो किन र कसरी सऱ्यो भन्ने कुरामा भने कसैले प्रकाश पार्न सकेको छैन।

अन्तु

यो इलामबाट पूर्व करीब ३५ कि. मि. (११ कोस) टाढा पर्दछ। यहाँ जानलाई गोदक, आइतबारे, फिक्कल हुँदै सिद्धिखोला तरेर जानुपर्दछ।

अन्तु डाँडा प्राकृतिक सौन्दर्य अवलोकन गर्ने प्रख्यात ठाउँ हो। यो करीब १,५२४ मिटर (५,००० फीट) को उचाइमा पर्दछ र यहाँबाट हिमाली सौन्दर्य र तराईको भू-भागलाई राम्ररी देख्न सकिन्छ। यहाँबाट देखिने गौरीशङ्कर हिमालयमा सूर्योदय भएको दृश्य अद्वितीय छ। यसको साथै प्रातःकालमा यहाँबाट आकाशमा बन्ने रङ्गी बिरङ्गी चित्रहरूको अवलोकन गर्न पनि सकिन्छ। यसलाई सम्भाव्य पर्यटन स्थल मान्न सकिन्छ। यस ठाउँमा जाने सबभन्दा उपयुक्त समय कात्तिक र मंसीर महीना हो।

अन्तु डाँडाको टाकुराको सय गज मुनि एउटा लामो प्राकृतिक गुफा छ। त्यसमा भगवान् बुद्धको मूर्ति पनि देखिन्छ। भारतीय सीमानादेखि यो ठाउँ केवल छ माइल टाढा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आइतबारे

यो इलामबजारबाट माईपार पूर्व-दक्षिण दिशामा पर्दछ। यहाँ जानलाई गोदक भएर जानुपर्दछ र करीब २१ कि. मि. (सात कोस) को दूरीमा पर्दछ, यहाँबाट एकै दिनमा पुगिन्छ। आइतबारेबाट पशुपतिनगरसम्म जाने मोटरको बाटो पनि छ।

यहाँ स्थायी बजार छ र प्रत्येक आइतबार ठूलो हाट पनि लाग्दछ। हिउँदमाभन्दा वर्षा याममा यहाँ ठूलो बजार लाग्दछ।

आइतबारेको नजीकै करफोक डाँडा छ जहाँ एउटा बहुउद्देश्यीय विद्यालय चलिरहेछ। यो विद्यालय मेची अञ्चलको प्रथम बहुउद्देश्यीय विद्यालय हो। यस विद्यालयमा छात्रावासको पनि प्रबन्ध छ र टाढा–टाढा-देखि यस ठाउँमा पढ्न विद्यार्थीहरू आउँछन्।

आइतबारेको नजीकै पूर्णे डाँडा भन्ने अर्को डाँडा छ। यहाँ पहिले इलाम जिल्लाको सदरमकाम राखिएको थियो। भग्नावशेष रूपमा केही ईंटका टुक्राहरू फेला परेकाछन्। विजया दशमीमा सरकारतर्फबाट पहिलो बलि पञ्च कन्यालाई चढाइन्छ र आजसम्म पनि सो चलन चलेकै छ। यसै डाँडामा वैशाखे र मंसीरे पूर्णिमामा एकदिनको भए तापनि राम्रो तवरबाट "झ्याम्टे" नामक मेला लाग्दछ।

पशुपतिनगर

यो नेपालको पूर्वी सीमानानिर पर्दछ। इलामबाट करीब ३८ कि. मि. (१२ कोस) टाढा पर्दछ। यहाँ मोटर चल्ने बाटो पनि छ। यस बजारमा दोहोरो पसल रहेका घरहरू बनाइएका छन् र सोमबारको दिन ठूलो बजार लाग्दछ। यस बजारमा विशेष गरी खाद्यान्न, चियापत्ती, आलु र अलैंचीको व्यापार हुन्छ। भारतीय सीमाना नजीकै परेकोले चिया कमानका कर्मचारी र कुल्लीहरू मेला भर्न आउँछन्। यो बजार लाग्ने ठाउँ लेकमा पर्दछ र यहाँ जाडो हुन्छ। पशुपतिनगरमा इलामको मूल भन्सार अड्डा र एक्सचेञ्ज पोष्ट अफिस छ। प्रहरी चौकी, सटही काउण्टर, स्वास्थ्य केन्द्र, वन कार्यालय आदि कार्यालयहरू पनि छन्।

मानेभञ्ज्याङ

यो नेपाल र भारतको सीमानामा पर्दछ। इलामबाट यो ठाउँ करीब ४८ कि. मि. (१५ कोस) र गोर्खेबाट करीब १० कि. मि. (तीन कोस) टाढा पर्दछ। भारतको दार्जीलिङ्गबाट यहाँसम्म राम्रो बाटो छ र सँधै सवारी चलिरहन्छन्। यो ठाउँ गोर्खेदेखि पूर्व र बढी उचाइमा परेकाले सँधै हुस्सू लागि रहन्छ र ज्यादै जाडो हुन्छ। यहाँबाट तुम्लिङ्ग जौवारीसम्म मोटर चल्न सक्ने बाटो छ। यहाँ प्रहरी, भंसार अड्डा र सटही काउण्टर कार्यालय छन्।

गोर्खेबजार

यो इलामबाट पूर्वमा करीब २२ कि. मि. (सात कोस) को दूरीमा अवस्थित छ। यो ठाउँ जान नाम्सा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिङ भएर जानुपर्दछ। यो इलाममा आउने जाने मुख्य बाटोमा पर्दछ। गोर्खे बजार मयुम खोलानिर बसेको छ। यो पुरानो बजार हो र यहाँ एक पटक आगलागीले ठूलो क्षति पनि भएको थियो। यहाँ दोहोरो लाइन मिलेर बनेका घरहरू छन्। खासगरी यहाँ मारवाडी र नेवारहरूको बसोबास छ। यो बजारमा खानेपानीको व्यवस्था गरिएको छ र सडकमा ढुङ्गा बिछ्याइएको छ। यहाँ बुधबारको दिन ठूलो हाट लाग्दछ। इलामबाट गोर्खे र मानेभञ्ज्याङ्ग सीमानाको मूल बाटो भएकोले यहाँ हमेशा भारी लादिएका घोडा चलिरहन्छन्। यहाँ एउटा सहकारी हुलाक र एउटा मन्दिर पनि छ।

फिक्कल

यो इलाम बजारबाट २५ कि. मि. (आठ कोस) पूर्वमा पर्दछ। इलामबाट गोदक र आइतबारे भएर यस ठाउँमा जानुपर्दछ। यहाँबाट पश्चिममा इलाम जाने, पूर्वमा पशुपतिनगर जाने, दक्षिणमा बुधबारे जाने मोटरको बाटो छ। यहाँबाट नयाँबजार र गोर्खे जाने राम्रा घोडेटाहरू छन्।

यो बजार पुरानै हो। भनिन्छ इलाम जिल्लाको दोस्रो शहर फिक्कल नै हो। यस बजारमा कपडा र दैनिक उपभोगका सामान प्रशस्त पाइन्छन्। बजारमा राम्रा घरहरू लाइन मिलाएर बनेका छन्। खानेपानी-को व्यवस्था पनि राम्रो छ। यहाँ प्रत्येक बिहीबार हाट लाग्दछ। यहाँ एउटा पुस्तकालय र आयुर्वेदिक औषधालय पनि छ।

नयाँ बजार

यो इलामबाट १९ कि. मि. (६ कोस) टाढा पर्दछ र नामसालिङ भएर जानु पर्दछ। सोयाङबाट जाँदा माईखोलामा पुल नभएकोले कठिनाई पर्दछ। यो बजार उत्तर दक्षिणको लाइन भएर बसेको छ। यहाँ मङ्गलबारको दिन हाट लाग्दछ। लेकाली बजार भएकोले हिउँदमाभन्दा वर्षा याममा व्यापार धेरै हुन्छ। यो ठाउँ साह्रै ठण्डा छ र कहिलेकाहीं हिउँ पनि पर्दछ। यहाँ रेन्ज कार्यालय र सहकारी हुलाक छन्।

चिसापानी

यो इलामबाट दक्षिणतिर करीब १५ कि. मि. (पाँच कोस) को दूरीमा छ। शनिश्चरेबाट इलाम जाने मोटरको बाटो यसै ठाउँ भएर गएको छ। यसभन्दा अगाडि पनि इलामबाट तराई जाने मूल बाटो यहीं थियो।

यसको नजीक सोक्तिममा चिया बगान छ। यो नेपालको दोस्रो चिया उद्योग हो।

मंगलबारे

इलामबाट पश्चिम स्थित यो ठाउँ करीब २२ कि. मि. (सात कोस) टाढा छ। यहाँसम्म मोटर जाने बाटो खनिएको थियो र दुई चार पटक मोटर चलेको पनि थियो। तर हाल सो खराब भएको हुँदा मोटर चल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन ।

यहाँ बुधबारको दिन बजार लाग्दछ । हाल भएको ठाउँभन्दा यो बजार एक डेढ माइल दक्षिण पश्चिम बुधबारे भन्ने ठाउँमा थियो तर पाँच छ वर्ष अगाडि त्यहाँबाट यो बजार सारेर मङ्गलबारे भन्ने ठाउँमा लगाउन थालिएको छ । यहाँ स्थायी पसलहरू पनि छन् । यहाँ किनमेल गर्न पुवापार र फाकफोकका मानिसहरू आउँछन् । यो फाकफोकको सबभन्दा ठूलो बजार हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

१,५७१ वर्ग किलोमिटर क्षेत्र भएको इलाम जिल्लामा २०२८ सालको जनगणना अनुसार १,३६,५३८ जनसंख्या छ। त्यसमध्ये पुरुष ७०,४२६ र महिला ६६,१०६ जना छन्। २०१८ सालको जनगणनाअनुसार यस जिल्लामा कुल जनसंख्या १,२४,५२५ भएको देखिएबाट विगत दश वर्षमा यस जिल्लामा जम्मा १५,०१३ मानिसहरू बढेका देखिन्छन्। यसरी यस जिल्लामा १० वर्षको अवधिभित्र १२ प्रतिशत जनसंख्या बढेको छ। यस जिल्लाको क्षेत्रफल १,५७१ वर्ग किलोमिटर र जनसंख्या १,३६,५३८ भएकोले जनघनत्व प्रति वर्ग किलोमिटर ८६ व्यक्ति हुन आउँछ। यस जिल्लामा मेची अञ्चलका २२.६ प्रतिशत मानिसहरू बसोबास गरेका छन्।

यस जिल्लामा जम्मा ५० पञ्चायतहरू छन् जसमध्ये एउटा नगर पञ्चायत र बाँकी गाउँ पञ्चायतहरू छन्। यहाँका पञ्चायतहरूमा सबभन्दा धेरै मानिसहरूको बस्ती इलाम नगर पञ्चायतमा छ र यसको जनसंख्या ७,२६६ छ। सबभन्दा कम जनसंख्या (१,२६१) मलाते गाउँ पञ्चायतमा छ।

२०२८ सालको जनगणनावाट प्राप्त यस जिल्लाका विभिन्न उमेरका मानिसहरूको समूहको तालिका तल दिइन्छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५	१२,०७६	१७.२	१२,०५७	१७.४	२४,१३३	१७.३
६ – १५	२०,२८६	२८.८	१६,५५६	२८.३	३६,८४२	२८.६
१६ र माथि	३८,०६७	५४.१	३७,४६६	५४.३	७५,५६३	५४.२

यस जिल्लामा पाँच वर्षभन्दा मुनिका शिशुहरू जम्मा २४,१३३ (१७.३ प्रतिशत) छन्। विद्यालय जाने योग्य छ देखि १५ वर्षका केटाकेटीहरू जम्मा ३६,८४२ (२८.६ प्रतिशत) छन्। यो संख्यालाई प्राथमिक र माध्यमिक विद्यालय जाने योग्य केटाकेटीहरूको समूहमा विभक्त गर्दा प्राथमिक विद्यालय जाने योग्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ देखि नौ वर्षका केटाकेटीहरू १६,६६५ (१२.२ प्रतिशत) र माध्यमिक विद्यालय जाने योग्य १० देखि १५ वर्षका केटाकेटीहरू जम्मा २२,८७७ (१६.४ प्रतिशत) देखिन्छन्। १६ वर्षदेखि माथि उमेरका वयस्क-हरूको संख्या यस जिल्लामा ७५,५६३ (५४.२ प्रतिशत) भएको पाइन्छ । यी सबै उमेरको समूहमा पुरुष तथा महिलाहरूको संख्या बराबर देखिन्छ अथवा यहाँको आर्थिक निर्भरताको अनुपात १००:५० हुन आउँछ। तर अन्तर्राष्ट्रिय प्रचलन अनुसार १५ देखि ६४ वर्षसम्मका वयस्कहरूलाई आर्थिक गतिविधिमा लाग्न सक्षम र कसैमाथि आश्रित रहनु नपर्ने मानिएकोले त्यस आधारमा यस जिल्लाको काम गर्न सक्षम जनसंख्या ७५,१९९ (५४.० प्रतिशत छ)। अरू बाँकी जनसंख्या मध्ये ० देखि १४ वर्ष उमेरका केटाकेटीहरू ६०,५२१ (४३.४ प्रतिशत) र ६५ र त्यसभन्दा माथिका बूढा–बूढीहरू ३,८१८ (२.७ प्रतिशत) छन्। यसरी यस जिल्लामा ५४ प्रतिशत जनसंख्यामाथि ४६ प्रतिशत जनसंख्या आर्थिक दृष्टिबाट आश्रित भएको देखिन्छ ।

१० देखि ५९ वर्षका मानिसहरूलाई आर्थिक दृष्टिकोणबाट सक्षम र अनाश्रित मान्ने हो भने यस जिल्लामा यस्ता मानिसहरूको संख्या ९१,५६० (६५.७ प्रतिशत) छ । उनीहरूमाथि जीवनयापनको लागि आश्रित भएका नौ वर्षसम्मका केटाकेटीहरू र ६० वर्षभन्दा माथिका बूढा-बूढीको संख्या क्रमशः ४१,०९८(२९.५ प्रतिशत) र ६,८८० (४.९ प्रतिशत) भएको पाइन्छ । यस आधारमा विश्लेषण गर्दा यहाँका ६५.७ प्रतिशत जनतामाथि ३४.३ प्रतिशत जनता आर्थिक दृष्टिबाट आश्रित भएको पाइन्छ अर्थात् क्रमशः ३,५३२ र ३,३३८ छन्। यहाँ २० जनाभन्दा बढी जहान भएको परिवार २० वटा जति छ। त्यस्तै १५ देखि १९ सदस्य संख्या भएको परिवार १५६ छ। कम संख्यामा आएर एक जना मात्र भएको घर ८७४ भएको देखिन्छ र दुई जना भएको १,५९२ छ।

यस जिल्लाका वासिन्दाहरूको वैवाहिक स्थितिलाई हेर्दा केही उल्लेखनीय कुराहरू देखिन्छन्। २०२८ सालमा जनगणना लिएको समयमा यहाँ छ देखि नौ वर्षका बाल–बालिकाहरूमा २४ जना बालक र २६ जना बालिकाहरूको विवाह भएको देखिन्छ। यस उमेरको एकजना बिधुर पनि भएको छ। त्यसपछि २४ वर्ष उमेरका स्त्री पुरुषहरूमा पुरुषभन्दा स्त्रीहरू धेरै विवाहित भएका देखिन्छन्। त्यस अनुसार १० देखि १४ वर्षका विवाहित केटाहरू ६७ जना छन् भने त्यसै उमेरका विवाहित केटीहरू १५५ जना छन्। १५ देखि १९ वर्षका विवाहित केटाहरूको संख्या ७०२ र विवाहित केटीहरूको संख्या २,३४१ छ। २० देखि २४ वर्षका केटा–केटी-हरूमा २,८२३ जना केटा र ४,७१० जना केटीहरू विवाहित छन्।

यस जिल्लामा ठूलो उमेरसम्म पनि अविवाहित रहेका मानिसहरूको संख्या साह्रै कम देखिन्छ। ४० वर्षभन्दा माथिका पुरुषहरूमध्ये जम्मा २५५ जना आजीवन अविवाहित रहेको पाइन्छ भने त्यस प्रकारका स्त्री-हरूको संख्या २३२ पुगेको छ। त्यसै उमेरका विधवा र बिधुरहरूको संख्या तुलनात्मक दृष्टिबाट हेर्दा पुरुष-हरूकोभन्दा स्त्रीहरूको लामो उमेर भएको पाइन्छ। तिनीहरूको संख्यामा कतै दोबर फरक परेको देखिन्छ भने कतै तेबर चौबरसम्म पनि फरक परेको छ। जस्तै ४० देखि ४४ वर्षका बिधुरहरू १६३ र विधवाहरू ३८२ छन्, ४५ देखि ४९ वर्षका बिधुरहरू २०३ छन् भने विधवाहरू ४१५ छन्, ५० देखि ५४ वर्षका बिधुरहरू २३० र विधवा-हरू ४१५ पुगेका छन्। ५५ देखि ५९ वर्ष उमेरका बिदुरहरू जम्मा १९७ र विधवाहरू ४४० पुगेका छन्।

यस जिल्लामा कुल घर परिवार २४,०३८ छ र औसत परिवार सदस्य संख्या ५.८ छ। स्वभावतः पाँच र छ जना भएको परिवार संख्या सबभन्दा धेरै छ।

धर्मको आधारमा विभाजित गर्दा यस जिल्लामा सबभन्दा धेरै हिन्दूहरू (१,२६,९२९) देखिन्छन् र त्यसपछि बौद्धमार्गीहरू (१२,४५६) छन्। अरू धर्मावलम्बीहरूको संख्या १५३ देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले साधारणतः बोल्ने भाषाको आधारमा हेर्दा २०२८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या यसप्रकार वर्गीकरण भएको छ। नेपाली ८९,४०२, राई १६,४७४, लिम्बू १२,७९४, तामाङ ५,४०४, मगर ६,१२७, गुरूङ १,७०९, भोटेशेर्पा २,०२५, सुनुवार ६४८ र नेवार ५७४। यस अतिरिक्त अरू भाषा बोल्नेहरूको संख्या साह्रै कम छ।

यस जिल्लाका विभिन्न पञ्चायतमा निम्न प्रकारले जनसंख्या भएको पाइन्छ।

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. आइतबारे	२,५९४	२६. लक्ष्मीपुर	४,१६१
२. आम्चोक	३,५५१	२७. लुम्दे	२,८७०
३. अन्तु	१,७१८	२८. भाबु	२,४८६
४. बरबोटे	२,९६६	२९. माघेसुन्तले	१,८५७
५. बौद्ध धाम	४,३८८	३०. माईमझुवा	२,८३०
६. चमैता	३,३१२	३१. मलाते	१,२९१
७. चिसापानी	३,८४२	३२. मंगलबारे	३,०७७
८. धुसेनी	२,९०६	३३. नामसालिङ	४,००६
९. एकतप्पा	३,६६३	३४. नामथला	१,४४७
१०. गोदक	२,१७४	३५. नाङरूङ	२,३०१
११. गोर्खेबजार	३,२४२	३६. नयाँबजार	३,३८०
१२. गोर्खेधाप	२,८२३	३७. फिक्कल	३,९७४
१३. इमाङ	३,८५४	३८. फुएतप्पा	२,७८४
१४. इलाम	७,२९९	३९. फुट्टुक	२,४७५
१५. इरौंटार	२,४०१	४०. पुवा मझुवा	१,९१६
१६. जमुना	२,८५३	४१. प्याङ	१,९३७
१७. जिर्मले	२,५७७	४२, साखेजुङ	२,२३०
१८. जितपुर	४,६१५	४३. समालबुङ	२,७९७
१९. कन्याम	३,३३१	४४. साङरूम्बा	३,१६९
२०. खाम्बाङ	१,८०७	४५. शान्तिपुर	२,४६४
२१. खान्द्रुङ	१,४५७	४६. सावजुङ	१,५११
२२. सुम्बेक	१,६२४	४७. श्रीबुङ	१,६४६
२३. कोल्बोटे	१,५८०	४८. सोयाक	१,७१६
२४. कोल्बुङ	२,२६६	४९. सोयाङ	३,३८७
२५. सुलुबुङ	३,४९२	५०. बाफरूङ	१,४८५

ज जीवन

इलामको आदिबासी लेप्चाहरू भए तापनि यस जिल्लामा अरू जातिकै बाहुल्य र प्रभुत्व भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ। अरू जातिको तुलनामा बाहुन, क्षेत्रीहरू यस जिल्लामा धेरै पछि मात्र बसोबास गर्न थालेका भए तापनि उनीहरूको संख्या सबभन्दा ठूलो छ। त्यसपछि लिम्बूहरूको संख्या ठूलो देखिनआउँछ। राई, गुरूङ, शेर्पा, मगर, सुनुवार, नेवार, कामी, दमाई आदिको बसोबास विभिन्न मात्रामा भएको पाइन्छ। जिल्लाबासीहरूको जातीय आधारमा स्पष्टरूपले संख्या तोक्न सकिन्न। तर सोपाङ गाउँ पञ्चायतमा केही वर्ष अगाडि लिइएको एक सर्वेक्षण[1]बाट यस जिल्लाका बासिन्दाहरूको एक झलक पाइन्छ। यस अनुसार बाहुन, क्षेत्री ५२.९ प्रतिशत, लिम्बूहरूमात्र १८.३ प्रतिशत, राई, सुनुवार, गुरूङ, मगर, तामाङ आदि १५.४ प्रतिशत, नेवार ५.५ प्रतिशत र कामी, सार्की आदि ७.९ प्रतिशत छन्। यसै अनुपातमा यहाँको जनसंख्या रहेको कुरा जनगणनाबाट लिइएको मातृभाषामा आधारित वर्गीकरणले पुष्टि गर्न खोज्दछ।

क्षेत्रिय दृष्टिबाट हेर्दा जिल्लाको उत्तरी लेकमा शेर्पा, गुरूङ, राई, तामाङहरूको बसोबास धेरै छ। लिम्बू जातिका मानिसहरू खासगरी इमाङ, बर्बोटे, सुलुबुङ, प्याङ, मुना, जीतपुर, साङरूम्बा, लुम्दे, खान्द्रुङ, सोयाक, मंगलबारे, एकतप्पा, धुसेनी आदि ठाउँहरूमा फैलिएको पाइन्छ। भाबु र माईमझुवा पञ्चायत क्षेत्रहरूमा गुरूङहरू बढी मात्रामा देखिन्छन्। जिल्लाका बजारहरूमा नेवारहरूको बस्ती धेरै भएको पाइन्छ। अरू जातिका मानिसहरू जिल्लाभर छचासमिस तवरले बसोबास गरेको पाइन्छ।

राष्ट्रिय जनगणनाबाट यस जिल्लामा मुख्य दुई धर्मका अनुयायीहरू देखिन्छन्। हिन्दूहरू १,२६,९२३ र बुद्धमार्गीहरू १२,४५६ भएको देखिन्छ। जिल्लाका विभिन्न ठाउँहरूमा दुवै धर्मका मन्दिर र गुम्बाहरू स्थापित भएका छन्। हिन्दू देवालयमा माईस्थान, नारायण स्थान, सिंहबाहिनी, कर्फोक मन्दिर, माई पोखरीको शिव मन्दिर, इमाङफेदी, गजूरमुखी देवी, आदि उल्लेखनीय छन्। यहाँका गुम्बाहरूमध्ये बौद्धधाम, परमेजुङ, कजेमी, संखाबुङ, काला पोखरी, चित्रे, मेग्मा, मानेभञ्ज्याङ, इङला, प्याङ, जमुना, खोल्मे, मानेडाँडा आदि ठाउँहरूमा रहेका उल्लेख्य छन्।

यसका अतिरिक्त लिम्बूहरू मुन्धुम धर्मको अनुसरण गर्दछन् र आफ्नो परम्परानुसार झाँक्री, देवताहरूको पूजाआजा गर्दछन्। उनीहरूका देवताहरू घर र वनका दुई किसिमका हुन्छन्। वन देवताहरू सबैले मान्दछन् तर घर देवताहरू लिम्बू आइमाईहरूसित मात्र सम्बन्धित हुन्छन्। आइमाईहरूले विवाह भएपछि आफ्नो देवताहरू नयाँ घरमा लैजान्छन् र ती देवताहरू नयाँ घरकै मानिन थाल्छन्। तिनीहरूले मान्ने गरेका देव-देवीहरू केही समान हुन्छन् तर धेरैजसो बेग्ला बेग्लै हुन्छन्। यस जिल्लाका हिन्दू र बुद्ध धर्मका अनुयायीहरूका बीचमा धेरै रीतिथिति र मान्यताहरू आदान प्रदान भए झैं यी धर्महरूसित यस जिल्लाका अन्य स्थानीय जातीय विश्वास र परम्पराहरू सम्मिश्रित भएको पाइन्छ। सो कुरा विभिन्न जात-जातिले जन्म, विवाह, मृत्यु आदि अवसरहरूमा अपनाउने गरेको रीतिरिवाज र एक अर्काको धार्मिक समारोहमा विनाहिच्किचाहट भाग लिने गरेको तथ्याबाट स्पष्ट हुन्छ।

यस जिल्लाको आर्थिक जीवनको एक प्रमुख विशेषताको रूपमा रहेको किपट प्रथाले यहाँको जनजीवनमा पनि उत्तिकै ठूलो प्रभाव पारेको देखिन्छ। लिम्बुवानभित्र परेका अरू क्षेत्रमा झैं यस जिल्लाका विभिन्न जातजाति बीचको सम्बन्धमा पनि यस प्रचलनले एक निर्णायक भूमिका खेलेको पाइन्छ। हालैसम्म पनि यस जिल्लाका कुलो लाग्ने खेतको पाँच भागको दुई भाग किपट प्रथा अन्तर्गत रहेको थियो। सन् १९६६ मा यस्तो खेतको ३९.७ प्रतिशत किपट प्रथा अन्तर्गत र बाँकी ६०.३ प्रतिशत रैकरको रूपमा थियो।[2] पृथ्वीनारायण

1 Caplan, Lionel– Land and Social Change in East Nepal, p. 17
2 Caplan, Lionel– „ „ p. 56

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाहबाट लिम्बुवान प्रदेशलाई नेपाल अधिराज्यमा सम्मिलित गराएपछि लिम्बूहरूको जग्गा किपट प्रथा अन्तर्गत सुरक्षित राखिएको थियो तर कालान्तरमा लिम्बूहरूले सोह्रआनीको प्रचलन चलाएर अरू जातिका मानिसहरूलाई किपटिया जग्गा चर्चन दिन थाले। सन् १८८६ मा यस्ता सोह्रआनी जग्गा रैकरमा परिणत हुने व्यवस्था भयो र लिम्बूहरूले सुब्बा र राई दर्जा प्राप्त गरे वापतमा पनि आफ्नो किपटिया जग्गाको केही भाग रैकरमा परिणत गरे। सन् १९०१ मा किपटिया जग्गा अरू जातिका मानिसहरूको नाममा स्थायीरूपले हस्तान्तरण गर्न नसकिने ऐन बनेकोले किपटिया भूमिको विशेषता पुनः कायम हुनगयो। तर यसबाट लिम्बूहरूले किपटिया जग्गा भोगबन्धकीमा दिने कम भएन। एकातिर लिम्बूहरूले जग्गालाई बढ खाने एउटा स्रोतको रूपमा लिन थाले भने अर्कोतिर भोगबन्धकीमा चर्चने मानिसहरूले सो जग्गाबाट सकेको फायदा उठाउन मात्र खोजे। फलस्वरूप जग्गाको हिफाजत हुन नसकेको, यसको विकासको लागि कतैबाट लगानी नभएको आदि कारणले जमीनको उत्पादन शक्तिमा ह्रास आउन थालेको महसूस भयो। राष्ट्रिय दृष्टिकोणबाट कुनै पनि जमीनको उर्वरा शक्तिमा यसरी ह्रास आउन दिनु वाञ्छनीय नभएकोले यस व्यवस्थामा परिवर्तन ल्याउनु आवश्यक भएको थियो। सम्वत् २०२२ सालमा लागू गरिएको भूमि सुधारले यस दिशातिर केही ठोस कदम चालेको छ। यस कार्यक्रम अनुसार किपटिया जग्गाको फार्स्या राजीनामा हुन सक्ने भएकोले यस जिल्लामा भूमि सम्बन्धी दुई किसिमको व्यवस्था रहन गएन। यसबाट जिल्लाका बासिन्दाहरूमा आर्थिक सामन्जस्यताको अर्को अध्याय थपिनुको साथै खेतीयोग्य जग्गाप्रति पनि उचित ध्यान, हिफाजत र आवश्यक लगानी हुन सक्ने भयो।

लिम्बूहरूले ऐतिहासिक सुविधाको रूपमा पाएको किपट प्रथा भूमिसित मात्र सम्बन्धित नभएर यसको सम्बन्ध जनताको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनसित पनि हुन गएको देखिन्छ। जनसंख्याको अनुपातमा खेतीयोग्य जमीन मनग्य हुँदासम्म यस प्रथाको ठूलो महत्व मानिदैन थियो। तर, जब जब जनसंख्याको वृद्धि हुँदै गयो, यसको जमीनमाथिको चाप बढ्दै गयो र जमीनको मूल्य र महत्व पनि चढ्दै गयो तब तब यस प्रथाका परिणामहरू देखिन थाले। जमीनको कमी महसूस नहुँदासम्म यस जिल्लामा बसोबास गर्न बाहिरबाट आएका मानिसहरूलाई जसरी प्रोत्साहित गरिन्थ्यो सो हुन छाड्यो। जग्गाको आम्दानीले नभ्याउने किसिमको लिम्बूहरूको सामाजिक र सांस्कृतिक रीतिरिवाजले गर्दा उनीहरूको किपटिया जग्गा बढ्दो मात्रामा अरू जातिको भोगबन्धकीमा पर्न गयो। किपट प्रथा अनुसार उनीहरूले भोग बन्धकीमा दिएको जग्गाबाट बराबर "बढ" खान पाउनु, जग्गा चर्चने अरू जातका साहूहरूमा जग्गामाथि रहने आफ्नो हकको असुरक्षाको भावना रहनु र ऋण चुक्ता गरेर आफ्नो जग्गा फिर्ता लिन धेरै लिम्बूहरू असमर्थ हुनु आदि कुराले यहाँको अन्तरजातीय आर्थिक र सामाजिक सम्बन्ध अन्योन्याश्रित हुनुको साथै जटिल पनि हुँदै गएको देखिन थाल्यो। यस पृष्ठभूमिमा भूमिसुधारले ल्याएको परिवर्तन प्रभावलाई न्यायोचित र समानताबाट प्रेरित भएको मान्नु पर्दछ।

जग्गाको कमीको कारणबाट लिम्बूहरू बीच पनि तनावको वातावरण सिर्जना नभएको होइन। जुन उदाररूपले उनीहरूले आफ्नो नाता कुटुम्बको क्षेत्र फैलाउने गर्दथे र अलि टाढाका नातेदारलाई पनि सम्पत्तिको हिस्सेदार बनाएर आफ्नो कुलभित्र भित्र्याउने गर्दथे सो हुन छाड्यो। आर्थिक स्रोतको कमीले गर्दा यस कुरामा उनीहरूले धेरै कडाइ गर्न लागे र धेरै छानवीन गरेपछि मात्र यस्ता लिम्बूहरूलाई आफ्नो कुलभित्र समावेश गर्न लागे।

यसरी किपटिया जग्गा नभएका लिम्बूहरूको संख्या पनि जिल्लामा बढ्दो मात्रामा देखिन थालेको हो। अर्कोतिर थोरै जग्गाले ठूलो परिवार नधानिने हुँदा संयुक्त परिवार पनि स-साना एकाईमा विभक्त हुन लाग्यो। कृषिबाहेक अरू रोजगारीलाई जीविकोपार्जन गर्न सक्ने युवकहरू संयुक्त परिवारमा बस्न छाडे र यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पत्ति विभाजनको क्रममा जमीन अरू टुक्रिन गएको पनि देखिन्छ।

बीसौं शताब्दी लागेपछि लिम्बू समुदायमा नयाँ प्रवृत्ति देखापर्दै गयो र समाजका अरू जातहरूसित उनीहरूको सम्बन्धमा पनि परिवर्तन देखिन थाल्यो। सन् १९०१ मा किपटिया जग्गा राजीनामा हुन नसक्ने कानून बन्नु, गोर्खा भर्तीमा लिम्बू युवकहरू रोजगारीको लागि जान पाउनु र नेपालमा २००७ सालमा प्रजातन्त्रको सूत्रपात भएपछि विकासको कार्यक्रम चल्नु आदि कुराहरूले लिम्बूहरूलाई आर्थिक शोषण र सामाजिक दबाबबाट ठूलो त्राण दिएको देखिन्छ। उनीहरू विदेशी सैनिक सेवाबाट भएको नगद आम्दानी ल्याएर आफू अथवा आफ्नो बाबु बाजेहरूले साहूलाई भोग बन्धकीमा दिएको किपट जग्गा फिर्ता लिन सक्ने भए। अर्कोतिर प्रजातान्त्रिक व्यवस्था आएपछि जे-जति विकासको काम जिल्लामा हुन लाग्यो त्यसबाट लिम्बूहरूले ठूलो आम्दानी गर्न नसके तापनि आफ्नो खाँचो टार्न समर्थ भएकोले आफूसित रहेको किपट जग्गा भोगबन्धकीमा दिई ऋण लिनु पर्ने भएन।

लिम्बुवान प्रदेश नेपाल अधिराज्यमा गाभिएपछि पनि लिम्बूहरूको स्थानीय प्रभावमा कुनै कमी आएन। तत्कालीन नेपाल सरकारबाट लिम्बूहरूले सुब्बा दर्जा र मालपोत र कर उठाउने अभिभारा पाएकाले उनीहरूको समाजमा राम्रो प्रतिष्ठा र प्रभुत्व कायमै रहन गयो। तर केही समय पछि थरीहरूले सुब्बाहरूको माध्यमबाट नगई सोझै मालपोत मालमा बुझाउने व्यवस्था भएपछि सुब्बाहरूको भूमिकामा केही परिवर्तन आउन थाल्यो। लिम्बूहरूको मुद्दा मामिला र झई-झगडाहरू सुब्बाहरूको स्वविवेकले मिलाउने प्रचलनको ठाउँमा अड्डा अदालतले हेर्ने व्यवस्था भएपछि लिम्बूहरूको बाह्य समुदायहरूसित सम्बन्ध अरू बढ्दै गयो। गोर्खा भर्तीबाट फर्केका लिम्बूहरूले समुदायमा नयाँ विचार सोचाइको सिर्जना गरेको पनि पाइन्छ। सैनिक सेवाबाट बहादुरीको मान मात्र होइन पैसा पनि कमाउने हुनाले उनीहरूको समाजमा नयाँ किसिमको प्रतिष्ठा बढ्न लाग्यो। यसै बीच २००७ सालको क्रान्तिले ल्याएको परिवर्तन र २०१७ सालदेखि आएको पञ्चायती व्यवस्थाले सबै वर्गलाई विकास गर्न प्रदान गरेको अवसरबाट लिम्बू जातिले पनि फायदा उठाएकै पाइन्छ। स्थानीय पञ्चायतदेखि देशको सर्वोच्च विधायिकासम्म पुगेर लिम्बूहरू आज राष्ट्रिय जीवनको लहरमा मिसिइसकेका देखिन्छन् र नेपालको सामाजिक, राजनैतिक र आर्थिक उन्नतिमा ठोस देन दिन थालेका छन्।

लाप्चा जाति

इलाम जिल्लाको आदिबासी लाप्चाहरू भएकाले उनीहरूको सामाजिक रीतिथिति र सांस्कृतिक परम्पराको बारेमा विशेष उल्लेख गर्नु वाञ्छनीय देखिन्छ। तर इलामका लाप्चाहरू बारेमा कुनै विश्वसनीय प्रकाशित सामग्री प्राप्त हुन नसकेकोले सिक्किममा बसोबास गरेका लाप्चाहरू बारेमा जिओफ्रे गोरेरद्वारा लेखिएको "हिमालयन भिलेज" भन्ने पुस्तकबाट लाप्चा जाति विषयमा जानकारी लिइएको छ। सिक्किम र इलामका लाप्चाहरूको जीवन, रहन सहन, रीतिरिवाज एकै किसिमको छ भन्न नसकिए तापनि उनीहरूमा धेरै समानता पाउन सकिन्छ। यसरी स्थानीय भिन्नता हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै यहाँ लाप्चा जातिका केही प्रमुख सामाजिक र सांस्कृतिक प्रचलनको वर्णन गर्ने प्रयत्न गरिन्छ।

लाप्चाहरू सीधा, परिश्रमी, मिलनसार र रमाइलो प्रवृत्तिका हुन्छन्। उनीहरू साधारणतः आशावादी हुन्छन् र खानपीन र नाचगानमा विशेष आनन्द लिन्छन्। आपसी मायाप्रीतिको सम्बन्धमा पनि खानेकुराले ठूलो भूमिका खेलेको हुन्छ। लाप्चा चाड पर्व, जन्म, मरण आदि अवसरहरूमा भोज भत्यार ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा चल्दछ र यस्तो मौका खानपीनलाई लिएर नै सम्झिने गर्दछ। खानेकुरामा उनीहरू धेरै चीज बार्दैनन्। उनीहरू सबै किसिमका जङ्गली जनावर र कन्दमूल खान्छन् र पालतु पशुहरूमा खसी, बोका, सुंगुरको मासु खाने गर्दछन्। त्यसैले तरुण केटाहरूले शिकार खेल्न ठूलो हौसला लिएर सिक्दछन् र त्यसकोलागि उनीहरूले धनुषबाण चलाउने अभ्यास गर्दछन्। उनीहरूको प्रचलनअनुसार कुनै पनि शिकारीले पहिलो शिकारको मासु खाँदैन न धनुषवाणले मारेका पहिलो १०० वटा शिकारको मासु नै खान्छन्। सो खायो भने खटिरा र कोर जस्तो रोगले दुःख दिन्छ भन्ने उनीहरूको विश्वास छ र १०० वटा शिकार मारेपछि मात्र ऊ यसबाट सुरक्षित भएको मानिन्छ। यस्तो शिकारमा उनीहरू खासगरी मृग मार्ने गर्दछन् र पहिले पहिले भालूको पासो थापेर समात्ने र त्यसको मासु खाने पनि गर्दथे। भालूको पासो थाप्ने शिकारीले तीन महीनासम्म यौन क्रियामा लाग्न हुदैन, होइनभने भालू शिकार लाग्दैन भन्ने विश्वास पनि थियो।

लाप्चाहरू गर्भबाट नै जीवन शुरू हुन्छ भन्ने मान्दछन्। त्यसैले गर्भ रहेको पाँच महीनादेखि नव–जीवनको कल्याणको लागि अनुशासनमा रहने गर्दछन्। जस्तो गर्भ रहेको स्वास्नी अथवा उसको लोग्नेले कुनै पर्खाल उठाउन थालेको छ भने ऊ एक्लैले सिध्याउँछ होइन भने बच्चा राम्ररी जन्मन सक्दैन भन्ने ठान्दछन्। बाबु हुने चाँहिले खोलामा थापिएको पासोबाट माछा झिक्नु हुन्न। बाबु र आमा हुनेले आफ्नो बाकससिवाय अरू कतै पनि ताल्चा लगाउन हुन्न। दुर्घटनामा परी मरेको पशुको मासु खान हुन्न। बाबु हुनेले मारिएको आलो मासुतिर हेर्न र उसले मार्न हुन्न तर मार्ने वित्तिकै टाढा भाग्नु पर्छ भन्ने बिभिन्न नियमको अनुसरण गर्दछन्। यसैगरी बाबु हुनेले घोडाको लगाम छुन हुन्न, छोयो भने सुत्केरी हुनलाग्दा एउटा लगाम अगाडि झुन्ड्याउनु पर्छ, मान्द्रो अथवा कपडा बुन्दा अलिकति छोड्नु पर्छ, सूर्य अथवा चन्द्र ग्रहणतिर हेर्न हुन्न हेर्‍यो भने मरेको बच्चा जन्मन्छ भन्ने विश्वास पनि मान्दछन्। त्यसैले सूर्य ग्रहण हुँदा दुवै आमा बाबु हुने लाप्चाहरू घरभित्र बसिरहन्छन्। अरू यस्तै नियमहरू अन्तर्गत रही उनीहरू आफ्नो व्यवहार र गतिविधिलाई नियन्त्रण गर्दछन्। गर्भपात हुने डरले उनीहरू शोरमुङ भूतलाई दुइटा कुखुरा बलि दिने गर्दछन्।

बच्चा जन्मेको तीन दिनसम्म गर्भमा नै रहेको ठानिन्छ। तसर्थ त्यस अवधिसम्म आमा बाबुले सो अनुशासनलाई छाड्दैनन्। तीन दिनसम्मलाई नवजात शिशुलाई मुसा–बच्चा भन्ने चलन पनि पाइन्छ। त्यति बेलासम्म सुत्केरीलाई भूइँ छुन दिन्नन् किनभने साल नझर्ला भन्ने डर हुन्छ। तिनीहरूलाई पीडा हुन्छ भनेर लोग्ने चाँहि बाहिर गएर काम गर्दा ढुङ्गा उठाउने, रूख काट्ने जस्तो बोझा काम गर्दैन। तेस्रो दिनमा नव–जात शिशुको जन्म भएको औपचारिक रूपमा मानिन्छ र त्यस दिन भोज हुन्छ। त्यस दिन घरका सबै जहान नुहाउँछन् र सुत्केरीलाई पनि नुहाइदिन्छन्।

तेस्रो दिनमा नै मत् भन्ने लाप्चा पुरोहित आउँछ र उसले पूजा गर्दछ। एउटा उसिनेको कुखुरा चढाइन्छ र दुई टुक्रा गरी राखिन्छ। त्यसपछि घरमा नव–जात शिशु हेर्न मानिसहरू आउँछन् र उनीहरूले छोरा भएमा एक टुक्रा कपडा तथा एक रूपैयाँ र छोरी भएमा छ पैसा चढाउँछन्। त्यस दिनको भोजको लागि छोरा भए एउटा बाख्रा अथवा सुंगुर काटिन्छ र छोरी भएमा कुनै पशु काटिन्न। त्यसै दिन लामाआई बच्चाको चिना पनि लेखाउँछन्।

लाप्चाको बिहा-बारी हुँदा आमा बाबुले कहिले पनि केटी माग्न जाँदैनन्। सो काम केटाको काका अथवा काका पर्नेले गर्दछ। तर खास कुराकानी बेक्-बु (लमी) द्वारा नै गरिन्छ। केटाको तर्फबाट एकजना बेक्-बु केटीको गाउँ गई तिनको बेक्-बु सित कुरा थाल्छ। केटीका आमा बाबुले केटाको बारेमा सोधपूछ गर्दछन् र दुई पटकसम्म कुरा गर्न आउँदा आनाकानी गर्दछन्। तर तेस्रो पटक पनि आनाकानी गर्‍यो भने कुराकानी त्यहीं टुङ्गिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होइनभने कुरा अगाडि बढ्दछ र केटा र केटीको चिना जुराउने काम हुन्छ। यतिसम्म हुने कार्यवाहीलाई लाप्चाहरू कच्युङ भन्दछन्।

त्यसपछि केटा र केटी बीचमा आसेक (मगनी) हुन्छ। आसेक गर्न केटीपट्टिलाई केटापट्टिबाट केही उपहार पठाउनु पर्छ। सो उपहार दिएपछि विवाह पक्का भएको मानिन्छ र केटी माइतघर बसेर सन्तान जन्माए पनि त्यसलाई सामाजिक स्वीकृति प्राप्त हुन्छ। कुनै किसिमले आसेक उपहार लिएपछि विवाह हुन सकेन भने केटीपट्टिले उपहार सबै फर्काउनु पर्छ अथवा अर्को केटी दिने व्यवस्था मिलाउनु पर्छ। त्यस्तो आसेक–उपहारमा खासगरी दुइटा सुंगुर, एउटा ठूलो तामाको भाँडा, केही कपडा अथवा त्यसको सट्टा पैसा राखिन्छ।

सो उपहार लिएर दुलहा आफ्नो काका, मामा, दाजु आदि लिएर दुलहीको घर जान्छ र तीन चार दिन बस्दछ। यस अवधिमा दुलहा दुलहीसँग बस्ने, सँगै खाने र खुवाउने र सँगै सुत्ने गर्दछन् तर सबै मानिसहरूले यिनीहरूले एक अर्कासित कस्तो व्यवहार गर्दछन् भन्ने चेवा लिइरहने हुनाले उनीहरूको मनस्थितिमा शंकोच र लाजले भरिएको हुन्छ। केही दिन पछि नै दुलहा पुनः आफ्नो काका लिएर दोस्रो पटक दुलहीकहाँ मासुको कोसेली लिएर जान्छ।

आसेक भएपछि र विवाहोत्सव नभएसम्म दुलहा एक कठिन अवस्थामा गुज्रन्छ। ऊ एक किसिमले अर्ध-दासत्वमा फस्दछ। यस अवधिभित्र उसले आफ्नो सासु ससुराले बोलाएको बखत जानु र खटाएको काम गर्नु पर्छ। ससुरालीमा बस्दासम्म उसले राम्रो बोली बचन लगाउनु, भद्र व्यवहार गर्नु र अरूले जस्तै बचन लगाए पनि सहिराख्नु पर्छ। ससुराको अनुमति पाएपछि मात्र ऊ आफ्नो घर जान पाउँछ। आसेक भएको करीब १८ महीना पछि प्रायः विवाह सम्पन्न गरिन्छ तर सो समय धेरै लम्बिन पनि सक्छ र छोटिन पनि सक्छ।

दुलहाको घरमा विवाहको तैयारी धेरै महीना अगाडिदेखि नै हुनथाल्छ। विवाहको शुभदिनमा दुलहा आफ्नो लमीलाई लिएर दुलहीको घर सुंगुरको एक साँप्रा, खाता र एक रूपैयाँ आफ्नो सासुको लागि कोसेली लिएर जान्छ। त्यहाँ पुगेपछि दुलहीका दिदी बहिनी र साथीहरूले अनेक काँढेदार झ्याम्टाले दुलहालाई तर्साएर भगाउन खोजे जस्तो गर्दछन् तर तिनीहरूलाई दुलहाले केही उपहार दिएर मनाउँछ। त्यसपछि दुलहा आफ्नो घर फर्कन्छ।

दुलहा फर्कनेबित्तिकै दुलहीको घरबाट जन्ती हिंड्छ। त्यसमा दुलही समेत करीब १२ जना हुन्छन्। साथमा एक भारी च्यि (जाँड), एक भारी भुटेको मकै र एउटा सुंगुर दुलहीको तर्फबाट कोसेली स्वरूप लगिएको हुन्छ। जन्तीमा बाबु आमा जान्नन् र उनीहरू घरैमा बसिरहन्छन्। दुलहाको घर पुग्नु अगाडि सो जन्ती तीन ठाउँमा रोकिन्छ र निकै खानपीन गर्दै जान्छन्। पहिलो अडाइलाई चाङ्यूक, दोस्रोलाई लोङसो र तेस्रो अडाइलाई गोरशून भन्दछन्। जन्तीलाई बाटोभरी खुवाउने पिलाउने जिम्मेदारी दुलहातिरको हुन्छ।

दुलही र जन्ती दुलहाको घरनिर विशेष तवरले बनाइएको सानो ठाउँमा बस्दछन् र उनीहरूलाई त्यहाँ च्यि र भात खुवाइन्छ। त्यसपछि दुलहीको पसिना पुछ्ने विधि हुन्छ; त्यसमा आठमुरी भात र आठवटा कुखुरा जन्तीमा गएका मानिसहरूलाई दिइन्छ। सो अवसरमा दुलहीको घरबाट ल्याइएको उपहार पनि दुलहापट्टिका मानिसहरूलाई दिइन्छ। सो उपहारलाई त्यहाँको मत (पुरोहित)ले पूजा गरेर भोलिपल्ट दुलहाका सबै नाता कुटुम्बहरूलाई बाँडिदिन्छन्। सो उनीहरू र गाउँका अरू मानिसहरूले पनि अलिकता भए पनि खानुपर्दछ र त्यसपछि नयाँ दुलहीलाई त्यस गाउँको समाजले मान्यता र स्वीकृति दिएको मानिन्छ।

विधवा अथवा आफ्नो लोग्नेबाट छोराछोरी पाइसकेको दुलही नभए तिनी दुलहाको घरमा विवाहको रात पस्दिनन्। तिनले पनि अरू जन्ती जस्तै बाहिर बनाएको ठाउँमा नै रात काट्छन्। खास विवाहको भोज भोलिपल्ट हुन्छ। त्यस दिन लामाहरू दुलहा दुलहीलाई भूतप्रेतबाट बचाउन अनेक मन्त्र पाठ पनि गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाप्चा जातिको मृत्यु संस्कार पनि आफ्नै किसिमको छ। देहान्त भएपछि सो मृत्यु गराउने भूतप्रेतले अर्को व्यक्तिमाथि पनि जाई नलागोस् र मृत व्यक्ति पनि पूर्णरूपले पन्छियोस् भन्नेतिर लाप्चाहरू लाग्दछन्। संसार छाडेर जाने व्यक्तिले राम्ररी नै छाडेर जाओस्, होइन भने त्यसको आत्माले झन् पिर्न थाल्छ भन्ने उनीहरूको भनाइ छ। तसर्थ उनीहरू बूढाबूढी मर्दा त्यति डर मान्दैनन् जति युवक-युवती अथवा केटा/ केटी मर्दा लिन्छन्। किनभने बूढाबूढीकोभन्दा अरूको यस संसारमा बसिरहने ठूलो इच्छा हुन्छ भन्ने उनीहरूको धारणा छ। तर आफ्नो गाउँभित्र भएको मृत्युबाट मात्र बाँचेका मानिसहरूलाई खतरा आइपर्ने कुरामा विश्वास भएकोले उनीहरूले टाढा गएर मरेको मानिसहरूको नाममा कुनै संस्कार कृया गर्दैनन्।

लाप्चाहरूले लाशलाई जलाउने, गाड्ने अथवा नदीमा फाल्ने गर्दछन्। के गर्ने भन्ने कुरा लामाले मृत व्यक्तिको चिनाको आधारमा र मृत्यु भएको अवस्थालाई हेरी निर्णय गर्दछ। लामाहरूलाई कहिले पनि गाडिन्न। उनीहरूलाई प्रायः जलाइन्छ र वर्षायाममा भने नदीमा फालिन्छ। साधारण मानिसलाई कहिले पनि जलाउँदैनन्। साना केटाकेटी मरेपछि नदीमा सेलाई दिन्छन्। लाशलाई ढोकाबाट निकाल्ने चलन यिनीहरूको छैन। लामाले कुन दिशातिर लैजाने भन्ने निर्देशन दिएपछि घरको भित्ता अथवा पर्खाल फोरेर लाश निकाल्दछन् र तुरून्त सो ठाउँलाई बन्द गर्दछन्।

लाशको अन्तिम संस्कार गर्ने सिलसिलामा लाशलाई एउटा बाँसमा बाँध्दछन्, घुँडालाई मोडिदिन्छन् र कपडाले अडचाइराख्छन्। टाउकोलाई माथि उठाइदिन्छन् र हातलाई प्रार्थना गरेको अवस्थामा पारिदिन्छन्। त्यसपछि त्यसलाई एउटा ठूलो तामाको भाँडामा राख्दछन्। त्यसको अगाडि एउटा सानो टेबिलमा तीनवटा पानीको घडा, दुई मुठी भात आदि राख्छन् र अर्को टेबिलमा मृत व्यक्तिले खाने गरेको सबै खाना राखिदिन्छन् र सो खाना साँझ बिहान फेर्दछन्। उनीहरूले सो खाना फाल्दैनन् र आफै खाने गर्दछन्। यो एक दिनदेखि सात दिन सम्म रहन्छ र त्यस अवधिभित्र मृत आत्मालाई निर्देशन दिने लामा नसुतीकन मन्त्र जपिराख्दछ। लाश यति लामो समयसम्म गन्हाउन थाल्दछ तर अन्तिम संस्कारको रीत सबै उसै कोठाभित्र नै गरिन्छ।

मलामबाट फर्केर आउँदा बाटोमा सानो आगो बालेर राखिन्छ र मलामीहरू त्यसलाई नाघेर आउँछन् र घरको ढोकानिर एउटा चक्कू र केही फलामको टुक्रा पनि राखिन्छ र उनीहरूले त्यसलाई कुल्चेर हिंड्छन्। यसबाट मलामीहरू कालको चक्रबाट बच्छन् भन्ने लाप्चाहरूको विश्वास छ।

लाप्चा जाति इलाम तथा यस वरिपरिका स्थानहरूको आदिबासी भएपनि उनीहरूको संख्या घट्दै गएको देखिन्छ। लाप्चा जाति यसरी लोप हुँदै गएको खास कारण उनीहरू अरू जातिसित प्रतिस्पर्धा गर्न नसक्ने र आफ्नो समुदायमा बलियो गरी गाँसिएर बस्ने गरेकोले हो। अरू जातिको सम्पर्कमा आउने बित्तिकै लाप्चाहरू दबिंदै गएको, घर जग्गा छोड्दै गएको र बसाइँ सर्दै गएको देखिन्छ। यिनीहरूको सामाजिक र सांस्कृतिक जीवनमा लाज, सरम र बेइज्जतीको कारणले आत्महत्या गर्ने प्रवृत्ति पनि देखा पर्दछ। यसरी आत्मसंरक्षणको समस्या बेहोरिरहेका लाप्चा जातिले केही विशेष सुविधा र संरक्षण पाएर मात्र केही ठाउँमा आफ्नो संस्कृति, रीतिरिवाज र जातित्वलाई बचाएर राख्न सकेको पनि पाइन्छ। तसर्थ उनीहरूको संरक्षणतिर ध्यान दिनु पर्ने आवश्यकता महसूस हुनु स्वाभाविकै हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यस जिल्लाको आर्थिक व्यवस्था खासगरी कृषिमै आधारित छ। सो तथ्य रोजगारीमा लागेका मानिसहरू-को ९६.६ प्रतिशत कृषि उत्पादनमा लागेकोबाट स्पष्ट हुन्छ। जम्मा १,३९,५३८ जनसंख्या भएको जिल्लामा दश वर्षभन्दा माथि उमेरका आर्थिक सक्षमता भएका मानिसहरू जम्मा ९८,४४० जना भएको देखिछ। त्यसमध्ये जम्मा ५९,७४४ जना अर्थात् ६०.७ प्रतिशत मात्र रोजगारीमा लागेका छन्। यसरी आर्थिक व्यवसायमा लागेका मानिसहरूको ९६.६ प्रतिशत (५७,७१८ जना) खेतीपातीमा लागेका देखिन्छन्। कृषिले जिल्लाको आर्थिक गतिविधिमा सबभन्दा ठूलो भूमिका खेलेको देखिन्छ।

आर्थिक रोजगारमा लागेका बाँकी ३.४ प्रतिशत मानिसहरूमध्ये व्यावसायिक र प्राविधिक काममा ३०५, प्रशासनमा ५, कारिन्दा काममा ३५५, व्यापारमा १८४ र उत्पादन श्रममा ७८५ जना लागेका छन्। यसमा उल्लेखनीय कुरा केछ भने प्रशासन कार्यमा एक जना महिला पनि छैनन् र उत्पादन श्रममा लागेका १० देखि १४ वर्षका केटाकेटीहरू जम्मा ९,४४८ छन् जो यस जिल्लाको सो उमेरका केटाकेटीहरूका समूहको ४८.६ प्रतिशत हुन आउँछ।

कृषि

यस जिल्लाका मुख्य मुख्य कृषि बालीमा धान, मकै, गहुँ र आलु हुन्। साधारणतः खेतमा धान, गहुँ मकै लगाइन्छ र पाखे बालीमा मकै, आलु, कोदो र दाल लगाइन्छन्।

कृषि, श्रम र औजार

खेतीपातीमा किसानहरू आफैं परिश्रम गर्दछन् र श्रमको खाँचो भएमा पर्म प्रथाको अनुसरण गर्दछन्। यस प्रथाबाट गाउँलेहरूले आवश्यकता अनुसार श्रमको आदान प्रदान गर्दछन्। यस अतिरिक्त दैनिक ज्यालादारीमा मानिसहरू लगाउने चलन पनि छ। यस काममा लगाउँदा लोग्नेमान्छेलाई दैनिक रू. ५।– र स्वास्नीमान्छेलाई रू. ३।– ज्याला दिने चलन छ। यसको साथै उनीहरूलाई खाजा खुवाउने चलन पनि छ।

यस जिल्लामा परम्परागत कृषि औजारको प्रयोग हुन्छ। यसमा हलो, कोदालो, कुटो, खुर्पी, दाँबे, फरूला आदिको उल्लेख गर्न सकिन्छ। यी औजारहरू स्थानीय मानिसहरूले नै बनाउँदछन्। आजकल वीरगञ्ज-को कृषि औजार कारखानामा तैयार गरिएका औजारहरू पनि प्रयोग हुन थालेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि उत्पादन र खाद्यस्थिति

बाली-नालीमा सबै किसिमको मल प्रयोग गर्ने चलन छ। साधारणतः एक रोपनी जग्गामा कम्पोस्ट मल भए २० मन, रासायनिक मल भए २५ सेर प्रयोग गरिन्छ। तर जिल्लाभरमा प्रयोग गरिने मलको १५ प्रतिशत मात्र रासायनिक मल भएको अनुमान गरिएको छ। यस जिल्लामा सन् १९६७।६८, १९६९।७० सालमा धान खेतीमा क्रमशः ३७२ र ३३९ मेट्रिक टन रासायनिक मल प्रयोग भएको छ।

एक कृषि व्यवस्थापन सर्वेक्षण अनुसार एक हेक्टर जग्गामा २,०४९ के. जी. धान र २,०७६ के. जी. मकै उत्पादन भएको छ। धान उत्पादनबाट प्रतिहेक्टर २,३२९ आम्दानी भएकोमा खर्च कटाई रू. १,०८२।– खूद नाफा भएको र गहुँ उत्पादनबाट रू. १,६१७।– आम्दानी भएकोमा खर्च कटाई रू. ४६७।– नाफा भएको देखिन्छ।

यसरी २०२९।३० को तथ्याङ्क अनुसार इलामको ४,४०० हेक्टर जग्गामा १०,५६० मे.ट. धान, १,४०० हेक्टरमा १,३९२ मे. ट. गहुँ, ६,९२५ हेक्टरमा १३,२९६ मे.ट. मकै, १,२७३ हेक्टरमा १,६१० मे. ट. कोदो, ३५ हेक्टरमा ३२ मे. ट. जौ, २,२०० हेक्टरमा १३,८६० मे.ट. आलु, ५०० हेक्टरमा २०२ मे. ट. तोरी, ५५ हेक्टरमा ७०४ मे.ट. उखु र १२ हेक्टरमा ७ मे. ट. सुर्ती उत्पादन भएको देखिन्छ।

सन् १९६७ देखि पाँच वर्षको कृषि उत्पादनको स्थिति हेर्दा यस जिल्लामा प्रतिवर्ष धानको खेती गर्न जमीन २.३ प्रतिशत र उत्पादन २.३ प्रतिशत नै बढेको देखिन्छ। मकैको हकमा चार प्रतिशत जमीन प्रतिवर्ष बढे तापनि यसको उत्पादन भने ५.९ प्रतिशत घट्दै गएको छ। गहुँको खेतीमा प्रतिवर्ष १३.७ प्रतिशत खेती क्षेत्र बढ्नुको साथै १५.७ प्रतिशत उत्पादन पनि बढेको छ।

उत्पादनको मात्राको सरदर हिसाब गर्दा सन् १९७१।७२ मा प्रतिहेक्टर जमीनमा धान २.५० मे. ट. मकै १.०३ मे. ट., गहुँ १.०९ मे. ट. उत्पादन भएको थियो।

यस जिल्लाको जग्गा यसरी उब्जाउपूर्ण भए तापनि यो खाद्यान्न अभावग्रस्त क्षेत्र हो। यहाँ प्रतिवर्ष खाद्यान्नको कमी हुन जान्छ र सो पूर्ति छिमेकी झापा जिल्लाबाट हुने गरेको छ। उदाहरणको लागि सन् १९७०।७१ सालमा करीब ३,००० मेट्रिक टन खाद्यान्नको अभाव भएको थियो। त्यस वर्ष कृषि पैदावार जम्मा २६,५०० मे.ट. पैदा भएकोमा खाद्यान्न १८,८०० मे.ट. थियो। प्रत्येक व्यक्तिको लागि पहाडी मध्य भागमा वर्षभरमा १६०के.जी. औसत खाद्यान्न चाहिने अडकलको आधारमा त्यस वर्ष २१,८०० मे. ट. चाहिन्थ्यो। तर त्यस वर्ष सिर्फ १८,८०० मे.ट. पैदा भएकोले करीब ३,००० मे. ट. को कमी हुन गएको हो।

जमीन र जनसंख्याको अनुपात

यस जिल्लाको क्षेत्रफल १,५७१ वर्ग किलोमिटर छ र यहाँको जनसंख्या जम्मा १,३९,५३८ पुगेको छ। यस हिसाबले यहाँको जनघनत्व प्रतिवर्गकिलोमिटर ८९ जना मानिसको दरले बसेको पाइन्छ। तर यस जिल्लाको आवादी क्षेत्र खालि २०,१००हेक्टर मात्र छ र यस हिसाबले जनसंख्याको अनुपातमा प्रतिव्यक्ति ·१४ हेक्टर जग्गा अर्थात् १०० व्यक्तिलाई १४ हेक्टर पर्न जाने देखिन्छ।

यहाँको जग्गाको किसिम वि. सं. १९९३ सालको महाजाँचको आधारमा खडा गरिएको मालको श्रेस्ता अनुसार ज्ञात हुन्छ। सो मोठ लगत अनुसार जग्गाको विवरण निम्न अनुसार छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेत	किसिम	खेत	माटो मुरी	पाथी	माना
	अब्बल	१९	१७	१३	–
	द्वयम्	११०	६१	५	–
	सीम	१६५	२	२	१
	चाहार	६२८	८६	५	७

पाखो	संख्या
हले	११,६०६
पाटे	४१३
कोदालो	८२३
किसिम नखुलेको	२,४६१

यस जिल्लामा २०३१ साल साउन महीनादेखि भूमि प्रशासन लागू भएको छ र आधुनिक नापी अनुसार यहाँको जग्गाको लगत राखिएको छ। सो लगत अनुसार यहाँको खेत र पाखाको विवरण रोपनीमा यसप्रकार छः—

	अब्बल	द्वयम	सीम	चाहार	जम्मा
खेत	२,६१७	४०,८१२	१,३३,८६४	४३,१६३	२,२०,७८६
पाखो	५६,६६६	२,७७,८३८	५,५४,७६२	२,१६,०६३	११,०८,७२२

पुरानो लगतअनुसार दर्ता भएको र दर्ता नभएको खेत र पाखो गरी यस जिल्लामा जम्मा २२,००० रोपनी जग्गामा खेती भएको अन्दाज लगाइएको छ। दर्ता भएको जग्गाबाट मात्र सालाना मालपोत रू. १,५५,२५६ उठ्ती हुने गरेको छ। तर नयाँ लगत अनुसार सरकारी जग्गा, मिनाहा जग्गा र दर्ता हुन बाँकी जग्गा समेत मिलाउँदा जम्मा १८,६६,६६४ रोपनी देखिन आउँछ र त्यसबाट करीब रू.१,७०,०००।– वार्षिक मालपोत उठ्ने अनुमान लगाइएको छ।

यस जिल्लामा भूमि प्रशासन लागू हुनु अगाडि सो मालपोत उठ्ती तालुकदारी प्रथाबाट हुने गरेको थियो। सो तालुकदारहरूको संख्या जिल्लाको विभिन्न थुमहरूमा यस प्रकार भएको पाइन्छः–

क्षेत्र	थुम मौजा संख्या	तालुकदार संख्या
माइपारपट्टि	१२७	८२०
इलामपट्टि	३०	४७६
पुवापारपट्टि	२१	३१०
फाकफोकपट्टि	५०	५३३
जम्माः–	२२८	२,१३६

तर भूमि प्रशासन लागू भएपछि सो तालुकदारी प्रथा खारेज भई भूमि प्रशासनको लगत अनुसार कोष तथा तहसील कार्यालयबाट मालपोत असूल गर्ने व्यवस्था भएकोछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन

यस जिल्लामा अझसम्म पनि करीब ८५ प्रतिशत स्थानीय मल नै प्रयोग गरिने कुरा पहिले नै उल्लेख गरिसकिएकोछ। यस निमित्त पशुपालनको ठूलो महत्व रहेको स्पष्ट हुन आउँछ। यस जिल्लाका निवासीहरूले गाई, भैंसी, गोरु, राँगो, बाख्रा, सुंगुर आदि पाल्दछन्। तिनीहरूमा गाई र भैंसी दूधको लागि, गोरु जोत्नको लागि खसी, बाख्रा, सुंगुर खानको लागि प्रयोग गरिन्छन्। श्री ५ को सरकारको कृषि विभागको सहयोगबाट पशुहरूको नशल सुधार गर्ने काम पनि भइरहेको छ। उन्नत जातका कुखुरा,माछा, राँगा, गोरु, बाख्रा आदि यहाँका किसानहरूलाई वितरण गरिन्छ। यस्ता उन्नत किसिमका पशुपालन खास गरी फुटुक, नामसालिङ, बरबोटे, नयाँ बजार, माघे सुन्तले,जीतपुर, खान्द्रुङ क्षेत्रमा प्रचलित भएको पाइन्छ।

यस जिल्लामा एउटा पशु चिकित्सालय पनि छ। त्यसको स्थापना २०१९ सालमा भएको हो। यहाँ उपचार गराउन सबै किसिमका पशुहरू ल्याइन्छन्। २०२९ सालमा मात्र ७,७९८ पशुहरूको उपचार गरिएको थियो। उपचारको साथै पशु रोग नियन्त्रण गर्ने कार्यक्रम पनि चलाइएको छ। त्यसमा खासगरी रानीखेत, हेमुरेजिक, सृप्टिसियम आदिको रोकथामको लागि कार्यक्रम सञ्चालन गरिएको छ।

फलफूल

यस जिल्लामा मुख्यतः सुन्तला र नास्पाती पाइन्छ। यस अतिरिक्त आँप, अम्बा, कटहर, स्याउको खेती पनि गरेको पाइन्छ। कृषि प्रसार कार्यक्रम अन्तर्गत स्याउ, आरू, लिचीको खेती बढ्दै गएको छ। जौवारी कृषि फार्ममा हाल ५,००० स्याउका बिरूवा लगाइएको छ, तर त्यसमा स्याउ फल्न थालेको छैन।

नगदे बाली

यस जिल्लामा चिया आलु, र अलैंचीको नगदे बाली हुन्छ। चिया खेतीले उद्योगको रूप लिइसकेकोले यसबारे "उद्योग" शीर्षकमा विस्तृत चर्चा गरिएको छ। आलुको खेती खासगरी जिल्लाको पूर्वी भागमा हुन्छ। कृषि विभागको आँकडा अनुसार यस जिल्लामा २०२७।२०२८ सालमा १४,००० मेट्रिक टनभन्दा धेरै आलु उत्पादन भएको थियो। तर २०२९।३० सालमा आएर सो उत्पादन १३,८६० मे.ट. भएकोले घट्न गएको देखिन्छ। जबकि आलु लगाइएको क्षेत्र त्यस बीचमा २,०५० हेक्टरबाट २,२०० हेक्टर बढेको देखिन्छ। यसको मुख्य कारण आलुमा रोग लागेकोले हुन सक्दछ।

आलुमा लागेको कीटाणु नाश गर्न जौवारीमा रहेको इलाम आलु विकास केन्द्रले प्रयत्न गरिरहेको छ। जौवारीको कृषि फार्म आलुको उन्नत खेती गर्नको लागि नै स्थापित भएको हो। तर हालै यसको क्षेत्र व्यापक गरिएको छ र स्याउ, तरकारी इत्यादिको प्रयोगात्मक खेती पनि हुन्छ। तैपनि विशेष ध्यान आलु उत्पादनमै दिइएको छ र यहाँ वर्षेनी २०० मे.ट. उत्पादन गर्ने लक्ष्य राखिएको छ। यहाँबाट हाल आलुको विक्री वितरण हुन थालेको पनि छ। यस जिल्लाको आलु खासगरी भारतमा निकासी गरिन्छ।

अर्को मुख्य नगदे बाली अलैंची हो। यो करीब १,२५० हेक्टर जमीनमा लगाइन्छ तर, यसको उत्पादनको परिमाण थाहा हुन सकेको छैन। यो खासगरी निजी क्षेत्रमा लगाइन्छ र यसलाई प्रोत्साहन दिन मेची

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुल कोषबाट यस जिल्लामा मात्र रू. २ लाख ऋण प्रदान गरिएको छ। उता कृषि विकास बैंकबाट अलैंची खेतीको विस्तार गर्न संस्थागत ऋण जम्मा रू. १,७५,०००।– र व्यक्तिगत रूपमा रू. ५,००,६३९।– दिइएको छ। यो पनि एक निकासी वस्तु हो र भारतमा नै विशेष गरी निकासी हुने गरेको छ।

कृषि ऋण

यस जिल्लामा कृषि ऋणको ठूलो आवश्यकता देखिन्छ। सो ऋण किसानहरूलाई खाद्यान्न र नगदे बालीको बीउ खरीद गर्न, गाई गोरु किन्न, बाली-नालीमा लागेको रोग निवारण गर्न, फलफूल खेती लगाउन, पशुपालन गर्न चाहिने गर्दछ।

प्रायः सो ऋण किसानहरूलाई स्थानीय स्रोत अर्थात् स्थानीय साहू महाजनबाट प्राप्त हुन्छ। किसानहरूले ब्याज नलाग्ने ऋण पनि प्राप्त गर्दछन् र त्यसलाई दादनी भन्ने चलन छ। यस चलन अनुसार किसानले आफ्नो खेत बारीको बाली नपाक्दै त्यसको मूल्य तोकी साहूलाई बेच्दछ र त्यस बापतमा पेश्की पाउँछ। यसरी पेश्की ऋण दिंदा साहूले धेरै कम मूल्य तोक्दछ र किसानलाई सारै ठूलो नोक्सान सहनु पर्ने हुन्छ। उदाहरण स्वरूप किसानले एकमन अलैंचीको बजार भाउ अनुसार रू. ६००।– पाउनु पर्नेमा सो बाली तयार हुनुभन्दा अगाडि नै साहूले धेरैमा रू. ३००।– मा किनीसकेको हुन्छ। यसैगरी किसानहरूले प्रतिसेर घिउमा बजार भाउभन्दा दुई–तीन रूपैयाँ कम मोलमा दिई साँवा काट्दै जाने शर्तमा पनि ऋण प्राप्त गरेका हुन्छन्। यसरी ऋणको आवश्यकताबाट किसानहरूको शोषण भइरहेको देखिन्छ।

यसप्रकारको आर्थिक शोषण हुन नदिनको लागि श्री ५ को सरकारले यस जिल्लामा सहकारी कार्यक्रम २०१६ सालदेखि चलाई आएको छ। सो कार्यक्रम सञ्चालन भएको १० वर्षभित्र ६७ वटा सहकारी संस्थाहरू खोलिएको र ती संस्थाहरू मार्फत जम्मा रू. ६,२७,२१३।– कृषि ऋण वितरण भएको थियो। तर यस व्यवस्थाबाट किसानहरूलाई जति लाभ हुनुपर्नेहो उति हुन नसकेकोले २०२६ सालदेखि श्री ५ को सरकारले चारवटा संस्थाहरूलाई छानेर नमूनाको रूपमा सञ्चालन गरिरहेको छ। उक्त चार निर्दिष्ट सहकारी संस्थाहरू आइतबारे, मंगलबारे, बरबोटे र इलाममा छन्।

पहिलो तीन सहकारी संस्थाहरूको कुल सदस्य संख्या ८४८ पुगेको छ र शेयर पूँजी रू. १४,४५२।– असूल भइसकेको छ। यी संस्थाहरूले २०२९।३० मा आफ्ना सदस्यहरूलाई रासायनिक मल, कीटाणुनाशक औषधि, बीउ आदि खरीद गर्न नगदी र जिन्सी मिलाई जम्मा रू. १,७७,३१५।– र आर्थिक वर्ष २०३०।३१ को पुस महीनासम्ममा रू. २,०२,७७५।– ऋण स्वरूप वितरण गरिसकेका छन्। इलामस्थित सहकारी बिक्री तथा ऋण संघ लि. को सदस्य संख्या ३३ र शेयर पूँजी रू. ३,५००।– छ। २०२० सालमा शुरू गरिएको यस संघले आफ्ना सदस्यहरूको अतिरिक्त जिल्लाका अरू सहकारी संस्थाहरूलाई पनि सहयोग पुऱ्याउँछ।

यी चारैवटा संस्थाहरूले कृषि विकास बैंकबाट उपलब्ध गराइएको रकमबाट जम्मा रू. २,८५,९३५।– वितरण गरेका छन्। सो रकममध्ये अलैंची खेती विस्तार गर्नको लागि रू. १,७५,०००।–, अलैंची बेच बिखनको लागि रू. २५,०००।–, धान खेतीको लागि रू. २०,३३४।–, मकै खेतीको लागि रू. १०,६५७।– र उपभोक्ता भण्डारको लागि रू. ५४,९४४।– गएको छ।

कृषि ऋण उपलब्ध गराउनेमा कृषि विकास बैंकको ठूलो देन देखिन्छ। २०२६ सालदेखि शुरू भएको यस बैंकको उप-शाखाले कृषि उद्योग, कृषि व्यवसाय, कृषि उत्पादनको खरीद बिक्री सञ्चालन गर्ने कार्यको लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा रू. ६,२०,६६०।–ऋण दिएको छ। यसमध्ये संस्थागत ऋण रकम रू.२,६२,०५१।– छ। बाँकी व्यक्तिगत रूपमा गएको छ। यस ऋण सुविधाबाट बारवटा संस्थाहरूले र ३३६ जन। व्यक्तिहरूले फाइदा उठाइएका छन्।

वि. सं. २०२३ मा भूमिसुधार कार्यक्रम लागू भएदेखि यस जिल्लामा जम्मा रू. १५,५६,८६८।–को ऋण निश्चित गरिएको छ। सो मध्ये रू. १२,४९,९०८।- साहूलाई तिर्न नपर्ने गरी किसानले मिनाहा पाएका छन्।

यसै गरी यस जिल्लामा २२,८९१ जना मोहीहरूले आफ्नो मोहियानी हक प्राप्त गरेका छन्। यसबाट मोही बेदखलीको समस्या नगण्य नै देखिन गएको छ।

अनिवार्य बचत कार्यक्रम अन्तर्गत यस जिल्लामा नगदमा रू. १,२६,९३६।– र जिन्सीमा ५,९४५ मुरी र १४७ मन जम्मा भएको छ। त्यस बचत सङ्कलनबाट तत्कालीन बचत संस्थानमा रू. १,६६,७५९।–जम्मा हुन गएको छ। यसको साथै किसानहरूलाई खाद्य संकट सामना गर्न र कृषि उत्पादन वृद्धि गर्न यसै बचत रकमबाट रू. १,०१,५१७।– ऋण गएको छ।

सिचाइ

यस जिल्लामा सिचाइको कुनै ठूलो योजना छैन। तर स्थानीय जनता र सरकारी सहयोगद्वारा स-साना कुलोहरू परम्परादेखि चलिरहेका छन्। यस्ता कुलोहरू वर्षायाममा राम्ररी चालू भएको पाइन्छ। गोलाखर्क, बाझरूङ, जमुना, नामसालिङ, मलाते, लुम्दे आदि गाउँ पञ्चायतमा भएका यस्ता कच्ची कुलोहरू उल्लेखनीय छन्। सन् १९६७।६८ मा यस जिल्लामा १७० हेक्टर जमीनमा सिचाइ भएको देखिन्छ। अँधेरी खोलामा एउटा लप्पु सिचाइ योजना कार्यान्वित गर्ने श्री ५ को सरकारको कार्यक्रम छ र यसको लगत इष्टिमेट तयार भइसकेको पनि छ।

उद्योग

कृषिमा आधारित धेरै किसिमका उद्योगहरू यस जिल्लामा चलिरहेका छन्। स-साना रूपमा आफ्नो फुर्सदको समयमा घरेलु उद्योगमा लागेका मानिसहरूलाई छाडेर पूर्णरूपेण औद्योगिक उत्पादनमा संलग्न रहेका मानिसहरू यस जिल्लामा जम्मा ७८५ जना देखिन्छन्। रोजगारीमा लागेको कूल संख्या (५९,७४४) को यो १.३ प्रतिशत मात्र देखिन्छ। तर चिया उद्योगमा लागेका मजदूरहरूको संख्या यसमा समावेश गर्दा सो प्रतिशत अलि बढी हुन आउँछ।

यस जिल्लाको सबभन्दा पुरानो र ठूलो उद्योग चिया नै हो। नेपाल अधिराज्यमा चिया उद्योग यसै जिल्लामा पहिलो पटक स्थापित भएको र फष्टाएको पनि हो। हुन त इलाममा एकसय वर्षभन्दा अगाडि, सम्वत् १९२२ अर्थात् ई. सन् १८६६ देखि नै चियाको खेती शुरू गरिएको हो। तर श्री ५ को सरकारको स्वामित्व भएको चिया विकास कर्पोरेशनले ठूलो स्तरमा इलाममा चिया खेती प्रारम्भ गरेको केही वर्ष मात्र भयो।

यस जिल्लाको इलाम र सोक्तिम कमानहरू सबभन्दा पहिले श्री हर्कजङ्ग थापाले लगाएका थिए।[1] त्यसबखत गजराजसिंह थापा इलामका बडाहाकिम थिए। यिनको ४६ वर्षको कार्यावधिमा इलामको चार ठाउँ-

[1] ने चि.वि.क. को प्रोजेक्ट रिपोर्ट, १९७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा (सोक्तिम कमान, इलाम कमान, लोदिया कमान र विजयपुरको मालढुङ्गा कमान) चिया लगाइएको थियो। त्यसमा जङ्गवीर सिंहको ठूलो हात थियो र यिनको आफ्नो जग्गा समेत गरी लगभग (२०० एकड) जमीनमा चिया खेती गरिएको थियो। यिनले चिया कमान विस्तार गर्ने सिलसिलामा सोक्तिम र लोदियामा करीब (४०० एकड) जमीनमा चिया लगाए। त्यसबेला चिया खेती हिस्सेदारीमा चलिरहेको थियो र सो व्यवस्था चल्न सकेन। चिया खेती चलाई राख्न सम्पूर्ण व्यवस्था सरकारलाई सुम्पियो तर सरकारले पनि राम्रो ध्यान नदिंदा बाँझो रह्यो। त्यसपछि दार्जीलिङ्गबाट आएका कुलमान गुरुङ, लाल सिंह सुब्बाहरूले दुई–तीन वर्ष सो खेती सञ्चालन गरे तर तिनीहरू पनि सफल हुन सकेनन्। त्यसपछि जंगवीरका छोरा श्रीमान सिंहले १० वर्ष सम्म सञ्चालन गरेपछि रामसिंह सुब्बा, मोहनमान शेरचन्द र हीरालाल अग्रवाल आदिले क्रमैसित ठेक्कामा काम चलाए। मोहनमान शेरचन्दको समयमा २००७ सालको क्रान्ति भयो र उनले छाडेर गए। त्यस बीचमा करीब दुई वर्षजति इलाम गौंडाको रेखदेखमा सो चिया कमानहरू रहेका थिए।

नेपाल चिया विकास कर्पोरेशन

सन् १९६४ मा नेपाल चिया विकास कर्पोरेशन स्थापित भयो र यसले यस जिल्लामा मुख्य मुख्य चिया बगानहरू आफ्नो अधीनमा लिएर सञ्चालन गर्न थाल्यो। यस संस्थानको अधिकृत पूँजी रू. ५० लाख छ र चालू पूँजी रू. १० लाख छ। तर यस संस्थानको कार्य विस्तार हुँदै गएकोले सन् १९७३ सम्ममा श्री ५ को सरकारले रू. एक करोड लगानी गरिसकेकेको देखिन्छ।

यस संस्थानले यस जिल्लामा निम्नलिखित चिया बगानहरू सञ्चालन गर्दछ र ती बगानहरूको क्षेत्रफल र उत्पादन तथ्याङ्क यस प्रकार छः–

* चिया बगान	क्षेत्रफल (हेक्टर)	उत्पादन हालको	(मे. ट.) क्षमता	कैफियत
इलाम	१०३	११.०	२२.५	निर्यात योग्य
सोक्तिम	१३९	६.२	५५.६	स्थानीय खपत
कन्याम	४५०	—	११२.५	निर्यात योग्य

चियाको कुल उत्पादनको एक तिहाई माथि उल्लेखित दुई चिया बगानहरूले गरेको देखिन्छ। तर चियाको खेती यसै संस्थानद्वारा झापा र इलाम जिल्लामै विस्तार गर्दै लगिएको र निजी क्षेत्रमा पनि सो खेती बढ्दै गएकोले सो अनुपात घट्न जाने देखिन्छ।

इलाम जिल्लाका तीन चिया बगान, झापा जिल्लाका तोक्ला र बारादशी चिया बगान र निजी क्षेत्रमा रहेका चिया बगानहरूको कुल क्षेत्रफल ४,५९२ हेक्टरमा २०३० मा ३२.२ मे. ट. मात्र उत्पादन भएको थियो तर यसको उत्पादन क्षमता १,४९५.६ मे. ट. छ। यसमध्ये स्थानीय खपतयोग्य चिया २१.२ मे. ट. र निर्यात–योग्य चिया ११.० मे. ट. उत्पादन गरिएको थियो। पूरा क्षमतामा उत्पादन हुन थालेपछि स्थानीय खपतको १,३६०.६ मे. ट. र निर्यातयोग्य १३५ मे. ट. उत्पादन हुनेछ।

* कृषि विकास योजना (परिशिष्ट), भाग २, पृष्ठ १७ (मसौदा कापी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विगत सात–आठ वर्षको चिया खपतको तथ्याङ्कबाट प्रतिव्यक्ति प्रतिवर्ष करीब १५ प्रतिशतले चियाको खपत वृद्धि हुँदै आएको देखिन्छ। भविष्यमा १५ को बदला १० प्रतिशत मात्र वृद्धि लिएर आवश्यकताको अनुमान गर्दा निम्न बमोजिम देखिन्छ।

वर्ष	जनसंख्या (लाखमा)	ग्राम प्रति व्यक्ति	कुल आवश्यक चिया (मे. ट.)	मूल्य रू. हजारमा
०२७।२८	११५	६०	७००	६,४५०
०३१।३२	१२५	८१	१,०२५	१३,८३६
०३६।३७	१३६	११६	१,६५१	२२,२८२
०४१।४२	१५५	१५५	२,४१७	३२,६२४
०४५।४६	१७१	२२७	३,८९२	५२,५४१

उपर्युक्त तालिका अनुरूप दुवै चिया बगानको क्षमता अनुसार उत्पादन गरे तापनि १,३६० मे. ट. मात्र उपलब्ध हुन सक्ने देखिन आउँछ। अरू थप आयोजनाको अभावमा २०३६।३७ मा करीब २९० मे.ट. चिया आयात गर्नु पर्ने देखिन्छ।

चिया अतिरिक्त यस जिल्लामा संगठितरूपमा सूती कपडा बुन्ने, छाला जुत्ता सिउने, कुखुरा पाल्ने, चामल, मैदा र तेल कारखाना, छापाखाना, दूध प्रशोधन गर्ने, साबुन बनाउने, क्यूरियो बनाउने, सुंगुर पाल्ने आदि उद्योगहरू चलिरहेका छन्। यी उद्योगहरूलाई इलाम स्थित अञ्चल घरेलु उद्योग केन्द्रले प्राविधिक सल्लाह र सहायता पुर्‍याइरहेको छ। यी उद्योगहरूको लागि केही कच्चा माल भारतबाट पैठारी गर्नु परे तापनि धेरैजसो जिल्लामै प्राप्त हुन्छ। यी उद्योगहरूमा उत्पादित माल सामानहरू प्रायः स्थानीय बजारमै खपत हुने गरेको छ। यस जिल्लाको अन्तःशुल्क खासगरी इलाम स्थित एउटै धान कुट्ने, पीठो पिस्ने र तेल पेल्ने "रत्न मिल" र अरू मद भट्टी ठेक्काबाट उठ्ती हुने गर्दछ। सो कर यस जिल्लामा अन्तःशुल्क कार्यालय नभएकोले झापा स्थित कार्यालयले उठाउने गर्दछ। सो कर २०२६ देखि २०३० सालसम्म यस प्रकार छः–

मदभट्टीबाट उठेको रू.	१,०६,८५७।
उत्पादनबाट उठेको रू.	१,०००।
जम्मा रू.	१,०७,८५७।

यस अतिरिक्त असंगठितरूपमा सञ्चालित घरेलु उद्योगहरू निक्कै छन्। यस्ता उद्योगहरूमा मौरी पालन, डोको, डाला, नाम्ला बुन्ने, राडीपाखी बनाउने, भाँडा बनाउने, गलैंचा बुन्ने, सूती कपडा बुन्ने, ढाका टोपी बुन्ने, पानी घट्ट चलाउने, जुत्ता सिउने आदि उल्लेख गर्न सकिन्छ। यी उत्पादित चीज-बीजहरू पनि स्थानीय बजारमा बिक्री वितरण गरिन्छन्।

जिल्लाको प्राकृतिक सम्पदा र कच्चा पदार्थलाई दृष्टिमा राखी अञ्चल घरेलु उद्योग केन्द्रले एउटा औद्योगिक सम्भाव्यता सर्वेक्षण गरेको छ। यस अनुसार तलका उद्योगहरू फष्टाउने सम्भावना देखिन्छ- बेतबाँस, दूध प्रशोधन, फलफूल उद्योग, मौरी पालन, राडी पाखी बनाउने, कागज, साबुन उद्योग इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार

यो जिल्लाको आर्थिक अवस्थामा व्यापारले ठूलो भूमिका खेलेको छ । जिल्लाको विभिन्न स्थानहरूमा प्रत्येक हप्ता लाग्ने हाट बजार र स्थायी बजारले जिल्लाको आन्तरिक व्यापारको महत्व दर्शाउँछ भने भारतसित हुने व्यापक निकासी र पैठारी व्यापार र समुद्रपारका देशहरूसमेतसित हुने चिया र अलैंची व्यापारले नेपालको अन्तर्राष्ट्रिय व्यापारलाई बढ्दो सघाउ पुऱ्याएको कुरा सावित गर्दछ । यसरी एकातिर यस जिल्लाले श्री ५ को सरकारको भन्सारबाट हुने आम्दानी बढाएको छ भने अर्कोतिर विदेशी मुद्रा कमाउने एउटा स्थायी स्रोत र आधार पनि खडा गरेको छ ।

यस जिल्लाबाट मुख्य मुख्य निकासी हुने वस्तुहरू निम्न छन्:– आलु, घिउ, तमाखु, अलैंची, सुर्तीपात, भेडा बाख्रा, केराउ, सनपाटको नाम्लो, सुंगुर, जरीबूटी, कुचो, बाँसबाट बनेका माल सामान र चिया ।

पैठारी हुने सामानहरूको नामावली यस प्रकार दिन सकिन्छ – नून, प्याज, दाल, टेमाछुवा (खुंदो), मट्टितेल, सूती कपडा, तोरी, तिल, साबुन, बिस्कुट, चियापत्ति, जुत्ता, मसला, पीठो, काँचो धागो, सुपारी र पानको पात ।

यस जिल्लाबाट निकासी पैठारी हुने ठाउँहरूमध्ये दक्षिणमा झापा जिल्लाको शनिश्चरे र पूर्वमा भारतको सीमानामा रहेका पशुपतिनगर, मानेभञ्ज्याङ, जौबारी, तुम्लिङ आदि हुन् । यस अलावा भारतसितको सीमाना खुला भएकोले अरू ठाउँहरूबाट पनि मालसामान जाने-आउने गर्दछ ।

यस जिल्लाको व्यापारिक अवस्था भन्सारबाट हुने आम्दानीबाट पनि अनुमान लगाउन सकिन्छ । पशुपतिनगरको मूल भन्सार र यस अन्तर्गत रहेका आठवटा छोटी भन्सारहरूबाट सालवसाली भएको आम्दानी यस प्रकार छः–

भन्सार	२०२७।२८	२०२८।२९	२०२९।३०
पशुपतिनगर	रू. २,१५,०२०।	१,७०,५८७।	१,९७,८०८।
मानेभञ्ज्याङ	रू. २,११,६०५।	२,४३,२५७।	२,५४,७५१।
तुम्लिङ	रू. १७,४३२।	१७,५५०।	२०,४४७।
हिले	रू. २२,७२४।	१५,७४३।	१०,८२८।
छिरूवा	रू. ३,७५२।	४,८२७।	८,२५१।
च्याङथापु	रू. १०,२८०।	११,४७६।	१३,७३४।
भेमेङ	रू. १०,९३९।	६,८७९।	६,२८७।
बन्दुके	रू. १,८१९।	१,२३६।	१,३८३।
माई मझुवा	रू. १,३१७।	१,४५०।	१,१९२।

यसबाट पशुपतिनगर मूल भन्सार भएर अरू सबै छोटी भन्सार भए तापनि मानेभञ्ज्याङ भन्सारको आम्दानी बढ्दै गई पशुपतिनगरकोभन्दा बढी भएको देखिन्छ । अर्को कुरा तुम्लिङ, छिरूवा र च्याङथापु भन्सारको आम्दानी बिस्तारै बढ्दै गएको देखिन्छ भने हिले र भेमेङको आम्दानी त्यसैगरी घट्दै गएको देखिन्छ । अरू ठाउँबाट हुने आम्दानी सामान्यहरूपले कहिले घट्ने र कहिले बढ्ने गरेको पाइन्छ ।

भारत र समुद्रपारका देशहरूसित भएको निकासी र पैठारी व्यापारबाट भएको भन्सारको आम्दानी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को अलग अलग विवरण दिन पनि सकिन्छ। विभिन्न वस्तुहरूमा विभिन्न किसिमले निकासी र पैठारी भन्सार महसूल लाग्ने भएकोले यसबाट विनिमय गरिएको खास परिमाण र मूल्य थाहा पाउन नसकिए तापनि साधारणतः निकासी पैठारी घट्दै बढ्दै अथवा यथावत् रहेको कुरा अनुमान लगाउन सकिन्छ। अतः विगत चार वर्षको यस सम्बन्धी उपलब्ध तथ्याङ्क यस प्रकार छ :–

		२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
भारतमा निकासी	रू.	१,७२,४०९।	१,१४,८०६।	६७,४६६।	१,१८,४२६।
भारतबाट पैठारी	रू.	१,२१,२६७।	१,३३,७१३।	१,४५,३६३।	१,४८,९४२।
समुद्रपारनिकासी	रू.	३,८३८।	२१,०४४।	३२,८७९।	१४,१०५।
समुद्रपारबाट पैठारी	रू.	१५,८८८।	२६,५३२।	५,७४०।	–

यस तालिकाबाट भारतबाट यस जिल्लामा आयात गरिएको सामान उपर लगाइएको भन्सार रकम २०२६।२७ सालमा बाहेक त्यसपछिको अरू वर्षमा भारतमा यस जिल्लाबाट निर्यात गरिएको सामानबाट उठेको भन्सार रकमभन्दा बढी देखिन्छ। अर्को कुरा भारतबाट पैठारी गरिएको सामानबाट उठ्ती भएको महसूल रकम प्रतिवर्ष बढ्दै गएको छ। तर भारतमा निकासी गरिएको सामानबाट उठ्ती भएको भन्सार रकम २०२६।२७ देखि २०२८।२९ सालसम्म घट्दै गएको छ र २०२९।३० सालमा केही बढेको छ। समुद्रपारका देशहरूसित भएको निकासी तथा पैठारी व्यापारबाट उठेको भन्सार रकम कुनै निर्देशित रूपले घटेको अथवा बढेको देखिन्न। यस स्रोतबाट उठेको रकम पशुपतिनगर मूल भन्सारबाट मात्र उठ्ती भएको पाइन्छ।

यस जिल्लामा व्यापारमा लागेका मानिसहरूको संख्या ४१३ छ। त्यसमध्ये १९३ जनाले आयकर तिर्ने गर्दछन्। आयकर तिर्नेहरूमा ३२ जना कर्मचारी र ५४ जना किसानहरू पनि छन्। यसरी करदाताहरूमध्ये व्यापारीहरू ६९ प्रतिशत छन्। कर्मचारी र किसानहरूको आम्दानीको स्रोतमा प्रतिवर्ष ठूलो परिवर्तन नआउने भएकोले जिल्लामा उठेको आयकर रकमको हेरफेरमा व्यापारीहरूकै उन्नति अथवा अवनतिको अवस्था देखिन आउँछ भन्नुमा अत्युक्ति नहोला। इलामको शाखा कर कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार यस जिल्लामा आयकरको उठ्ती निम्न प्रकारले भएको छः–

वर्ष		२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
रकम	रू.	६२,६५७।	५२,१६४।	५६,८२३।	७६,३६१।

यसबाट २०२६।२७ माभन्दा २०२७।२८ र २०२८।२९ सालमा आयकर घट्न गएको देखिन्छ र २०२९।३० सालमा आएर एकैचोटी करीब रू. २०,०००।– बढ्न गएको छ। २०२७।२८ सालदेखि यता दृष्टिगत गर्दा आयकरबाट उठेको रकम यस जिल्लामा बढ्दै गएको छ।

आयकर तिर्नेहरूमा खासगरी दुईतिहाई व्यापारीहरू भएकोले यस जिल्लामा उठेको बिक्री करको रकममा आएको हेरफेर आयकरसित मिल्न आएको छ। आयकर रकममा जस्तै बिक्री कर पनि २०२६।२७ को तुलनामा त्यसपछिको दुई वर्षसम्म घटेकोछ र २०२७।२८ सालदेखि सो रकम बढ्दै गएको पनि छ। सो कुरा तल दिइएको बिक्री कर सम्बन्धी विवरणबाट स्पष्ट हुन्छः–

वर्ष	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
	रू. ११,४२७।	९,६६४।	९,९३६।	१०,३२४।

यहाँको व्यापार मुख्यतः मारवाडी र नेवारहरूको हातमा रहेको देखिन्छ। भारतबाट व्यापारको लागि आई यस जिल्लामा बसोबास गरेका मारवाडीहरूको संख्या लगभग दुई–तीन सय भएको अनुमान गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। २०२८ सालको जनगणना अनुसार यस जिल्लामा जम्मा १८० भारतीयहरू भएको पाइन्छ। जसबाट धेरैं-जसो भारतीय व्यापारीहरूले नेपाली नागरिकता प्राप्त गरिसकेकोकुरा देखिन आउँछ। यस जिल्लाको व्यापारिक क्षेत्रमा आजकल तिब्बती शरणार्थीहरू पनि देखापर्न लागेका छन्। यिनीहरूको संख्या करीब एक सय भएको अनुमान लगाइएको छ र यिनीहरू खासगरी जौबारीमा बसेर आफ्नो धन्धा चलाउँछन्। व्यापारको सिलसिलामा यिनीहरू जिल्लाको मुख्य मुख्य बजारमा जाने आउने पनि गर्दछन्।

बैंक

यस जिल्लामा स्थापना गरिएका बैंकहरूले यहाँको व्यापार तथा कृषि उत्पादनलाई सहयोग पुऱ्याएका छन्। यहाँ नेपाल राष्ट्र बैंक, नेपाल बैंक र कृषि विकास बैंकका शाखाहरू रहेका छन्। नेपाल राष्ट्र बैंकको प्र-शाखा इलाम बजारमा र यसको सटही काउण्टर पशुपतिनगर र मानेभञ्ज्याङमा रहेका छन्। नेपाल बैंक र कृषि विकास बैंकको उप-शाखाहरू इलाम बजारमै रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

इलाम जिल्लामा बाटोघाटोको राम्रो सुविधा छ। पहाडी इलाका भए तापनि मोटर चलन सक्ने बाटोहरू बनेका छन्। जिल्लाभित्र घोडेटो गोरेटोको जाल बिछिएको छ भने पनि हुन्छ। यस जिल्लाबाट छिमेकी जिल्लाहरू र भारत जान पनि उत्तिकै सुविधा भएको पाइन्छ। यसको दक्षिणमा रहेको झापा जिल्ला र यसको पूर्वमा स्थित भारतीय इलाका पस्नलाई मोटरको प्रयोग गर्न सकिन्छ। यसरी मोटरबाट ती ठाउँहरूमा आउन जान सकिने सडकहरू पनि दुई–तीनवटा छन्।

यस जिल्लामा निर्माण भएका धेरैजसो सडकहरू स्थानीय जनश्रमदानद्वारा बनेका हुन्। यस जिल्लामा यस्ता चक्रेटोको लम्बाइ करीब १५२ किलोमिटर (४७ कोस) पुगेको छ। यी सडकहरूमा प्रायः हिउँदमा मात्र मोटर चलन सक्ने भए तापनि यति लामो सडक श्रमदान र स्थानीय सहयोगद्वारा बनाउनु सराहनीय कुरा हो। जिल्लामा मोटर चल्ने बाटोहरू निम्न प्रकार छन्:–

इलाम–शनिश्चरे बाटो

यो करीब ४८ किलोमिटर (१५ कोस) लामो छ। यो बाटोले यस जिल्लाको सदरमुकामलाई झापा जिल्लाको शनिश्चरेसित जोडेको छ। यो जिल्लाको सबभन्दा पुरानो र सबभन्दा चालू बाटो पनि हो। यो बाटो चिसापानी हुँदै कहिले डाँडा र कहिले खोलाको तीर भएर गएको छ। उपयुक्त प्राविधिक सल्लाह र निर्देशनमा नबनेकोले यो बाटोमा अत्यधिक चढाइ र उतराइ भएको पाइन्छ। तर तराईबाट इलाम पुग्न यो बाटो सबभन्दा सोझो र छोटो पर्दछ। राजदुवालीमा पुल बनिसकेकोले यो बाटोबाट वर्षा याममा पनि आउन जान सकिन्छ। यो बाटो चालू स्थितिमा छ।

इलाम–बुधवारे बाटो

यो करीब ५५ कि. मि. (१७ कोस) लामो छ र इलामबाट यो राजदुवाली–गोदक–आइतबारे-फिक्कल–कन्याम–बुधबारे हुँदै महेन्द्र राजमार्गको चारआलीमा जोडिन्छ। यसले इलाम र झापा जिल्लाहरूलाई जोड्नुको साथै जिल्लाको अरू भागभन्दा विकसित र आलु र अलैंचीको उत्पादनको बढी क्षमता भएको पूर्वी इलामको माईपारको इलाकालाई इलाम बजारसित जोड्दछ। यसै इलाकामा कन्यामको नयाँ चिया बगान पनि पर्दछ। इलामबाट यो बाटो राजदुवालीतिर माई नदीमा झरेकोछ र त्यहाँबाट फिक्कलसम्म पूर्वतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र त्यसपछि दक्षिणतिर डाँडै डाँडा भएर गएको छ। ताप्लेजुङ्गदेखि झापासम्म उत्तर–दक्षिण मूल बाटोको एक भाग भएर रहने भएकोले यो बाटोले यस जिल्लामा प्राथमिकता पाएको छ र अन्ततोगत्वा यो यहाँको मुख्य बाटो हुने भएको छ।

राजदुवालीको पुल यस बाटोको सबभन्दा ठूलो पुल हो। यस पुल बन्नमा जनश्रमदान लाग्नुको साथै श्री ५ को सरकारबाट रू. १,२२,०००।– लगाइएको छ। यो पुलको लागि माल ढुवानी गर्न र इलाम–बुधबारे बाटोसित जोड्न इलाम–शनिश्चरे सडकमा पर्ने सतरे भन्ने ठाउँबाट राजदुवालीसम्म एउटा करीब १३ किलो मिटर (चार कोस) लामो बाटो बनाइएको छ। यो सानो बाटोले आइतबारेबाट फिक्कल र त्यसभन्दा दक्षिण-तिरको बाटो मर्मत र निर्माण गर्न ठूलो सघाउ पुन्याएको छ।

इलामदेखि आइतबारे–फिक्कलसम्मको बाटो मर्मत गरी मोटर चलाउन सकिने बनाउन श्री ५ महाराजाधिराज वीरेन्द्रबाट निर्देशन बक्सेअनुसार सो कार्य २०२९ सालको मंसीर महीनामा सम्पन्न भएको थियो। यसको लागि मेची पुल कोषबाट रू. १०,२०,०००।– गएको थियो। त्यसपछि जनश्रमदान र चन्दाबाट फिक्कलदेखि चारआली (झापा) सम्म चक्रेटो बनाउन थालिएको छ। यो बाटोको निर्माणमा कन्यामस्थित नेपाल चिया विकास कर्पोरेशनले पनि मद्दत पुन्याएको छ र यो चालू भएपछि सो कर्पोरेशनको उत्पादन तराईतिर ढुवानी गर्न धेरै सजिलो पर्नेछ। यो बाटो हाल कच्ची छ र जीप मात्र जान सक्ने भएको छ।

फिक्कल–पशुपतिनगर बाटो

यो बाटो करीब ११ किलोमिटर (तीन कोस) लामो छ र चालू अवस्थामा छ। यसले जिल्लालाई भारतसित जोड्दछ। पशुपतिनगर सीमानास्थित एक व्यापारिक केन्द्र भएको र यस ठाउँबाट इलाम मोटर लैजान डाँडै डाँडाको बाटो पर्ने भएकोले नेपालमा प्रजातन्त्रको उदय भएको लगत्तै पछि यो बाटो बन्न थालेको हो। २००९ सालदेखि २०१९ सालसम्म पशुपतिनगरदेखि इलामसम्म दिनहुँ मोटर आउने जाने गर्दथ्यो।

इलाम–माईपोखरी बाटो

यो करीब १६ किलोमिटर (पाँच कोस) लामो छ। यो बाटो पनि इलामबाट डाँडै डाँडा उत्तरतिर लागेको छ र बर्बोटे र जसबिरे हुँदै माईपोखरीसम्म पुगेको छ। यो बाटोको अवस्था उति राम्रो देखिन्न तर आवश्यक परेको बेला यसमा जीप चलाउन सकिन्छ।

इलाम–मानेभञ्ज्याङ बाटो

यो करीब ४८ किलोमिटर (१५ कोस) लामो छ। यो घोडेटो नामसालिङ, धाप, गोर्खे भएर मानेभञ्ज्याङ पुगेको छ। यसले पनि यस जिल्लालाई भारतसित जोड्दछ। यो बाटो माईखोला र जोगमाई खोलामा झरेको छ र यसको लागि यी दुई खोलाहरूमा ठूलो पुल राख्नु आवश्यक देखिन्छ। यसको अरू भाग डाँडाबाट नै गएको छ। यो बाटो साधारणतः हिउँदमा चालू गर्न सकिन्छ तापनि यो उति उपयोगमा आएको देखिन्न। तर मानेभञ्ज्याङबाट धापसम्म भने प्रायः मोटर चल्ने गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पेग्मा–जौबारी बाटो

यो करीब ६.६ किलोमिटर (तीनकोस) लामो छ। यसले पनि जिल्लालाई भारतसित जोडेको छ। यसबाट इलामको उत्तरी भागलाई केही लाभ भएको छ। यो बाटो पनि चालू अवस्थामा छ।

इलाम–मंगलबारे बाटो

यो लगभग १९.२ किलोमिटर (छ कोस) लामो छ। यो बाटो चालू अवस्थामा छैन। केही वर्ष अगाडि यो बाटो खनिएको थियो र इलामबाट मंगलबारेसम्म मोटर पुगेको पनि थियो। तर मर्मतको कमीले धेरै ठाउँमा बाटो बिग्रेर गइसकेको छ।

मोटर चल्न सक्ने बाटोको अतिरिक्त इलाम जिल्लामा राम्रा घोडेटा र गोरेटाहरू बनेका पाइन्छन्। जिल्लाको एक भागबाट अर्को भागमा पैदल अथवा घोडा चढेर जानलाई कुनै कठिनाई पर्दैन। यस जिल्लाबाट धनकुटा र पाँचथर जिल्लाहरूतिर जाने अनेक बाटोहरू छन् र ती सुगम पनि छन्।

पुलहरू

चारमाई खोलामा जेलिएको इलाम जिल्लाको यातायात व्यवस्थामा पुलको ठूलो महत्व छ। यसैले यस जिल्लामा साना ठूला धेरै पुलहरू बनेका पाइन्छन्। ती पुलहरूमध्ये मोटर चल्न सक्ने सबभन्दा ठूलो पुल राजदुवालीकै हो। यो पुल जनता र श्री ५ को सरकारको संयुक्त प्रयास र सहयोगबाट बनेको हो। यस जिल्लामा बनेका झोलुङ्गे पुलहरूको निर्माण धार्मिक तथा सामाजिक भावनाबाट प्रेरित विभिन्न व्यक्तिहरूले गरेका हुन्। ती झोलुङ्गे पुलहरूको विस्तृत विवरण यस प्रकार छः–

पुल बनेको नदी र स्थान	पुलले जोडेको बाटो र स्थान	पुल बनाउने व्यक्ति या संस्था
माईखोला कुडुले	शनिश्चरे–इलाम	शम्शेर गिरी
माईखोला	इलाम–माईपार	बडाहाकिम राज शम्शेरको समयमा बनेको
माईखोला	इलाम–जमुना–तुम्लिङ	धनरूप लिम्बू
जोगमाई खोला	इलाम–फिक्कल	रणवीर गुरूङ
जोगमाई खोला	इलाम–गोर्खे–मानेभञ्ज्याङ	बाला गुरुद्वारा चन्दा सङ्कलन गरी बनेको
पुवाखोला	इलाम–साँखेजुङ–पाँचथर	रणवीर गुरूङ
पुवाखोला	इलाम–फुटुक–मंगलबारे	धनराज बस्नेत
पुवाखोला	इलाम–सांरम्जा	काले दमाई
पुवाखोला	इलाम–गोलाखर्क–मानेभञ्ज्याङ–	जिल्ला पञ्चायत र गाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	सोयाक	पञ्चायत
फाकफोक खोला	इलाम–धनकुटा	नरबहादुर लिम्बू
देउमाई खोला	इलाम रवि–धनकुटा	जीतबहादुर थापा
फाकफोक खोला	कोलबोटे ग्राम्चोक	जिल्ला पञ्चायत र गाउँ पञ्चायत
सिंगलप्पा फेदी खोल्सी	धुसेनी–फलाटे	जीतबहादुर र अरू

सञ्चार

यस जिल्लामा जम्मा १५ वटा हुलाकहरू छन् । त्यसमध्ये दुइटा छोटी हुलाक, पाँचवटा शाखा हुलाक र आठवटा अतिरिक्त हुलाक हुन् । ती हुलाकहरू निम्न स्थानमा रहेका छन् :–

छोटी हुलाक – इलामबजार र पशुपतिनगर

शाखा हुलाक – आइतबारे, जमुना, मंगलबारे, रवि र जीतपुर

अतिरिक्त हुलाक– साखेजुङ, आम्चोक, बर्बोटे, नामसालिङ, बौद्धधाम, फिक्कल र चिसापानी

यस जिल्लामा एक वर्षमा कुल डेलिभरी गरिएको चिट्ठी संख्या २,१६,३८७ छ र यहाँबाट पठाइएको संख्या ३,२०,०९८ छ।

सञ्चारको अर्को साधनको रूपमा यस जिल्लामा एउटा आकाशवाणी छ। २०३० सालको अभिलेख अनुसार यस जिल्लाबाट ४,४३५ वटा खबरहरू पठाइएका थिए र ४,४९२ वटा खबरहरू यहाँ प्राप्त भएका थिए। आकाशवाणीमा कुरा गरेको अवधि जम्मा सात घण्टा ५१ मिनेट पुगेको थियो। यो आकाशवाणी अञ्चलस्तरीय हो र यहाँबाट सबै अञ्चलसित सम्पर्क रहने गर्दछ। तर अक्सर यहाँबाट काठमाडौं, विराटनगर, ताप्लेजुङ्ग, फिदिम र झापासित मात्र सम्पर्क रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

साक्षर १६.९ प्रतिशत भएको इलाम जिल्लामा शिक्षाको प्रसार राम्रो भएको देखिन्छ। यहाँ राष्ट्रिय शिक्षा योजना २०३० साल फागुन १ गतेदेखि लागू भएकोछ। यहाँ उच्च शिक्षाका दुई क्याम्पस हुनुको साथै धेरै विद्यालयहरू पनि चलिरहेका छन्। उच्च शिक्षामा यहाँ मानविकी तथा समाज शास्त्र इन्स्टिच्यूट अन्तर्गत महेन्द्र रत्न क्याम्पस र शिक्षा शास्त्र इन्स्टिच्यूट अन्तर्गत इलाम क्याम्पस छन्। तिनीहरूमा क्रमशः डिप्लोमा र प्रमाणपत्र स्तरसम्म पढाइ हुन्छ। महेन्द्र क्याम्पसमा प्रमाणपत्र स्तरसम्म नेपाली, इतिहास, अर्थशास्त्र र नागरिक शास्त्र र स्नातक स्तरसम्म नेपाली, इतिहास, अर्थशास्त्र र राजनीति शास्त्र अध्ययन गर्न सकिन्छ।

२०३१ सालको तथ्याङ्क अनुसार यस महेन्द्र रत्न क्याम्पसमा जम्मा १६२ जना विद्यार्थीहरू छन्। यस क्याम्पसमा १६ जना प्राध्यापकहरूको दरबन्दी छ। त्यसैगरी शिक्षा शास्त्र इन्स्टिच्यूट अन्तर्गतको क्याम्पसमा जम्मा ४७१ जना विद्यार्थीहरू छन। यस क्याम्पसमा जम्मा १६ जना शिक्षक शिक्षिकाहरू छन्।

यस जिल्लामा अरू विद्यालय, शिक्षक र विद्यार्थीहरूको संख्या यसप्रकार छ -

विद्यालय	संख्या	शिक्षक	शिक्षिका	छात्र	छात्रा
माध्यमिक विद्यालय	६	५२	९	८५२	४०६
निम्न माध्यमिक विद्यालय	६	३२	५	४७४	१८१
प्राथमिक विद्यालय	७९	१९८	१५	४,७६१	४८४
जम्मा—	९१	२८२	२९	६,०८७	१,०७१

तर राष्ट्रिय शिक्षा योजना लागू भएपछि यस तालिकामा केही परिवर्तन आएको देखिन्छ। यसर्थ नयाँ तालिका पनि यहाँ दिइन्छः—

विद्यालय	संख्या	शिक्षक	शिक्षिका	छात्र	छात्रा
माध्यमिक विद्यालय	४	२८	१	४५२	१३६
निम्नमाध्यमिक विद्यालय	१९	८८	१२	१,४७९	३७७
प्राथमिक विद्यालय	१६४	३५५	२२	६,३१८	१,९९१
जम्मा—	१८७	४७१	३५	८,२४९	२,५०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका दुई तालिकाहरूबाट राष्ट्रिय शिक्षा पद्धति शुरू भएपछि यस जिल्लामा छात्र छात्रा संख्यामा ठूलो वृद्धि भएको देखिन्छ। यसको साथै यस परिवर्तनले प्राथमिक र निम्न माध्यमिक शिक्षाले बढी प्रोत्साहन पाएको पनि देखिन आएको छ।

२०२८ सालको जनगणना अनुसार छ वर्षभन्दा माथिका १,१५,४०५ जनसंख्यामध्ये जम्मा ८,३१७ जना त्यस साल विभिन्न स्तरका शिक्षण संस्थामा पढिरहेका थिए। तीमध्ये विद्यालयमा ८,१२७ जना र उच्च शिक्षा हासिल गरिरहेका १९० जना थिए। माथिको तालिकामा उल्लेख भएअनुसार २०३० सालमा विद्यालयमा भर्ना भएका विद्यार्थीको संख्या जम्मा ७,१५८ जना देखिएबाट २०२८ सालमाभन्दा २०३० सालमा विद्यालय गइरहेका विद्यार्थीहरूको संख्या अलिकति धट्न गएको देखिन्छ।

वि. सं. २०२८ सालमा विद्यालय बाहिर रहेका जम्मा १,०७,०८८ जना मानिसहरूमा १,०४,०३७ जना मानिसहरू कहिले पनि शिक्षण संस्थामा नगएका छन्। बाँकी ३,०५१ व्यक्तिमध्ये १,४२७ जनाले प्राथमिक, ६८२ जनाले निम्न माध्यमिक, ६८९ जनाले माध्यमिक, १५४ जनाले इन्टरमिडियट, ७६ जनाले स्नातक र २३ जनाले स्नातकोत्तर शिक्षा प्राप्त गरेका छन्।

साक्षरताको दृष्टिबाट यो जिल्ला अधिराज्यको राष्ट्रिय साक्षरता स्तरभन्दा अलि अगाडि भएको देखिन्छ। यहाँ १६.६ प्रतिशत साक्षर भएको कुरा पहिले नै उल्लेख भइसकेको छ। यसरी साक्षर व्यक्तिहरूको संख्या जम्मा १९,१०७ पुगेको छ। यसमध्ये पुरुषहरू १५,६८१ (२६.९ प्रतिशत) र महिला ३,४२६ (छ प्रतिशत) साक्षर छन्।

छ वर्षभन्दा माथिका १९,१०७ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा त्यसको रूपरेखा यसप्रकार देखिन्छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	८,५८६	१,१६४	१३.६	८,३७९	५०७	६.१	१६,९६५	१,६७१	९.८
१०–१४	९,८८६	३,५३३	३५.७	९,५३७	१,२४३	१२.०	१९,४२३	४,७७६	२४.६
१५–१९	७,८३४	३,०३८	३८.८	७,३९१	७४३	१०.१	१५,२२५	३,७८१	२४.८
२०–२४	६,३०८	२,३०४	३६.५	६,३४५	४५४	७.२	१२,६५३	२,७५८	२१.८
२५–२९	४,९६९	१,५५४	३१.३	५,१४२	१८८	३.७	१०,११८	१,७४२	१७.२
३०–३४	४,०५१	१,०५५	२६.०	४,०७७	९५	२.२	८,१२८	१,१५०	१४.१
३५–३९	३,९०५	८२६	२१.२	३,७११	६०	१.६	७,६१६	८८६	११.६
४०–४४	३,१३३	६३८	२०.४	३,२३६	२९	१.२	६,३६९	६७७	१०.६
४५–५४	४,७५५	८७०	१८.३	४,४५०	५६	१.३	९,२०५	९२६	१०.१
५५–६४	२,०४५	४६५	१५.३	२,८४०	२३	०.८	५,८८५	४८८	८.३
६५ र माथि	१,८८१	२३४	१२.४	१,९३७	१८	०.९	३,८१८	२५२	६.६
जम्मा	५८,३५३	१५६८१	२६.९	५७,०५२	३,४२६	६.०	१,१५,४०५	१९,१०७	१६.६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षाको प्रचारमा वृद्धि भएको कुरा उपर्युक्त शैक्षिक तथ्याङ्कबाट स्पष्ट हुन्छ। २००७ साल अगाडि २० वर्षसम्म साक्षरताको क्रममा जस्ताकोतस्तै अथवा एक प्रतिशतसम्म बढेको देखिन्छ। तर त्यसपछि २० वर्षको समयावधिमा साक्षरको वृद्धि तीनदेखि पाँच प्रतिशत-सम्म भएको पाइन्छ। शिक्षाको प्रसार यस जिल्लामा १० देखि १९ वर्षका केटाकेटीहरूमा सबभन्दा बढी (२४.८ प्रतिशत) भएको पाइन्छ।

यहाँका विद्यालयहरूमा पढाइरहेका ३११ शिक्षकहरूमध्ये जम्मा ९३ जनाले तालीम प्राप्त गरेका छन्। तीमध्ये १३ जना माध्यमिक र निम्न माध्यमिक विद्यालयमा छन्। अरू ८० जना प्राथमिक विद्यालयमा छन्। शिक्षा शास्त्र इन्स्टिच्यूट अन्तर्गत प्रमाणपत्र स्तरसम्म शिक्षक प्रशिक्षण तालीम दिने व्यवस्था भएकोले प्राथमिक विद्यालयका शिक्षकहरूलाई राम्रो सुविधा भएको छ। त्यसभन्दा उच्च तालीम हासिल गर्नलाई धनकुटा अथवा काठमाडौं जानु पर्दछ।

यस जिल्लामा जम्मा १३० वटा शिक्षालयहरू छन्। तीमध्ये माध्यमिक र निम्न माध्यमिक विद्यालयहरूको १६ भवन छन् जसमा १४ वटा पक्की र दुई वटा कच्ची छन्। प्राथमिक विद्यालयका ११४ भवन छन् र तीमध्ये ६६ वटा पक्की र ४८ वटा कच्ची छन्।

यहाँका शैक्षिक संस्थाहरू स्थानीय जनसहयोग र सरकारी आर्थिक सहायताबाट चलिरहेका छन्। उक्तकुरा २०२८।२९ सालको वित्तीय विवरणबाट स्पष्ट हुन आउँछ। सो यस प्रकार छः—

विवरण	स्थानीय योगदान	सरकारी सहायता	कुल खर्च	प्रतिशत
प्राथमिक शिक्षा	१,०८,४८३	१,५७,४००	२,६५,८८३	३८.५
निम्न माध्यमिक शिक्षा	५२,८८४	१८,०००	७०,८८४	१०.३
माध्यमिक र बहुउद्देश्यीय शिक्षा	१,८३,४२६	८२,५००	२,६५,९२६	३८.५
उच्च शिक्षा	५५,४१६	३२,३८४	८७,८००	१२.७
जम्मा:—	४,००,२०९	२,९०,२८४	६,९०,४९३	—
प्रतिशत—	५८%	४२%	१००%	

यस तालिका अनुसार २०२८।२९ को आर्थिक वर्षमा यस जिल्लाको शिक्षा प्रसारमा जम्मा रू. ६,९०,४९३।— खर्च भएको थियो। त्यसमध्ये ३८.५ प्रतिशत प्राथमिक शिक्षामा, १०.३ प्रतिशत निम्न माध्यमिक शिक्षामा, ३८.५ प्रतिशत माध्यमिक र बहुउद्देश्यीय शिक्षामा र १२.७ प्रतिशत उच्च शिक्षामा खर्च भएको देखिन्छ। अर्कोतिरबाट हेर्दा जिल्ला शिक्षाको कुल बजेटको ४२ प्रतिशत श्री ५ को सरकारले बेहोरेको थियो भने त्यसभन्दा पनि बढी ५८ प्रतिशत खर्च स्थानीय स्रोतबाट पूर्ति गरिएको थियो। यसरी यस जिल्लाको शैक्षिक प्रसारमा स्थानीय जनसहयोगको ठूलो महत्व भएको दर्शाउँछ।

स्वास्थ्य

यस जिल्लामा स्वास्थ्योपचारको लागि एउटा अस्पताल, एउटा स्वास्थ्य केन्द्र र दुइटा आयुर्वेदिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औषधालयहरू छन् । इलाम बजारमा रहेको अस्पताल १५ शय्याको हो र यसमा क्षयरोगका रोगीहरूको लागि दुई कोठाको एउटा "आइसोलेशन वार्ड" जनताको चन्दाद्वारा बनाइएको छ । यस अस्पतालमा २०२७ सालमा जम्मा १४,२०६ रोगीहरूको उपचार गरिएको थियो जसमध्ये १७२ जनालाई अस्पतालमा भर्ना गरिएको थियो । २०२९ सालको छ महीना अवधिभित्र जम्मा ११,९७७ रोगीहरूको उपचार गरिएकोमा ९० जना अस्पतालमा भर्ना भएका थिए । हाल यस अस्पतालमा प्रतिदिन करीब १५० जना रोगीहरू आउँछन् भन्ने अनुमान छ ।

यस अस्पतालमा तीन जना डाक्टरहरूको दरबन्दी छ । तर हाल यहाँ एकजना डाक्टरले मात्र काम चलाइरहेको पाइन्छ ।

यहाँका अरू स्वास्थ्य संस्थाहरूमा एउटा स्वास्थ्य केन्द्र पशुपतिनगरमा, एउटा अञ्चलस्तरीय आयुर्वेदीय औषधालय फिक्कलमा र एउटा औषधालय मंगलबारेमा रहेका छन् । तर २०३१ सालमा अरू दुई स्वास्थ्य केन्द्र फिक्कल र चिसापानी पञ्चायतमा स्थापना गरिएका छन् । फिक्कलस्थित आयुर्वेदीय औषधालय आइतबारे बजारमा सार्ने भएको छ ।

केही स्वास्थ्य संस्थाहरूबाट विभिन्न सालमा उपचार गरिएका रोगीहरूको संख्या यसप्रकार छः—

	२०२८	२०२९	२०३०
पशुपतिनगर स्वास्थ्य केन्द्र	१,५८१	३,४८६	४,०४०
अञ्चल आयुर्वेदिक औषधालय, फिक्कल	३,३०९	३,९८७	४,०२२
आयुर्वेदिक औषधालय, मंगलबारे	२,६२५	६,३३८	६,८९४

यस तालिकाबाट प्रतिवर्ष उपचारार्थ आउने रोगीहरूको संख्या बढ्दै गएको देखिन्छ ।

यस जिल्लामा खासगरी लुतो, गाँड, क्षयरोग, एनिमिया र पेट सम्बन्धी रोगहरू देखापर्दछन् । यी रोगहरूको उपचार गर्ने स्वास्थ्यसेवा पर्याप्त छैन । उता अशिक्षित गाउँलेहरूले अझसम्म पनि धामी, झाँक्री लगाउँदछन् र जरीबूटीको प्रयोग गर्दछन् । कति अबुझ मानिसहरू रोगको अन्तिम अवस्थामा मात्र अस्पताल-को शरण लिन पुग्दछन् । जेभएपनि आधुनिक उपचारमा मानिसहरूको विश्वास बढ्दै गएको पाइन्छ । यस जिल्लामा करीब १२ वटा स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने योजना छ ।

यो जिल्लामा २०२० श्रावणदेखि औलो उन्मूलन, २०२७ श्रावणदेखि बिफर उन्मूलन र २०२८ साउनदेखि परिवार नियोजन कार्यक्रमहरू लागू गरिएका छन् । यस जिल्लामा औलो तथा बिफर लगभग उन्मूलन भइसके तापनि सम्बन्धित कार्यालयहरूले यी रोगहरूको रोकथाम गर्ने काम जारी नै राखेका छन् । २०२९ सालमा यस जिल्लामा जम्मा ७३,८६२ जनालाई बिफरको खोप लगाइएको थियो । परिवार नियोजन सम्बन्धी सेवा जिल्लाका अस्पताल र स्वास्थ्य केन्द्रहरूमा उपलब्ध गराइएको छ । यस जिल्लामा परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रको कार्य साधारणतः चलिरहे तापनि कहिले काहीं घुम्ती टोली पनि आउने गरेको छ ।

खानेपानी

यस जिल्लामा सबभन्दा पहिले खानेपानीको व्यवस्था इलाम बजारमै भएको हो । सो धेरै अघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

करीब आठ माइल टाढा माडी खोलाबाट १२ इन्चको पाइपद्वारा पानी ल्याएर भएको हो। यो त्यसै बेलादेखि यथावत चालू भइरहेको छ। हाल यस जिल्लामा खानेपानीको व्यवस्था निम्नलिखित ठाउँहरूमा निम्नलिखित प्रकार भएको पाइन्छः–

खानेपानी व्यवस्था भएको पञ्चायत अथवा स्थान	धारा संख्या	अनुदानको स्रोत
इलाम बजार	६०	राणा कालमा बनेको
शुक्रबारे बजार	१३	जि.प. को अनुदान र गा.प. को श्रमदान
सोयाङ	१०	"
मंगलबारे	४	"

यस अतिरिक्त इरौंटार, सुलुबुङ र जिर्मले पञ्चायतमा पनि जिल्ला पञ्चायतको अनुदान र गाउँ पञ्चायतको श्रमदानद्वारा तयार गरिएको योजनाबाट खानेपानीको सुविधा छ। जौबारीमा पनि खानेपानी योजना पूरा भएको छ। मेची पुल कोषबाट महेन्द्र रत्न महा-विद्यालय, इलाममा एउटा खानेपानी योजना तयार भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

यस इलाम क्षेत्रको प्रशासनिक केन्द्र बनेकोमा लामो पृष्ठभूमि पाइन्छ । श्री सन्तवीर लामाको "इलाम दर्पण" अनुसार सुगौली सन्धि (संवत् १८७३ तदनुसार सन् १८१६ ई.) हुनुभन्दा अगाडि नेपालको सीमाना पूर्वमा टिष्टा नदीसम्म पुगेको बेला नगरी गढी (हाल नागरी कमान) मा प्रशासनिक अड्डा राखिएको थियो । तर सुगौली सन्धि पछि सिक्किमसित भएको सन्धि अन्तर्गत सो गढी सिक्किममा पर्न गयो र नेपालले सो ठाउँमा खडा गरेको अड्डाहरू करफोक (इलाम) मा ल्याई राख्यो । संवत् १८७५ मा करफोकको गढी गौंडा हालको इलाम बजारमा सारियो । तर संवत् १८४७ सालसम्म इलाम जिल्ला संखुवासभाको चैनपुर इलाकाको अमलमा थियो र त्यसै साल सर्पट महाजाँच हुँदा चैनपुरको अमल खारेज गरी इलाम गौंडाको अमल कायम गरियो ।

इलामको पहिलो बडाहाकिम जयन्त खत्री थिए । यिनीपछि भक्तवीर थापा बडाहाकिम भएर आए र यिनैको समयमा करफोकबाट इलाम बजारमा गढी गौंडा सारिएको थियो । संवत् १८७६ मा हेमदल थापा बडाहाकिम भए र ३० वर्षसम्म अविछिन्न रूपमा रहे । यसै बीच नेपालमा राणा शासन शुरू भयो तर यिनी इलामको शासकमा कायमै रहे । यिनैको पालामा इलाम जिल्लालाई माईपार, पुवापार, फाकफोक र इलाम जम्मा चार थुममा विभक्त गरिएको थियो । यिनले वन जङ्गल फँडाई बस्ती बसाले र लिम्बूहरूलाई किपटिया सुब्बा बनाए । त्यसपछि जब संवत् १९२२ सालमा गजराजसिंह थापा यस जिल्लामा आए यिनले पुरानो इलाम दरबार, ठूलो टुंडिखेल, माईस्थान, कोतघर, छाउनी, मेगजीन घर, कुडुले र लोदियाको आँप बगैंचा, सोक्तिम कमान, इलाम कमान, लोदिया कमान र विजयपुर इलाकाको भालू ढुङ्गा समेत चार ठाउँमा चियाको खेती लगाए । यिनी जङ्ग-बहादुरका ज्वाइँ नाता पर्ने हुनाले जिल्लाको समस्त आमदानी यिनैले खानपाएका थिए । यस जिल्लाको स्याहाश्रेस्ता, ढपोट कुमारीचोकमा दाखिल गर्न पर्दैनथ्यो । संवत् १९४५ देखि मात्र जिल्लाको आमदानी खर्चको स्याहा श्रेस्ता कुमारीचोकमा बुझाउने व्यवस्था भएकोले थापा परिवार सो सुविधाबाट बञ्चित भयो । यिनीपछि चौतरिया खड्ग बहादुर शाहका पालामा संवत् १९६८ सालसम्म माईपारको आम्दानी यिनैको परिवारले खान पाउँथे । यसको एउटा निजी बन्दोवस्त गर्ने अड्डा थियो जसलाई "माईपार खुवा-अड्डा" भनिन्थ्यो । पछि सो हटाइयो ।

त्यसपछि राजशम्शेर ज.ब.रा. को समयमा माईखोलामा झोलुङ्गे पुल, सरकारी अड्डा निर्माण गरिएका थिए । संवत् १९८९ सालमा नेत्रजङ्ग थापा आएपछि ब्रिटिश पेन्सनवालाहरूलाई "चार कटेरी" को वनमा बसाइयो र त्यसको नाउँ पशुपतिनगर राखियो । त्यसबेला आइतबारेसम्म मोटर हिंड्ने बाटो पनि बनेको थियो । महावीर शम्शेर ज.ब.रा. को कालमा आठ माइल टाढा जसबिरे भञ्ज्याङदेखि पाइपद्वारा पानी ल्याई इलाममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानीको व्यवस्था मिल्नुको साथै अस्पताल भवन, डाक्टर आवास गृह, हाकिम आवास गृह, नयाँ दरबार, कारागार आदिको निर्माण पनि भएको थियो।

यसरी १५५ वर्षदेखि प्रशासनिक केन्द्र बनेर आएको इलाम बजार आज जिल्ला तथा अञ्चल दुवैको सदरमुकाम बनेको छ। यहाँ मेची अञ्चलाधीश कार्यालय हुनुको साथै अञ्चलस्तरीय अदालत, लोकसेवा आयोग, हुलाक नियन्त्रण, घरेलु उद्योग, निर्वाचन आयोग, आयुर्वेदिक औषधालय, पशु चिकित्सालय र स. अ. र स. स. अ. को कार्यालयहरू छन्। यहाँ जिल्लास्तरीय कार्यालयहरू निम्न प्रकार छन्– प्रमुख जिल्ला अधिकारी को कार्यालय, अदालत, भूमि सुधार, प्रहरी निरीक्षक, सहकारी, शिक्षा, तथ्याङ्क, अस्पताल, परिवार नियोजन, वन (डिभिजन), माल, बिफर उन्मूलन, औलो उन्मूलन, तीन नं. नापी गोस्वारा, कर (शाखा), कारागार, कृषि विकास, छोटी हुलाक र यस अतिरिक्त जिल्लाको अरू भागमा पनि केही कार्यालयहरू फैलिएर रहेका छन्। तीमध्ये पशुपतिनगरमा भन्सार, स्वास्थ्य केन्द्र, छोटी हुलाक रहेका छन्। त्यसैगरी जौबारीमा आलु विकास केन्द्र, मङ्गलबारेमा औषधालय, मानेभञ्ज्याङमा प्रहरी थाना पनि छन्।

इलाम बजारमा रहेका गैर सरकारी कार्यालयहरू यसप्रकार छन्— जिल्ला पञ्चायत, नगर पञ्चायत, नेपाल राष्ट्र बैंक प्रशाखा, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक उप–शाखा, कृषि खरीद बिक्री संस्थान उप–शाखा, आकाशवाणी एरिया कन्ट्रोलर, नेपाल चिया विकास कर्पोरेशन, सहकारी बिक्री तथा ऋण संघ।

प्रहरी

यस जिल्लामा जिल्ला प्रहरी निरीक्षक कार्यालय छ र यसको मातहतमा जिल्लाव्यापी प्रहरी संगठनको व्यवस्था भएको छ।

जिल्लाका निम्नलिखित पञ्चायत अन्तर्गत निम्नलिखित ठाउँहरूमा प्रहरी रहेकोछः–

पञ्चायत	स्थान	प्रहरी
गोर्खे	मानेभञ्ज्याङ	थाना
रवि	रवि	थाना
मंगलबारे	मंगलबारे	चौकी
माईमझुवा	कालपोखरी	चौकी
अन्तु	छिरूवा	चौकी
आइतबारे	आइतबारे	चौकी

कारागार

यहाँ एउटा कारागार छ जुन करीब ४० वर्ष अगाडि बनेको हो। यसमा करीब ५५ जना कैदीहरू राख्न सकिन्छ। २०३० साल कात्तिक महीनामा यस कारागारमा जम्मा ४६ जना थुनिएका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय

यहाँको सरकारी वकील कार्यालयमा अञ्चलस्तरीय एक सरकारी अधिवक्ता र सरकारी अभियोक्ता राजपत्राङ्कित द्वितीय श्रेणीको रहेको छ। निजको अन्तर्गत जिल्लास्तरीय एकजना सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ता राजपत्र अनङ्कित प्रथम श्रेणीको रहेको छ।

यहाँको सरकारी वकील कार्यालयलाई देवानी मुद्दा नगण्यरूपमा हेर्नु पर्छ। सो कुरा २०३० सालमा एउटा मात्र देवानी मुद्दा परेकोबाट स्पष्ट हुन्छ। यस कार्यालयले खासगरी फौजदारी मुद्दाहरूमा लाग्नुपर्ने देखिन्छ। अन्य फौजदारी मुद्दाको हकमा जवरजस्ती करणी नगण्य र चोरी थोरैं मात्रामा परेको देखिन्छ। डकैतीको घटना भने दुई चार वर्ष यता एकदुई परेका छन्। तर लेनदेन र जग्गा दर्ता बदर सम्बन्धी धेरैं मुद्दाहरू परेका देखिन्छन्।

यहाँ जिल्ला अदालत छ जसमा निम्न मुद्दाहरू परेका थिए। यस अदालतमा निम्न मुद्दाहरूमध्ये कति छिनिए, कति मिलापत्रबाट मिले र कति छिनिन बाँकी छ सो तलको तालिकामा दिइएको छः—

वर्ष	फैसला	मिलापत्र	बाँकी	जम्मा
२०२७–२८	१५६	३८	८६	२८०
२०२८–२९	२०९	३९	७५	३२३
२०२९–३०	२४२	६५	९३	४००
जम्माः—	६०७	१४२	२५४	१,००३

यस तालिकाबाट जम्मा १,००३ मुद्दाहरूमा ६०७ वटा फैसला र १४२ वटा मिलापत्र भएर २५४ वटा मात्र बाँकी रहन गएको देखिन्छ।

पञ्चायत

यहाँ ५० वटा गाउँ पञ्चायत छन् र तीमध्ये एउटा इलाम नगर पञ्चायत हो। तिनीहरूमा ५,००० देखि ६,९९९ जनसंख्या भएको पञ्चायत एउटा, ४,००० देखि ४,९९९ जनसंख्या भएको पञ्चायत चार वटा, ३,००० देखि ३,९९९ जनसंख्या भएको पञ्चायत १३ वटा, २,००० देखि २,९९९ जनसंख्या भएको पञ्चायत १८ वटा र १,००० देखि १,९९९ जनसंख्याको पञ्चायत १४ वटा छन्।

जिल्ला सभा कोषको वार्षिक बजेट करीब रू. ४०,०००। को बन्दछ। तर २०२९ सालमा करीब रू. २३,०००। मात्र उठेको देखिन्छ।

वर्गीय संगठन

यस जिल्लामा युवक संगठन, महिला संगठन, किसान संगठन, मजदूर संगठन र भूतपूर्व सैनिक संगठनहरू स्थापना भएका छन्। यी संगठनहरूमध्ये महिला संगठन, किसान संगठन र युवक संगठनको प्रारम्भिक समिति यहाँको प्रत्येक पञ्चायतमा खडा भएका छन्। मजदूर संगठन र भूतपूर्व सैनिक संगठनको प्रारम्भिक समिति भने केही पञ्चायतमा मात्र खडा गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

इलाम जिल्लामा आजभन्दा धेरै वर्ष अगाडिदेखि नै विकासको सूत्रपात भएको हो । यहाँका हरिया चिया बगान, मोटर गुड्न सक्ने बाटो, उच्चस्तरको विद्यालय आदि यस जिल्लाले हासिल गरेको प्रगतिका केही चिह्नहरू हुन् । यसका छिमेकी जिल्लाहरूको तुलनामा इलामले बढी मात्रामा विकास गरेको देखिए तापनि यहाँका निबासीहरूले छिमेकी भारतको दार्जीलिङ्ग जिल्लाको प्रगतिसित दाँज्दा आफ्नो अवस्था धेरै पछि परेको ठान्दछन् । जनताको परिश्रम र सरकारको सहयोगबाट यस जिल्लाको चारै दिशातिर मोटर हिंड्ने बाटो खनियो र खोलियो तर त्यसलाई सुगम र स्थायी बनाउन अझ बाँकी नै छ । माईखोलामाथि तयार भएको राजदुवाली पुलले इलामसम्म बाह्रै महीना मोटरको बाटो चलाउन ठूलो सघाउ पुऱ्याएको छ । यसरी इलामबाट दक्षिण र पूर्वतिर जान आउन धेरै सजिलो हुन आएकोले जिल्लाको चौतर्फी विकासलाई प्रोत्साहन पाइने भएको छ । यातायातको यो सुगमता भविष्यमा बढ्दै जाने आशा लिनुको साथै यसले जिल्लाको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको ढोका खोलिदिने कुरामा विश्वास लिन सकिन्छ ।

यसै पृष्ठभूमिमा यस जिल्लामा कृषिमा आधारित केही उद्योगहरू फष्टाउदै गएको देखिन्छ । चिया उद्योगले दिन प्रतिदिन प्रगति गर्दै गइरहेको छ । यो जिल्ला उच्चकोटिको चिया उत्पादन गर्न उपयुक्त ठानिएको र यहाँ उत्पादित चिया देश विदेशमा समेत लोकप्रिय हुँदै गएबाट यस उद्योगलाई अरू बढाउनु र बलियो पार्नु पर्ने देखिन्छ । मानव समाजमा चियाको सेवन बढ्दै जाने कुरामा कुनै शंका नभएकोले चिया उद्योगलाई सकेसम्म अगाडि बढाउनु पर्दछ । यसबाट जुन मात्रामा विदेशी मुद्रा आर्जन हाल भइरहेछ त्यसभन्दा धेरै गुना बढी मात्रामा आर्जन गर्न सकिनेछ ।

कृषि उत्पादन बढाउने दिशातिर यस जिल्लामा केही कदम उठाइसकिएको छ । भूमि सुधार, कृषि ऋण, उन्नत जातको मल तथा बीउको वितरण इत्यादिको व्यवस्था केही मात्रामा यहाँ भइसकेको देखिन्छ । यस अतिरिक्त सहकारिताको बन्दोवस्त र जौबारीको आलु अनुसन्धान केन्द्रको स्थापना कृषि क्षेत्रका केही उल्लेखनीय कार्यहरू हुन् । यस जिल्लाको निकासी वस्तुहरूमा आलु र अलैंचीले विशेष ठाउँ ओगटेको छ । यी वस्तुहरूको उत्पादनको स्तर वृद्धि गर्नको लागि जौबारी केन्द्रले ठूलो योगदान दिन सक्नुपरेको छ ।

शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि यस जिल्लाको प्रगति सन्तोषजनक भएको मान्नु पर्दछ । विद्यालयहरू जिल्लाका सबै भागमा फैलिनुको साथै यहाँको उच्च विद्यालय जिल्लाको केन्द्र पर्ने सदरमुकाममा अवस्थित छ । राष्ट्रिय शिक्षा योजना यस जिल्लामा लागू भइसकेकोले यसले ल्याउनु पर्ने स्वस्थकर परिवर्तन यस क्षेत्रमा आएको देखिन्छ । शिक्षा प्रसारमा यहाँका जनताले जसरी ठूलो योगदान दिंदै आएका छन् सो क्रम कायमै रहनु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सार्वजनिक हितका काममा यहाँका जनताले प्रशस्त मद्दत गर्दै आएका छन्। शिक्षा प्रसारमा स्थानीय स्रोतका भूमिका सरकारी सहायताभन्दा ठूलो रहेको कुरा माथि नै उल्लेख गरि सकिएको छ। त्यसैगरी पुल निर्माणमा स्थानीय जनताले आफ्नो तन, मन, धन लगाएको देखिन्छ। यस जिल्लाका धेरैजसो झोलुङ्गे पुलहरू धार्मिक र परोपकारी भावनाले प्रेरित भएका महानुभावहरूको अनुदानबाट बनेका छन्। देश निर्माणको काममा यसप्रकारको जन सहयोग धेरै प्रशंसनीय मान्नु पर्दछ र भविष्यमा पनि यस किसिमको परोपकारी भावना प्रस्फुटन हुने आशा गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय २०३
प्राकृतिक स्वरूप र सम्पदा २०५
ऐतिहासिक पृष्ठभूमि २१२
प्रमुख स्थानहरू २१७
जनसंख्या र जनजीवन २२२
आर्थिक व्यवस्था २४०
यातायात, सञ्चार तथा बिजुली २६०
शिक्षा, स्वास्थ्य तथा खानेपानी २६४
प्रशासन र पञ्चायत २६६
उपसंहार २७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

अन्न उत्पादन र निर्यातमा नेपाल अधिराज्यमा चितवन जिल्लापछि दोस्रो स्थान ओगटेको, तुलनात्मक दृष्टिकोणले बलियो आर्थिक आधारले सुसज्जित भएको र विभिन्न किसिमका विकास आयोजनाहरूमा अधिराज्यको एउटा अगुवा जिल्लाको रूपमा गणना गर्न सकिने झापा जिल्ला मेची अञ्चलको एकमात्र तराई जिल्ला हो। अधिराज्यको सबभन्दा बढी जनसंख्या भएको शिवगञ्ज गाउँ पञ्चायत र पूर्वाञ्चल विकास क्षेत्रको एकमात्र पञ्चायत प्रशिक्षण केन्द्र यसै जिल्लामा पर्दछ। पञ्चायत व्यवस्थामा गाउँ पञ्चायतहरूलाई स्थानीय साधन परिचालन गरी स्थानीय विकासलाई गतिशील तथा स्वचालित बनाउन पञ्चायत विकास तथा जग्गा कर ऐन २०२२, परीक्षणको रूपमा अधिराज्यको १३ वटा गाउँ पञ्चायतहरूमा लागू भएकोमा तीमध्ये १२ वटा यसै जिल्लामा पर्दछन्। यातायात, सञ्चार तथा औद्योगिक र कृषि विकासको क्षेत्रमा यो जिल्लाले दिनानुदिन प्रगति गर्दै गएको छ। कन्काई नदी माथिको ७०२ मिटर लामो नेपालको सबभन्दा लामो पुल यसै जिल्लामा पर्दछ।

पहिले पहिले झापा जिल्लाको वर्तमान इलाका मोरङ गोश्वारा अन्तर्गत प्रशासित थियो। तर पछि गएर वर्तमान झापा जिल्लाको कुमरखोद गाउँ पञ्चायतभित्रपर्ने झापा भन्ने गाउँमा छोटी गोश्वारा र पछि पूरै गोश्वारा स्थापना भएको हुनाले सो ठाउँ यस इलाकाको सदरमुकाम हुन गएको थियो र त्यसैबाट नै यस जिल्लाले झापा भन्ने नाम पाएको हो।

भौगोलिक स्थितिअनुसार यो जिल्ला २६°२०′ उत्तरी अक्षांशदेखि २६°५०′ उत्तर अक्षांश तथा ८७°३९′ पूर्व देशान्तरदेखि ८८°१२′ पूर्व देशान्तरभित्र फैलिएको छ। यस जिल्लाको उत्तरमा पर्ने इलाम जिल्लालाई महाभारत पहाडी श्रेणीले छुट्याउँछ। पश्चिमतिर रतुवा नदीले यस जिल्लालाई मोरङ जिल्लासँग छुट्याएको छ। तर यो जिल्लाको उत्तर-पश्चिमी कुनामा पर्ने दमक पञ्चायत करीब सबै भाग रतुवा नदीदेखि पश्चिम मावा नदीसम्म फैलिएको छ। यस जिल्लाको पूर्व र दक्षिणमा क्रमशः मेची नदी र दशगजाको खम्बाहरूले भारतको पश्चिम बङ्गाल राज्य र बिहार राज्यसित छुट्याइएको छ। समुद्र सतहदेखि यो जिल्ला १२५ मिटरदेखि २०० मिटरसम्मको उचाइमा पर्दछ।

चारपाटे आकारको यो जिल्ला पूर्व-पश्चिम लामो र उत्तर-दक्षिण चौडा छ। पूर्व-पश्चिम यसको लम्बाइ अन्दाजी ४६ किलोमिटर (२८ माइल) लामो र उत्तर-दक्षिण २९ किलोमिटर (१८ माइल) चौडा छ। सदरमुकाम चन्द्रगढी जिल्लाको पूर्वी सीमानामा उत्तर-दक्षिणको हिसाबले मध्यस्थानतिर पर्दछ। यस जिल्लाको क्षेत्रफल जम्मा १,५३२ वर्ग किलोमिटर छ। २०२८ सालको जनगणनाअनुसार यहाँ २,४७,६९८ जनसंख्या छ। यहाँ एउटा नगर पञ्चायत र ४३ वटा गाउँ पञ्चायतहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहांका बासिन्दाहरूको सांस्कृतिक तथा जातीय पृष्ठभूमिमा निकै नै रोचक विविधता पाइन्छ। यहांका ग्रादिबासीहरूमा राजवंशी, थारू, सतार, धिमाल, गनगाई, कोचे, मेचे र घोङर जातिहरू हुन्। यिनीहरूको साथै केही समयदेखि पहाड र ग्रन्य स्थानबाट बसाइँ सरी ग्राएका बाहुन, ठकुरी, क्षेत्री, राई, लिम्बू, गुरूङ, मगर, नेवार ग्रादि जातिका मानिसहरू पनि यत्रतत्र छरिएर बसेका छन्। भद्रपुर बजार, शनिश्चरे, धुलाबारी ग्रादि व्यापारिक स्थानहरूमा केही मारवाडीहरू पनि व्यापार गरेर बसेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

झापा जिल्लाको प्रायः सम्पूर्ण भाग समथर जमीनले ढाकेको छ तापनि यस जिल्लालाई जमीनको स्वरूप अनुसार साधारणतया दुई भागमा बाँड्न सकिन्छ।

(१) उत्तरको भावर प्रदेश

(२) दक्षिणको तराई प्रदेश

उत्तरको भावर प्रदेश

यस जिल्लाको उत्तरी भागमा इलाम जिल्लाको सीमानासम्म उत्तरबाट दक्षिणतर्फ भिरालो पर्दै गएको क्षेत्रलाई भावर प्रदेश भनिन्छ। यो क्षेत्र पूर्वमा मेची नदीदेखि पश्चिममा मावा अथवा रतुवा नदीसम्म अन्दाजी १२.८ किलोमिटर (आठ माइल) को चौडाईमा फैलिएको पाइन्छ। यो प्रदेश विशेषगरेर बालुवा, कङ्कड, ढुङ्गा तथा फोस्रे माटोले भरिएको छ। यस प्रदेशमा रूख, झार-पातहरू ज्यादै बाक्ला हुन्छन्। त्यसैले यो प्रदेशलाई नेपालको चारकोसे झाडी पनि भनिन्छ। यसै क्षेत्रभित्र पर्ने तराईका अरू जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि उत्तरतर्फबाट बगेर आएका ठूल-ठूला नदीहरू बाहेक अरू सबै जसो नदी तथा खोलाहरू जमीनको सतहमुनि बग्दछन् र तराईको होचो जग्गामा पुगेपछि फेरि देखा पर्दछन्। यो प्रदेश समुद्रको सतहबाट १५२ मिटर (५०० फीट) देखि ३०५ मिटर (१,००० फीट) सम्मको उचाइमा स्थित छ। जिल्लाको सबभन्दा अग्लो भाग शान्तिनगर र बाहुन डाँगी पञ्चायतको उत्तरी भागमा पर्दछ। यी स्थानहरू समुद्रको सतह्बाट करीब ३८१ मिटर (१,२५० फीट) माथि छन्।

यस क्षेत्रभित्र दमक, सुरुङ्गा, पाराखोपी, बुधबारे, शनिश्चरे, धाइजन, धुलाबारी, शान्ति नगर, बाहुन डाँगी, नक्कलबन्दा आदि पञ्चायतहरूको सम्पूर्ण भाग तथा तोपगाछी पञ्चायतको साथै शिवगञ्ज पञ्चायत-को उत्तरी भागहरू पर्दछन्।

दक्षिणको तराई प्रदेश

जिल्लाको दक्षिणी क्षेत्रमा सम्पूर्ण भाग तराईको मैदानले ढाकेको छ। यस क्षेत्रभित्र जिल्लाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

करीब ५० प्रतिशतभन्दा बढी जग्गा पर्दछ । दक्षिणमा भारतको गङ्गा नदीको बेंसीसित जोडिएको यो समथर प्रदेशको सबै भाग नदीले बगाएर ल्याएको मलिलो पञ्च माटोले भरिपूर्ण छ । भावर प्रदेशभित्र सुकेर गएका ठूला साना सबै नदीहरू यस प्रदेशमा आएपछि देखा पर्ने हुँदा माटो ओसिलो तथा नरम हुन्छ । त्यसैले झापा जिल्लाको यस भागमा प्रशस्त मात्रामा उब्जनी हुन्छ । हरेक साल वर्षातको समयमा नदी बेंसीहरूमा बाढीले ल्याएको नरम पञ्च माटो थुप्रने गर्दछ । तराई क्षेत्रभित्र पनि अलि होचो बेंसीलाई "धाप" तथा दुई नदीको बीचको अलि अग्लो जग्गालाई "टाँड" भन्दछन् । जिल्लाको होचो भागको ठाउँ-ठाउँमा पानी जम्मा भई धापिला जग्गाहरू बन्दछन् ।

नदीनालाहरू

झापा जिल्लाको जमीनको ढाल उत्तरबाट दक्षिण भिरालो पर्दै गएको हुँदा यसमा बग्ने सबै नदीहरू पनि उत्तरबाट दक्षिणतिर बगेर गई भारतमा पुगी पूर्वतिरबाट बगेर आएको महानदीसित मिल्न जान्छन् । यिनीहरू प्रायः सबै जिल्लाको उत्तरी भागस्थित इलाम जिल्लाभित्र बग्ने प्रमुख नदीहरूमा पश्चिमबाट पूर्व क्रमशः मावा खोला, रतुवा नदी, कमला खोला, कन्काई नदी, विरिङ नदी, अन्दुवा खोला, देउनिया खोला, हरिया खोला, तिमाई खोला, नीन्दा नदी, मेची नदी आदि हुन् ।

कन्काई नदी

यो जिल्लाको सबभन्दा ठूलो नदी हो । इलाम जिल्लाको पहाडी भागबाट उत्पत्ति भएको यो नदी जिल्लाको मध्य-उत्तरी भागबाट यस जिल्लाभित्र पस्दछ । यस नदीले जिल्लालाई झण्डै दुई बराबर भाग पारेर काटेको छ । वर्षातको समयमा यस नदीमा ज्यादै ठूलो बाढी आउँछ जसले गर्दा जिल्लाको पूर्वी भागलाई पश्चिम-बाट छुट्याउँछ । तर हाल पूर्व-पश्चिम राजमार्गले काटेको यस नदीको घाटमा ठूलो पुल बनेको छ । यस नदीले दायाँ बायाँका पञ्चायतहरूलाई छुट्याई सीमानाको काम गरिरहेको छ । वर्षातमा ठूलो बाढी आउने हुँदा नदीलाई थुनी बहुमुखी आयोजना सञ्चालन भइरहेको छ । जसको विषयमा तल चर्चा गरिने छ । पश्चिमतर्फ यस नदीमा मिल्न आउने खोलाहरूमा वनियानी मुख्य हो । यस नदीको विभिन्न ठाउँहरूमा माघे संक्रान्तिको दिन ठूलो मेला लाग्दछ ।

मेची नदी

यो नदी उत्तरमा सिङ्गलिला पहाडबाट उत्पत्ति भई पाँचथर, इलाम तथा झापा जिल्लाको पूर्वी सीमाना भई बग्दछ । नेपालको इलाका छोडी करीब २५.६ किलोकिटर(१६ माइल)दक्षिणमा गएपछि भारतको महानन्दा नदीमा मिल्छ । यो नदी नेपाल अधिराज्यको पूर्व सीमाना पनि बनेको हुँदा अधिराज्यभर प्रख्यात छ । यसले झापा जिल्लालाई भारतको पश्चिम बङ्गाल तथा बिहार प्रान्तसित छुट्याउँछ । मैदानी भागबाट बग्दा नदीमा उत्पन्न हुने विभिन्न शाखाहरूले गर्दा नदीको बीचबाट गएको नेपाल-भारत सीमानालाई समेत असर पारेको छ । वर्षातको समयमा यस नदीमा पनि ठूलो बाढी आई आसपासका जग्गा काटेर लैजाने तथा गाउँहरू डुबाउने गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाल नक्कलबन्दा पञ्चायत भित्र पर्ने काँकरभिट्टामा पूर्व-पश्चिम राजमार्गलाई जोड्ने पुल बन्दैछ। यस जिल्लाभित्र यो नदीमा मिल्न आउने नदी तथा खोलाहरूमा नीन्दा नदी, हरिया तथा तिमाई खोला, देउनिया खोला, अन्दुवा खोला आदि मुख्य हुन्। जिल्लाको मुख्य व्यापारिक केन्द्र तथा एउटै मात्र नगर पञ्चायतक्षेत्र भद्रपुर शहर यस नदीको पश्चिम किनारमा अवस्थित छ।

विरिङ नदी

इलामको दक्षिण–पूर्वस्थित डाँडाबाट उत्पत्ति भएर आएको यो नदी बुधबारे पञ्चायत भएर यस जिल्लाभित्र पस्दछ। बुधबारेबाट पाराखोपी, घैलाडुब्बा, डाँगीबारी, शरणमति, चकचकी, राजगढ हुँदै घेराबारी पञ्चायतबाट भारत पस्दछ। पछि यो नदी कन्काई नदीमा मिल्दछ। यस नदीमा पनि जिल्लाका अरू नदीहरूमा जस्तै वर्षातमा ठूलो बाढी आई आसपासका पञ्चायतहरूलाई दुःख दिन्छ।

कमला नदी

शिवगञ्ज पञ्चायतको उत्तरी भागको इलाम जिल्लास्थित डाँडाबाट उत्पति भएको यो नदी धेरै पञ्चायतहरूको सीमानाको काम दिंदै दक्षिणतिर बगेको छ। यो नदीले शिवगञ्ज र पाँचगाछीलाई तोपगाछीसित, बैगुन्धुरा र कोराबारीलाई महाभारतसित छुट्याउँछ। वर्षातको समयमा मात्रै पानीको आयतन बढी अरू बेला प्रायः सुख्खा रहन्छ।

रतुवा नदी

मोरङ र धनकुटाको बीचमा पर्ने मिकलुङ पहाडको दक्षिण ढालबाट शुरू भई यो नदी उक्त जिल्लाको मधुमल्ला पञ्चायतबाट बगेर आउँछ। झापा जिल्लाको दमक बजार भन्दा करीब दुई माइल उत्तरमा यस जिल्लाभित्र पस्दछ। यो नदीले मोरङ र झापाको बीचमा सीमानाको काम दिइरहेको छ। यस नदीमा मिल्ने मुख्य सहायक मावा खोला हो। जिल्लाको दक्षिण–पश्चिम कुनामा पुगेपछि दुई हाँगामा बाँडिएर जान्छ। यो नदीले मोरङ र झापाको सीमानाको काम दिए तापनि जिल्लाको दुई पञ्चायतहरू दमक र महादेवा यसको पारी पश्चिममा स्थित छन्।

यी ठूल–ठूला नदीहरू बाहेक जिल्लामा यत्रतत्र फैलिरहेका साना धेरै नदीहरू छन्। तिनीहरूमध्ये कुनै उत्तरतर्फका डाँडाहरूबाट उत्पत्ति भएका छन् त कुनै भावर प्रदेश मुनिको तराई क्षेत्रबाट। उत्तरी पहाडी क्षेत्रबाट उत्पत्ति भएर आउने नदीहरूमा नीन्दा, सुकेनीन्दा, खार, कुरूङ, अरूङ, भालू झोडा, तिमाई, हरिया, देउनिया, रेका अन्दुवा, टाङ ठीङ आदि हुन्। त्यस्तै भावर प्रदेशबाट शुरू हुने खोलाहरूमा शरणमति, वनियानी, गउरी, चोदू, दामना आदि छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी

अञ्चलको सबभन्दा होचो भागमा रहेको हुँदा झापा जिल्लाको हावापानी प्रायः गरम नै हुन्छ। जिल्लाको सम्पूर्ण भागलाई उष्ण मनसुनी हावापानीले प्रभाव पारेको छ। अधिराज्यको यस क्षेत्रमा गर्मीमा अति गरम र जाडोमा रमाइलो किसिमको मौसम हुन्छ।

जिल्लाभित्र मौसम अवलोकन केन्द्र नभएकोले हावापानीको निश्चित स्थिति यकीन गर्न गाह्रो पर्दछ। तर यस जिल्लासित टाँसिएको मोरङ जिल्लाको विराटनगर विमानस्थलमा लिइएको तथ्याङ्क तालिका-अनुसार यस जिल्लाको हावापानीको केही अनुमान गर्न सकिन्छ। उक्त तालिकाअनुसार गर्मीमा सालाखाला अधिकतम तापक्रम ३०.६° से. (८७° फ.) र हिउँदमा सालाखाला न्यूनतम तापक्रम १४.२° से (५७.५° फ.) पुग्दछ। त्यस बेला विराटनगरमा वैशाख महीनामा ३७.७° से. (१००° फ.) भन्दा पनि नाघेको देखिन्छ।

वर्षा सम्बन्धी तथ्याङ्कको लागि यसै जिल्लाभित्रको उत्तर-पश्चिम कुनामा रहेको दमक बजारमा एउटा मौसम केन्द्र छ। उक्त केन्द्रद्वारा लिइएको गत तीन वर्षको वर्षाको अभिलेख निम्न प्रकारको छ।

वर्षाको तालिका (मिलिमिटरमा)

		दमक बजार	
महीना	१९६८	१९६९	१९७०
जनवरी	६१.२	९.६	१३.६
फेब्रुअरी	२.०	१४.६	१७.४
मार्च	०.०	०.०	४६.५
अप्रिल	९.६	१६.१	५६.८
मे	३७.६	१४१.४	२००.३
जून	२७०.९	५१४.०	७५४.९
जुलाई	५२१.३	९१५.६	८४३.०
अगष्ट	५०९.०	५३८.६	६९०.०
सेप्टेम्बर	६०९.०	६६.३	२०९.०
अक्टोबर	४७३.०	०.०	०.०
नभेम्बर	१२.४	०.०	०.०
डिसेम्बर	०.०	०.०	०.०
वार्षिक जम्मा	२,५०६.२	२,२१६.२	२,८३४.५

उपर्युक्त तालिकामा उल्लेखित तथ्याङ्कअनुसार यस जिल्लाको सरदर वार्षिक वर्षा २,५१८.७ मिलिमिटर (९९ इन्च) देखिन्छ। उक्त तालिकालाई हेर्दा यहाँ प्रायः धेरैजसो वर्षा मे महीनादेखि सेप्टेम्बरसम्म भएको देखिन्छ। उक्त तीन वर्षभित्रमा सबभन्दा बढी वर्षा भएको दिन सन् १९६८ अक्टोबर ६ तारीखको दिन २२४.६ मिलिमिटरसम्म परेको थियो। तर महीनाको हिसाबले सबभन्दा बढी वर्षा भएको १९६९ को जुलाई महीनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९१५.६ मिलिमिटर (३६ इन्च) परेको थियो।

यस जिल्लामा फागुनको आधा - आधीदेखि गर्मी शुरू भई असोजसम्म गर्मीनै रहन्छ। चैत र वैशाख महीनामा धूलो प्रशस्त उड्ने भएको हुँदा वायुमण्डल धमिलो भई तुवाँलो लाग्दछ। त्यसबेला दिनमा सहिनसक्नु गरम हुन्छ। जेठ महीनापछि जब वर्षा शुरू हुन्छ अनि जिल्लाका मानिसहरू अलि चीसो महसूस गर्दछन्। यसै समयमा दक्षिण–पश्चिम मनसुनी हावा पूर्वतर्फबाट बहने हुँदा मेची अञ्चलका अरू पहाडी जिल्लाहरू सरह झापा जिल्लामा पनि अधिराज्यभरिमा सबभन्दा पहिले मनसुन शुरू हुन्छ।

असोज कात्तिक लागेपछि जिल्लाको हावापानी अलि ठण्डा हुन थाल्दछ। यस बेला रमाइलो किसिमको हावापानी हुन आउँछ। यस समयमा जिल्लाभित्र बहने हावा जमीनबाट बहने हुँदा सुख्खा हुन्छ। तराई जिल्लाको सबै जसो भागहरूमा हिउँदमा बिहान कुहिरो लाग्छ र दिउँसो मौसम प्रायः सफा रहन्छ।

प्राकृतिक बनस्पति

यो जिल्ला पहिलेदेखि नै प्रशस्त जङ्गल भएको जिल्ला हो। विशेषगरी जिल्लाको उत्तरी सीमानाहरू र दक्षिण–पूर्वी भाग अहिले पनि बाक्लो जङ्गलले ढाकेका छन्। तर पूर्व–पश्चिम राजमार्ग शुरू भएदेखि जङ्गल बीचको बाटो-घाटो सजिलो तुल्याएको छ। त्यसैले यसका छेउ-छाउका जग्गाहरूमा उत्तरी पहाडी क्षेत्रतिरबाट झरेका मानिसहरूका बसोबासले गर्दा धेरै जङ्गलको भाग फडानी भई आवादी जग्गा बढिसकेको छ। आजभन्दा १० वर्षअघि यस जिल्लाको कुल क्षेत्रफलको ५० प्रतिशतभन्दा बढी जग्गा जङ्गलले ढाकेको अनुमान गरिएको थियो।

यस जिल्लाको संपूर्ण भाग उष्ण मनसुनी हावापानीले प्रभाव पारेको हुँदा एकै किसिमको उष्ण सदावहार मनसुनी जङ्गल नै प्रमुख हुन आउँछ। यस जङ्गललाई पनि उम्रने ठाउँ र रूख झारपातको आधारमा मुख्य तीन खण्डमा विभाजन गर्न सकिन्छ।

(क) नयाँ नदी तटको जङ्गल
(ख) पुरानो नदी तटको जङ्गल
(ग) भावर प्रदेशमा पाइने जङ्गल

नयाँ नदी तटको जङ्गल

तराईको समथर जग्गाभित्र पनि नदीको बसी भाग, जसलाई धाप भन्दछन्, मा यस्तो प्रकारको जङ्गल पाइन्छ। यस्तो क्षेत्र प्रायः नदीहरूको मध्येभागमा बनिने टापूहरू तथा मुख्य नदीको बेंसी भागमा हुन्छ। वर्षेनी नदीले ल्याउने हिलो, बढी तापक्रम र सुहाउँदो माटोले गर्दा यहाँ आर्थिक दृष्टिकोणले काम लाग्ने रूखहरू उम्रन्छन्। यस्ता ठाउँहरूमा सप्रने जङ्गल विशेष गरेर पतझड प्रकारको हुन्छ। यिनीहरूमध्ये खयर र सिसौ प्रख्यात रूखहरू हुन्। उपर्युक्त प्रकारको वन विकसित हुनु पहिले नदीले छोडेका ठाउँहरूले घाँस मैदानको रूप लिएका छन्। ती घाँसहरू अति अग्ला अग्ला भै बाघ र हात्तीजस्ता जनावरहरू लुक्न सक्ने खालका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरानो नदी तटको जङ्गल

समथर जग्गाभित्र पनि दुईवटा नदीहरूको बीचको जग्गा (टाँड) क्षेत्रमा, जहाँ नदीको बाढीले छुन सक्तैनन्, पुरानो नदी तटका जङ्गलहरूले भरिपूर्ण हुन्छन्। त्यस्तै, नदीले छोडेर गएको बलैंटो भू-भागमा पनि यस प्रकारका जङ्गल हुन्छन्। यस क्षेत्रको मुख्य रूखहरूमा खएर र सिसौ बाहेक शिमल, करमा, सिरिस, बोट घैंयारो र लाटीकरमहरू पनि उम्रन्छन्।

यस्तो वनमा अन्य रूखहरूमा बाँझी, लामपाते, जामुन आदि विभिन्न मात्रामा पाइन्छन्। यस्ता वनहरू मिश्रित प्रकारका हुन्छन्।

भावर प्रदेशमा पाइने जङ्गल

जिल्लाको उत्तरी सीमानामा पर्ने पहाडहरूको फेदीमा दक्षिणतिर बिस्तारै भिरालो पर्दै गएको भावर क्षेत्रमा बाक्लो सालको सदावहार जङ्गलहरू प्रचुर मात्रामा पाइन्छन्। यो क्षेत्रमा प्रायः बालुवा,कंकड, ढुङ्गाहरूले भरिपूर्ण हुने हुँदा यस क्षेत्रबाट बग्ने सबैजसो नदीहरू जमीन मुनिबाट बग्दछन्। हिमालय तथा उत्तरका अरू पहाडी भागबाट बग्ने नदीहरू समथर भागमा आएपछि तिनीहरूको शक्ति कम हुनगइ सबै कंकडहरू छाडेर जान्छन्। यो भागमा वर्षातमा पनि पानी सुकेर जाने भएकोले पानी सबै जमीन मुनि जम्मा भइरहन्छ। त्यसैले लामो जरा भएका रूखहरू यस क्षेत्रमा प्रशस्त मात्रामा फष्टाउँछन्। साल बाहेक यस क्षेत्रमा पाइने विभिन्न जातका रूख-बिरूवाहरूमध्ये अस्ना, टाँटरी, पिठारी, सिमल, सिरिस, कर्म, जामुन, टून र सतिसाल इत्यादि हुन्। यी रूखहरूको अतिरिक्त बाँझी, हर्रो, बर्रो, मलायो आदि पनि मिश्रित रूपमा पाइन्छन्।

यस जिल्लाको वन पैदावारमा काठ बाहेक बेत, बाँस, पीपला पीपली, अमला, भलायो सिमलको भुवाँ, चाँदमरूवा, सतावरी, कोइरालाको फूल आदि उल्लेखनीय छन्।

वनक्षेत्र र वनसम्पदा

अधिराज्यको वन प्रशासन अन्तर्गत पर्ने मेची वन डिभिजनको इलाका र झापा जिल्लाको इलाका पश्चिममा रतुवा नदीदेखि नै शुरू हुने हुनाले धेरै हदसम्म मेची डिभिजनको इलाका झापा जिल्लाको इलाकासित मिल्न गएको छ। मेची डिभिजनको इलाका पूर्वमा मेची, पश्चिममा रतुवा नदी, दक्षिणमा भारत सीमाना र उत्तरमा चुला–चुलीको घाँच पर्दछ।

यस क्षेत्रभित्रको डिभिजन अन्तर्गत पाँचवटा रेन्जहरू पर्दछन् जसको नाम र प्राकृतिक सीमानाहरू निम्नानुसार छन्:–

(क) जलथल रेन्जः पूर्वमा मेची, पश्चिममा अँधुवा खोला, दक्षिणमा भारत सीमाना, उत्तरमा भद्रपुर, चन्द्रगढी, अनारमनी जानेबाटो।

(ख) बुधबारे रेन्जः पूर्वमा मेची नदी, पश्चिममा अनारमनी शनिश्चरे हुँदै होक्से गिद्धे जाने बाटो र उत्तरमा चुला-चुली घाँच।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) कन्काई रेन्जः पूर्वमा होक्से, गिद्धे, शनिश्चरे, अनारमनी बाटो हुँदै अँदुवा खोला, पश्चिममा कन्काई नदी, दक्षिणमा भारत सीमाना र उत्तरमा चुला–चुली घाँच।

(घ) शङ्का–मङ्का रेन्जः पूर्वमा कन्काई नदी,पश्चिममा कमला खोला, दक्षिणमा भारत सीमाना र उत्तरमा चुला–चुली घाँच।

(ङ) गौरीगञ्ज रेन्जः पूर्वमा कमला खोला, पश्चिममा रतुवा नदी, दक्षिणमा भारत सीमाना र उत्तरमा चुला–चुली घाँच।

सन् १९६७ अर्थात् २०२४ सालमा वन विभागले गरेको सर्वेक्षणमा मेची डिभिजन अन्तर्गत जम्मा ४,९१,२१६ एकड अर्थात् प्रति २.५ एकड बराबर एक हेक्टरको हिसाबले १,९६,४८३ हेक्टर भू-इलाका भएकोमा जम्मा २,१८,४३१ एकड अर्थात् ८७,३७२ हेक्टर जमीन जङ्गल र २,३९,८१७ एकड अर्थात् ९५,९२७ हेक्टर आवादी जमीन थियो र बाँकी अन्य प्रयोगमा थियो। यसरी कुल भू-इलाकामा ४४ प्रतिशत जङ्गल र खेती गरिएको जगा ४९ प्रतिशत र बाँकी ७ प्रतिशत अरू प्रयोग जस्तैः नदी,गौचरन, वगिया आदि प्रयोगमा थियो।[1] तर पहाड इलाकामा पैरो जानु, तराईमा औलो उन्मूलन हुनु र तराईमा जग्गा लिनको निमित्त पहाडका हुने खाने मानिसको पनि अभिलाषा तीव्ररूपमा रहेको हुनाले यहाँ वन अतिक्रमण अत्यन्त छिटो-छिटो तथा विशाल मात्रामा भयो। त्यसैले झापा जिल्लाको जङ्गलको वास्तविक नाप फेरि पनि निकाल्न आवश्यक छ। साथै यस अतिक्रमण प्रक्रियालाई नियन्त्रण गर्ना निमित्त सबै क्षेत्रबाट सामूहिक प्रयास हुनु नितान्त आवश्यक छ।

पशु–पक्षी

यहांको जङ्गलमा पाइने पशुहरूमा बाघ, भालू, चित्तल, जरायो, खरायो, घोडगधा, बाँदर, ढेडू, मृग र स्याल हुन्। तीमध्ये प्रमुख पशुहरूमा बाघ, हात्ती र मृग हुन्। यसै गरी पक्षीहरूमा पनि सुगा, मैना, मयूर, कुखुरा, भँगेरा, जुरेली, काग, रूपी, बकुल्ला, गरूड, लाहाचे, हलेसो, सिमकुखुरा, कर्रा, ढुकुर, पानीहाँस छन्। यीमध्ये सूगा, मैना, कुखुरा तथा लाहाचे मुख्य पक्षी छन्। वन जङ्गल र वन्य जन्तु संरक्षणको लागि यहाँ २०२७ साल मार्ग महीनादेखि भू. पू. सैनिक र सशस्त्र प्रहरीको शाही शिकार तथा वन संरक्षण टोली गठित भई हात हतियारको समेत व्यवस्था भएको छ।

1. Dept. of Forest, Forest Resources Survey for the Tarai and Adjoining Regions, 1967, p. 17

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वर्तमान झापा जिल्लाभित्र पर्ने इलाका नेपाल अधिराज्यको एकीकरण हुनुभन्दा पहिले मोरङ प्रदेशको बृहत् इलाका भित्र पर्ने भएको हुनाले यहाँको इतिहास उक्त मोरङ प्रदेशको इतिहासको सिलसिलामा नै वर्णन गरिन्छ ।

पाल्पामा सेन वंशका रुद्र सेन (र त्यसपछि मुकुन्द सेन प्रथम) को शासन छँदा मोरङ प्रदेशका राजा विजयनारायण थिए । एक समय काठमाडौं उपत्यकाका राजा रत्न मल्लको सहायताको लागि पाल्पाका सेन वंशी राजाले सहायता पठाएको हुनाले यी पाल्पाली सेन वंशले त्यसै समयमा नै पाल्पाको पूर्वतिर निकै पहाडी भू-भागमा आफ्नो आधिपत्य जमाई सकेको देखिन्छ ।[1]

मुकुन्द सेन प्रथम (१५१८–१५५३ इ.) का कान्छा छोरा लोहाङ सेनले पूर्वी तराईको विजयको सिलसिलामा कोशी नदीसम्मको स-साना ठकुराईहरूलाई क्रमशः हटाउँदै लगी आफ्नो राज्यमा मिलाएका थिए । तर विजयपुर राजधानी रहेको कोशी पारीको मोरङ प्रदेश जितन सजिलो थिएन । त्यति बेला त्यहाँका राजा विजयनारायण र उनका किरात मन्त्रीहरूको बीच मतभेद थियो । तर त्यही बखत विजयनारायणको मृत्यु भएकोले उक्त प्रदेश पनि सजिलैसँग लोहाङ सेनको हात पर्‍यो र पूर्व-प्रतिज्ञा अनुसार त्यहाँका मन्त्री पद किरातीहरूकै हातमा सुम्पिदिइयो । यो क्रम पछिसम्म नै चालू रह्यो । यसरी मुकुन्द सेन प्रथमको राज्यको सीमा लगभग वर्तमान नेपालको सरहदसम्म पुगेको थियो । तर मुकुन्द सेन प्रथमले आफ्ना जीवनकालमै आफ्नो विशाल राज्यलाई टुक्रा–टुक्रा पारी आफ्ना सन्तानहरूमा बाँडिदिए जस अनुसार कोशी क्षेत्रका विजेता स्वयं लोहाङ सेन यस क्षेत्रका राजा भए । यिनको शेष पछि यिनका जेठा छोरा राघवसेन र त्यसपछि हरिहर सेन त्यहाँका राजा भए । तर हरिहर सेनको पालामा आफ्ना दुई रानीका छोराहरूको बीच पैतृक राज्यको कुरालाई लिएर ठूलो कलह भएको हुनाले यिनको राज्यको दुई टुक्रा भयो । कोशीभन्दा पश्चिमको इलाका कान्छा छोरा शुभ सेनलाई र पूर्वको इलाका यिनका दिवंगत छोरा छत्रपति सेनका नवजात पुत्र इन्दुविधाता सेनलाई दिएर यिनी मरे । यस वखत विजयपुर ठकुराईको सीमाना कोशीदेखि टिष्टासम्म फैलिएको थियो ।[2]

त्यसै बेला शुभ सेनका मन्त्रीहरूले पूर्णियाका नवावसँग मिली शुभ सेन र इन्दुविधाता सेनलाई कैदगरी दिल्ली पठाई जातिच्यूत गराए । मोरङको ठूलो भाग नवावको अधिकारमा गयो ।

उता शुभ सेनका नायव प्रबोध दास शुभ सेनका दुई छोराहरू महापति सेन (अथवा मान्धातासेन)

---

१ बाल चन्द्रशर्मा– नेपालको ऐतिहासिक रूपरेखा, २०२७, पृष्ठ–२०१

२ बाबुराम आचार्य– श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग-३, पृष्ठ ६०२-३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र मानिक सेनलाई साथ लिई किरात प्रदेशमा शरण लिन पुगे र पछि विद्याचन्द्र राईको सहायताले महापति सेन कमला नदीको पूर्वपट्टि शेष रहेको इलाकामा र मानिक सेन त्यसको पश्चिम इलाकामा शासन गर्न लागे।

महापति सेन पछि मोरङ इलाकामा यिनका छोरा कामदत्त सेन राजा भए।[1] पछि आफ्ना किरात मन्त्री विचित्र राईसित यिनको कलह भयो र विचित्र राईले यिनलाई भोटतिर धपाएर मानिक सेनका नाति जगत सेनलाई मोरङका राजा बनाए। तर केही पछि नै धपिएका कामदत्त सेन फर्केर आए र जगत सेनको प्रयत्नले कामदत्त सेन र विचित्र राईको बीचमा मेल भयो। तर यिनको राज्य दुई भागमा बाँडियो। जगत सेन कमला र कोशी बीचको क्षेत्र वर्तमान सिराहा र सप्तरी जिल्लाहरूको इलाकाको राजा भए र कामदत्त सेन कोशी पूर्वका राजा भए।

यसपछि विचित्र राईको मृत्यु भै उनका छोरा बुद्धकर्ण राई मन्त्री भए। तर यिनीसँग पनि झगडा भएको हुनाले कामदत्त सेन विजयपुरबाट भागेर इष्ट इण्डिया कम्पनीको शरणमा पुगे। तर कम्पनीबाट समर्थन पाउन असफल भएकोले उनले स्वयं नै केही सैनिक जम्मा पारेर पुनः हमला गरी शासनको बागडोर आफ्ना हातमा लिए। यसको साथै आफ्नो अवस्था बलियो हुनासाथ उनले बुद्धकर्णको भाइको हत्या गर्न लगाए। बुद्धकर्ण राईले पनि यसको बदला चुकाउन सिक्किममा गई सहारा मागे। सिक्किमले दुवैमा मेल गराउने निहुँले १० जना मानिस पठाए र तिनीहरूले सभा गर्ने निहुँले एक ठाउँमा भेला हुनासाथ एक्कासी हमलागरी कामदत्त सेनको हत्या गरिदिए।[2] बाबुराम आचार्यको भनाइ अनुसार बुद्धकर्ण राई भागेर पूर्णिया गई बसे र विजयपुरमा रहेका आफ्ना गुटका सैनिकहरूलाई लगाएर कामदत्त सेनको हत्या गराए। उता राजा र दीवानको यस्तो कलहको मौकापारी सिक्किमको राजा नाग्याल–फुन चौले विजयपुर राज्यभित्र पर्ने इलामको इलाका आफ्नो राज्यमा मिलाई सकेका थिए।[3] तलहट्टीतिर पनि कन्काई नदीदेखि पूर्वको इलाका सिक्किमको हात परिसकेको थियो। यसरी वर्तमान झापा जिल्लाको निकै पूर्वी भाग सिक्किमको अधीनमा रहनगएको देखिन्छ।

यसरी कामदत्त सेनको हत्या पछि यिनका काका रघुनाथ सेनले विजयपुरको गद्दीमा अधिकार गरे। तर बुद्धकर्णसँगको डर रहिरहेकोले यिनले पूर्णियामा रहेको अंग्रेजी हाकिम डुकारलेसँग तिनको विरूद्ध सैनिक सहायता मागे। उता डुकारलेले पनि एकातिर मोरङको उर्वरा भूमि र त्यहाँबाट आउने जरीबूटीबाट लोभिएको र अर्कोतिर बङ्गालमा लुटमार गर्ने हरिद्वारबाट आउने (नागा) सन्यासीको बाटो पनि यहाँबाट रोकिने हुँदा मोरङ माथि आफ्नो प्रभुत्व जमाउन श्रेयस्कर ठानी कम्पनी सरकारले हस्तक्षेप गर्ने सुझाव दिएका थिए। तर उता कम्पनीले आफ्नो स्वार्थमा धक्का नपरून्जेल केही नगर्ने नीति लिएको हुनाले रघुनाथ सेनले मागेको सहयोग पाएनन् र तिनी त्यहाँबाट भागेर गए। त्यसपछि बुद्धिकर्ण राई पुनः विजयपुर फर्केर आए र १७७० ई.स. तिर चौदण्डीका राजा कर्ण सेनलाई बोलाएर त्यहाँको नामं मात्रको राजा बनाई आफूले "राज भारा सामर्थ" भन्ने पदवी लिई आफैले शासन चलाउन लागे।[4]

उता पृथ्वीनारायण शाहले नेपाल एकीकरणको सिलसिलामा पूर्वी इलाकाहरूको विजय गर्दै हिंडेका थिए। सन् १७७३ मा बक्सी अभिमान सिंह बस्न्यात र सरदार पारथी भण्डारीको नेतृत्वमा दुई कम्पनी सैनिकले

१. बाबुराम आचार्यको भनाइ अनुसार महापति सेनको छोरा विसन्तर सेन हुन्. र कामदत्त सेन नाति हुन्। हेर्नुहोस् बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०३
२. Hamiltan- An Account of the Kingdom of Nepal-1971, page 140
३. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०३
४. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौदण्डी आक्रमण गरी कब्जा गरे । त्यहाँका राजा कर्ण सेन पहिले नै भागेर विजयपुरमा गई बसी सकेका थिए ।

पृथ्वीनारायण शाहले अब विजयपुर आक्रमण गर्न तैयारी गर्न लागे । त्यस आक्रमणमा अंग्रेजले बुद्धिकर्ण राईलाई मद्दत गर्ला भन्ने आशंकामा पहिले नै तत्कालीन अंग्रेजी गभर्नर जनरल वारेन हाएष्टीङ्स् छेउ कामदत्त सेनलाई आफ्नो भाइ नाता लगाई उसको धोकेवाज दीवान बुद्धिकर्णलाई दण्ड दिनलाई विजयपुरको आक्रमण गर्ने र सो कब्जा भैसकेपछि आवश्यक माल वाजवी कम्पनी सरकारलाई बुझाउने छु भन्ने आशयका पत्रहरू पहिले २७ मे १७७३ मा र पछि १४ जनवरी १७७४ मा लेखी अंग्रेजप्रति आफ्नो मित्रता व्यक्त गरिसकेका थिए । त्यसपछि मध्य वर्षादको समय पारेर हात्तीद्वारा आफ्नो सैनिक कोशी पार गराई अभिमान सिंह बस्न्यातले अकस्मात विजयपुर हमला गरे । राजा कर्ण सेन यसभन्दा पहिले नै आफ्नो जहान परिवार लिई पूर्णिया गैसकेका थिए र बुद्धिकर्ण राई पनि हात्ती चढेर भागे पछि सन् १७७४ को १७ जुलाईको दिन विजयपुर गोर्खालीको हातमा आयो ।[1] तुरुन्तै अभिमान सिंहले आफ्नो सैनिक दल पठाई साँगुरी गढीमा पनि अधिकार जमाएर पहाडपट्टि घुस्ने बाटो खोलेका थिए । त्यसपछि अभिमान सिंह बस्न्यातको नेतृत्वमा गएका सैनिकले पल्लो किरातमा उत्तर तिब्बती सीमाना र पूर्व तमोर नदीसम्म अधिकार जमाएकोमा सिङ्गलिला पहाडको पानी ढलोको पश्चिमतर्फ रहेका र सिक्किमबाट सताइएका लिम्बूहरूले पनि गोर्खालीको आश्रयमा बस्न मञ्जूर गरेकाले संपूर्ण लिम्बुवान गोर्खाली राजाको अधीनमा आयो । यसरी नेपालको सीमाना त्यति बेला पहाडतर्फ सिङ्गलिला डाँडासम्म र मैदानतर्फ कन्काई नदीसम्म पुगेको थियो ।[2]

त्यति बेलाको भू-राजनैतिक अवस्थामा सिक्किमलाई चलाएमा पञ्चन लामा र दलाइ लामाको माध्यमबाट चीनसँग समेत कलह पर्न सक्ने र उता अंग्रेज पनि केही निहुँ पाउनासाथ दुश्मन बन्न सक्ने हुनाले पृथ्वीनारायण शाह सिक्किमलाई चलाइहाल्ने पक्षमा थिएनन् । तर उता लिम्बुवान सरह हुनासाथ सिक्किमका राजाले गोर्खालीसंग मेल मिलाप गर्न आफ्ना दीवानका छोरालाई अभिमान सिंह बस्न्यातसँग कुराकानी गर्न पठाए । अभिमान सिंहले पनि विजयपुरका राजाबाट सिक्किमले लिएको इलाम र टिष्टासम्मको तलहट्टी फर्काइ दिएमा सिक्किमलाई सुरक्षित राखिने छ भनी संदेश पठाए र सोही शर्त अनुसार सिक्किम राजाले २५ सेप्टेम्बरमा सन्धिपत्रमा छाप लगाइदिएको हुनाले अभिमान सिंह बस्न्यातले अंग्रेजका अधिकार क्षेत्रदेखि बाहिर परेको टिष्टासम्मको भू-भागमा अधिकार गरी नेपालको सीमाना भूटानसँग जोडिसकेका थिए ।

तत्पश्चात् धेरै सालसम्म यो इलाका नेपाल राज्यको एउटा भू–भाग भएर रह्यो । तर १८१४ ई. मा. पश्चिम नेपालको स्यूराज र बुटवलको इलाका उपरको अधिकारलाई निहुँ बनाई अंग्रेजहरूले नेपाल उपर चारैतिरबाट आक्रमण गरे । यस युद्धमा अंग्रेजको पाँचौ सेनालाई मेजर लेटरको मातहतमा पूर्णियाको सीमाना रक्षागर्नको साथै सिक्किमलाई उचाली नेपालको पूर्वी भाग कब्जा गर्ने जिम्मा सुम्पिएको थियो । एउटा अंग्रेज लेखकका अनुसार यस क्षेत्रमा नेपाली फौजको गढ विजयपुरमा थियो । मेजर लेटरको नेतृत्वमा कम्पनी सेनाले वर्तमान विराटनगर र रङ्गेलीको बीच पर्ने धनपुर भन्ने स्थान र झापा बजारमा आक्रमण गरी ती माथि कब्जा गरे । नेपाली सेनाले मेची पारगरी बाँस गाउँमा गई जम्मा भए । यसरी सन् १८१५ को ८ मार्चसम्ममा कम्पनीको सेनाले मोरङ सर गरिसकेको थियो ।[3]

लडाईंको पहिलो पक्षमा अंग्रेजहरूले धेरै हार सहनु परेको भए तापनि पछि गएर लडाईंको गति

१ बाबुराम आचार्यको माथि उल्लिखित किताब पृष्ठ ६११–६१२

२ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०९–१२

३. Pemble, John- The Invasion of Nepal, Clerendon Press, Oxford, 1971, page 245

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको प्रतिकूल हुन गयो र अंग्रेजसँग सन्धि गर्न पर्‍यो। फलतः १८१५ मा २८ नोभेम्बरको दिन सुगौली सन्धिमा हस्ताक्षर भयो। जस अनुसार यस इलाकामा मेचीदेखि टिष्टाको तराई भागमा इष्ट इण्डिया कम्पनीको अधिकार हुने भयो। तर यस सन्धिपत्र उपर नेपाल सरकारको औपचारिक स्वीकृति प्राप्त नभएकोले १८१५ को अन्त्यतिर फेरि युद्धको पुनरावर्तन भयो। पछि फेरि सन्धि हुँदा कोशीदेखि पश्चिम राप्तीसम्मको तराईको भू–भाग नेपालकै अधीनमा रहने व्यवस्था हुन गए तापनि झापा जिल्लाको पूर्वमा पर्ने मेची नदीभन्दा पूर्व पर्ने इलाका गुमेकोगुमै भयो र यो नदी सदाको लागि नेपालको पूर्वी अन्तर्राष्ट्रिय सीमाना हुन गयो।

यस इलाकामा पृथ्वीनारायण शाहको विजयभन्दा पूर्व लोहाङ सेनको सन्तानको पालामा र पृथ्वीनारायण शाहको विजय पछि कस्तो किसिमको प्रशासकीय संगठन थियो भन्ने बारेमा ह्यामिल्टनले ई. १८०२ तिर गरेको अध्ययनको आधारमा केही प्रकाश पारेका छन्।[1]

पृथ्वीनारायण शाहको विजयभन्दा पूर्व यहाँ राजा पछि चौतरिया हुन्थे। यो पद एउटा किराती परिवार वंशानुक्रमले चल्दथ्यो र बाबु मरेपछि छोरा चौतरिया हुन्थे। चौतरियाको मुनि एउटा कायस्थ नायव चौतरिया हुन्थ्यो र राजाको दरबारमा लेखापढीको काम गर्दथे। त्यस पछिको पदाधिकारी काजी र काजी पछि देवान हुन्थे जसले राज्यको आम्दानीको उठती पुठती गर्दथे। सैनिकतिर दुई किसिमका फौज हुन्थे। पहिलो फौजमा रजपूत र खसहरू हुन्थे र राजाको सुरक्षामा मात्र रहन्थे। दोस्रो फौजमा संख्या धेरै हुनुका साथै यसमा धेरै किरातीहरू नै हुन्थे। सेनाको नेतृत्व सरदार भन्ने पदाधिकारीको मातहतमा र तिनीहरू अन्तर्गत विभिन्न संख्यामा फौजहरू तैनाथ रहन्थे। प्रत्येक सरदारको जिम्मामा पहाडमा जग्गा दिइन्थ्यो जुन आफू र आफ्नो अन्तर्गतका सिपाहीहरूमा बाँडिन्थ्यो। राजपूत र खस सैनिकहरूसँग बन्दूक हुन्थ्यो र किरातीहरूसित तरवार र विष हालेको धनु काँड हुन्थ्यो। यस प्रकारको किरातीहरूको संख्या ९०,००० थियो। जसमध्ये पाँच-छ हजार रूजु सैनिक सेवामा रहन्थे।

पृथ्वीनारायण शाहले यस भागलाई नेपालमा गाभेपछि मोरङ र चैनपुर दुईवटा जिल्लामा विभाजन गरियो। मोरङ जिल्लाको सीमाना पहाडतिर कोशीदेखि कन्काईसम्म अंदाजी ४८ माइल र तराईतिर कोशीदेखि टिष्टासम्म अंदाजी ८७ माइलको इलाकामा फैलिएको थियो। यस इलाकामा सबभन्दा महत्वपूर्ण स्थानहरूमध्ये विजयपुर थियो जहाँ सुब्बाको मुकाम रहन्थ्यो। मोरङ जिल्ला तीनवटा तालुकमा विभाजित थियो र प्रत्येक तालुकको मुख्य मानिस एउटा फौजदार हुन्थ्यो। प्रत्येक फौजदार अन्तर्गत एकदेखि चारवटासम्म चौधरी अथवा जमीन्दार रहन्थ्यो। एउटा सुब्बाको इलाका विभिन्न प्रगन्नाहरूमा विभाजित हुन्थे र एउटा तालुक अन्तर्गत विभिन्न संख्यामा प्रगन्नाहरू हुन्थे। गाउँको मुख्य मानिसलाई मोकड्डम भनिन्थ्यो जसले जमीनको मालपोत असूल तहसील गर्दथ्यो। त्यसको मुनि पटवारी हुन्थ्यो। सैनिकतर्फ दुई जना सुवेदार र ३०० जवानको सैनिक दल रहन्थ्यो। सुब्बाले न्यायाधीशको पनि काम गर्दथ्यो। राजस्वको हकमा त्यति बेला मालपोत बाहेक, चरण कर, खयर कर, काठ महल (काठमा कर) चिडिया महल (चराचुरुङ्गीमा कर) को साथै चतरा, विजयपुर, खसे, लटाङ र रोटाया भन्ने स्थानहरूमा भन्सार महसूल समेत लिइन्थ्यो। यी सबैबाट सन् १८०९-१०मा जम्मा १,३१,४२५ रुपैयाँको राजस्व आम्दानी हुन्थ्यो। यहाँका निवासीहरूमा पूर्वतिर कोचे अथवा राजवंशी, डाँडाका मुनि मुनि मेचेहरू र पश्चिमतिर मैथिलीको एउटा भाषिका बोल्ने गनगाईहरू थिए। हड-

१ ह्यामिल्टनको माथि उल्लिखित किताब, पृष्ठ १४७–८ र १५१–६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनले सन् १८४७ मा यहाँ बस्ने समूहहरूमा धिमाल पनि थपेका छन् ।[1]

त्यति बेला यहाँको विशाल भू–भागमा बस्ती कम थियो । यहाँको चरनको सुविधाले गर्दा नेपाल सरकारलाई चरन कर तिरी गाई वस्तु पूर्णिया इलाकाबाट मोरङ इलाकामा चराउन ल्याइन्थ्यो ।[2] यहाँ बस्ती कम भएको हुनाले बसोबास गर्न मानिसहरू अंग्रेज सरकारको भूमितिर जालान् र यहाँको आयस्ता कम होला भन्ने डर त्यति बेलाका शासकहरूमा थियो । सन् १७९० मा झाराविर्क पर्दा साह्रै दुःख भयो र खेती गर्न सकिएन भन्ने उजूरी परे पछि यहाँ (मोरङ जिल्लामा) झारा प्रथा नै बन्द गरिएको थियो ।[3] मालपोत उठ्तीको निमित्त पनि यहाँ अवस्था हेरी अन्यत्र जस्तै इजरा प्रथा (एक किसिमको ठेकेदारी) र अमानत प्रथा (सरकारले सोझै उठाउने) लागू गरिन्थ्यो । सन् १७९० मा इजरा प्रथा अन्तर्गत सुब्बाहरूले अनावश्यक करहरू पनि उठाए । यसरी इजरादारहरूले अन्याय गर्‍यो, रैती भागेर हिन्दूस्थान पसे भन्ने उजूरी सरकारले पाए पछि १७९७ ई.मा मोरङमा इजरा प्रथा अन्त गरी अमानत प्रथा लागू गरेको थियो ।[4] तर पोत जति उठ्नु पर्ने हो नउठेको हुनाले फेरि इजरा प्रथा नै लागू गरियो ।[5] यसरी यस इलाकामा बस्तीको कमी नहोस् र सरकारलाई यस इलाकाबाट उठ्ती कम नहोस्, सकेसम्म जनता माथि शोषण नहोस् आदि उद्देश्यले नै यस इलाकाको प्रशासन सञ्चालन हुँदै आएको हो ।

1 Hodgson, Brian H.- Miscellaneous Essays relating to Indian subjects, Vol. I, Trubner co., Ludgate Hill, London 1880, page 119.

2 Francis Buchanan quoted in Mahesh Chandra Regmi- A study in Nepali Economic History, 1768-1846, Manjusri Publishing House, New Delhi, 1971 p. 17

Hooker, J.D.- Himalayan Journals or Notes of a Naturalist, London: John Murray, Albamarle Street, 1854, p. 383

३ महेश चन्द्ररेग्मीको माथि उल्लिखित किताब, पृष्ठ ११२

४ महेश चन्द्र रेग्मीको मायी उल्लिखित किताव पृष्ठ १२९–३०

५ महेशचन्द्र रेग्मीको माथि उल्लिखित किताब, पृष्ठ १३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

चन्द्रगढी

झापा जिल्लाको सदरमुकाम यो चन्द्रगढीको पुरानो नाम चन्द्रगुरी हो। राजवंशीहरूको भाषामा गुरीको अर्थ गाउँ हुन्छ। नेपाल तथा भारतको दुवैतिर पर्ने यहाँको भू-भागमा यस प्रकारको नाम भएका स्थानहरू छन्। जलपाइगुरी, सिलगुरी भारततिर भएका यस प्रकारका नामका उदाहरण हुन्।

कोशी अञ्चलको विराटनगरबाट यो स्थान ११२.५ किलोमिटर (७० माइल) टाढा अवस्थित छ। झापा जिल्लाको अनारमनी पञ्चायतमा विर्तामोड पुगेपछि महेन्द्र राजमार्गलाई छाडी दाहिनेपट्टिको पक्की बाटोबाट करीब १३ किलोमिटर (आठ माइल) भ्रमण गरेपछि चन्द्रगढी पुगिन्छ। चन्द्रगढीबाट अन्दाजी चार किलोमिटर दक्षिण पूर्वको दिशामा मेची नदीको पश्चिमपट्टि झापा जिल्लाको व्यापारिक केन्द्र भद्रपुर बजार छ। चन्द्रगढी सदरमुकाम भएको हुनाले जिल्लास्तरीय धेरैजसो सरकारी कार्यालयहरू यहीं छन्। हालसालै यहाँ बिजुलीको व्यवस्था पनि भएको छ। चन्द्रगढी गाउँ पञ्चायत इलाकामा नै सदरमुकामबाट अन्दाजी दुई किलोमिटर पश्चिमतिर पर्ने कलवलगुरी भन्ने गाउँमा एउटा भव्य पञ्चायत प्रशिक्षण केन्द्र अवस्थित छ, जुन नेपाल अधिराज्यमा अवस्थित यस प्रकारको चारवटा प्रशिक्षण केन्द्रहरूमध्ये एउटा हो र धनकुटा विकास क्षेत्र अन्तर्गतको एकमात्र पञ्चायत प्रशिक्षण केन्द्र हो।

चन्द्रगढी गाउँ पञ्चायतको २०२८ को जनसंख्या ६,७१९ छ। यो गाउँ पञ्चायतको बजार इलाकातिर बस्ने केही व्यापारीहरू बाहेक यस इलाकाका विभिन्न गाउँहरूमा बस्ने राजवंशीहरू नै यहाँका बहुसंख्यक बासिन्दा हुन्। यहाँ बीरेन्द्र माध्यमिक नाम गरेको एउटा माध्यमिक विद्यालय छ। यस बाहेक यहाँ तीनवटा प्राथमिक विद्यालयहरू पनि सञ्चालित छन्। चन्द्रगढी गाउँ पञ्चायतको एउटा विशेषता यो पनि हो कि कृषिबाट स्थानीय विकासको लागि साधन सङ्कलन गर्ने परीक्षणको रूपमा पञ्चायत विकास तथा जगा कर ऐन, २०२२ झापा जिल्लाको १२ वटा गाउँ पञ्चायतमा लागू भएकोमा चन्द्रगढी पनि एउटा हो। सो ऐनमा व्यवस्था गरिए बमोजिम उत्पादनमा आधारित जगाकरको फलस्वरूप यस गाउँ पञ्चायतको वार्षिक आम्दानी लगभग एकलाख रूपियाँ छ। यस करको विषयमा विस्तृत चर्चा यही परिचयको प्रशासन तथा पञ्चायत परिच्छेदमा गरिने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भद्रपुर

मेची नदीको पश्चिम किनारमा अवस्थित यो बजार झापा जिल्लाको प्रमुख व्यापारिक तथा औद्योगिक केन्द्र हो। जिल्लाको सदरमुकाम चन्द्रगढीबाट यो बजार पूर्व दक्षिणको दिशामा पर्दछ। नगर पञ्चायत बन्नको लागि साधारणतया १० हजार जनसंख्या आवश्यक पर्ने भए तापनि यस स्थानको औद्योगिक तथा व्यापारिक महत्वलाई ध्यानमा राखी ७,४९९ मात्र जनसंख्या भएको भद्रपुरलाई श्री ५ को सरकारले नगर पञ्चायत इलाका कायम गरेको छ। यहाँ जिल्लाका केही महत्वपूर्ण संस्थाहरू जस्तै २५ शैयाको अपस्ताल, विनिमय हुलाक यहीं छन्। व्यापारिक तथा औद्योगिक महत्वको कारणले तथा जिल्लाको आयात निर्यातको मुख्य केन्द्र भएकोले नेपाल बैंक लिमिटेडको शाखा र राष्ट्रिय वाणिज्य बैंकको शाखाका साथै भद्रपुर भन्सार कार्यालय पनि यहीं अवस्थित छन्। बजारको बीच चोकमा स्व. श्री ५ त्रिभुवनको एउटा सालिक पनि छ। बजारमा गत केही वर्षदेखि एक लाख ग्यालन क्षमता भएको पानी ट्याङ्कीबाट पिउने पानी योजना सम्पन्न भएको छ, जसबाट बजारमा धाराहरू वितरण भएका छन्।

उद्योगहरूको दृष्टिकोणबाट झापा जिल्लाको यो एउटा प्रमुख केन्द्र हो। यहां "ष्टकिष्ट" मिल ११ वटा, फ्ल्यारेट मिल चार वटा समेत जम्मा १५ वटा राइस मिल यसै नगर पञ्चायत इलाकामा छन्। अन्य उद्योगहरूमा पनि जिल्लाभरिको २४ वटा उद्योगहरूमा बिडी उद्योग तीनवटा, कन्फेक्सनरी र बेकरी उद्योग तीनवटा र इँटा कारखाना एक समेत जम्मा सातवटा उद्योगहरू यहीं छन्।

भद्रपुर नगर पञ्चायतको जनसंख्याको एउटा विशेषता यो छ कि यहाँको कुल जनसंख्या ७,४९९ मध्ये ४,४७६ जना मात्र अर्थात् जम्मा जनसंख्याको ५९.७ प्रतिशतमात्र नेपालभित्र जन्मेका र बाँकी जनसंख्या ३,०२३ अर्थात् ४०.३ प्रतिशतको जन्म विदेशमा भएको देखिन्छ। यहाँको विभिन्न औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरूमा धेरैको संख्यामा भारतीय मूलका जनता आई काम गर्ने भएको हुनाले यहाँको जनसंख्यामा यसप्रकारको आकृति हुन गएको हो।

शिक्षाको क्षेत्रमा यस नगरमा निकै प्रगति भएको मान्नुपर्दछ। यहाँको छ वर्षदेखि माथिका कुल जनसंख्या ६,२९५ (३.८४० पुरुष र २,४५५ महिला) मध्ये २,०९४ जना पुरुष ५४.५ प्रतिशत र ७८२ जना महिला ३१.९ प्रतिशत साक्षर छन्। पुरुष तथा महिला मिलाई छ वर्षदेखि माथिको जनसंख्यामा जम्मा २,८७६ अर्थात् ४५.७ प्रतिशत साक्षर भएको पाइन्छ।

विद्यालय जाने उमेरका केटाकेटीहरूको निमित्त यस नगरमा चारदेखि १० कक्षासम्म पढाउने एउटा व्यावसायिक माध्यमिक विद्यालय, दुईवटा निम्न माध्यमिक विद्यालयहरू तथा तीनवटा प्रा. वि. केन्द्रहरू छन्। यहाँ त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत मेची क्याम्पस पनि छ।

नगरको सुन्दरता तथा सफाईको दृष्टिकोणले भद्रपुर बजार कुनै कुरामा पनि उदाहरणको रूपमा लिन सकिन्न। यहाँ भित्रको बाटोहरूमा कालो पत्र लगाएको भए तापनि वर्षातमा हिलो र हिउँदमा धूलोको रास हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शनिश्चरे

जिल्लाको सदरमुकाम चन्द्रगढीबाट उत्तरतिर करीब १८ किलोमिटर (११माइल) मा शनिश्चरे पर्दछ। महेन्द्र राजमार्गको विर्तामोडबाट यो ठाउँ पाँच किलोमिटर (तीन माइल) मात्र उत्तरतिर पर्दछ। यो स्थान परम्परागत इलाम जाने पैदलबाटो र पछि कच्ची मोटर चल्ने बाटो निर्माण हुँदा पनि यही स्थानबाट गएको छ। इलामबाट झापा आउँदा यही स्थानबाट आउनु पर्ने भएकोले जिल्लाको अर्को महत्वपूर्ण व्यापारिक केन्द्रको रूपमा यसको विकास भएको छ। प्रत्येक शनिबार यहाँ हाट लाग्दछ, जसको कारणबाट यस स्थानको नाम शनिश्चरे हुन गएको छ। यस हाटमा जिल्लाको टाढा टाढाबाट र इलाम जिल्लामा पर्ने विभिन्न स्थानबाटसमेत धेरै संख्यामा मानिसहरू किनबेच गर्न आउँदछन्। इलामबाट निर्यात हुने सामानहरू जस्तै सुन्तला, जरीबूटी, घ्यू, जगर, छाला आदि र झापाबाट इलामतिर निर्यात हुने सामानहरू जस्तै कपडा, मसला, नून, तेल, फलाम तथा धातुका भाँडाकुँडा सबैको मुख्य किनबेच हुने स्थान यही नै हो। यहाँ २०२२ सालदेखि नेपाल बैंक लिमिटेडको एउटा शाखा सञ्चालन भइरहेको छ। यहाँ तीनवटा "ष्टकिष्ट" एउटा "ज्यालादारी" र चारवटा "फ्ल्याट रेट" चामल तथा तेल कारखानाहरू पनि सञ्चालित छन्। २०२८ को जनगणनाअनुसार यहाँको जनसंख्या ६,८४० छ। यहाँ एउटा माध्यमिक विद्यालय छ, जहाँ ५५२ विद्यार्थीहरू अध्ययन गर्दछन्। यस बाहेक यहाँ प्रा. वि. केन्द्रहरू पाँचवटा विभिन्न स्थानमा सञ्चालित छन् जसमा सबै मिलाएर ४३२ जना विद्यार्थीहरू अध्ययन गर्दछन्।

दमक

महेन्द्र राजमार्गबाट झापा जिल्ला प्रवेश गर्दा सर्वप्रथम दमक गाउँ पञ्चायतमा प्रवेश गरिन्छ। हुनत यस गाउँ पञ्चायतबाट पूर्व लाग्दा फेरि मोरङ जिल्लाको मधुमल्ला गाउँ पञ्चायत भएर जानुपर्दछ कारण झापा जिल्लाको मानचित्रमा उक्त मोरङको पञ्चायत खोंच पारी पसेको छ। यसरी यस दमक गाउँ पञ्चायतलाई पूर्व दक्षिण र पश्चिममा मोरङ जिल्लाको भू–भागले नै घेरेर राखेको छ।

दमक गाउँ पञ्चायतको दमक बजार तीव्रगतिले विकास हुँदै गएको ठाउँ हो। माथि पाँचथर र इलामको पश्चिमी कुनाको सीमानामा पर्ने रवि बजारबाट दक्षिणतिर झर्दा मुख्य सम्पर्क केन्द्रको रूपमा दमक बजारको विकास भएको छ। २०२८ सालको जनगणना अनुसार यहाँको जनसंख्या १३,९९३ पुगेको छ। भद्रपुर नगर पञ्चायतभन्दा बढी जनसंख्या भएको यो स्थान झापा जिल्लाको सबभन्दा घनाबस्ती भएको गाउँ पञ्चायत हो। यहाँ एउटा चलचित्र गृह पनि सञ्चालित छ।

यस गाउँ पञ्चायत इलाका भित्र हिमालय माध्यमिक विद्यालय नामक एउटा माध्यमिक विद्यालय, ढुकुर पानी भन्ने स्थानमा एउटा निम्न माध्यमिक विद्यालय र यस पञ्चायतको विभिन्न इलाकामा आठवटा प्रा. वि. केन्द्रहरू छरिएर रहेका छन्। यी सबै विद्यालयहरूमा गरेर जम्मा १,४०५ जना विद्यार्थीहरू विद्याआर्जन गर्दछन्।

औद्योगिक विकासको दृष्टिकोणबाट यहाँ श्री जय इण्डष्ट्रीज नामको "स्टकिष्ट" चामल कारखाना, श्री भगवती राइस तथा आयल मिल्स, श्री राम प्रसाद रा. आ. मिल, श्री पदमा रा. आ. मिल नामका "ज्यालादारी" चामल तथा तेल कारखानाको साथै श्री लामा सःमिल नामक काठ चिरानीको कारखाना र श्री कन्काई इँटा भट्टा नामक इँटा कारखाना छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रगढी गा. पं. जस्तै पञ्चायत विकास तथा जगाकर नामक कर लागू भएको यस जिल्लाका १२ वटा गाउँ पञ्चायतहरू मध्ये यो पनि एउटा गाउँ पञ्चायत हो। यस करबाट गाउँ सभा कोषमा जम्मा हुने कुल कर रकमको ५५ प्रतिशतबाट मात्र पनि यस पञ्चायतको सालाना आय दुई लाख रूपियाँभन्दा बढी हुन्छ र अरू स्रोतहरूबाट समेत हुने आय गर्दा यहाँको वार्षिक आम्दानी लगभग तीन लाख रूपियाँ छ। नेपाल अधिराज्यमा सबभन्दा बढी वार्षिक आम्दानी भएको गाउँ पञ्चायत यही नै हो।

जयपुर-बुधबारे

विगत २०१९ सालमा नेपालमा भूमिसुधार कार्यक्रमलाई प्रयोगको रूपमा लागू गरिएको गाउँ पञ्चात भएकोले र त्यस प्रयोगको चर्चा परिचर्चाले गर्दा बराबर उल्लेख हुने गरेको हुनाले यो गाउँ पञ्चायत आज नेपाल अधिराज्यमा सबभन्दा ख्यातिप्राप्त गाउँ पञ्चायत मान्न सकिन्छ। २०२० साल माघ १७ गते स्व. श्री ५ महेन्द्रबाट यहाँका मोहीहरूलाई मोहीयानी हकको प्रमाणपत्र वितरण भएको थियो।[1] यस पञ्चायत इलाकाभित्र पर्ने जयपुर र बुधबारे दुई प्रमुख स्थानका आधारमा नामकरण गरिएको यो पञ्चायतको कार्यालय बुधबारे भन्ने स्थानमा छ जहाँ प्रत्येक बुधबार हाट लाग्नुको साथै २००८ साल यतादेखि उत्तर पहाडी इलाकाबाट बसाइँसर्दै आएका जनसंख्याको कारणले एउटा सानो बजार पनि विकसित भएको छ।[2] यो स्थान जिल्ला सदरमुकाम चन्द्रगढीदेखि अन्दाजी १८ किलोमिटर (११ माइल) टाढा पूर्व–उत्तरतिर पर्दछ। यसको उत्तरी सीमाना इलाम जिल्लामा पर्ने महाभारत पहाड श्रृङ्खलाको सबभन्दा दक्षिणी डाँडाको पानीढलो हो। शनिश्चरेदेखि इलाम जाने कच्ची मोटर बाटो यस पञ्चायतको पश्चिमी भाग भएर गएको छ।

यस पञ्चायतको २०२८ सालको जनसंख्या १०,५३३ छ। २००७ साल अगाडि यहाँको आवादी ३३९ घरमात्र भएको अनुमान गरिएको थियो। औलोको कारणले मानिसहरू पहाडमा बसी बिहान मैदानमा खेती गरी बेलुकी घर फर्कन्थे। तर उक्त साल तेह्रथुम जिल्लामा राजनैतिक दङ्गामा परेका मानिसहरूलाई सरकारले यहाँ पुनर्वास गराएको र अर्कोतिर औलो नियन्त्रण पनि हुँदै गरेकोले क्रमशः यहाँको जनसंख्या वृद्धि हुँदै गयो। यहाँ परम्परादेखि बसोबास गरिआएका मानिसहरूमा धिमाल जातिका मात्र छन्। तर आजकाल यहाँ बसोबास गरेका बहुसंख्यक बाहुन, क्षेत्री, नेवार, मगर, राई, लिम्बू, कामी, दमाई आदिको अगाडि तिनीहरूको संख्या नगण्य भएको छ।[3]

पहाडको खोंचमा परेको स्थान भएको हुनाले यहाँ वर्षा प्रशस्त हुन्छ। सो बाहेक यहाँ स्थानीय प्रयासले खनिएका धेरै पैनी कुलाहरू छन्। यहाँको मुख्य उत्पादन धान, सनपाट, मकै, तोरी हुन्। शनिश्चरे र धुलाबारी जस्ता प्रमुख स्थानहरू नजीक परेको हुनाले यहाँ कुनै "स्टकिष्ट" मिलहरू छैनन्। यहाँ रामचन्द्र राइस तथा आयल मिल, श्री श्रेष्ठ चामल तेल मिल, श्री जय मिल नामका तीन वटा ज्यालादारी मिल र श्री कमला रा. आ. मिल र कन्चनडेरी नर्सरी मिल नामक दुई वटा "फ्ल्याट रेट" मिलहरू मात्र छन्। यहाँ अन्य फ्याक्टरीहरू छैनन्।

शिक्षाको क्षेत्रमा यहाँ एउटा माध्यमिक विद्यालय खुदुनाबारी भन्ने स्थानमा एउटा निम्न माध्यमिक

---

१ झापा जिल्ला परिचय, पञ्चायत मन्त्रालय, योजना शाखा, २०२२, पृष्ठ १२

२ केशवराज प्रसाई, जयपुर बुधवारे एक अध्ययन, पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र, कलवलगुरी (चन्द्रगढी) झापा, २०२८, पृष्ठ १२

३ केशवराज प्रसाईको माथि उल्लिखित किताब, पृष्ठ १०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय र पञ्चायतको विभिन्न स्थानमा पाँचवटा प्रा. वि. केन्द्रहरू छन् । यी सबैमा गरी जम्मा १,०७८ विद्यार्थीहरू अध्ययन गर्दछन् ।

झापा जिल्लाका पञ्चायत विकास तथा जग्गा कर लागू भएका १२ वटा गाउँ पञ्चायतहरूमध्ये सबभन्दा पहिलो यही नै हो । यहाँ २०२१ सालदेखि उक्त कर लागू भएको थियो ।

यस करबाट उठ्ती हुने रकममध्ये गाउँ पञ्चायतको आफ्नो हिसाबबाट मात्र ०२८।२९ सालमा रू. १,३६,३२१। उठ्ती भएको थियो र अरू स्रोतहरूबाट रू. ११,५१३। उठ्ती भई यस पञ्चायतको कुल वार्षिक आम्दानी झण्डै डेढलाख रूपियाँ पुगेको थियो ।

उपर्युक्त स्थानहरू बाहेक यस जिल्लामा ऐतिहासिक महत्वका अरू स्थानहरू पनि छन्। ती स्थानहरू बस्ती अथवा व्यापारिक महत्वका होइनन् तिनीहरूले पौराणिक कालमा महत्वपूर्ण भूमिका खेलेका थिए भन्ने लोकोक्ति पाइन्छ । यस प्रकारको स्थानमा यहाँको महेशपुर पञ्चायत अन्तर्गत पर्ने किचक वध र विराट पोखरी आउँछन् । भनिन्छ, किचक बधमा महाभारतका भीमसेनले विराट राजाका महामन्त्री किचकलाई पछारेर मारेका थिए। यो स्थान एउटा तीर्थस्थलको रूपमा रहेको छ र भारतको टाढा टाढा इलाकाबाट मानिसहरू यहाँ दर्शनार्थ आउँछन्। नागाहिलका नागाहरूले पनि यहाँबाट माटो लिएर जान्छन्। त्यस्तै विराट पोखरी भन्ने विराट राजाले खनेको विशाल पोखरी पनि यहाँ छ, जुन अहिले धान खेतको रूपमा छ ।[1]

१ लक्ष्मी आचार्य– देशको माटो, देशको ढुङ्गा, धरान नगर पञ्चायत, २०३०, पृष्ठ २०८–९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

यस जिल्लामा २०२८ सालमा लिइएको जनगणना अनुसार जम्मा २,४७,६९८ जनसंख्या भएको पाइएको छ जसमध्ये पुरुष १,३२,८८६ र महिला १,१४,८१२ छन् । यसरी महिलाभन्दा पुरुषको संख्या १८,०७४ बढी छ अर्थात् कुल महिलाको संख्यालाई आधार मानेर पुरुषको अनुपात गर्दा महिलाभन्दा पुरुष १५.७ प्रतिशत बढी भएको देखिन्छ ।

मेची अञ्चलमा सबभन्दा बढी जनसंख्या भएको जिल्ला यही नै हो । अञ्चलको कुल जनसंख्या ६,१७,७६० मध्ये यस जिल्लामा मात्र ४० प्रतिशत बस्दछन् । जनसंख्याकै हिसाबले अधिराज्यमा यो जिल्लाको स्थान नवौं पर्दछ र यसभन्दा बढी जनसंख्या भएका जिल्लाहरू क्रमशः काठमाडौं, धनुषा, महोत्तरी, रौतहट, सप्तरी, सिराहा, मोरङ र स्याङजा हुन् ।

जनघनत्वको हिसावले यो जिल्लाको इलाका १,५३२ वर्ग किलोमिटर भएको हुनाले प्रति वर्ग किलो-मिटर जग्गामा १६२ व्यक्ति पर्न आउँछ ।

यहाँको जनसंख्या २,४७,६९८ भए तापनि घर परिवारमा बस्नेको संख्या जम्मा २,४६,८६२ मात्र छ । अर्थात् यस संख्यामा होटल, होष्टल, कारागार आदिमा बस्ने जनसंख्याको हिसाब नहुने परम्परा हुँदा कुल जनसंख्याबाट ८३६ जना घटी देखिन आएको हो । घर परिवारको संख्या जम्मा ४३,९५७ वटा छन् अर्थात् प्रति औसत घर परिवारमा करीब छ सदस्यहरू बसोबास गर्दछन् । नेपाल अधिराज्यको औसत घर परिमाणभन्दा यो जिल्लाको औसत बढी भएको देखिन्छ । अर्को दृष्टिकोणबाट हेर्दा यो अञ्चलभरि नै औसत घर परिवारको परिमाण नेपालको औसत भन्दा ठूलो भएको देखिन्छ, कारण मेची अञ्चलको यो परिमाण ५·७ छ । अझ ताप्लेजुङ्ग जिल्लामा यो परिमाण ६.० सम्म पनि पुग्दछ ।

सानो ठूलो घर परिवारको सन्दर्भमा यस जिल्लामा एकजना मात्र सदस्य संख्या भएको घर परि-वारको संख्या १,५७१ र २० जना र सो भन्दा बढी भएको घर परिवारको संख्या१३८ छन् । यहाँ सबभन्दा प्रचलित घर परिवारको सदस्य संख्या पाँच हो र यस्ता परिवारको संख्या ६,७२४ छ ।

उमेरको बनावटको दृष्टिकोणले पाँच पाँच वर्षको फरकमा यहाँको जनसंख्यालाई धेरै समूहहरूमा विभाजित गर्न सकिए तापनि यहाँको जनसंख्यालाई मुख्य मुख्य तीन समूहमा विभाजित गरी विश्लेषण गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
५ वर्ष र सो भन्दा मुनि	२५,३२७	१९.०	२६,३१४	२२.९	५१,६४१	२०.८
६ देखि १५ वर्षसम्म	३१,९३०	२४.०	२७,६३०	२४.१	५९,५६०	२४.०
१६ वर्षदेखि माथि	७५,६२९	५६.९	६०,८६८	५३.०	१,३६,४९७	५५.१
जम्मा:	१,३२,८८६	९९.९	१,१४,८१२	१००.०	२,४७,६९८	९९.९

उपर्युक्त तालिकामा दिइएका उमेर समूहहरूमा पाँच वर्ष र सोभन्दा मुनिका समूहमा ५१,६४१ जना अर्थात् कुल जनसंख्याको २०.८ प्रतिशत र सोभन्दा माथिको विद्यालय जाने उमेर भएका अर्थात् छ देखि १५ वर्षको समूहमा २४.० प्रतिशत जनसंख्या भएको देखिन्छ। यसरी १५ वर्ष र सो भन्दा मुनिका उमेरहरूमा मात्र कुल जनसंख्याको ४४.८ प्रतिशत भएको देखिन्छ । यत्रो ठूलो परिमाणमा जनसंख्या ती १५ वर्षको उमेर समूहमा एकत्रित हुन जानुको मतलव यसले यहाँ बढ्दो जनसंख्याको समस्यातिर सङ्केत गर्नुको साथै आउँदो वर्षहरूमा खानपीन, लुगा, शिक्षा, रोजगारको क्षेत्रमा कति ठूलो व्यवस्थाको खाँचो पर्ने सम्भावना छ भन्ने कुरातिर पनि ध्यानाकर्षण गरेको छ। यसरी यस क्षेत्रमा विकास योजनाहरूको निर्माण गर्दा यस जानकारीप्रति ध्यान जानु जरूरी छ। यस बाहेक बाहिरबाट बसाइँ सरिआउनेको समस्या अलग्गै छ।

उमेर सम्बन्धी तालिकाले उमेरको आधारमा जनसंख्या विभाजन देखाउनुको साथै यसको आधारमा उमेरको कारणले सक्षम र आश्रित जनसंख्याको अनुपात पनि निकाल्न सकिन्छ । हुनत उमेरको कारणले सक्षम भन्ने संज्ञा दिंदैमा उनीहरू वास्तवमा सक्षम नै छन् भन्ने कुरा होइन, यसमा स्वास्थ्यको अवस्थादेखि लिएर धेरै अरू प्रभावशाली तत्वहरूले भूमिका खेलेका हुन्छन् । तर उमेरको कारणले सक्षम हुनसक्ने जनसंख्यालाई आर्थिक कारणले पनि सक्षम बनाउन प्रयत्न गर्न पर्ने र अर्कोतिर उमेरको कारणले आश्रितलाई आर्थिक दृष्टिले सक्षम बनाउन नसकिने भएकोले प्रस्तुत तुलनामा कुनै विशेष उमेर समूहभित्र परेको कारणबाट सक्षम तथा आश्रित हुन गएको अवस्थाको मात्र विचार गरिन्छ ।

नेपाल अधिराज्यमा यो अनुपातको हिसाब गर्दा सानै उमेरदेखि केटाकेटी जीवनयापन सम्बन्धी काममा लाग्ने हुनाले यहाँ सक्षम जनसंख्याको हिसाब गर्दा १० वर्षको उमेरदेखि ५९ वर्ष सम्मलाई लिने गरिएको छ । तर अन्तर्राष्ट्रिय परिपाटी अनुसार विद्यालय जाने उमेर १४ वर्षसम्म र ६५ र सोभन्दा माथिको उमेर समूहलाई आश्रित जनसंख्यामा गणना हुन्छ । त्यसैले यस परिचयमा उक्त दुवै हिसाबबाट सक्षम–आश्रित अनुपात देखाइएको छ ।

यस बमोजिम जिल्लामा उमेरको कारणले सक्षममा गणना हुने जम्मा १,५८,७९१ जना माथि उमेरको कारणले आश्रितमा गणना हुने ८८,९०७ जनाको अनुपात देखिन्छ । यसैले यस जिल्लाको सक्षम–आश्रितको अनुपात १००:५६ देखिन्छ अर्थात् प्रत्येक १०० जना सक्षम माथि ५६ जना जनसंख्या आश्रित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्राष्ट्रिय तरीकाबाट निकालिने सक्षम–आश्रित अनुपात अनुसार यस जिल्लामा १,३६,१७८ सक्षम जनता माथि १,११,५२० आश्रित देखिन्छन्। यसरी यहाँको सक्षम आश्रितको अनुपात १००:८२ देखिन्छ अर्थात् प्रत्येक १०० जना सक्षम माथि ८२ जना आश्रित रहेको देखिन्छ।

यो जिल्ला तराई इलाका भए तापनि शायद जनसंख्याको सांस्कृतिक पृष्ठभूमिको कारणले होला यहाँको वैवाहिक स्थिति अन्य धेरैजसो तराई इलाकाको भन्दा केही फरक छ। यहाँको जनसंख्यामा बाल विवाहको केही अंश अवश्य छ। उदाहरणार्थ छ देखि नौ वर्षको उमेर समूहभित्र जम्मा ४६ जना केटा र ५६ जना केटीको विवाह भैसकेको देखिन्छ जुन उक्त उमेर समूहमा भएको जम्मा केटा (१४,४१२) र केटी (१३,७८०) को क्रमशः ०.३ र ०.४ प्रतिशत मात्र छ। यसैगरी १० देखि १४ वर्षको उमेर समूहमा पनि केटा र केटीहरूको कुल संख्या क्रमशः १४,७५७ र ११,९४१ भएकोमा जम्मा क्रमशः १८३ र ४९५ जना विवाहित देखिन्छन् जुन उक्त कुल संख्याहरूको क्रमशः १.२ र ४.१ प्रतिशत हुन आउँछ। बाल विवाहको दृष्टिकोणबाट यो जिल्लाको समस्या तराईको कुनै कुनै जिल्लाभन्दा कम नै भएको देखिन आउँछ।

वि. सं. २०२८ सालको जनगणनाले प्रस्तुतगरे बमोजिम यस जिल्लामा मातृभाषा सम्बन्धी विविधता प्रशस्त मात्रामा देखिन्छ। उक्त जनगणनाले स्थानीय जिल्लाका भाषा र अन्य भाषा भन्ने दुई विविध समूहहरू गरेर जम्मा १९ वटा बनाएकोमा ती सबै मातृभाषाहरू केही न केही संख्यामा यहाँका मानिसले बोल्ने गरेको पाइएको छ। तर यस परिचयको प्रयोजनको लागि जुन जुन भाषाहरूको एक हजारभन्दा ज्यादा बोल्ने जनसंख्या छन् तिनीहरू प्रत्येक र एक हजारभन्दा कम संख्या भएका मातृभाषालाई अलग्गै समूह बनाई तल दिइएका छन्।

मातृभाषा	जनसंख्या	मातृभाषा	जनसंख्या
नेपाली	१,१०,७९७	मैथिली	२,९८१
राजवंशी	४१,२४४	नेवारी	२,६४६
सतार	१५,३३५*	थारू	२,५१८
लिम्बू	६,१२५	तामाङ	२,२८८
राई	४,७७५	मगर	१,७१२
स्थानीय जिल्लाका भाषा	२३,५०७		
अन्य भाषा	३३,७७०		

उपर्युक्त तालिकामा स्थानीय जिल्लाको भाषा भन्नाले यो भाषा कुनै विदेशी भाषा नभै स्थानीय जनताले नै बोल्ने भाषाहरू भएको र राष्ट्रिय परिप्रेक्षमा हेर्दा उक्त भाषाहरू बोल्नेको संख्या उल्लेखनीय नभएको हुँदा यसरी जिल्लाको स्थानीय भाषा भनेर एउटा छुट्टै समूह बनाई उल्लेख गर्ने परम्परा जनगणनाले अपनाएको हुनाले सो बमोजिम नै यहाँ प्रस्तुत गरिएको छ। यस जिल्लाको सम्बन्धमा उक्त भाषा धिमाल, कोचे, मेचे आदि जातका मानिसहरूले बोल्ने भाषा पर्न आउँने देखिन्छ।

तर अन्य भाषा भन्ने शब्दहरूले ती भाषाहरूलाई जनाउँदछन् जुन नेपालको स्थानीय भाषा नभै

* २०२८ को जनगणनामा सतार भाषा बोल्नेहरूको संख्या १४,२५९ र सन्थाली बोल्नेहरूको संख्या १,०७६ देखाइएकोमा व्यवहारमा ती दुवै सतारहरूले नै बोल्ने एकै भाषा भएको हुनाले यहाँ एकै ठाउँमा जम्मा गरी प्रस्तुत गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै विदेशी भाषा हुन् तर त्यहाँको केही जनसंख्याले मातृभाषाको रूपमा बोल्दछन् । झापा जिल्लाको सन्दर्भमा यस समूहमा हिन्दी भाषा, मारवाडी भाषा बोल्नेहरू पर्न आउने देखिन्छ ।

जन्मस्थान र नागरिकता

यहाँको जनसंख्याको जन्मस्थानको दृष्टिकोणले पनि यो जिल्ला अत्यन्तै रुचिपूर्ण छ । २०२८ सालको जनगणनामा यहाँको कुल जनसंख्यामा २,१३,६१७ जना नेपालभित्रै जन्मेका र ३४,०८१ विदेशमा जन्मेका देखाइएको छ जसमा १९,०५८ जना पुरुष र १५,०२३ महिला छन् । यसरी यहाँको कुल जनसंख्या १३.७ प्रतिशत विदेशमा जन्मेको देखिन्छ । तीमध्ये पनि अधिकांश पुरुष तथा महिलाहरू भारतमा नै जन्मेका छन् अर्थात् भारतमा जन्मिनेहरूको संख्या १८,३१२ पुरुष र १४,४२० महिला मिलाई जम्मा ३२,७३२ हुन आउँछ । बाँकी १,३४९ जना मात्र बर्मा, चीन र अन्य मुलुकमा जन्मेका देखिन्छन् ।

यस जिल्लामा भारतीय नागरिकता भएका जनसंख्या २४,४२० (पुरुष १४,३३३ र महिला १०,०८७) छन् । यो संख्या जिल्लाको ९.९ प्रतिशत हुन आउँछ । अधिराज्यमा यो जिल्लामा सबभन्दा बढी संख्यामा भारतीय नागरिकहरू छन् । मोरङ जिल्लामा पनि जम्मा २१,७७४ जना मात्र छन् र यसको स्थान झापा जिल्लापछि दोस्रो छ । प्रतिशतको हिसाबले पनि मोरङमा कुल जनसंख्याको ७.२ प्रतिशत मात्र भारतीय नागरिकहरू छन् ।

अन्य केही तराईका जिल्लाहरूमा जस्तो माथिल्लो उमेर समूहहरूमा जुन बढ्दो प्रतिशतमा महिलाहरू विदेशमा जन्मेका देखिन्छन्, सो यस जिल्लामा पाइँदैनन् । ती जिल्लाहरूमा जुन मात्रामा भारततिर विवाह सम्बन्धीले नहुने हुन्छ त्यो यस झापा जिल्लामा पाइँदैन । उदाहरणको लागि, बारा जिल्लामा २० देखि २४ वर्षको उमेर समूहमा पुरुषहरूमा २.४ प्रतिशत र महिलाहरूमा १५.३ प्रतिशत विदेशमा जन्मिएको देखिन्छ । तर सोही उमेर समूहमा झापा जिल्लाको जनसंख्यामा विदेशमा जन्मेकाको परिमाण १५.६ प्रतिशत महिला छन् भने १५.१ प्रतिशत नै पुरुष पनि छन् । त्यसैले जब कि बारा जिल्लामा महिलाको नेपाल आगमन सामाजिक कारणमा अर्थात् विवाहमा आधारित छ भने यस जिल्लामा विदेशमा जन्मेकाको आगमनको आधार सामाजिक कारण नभै आर्थिक कारण अर्थात् स्थानीय मिलहरू र अन्य क्षेत्रमा रोजगारीको कारणले नै हुन सक्दछ भन्ने सम्भावनातिर सङ्केत गर्दछ ।

यस जिल्लाको जनसंख्यामा स्वदेशमै जन्मेका जनसंख्यामा पनि केही उल्लेखनीय विशेषताहरू पाइन्छन् । स्वदेशमा जन्मिएका यहाँको जम्मा २,१३,६१७ जनसंख्यामध्ये जन्मस्थानको भौगोलिक आधारमा विश्लेषण गर्दा १,७०,४९४ मात्र मेची अञ्चलमा जन्म भएको देखिन्छ बाँकी ४३,१२३ जना नेपालको अन्य भागमा जन्मी त्यहाँ आएका देखिन्छन् । यसै गरी पहाड र तराई क्षेत्रमा जन्मेका जनसंख्याको अनुपात हेर्दा स्वदेशमा जन्मेका जम्मा २,१३,६१७ जनसंख्यामा ७१,७८८ जना अर्थात् ३३.६ प्रतिशत उच्च र मध्यपहाडी भागमा जन्म लिएर यहाँ पुगेको देखिन्छ । यसरी झापा जिल्लामा नै जन्मेका कति र बाहिर कुन कुन स्थानबाट कति मानिसहरू यहाँ आए भन्ने कुराको यकीन अङ्क निकाल्न गाह्रो भए तापनि झापाको वर्तमान जनसंख्यामा झापाभन्दा बाहिर स्वदेशको अन्य भागको साथ-साथै विदेशबाट समेत प्रशस्त मानिसहरू आएर बसोबास गरेका छन् भन्ने निष्कर्षमा सजिलैसँग पुग्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाका जम्मा ४३ वटा गाउँ पञ्चायतहरू र एउटा नगर पञ्चायतमा यहाँको जम्मा २,४७,६६८ जनसंख्या कसरी विभाजित छन् भन्ने कुरा निम्नलिखित तालिकाबाट दर्शिन्छ ।

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अनारमनी	४,३६६	२. कुमरखोद	४,६२२
३. केचना	२,८७०	४. कोरोबारी	३,२६२
५. कोहबरा	४,६५७	६. खजुरगाछी	३,७२७
७. गरामनी	६,२७७	८. गौरादह	१०,६३०
९. गौरीगञ्ज	४,६२५	१०. घेराबारी	२,५८१
११. घैलाडुब्वा	३,७३३	१२. चकचकी	४,१३४
१३. चन्द्रगढी	६,७१६	१४. चारपाने	३,४८६
१५. जयपुर-बुधबारे	१०,५३३	१६. जुरोपानी	४,६८४
१७. ज्यामीरगढी	५,३३६	१८. टाँघनडुब्बा	४,३८४
१९. डाँगीबारी	२,६३३	२०. तोपगाछी	११,६६०
२१. दमक	१३,६६३	२२. दुवागढी	३,५२१
२३. धाइजन	२,७८७	२४. धुलाबारी	४,६६१
२५. नक्कलबन्दा	७,६५४	२६. पथरीया	४,००१
२७. पाठामारी	२,१६६	२८. पाराखोपी	७,५३४
२९. पाँचगाछी	४,३८५	३०. वनियानी	२,३५३
३१. बाहुनडाँगी	१०,२८४	३२. बैगुन्धरा	
३३. भद्रपुर (नगर पञ्चायत)	७,४६६	३४. महादेवा	२,८४६
३५. महेशपुर	६,०६२	३६. महामारा	७,८६७
३७. राजगढ	६,८६४	३८. बालुबाडी	२,३७५
३९. शनिश्चरे	६,८४०	४०. शरणामति	५,०६६
४१. शान्तिनगर	३,४३६	४२. शिवगञ्ज	१७,८६१
४३. सुरुङ्गा	४,६६८	४४. हल्दिबारी	५,७८५

झापा जिल्लाको जम्मा ४३ वटा गाउँ पञ्चायतहरूमा मात्र जम्मा २,४०,१९९ जनसंख्या भएको हुनाले प्रतिपञ्चायतको औसत जनसंख्या ५,५८३ नंप आउँछ । यहाँको शिवगञ्ज भन्ने गाउँ पञ्चायत देशको

* बैगुन्धरा गाउँ पञ्चायत २०२९ सालतिर मात्र महामारा गाउँ पञ्चायतबाट फुटालेको हुनाले यस पञ्चायतको जनसंख्या पनि महामारा गाउँ पञ्चायतमा समावेश छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबभन्दा बढी जनसंख्या भएको गाउँ पञ्चायत हो । यहाँको उक्त शिवगञ्ज पञ्चायत र दमक गाउँ पञ्चायतमा अधिराज्यको केही नगर पञ्चायतहरूमा भन्दापनि धेरै जनसंख्या छन् । विकासको निमित्त योजना निर्माण, साधन परिचालन, जनसहयोग र ठूला आयोजनाहरू कार्यान्वयन गर्न सकिने सम्भावना धेरै जनसंख्या भएको पञ्चायतमा बढी हुन्छ ।

जनजीवन

झापा जिल्लामा हाल बसोबास गर्ने विभिन्न किसिमका जात जातिहरूले यहाँको वर्तमान जनजीवनलाई जुन किसिमको विविधता प्रदान गरेका छन् यसलाई ऐतिहासिक दृष्टिमा हेर्ने हो भने समयको गतिसित यो विविधता निकै गतिशील तरीकाबाट विकसित भएर आएको हामी पाउँछौं । झापा क्षेत्रको जनजीवनको विषयमा प्रारम्भिक जानकारी आजभन्दा पौनेदुई सय वर्ष पहिले सन १८०३ ताका फ्रान्सिस ह्यामिल्टनले दिएका थिए । उनले तात्कालीन विजयपुर राज्यको विषयमा वर्णन गर्दा यसको पूर्वी भागमा कोच अथवा राजवंशी जाति तथा मेच जाति (जसलाई धिमाल पनि भनिन्छ) बस्दछन् र पश्चिम भागमा मैथिली भाषा बोल्ने गनगाई जातका मानिस बस्दछन् भनी उल्लेख गरेका छन् ।[1] हुनत सो समयभन्दा २५।३० वर्ष पहिले नै पृथ्वीनारायण शाहका पालामा विजयपुर राज्य नेपाल अधिराज्यमा गाभिसकिएको हुनाले यस इलाकासित नेपालको केन्द्रीय प्रशासनको पनि सम्पर्क रहेको कुरा स्पष्ट छ । तर यस इलाकाका बासिन्दाहरूको बारेमा कुनै विशेष जानकारी उपलब्ध नभएको हुनाले ती जानकारीहरू कुनै जिज्ञासु इतिहासकारको प्रतीक्षा गरिरहेका छन् भन्न सकिन्छ ।

ह्यामिल्टनको उपर्युक्त संक्षिप्त जानकारीपछि यस इलाकाको जनजीवनको बारेमा सन् १८३९ मा ए. क्याम्पवेलले लेखेका छन् । उनी एउटा दार्जोलिङ्गस्थित कर्मचारी थिए र उनले मेचहरूको बारेमा तात्कालीन भारत सरकारलाई लेखेको प्रतिवेदनमा यस इलाकामा कोच (अथवा राजवंशी), धिमाल, थावा (शायद थारू ?) र गारोहरूको उपस्थितिको विषयमा उल्लेख गरेका छन् ।[2] पछि सन् १८४६ मा यस इलाकाको अध्ययन गर्ने अंग्रेज लेखक व्रायन हडसनले आसामको गोल्पारादेखि मोरङको आलिगञ्जसम्मको १५० माइलको इलाकामा कोच, वोडो, धिमाल, राभा, (जसलाई अन्यत्र उनले हिन्दू धर्ममा परिणत भइसकेका वोडो हुन् भनेका छन्) हाजोङ, कुडी, वाटर, (अथवा वोर) केव्राट पल्लाह, गनगाई, भराह र धानुकहरू बसोबास गर्दछन् भनी उल्लेख गरेका छन् ।[3]

उपर्युक्त नाम भएका जातिहरूलाई यस जिल्लाको वर्तमान जनजातिको बनावटसित तुलनात्मक दृष्टिकोणबाट हेर्दा आज यहाँ बसोबास गर्ने जात-जातिहरूमध्ये, धिमाल, कोचे, राजवंशी, वोडो अथवा मेचे, गनगाई आदि जातिहरू परम्परादेखि नै यहाँ बसोबास गरिआउनेमध्येका हुन् भने कतिपय नयाँ जातजाति-

1. Hamilton, Francis Buchanan—An Account of the Kingdom of Nepal, 1971 Ed. Manjusri Publishing House, New Delhi p.124—26
2. Campbell, A.—"Notes on the Mechis" in Language and Religion, Asiatic Society Calcutta-1847
3. Hodgson, Brain H.—Miscellaneous Essays relating to Indian Subject, Vo. I. Trubner and co. London. 1880. p. 106.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको यहाँ आप्रवजन भै सकेका छन् जसमा खेती र औद्योगिक व्यवसायको सिलसिलामा नेपालको पहाड र भारतको बङ्गाल, बिहार र उडिस्साको साथै आफ्नो परम्परागत भ्रमणशील प्रकृतिबाट बाध्य भएर यहाँ आएको सतार जाति समेत पर्न आउँछ ।

जनजीवनको क्षेत्रमा यस जिल्लाको वर्तमान स्वरूपलाई हेर्ने हो भने यो जिल्ला नेपाल अधिराज्यको सीमानास्थित एउटा तराई जिल्ला भए तापनि यहाँ आफ्नो भाषा अथवा सांस्कृतिक पृष्ठभूमि भएको कुनै पनि विशेष एक जातिको प्रधानता नभएको हुनाले यो जिल्ला वास्तवमा विभिन्न नेपाली जातजातिहरूको संमिश्रण-स्थलको रूपमा देखा पर्न आउँछ । यहाँ माथि उल्लेख गरिएका यस इलाकाका पुरातन जातिहरू जस्तै कोचे, मेचे, राजवंशी, धिमाल,गनगाईका साथै हालसालै नेपाल पसेका तर यस इलाकामा पुरातन नै मान्नु पर्ने सतार जातिका मानिसहरू बसोबास गर्दछन् भने यहाँ नै केही वर्षदेखि पहाडबाट ठूलो संख्यामा बसाइँ सरी आएका विभिन्न जातिहरू जस्तै बाहुन, क्षेत्री, दमाई, सार्की आदि र राई, लिम्बू, गुरुङ, नेवार, मगर आदि पनि बसोबास गर्न लागेका छन् । अर्कोतिर यहाँको बढ्दो कृषि र औद्योगिक क्षेत्रले प्रदान गरेको रोजगारीको अवसरबाट आकर्षित भएर भारतको बङ्गाल, बिहार, उडिसा राज्यहरूबाट आएका कामदारहरू छन् र यहाँ धेरै वर्षदेखि बसोबास गरी आएका मुसलमान र अन्य स्थानीय निवासीहरू पनि छन् । यी समूहहरूमा प्रत्येकले आफ्नै सांस्कृतिक विशिष्टता-लाई संगालेर आएका छन् जसमा भाषा, भेषभूषा, सामाजिक संगठनको मात्र फरक नभै जीवन यापनको तरीका, विचार र व्यवहारको साथै एउटा छुट्टै सांस्कृतिक व्यक्तित्व समेतको अनुभव हुन आउँछ । तर एकै आबासीय परिवेशनमा बस्नु पर्ने बाध्यताले एक अर्काको अस्तित्वसँग आपसी संसर्गले जुन किसिमको सांस्कृतिक आदान प्रदान हुन्छ त्यसले सामाजिक परिवर्तनको एउटा प्रक्रिया नै शुरू गरिदिन्छ र आज झापा जिल्लामा यही प्रक्रिया तीव्रगतिले चालू भैरहेको छ । कोचे,सतार,मेचे जस्ता केही समूहहरूको निमित्त अझ यो प्रक्रियाले छिटो प्रभाव पार्न थाल्नेछ किनभने जङ्गललाई आगो लगाएर खेती गरी प्रत्येक दुई–तीन वर्षमा ठाउँ फेरी फेरी जीवन यापन गर्ने यिनीहरूको प्रवृत्ति भएकोमा यस जिल्लामा भएको बढ्दो आप्रवजनले गर्दा जनसंख्यामा ठूलो वृद्धि भई जग्गाको कमी हुन जानुका साथै सरकारले जङ्गल मास्नमा लगाएको नियन्त्रणले गर्दा यिनीहरूले आफ्नो जीवनयापनको प्रविधिमा नै परिवर्तन ल्याउनु पर्ने अनिवार्यता यिनीहरूको सामु खडा हुन गएको छ । यस दृष्टिकोणले हेर्दा यस जिल्लाको सम्पूर्ण जात जातिहरू एउटा महत्त्वपूर्ण संक्रमण प्रक्रियालाई अँगालेर अगाडि बढि रहेका छन् ।

यहाँका विभिन्न जातजातिहरूको बसोबासको इलाकामा पनि केही विशेषताहरू अवश्य छन् । पहाडबाट झरेका मानिसहरू जिल्लाको माथिल्लो भागमा बसोबास गर्दछन् । यसमा मुख्यतया महेन्द्र राजमार्गबाट उत्तर पर्ने सम्पूर्ण भागहरू जस्तै बुधबारे, शान्तिनगर, बाहुनडाँगी, पाराखोपी, शनिश्चरे, धाइजन, धुलाबारी, नक्कलबन्दा, अनारमनी, शुरुङ्गा, शिवगञ्ज, तोपगाछी आदि पञ्चायतहरूमा पहाडबाट झरेका मानिसहरूका बस्ती छन् । यसमा पहिले चारकोसे झाडी भनिने इलाकामा पनि यिनीहरूकै बसोबास भैसकेको छ । यसैगरी महेशपुर, हल्दीबारी पञ्चायतमा पर्ने पुनर्बासको इलाकामा पनि केही यस्ता बस्ती छन् । यी बाहेक चन्द्रगढी पञ्चायत, गरामनी र गौरादह पञ्चायतमा पर्ने बजार इलाकाहरूमा पनि पहाडी भेकबाट झरेका मानिसहरू बसोबास गर्दछन् ।

यसअनुसार जिल्लाको जति जति दक्षिणी भागतिर लाग्यो उति उति यहाँका आदिबासीहरू जस्तै राजवंशी, गनगाई, मेचे, सतार आदि जातिको बसोबास देखिन्छ र धिमाल मात्र एउटा जाति हो जुन महेन्द्र राजमार्गको वरिपरि यस जिल्लाको पश्चिमी भागमा र मोरङको पूर्वी भागमा परंपरादेखि बसोबास गर्दै आइरहेका छन् । यस दृष्टिकोणले उक्त धिमाल जातिको परिवेश यहाँका अन्य स्थानीय जातिहरूको परिवेशसँग फरक देखिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछ । यिनीहरूको विषयमा केही विस्तृत जानकारी मोरङ जिल्लाको परिचयमा दिइएको छ ।

जुन तरीकाले पहाडी र स्थानीय आदिबासीहरूको बसोबासको इलाका फरक छ त्यस्तै गरी यिनीहरूको बसाइको तरीका पनि फरक छ । पहाडीहरूको बस्ती स्थानीय जातिहरूकोभन्दा अलि फैलिएको हुन्छ । घर पनि स्थानीय जातिका मानिसहरूको घर अलि अग्लो स्थानमा जमीनमै बनाइराखेको हुन्छ भने पहाडीहरूले काठका खम्बाहरू गाडेर जमीनबाट एकतल्ला जतिकै उठाएर माथिल्लो तल्ला बनाई त्यहाँ बसोबास गर्दछन् । यसरी, हेर्दैमा यो पहाडीको बस्ती हो अथवा स्थानीय जनजातिको भन्ने कुरा धेरैजसो अवस्थामा सजिलैसँग छुट्याउन सकिन्छ । यस बाहेक तिनीहरूको व्यवहारमा पनि केही विशेषता छ जसले यो छुट्याउन मद्दत गर्दछ । भनिन्छ कि कुनै एउटा नयाँ आगन्तुक गाउँमा आइपुग्दा यदि यहाँका मानिस त्यसको वरिपरि झुम्मिन आए भने धेरै संभव छ त्यो पहाडी गाउँ नै होला र यदि सबै जना लुके भने त्यो स्थानीय आदिबासीको गाउँ हुन संभव छ । तर यो कुरा थारू र धिमालहरूमा लागू हुँदैन ।

यहाँ कम संख्यामा हुने जात जातिहरूमध्ये मुसलमानहरू सीमानाका गाउँहरूमा फैलिएर बस्नुको साथै कतै कतै चकचके गाउँ पञ्चायतमा जस्तो धेरैको संख्यामा पनि बस्दछन् । भारतबाट आएका मारवाडी, बङ्गाली, बिहारी, उडियाहरू व्यापारिक तथा औद्योगिक केन्द्रहरूमा बसेका छन् । खासगरी भद्रपुरमा श्रमिकको रूपमा मिलहरूमा काम गर्ने मानिसहरूमा मुख्यतया बिहारी र उडियाहरू छन् ।[१]

माथि उल्लिखित विभिन्न जातिहरू र तिनीहरूको आपसी संसर्गलाई व्यापकरूपले हेर्दा जति रोचक देखिन्छ उति प्रत्येक जात जातिहरू आफैंमा पनि रोचक छन् । यहाँ भएका जात-जातिहरूमध्ये ती जातिहरू जसको संख्या नेपालको अरू जिल्लामाभन्दा यस जिल्लामा बढी छ र यस जिल्लाको विशेष जातिको रूपमा प्रस्तुत गर्न सकिन्छ, तिनीहरू प्रत्येकको बारेमा केही विस्तृत जानकारी यसप्रकार प्रस्तुत गरिएको छ:–

राजवंशी तथा कोचे

शारीरिक बनावट, अनुहार र वर्णमा थारू र यस्तै स्थानीय जातिसँग मिल्ने राजवंशी आज झापा जिल्लामा आफ्नो छुट्टै अस्तित्व र परम्परा भएको एउटा विशिष्ट जाति हो । २०२८ सालको जनगणनामा मातृभाषाको आधारमा गरिएको यहाँका मानिसहरूको विभाजन अनुसार राजवंशी भाषा बोल्नेहरूको संख्या ४१,२४४ दिइएको छ र यो जाति नेपाली भाषा बोल्नेहरूको संख्या (१,१०,७९७) पछि सबभन्दा ठूलो हो । यिनीहरू मोरङ जिल्लामा पनि उल्लेखनीय संख्या (१३,७४९) मा छन् । भनिन्छ कि यिनीहरू नेपालमा कोशी र मेची नदीहरूको बीचमा फैलिएर बसेका छन् । भारततिर पनि यिनीहरू निकै संख्यामा पाइन्छन् र बिहार, बङ्गाल र आसाम तथा बङ्गलादेशमा समेत यिनीहरू फैलिएर बसेका छन् ।[२]

यो जातिको यहाँको उपस्थिति बारेमा सन् १८०२ र १८०३ मा अंग्रेजी लेखक ह्यामिल्टनले पनि लेखेका छन् । उनले विजयपुर राज्यको पूर्वी भागमा बङ्गालीको एउटा भाषिका बोल्ने यी कोचे अथवा राजवंशी-हरू मुख्य निवासी हुन् र उनीहरू शुरुमा कामरूपको निवासी हुन् भनी लेखेका छन् ।[३] यसभन्दा पछि सन् १८४६ मा

१. पञ्चायत मन्त्रालय-योजना शाखा, झापा जिल्ला परिचय, २०२२, पृष्ठ ३

२. स्वयम्भूलाल श्रेष्ठ-"राजवंशी जाति एक परिचय", हामी नेपाली, श्रेष्ठ – प्रकाशन, ललितपुर, २०२८, पृष्ठ ६९–७१

३. ह्यामिल्टनको अगाडि उल्लिखित किताब, पृष्ठ ११६, १२५ र १५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हडसनले कोचेहरूको इलाकालाई यकीन साथ ८८° देखि ९३½° पूर्व देशान्तर र २५° देखि २७° उत्तर अक्षांशको बीचमा पूर्वमा धनश्री नदी र पश्चिममा कन्काई नदीको बीचमा फैलिएको छ भनी उल्लेख गरेका छन्।[१] यस दृष्टिकोणले वर्तमान नेपाल सीमानाभित्र पर्ने कोचेहरू यस इलाकामा रहेका जम्मा कोचे जनसंख्याको केही सानो अंश मात्र हुन् आउँछ भन्ने स्पष्ट छ। यिनीहरूको त्यतिबेलाको जनसंख्याको विषयमा ह्यामिल्टन र हडसनले आफ्नै आफ्नै तथ्याङ्क दिएका छन्। ह्यामिल्टनको भनाइ अनुसार सन् १८०२-३ को समयमा साढेतीन लाख जति र हडसनले इस्लाम धर्म ग्रहण गरेका कोचेहरू समेत हिसाब गरी आठ लाखको अनुमान गरेका थिए।[२] वर्तमानमा यो संख्या कति छ भन्ने कुरा थाहा पाउन सकिएको छैन। तर नेपालको मोरङ र झापा जिल्लामा देखिएको राजवंशी र अन्य कोचे नै भनिने जातिहरूको संख्या एकैसाथ हिसाब गर्दा पनि एकलाखभन्दा कम नै हुने अनुमान भएको हुनाले यिनीहरूको मुख्यस्थल नेपालको राजनैतिक सीमानाभन्दा बाहिर पनि सिक्किम, भूटान र भारतमा समेत पर्दछ भन्ने स्वतः सिद्ध हुन आउँछ।

संस्कृत सभ्यताको प्रभाव स्पष्ट देखिने राजवंशी भन्ने नाम भएको यो सांस्कृतिक समूह र यसप्रकारको प्रभावमा नपरेको र आफ्नैपन झल्किने कोच अथवा कोचे भनिने जातिहरूको आपसी सम्बन्धको बारेमा निकै रोचक ऐतिहासिक परंपरा छ। भनिन्छ, पहिले यिनीहरू कोच भन्ने जाति मात्र थिए र नेपाल भारतको यस क्षेत्रमा कोचहरूको एउटा शक्तिशाली राज्य थियो जसलाई हाजो भन्नेले स्थापना गरेका थिए।[३] उक्त हाजोको नाति 'विसु' पराक्रमी भएकोले वरपरका स-साना रजौटाहरूलाई हराएर कूच बिहार नामको एउटा राम्रो शहर बसाले जुन स्थान अझ पनि भारतमा मौजूद नै छ। यस पराक्रमलाई देखेर ब्राह्मणहरूले उक्त कोच शासकलाई क्षेत्री वर्गमा मिलाएर कोचको सट्टा संस्कृतमा आधारित क्षेत्री जातिसूचक राजवंशी भन्ने पदवी दिए र त्यसबेलादेखि यी कोचहरू राजवंशी भए। राजा स्वयं पनि विसुबाट विश्वसिं भए।[४]

हडसनको भनाइअनुसार यस प्रकार शक्तिशाली कोचहरू हिन्दूधर्ममा सम्मिलित भई राजवंशीले आफ्नो स्थान उचा गरेको देखेर सो अनुसार हिन्दू धर्म भित्रै आफ्नो पनि स्तर परिवर्तन गर्न नसकेका कोचहरूले पछि इस्लाम धर्म ग्रहण गरे। बाँकी कोचहरूले आफ्नो धर्म, चालचलन र भाषालाई सह्यालेर राखे।[५] यीमध्ये इस्लाम धर्म ग्रहण गर्ने कोचहरूले आफ्नो धर्म इस्लाम भए तापनि आफ्नो थर त्यतिबेला सामाजिक दृष्टिकोणले उच्च मानिएको राजवंशी नै भन्दछन् जुन अद्यापि झापा जिल्लामा पाइन्छ।[६]

यसरी झापा जिल्लामा हाल भएका कोच अथवा कोचेबाट शुरू भएका जातिहरूमा तीन किसिमका समूहहरू पाइन्छन्:– हिन्दू राजवंशी, मुसलमान राजवंशी र जो आज पनि आफूलाई कोच भन्नमा नै गौरव मान्ने जाति।

गर्मी ठाउँमा बस्ने भएका हुनाले राजवंशीहरूको पोशाक साधारण नै हुन्छ, लोग्नेमानिसहरू घुँडासम्म आउने धोती लङ्गौटी लगाउँछन्। स्वास्नीमानिसहरू घुँडासम्म छोप्ने पेटानी भन्ने चौडा कपडा छातीमा बाँध्छन्।

१. हडसनको अगाडि उल्लिखित किताब, पृष्ठ १०७–१०९
२. ऐ. ऐ ऐ.
३. Bista, Dor Bahadur—"Rajbansi", People of Nepal, 2nd. Edition, Ratna Pustak Bhandar, Kathmandu, 1972, pp. 134–137
४. स्वयम्भूलाल श्रेष्ठको माथि उल्लिखित किताब अनुसार
५. हडसनको माथि उल्लिखित किताब, पृष्ठ १०८
६. डोरबहादुर बिष्टको माथि उल्लिखित किताब, पृष्ठ १३४-१३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर शहर बजारमा बस्ने र आर्थिक दृष्टिकोणले सम्पन्न राजवंशीहरू अरू पोशाकहरू जस्तै लोग्नेमानिसले कुर्ता, सुरूवाल, कोट, टोपी, जुत्ता लगाउँछन् भने स्वास्नीमानिसहरूले पनि सारी, ब्लाउज आदि लगाउन थालेका छन्।

राजवंशीको जीवनयापनको मुख्य आधार कृषि नै हो। त्यस क्षेत्रमा उत्पादन हुने धान, गहुँ, मकै, तोरी आदि यिनीहरू पनि खेती गर्दछन्। यिनीहरूका आइमाईहरू धेरै नै परिश्रमी हुन्छन्। यिनीहरू घर सफा राख्छन्, खेतमा काम गर्छन्, हाट बजार जान्छन् यो सबै देखेर श्री स्वयम्भूलाल श्रेष्ठले यिनीहरूलाई मातृ सतात्मक जाति हो भनी चित्रण गर्नु भएको छ।[1]

यिनीहरूको समुदायमा महिलाहरूको भूमिका यिनीहरूलाई मातृसतात्मक नै भन्न सकिने हदसम्मको छ कि भन्ने कुरामा अनुसन्धान अवश्य रोचक हुनेछ तापनि यिनीहरूमा महिलाहरूको भूमिका परंपरादेखि नै निकै प्रभावशाली रहिआएकोछ। हडसनले माथि उल्लिखित आफ्नो पुस्तकमा ह्यामिल्टनलाई उद्धृत गर्दै लेखेका छन् कि पाणी कोचहरू (असभ्य कोच ?) मा सबै सम्पत्ति आइमाईको हुन्छ र आमाको शेष पछि सो सम्पत्ति छोरीलाई जान्छ। विवाह गर्दा लोग्ने आफ्नी सासुको घर गई सासु र स्वास्नीलाई मानेर बस्दछ। विवाहको व्यवस्था आमाले गर्दछिन् र छोरीको पूर्व स्वीकृति लिइन्छ।[2] यिनीहरूमा अहिले यो वर्णन बमोजिमको अवस्था नभए तापनि यिनीहरूमा आइमाईहरूको स्थान अरूको तुलनामा उच्च नै छ र लोग्ने मानिसहरू तिनीहरूलाई आदरकै दृष्टिले हेर्दछन्।

यस जातिमा विवाह गर्दा मागेर विवाह गर्ने चलन छ। बहुविवाह बहुत कम र सन्तान नभएको अवस्थामा मात्र हुन्छ। विवाह गर्दा केटी तर्फको परिवारलाई केटीको रूप, कुल अनुसार एक दुईसयदेखि हजारौं रूपियाँसम्मको "चुमना" भन्ने रकम तिर्नुपर्छ। जसले यो तिर्न सक्दैन उसले ससुरालीमा बसेर काम गरेर चुक्ता गर्नु पर्दछ। पारपाचुके गरेको अथवा विधवा आइमाईको निम्ति चुमनाको रकम कम हुन्छ किनभने मृत्यु पछि सो आइमाई पहिलेको लोग्ने कहाँ नै पुग्दछे भन्ने विश्वास गर्दछन्।

धर्म अनुसरणको दृष्टिकोणबाट यिनीहरू हिन्दू धर्मावलम्बी नै हुन्। तर नेपालको अन्य क्षेत्रमा हिन्दू धर्मावलम्बीहरूमा जुन किसिमको स्थानीय धार्मिक परंपरा विकसित भई हिन्दू धर्मको व्यापकता भित्र आफ्नो क्षेत्रिय वा जातीय विशिष्टतालाई जोगाई राखेको हुन्छ, त्यस किसिमको धार्मिक विशिष्टता हिन्दू राजवंशीहरूमा पनि पाइन्छ।

राजवंशीहरूले मुख्यतया देवदेवीका आराधना गर्दछन्। यिनीहरू कालीको पूजा धूमधामले गर्दछन्। प्रत्येक गाउँमा कालीको निम्ति एउटा छाप्रो बनाएको हुन्छ। कहीं माटोको ढिस्कोमा सिंदूर पोती देवता मानी राखेको हुन्छ, कहीं कहीं बीचमा काली स्थापना गरेर त्यसको दायाँ बायाँ परीको जस्तो आकार आउने मूर्तिहरू हुन्छन्। कहीं कहीं अझ बाटोको छेउ छाउमा केराको दुई चार बोट लगाई मसान काली भनी पूजा गरी राखेको पनि पाइन्छ। यो ठाउँ मसान नभए तापनि पुत्लाहरू बनाई गाडी राखेको हुन्छ।

काली बाहेक राजवंशीहरूको ग्राम देवता हुन्छ जसलाई कहीं छाप्रो बनाई अथवा नबनाई रूखमुनि पुजिएको हुन्छ। यिनीहरूको अरू पुज्ने देवता सर्वमङ्गला, विषहरी, दुलइ चण्डी आदि पनि हुन्। कहीं कहीं मानिसको खप्परको पूजा गरी राखेको हुन्छ। खेतहरूमा पनि माटोको मूर्ति बनाई राखेको हुन्छ। जसले गर्दा भूतप्रेत तर्सिन्छ र बाली नाली सप्रिन्छ भन्ने विश्वास गर्दछन्। यस्तै प्रकार विभिन्न प्राकृतिक प्रक्रियाहरूसँग सम्बन्धित देवताहरूको पनि यिनीहरू पूजा गर्दछन्। जस्तै पानीको निम्ति विस्टो ठाकुर, अग्नि देवको रूपमा

१. स्वयम्भूलाल श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ ७०

२. हडसनको माथि उल्लिखित किताब, पृष्ठ ११०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्मा ठाकुर, आँधी तूफानबाट सुरक्षाको निम्ति पवन ठाकुर, दुर्भिक्ष निवारणकै निम्ति वसुमती ठकुरानी, पहाड र जङ्गलका देवता महाकाल ठाकुर र एवं प्रकारले शिव ठाकुर, धरम ठाकुर, लक्ष्मी ठकुरानी आदि सबैको आराधना गर्दछन् ।

सारांशमा राजवंशी एउटा यस्तो जाति हो जसले नेपालको राष्ट्रिय जीवनको प्रवाहमा आफूलाई सजिलैसँग सम्मिलित गरेको छ । यिनीहरू अत्यन्त सीधा साधा छन् । देवता र दैवीशक्तिको ठूलो भक्त छन् । आफै अत्यन्त परिश्रमी छन् र अरूले पनि मिहेनत गरेकै रुचाउँछन् । लुच्याइ, फटचाइ, चोरी, ठग्ने आदि यिनीहरूमा नभएका बैगुनहरू हुन् । यिनीहरूमा धार्मिक सहिष्णुता हुनुको साथै कट्टरता नभएको हुनाले यिनीहरूको सांस्कृतिक मान्यतामा आधुनिकता तथा प्रगतिशील विचारधारा ग्रहण गर्न सक्ने क्षमता प्रशस्त मात्रामा छ । पहिलेदेखि यहाँ बसोबास गरिआएका जातजातिहरूमा विकासको दृष्टिकोणले यिनीहरू नै बढी अग्रगामी देखिन्छन् । यिनीहरूका केटाकेटीहरू तुलनात्मक दृष्टिले बढी संख्यामा विद्यालय जाने गर्दछन् । जिल्लाको सबभन्दा धनी व्यक्ति राजवंशी नै छ । खेतीमा पनि नयाँ नयाँ प्रणालीहरू अपनाउन राजवंशी कृषकहरू अरूभन्दा तत्पर रहन्छन् ।

सतारहरू

भेषभूषा तथा शारीरिक बनावटमा थारू, राजवंशी, कोचेहरूसँग मिल्ने भए तापनि सांस्कृतिक दृष्टिकोणले आफ्नो छुट्टै अस्तित्व तथा विशेषता भएको झापा जिल्लाको अर्को जाति सतार हो । २०२८ सालको जनगणनामा यिनीहरूले बोल्ने एउटै भाषालाई सतार भाषा र सन्थाल भाषा भनी अलग अलग देखाइएको छ । यसरी मातृभाषाको आधारमा यिनीहरूको संख्या निकाल्दा झापा जिल्लामा मात्र १५,३३५ जना (सतार भाषा बोल्ने भनी देखाइएको १४,२५९ जना र सन्थाली बोल्ने भनी देखाइएको १,०७६ जना) देखाइएको छ । मोरङ जिल्लामा पनि यिनीहरूको केही संख्या (७,४८९) भए तापनि नेपाल अधिराज्यमा यस जातिको मुख्य गढ झापा जिल्ला नै मान्नु पर्दछ । अन्यत्र यिनीहरूको संख्या फाटफुट मात्र छ । नेपाल अधिराज्यभरिमा यिनीहरूको संख्या २३,८५३ छ ।

सतारहरू नेपाल अधिराज्यका आदिबासी होइनन् । यिनीहरू मुख्यतया भारतको पश्चिम बङ्गाल, उडिसा, भागलपुर र बिहार राज्यको सन्थाल प्रगन्नामा पाइन्छन् । नेपालतिर आएका सतारहरू उक्त सन्थाल प्रगन्नातिरबाट आएका हुन् । अहिले पनि यिनीहरूको उतातिरको सम्बन्ध कायम नै छ । हरेक साल तिनीहरू भारततिर जान्छन् र खेतीको बेलामा फेरि फर्कन्छन् ।

नेपालका सतारहरू भारतबाट आएका भन्ने कुरा स्पष्ट नै भए तापनि यिनीहरू भारतमा कहाँबाट आएका हुन् भन्ने कुरामा विवाद नै छ । कोही यिनीहरूलाई पूर्वतिरबाट आएका भनी मान्दछन् भने कोही यिनीहरू उत्तर पश्चिम दिशाबाट भारत पसेका हुन् भन्ने ठान्दछन् । भारततिर यिनीहरूलाई सन्थाल सौतार पनि भन्दछन् । यसमा पनि कोही यिनीहरूको बस्ने ठाउँ सोग्रोत भन्ने ठाउँ (मिदनापुर, बङ्गाल) बाट सौग्रौतारभै सन्थाल भएको भन्दछन् भने कोही यिनीहरूका सन्थाल भन्ने नाउँबाट यिनीहरूको बस्ने ठाउँको नाउँ सौंतार भएका होलान् भन्ने सम्भावना पनि प्रस्तुत गर्दछन् ।

मोरङ तथा झापा जिल्लाहरू भारतको उपर्युक्त इलाकाको हाराहारीमा पर्ने भएको हुनाले तिनीहरू यहाँ पनि पाइनु स्वाभाविकै कुरा हो । साथै हालसालैसम्म पनि यस इलाकामा घना जङ्गल भएको र सतारहरूको जीवनयापनको प्रविधिमा जङ्गलको ठूलो भूमिका भएको हुनाले क्रमशः नेपालतिर आकर्षित भएको हुनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनीहरू संखुवाको जङ्गल साह्रै मन पराउँछन् र भारततिरबाट दलका दल आई जङ्गल फाँडी संखुवाको जङ्गल भएको ठाउँ छानी घरबार बनाएर बस्दछन् । जङ्गल फाँडी खेती गर्नमा यिनीहरू साह्रै सिपालु हुन्छन् । त्यसैले झापाका कतिपय भूमिपतिहरूले सतारहरूलाई भारततिरबाट ल्याई आफ्नो जमीनमा बसाइ खेती गर्न लगाउँछन् । तर यिनीहरू सीधासाधा किसिमका जाति भएका हुनाले खेती राम्रोसँग आवाद भैसकेपछि यिनीहरूलाई हटाइदिने गर्दछन् र फलस्वरूप यिनीहरूको अवस्था दयनीय नै छ ।

नेपालमा बसोबास गर्ने जातिहरूमा सतार यस्तो जाति हो जोसित संसारमा आफ्नो उत्पत्तिबारेमा बहुतै विस्तृत विश्वास छ । यसको सारांश यहाँ प्रस्तुत् गरिएको छ ।

पृथ्वीमा कुनै बेला जताततै पानी मात्र थियो जमीन थिएन । ठाकुर जिउ देवता र तिनका सेवकहरू मात्र थिए । एक दिन मानव सृष्टिको कुरा चली पानी मुनि बस्ने मालिन बूढीलाई बोलाई ठाकुर जिउले मानवर्मूर्ति बनाउने आदेश दिए । उनले मूर्ति बनाई घाममा सुकाएर राखेको बेलामा बायुपंखी घोडा आई बिगारी दिए । फेरि मूर्तिहरू बनाइए र त्यसमा प्राणप्रतिष्ठा गर्न ठाकुर जिउले भनेको ठाउँमा प्राणलिन जाँदा मानवको सट्टा पक्षीको प्राण लिई आएर फलस्वरूप ती दुई मूर्तिहरू हाँस र हासिन नामका चराहरू भए । ती चराहरू उडीमात्र रहनु पर्ने भएकोले आराम गर्न जमीन चाहियो भनी ठाकुर जिउ कहाँ निवेदन गर्न जाँदा ठाकुर जिउको आदेशानुसार गड्चौंलाले कौवाको आङमाथि माटो जम्मा पार्दै गएर पृथ्वीको सिर्जना पनि भयो । त्यसमा करमको रूख, सिरोमको घाँस र अरू रूखपातले ढाकिदिए ।

एक दिन ती दुई चराले फूल पारे जसबाट दुई बच्चा जन्मिए । तिनीहरूको नाम पिल्चु हाडाम र पिल्चुबूढी रहे । ठाकुरजिउले नियुक्त गरेको तिनीहरूको संरक्षक मराङ बुरूले तिनीहरूलाई खेती गर्ने, भात पकाउने, जाँड बनाउने तरीका सिकाइदिए । एक दिन खूब जाँड खाएर नसा लागेको बेलामा तिनीहरू दाजु बहिनी हुन् भन्ने कुरा भुलेछन्। कालान्तरमा तिनीहरूबाट सात भाइ छोरा र सात बहिनी छोरी जन्मे । एक बखत बूढाबूढी -को झगडाको कारण बाबुले छोराहरूलाई लिएर सुईपुर गई बसे र आमाले छोरीहरू लिएर पुईपुर गई बसिन् ।

एक दिन सुरकुचको जङ्गलमा शिकार खेल्न निस्केका ती केटाहरूको त्यहीं जङ्गलमा कन्दमूल टिप्न गएका ती केटीहरूसँग भेट भयो । आफ्नो नाता सम्बन्ध बिर्सिसकेका थिए । केटा-केटीहरूमा नाचगान हुँदै गयो र आफ्नो आफ्नो जोडी लिएर जङ्गल भित्र पसे र यसरी सात जना दाजुभाइबाट सात वटा वंशको उत्पत्ति भयो । ती हुन् किस्कु, मुर्मु, हेमब्रोम, सोरेन, हासदा, भारंदी, तुडु । पछि गएर तिनीहरूमा बास्के, वेसरा, पौरिया र कोरे पनि थपिए । यसप्रकार सतारहरूमा थरको उत्पत्ति भयो । झापा जिल्लामा पाइने सतारहरूका थरहरूमा किस्कु, मुर्मु, हेमरम (हेमब्रोम), सरेन (सोरेन), तुडु, बास्के र वेसरा हुन् ।

विभिन्न जातहरूको उत्पति कसरी भयो भन्ने विषयमा पनि तिनीहरूको आफ्नै भनाइ छ । पृथ्वीको सृष्टि भइसकेपछि संसारमा सतारहरू मात्र थिए । एक दिन भूराङ वुरूलाई विभिन्न जा[illegible] गर्ने झोक चल्यो र त्यसैले एउटा ठूलो चौरमा प्रशस्त खाना राखेर आफूलाई मन परेको रोजी खाने आज्ञा दिए । सो आज्ञा पाउनासाथ पहिले पुग्नेले हात गोडा मजबूत भएकाले गाईको मासु भएको पात रोजेर खाएकाले सतार भए, दोस्रो बोकाको मासु मात्र भेटाउन सकेका भुइंया भए र बाँकी अरूले छोडेर रहेको दूध भात लिन कर लाग्ने ब्राह्मण भए । यसप्रकार सतारहरू आफ्नो जातको सृष्टि, विभिन्न थरहरूको उत्पत्ति र अरू जातहरूको सन्दर्भमा आफ्नो जातीयस्तरको उच्चता समेतको एउटा निश्चित खाका तयार पारी सम्पूर्ण समाजको सामाजिक रूप रचनामा आफ्नो विशिष्टताको अनुभव गर्दछन् ।

सतारहरूको उपर्युक्त थरहरू बाह्य वैवाहिक छन् अर्थात् उनीहरू आफ्नो थरभित्र विवाह गर्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहमा स्वास्नी लोग्नेको घर जान्छे। उनीहरूमा साधारणतया बहुविवाह हुँदैन। तर भाउजू बिहे गर्न हुने चलन भएको हुनाले कुनै कुनै देवरको एकभन्दा बढी स्वास्नी हुने अवस्था पनि उत्पन्न हुन्छ।

सतारहरूमा विवाह धेरै किसिमबाट हुन्छन्। जुन निम्न लिखित बमोजिम छन्:—

किरिन वहुवापला : यो बिहा प्रथा सबभन्दा प्रचलित हो। यो दुलाहा दुलहीको बाबु आमाका बीच कुराकानी-द्वारा मिलाइन्छ। यसमा केटीको निम्ति एउटा पोन भन्ने रकम दिनुपर्दछ। पाँच अथवा सात रूपैयाँ दियो भने माइतीले पित्तलको थाल, कचौरा, लोटा, गाग्री, गाई-बाछा फर्काउन पर्थ्यो। १६ रूपैयाँ दियो भने एक जोडा बैल, कोदाली, बञ्चरो र एउटा नोकर पनि दिनुपर्छ। यसरी पोन रकमको तुलनामा माइतीले दिनु पर्ने सामानको मोल बढी हुने भए तापनि तिनीहरूको विचारमा यो रकम तिरेर केटी किनेको ठहरिन्छ। केटी किन्नु दुवै तर्फबाट ठूलो सम्मान सम्झिन्छन्।

विवाहको कुराकानी केटोको तर्फबाट लमीद्वारा चलाइन्छ जसलाई स्थानीय भाषामा रायवरिच भनिन्छ। उनलाई एकजोर जुत्ता र एउटा धोती दुवै तर्फबाट दिइन्छ। केटा-केटीलाई आपसमा हेर्ने मौका दिइन्छ। केटो मन पऱ्यो भने केटी तर्फबाट दुलाहालाई एउटा धोती उपहार दिइन्छ। त्यसपछि दुलाहा तर्फबाट आमा–बाबु तथा केही नातेदारहरू साथलिई दुलहीको बाबुलाई पोन रकम तिर्न जान्छन्। त्यसपछि जन्ती जाने, सिन्दूर लाउने आदि विधिहरू सहित खानपीन र नाचगान हुन्छ।

तुंकी दिपल वापला : यो गरीब सतारहरूको चलन हो। यसमा जन्ती अथवा दुलाहा जानु पर्दैन। दुलाहाका एक दुई जना नातेदारहरू गएर केटी लिएर आउँछन्। केटीले आफ्नो सरसामान तुंकी (टोकरी) मा राखेर दुलाहाको घर आउँछिन्।

हिरोम चेतना वापलाः एउटा स्वास्नी छँदै अर्को विवाह गर्नुलाई हिरोम चेतना वापला भन्छन्।

साङ्या वापलाः विधुवा वा विधुर विवाहलाई साङ्या वापला भन्दछन्।

घरदि ज्वाइँ वापला : यो खालको विवाह घर ज्वाइँ राख्ने व्यवस्था भएको विवाह हो जस अन्तर्गत ज्वाइँले पाँच वर्षसम्म ससुरालीमा बसी काम सघाउनु पर्छ।

गोलाट वापला : यसमा पोन दिन नसक्ने परिवारले एक अर्का परिवारमा छोरी साटासाट गर्दछन्।

ज्वाइँ किरिनोक वापलाः विवाहभन्दा पहिले केटी गर्भवती भइन र गर्भ बोकाउने केटोको पत्ता लागेन भने अर्कोलाई पैसा दिएर बाबु मान्न लगाइन्छ र यसरी ज्वाइँ किनिने भएको हुनाले यसलाई ज्वाइँ किन्ने विवाह भनिन्छ

निर वोलक वापला : यसमा कुनै केटीलाई केटो मन पऱ्यो भने जाँडको हण्डी बोकी केटोको घरमापस्छन्। केटीलाई धपाउन केटाको आमाले फकाउँछिन्। केही नलागे झ्याल ढोका थुनेर आगोमा खुर्सानी राखी धूवाले कोठा भरिदिन्छिन्। यसो गर्दा पनि निश्चित समयभित्र केटी निस्किनन् भने केटीको जित हुन्छ र त्यही घरकी बुहारी हुन्छे।

इतुत वापला : यसमा केटाले कुनै केटी मन पऱ्यो भने हाट बजार वा मेलामा जवरजस्ती सिन्दूर लगाइदिन्छन् तर केटी तर्फका मानिस आएर लुटपाट मारपीट चलाउँछन्। यदि कुनै तरीकाले मेल हुन गयो भने राम्रोसँग विवाह हुन्छ।

अपाङ गिर वापला : यो विवाह प्रथा अनुसार केटाकेटी प्रेम गरेर हाटबजारबाट मौका छोपी भागेर जान्छन् र अन्यत्र गई बस्छन्। केही वाधा नभएपछि आफ्नो गाउँ फर्केर आएर विवाह पनि गर्दछन्।

जसरी विवाह गर्ने उपाय धेरै छन् उस्तै सम्बन्ध विच्छेद गर्न पनि सजिलो छ। केटीको कारणले छुट्टिनु पर्ने भए "पोन" रूपैयाँ फिर्ता दिनुपर्दछ। केटोको कारणले छोड्न परेको भए पोन दोब्बर रूपैयाँ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लुगाफाटो, गाई, चामल, कचौरा आदि पुऱ्याई दिनुपर्दछ।

परिवारमा सबभन्दा जेठो लोग्नेमानिसको भूमिका मुख्य हुन्छ। दाजुभाइ भिन्न नहुञ्जेल सबै सम्पत्ति लोग्नेमानिसको जिम्मा रहन्छ। तर छुट्टिएर अलग बस्दा बहिनी र छोरीहरूले पनि गाई बाख्राहरू अंश पाउँछन्। यिनीहरूको पोशाक साधारण हुन्छ। लोग्नेमानिसहरू कछाड अथवा धोती लाउँछन्। स्वास्नी-मानिसहरू टाउकोदेखि घुँडासम्म छोप्ने गुनियो जस्तो कपडा लगाउँछन्। कपडा साधारणतः सेतो नै हुन्छ। केटाकेटीहरू धेरैजसो नाङ्गै अथवा कछाडसम्म लगाएका हुन्छन्। आइमाईहरूको गहनामा मुख्यतया ढलौट र चाँदीका बालाहरू र चाँदीका सिक्रीहरू लगाउँछन्।

यिनीहरूको जीवनयापनको आधार कृषि नै हो। यिनीहरूको सोझोपनले गर्दा आफ्नै स्वामित्व भएको जमीन धेरै कम छ र अधियामा खेती गरेर जीवन निर्वाह गर्दछन्।

तर खेतीको साथसाथै यिनीहरूको जीवनयापनको अरू क्षेत्र पनि अरू जातिका मानिससँग साधारण-तया नपाइने निपूर्णता छ। यिनीहरू धनुबाण, भाला आदिको प्रयोगद्वारा शिकार खेल्न सिपालु छन्। अग्लो रूखमा बसेका ढुकुरलाई बाणले हानेर मार्नदेखि लिएर जङ्गलभित्र लुकेको मुसालाई भालाले शिकार गर्नसम्म पनि यिनीहरू औंधी सिपालु हुन्छन्। यिनीहरू बाघ, भालू, हरिण, स्याल, सर्प आदि सबैको शिकार गर्दछन्। यिनीहरू गुन्द्री, कुचो र टोकरीहरू बनाउन पनि सिपालु हुन्छन्। आइमाईहरू आफैंले लुगा बुन्छन् र कल-कारखानाबाट उत्पादित कपडाहरू कमै प्रयोगमा ल्याउँछन्।

आफ्नो सामाजिक व्यवहार मिलाउन सतार जातिको आफ्नै पञ्चायती छ जसमा सदस्यता निर्वाचन-द्वारा प्राप्त हुने नभई परम्परागत किसिमले नै उपलब्ध हुने हुन्छ। यसको मुख्य मानिस माझी भन्ने पदाधिकारी हुन्छ। उनले आफ्नो जातीय समस्याहरू जस्तै सम्बन्ध विच्छेद, केटो लुटेर लगेको आदि विषयमा निर्णय गर्दछन् र उक्त निर्णयलाई सबैले सम्मान गर्दछन्।

धार्मिक दृष्टिकोणले यिनीहरू साधारणतः हिन्दू भए तापनि यिनीहरूको धार्मिक परम्परा हिन्दू धर्मसँग मिल्नेखालको नभई आफ्नै जातीय परम्परामा आधारित छ। यिनीहरूले मान्ने सबभन्दा ठूलो "देवता" ठाकुर हो। यिनीहरू मराङ बुरूको पनि ठूलो आराधना गर्दछन्। मराङ बुरूले सतारहरूको उत्पत्तिमा खेलेको भूमिका माथि नै उल्लेख भइसकेको छ। यसबाहेक यिनीहरू मारेको (अग्नि) भन्ने देवताको पनि पूजा गर्दछन्। आटो वांगा भन्ने यिनीहरूको ग्राम देवता हो।[1] यसको साथै हिन्दू धर्ममा पाइने दुर्गा कालीलाई पनि मान्दछन्। यिनीहरूले "मानस" (पितृहरू) लाई पनि खुशी नै राख्ने प्रयत्न गर्दछन्।[2]

यिनीहरूको चाडपर्व मुख्य दुईवटा छन्। एउटा धान काटिसकेपछि पुस महीनामा मनाइने सौहराई भन्ने र अर्को वसन्त ऋतुमा मनाइने वहा भन्ने हुन्। यीमध्ये सौहराई नै अझ महत्वपूर्ण हो र यस बेला आफ्नो पूर्वजलाई पुज्दछन्। यसबेला कुखुरा, सुंगुर, परेवा, बोका आदिको बलि चढाउँछन्। वहाको पर्वमा यिनीहरूले जङ्गलका देवताहरू पुज्दछन् र शिकार र जङ्गली कन्दमूल बटुल्ने काममा सफलता मिलोस् भनी आशिक माग्द-छन्। यिनीहरू "छाता पोरब," "कदम उत्सव" भन्ने चाडहरू पनि मान्दछन्। यस बाहेक यिनीहरूको योरोक, दशैं र हरियाद भन्ने चाड पनि छन्।[3]

1 Shrestha, D. B. & Others– Ethnic groups of Nepal and their way of living, Kathmandu, 1972, p. 17—18

2 " "

3 " "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सतारहरूको सङ्गीत र नृत्यप्रति अगाध प्रेम छ। यिनीहरूको नाचगानप्रतिको यो झुकावको बारे पनि परम्परागत कहावत छ। पहिले-पहिले यिनीहरू नाच्न गाउन जान्दैनथे। एक दिन सतार जातिका दुईजना केटा जङ्गल घुम्दा घुम्दै एक छेउबाट नाचगानको सुमधुर ध्वनि यिनीहरूले सुने। यो कहाँबाट आएकोहोला भनी रूख चढी हेर्दा उनीहरूले आफ्नो देवताहरू— मोरेको, जाहेर एडा माराङबुरू र गोसाइएडा नाचिरहेको देखे। देवताहरूले पनि कुनै मानिसहरूले हेरिरहेको छ भन्ने चाल पाएपछि उनीहरूलाई बोलाएर रातभरि नाचगान सिकाएर भोलिपल्ट एउटा ढोलक दिएर नाचगान अरूलाई पनि सिकाउनु भनी पठाइदिए। यसरी सतारहरूमा नाचगानको प्रचलन आएको हो भन्ने यिनीहरूको धारणा छ। नाचगान सम्बन्धी ज्ञानमा यस्तो दैविक शक्ति-द्वारा प्रदान गरिएको हो भन्ने परम्परा नेपालका अरू जातिहरूमा सहजै पाइन्न। त्यसैले सतारहरूमा यस प्रकारको विश्वास हुनुको कारण पनि यिनीहरूको संस्कृतिमा नाचगानको कति ठूलो स्थान छ भन्ने कुरा स्पष्ट छ।

यिनीहरू प्रत्येक पूजाआजा, पर्व मेलामा दिनरात नाचगान गर्दछन्। जाँड रक्सीको सेवनले यिनीहरूलाई अझ आनन्दसँग यसमा संलग्न हुन सक्षम बनाइदिन्छ। यसैले पनि यिनीहरू अरूभन्दा विनोदप्रिय र ठट्टा गर्नुपर्नेखालका भएका होलान्। यौन सम्बन्धी कुरामा पनि यिनीहरूलाई तुलनात्मक दृष्टिकोणले स्वतन्त्र नै मान्दछन्। रक्सी खाएर नाच्न थालेपछि यिनीहरूको होस् हवास केही रहँदैन। एउटा प्रत्यक्षदर्शीले उनीहरूको एउटा मेलाको बारेमा यसरी वर्णन गरेका छन्: "हजारौं सतार नरनारी भेला भएका थिए, एउटा ठूलो चौरमा। चारैतिर जङ्गल। पसल थाप्ने र मेला हेर्न जाने अरू जातका पनि मानिसहरू थिए। रातभर नाचगान, मृदङ्गको आवाज, सतार्नीहरूको सुरिलो कण्ठबाट निस्केको सामूहिक गान, बाँसुरीको तान हेर्न-लायकको थियो। रातभर हामी सुतेनौं, सब मस्त थिए, नाच्नेहरू पनि, हेर्नेहरू पनि। उज्यालो हुँदा नहुँदा त एकातिर बाट होहल्ला मच्चियो। के भयो भनी हामी कुदेर गएको त केटाहरू केटीहरू तानेर भगाउँदै थिए। केटाहरूलाई लखेट्न यसरी हल्ला मच्चाएका रहेछन्। पछि चिने जानेको सतारहरूसित सोद्धा पो थाहा भयो, उनीहरूको चलनमा यस्तैचल्छ।"[१]

सतारहरूमा अन्त्येष्टिक्रिया साधारण किसिमबाट नै हुन्छ। मृत्युपछि सतारहरू मृत देहलाई नदी किनारमा लगेर जलाउँने गर्दछन्। तीनदिनपछि मृत देहको बाँकी अंश (हाडका टुक्राहरू[2]) नदीमा समर्पण गरिन्छ। गाउँ पूरैले दुःख बार्छ। प्रत्येक सालमा मृत व्यक्तिको सम्झनामा श्राद्ध गर्दछन्। तर श्राद्ध जहिले पनि मंसीर महीनामा गरिन्छ।

सतारहरूमा आधुनिकीकरणको नयाँ लहर पनि फैलिएको छ। भारतको विभिन्न मिसनरी स्कूल-हरूमा यहाँका सतार केटाहरू अध्ययन गरिरहेका छन्। झापामा ईशाई धर्म मान्ने सतारहरूको संख्या धेरै छ। प्रार्थनाको निमित्त देखिनेगरी कुनै गिर्जा घर नभए तापनि कुनै निश्चित स्थानमा जम्मा भई प्रार्थना गर्दछन् र भारतमा हुने ईशाई धर्म सम्बन्धी सभाहरूमा प्रतिनिधिहरू पनि पठाउँछन्। २००७ सालको क्रान्तिपछि यिनीहरू-मा निकै जागृति आएको छ। त्यतिबेला यिनीहरूले सत्याग्रह र प्रदर्शनहरूमा पनि भागलिएका थिए। यसरी सतारहरू क्रमशः नेपालको राष्ट्रियताको प्रवाहमा बिस्तारै-बिस्तारै संमिश्रण हुन लागेका छन्। २०१५ सालको चुनावमा यिनीहरूले आफ्नो मताधिकार पनि प्रयोग गरे। यिनीहरूको नाच गानको विशेषतालाई ग्राह्यता दिएर केही वर्ष पहिले काठमाडौंमा प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रदर्शन गरिएको अधिराज्यभरिको सांस्कृतिक कार्यक्रममा पनि यिनीहरूको एक सांस्कृतिक मण्डलले सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेको थियो।

---

१. स्वयम्भूलाल श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ ८२ बाट उद्धृत

2 D. B. Shrestha and co. को माथि उल्लेखित किताब पृष्ठ १८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेचे अथवा बोडोहरू

नेपालभित्र झापा जिल्लामा मात्र विशेष गरेर पाइने अर्को जाति मेचे हो जसलाई बोडो पनि भनिन्छ। यस इलाकाका अरू जातिहरू जस्तै यिनीहरू पनि नेपालका झापा जिल्ला र भारत, सिक्किम र भूटानको इलाकामा फैलिएर बसेको जाति हो। सन् १८३९ मा क्याम्पवेलले लेखेको टिप्पणी अनुसार यिनीहरू ब्रह्मपुत्र-देखि कन्काई नदीसम्मको इलाकामा पाइएका थिए।[1] त्यसको केही वर्षपछि ब्रायन हड्सनले तिनीहरूको बसो-बासको इलाकालाई अझै स्पष्ट रूपले किटेर यिनीहरू अक्षांश २५° देखि २७° डिग्री उत्तर र देशान्तर ८८° देखि ९३ ½° पूर्वको इलाकामा छन् भनी उल्लेख गरेका थिए।[2] उनको भनाइ अनुसार यस इलाकाको बोडो भन्ने जातिमा पूर्वका कछडिया र पश्चिमका मेचेहरू समाविष्ट छन्। यिनीहरूको जातिको नाम मेची नदीसित सम्बन्धित देखिए तापनि यिनीहरू आफ्नो पैतृक भूमि भूटानको डुआर इलाकातिर देखाउँछन्।[3] यी सबै दृष्टि-कोणबाट यस जातिको मुख्य भू-भाग नेपाल अधिराज्य बाहिर उपर्युक्त इलाकामा पर्ने र यिनीहरूको कुल जनसंख्या-को केही भाग मात्र नेपालको झापा जिल्लामा पर्न आउँछ। जहाँ यिनीहरूको स्थान एउटा अल्पसंख्यक जातिको रूपमा प्रस्तुत हुन आउँछ।

मेचेहरू साधारणतया जङ्गलमै स-सानो समुदायमा बस्ने जाति हुन्। उनीहरू एकै ठाउँमा कहिले पनि बस्दैनन्। उनीहरूको खेती जङ्गलभित्र केही इलाकामा आगो लगाएर त्यसबाट प्राप्त भएको खरानीले दिने मलको आधारमा दुई वर्षसम्म खेती गर्दछन् र त्यसपछि फेरि नयाँ इलाकामा जान्छन्। यसरी उनीहरू एक गाउँमा चारदेखि छ वर्षभन्दा बढ्ता बस्दैनथे र साथै १० देखि ४० जनासम्मको मात्र बथानमा हिंड्दथे। तर यस परिच्छेदको शुरूमा उल्लेख गरिए जस्तै झापा जिल्लाभित्र यस प्रकारको खेती तथा फिरङ्गी चालको बसाइको निमित्त न त्यहाँ अब यथेष्ट ठाउँ नै छ, न जङ्गल नै। त्यसैले परिवेशमा आएको यस प्रकारको परिवर्तन-बाट उत्पन्न भएको वाध्यताभित्र यिनीहरूले कुन प्रकारले आफ्नो जीवनयापन सम्भव गरेका छन्, एउटा चाख लाग्दो खोजको विषय हुनेछ।

मेचेको जीवनचक्र साधारणतया सरल छ। बच्चा जन्मेपछि आमाले नै नाइटो काट्छिन्। जन्मको कारणले भएको बिटुलो नुहाएर कपाल खौरेपछि चोखिन्छ। यिनीहरूको पारिवारिक नाम भन्ने कुनै किसिमको खास परम्परा छैन। जन्मेको अवस्थाको घटनाले पनि नाम दिन सक्छ। जुनचलन यहाँको पुराना अरू जातिहरू-मा पनि चल्ती छ। उदाहरणार्थ बच्चा जन्मेको बेलामा कुनै भोटे आइपुग्यो भने बच्चाको नाम जिन्काप (भोटे नाम) हुन सक्दछ।

मेचेहरूको विवाह केटाको निमित्त २०।२५ वर्षको उमेर पुगेपछि र केटीको उमेर १५।२० वर्ष पुगेपछि हुन्छ। यिनीहरूमा विवाहभन्दा पहिले केटा र केटीको बीचमा कुनै किसिमको सम्बन्ध हुँदैन। कुमारित्व-लाई समाजले बढी मूल्य प्रदान गरेको छ। केटीको निमित्त पैसा तिर्नु पर्छ। पैसा दिन नसके केटीको घरमा केही वर्ष बसेर काम गरेर केटी कमाउनु पर्दछ। विवाह हुने दिनमा दुलाहाको घरबाट जन्ती ब्याउलीको घर जान्छ।

---

१ क्याम्पवेलको यसभन्दा अधि उल्लिखित टिप्पणीमा आधारित

२ ब्रयान हड्सनको यसभन्दा अघि उल्लिखित किताब, पृष्ठ ११६

३ क्याम्पवेलको माथि उल्लिखित टिप्पणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ ब्याउलीको निधारमा सिन्दूर अथवा तेल लगाइन्छ। देउसी भन्ने यिनीहरूको सर्वोच्च धार्मिक पदाधिकारी-ले आफ्नो धार्मिक कर्म गरी विवाहलाई औपचारिकता प्रदान गरेपछि दुलही दुलाहाको घर आउँछिन्।

मेचेको पारिवारिक जीवन बडो सुखमय हुन्छ। छोरीहरूले अंश नपाउने भए तापनि परिवारमा स्वास्नीमानिसहरूको स्थान उचा नै छ। हरेक महत्वपूर्ण कार्यमा मेचे लोग्नेले स्वास्नीको सल्लाह लिन्छ। सानाले ठूलाको मर्यादा गर्दछन्।

मृत्युपछि मेचेहरू मूर्दालाई गाड्दछन्। त्यस ठाउँमा केही ढुङ्गाले छोप्दछन् जसमाथि केही खानेकुरा र जाँड राखी दिन्छन्। नुहाई धुलाई गरेर तीन दिनमा चोखिन्छ। चोखिएपछि एउटा भोजको आयोजना गर्दछन्। मृतकको सबभन्दा नजीकको नातेदारले उक्त भोजको एउटा पूर्ण हिस्सा लगी सो गाडेको ठाउँमा राख्दछ र मृतात्मासित अन्तिम रूपले बिदा भई आउँछ। हड्सनको भनाइ बमोजिम त्यसपछि आफूहरू कहिल्यै मर्नु नपर्ने जस्तो गरी भोज खाई मोज मज्जा गर्दछन्।[1]

धार्मिक क्षेत्रमा यिनीहरूको जम्मा तीन किसिमको पदाधिकारी हुन्छ, देउसी, धामी र ओझा। यसमा धामी गाउँका पुजारी वा पुरोहित हो। त्यसभन्दा माथिको पदाधिकारी देउसी हुन्छ। विवाहमा देउसी प्रयोग गरिने कुरा माथि उल्लेख गरिसकिएको छ। तर ओझा गाउँको झाँक्री जस्तै पदाधिकारी हो जसले गाउँमा कुनै व्यक्तिलाई रोग व्याधले सताएको छ भने कुनचाँहि देवताले दुःख दिएको हो सो पत्ता लगाई देवताअनुसार सुंगुर, कुखुरा, हाँस, परेवा जेको बलि चढाउनु पर्ने हो आवश्यक सिफारिश गर्दछ र बिरामीले पनि बिरामी निको भइसकेपछि सो बमोजिम बलि चढाउँछ।

बोडोहरूको विभिन्न किसिमका देव-देवताहरू हुन्छन्। यिनीहरू सबभन्दा बढ्ता नदीहरूलाई पुज्दछन्। तर यिनीहरूले मुख्य देवता बाठो हो जुन एक किसिमको सिउँडीको रूख हो। हडसनका अनुसार यिनीहरूको देवताहरूलाई चार किसिममा छुट्याएका छन्। प्रथमतः घर-घरमा पुजिने देवताहरू, जसलाई नूनी मदाई भन्दछन्। दोस्रो हुन् नदी सम्बन्धी देवताहरू जसलाई दोइनी मदाई भन्दछन्। तेस्रो हाजोनी अर्थात् वन सम्बन्धी देवता हुन्। तथा चौथो स-साना देवताहरू हुन् जसलाई जमन मदाई भन्दछन्। साधारणतया यिनीहरूको कुनै मूर्ति अथवा मन्दिर हुँदैन।

खेतीपाती यिनीहरूको मुख्य आर्थिक आधार हो। यस क्षेत्रमा यिनीहरू धेरै हदसम्म आत्मनिर्भर नै हुन्छन्। पहिले-पहिले यिनीहरू कपाससम्म पनि आफैं उब्जाउँथे जसलाई आफ्नो कपडा बनाउनुको साथै बाँकी बेचेर आफूले बनाउन नसक्ने भाँडाकुँडा, नून, तेल आदि किन्नको निमित्त पुग्ने गरी पैसा आर्जन गर्दथे। खेतीमा धान यिनीहरूको मुख्य बाली हो। यो बाहेक यिनीहरू मकै, तोरी पनि लगाउँछन्। साथै यिनीहरू विभिन्न साग सब्जीहरू लगाउँछन्।

यिनीहरूले पाल्ने जनावर कृषि अथवा दूधको निमित्त नभई मासुको निमित्त हुन्छ। धेरैजसो पालिने पशु-पक्षी, सुंगुर, कुखुरा, खसी, हाँस र परेवा हुन्। माछा पनि यिनीहरू प्रशस्त मात्रामा खान्छन्।

मेचेका आइमाईहरू असाध्य मिहेनती हुन्छन्। यिनीहरूको प्रत्येक घरमा तान हुन्छ। जसमा आइमाईहरूले आफू र आफ्ना परिवारलाई चाहिने लुगा बुन्दछन्। रङ्ग पनि आफै लगाउँछन्। आइमाईहरू रेशम कीरा पाल्दछन् र त्यसबाट निस्केको रेशमबाट दोखना भन्ने छातीदेखि पिर्डौलासम्म छोप्ने लुगा बनाउँछन्। यसरी यिनीहरूको आर्थिक व्यवस्थामा परावलम्बन न्यूनतम मात्रामा मात्र छ।

१. हडसनको माथि उल्लिखित किताब, पृष्ठ १४२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक व्यवहारमा यिनीहरूमा ऊचनीचको भावना छैन। सबैले सबैलाई समान रूपमा देख्छन्। यिनीहरू सीधासाधा मानिस हुन् । उनीहरूमा कुनै पूर्वाग्रह छैन, व्यवहारमा इमान्दार र सत्यवादी र काममा अत्यन्त परिश्रमी छन्। आपसमा अहङ्कार, प्रतिशोधको भावना, निर्दयता यिनीहरूलाई थाहा छैन। यिनीहरू आफू निष्ठावान भएको हुनाले अरू माथि पनि शंकालु छैनन्। परदेशीहरूप्रति यिनीहरूको व्यवहार सद्भावपूर्ण नै हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

आजभन्दा करीब सवासय वर्ष पहिले एउटा अंग्रेज लेखक जे. डी. हूकरले झापा इलाकाको वर्णन गर्दा त्यहाँ क्षितिजसम्म नै सालको जङ्गल देखिने इलाका भई पलाँस, हलुवावेद, हर्रो-बर्रो आदि अन्य जातका रूख पाइनुको साथै हात्तीमाथि सवार गर्ने मानिसको टाउकोसम्म पुग्ने अग्ला-अग्ला घाँसहरू प्रशस्त उम्रेको थियो भनी चित्रण गरेका थिए ।[1] मेची नदीले समय-समयमा बाटो फेरेको हुनाले पुरानो र नयाँ मेची नदीको माइलौं फराकिलो फाँटमा वर्षामा खेती गरिने र जाडोमा भारततिरको ३०० माइल टाढाको इलाकाबाट नाम मात्रको चरन कर तिरी गाई वस्तु चर्न ल्याइन्थ्यो । केही दशक अघिसम्म पनि यहाँ पहाडका केही परिवारहरूले वर्षामा खेती गरी जाडोमा धान काट्न मात्र आउँने गर्दथे र यस इलाका बाँकी नेपालको निमित्त औलोको घरको रूपमा रही कालापानीको नामले प्रख्यात थियो । तर २००७ सालको राजनैतिक परिवर्तन र त्यसपछि सफलतापूर्वक सञ्चालन गरिएको औलो उन्मूलन कार्यक्रमले गर्दा चारै दिशाबाट मानिसको ओइरो लागेर आज झापा जिल्ला नेपाल अधिराज्यमा अन्न उत्पादन र निर्यातको एउटा प्रमुख क्षेत्र भैसकेको छ ।

त्यसैगरी उद्योगको क्षेत्रमा पनि प्रशस्त मात्रामा कृषिजन्य उद्योगहरूको विकास भइसकेको छ । सनपाट जस्तो नगदे बालीहरूको क्षेत्रमा पनि यो जिल्लाले त्यत्तिकै महत्वपूर्ण स्थान ओगटेको छ । यी क्षेत्रहरूमा विकसित हुँदै गएको निर्यात क्षमताले गर्दा यस जिल्लामा जताततै व्यापार केन्द्रहरू स्थापना भएका छन् । यसरी ऐतिहासिक दृष्टिकोणले हेर्दा झापा जिल्लाको आर्थिक विकास तीव्ररूपले हुँदै गइरहेको छ ।

कृषि

झापा जिल्लाको कृषि क्षेत्रको विषयमा चर्चा गर्दा विभिन्न आयामहरूको छुट्टा-छुट्टै वर्णन गर्नु आवश्यक छ जुन तलका पंक्तिहरूमा गरिने छ ।

भूमि व्यवस्था

पहिले आवादी क्षेत्र जतिसुकै कम र जङ्गली क्षेत्र जतिसुकै बढी भए तापनि आजकाल झापामा बढी संख्यामा बाहिरबाट मानिसहरूको आप्रवजन भएकोले आवादी जमीनको हिस्सा धेरै ठूलो भइसकेको छ । माथि वन इलाकाको सन्दर्भमा उल्लिखित २०२४ मा प्रकाशमा ल्याएको मेची डिभिजनभित्र पर्ने भू-इलाकाको

१ हूकरको माथि उल्लखित किताब, पृष्ठ ३८२–३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भू-उपयोग सम्बन्धी तथ्याङ्क बमोजिम उक्त डिभिजनको इलाका ४,९१,२१६ एकड जमीन (१,९६,४८६ हेक्टर) देखिन्छ।

यसमध्ये ४४.५ प्रतिशत भू-इलाकामा जङ्गल र ४८.८ प्रतिशत अर्थात् अन्दाजी ९५,९२७ हेक्टरमा बाली लगाइएको छ। यसैले २०२४ सालको समयमा पनि यहाँ जङ्गल इलाकाभन्दा आवादी इलाका बढी भइसकेको थियो भन्ने ज्ञात हुन्छ। त्यसपछि यहाँ जुन गतिले जङ्गलको अतिक्रमण भयो त्यसले अझ जङ्गल भागलाई धटाई आवादी क्षेत्रलाई बढाई दिएको छ।

यस जिल्लामा आवाद जग्गा कति छ भन्ने कुरामा धेरै किसिमका तथ्याङ्क उपलब्ध भए तापनि तिनीहरूमा एकरूपता छैन।[1] तर यस जिल्लामा २०२१ सालदेखि २०२३ सालसम्ममा नापी भइसकेको हुनाले उक्त नापी तथ्याङ्कलाई आधार मान्दा यहाँको जग्गा सम्बन्धी तथ्याङ्क निम्नअनुसार देखिन आउँछ।

झापा जिल्लामा विभिन्न किसिमका धनहर र पाखो सम्बन्धी विवरण–२०२३

(बिघामा)

किसिम	धनहर (खेत)	भिट (पाखो)
अब्बल	३५,३७८– ८– ३	१६,८७१–१२–११
दोयम	६७,८४३–१७– १	१,२६५–१५– ०
सीम	१७,४३९– ६–१४	–
चाहार	५–१०– ०	–
	१,२०,६६७– १–१८	१८,१३७– ७–११
जम्मा:–	१,३८,८०४– ९– ९	

माथिको तालिकाबाट यस जिल्लामा जम्मा १,३८,८०४ बिघा जग्गा २०२३ सालमा रहेको देखिन आउँछ। यसलाई एक हेक्टर बराबर मोटामोटी १.५ बिघाको दरले परिणत गर्दा यस जिल्लामा जम्मा ९३,२०३ हेक्टर जग्गा देखिन आउँछ जसमध्ये अत्यधिक मात्रामा धनहर खेत र केही मात्र भिट (पाखो) भएको देखिन्छ।

तर माथि भनिए जस्तै यस जिल्लामा २०२३ सालदेखि यता प्रशस्त मात्रामा मानिसहरूको आप्रवजन भई जङ्गल मास्नुको साथै सरकारद्वारा नै पुनर्वासको समेत व्यवस्था भएको हुनाले खूद आवादी जमीन उक्त तालिकामा देखिएकोभन्दा बढी भइसकेको छ। तर वास्तवमा कति बढेको छ भन्ने कुरा किटेर भन्न सकिएको छैन। जिल्लास्थित सम्बन्धित कार्यालयको अनुमान अनुसार हाल आवादी, पुनर्वास कार्यक्रम र झोरा ऐन अन्तर्गतको जग्गा र अन्य तरीकाको समेत गरी अन्दाजी १२,००० हेक्टर १८,००० बिघा जमीन दर्ता हुन बाँकी छ।

१ कृषि विभागबाट प्रकाशित– Agricultural Statistics of Nepal-1972, को पृष्ठ १५ तालिका ६-अनुसार यहाँ ८३,९०० हेक्टर जमीनमा मात्र खेती गरिएको देखाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर हाललाई उपर्युक्त दर्ता भएको जग्गालाई आधार मानी जग्गाको स्वामित्वको वर्गीकरण गर्दा निम्नलिखित बमोजिम देखिन आउँछः—

२८ बिघाभन्दा माथि हुनेको संख्या–	२४७
१५ देखि २८ बिघासम्म हुनेको संख्या–	१,६०२
१० देखि १५ बिघासम्म हुनेको संख्या–	१,६०४
चारदेखि १० बिघासम्म हुनेको संख्या–	६,८००
चार बिघाभन्दा कम जग्गा हुनेको संख्या–	१५,१६५
	जम्मा–२५,७४८

उपर्युक्त तालिका अनुसार कुल जग्गाधनीको संख्या २५,७४८ भएको र तिनीहरूको बीचमा १,३६,८०४ बिघा जग्गा भएको हुनाले प्रतिजग्गाधनी ५.४ बिघा अर्थात् पाँच बिघा नौ कट्ठा जग्गा पर्न आउँछ। तर बहुसंख्यक जग्गाधनी चारबिघाभन्दा कम हुने भएका हुनाले चार बिघाभन्दा बढी जग्गा हुनेका हातमा धेरै जग्गा रहेको कुरालाई यसले सङ्केत गर्दछ। फेरि अर्को कुरा यस जिल्लाको जनसंख्या सम्बन्धी विश्लेषणमा हामीले यस जिल्लामा घर परिवारको संख्या ४३,६५७ छ भन्ने कुरा उल्लेख गरिसकेका छौं। तर यस जग्गा धनीसम्बन्धी तथ्याङ्कमा जम्मा २५,७४८ जना मात्र जग्गाधनी देखिएको छ। हुन त जग्गाधनी सम्बन्धी तथ्याङ्क २०२८ सालको भएको हुनाले यी दुईको बीचमा तुलना गर्दा उक्त पाँच–छ वर्षको फरक पर्न गएको कुरालाई पनि ध्यानमा राख्नु पर्दछ र यस अवधिमा जग्गा स्वामित्व सम्बन्धी प्रारूपमा अवश्य पनि परिवर्तन आएको हुनुपर्दछ। तर अहिले यस कुरालाई अलग्ग पन्छाई हेर्दा यस जिल्लामा जग्गाको स्वामित्व नभएका प्रशस्त घर परिवार भएको आभास आउँदछ। साथै यो कुरा पनि यहाँ उल्लेख गरिनु पर्दछ कि यहाँ मोहियानी हक प्राप्त गरेका मोहीहरूको संख्या २२,४०७ छ। यसले यहाँ अरूको जग्गा जोतेर जीवनयापन गर्नेहरूको संख्या पनि ठूलो नै मान्नु पर्दछ। जुन तरीकाले स्वामित्व सम्बन्धी तथ्याङ्क यकीन गर्न कठिनाई छ त्यस्तैगरी प्रतिव्यक्ति जग्गा वितरणको तथ्याङ्क पनि त्यति भरपर्दो हुँदैन। सर्वप्रथम यहाँको हाल आवादी जग्गा कति छ भन्ने कुरा नै निरूपण हुन सकेको छैन। तर जग्गा सम्बन्धी माथि दिइएको तथ्याङ्क र दर्ता हुन बाँकी भनी अनुमान गरिएको १८,००० बिघा समेत जम्मागरी यसको मोटामोटी प्रतिव्यक्ति वितरण निकाल्ने प्रयत्नसम्म गर्न सकिन्छ। यस अनुसार यस जिल्लामा जम्मा १,५७,८०४ बिघा जग्गा अर्थात जम्मा १,०५,२०३ हेक्टर आवादी जग्गा हुन आउँछ। यसलाई जिल्लाको कुल जनसंख्याले विभाजन गरिहेर्दा प्रतिव्यक्ति मोटामोटी ०.४ हेक्टर पर्न आउँदछ। हुनत यो संख्या नेपाल अधिराज्यको तुलनामा (अनुमानित प्रतिव्यक्ति ०.२ हेक्टर) धेरै हो तापनि तराई इलाकाको जग्गा प्रतिव्यक्ति धेरै हुन्छ भन्ने जनसाधारणको विश्वासको विपरीत नै देखिन्छ। प्रति परिवारको हिसाबले हेर्ने हो भने यहाँको ४३,६५७ परिवारमा उपर्युक्त १,०५,२०३ हेक्टर जमीन प्रतिपरिवार २.४ हेक्टर पर्दछ।

यस जिल्लामा भूमि सुधार लागू भइसकेपछि उक्त भूमि सम्बन्धी ऐनले तोकेको हदबन्दीभन्दा बढी जग्गा पनि धेरै मात्रामा निस्कन सकेन। स्थानीय भूमिसुधार कार्यालयले जम्मा ४,६८६ बिघा मात्र प्राप्त गरेको छ। त्यसमध्ये पनि कतिपय जग्गा धनीले अपील गरेको र अपीलको म्याद ननाघेसम्म वा निर्णय नहुन्जेल जग्गा वितरण गर्न नमिल्ने भई २०३० सालसम्ममा १,८६६ बिघा मात्र बिक्री वितरण भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा भूमिसुधार लागू भएपछि यसको एउटा महत्वपूर्ण उपलब्धिको रूपमा जग्गा जोत्ने मोहीहरूका मोहियानी हक कायम भएको छ। माथि उल्लेख भए जस्तो यहाँ उक्त कार्यक्रम पछि २२,४०७ व्यक्तिलाई औपचारिक रूपले मोही कायम गरिएको छ। उक्त मोहीहरुको संख्या यहाँ जग्गाधनीको संख्या (२५,७४८) को तुलनामा बराबर जस्तो हुन आउँछ। यो मोही र जग्गाधनीको अनुपात कुनै कुनै तराई जिल्लामा निकै फरक देखिन्छ ।

कूत ठेक्ने कानूनी व्यवस्थामा भिटबाट मकै दिने भन्ने व्यवस्था भए तापनि झापा जिल्लामा भिटमा सनपाट, जसलाई स्थानीय प्रयोगमा पाटा भनिन्छ, पनि उब्जाउने भएको हुनाले यस प्रकारको भिट वापत बुझाउनु पर्ने कूत निश्चित गर्नको निमित्त स्थानीय अञ्चलाधीशको अध्यक्षतामा एउटा समितिको व्यवस्था भएको छ । उक्त समितिले झापा जिल्लाको सनपाट उब्जाउने भिटबाट निम्नलिखित बमोजिम कूत निश्चित गरेको छ ।

भिट अब्बलबाट	पाँच मन १० सेर
भिट दोयमबाट	चार मन
भिट सीमबाट	तीन मन १५ सेर

यस प्रकार सनपाटको कूत निर्धारण गर्दा मकैको मोल प्रतिमन रू. ४५। र पाटाको मोल प्रति मन रू. ७३। कायम गरी सोअनुसार पाटाको कूत ठेकिएको हो ।

मालपोत

यस जिल्लामा भूमिप्रशासन ऐन, २०२४ लागू हुनुभन्दा पहिले प्रगन्नाको हिसाबले जग्गाको तथ्याङ्क राखिन्थ्यो र यस जिल्ला क्रमशः आठ मौजा रामपुर, चम्पापुर, नजरपुर, राजगढ, झापा, घातज्यान, विराट पोखरी, चन्द्रपुर, त्रिभुवन नगर, झोरपाटा र समय गढ गरी जम्मा १२ प्रगन्नामा विभाजित थियो। तर उक्त ऐन लागू भएपछि यहाँ भएका जमीन्दारी-पटवारी प्रथा र मौजाको आधारमा लगत राख्ने प्रथा अन्त भई पञ्चायतको आधारमा कोष तथा तहसील कार्यालयले सोझै उठाउने प्रथा चलेको छ । यस बाहेक यहाँ पञ्चायत विकास तथा जग्गा कर ऐन लागू भएका १२ वटा पञ्चायतमा सम्बन्धित पञ्चायतहरूले नै उक्त कर उठाई मालपोत वापत उठ्तीको ३५ प्रतिशत रकम श्री ५ को सरकारमा दाखिल गर्ने व्यवस्था छ। मालपोत रकमको हकमा श्री ५ को सरकारले बजेटमा व्यवस्था गरेअनुसार मालपोत दरमा फरक पर्दै जान्छ। सबभन्दा पछिल्लो दरमा २०२९ सालमा उठ्नु पर्ने मालपोत रकम रू. ४१,९९,४००। थियो जसमध्ये २०३० साल माघसम्ममा रू. ३५,७७,११९। उठिसकेको र रू. ६,२२,२८०। उठ्न बाँकी देखिएको थियो।

नेपालमा भूमिसुधारको एउटा महत्वपूर्ण पक्ष कृषिबाट पूँजी सञ्चयन गर्नु पनि भएकोले अनिवार्य बचत कार्यक्रम यस उद्देश्य पूर्ति गर्ने उपायको रूपमा प्रस्तुत गरिएको हो । हालसम्ममा यस जिल्लाबाट जिन्सी समेत नगदमा परिणत गरी रू. १०,०७,०९९। तथा जिन्सीमै चामल मन ५२,९०८।३०।१२ र धान मन ४६,१५६।१९।१३ गरी जम्मा रू. ५३,६०,०३८। केन्द्रीय बचत संस्थानमा दाखिल भइसकेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालीहरू

यस जिल्लाका धनहरमा लगाइने बालीहरूमा मुख्यतया धान, गहुँ र सनपाट बाली र भिटमा मुख्यतया सनपाट, मकै, तोरी, मास, कोदो, रहर र तरकारीहरू हुन्। यीमध्ये धनहरमा मुख्यतया धान बाली र भिटमा मुख्यतया सनपाट र मकै लगाइन्छ।

उपर्युक्त बालीहरूमध्ये पनि यस जिल्लाको आर्थिक व्यवस्थामा अत्यन्त महत्वपूर्ण स्थान पाएका बालीहरू धान र सनपाट नै हुन्। सन् १९७०।७१ (२०२७।२८) को एक तथ्याङ्क अनुसार यस जिल्लामा ७६,३०० हेक्टरमा धान, १२,८०० हेक्टरमा सनपाट र ३,८०० हेक्टरमा गहुँ लगाइएको थियो। (अरू बाली-हरू कम मात्रामा मात्र लगाइएको थियो) जसबाट क्रमशः १,४८,०२२ मेट्रिक टन धान, १४,०८० मेट्रिक टन सनपाट र २,४३२ मेट्रिक टन गहुँ उत्पादन भएको थियो ।[1]

जहाँसम्म खाद्यान्न उत्पादनको सवाल छ यो जिल्ला पहिलेदेखि नै प्रसिद्ध छ। ठाउँ ठाउँमा उल्लेख गरिए झैं यस जिल्लाका जग्गा तथा उत्पादन सम्बन्धी निश्चित तथ्याङ्क उपलब्ध छैन । तर यहाँ उदाहरणको लागि मात्र भएपनि माथि उल्लिखित कृषि तथ्याङ्कमा दिइएको तथ्याङ्कलाई हेर्दा २०२७।२८ सालमा यस जिल्लाको कुल ८३,९०० हेक्टर भूमिमा खाद्यान्नको खेती गरिएको थियो । त्यसबाट जम्मा १,५३,३०० मेट्रिक टन अनाज अर्थात् ४१,०७,२१४ मन खाद्यान्न उत्पादन भएको थियो। यसमध्ये स्थानीय बासिन्दाको खाजा, बीउ र वस्तुको दाना आदि सबै कटाउँदा जम्मा ४०,८०१ मेट्रिक टन अर्थात् १०,९३,१४० मन खाद्यान्न बचत उत्पादन हुन आएको देखिन्छ।[2] यो बचत नेपाल अधिराज्यमा चितौन जिल्ला (४२,२९० मेट्रिक टन) पछि सबभन्दा ठूलो बचत हो। यही धान नै स्थानीय मिलहरूमा प्रशोधन गरिन्छ र उत्पादित चामल भारत निकासी गरिन्छ।

कृषिश्रम संगठन

पहाडी जिल्लाहरूमा जस्तो पर्मा प्रथा र मध्यतराईको अरू जिल्लामा जस्तो जूट भने झैं किसानहरूले आपसमा कृषि कार्यमा मद्दत गर्ने प्रथा यस जिल्लामा कम छ। पहिले पहिले यहाँ जग्गाको तुलनामा जनसंख्या कम भएको, सघन खेती नगरी विस्तृत खेती गर्ने (अर्थात् जमीन कम भएको ठाउँमा जग्गामा मलजलको व्यवस्था नगर्ने) भएको हुनाले भारततिरबाट श्रमिकहरू आई धानकाटी, चुटी, थुपारी दिन्थे र सात भागमा एक भाग लिएर जान्थे। तर जनसंख्या बढे तापनि यो व्यवस्था अझ चालू नै छ।

कृषिप्रविधि

यहाँ खेतीमा प्रयोग गरिने कृषि औजारहरू मुख्यतया हलो, कोदालो, खुर्पा, हँसिया, पसनी हुन्। यी औजारहरूमा हलो स्थानीय मानिसले बनाउँछन् र खुर्पा, हँसिया, कोदालो, पसनी प्रायः बाहिर-बाट आयात भै हाट बजारमा बिक्री हुन्छ। यहाँ ट्र्याक्टरबाट खेती गर्ने चलन त्यति प्रचलित भइसकेको छैन

१. कृषि विभागबाट प्रकाशित माथि उल्लिखित किताबको तालिका ११ अनुसार
२. ऐ को तालिका १८ बमोजिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने पनि हुन्छ। धान बालीमा स्थानीय रूपले निर्माण भएको कम्पोष्ट अर्थात् गोबर मल प्रयोग हुन्छ जुन प्रति बिघा ३० गाडा जति राखिन्छ। उन्नत गहुँ, पाटा धान र तरकारीमा रासायनिक मल प्रयोग गर्ने चलन बढ्दै गइरहेको छ। उक्त रासायनिक मल एक बिघामा एक क्वीन्टलका दरले प्रयोग गरिन्छ।

यस जिल्लाको नगदेबालीमा मुख्यतया जूट र चियालाई लिन सकिन्छ। सनपाटको खेती विषयमा माथि नै दिइएको तथ्याङ्कबाट देखिन्छ कि स्थानीय आर्थिक व्यवस्थामा धान पछिको यो सबभन्दा महत्वपूर्ण बाली हो। एक आधिकारिक अनुमान अनुसार झापा जिल्लामा मात्र ६४,००० हेक्टर जमीनमा सनपाट खेती गर्न सकिनेछ। नेपालमा असल खालको जूट खेती गर्न सकिने जिल्लाहरूमा झापा र मोरङ हुन्।

चिया

यहाँको अर्को नगदेबाली चियाको सन्दर्भमा झापा जिल्लामा हाल निम्नलिखित तालिका अनुसारको चिया बगानहरू सञ्चालित छन्।

झापा जिल्लामा भएका चिया बगानहरू, २०३०

बगानको नाम	वर्तमान क्षेत्र (एकडमा)	प्रतिएकड चियाका बुटाहरू	समय पुगेपछि हुने उत्पादन के. जी. मा
बुढकरण टी एस्टेट	२२२	१,१६२	६६,०००
मिट्टल टी एस्टेट	५११	२,१५६	१,५३,०००
गिरीबन्धु टी एस्टेट	३५५	३,०१६	१,२४,०००
सतिघट्टा टी एस्टेट	२०८	–	७२,०००
हिमालय टी एस्टेट	६५	–	२,९३,०००
	(५३५ थप हुने)		
	१,३६१ + ५३५		७,०८,०००

जम्माहुने १,८९६ एकड

उक्त तालिकाबाट झापा जिल्लामा ठूला ठूला कमानहरूको रूपमा चियाको खेती र उत्पादन हुन लागेको स्पष्ट देखिन्छ। भारततिर दार्जीलिङ्ग जिल्लाका ती इलाकाहरू जहाँ संसार प्रसिद्ध दार्जीलिङ्ग चिया र बढी उत्पादन हुने आसाम चिया खेती गरिन्छ, त्यहाँबाट मेची नदीवारी नेपालका इलाम र झापा जिल्ला पर्दछन्। त्यसैले यी दुई जिल्लाहरू उच्च कोटिको पहाडी चिया र बढी उत्पादन हुने समथल भूमिको चियाको खेतीको निमित्त निकै उपयुक्त छन्।[1]

निजी क्षेत्रमा स्थापित यी कमानहरू बाहेक सरकारी क्षेत्रमा सञ्चालित इलाम स्थित नेपाल चिया विकास कर्पोरेशनले झापामा नक्कलबन्दा पञ्चायतमा ६८० एकडको इलाका भएको टोकला चिया कमान र बारादसी भन्ने स्थानमा ५०० एकड भएको बारादसी चिया कमान सञ्चालन गर्ने भएको छ जसमा क्रमशः ५८०

1. Gautam Damodar P.- Project Report on Expansion of Tea Areas, Nepal Tea Development Corporation, Ltd. Nepal, 1973, p. 2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकड र ४५० एकड जमीनमा चिया खेती गरिने छ। यी दुईवटा कमानमध्ये टोकला चिया कमान उक्त कर्पोरेशनले २०२६ देखि काम शुरू गरिसकेको छ र २०३० पुस मसान्तसम्ममा ५,२६,४४७। रूपैयाँ लगानी पनि गरिसकिएको छ ।

उक्त कमानको काम पूरा गर्न जम्मा ७९ लाख रूपैयाँको लगानी गर्नु पर्नेछ र यसबाट पछि गई वार्षिक २५ लाख खूद मुनाफा हुनुको साथै जम्मा ५८० जना मजदूरहरू र ५० जना व्यवस्थापन र सुपरिवेक्षण सम्बन्धी कर्मचारीहरू समेत गरी जम्मा ६३० जनालाई रोजगार उपलब्ध गराउने छ । बारादसीमा ७५ लाख रूपैयाँ खर्च हुने र यसले ४९२ जनालाई रोजगारी दिने छ । तर यो कमानमा काम शुरू भइसकेको छैन ।[1]

पशुपालन

पाल्तु पशु-पक्षीमा यस जिल्लामा मुख्यतया गाई, भैंसी, बाख्रा, कुखुरा, परेवा आदि पालिन्छन् । गाई, गोरु, भैंसी र राँगा प्रायजसो कृषि कार्य, दूध र मलको निमित्त पालिन्छन् । तर गाई, भैंसी पाल्ने कुरामा सतार, कोचे, मेचेहरूमा प्रायः चलन छैन भन्ने कुरा माथि जनजीवनमा उल्लेख गरिसकिएको छ । कुनै कुनै जाति अझ दूध नै दुहुन्नन् । यस प्रकारको चलन भएका जनता अल्पसंख्यामा नै छन् । गत २०२७।२८ सालमा यस जिल्लामा गरिएको एउटा सर्वेक्षण अनुसार यहाँ ५२ हजार गाई, २३ हजार गोरु, १५ हजार भैंसी, १४ हजार राँगो र ९० हजार खसी-बोका थिए ।[2]

फलफूल खेती

यो तराईको जिल्ला भएको हुनाले यहाँ पहिलेदेखि आँप, रूख कटहर, केरा आदिको बोट बिरूवाहरू ठाउँ ठाउँमा लगाइएको पाइन्छ । यहाँका मानिसहरूमा आजकाल भूइँकटहर, लिची, अम्बा प्रति पनि चाख बढेको छ । यी उत्पादित फलफूलहरू स्थानीय हाट बजारमा बिक्री हुनुको साथै स्वयं उपभोग पनि गर्दछन् ।

कृषि विकास

झापा जिल्लाको कृषि क्षेत्रले यस जिल्लाको आर्थिक व्यवस्थामा महत्वपूर्ण भूमिका खेल्नुको साथसाथै नेपाल अधिराज्यको आर्थिक व्यवस्थामा पनि यसको स्थान महत्वपूर्ण भएको छ भन्ने कुरा यहाँ उत्पादन भएका विभिन्न बाली र तिनका परिमाणले स्पष्ट गर्दछ । साथै यस कृषि क्षेत्रलाई देशको अर्थव्यवस्थामा अझ ठूलो भूमिका खेलाउन आवश्यक भएकोले र यस क्षेत्रका आशातीत विकासको सम्भावना पनि प्रशस्त मात्रामा भएकोले यहाँ विभिन्न किसिमका कृषि सम्बन्धी विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् । तिनीहरू बारे तल छोटकरीमा चर्चा गरिएको छ ।

१ दामोदर प्रसाद गौतमको माथि उल्लिखित प्रतिवेदन, पृष्ठ २७,२८ र ४४
२. माथि उल्लिखित कृषि तथ्याङ्क, पृष्ठ ४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि प्रसार कार्यक्रम

यस जिल्लामा कृषि विकासको निमित्त कृषि प्रसार कार्यक्रम धेरै वर्षदेखि स्थानीय कृषि विकास कार्यालयले सञ्चालन गरिआएको छ। यसको मुख्यतया खेतीमा उन्नत बीउ, उन्नत मल र उन्नत तरीका सम्बन्धी ज्ञान र साधनको प्रसार कार्य गरेर किसानहरूको खेती सम्बन्धी व्यवहारमा परिवर्तन ल्याउने कार्यक्रम छ। यसको माथै कृषिको अरू क्षेत्र जस्तै पशुपालनमा नश्लसुधार,पशुपालनमा नयाँ तरीकाको प्रसार र फलफूल तथा तरकारी खेतीमा पनि नयाँ तरीका तथा साधनको प्रसार कार्य गर्दछ। झापा जिल्लामा यी सबै क्षेत्रमा सुधार कार्य हुँदै आइरहेको छ। हुनत कृषिमा संस्थागत परिवर्तन नभैकन कृषि प्रसारले मात्र त्यति प्रभावशाली नतीजा देखाउन सक्दैन तर भूमि सुधार, कृषि ऋण आदि क्षेत्रमा पनि भएको परिवर्तन स्वरूप यहाँ गत केही वर्षदेखि विभिन्न बाली उत्पादनमा वृद्धि भएको नतीजा देखिएको छ। यसैंगरी फलफूल खेतीमा यहाँका कृषकहरूले नयाँ नयाँ फलफूलहरू जस्तै भूईंकटहर, केरा, लिची, अम्बाको खेती पहिलेभन्दा बढी मात्रामा गर्न थालेका छन्। नगदेबाली तर्फ सनपाटको खेती बढ्दो मात्रामा हुन थालेको छ।

पशु चिकित्सा

पशुपालनको क्षेत्रमा पशुहरूको नश्लसुधार गर्नु मात्रै होइन कि पशुहरूलाई रोगबाट बचाउनु पनि उत्तिकै जरूरी छ। यस जिल्लामा पशु चिकित्सालय भद्रपुर नगर पञ्चायतको दक्षिणतिर पर्ने महेशपुर गाउँ पञ्चायतमा २०२० सालदेखि स्थापना गरिएको छ। यहाँ स्थानीय गाउँलेले गाई, भैंसी, बाख्रा, घोडा, सुंगुर, हाँस, कुखुराको साथै बिरालो र हात्ती पनि उपचारको निमित्त ल्याउने गर्दछन्। २०२९।३० सालमा यस चिकित्सालयले जम्मा ७,३७९ पशु-पक्षीहरूको उपचार गरेको थियो। यहाँ पशुहरूमा लाग्ने संक्रामक रोगहरू गौंगोटी, भ्यागुते, खोन्यात र कुखुरालाई लाग्ने रोगहरूमा रानिखेत र फाउलपक्स छन्। सीमित साधनको कारणले सर्वेक्षणमा प्रभाव पुऱ्याउन सकेको देखिंदैन। उपर्युक्त आर्थिक वर्षमा यस चिकित्सालयले गौंगोटी विरुद्ध १०,७७३ लाई भ्याक्सीनेशन र २,२३१ वटालाई अन्य भ्याक्सीन दिनुको साथै १३८ वटालाई नश्लसुधार र १८४ वटाको क्यास्ट्रेसन (खसी पार्नु) गरिएको थियो।

कृषि खरीद विक्री कार्यक्रम

माथि उल्लेख गरिए जस्तै विभिन्न किसिमको आवश्यक सामग्रीहरूबिना कृषि विकास हुन सक्दैन। त्यसैले कृषिको निमित्त आवश्यक सामग्री कृषकहरूलाई उपलब्ध गराउन यस जिल्लामा २०२५।२६ सालदेखि कृषि सप्लाई संस्थान र हाल कृषि खरीद–विक्री संस्थानले आफ्नो कार्यक्रम गर्दै आएको छ। भद्रपुरस्थित यस कार्यालयले हालसम्म यस जिल्लामा संस्थागत १२ वटा र व्यक्तिगत १० जना थोक व्यापारीहरू नियुक्त गरेको छ। यी सबैको माध्यमबाट आर्थिक वर्ष २०२५।२६ देखि २०२९।३० सम्म यस संस्थानले वितरण गरेको सामग्रीहरू निम्नलिखित तालिकामा दिइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि खरीद–बिक्री संस्थान अन्तर्गत साधन वितरण तालिका

सामग्री	२०२५।२६	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
रासायनिक मल (मे. ट. मा)	५७	९७	१८३	३५८	४७३
उन्नत बीउ (मे. ट. मा)	३२	२९	२९	४०	४८
कीटाणुनाशक औषधि (रूपैयाँमा)	–	९,४२६	८,९७९	६६,२११	६,६९०
कृषि औजारहरू (रूपैयाँमा)	–	१९,२८७	६२,२४०	१८,८७७	६,१९९

उपर्युक्त तालिकाबाट यस जिल्लामा रासायनिक मल र उन्नत बीउको प्रयोग क्रमिकरूपले बढ्दै गएको देखिन्छ। तर कीटाणुनाशक औषधि र उन्नत कृषि औजार पनि प्रयोगमा आउँदै गरेको देखिन्छ तापनि तिनीहरूको क्रमवद्ध विकास भएको देखिंदैन। तर यसको अर्थ स्थानीय कृषकहरूले ती उपकरणहरूको प्रयोग कम गरेको होइन। कीटाणुनाशक औषधिको हकमा २०२८।२९ पछि मानिसलाई हानिकारक हुन सक्ने औषधि-हरूको बिक्री वितरण संस्थानले बन्द गरेकोले कम हुन गएको हो। तर निजी व्यापारीहरूको स्रोतबाट यसको चलन चल्ती भई नै रहेको छ। त्यसै गरी कृषि औजारको विषयमा पनि २०२७।२८ सम्म यसले वीरगन्ज कृषि औजार कारखानाको उत्पादनहरू बिक्री गर्ने एकलौटी अधिकार पाएकोमा त्यस सालपछि अरू पनि एजेण्टहरू राखी बिक्री गर्ने निर्णय गरेको हुनाले संस्थानको बिक्री कम हुन गएको हो।

जूट विकास कार्यक्रम

श्री ५ को सरकारले यस क्षेत्रमा सनपाटको विकास तथा यसबाट कृषकहरूलाई फाइदा पुऱ्याउनुको साथै सनपाट सम्बन्धी व्यवसायको राम्रो व्यवस्था गर्न नेपाल जूट नियन्त्रण आदेश २०२७ अन्तर्गत नेपाल जूट विकास समितिको स्थापना गरेकोमा पछि २०३१ भदौमा यसमा जूट व्यापारको काम समेत समावेश गरी जूट विकास तथा व्यापार संस्थान गठन गरेको छ। यसले जूटको उत्पादन वृद्धितिर मात्र ध्यान दिने नभै यसको निर्याततिर पनि ध्यान दिनेछ।

उक्त संस्थानले अरू जिल्लाहरूको साथै झापा जिल्लाको मात्र जूट खेतीको निमित्त प्राविधिक सेवा पुऱ्याउन दुई वटा केन्द्रहरू र छ वटा उपकेन्द्रहरू खोलेको छ। प्रत्येक केन्द्रमा एउटा कृषि स्नातक र उप-केन्द्रहरूमा एक एक प्राविधिक सहायकको व्यवस्था गरेको छ। प्रत्येक उपकेन्द्रले आवश्यकता अनुसार दुईदेखि पाँच गाउँ पञ्चायत इलाकामा सेवा पुऱ्याउँदछ। प्राविधिक सेवाको सिलसिलामा यी केन्द्र र उपकेन्द्रहरूले नयाँ जूटका बीउहरूको तरीका र नतीजा प्रदर्शन गर्ने, कृषक दिवस मनाउने, सनपाट खेती सम्बन्धी तालीमको आयोजना गर्ने, कृषकहरूको बालीको निरीक्षण आदि काम गर्दछन्।

सनपाट खेतीको निमित्त कृषकहरूलाई सिफारिश गरी बैंकद्वारा ऋण उपलब्ध गराउने, विभिन्न उपकरण जस्तै बीउ, मल, औषधि र स्प्रेयरहरूको प्रबन्ध गर्ने र बीउ वृद्धि कार्यक्रम अन्तर्गत प्रमाणित बीउ उत्पादकहरू तैयार पारी तिनीहरूलाई आवश्यक सेवा उपलब्ध गर्ने आदि ऋण तथा उपकरणहरू वितरण सेवा अन्तर्गत आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य सेवाहरू अन्तर्गत यस समितिले झापामा मात्र चारवटा सहकारी संस्थाहरू मार्फत् दुर्गापुर, धुलाबारी, गौरादह र तोपगाछीमा गोदाम घरहरू निर्माण गरेकोछ जसमा एक पटकमा ६,८०० मेट्रिक टन सनपाट सुरक्षित राख्न सकिन्छ। यस बाहेक सिधै कृषकहरूसँग सनपाट खरीद गर्ने व्यवस्था गर्ने, सनपाट खेतीको निमित्त ट्रैक्टर सिफारिश गर्ने, बजार सम्बन्धी तालीम दिने, कृषकहरूको खेतको माटो परीक्षण गर्ने र सनपाटको गुण बढाउन सनपाट धुने खाडी आधुनिकीकरण गर्नु आवश्यक भएकोले यसको निमित्त प्राविधिक सरसल्लाह तथा खाडी बनाउन ऋण उपलब्ध गराउँदै आएको छ।

भूमिसुधार

नेपाल अधिराज्यको भूमिसुधार कार्यक्रमसँग झापा जिल्लाको नाम अविछिन्नरूपले जोडिएको छ। कारण, यस जिल्लाको बुधबारे भन्ने नामले प्रख्यात भएको जयपुर-बुधबारे गाउँ पञ्चायतमा २०१९ सालमा सर्वप्रथम परीक्षणको रूपमा कृषि सम्बन्धी नयाँ व्यवस्था ऐन, २०१९ लागू भएको थियो।[1]

कृषिमा कृषकहरूलाई सुरक्षा र प्रोत्साहनको व्यवस्था गर्ने, जग्गाको हदबन्दी तोक्ने, कूत निर्धारण गर्ने, मोहियानी हक सुरक्षित गर्ने, कृषिबाट पूँजीको संचित गर्ने र कृषि ऋणको व्यवस्था गर्ने आदि काम पनि कृषि विकासको आधारशिला हुन्। उक्त भूमिसुधार कार्यक्रम अन्तर्गत यस जिल्लामा भएका कार्यहरूमा हदबन्दी-भन्दा बढी जग्गा वितरण गर्ने कार्य र मोहियानी हक कायम गर्ने विषयमा भएको प्रगति बारेमा माथि भूमि व्यवस्था शीर्षक अन्तर्गत उल्लेख भइसकेको छ। भूमिसुधारकै कार्यको एउटा अङ्ग जमीनको नापी पनि यहाँ २०२१ सालमा शुरू भई २०२३ सालमा अन्त भयो। २०२४ सालमा यहाँ भूमि प्रशासन कार्यालयको स्थापना भयो। यसको साथै किसानहरूलाई ऋणबाट मुक्ति दिनको निमित्त २०२१ सालदेखि ऋण निश्चित गर्ने कार्यक्रम पनि सञ्चालन गरियो जस अन्तर्गत नगदीमा जम्मा रू. १५,२२,४०५। र जिन्सीमा १,१३,२९८।२९।८ मनको ऋण निश्चित गरियो। यसमध्ये साहूलाई तिर्न नपर्ने गरी नगदीमा रू. २,७९,०३५। र जिन्सीमा ३४,४२७।३३।८ मन मिनाहा गरिएको थियो। हालसालै २०३०।३१ सालमा आएर उक्त भूमिसुधार कार्यक्रम अन्तर्गत नै मोहीले जग्गाधनीलाई तिर्ने कूत पनि निर्धारण गरिएको छ।

हुनत कूत निर्धारण सम्बन्धी काम झापा जिल्लाको जयपुर-बुधबारे गाउँ पञ्चायतमा २०१९।२० सालमा नै भूमिसुधार परीक्षणको सिलसिलामा लागू भइसकेको थियो। मोहीहरूले बढी उत्पादन गरेपछि निश्चित कूत रकमभन्दा बढी जग्गाधनीलाई बुझाउनु पर्ने भई बढी उत्पादनको लाभ सबै मोही आफैले उठाउन पाउने भएमा उत्पादन सकेसम्म वृद्धि गर्नेतिर किसानहरू प्रोत्साहित हुन्छन् भन्ने धारणाले नै कूत निश्चित गर्ने कार्यक्रमलाई भूमिसुधार कार्यक्रमको एउटा अभिन्न अङ्ग बनाइएको हो। कूत निश्चित गरेपछि उत्पादनमा कसरी वृद्धि हुनसक्छ भन्ने कुरामा एउटा विदेशी सल्लाहकारले बुधबारेमा भूमिसुधार लागू भएपछि तीन वर्षको तथ्याङ्क अध्ययन गरी उत्पादन क्रमशः वृद्धि हुँदै गएको नतीजा फेला पारेका छन्।[2]

---

१ मोहनमान सैंजु– "नेपालमा भूमिसुधार २०१७ साल अगाडि र पछाडि" नेपालमा भूमिसुधार, श्री ५ को सरकार, भूमिसुधार विभाग, २०२४, पृष्ठ २६

२ Lindsey Quentin W.— "Land Reform and the Food Problem" नेपालमा भूमिसुधार भन्ने किताबको अंग्रेजी अंशको पृष्ठ ६–१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त तथ्याङ्कको सारांशको अंश एउटा तालिकाको रूपमा तल उद्धृत गरिएको छः–

बुधबारे पञ्चायतमा भूमिसुधार भन्दा पहिले र पछि कृषि उत्पादनको प्रारूप[1]

बाली	भूमिसुधारभन्दा पहिले	भूमिसुधार पछि		
	२०२०	२०२१	२०२२	२०२३
बाली लगाउने इलाका (हेक्टरमा)	३,००२	३,००२	३,०१०	३,०१०
बाली लगाइएको हेक्टर	३,१६१	३,२५४	३,३६४	३,३३५
(२०२० बाट बढेको प्र.शत)		(२.०)	(६.४)	(४.५)
बाली उत्पादित (मेट्रिकटन)	४,३१५	४,५२१	४,८४०	५,१६५
(२०२० बाट बढेको प्रतिशत)	–	(४.८)	(१२.२)	(१६.५)
उत्पादनको मोल (रू.मा)	२७,४१,६८७	२८,७१,७१५	३०,६२,६७६	३२,६१,४४१
(२०२० बाट बढेको प्रतिशत)	–	(४.७)	(१२.८)	(२०.०)
प्रतिहेक्टर उत्पादनको मोल (रू. मा)	६१३	६५७	१,०२७	१,०८४

माथिको तालिकामा उल्लिखित सबै वर्षहरूको मोल २०२० कै स्थिर मोललाई मानेर लिइएको छ। त्यसैले पछिका वर्षहरूमा बढेको खाद्यान्नको भाउले यस तालिकाको तथ्याङ्कलाई प्रभाव पारेको छैन।

उपर्युक्त तालिकाअनुसार बुधबारे गाउँ पञ्चायतमा भूमिसुधार कार्यक्रम लागू भएको तीन वर्ष भित्रमा नै बाली लगाइएको क्षेत्रफल, बाली उत्पादनको मात्रा, उत्पादनबाट भएको आम्दानी र प्रतिहेक्टरबाट किसानले उठाउन सकेको फाइदामा क्रमशः उत्साहजनक रूपमा वृद्धि हुँदैगएको देखिन्छ। यी सबैमध्ये पनि तीन वर्षको छोटो समयभित्र बाली उत्पादनको परिमाण १६.५ प्रतिशत वृद्धि हुनु र प्रतिहेक्टर उत्पादनको मोलमा ६१३ बाट १,०८४ अर्थात् २०२० को आम्दानीबाट १६ प्रतिशत बढ्नु निकै उत्साहजनक उपलब्धि मान्नु पर्दछ।

यसै पञ्चायतमा २०२८ सालमा गरिएको एउटा अध्ययनमा पनि ३८ जनाको (जग्गाधनी र मोहीहरू दुवै समावेश भएको) समूहले कृषि उत्पादनमा दोहरो बाली र थप परिश्रमको कारणबाट उत्पादन वृद्धि भएको मानिएको छ। तर जुन मोहीहरूले उत्पादनमा वृद्धि भएको छैन भन्ने दाबी गरे, उनीहरूले आफ्नो

१. Lindsey, Quentin W. को माथि उल्लिखित किताबको लेख, पृष्ठ ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सिचाइको भागलाई बल पुऱ्याउन खोजेको अथवा कूतमा अदल बदल होला भन्ने डरलाई व्यक्त गरेको आभास हुन्छ" भनी अनुसन्धानकर्ताले राय व्यक्त गरेका छन्।[1]

पुनर्बास कार्यक्रम

हुनत पुनर्बास कार्यक्रम खास कृषि विकाससँग सम्बन्धित छैन तापनि झापा जिल्लाको पृष्ठभूमिमा पुनर्बासको व्यवस्था कृषि क्षेत्रमा नै गरिएको हुनाले उक्त कार्यक्रमको बारेमा यहाँ नै छोटकरी चर्चा गर्नु उचित देखिन्छ।

यस जिल्लाको पूर्वी भागमा महेशपुर वनियानी र पाठामारी गाउँ पञ्चायतहरूका बीच २०३० सालसम्म जम्मा ३,०२६ विघाको इलाकामा जम्मा दुई क्षेत्रमा विभाजित गरी पुनर्बास गराइएको छ। पहिलेको क्षेत्रको नाम पृथ्वीनारायण शाहको नामबाट पृथ्वी नगर र दोस्रो यहाँ पौराणिक कालमा विराट राजाको समयमा भीमसेनले किच्चकलाई बध गरेको स्थान भनी कहलिएको हुनाले भीम नगर भनी नामकरण गरिएको छ। यस क्षेत्रमा भविष्यमा अरू ७,००० विघा जग्गामा पुनर्बास गराइने कार्यक्रम छ।

२०३० सालसम्ममा नेपाल पुनर्बास कम्पनीले उक्त इलाकामा जम्मा ५५२ परिवारलाई बसोबास गराएकोमा १८ परिवार सो क्षेत्र छोडी गएकोले जम्मा ५३४ परिवारलाई स्थायी बसोबास गराइएको छ। उक्त ५३४ परिवारभित्र १,७८८ पुरुष र १,५४५ महिला गरी जम्मा ३,३३३ जना छन्। उक्त ५३४ परिवारहरूमा मेची अञ्चलबाट २५४, कोशीबाट ४८, सगरमाथाबाट ११०, जनकपुरबाट २४, बागमतीबाट १०, नारायणीबाट ११, गण्डकीबाट २ र प्रवासबाट ७५ परिवारहरू छन्।

सिचाइ

नदी नालाको दृष्टिकोणले यो जिल्ला निकै नै लाभदायक स्थानमा छ। यहाँ भएका नदीहरूका बारेमा माथि प्राकृतिक स्वरूप वर्णन गर्दा नै उल्लेख गरिसकिएको छ। यहाँ उत्तरको पहाडबाट उत्पत्ति भएका, भावर प्रदेश मुनिबाट उत्पत्ति भएका र यत्रतत्र फैलिएका साना ठूला नदीहरूबाहेक विशेष उल्लेखनीय नदीहरूमा कन्काई, मेची, विरिङ, कमला र रतुवा नदीहरू हुन्। यस जिल्लाका ठूला नदीहरू सालभरी सिचाइ गर्न सकिने खालका छन् भने अरू नदीहरूलाई पनि वर्षातमा सिचाइको निमित्त प्रयोग गर्न सकिन्छ। यीमध्ये कतिपय गाउँ पञ्चायतहरूले आफ्नै श्रम र साधन प्रयोगगरी कुलो पैनीहरू बनाई सिचाइका सुविधाहरू हासिल गरी आएका छन् तर यस जिल्लामा आजसम्म ठूला तथा पक्की सिचाइ योजनाहरूको निर्माण चालू भएको छैन।

कन्काई सिचाइ योजना

वृहत् सिचाइ योजना अन्तर्गत बाह्रै महीना सिचाइ सुविधा उपलब्ध हुने कन्काई सिचाइ योजनाको निर्माण कार्य २०३०।३१ आर्थिक वर्षदेखि शुरू भयो। यस अन्तर्गत कन्काई नदीमा महेन्द्र

१. केशवराज प्रसाई– जयपुर, बुधबारे एक अध्ययन, पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र कलवल गुरी (चन्द्रगढी) झापा, २०२८, पृष्ठ ३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजमार्गमा रहेको पुलभन्दा दुई किलोमिटर उत्तरमा १४८ मिटर लामो कंक्रिट बाँध बाँधिनेछ। पश्चिम किनारातिर नहर बनाइने छ। यस योजनामा मुख्य नहर २८ किलोमिटर लामो हुनेछ जसको धेरै भागमा कंक्रिट लाइनिङ पनि गरिने छ। यसको सहायक नहरको लम्बाइ ४६ किलोमिटर हुनेछ। फील्ड च्यानेलको हकमा सर्वेक्षण चालू भइरहेको छ। साथै बढी भएको पानीलाई हटाउने २४.० किलोमिटर लामो कलेक्टर ड्रेनहरू निर्माण गरिने छन्। यस योजनाले जम्मा ८,००० हेक्टर क्षेत्रलाई ढाक्छ र शिवगञ्ज, पाँचगाछी र महामारा पञ्चायतका ५,००० हेक्टर जमीनमा सालभरी नै सिचाइ सुविधा उपलब्ध गराउने छ। यस योजनाको विशेषता के छ भने यसले हिउँद महीनामा पनि सिचाइको सुविधा प्रदान गर्दछ। सिचाइको साथै यस क्षेत्रमा सघन कृषि विकासको निमित्त उक्त योजनाकै अभिन्न अङ्गको रूपमा एउटा कृषि उपकेन्द्रको पनि स्थापना गरिने छ। यो योजना २०३२।३३ सम्ममा पूराहुने लक्ष्य राखिएको छ। यसमा सात करोड रूपैयाँ खर्च हुनेछ।

उपर्युक्त सिचाइ योजना कन्काई बहुउद्देश्यय योजनाको प्रथम चरण मात्र हो। विभिन्न चरणमा गरी यो योजना निर्माण हुँदा यस नदीमा एउटा स्टोरेज ड्याम् (बाँध) बनाइनेछ जसबाट दुवै किनारामा गरी ३५,७०० हेक्टर अर्थात् जिल्लाको लगभग एक तिहाई भागमा सालभरि नै सिचाइ सुविधा उपलब्ध गराउन सकिनुको साथै यस योजनाबाट ३० हजार किलोवाट विद्युत् शक्ति पनि उत्पादन हुन सक्ने देखिएको छ। योजनाकै अङ्गको रूपमा यहाँ छ मिटर चौडा ३०किलोमिटर लामो ट्रंक रोड, छ मिटर चौडा ५० किलोमिटर मेनरोड र करीब २५० किलोमिटर प्रवेश मार्ग बनाइने छ जसले गर्दा स्थानीय जनतालाई आफ्नो उत्पादन बजारमा लगी विक्री गर्न सजिलो पर्नेछ।[1]

यस योजनाको सम्भाव्यता अध्ययन एशियाली सिकास बैंकको सहायताबाट गरिएको थियो र सम्पूर्ण योजनाको लागि ५३.७ करोड रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।

कृषि ऋण

खेतीपातीको निमित्त बराबर ऋण आवश्यक पर्ने यहाँका किसानहरूलाई साहूको शोषणबाट बचाउन यस जिल्लामा २०१७ सालदेखि सहकारी संस्थाहरू स्थापना गरिएका छन्। यहाँ जम्मा ३० वटा सहकारी संस्थाहरू स्थापना भएका थिए। तर समय समयमा रेखदेख, निर्देशन तथा आवश्यक सहयोगको कमीले गर्दा संस्थाहरू राम्रोसँग सञ्चालन हुन सकेनन्। फलस्वरूप २०२६ सालमा केन्द्रीयस्तरमा सहकारी विभागले सहकारी कार्यक्रमहरूलाई केही जिल्लामा मात्र सीमित गर्ने निर्णय लियो, जसमध्ये यो झापा जिल्ला पनि पर्न आयो। यस अनुरूप यहाँ उक्त ३० वटा सहकारी संस्थाहरूमध्ये केही संस्थाहरूलाई विघटन गरी केहीलाई एकीकरण गरेर दुई वटा संस्थालाई नमूनाको रूपमा सहकारी विभागले नै सञ्चालन गर्‍यो। त्यसपछि निर्दिष्ट सहकारी संस्थाको कार्यक्रम चल्यो जस अन्तर्गत सहकारी संस्थाहरूको सञ्चालनको अभिभारा कृषि विकास बैंकले लियो। यस प्रकारको निर्दिष्ट सहकारी संस्थाहरू यस जिल्लामा २०२९।३० सम्ममा आठ वटा स्थापना भई सफल तरीकाले सञ्चालन भइरहेका छन्। २०२९।३० मा यी संस्थाहरूले वित्तीय निकायबाट रू. १३,३६,८१६। ऋण प्राप्त गरेका थिए। यसबाट सदस्यहरूमा रू. ६,४२,०४७। ऋण लगानी गरेको र संस्थाहरूले रू. ३,४६,१०६। मूल्य बराबरको कृषि उपकरण नगदमा विक्री गरेका छन्। यी संस्थाहरूको कुल सदस्य संख्या २,२६६ छ। सबैले नै ऋण उपलब्ध गरेका छन्।

१. गोरखापत्र, २०३१ साल भदौ २४ गतेमा प्रकाशित जानकारीमा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त सहकारी संस्थाहरू बाहेक यस जिल्लामा एउटा सहकारी संघ पनि छ जसको सदस्य तथा हिस्सेदारहरू सहकारी संस्थाहरू हुन्छन् । पहिले उक्त संघ सहकारी संस्थाहरूलाई आवश्यक ऋण तथा कृषि उपकरणहरूको व्यवस्था गर्दथ्यो। यस अर्थमा सहकारी संघ सहकारी संस्थाहरूको सहकारी संस्था हो। यस संघको स्थापना २०२२ सालमा भएको हो।

हाल यस संघले विभिन्न सहकारी संस्थाहरूलाई खेतीको निमित्त अत्यन्त आवश्यक विभिन्न उपकरणहरू जस्तै बीउ, मल, औजार, कीटाणुनाशक औषधि आदिको उचित मूल्य र निश्चित तौलको व्यवस्था गर्न सामर्थ भएको छ।

उपर्युक्त सहकारिता सम्बन्धी संस्थाहरू बाहेक यहाँ निर्देशित ग्राम समिति तथा अनिर्देशित ग्राम समितिहरू छँदैछन् । यस दृष्टिकोणले यहाँ २२ वटा गाउँ पञ्चायत क्षेत्रमा सहकारी कार्यक्रम सञ्चालन भएको छ।

कृषि विकास बैंक

कृषि विकास बैंकको शाखा कार्यालय यस जिल्लामा २०२७ सालमा खुलेको थियो। यस शाखाले जिल्लामा सहकारी संस्थाहरूको साथसाथै व्यक्ति तथा अन्य संगठित संस्थाहरूलाई कृषि विकासको विभिन्न कार्यको लागि ऋणहरू उपलब्ध गराउँदै आएकोछ। यस शाखासँग २०३० साल पौष मसान्तसम्ममा २७१ वटा ऋण चालू रहेको थियो जसमा रू. ५०,८२,६८०। लगानी भइरहेको थियो।

विभिन्न बालीहरूको खेती गर्न, पशुपालन गर्न, गोदाम बनाउन, गोरु तथा कृषि औजार किन्न र सिचाइको व्यवस्था गर्न ऋणहरू उपलब्ध हुन्छन् ।

उद्योग

माथि कृषि व्यवसायबारे चर्चा गर्दा यस जिल्लाको खेतीपातीमा धान बालीको प्रधानता भएको कुरा उल्लेख भइसकेकोछ। त्यसैले यहाँको उद्योग तथा व्यापार व्यवसायमा त्यसको प्रभाव पर्नु स्वाभाविकै कुरा हो। यहाँको औद्योगिक प्रतिष्ठाहरूमा धेरैजसो धान प्रशोधन सम्बन्धी हुनु र यहाँको व्यापारमा मुख्य गरी धान निकासी हुनु नै यसको ज्वलन्त उदाहरण हो। तर हालसालै मात्र उपलब्ध भएको यातायातको सुविधा, विद्युत् शक्तिको क्रमिक विस्तार र वृहत् सनपाट उद्योगको स्थापनाको तर्खर, झापाबाट इलाम जोड्ने सडक र त्यसबाट मेची अञ्चलको भित्री खण्ड झापा जिल्लाको औद्योगिक उत्पादनहरूको निमित्त बजारको रूपमा उपलब्ध हुने सम्भावनाले गर्दा अब झापा जिल्ला पनि औद्योगिक विकासको क्षेत्रमा एउटा संक्रमण कालबाट पार हुँदै गरेको जस्तो देखिन्छ।

माथि उल्लेख गरिए जस्तै यस जिल्लामा भएका औद्योगिक प्रतिष्ठानहरूमध्ये चामल कारखाना नै बढी छन् जुन कुरा तल दिइएको यहाँको उद्योग सम्बन्धी तालिकाले देखाएकोछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झापा जिल्लाका केही उद्योगहरू (२०३०)

उद्योगको किसिम	कुल संख्या	चालू	बन्द
चामल तथा तेल मीलहरू	११६	१११	५
काठ चिर्ने मिलहरू	७	४	३
बिडी कारखानाहरू	३	३	–
इँटा भट्टा	६	४	२
कन्फेक्सनरी, बेकरी	१२	६	६

चामल तथा तेल मिलहरू पनि सबै एकै किसिमका छैनन्। यिनीहरूलाई विभिन्न स्तरमा विभाजन गर्न सकिन्छ। प्रचलित विभाजनको तरीका निम्नअनुसार छः–

	जम्मा	चालू	बन्द
स्टकिष्ट मिलहरू	२७	२५	२
ज्यालादारी मिलहरू	३७	३४	३
फ्लैट रेट मिलहरू	५२	५२	–
जम्माः–	११६	१११	५

उक्त वर्गीकरण श्री ५ को सरकारले अन्तःशुल्क लिनको निमित्त गरेको हो। स्टकिष्ट मिलहरू भन्नाले जिल्लाका ठूला ठूला मिल हुन् जसलाई अन्तःशुल्क उठाउनाको निमित्त स्टक नै जाँचेर त्यसको आधारमा अन्तःशुल्क निर्धारण गरिन्छ। ज्यालादारी मिलमा मिल जति सञ्चालन हुन्छ त्यसको आधारमा अन्तःशुल्क लगाइन्छ। फ्लैट रेट मिल त्यस्तो हो जहाँ धेरै थोरै जतिसुकै काम भए पनि सालमा तिर्नु पर्ने अन्तःशुल्क रकम तोकिएको हुन्छ।

प्राविधिक प्रणालीको दृष्टिकोणले यहाँका मिलहरू पाँचवटा "सेलर" प्रणालीका र बाँकी "हेलर" प्रणालीका छन्।

उपर्युक्त वर्गीकरण बाहेक यस जिल्लामा उक्त उद्योगहरू सञ्चालन गर्न लगानी गरिएको पूँजीको परिमाणबाट पनि कुन किसिमको उद्योगले कति प्राथमिकता पाएको छ भन्ने ज्ञान हुन्छ। पूँजी लगानीको तालिका निम्न बमोजिम छः–

झापामा केही औद्योगिक प्रतिष्ठानहरूमा लगाइएको पूँजी सम्बन्धी तालिका २०३० र २०३१

किसिम	संख्या (क)	पूँजी अथवा अधिकृत पूँजी
चामल तथा तेल मिलहरू	१०८	१,१९,७३,०११।
सः मिलहरू	७	४,११,५००।
बिडी कारखानाहरू	३	२,६०,०००।
इँटा भट्टाहरू	१०	२,९४,४००।
कन्फेक्सनरी, बेकरीहरू	१२	२,१६,०००।
चिया सम्बन्धी उद्योगहरू	८	५९,२०,०००।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि खाद्य वस्तु सम्बन्धी उद्योग	८	६,७१,०००।
निर्माण सम्बन्धी फर्महरू	५	६,५०,०००।
जूट, प्रेस उद्योग	१	४,७६,०००।
मोटर मर्मत कारखाना कम्पनीहरू	६	२१,५१,०००।
सलाई कारखाना	१	२,००,०००।
औषधि व्यवसाय	१	४,००,०००।
खाँदसारी उद्योग	१	३,५०,०००।
अन्य उद्योगहरू	१८	८,३१,०००।
		२,५१,०६,६११।

उपर्युक्त तालिकामा उल्लिखित तथ्याङ्कका स्रोतहरूमा संख्या एकदेखि पाँचसम्मका उद्योगहरूको निमित्त भद्रपुर अन्तःशुल्क कार्यालय र छदेखि १४ सम्मको निमित्त श्री ५ को सरकार उद्योग विभाग हुन् । यसमा माथिल्लो पाँचौ किसिमसम्म पर्ने उद्योगहरूको संख्या र यसभन्दा अगाडिको तालिकामा दिइएको सोही किसिमका उद्योगहरूको संख्या आपसमा मेल नखानुको कारण पूँजी लगानी नखोलिएका उद्योगहरू यस तालिकामा समावेश नगरिएकोले हो ।

उपर्युक्त तालिकाबाट यस जिल्लामा रजिष्टर भएका औद्योगिक प्रतिष्ठानहरूमा लागेको पूँजी देखिनुको साथैं यहाँको औद्योगिक लगानीमा बढी जोड चामल र तेल मीलहरूकैं स्थापनामा भएको स्पष्ट हुन्छ ।

यसकोसाथै यहाँ औद्योगिक प्रतिष्ठानहरूमा हुने लगानीमा चामल मिलमा नै तीव्रगतिले लगानी भइराखेको प्रतित हुन्छ । एउटा तथ्याङ्क अनुसार २०२१ सालमा झापा जिल्लामा रजिष्टर भएका मिलको संख्या जम्मा ७७ वटामात्र थियो जुन २०३० सालमा आएर ११६ वटा हुन आयो । यसरी यहाँ संख्याको दृष्टिकोणले नौ वर्षको अवधिभित्र ३९ वटा अर्थात् ५१ प्रतिशत मिलहरू वृद्धि भएकोछ ।

घरेलु उद्योगको क्षेत्रमा यहाँ घरेलु उद्योग विभाग अन्तर्गत एक ग्रामीण उद्योग कार्यालय छ । यसले झापाको कारागारमा रहेको कारखानामा सूती कपडा कारखाना र त्यसको विक्री व्यवस्थाको साथैं १४ जना प्रशिक्षार्थीहरूलाई सूती कपडा बुनाइ तथा रङ्गाइमा तालीम दिने व्यवस्था गरेकोछ । यसले निजी क्षेत्रको स्थानीय सूती कपडा तथा अन्य उद्योगहरूलाई पनि सहयोग पुन्याइआएको छ ।

यहाँ घर घरमा सनपाटबाट बोरा आदि बनाउने, हिरावली (सूती धागोको) लुंगी, काठ र बाँसका सामानहरू बनाउँछन् । विभिन्न जातिका मानिसहरू आफ्नो लुगाफाटो पनि घरमैं बुन्छन् । धिमाल जाति र राजवंशी जातिका महिलाहरूले लगाउने पेटानी बहुतै आकर्षक बुट्टा भएका हुन्छन् ।

झापा जिल्लाका उपर्युक्त मिल कारखानाहरूबाट सालसालको अन्तःशुल्क रकम भद्रपुरमा रहेको अन्तःशुल्क कार्यालयले उठाउने गरेकोछ । उक्त कार्यालय अन्तर्गतका मिल तथा कारखानाहरू (जसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इलाम जिल्लाको एक दुई वटा मिलहरू पनि समावेश छन्) बाट २०२९।३० मा जम्मा अन्तःशुल्क रकम रू. १६,७५,२४२। र २०२८।२९ मा रू. १६,२८,१६४। उठेको थियो। यहाँ अन्तःशुल्क उठाउने कार्यालय २०२३। २४ सालभन्दा पहिले भन्सार कार्यालयमा नै सम्मिलित भई काम गरेकोमा सो सालदेखि छुट्टै कार्यालय खडा भएको थियो।

व्यापार

कृषि व्यवसायबारे माथि उल्लेख हुँदा यो जिल्ला खाद्यान्न बचत हुने जिल्ला हुनुको साथै यहाँ सनपाट जस्तो कच्चा पदार्थको पनि निक्कै खेती हुन्छ भन्ने कुरा उल्लेख गरिसकिएको छ। कुनै ठाउँको व्यापारिक क्षमता त्यस ठाउँको आर्थिक सम्पन्नतामा भर पर्ने हुनाले यस जिल्लामा नेपालका धेरै अरू जिल्लाको तुलनामा व्यापारिक क्रियाकलाप बढी हुनु स्वाभाविकै हो।

यस जिल्लामा भएका व्यापारिक केन्द्रहरूमा मुख्यतया भद्रपुर बजार नै हो जसको विषयमा यस परिचयको प्रमुख स्थानहरू भन्ने शीर्षक अन्तर्गत चर्चा गरिसकिएको छ। व्यापारिक दृष्टिकोणले महत्वपूर्ण अन्य स्थानहरूमा दमक, शनिश्चरे र बुधबारे हुन्। यी स्थानहरू मेची अञ्चलको पहाडी जिल्लाहरूबाट आएका मानिसहरूले आफूलाई आवश्यक वस्तुहरूको आदान प्रदान गर्ने केन्द्रहरूका रूपमा छन्। यी बाहेक यहाँका अन्य व्यापारिक केन्द्रहरूमा नकलबन्दा पञ्चायतमा काँकरभिट्टा (जुन महेन्द्र राजमार्गमा सबभन्दा पूर्वको बजार हो र यस जिल्लाको निर्यात व्यापारमा भद्रपुर पछि यसको दोस्रो स्थान) सदरमुकाम चन्द्रगढी, अनारमनी पञ्चायतमा बिर्तामोड, धुलाबारी, शान्तिनगर, गौरादह, शिवगञ्ज र कुमरखाँड पञ्चायतमा पर्ने झापा बजार, गौरीगञ्ज र कन्काई घाट हुन्। झापा जिल्लामा अन्तःशुल्क लाग्ने वस्तुको थोक खरीद बिक्री गर्ने इजाजत लिएका ४०५ मध्ये ठेगाना यकीन भएका जम्मा ३९९ व्यापारिक संस्थाहरूमा १४५ वटा भद्रपुर नगर पञ्चायतमा, ४० दमक पञ्चायतमा, ३९ शनिश्चरेमा, ३६ धुलाबारीमा, २९ नक्कलबन्दामा, गौरीगञ्ज र खजुरगाछी प्रत्येकमा ११ वटा र बाँकी धेरै थोरै अरू पञ्चायतहरूमा छरिएर रहेका छन्।

हाटहरू

उपर्युक्त व्यापारिक केन्द्रमा हप्ताको सात दिन व्यापारिक कारोवार भई नै रहने भए तापनि ग्रामीण जनताको आर्थिक जीवनमा महत्वपूर्ण भूमिका खेल्ने यहाँको हाटहरू हुन जुन प्रत्येक हप्ता कुनै निश्चित ठाउँमा लाग्दछन्। कुनै कुनै हाटको नाम सो लाग्ने बारहरूको नामबाट नै नामकरण भएका छन्। झापा जिल्लामा लाग्ने हाटहरू, तिनीहरूको स्थान, लाग्ने दिनहरू तल दिइएको छ।

हाटको नाम	हाट लाग्ने स्थान	पञ्चायत	हाट लाग्ने बार अथवा बारहरू
गौरादह हाट	गौरादह बजार	गौरादह	प्रत्येक आइतबार र बुधबार
गौरीगञ्ज हाट	महेन्द्रनगर	खजुरगाछी	" बुधबार र शनिबार
झापा हाट	झापा	कुमरखाँड	" बुधबार र शनिबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धुलाबारी हाट	धुलाबारी बजार	धुलाबारी	प्रत्येक	सोमबार र शुकबार
पथरिया हाट	पथरिया	घेराबारी	"	आइतबार र बुधबार
पाँचगाछी हाट	पाँचगाछी	पांचगाछी	"	मंगलबार र शुकबार
बुधबारे हाट	दमक	दमक	"	बुधबार
बुधबारे हाट	बुधबारे	बुधबारे	"	बुधबार
भद्रपुर हाट	भद्रपुर बजार	भद्रपुर नगर पञ्चायत	"	बुधबार र शनिबार
राजगढ हाट	राजगढ	राजगढ	"	मंगलबार र शनिबार
शनिश्चरे हाट	शनिश्चरे बजार	शनिश्चरे	"	शनिबार

व्यापारिक वस्तुहरू

माथि उल्लेख भएका व्यापार केन्द्रहरूमा आयात तथा निर्यात व्यापार दुवै हुन्छ । जहाँसम्म आयात व्यापारको प्रश्न छ, यस जिल्लामा पनि देशको अरू जिल्लाहरूमा जस्तै स्वदेशमा उत्पादन नहुने सामानहरू नै मुख्यतया भारतबाट आयात हुन्छ । ती हुन्:– कपडा, नून, धातुका भाँडा-कुँडा, अलमोनियमका भाँडा कुँडा, दाल दलहन, कृषि औजार, औषधि, पेट्रोल, मट्टीतेल, डिजेल, जुत्ता, बिडी बनाउने पात, महुवा तथा अन्य उपभोगका सामान । त्यस्तै निर्यातको वस्तुमा मुख्यतः चामल, काठ, खलीपीना, अदुवा, घ्यू, खसी, बाख्राका काँचो छाला, विदेशमा बनेको कपडा, विभिन्न विलासिताका सामानहरू छन् । निर्यातको क्षेत्रमा सबभन्दा जोड धान चामलमा नै छ । झापा जिल्लामा २०३०।३१ मा अन्तःशुल्क लाग्ने वस्तु खरीद गर्ने लिइएका ४०३ वटा इजाजतहरूमध्ये २५५ वटा अर्थात् ६३ प्रतिशत चामल थोक खरीद-बिक्री इजाजतका छन् । त्यसपछि बिडी ५६ व्यापारिक संस्थाले, तेल ४५ र बाँकी स्पातका भाँडा आदि वस्तुका इजाजतहरू लिइएका छन् ।

यहाँ व्यापार व्यवसायमा लाग्ने मानिसहरूमा सामान्य विश्वासभन्दा अलि फरक पर्ने केही विविधता पाइन्छ । हुन त भद्रपुर जस्तै व्यापारिक केन्द्रको उदाहरण लिने हो भने निश्चय पनि त्यहाँ मारवाडीहरूको प्रधानता छ तर जिल्लालाई हेर्दा अरू जातका मानिसहरूको भूमिका पनि निकै नै महत्वपूर्ण देखिन्छ ।

भन्सार

यस जिल्लामा भएका भन्सार कार्यालयहरू, तिनीहरू अवस्थित पञ्चायतहरू र सो कार्यालयहरूको स्तर निम्न बमोजिम छन्:–

भन्सारको नाम र स्तर	भन्सार भएको पञ्चायत
भद्रपुर मूल भन्सार	भद्रपुर नगर पञ्चायत
गाडागल्ली छोटी भन्सार	बाहुन डाँगी
बाहुन डाँगी छोटी भन्सार	" "
नकलबन्दा छोटी भन्सार	नकलबन्दा
काँकरभिट्टा छोटी भन्सार	नकलबन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सतिघट्टा छोटी भन्सार	नकलबन्दा
पाठामारी छोटी भन्सार	पाठामारी
लोधावारी छोटी भन्सार	केचना
घेराबारी छोटी भन्सार	घेराबारी
पंथापाडा छोटी भन्सार	शरणामति
झापा छोटी भन्सार	कुमरखोद
महामारा छोटी भन्सार	महामारा
आठ मौजा छोटी भन्सार	खजुरगाछी
चौकी घाट छोटी भन्सार	महादेवा

बैंक तथा वित्तीय संस्थाहरू

उद्योग तथा व्यापारको प्रबन्धको निमित्त विभिन्न संस्थाहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ । यस जिल्लामा भएका बैंकहरूमा मुख्यतया राष्ट्रिय वाणिज्य बैंकको शाखा, नेपाल बैंक लिमिटेडको शाखा र कृषि विकास बैंकको शाखा हुन् । नेपाल राष्ट्र बैंकको सटही काउण्टरहरू भद्रपुर भन्सार, काँकरभिट्टा, झापा, गौरीगञ्ज र बाहुनडाँगी छोटी भन्सारहरूमा छन् । कृषि विकास बैंकको हकमा माथि कृषि ऋणको शीर्षकमा नै छलफल गरिसकिएको हुनाले यहाँ राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड सम्बन्धी मात्र जानकारी दिइएकोछ ।

यहाँ राष्ट्रिय वाणिज्य बैंकको शाखा भद्रपुरमा अवस्थित छ र यो २०२३ सालमा स्थापना भएको थियो । यस जिल्लामा यसै बैंक को दमक बजार (दमक गाउँ पञ्चायत) मा पनि एउटा शाखा स्थापना गरिएको छ ।

यी बैंकहरूमा चल्ती, बचत, मुद्दती (फिक्स डिपोजिट) नन्–अपरेटिभ आदि खाताहरू हुन्छन् । यस बैंकको भद्रपुर शाखामा मात्र २०३० सालको पुस समान्तसम्ममा १,५२७ वटा खाताहरू सञ्चालन भई ५३ लाख रूपैयाँको कारोबार चलिरहेको थियो । लगानीतर्फ गल्ला, सुनचाँदी, कपडा, सनपाट, नून, तेल, घ्यू, चीनी, संस्थाको गल्ला, जमानत, ऋण आदि विभिन्न शीर्षकमा गरी सोही मितिसम्ममा जम्मा ७५० खाता संख्या सञ्चालन भई त्यसमा एक करोड २८ लाख रूपैयाँ लगानी भइराखेको थियो । लगानी सबभन्दा धेरै हुने शीर्षकहरूमा जमानतमा ऋण (६० लाख ५३ हजार) स. संस्था गल्ला (२४ लाख २६ हजार), गल्ला (२१ लाख ५३ हजार) र सनपाट (१३ लाख ३० हजार) हुन् ।

नेपाल बैंक लिमिटेडको भद्रपुर शाखा यस जिल्लाको सबभन्दा पुरानो बैंक हो जुन १९९९ सालमा स्थापना भएको थियो । त्यस पछि २०२१ सालमा शनिश्चरे बजारमा र २०२७ सालमा धुलाबारीमा पनि यस बैंकका शाखाहरू स्थापना भए । भद्रपुर बाहेक यस जिल्लाको विभिन्न बजारहरूमा राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडले आपसमा समन्वयात्मक ढङ्गबाट शाखाहरू खोलेकाछन् । नेपाल बैंकले २०२६ सालमा झापा बजारमा एउटा गोदाम कार्यालय पनि खोलेकोछ ।

राष्ट्रिय वाणिज्य बैंकमा जस्तै यस बैंकमा पनि चल्ती, बचत, मुद्दती, जस्ता विभिन्न खाताहरू सञ्चालन भएका छन् । यस बैंकमा विभिन्न कारोवार गर्ने ग्राहकहरूको संख्या २०३० साल असोजसम्ममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६-७ हजार थियो। यस बैंकले लगानी गर्ने वस्तुहरूमा सुन, चाँदी, धान, चामल, तोरी, अलैंची, घ्यू, मकै, कोदो, गहुँ, तोरीको तेल, आलसको तेल इत्यादि छन्। विशेष लगानी हुने वस्तुहरूमा धान–चामल र सनपाट हुन्। यस बैंकको भद्रपुर, शनिश्चरे र धुलाबारी शाखाहरूको जम्मा लगानी २०३० सालमा पाँच करोड जतिको थियो।

कृषि तथा गैर कृषि व्यवसाय सम्बन्धी अनुपात यसभन्दा माथि हामीले यस जिल्लाको आर्थिक व्यवस्थाका विभिन्न पक्षहरूका बारेमा मोटामोटी जानकारीहरू प्रस्तुत गरिसकेका छौं। तल यस जिल्लाको आर्थिक दृष्टिकोणले क्रियाशील जनसंख्या र तिनीहरूको व्यावसायिक पृष्ठभूमिको बारेमा केही चर्चा गरिएकोछ।

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लामा १० वर्ष र सोभन्दा माथिको जनसंख्या (१,६७,८६५) मा आर्थिक दृष्टिकोणले क्रियाशील रहेका ८५,१५७ अर्थात् ५०.७ प्रतिशत र निष्क्रिय रहेका ४९.३ प्रतिशत देखिन्छन्। यसरी उक्त उमेर समहको कुल जनसंख्यामा झण्डै आधा सक्रिय र आधा निष्क्रिय भए जस्तो देखिन्छ। तर उक्त जनगणनाको तथ्याङ्क पुरुष र महिलालाई अलग अलग हेर्ने हो भने उक्त उमेर समूहको कुल पुरुष संख्या ८२.३ प्रतिशत आर्थिक दृष्टिकोणले सक्रिय मानिएको छ भने महिलाहरूको समूहमा ८८.६ प्रतिशतलाई निष्क्रिय मानिएको छ। हुनत गृहिणीलाई आर्थिक दृष्टिकोणले निष्क्रिय मान्ने जनगणनाको परम्परा भए तापनि नेपालमा एउटा घर परिवार आर्थिक उत्पादनको इकाई पनि भएको र यस उत्पादन क्रियामा महिलाहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेकोले हाम्रो समाजमा गृहिणीलाई आर्थिक दृष्टिकोणले निष्क्रिय भन्नु विवादकै विषय छ र यसले वास्तविक स्थिति दर्शाउँदैन।

तर यस परिचयमा यस जिल्लाको जनसंख्याको व्यावसायिक पृष्ठभूमि सम्बन्धी विश्लेषण गर्न यहाँ पुरुषहरूको जनसंख्यामा मात्र लिइएको छ।

यस जिल्लाको १० वर्षदेखि माथिका पुरुषहरूको जनसंख्यामा ६८,४५४ जना अर्थात् ८९.३ प्रतिशत कृषि तथा माछापालन सम्बन्धी व्यवसायमा लागेका देखिन्छन् र बाँकी १०.७ प्रतिशत जनसंख्या अन्य गैर–कृषि व्यवसाय जस्तै उत्पादन, सेवा, व्यापार, प्राविधिक, प्रशासन आदि कार्यहरूमा लागेका देखिन्छन्। यसरी यस जिल्लामा बहुसंख्यक मानिसहरूको जीवनयापन नेपालको अरू भागमा जस्तै कृषि क्षेत्रबाट नै हुन्छ भन्ने निष्कर्षमा सजिलैसित पुग्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार तथा बिजुली

जिल्लाको आर्थिक सम्पन्नता र भविष्यको सम्भावना प्रशस्तै भए तापनि यो जिल्ला तुलनात्मक दृष्टिकोणले यातायात, सञ्चार तथा विद्युत शक्तिको क्षेत्रमा केही समय अगाडिसम्म पिछडिएको थियो। तर गत केही वर्षदेखि यी क्षेत्रहरूमा जुन किसिमको प्रगति भएको छ र निकट भविष्यमा विकास योजनाहरू सञ्चालन हुने पृष्ठभूमि सिर्जना हुँदैछ त्यसबाट उज्ज्वल भविष्यको संकेत मिलेकोछ।

यातायात

झापा जिल्ला तराई प्रदेशको समथल भागमा परेको हुनाले यहाँ पहिलेदेखि गाउँ गाउँमा गाडा चल्ने कच्ची बाटोहरू छँदै थिए। तर हिउँदमा धूलो र वर्षातमा हिलो नै यिनीहरूको विशेषता थियो। यस जिल्लामा जान स्वदेशबाट सुगम बाटो नहुँदा धेरैजसो भारतीय भूमि भएर जानुपर्दथ्यो। तर गत केही वर्षको विकास आयोजनाहरूले गर्दा यहाँको यातायातमा निकै प्रगति भएकोछ।

महेन्द्र राजमार्ग

नेपाल अधिराज्यमा केही वर्षदेखि बन्न लागेको महेन्द्र राजमार्गको पूर्वी भाग यसै जिल्लाको नक्कलबन्दा पञ्चायतमा मेची नदीदेखि शुरू हुन्छ। यो राजमार्गको पूर्वी भाग करीब ४८ किलोमिटरको लम्बाइ यस जिल्लामा पर्दछ। यो राजमार्गले यस जिल्लाको पश्चिमी सीमाना रतुवा नदी पारगरी दमक पञ्चायत हुँदै त्यहाँबाट फेरि झापा जिल्लातिर खोंचपरी पसिरहेको मोरङ जिल्लाको मधुमल्ला पञ्चायत पस्दछ। त्यहाँबाट फेरि झापा जिल्लाको तोपगाछी पञ्चायतको उत्तरी भागमा प्रवेश गर्दछ र क्रमशः शिवगञ्ज, सुरूङ्गा, घैलाडुबा, चारपाने, अनारमनी, दुहागढी र धूलाबारीको भू-इलाका हुँदै नक्कलबन्दा पस्दछ। यसरी यो बाटो यस जिल्लाको उत्तरी भेकबाट गएको छ। यो राजमार्गमा यस जिल्लाभित्र पर्ने अंशमा जम्मा २१९ वटा कलभर्ट र ३२ वटा पुलहरू पर्दछन्। यसै बाटोमा कन्काई माथि बनेको ७०२ मिटर लामो पुल नेपालको सबभन्दा लामो पुल हो। यो राजमार्ग १०.५ मिटर चौडा छ जसमध्ये ३.७ मिटरमा कालोपत्र लगाइएको छ र त्यसको दायाँबायाँ प्रत्येक किनारमा १.१४ मिटरमा इँटा अथवा रोडा बिछ्याई "हार्ड सोल्डरिङ" पनि गरिएकोछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भद्रपुर-शनिश्चरे बाटो

यो जिल्लामा भद्रपुर र शनिश्चरे अत्यन्त महत्वपूर्ण व्यापारिक केन्द्र भएको हुनाले यस बीचको अन्दाजी २२ किलोमिटर लामो बाटो पहिलेदेखि नै निकै चल्ती छ। वर्तमानमा यो बाटो भद्रपुरबाट चन्द्रगढी, गरामनी हुँदै अनारमनी पञ्चायतमा बिर्तामोड भन्ने ठाउँमा महेन्द्र राजमार्गलाई काटेर शनिश्चरे पुगेको छ। यस बाटोको महत्वलाई ध्यानमा राखेर स्थानीय जिल्ला पञ्चायत तथा अन्य संस्थाहरूको सहयोगद्वारा चन्दा उठाई यस बाटोलाई पक्की गर्ने कार्य समेत २३–२४ सालदेखि भएको थियो। फलस्वरूप निकै हदसम्म बाटो पक्कीमा पनि परिणत भयो। तर बाटोको मर्मत तथा सम्भार गर्न स्थानीय क्षमता सीमित भएको हुनाले बाटो पक्की भएको भए तापनि त्यति राम्रो अवस्थामा छैन। श्री ५ को सरकारले २०३१।३२ को बजेटमा यस बाटोलाई शनिश्चरेसम्म सुधार गर्ना निमित्त चार लाख रूपैयाँको व्यवस्था गरेको छ।

यस बाहेक यो जिल्लामा धाइजन पञ्चायतको सीमाना भित्र महेन्द्र राजमार्गमा पर्ने चारआले भन्ने स्थानबाट चन्द्रगढी भई भद्रपुर जोड्ने एउटा १७ किलोमिटर लामो छुट्टै सडक निर्माणको लागि पनि उक्त २०३१।३२ कै बजेटमा सात लाख रूपैयाँको विनियोजन भएकोछ।

यी सडकहरूको अतिरिक्त यस जिल्लामा चल्ती बाटोहरूमध्ये दमकदेखि गौरीगञ्जसम्म कच्ची भए पनि चल्तीकै बाटो हो। यसैगरी यस जिल्लाको पूर्वी र दक्षिणी सीमानामा धेरै ठाउँमा छोटी भन्सारहरू स्थापना भएका हुनाले अरू बाटो पनि यहाँका जनताले प्रयोगमा ल्याउने गरेकाछन्।

यस जिल्लालाई अरू जिल्लासँग जोड्ने सडकमा मुख्यतः महेन्द्र राजमार्ग नै हो। यस बाटोबाट भद्रपुरदेखि विराटनगरसम्म ११६ किलोमिटर (७३ माइल) पर्दछ। यस बाहेक श्री ५ को सरकार र यू.एन.डी.पी. को संयुक्त प्रयासमा नेपाल अधिराज्यको विभिन्न भागमा भएको सम्भाव्यता अध्ययन अनुसार यस जिल्लामा सुरुङ्गा पञ्चायतमा पर्ने जामुनबारीबाट इलामसम्मको ६४ किलोमिटर (४० माइल) लामो सडक पनि प्रस्ताव गरिएको छ।

उक्त प्रस्तावित जामुनबारी इलाम सडक बाहेक यस जिल्लाको धाईजन पञ्चायतको सीमानाभित्र पर्ने चारआले भन्ने स्थानबाट महेन्द्र राजमार्गसित जोडी इलामसम्म पुग्ने ८० किलोमिटर (५० माइल) लामो सालाखाला १० फीट चौडा कच्ची सडक पनि स्थानीय प्रयासबाट निर्माण भएकोछ।

हवाइ सेवा

यातायातको क्षेत्रमा यहाँ उपलब्ध अर्को साधन हवाइ सेवा हो। यहाँ भद्रपुर नगर पञ्चायत र चन्द्रगढी गाउँ पञ्चायतको बीच पर्ने स्थानमा भद्रपुर हवाइ मैदान छ। यो कच्ची हवाइ मैदान हो। यहाँ नियमित हवाइ सेवा चल्दछ। वर्षातको कारण हवाइ मैदान प्रयोग गर्न नसकिने छ भने मात्र केही दिनको निमित्त सेवा बन्द हुन्छ। यस मैदानको लम्बाइ ५,७०० फीट र चौडाइ ३०० फीट छ। यसको साथै यहाँ टर्मिनल भवन एक, कर्मचारी आवास घर पाँच र जेनेरेटर हाउस एक छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात साधन

यस अञ्चलको प्रहरीको एस. पी. कार्यालय यसै जिल्लामा भएकोले अञ्चलभरिका सवारीहरू यहाँ नै दर्ता गरिन्छन्। यहाँ २०३० साल माघसम्ममा दर्ता भएका सवारी तथा ढुवानीका साधनहरूमा विभिन्न किसिमका जीप १२१ वटा, ट्रक ११० वटा, लाएण्ड रोभर ३५, स्टेशन वेगन चार वटा, बस छ वटा, लरी तीन वटा, कार तीन वटा, बाटो पेल्ने रोलर एक वटा, टेम्पो एक वटा, अन्य गाडी एक वटा, ट्रेक्टर १७ वटा, मोटर–साइकल र रिक्सा १०८ वटा छन्।

आकाशवाणी

सदरमुकाम चन्द्रगढीमा आकाशवाणीको एउटा स्याटेलाइट स्टेशन केही वर्षदेखि स्थापना गरिएको छ। नेपाल अधिराज्यको स्याटेलाइट स्टेशनहरूमध्ये यो सबभन्दा बढी आम्दानी हुने स्टेशन ठहर्न आएको छ। यहाँबाट मेची अञ्चलको जिल्लाहरू ताप्लेजुङ्ग, पाँचथर र इलामसँग सोझै सम्पर्क कायम हुन्छ। यसको एरिया कन्ट्रोल स्टेशन इलाम हो।

यस बाहेक आकाशवाणीको पूर्वाञ्चल क्षेत्रिय कार्यालय विराटनगरमा भएकोले सो विराटनगर स्टेशनसँग र काठमाडौं स्टेशनसँग सोझै सम्बन्ध राख्न सकिन्छ। देशको अरू क्षेत्रमा सोझै कुरा गर्न मिल्दैन। खबर पठाउँदा पनि इलामको एरिया कन्ट्रोल स्टेशनलाई पठाएर त्यसले पनि अन्यत्रको एरिया कन्ट्रोल स्टेशन मार्फत सम्बन्धित स्याटेलाइट स्टेशनमा पठाउने व्यवस्था छ।

टेलिफोन

आर्थिक वर्ष २०३१।३२ मा भद्रपुर र चन्द्रगढीमासमेत गरी एउटा सिवि टेलिफोन एक्सचेन्जको १०० लाइन जडान हुने भएको छ जसलाई पाँचौं पञ्च वर्षीय योजनामा २०० लाइनमा परिणत गर्ने योजना छ।

यस बाहेक यस जिल्लाको भद्रपुरमा माइक्रोवेभ टर्मिनल स्टेशन एउटा र दमक बजारमा एउटा रिपिटर स्टेशन पनि स्थापना हुँदैछ। भद्रपुरमा स्थापना हुने टर्मिनल स्टेशनमा जम्मा १२ च्यानेल हुनेछन् जसमध्ये ११ च्यानेललाई ट्रंक टेलिफोनको प्रयोगको निमित्त र एक च्यानेल टेलिप्रिन्टर सर्क्युटको निमित्त प्रयोग हुनेछ। यस सिलसिलामा दमक बजारमा पनि एक च्यानेल ट्रंक टेलिफोनको सेवा उपलब्ध हुनेछ।

हुलाक

यस जिल्लामा भएका हुलाक अड्डाहरू, तिनीहरू रहेको गाउँ पञ्चायत र हुलाक अड्डाको स्तर निम्न लिखित बमोजिम छन्।

हुलाकको नाम,स्तर	रहेको स्थान	पञ्चायत
भद्रपुर विनिमय हुलाक	भद्रपुर बजार	भद्रपुर नगर पञ्चायत
चन्द्रगढी छोटी हुलाक	चन्द्रगढी	चन्द्रगढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनारमनी छोटी हुलाक	अनारमनी बजार	अनारमनी
शनिश्चरे शाखा हुलाक	शनिश्चरे बजार	शनिश्चरे
झापा शाखा हुलाक	झापा बजार	कमरखोद
धुलाबारी " "	धुलाबारी बजार	धुलाबारी
दमक " "	दमक बजार	दमक
गौरीगञ्ज " "	गौरीगञ्ज बजार	गौरीगञ्ज
गरामनी अतिरिक्त हुलाक	गरामनी बजार	गरामनी
तोपगाछी " "	तोपगाछी बजार	तोपगाछी
दुधेकैंजले " "	दुधेकैंजले बजार	शिवगञ्ज
बाहुनडाँगी " "	बाहुनडाँगी	बाहुनडाँगी
बनियानी " "	बनियानी बजार	बनियानी
शान्तिनगर " "	शान्तिनगर	शान्तिनगर
घैलाडुब्बा " "	घैलाडुब्बा	घैलाडुब्बा
हल्दीबारी " "	हल्दीबारी	हल्दीबारी
गौरादह " "	गौरादह	गौरादह

चिट्ठी बढी आदान प्रदान हुने स्थानहरूमा भद्रपुर बजार पछि धुलाबारी, शनिश्चरे, अनारमनी, झापा र चन्द्रगढी हुन्। यस जिल्लामा गत २०२९।३० सालमा ८,९०,१७२ चिट्ठीहरू आवत जावत भएका थिए।

बिजुली

गत २०२९ साल फागुन ७ गतेदेखि यस जिल्लामा भद्रपुर नगर पञ्चायतमा १०० किलोवाटको एउटा जेनेरेटर सेटबाट विद्युत् उत्पादन गरी वितरण गरिएकोछ। २०३० सालमा ३४६ किलोवाट विद्युत् उत्पादन गर्न सक्ने एउटा अर्को मेशीन पनि उपलब्ध भएको छ। यी दुवै मेशीनबाट उपलब्ध भएको बिजुली हाल भद्रपुर नगर पञ्चायत र चन्द्रगढी बजारमा वितरण गरिएकोछ। २०३१।३२ को आर्थिक वर्षमा भद्रपुर, अनारमनी र शनिश्चरेसम्म प्रसारण लाइन निर्माणको लागि क्रमशः सात लाख ४७ हजार र १६ लाख रूपैयाँको बजेट विनियोजन भएको छ।

यसरी भविष्यमा उक्त क्षेत्रमा पनि विद्युतीकरण हुने भएको छ। नेपाल र भारतको सरहद इलाकाहरूमा आपसमा विद्युत् शक्ति आदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत झापा जिल्लाले भविष्यमा ५०० किलोवाट विद्युत् भारतबाट प्राप्त गर्ने भएको छ।

विद्युत् शक्ति प्रयोगको सम्बन्धमा अहिले धेरैजसो (८० प्रतिशत अनुमानित) घरेलु ग्राहकले नै प्रयोग गरेका छन्। बाँकी २० प्रतिशतमा औद्योगिक प्रतिष्ठान र सडकमा बत्तीको निमित्त प्रयोग भएको छ। औद्योगिक प्रतिष्ठानमा २०३० सालसम्ममा स्थानीय गणेश चित्र मन्दिर र महेश सुरेश इन्डष्ट्रीज जम्मा दुईवटा मात्र विद्युत्का ग्राहक बनेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

संख्यात्मक दृष्टिकोणले यस जिल्लाको शैक्षिक स्तरलाई उत्तम नै भन्न नमिल्ने भए तापनि कमसेकम साक्षरताको क्षेत्रमा यस जिल्लाको औसत, नेपालको औसतभन्दा माथि हुनुको साथै अधिराज्यभर यस जिल्लाभन्दा बढी साक्षरताको स्तर भएका जिल्लाहरू पनि कमै संख्यामा मात्र छन्। शिक्षण संस्थाहरूको स्थापनामा पनि यस जिल्लाको प्रगति तुलनात्मक दृष्टिले निकै नै उत्साबर्द्धक छ। आर्थिक आधारको दृष्टिकोणले एकै किसिमको मान्न सकिने तराईका अरू जिल्लाभन्दा शिक्षाको क्षेत्रमा यस जिल्लाको प्रगति निकै सराहनीय छ।

वि. सं. २०२८ को जनगणनाको तथ्याङ्क अनुसार यहाँको छ वर्षदेखि माथिल्लो कुल १,९६,०५७ जनसंख्यामा ४०,८४५ अर्थात् ७९.२ प्रतिशत पढ्न लेख्न सक्तैनन्। यस हिसाबले हेर्दा यस जिल्लाको प्रत्येक पाँचजना मानिसहरूमा एक जना मात्र साक्षर छन्।

उक्त तथ्याङ्कलाई अझ नियालेर हेर्ने हो भने छ वर्षदेखि माथिका पुरुषहरूमा ३१.१ प्रतिशत साक्षर छन् भने महिलाहरूमा ९.६ प्रतिशत मात्र साक्षर देखिन्छन्। यस दृष्टिकोणले झापा जिल्लामा भेटिने छ वर्षदेखि माथिका पुरुषहरूमा झण्डै प्रत्येक तीनजनामा एकजना साक्षर छन् भने महिलाहरूमा प्रत्येक १० जनामा मात्र एकजना साक्षर फेला पर्दछ।

तर यस तथ्याङ्कलाई अधिराज्य र सम्बन्धित इलाकाहरूको परिप्रेक्षमा हेर्दा यस जिल्लाको वर्तमान साक्षरताको स्तर एउटा ठूलो उपलब्धिकै रूपमा देखा पर्दछ। सो तथ्य जुन तल दिइएको तुलनाबाट दर्शिन्छ।

झापा जिल्लाको छ वर्षदेखि माथिको जनसंख्यामा पुरुष र महिलाको साक्षरताको परिमाणलाई अरू इलाकाहरूसँग तुलनाः

इलाका	साक्षर पुरुषको प्रतिशत	साक्षर महिलाको प्रतिशत	जम्मा साक्षरको प्रतिशत
झापा जिल्ला	३०.१	९.६	२०.८
मेची अञ्चल	२७.५	६.०	१७.२
नेपाल अधिराज्य	२३.६	३.९	१३.९
इलाम जिल्ला	२६.९	६.०	१६.६
मोरङ जिल्ला	३०.३	८.४	२०.०
बाराजिल्ला	१९.३	२.८	११.५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट यो स्पष्ट रूपले देखिन्छ कि झापा जिल्लाको साक्षरताको स्तर नेपाल अधिराज्य तथा मेची अञ्चलको स्तरभन्दा बढी हुनुको साथै छिमेकी जिल्लाहरू इलाम तथा मोरङको स्तरभन्दा पनि बढी छ। साधारणतः मोरङमा विराटनगर एउटा ठूलो शहरी तथा औद्योगिक क्षेत्र भएको हुनाले शिक्षाको क्षेत्रमा झापाकोभन्दा मोरङको उपलब्धि बढी होला भन्ने विश्वास गर्न सकिन्छ। तर उपर्युक्त तथ्याङ्कले यस आशाको विपरीत नतीजा प्रस्तुत गरेको छ।

नेपाल अधिराज्यमा यस झापा जिल्लाको साक्षरता स्तरभन्दा बढी भएका ठाउँहरू बहुत कम छन्। काठमाडौं उपत्यकाका तीन जिल्लाहरू काठमाडौं (३८.३), भक्तपुर (२४.२) र ललितपुर(२५.०) तथा तराई तिर चितौन जिल्ला(२१.२)र पहाडमा कास्की जिल्ला(२४.७) मा मात्र झापामाभन्दा बढी साक्षरको दर छ। तिनीहरूमा पनि अझ पुरुष र महिला साक्षर छुट्याउने हो र महिला साक्षरलाई मात्र हेर्ने हो भने यस जिल्लाको महिला साक्षरको स्तर (६.७) लाई जित्ने काठमाडौं (२१.२) र ललितपुर (१०.४) मात्र दुई जिल्ला छन्। यसरी महिला साक्षरमा झापा जिल्लाले अधिराज्यमा तेस्रो स्थान प्राप्त गरेको छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
६ देखि ९ वर्षका	४,०५२	२८.१	२,२०९	१६.०	६,२६१	२२.२
१० देखि १४ "	७,५०८	५०.९	३,१५६	२६.४	१०,६६४	३९.९
१५ देखि १९ "	५,०८८	४२.५	१,४५५	१५.०	६,५४३	३०.२
२० देखि २४ "	३,९०१	३५.०	७१७	६.९	४,६१८	२१.५
२५ देखि २९ "	३,१५२	२७.२	४०७	३.९	३,५५९	१६.१
३० देखि ३४ "	२,३००	२३.७	२१२	२.५	२,५१२	१३.८
३५ देखि ३९ "	२,१०५	२०.३	१४३	२.१	२,२४ः	१३.०
४० देखि ४४ "	१,४१९	१९.७	८७	१.८	१,५०६	१२.४
४५ देखि ५४ "	१,७४४	१८.४	६७	१.१	१,८११	११.८
५५ देखि ६४ "	७१३	१६.०	३०	०.९	७४३	९.४
६५ देखि माथि "	३५९	१४.२	२१	०.९	३८०	७.६
जम्माः—	३२,३४१	३०.१	८५,०४	९.६	४०,८४५	२०.८

उपर्युक्त तालिकाबाट जति जति कम उमेरको समूह छ उति उति बढी परिमाणमा पुरुष तथा महिला-हरू साक्षर देखिन्छन्। तर छ देखि नौ वर्षको उमेर समूहमा यो परिमाण तुलनात्मक दृष्टिकोणले कम नै देखिन्छ। कारण, शिक्षा नीतिअनुसार छ वर्षदेखि विद्यालय जाने उमेर भए तापनि वास्तवमा विद्यालय जाने उमेर सो भन्दा बढी नै छ। त्यसैले उक्त उमेर समूहलाई छोडेर १० देखि माथिको समूहलाई लिंदा उक्त माथि उल्लेख गरिएको क्रम देखा पर्दछ।

झापा जिल्लामा राष्ट्रिय शिक्षा योजना २०२९ साल पुस १ गतेदेखि लागू भएको छ। उक्त योजना अन्तर्गत शिक्षण संस्थाहरूको स्थापना, संख्या आदि कुरामा आवश्यक व्यवस्था गरिसकिएको छ र हाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा निम्नलिखित स्तरका विद्यालयहरूमा निम्नलिखित बमोजिम छात्र-छात्राहरू अध्ययन गर्दछन्:-

झापा जिल्लामा विभिन्न माध्यमिक र निम्न माध्यमिक विद्यालयहरू तथा प्राथमिक विद्यालयको संख्या र तिनीहरूमा पढ्ने विद्यार्थीहरूको संख्या (२०३०)

स्तर	संख्या	छात्र		छात्रा		छात्रछात्रा जम्मा	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
माध्यमिक विद्यालय	१४	४.३०७	७६.५	१,३१९	२३.५	५,६२६	१००
निम्न माध्यमिक विद्यालय	२८	२:७१०	७०.५	१,१३४	२९.५	३,८४४	१००
प्राथमिक विद्यालय	१३३	६,४२२	६९.५	२,८१८	३०.५	९,२४०	१००
जम्मा–		१३,४३९	१७.८	५,२७१	२८.२	१८,७१०	१००

यहाँका कुनै कुनै माध्यमिक विद्यालयहरू जस्तै चन्द्रगढी, अनारमनी र बुधबारेस्थित माध्यमिक विद्यालयमा एकदेखि १० कक्षासम्मै पढाइ हुन्छ भने अरू माध्यमिक विद्यालयहरूमा चारदेखि १० सम्म पढाइ हुन्छ। यसरी माथि उल्लिखित तालिकामा दिइएको माध्यमिक र निम्न माध्यमिक विद्यालयहरूमा पढ्ने छात्रछात्राहरू सोही स्तरका विद्यार्थीहरू मात्र समावेश भएका छैनन्।

उपर्युक्त तालिकामा उल्लिखित भएअनुसार १४ वटा माध्यमिक विद्यालयहरूमा दुई वटा व्यावसायिक माध्यमिक विद्यालय छन् जुन भद्रपुर नगर पञ्चायत र शिवगञ्ज गाउँ पञ्चायतमा छन्। बाँकी १२ वटा माध्यमिक विद्यालयहरू चन्द्रगढी, गौरादह, दमक, घैलाडुब्बा, तोपगाछी, अनारमनी, शनिश्चरे, धुलाबारी, टाघनडुब्बा, गौरीगञ्ज, बाहुनडाँगी र जयपुर-बुधबारे गाउँ पञ्चायतहरूमा छन्। कुनै पनि जिल्लाको निम्ति माध्यमिक विद्यालयको संख्या यो धेरै हो। यहाँ प्रत्येक १६ हजार पाँच सय जनसंख्याको बीचमा एउटा माध्यमिक विद्यालय पर्दछ। यसै गरी निम्न माध्यमिक विद्यालयहरू पनि जिल्लामा २८ वटा छन् जसमध्ये दुईवटा भद्रपुर नगर पञ्चायत इलाकामा र बाँकी २६ वटा जिल्लाका विभिन्न स्थानमा रहेका छन्।

प्राथमिक विद्यालयको विषयमा यस जिल्लाको कोरोबारी गाउँ पञ्चायतमा बाहेक अरू सबै गाउँ पञ्चायतहरूमा छुट्टै प्राथमिक विद्यालयहरू छन्। कोरोबारीको प्राथमिक विद्यालय स्तरका कक्षाहरू स्थानीय निम्न माध्यमिक विद्यालयमा समावेश छन्। धेरै जसो गाउँ पञ्चायतमा एक भन्दा बढी यस्ता प्राथमिक विद्यालय केन्द्रहरू छन्। दमक गाउँ पञ्चायत इलाकामा सबभन्दा बढी आठवटा यस्ता केन्द्रहरू छन्।

विद्यार्थी संख्याको दृष्टिकोणले प्राथमिक विद्यालय स्तरका जम्मा १३३ वटा केन्द्रहरूमा ९,२४० विद्यार्थीहरू पढ्दछन्। यसरी प्रत्येक केन्द्रमा औसत ६९ विद्यार्थीहरू पढ्दछन्। उक्त १३३ वटा केन्द्रमा जम्मा ३७८ शिक्षक र ३२ शिक्षिकाहरू गरी जम्मा ४१० जनाले पढाउँछन्। यसरी प्रत्येक प्राथमिक विद्यालय केन्द्र तथा प्रत्येक ६९ जना विद्यार्थीहरूको बीच तीन जना शिक्षक-शिक्षिका पर्न आउँछन्। यहाँको प्राथमिक विद्यालयहरूमा शिक्षक-विद्यार्थीको अनुपात १:२३ पर्न आउँछ अर्थात् प्रत्येक शिक्षकले २३ जना विद्यार्थीलाई पढाउनु पर्ने हुन आउँछ। यस जिल्लामा सबै स्तरका शिक्षकहरू गरी जम्मा ७५९ छन् जसमध्ये ३५८ जिल्ला बाहिरका छन्।

छात्र-छात्राको अनुपातमा पनि यस जिल्लाको अनुपात अरू जिल्लाको भन्दा निकै नै राम्रो स्थितिमा छ। माथि चर्चा गरिएको जस्तै यहाँका महिलाहरूमा अन्यत्र भन्दा साक्षरको संख्या बढी भएको कुरालाई पुष्ट्याइँ गर्दछ। माथि दिइएको तालिकामा यस जिल्लामा पढ्ने कुल विद्यार्थी संख्यामा २८.२ प्रतिशत छात्राहरू भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयहरू बाहेक यस जिल्लामा १९ वटा प्रौढ शिक्षाका कक्षाहरू पनि सञ्चालन भइरहेका छन् जसमा १८ जना महिलाहरू र २६० जना पुरुषहरू शिक्षा हासिल गरिरहेका छन् ।

भद्रपुरमा मेची नदीको किनारमा मेची इण्टर कलेज नामको कलेज आठ-दस वर्षदेखि सञ्चालन हुँदै आइरहेको थियो । गत २०३० साउन १ गतेदेखि उक्त कलेज त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत मेची क्याम्पसको रूपमा स्थापित गरिएको छ। यसमा २०३१ साउनमा प्रमाणपत्रस्तरमा ७६ जना विद्यार्थीहरू अध्ययन गर्दथे। यसको २०३१।३२ आर्थिक वर्षको निम्ति रू. १,३१,९२१। को बजेट व्यवस्था भएको छ ।

यस जिल्लामा २०२६ साल पुस १ गतेदेखि राष्ट्रिय शिक्षा योजना लागू भएपछि निकै राम्रा प्रभावहरू देखा पर्न थालेका छन् । शिक्षण संस्थाहरू व्यवस्थित रूपले सम्पूर्ण जिल्लाका जनतालाई सुविधा हुने गरी व्यवस्था गरिएको छ। शिक्षाको क्षेत्रलाई विकास गर्ने काममा सबभन्दा महत्वपूर्ण भूमिका शिक्षकहरूको भएकोले यस योजनाले जिल्लाका शिक्षकहरूको अवस्थामा निकै सुधार ल्याएको छ । विद्यालय भवनहरूमा पनि जिल्लाका ९६ विद्यालयहरूको पक्की भवनको व्यवस्था भइसकेको छ। ८९ विद्यालयहरूको मात्र कच्ची भवन छन् ।

स्वास्थ्य

स्वास्थ्यको क्षेत्रमा यस जिल्लामा एउटा २५ शय्याको अस्पताल र सात वटा स्वास्थ्य चौकीहरू छन् । अस्पतालमा जम्मा तीन जना डाक्टरको व्यवस्था छ जसमध्ये एउटा महिला डाक्टर छिन्। यस अस्पतालमा जिल्लाको पूर्वी भागमा रहेका करीब २५ वटा पञ्चायत इलाकाबाट रोगीहरू आउँदछन्। २०२९।३० सालमा यस अस्पतालमा ४,९४४ जना पुराना र २०,८१६ जना नयाँ आउटडोर रोगीहरूको उपचार गरिएको थियो। यस बाहेक सो साल ४४५ जनालाई अस्पतालमै भर्ना गरी उपचार गरिएको थियो।

अस्पताल बाहेक यस जिल्लामा निम्नलिखित स्थानमा निम्नलिखित गाउँ पञ्चायतहरूमा स्वास्थ्य चौकीहरू तथा आयुर्वेदिक औषधालयहरू छन्:—

स्वास्थ्य चौकीहरू भएका ठाउँ	गाउँ पञ्चायत
गौरीगञ्ज स्वास्थ्य चौकी	गौरीगञ्ज
दमक स्वास्थ्य चौकी	दमक
झिलझिले स्वास्थ्य चौकी	शिवगञ्ज
वनियानी स्वास्थ्य चौकी	वनियानी
धुलाबारी स्वास्थ्य चौकी	धुलाबारी
झापा स्वास्थ्य चौकी	कुमरखोद
अनारमनी स्वास्थ्य चौकी	अनारमनी
आयुर्वेदीय औषधालय	शनिश्चरे
आयुर्वेदीय औषधालय झापा	कुमरखोद

प्रत्येक चौकीमा एउटा स्वास्थ्य सहायक अथवा सिनियर अग्जुलरी हेल्थ वर्करको नेतृत्वमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुईजना अग्जुलरी हेल्थ वर्कर, दुईजना असिस्टेन्ट नर्स मिडवाइफ र छ जना जुनियर अग्जुलरी हेल्थ वर्करहरू हुन्छन् ।

यस जिल्लामा धेरै जसो दुःख दिने रोगहरू ब्रोङ्काइटिस, निमोनिया, डाइरिया, डिसेन्ट्री, ब्रमंङ फेक्सन, हेप्टाइटिस, टी. वी. आदि र पौष्टिक आहारको कमीबाट हुने रोगहरू छन्। यहाँ यी रोगहरू लाग्नुको मुख्यकारण स्थानीय बासिन्दाहरूमा स्वास्थ्य सम्बन्धी समुचित ज्ञान कमी छ भन्ने कुरा स्वतःसिद्ध छ। रोगव्याधहरू आइलाग्दा पनि धेरै जसो मानिसहरू स्थानीय ओझा, धामीको सेवा नै उपलब्ध गर्दछन् ।

यहाँ रोग हुने कारण दूषित वातावरणको कारणले नै हो। यस जिल्लामा धेरै ठाउँमा शुद्ध खानेपानीको व्यवस्था छैन । मानिसहरू विशेष चर्पी बनाई प्रयोग गर्दैनन् । गाई वस्तु राख्ने गोठ मानिसको बस्ती सँगसँगै हुने गर्दछन् । यसरी एकातिर फोहर वातावरण र अर्कोतिर स्वास्थ्य शिक्षाको कमीले गर्दा यहाँका मानिसहरू विभिन्न रोगका शिकार बन्दछन् ।

उपर्युक्त स्वास्थ्य सेवाहरू बाहेक स्वास्थ्यको क्षेत्रमा यस जिल्लामा परिवार नियोजन, औलो उन्मूलन, विफर उन्मूलन आयोजनाहरू पनि सञ्चालन भएका छन् ।

खानेपानी

यस जिल्लामा व्यवस्थितरूपले स्वच्छ खानेपानी जमीनबाट निकाली वितरण प्रणालीद्वारा वितरण गर्ने व्यवस्था भद्रपुर नगर पञ्चायत क्षेत्रमा मात्र छ। अन्यत्र कुवा र हाएण्डपम्प (टचूबवेल) द्वारा खानेपानीको व्यवस्था भएको छ ।

भद्रपुरस्थित खानेपानी योजना २०२३।२४ सालको आर्थिक वर्षमा प्रारम्भ गरिएको थियो। यसबाट ३० हजार जनतालाई प्रति दिन चार लाख ५० हजार ग्यालन पानी वितरण गर्न सक्ने क्षमता छ। एकचोटीमा एक लाख ग्यालन पानी अटाउने आर. सी. सी. को ओभरहेड ट्याङ्क एक पनि निर्माण भएको छ। यो योजना १३ लाखभन्दा केही बढी रकमको लगानीमा सम्पन्न भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

नेपाल अधिराज्यको क्षेत्रिय प्रशासन गढी गौंडा तथा गोश्वाराहरूमा विभक्त हुँदा पहिले यो जिल्ला मोरङ जिल्ला अन्तर्गत प्रशासित थियो। पछि यस जिल्लाको कुमरखोद गाउँ पञ्चायतमा पर्ने झापा भन्ने बजारमा सदरमुकाम रहने गरी छोटी गोश्वारा खडा भयो र त्यो पनि पछि गएर बडाहाकिम रहने गरी सिङ्गै प्रशासनिक जिल्लाको रूपमा यसको अस्तित्व कायम भयो। सदरमुकाम रहेको बजार पनि बसेको ठाउँ भएको हुनाले त्यतिबेला झापालाई झिलिमिली झापा पनि भनिन्थ्यो।

२००७ सालपछि उक्त सदरमुकामलाई झापाबाट चन्द्रगढीमा सारियो जहाँ यस जिल्लाको स्थायी सदरमुकाम विकसित भएको छ।

जिल्लाको प्रशासकको रूपमा बडाहाकिम रहने प्रथा २०२२ सालसम्म रह्यो। त्यस साल देशमा प्रशासनिक विकेन्द्रीकरण कार्यक्रम लागू भएर बडाहाकिम भन्ने पद अन्त भयो र प्रमुख जिल्ला अधिकारी भन्ने पदको सिर्जना भयो। केही समयको लागि प्रमुख जिल्ला अधिकारीले जिल्ला पञ्चायतको सचिवको रूपमा पनि कार्य गऱ्यो। सो बेला जिल्लाको शान्ति सुरक्षाको कार्य पहिले अञ्चलको सहायक अञ्चलाधीश र तत्पश्चात् विशेष अधिकृतले सह्याल्थ्यो र पछि गएर उक्त पदको पनि अन्त्य भयो। २०२८ सालमा प्रमुख जिल्ला अधिकारीलाई जिल्ला पञ्चायतको सचिव पदबाट हटाई जिल्लाको सर्वोच्च प्रशासकको रूप दिइयो। यही प्रशासन व्यवस्था अरू जिल्ला लगायत झापा जिल्लामा पनि आजसम्म चल्दै आइरहेकोछ।

हाल यस जिल्लामा निम्नलिखित कार्यालयहरू सञ्चालन भइरहेका छन्। यी मध्ये कुनै कुनै कार्यालय जस्तै अन्तःशुल्क, कर कार्यालयहरूले यसै जिल्लाबाट इलाम जिल्लाको अन्तःशुल्क, कर असूल गर्ने गर्दछन्।

प्रमुख जिल्ला अधिकारीको कार्यालय	चन्द्रगढी
भूमि प्रशासन कार्यालय	"
वन विभाग, डिविजन कार्यालय	"
जिल्ला शिक्षा अधिकारी कार्यालय	भद्रपुर
सार्वजनिक निर्माण कार्यालय	चन्द्रगढी
कन्काई नहर योजना	"
विद्युतीकरण आयोजना	"
झापा कारागार कार्यालय	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालय	चन्द्रगढी
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय	"
झापा हवाइ कार्यालय	"
ग्रामीण उद्योग कार्यालय	"
भद्रपुर खानेपानी योजना	"
पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र	"
राष्ट्रिय यातायात व्यवस्था उप-शाखा	"
नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना	"
विफर उन्मूलन आयोजना	"
नेपाल औलो उन्मूलन संघ	शनिश्चरे
भद्रपुर भन्सार कार्यालय	भद्रपुर
मेची अञ्चल कर कार्यालय	चन्द्रगढी
सवारी कर कार्यालय	"
अन्तःशुल्क कार्यालय	"
कोष तथा तहसील कार्यालय	"
कृषि विकास कार्यालय	"
जिल्ला सहकारी कार्यालय	"
मेची अञ्चल एस. पी. कार्यालय	"
जिल्ला प्रहरी निरीक्षक कार्यालय	"
आकाशवाणी स्याटेलाइट	"
भद्रपुर विनिमय हुलाक	भद्रपुर

संस्थानहरू

कृषि खरीद बिक्री संस्थान	भद्रपुर
नेशनल ट्रेडिङ्ग लिमिटेड	"
साल्ट ट्रेडिङ्ग कर्पोरेशन	"
नेपाल चिया विकास निगम	"

पञ्चायत

जिल्ला पञ्चायत कार्यालय	चन्द्रगढी
संयुक्त संगठन कार्यालय	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाल मन्दिर	चन्द्रगढी

बैंकहरू

राष्ट्रिय वाणिज्य बैंक	भद्रपुर
कृषि विकास बैंक	"
नेपाल बैंक लिमिटेड	भद्रपुर, शनिश्चरे, धुलाबारी

उपर्युक्त कार्यालयहरूमध्ये धेरैजसोको विषयमा यस परिचयको सम्बन्धित शीर्षकहरू अन्तर्गत चर्चा गरिसकिएको छ। त्यसैले यहाँ बाँकी रहेकामध्ये महत्वपूर्ण एकाईहरूको बारेमा छोटकरीमा चर्चा गरिनेछ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय

यो कार्यालय जिल्लाको सम्पूर्ण कार्यालयहरूको अगुवाको रूपमा रहेकोछ। त्यसैले यस कार्यालयको जिम्मेदारीहरूमा शान्ति सुव्यवस्था कायम गर्नु, आवश्यक उपभोग्य पदार्थको नियमित सञ्चय र वितरणमा निर्देशन पुऱ्याउनु, दैवी प्रकोप परेको बेलामा सहयोग पुऱ्याउनु, भ्रष्टाचार तथा अनैतिक कार्यहरूको रोकथाम गर्नुका साथै जिल्लामा रहेका सम्पूर्ण कार्यालयहरूको कार्यक्रम सञ्चालनको निम्ति आवश्यक सबै किसिमको सहयोग तथा सुविधाहरू पुऱ्याई दिनु यस कार्यालयको कर्तव्य हो।

प्रहरी

मेची अञ्चलको सदरमुकाम इलाम भए तापनि प्रहरीको अञ्चलस्तरीय कार्यालय अर्थात् एस्.पी. कार्यालय यसै जिल्लाको चन्द्रगढीमा अवस्थित छ। जिल्लास्तरीय सर्वोच्च प्रहरी कार्यालय जिल्ला प्रहरी निरीक्षक कार्यालय हो जुन चन्द्रगढीमा नै छ। यस बाहेक जिल्लाको विभिन्न स्थानमा विभिन्न स्तरका प्रहरी कार्यालयहरू स्थापित छन्। जुन तपसीलको तालिकामा देखाइएको छ।

कार्यालयको नाम	स्थापित गाउँ पञ्चायत
प्रहरी थाना, झापा	कुमरखोद
प्रहरी थाना, गौरीगञ्ज	गौरीगञ्ज
प्रहरी थाना, दमक	दमक
प्रहरी चौकी, शनिश्चरे	शनिश्चरे
प्रहरी चौकी, अनारमनी	अनारमनी
प्रहरी चौकी, धुलाबारी	धुलाबारी
प्रहरी चौकी, बनियानी	बनियानी
प्रहरी चौकी, बाहुनडाँगी	बाहुनडाँगी
प्रहरी चौकी, शिवगञ्ज	शिवगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहरी चौकी, राजगढ	राजगढ
प्रहरी चौकी, महामारा	महामारा
प्रहरी पोष्ट, भद्रपुर	भद्रपुर
प्रहरी पोष्ट, काँकरभिट्टा	नकलबन्दा

कारागार

यस जिल्लाको कारागार चन्द्रगढी गाउँ पञ्चायतमा एक बिघा १८ कट्ठा इलाकामा रहेको छ। यसमा महिला र पुरुषको दुई छुट्टा छुट्टै खण्ड छन्। सबै गरेर यसको क्षमता १५० देखि २०० जनाको निम्ति मात्र उपयुक्त छ। यहाँ कैदीहरू थप घट भई नै रहन्छन्।

यस कारागार भित्र एउटा घरेलु उद्योग सञ्चालित छ जसमा १५ वटा तान, वारपिङ्ग एक र चर्खा १८ वटा छन्। यसमा आलोपालो गरी जम्मा ५० जना कैदीले काम गर्दछन्। यसबाट उत्पादित वस्तु घरेलु उद्योग कार्यालयमा बिक्री वितरण गरिन्छ। यहाँको उत्पादनको माग बढ्दै गएको छ। यसबाहेक यहाँ प्लास्टिकले बुनेको मेच नयाँ तयारी तथा मर्मत पनि गरिन्छ।

कर कार्यालय

मेची अञ्चलको कर कार्यालय यसै जिल्लामा छ जसको औपचारिक नाम कर कार्यालय, मेची अञ्चल हो। यो कार्यालय यहाँ २०२२ साल चैत्र महीनामा स्थापना भएको हो। यसको एउटा शाखा कार्यालयको रूपमा इलाममा पनि राखिएको छ। यस जिल्लामा २०३० सालमा निम्नलिखितवर्गका निम्नलिखित संख्यामा करदाताहरू थिए।

करदाताको वर्गीकरण	संख्या	करदाताको वर्गीकरण	संख्या
उद्योगपति	७०	व्यापारी	२५१
पारिश्रमिक (कर्मचारी)	४८	बिक्री कर	४६
ठेक्का कर	७६	फिल्म वितरक	२
होटेल कर	१७	घर जग्गा कर	२७
मोटर कर	४६	मनोरञ्जन कर	२

यस जिल्लाबाट विभिन्न कर बापत उठ्ने रकम क्रमशः बढ्दै गइरहेको छ। उपर्युक्त करदाताहरूबाट आयकर, फिल्म वितरण कर, घर जग्गा कर, घर जग्गा बहाल कर, ठेक्का कर, बिक्री कर, मनोरञ्जन कर, होटेल कर र मोटरकार करबाट २०२८।२९ आर्थिक वर्षमा रू. १७,६६,२५७। र २०२९।३० मा रू. २३,७३, ४६९। उठेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय प्रशासन

न्यायको क्षेत्रमा यहाँ एउटा जिल्ला अदालत छ जहाँ राजपत्राङ्कित तृतीय श्रेणीका एक जना जिल्ला न्यायाधीश र पाँच वर्षको निम्ति पठाइएको एक जना अतिरिक्त जिल्ला न्यायाधीशको व्यवस्था भएकोछ। सरकारवादी हुने मुद्दाहरू सरकारतर्फबाट वहस पैरवी गर्न यहाँ राजपत्र अनङ्कित प्रथम श्रेणीको सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको पनि व्यवस्था छ। यसले फौजदारीपट्टि ज्यान, डाँका, चोरी, जवरजस्ती करणी, जुवा, हातहतियार, खरखजाना, राजकाज, आगलागी, गौवध, बहु विवाह, अनमेल विवाह, बालविवाह आदि मुद्दाहरूमा प्रहरी साथ गई तहकीकात गरी अदालतमा दायर गराउँदछ। देवानी तर्फ सरकारी जग्गा दपोट, तिरो दपोट आदि मुद्दामा आवश्यक भूमिका खेल्दछ :—

यहाँका जिल्ला अदालतमा विगत तीन वर्षमा परेका मुद्दाहरूको संख्या निम्न प्रकारका छन्:—

वर्ष	देवानी	फौज्दारी	जम्मा
२०२७।२८	२२८	३५४	५८२
२०२८।२९	३६७	४२०	७८७
२०२९।३०	३३५	३५९	६९४

यस जिल्लामा प्रचलित मुद्दाहरूमा देवानीतर्फ लेखपास, जग्गा, जग्गा चलन, जग्गाबाली लेनदेन, अंश सम्बन्धी मुद्दाहरू र फौजदारीतर्फ चोरी, ज्यान, डाँका, कीर्ते, जालसाजी, लूटपीट, अङ्ग भङ्ग कुटपीट सम्बन्धी विषयहरूमा धेरैजसो मुद्दा पर्दछन्।

पञ्चायत

यस जिल्लामा जम्मा ४३ वटा गाउँ पञ्चायत र एउटा नगर पञ्चायत (भद्रपुर) भएको कुरा र तिनीहरूको जनसंख्यासमेत माथि जनसंख्या र जनजीवनको परिच्छेदमा व्याख्या गरिसकिएकोछ। प्रत्येक गाउँ पञ्चायतको नौ वटा वार्डहरूबाट नौ जना सदस्य र गाउँ पञ्चायतका इलाकाबाट सोझै निर्वाचित हुने प्रधान पञ्च र उप-प्रधान पञ्च समेत गरेर यस जिल्लाका सम्पूर्ण गाउँ पञ्चायतका सदस्यहरूको संख्या जम्मा ४७३ जना छन्। भद्रपुर नगर पञ्चायत नौ वटा वडाहरूमा विभक्त भएको छ। यसरी सम्पूर्ण जिल्लाको गाउँ र नगर पञ्चायतका निर्वाचित सदस्यहरू जम्मा ४८२ जना छन्। निर्वाचनद्वारा प्रत्येक गाउँ पञ्चायतबाट एक जना र नगर पञ्चायतबाट एक तिहाई सदस्य जिल्ला सभामा सदस्य हुन आउने भएको हुनाले यस जिल्लाको जिल्ला सभामा ४६ जना सदस्यहरू छन्। तिनीहरू मध्येबाट नै जिल्ला पञ्चायतका ११ जना सदस्य निर्वाचित भएका छन्।

पञ्चायती व्यवस्थाले परिकल्पना गरेअनुसार जिल्ला, गाउँ तथा नगर पञ्चायतहरू प्रशासन तथा विकासको स्वशासित संस्थाहरू हुन्। त्यसैले स्थानीय विकास कार्यमा यिनीहरूले अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछन्। यस जिल्लामा पनि अरू जिल्लाहरूमा जस्तै गाउँ पञ्चायतहरूले आफ्नै आम्दानीको स्रोत तथा श्री ५ को सरकारले जिल्ला पञ्चायतलाई उपलब्ध गराउने विकास अनुदान रकमबाट विभिन्न योजनाहरूको निम्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्ध गरी स्थानीय जनताले उच्चतम प्राथमिकता दिएको स्थानीय विकासका आयोजनाहरू सञ्चालन गर्दछन् । २०२९।३० को आर्थिक वर्षमा श्री ५ को सरकारले यस जिल्लालाई रू. ५१,८००। को अनुदान उपलब्ध गराएको थियो । यस प्रकार अनुदान रकमको पञ्चायत भवन, पुस्तकालय, कच्ची, पक्की पुल, ट्यूबवेल, पक्की इनार, पाटा धुने इनार, कच्चीबाँध निर्माण, बाटो निर्माण र मर्मत, विद्यालय भवन, छात्राबास निर्माण र मर्मत आदि कार्यमा खर्च गरिन्छ ।

यस जिल्लाका गाउँ पञ्चायतहरूको स्थानीय आय स्रोत जल कर, हाट कर, सवारी कर आदि हुन् । यी करहरूबाट उपलब्ध हुने आम्दानी अधिराज्यका अरू गाउँ पञ्चायतमा हुने आम्दानीभन्दा निक्कै बढी छ । उदाहरणका निम्ति २०२८।२९ र २०२९।३० आर्थिक वर्षहरूमा यस जिल्लामा अधिकतम र न्यूनतम आम्दानी भएका गाउँ पञ्चायतहरूको नाम र आम्दानी रकम तलको तालिकामा दिइएको छ तर यो तथ्याङ्कसित सम्बन्धित गाउँ पञ्चायतहरूमा यस जिल्लामा केही वर्षदेखि पञ्चायत विकास तथा जग्गा कर ऐन लागू भएको पञ्चायतहरू समावेश भएका छैनन् । तिनीहरूको विषयमा तल छुट्टै चर्चा गरिने छ ।

साल	अधिकतम आम्दानी भएको		न्यूनतम आम्दानी भएको	
	पञ्चायत	रकम	पञ्चायत	रकम
२०२८।२९	खजुरगाछी	रू. ५६,८४६।	पथरिया	रू. ५,४६२।
२०२९।३०	शनिश्चरे	रू. ४३,०२७।	शान्ति नगर	रू. ४,४४८।

यसरी यस जिल्लाका पञ्चायतहरूको आम्दानीमा न्यूनतम पनि चार–पाँच हजार रूपैयाँ हुन आउँछ जब कि अधिराज्यका अधिकांश पञ्चायतहरूको अधिकतम आम्दानी पनि त्यति हुँदैन । २०२८।२९ मा यस जिल्लामा उक्त कर लागू नभएका ३० वटा गाउँ पञ्चायतले (बँगुन्धरा पञ्चायत नयाँ स्थापना भएकोले सो पञ्चायत बाहेक) जम्मा ५,९६,१८१। रूपैयाँ आम्दानी गरेको थियो जसअनुसार यस जिल्लाको उक्त गाउँ पञ्चायतहरूको औसत आम्दानी प्रति पञ्चायत लगभग १९,८७३। रूपैयाँ हुन आउँछ ।

यसैगरी यहाँको जिल्ला पञ्चायत पनि अधिराज्यको सबभन्दा बढी आम्दानी हुने जिल्ला पञ्चायत हो । २०२७।२८ र २०२८।२९ दुई वर्षमा यस जिल्ला पञ्चायतले क्रमशः रू. १४,५४,२०१। र १४,३१,४८७। आम्दानी गरेको थियो । तर २०२९।३० मा आएर यस जिल्लाबाट पैठारी हुने सामानमा यसले लिइआएको विकास दस्तूर भन्ने चन्दा श्री ५ को सरकारले बन्द गरिदिएको हुनाले सो सालमा आएर आम्दानी रू. ४,६१,-२१६। मात्र हुन आयो । तर यही रकमले पनि जिल्ला पञ्चायतहरूमा अधिराज्यको सबभन्दा बढी आम्दानीको स्थान नै ओगटेको छ । हुनत यस जिल्ला पञ्चायतलाई पञ्चायत विकास तथा जग्गा कर ऐनकोकारणले अधिराज्यमा आम्दानी पनि ठूलो परिमाणमा रही रहेको छ ।

पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र

यो प्रशिक्षण केन्द्र चन्द्रगढी पञ्चायत अन्तर्गत चन्द्रगढी बजारबाट अन्दाजी दुई किलोमिटर पश्चिम-तिर देवनिया खोलाको किनारमा अवस्थित छ । यो प्रशिक्षण केन्द्र एउटा ठूलो क्षेत्रमा निर्माण भएको छ जसमा प्रशिक्षणको निम्ति कक्षाहरू, आवासको निम्ति छात्रावास र कर्मचारी आवास गृह, अतिथि गृह, खेलकूद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैदान र एउटा सानो टुक्रा मनोहर जङ्गल समेत सुरक्षित राखिएको छ। यहाँ पञ्चायत विकास सम्बन्धी विभिन्न प्रशिक्षणहरू प्रदान गर्नुका साथै स्थानीय विकासका विभिन्न पक्षहरूमा अनुसन्धान पनि गर्दछन्। यसले पूर्वाञ्चल विकास क्षेत्रका सम्पूर्ण जिल्लाहरूलाई सेवा पुऱ्याउँदछ। यो ठाउँ बजारबाट नजीक, खोलाको किनारको अवस्थिति र यहाँको वातारणको रचनात्मक व्यवस्थाले गर्दा यो केन्द्र झापा जिल्लामा एउटा अत्यन्त रमणीय र गन्नयोग्य स्थानको रूपमा रहेको छ।

पञ्चायत विकास तथा जग्गा कर लागू भएका गाउँ पञ्चायतहरू

नेपालको कृषि व्यवस्था परम्परागतअवस्थामा भए तापनि स्थानीय विकासको निम्ति त्यसबाट नै साधन परिचालन गर्न सकिन्छ भन्ने विश्वासले परीक्षणको रूपमा पञ्चायत विकास तथा जग्गा कर नामक ऐन यस जिल्लाको १२ वटा गाउँ पञ्चायतहरूमा लागू भएको छ। यसअनुसार उक्त ऐनको प्रस्तावनामा नै "स्थानीय विकास कार्यमा सकभर स्थानीय साधनहरूलाई नै बढी भन्दा बढी मात्रामा परिचालन गरी स्थानीय पञ्चायतहरूलाई बढी सक्रिय र सुदृढ गराई आर्थिक विकास गर्न तथा मालपोत व्यवस्थालाई बढी औचित्यपूर्ण गराउन वाञ्छनीय भएकोले" भनी यसको उद्देश्यहरू उल्लेख भएका छन्। यसरी स्थानीय साधन परिचालन गरी स्थानीय विकासलाई एउटा स्वचालित प्रक्रिया बनाउनुको साथै मालपोतलाई पनि बढी औचित्यपूर्ण बनाउनु यसको उद्देश्य रहेको छ।

पञ्चायत विकास तथा जग्गा कर ऐन, २०२२ मा किटान गरी व्यवस्था गरिए अनुसार २०२२ साल साउन १ गतेदेखि झापा जिल्लाको बुधबारे गाउँ पञ्चायतमा लागू भयो। तर यसभन्दा पहिले पनि यहाँ सामयिक कर असूल ऐन,२०१२ अन्तर्गत आदेश जारी गरी कृषि तथा पञ्चायत विकास करको नामले २०२१ सालमा नै लागू गरिएको थियो। त्यसैले जयपुर-बुधबारे पञ्चायतमा २०२१।२२ देखि नै यो पञ्चायत विकास तथा जग्गा कर ऐन प्रारम्भ भएको मान्न पर्दछ। त्यसपछि उपर्युक्त प. वि. ज. क. ऐनमा नै व्यवस्था गरे अनुसार श्री ५ को सरकारले विभिन्न समयमा राजपत्रमा सूचना प्रकाशित गरी २०२३ सालदेखि २०२५ सालसम्ममा यस जिल्लाका अरू ११ वटा गाउँ पञ्चायतहरूमा पनि लागू गऱ्यो जुन निम्न लेखिएअनुसार छ।

प. वि. ज. क. लागू भएका गा. प. हरू	लागू भएको साल	प. वि. ज. क. लागू भएका गा. प. हरू	लागू भएको साल
जयपुर-बुधबारे	२०२१	चन्द्रगढी	२०२५
धुलाबारी	२०२३	नक्कलबन्दा	२०२५
तोपगाछी	२०२३	ज्यामिर गढी	२०२५
गौरीगञ्ज	२०२५	घैलाडुब्बा	२०२५
चकचकी	२०२५	गौरादह	२०२५
दमक	२०२५	पाठामारी	२०२५

उपर्युक्त ऐनको विशेषता के हो भने (क) यो कर जग्गामा नलागी उब्जनीमा लगाइन्छ (ख) यो कर लागू भएको जग्गावालाबाट मालपोत वा भूमिको आधारमा कुनै कर लिइन्न (ग) यो कर जग्गाधनी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोही र आफैंले कमाउने जग्गावालासँग फरक फरक मात्रामा लिइन्छ । आफैंले कमाउने जग्गावालासँग मुख्य वार्षिक उब्जनीको छ प्रतिशत र मोहीले कमाएको जग्गामा जग्गावालाले वार्षिक उब्जनीको ५० प्रतिशतको दरले कूत लिने गरिआएको रहेछ भने आफूले उठाएको कूतमध्ये मुख्य वार्षिक उब्जनीको १५ प्रतिशतका दरले जग्गावालाबाट र आफूले मुख्य वार्षिक उब्जनीमा पाएको हिस्साको तीन प्रतिशतका दरले मोहीबाट र यदि जग्गावालाले ५० प्रतिशतभन्दा घटी कूत लिने गरेको रहेछ भने जग्गावालाको हकमा १५ प्रतिशत नैं र त्यस्ता मोहीबाट आफ्ले मुख्य वार्षिक उब्जनीमा पाएको हिस्साको पाँच प्रतिशतका दरबाट यो कर उठाइने व्यवस्था छ । यसरी असूल भएको कर रकममध्येबाट ३५ प्रतिशत सर्वसंचित कोषमा, १० प्रतिशत सम्बन्धित जिल्ला सभाकोषमा र बाँकी ५५ प्रतिशत सम्बन्धी गाउँ सभा कोषमा जम्मा गरिने व्यवस्था छ ।

झापा जिल्लामा उक्त करबाट ती गाउँ पञ्चायतहरूले प्रशस्त मात्रामा आय जम्मा पारेका छन् । यो कर लागू भएका गाउँ पञ्चायत र यो कर लागू नभएका गाउँ पञ्चायतको बीचमा आय रकममा निक्कै ठूलो अन्तर छ । जसरी आम्दानी बढी छ उसै गरी विकासको लगानीमा पनि निक्कै वृद्धि भएको छ । झापाको उक्त कर लागू भएका १२ वटा पञ्चायतहरू र सोही जिल्लाको अन्य १२ वटा गाउँ पञ्चायतहरूको २०२७।२८ मा विकास कार्यमा गरिएको लगानीको अध्ययन गर्दा निम्नलिखित बमोजिमको फरक देखा परेको छ ।

२०२७।२८ सालमा झापा जिल्लामा पं. वि. ज. क. लागू भएका १२ वटा गाउँ पञ्चायत र सो कर लागू नभएका १२ वटा गाउँ पञ्चायतहरूको विकास कार्यमा लगानी सम्बन्धी तुलनात्मक तालिका[1]

विकास आयोजनाको शीर्षक	प. वि. ज. क. लागू भएका १२ पञ्चायतको लगानी (रू. मा)	प. वि. ज. क. लागू नभएका १२ पञ्चायतको लगानी (रू. मा)	प. वि. ज. क. लागू भएका पञ्चायतहरूले गरेको बढी लगानी
शिक्षा	३,१७,०४७।	२८,५००।	१,११२ प्रतिशत
यातायात	२,५१,५४६।	३६,७९८।	६३२ प्रतिशत
सिचाइ र पिउने पानी	२,५३,८५६।	३२,१००।	७६१ प्रतिशत
कृषि विकास	८,०९१।	—	—
अन्य निर्माण	१,५५,३८२।	४६,७८२।	३३२ प्रतिशत
जम्मा	९,८५,९३५।	१,४७,१८०।	६७० प्रतिशत

उपर्युक्त तालिकाबाट प. वि. ज. क. लागू भएका पञ्चायतहरूमा सो कर लागू नभएका पञ्चायतहरूमाभन्दा कति बढी मात्रामा विकास कार्यमा लगानी हुँदो रहेछ भन्ने कुरा स्पष्ट रूपले देखिन्छ । शिक्षाको क्षेत्रमा सो कर लागू भएका गाउँ पञ्चायतहरूमा सो कर लागू नभएका गाउँ पञ्चायतहरूमा भन्दा १,१०० प्रतिशतभन्दा बढी खर्च भएको छ । यसै अनुरूप अन्य शीर्षकहरूमा पनि धेरै बढी खर्च भएको छ । जम्मा अङ्कलाई लिंदा पनि सो कर लागू नभएका गा. प. मा भन्दा सो कर लागू भएका पञ्चायतहरूमा ०२७।२८ को आर्थिक

१ वैजनाथ चालिसे— स्थानीय विकासमा पञ्चायत विकास तथा जग्गा कर, पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र कलवल गुरी (चन्द्रगढी) झापा, पृष्ठ २१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षमा विकास कार्यमा ६७० प्रतिशत बढी रकमको लगानी भएको देखिन्छ । यति ठूलो रकमको लगानीबाट कुन कुन प्रकारको उपलब्धि भएका छन् भनी खोजी गरिएमा नेपाल अधिराज्यको स्थानीय विकास कार्यक्रममा सम्भावनाका नयाँ क्षितिजहरू अवश्य देखापर्ने छन् ।

वर्गीय संगठन

यस जिल्लामा वर्गीय संगठनहरू पाँच किसिमका छन् । यी हुन् नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल भूतपूर्व सैनिक संगठन र नेपाल मजदूर संगठन । यी संगठनहरूमध्ये नेपाल किसान संगठनको सबभन्दा धेरै संख्यामा प्रारम्भिक समितिहरू छन् । यस जिल्लाको जम्मा ४३ गाउँ पञ्चायतमा २०३० असोजसम्ममा वैगुन्धरा गाउँ पञ्चायतमा बाहेक अरू सबै गाउँ पञ्चायतहरूमा र नगर पञ्चायतमा पनि प्रारम्भिक समितिहरू स्थापना भइसकेका छन् । नेपाल युवक संगठनको पनि अधिकांश गाउँ पञ्चायतहरूमा प्रारम्भिक समितिहरू गठन भइसकेका छन् । तर भूतपूर्व सैनिक संगठनहरू जुन जुन ठाउँमा भूतपूर्व सैनिक छन् त्यहाँ त्यहाँ मात्र हुने हुनाले यस जिल्लामा धुलाबारी, हल्दीबारी, गौरादह, तोपगाछी, शिवगञ्ज, जयपुर-बुधबारे, राजगढ, गरामनी, चन्द्रगढी, महेशपुर र चकचकी गाउँ पञ्चायतहरूमा मात्र प्रारम्भिक समितिहरू स्थापित छन् ।

नेपाल महिला संगठनको पनि यस जिल्लामा भद्रपुर नगर इलाकामा (जहाँ तीन वटा प्रारम्भिक समितिहरू छन्) बाहेक २८ वटा गाउँ पञ्चायतहरूमा प्रारम्भिक समितिहरू स्थापना गरिएका छन् ।

यस जिल्लामा कल कारखानाहरूको पनि निक्कै संख्या भएको हुनाले यहाँ मजदूर संगठन पनि छ । त्यस बाहेक मजदूर संगठनकै शाखा भिन्न यातायात मजदूर संगठनको नामले एउटा व्यावसायिक संगठन पनि यस जिल्लामा छ ।

यहाँ नेपाल बाल संगठनको एउटा जिल्लास्तरीय संगठन पनि छ । २०३० सालको आखिरतिर चन्द्रगढीमा एउटा बाल मन्दिर पनि स्थापना गरिएको छ । यहाँ केटाकेटीहरूको निम्ति पूर्व विद्यालय शिक्षा कार्यक्रम र पौष्टिक आहार वितरण कार्यक्रम सञ्चालन भइरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

झापा जिल्लाको अस्तित्वका विभिन्न पक्षहरूका बारेमा विवेचना गरिसकिएपछि यहाँ अहिले ती छलफल तथा विवेचनाहरूको आधारमा सामूहिकरूपले यस जिल्लाको विशेषताहरू औंल्याउनुको साथै विकासका सम्भावनाहरूको बारेमा चर्चा गरिने छ ।

यो जिल्ला नेपालको सुदूर पूर्वमा दक्षिणी सीमानाको जिल्ला भएको हुनाले भौगोलिक दृष्टिकोणले मात्रै पनि यस जिल्लाको विशेष स्थान छ । यस जिल्लाको पूर्व र दक्षिणको लामो सीमाना भारतको बङ्गाल र बिहार राज्यहरूसँग जोडिएको छ । अहिले महेन्द्र राजमार्गको पूर्वी भाग यस जिल्लाको नकलबन्दा पञ्चायत भई भारततिर पस्ने भएको हुनाले यस जिल्लाले नेपालको पूर्वी मूलद्वारको रूपमा भूमिका खेल्न पुगेकोछ । हावा-पानीको दृष्टिकोणले पनि यहाँ लामो अवधिसम्म र धेरै मात्रामा पानी पर्ने तथा तापक्रम पनि बढी भएको हुनाले यो जिल्ला सनपाट तथा चिया जस्तो नगदेबालीको निम्ति उपयुक्त भएको छ । नदीनालाको दृष्टिकोणले पनि यो जिल्ला निक्कै सम्पन्न छ । भौगोलिक अवस्थितिले गर्दा यसभन्दा उत्तरमा पर्ने पहाडी जिल्लाहरूको निम्ति निर्यात र आयातको क्षेत्रमा यस जिल्लाको भूमिका बढ्दै गएको छ । फेरि यसको पश्चिममा नेपालको प्रमुख औद्योगिक शहर विराटनगर अवस्थित भएको हुनाले यसले पनि यस जिल्लाको विकासमा प्रभाव पारेको छ ।

आजको झापा जिल्ला परम्परागत र सुषुप्त अवस्थालाई पछाडि छोडेर गतिशील विकासको पथमा अग्रसर हुँदै गइरहेको छ । यहाँ चारैतिरबाट परिवर्तनका लहरहरू आइपुगेका छन् र यस जिल्लाले समाजले आफ्नो मानसिक मनोवृत्ति, प्राविधिक क्षमता तथा भौतिक साधनहरूको परिवर्तन गरेर यस नौलो सम्भावनाहरूबाट फाइदा उठाउन सक्नुपरेको छ । पूर्व-पश्चिम राजमार्गको निर्माणको साथै यहाँबाट इलाम जोड्ने सडक तथा जिल्ला भित्रै पनि सहायक मार्गहरूको निर्माणले गर्दा यातायातको क्षेत्रमा क्रान्तिकारी परिवर्तन आउन लागेको छ । यसै जिल्लाभित्र फेरि कन्काई नदीमा सिचाइ तथा बिजुलीको एउटा वृहत् योजना पनि निर्माण हुन थालिसकेको छन जुन पूरा भएपछि यस जिल्लाको आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा ठूलो परिवर्तन ल्याउने छ । अहिले नै पनि यहाँ बढ्दो क्षेत्रलाई विद्युतीकरण गर्ने प्रक्रिया चालू भइसकेको छ । सञ्चारको क्षेत्रमा आन्तरिक टेलिफोन, आकाशवाणीको व्यवस्था भइसकेको छ । यी सबै दृष्टिकोणबाट हेर्दा झापा जिल्लामा विकासको निम्ति आवश्यक आधारशिला तयार भइसकेको छ ।

तर विकासमा सबभन्दा ठूलो कारक तत्व मानवीय नै हो । त्यसैले यस जिल्लाको बासिन्दाको सांस्कृतिक पृष्ठभूमि, शैक्षिक स्तर र विकास प्रतिको मनोवृत्तिले नै कुनैपनि स्थानको विकासमा निर्णायक भूमिका खेल्दछ । जनजीवन तथा जनसंख्याको परिच्छेद अन्तर्गत माथि विवेचना गरिए झैं यो जिल्ला चारै वर्ण र छत्तीसै जातको फूलबारी हो भन्नु अत्युक्ति हुने छैन । कारण, यस जिल्लाको अढाई लाख बासिन्दाहरूमा कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि एक जातिको प्रभुत्व छैन। यसैले यस जिल्लामा जीवन यापन सम्भव गराउनालाई सबै जात-जाति र भेष भाषाले सबैसँग सहअस्तित्व र आपसी सहयोगको बाटोबाट मात्र संभव हुन सक्दछ। यहाँ प्राचीनकालदेखि बसोबास गरिआएका बोडे, कोचे, धिमाल, राजवंशी छन् भने त्यस्तै किसिमको सांस्कृतिक पृष्ठभूमि भएका केही सतारहरूले पनि केही दशक पहिले मात्र यस जिल्लालाई आफ्नो आवास बनाएका छन्। उता धेरै समय-देखि यस जिल्लासँग परिचित तर हालसालै मात्र बसोबास गर्न लागेका विभिन्न सांस्कृतिक पृष्ठभूमि भएका पहाडी भेकमा बस्ने मानिस पनि बढ्दो संख्यामा यहाँ बसोबास गर्न थालेका छन्। यस दृष्टिकोणले यो जिल्ला नेपालको एउटा प्रमुख सांस्कृतिक संमिश्रण स्थलको रूपमा प्रस्तुत हुन आउँछ। त्यसैले अन्तरजातीय सहिष्णुता, सामञ्जस्यता, सहयोग र संमिश्रणद्वारा अनुपोषित नेपाली राष्ट्रियताको विकासको निम्ति झापा जिल्लामा अत्यन्त उपयुक्त वातावरण तयार भएको छ।

जनसंख्याको गुणात्मक स्तरको एउटा प्रमुख मापदण्ड शिक्षा नै हो। साक्षरताको क्षेत्रमा झापाली जनताको दर (२०.८ प्रतिशत) नेपालमा छैठौं सबभन्दा धेरै साक्षरताको दर हो र काठमाडौं उपत्यका बाहिरका जिल्लाहरूको मात्र हिसाब गर्ने हो भने यो तेस्रो सबभन्दा ठूलो उपलब्धि हो। यस दृष्टिकोणले शिक्षाको क्षेत्रमा यस जिल्लाले अवश्य पनि एउटा अग्रगामीको भूमिका खेलेको छ।

शिक्षाको क्षेत्रमा यस जिल्लाको भविष्य निक्कै नै उज्ज्वल छ। यहाँको १०–१४ वर्षको केटाकेटी-हरूमध्ये केटाहरूमा ४८.० प्रतिशत केटीहरूमा २४.७ प्रतिशत विद्यालय जाने गरेका छन् जसको विषयमा माथि नै विस्तृत रूपले चर्चा गरिसकिएको छ। हुन त यस क्षेत्रमा शतप्रतिशत विद्यालय पठाउने नै हाम्रो लक्ष्य हुनु पर्ने र यस मानेमा यो तथ्याङ्क त्यति उदाहरणीय नभए तापनि देशको अरू भागको तुलनामा यो अत्यन्त नै उत्साहवर्धक उपलब्धि हो। त्यसैले गतिशील विकासको निम्ति आवश्यक चेतना तथा अनुकूल मनोवृत्ति यहाँको जनतामा उपलब्ध छ भन्ने कुरा यस जिल्लाको शैक्षिक उपलब्धिले पनि देखाउँदछ।

तर यसको साथसाथै यस क्षेत्रमा यहाँ केही समस्याहरू पनि मौजूद छन्। प्रथमतः यहाँको जनतामा विभिन्न किसिमको सांस्कृतिक परम्परा र मान्यताहरू भएका विभिन्न जात जातिहरू भएको हुनाले सबै जात-जातिका मानिसहरूले विकासबाट समानरूपले फाइदा हासिल गर्न सकेका छैनन्। यस प्रकारको जातिहरूमा मेचे,कोचे, धिमाल, सतार आउँदछन्। त्यसैले यहाँको समाजमा साधन विनियोजन गर्न जिम्मेदार व्यक्तिहरूले यस समस्यातिर नियालेर हेरेर विकासबाट सबैले समानरूपले फाइदा उठाउन सक्ने स्थितिको सिर्जना गर्नु नितान्त आवश्यक छ।

दोस्रो कुरा, यस जिल्लाको प्राकृतिक वातावरणलाई अनियन्त्रित आप्रवजनले गर्दा र नराम्रो तरीकाले वन सम्पदाको हानि-नोक्सानीले गर्दा यहाँको परिस्थितिमा एक किसिमको अत्यन्त डरलाग्दो असन्तुलन पैदा भएको छ। यसलाई नियन्त्रण गर्नुको साथै यहाँको प्राकृतिक वातावरणलाई पुनर्ताजगी दिनु अत्यन्त आव-श्यक छ।

तेस्रो कुरा, झापा जिल्ला एउटा विकासोन्मुख जिल्ला भएको हुनाले यहाँ दिन प्रतिदिन रोजगारीका नयाँ मौकाहरूको सिर्जना हुँदै जानु स्वाभाविकै हो। तर त्यस मौकालाई देश बाहिरबाट आप्रवजन भै आएका व्यक्तिहरूबाट प्रयोग हुँदै गएमा यसले स्थानीय जनताको जीवनस्तर वृद्धि गर्नमा मद्दत गर्दैन। त्यसैले यस क्षेत्रमा आवश्यक कदमहरू उठाउनको साथै स्थानीय जनता र रोजगारी प्रदान गर्ने मानिसहरूले समेत यस दिशातिर ध्यानदिई विकासको बढ्दो आवश्यकता अनुसार विभिन्न प्राविधिक क्षेत्रमा क्षमतायुक्त जनशक्ति पैदा गर्न चारै दिशाबाट प्रयास हुनु नितान्त जरूरी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही दशक अघिसम्म एउटा नगण्य स्थानको रूपमा रही मोरङ गोश्वाराबाट प्रशासित भएको इलाकामा आज अञ्चलाधीशको अस्थायी मुकाम भई विकास र प्रशासनको कार्य क्षेत्र यस्तो रूपले विस्तृत भएको छ कि यति थोरै समय भित्र यस जिल्लाले काँचुली नै फेरेको छ भन्न करै लाग्छ। समयको गति झन् झन् तीव्र हुँदै गइरहेको छ। कतिपय विकास कार्यक्रम सम्बन्धी परीक्षण यहाँ नै भए। नेपालको भूमिसुधार कार्य सर्वप्रथम यहाँको बुधबारे गाउँ पञ्चायतमा लागू भएको हुनाले यसले नेपालको इतिहासमासमेत स्थान ओगटेको छ। अहिले पनि कृषि क्षेत्रबाट स्थानीय विकासका निम्ति साधन परिचालन गर्ने कार्यक्रमको परीक्षण यहाँको १२ वटा गाउँ पञ्चायतहरूमा भइरहेका छन्। खेतीपातीको प्रविधि र भूमि वितरण प्रणालीमा परिवर्तनको कारणले यहाँ कृषिको क्षेत्रमा चिया खेती सनपाट खेतीजस्ता नयाँ नयाँ बालीहरूको खेती हुनुको साथै धान, मकै, कोदो जस्तो परम्परागत बालीहरूमा पनि उन्नति हुन थालेको छ। खेतीमा भएको विकासको फलस्वरूप नै यहाँ खेतीमा आधारित उद्योग पनि प्रशस्त मात्रामा स्थापना भइसकेका छन्। निकट भविष्यमा गएर यहाँ नौ करोड ५३ लाख रूपैयाँको लगानीमा नेपाल अधिराज्यमा सबभन्दा ठूलो सनपाट उद्योग पनि स्थापना हुन लागेको छ।

यी सबै कुराको पृष्ठभूमिमा यस जिल्लाको भविष्यको विचार गर्दा यहाँ खेतीपातीको उन्नतिमा प्रशस्त सम्भावना रहेको छ। कृषिजन्य उद्योगको निम्ति पनि यस जिल्लाले प्रशस्त सम्भाव्यता ओगटेको छ। त्यसैले विकासलाई प्रतिनिधित्व गर्ने राष्ट्रियस्तरको तथ्याङ्कले चित्त नबुझाई यसलाई विभिन्न भौगोलिक क्षेत्रको परिप्रेक्षमा हेर्ने हो भने यस जिल्लाले विकासको विभिन्न पक्षमा निकट भविष्यको निमित्त नै जुन सम्भावनाहरू प्रस्तुत गरेको छ, नेपालमा त्योसित तुलनायोग्य बहुतै कम जिल्लाहरू छन्। त्यसैले यो जिल्ला नेपालको विभिन्न जिल्लाहरूको विकासको प्रक्रियामा एउटा अग्रगामी जिल्लाको रूपमा रहेको छ र यहाँबाट हासिल हुने अनुभव अरू जिल्लाको विकासको निम्ति सदा झैं अत्यन्त उपयोगी रहिरहने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संखुवासभा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	२८५
प्राकृतिक स्वरूप र सम्पदा	२८६
ऐतिहासिक पृष्ठभूमि	२९५
प्रमुख स्थानहरू	२९७
जनसंख्या र जनजीवन	३०१
आर्थिक व्यवस्था	३०६
यातायात र सञ्चार	३१२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	३१४
प्रशासन र पञ्चायत	३१७
उपसंहार	३१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

विशाल हिमालयलाई छिचलेर जनवादी गणतन्त्र चीनको तिब्बती क्षेत्रबाट अरुण नदी सर्वप्रथम नेपाल अधिराज्यको यसै जिल्लामा प्रवेश हुन्छ। सम्वत् २०१९ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्दा सप्त कोशी नदीको जलाधार क्षेत्रभित्र रहेका अनेक थुमहरूमध्ये संखुवा उत्तर तथा सभा उत्तर यी दुई थुम र अन्य पाँच थुमहरू मिलाएर बनाइएको यस जिल्लाको नाम दुई प्रसिद्ध नदीहरू संखुवा तथा सभाको नामबाट संखुवासभा रहन गएको छ। मोटामोटी हिसावमा यो जिल्ला उत्तरी भागमा फराकिलो भई दक्षिणतिर क्रमैसँग साँधुरिँदै गएर त्रिभूजाकार हुन गएको छ।

कोशी अञ्चलका पाँच जिल्लाहरूमध्ये उत्तरतर्फ चीनसँग जोडिएको एक सीमावर्ती जिल्ला हुनुकासाथै एक अविकसित दुर्गम जिल्ला पनि हो। यसको पूर्वमा ताप्लेजुङ्ग र तेह्रथुम जिल्लाहरू पर्दछन्। यसको भौगोलिकस्थिति २७°१०' देखि २७°५५' उत्तरी अक्षांश र ८८°५७' देखि ८९°४१' पूर्व देशान्तरभित्र पर्दछ। दक्षिणमा धनकुटा जिल्ला र पश्चिममा भोजपुर तथा सोलुखुम्बू जिल्ला यसका साँधमा छन्। यो जिल्लाको क्षेत्रफल ३,१७७ वर्ग किलोमिटर छ र यो ३९ पञ्चायतमा विभाजन भएको छ। २०२८ सालको जनगणना अनुसार यो जिल्लाको जनसंख्या १,१४,३१३ पुगेको छ। पूर्वी नेपालका किरात क्षेत्रभित्र पर्ने अन्य जिल्लाहरूमा झैं यहाँ पनि लिम्बू, याखा र राई जातिको प्रचूरता छ।

जलवृष्टिको दृष्टिकोणले यो जिल्लालाई "पूर्वाञ्चलको कास्की" र वनस्पतिको दृष्टिले नेपालको "सिक्किम" भने पनि अत्युक्ति नहोला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

यो जिल्लाको समस्त भू-भाग हिमाली क्षेत्रभित्र पर्ने भए तापनि अरुण नदीको बगर र बेंसीतिर ज्यादै गर्मी हुन्छ। अरुण नदीको बगर र किनारी भाग ३४५ मिटर (१,१०० फोट) मात्रको उचाइमा रहेको छ भने यहाँका हिमाली टाकुराहरू ८,४७० मिटर (२७,७९० फीट)सम्म उठेका छन्। तसर्थ यो जिल्लामा सानो परिधिभित्रै हावापानीको ठूलो विषमता देखा पर्दछ।

भौगोलिक दृष्टिकोणबाट यो जिल्लाको सीमाना उत्तरी खण्डमा मकालु हिमाल तथा कुम्भकर्ण हिमालको जलाधारले चीनसँग साँध छुट्टचाएको छ। पूर्वी भागमा लुम्बासुम्बा हिमालको जलाधारले ताप्लेजुङ्ग जिल्लासँग र मिल्के डाँडाको धारले तेह्रथुम जिल्लासँग साँध छुट्टाउँदछ। दक्षिणतर्फ तीनजुरे डाँडा र केवाखोलाले धनकुटा जिल्लासँग साँध छुट्याउँछ। पश्चिम दिशामा सोलुखुम्बूसँग साँध छुटचाउने मकालु हिमालको एक श्रृङ्खला छ भने भोजपुर जिल्लासँग संखुवाखोला एवं अरुण कोशीले साँध छुट्टाउँछन्। मानचित्रमा हेर्दा यो जिल्ला मोटामोटी रूपले तीनकुने परेको छ। यसको उत्तरी खण्डमा पूर्व–पश्चिम लम्बाइ अन्दाजी ७० किलोमिटर (४३.८ माइल) भए तापनि दक्षिणी भागमा पूर्व–पश्चिम लम्बाइ १४ किलोमिटर (८.८ माइल) मात्र छ।

भौगोलिक दृष्टिले यो जिल्लालाई मोटामोटी रूपमा चार खण्डमा विभाजन गर्न सकिन्छः–

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी

हिमाली प्रदेश

यो ५,००० मिटर (१६,५०० फीट) भन्दा उच्च हिमाली क्षेत्रमा बाह्रै महीना हिउँले ढाकिएको हुन्छ। विश्व विख्यात मकालु हिमाल ८,४७० मिटर (२७,७९० फाट)यो जिल्लाको उत्तर–पश्चिमी कुनातिर पर्दछ।

यो पर्वतका विभिन्न हाँगाबिगा झैं फैलिएका श्रृङ्खलाहरूमध्ये उत्तर-पश्चिमतिरबाट दक्षिण-पूर्वतिर फैलिएका श्रृङ्खलाहरू हातका औंला झैं पङक्तिबद्ध रूपमा रहेकाछन्। यी श्रृङ्खलाहरूका बीच-बीचमा वरुण नदी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वाखोला, छोयाङ्गखोला, संखुवा खोला आदि नदी नाला बग्दछन् । उत्तरी भागमा रहेको कुम्भकर्ण हिमाल चीनसँगको साँधको रूपमा रहेको छ र यो हिमाललाई पोपटिला भन्ने अन्दाजी ५,८५० मिटर (१६,२०० फीट) उचाइको भञ्ज्याङ भएर पार गर्न सकिन्छ । यो बाटो ग्रीष्म तथा वर्षाकालमा मात्र प्रयोगमा ल्याउन सकिन्छ ।

जिल्लाको पूर्वी भागमा लुम्बासुम्बा हिमाल पर्दछ । यसका टाकुराहरू ५,८०० मिटर (१९,१४० फीट) सम्म अग्ला छन् । यो श्रेणी उत्तर दक्षिण फैलिएको छ र यसले अरुण तथा तमोर कोशीको जलाधारलाई छुट्याएको छ ।

संखुवासभा जिल्लाको पहाडी भाग हिमालयकै मुख्य शृङ्खलाबाट फैलिएर आएका विभिन्न पर्वत श्रेणीहरूका अङ्ग हुन् । लुम्बासुम्बा हिमालबाट अवछिन्न रूपमा दक्षिणतिर अरुण, तमोर र सुनकोशीको त्रिवेणीसम्म फैलिएर आएको पर्वत श्रेणीको करीब आधा भाग यस जिल्लामा पर्दछ। यो श्रेणीको पश्चिमी ढाल संखुवासभा जिल्लामा र पूर्वी ढाल ताप्लेजुङ्ग जिल्लामा पर्दछन् । यो पर्वत श्रेणीको एक हाँगा फाटेर पश्चिमतिर लाग्दछ । यसलाई जलजले हिमाल र दक्षिणतिर लागेको श्रेणीलाई मिल्के डाँडा भन्दछन् ।

मिल्के डाँडा र जलजले हिमालबाट उत्पन्न भएका नदीनालाहरू पश्चिमतिर गएर अरुण नदीसँग मिसिन्छन् । ती नदीहरूले बनाएका उपत्यका, पाखा, बेंसी र टारहरू नै यहाँका मानिसहरूले बसोबास गरेका भू-भाग हुन् ।

लेकाली प्रदेश

करीब २,७०० मिटर (८,९१० फीट) देखि ५,००० मिटर (१६,५०० फीट) सम्मको क्षेत्रमा ग्रीष्म तथा वर्षाकालमा हिउँ पग्लेर गएपछि अत्यन्तै रमणीय हुन्छ । ठूल ठूला चरनहरू यत्र तत्र छरिएका हुनाले भेडा तथा चौंरीका गोठहरू ठाउँ ठाउँमा हुनु यस क्षेत्रको विशेषता हो । यो भागमा ठूल्ठूला कदका वृक्षहरू पाइँदैनन् तर यो क्षेत्रलाई स-साना रङ्गीविरङ्गी फूलहरूको खानी भनेपनि हुन्छ । यहाँ असार साउनतिर अधिकांश समय कुहिरोले ढाकिएको हुन्छ । यो क्षेत्र खेती-योग्य छैन ।

पहाडी प्रदेश

लगभग २,५०० मिटर (८,२०० फीट) भन्दा मुनि पर्ने पर्वतीय क्षेत्रमा गाउँ बस्ती र खेतीपातीको व्यवसाय बढ्दै गएकोले वन निकै मासिंदैछ । अन्दाजी १,५०० मिटरदेखि १,८०० मिटर (४,९०० फीटदेखि ५,९४० फीट) को भू-भागमा पैरो र बाढीको प्रकोप वर्षेनी बढ्दो छ । भीर र पाखाका केही स्थानहरूमा ठूलठूला चट्टानहरू खुकुलो किसिमले बसेका हुनाले ज्यादै डरलाग्दो दृश्य देखिन्छ।

बेंसी

प्रशस्त पानी बोकेर अति बेगले बग्ने अरुण नदी यस जिल्लाबाट बग्ने भएकोले ज्यादै गहिरो बेंसी र बगरहरूको सिर्जना भएको छ । हिमाली खण्डमा यस जिल्लामा जस्तो गहिरो बेंसी अरू जिल्लामा कमै पाइन्छ । संखुवाखोला र अरुण दोभाननिरको बेंसी ६०९ मिटर (२,००० फीट) भन्दा होचो भएकोले यहाँ निकै गर्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। हिमालको प्रायः फेदीमा नै पर्ने लामोवर गोला पनि १,२२० मिटर (४,००० फीट) मात्र उच्च छ। हिमाली जिल्ला भएपनि यहाँका बेंसीहरू गहिरा छन्। टारहरूमा ख्यातिप्राप्त टार तुम्लिङ्टार हो।

अन्दाजी १,२०० मिटर (३,९६० फीट) देखि तल अरुण कोशीको बगरतिर लगभग ३४५ मिटर (१,१०० फीट) सम्मका भू-भागमा पाखाहरू नाङ्गो र उत्तिको रमणीय नदेखिएतापनि दम्सिलो परेको भाग बेंसी तथा टारहरू ज्यादै उर्वर छन्। यहाँ गर्मी र वर्षा पर्याप्त हुने भएकोले धानको खेती हुन्छ र फलफूलमा आँप, केरा, भूइँकटहर आदि राम्रो हुन्छ। उखुको वाली पनि यही क्षेत्रमा लगाइन्छ।

नदीनालाहरू

अरुण नदी

यो नदी सप्तकोशी नदी प्रणालीको एक प्रमुख सहभागी हुनाका साथै पूर्वी नेपालमा तिब्बततर्फबाट भित्रिने सबभन्दा ठूलो नदी पनि हो। तिब्बततर्फ यसलाई फुङ्चु भनिन्छ। यो नदी संखुवा उत्तरको बीचैं बीच बगेर आएर संखुवा खोला दोभानदेखि भोजपुर जिल्लाको सीमानाबाट दक्षिण बगेको छ। यो नदीले ठाउँ ठाउँमा केही समथल टारहरू छोडेर भू-भागलाई गहिरो गरी चिरेर आफू अझ तर्लातिरबाट बगेको छ। नदीको बेग ज्यादै ठूलो र पानी पनि बाह्रै महीना गहिरो रहने भएको हुनाले यस नदीले पूर्वतर्फका पल्लो किरात र पश्चिम तर्फको माझ किरात खण्ड छुट्टाउने काम गरेको छ। फलस्वरूप नदीको पूर्वी र पश्चिमी भागका निवासीहरूमा सांस्कृतिक एवं सामाजिक रीतिरिवाजमा आपसी संसर्ग ज्यादा हुन पाएको छैन।

वरुण नदी

यो मकालुतर्फबाट उत्पन्न भई सिम्बुङ भन्ने ठाउँमा अरुणसँग मिसिन्छ। अरुण र वरुणको दोभानमा माघे संक्रान्तिको दिन ठूलो मेला लाग्दछ।

यो जिल्लाका अन्य प्रमुख नदी नालाहरूमा ईस्वा खोला, आसुवा खोला र संखुवा खोला उत्तर पश्चिमबाट बग्दै अरुणमा मिसिन्छन्। उत्तर-पूर्वतर्फबाट बग्दै अरुणमा मिल्ने खोलाहरूमा सभा खोला, हेंवा खोला, पिलुवा खोला र केवा खोलाहरू प्रसिद्ध छन्। यिनका अतिरिक्त अन्य कैयौं खोलानालाहरू यो जिल्लाभित्रबाट बग्दछन्। प्रायः धेरैंजसो खोलाहरूमा बाह्रै महीना पानी रहन्छ।

ताल र पोखरी

यो जिल्लाको सबभन्दा प्रख्यात र पवित्र मानिएको पोखरी सभापोखरी हो। यही पोखरीलाई सभा खोलाको सिह्रान मानिन्छ। वरुण नदीको सिह्रानीमा पनि सातवटा हिमदहहरू छन्। त्यस्तै जलजले हिमाल र लुम्बासुम्बा हिमालमा पनि कतिपय हिमदहहरू छन्। तीमध्ये गोशा पोखरी, रातेपोखरी, बन्दुके पोखरी, कालो पोखरी, जुम्ल्या पोखरी इत्यादि उल्लेख गर्न सकिन्छ। यिनीहरू जिल्लाको पूर्वी साँधमा अवस्थित छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तातोपानी तथा झरनाहरू

संखुवा उत्तर हटिया गाउँको छुपुसाङ र चेपुवाको खुदुकमा तातोपानीका मूलहरू छन् । नूनढाकी गाउँ पञ्चायतमा पनि एउटा तातोपानीको मूल छ ।

पाखा, पहरा र भीरहरूले भरिएको जिल्ला हुनाले साना ठूला झरनाहरू यहाँ यत्रतत्र पाइन्छन् । ती मध्ये बाधाको झरना, मादीको वालिङ खोलाको झरना, संखुवा उत्तर वैद्य गाउँका पाँच-छवटा झरनाहरू, नामासेको झरना, बतासे खोलाको झरना, ताङलेवा खोलाको झरना, हेवाङनाको पेपुवा खोलाको झरना र वरुण खोलाका झरनाहरू विशेष उल्लेखनीय छन् ।

हावापानी

यो जिल्ला मनसुनी क्षेत्रभित्र पर्दछ । अधिराज्यको उत्तर भागमा रहेको जिल्ला भए तापनि यसको बीचैं बीच भएर अरुण नदी बगेकोले दक्षिणतर्फबाट बगिआउने मनसुनी हावा जिल्लाको भित्री भागसम्म पुग्न सकेको छ । अरुण नदीले बनाएको मुख्य उपत्यकाको उत्तर, पूर्व र पश्चिममा अग्ला अग्ला पहाडहरू छन् तसर्थ त्यस उपत्यकाको भागमा धेरै वर्षा हुन्छ । नेपालको सबैभन्दा बढी वर्षा हुने भू-भागमध्ये यो जिल्ला पनि एक हो । वर्षाकाल जेठ-असारबाट शुरू भएर असोज-कात्तिकसम्म कायम नै रहन्छ । संवत् ०२५।२६ देखि ०२८।२९ सम्म चार वर्षको वर्षा तथ्याङ्क हेर्दा जिल्लाको दक्षिणी तथा उत्तरी भागमाभन्दा मध्यभागमा बढी वर्षा हुने देखिन्छ । उदाहरणस्वरूप चैनपुरमा सालाना औसत १,३०० मिलिमिटर वर्षा हुन्छ भने चेपुवामा २,३०० मिलिमिटर र यी दुईको करीब बीचमा पर्ने स्थल नुममा २,८०० मिलिमिटर वर्षा हुन्छ । सन् १९७० को वर्षदिनको वर्षाको क्रम तलको तालिकाबाट स्पष्ट हुन्छ ।

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	चैनपुर (१,३२९ मिटर)	नुम (१,६७६ मिटर)	चेपुवां (२,५९१ मिटर)
जनवरी	८.७	७८.२	२८.०
फेब्रुअरी	४०.३	१०.८	९७.६
मार्च	५.२	१६३.०	१०८.४
अप्रिल	५८.३	११३.०	९३.६
मे	६८.२	७८.३	२०९.४
जून	२११.४	१९६.३	४८७.३
जुलाई	३८३.५	१४४.२	४४४.०
अगष्ट	२४६.६	१८५.५	४६६.४
सेप्टेम्बर	८६.०	३६६.७	३६५.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्टोबर	३३.०	१११.०	४३.८
नभेम्बर	०	०	०
डिसेम्बर	०	०	
जम्माः–	१,१४१.२	१,४४७.०	२,३४३.८

उपर्युक्त तालिका अनुसार यो जिल्लामा जेठदेखि भदौसम्म (जून, जुलाई र अगष्ट) अधिक पानी पर्दछ। मंसीर, पुस सुख्खा रहन्छ। हिउँदे झरी नुम र चेपुवामा केही बढी र दक्षिणी भाग चैनपुरतिर कम देखिन्छ। फागुन, चैत, वैशाख (मार्च, अप्रिल, मे) ताका गडयाङगुडुङ्ग साथ वर्षने वर्षा पनि नुम र चेपुवामा ज्यादा देखिन्छ। नुम र चेपुवा चैनपुरभन्दा क्रमैले उत्तरी भेकमा पर्दछन्।

यस जिल्लाको विभिन्न ठाउँमा लिइएको तापमानको तथ्याङ्क उपलब्ध छैन। जति उत्तर गयो उति जाडो हुने र जति उचाइमा गयो उति तापमान घट्ने सामान्य कुरो हो। करीब १,३३० मिटर (४,३८८ फीट) को उचाइमा अवस्थित चैनपुरमा लिइएको आँकडा अनुसार त्यहाँ पुस, माघमा ५° सेन्टिग्रेडसम्म तापक्रम झर्दछ भने वैशाख जेठतिर ३३° सेन्टिग्रेडसम्म तापक्रम बढ्ने हुन्छ।

नदीका बेंसीहरूमा उष्ण मनसुनी हावापानी पाइन्छ तर ५,५०० मिटर (१८,०४० फीट) भन्दा उच्च क्षेत्रमा प्रायः बाह्रै महीना हिउँ पग्लदैन।

संखुवासभा जिल्लाको चैनपुरमा स्थापना गरिएको मौसम अवलोकन केन्द्रबाट देखिने ई. सं. १९७० को वायुको तापक्रमको विवरण यस प्रकार छ :

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

चैनपुर (१,३२९ मिटर)

	१९७०		तीनवर्षको औसत १९६७–१९६९	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१७.५	८.७	१७.७	८.३
फेब्रुअरी	१९.४	६.९	१९.६	६.९
मार्च	—	—	२३.४	१३.१
अप्रिल	२५.८	१७.७	२७.४	१६.३
मे	२६.७	१४.८	२८.८	१८.१
जून	२७.७	१९.७	२७.८	१९.९
जुलाई	२७.५	२०.२	२८.०	१९.९
अगष्ट	२७.९	२०.१	२७.८	२०.०
सेप्टेम्बर	२७.५	१९.२	२६.८	१९.१
अक्टोबर	२६.३	१६.८	२४.८	१५.६
नभेम्बर	२४.०	१२.९	२१.४	१२.४
डिसेम्बर	१९.७	९.९	१८.७	१०.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट यो पनि प्रष्ट हुन्छ कि चैनपुरमा अधिकतम र न्यूनतम तापमानमा १० से. भन्दा कहिल्यै भिन्नता रहेको देखिंदैन। यो स्वस्थकर हावापानीको सङ्केत हो। सन् १९७० को अभिलेख अनुसार सबभन्दा गर्मी दिन २३ अगष्ट थियो। सो दिन ३२.५ से. तापमान चढेको थियो। त्यस्तै सबभन्दा जाडो दिन २६ जनवरीको दिन थियो। सो दिन ५.६ से. सम्म तापमान तल झरेको थियो।

यो जिल्लाको क्षेत्रफल लगभग ३,२०६ वर्ग किलोमिटर मात्र भए तापनि यो जिल्लाले विश्वको सबै प्रकारको हावापानीलाई प्रतिनिधित्व गर्न सक्दछ। मकालु चुचुरो ८,४७० मिटर (२७,७९० फीट) को उच्च भू–भागदेखि लिएर अरुणको बेंसी भाग ३०० मिटर (१,००० फीट) सम्मको होचा भागहरूले बनेको यो जिल्लामा ध्रुवीय हावापानीदेखि लिएर भू-मध्य रेखानिरको उष्ण हावापानीसम्मलाई प्रतिनिधित्व गर्दछ। हावापानीको आधारमा यो जिल्लालाई निम्न छ प्रकारमा विभाजन गर्न सकिन्छ।

हिमाली हावापनीः करीब ५,००० मिटर (१६,५०० फीट) भन्दा उच्च क्षेत्रमा यो हावापानी पाइन्छ। यस्तो क्षेत्रमा बाह्रै महीना हिउँ पग्लंदैन। यो निर्जन भूमि जिल्लाको अनुपम हिम दृश्यको लागि प्रख्यात छ।

लेकाली हावापानीः करीब ४,११५ मिटर (१३,००० फीट) देखि ५,००० मिटर (१६,५००फीट) सम्मको वृक्षहीन भाग हिउँदमा हिउँले ढाकिएको र ग्रीष्म तथा वर्षामा रमाइलो चरनहरूले भरिएको हुन्छ।

ठण्डा शीतोष्ण हावापानीः यो हावापानी भएको २,१३४ मिटर (७,००० फीट) देखि ४,११५ मिटर (१३,००० फीट) सम्मको क्षेत्रमा कोणधारी वन र गुराँसका सदावहार जङ्गल पाइन्छन्। यहाँ जाडोमा केही हिउँ पर्दछ र ग्रीष्म र वर्षामा निकै रमाइलो हुन्छ। यो क्षेत्रमा पनि गोठहरू धेरै हुन्छन्। गाउँ बस्ती केही कम हुन्छ।

सम–शीतोष्ण हावापानीः यो हावापानी १,२२० (४,००० फीट) देखि २,१३४ मिटर (७,००० फीट) को उच्च क्षेत्रमा हुन्छ। जाडोमा धेरै जाडो पनि हुँदैन र गर्मीमा धेरै गर्मी पनि हुँदैन। अधिकांश भाग गाउं बस्ती र बारीले भरिएको छ।

अर्ध–उष्ण हावापानीः यो हावापानी भएको ६०९ मिटर (२,००० फीट) देखि १,२२० मिटर(४,०००फीट) सम्मको उच्च क्षेत्रमा गर्मीमा धेरै गर्मी र जाडोमा न्यानो हुन्छ। अधिकांश भागमा खेती गरिएको हुन्छ। यो क्षेत्रमा अक्सर पतझड वन पाइन्छ।

उष्ण हावापानीः ६०९ मिटर (२,००० फीट) भन्दा होचो भाग यो हावापानीको प्रभावमा पर्दछ। यहाँ गर्मीमा निकै गर्मी हुन्छ। नदीले बनाएको बेंसी भागमा यो हावापानी हुन्छ। यस्तो क्षेत्रमा साल, जामुन, सिसौ इत्यादि वृक्ष हुन्छन्।

प्राकृतिक वनस्पति

यो जिल्ला वन वनस्पतिको दृष्टिले निकै चाखलाग्दो छ। यहाँ सिक्किमको पहाडी क्षेत्रमा झैं गुराँस-प्रधान वनहरू विशेषरूपमा पाइन्छन्। नेपालमा हालसम्म पत्ता लागेका ३२ जातका गुराँसहरूमध्ये यो जिल्लाभित्रै करीब २२ जातका पाइन्छन्।

यो जिल्लामा उष्ण मनसुनी हावापानीदेखि लिएर उच्च हिमाली शीत-प्रधान हावापानीसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएका भू–भागहरू भएकोले वन वनस्पतिको प्रकारमा ठूलो भिन्नता छ । यहाँका वन वनस्पतिलाई प्राकृतिक वातावरण अनुसार निम्न समूहमा विभाजन गर्न सकिन्छ:–

(१) लेकाली वनस्पति (२) शीतोष्ण क्षेत्रको वनस्पति (३) अर्ध उष्ण क्षेत्रको वनस्पति

लेकाली वनस्पति

५,००० मिटर (१६,५०० फीट) भन्दा तल ४,००० मिटर (१३,००० फीट) सम्मको क्षेत्र जाडो महीनामा हिउँले ढाकिएको अवस्थामा रहने भए तापनि साउन-भदौतिर यो भू-भाग अत्यन्तै रमणीय हुन्छ । यहाँका वनस्पतिमा ठूला कदमका वृक्ष आदि हुँदैनन् । घाँसे मैदानहरू यत्रतत्र फैलिएको र पाखा, डाँडा र ढुङ्गाका काप, कोप्चातिर अति सुन्दर फूलहरू फुलेका पाइन्छन् । विश्वविख्यात ब्ल्यू पपी र अन्य पपीका विरूवाहरू, प्रिमरोजका विभिन्न प्रकारहरू तथा अन्य असंख्य लेकाली फूलहरू यत्रतत्र पाइन्छन् । लेकाली चिमाल, दामपाते, सुनपाते, धूपी आदिले पाखाहरू ढाकेको हुन्छ ।

वृक्ष रेखा करीब ४,००० मिटरको उचाइमा पर्दछ । वृक्ष रेखाको वनस्पतिमा भोजपत्र, खस्रु चिमाल, ढिंग्रे आदि समावेश हुन्छन् ।

शीतोष्ण क्षेत्रको वनस्पति

यस क्षेत्रमा निम्न प्रकारका वनहरू हुन्छन्–

कोणधारी सदावहार वन–ठण्डा शीतोष्ण हावापानीको प्रभावभित्र पर्ने पहाडी क्षेत्रमा कोणधारी वन विशेषरूपले घनावस्थामा रहन्छ । ३,००० मिटर (१०,००० फीट) देखि ४,००० मिटरको क्षेत्रमा रहेको कोणधारी वनमा गोब्रे सल्ला, ठिंग्रे सल्ला प्रधानरूपमा पाइन्छन् । पहाड परेको क्षेत्रमा खस्रुको रूख पर्याप्त मात्रामा मिश्रित हुन्छ तर उत्तरी पाखोमा गुराँस, फिरफिरे, चिमालका वनहरू हुन्छन् र तिनमा प्रशस्त लहरा, उन्यू, झ्याउ, सुनाखरी आदि बिरूवाहरू भरिएका हुन्छन् ।

मिश्रित सदावहार वन– यस जिल्लामा गुराँसको वन धेरै मात्रामा पाइन्छ । यिनमा विभिन्न जातका गुराँस र चिमालहरू अन्य सदावहार वृक्षसँग विभिन्न अनुपातमा मिश्रित रहेका हुन्छन् । यहाँका गुराँसहरू सेतो, गुलावी, पहेंलो, नीलो, रातो, वैजन्ती आदि रङ्गमा फुल्छन् । राष्ट्रिय फूल लाली गुराँस ३,००० मिटरसम्ममात्र हुन्छ । त्यसभन्दा माथि अन्य लेकाली गुराँस र चिमालको वन पाइन्छ ।

सम शीतोष्ण क्षेत्र लगभग २,००० मिटर (७,००० फीट) देखि ३,००० मिटर (१०,००० फीट) सम्मको ओसिलो पाखामा वंसी भन्ने एक प्रकारको बाँझजातको वृक्ष प्रचुर मात्रामा पाइन्छ । यस्तो वनमा चाँप, चम्पा, गुराँस, वाकलपाते आदि अनेकौं थरिका सदावहार वृक्ष मिश्रित रूपमा पाइन्छन् । कतै कतै राम-चन्दनको वन पनि पाइन्छ । २,००० मिटरभन्दा (७,०००फीट) मुनि पर्ने भागमा रहेका वन जङ्गलहरूको-अधिकांश भाग नष्ट भइसकेको भए तापनि बाँकी रहेका वन जङ्गलहरू केही विशेष प्रकारका छन् । यस जिल्लामा यत्रतत्र पाइने मिश्रित सदावहार वनमा अधिक मात्रामा काउलो, तेजपात र अन्य कपूर जातका बिरूवाहरू प्रमुख रूपमा पाइन्छन् । यस्तो वन यो जिल्लाको विशेषता नै हो । यस्तो वनमा केही मात्रामा चाँप, रक्त चन्दन, उत्तिस, बाकल पाते इत्यादि पनि विभिन्न मात्रामा पाइन्छन् । यस क्षेत्रमा पाइने वनहरूमध्ये कटुसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन उल्लेखनीय छ। यहाँ पाइने कटुसहरू दुई थरीका हुन्छन् र दुवै थरीका कटुस एकै प्रकारको वन भित्र पाइन्छ। यस्तो वनमा रूखहरू २५ मिटरभन्दा पनि अग्ला हुन्छन् र भूइँ सतहमा पर्याप्त मात्रामा झार बुट्टाहरू पाइन्छन्।

अर्ध उष्ण क्षेत्रको वनस्पति

यस क्षेत्रमा सामान्यतः मनसुनी पतझर वन रहेको हुन्छ। यस्तो वनमा प्रधानरूपले चिलाउने र धाले कट्सका रुखहरू धेरै हुन्छन्। यो वन ६३३ मिटर (२,००० फीट) देखि १,८०० मिटर (६,००० फीट) सम्मको क्षेत्रमा मात्र पाइन्छ। यसै क्षेत्रभित्र ठाउँ ठाउँमा चुर्मा, फलाँट, तेजपात आदि विभिन्न बिरूवाहरू पनि रहेका हुन्छन्। कुनै कुनै पाखामा पहाडी हर्रोको वन पनि पाइन्छ। त्यसका अतिरिक्त उत्तिस, सिमल, जामुनो, रुद्राक्ष पनि पाइन्छ।

बेंसी भागमा सालको वन तथा नदीका बगर फाँटहरूमा पाइने पतझर वनमा विशेष गरी खयर र सिसौ धेरै हुन्छन्।

वन क्षेत्र र वन सम्पदा

यो जिल्लामा परिमाणात्मक वन सर्वेक्षण भएको छैन तापनि जिल्लाको दक्षिणी भागमा रहेको केही इलाका फरेष्ट रिसोर्सेज सर्भेबाट प्रकाशित पहाडी वनको तथ्याङ्क विषय दर्शाइएको नक्साभित्र पर्न आउँदछ। त्यस मुताविक यो इलाकामा ५० देखि ७० प्रतिशत भू-भाग वन क्षेत्रभित्र पर्ने देखाइएको छ।

वन सम्पदालाई पूर्णरूपले उपभोग गर्न सकिने आधारहरू प्राप्त नभए तापनि यहाँ केही जरीबूटीहरू धेरै मात्रामा बाहिर निकासी हुन्छ। तीमध्ये चिराइतो, कुटकी, बीष, बीषमा, पद्मचाल, नागबेलीको धूलो, तेजपात, रुद्राक्ष प्रत्येक वर्ष जिल्ला बाहिर निकासी गरिन्छ।

वन संरक्षण र वन विकास

यो जिल्लामा वन सीमाना निर्धारण गर्ने वा वन संरक्षण गर्ने विषय कुनै कार्यक्रम सञ्चालन भएको छैन। परम्परागत रूपमा कुनै कुनै धार्मिक क्षेत्रका वनहरू सुरक्षित छन्। लेकाली भागको वन गोठाला-हरूको प्रयोजनमा बाहेक अन्य प्रकारले ह्रास भएको देखिंदैन। गाउँ बस्तीको आसपासमा भने वन विनाशको प्रक्रिया अन्य पहाडी जिल्लाको तुलनामा कम भएको छैन।

पशु-पक्षी

जिल्लाको हिमाली खण्डमा झारल, कस्तूरी, नावर र लेकाली भागमा भालू, चितुवा, ब्वाँसो आदि सामान्य रूपमा पाइन्छन्। यहाँ पाइने कालो हिम भालू ज्यादै ठूलो हुन्छ।

चराहरूमा लेकाली भागमा डाँफे, मोनाल, हिम मलेवा आदि र केही होचो पहाडी भागमा पाइने पक्षीमा बाज, चाँचर, लाहाँचे, कालिज, तित्रा मुख्य हुन्। हिम दहहरूमा तीन प्रकारका हाँसहरू पाइन्छन्। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा पाइने 'हिमै कङ्गमो' भन्ने हिमाली लुइचे डाँफेभन्दा पनि ठूलो हुन्छ।

जिल्लाको उष्ण भागमा खरायो, दुम्सी, सर्प आदिका अतिरिक्त तुम्लिङटारमा अजिङ्गर पाइन्छ। सम्वत् २०२९ सालको पुस महीनामा अरुण उपत्यकामा वन्यजन्तु सम्बन्धी अन्वेषण गर्न आएका संयुक्त राज्य अमेरिकाको वन्य जन्तु संरक्षण संस्थाका वैज्ञानिकहरूले वरुण खोला र कसुवा खोलाको आसपासमा "यती" को पाइलाहरू पत्ता लाएको कुरा दावी गरेका थिए। सोही दलले यस जिल्लामा पानीमा बस्ने छुचुन्द्रो पनि भेट्टाएका थिए। यसभन्दा अघि वैज्ञानिकहरूलाई यो जन्तु तिब्बत र दक्षिण पूर्वी चीनमा मात्र रहेको ज्ञान थियो।

खनिज पदार्थ

वैज्ञानिक तथा व्यवस्थित ढङ्गबाट सर्वेक्षण भई ठूलो परिमाणमा खानीको काम भई नसकेको भए तापनि परम्परागत रूपमा विभिन्न खनिज पदार्थहरूको उपभोग यस जिल्लामा नभएको होइन। ठाउँ ठाउँमा फलाम, तामा, अभ्रख, वेलोर, गन्धक, चूना आदि खनिज पदार्थहरू भेटिएकाछन्।

लिंलिफापुङ, लाहाकोट र गहते यस जिल्लाका प्रचलित फलाम खानी हुन्। केही वर्ष अगाडिसम्म ती ठाउँमा स्थानीय मानिसहरू फलाम पगालेर आफ्नो जीविका गर्दथे।

इभावितलव गाउँ पञ्चायतमा पर्ने ह्याकुले भन्ने ठाउँमा एगन पत्थरको खानी भेटिएको छ। कालो, नीलो, सेतो, हरियो, रङ्गिविरङ्गी पत्थरहरू प्रशस्त मात्रामा निकाली काठमाडौं तथा भारतमासमेत निर्यात गरिसकिएको छ। ती पत्थरहरूमध्ये टुर्मालिन र कुरिन जातका पत्थरहरू विशेष लोकप्रिय छन्। ह्याकुले खानीलाई स्थानीय प्रचलन अनुसार हीरा खानी पनि भनिन्छ। त्यहाँ हीरा पाइन्छ भन्ने जनश्रुति छ।

संखुवा–उत्तर सेदुवाको लिभुङसा भन्ने ठाउँमा पाइएका अभ्रख उच्च खालका छन् भन्ने भनाइ रहेको छ। त्यस्तै तुंखालिङको तामा खानी पनि जिल्लाको प्रख्यात खानी हो। अर्को तामाखानी सोलाखानी गाउँमा पर्दछ।

अन्य खानीहरूमा धुपुको गन्धक खानी विशेष चर्चित छ। त्यहाँबाट निकालिएको गन्धक मिसिएको माटो वारूद झैं आगोमा राखेपछि फुसफुस बल्दछ भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

यो जिल्लाको अधिकांश भाग पल्लोकिरातमा र जिल्लाको उत्तरी पश्चिम खण्डमा अरुणले काटेको थोरै भाग मात्र माझ किरात पर्न आउँछ । प्राचीन कालमा आधुनिक नेपालको पूर्वी भागलाई किरात देश भन्दथे र ईस्वी सन् ६०० भन्दा पछि यो किरात दुई खण्डमा विभक्त गरियो । दूधकोशीको पूर्व र टिष्टा नदीको पश्चिमी भू-भागलाई लिम्बुवान र काठमाडौं उपत्यकादेखि पूर्व र दूधकोशीको पश्चिमी भू-भागलाई खम्बुवान भन्न थालियो । दूधकोशीदेखि अरुण कोशीसम्मलाई माझ किरात र अरुणपारी सिङ्गलिला पहाडसम्मलाई पल्लो किरात भन्ने प्रचलन हुनथाल्यो । माझ किरात चाँहि चौदण्डीको ठकुराईमा सम्मिलित थियो तर पल्लो किरातमा लिम्बुवानको बस्ती थियो । पृथ्वीनारायण शाहले खटाई पठाएका बख्सी अभिमानसिंह बस्न्यातले संवत् १८३० (१६ जुलाई, १७७३) मा यो क्षेत्रलाई सजिलैसँग हातमा पारे किनभने राजा कर्ण सेन पहिले नै भागेर विजयपुर पुगिसकेका थिए र चौदण्डी रक्षाकालागि रहेका दीवान र सैनिकहरूले हार मान्नु पर्‍यो । कोशीपारी विजयपुरमा हमला गर्न अभिमान सिंहले मध्य वर्षाको मौका छोपी विजयपुरलाई कब्जा गरे र त्यसपछि साँगुरी भञ्ज्याङसम्म कब्जा गरे ।

त्यसताका पल्लो किरातका लिम्बूहरूलाई सिक्किमका राजाले इलाम दखल गरेपछि समय समयमा आक्रमण गरी दुःख दिइरहेका थिए । त्यसकारण विजयपुरमा गोर्खालीको अधिकार हुनेबित्तिकै दश लिम्बूवानका लिम्बूहरूले सरदार रामकृष्ण कुंवरलाई चैनपुरमा बोलाए । विजयपुरमा रहेका गोर्खाली सैनिकले पनि अभिमान सिंह बस्न्यातको नेतृत्वमा पल्लो किरात पुगी उत्तर तिब्बतको सीमानासम्म र पूर्वपट्टि तमोर नदीसम्म अधिकार जमाए । यसप्रकार संखुवासभा जिल्ला नेपालभित्र समावेश भयो ।

पछि संवत् १८३१ मा पृथ्वीनारायण शाहबाट एक लालमोहर बक्सी लिम्बुवान क्षेत्रलाई किपट क्षेत्र भनी घोषित गरेर यहाँको थिति अनुरूप अमाल प्रथा लगाइयो । त्यसपछि मझिया, सुब्बा, थरी र गोवाहरू यहाँका सर्वेसर्वा भए । तालुकवाला भएकोले सुब्बा र गोवाहरूले पञ्चखत बाहेक अरू सबै मुद्दा मामिला हेर्ने र ठिङ्गरो मुङ्ग्रो गरी जरीवाना समेत गर्ने अधिकार पाएका थिए तर मझिया र थरीहरूलाई मुद्दा हेर्ने अधिकार दिइएको थिएन । सम्वत् १९४८ सालको नेपाल र भोटको लडाईंमा यो जिल्लाको चैनपुर एक मुख्य घटना-स्थल थियो । त्यसबेला चैनपुरबाट करीब एककोसको दूरीमा रहेको सिद्धिपुरमा भीषण युद्ध भएको थियो । त्यस युद्धमा नेपाली फौजले भोटे सैन्यलाई परास्त गरेका कुराहरूको प्रमाण इतिहासमा पाइन्छ । यस सम्बन्धमा रणबहादुर शाहबाट जाजरकोटका राजा गजेन्द्र शाहलाई सम्वत् १९४९ साल मिति चैत्र सुदी २ रोज ७ मा मुकाम काठमाडौंबाट लेखिएको पत्रको एक अंश यस प्रकार छ :—

"... ... ... अरूण नदी पार चैनपुरमा चिनिया भोट्या समेत आई लिम्बूवान लाग्न्यालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र भित्रसंग खर्च दिई कमाइकन (आफुतर्फ लगाएर) कूल (विद्रोह) गरी चैनपुरको गडी समेत १।२ जना गएथ्यो। ५।७ हजार वैरी आएको रहेछ। विजयपुरको सुव्वा पूर्णानन्द पाध्याले ७।८ कम्पनी तिलङ्गा अरू ढाक्रे सिपाही सिद्धिपुरमा २ षलङ्गा (किल्ला) ४ गरी वस्याका वैरीकन हानेछ। जगा पनाली भोटचाका सर्दार जना ७ समेत ४।५ सय वैरी कत्तल गरेछ। यहांवाट पठाएका पल्टन भारा फौज पुगी सामेल भै सिद्धि पोखरीमा ३ ठूला ठूला षलंगा वारी वस्याको वैरीलाई हाम्राले २ मुखगरी छेकापारी हान्याछन्। १ पनि उम्कन नपाई कत्तल गऱ्याछन्। षलंगे भित्र ५०० वैरीका गीड पऱ्याछन्। वाहिर अन्त वस्याका वैरिकन हाम्रा सिपाहीले धपाई काट्दै गरे। यति काटियाभनी खवर आई पुग्याको छैन। यस्पाला पनि वैरीको करूवां भन्या काजी २ काटिया छन्। अरू तिनका मानिस २।४ काटिया छन्। यति हो भन्या ठेगाना पछिवाट आउला। यहां वढाई गरिउं ताहां पनि बढाई गर्नु चाहिन्छ ... ...।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

खाँदबारी

भोटसँगको लडाईमा नेपाली फौजले यहाँको एक पोखरीमा आई संग्राममा प्रयोग भएको खाँडो पखालेको हुनाले यस ठाउँलाई खाँडबारी भन्ने गरिन्थ्यो र पछि शब्दको अपभ्रंशबाट यस ठाउँलाई खाँदबारी भन्ने गरिएको हो भन्ने जनश्रुति छ। हाल यो ठाउँमा जिल्लाको सदरमुकाम रहन गएकोले एक प्रमुख स्थान बन्न पुगेको छ। यहाँ जिल्लास्तरीय कार्यालय पाँच, शाखा कार्यालय तीन, माध्यमिक विद्यालय एक, प्राथमिक विद्यालय दुई र साथै ब्रिटिश गोर्खाको क्षेत्रिय कल्याण कार्यालय पनि रहन गएकोले जिल्लाबासीहरूको निम्ति यो ठाउँ ज्यादै महत्वपूर्ण छ।

यो स्थान समुद्र सतहदेखि करीब १,०६७ मिटर (३,५००फीट) को उचाइमा अवस्थित छ र यहाँको अक्षांश २७°२३' उत्तर र देशान्तर ८७°१३' पूर्वभित्र पर्न आउँदछ। कम उचाइमा अवस्थित हुनाले यहाँ गर्मी हुने र साथै लामखुट्टे पनि लाग्ने हुन्छ। यहाँ करीब १०० घर छन् र बजारतिर धेरैजसो नेवार जातिको बस्ती छ। यो ठाउँमा प्रत्येक शनिबार हाट लाग्दछ। संखुवा उत्तर र सभा उत्तरका बासिन्दाहरू किनबेच गर्न यहाँ भेला हुन्छन्।

खाँदबारी बजारमा खानेपानीको निकै दुःख छ। यहाँ पानीको मुख्य आधार कुवाहरू नै हुन्। कुवाहरू पनि गहिरो नभैदिनाले पानी दुर्लभ छ। नजीकको खोला पुग्न करीब दुई घण्टा हिंड्नु पर्ने हुन्छ।

यातायातको दृष्टिले यो ठाउँको महत्व दिनहुँ बढ्दो छ। यो ठाउँ चीन सीमाना जाने र साथै मकालु हिमालमा पर्वतारोहणका निम्ति जाने मूल बाटोमा पर्दछ। त्यसको अतिरिक्त तुम्लिङटारको बिमानस्थल एवं तुर्के घाटको पुल यहाँबाट अन्दाजी छ किलोमिटर (दुई कोस) मात्र पर्दछ। विकास केन्द्र धनकुटाबाट यहाँ पुग्न अन्दाजी ३२ कोस पर्दछ र साधारणतया तीन दिन लाग्दछ। यहाँबाट चीन सीमाना पुग्न भने ४० कोस पैदल हिंडाइ पर्छ र त्यो तय गर्न लगभग छ दिन लाग्दछ।

चैनपुर बजार

यो जिल्लाको सबभन्दा ठूलो एवं पुरानो बजार हुनाको साथै प्रशासनिक र शैक्षिक दृष्टिले पनि महत्वपूर्ण ठाउँ हो। यहाँ पनि जिल्लास्तरीय कार्यालय १०, शाखा कार्यालय एक, माध्यमिक विद्यालय दुई, प्राथमिक विद्यालय एक र पुस्तकालय, राष्ट्रिय वाणिज्य बंक, आकाशवाणी कार्यालय र ब्रिटिश नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेडिकल ट्रष्ट अन्तर्गत एउटा क्षयरोग निवारण औषधालय आदि स्थापना भएका छन्। प्रत्येक शुक्रबारको दिन यहाँ ठूलो मेला लाग्दछ। औल र लेकका मालसामान विनिमय हुने स्थान पनि यहीं नै हो। यो बजार इलाकाको बाटो सिद्धकालीको मन्दिरसम्म ढुङ्गाले छाएको छ। यो बजार समुद्र सतहदेखि १,३३० मिटर (४,३८८ फीट) को उचाइमा एक स्वास्थ्यकर पहाडी भागमा अवस्थित छ। यहाँ करीब २५० घरहरू छन्। यो बजारमा पाँचखपन, दशमझिया, पाँचमझिया, मेवा खोला आदि थुमका बासिन्दाहरूले नून, तेल, लत्ताकपडा, भाँडा–वर्तन तथा कृषि उत्पादनका सामग्रीमा चामल, मकै, कोदो, सख्खर, सुर्ती, घ्यू, तेल आदिको किनबेच गर्छन्। यहाँका बाँडाहरू काँस र पित्तलका भाँडा–कुँडा बनाउन अत्यन्तै शिपालु छन्। चैनपुरे करूवाले प्राप्त गरेको ख्यातिले यस कुराको पुष्टि गर्दछ।

चैनपुर बजारमा पनि खानेपानीको निकै दुःख भई चैत-वैशाखमा पानी भर्नेहरू आधा रातमा नै उठेर जानु पर्ने अवस्था भएबाट २०१३ सालमा स्व. श्री ५ महेन्द्रको हुकुम प्रमाङ्गी बमोजिम खानेपानीको आयोजना तर्जुमा भएको फलस्वरूप हाल प्रतिदिन १,८२,००० लिटर (४०,००० ग्यालन) क्षमता भएको खानेपानीको व्यवस्था गरी ११ धाराहरूद्वारा पानीको आपूर्ति गरिएको छ।

चैनपुर बजारबाट करीब एक घण्टाको बाटोमा स्वस्थानी व्रत कथानुसार सतीदेवीको दाहिने आँखा पतन भएको ठाउँ सिद्धकालीको मन्दिर छ। यहाँ बालाचतुर्दशीको दिन मेला लाग्दछ। त्यसको अतिरिक्त अन्य धार्मिक स्थलहरूमा भीमेश्वर र बालेश्वरका मन्दिरहरू उल्लेख गर्न सकिन्छ।

धनकुटाबाट चैनपुर पुग्न करीब १२ कोसको पैदल यात्रा तय गर्न सामान्यतः तीन दिन लाग्दछ।

तुम्लिङटार

अरुण कोशीको पूर्वी किनारमा रहेको रातोमाटोले बनेको यो टार हवाइ सेवाकोलागि प्रयोगमा ल्याइएको छ। यहाँ असोजदेखि जेठ महीनासम्म विमान सेवा चलाइन्छ। यस टारको नजीकै तुर्केघाट भन्ने ठाउँमा अरुण कोशीमाथि एउटा फलामे झोलुङ्गे पुल पनि हुनाले यातायातको दृष्टिबाट यो ठाउँलाई जिल्लाको मूल-द्वार भने पनि हुन्छ।

यो टार समुद्र सतहबाट ३२० मिटर (१०५६ फीट) को उचाइमा रहेको छ र यहाँ धेरै गर्मी हुन्छ। यो टारको आसपासका गाउँहरूमा कुमाल जाति धेरै भएको हुनाले यहाँ माटोका भाँडा–कुँडाहरू बनाइन्छन्। यो टारमा मास, तील, फिलिङ्गे (झुसे तील) आदिको राम्रो उब्जाउ हुन्छ। तुम्लिङटार गाउँ पञ्चायतभित्र मनकामना देवीको मन्दिर छ। त्यहाँ वर्षेनी कात्तिक एकादशीको दिन मेला लाग्दछ।

मादी विर्ता

जिल्लामा सबभन्दा बढी उखु उब्जनी हुने ठाउँ हुनाले यहाँको स्थानीय हाटबजारमा सख्खरको व्यापार हुन्छ। त्यसको अतिरिक्त यो धानको ठूलो खेती हुने इलाका पनि हो। यहाँ घना बस्ति छ र धेरैंजसो "दहाल" थरका बाहुनहरू यहाँ बसोबास गर्दछन्। यो दश मझिया थुमको सबभन्दा विकसित गाउँ हो। यहाँ एउटा माध्यमिक विद्यालय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेदाङ्ना गढी

राष्ट्रिय योजना आयोगद्वारा प्रस्तुत प्रादेशिक विकास योजना अनुसार यो ठाउँ कोशी क्षेत्रको आर्थिक अभिवृद्धिको मेरूदण्डको उत्तर छेउमा पर्दछ। जिल्लाको उत्तरी भेकतर्फ जाने साथै मकालु आरोहण गर्न जाँदा समेत मूल बाटोमा पर्ने भएकोले यसको महत्व बढ्दो छ। संखुवा उत्तर थुमको सबैभन्दा बढी खाद्यान्न उत्पादन गर्ने पञ्चायत भएकोले यसलाई पहाडको "मधेश" पनि भनिन्छ।

चेपुवा

जिल्लाको उत्तरी भेकको यो एउटा गाउँ हो। यो २,४४० मिटर (८,००० फीट) को उचाइमा पर्दछ। यहाँ करीब १४३ घरहरू छन् र एउटा प्रहरी चेकपोष्ट पनि छ। यहाँबाट चीन सीमाना जान एउटा होङगोङ भएर किमाथाङ्को बाटो र अर्को रिदाक भएर जानेबाटो पनि छ। चेपुवा पञ्चायतभित्र पर्ने गुम्बा भन्ने ठाउँमा रहेको गुठी गुम्बा संखुवा उत्तरको सबभन्दा ठूलो धार्मिक स्थल हो।

होङगोङ

यो गाउँ किमाथाङका जाने बाटोमा पर्ने अन्तिम गाउँ हो। यसको उचाइ अन्दाजी २,४०७ मिटर (७,९०० फीट) छ र यहाँ लगभग १६० घरहरू तथा पाँच वटा स-साना गुम्बाहरू छन्। यहाँका केही घरमा तिब्बती शरणार्थीहरू पनि बस्न थालेकाछन्। यो ठाउँ आलुखेतीको निम्ति प्रख्यात छ। पशुपालन यहाँको मुख्य व्यवसाय हो।

किमाथाङ्का

चीन सीमानासँग जोडिएको यो एक महत्वपूर्ण गाउँ हो। यहाँ जम्मा ३५ वटा घर छन्। यहाँ एउटा प्राथमिक विद्यालय पनि छ तर कुनै सरकारी कार्यालय रहेको छैन। निकट भविष्यमा यहाँ एउटा प्रहरी चेकपोष्ट रहने भएको छ।

थुदाम

करीब ३,४१३ मिटर (११,२०० फीट) को उचाइमा अवस्थित यो एक सानो भोटे गाउँ हो। यहाँ करीब १५–२० घर छन् तर खेती प्रायः शून्य छ। यहाँको मुख्य व्यवसाय पशुपालन र व्यापार हो। त्यसका अतिरिक्त जरी–बूटी, कस्तुरीविना, भालूको पित्त आदि वस्तु यहाँबाट निर्यात गरिन्छ। चौंरीको दूधबाट बनेको छुर्पी यहाँ प्रसस्त मात्रामा पाइन्छ। यो गाउँमा धूपीको काठ घोटेर चन्दन जस्तो लेप बनाउने एउटा काठे यन्त्र छ। यो यन्त्र घट्टजस्तै पानीको प्रवाहबाट चल्दछ। धूपीको चन्दनलाई गोला गोला बनाई तिब्बत तर्फ निर्यात गरिन्छ। यो व्यापार आजकल ज्यादै घटेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ्याङकुटी भञ्ज्याङ

पाङ्मा पञ्चायतमा पर्ने करीब २,०१३ मिटर (७,००० फीट) को उचाइ भएको एक रमणीय स्थल हो यो। यहाँबाट तुम्लिङटार र अरुण नदीको फुस्रो बगरदेखि मकालु हिमालयको हिमशिखरसम्म देखिन्छ।

सभा पोखरी

सभाखोलाको उद्गम स्थानमा यो हिमदह जिल्लाको एक महत्वपूर्ण धार्मिक स्थल हो। सभापोखरी-को बीचमा केही गोलपरेको जमीन छ। अघि व्यास ऋषिले त्यसैमा बसेर तपस्या गरेका थिए भन्ने किंवदन्ति छ। यो पोखरीमा जनैपूर्णिमाको दिन मेला लाग्दछ। चैनपुर बजारबाट यहाँ पुग्न चार दिन हिंडनुपर्दछ। सो चार दिनमध्ये एक दिन मात्र बस्ती भेटिन्छ र बाँकी तीन दिन ओडार तथा जङ्गलमा बास बस्नुपर्दछ। वर्षमा एक डेढ महीना मात्र यहाँ मानिसहरू आउने जाने गर्दछन्। यो ठाउँ ४,२४० मिटर (१४,००० फीट) को उचाइमा पर्न आउँदछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

धनकुटा विकास केन्द्र अन्तर्गत पर्ने १६ जिल्लाहरूमध्ये संखुवासभा क्षेत्रफलको दृष्टिले दोस्रो ठूलो जिल्ला हो तर जनसंख्याको हिसाबले भने तेस्रो सबभन्दा कम जनसंख्या भएको जिल्ला हो। २०२८ सालको जनगणनाबाट प्राप्त तथ्याङ्क अनुसार यहाँको जनघनत्व प्रति वर्ग किलोमिटरमा ३६ व्यक्ति हुन आउँछ। कोशी अञ्चलको सम्पूर्ण जनसंख्याको अनुपातमा हेर्दा यो जिल्लामा १३.२ प्रतिशत मानिसको बसोबास छ। जनसंख्याको क्रममा अधिराज्यका ७५ जिल्लाहरूमा यो जिल्ला ५३ औं स्थानमा पर्न आउँछ।

यो जिल्लामा पुरुष ५६,१३४ र महिला ५८,१७९ को बसोबास भई जम्मा जनसंख्या १,१४,३१३ पुगेको छ। त्यसमध्ये ६६.३ प्रतिशतले नेपाली भाषा बोल्दछन्। अन्य भाषा-भाषीमा राई, लिम्बू, शेर्पा आदि प्रमुख छन्।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा बोलिने भाषा-भाषीको आधारमा यहाँको जनसंख्यालाई निम्न बमोजिम विभाजन गर्न सकिन्छः—

बोलिने भाषा-भाषी	बोल्नेको संख्या	प्रतिशत
नेपाली	७५,८२७	६६.३
राई	१६,४०३	१४.४
तामाङ	५,४९८	४.८
शेर्पा	४,३७१	३.८
लिम्बू	४,१२१	३.६
अन्य	८,०९३	७.०

यस जिल्लाको जनसंख्यालाई ०–५ वर्षसम्मको उमेर समूहलाई हुर्कन लागेको शिशुहरूको समूह, ६–१५ वर्ष विद्यालय जाने उमेर समूह र १६ देखि माथिकालाई प्रौढ तथा वृद्धावस्थाको समूह गरी निम्न प्रकारले तीन भागमा विभाजन गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	९,२४९	१६.५	९,५२७	१६.४	१८,७७६	१६.४
६–१५	१६,०५७	२८.६	१५,५३६	२६.७	३१,५९३	२७.६
१६ र माथि	३०,८२८	५४.९	३३,११६	५६.९	६३,९४४	५६.०
जम्माः–	५६,१३४	१००.०	५८,१७९	१००.०	१,१४,३१३	१००.०

यस जिल्लामा पाँच वर्ष मुनिका शिशुहरू १६.४ प्रतिशत छन् भने विद्यालय जाने उमेर भएका छ देखि १५ वर्षका बालक-बालिकाहरूको संख्या २७.६ प्रतिशत छ। १६ वर्षदेखि ५९ वर्षका समूहभित्र पर्ने जवान तथा अधवैंसे उमेरका जनसंख्या ४९.५ प्रतिशत देखिन्छ। त्यसका अतिरिक्त यो तालिकाबाट अर्को एउटा घतलाग्दो कुरो यो देखिन्छ कि १५ वर्ष मुनिका जनसंख्यामा महिलाभन्दा पुरुषको संख्या धेरै छ भने १५ वर्षभन्दा बढी उमेर भएका र खासगरेर ५० वा ६० वर्ष नाघेकाहरूमा महिलाको संख्या बढी देखिन आउँछ। यसप्रकार यो जिल्लामा पनि महिलाहरू धेरै बाँच्ने अथवा जिल्ला छोडेर अन्यत्र नजाने कुराको बोध हुन्छ।

जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा नौ वर्ष र सोभन्दा मुनिका र ६० वर्ष र माथिकालाई आश्रित जनसंख्या मानेमा ती ३४.६ प्रतिशत (३९,५२६) छन् र १०वर्षदेखि ५९ वर्षभित्रकालाई काम गर्ने क्षमता भएका सक्षम जनशक्ति मान्ने हो भने ६५.४ प्रतिशत (७४,७८७) देखिन आउँछ। त्यसैले प्रति १०० व्यक्तिमा ५३ व्यक्ति आश्रित छन्, अर्थात् आर्थिक निर्भरताको अनुपात १००:५३ रहेको छ।

अन्तर्राष्ट्रिय परिपाटी अनुसार १५ वर्षदेखि ६४ वर्षभित्रका जनसंख्यालाई आर्थिक दृष्टिले सक्षम मानिन्छ। तदनुसार ६२,५६९ जनसंख्या अर्थात् यस जिल्लाको ५४.७ प्रतिशत जनसंख्या सक्षम छन् र ५१,७४४ जना अर्थात् ४५.३ प्रतिशत जनसंखया आश्रित छन्। यस प्रकार संखुवासभा जिल्लामा प्रत्येक १०० सक्षम व्यक्तिमा करीब ८३ जना आश्रित रहेका छन्।

यो जिल्लामा बसोबास गरेका मानिसहरूको परिवार संख्या २०,१४३ मात्र छ र जिल्लाको सम्पूर्ण जनसंख्याको अनुपात विचार गर्दा प्रति परिवारमा सालाखाला ५.७ व्यक्ति पर्न आउँछ अर्थात् १० परिवारमा करीब ५७ व्यक्ति पर्न आउने हुन्छ। एकै व्यक्ति मात्र भएको परिवार ७९९ देखिन्छ र ५ व्यक्ति भएको परिवारको संख्या ३,११४ देखिन्छ। २० भन्दा बढी व्यक्ति भएको ठूलो परिवार भने केवल २८ वटा मात्र छन्।

यो जिल्लाको जनसंख्यामा वैवाहिक स्थितिको तथ्याङ्क हेर्दा यहाँ बाल-विवाह थोरै मात्रामा भए पनि अझै प्रचलनमा रहेको देखिन्छ। छ वर्षदेखि नौ वर्षसम्मका विवाहित केटाको संख्या १८ र केटीको संख्या ३७ देखिन्छन्। १५ वर्षदेखि २९ वर्ष उमेरको समुदायमा भने विवाहित केटा र केटीको संख्यामा ठूलो फरक देखिँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ पञ्चायत र तिनका जनसंख्या

संखुवासभा जिल्लामा ३९ पञ्चायत छन् । जिल्लाको उत्तरी हिमाली भागमा खालि दुई–तीन पञ्चायत मात्र छन् र अन्य पञ्चायतहरू दक्षिणी भेकमा नै एकत्रित भएको पाइन्छ। चार हजारभन्दा बढी जनसंख्या भएका केवल आठ पञ्चायत छन् र दुई हजारभन्दा कम जनसंख्या भएका पनि सातवटा पञ्चायत छन् त्यसमध्ये किमाथाङका पञ्चायतको जनसंख्या केवल १५६ मात्र छ। सबभन्दा बढी जनसंख्या भएको पञ्चायत तामाफोक हो। यहाँ ५,७६९ जना मानिस रहेको देखिन्छ। यहाँका गाउँ पञ्चायत र तिनको जनसंख्या यसप्रकार छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. आङ्ला	२,१०३	२ आँखिभुईं	५,२९०
३. इभाबितलव	२,६८०	४. इमादेवीटार	२,०२७
५. किमाथाङ्का	१५६	६. खराङ	४,७८३
७. खाँदबारी	२,५५४	८. घुंपु	२,०५०
९. चन्दनपुर	२,४३१	१०. चुङखुरूङ	४,०२४
११. चेपुवा	१,९९१	१२. चैनपुर	३,५७६
१३. ताम्कु	२,८२४	१४. तामाफोक	५,७६९
१५. तुमलिङटार	२,५२१	१६. दिदिङ	१,८०६
१७. दंगाली	३,२८८	१८. नूनढाकी	२,९३३
१९. नुम	१,५६९	२०. पाङडा पाखिबास	२,९८३
२१. पाङ्मा	३,०६४	२२. मयम	४,५७१
२३. माङतेवा	२,०९८	२४. मादीविर्ता	४,१८४
२५. मादीरैकर	४,३४९	२६. मामलिङ	२,५९०
२७. माल्टा	२,५२५	२८. मावादिन	२,९९२
२९. माफु	२,५२५	३०. लिङलिङ फापुङ	२,७६६
३१. वाना	२,७६६	३२. वालुङ (मुर्मे डाँडा)	२,९५५
३३. सिद्धकाली	३,८९४	३४. सिमुवा स्यावुन	४,९९३
३५. सिमाजोर खोला	२,२३६	३६. स्यक्सीला	१,९९२
३७. स्वाची	२,८६९	३८. हेदाङ्ना	१,८७५
३९. हेलुवा	१,८३२		

जन–जीवन

संखुवासभा जिल्ला किरात जातिको धेरै बसोबास भएको जिल्ला हो। यसको मध्ये र दक्षिणी भागमा राई, लिम्बू, याखाको धेरै बस्ती छ। उत्तरतर्फको लेकाली भागमा खासगरेर स्यक्सिलाभन्दा उत्तरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रमा शेर्पा जातिको फैलावट छ। बेंसी तथा केही दम्सिला डाँडाहरू जस्तै तुम्लिङटारको उत्तरी तथा दक्षिणी भागका बेंसीहरू, नुमगाउँ र आसपासका डाँडाहरू, चैनपुरको दक्षिणी र पूर्वी भागका पाखाहरूमा बाहुन-क्षेत्रीको धेरै बस्ती छ। तर मिलके डाँडा तथा तीनजुरे डाँडाका इलाकाहरूमा गुरुङ जातिको बस्ती छ। चैनपुर, खाँदबारी र अन्य व्यापारिक महत्वका ठाउँहरूमा नेवार जाति बहुसंख्यक रूपमा पाइन्छ।

यो जिल्लाको बहुसंख्यक जातिमा राई, लिम्बू तथा याखा जातिलाई औल्याउँन सकिन्छ। राईहरूको सम्बन्धमा खोटाङ जिल्ला परिचय र लिम्बूहरूको सम्बन्धमा पाँचथर जिल्ला पश्चिममा विस्तृत विवरण उपलब्ध छ। अन्य उल्लेखनीय जातिमा याखा जातिको विशेष व्याख्या गर्नु आवश्यक देखिन्छ। याखा पनि एउटा किराती जाति हो। याखाहरूलाई "देवान" पनि भन्ने चलन छ। रीतिस्थितिको हिसाबले यिनीहरू राई तथा लिम्बू दुवैसँग सम्बन्धित देखिए तापनि राईसँग यिनीहरूको सम्बन्ध रहेको र "पिपुल अफ नेपाल" भन्ने किताबमा डोरबहादुर विष्टले पनि यिनीहरूलाई राई समुदाय भित्रै राखेर विवेचना गरेका छन्। धर्मको दृष्टिले यिनीहरू धामी, झाँक्रीमा विश्वास गर्ने, डाँडा-काँडा, खोला-नाला, आदिका पूजाआजा गर्ने र मृत लाशलाई ज्यादातः गाड्ने गर्दछन्। लिम्बू तथा राईहरूले झैं याखा (राई) ले पनि जन्मदेखि मरणसम्मको संस्कारमा आफ्नै स्वजातीय (राई, लिम्बू) विजुवा, फेदाङ्माद्वारा कार्य गराउँछन् याखा महिलाहरूमा एक विशेष प्रकारको पहिरन देखिन्छ जसलाई "मेखलिङ" भनिन्छ। यो चोलोको सट्टा लगाइने एक खुकुलो प्रकारले धोक्राकार परेको आधा बाहुला मात्र भएको स्थानीय बुनौटको पहिरन हो। यो लेकाली सिस्नु र अन्य जङ्गली झारबाट उत्पादित रेसाबाट बनाइन्छ। याखा जातिका तरूनी तथा तन्नेरीहरू धाननाच विशेष उमङ्गका साथ मनाउँदछन्। यिनीहरू राई तथा लिम्बहरूको साथै धाननाच र अन्य चाड-पर्व, हाटमेलामा समान रूपले भाग लिने गर्दछन् र बिहा-बारी पनि दुवै जातिसँग समान रूपमा चलाउँदछन्।

याखाहरूले बोल्ने भाषा लिम्बू वा राई दुवैसँग मिल्दैन र साथै भेस-भूषामा पनि यस्तो फरक हुनाले यिनीहरू एक अलग्ग जातिको रूपमा पनि सकार्न सकिन्छ भन्ने भनाइ पनि छ।

यो जिल्लाको अर्को चाखलाग्दो जातिमा कुमालहरू उल्लेख गर्न सकिन्छ। तुम्लिङटार पञ्चायतमा यिनीहरू विशेष रूपले केन्द्रित छन्। यिनका धेरै थरहरू हुन्छन्, तिनमा नौल, बासबोटे, दूधपाउ, हलिदे, ढाले, भुडुला, पाठक, भट्टराई, स्यान, सन्थ आदि प्रमुख छन्। यी कुमालहरूले मरेको जूठो बार्दा सात देखि १० दिन बार्ने चलन छ र पुरोहितको काम ज्वाइँ चेलोले गर्दछन्। जूठोमा नून तेल आदि बार्दछन् र चोख्याउने काम गर्दा सुंगुर काटी भोज लगाउँदछन्। बिहा-बारीको सम्बन्धमा मामाचेलीसँग बिहे चल्दछ र दाजुको शेषपछि भाउज्यू ल्याउने चलन पनि छ। यिनीहरूमा सुत्केरी सुतक तीन दिन मात्र लाग्दछ। चेली बेटीले बच्चालाई धागोले बाँधिदिएपछि शुद्ध भएको ठहरिन्छ। यिनीहरूमा चाड पर्वको हकमा दशैं तिहार नै प्रमुख रूपले मानिन्छ र यिनीहरू आफूलाई हिंन्दू धर्मावलम्बी भन्दछन्।

संखुवासभा जिल्लाको उत्तरी भेकका शेर्पाहरूको रीतिरिवाज आदि विशेष चाखलाग्दो छ। धवलागिरी अञ्चलको डोल्पा जिल्लाका भोटेहरूले झैं यहाँका बासिन्दाहरू पनि "वोन्पो" धर्म मान्ने गर्दछन्। यसलाई प्रायः बौद्धकालीन झाँक्री धर्म वा प्रकृतिपूजक धर्म मानिन्छ। कसै कसैले यो धर्मलाई बौद्ध धर्मको विरोधको समयमा फष्टाएको धर्म हो भन्दछन्। यो धर्म मान्नेहरू माने र गुम्बाहरू बायाँतर्फबाट परिक्रमा गर्दछन्।

यहाँका शेर्पा जातका मानिसहरू आफूलाई "सिङसावा" भनी सम्बोधन गर्दछन् र संखुवासभाको उत्तरी क्षेत्रलाई "सिङसा" भन्दछन्। यहाँका बासिन्दाहरू अरुण कोशीको देवतालाई कालो बाखा, कुखुरा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुंगुर आदि काटेर पूजा गर्दछन् तर वरुण खोलाको देवतालाई भने कुखुरा चल्दैन भन्ने विश्वास राख्दछन्।

यस भेकको बिहाबारीको चलन विशेष चाखलाग्दो छ। केटी माग्ने चलन छँदैछैन भनेपनि हुन्छ। केटीलाई अनुकूल पर्ने ठाउँमा भेट्टाई त्यहींबाट फकाएर ल्याउने चलन छ। यो चलनमा झगडा नहुने होइन तर पछि आपसमा धेरैले मेल मिलाप नै गर्दछन्। यस कार्यको निम्ति कुरा मिलाउने मानिस "लम्स्यो" पठाउने गर्दछन्। यो शब्दले उनीहरूको भाषामा बाटो बनाउने मानिस भन्ने बुझाउँछ। "लम्स्यो" पठाउँदा पनि कुरा नमिलेमा विधिवत विवाह हुँदैन तर केटी भने केटोकै घरमा बस्दछिन्। पछि बच्चा जन्मेपछि पनि केटीको आमा बाबुसँग कुरा मिलेमा बिहेको विधि पूरा गरिन्छ। यसप्रकार छोराछोरीले पनि बाबु आमाको विवाह देख्ने मौका पाउन सक्ने हुन्छ। यहाँका निवासीहरूमा एक केटीको एकभन्दा धेरै लोग्ने हुने दृष्टान्त पनि पाइन्छ। उत्तरी सीमानाका गाउँ, जस्तै किमाथाङ्का आदिमा यो प्रचलन छ। उत्तरी सीमावर्ती जिल्ला निवासीहरूको सामाजिक मान्यता भित्र पर्ने कार्यकलाप भए पनि हाल यो रीति बिलाउँदै छ।

यो जिल्लाको परम्परागत व्यवसायमा उत्तरी क्षेत्रका शेर्पा जातिका मानिसहरूले तिब्बतसँग नून र ऊनको व्यापार गर्ने गरेका थिए तर हाल यो व्यापार ज्यादै सीमित मात्रामा मात्र चालू छ। त्यसको अतिरिक्त यिनीहरू चौंरी पाल्ने काममा पनि निकै व्यस्त रहन्छन्। तिब्बत क्षेत्र पनि चीनमा समावेश भएपछि त्यसतिरबाट ल्याइने "नाक" र "याक" जातको चौंरीको आयातमा अवरोध आएको हुनाले चौंरी पालनमा पनि प्रतिकूल असर परेको छ। तर हाल नेपालको बढ्दो पर्यटन व्यवसायको फलस्वरूप यी उत्तरी क्षेत्रका बासिन्दा-हरूले पर्वतारोहण तथा अन्य भ्रमण कार्यमा भरिया तथा पथप्रदर्शकको काम पाएका छन्।

पर्वतीय क्षेत्रका बासिन्दाहरू सामान्यतः कृषिमा नै निर्भर छन्। घरेलु इलमको हकमा यहाँका गुरूङहरू राडी पाखी बुन्ने काममा निपुण छन्। यस जिल्लाका बाँडाहरूको कार्यकुशलता नेपालभर प्रसिद्ध छ तर केही वर्ष यता नेपालमा पनि भाँडा कुँडाको निर्माणमा यान्त्रीकरण भई स्पातका भाँडाको बढ्दो प्रयोगले गर्दा परम्परागत भाँडा वर्तन विस्तारै लोप हुन थालेको छ।

यो जिल्लामा विभिन्न जातिका मानिसहरूले आ-आफ्नो परम्परागत मौलिकतालाई एकातिर साँचेर राखेका छन् भने अर्कोतिर आपसी सहिष्णुता र सामाञ्जस्यताको माध्यमद्वारा एकै सूत्रमा सम्बद्ध पनि छन्। उत्तरी क्षेत्रका शेर्पाहरूले तिब्बतसँग व्यापार गरी जिल्लाबासीको निम्ति नून, घ्यू, ऊन इत्यादिको आपूर्ति गर्दै आएका थिए भने दक्षिणी भेकका बासिन्दाहरू उनीहरूको निम्ति आवश्यक अनाज र अरू सामग्रीहरू उपलब्ध गराउँदै आएका थिए। त्यस्तै राई, लिम्बूहरू खेती गरेर खाद्यान्नको व्यवस्थामा व्यस्त रहन्छन् भने नेवारहरू उनीहरूको निम्ति बजारको सुविधा उपलब्ध गराउँछन्। एवं प्रकारले कुमालहरू माटाका भाँडाकुँडा तैयार गर्ने, कामीहरू फलामे सामग्री तैयार गर्ने र त्यस्तै सार्की, दमाई र अन्य जातिहरू आ-आफ्नो पेशा अपनाई एकले अर्काको आवश्यकता आपूर्ति गर्दै आएका छन्। खेतबारीमा जनशक्ति उपलब्ध गर्दा यो जिल्लामा पनि पर्म प्रथाद्वारा एकले अर्कालाई काम सघाउने गरिआएका छन्। यसप्रकार आपसी सामाञ्जस्य व्यक्तिगत स्तरदेखि लिएर विभिन्न जातीय समुदायमा पनि कायम रहेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यो जिल्लाको आर्थिक व्यवस्थामा प्रमुख भूमिका कृषिकै छ । उत्तरी भेकमा तथा लेकाली भागमा चौंरी तथा भेडा पालनबाट पनि यस जिल्लालाई केही आर्थिक टेवा प्राप्त छ । त्यसका अतिरिक्त यस जिल्लाका केही निवासीहरू विदेशमा नोकरी गर्न पनि जाने गर्दछन् । यो जिल्लामा कुनै संगठित उद्योग धन्दा चालू छैन । घरेलुस्तरमा ऊनको राडी, पाखी इत्यादि बुन्ने काममा शेर्पा र गुरुङहरू तथा काँसका भाँडाकुँडा बनाउने कार्यमा चैनपुरका बाँडाहरू प्रख्यात छन् । यो जिल्लाका बासिन्दाहरूको मुख्य बजार धनकुटा र धरान नै हुन् यद्यपि चैनपुर, तेह्रथुम, भोजपुरतिर पनि पर्याप्त व्यापारिक सम्बन्ध कायम राखिन्छ । उत्तरी भेकका शेर्पाहरू दार्जीलिङ्ग र सिक्किमसम्म पनि व्यापार गर्न जाने गर्दछन् । यस जिल्लामा पनि पूर्वी नेपालका अन्य जिल्लामा झैं ठाउँ विशेषमा तोकिएको दिनमा हाट लाग्ने गर्दछ । दैनिक उपभोगका वस्तुहरूका आदान-प्रदान गर्ने मुख्य माध्यम हाट व्यवस्था नै हो । त्यसका अतिरिक्त केही शेर्पाहरू, विशेषगरेर धनकुटाको हिले बजारमा बसोबास गर्ने व्यापारीहरू, गाउँ गाउँमा गई सुन चाँदीका गहना तथा अन्य कीमती कुराहरू लगी बेच्ने र गाउँ गाउँबाट जरीबूटी, छुर्पी, गलैंचा, राडी, पाखी जनावरको छाला इत्यादि खरीद गरी ल्याउने गर्दछन् ।

कृषि

यो जिल्ला अन्य पहाडी जिल्ला झैं कृषि-प्रधान जिल्ला भए तापनि यहाँको उब्जनीले यहाँको बासिन्दालाई वर्षभरि खान पुग्दैन । यहाँका मानिस आफ्नो दैनिक उपभोगकोनिम्ति आवश्यक पदार्थहरू सकेसम्म धेरै आफ्नै खेत बारीमा उब्जाउने प्रयत्न गर्दछन् । फलस्वरूप एक परिवारले धान, मकै, गहुँ आदि खाद्यान्नको निम्ति, उखु, खुँदो आदिको निम्ति, सुर्ती तमाखु आदिको निम्ति, फिलिङ्गो, तोरी आदि तेलको निम्ति यसप्रकार अनेक कुरा उब्जाउने प्रयास गर्दछन् । त्यस्तै पशुपालनमा पनि प्रत्येकले केही कुखुरा, केही हाँस, केही सुंगुर, केही गाई, भैंसी आफ्नै घरायसी आवश्यकतानुसार पशु राख्दछन् । यसप्रकार यो जिल्लामा पनि जीवन निर्वाहस्तरमा मात्र खेतीपाती गरिन्छ ।

जग्गा जमीन

यो जिल्लाको आर्थिक व्यवस्थाको मेरूदण्डको रूपमा रहेको कृषि व्यवस्थाको प्रसंगमा यहाँको भूमि व्यवस्था बारे केही कुरा उल्लेख गर्नु जरूरी देखिन्छ । लिम्बुवानका किरातीहरू नेपालभित्र समाविष्ट भए तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिम्बूहरूको आर्थिक एवं सामाजिक परम्परा कायमै रहने गरी लिम्बूहरूले आवाद गरेको जग्गा किपटमा दर्ता हुने र अरू जातले आवाद गरेको मात्र रैकरमा दर्ता हुने व्यवस्था गरिएको थियो। यसरी यस क्षेत्रको भूमि व्यवस्थामा एकरूपता रहेको थिएन। कालान्तरमा यहाँको अर्थ व्यवस्थामा नगदको भूमिका बढ्दै गएपछि लिम्बूहरूले आफ्ना किपट जग्गा अरू जातिलाई पनि भोगबन्धकीमा दिन थाले तर त्यस्ता जग्गाको फार्छे राजीनामा हुने व्यवस्था थिएन। फलस्वरूप जग्गाको मोल बढ्दै जानाको साथै लिम्बू जग्गाधनीहरूले आफूले भोगबन्धकीमा दिएको जग्गाको वापत अरू थप रकम बढ्को रूपमा उठाउँदै खाने प्रथा चल्न थाल्यो। यसरी एकातिर लिम्बूहरू ऋणमा डुब्दै जाने र अर्कोतिर अन्य जातिहरूमा पुस्तौंदेखि कमाइ आएको जग्गा जमीनमा पनि आफ्नो हक कहिल्यै कायम नरहने हुनाले वास्तवमा जमीनको गुण उत्थान गर्नेतर्फ प्रयत्न नहुनु स्वभाविकै थियो। २०२३ सालदेखि यस जिल्लामा पनि भूमि सुधार कार्यक्रम लागू भएपछि किपट जग्गा पनि रैकर सरह नै मानी आएको हुनाले अधिराज्यभरिको भूमि व्यवस्थामा एकरूपता आउन थालेको छ।

जिल्लाको क्षेत्रफल र जनसंख्याको अनुपातलाई हेर्दा यो जिल्लामा प्रति व्यक्तिको निम्ति २.८ हेक्टर भू-भाग उपलब्ध छ तर अधिकांश भाग हिमाल, पर्वत र भीर पहराले ढाकेको र खेतीयोग्य जमीन केवल ९००० हेक्टर (१,८०,००० रोपनी) मात्र छ भन्ने अनुमान भएको हुनाले यहाँ प्रति व्यक्तिलाई .०८ हेक्टर अर्थात् १.६ रोपनी मात्र पर्न आउँदछ।

यो जिल्लामा वैज्ञानिक ढङ्गबाट जग्गा नापी भइसकेको छैन। सम्वत् १९५० को नापीमा र त्यसपछि नम्बरी दर्ता भएको जग्गा समेतको मालपोत सालाना रू. १,३२,१५७। उठ्ने गरेको देखिन्छ।

यो जिल्लामा नापी भएको छैन र फलस्वरूप हदबन्दी कायम गर्ने काम हालसम्म अधुरो नै छ। जिल्ला भूमि सुधार कार्यालयमा दाखिल भएको ७ नं. लगतको आधारमा चार हेक्टर (८० रोपनी) भन्दा बढी जग्गा हुने जग्गाधनी संख्या ६५ र तीनदेखि चार हेक्टर (६० देखि ८० रोपनी) सम्म जग्गा भएका ८२ जना, २.२५ देखि तीनहेक्टर (४५ देखि ६० रोपनी) सम्म हुने १६८ जना, १.५ देखि २.२५ हेक्टर (३० देखि ४५ रोपनी) सम्म हुने ४११ जना, एकदेखि १.५ हेक्टर (२० देखि ३० रोपनी) सम्म हुने ७८३ जना, एक हेक्टरभन्दा कम (एकदेखि १९ रोपनी) मात्र जग्गा हुनेहरूको संख्या २१,५२९ जना देखिन्छ।

यो जिल्लामा जम्मा १०५ मौजाहरू छन् र ६७० जिम्मावालहरू मार्फत् मालपोत असूल गरिन्छ। सो मध्ये यस जिल्ला अन्तर्गत दशमझिया थुमको मादीबिर्तामा मालपोत असूली पञ्चायतकै जिम्मामा छ। सो जमीन सम्बन्धी लगत राख्ने र मालपोत उठाउने कार्यालय संखुवासभा माल कार्यालय नै हो।

ऋण निश्चित गर्ने कार्यक्रम अन्तर्गत हालसम्म कारवाहीमा परेको रू. ८,६४,२८१। मध्ये रू. ७,२१,८२१ असामीले साहूलाई तिर्नु नपर्ने गरी मिनाहा गराइएको छ। २१,२०७ मोहीहरूलाई मोहियानी हक पनि प्रदान गरिएको छ।

यस जिल्लामा कूत निश्चित भएको छैन र परम्परागत तवरमा जग्गाधनी र मोहीका बीच बालीको बाँडफाँड भइरहेको भएतापनि हाल भूमिसुधार ऐन नियम बमोजिम वार्षिक उब्जनीमा मुख्य बालीको आधा मात्र जग्गा धनीलाई दिलाइने सम्बन्धमा प्रयास भइरहेको छ। अनिवार्य बचत असूली अन्तर्गत नगदी रू. १,१०,७०३। बचत संस्थानमा (हाल कृषि विकास बैंक) जम्मा गरिएको र जिन्सितर्फ अन्दाजी ४०३ मेट्रिक टन (१०,७५६ मन) ग्राम समितिको जिम्मा रही कृषकवर्गलाई ऋण वितरण र असूली भइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाली र कृषि उत्पादन

आर्थिक वर्ष २०२७।२८ को खाद्य स्थिति विषय प्रकाशमा ल्याएको कृषि तथ्याङ्क अनुसार यो जिल्लामा १२,९०० मेट्रिक टन खाद्यान्न पैदा हुन्छ र यो जिल्लालाई अन्दाजी १५,००० मेट्रिक टन खाद्य वस्तुको आवश्यक पर्दछ। त्यस हिसाबले यो जिल्लामा वर्षेनी लगभग २,००० मेट्रिक टन खाद्य पदार्थको अभाव हुने देखिन्छ। यो जिल्लामा एक व्यक्तिलाई प्रति वर्ष १४० किलोग्राम खाद्य पदार्थको आवश्यक पर्दछ भन्ने अनुमान गरिएको छ।

यो जिल्लाको खेत, पाखो आदिमा लाग्ने मुख्यमुख्य अन्न-बालीहरूमा धान, मकै, गहुँ, कोदो, जुनेलो, उवा, घैया, फापर इत्यादि र भटमास र मास दालबालीमा तथा तेलहन बालीमा तोरी, फिलुङ्गे तील, सर्स्यौं आदि प्रमुख हुन्। अन्य बालीतर्फ आलु, बदाम, उखु, सुर्ती पनि उल्लेख गर्न सकिन्छ।

कृषि तथ्याङ्कमा देखाइए अनुसार यो जिल्लामा धान १२०० हेक्टरमा, मकै ४,९०० हेक्टरमा गहुँ ३७५ हेक्टरमा, कोदो २,१०० हेक्टरमा, जौ ४७५ हेक्टरमा,आलु ९५० हेक्टरमा र तेलहन १५० हेक्टरमा खेती गरिन्छ।

यो जिल्लाको अग्लो भागमा अवस्थित खेतहरूमा चैत र वैशाख महीनाताका गहुँ, तोरी, आलु भित्र्याउने कार्य हुन्छ र त्यसपछि मकै तथा वर्षे धान लगाउने काम हुन्छ। आसार र साउनताका मकै र वर्षे धान भित्र्याउने काम हुन्छ र फेरि अर्को हिउँदे धान लगाउने कार्य गरिन्छ। लेक तर्फ धान लगाउँदा यही समयमा लगाइन्छ। पहाडी जिल्ला भए तापनि यस जिल्लाको माल्टा बेंसी र इभावितलव गाउँ पञ्चायततर्फ वर्षमा दुईबाली धान लगाइन्छ।

खेत गोड्ने, मल हाल्ने वा पानी लगाउने कार्य नियमित रूपमा चालू राखिन्छ। प्रायजसो खेतमा मल हाल्ने चलन छैन।

खेत बारीमा काम गर्दा एक घरले अर्को घरलाई आलो पालो गरी जनश्रम "पर्म" प्रथाद्वारा जुटाइन्छ। त्यसको अतिरिक्त खेताला लगाउने पनि गरिन्छ। खेतालालाई प्रति दिन एकपल्टको खाजा र रू. ३। ज्याला दिइन्छ तर महिलाहरूले दिनको रू. २। मात्र पाउँदछन्।

पशुपालन

उत्तरी क्षेत्रका गाउँहरू विशेषगरेर किमाथाङका, थुदामतिरका निवासीहरूको मुख्य व्यवसाय पशुपालन हो। यिनीहरू याक, जोम्वयो, चौंरी आदि गोठहरू राखी घ्यू, छुर्पी इत्यादि उत्पादन गर्दछन्। होङगोङ, हटिया, चेपुवा, च्याम्थाङ, रिदाक, वलुङ, सिदुवा र अन्य उत्तरी क्षेत्रका गाउँहरूका बासिन्दाहरू लेकतर्फ चौंरी गोठ र खोंच तथा औलेभागतर्फ गाई भैंसीका गोठ राख्दछन्।

सेदुवा, पाथिभवास, माँगामाया, दिदिङ, मंसिमा, लिगंम, देउराली खर्क, लुभदेक, लेक, पोपती लेक, साल्दिम, हरियानोलाको लेक, वलुङ मार्मे डाँडा, खेसलुङको लेक आदि क्षेत्रहरूमा गरी अन्दाजी १४,००० भेडाहरू पालिने गरेको छ। यी भेडाहरू कागे जातिका भएको हुनाले ऊन केही खस्रो हुन्छ र सो ऊनबाट राडी, लुकुनी, जमोठ जस्ता वस्तुहरू बनाउनमा उपयोग गरिन्छ। यी भेडाका मासु असल र स्वादिलो हुन्छ।

सुंगुर, हाँस, कुखुरा, प्रायः निजी उपयोगको निम्ति मात्र पालिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलफूल तथा तरकारी खेती

यस जिल्लाको औल र बेंसी भागमा फलफूलको खेती निकै राम्रो हुन्छ। यस जिल्लाबाट सुन्तला र कागती धरानसम्म बिक्री गर्न लगिन्छ। अन्य फलफूलमा आँप, कटहर, भूईंकटहर, केरा पनि ठाउँ ठाउँमा खेती गरिन्छ। लेकाली समशीतोष्ण फलफूलको हकमा केही स्थानीय आरूका बोटहरू चेपुवा, मागंमाया, नाउँचे आदि गाउँहरूमा र केही हाडे ओखर किमाथाङ्का र चेपुवामा लगाएको देखिन्छ।

साग तरकारी खेती यस जिल्लामा प्रायः नगण्य छ। उत्तरी भेकका केही गाउँहरूमा भोटेमूला लगाउने चलन छ।

यो जिल्लामा केही सीमित जग्गामा मात्र उखु र सुर्ती खेती गरिन्छ तापनि जिल्लालाई आवश्यक सखर र सुर्ती जिल्लाभित्रै उत्पादन हुन्छ। उखुको निम्ति मादी, चैनपुर, खराङ, आँखिभुई, लिङलिङ, फापुङ, तुम्लिङटार, खाँदवारी आदि ठाउँहरूमा र सुर्तीको निम्ति आँखिभुईं, पाठा, पाखिवास, फच्याङ, चुङखुरुङ आदि ठाउँमा खेती गरिन्छ।

कृषि विकास

यो जिल्लामा कृषि विकास कार्यालय र अरू कृषि केन्द्र वा फार्म आदि केही स्थापना भएको छैन तापनि कृषि सम्बन्धी केही प्रसार कार्य प्रमुख जिल्ला अधिकारीको कृषि शाखाबाट हुने गरेको छ।

वागवानीको क्षेत्रमा, स्याउ, ओखर, आँप, लिची आदि फलफूलका बिरूवाहरू बिक्री वितरण गर्न थालिएको छ। काउली, मूला, गाजर, ब्रोकाउली, ग्याँठकोबी, रामतोरियाँ आदि लगाउने प्रयास पनि भइरहेको छ। सुन्तला र आँपका बोटहरू लगाउने र तरकारी उमार्ने कार्यमा यहाँका जनताले विशेष अभिरुचि राख्ने गरेका छन्। पशुपालनतिर "न्यू हेम्पसायर" जातको सुंगुर र "ह्वाइटलेगहर्न" एष्ट्रोलय जातिको कुखुराको प्रसार हुन थालेको छ। पशुरोग उपचार गर्न चैनपुरमा स्थापित पशु सम्बन्धी औषधालयको सेवा उपलब्ध छ।

यो खाद्यान्न-अभाव जिल्ला भएको हुनाले यहाँ कृषितर्फ विशेष जोड दिनुपर्ने स्वाभाविकै हो। यहाँको परम्परागत खेती तरीकामा सुधार ल्याई कृषि व्यवसायलाई अरू भरपर्दो बनाउनु परेको छ। श्री ५ को सरकारको दुई वर्षे कृषि प्रसार कार्यक्रममा यो जिल्लालाई प्रारम्भिक जिल्लामा वर्गीकरण गरिएको छ।

कृषि ऋण

परम्परागत ऋणले सामान्य कृषकहरू पीडित रहने कुराबाट यो जिल्ला पनि अलग छैन। सरकारी स्तरमा कृषकहरूलाई समयमा ऋण उपलब्ध गराउने सहकारी संघ-संस्था वा कृषि विकास बैंक आदिको स्थापना भइसकेको छैन। संस्थागत कृषि ऋणको स्रोतको अभावमा कृषकहरू साहू, महाजनको चर्को व्याजदरको शिकार बन्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिचाइ व्यवस्था

जिल्लाको करीब २५ प्रतिशत जग्गामा केही न केही रूपमा सिचाइ सुविधा पुऱ्याइएको छ। वर्षाकालमा मूलको पानी र खोला नालाबाट ल्याइएको कुलोबाट धानखेतमा पटनी हुन्छ। वर्षभरि सिचाइ सुविधा उपलब्ध भएका स्थानहरूमा पाठाबेंसी, हेंवाखोलाको गढतिर, केवा खोलाको गढतिर, खेकुवा खोलाको गढतिर, समाखोलाको गढतिर र लसुंवा खोलाको गढतिर उल्लेखनीय छन्। तुम्लिङटारमा सिचाइको लागि सर्वेक्षणकार्य भइरहेको छ।

उद्योग

यो जिल्लामा एउटा चामल, पीठो र तेल-मिल बाहेक अरू कुनै पनि आधुनिक उद्योग चालू छैन। अन्य पहाडी जिल्लाहरूमा झैं यहाँ आफ्नै उपभोगका लागि घरेलु कामधन्धा गर्दछन्। उत्तरी भेकमा केही पाखी, नम्बु, गलैंचा आदि बुनिन्छ तर ती वस्तुहरू उत्तिको आकर्षक देखिंदैनन्। सेदुवा, आङ्ला, सेखाहामा बुनिएका राडीहरू भने निकै राम्रा खालका हुन्छन्। त्यस्तै लुकुनी, घुमराडी पनि धेरै मात्रामा पैदा भई जिल्ला-भित्रै खपत हुन्छ। केही राडीहरू धनकुटा र धरानका हाटबजारमा पनि बिक्री गर्न लगिन्छ।

आजकाल यहाँ पहिलेको अनुपातमा कपास खेती नभए तापनि मिलबाट बनेका खाँडी-धागो धरान तर्फबाट खरीद गरी ल्याई पुरानै तानबाट एक हात चौडाइको कपडा, साधा ढाका, तन्ना, वर्को, टोपी आदि बुन्ने काम गरिन्छ। याखा राईहरू जङ्गली बिरूवाको रेशाबाट धागो बनाई स्थानीय मोटा खालका कपडाहरू तयार गर्दछन्।

चैनपुरको भाँडा-कुँडाहरू विषय अन्यत्र पनि उल्लेख भइसकेको छ। यहाँ करीब ४० घरका बाँडाहरू काँस र पित्तलका भाँडा, वर्तन विशेषगरी करूवा, थाल आदि बनाउने पेशामा लागेकाछन्। उनीहरू पूर्वी नेपालका कैयौं भाग, जस्तै ओखलढुङ्गा, भोजपुर, तेह्रथुम, ताप्लेजुङ्ग तिरका मानिसहरूको घरघर झैं देखिन्छन्। हाल स्पातको भाँडावर्तनहरू बढी चलनमा आएकोले यो उद्योगमा केही शिथिलता आएको छ।

चैनपुर, मादी र खाँदबारीमा उखुबाट सख्खर बनाउने व्यवसायमा पनि केही मानिसहरू व्यस्त रहन्छन्। त्यस्तै सेदुवामा केही मात्रामा नेपाली कागज उत्पादन गरिन्छ। विभिन्न ठाउँमा बनेका राम्राराम्रा ठेकी, हर्पे, मुढा, तोङ्वा खाने काठे भाँडा, डोको, थुन्से, नाङ्लो, स्याक्सिलातिर बनेका चुप्पीका दापहरू र दोचाहरू पनि समय समयमा बिक्रीको निम्ति हाट बजारमा देखिन्छन्। उच्च हिमाली भेकतर्फका बासिन्दाहरू केही समय लेकका जरीबूटी संकलन गरेर पनि आफ्नो आय स्रोतलाई भरपर्दो बनाउँदछन्। केही वर्ष पहिले यस जिल्लाबाट पनि प्रशस्त नागबेलीको पीठो सङ्कलन भई विदेश निर्यात भएको थियो।

व्यापार

व्यापारिक दृष्टिले यो जिल्लामा उत्तरतर्फ होंगोंग र दक्षिणतर्फ चैनपुर बजार विशेष महत्वका छन्। हांगगोंगा आलु र अन्नको बदला नून सटही गर्ने प्रमुख स्थान हो। कोही कोही जिम्बू र अन्न पनि सटही गर्दछन्। उत्तरी भेकबाट निकासी हुने वस्तुमा कस्तुरी बिनाको उल्लेख गर्न सकिन्छ। कस्तुरी मार्न प्रतिबन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगाइए तापनि कस्तुरी चोरी निकासी पूर्णरूपमा बन्द हुनसकेको छैन।

यस जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रबाट छाला, गहुँ, मकै, जौ, चामल, खुर्सानी, ध्यू आदि चीनतर्फ निकासी हुन्छ र चीनतर्फबाट कपडा, जुत्ता, नून, साबुन आदि आयात गरिन्छ। यस व्यापारमा परम्परागत नून, ऊन र याक तथा नाकको व्यापार प्रायः नगण्य भइसकेको छ।

चैनपुर बजारमा विशेषगरी लत्ता कपडा, नून, तेल, मट्टितेल, चुरोट, चीनी आदि उपभोग्य सामग्रीको खरीद-विक्री हुन्छ।

जिल्लाभित्र आन्तरिक किन-बेचको निम्ति ठाउँ-ठाउँमा तोकिएका दिन हाटहरू लाग्ने गर्दछन्। खाँदबारी, चैनपुर, बाह्रबिसे, चन्दनपुर र वाना मादी रैकर आदि ठाउँमा साप्ताहिक हाटहरू लाग्दछन्। तर हेदाङ्नामा लाग्ने औंसी पूर्णेका हाटहरू, दिरिङ र च्यामिरका माघे संक्रान्तिका हाटहरू यस जिल्लाका प्रमुख हाट हुन्। सिद्धकाली, मनकामना र वरुण दोभानमा लाग्ने वार्षिक मेलाहरूमा पनि हाटबजार निकै ठूला हुन्छन्। यस प्रकार हाट व्यवस्थाले यो जिल्लाको आन्तरिक अर्थ व्यवस्थामा ठूलो भूमिका खेलेको हुन्छ।

बैंक सेवा

यो जिल्लामा राष्ट्रिय वाणिज्य बैंकको शाखा चैनपुरमा स्थापना भएको छ। यस बैंकले स्थानीय साहू महाजन तथा कर्मचारीहरूको निम्ति सेवा प्रदान गरिआएको छ। यो बैंकमा चल्ती, बचत, मुद्दती र नन्अपरेटिभ विभिन्न खाताहरू खोलिएका छन्। तिनमा क्रमशः रू. ६,३८,०००।, २,११,०००।, २,४१,०००। र २०,०००। गरी जम्मा रू. ११,१०,०००। २०३१ असार मसान्तसम्म जम्मा हुन आएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात तथा सञ्चार

यातायात

यातायातको दृष्टिले संखुवासभा निकै विकट भए तापनि निकट भविष्यमा बन्ने कुनै राजमार्ग वा अन्य मोटर चल्ने बाटोले यसलाई भ्याउनेगरी योजना भएको छैन। जिल्लाको सबभन्दा महत्वपूर्ण बाटो चीन सीमाना जाने बाटो हो। यो बाटो धरानबाट धनकुटा भएर किमाथाङकासम्म ७१ कोस पर्ने अनुमान गरिएको छ। त्यसमध्ये अधिकांश भाग घोडाको निम्ति अनुपयुक्त रहेको छ। यस जिल्लाभित्र उक्त बाटोमा पर्ने खोलाहरू केवा, पिलुवा सभाखोला, अरुण नदी र वरुण खोलामा सुरक्षित पुलहरू छैनन्। धेरैजसो ठाउँमा चोयाका झोलुङ्गे पुलहरू छन् र ती पुलहरू अति खतरनाक छन्। उत्तरी क्षेत्रका यी बाटो र पुलहरूको निर्माणमा दुर्गम क्षेत्र विकास समिति (हाल दुर्गम क्षेत्र तथा स्थानीय विकास विभाग) बाट केही योजनाहरू सञ्चालन गरेका छन्। ती मध्ये अरुण नदीमा बनेको तुर्के घाटको झोलुङ्गे पुल विशेष महत्वको छ। यसले यो जिल्लालाई भोजपुर र अन्य पश्चिमी भागसँग आवामगनमा ठूलो सुविधा पुऱ्याएको छ। त्यस्तै वरुण नदीको झोलुङ्गेपुल पनि निर्माण भइसकेको छ।

खाँदबारी र चैनपुर दुवै प्रशासनिक एवं सामान्य व्यापारिक दृष्टिले महत्वपूर्ण केन्द्रहरू हुन् र ती दुई ठाउँ जोड्ने अन्दाजी आठ कोस बाटो राम्रो अवस्थामा छ तर त्यस बाटोमा पर्ने सभा खोला र हेँवा खोलामा पुल बनाउने योजना सञ्चालन भएको छ। अन्य मुख्य मुख्य ठाउँ जस्तै बाह्रबिसे जानेबाटो पनि राम्रै अवस्थामा छ तर ठाउँ ठाउँमा पुलको खाँचो अझ यथावत् छ। जिल्लाको अधिकांश भागमा पैदल हिंड्ने बाहेक अन्य साधनको प्रयोग असम्भव नै छ। यो अवस्था विशेषगरेर उत्तरी क्षेत्रको आवागमनमा अझ खराब छ।

संखुवासभाबाट विकास केन्द्र धनकुटा जोड्ने बाटोमा पनि सभाखोला र पिलुवा खोलामा हालसम्म पुल नरहेकोले वर्षाकालमा ज्यादै दुःख झेल्नु पर्ने हुन्छ। हाल सडक विभागबाट उक्त दुवै ठाउँमा झोलुङ्गे पुल निर्माण भइरहेको छ। संखुवासभाबाट भोजपुर जिल्लातर्फ आवागमन गर्न अरुण कोशीको ठाउँ ठाउँमा घाटहरू लाग्दछन्। तिनीहरूमा कात्तिकेघाट, सतीघाट, कुंडुलेघाट, वैरेनीघाट विशेष चल्तीका घाटहरू हुन्। यी घाट तर्दा सामान्यतः प्रतिव्यक्ति रू. –।५० दस्तुर लाग्दछ। घाटहरूमा लगाइएको ठेक्काबाट जिल्ला पञ्चायतले सालाना अन्दाजी रू. १२,५००। आम्दानी गर्ने गरेको छ।

संखुवासभा जिल्लाको यातायातमा महत्वपूर्ण भूमिका तुम्लिङटारको नै छ भन्नुमा अत्युक्ति नहोला। यहाँ तल्लो तुम्लिङटारमा १,३६४ मिटर (४,५०० फीट) लामो धावन मार्ग भएको एक विमानस्थल छ। यहाँ "ट्वीन ओटर" र अन्य स-साना हवाइजहाज उत्रन सक्दछन्। शाही नेपाल वायुसेवा निगमले सीमित संख्यामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएपनि हवाइ सेवा पुऱ्याई आएको छ। सामान्य आवागमनमा यसको महत्व त छँदैछ तापनि यो विमानस्थलको महत्व भूखमरी, बाढी, पैरो जस्तो दैवी प्रकोपको समयमा आवश्यक सहायता जिल्लाबासीहरू समक्ष पुऱ्याउनमा ठूलो योगदान दिइआएको छ।

सञ्चार

सञ्चारको क्षेत्रमा पनि यो जिल्ला निकै पिछडिएको छ। छिटो साधनको रूपमा सार्वजनिक प्रयोगको निम्ति चैनपुरमा एक आकाशवाणी केन्द्र छ। सदर मुकामबाट यो ठाउँ अन्दाजी आठ कोस टाढा पर्ने भएकोले सरकारी कामकाजमा केही कठिनाइ अनुभव गरिएको छ।

यो जिल्लाका १२ विभिन्न पञ्चायतमा हुलाक सेवा प्राप्त छ। छोटी हुलाक जिल्लाभरिमा एउटा मात्र छ र सो चैनपुरमा राखिएको छ। शाखा हुलाक जम्मा तीन वटा छन् र तिनीहरू– मादीवीर्ता, खाँदबारी र हेदाङनामा स्थापित छन्। अन्यत्र आठ पञ्चायतमा केवल अतिरिक्त हुलाक मात्र छन्। यसमा सबभन्दा उत्तरी पञ्चायत चेपुवा हो र अतिरिक्त हुलाक रहेका अन्य पञ्चायतहरूमा माङतेवा, ताम्कु, चन्दनपुर,इमावितलव, वाना, नूनढाकी र आँखीभूईं हुन्।

२०२९।३० को चिट्ठीपत्र विषय प्राप्त तथ्याङ्क अनुसार यो जिल्लामा ५६,५५१ वटा साधारण चिट्ठी तथा हवाइ पत्रहरू प्राप्त भएको र जिल्लाबाट २७,५०२ वटा चिट्ठी पत्र बाहिर गएको देखिन्छ। त्यस्तै यहाँ रू. १६,५१२। को टिकट वार्षिक खपत भएको देखिन्छ। साधारणतया चैनपुर बजार, खाँदबारी तथा मादी इलाकाका मानिसहरू धेरै चिट्ठीपत्र व्यवहार गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

पूर्वी पहाडका अन्य जिल्लाहरूमाभन्दा यहाँका निवासीहरू शिक्षाप्रति जागरुक रहेका छन् भन्न सकिन्छ। खासगरेर चैनपुर, मादीतर्फका जिल्लाबासीहरू आफ्ना छोरा-छोरीहरूलाई शिक्षित बनाउनमा प्रयत्नशील छन्। उत्तरी क्षेत्रतर्फ भने शिक्षाको गति कम छ भन्नुमा अत्युक्ति नहोला।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	६,५६२	२६३	११.६	६,७९४	२६६	३.९	१३,३५६	१,०२९	७.७
१०–१४	८,०२६	२,१७३	२७.१	७,३६०	५०१	६.८	१५,३८६	२,६७४	१७.४
१५–१९	६,३३७	२,०५०	३२.३	५,९७७	३६१	६.०	१२,३१४	२,४११	१९.६
२०–२४	४,८३०	१,५६०	३२.३	४,९८८	१८९	३.८	९,८१८	१,७४९	१७.८
२५–२९	३,९१०	१,१२१	२८.७	४,२१४	१०४	२.५	८,१२४	१,२२५	१५.१
३०–३४	३,१३६	७७३	२४.६	३,५४६	५३	१.५	६,६८२	८२६	१२.४
३५–३९	२,९८६	६६८	२२.४	३,२३९	४४	१.४	६,२२५	७१२	११.४
४०–४४	२,७०१	५२२	१९.३	३,०९९	३९	१.३	५,८००	५६१	९.७
४५–५४	३,८५१	७५७	१९.७	४,१३५	४२	१.०	७,९८६	७९९	१०.०
५५–६४	२,६२०	४०९	१५.६	३,०००	१७	०.६	५,६२०	४२६	७.६
६५–	१,९२६	२४१	१२.५	२,३००	१७	०.७	४,२२६	२५८	६.१
जम्माः–	४६,८८५	११,०३७	२३.५	४८,६५२	१,६३३	३.४	९५,५३७	१२,६७०	१३.३

वि. सं. २०२८ सालको जनगणनामा आधारित उपर्युक्त तालिका अनुसार छ वर्ष र त्यसभन्दा बढी उमेर पुगेका ९५,५३७ जनसंख्यामध्ये केवल १२,६७० जना अर्थात् १३.३ प्रतिशत जनसंख्या मात्र साक्षर छन्। त्यस उमेरभित्रका पुरुषको जनसंख्या ११,०३७ मा २३.५ प्रतिशत र महिलाहरू १,६३३ मा केवल ३.४ मात्र साक्षर देखिन्छन्। यसप्रकार यो जिल्लामा साक्षरताको दृष्टिमा पुरुष र महिलाका बीच ठूलो अन्तर देखिन्छ। यो जिल्लामा सबभन्दा बढी प्रतिशत साक्षर देखिएका जनसमूह १५ वर्षदेखि १९ वर्षभित्र पर्न आउँदछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस समूहका मानिसहरूमध्ये १९.६ प्रतिशत साक्षर छन्।

प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीहरूमा १० वर्षदेखि १४ वर्ष उमेरका केटाकेटीको संख्या १,७६१ जना छ भने छ वर्षदेखि नौ वर्षभित्रका केटाकेटीको संख्या केवल ७७७ मात्र छ। भौगोलिक कारणले गर्दा पनि साना केटाकेटीहरूलाई विद्यालयमा आउन जान कठिन हुने भएकोले धेरै केटाकेटीहरू पढ्न जान नसक्ने हुनजान्छन्।

यो जिल्लामा माध्यमिक विद्यालय पाँच, निम्न माध्यमिक छ र प्राथमिक विद्यालय ९१ गरी जम्मा १०२ शिक्षण संस्थाहरू छन्। तिनमा २० वटा विद्यालयको मात्र आफ्नै भवन छ। जिल्लामा ३,८५१ छात्र र ९१० छात्रा गरी जम्मा ४,७६१ विद्यार्थीहरू विद्यालयमा दर्ता भएका देखिन्छन्। तदनुसार छ वर्ष र त्यसभन्दा माथिको जनसंख्याको पाँच प्रतिशतभन्दा पनि कम मानिसहरू मात्र पढ्दै गरेको देखिन्छ। पहाडी जिल्ला हुनुको साथै मानिस पूर्णरूपमा कृषि कार्यमा व्यस्त रहने भएकोले विद्यालयमा पढ्न सक्ने बालक-बालिकाहरू पनि घरायसी कामकाजमा व्यस्त रहने हुनाले विद्यालयमा विद्यार्थीहरूको संख्या कम देखिन गएको हुन सक्छ।

यहाँ प्रौढ शिक्षाको क्षेत्रमा केही परिवर्तन आएको देखिन्छ। २०२८ सालको तथ्याङ्क अनुसार ३५ वर्ष नाघेकाहरूमा केवल छ जना पुरुष मात्र विद्यालयमा जाने गरेका थिए भने हाल २९४ जना प्रौढहरू साक्षर भइसकेका छन्। महिलाहरू पनि साक्षर हुनेतर्फ प्रयत्नशील छन्।

यो जिल्लामा शिक्षक २६० र शिक्षिका तीन समेत गरी जम्मा २६३ शिक्षकहरू छन्। त्यसमध्ये आठ जना जिल्ला बाहिरका हुन्। तालीम-प्राप्त शिक्षक ६५ र शिक्षिका एक मात्र छन्। जिल्लामा चारवटा पुस्तकालयहरू खोलिएका छन्।

शिक्षा प्रचारको निम्ति श्री ५ को सरकारले २०२९।३० सालमा रू. १,६६,६४०। जिल्लाका विभिन्न विद्यालय र निम्न माध्यमिक विद्यालयहरू, प्राथमिक विद्यालय, दुर्गम तथा अन्य छात्रवृत्ति र प्रौढ साक्षरताको लागि प्रदान गरेको थियो।

स्वास्थ्य

जिल्लाको सबभन्दा ठूलो स्वास्थ्य केन्द्र चैनपुर गाउँ पञ्चायत वडा नं. ३ मा राखिएको छ। यहाँ एकजना डाक्टर, दुई जना स्वास्थ्य सहायकको दरबन्दी छ। आर्थिक वर्ष २०२९।३० मा यस केन्द्रमा १३,२५१ बिरामीहरूलाई स्वास्थ्य सेवा पुऱ्याइएको थियो। यस स्वास्थ्य केन्द्रमा बिरामी राख्ने शय्याको व्यवस्था छैन। चैनपुर बजारमा नै एक टी. बी. क्लिनिकको स्थापना भएको छ। यो क्लिनिकमा ३०-३२ जना बिरामीहरूलाई पुग्ने शय्याहरू छन्। यहाँ क्षय रोगका बिरामीलाई उपचार गर्ने र बी. सी. जी. दिने काम गरिआएको छ।

खाँदबारीमा एक र नुममा एक गरी जम्मा दुईवटा आयुर्वेदिक औषधालयहरू छन्। चेपुवा, मादी-मुलखर्क र तुम्लिङटारमा एक-एकवटा स्वास्थ्य चौकी स्थापना भएका छन्।

जिल्लामा स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरू ज्यादै कम हुनाको साथै त्यहाँ औषधि पनि सीमित मात्रामा उपलब्ध हुने भएकोले अन्धविश्वासको आडमा झाँक्री, धामी आदिले गरिआएको परम्परागत औषधोपचार अझै कायम नै छ।

परिवार नियोजन तथा मातृ-शिशुकल्याणको कार्यक्रम चैनपुर स्वास्थ्य केन्द्रबाटै सञ्चालन भइरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। परिवार नियोजन विषय छुट्टै प्रचार गर्ने र गाउँ-गाउँ घुमी सेवा पुऱ्याउने कार्यक्रम अझ लागू भइसकेको छैन। औलो उन्मूलन कार्यमा दोहोरिएर आएका रोगको रोकथाम गर्नेतर्फ विशेष सक्रिय रहेको देखिन्छ। औलो प्रकोप-को रूपमा नरहे तापनि बाहिरबाट आउने व्यक्तिहरूले सारेर ल्याएको औलो रोग फाटफूट देखिने गरेको छ।

खानेपानी

जिल्लाको अधिकांश भागका बासिन्दाहरू प्राकृतिक जलस्रोत जस्तै कुवा, नदी, खोला आदिबाट खानेपानीको आवश्यकता आपूर्ति गर्दै आएका छन्। चैनपुरमा हाल एउटा आयोजना सम्पन्न भएको छ। त्यसको अतिरिक्त खाँदबारीमा पनि खानेपानीको व्यवस्था गर्ने सर्वेक्षण कार्य हुने भएको छ। मादीविर्ता गाउँ पञ्चायत अन्तर्गत मादी गाउँमा पनि धारा योजना चालू अवस्थामा छ। यसले करीब ५०० जनतालाई २,००० ग्यालन प्रतिदिन पानीको सुविधा पुऱ्याउने लक्ष्य राखेको छ। नुममा पनि खानेपानी आयोजना सञ्चालन भई हाल सो आयोजना सम्पन्न भएको छ।

खानेपानीको अभाव भएको मादीविर्ता, स्वाची र ताम्कु गाउँ पञ्चायतमा जिल्ला पञ्चायतले क्रमशः ५० प्रतिशत, ७५ प्रतिशत र ७५ प्रतिशत अनुदान दिई जम्मा तीनवटा योजना सञ्चालन गरिएकोमा मादीमा उक्त योजना सम्पन्न भइसकेका र अरू योजनाहरू सञ्चालन भइरहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

यो जिल्ला पहिले धनकुटा गौंडाबाट प्रशासित हुन्थ्यो। पछि २०२२ साल पुस १ गतेदेखि छुट्टै प्रशासकीय जिल्ला भएको हो। हाल जिल्लाको सामान्य प्रशासन कार्य सदर मुकाम खाँदबारीबाट हुने गरेको छ तापनि जिल्लास्तरीय केही महत्वपूर्ण कार्यालयहरू चैनपुर बजारमा नै अवस्थित छन्।

हाल खाँदबारी र चैनपुरमा अवस्थित प्रमुख कार्यालयहरू यस प्रकार छन्ः—

खाँदवारी	चैनपुर
प्रमुख जिल्ला अधिकारीको कार्यालय	जिल्ला अदालत
जिल्ला भूमि सुधार कार्यालय	जिल्ला माल कार्यालय
जिल्ला पञ्चायत कार्यालय	आकाशवाणी केन्द्र
जिल्ला शिक्षा कार्यालय	स्वास्थ्य सेवा केन्द्र
जिल्ला प्रहरी निरीक्षक कार्यालय	प्रहरी थाना
शाखा हुलाक	छोटी हुलाक
आयुर्वेदिक औषधालय	सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय
"ब्रिटिश गोर्खा वेलफेयर अफिस"	राष्ट्रिय वाणिज्य बैंक
नेपाल औलो उन्मूलन संघ, शाखा कार्यालय	"नेपाल ब्रिटिश मेडिकल ट्रष्ट" टी. बी. क्लिनिक
शाही नेपाल वायु सेवा निगम, शाखा कार्यालय	कारागार कार्यालय
	नेपाल औलो उन्मूलन संघ, जिल्ला कार्यालय
	रेञ्ज कार्यालय
	पशु चिकित्सालय

जिल्लाका कतिपय भागमा अन्य कार्यालयहरू राखिएकाछन्। जस्तै, प्रहरी चौकी–स्याक्सिला, हेदाङ्ना, ताम्कु, बाह्रबिसे, तुम्लिङटार हवाई मैदान, नूनढाकीमा र चेकपोष्ट हाल चेपुवामा राखिएको छ। उत्तरी क्षेत्रको निम्ति स्वास्थ्य सेवाको सुविधा चेपुवा स्थित स्वास्थ्य चौकी मात्र उपलब्ध छ। सञ्चार सुविधाको हकमा एक एकवटा शाखा हुलाक मादी र हेदाङ्नामा छन् र अतिरिक्त हुलाकहरू जम्मा आठ वटा छन्। तिनीहरू रहेका गाउँहरू– चेपुवा, ताम्कु, माँतेवा, चन्दनपुर, बाह्रबिसे, वाना, नूनढाकी र आँखीभूई हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संखुवासभा जिल्लामा कर कार्यालय तथा अन्तःशुल्क कार्यालय स्थापना भइसकेको छैन। कर विषय कामकाज कोशी अञ्चल कर कार्यालय धरानबाट हुन्छ र अन्तःशुल्क र रोयल्टी समेत गरेर विगत चार सालको राजस्व रू. ४,९३१। मात्र असूल भएको देखिन्छ।

यस जिल्लामा भन्सार कार्यालय स्थापना गरिएको छैन। चीन सीमाना निरको गाउँ किमाथाङकामा एउटा भन्सार कार्यालय राख्ने विषयमा कारवाही भइरहेको छ।

न्याय

यहाँको जिल्ला अदालत चैनपुरमा राखिएको छ। हाल एक राजपत्राङ्कित न्यायाधीशबाट मुद्दा मामिला छिनफान हुने गरेको छ। २०२९।३० को आँकडा अनुसार जिल्ला अदालतमा १,१५७ मुद्दाहरू मौजूद रहेको देखिन्छ। त्यसमध्ये सबभन्दा बढी मुद्दा पर्ने विषय जग्गा, कूत, लेनदेन आदि हुन्।

पञ्चायत

यस जिल्लामा जम्मा ३९ गाउँ पञ्चायतहरू छन् र ती मध्ये धेरैजसो जिल्लाको दक्षिणी भागमा रहेका छन्। शैक्षिक एवं सामाजिक जागरण पनि दक्षिणतिरै धेरै भएकोले यस जिल्लाको राजनीतिमा दक्षिण-तर्फका निवासीहरूकै बोलबाला रहे तापनि यो स्थितिमा बिस्तारै परिवर्तन आउन थालेको देखिन्छ।

ज्यादै दुर्गम र अविकसित जिल्ला भए तापनि स्थानीय विकास कार्यक्रममा जिल्लाबासीहरू जागरुक रहेका देखिन्छन्। पञ्चायतहरूको स्थानीय आम्दानीका मुख्य स्रोतहरू हाटबजार कर, धुरी कर, रेडियो तथा भरूवा बन्दूक नवीकरण कर, निवेदन दस्तूरी तथा दण्ड-जरिमाना, घाट तथा पुलको कर आदि हुन्। यस प्रकार एक गाउँ पञ्चायतबाट वर्षको औसत रू. ५००। मात्र आम्दानी हुने भई जिल्ला सभा कोषमा आर्थिक वर्ष २०२९।३० मा रू. १८,२९९। मात्र जम्मा हुन गएको देखिन्छ। यसप्रकार नगद आम्दानीको कमी हुनु र साथै निर्माण कार्यमा दक्ष कार्यकर्ताहरू पनि जिल्लामा प्राप्त नहुनाले श्रमबाट मात्र बन्न सकिने स-साना कुलो, गोरेटो जस्ता योजना मात्र कार्यान्वित हुने गरेको छ। यो जिल्लाबाट राष्ट्रिय पञ्चायतमा एकजना सदस्यले प्रतिनिधित्व गर्दछन्।

वर्गीय संगठनहरू

यस जिल्लामा नेपाल युवक संगठन अन्तर्गत १७५ जना सदस्यहरू छन्, महिला संगठन अन्तर्गत ७८ सदस्य, किसान संगठन अन्तर्गत १६८ सदस्य र भूतपूर्व सैनिक संगठन अन्तर्गत १४३ सदस्यहरू गरी जम्मा ५६४ व्यक्तिहरू विभिन्न संगठनमा लागेका छन्। ती मध्ये नेपाल महिला संगठन अन्तर्गत ३५ देखि ६० वर्षका निरक्षर महिलाहरूलाई साक्षर बनाउने कार्य भएको छ। जिल्लाबासीहरू अन्य संगठनहरूबाट पनि यस्तै उल्लेखनीय सेवाहरू प्राप्त गर्न उत्सुक छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

संखुवासभा जिल्ला दुर्गम छ । पहाड, पर्वत र हिमालले बनेको छ अनि अनियन्त्रित नदी नालाले भरिएको छ । अधिक वर्षा हुने क्षेत्रमा पर्नाको साथै भू-सतहलाई रक्षा गर्ने वन वनस्पति पनि तीव्र गतिमा नासिँदै गएकोले बाढी र पैरोको प्रकोप बढ्दो छ । यहाँका खोलानाला तर्नलाई चोयाको तुईन र कोक्रो बाहेक अन्य सुरक्षित साधन सीमित ठाउँमा मात्र छ । यो जिल्ला यातायात कै कारणले अविकसित रहेको हुनाले यहाँ सञ्चालन गरिएका तथा प्रस्ताव गरिएका आयोजनाहरू धेरै जसो बाटोघाटो, पुल, साँघु आदिसँग सम्बन्धित छन् ।

मुख्य रूपमा अरुण नदीको उपत्यकाले बनेको यो जिल्लामा विकासको अरुणोदय हुन अझ बाँकी नै छ । पूर्वाञ्चल विकास क्षेत्रमा आर्थिक अभिवृद्धिको मेरूदण्डको उत्तरीछेउ यसै जिल्लाको हेदाङनागढीसम्म परिकल्पना गरिएको छ । यो जिल्लालाई विकासको बाटोमा डोऱ्याउन जिल्लाभित्रको श्रम, साधन र शक्तिलाई परिचालन गरी परम्परागत रूपमा चलिआएको कृषि व्यवस्थालाई आधुनिक साधनको टेवा र ज्ञान विज्ञानको परिचय उपलब्ध गराएर आधारभूत विकास तर्फ जोड दिनु आवश्यक छ । त्यसको अतिरिक्त कृषिलाई घर व्यवहारको खाँचो टार्ने खालको व्यवस्थाबाट केही विकसित बनाएर नगद उपार्जन गर्न सक्ने खालको बाली-नाली लगाउने प्रवृत्तिलाई बढावा दिनुपर्दछ ।

लेकाली भागको पशु पालनलाई अरू लाभदायक व्यवसाय बनाउन तिब्बततर्फबाट नाक र याक झिकाउने र जोक्वियो निकासी गर्न आवश्यक सम्झौता गरिनु लाभप्रद हुने सिद्ध छ । हाल चीन सीमानामा चलेको व्यापारलाई अरू फराकिलो तुल्याउने तर्फ कदम चालिनुपर्दछ ।

पहाडी भागको सुन्तला, जुनार, कागती र बेंसी भागको आँप, केरा आदि फलफूललाई धेरै दिनसम्म सुरक्षित राख्ने साधन नभएकोले तिनको उपयुक्त मूल्य आर्जन गर्न सकिएको छैन तसर्थ फलफूल खेतीबाट खास लाभ हुन सकेको देखिँदैन । जिल्लाको पैदावारलाई व्यवस्थित रूपमा बजार उपलब्ध्याउनु नै फलफूल खेतीलाई प्रोत्साहन दिनु हो । फलफूल विकास कार्य अन्तर्गत कीटनाशक एवं रोग निरोधक औषधी प्राप्त गराई विकसित जातका बोट बिरूवाको बिस्तार गराउनाले पहाडी जनतालाई ठूलो आर्थिक टेवा मिल्ने स्पष्ट छ ।

यो जिल्लाको हिमाली भागमा रहेको वन र वन्य जन्तुको जीव विज्ञानको क्षेत्रमा विशेष महत्व छ । तिनको संरक्षण गर्नु पर्यटन विकासको निम्ति आधार मात्र होइन भावी सन्ततिको निम्ति समेत गौरवमय परम्परा कायम हुन जाने हुन्छ ।

यो जिल्लामा घरेलु इलम परम्परागत रूपमा आएको भए तापनि हाल त्यस क्षेत्रबाट विशेष आर्थिक लाभ हुन सकेको देखिँदैन । सीमावर्ती क्षेत्रमा ऊनको व्यापार घट्नाले गलैंचा आदि उच्चकोटीको ऊनी सामग्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तैयार गर्नमा वाधा उत्पन्न भएको छ। स्थानीय कागे भेडाको ऊनबाट राडी, पाखी जस्तो खस्रो सामग्री मात्र तैयार हुने गरेको छ।

घ्यू, छुर्पी आदि दुग्ध सामग्रीको यस जिल्लामा ठूलो सम्भाव्यता छ। यस व्यवसायलाई दिगो राख्न याक र नाक जातका चोखो नश्लको चौंरी उपलब्ध गराइनु पर्ने देखिन्छ।

चैनपुर इलाकामा बन्ने कांस र पित्तलका भाँडाकुंडा उत्कृष्ट खालका भए तापनि यसै अञ्चलको विराटनगरमा मेशीनद्वारा बनेको स्टेनलेस स्टीलका भाँडा वर्तन सस्तो मोलमा प्राप्त हुने र साथै भारतबाट आलमोनियमका भाँडा वर्तन सस्तो मोलमा उपलब्ध हुने भएकोले चैनपुरे भाँडा वर्तनको खपत धेरै हुनसकेको छैन। यस व्यवसायलाई जागरुक राख्न त्यहाँ बनेको हस्तकलायुक्त करूवा, अमखरा आदि धातुको सामग्रीलाई विदेशी पर्यटकहरूको निम्ति उपलब्ध गराइनुपर्दछ।

घरेलु इलमको सिलसिलामा मौरी पालन र रेशम खेती जस्तो व्यवसायको पनि यहाँ ठूलो सम्भावना छ।

यस जिल्लाका अनेकौं खानी व्यवस्थित ढङ्गबाट प्रयोगमा ल्याउन यातायात, विद्युत्शक्ति जस्ता विकासका आधुनिक आधार तैयार भइसकेको छैन। तसर्थ लघुस्तरमा नै भएपनि टुर्मालीन, कुरिन आदि पत्थरको कामलाई प्रोत्साहन दिनु फाइदाजनक देखिन्छ।

संखुवासभा जिल्लामा सञ्चालन भएका सामाजिक सेवाका कार्यक्रमहरू विशेषगरेर शिक्षा र स्वास्थ्य-को क्षेत्रमा ज्यादै कम छन्। तसर्थ जिल्लालाई विकास गर्दै लैजान सक्षम जनशक्तिको आधार बलियो बनाउने दिशातर्फ कदम चालिनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रथुम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	३२५
प्राकृतिक स्वरूप र सम्पदा	३२६
ऐतिहासिक पृष्ठभूमि	३३२
प्रमुख स्थानहरू	३३५
जनसंख्या र जनजीवन	३३८
आर्थिक व्यवस्था	३४४
यातायात र सञ्चार	३५१
शिक्षा, स्वास्थ्य तथा खानेपानी	३५४
प्रशासन र पञ्चायत	३५८
उपसंहार	३६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

तेह्रथुम जिल्ला लिम्बुवानको १३ थुमले बनेको हो। यसको नामकरण जग्गाको तिरो उठाउने व्यवस्थासँग सम्बन्धित भएको देखिन्छ। लिम्बुवान क्षेत्र नेपाल अधिराज्यमा समावेश भैसके पछि यहाँको तिरोभरो तत्कालीन धनकुटा गौंडाबाट उठाउने गरिन्थ्यो। त्यसबेला लिम्बुवानमा जम्मा १७ थुम थिए। त्यसैबाट १३ थुम अलग्याई विक्रम सम्वत् १९५२ मा त्यस क्षेत्रमा एउटा अलग माल अड्डा खडा गरिएको थियो। सोही भूभागको एकाइलाई कायम गरी वि. सं. २०१८ सालमा नेपाल अधिराज्यलाई ७५ विकास जिल्लामा विभाजन गर्दा तेह्रथुम जिल्लाको सिर्जना भएको हो।

पूर्वाञ्चल विकास क्षेत्रको पहाडी जिल्लाहरूमा सबभन्दा धेरै साक्षर तेह्रथुम जिल्लामा पाइएको छ। यहाँको कुल साक्षर १७ प्रतिशत छ र पुरुषहरूको बीचमा मात्र हेर्दा करीब ३० प्रतिशत साक्षर पाइन्छ, यसबाट पूर्वाञ्चलको पहाडी भेकमा यस जिल्लाले शिक्षाको क्षेत्रमा विशेषता हासिल गरेको देखिन्छ।

प्राकृतिक दृष्टिबाट यस जिल्लालाई पूर्वमा तमोर नदीले, पश्चिममा मिल्केडाँडा र तीनजुरेडाँडाहरूले, उत्तरमा हाङबुवाखोलाले र दक्षिणमा तेलिया खोला र पटेकडाँडाले छुट्याएका छन्। यो जिल्ला २६°५९' देखि २७°३०' सम्म उत्तर अक्षांश र ८७°२५' देखि ८७°४५' सम्म पूर्व देशान्तरमा पर्दछ।

यसको पूर्वमा पाँचथर र ताप्लेजुङ्ग जिल्ला, पश्चिममा संखुवासभा र धनकुटा जिल्ला, उत्तरमा ताप्लेजुङ्ग जिल्ला र दक्षिणमा धनकुटा जिल्ला पर्दछन्।

तेह्रथुमको क्षेत्रफल ६१८ वर्ग किलोमिटर छ। यसको मानचित्र त्रिकोणको आकारमा बनेको छ। यसको सदरमुकाम तेह्रथुम बजार हो, जसलाई म्याङलुङ बजार पनि भनिन्छ।

यस जिल्लाको जनसंख्या १,१९,३०७ छ। त्यसमध्ये पुरुषको संख्या ५९,०३३ र महिलाको संख्या ६०,२७४ छ। यहाँ खासगरी लिम्बूहरूको बसोबास भएको पाइन्छ। त्यसको साथै बाहुन, क्षत्री, नेवार, गुरूङ, राई आदि जातजातिका मानिसहरू पनि बस्दछन्।

यस जिल्लामा जम्मा ४० पञ्चायत छन्। यहाँका निवासीहरूको मुख्य व्यवसाय कृषि नै हो। यस अतिरिक्त केहीले घरेलु उद्योग चलाउँछन् र केही विदेशी फौजमा भर्ती पनि भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

तेह्रथुम जिल्ला अग्ला पहाड र लेकहरूले भरिएको छ। मध्यपर्वतीय क्षेत्रमा परेको यो जिल्लाको केही उत्तरी भू-भाग हिमाली पर्वत श्रृङ्खलामा समावेश भएको छ। तमोर नदीको किनार यस जिल्लाको सबभन्दा होचो सतह हो र यसको उचाइ ३४५ मिटर (१,१०० फीट) छ। यहाँका पहाडी चुचुराहरू माथि उठ्दै ३,९६२.४ मिटर (१३,००० फीट) सम्म पुगेका छन्। उत्तर-दक्षिण करीब ५७.६ किलोमिटर (१८ कोस) र पूर्व-पश्चिम करीब २५.६ किलोमिटर (आठ कोस) फैलिएको यस जिल्लाको मानचित्र झण्डै त्रिकोणको आकारमा बनेको छ। यसको उत्तरी र दक्षिणी भाग साँगुरिदै गएको र पूर्वी र पश्चिमी भाग फुक्दै गएको छ।

यहाँका प्रमुख पहाडहरूमा करीब ३,९६२.४ मिटर (१३,००० फीट) अग्लो अक्करे पहाड र करीब ३,०४८ मिटर (१०,००० फीट) अग्लो मिन्छेपहाड, करीब ३,०४८ मिटर (१०,००० फीट) अग्लो तीनजुरे पहाड, करीब २,७४४ मिटर (९,००० फीट) अग्लो मिल्के पहाड उल्लेखनीय छन्। यसका साथै जिल्लाको उत्तरी भागमा जितके देउराली डाँडा र केरकेर डाँडा, बीच भागमा दियापुंजे डाँडा, रमितं डाँडा, देउराली डाँडा, पोकलवाङ डाँडा, छेने डाँडा र हरिसे डाँडाहरू र दक्षिणी भागमा पञ्चमी डाँडा पर्दछन्।

भौगोलिक बनावट

भौगोलिक दृष्टिबाट यस जिल्लालाई तीन भागमा बाँड्न सकिन्छः—

१. लेकाली भाग
२. पहाडी भाग
३. बेंसी

लेकाली भाग

लगभग २,७०० मिटर (८,९१० फीट) भन्दा उच्च क्षेत्रलाई लेकाली भाग मान्न सकिन्छ। यस भागमा जाडो मौसममा हिउँ पर्छ र ग्रीष्म तथा वर्षाकालमा हिउँ पग्लेर गएपछि यहाँ अत्यन्त रमणीय दृश्य देखिन्छ। यहाँ ठूल–ठूला चरनहरू पाइन्छन् त्यसैले यस क्षेत्रमा भेडा तथा चौंरीका गोठहरू राखिन्छन्। यो भागमा अग्ला अग्ला रूखहरू पाइन्नन् र यसलाई स-साना रङ्गी विरङ्गी फूलहरूको खानी भने पनि हुन्छ। यो क्षेत्र प्रायः खेती योग्य छैन र असार - साउन महीनामा अधिकांश समय कुहिरोले ढाकिएको हुन्छ। पुसदेखि फागुनसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रेदेखि तीनजुरे मंगलबारे हुँदै मिल्के लेकसम्म हिउँ पर्दछ ।

पहाडी भाग

लगभग १,२०० मिटर (३,९६० फीट) देखि २,७०० मिटर (८,९१० फीट) उचाइको प्रदेशलाई पर्वतीय भाग मान्न सकिन्छ । यो क्षेत्र उब्जाउपूर्ण र खेतीयोग्य हुन्छ र त्यसैले यहाँ प्रसस्त खेतीपाती र गाउँ बस्ती बसेको पाइन्छ । बढ्दो जनसख्याको कारणले वन जङ्गलको नाश भएको देखिन्छ र व्यापक रूपमा भूक्षय र पैरो गएको छ ।

बेंसी

करीब १,२०० मिटर (३,९६० फीट) भन्दा मुनि रहेको भागलाई बेंसी तथा टारको भाग भन्न सकिन्छ तमोर नदीको तटवर्ती भाग ३४५ मिटर (१,१०० फीट) सम्म होचो छ र यसको किनारमा गर्मी र वर्षा पर्याप्त मात्रामा हुने हुनाले धानको राम्रो खेती हुन्छ । यस भागको दृश्य त्यति रमणीय नभए पनि खेतीको लागि राम्रा राम्रा फाँट र टारहरू पाइन्छन् । अन्न बालीको अतिरिक्त यहाँ आँप, केरा, भूईंकटहर आदि फलफूलको राम्रो खेती पनि हुन्छ ।

नदीनालाहरू

यसजिल्लामा साना ठूला अनेक नदीनालाहरू पाइन्छन् । केही नदी खोलाहरूले छिमेकी जिल्लासित साँध छुटयाउने काम गरेका छन् तर धेरै खोलाहरू जिल्ला भित्रबाटै बगदछन् । ती खोलाहरू जिल्लाको उत्तरी खण्डमा उत्तिको भव्य देखिन्नन् तर दक्षिणतर्फ बग्दै जाँदा सहायक खोलानालाहरू मिसिन आएपछि तिनीहरू अति तीव्र रूपमा बगदछन् र भयङ्कर देखिन्छन् । तिनीहरूको केही विवरण तल दिइन्छः—

तमोर नदी

यो पूर्वी नेपालको ठूला नदीहरूमध्ये एक हो । यो ताप्लेजुङ्ग जिल्लामा पर्ने उम्बेक हिमालबाट निस्केको छ । यो नदी तेह्रथुम जिल्लाको पूर्वी सीमानाको रूपमा रहेको छ । यो यस जिल्लाको उत्तरबाट पूर्व-दक्षिणतिर बग्दै गएको छ र यस जिल्लाको करीब मध्यभागमा पुगेपछि दक्षिण-पश्चिमतिर बगेको छ । त्यसपछि यो धनकुटा जिल्लामा पस्दछ ।

लम्बु खोला

यो छथर क्षेत्रमा हमरजुङ्ग पञ्चायत भएर बगदछ । यो खोला तीनजुरे पहाडको दाहिने पानी ढलोबाट निस्केको छ । यसले बाटोमा पर्ने धेरै जमीनको सिचाइ गरेको छ । यसमा पक्की पुल बनेको छैन । तसर्थ वर्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

याममा आवतजावत गर्न कठिन पर्दछ। यो पनि तमोर नदीमा मिलेको छ।

खोरंगा खोला

श्री जुङ्ग पञ्चायतबाट निस्केर तम्फुला पञ्चायत हुँदै यो तमोरमा मिसिन्छ। शुरूमा यो करीव १,२३४ मिटर (४,०५० फीट) को उचाइको सतंहबाट बग्दछ र तमोरमा मिसिने बेला ३०४ मिटर (१,००० फ़ीट) को सतहमा बग्दछ। यो सातपत्रे देउराली मुहान हुँदै बगेको छ। यस खोलामा कच्ची पक्की गरी जम्मा तीनवटा पुल बनेका छन्।

कोया खोला

यो सम्दु पञ्चायततिरबाट निस्केर इसिबु र सिम्ले पञ्चायत क्षेत्र हुँदै तमोरमा मिल्दछ। यो करीब १,५२४ मिटर (५,००० फ़ीट) सतह माथिबाट निस्केर ३०४ मिटर (१,००० फीट) सम्म झर्दछ र तमोरमा मिसिन्छ।

मेवा खोला

यो करीब २,४३८ मिटर (८,००० फीट) उच्च लेकहरूबाट उत्पन्न भई फाकुम्बा पञ्चायत क्षेत्रबाट बग्दछ र तमोरमा मिसिन्छ। यो खोलामा यस जिल्लाको उत्तरी भागमा बग्ने तगुवा खोला, नेवाया खोला, लोदुम्बा खोला आदि मिल्दछन् र आखिरमा तमोरमा झर्दछन्। यसमा फलामे, झोलुङ्गे र काठका पुलहरू छन्।

यस अतिरिक्त यस जिल्लामा स-साना खोलाहरू जस्तै सौवुना खोला, खुवा खोला, फुगुवा खोला, सन्धुवा ढूंग्रे खोला, गुरासे खोला, ताइमाया खोला, सावेरा खोला, तिबुङ्ग खोला, लेक खोला, परेवा खोला, कालो खोला, पिगुवा खोला आदि छन्।

ताल, पोखरी तथा झरना

यस जिल्लाका ताल पोखरीहरूमा चिचिलिङ पोखरी, तीन पोखरी, सिद्धमार्ग पोखरी, लाम पोखरी आदि उल्लेखनीय छन्। चिचिलिङ पोखरी जलजले र सिम्ले पञ्चायतहरूको बीच डाँडामा अवस्थित छ। यहाँ सँधै पानी रहिरहन्छ। यहाँ जाने बाटो म्याङलुङबाट पूर्व तर्फ तम्फुला पञ्चायत हुँदै खोरङ्गा खोला निस्कन्छ र त्यहाँबाट जलजले पञ्चायत अन्तर्गत मेहेरबुङ हुँदै द्यौराली डाँडा जानु पर्दछ। तीन पोखरी तीनजुरे पहाडको जङ्गल बीचमा रहेको छ। यहाँ जान सदरमुकामबाट जिरीखिम्ती हुँदै तीनजुरे पहाडको बीच जङ्गलतिर लाग्नु पर्दछ। सिद्धमार्ग पोखरी दोंगपा र पुलेक पञ्चायतहरूको बीच डाँडामा पर्दछ र यहाँ हिउँद वर्षा नै अटूट पानी रहिरहन्छ। यस ठाउँ जान सदरमुकामबाट जिरीखिम्ती, लसुने, वसन्तपुर, चित्रे जानु पर्छ र त्यहाँबाट दागंपा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र फुलेक पञ्चायततिर लागी बीच डाँडामा पुग्नु पर्छ । लाम पोखरी मोराहाड र श्रीजुङ्ग पञ्चायतको शिरमा पर्दछ। यो करीब ४५ मिटर (१५० फीट) देखि ६० मिटर (२०० फीट) लामो छ। यहाँ जाने बाटो सदरमुकाम-बाट जिरीखिम्ती र त्यहाँबाट मंगलबारे पुगेपछि लाम पोखरी आइपुग्छ।

यहाँका केही झरनाहरू पनि उल्लेखनीय छन्। यस्ता झरनाहरूमध्ये एउटा थिङलिबु पञ्चायत क्षेत्रमा मेवा खोलानिर छ । यहाँ माघे संक्रान्तिका दिन सो झरनाबाट तितेमाछा ढडिया थापी मार्ने चलन छ । अर्को झरना सम्दु र इसिबु पञ्चायतहरू बीचमा पर्दछ । यो करीब ३६५ मिटर (१,२०० फीट) माथिबाट झरेको छ। यसलाई ह्यातुङ झरना पनि भन्दछन्। यहाँ जाने बाँटो स्याङलुङ, साब्जा, खोरङ्ग खोलाको झोलुङ्गे पुल, वयाकजुङ पञ्चायतको देउराली डाँडा, सिद्धेपहरा फेदी, ताल खर्क, बनासे हुँदै गएको छ। अर्को झरना साब्रा र सुङनाम पञ्चायत बीचमा छ र यो करीब १५२ मिटर (५०० फीट) उचाइबाट झरेको छ। यसलाई लम्बु खोला झरना पनि भन्दछन् ।

हावापानी

यो जिल्लाको अधिकांश भाग मध्यपर्वतीय क्षेत्रमा पर्दछ र यहाँका बेंसीहरू कम उचाइमा अवस्थित छन्। तसर्थ पहाडी भागमा समशीतोष्ण मनसुनी हावापानी र बेंसी भागमा उष्ण मनसुनी हावापानी भएको पाइन्छ । यो जिल्लामा अन्य पहाडी जिल्लामा झैं भौगोलिक विविधताले गर्दा यहाँको जलवृष्टि, तापमान, आर्द्रता आदि ठाउँ ठाउँमा फरक हुने भएकोले जिल्लालाई प्रतिनिधित्व गर्ने खालको हावापानीको विवरण दिन सकिंदैन । यसको अतिरिक्त यो जिल्लामा जलवायु अवलोकन केन्द्र केवल दुमुहान भन्ने बेंसी भागमा मात्र रहेको हुनाले पनि हावापानी विषय जानकारी प्राप्त गर्न अझ गाह्रो पर्न गएको छ।

दुमुहानस्थित जलवायु नाप केन्द्रले यस जिल्लाको प्रतिनिधित्व नगरे पनि यहाँको वर्षाको विवरण-बाट विभिन्न महीनामा पर्ने वर्षाको अनुमान हुन आउँछ। यसकारण यहाँ ई. सं. १९७० मा भएको वर्षाको तालिका मिलिमिटरमा दिइएको छ ।

वर्षाको तालिका (मिलिमिटरमा)

जनवरी	४.०	जुलाई	३४९.४
फेब्रुअरी	४७.६	अगष्ट	३१०.८
मार्च	१३.४	सेप्टेम्बर	८१.६
अप्रिल	४१.४	अक्टोबर	३७.६
मे	१८६.२	नोभेम्बर	१३.६
जून	१६५.२	डिसेम्बर	०.०

वार्षिक जम्मा – १२५०.८

ई. सं. १९६७ देखि १९७० सम्म चार वर्षको यस ठाउँमा भएको वार्षिक वर्षाको औसत निकाल्दा १५०५.५ मिलिमिटर हुन आउँछ ।

यो जिल्ला मनसुनी हावापानीको प्रभाव क्षेत्रभित्र पर्दछ र यहाँ असार, साउन र भदौ तीन महीना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भित्रै सालाना वृष्टिको ७० प्रतिशत भन्दा बढी पानी पर्दछ। सो तथ्य उपर्युक्त तालिकाबाट पनि प्रष्ट हुन आउँछ। वैशाख-जेठतिर अक्सर सुख्खा र गर्मी रहने भए तापनि गडचाङ गुडुङ सहित केही मनसुनी वर्षा हुन्छ। भदौ महीना पछि फागुनसम्म प्रायः सुख्खा नै रहन्छ र लेकाली भागमा हिउँ पर्ने हुन्छ। पश्चिमी नेपालमा झैं यहाँ जाडो महीनामा वर्षा प्रायःहुँदैन। विक्रम संबत् २०२३।०२४ देखि २०२६।२७ सम्मको जल वृष्टिको तथ्याङ्क हेर्दा जिल्लाका बेंसी भागमा लगभग १,५०० मिलिमिटर (५९ इन्च) वर्षा हुने देखिन्छ। तर पहाडी भागमा भने १,९०० मिलिमिटर (७४.८ इञ्च) मात्र वर्षा हुने देखिन्छ।

जिल्लाका विभिन्न भू-भागमा हुने तापमान विचार गर्दा त्यस ठाउँको उचाइ समुद्र सतहबाट कति छ भन्ने कुराको ठूलो भूमिका हुन्छ। लेकाली भागमा लगभग १५ सेन्टीग्रेडदेखि २० सेन्टीग्रेडभन्दा बढी तापमान चढ्दैन भने बेंसी भागमा ३० सेन्टीग्रेडभन्दा बढी तापमान चढ्ने हुन्छ। यो जिल्लाको सँगै रहेको ताप्लेजुङ्गस्थित मौसम अवलोकन केन्द्रबाट प्राप्त तथ्याङ्क अनुसार भदौ महीनामा २८ सेन्टीग्रेडसम्म तापमान चढ्छ भने माघ महीनामा एक सेन्टीग्रेडसम्म तापमान झर्ने देखिन्छ। यस प्रकार वर्षभरिको तापमानलाई विचार गर्ने हो भने जेठदेखि भदौ महीनामा सबभन्दा बढी तापमान हुन्छ र पुस तथा माघ महीनामा सबभन्दा तापमान कम हुने भई जाडो हुन्छ।

प्राकृतिक वनस्पति

यस जिल्लाको अधिकांश भाग २,४३८ मिटर (८,००० फीट) भन्दा मुनि पर्ने हुँदा वन जङ्गल आदि धेरै बाँकी छैन। तमोर नदी, मेवा खोला, माया खोला र अन्य नदीनालाले बनाएका उष्ण उपत्यकाहरूमा विशेष गरेर साल, सिसौ, सिरिस, खैर इत्यादिको मिश्रित वन पाइन्छ। १,२१९ मिटर (४,००० फीट) भन्दा उच्च पहाडी भेकमा केही सल्लाका वनहरू तथा सियालो परेको ठाउँमा बाँझ, कटुस, फँलाट, गुराँस इत्यादिको वन पाइन्छ तर पानीको झोर परेको भागमा उत्तिस र उन्यूहरू पाइन्छ। यस्ता वनहरू २,१३४ मिटर (७,००० फीट) देखि २,४३८ मिटर (८,००० फीट) को उचाइसम्म मात्र सीमित रहन्छ। र त्यसभन्दामाथि पर्ने क्षेत्रमा अक्सर गरेर कोणधारी सदावहार वन पाइन्छ। यो वनको तल्लो भाग आठ हजारदेखि १० हजार फीटसम्मको क्षेत्रमा विभिन्न थरीका गुराँस, अगेंरी, पातलो कटुस, खस्रु, फलाँट आदि मिश्रित रूपमा पाइन्छन्। यसै क्षेत्रमा दाल्चिनी, काउलो, चाँप तथा कागज बनाउने लोक्ता, नागवेली आदि पाइन्छ। ११ हजार देखि १३ हजार फीटसम्मको ठण्डा शीतोष्ण तथा लेकाली हावापानी भएका ठाउँमा ठिंग्रे सल्लो, गोब्रे सल्लो, धूपी आदि कोणधारी वृक्षहरूको प्रधानता हुन्छ र स्थान विशेषमा घाँसे मैदान पनि पाइन्छ।

यस प्रकार तेह्रथुम जिल्लामा पनि सानै परिधिभित्र उष्ण प्रदेशको सदावहार वनदेखि लिएर कोणधारी सदावहार वनसमेत पाइने क्षेत्रहरू छन्। पूर्वाञ्चल विकास क्षेत्रका अन्य पहाडी जिल्लामा झैं यहाँ पनि वनमारा झारको प्रकोप र उपद्रव यत्रतत्र फैलिएको छ।

जरीबूटीमा चिरैतो यस जिल्लाको मुख्य उत्पादन हो। यहाँको वन जङ्गलमा चिरैतोका बोट जतातत्तै पाइन्छन्। यस बाहेक यहाँ चुत्रो, मजिटो र नागवेली पनि पाइन्छ। वन जङ्गलको ह्रास भएको गतिमा यस्ता जरीबूटीको पनि ह्रास भएको छ तर सानो ठूलो मात्रामा यी जरीबूटी जम्मा गरी जिल्ला बाहिर अथवा देश बाहिर नै पठाउने पनि गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन

धनकुटा डिभिजन कार्यलय अन्तर्गत तेह्रथुम जिल्लामा एउटा रेन्ज कार्यालय छ। यसको मातहतमा पर्ने वन सीमाना जिल्ला सीमानासित मेल खाँदैन। यस रेन्ज कार्यालयको सीमाना तमोर नदी र चीन सीमाना मिल्ने ठाउँदेखि तमोर नदी हुँदै पटके डाँडाले तमोर नदी भेट्ने ठाउँसम्म, पश्चिममा पटके डाँडा र हात्तीसुँडे डाँडा मिल्ने ठाउँदेखि हात्तीसुँडे डाँडाको पानी ढलो भएर मिल्के डाँडाको पानी ढलो हुँदै लुम्बासुम्बा हिमालय भएर हिमालसम्म, उत्तरमा लुम्बासुम्बा हिमाल र चीन सीमाना मिल्ने ठाउँदेखि चीन सीमाना हुँदै तमोर नदी र चीन सीमाना मिल्ने ठाउँसम्म र दक्षिणमा पटके डाँडाले तमोर नदी भेट्ने ठाउँदेखि पटके डाँडाको पानी ढलो हुँदै हात्तीसुँडे डाँडासम्म पर्दछ।

यति चार किल्लाभित्र तीन वटा विटहरू छुट्याइएका छन्। ती हुन्ः–

मूलपानी विटः यस रेन्ज क्षेत्रको दक्षिणी सीमानादेखि उत्तर सोबुवा खोला

थाप विटः यानथाक्राबाट दक्षिण पर्ने सबै क्षेत्र

लिमाङ विटः सानथाक्राबाट उत्तर र चीन सीमानादेखि दक्षिणमा पर्ने सबै क्षेत्र

यस जिल्लामा वन सीमाना लगाइएको छैन। यहाँका मानिसहरू आफ्नो दैनिक आवश्यकता र घर गोठ निर्माणको लागि कान्ले जङ्गलमा निर्भर रहेका छन्। वन जङ्गल राष्ट्रियकरण हुनु अगाडि यहाँको वन जङ्गल किपटिया थिए र कतिपय वन बन्धकीको रूपमा पनि राखिएको थियो। राष्ट्रियकरण भएपछि वन व्यवस्थामा एकरूपता आइसके पनि यस जिल्लामा पञ्चायती वनको रूपमा १० वटा स-साना वनहरू छुट्याइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

उहिले तेह्रथुम क्षेत्रमा आठजना राजाले दश सरदारहरूसँग मिली राजकाज चलाएका थिए। पछि ती राजाहरू र सरदारहरूका बीचमा फूट आई झगडा भयो। दश सरदारहरूले धनुर्वाणको मद्दतले आठ राजालाई मारिदिए। धनुर्वाणको सहाराले जितेको हुनाले ती सरदारहरूले यस क्षेत्रको नाम दश लिम्बुवान भनी चलाए। लिम्बू भाषामा धनुषलाई "लिवावु" भनिन्छ। पछि ती दश सरदारहरूले हात पारेको क्षेत्रलाई आपसमा बाँडिलिए र त्यसैले दश लिम्बुवान भन्न थालियो। सो लिम्बुवानमा पहिले १७ थुम थिए। पृथ्वीनारायण शाहले यो प्रदेश कब्जागरेपछि धनकुटा गौंडामा १७ थुमको तिरो बुझाउने व्यवस्था मिलाए। तर पछि सम्वत् १९५२ मा सो १७ थुमबाट १३ थुम छुटचाई तेह्रथुम मालको सिर्जना गरियो। २०१८ सालको जिल्ला विभाजन हुँदा यसै १३ थुमलाई कायम राखी तेह्रथुम जिल्लाको सिर्जना भयो।

कामदत्त सेन (१७६१–१७६९ ई.सं.) विजयपुरका राजाले किराती प्रदेश माथि शासन गरे। यिनले आठराईबाट विवाह गरेको लिम्बू रानी थाङसामाको सम्झनामा तेह्रथुमको फेंदाम थुममा एउटा कुवा खनाए।[1] सो कुवा रानीपोखरीको नाउँले अद्यावधि विख्यात छ। कामदत्त सेनलाई षड्यन्त्र गरी मारेपछि ई.सं. १७६९–१७७३ मा बुद्धिकर्ण राईको शक्ति बढेको थियो। यिनी फेंदाम थुमका हाङ परिवारमा जन्मेका थिए। तर विजयपुर मा विशिष्ट कहलाए तापनि मोरङ इलाका सिवाय अरू क्षेत्रमा यिनको प्रभाव भएन। यिनले कुनै लायक मन्त्री नपाएकोले कामदत्तसेनका भागेर गएका पुराना योग्य मन्त्रीहरूलाई फिर्ता ल्याएर शासन चलाउन थाले। तैपनि किराती राज्यलाई पहिले झैं एक सूत्रमा बाँध्न सकेनन्। जतातत‍ै स्वतन्त्र राज्य खडा हुनथाले। त्यसबेला लिम्बुवानको पनि उही गति भयो। हाल तेह्रथुम जिल्लामा पर्ने त्यस बेलाका मेवा, फेदाम र तमोर क्षेत्रमा क्रमशः श्री दिउ फागो राई, आटा हाङ फेदाम राई र सुभावन्ता लिवाङ राई राजा भए।[2]

यो जिल्ला पल्लो किरात प्रदेशमा पर्दछ। यस प्रदेशको दूधकोशीदेखि पूर्व र टिष्टा नदीदेखि पश्चिमी भू-भागलाई लिम्बुवान र काठमाडौं उपत्यकादेखि पूर्व र दूधकोशीको पश्चिमी भू-भागलाई खम्बुवान भन्ने चलन थियो। त्यसमा पनि दूधकोशीदेखि अरुण सम्मलाई पल्लो किरात भनिन्थ्यो। माझ किरात हतुवा चौदण्डी (हाल उदयपुर) राज्य अन्तर्गत थियो र पल्लो किरातमा दश लिम्बुवानको बस्ती थियो। पृथ्वीनारायण शाहले अभिमानसिंह वस्न्यातको नेतृत्वमा पठाएको फौजले सम्वत् १८३० (१६ जुलाई १७७३) मा चौदण्डी सजिलै-

---

१. ईमान सिंह चेमजोङ – किराती जनताको इतिहास र संस्कृति, भाग दोस्रो, पृष्ठ ११६

२. ऐ. ऐ.पृष्ठ १२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सित हात पारे किनभने यहाँका राजा कर्णसेन गोरखालीहरूको आगमनबाट तर्सिएर पहिले नै भागेर विजयपुर पुगिसकेका थिए[१] चौदण्डीमा रहेका दीवान र सैनिकहरूले हार माने। कर्णसेनले आफ्नो अन्तिम-कालसम्म आपनो राज्य फिर्ता लिन अंग्रेजको मद्दतमागी पूर्नियामा बसिरहे तर उनको अचानक हत्या भयो।

त्यसपछि कोशी पारी विजयपुर राज्यमा हमला गर्न अभिमानसिंहले मध्यवर्षाको मौका छोपे। उनले अम्बरपुरबाट पूर्वतिर बढेर वर्षादको उर्लंदो कोशी नदीमा हात्तीद्वारा गोर्खाली सेना तारे। यसप्रकार कोशी पार गरेर गोर्खालीले विजयपुरमा एक्कासी हमला गरे। तत्पश्चात बुद्धिकर्ण राई त्यहाँबाट भागेपछि राजधानीमा गोर्खालीको अधिकार भयो। यसपछि अभिमानसिंह बस्न्यातले विजयपुरदेखिमाथि महाभारत डाँडामा परेको साँगुरी गढीमा गोर्खाली सैनिकदल पठाई त्यस गढीमा अधिकार गरेर त्यहाँबाट पहाडतिर घुस्ने बाटो खोले।

उता सिक्किमले लिम्बुवान माथि दाँत गाडेको थियो र इलाम दखल गरेपछि यस क्षेत्रमा आक्रमण चालू राखेर लिम्बूहरूलाई हैरान गराएका थिए। यसकारण सिक्किमको आक्रमणबाट बच्नलाई विजयपुरमा गोर्खालीको अधिकार हुने वित्तिकै दश लिम्बुवानका लिम्बूहरूले सर्दार रामकृष्ण कुँवरलाई अरुण पारको चैन-पुरमा बोलाए। यसबेला रामकृष्ण कुंवर पूर्वी तहाडतिर विजय गर्दै १७७३ ई. मा अरुणको किनारासम्म पुगेका थिए।[२]

विजयपुरमा रहेका गोर्खाली सैनिकले पनि अभिमान सिंह बस्न्यातको नेतृत्वमा पल्लो किरातमा पुगी उत्तरपट्टि तिब्बतको सीमानासम्म र पूर्वपट्टि तमोर नदीसम्म अधिकार गरे। यसरी तेह्रथुम जिल्ला (सम्वत् १८३१) १७७४ ई. मा नेपाल अधिराज्यभित्र समावेश भयो।

ईमान सिंह चेमजोङको भनाइअनुसार माझ किरातमाथि गोर्खालीको प्रभुत्वजमेपछि गोर्खालीहरूले चैनपुर र विजयपुर दुई ठाउँबाट लिम्बुवानमाथि चढाई गर्न गए। माथिबाट गोर्खाली फौजले अरुण नदी तरेर आएको खबर सुनी लिम्बू राजाहरू मिलेर आफ्ना फौज जम्मा गरी अरुणको किनारामा घमासान लडाई गरे। त्यस लडाईमा लिम्बू कमाण्डरहरू साङबोट राय, तासाक्पा राय, काङ्गा राय, र काङ्गो राय थिए। थिनीहरू तीन वर्षसम्म लड्दै रहे र गोर्खाली फौजलाई दुम्जासम्म लखेट्तै पठाए। आफ्नो इलाकाबाट आठ-नौ दिनको बाटो सम्म यिनीहरूले गोर्खालीलाई लखेट्तै गए। यसरी चैनपुरदेखि दुम्जासम्मको भाग लिम्बूहरू र गोर्खालीहरूको बीचको लडाई मैदान बन्न गयो।

यस पछि यिनीहरू बीच युद्धको तरीका बदलियो। गोर्खाली अफिसर एकजना र लिम्बू अफिसर एकजना लड्ने र जसले जित्छ उसको पक्षतिर हार्ने अफिसरका सैन्य लाग्‌ पर्ने थियो। यसै शर्तअनुसार गोर्खाली अफिसर रघुराना र लिम्बू अफिसर काङ्गो राय सम्वत् १८३० वैशाख २५ गतेका दिन चैनपुरको दक्षिणी भागमा भिडे। त्यस स्थानमा कुनै पनि पक्षका सैन्यले हातहतियार लैजानु मनाइ गरिएको थियो तर रघुरानाले केही दिन अगाडि देखिनै स्थानको वरपरको जमीन मुनि हात हतियार लुकाउन पठाएका थिए।

लडाईमा रधुराना मारिए र सो देखेर गोर्खाली सिपाहीहरूले लुकाएको हतियार निकाली लिम्बूहरूमाथि जाइलागे। लिम्बूहरू धेरै मारिए तर उनीहरूले पछि गोर्खाली सैन्यलाई तमोर नदीतिर घेरा हाले र ध्वस्त पारिदिए।

---

१ बाबुराम आचार्य – श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पृष्ठ ६०८

२ बालचन्द्र शर्मा – नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ २३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि गोर्खालीहरूको तेस्रो आक्रमण रामभद्र थापा मगरको नेतृत्वमा भयो। यस लडाईमा लिम्बूहरूका अफिसरहरू मन्जित राय, राजा भोट राय र विरजित राय थिए। यो लडाई पनि चैनपुरमै भएको थियो र लिम्बूहरूले खाल्डो खनी शत्रु आउने बाटोमा पासो थापी बसेका थिए। यसरी गोर्खालीहरू झुक्किएर धेरै मारिए। यसैबेला सिक्किममा लिम्बू-गोर्खाली लडाईको खबर पुगेको थियो र सिक्किमले गोर्खाली विरूद्ध युद्ध घोषणा गरिदिए। तर सिक्किमी फौज यस ठाउँमा आइपुग्नु अगाडि नै गोर्खाली र लिम्बूहरू बीच सन्धी भइसकेको थियो।

सो सन्धी हुनुमा रामभद्र थापा मगरको ठूलो हात थियो। यिनले लिम्बू र मगरहरूको वंशावलीको अध्ययन गरेर दुवै जाति सिमाङगढबाट आएका र एकै सन्तान रहेको कुरा पत्ता लगाए। सो कुरा यिनले मगर र लिम्बूमा सिंजाली थापा पाइने र उनीहरूको रीतिस्थिति पनि एक किसिमको भएको प्रमाण दिए। यसरी एकै सन्तानका दुई हाँगा छुट्टिएका हुनाले लिम्बू र मगर अबदेखि नलड्ने प्रण गरे र सम्झौता गरे। यसैबेलादेखि लिम्बूहरूले गोर्खाली राजाको आधिपत्य स्वीकार गरे र पृथ्वीनारायण शाहले १८३१ को लालमोहर गरिदिए। सो लालमोहरबाट लिम्बूहरूको किपट जग्गा थामियो।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

तेह्रथुम बजार

यस जिल्लाको सदर मुकाम तेह्रथुम बजारमा रहेको छ। म्याङलुङ यस बजारको पुरानो नाम हो। सो नाम यस प्रकार रहेको भन्ने सुनिन्छ। यहाँको जङ्गलमा शिकार खेल्न जाँदा शिकारीहरूले बिरालोको म्याऊ म्याऊ सुनेको र त्यस ठाउमा ढुङ्ग (जसलाई लिम्बु भाषामा लुङ भन्दछन्) राखेकोले सो ठाउँलाई म्याऊलुङ भन्न थाले र मो पछि गएर म्याङलुङ हुन गयो। समुद्र सतहदेखि १,६३६ मिटर (५,४०० फीट) उचाइमा अवस्थित यो पुरानो बजार अक्षांश २६°७' र पूर्व देशान्तर ८७°३३' मा पर्दछ। यो ठाउँ जिल्लाको प्रशासनिक केन्द्र हुनुको साथै व्यापारिक केन्द्र पनि हो। यहाँ प्रत्येक शुक्रबार हाट लाग्दछ र त्यसबेला खाद्यान्न, फलफूल, माटा र काठका भाँडा जस्ता जिल्लाका उत्पादन र धरानबाट ल्याइएका अनेक माल सामानहरूको वेचविखन हुने गर्दछ। यहाँ जिल्लास्तरीय सरकारी कार्यालयहरूको अतिरिक्त माध्यमिक विद्यालय तथा प्राथमिक विद्यालय, स्वास्थ्य केन्द्र, बैंक, घरेलु उद्योग तालीम केन्द्र आदि छन्।

यहाँ खासगरी नेवारहरू बसेका छन्। करीब २,२०० जनसंख्या भएको यस बजारमा १८ वटा धाराहरू, एक अतिथि भवन, खेल मैदान, सामुदायिक बगैंचा (महेन्द्र पार्क) आदिको निर्माण पनि भएको छ। यहाँ एक प्रख्यात सिंह वाहिनी भगवतीको मन्दिर, कृष्ण तथा शिवका मन्दिरहरू छन्। यस अतिरिक्त बजारको उत्तरतर्फ एक रमणीय डाँडामा पाठीमरा भन्ने स्थान छ जहाँ सरस्वती तथा भगवतीका ढुङ्गेमूर्तिहरू छन्।

तेह्रथुमबाट धनकुटाको सदरमुकाम धनकुटा, संखुवासभाको सदरमुकाम खाँदबारी, ताप्लेजुङ्गको सदर मुकाम ताप्लेजुङ्ग र पाँचथरको सदर मुकाम फिदिम क्रमशः ५४ किलोमिटर (१७ कोस), ७० किलोमिटर (२२ कोस), ६१ किलोमिटर (१९ कोस) र ४८ किलोमिटर (१५ कोस) छ। धरानबाट तेह्रथुम तमोर नदीको किनारै किनार जाने बाटो छ तर सो बाटो वर्षायाममा हिँड्न नसकिने भएकोले तीनजुरे डाँडा भएर जानु पर्दछ। जुन बाटो गए पनि तेह्रथुम पुग्न तीन दिन जति लाग्दछ।

वसन्तपुर

यो बजार तेह्रथुमबाट धनकुटा जाने लेकाली बाटोमा पर्दछ। यसलाई बिल्लाटे पनि भन्दछन्। ताप्लेजुङ्ग र संखुवासभा जिल्लाहरू जाने मूल बाटो यसै ठाउँबाट गएको छ। दिनको सयौं ढाक्रेहरू आउने जाने गर्ने हुनाले यो एक व्यापारिक केन्द्रको रूपमा विकसित हुँदैछ। करीब २,४३८ मिटर (८,००० फीट) को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उचाइमा अवस्थित यस बजारमा करीब ३०।४० पसलहरू छन् । यहाँका घरहरू प्रायः ढुङ्गाको गारो र टिन, झिंगटी र खरको छानोले बनेका छन् । यहाँ बाहुन, क्षेत्री र लिम्बूहरू बसोबास गरेको पाइन्छ ।

संक्रान्तिडाँडा

यो आठराईको एक महत्वपूर्ण स्थान हो । यो प्रत्येक संक्रान्तिका दिन लाग्ने ठूलो हाटको लागि प्रख्यात छ । यसको अतिरिक्त प्रत्येक महीनाको १५ औं दिन र सातौं दिन पनि हाट लाग्दछ । यस डाँडामा प्रति वर्ष वैशाखको दोस्रो हप्तामा पाँच दिने मदन मेला लाग्दछ । सामाजिक संस्थाहरूबाट खेलकूद प्रतियोगिता, साहित्यिक कार्यक्रम र सांस्कृतिक प्रदर्शन आदि हुन्छ । लिम्बूहरूको प्रख्यात धाननाच हेर्ने अवसर पनि पाइन्छ ।

करीब २,०२१ मिटर (७,००० फीट) माथि अवस्थित संक्रान्ति डाँडा एक रमणीय स्थान छ र यहाँबाट आसपासका पञ्चायतहरू स्पष्ट देखिनुको साथै कुम्भकर्ण हिमाल, कञ्चनजङ्घा हिमाल तथा प्रख्यात पाठीमारा, तमोर नदी र फिदिमको राम्रो दृश्यावलोकन गर्न सकिन्छ । यहाँको बजारमा १५।२० घरहरू छन् र यहाँ बाहुन, क्षेत्री तथा लिम्बू जातिको बसोबास पाइन्छ ।

यहाँ प्रहरी थाना, माध्यमिक विद्यालय, शाखा हुलाक, जगदम्बा दातव्य औषधालय, मदन धारा, अतिथि गृह आदि छन् । यो तेह्रथुम देखि २५ किलोमिटर (आठ कोस) टाढा पर्दछ र ओलाङचुङ जाने मूलबाटो पनि यसै ठाउँ भएर गएको छ ।

चुहानडाँडा

यो संक्रान्ति डाँडादेखि करीब तीन किलोमिटर (एक कोस) पूर्वमा छ । यहाँबाट इलाम तथा धरान जाने मूलबाटो पर्दछ । मुख्यतः बाहुनहरूको बस्ती भएको यस ठाउँमा एक स्वास्थ्य केन्द्र, माध्यमिक विद्यालय, हुलाक आदि छन् । यहाँको रमणीय जङ्गलमा एक भगवतीको मन्दिर पनि छ ।

औंसीडाँडा

यो जलजले गाउँ पञ्चायतमा पर्दछ । यहाँ औंसी पूर्णेमा पाक्षिक हाट लाग्दछ । तिहारमा तिहारे औंसीदेखि भाइ टीकाको दिनसम्म महेन्द्रमेला पनि लाग्दछ । यहाँ निम्न माध्यमिक विद्यालय, प्रहरी चौकी र अतिरिक्त हुलाक आदि छन् ।

यहाँ प्रत्येक वर्ष राम नवमीको मेला पनि लाग्दछ । सो मेला पाँच दिनसम्म रहन्छ र त्यस अवसरमा विभिन्न समुदायका मानिसहरूले आ-आफ्नो सांस्कृतिक कार्यक्रम देखाउँछन् ।

गौरखुरी

यो ठाउँ मोराहाङ र पौठाक गाउँ पञ्चायतको बीचमा खोरूङ्गा खोलाको छेउमा पर्दछ । यहाँ प्रत्येक वर्ष माघेसंक्रान्तिमा गौखुरी मेला लाग्छ । एउटा ठूलो ढुङ्गामा गाईको खुरको आकार पाइएकोले सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँलाई गौखुर भनिएको हो । सो मेला करीब तीन दिनसम्म रहन्छ र यस मौकामा विभिन्न खेलकूद आदिको प्रदर्शन पनि हुन्छ ।

गढीडाँडा

यो पिप्ले गाउँ पञ्चायतमा पर्दछ । यहाँको पहरामा ठूलठूला चार–पाँच वटा प्वालहरू देखिन्छन् । बूढापाकाहरूको भनाइअनुसार यहाँ भोटेराजा र किराती राजाको बीच लडाई हुँदा भोटे राजाले खोलेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

जम्मा ६१८ वर्ग किलोमिटर क्षेत्रफल भएको तेह्रथुम जिल्लामा २०२८ सालको जनगणना अनुसार कुल जनसंख्या १,१६,३०७ छ। त्यसमध्ये पुरुषको संख्या ५६,०३३ र महिलाको संख्या ६०,२७४ छ । यस जिल्लाको प्रति वर्ग किलोमिटर जमीनमा १२६ व्यक्ति बसोबास गर्दछन् ।

जनसंख्याको आधारमा नेपाल अधिराज्यका विभिन्न जिल्लाहरूको क्रममा यो जिल्ला ५१ औं स्थानमा पर्दछ। कोशी अञ्चलको कुल जनसंख्याको १३.८ प्रतिशत यस जिल्लामा बसोबास गरेको पाइन्छ।

अधिराज्यका अरू जिल्ला झैं यहाँ पनि विभिन्न भाषाहरू बोलिन्छन् । मातृभाषाको आधारमा लिइएको जनगणना अनुसार यस जिल्लामा विभिन्न भाषा बोलनेको संख्या यस प्रकार छः–

भाषा	संख्या
नेपाली	६६,७८३
लिम्बू	३७,९६५
तामाङ	५,८३१
शेर्पा	२,८३१
मगर	१,८७२
नेवारी	१,६५८
अन्य	२,३६७

यहाँ मातृभाषा भन्नाले बालकले आफ्नो परिवारमा जुन भाषा सिक्दछ सो भाषालाई बुझ्नु पर्दछ। नेपाली भाषा सबै बोल्न र बुझ्न सक्ने भए तापनि माथिको तालिकामा नेपाली भाषा बोल्ने भनी छुट्याएका ६६,७८३ जना मानिसहरूले सो भाषा जन्मेपछि आफ्नो आमाबाबुबाट सिकेको भन्ने बुझिन्छ । यस समूहमा बाहुन, क्षेत्री बाहेक अरू जातजातिका मानिसहरू पनि परेका हुन सक्दछन् किनभने कतिपय लिम्बू अथवा नेवार परिवारमा नेपाली भाषा मात्र बोल्ने गर्दछन् । यसकारण यस जिल्लामा लिम्बू भाषा बोल्नेहरूलाई सबभन्दा ठूलो जाति समूह मान्न सकिन्छ किनभने सो भाषा बोल्नेहरू २७,९६५ जना मात्र भएको देखाइए तापनि नेपाली भाषा मातृभाषाको रूपमा बोल्नेहरूलाई विभिन्न जातिमा बाँड्दा कुनै पनि जाति लिम्बू भाषा बोल्नेहरूको संख्याभन्दा कम आउने अनुमान गर्न सकिन्छ।

यस जिल्लामा उमेरको बनावटको दृष्टिबाट विभिन्न समूहलाई हेर्दा निम्नलिखित उमेर समूहहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गर्नु उपयुक्त देखिन्छ:–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५	१०,०६८	१७.०	१०,०१०	१६.६	२०,०७८	१६.८
६ देखि १५	१७,१०९	२९.०	१६,०५७	२६.६	३३,१६६	२७.८
१६ र माथि	३१,८५६	५४.०	३४,२०७	५६.८	६६,०६३	५५.४

यो जिल्ला तालिका अनुसार यस जिल्लामा ० देखि ५ वर्षसम्मका शिशुहरू जम्मा २०,०७८ (१६.८ प्रतिशत) भएको देखिन्छ। त्यसपछि छ देखि १५ वर्षसम्मका विद्यालयमा शिक्षा हासिल गर्न जाने केटाकेटीहरूसंख्या यहाँ ३३,१६६ (२७.७ प्रतिशत) छ र १६ वर्ष र त्यसदेखिमाथि उमेरका बालिकाहरू ६६,०६३ (५५.३ प्रतिशत) छन्

यो जिल्लामा १० देखि ५९ वर्षका मानिहरूको संख्या ७७,९२६ (६५.२ प्रतिशत) छ। यो जनसंख्यालाई जीवनयापनको लागि कामगर्न सक्ने र केटाकेटी तथा बूढाबूढीहरूलाई पाल्न सक्ने शक्ति र क्षमता भएको मानिन्छ। यस्ता सक्षम मानिसहरूमाथि जनसंख्याको एक भाग आश्रित हुन्छ र तिनीहरू ० देखि नौ वर्ष उमेरका बालबालिका र ६० र त्यसभन्दा माथि उमेरका बूढाबूढीहरू हुन्। त्यस उमेर समूहका बालबालिकाहरूको संख्या यस जिल्लामा ३३,९९४ (२८.५ प्रतिशत) छ र बूढाबूढीहरू ७,३८७ (६.२ प्रतिशत) छन्। यसरी जीवनयापनको लागि अरूमाथि आश्रित रहेका मानिसहरूको संख्या ४१,३८१ (३४.७ प्रतिशत) छ। यसबाट यहाँका ६५.२ प्रतिशत जनसंख्यामाथि ३४.७ प्रतिशत जनसंख्या आर्थिक दृष्टिबाट आश्रित रहेको पाइन्छ। अर्थात यहाँको आर्थिक निर्भरताको अनुपात १००:५४ हुन आउँछ।

यस जिल्लाका मानिसहरूको वैवाहिक स्थितिलाई हेर्दा केही उल्लेखनीय कुराहरू भेटिन्छन्। बाल विवाहलाई कानूनी मान्यता प्राप्त नभए तापनि यो सामाजिक कुरीति केही मात्रामा चलिरहेकै देखिन्छ। छ वर्ष देखि नौ वर्ष उमेरका केटाहरूमा ३३ जना र केटीहरूमा ३९ जनाको विवाह भएको पाइन्छ। यो संख्या १० देखि १४ वर्षसम्म उमेर भएका केटाकेटीहरूमा झन बढेको छ। त्यस उमेर समूहमा जम्मा ३४३ जनाको विवाह भएको देखिन्छ ।

अर्को कुरा यस जिल्लामा ठूलो उमेरसम्म पनि अविवाहित रहेका मानिसहरू धेरै कम संख्यामा पाइन्छन्, यस्ता मानिसहरू पुरुष र महिला दुबै मिलाई ५० देखि ५४ वर्ष उमेरका ४,०८८ मध्येबाट खालि ५५ जना, ५५ देखि वर्ष ५९ उमेरका २,६४१ जनाबाट ३७ जना, ६० देखि ६४ वर्ष उमेरका ३,०३२ जनाबाट ४६ जना र ६५ देखि माथि उमेरका ४,३५५ जनाबाट ६६ जना मात्र पाइन्छन्।

अर्को उल्लेखनीय कुरा के छ भने यस जिल्लामा जम्मा ९९ जना पुरुष र ८९ जना महिलाहरूले पारपाचुके गरेका छन्। यो पारपाचुके गर्नेहरूमा सबै उमेरका महिला र पुरुष भए तपानि छ देखि नौ वर्ष उमेरका तीन जना केटीहरूले पार पाचुके गरेको एक आश्चर्यजनक कुरा देखिन्छ। त्यसै उमेरका दुई जना केटीहरू विधवा भएको पनि यस तथ्याङ्कमा पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४० वर्षदेखि माथि उमेरका विवाहित महिला र पुरुषहरूमा पुरुषहरूकोभन्दा महिलाहरूको लामो जीवन भएको पाइन्छ। ४० देखि ४६, ५० देखि ५४, ५५ देखि ५९ र ६० देखि ६४ वर्षका विधवा र विधुरहरूको संख्या तुलना गर्दा विधुरहरूभन्दा विधवाहरूको संख्या चार गुना धेरै पाइन्छ। उदाहरणार्थ ५० देखि ५४ वर्षका विधुरहरू ११९ छन् भने विधवाहरू ४६३ छन्। यो हुनुको कारण साधारणतः लोग्नेकाभन्दा स्वास्नीको उमेर लामो हुनु, गोर्खा भर्तीमा गएका युवकहरू लडाईमा मर्नु आदि हुन सक्दछन्।

यस जिल्लामा जम्मा १९,९३२ घर परिवारहरू छन्। त्यस हिसाबले यहाँको औसत परिवार संख्या ५.९८ पर्न आउँछ। छ जना सदस्य भएको परिवार संख्या सबभन्दा धेरै छ। सो संख्या ३,००७ भएको पाइन्छ। एक जना सदस्य भएको परिवार ६५९ र दुई जना भएको १,१९०छन् भने १०देखि १४ जना भएको१,८६६,१५ देखि १९ जना भएको १८९ र २० जना भन्दा धेरै भएको परिवार ३५ मात्र छन्।

यस जिल्लामा जम्मा ४० पञ्चायतहरू छन् र साधारणतः विभिन्न पञ्चायतमा २३ हजार मानिसहरू बसोबास गरेको पाइन्छ। तर कम्तिमा ७७७ र धेरैमा ६,०७३ सम्म जनसंख्या भएको पञ्चायत पनि यस जिल्लामा छन्। यहाँका पञ्चायतहरूको जनसंख्या निम्न प्रकार छः—

१. थिङलाबु	२,९९८	२. फाखुम्वा	४,००३
३. साँधु	३,६९३	४. ढुङ्गेसाँघु	३,५३९
५. चांगेआठराई	४,१८४	६. हाङपाङ	४,१२२
७. फूलबारी	३,६०३	८. निधुरादिन	२,१६५
९. हवाकु	२,८४६	१०. ईबा	२,६१७
११. आठराई पोखरी	४,४९४	१२. चुहानडाँडा	३,५१६
१३. मूलपानी	३,३१५	१४. डाँडा गाउँ	४,३२९
१५. खाम्लालुङ	२,५७६,	१६. सम्दु	२,९११
१७. ईसिबु	२,५७६	१८. सिम्ले	३,२११
१९. जलजले	६,०७३,	२०. ओयाकजुङ	३,९०७
२१. पौठाक	२,४२४	२२. श्रीजुङ	२,५१६
२३. मोराहाङ	४,०४४	२४. आम्बुङ	२,८६३
२५. साब्ला	३,४५३	२६. तम्फुला	२,४०९
२७. स्याङलुङ	३,४५३	२८. पोग्ले	१,८००
२९. अम्फुवा	२,३४१	३०. सोलमा	३,६९८
३१. सुङनाम	३,०९५	३२. साबा	७७७
३३. मुसाङखेल	१,६६६	३४. फुलेक	१,१७१
३५. दांगपा	१,६९०	३६. सुदाप	२,२४८
३७. ओखे	३,०६८	३८. छथर पोखरी	३,९१५
३९. हमरजुङ	२,४०९	४०. आङदिम	१,५८९

यस जिल्लामा माया खोला, आठराई, फेदाम र छथर जम्मा चार थुम छन् र ती थुमहरूमा क्रमशः चार पञ्चायत (नं. १ देखि ४ सम्म), नौ पञ्चायत (नं. ५ देखि १३ सम्म), १८ पञ्चायत (नं. १४ देखि ३१ सम्म) र नौ पञ्चायत (नं. ३२ देखि ४० सम्म) छन्। यसै आधारमा जनसंख्याको वितरण माया खोला क्षेत्रमा १४,२३३;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आठराई क्षेत्रमा ३०,८६२; फेदाम क्षेत्रमा ५५,६४९ र छथर क्षेत्रमा १८,५६३ भएको छ।

जन–जीवन

यो जिल्ला पहिले लिम्बुवान क्षेत्रको एक मुख्य भाग भएकोले यहाँका अधिकांश बासिन्दाहरु लिम्बू जातिका छन्। उनीहरूको संख्या ४० देखि ५० प्रतिशतसम्म भएको अनुमान लगाइएको छ। त्यसपछि बाहुन, क्षेत्री र कम्ति संख्या भएका जातिहरूमा राई, तामाङ, गुरूङ, नेवार, शेर्पा, सार्की, दमाई, कामी आदि हुन्। सो कुरा लिम्बू भाषा बोल्नेहरू ३६,९६५ र नेपाली भाषा बोल्ने ६६,७८३ भएकोबाट पनि थाहा हुन्छ। हुन त यी सबै जातिका मानिसहरू छ्यासमिस भएर बसेका छन् तर जिल्लाको लेक भागमा खासगरी गुरूङ र शेर्पाहरू बसेको पाइन्छ। बजारहरूमा बाहुन, क्षेत्री र नेवारहरू देखिन्छन् र लिम्बूहरू पहाड तथा बेंसीतिर फैलिएर बसेका छन्।

यहाँका जनताको मुख्य आर्थिक स्रोत खेती नै हो। तर विभिन्न जातिका मानिसहरू आ-आफ्नो सहायक व्यवसाय र शीपद्वारा आफ्नोपना देखाउँछन्। यस्ता व्यवसायमा शेर्पा गुरूङको राडी पाखी बनाउने, सार्कीको जुत्ता सिउने, दमाईको लुगा सिउने, कामीको कृषि औजार आदि बनाउने कार्यहरू उल्लेख गर्न सकिन्छ। लिम्बूहरू आफैंले तयार पारेको तानबाट कोगिटा खाँडी बुन्न सिपालु हुन्छन्। उनीहरूको एक प्रमुख आम्दानीको स्रोत निवृत्तिभरण हो। भारतीय र ब्रिटिश फौजमा सेवा गरी फर्केका अथवा उनीहरूको जहान बच्चाहरूले सालबसाली निवृत्तिभरण पाउने गर्दछन्।

किपट प्रथाले यस जिल्लाको आर्थिक जन–जीवनमा सबभन्दा महत्वपूर्ण भूमिका खेलेको छ। एकातिर यसले लिम्बूहरूलाई आर्थिक दृष्टिकोणबाट चिन्ता-मुक्त पारेको देखिन्छ भने अर्कोतिर उनीहरूबाट भोग चलनमा लिएको जग्गाप्रति अरू जातिका मानिसहरूमा अस्थिरताको भावना ल्याएको पाइन्छ। किपटिया जग्गामा लिम्बूहरूको स्वामित्व अक्षुण्ण किसिमले सुरक्षित राखिए तापनि उनीहरूले सबै जग्गा चर्चन सक्दैनथे अथवा सामाजिक रीति-रिवाज मान्न ऋण लिन बाध्य हुन्थे। यसरी लिइएको ऋण गैर लिम्बूहरूबाट धेरै हुन्थ्यो। यसरी अरूजातका मानिसहरू साहू र किपटियाहरू ऋणीको रूपमा विकसित भएको देखिन्छ। अर्कोतर्फबाट हेर्दा किपटियाहरू जग्गाधनी र अरू जातिका मानिसहरूलाई भोग बन्धकीमा राखिएको जग्गाको जोताहाको रूपमा खडा भएको देखा पर्दछ। किपट प्रथाबाट लिम्बू र अरू जाति आर्थिक दृष्टिबाट एक अर्का माथि निर्भर रहन गएका र पुस्तौंदेखि मिलेर बसेका पाइन्छन्। बर्दालिदो समय अनुसार जग्गाको मात्रा कम हुँदै जानु र यसको मूल्य वृद्धि हुनु आदि कारणले "बढ" खाने चलन सिर्जना गरे तापनि यस जिल्लाको परम्परागत आर्थिक पद्धतिलाई कायम गर्दै आएको थियो। तर अधिराज्यको अरू जिल्लामा जस्तै यहाँ पनि भूमिसुधार लागू भएपछि किपटिया जग्गा पनि रैकर सरह बेच विखन हुन थाल्यो। यसरी नेपाल अधिराज्यको संविधानको उद्देश्य अनुसार यस जिल्लामा विभिन्न जात जातिहरू बीच कुनै भेदभाव नरहे झैं यहाँको जग्गामा पनि कुनै भेद नरहेको देखिन्छ।

लिम्बहरू मिलनसार, मिहेनती र रमाइला हुन्छन्। यिनीहरू सारै आनन्द-प्रिय हुन्छन् र अरू जातिको तुलनामा धेरै खर्चालु र मोज मज्जामा लाग्दछन्। यिनीहरूको सामाजिक र धार्मिक चाड-पर्व र रीति-थिति पनि खर्चालु भएको पाइन्छ। त्यसैले आजकाल यस्तो अवसरको खाँचो टार्न लिम्बूहरूले जग्गा बिक्री गर्ने गर्दछन्। यसरी जग्गा बेचबिखन गरेर तराईतिर बस्ती सरेको उदाहरण यस जिल्लामा पाइन्छ।

लिम्बू जातिको विवाह प्रथा धैरे खर्चालु भएकोले-त्यसमा सुधार गर्ने प्रयास यस जिल्लामा भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनौली रीत पुऱ्याउन जुन केटाले केटी पक्षलाई सुन चाँदीको गहना किन्न जुन रकम दिनुपर्छ सो हटाउन तेह्रथुम जिल्ला पञ्चायतले "कुटुम्बको पैसा नखानु" भनी प्रस्ताव पास गरेको रहेछ तर सो प्रस्ताव प्रभावकारी हुन केही समय लाग्ने देखिन्छ। मगनी विवाह ज्यादै खर्चीलो पर्ने हुनाले केटी भगाई लगेर विवाह गर्ने चलन निक्कै चलेको छ। अर्को चलन चोरी विवाह गर्ने पनि छ। तर यस्तो विवाहमा बाल-बच्चा भइसके पनि रीतपूर्वक भोज भतेर गरेर व्यवहार छिन्नु आवश्यक हुन्छ। यसो नगरेसम्म छोरा–छोरी पाएर पनि लिम्बू स्वास्नीमान्छेले माइती खानदानको नाउँ कायम गर्दछ।

लिम्बूहरू धामी झाँक्रीमा विश्वास गर्दछन्। आफ्नो धर्म अनुसार उनीहरूले "मुन्धुम" श्लोक पाठ गर्दछन् र आफ्नै झाँक्रीदेव ताहरूको पूजा गर्दछन्। लिम्बूहरूको खास चलन अनुसार लाशलाई अग्लो डाँडामा गाडिन्छ तर कसैकसैले लाशलाई खोलामा लगी दाह संस्कार गरेको पनि देखिन्छ। त्यसै गरी लिम्बूहरूले हिन्दू देवी भगवतीलाई विशेष पूजा पनि गर्दछन्।उनीहरू चैते दशैं मान्दछन् र विजया दशमीदेखि गाई तिहारे औंसीसम्म टीका लगाउन खोवपा (सुंगुर मारेर सिङ्गैं) लैजाने चलन लिम्बू जातिमा परम्परादेखि चलिआएको छ।

किपट प्रथाबाट विशेष ऐतिहासिक स्थान र महत्त्व पाए तापनि अरू जातिसितको आपसी सम्पर्क र सम्बन्धमा लिम्बू जातिको आर्थिक अवस्था कमजोर हुँदै गएको र सांस्कृतिक चालचलन पनि अरू जातिको संस्कृतिको प्रभूत्त्व भित्र पर्दै गएको देखा पर्दछ। तर लिम्बू जातिले आफ्नो जातीय विशेषता दर्शाउने "चिम्लिङ" (लिम्बू सुब्बाहरूको सम्मेलन) को प्रथालाई यस जिल्लामा अझसम्म पनि कायम राखेको छ। म्याङलुङ बजार स्थित सिंहबाहिनी भगवती, पाठीमारास्थित भगवती र सरस्वती देवीहरू, चुहान डाँडास्थित भगवती देवी र मोराहाङस्थित गौखुरी देवीप्रति यहाँका जनताले दर्शाउदै आएको भक्ति र विभिन्न धामी झाँक्रीहरू प्रति उनीहरूले देखाउदै गरेको आस्थाले यस जिल्लामा अटल रहेको जातीय सामन्जस्यता, सद्भावना र सह-अस्तित्व-लाई छर्लङ्ग्याउँछ।

यस जिल्लाको जन–जीवनलाई प्रभाव पार्ने र आपसमा मिलिजुली बस्न मद्दत दिने ठाउँ ठाउँमा लाग्ने मेला पर्व पनि हुन्। यस्ता मेलाहरू मुख्यतः धार्मिक महत्त्वका देखिन्छन् तापनि यसको व्यापारिक र सामाजिक महत्व पनि उत्तिकै छ। यहाँका निवासीहरू यस्ता मेलाभरेर एकातिर आध्यात्मिक सन्तुष्टि पाउने गर्दछन् भने अर्कोतिर रसरङ्ग, नाचगान जस्तो सांस्कृतिक गतिविधितिर पनि लागेका देखिन्छन्। यसैबाट नेपाली संस्कृतिको प्रस्फुटन र विकास भएको पनि देखिन्छ त्यसकारण यस्ता उल्लेखनीय मेलाहरूको छोटकरी विवरण यहाँ दिइन्छ।

रामनवमी मेला: यो जलजले पञ्चायतको याङसिला भन्ने ठाउँमा प्रत्येक वर्ष चैते दशैंको अवसरमा अष्टमीदेखि दशमीसम्म लाग्दछ।

मदन मेला: यो मूलपानी पञ्चायत अन्तर्गत आठराई संक्रान्ति बजारमा प्रत्येक वर्ष अक्षय-तृतीया पर्वको दिनलाई मध्यपारी पाँच दिनसम्म लाग्दछ।

गौखुरी मेला: यो मोराहाङ र पौठाक पञ्चायतको बीचमा खोरङ्गा खोलाको बगरमा लाग्दछ। प्रत्येक माघे संक्रान्तिका दिन नुहाउन यहाँ ठूलो जनसमूह भेला हुन्छ र दुई गतेसम्म सो मेला रहन्छ।

साले मेला: यो मेला कोया खोलामा तीन दिनसम्म वैशाखको अन्त्यतिर लाग्छ।

हलिमेला: यो नववर्षारम्भको अवसरमा लाग्ने मेला हो। यो साब्ला पञ्चायत अन्तर्गत डाँडाखेत भन्ने स्थानमा वैशाख एक गते देखि तीन गते सम्म लाग्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाद्रे मेलाः यो भदौ महीनामा तीन दिनसम्म म्याङलुङ बजारमा लाग्ने मेला हो ।

खोरण्डे मेलाः यो फागू पूर्णीमाको अवसरमा लाग्ने मेला हो । आम्बुङ र अम्फुवा पञ्चायतको दोसाँध डाँडामा जिरीखिम्ती भन्ने स्थानमा यो मेला दुई दिनसम्म लाग्दछ । यो मेला भर्न जाने नरनारीहरू फागू खेली रमाउने गर्दछन् ।

चण्डी मेलाः यो चण्डी पूर्णिमाको अवसरमा पौठाक पञ्चायत क्षेत्रमा लाग्ने मेला हो ।

थुइया मेलाः यो मेलाको नामकरण लिम्बू भाषाबाट भएको छ । यो फाखुम्बा पञ्चायतमा रामनवमीदेखि चार दिनसम्म लाग्दछ ।

महेन्द्र मेलाः यो मेला यस जिल्लाको दुई ठाउँमा लाग्दछ । एउटा ठाउँ औंसी डाँडा हो र अर्को ठाउँ फाक्चामारा हाट डाँडा हो । यो मेला तिहारमा गाई तिहारे औंसीदेखि भाइटीकासम्म लाग्दछ ।

चतुरे मेलाः यो बालाचतुर्दशीदेखि तीन दिनसम्म आठराई– चाँगे पञ्चायत क्षेत्रमा लाग्दछ ।

राके मेलाः यो प्रत्येक साउन एक गतेदेखि तीन गतेसम्म लसुने डाँडामा लाग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

तेह्रथुम जिल्लाका निवासीहरू मुख्यतः कृषिमा नै निर्भर छन् । तमोर नदी, लम्बुखोला, खोरङ्गा खोला र यस्तै कैयन् खोलाहरूको छेउछाउमा अवस्थित बेंसी टार तथा त्यसका वरिपरी उठेका डाँडाकाँडामा हुने विभिन्न बालीनालीले यहाँका बासिन्दाहरूलाई धानेको छ । त्यसैगरी फुर्सदको समयमा घर घरमा बसी बुन्ने गरेका गलैंचा, राडी, पाखी, डोको, नाम्लो आदिले उनीहरूको काम मात्र टार्दैन, यो उनीहरूको निमित्त एक आम्दानीको स्रोत पनि हो । कतिपय परिवारहरू माटोको भाँडा, बाँसका चीजबीज बनाएर पनि आफ्नो जीविका लचाउँछन् । यहाँका युवकहरू काम र कमाइ गर्न विदेशतिर पनि लाग्दछन् । कोही विदेशी सेनामा घुस्दछन् र कोही शहरी इलाकामा पाले पहरेदारी काम गरी बस्दछन् । यसरी यहाँका मानिसहरूको आर्थिक गति चलिरहेको देखिन्छ ।

कृषि

यस जिल्लामा धान, मकै, मास, भटमास, गहुँ, जौ आदि खाद्यान्नको उत्पादन हुन्छ । खेतमा खासगरी धान बाली लगाइन्छ र पाखोमा लगाइने मुख्य बाली मकै नै हो तर यस अतिरिक्त गहुँ, जौ, भटमास, बोडी, मास, र विभिन्न तरकारी पनि लगाइन्छ । जिल्ला भरमा व्यापक सिचाइको व्यवस्था नभए तापनि तमोर गढतिरको औलो क्षेत्रमा साना तिना कुलो ल्याई धानको दुई बाली समेत जम्मा तीन बालीसम्म उब्जाउ गरेको पनि पाइन्छ । मलको निमित्त परम्परागत तरीकाले गाई, भैंसी आदिको मल नै उपयोगमा ल्याइन्छ । कृषि औजारमा परम्परागत हलो कोदालोको नै प्रयोग गरिन्छ । कृषि श्रमको क्षेत्रमा पर्म (जसलाई स्थानीय जनताले 'परम' भन्दछन्) को प्रथा प्रचलित छ । यहाँको कृषि उत्पादन स्थानीय हाट बजारहरूमा बेच-विखन हुने गर्दछ र केही मात्रामा विनिमय व्यापार गरेको पनि पाइन्छ ।

जमीन र उत्पादम

यस जिल्लाको क्षेत्रफल ६१,८०० हेक्टर छ र २०२८ सालको जनगणना बमोजिम यहाँको जन-संख्या १,१६,३०७ छ । यसरी जिल्लाको जन-घनत्व प्रति हेक्टर १.४ अर्थात् १० हेक्टरमा १४ जना मानिसको दरले बसोबास गरेको पाइन्छ । यस जिल्लाको आवादी क्षेत्र १३,००० हेक्टर मात्र छ र यस हिसाबले जनसंख्या-को अनुपातमा प्रति व्यक्ति .१ हेक्टर जग्गा अर्थात् १० व्यक्तिको लागि एक हेक्टर जमीनको दरले रहेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा जम्मा १६,६३२ घर परिवार छ। तिनीहरूलाई यहाँको खेतीमा लागेको जग्गा बराबर रूपमा वितरण गर्दा प्रति घर परिवार .६ हेक्टर (१२ रोपनी) जग्गाको दरले पर्न आउँछ।

यसरी यहाँका बासिन्दाहरूको संख्याको अनुपातमा खेती गरिएको अथवा खेतीयोग्य जमीन कम देखिए तापनि विगत केही वर्षको उत्पादन विवरण हेर्दा यहाँको कृषि उत्पादन उत्साहवर्द्धक नै देखिन्छ। तसर्थ केही मुख्य मुख्य बालीहरूको उत्पादनको विवरण यहाँ दिनु उपयुक्त देखिन्छ र कृषि तथ्याङ्क अनुसार २०२४ सालदेखि २०३० सालसम्मको विवरण यस प्रकार छः–

क्षेत्र हेक्टरमा। उत्पादन मेट्रिकटनमा

	२०२४।२०२५		२०२५।२०२६		२०२६।२०२७	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	२,७००	६,३४५	२,७००	६,४८०	२,७२५	६,६००
मकै	६.२००	१२,१२१	६,२५०	१२,३४४	६,३००	१२,४११
गहुँ	२७५	२८६	२७५	२८६	३००	३७५
कोदो	१,५००	१,७६२	१,५००	१,७६२	१,५००	१,८००
जौ	२५०	२४७	२५०	२४७	२५०	२५२
आलु	१,३००	६,७६०	१,३००	६,७६०	१,३५०	६,८८५
तोरी	३५०	१४०	३५०	१४१	३५०	१४६
उखु	२०	२५८	२०	२५६	२०	२६०
सुर्ती	१०	६	१०	६	१०	६

	२०२७।२०२८		२०२८।२०२९		२०२९।२०३०	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	२,७५०	६,७३८	२,७२५	६,८६७	३,०००	६,६६०
मकै	६,४००	१२,८००	६,४००	१२,४१६	६,३५९	१२,३३६
गहुँ	३००	२६७	३००	३००	६००	५०७
कोदो	१,५५०	१,८६०	—	—	२०००	२,४१०
जौ	२७५	२७८	—	—	२५०	२५३
आलु	१,४००	७,१४०	—	—	१,३५०	५,७३७
तोरी	३६०	१६२	—	—	३००	१३२
उखु	२५	३२५	—	—	२५	३२५
सुर्ती	१४	८	—	—	१६	१०

उपर्युक्त तालिका अनुसार सबैजसो बालीमा प्रत्येक वर्ष क्रमशः खेतीको क्षेत्रफल बढ्दै गएको र त्यसको साथसाथै उत्पादन पनि बढ्दै गएको देखिन्छ। तर केही बालीको हकमा क्षेत्रफल यथावत् रहेपनि उत्पादनमा वृद्धि भएको छ। यस जिल्लाको सबभन्दा धेरै जग्गा मकै उत्पादनमा लागेको र उत्पादन पनि सबभन्दा धेरै सोही बालीको देखिन्छ। मकै खेती चार वर्षको बीचमा ६,२०० हेक्टरबाट बढ्दै ६,४०० हेक्टरसम्म पुगेको-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाट यस जिल्लामा खोरिया खन्ने प्रवृत्ति रहेको देखिन्छ। धान लगाइएको खत पनि २,७०० हेक्टरबाट ३,००० हेक्टरसम्म पुगेको छ र २०२९।३० सालमा धान उत्पादनमा देखिएको ह्रास मौसमी कारणवश भएको हुन सक्दछ। गहुँको खेतीमा कृषकहरूको रुचि लगातार बढ्दै गएको पनि देखिन्छ र २०२४ सालको तुलनामा २०३० सालमा गहुँबालीको क्षेत्र दुगुनाभन्दा बढी भएको छ। यसको उत्पादनमा पनि सन्तोषजनक किसिमले वृद्धि हुँदै गएको देखिन्छ।

कोदो खेतीको अवस्था पनि विगत पाँच-छ वर्षको अवधिमा राम्रो देखिन्छ। जौ-बाली यथावत् रूपमा चलिरहेको छ। आलु यस जिल्लाको खाद्य पदार्थ मात्र होइन बरु नगदे बाली पनि हो तर यसको खेतीमा उल्लेखनीय परिवर्तन भएको पाइन्न। २०३० सालमा आएर विगत वर्षहरूको तुलनामा १,३५० हेक्टरमा सो बाली लगाइए तापनि उत्पादन भने अलि घटेको छ। तोरी, उखु र सुर्ती यहाँका मानिसहरूले खासगरी घरखर्च गर्नको लागि लगाउँछन्। यसको उत्पादनको वृद्धि अथवा ह्रासले यहाँको आर्थिक जीवनस्तरमा कुनै ठूलो असर नपार्ने देखिन्छ।

जिल्लाको हावापानीको विषमताले गर्दा बाली लगाउने, गोड्ने र बाली भित्र्याउने समय भिन्ना भिन्नै हुन्छ। अधिकांश खेतमा धान जेठ महीनामा रोपेर साउन भरमा समाप्त गर्दछन् र असोजदेखि मंसीर महीना भरमा बाली लिने गर्दछन्। केही बेंसी भागमा धानको दोस्रो बाली पनि लगाइन्छ र फागुनको आखिरी हप्तातिर सो बाली काटिन्छ। केही खेतमा फागुन महीनामा मकै छर्दछन् र असार-साउनतिर सो बाली भित्र्याउँछन्। केही खेतमा गहुँ मंसीर-पुसमा लगाएर वैशाख महीनामा काट्दछन्। पाखामा खासगरी मकै र गहुँ लगाइन्छ तर आलु हिउँदे र बर्खे दुई बालीको रूपमा लगाइन्छ। मकैको हकमा लेकमा माघमा लगाएर कात्तिक महीनासम्म बाली भित्र्याउँछन् भने बेंसी भागमा चैत-वैशाख महीनामा छरेर भदौ महीनाभरमा पाकिसक्छ। तर कुनै जातको मकै दुई अढाइ महीनामै पाक्ने र कुनै जातको मकै पाक्न चार-पाँच महीना लाग्ने भएकोले मकैको उत्पादन समय-चक्र बारेमा ठोकुवा गरी भन्न गाह्रो पर्दछ। मकैको सायमा भटमास पनि लगाइन्छ। कोदोको हकमा पनि बाली लगाउने समय ठाउँ हेरेर भिन्न भिन्न भए तापनि सो बाली जेठदेखि साउन महीनासम्म छरेर भदौदेखि मंसीर महीनासम्म बाली भित्र्याउने काम हुन्छ। प्रत्येक बालीको गोडमेल गर्ने काम बाली लगाएदेखि पाक्ने समयको बीचमा, जस्तै ६० दिनमा पाक्ने बालीको ३० दिनमा गोडमेल गरिन्छ।

खाद्यान्नको दृष्टिकोणले तेह्रथुम जिल्ला एक अन्नाभाव क्षेत्र हो। प्रत्येक वर्ष सो तथ्य देखा पर्दछ र त्यसको पुष्टचाइँको लागि २०२७।०२८ सालको उत्पादन आँकडा लिन सकिन्छ। त्यस वर्ष यस जिल्लाको कृषि पैदावार जम्मा २२,००० मेट्रिक टन भएको थियो। त्यसमध्ये बीउ र पशुदानालाई छुट्याउँदा र कुट्दा, पिंध्दा र भुसको भाग छुट्याउँदा जम्मा १८,६०० मेट्रिक टन खाद्यान्न थियो। प्रत्येक व्यक्तिलाई पहाडी मध्य भागमा वर्षभरिमा १६० के. जी. औसत खाद्यान्न चाहिने अडकलको आधारमा त्यस वर्ष १,९३२ मेट्रिक टन खाद्यान्नको कमीभएको देखिन्छ।

कृषि श्रममा पर्म प्रथा व्यापकरूपमा प्रचलित छ। मजदूरी दिई खेताला पनि लगाइन्छ। तर गोड्मेल गर्ने जस्तो हल्का काममा लाग्दा पुरुषले रू. २।५० र महिलाले रू. २। पाउँछन्।

मालपोत

यस जिल्लाको आवादी जमीनलाई मोटामोटीरूपमा खेत र पाखोबारीमा छुट्याउन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धान बाली लाग्ने जमीन करीब २,७५० हेक्टर छ र बाँकी १०,२५० हेक्टर आबादी जमीनलाई पाखोको नाम दिन सकिन्छ। अधिराज्यको अरू भागमा जमीनको वर्गीकरण भए जस्तै यहाँको जमीनलाई पनि अब्बल, द्वयम, सीम, चाहारमा विभक्त गरेको पाइन्छ। वि. सं. १९५० को नापीको आधारमा राखिएको मालको अभिलेख अनुसार यस जिल्लामा जम्मा ८८७ खेत, तीन मुरी, १५ पाथी, दुईमाना जमीन छ। यसमा किपट रैकर सबै समावेश गरिएको छ। वर्गीकरणमा खेतबारी सबै सँगै राखिएको छ र त्यसमध्ये अब्बल दर्जामा १७ खेत, ४४ मुरी, दुई पाथी, तीन माना; द्वयम् दर्जामा, नौ खेत, ३६ मुरी, ११ पाथी, दुइ माना; सीम दर्जामा १२ खेत, ५७ मुरी, १६ पाथी, तीन माना र चाहार दर्जामा २२४ खेत, ४३ मुरी, १६ पाथी, तीन माना जमीन छ। अरू बाँकी ६१३ खेत, २२ मुरी,एक पाथी, तीन माना जमीन किसिम नखुलेको महलमा पर्दछ। यसबाट वार्षिक करीब रू.१,०७,२३२। मालपोत उठ्ने गर्दछ। यस जिल्लामा मालपोत तालुकदारी प्रथाद्वारा उठाइन्छ। यहाँ जम्मा ८७ मौजाहरू र तिनीहरूमा ६१३ जना तालुकदार खडा गरिएका छन्।

पशुपालन

कृषि नै यस जिल्लाको प्रमुख व्यवसाय भएकोले प्रायः सबै कृषक वर्गको घरघरमा दुई-चारवटा पशुपालन गरेको पाइन्छ। लिम्बू जातिको घरमा सुंगुर पाल्ने चलन छ। अन्य पशुहरूको तुलनामा सुंगुरको संख्या यस जिल्लामा सबभन्दा धेरै भएको अनुमान छ। गाई, भैंसी, भेडा, बाख्रा आदि सबै जातिका मानिसहरूले पाल्दछन्। खेतीपातीको लागि मल चाहिने, खेतबारी जोत्नु पर्ने, दही र दूधको आवश्यक पर्ने हुनाले पशुपालनप्रति किसानहरूले विशेष ध्यान दिन्छन्। तर नाम्ले, लइमुते तथा भ्यागुते जस्ता पशुरोगहरूले यहाँका वस्तुहरूको ठूलो नोक्सानी बराबर गर्दछन्। यिनीहरूको उपचारार्थ तेह्रथुम जिल्लामा एक पशु चिकित्सालय राखिएको छ। २०२६ सालमा खोलिएको सो चिकित्सालयले सक्दो चिकित्सा सेवा पुऱ्याए तापनि जिल्लाव्यापी पशु- पालनको विकासको लागि अपर्याप्त छ।

पाल्तु पशु-पक्षीमा यहाँ हाँस, कुखुरा, परेवा आदि पाइन्छन्। यस जिल्लामा पशुपालनको विकासको लागि उन्नत जातका सुंगुर र कुखुराको वितरण र प्रचार कार्य भएको देखिन्छ। गाई, भैंसी, बाख्रा आदि जन्तुको नश्ल सुधार गर्ने व्यवस्था पनि भएको छ।

फलफूल खेती

फलफूल खेतीमा यस जिल्लाको सुन्तला र जुनार प्रख्यात छन्। पश्चिमाञ्चलमा जस्तो भाइरस रोग नलागेकोले यहाँको सुन्तला जुनार रसिलो र मीठो हुन्छ। ठण्डा शीतोष्ण र सम शीतोष्ण हावापानी पाइने ठाउँहरूमा यी फलफूल पाइनुको साथै स्याउ, आरू, ओखर, हलुवाबेद, नास्पाती, कागती आदि पनि हुन्छन्। यस जिल्लामा कुनै बाग्वानी केन्द्र स्थापित नभए तापनि कृषि विकास कार्यालयले धनकुटाबाट उन्नत जातका फलफूलका बिरूवाहरू झिकाई बिक्री वितरण गर्ने गर्दछ। यहाँका किसानहरूमा घरेलु उपभोगको लागि फलफूलका एक दुई बोट बिरूवा लगाउने प्रवृत्ति भएकोले हाल व्यावसायिक र संगठितरूपमा पनि उनीहरूले फलफूलको खेती गर्न लागेका छन्। तमोर नदीको बेंसी तथा जिल्लाका अरू नदीनालाहरूको किनारामा अर्धउष्ण हावापानी पाइने भएकोले यस्ता ठाउँहरूमा आँप र अम्बा जस्ता फलफूल पाइन्छन्। तर यहाँको आँपमा कीरा लाग्ने गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र तराईको आँप जस्तो गुलियो हुँदैन । यहाँको फलफूल उत्पादन प्रायः स्थानीय बजारमा नै खपत हुन्छ तर केही मात्रामा धरान र धनकुटातिर बेच्न पनि लैजान्छन् ।

भूमि व्यवस्था

यस जिल्लामा २०२५ सालमा भूमिसुधार लागू गरिएको हो । सो कार्यक्रम अन्तर्गत प्राप्त तथ्याङ्क अनुसार यस जिल्लामा जम्मा ३४,४१५ जना जग्गाधनी देखिएको छ । त्यसमध्ये एक हेक्टर (२० रोपनी) भन्दा कम जग्गा हुनेहरूको संख्या २५,२२६; एकदेखि डेढ हेक्टर (२० देखि ३० रोपनी) हुनेहरूको संख्या ३,६४६; १½ देखि २¼ हेक्टर (३० देखि ४५ रोपनी) जमीन हुनेहरूको संख्या २,८१३; २½ देखि तीन हेक्टर (४५ देखि ६० रोपनी) जग्गा हुनेहरूको संख्या १,३१३; तीनदेखि चार हेक्टर (६० देखि ८० रोपनी) जग्गा हुनेहरूको संख्या ७२२ र चार हेक्टर (८० रोपनी) देखि बढी जग्गा हुनेहरूको संख्या ३९५ छ । यसरी भूमिसुधार अन्तर्गत हदबन्दीभन्दा बढी जग्गा देखिए तापनि सो हदबन्दी किटान गरी बढी जग्गा प्राप्त गर्ने र वितरण गर्ने काम यस जिल्लामा वैज्ञानिक नापी नभइसकेको हुँदा सम्पन्न हुन सकेको छैन ।

यस जिल्लामा जग्गाबाट वार्षिक मालपोत लगभग रू. १,०७,०००। उठ्ने गर्दछ । सो आम्दानी हुने खेत पाखाका मौजाहरूको संख्या जम्मा ८७ छ । मालपोत उठाउने व्यवस्था तालुकदारबाट गर्ने गरिएको छ र यस्ता तालुकदारहरू जिल्लामा ६१३ जना छन् ।

यो जिल्लामा सर्वोच्च अदालतको निर्णय अनुसार २०२५ सालदेखि ऋण निश्चित गर्ने काम शुरू गरियो । यसै कार्यक्रम अन्तर्गत यस जिल्लामा जम्मा रू. ४,४४,१६२। ऋण निश्चित भएको छ । त्यसमध्ये ऋणीहरूले साहूलाई तिर्न नपर्ने गरी रू. १,६३,९६२। मिनाहा भएको र करीब ५९६ रोपनी जग्गा फिर्ता पाएको देखिन्छ ।

यस जिल्लामा कूत निश्चित गरिएको छैन । तर कूत लिए दिएको भरपाई लिने दिने गर्नुपर्ने कुरा र कुनै किसानले जग्गाको उत्पादनको अधियाँभन्दा बढी कूत बुझाउने गरेको भए मुख्य बालीको अधियाँभन्दा बढी कूत बुझाउन नपर्ने कुरालाई बढी प्रभावकारी बनाउने प्रयत्न यस जिल्लामा भएको छ ।

मोहियानी बारेमा यस जिल्लामा स्थायी पूर्जी वितरण गर्ने कार्य शुरू नभए तापनि अस्थायी जोताहा निस्सा प्राप्त गर्ने मोहीहरूको संख्या २,०५८ पुगेको छ । यस जिल्लामा मोही किसानहरूमा आफ्नो हक सुरक्षा-को भावना दिन परदिन बढ्दै गएको देखिन्छ । फलस्वरूप मोही बेदखली हुन पाउँदैन ।

यस जिल्लामा २०२३ र २०२५ दुई सालको मात्र बचत उठाइएको छ । यसमा नगदीमा जम्मा रू. १,४२,७३०। र जिन्सीमा करीब ६,९०३ मुरी अन्न सङ्कलन भएको छ । २०२३ सालमा बचत जिन्सीमा उठाइएको तर २०२५ सालमा सो अनिवार्य बचत रकम नगदमा उठाइएको थियो ।

कृषि ऋण

खेती गर्ने कृषकहरूलाई कृषि ऋणको आवश्यकता हुनु स्वाभाविकै हो । एकातिर यस्तो ऋणको जरूरत पर्ने, अर्कोतिर किपटिया जग्गा बेचबिखन नहुने हुनाले नै यस जिल्लामा किपट प्रथाको लामो इतिहास र उल्झनपूर्ण समस्या हुन गएको देखिन्छ । भूमिसुधार लागू हुनु अगाडि ऋणको एउटै स्रोत गाउँका साहूहरू नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए। उनीहरूले किपटिया जग्गा भएमा ऋण दिई भोग चलन गर्ने अथवा ब्याज लिने गर्दथे। धेरै चर्कोदरको ब्याज लिने चलन अहिले पनि ठाउँ ठाउँमा देखिए तापनि यसबाट हुने व्यापक शोषण भूमिसुधार कार्यक्रम लागू भएदेखि एक किसिमले समाप्त भएको पाइन्छ।

किसानहरूले आजकल कृषि ऋण खासगरी अनिवार्य बचत कोषबाट लिने गर्दछन्। आजसम्म करीब चार–पाँच लाख रूपियाँको रकम कृषकहरूलाई वितरण गरिएको देखिन्छ। सो ऋणको रकम उठाउने र पुनः वितरण गरिने हुँदा बचतको कुल रकमभन्दा ऋण रकम बढी देखिन आएको हो। अनिवार्य बचत कोषबाट यसरी कृषि ऋण दिइ सकेपछि करीब अढाइ लाख रूपियाँ तात्कालीन बचत संस्थानमा जम्मा गरिएको थियो।

ऋणको क्षेत्रमा सहकारी संस्थाहरूको पनि केही भूमिका रहेको देखिन्छ। तर अधिराज्यमा निर्देशित सहकारी संस्थाको प्रचलन आएको तर यस जिल्लामा त्यस किसिमको कुनै पनि संस्था नखुलेकोले सहकारिताको कुनै भूमिका देखिन्न। पहिले खडा गरिएका सहकारी संस्थाहरू सबै भङ्ग गरिएका छन्। बचत संस्थानको विघटन भएपछि यस जिल्लामा कृषि विकास बैंकको एक प्रशाखा खुलेको छ। यसले जिल्लालाई चाहिने कृषि तथा कृषि विकासको क्षेत्रमा ठूलो भूमिका खेल्ने आशा गर्न सकिन्छ।

सिचाइ

यस जिल्लामा कुनै ठूलो संगठित सिचाइको योजना छैन। किसानहरूले आफ्नो मेहनतले कच्ची कुलोहरू बनाएर खेतीपाती गर्ने गर्दछन्। यस्ता कुलोहरूको निर्माण गर्न जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतहरूबाट पनि आर्थिक अनुदान गएको देखिन्छ। यस्ता कुलोहरू एक देखि छ माइलसम्म लामा छन् र यिनलाई सालबसाली ग्रामीण जनताबाट वर्षात शुरू हुनुभन्दा अगाडि मर्मत गरी जेठदेखि असोजसम्म सञ्चालन गरिन्छ। यस जिल्लामा स-साना खोलाहरू भएको र वर्षायाममा खहरे खोलाहरू चल्ने भएकोले यिनीहरूले पनि सिचाइको काममा ठूलो सघाउ दिन्छन्। कृषि तथ्याङ्क अनुसार यो जिल्लामा सन् १९६७।६८ मा ३,५८९ हेक्टर (७१,७८० रोपनी) जगामा सिचाइ भएको थियो।

सिचाइको क्षेत्रमा यहाँ राम्रो सम्भाव्यता देखिन्छ। तमोर नदीको गढतिरमा सानातिना कुलोहरूको व्यवस्था गरी किसानहरूले वर्षको दुई बालीसम्म धान उत्पादन गरेको पाइन्छ। साधारण दृष्टिबाट हेर्दा ताङमाया, खोरुँग, फुगुवा खोलाहरूबाट कुलोहरू निकाल्न सक्ने सम्भावना देखिन्छ तर त्यस्ता योजनाहरूको लागत खर्च ठूलो मात्रामा हुने हुनाले राष्ट्रियस्तरमा मात्र यस्ता योजनाहरू लिन सकिन्छन्।

हाल यस जिल्लामा पिगुवा खोला सिचाइ योजना चलाउने तर्जुमा हुन लागेको छ। यसमा करीब रू. एक लाख खर्च लाग्ने अनुमान गरिएको छ जसमध्ये रू. ८५,०००। स्थानीय विकास विभागले र बाँकी रू. १५,०००। जिल्ला पञ्चायतले व्यहोर्ने भएको छ। यस सिचाइ योजनाको सर्वेक्षण कार्य करीब पूरा भइसकेको छ। यस योजनाबाट अम्फुवा साब्ला, पीप्ले, तम्फुवा, म्याङलुङ आदि पञ्चायत क्षेत्रलाई फाइदा हुने देखिन्छ। त्यसैगरी अर्को सिचाइको सम्भाव्यता अध्ययन आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा) ले दुवा पञ्चायतमा गर्न लागेको पनि छ।

उद्योग तथा व्यापार

खेतीपातीबाट फुर्सद पाएको बेला यस जिल्लामा किसानहरू केही घरेलु उद्योग धन्धामा लाग्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको आठराईमा बनाइएको खुकुरी प्रसिद्ध छ। म्याङलुङमा ढाका टोपी बुन्ने, श्रीजुङमा कागज बनाउने, साल्मामा कोगिटा कपडा बुन्ने उद्योगहरू सानो स्तरमा भएपनि विकास हुँदै गएका छन्। यी वस्तुहरू लोकप्रिय पनि हुँदै गएका छन्। जिल्लाको अरू भागमा परम्परागत किसिमले राडी, पाखी, टोपी, रूमाल, ओढ्ने आदि बुनिन्छ। गुरूङ, शेर्पा जातिले राडी पाखी बुन्छन् र तामाङ, लिम्बू जातिका मानिसहरूले कोगिटा, खाँडी आदि आफैले बनाएका तानबाट बुन्ने काम गर्दछन्। यस्तै प्रकारले दैनिक उपभोगको लागि आवश्यक पर्ने बाँसका डोका डाला, चित्राको भकारी, पराल र मकैको खोस्टाका गुन्द्री, चकटी आदि पनि प्रशस्त मात्रामा बनाइएको पाइन्छ। यी मालसामानहरू स्थानीय बजार र बेला बेलामा लाग्ने हाटमा बिक्री गरिन्छन्। यी घरेलु उत्पादनहरूको लोकप्रियताले गर्दा धरानका व्यापारीहरूले यस जिल्लाबाट प्रशस्त खरीद गरेर लैजान्छन्। आजकल छालाले मोरेको बाँसमा कुर्सी (मूढा) पनि देखा पर्न लागेको छ। यस अतिरिक्त काठ र माटाका भाँडाहरू पनि घरेलु उद्योगमा उल्लेखनीय छन्।

यहाँ एक ग्रामीण उद्योग कार्यालय छ। २०२६ सालमा स्थापित सो कार्यालयले पोखरामा एक ग्रामीण उद्योग तालीम केन्द्र सञ्चालन गरेको छ। यस केन्द्रले फर्निचर बनाउने, सिलाई बुनाई गर्ने, जुत्ता सिउने, फलामको काम गर्ने तालीमको व्यवस्था मिलाउने गर्दछ। यसको आफ्नै एउटा उत्पादन केन्द्र पनि छ र यसमा सूती कपडा उत्पादन गरिन्छ। यसका कामदारहरूलाई प्रति गज कपडाको गुण हेरी सरदर २५ देखि ५० पैसा पारिश्रमिक दिने चलन छ। यसै केन्द्रको वार्षिक कार्यक्रम अनुसार यस वर्ष कपडा बुन्ने एक वर्षे तालीम पनि चलिरहेको छ। यसमा जम्मा १४ जना व्यक्तिहरूले तालीम हासिल गर्दछन् र उनीहरूले प्रति महीना रू. ४०। को दरले भत्ता पाउँदछन्।

दैनिक जीवनलाई आवश्यक धेरैजसो वस्तुहरू जस्तै नून, तेल, कपडा, चीनी, मट्टितेल, मसला आदि धरानबाट आयात गरिन्छन्। यी मालसामानहरू तीन दिनसम्म बोकेर धनकुटाको बाटोबाट ल्याउने हुँदा यिनीहरूको मोल धरानमाभन्दा दोब्बर भएको पाइन्छ। वर्षायाममा तेह्रथुममा यी सामानहरूको मोल अरू १०।२०प्रतिशत बढेको हुन्छ। त्यसकारण यस जिल्लाका अधिकांश बासिन्दाहरूले धरान बजारबाट सोझै आफूलाई चाहिने नून तेल जस्ता अत्यावश्यक चीजबीज ल्याउने गर्दछन्। यसैले यस जिल्लामा ठूलठूला व्यापारीहरू छैनन्। यहाँ ज्यादा त खुद्रा पसल राख्ने व्यापारीहरूमात्र देखिन्छन्।

यस जिल्लाबाट निकासी हुने प्रमुख वस्तुहरूमा आलु, घ्यू, सुन्तला, जरीबूटी, सुंगुरको जगर, राडी, खोर्सानी, कम्मल, भेडा, बाखा आदि छन्। जरीबूटी प्रशस्त मात्रामा यहाँबाट बाहिर जाने गर्दछ। किसानहरूले यी वस्तुहरू खास गरी स्थानीय हाट बजारमा बिक्री गर्दछन् र केहीले सोझै धरान लगी बेच्दछन्।

यस जिल्लाको आन्तरिक व्यापारमा हाट बजारले महत्वपूर्ण भूमिका खेल्दछ। साप्ताहिक र पाक्षिक हाट बजारले जिल्लाबासीहरूलाई खरीद बिक्री गर्ने अवसर दिनुको साथै यो सञ्चारको साधन पनि भएको छ। त्यस मौकामा गाउँलेहरू आपसमा भेटघाट, छलफल र विचारको आदान प्रदान गर्दछन्। यस किसिम हाट बजार म्याङलुङ बजारमा प्रत्येक शुक्रबार, औंसी डाँडा जलजलेमा प्रत्येक औंसी पूर्णिमाको दिन, रोराहाङमा पनि प्रत्येक औंसीपूर्णिमाको दिन, छथर साम्रा वसन्तपुरमा प्रत्येक पञ्चमीको दिन, छथर पोखरीमा प्रत्येक शनिबार, छथर शुक्रबारे डाँडामा प्रत्येक औंसी पूर्णिमाको दिन, आठराई संक्रान्तिमा प्रत्येक महीना संक्रान्तिको दिन लाग्ने गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

अरू पहाडीक्षेत्रमा जस्तै तेह्रथुम जिल्लामा पनि यातायातको ठूलो कठिनाइ छ। यसभन्दा उत्तरी जिल्लाहरू संखुवासभा र ताप्लेजुङ्ग जाने मूलबाटोहरू यस जिल्लाको केही भागलाई छोएर जान्छन्। तर तेह्रथुम भने कुनै मुख्य दक्षिण-उत्तर अथवा पूर्व-पश्चिम पहाडी मूलबाटोमा पर्दैन। तैपनि जिल्लाभित्र एक पञ्चायतबाट अर्को पञ्चायत जाने गोरेटोहरू प्रशस्त बनेका छन्। धरान र धनकुटासित विशेष व्यापारिक सम्बन्ध भएकोले तेह्रथुमका मुख्य दुई मूल बाटोहरू मान्नु पर्दछ।

तेह्रथुम–धनकुटा-धरान बाटो

यो बाटो लेकैलेक भएर जान्छ। तेह्रथुमदेखि धनकुटा ५४ किलोमिटर (१७ कोस) र धनकुटाबाट धरान २६ किलोमिटर (आठ कोस) गरी तेह्रथुमदेखि धरानसम्म ८० किलोमिटर (२५ कोस) टाढा पर्दछ। यो बाटो धरानदेखि मूल घाट, धनकुटा, हिले, मूढे, सिधुंवा, चित्रे, वसन्तपुर (झिल्लांटे), लसुने–कांडे, जिरी खिम्ती भएर तेह्रथुम बजारसम्म जान्छ। यस बाटोबाट हिंड्दा फुलेसम्म उकालो चढ्नु पर्दछ र त्यसपछि लेकैलेक तेर्सिएर जानु पर्दछ। करीब २,४३८ मिटर (८,०००फीट) सम्मको अग्लो लेक चढेर जानु पर्ने यो बाटो वर्षको छ महीना ग्रीष्म ऋतुमा विशेष चल्ती हुन्छ। जाडो महीनामा यो बाटो साह्रै ठण्डी हुने र कहिलेकाहीं हिउँ पर्ने हुनाले धेरै मानिसहरू यसबाटो हिंड्न डराउँछन्।

पिगुवा तथा लम्बु खोला जस्ता सानातिना खहरे खोलाहरू पर्ने यस बाटोमा व्यापारी माल बोक्ने ढाक्रेहरू तथा अरू यात्रुहरूको लागि ठाउँ ठाउँमा खाने र बस्ने प्रबन्ध छ। धनकुटादेखि वसन्तपुर बजारबाट यी विभिन्न जिल्ला जाने बाटोहरू छुटिन्छन्। पैरो जानाले ठाउँ ठाउँमा यो बाटो बिग्रन जान्छ तर स्थानीय गाउँ पञ्चायतहरूले मरमत गर्ने र साना खोलसाहरू तर्ने काठका फल्याक हाली बाटो घाटो सुधार गर्ने कार्य गर्दछन्। धनकुटादेखि तेह्रथुमको बाटोलाई मोटर चल्न सक्ने बनाउन धेरै प्रयत्न भएको थियो। २०१८ सालमा सो बाटोलाई तीन मिटर(१० फीट) फराकिलो पार्न खोजिएको थियो। २०२० सालमा जन-श्रमदान लगाएर सो बाटो खनियो र स्वर्गीय श्री ५ महेन्द्र धनकुटा सवारी हुँदा धनकुटादेखि सिंधुवासम्म रसियन जीपमा सवारी चलाइएको थियो। यो सडक मोटर हिंड्ने बनाउनमा ठूलो जनरुचि देखिए तापनि धनकुटासम्म मोटर सडक नबनाउन्जेल सो सडक बन्न मुश्किल देखिन्छ। दोलालघाट-धनकुटा सडक निर्माणको सम्झौता भइसकेकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनकुटा, तेह्रथुम सडक निर्माण हुने ठूलो सम्भावन। पनि देखिन आउँछ ।

तेह्रथुम–धरान बाटो

यो तमोर नदीको किनारै किनार तेर्सो जान्छ। यस बाटोबाट जाँदा बीचमा दुम्बे, याक्चना घाट, फलामे पाती, मैंसे लुकुवापाती, कुहिने, सावाँपाती, भाङतार आदि स्थानहरू आउँछन् र नुमघाट तरी तेह्रथुम बजारसम्म लगभग ७६ किलोमिटर (२४ कोस) को दूरी पर्दछ। सो बाटोको अधिकांश भाग औलो जग्गामा पर्ने हुनाले न्यानो तथा लेकको बाटोको तुलनामा तीन-चार किलोमिटर जति छोटो भएकोले जाडो महीनामा विशेष चल्ती हुन्छ। धरानबाट मूलघाट भई तेह्रथुम, पाँचथर, ताप्लेजुङ्ग तथा इलाम जाने यात्रुहरू यसै बाटोबाट जान्छन्। तर त्यस बाटोमा नावाँ, सावाँ, छरूवा जस्ता ठूला र डरलाग्दा खोलाहरू पर्ने हुनाले सो बाटो वर्षायाममा बन्द नै हुन्छ र त्यस बेला लामो भए पनि लेकको बाटो नै चल्ती हुन्छ।

यस अतिरिक्त म्याङलुङदेखि आठराईको संक्रान्ति डाँडा जाने बाटो विशेष चल्तीको छ। संक्रान्ति डाँडा उत्तरी र पूर्वी क्षेत्रको व्यापारिक केन्द्र भएकोले सो स्थानबाट विभिन्न पञ्चायतहरू जाने अनेक गोरेटोहरू छन्।

तेह्रथुमबाट छिमेकी जिल्लाहरूमा जाने बाटोहरूमध्ये तेह्रथुम-ताप्लेजुङ्ग प्रमुख हो। यो बाटो करीब ६० किलोमिटर (१९ कोस) लामो छ र यस बाटोमा पर्ने खोरूंग खोला, कोया खोला र तमोर नदीमा झोलुङ्गेपुल र काठे पुलहरू छन्। यो संक्रान्ति डाँडा हुँदै ताप्लेजुङ्ग पुग्दछ। तेह्रथुमदेखि संखुवासभासम्म करीब ७० किलोमिटर (२२ कोस) टाढा पर्दछ। तेह्रथुम जिल्ला सीमानासम्म कुनै खोला पर्दैन, डाँडै डाँडा जान सकिन्छ। यो बाटो सदरमुकामबाट मंगलबारे, मादी, नम्लिङ, बितामादी, चैनपुर हुँदै खाँदबारी पुग्दछ। तेह्रथुम-देखि फिदिमसम्म करीब ४८ किलोमिटर (१५ कोस) टाढा पर्दछ। यो बाटोमा तमोर नदी र खोरूंग खोला पर्दछन्। खोरूंग खोलामा पुल नभएकोले घुमाउरो बाटो हिंडनु पर्दछ र तमोर नदीमा एउटा मात्र कच्ची पुल छ।

यस जिल्लामा चारवटा घाटहरू छन्। सो घाटहरू सिमरा, नयाँ लम्बु र याक्चना भन्ने स्थानहरूमा छन् र कात्तिकदेखि वैशाख महीनासम्म डुङ्गा चल्दछ। प्रत्येक घाटबाट दैनिक सालाखाला ४०-५० जना मानिसहरू तर्ने गर्दछन्। त्यहाँ घाट ठेक्काको व्यवस्था छैन। माझीहरूले प्रति व्यक्ति २५ देखि ५० पैसासम्म लिने गर्दछन् र उनीहरूको यो एउटा पेशाको रूपमा चलिरहेको छ।

हुलाक

तेह्रथुम जिल्लामा जम्मा १६ वटा हुलाक छन्। त्यसमा एउटा छोटी हुलाक सदर मुकाम म्याङलुङमा राखिएको छ र एउटा शाखा हुलाक मूलपानीमा छ। अरू १४ वटा अतिरिक्त हुलाकहरू साँघु, ढुङ्गे-साँघु, चाँगे, हाङपाङ, आठराई पोखरी, चुहानडाँडा, डाँडा गाउँ, ईसिबु, जल्जले, ओयाकजुङ्ग, मोराहाङ, जिरी खिम्ती, वसन्तपुर र छथर पोखरीमा राखिएका छन्।

हुलाक तथ्याङ्क अनुसार यस जिल्लामा वार्षिक ४९,९५९ चिट्ठीपत्र आउने गर्दछन् र करीब उतिनै चिट्ठीपत्रहरू यहाँबाट बाहिर पठाइन्छन्। क्षेत्रिय दृष्टिकोणबाट म्याङलुङ र आठराई क्षेत्रमा सबभन्दा बढी चिट्ठीपत्रहरू आउने जाने गर्दछन्। धेरै लिम्बूहरू विदेशमा गई नोकरी गर्ने हुनाले उनीहरूकै चिट्ठीपत्रहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढीमात्रामा हुन्छन् ।

अाकाशवाणी

जिल्लाको सदर मुकाम म्याङलुङमा एउटा आकाशवाणी छ। प्राप्त तथ्याङ्क अनुसार यस जिल्ला-बाट वर्षमा करीब २,५०० खबरहरू पठाइन्छन् । यहाँबाट काठमाडौं, विराटनगर, धनकुटा, धरान, भद्रपुर, ताप्लेजुङ्ग, फिदिम र चैनपुरसित सोझै सम्पर्क राख्न सकिन्छ। अधिराज्यको अरू जिल्लाहरूसित सम्पर्क राख्नु परे काठमाडौं अथवा विराटनगर मार्फत मात्र सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

अरू पहाडी जिल्लाका तुलनामा तेह्रथुम शिक्षाको क्षेत्रमा अगाडि बढेको देखिन्छ । यहाँ नौ वटा माध्यमिक विद्यालय, ११ वटा निम्न माध्यमिक विद्यालय र १०३ वटा प्राथमिक विद्यालयहरू चलिरहेछन् । राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि सो विद्यालयहरूको संख्या क्रमशः सात,२८ र १२२ भएको छ। यस जिल्लाको आठराई चुहान डाँडामा २०१७ सालदेखि एउटा इन्टर कलेज चलिरहेको थियो तर सो कलेज २०२७ सालमा बन्द हुन गयो। यस जिल्लामा दुईवटा भाषा विद्यालयहरू पनि चलिरहेछन् ।

यस जिल्लामा राष्ट्रिय शिक्षा योजना २०३० पुस १ गतेदेखि लागू भएको छ। नेपाल अधिराज्यको १३.९ प्रतिशत साक्षरताको तुलनामा यस जिल्लाको १७ प्रतिशत साक्षरता बढी र उल्लेखनीय देखिन्छ। पुरुषहरू ३० प्रतिशत साक्षर छन् र महिलाहरू ४.३ प्रतिशत साक्षर छन् । यस हिसाबले छ वर्ष र त्यसभन्दा बढी उमेर भएका जनसंख्या ९९,२२९ मध्ये जम्मा १६,८३४ साक्षर छन् र त्यसमध्ये पनि १४,६९७ पुरुष र २,१३७ महिला साक्षर भएको पाइन्छ ।

छ देखि माथिका १६,८३४ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा त्यसको रूपरेखा यस प्रकार देखिन्छ :–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९ वर्ष	६,९११	१,०४०	१५.०	७,००५	३४०	४.९	१३,९१६	१,३८०	९.९
१०–१४ ”	८,६४६	३,३६५	३८.९	७,७२७	८३९	९.६	१६,३७३	४,१०४	२५.१
१५–१९ ”	६,५३८	२,७३५	४१.८	६,०४७	४७१	७.८	१२,५८५	३,२०६	२५.५
२०–२४ ”	५,०९४	१,८८४	३७.०	५,२६१	२४४	४.६	१०,३५५	२,१२८	२०.६
२५–२९ ”	३,९७३	१,२७४	३२.१	४,३३०	११५	२.७	८,३०३	१,३८९	१६.७
३०–३४ ”	३,४५४	९४४	२७.३	३,७९७	५८	१.५	७,२५१	१,००२	१३.८
३५–३९ ”	३,१६४	८४७	२६.८	३,३०३	४३	१.३	६,४६७	८९०	१३.८
४०–४४ ”	२,६४३	६९१	२६.१	२,९९०	३७	१.२	५,६३३	७२८	१२.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

४५–५४ बर्ष	३,९३७	९५३	२४.२	४,३८१	४३	१.०	८,३१८	९९६	१२.०
५५–६४ "	२,६४८	५९९	२२.६	३,०२५	२६	.९	५,६७३	६२५	११.०
६५ र माथि	१,९५७	३६५	१८.७	२,३९८	२१	.९	४,३५५	३८६	८.९

वि. सं. २००७ सालको राजनैतिक परिवर्तन पछि नेपाल अधिराज्यभर शिक्षाको व्यापक प्रसार भएको कुरा सर्वविदित छ। सो कुरा यस जिल्लाका विभिन्न उमेरका मानिसहरूको साक्षरता सम्बन्धी उपर्युक्त तथ्याङ्कबाट पनि पुष्टि भएको देखिन्छ। २००७ साल अगाडि २० वर्षको समयावधिमा साक्षरताको वृद्धि तीन-देखि पाँच प्रतिशतसम्म भएको पाइन्छ। शिक्षाको प्रसार १० देखि २० वर्ष उमेर भएका केटाकेटीहरूको बीचमा सबभन्दा धेरै अथवा २५ प्रतिशतसम्म भएको छ।

अर्को उल्लेखनीय कुरा के पाइन्छ भने गाउँ घरका केटाकेटीहरूलाई छदेखि नौ वर्षमा भन्दा १० देखि १४ वर्षको बीचमा बढी संख्यामा शिक्षा दिइन्छ। सो तथ्य पहिलो समूह (छदेखि नौ वर्ष) का केटाकेटीहरूमा ९.९ प्रतिशत र दोस्रो समूह (१० देखि १४ वर्ष) का केटाकेटीहरूमा २५.१ प्रतिशत साक्षर भएबाट स्पष्ट हुन्छ। सो कुरा विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको तथ्याङ्कबाट पुष्टि हुन आउँछ। घर घरमा बाबु-आमाले पढाउने व्यवस्था मिलाउन नसक्ने र केटाकेटीहरूलाई पहाडी क्षेत्रको विद्यालय अलि टाढा पर्ने आदि कारणले नौ वर्षसम्मका केटाकेटीहरू कम साक्षर भएको हुन सक्छ।

शिक्षाको दृष्टिबाट यस जिल्लामा ठूलो क्षेत्रिय असन्तुलन पाइन्छ। यहाँको आठराई क्षेत्रमा सबभन्दा धेरै शैक्षिक संस्थाहरू केन्द्रित छन्। यस क्षेत्रको नौ पञ्चायतका ३०,८६२ जनसंख्याको लागि पाँचवटा माध्यमिक विद्यालय, तीनवटा निम्न माध्यमिक विद्यालय र २२ वटा प्राथमिक विद्यालय छन्। जब कि १८ वटा गाउँ पञ्चायत र ५५,६४९ जनसंख्या भएको फेदान क्षेत्रमा जम्मा तीनवटा माध्यमिक विद्यालय, छ निम्न माध्यमिक विद्यालय र ५४ प्राथमिक विद्यालय छन्। यसको सबभन्दा पिछडिएको उत्तरी भाग मेवाखोला क्षेत्रको चार पञ्चायत र १४,२३३ जनसंख्याको बीचमा एउटा निम्न माध्यमिक विद्यालय र १० प्राथमिक विद्यालय छन्।

यहाँका माध्यमिक विद्यालयहरूमा जम्मा ८० जना शिक्षक र छ जना शिक्षिका काम गरिरहेछन् र छात्रछात्राको संख्या १,२१० पुगेको छ। त्यसमध्ये छात्र संख्या १,०३७ र छात्रा संख्या १७३ छ।

यहाँ भएका निम्न माध्यमिक विद्यालयमा ५१ जना शिक्षक, ६२७ छात्र र ९१ छात्रा गरी जम्मा ७१८ विद्यार्थी छन्। ४० गाउँ पञ्चायत भएको यस जिल्लामा १०३ वटा प्राथमिक विद्यालय छन्। यस हिसाबले प्रत्येक पञ्चायतमा झण्डै तीनवटा प्राथमिक विद्यालय भएको पाइन्छ। यी विद्यालयहरूमा २८३ शिक्षक, पाँच शिक्षिका र ५,६५२ विद्यार्थीहरू छन्। त्यसमध्ये ४,६१८ छात्र र १,०३४ छात्रा छन्।

वि. सं. २०२८ सालको तथ्याङ्क अनुसार यस जिल्लामा छ वर्षभन्दा माथि उमेरको जनसंख्या ९९,२२९ छ। त्यसमध्ये ९२,२४९ जना त्यस वर्ष कुनै पनि विद्यालयमा भर्ना नभएका देखिन्छन्। अरू बाँकी ४,७०८ प्राथमिक कक्षाहरूमा, १,४५१ निम्न माध्यमिक कक्षाहरूमा र ७२० माध्यमिक कक्षाहरूमा भर्ना भएका छन्। यस अतिरिक्त अन्यत्र गई यस जिल्लाका ७७ जना इण्टरमिडियटमा, २१ जना स्नातकमा र तीन जना स्नातकोत्तरमा भर्ना भएका देखिन्छन्।

त्यस वर्ष शैक्षिक संस्थाबाट बाहिर रहेका ९२,२४९ जना मानिसहरू मध्ये ९०,७७० जना कहिले पनि विद्यालय नगएका छन्। बाँकी व्यक्तिहरूमा ३८३ जनाले प्राथमिक, ३२६ जनाले निम्न माध्यमिक, ५६९ जनाले माध्यमिक, १४४ जनाले इण्टरमिडियट, ४८ जनाले स्नातक र नौ जनाले स्नातकोत्तर शिक्षा हासिल गरेका देखिन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

शैक्षिक संस्थाहरूको आर्थिक स्थिति नाजुक भए तापनि स्थानीय जनताको शिक्षा प्रतिको अभिरुचि र उनीहरूबाट आर्थिक स्रोत जम्मा गर्ने अनेक प्रयासहरूले गर्दा यी संस्थाहरूको संख्या बढ्दो छ। यसैकारणले गर्दा विद्यालय भवनहरू पक्की बन्न सकेका छैनन्। छाना पनि राम्ररी राख्न सकेका छैनन् र आवश्यक फर्निचर पनि पुर्‍याउन सकेको देखिन्न। तैपनि जिल्लाका विद्यालयको ३० वटा पक्की भवन र ९१ वटा कच्ची भवन छन्। तीनवटा विद्यालयको भवन छैन। यी शैक्षिक संस्थाहरूलाई श्री ५ को सरकारले वार्षिक आर्थिक सहायता जम्मा रू. २,१४,७०६। दिने गर्दछ जसमध्ये प्राथमिक शिक्षालाई रू. १,३९,५४६।, निम्न माध्यमिक शिक्षालाई रू. २८,६८०। र माध्यमिक शिक्षालाई रू. ४६,४८०। दिएको देखिन्छ।

यस जिल्लामा तालीम प्राप्त शिक्षकहरू जम्मा ७२ छन्। शिक्षक तालीमको लागि यहाँका शिक्षकहरूलाई धनकुटा अथवा इलाममा जानु पर्दछ। जिल्लामा काम गरिरहेका शिक्षकहरूमध्ये जिल्ला बाहिरबाट आएका जम्मा दुईजना मात्र छन्।

यहाँ प्रौढ शिक्षाको पनि व्यवस्था भएको छ। यस अन्तर्गत २०२९ सालमा ३८ वटा प्रौढ कक्षाहरू खोलिएका थिए। त्यसबाट ३८० प्रौढहरू साक्षर निस्केका छन्।

स्वास्थ्य

यस जिल्लामा उपलब्ध सरकारी तथा गैरसरकारी स्वास्थ्योपचारका सुविधाहरूबाट यहाँका जनताको सेवा भइरहेको देखिन्छ। सरकारीस्तरमा यस जिल्लाको सदरमुकाम म्याङलुङमा एउटा स्वास्थ्य केन्द्र र छथर पोखरी, हाङपाङ र चुहान डाँडामा तीन स्वास्थ्यचौकी खुलेका छन्। केही वर्ष अगाडि हाङपाङमा स्वास्थ्य केन्द्र चलाइएको थियो तर सो केही समय पछि बन्द गरियो। गैरसरकारी क्षेत्रमा जगदम्बा दातव्य औषधालय आठराई संक्रान्ति डाँडामा चलिरहेको र यस जिल्लाका युवकहरू भारत र बेलायतको फौजमा प्रशस्त भर्ना हुन जाने हुनाले ती देशहरूबाट बेलाबेलामा औषधोपचारको लागि मेडिकल टोलीहरू आउने गर्दछन्।

यस जिल्लामा अहिलेसम्म रोगीहरू राख्न हुने कुनै अस्पताल छैन। तर म्याङलुङमा आठ शय्या भएको एउटा अस्पताल भवन बन्दैछ। यो निर्माणको अन्तिम अवस्थामा पुगेको छ। यसको निर्माण एक लाख ३० हजार रूपैयाँबाट हुन लागेको छ। यहाँ एउटा डाक्टर आवास र दुई स्टाफ आवासको निर्माण रू. ८७,००० को लागतले हुन लागेको छ। यस अस्पतालमा कुल खर्च जम्मा पाँच लाख रूपैयाँ हुने अनुमान छ। यहाँ स्थित स्वास्थ्य केन्द्रको तथ्याङ्क अनुसार यसमा २०२७ सालमा जम्मा ४,१९० र २०२८ सालमा५,१८२ बिरामीहरूको उपचार गरियो।

यहाँ उपचार हुन नसकेका रोगीहरू धनकुटा जाने गर्दछन्। आधुनिक चिकित्साका सुविधाहरू बढ्दै गए तापनि यस जिल्लामा धामी, झाँक्री, फेदाङ्वा र लामाको प्रभाव हराएको छैन।

यस जिल्लामा परिवार नियोजनको प्रचार पनि बढ्दै गएको देखिन्छ। म्याङलुङ स्वास्थ्य केन्द्रबाट अहिलेसम्म जम्मा ७२६ जनालाई परिवार नियोजनका साधनहरू वितरण गरिएको थियो। त्यसैगरी ३० जना सुत्केरी र ७१ जना गर्भवती, पाँच वर्ष मुनिका १,०२३ बच्चाहरू र एक वर्ष मुनिका ११५ जना शिशुहरूको उपचार गरिएको देखिन्छ। जिल्लाका अरू स्वास्थ्य चौकीहरू (फाँक्यामारा, चुहान डाँडा र हाङपाङ) मा पनि परिवार नियोजन सम्बन्धी क्लिनिकहरू हालै खोलिएका छन्।

यस जिल्लाको बेंसी भागमा औलो रोग बराबर फैलिएको पाइन्छ। सो रोग खासगरी आसामतिरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउने मानिसहरूले ल्याउने गरेको कुरा थाहा हुन्छ। यो रोग हटाउने काममा औलो उन्मूलन संघको शाखा कार्यालय लागेको छ। यसले २०२८।०२९ सालमा १५,६३८ घर कटेरा र २०२९।०३० मा १०,९९२ घर कटेराहरूमा कीटनाशक औषधी छर्केको थियो।

औलो रोग लाग्न सक्ने क्षेत्रका मानिसहरूको रक्त संकलन र जांच गर्ने कार्य पनि यस जिल्लामा भइरहेको देखिन्छ। २०२८ सालमा १२,०६५ जना मानिसहरूको रक्त जांच गरिएकोमा ५० जनालाई औलोले छोएको देखिएको छ। उनीहरूको उपचार गरिनुको साथै १,२१९ मिटर (४,००० फीट) मुनिका मानिसहरूमा पाइएको २७ रोगीहरूको पनि उपचार भएको थियो।

यस जिल्लामा क्षयरोग एक प्रमुख रोगको रूपमा रहेको देखिन्छ।

खानेपानी

यस जिल्लाको हरेक भागमा खानेपानीको समस्या देखिन्छ। कतै कतै घण्टौंसम्मको उकालो र ओरालो गरी खानेपानी ल्याउनु पर्दछ। खानेपानीको अशुद्धताले यहांका जनतामा पेटको रोग फैलिएको पनि देखिन्छ। त्यसैले २०२१ सालदेखि खानेपानीको विभिन्न व्यवस्था हुंदै आएको देखिन्छ।

पञ्चायत	धारा संख्या	लाभान्वित जनसंख्या
म्याङलुङ	१८	१०,०००
साव्ला	—	३,०००
डाँडा गाउँ	५	२,०००
डाँडा गाउँ	२	१,०००
सिम्ले	२	१,०००
ढुङ्गेसाँघु	२	२,०००
मुलपानी	४	२,०००
फूलबारी	३	३,०००
चुहान डाँडा	५	४,०००
चुहान डाँडा	२	२,०००
सम्दु	२	१,०००

यस अतिरिक्त संक्रान्ति डाँडामा राखिएको "मदन धारा" ले त्यस ठाउँको खानेपानीको आपूर्ति गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

तेह्रथुम सदरमुकाममा विभिन्न जिल्लास्तरीय कार्यालयहरू राखिएका छन् । तीमध्ये प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला प्रहरी निरीक्षक कार्यालय, माल, रेन्ज, छोटी हुलाक, भूमिसुधार, शिक्षा निरीक्षक, कारागार आदि प्रमुख छन् । यस अतिरिक्त ग्रामीण उद्योग, कृषि विकास, हेल्थ सेन्टर, भेटेनरी डिस्पेन्सरी, निर्वाचन जिल्ला शाखा, तथ्याङ्क शाखा र सहायक सरकारी अभियोक्ता तथा सहायक सरकारी अभिवक्ताको कार्यालयहरू पनि छन् । गैर सरकारी कार्यालयहरूमा जिल्ला पञ्चायत, आकाशवाणी र औलो उन्मूलन संघ उप-शाखाहरूको उल्लेख गर्न सकिन्छ । यहाँ नेपाल बैंकको शाखा पनि छ ।

जिल्लाको अरू भागमा पनि कतिपय कार्यालयहरू राखिएका छन्, जस्तो प्रहरी ठाना-आठराई संक्रान्ति डाँडा, प्रहरी चौकी–दोभान, मोराहाङ, पोक्लावाङ, हेल्थ पोष्ट चुहान डाँडा, हाङपाङ, फाक्वाभारा आदि ।

न्याय

यहाँ जिल्ला अदालत कार्यालय छ । सो अदालत २०१७ सालदेखि नै यहाँ स्थापना भएको हो । यस अदालतमा राजपत्रांकित तृतीय वा द्वितीय श्रेणीस्तरको एउटा न्यायाधीश रहने व्यवस्था छ ।

यस अदालतमा २०२७।०२८ सालमा देवानी फौजदारी मुद्दाहरू जम्मा ३३७; २०२८।२०२९ मा ३७२ र २०२९।२०३० मा २९० परेको देखिन्छ र त्यसमध्ये क्रमशः २०६, २७३ र २०५ वटा मुद्दाहरू सोही वर्षहरूमा फस्यौंट भएको पनि देखिन्छ । माथि उल्लेख गरिएका तीन सालका मुद्दाहरूको संख्या बढेको देखिन्छ भने २०२९।०३० मा उक्त दुवै सालकोभन्दा मुद्दाको संख्या घट्न गएको छ ।

मुद्दाको किसिममा विशेषगरेर देवानीपट्टि जग्गा खिचोला, लिखत पास, लिखत बदर र फौजदारी तर्फ लुटपीट, जालसाज, कुटपीट सम्बन्धी मुद्दाहरू परेका देखिन्छन् । गत तीन सालमा बाल विवाह सम्बन्धी एउटा, बहु विवाह सम्बन्धी आठ वटा, सम्बन्ध विच्छेद सम्बन्धी ४८ र लोग्ने कायम गरी पाउँ भन्ने एक आदि मुद्दाहरू परेका छन् ।

लिम्बुवान क्षेत्रभित्र पर्ने यस जिल्लामा किपट जग्गा भूमिसुधार लागू हुनुभन्दा अगाडि फार्से राजीनामा हुन नसक्ने व्यवस्था थियो तर सो जग्गाको दस्तूर तालुकदार सुब्बाहरूलाई तिरी जग्गा अरूले आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाममा दर्ता गराउने गरेको र अगाडि अगाडि जग्गा दर्ता हुँदा जग्गाको चार किल्ला नखुलाई तिरो मात्र दर्ता भइरहेको कारणबाट जग्गा सम्बन्धी मुद्दाहरू बढी मात्रामा पर्न जाने देखिन्छ।

पञ्चायत

तेह्रथुम जिल्लामा ४० पञ्चायत छन्। ती पञ्चायतहरूको क्षेत्रफल एक किसिमको नभए जस्तै त्यहाँ बसोबास गर्ने मानिसहरूको संख्या पनि बेग्लाबेग्लै पाइन्छ। यस जिल्लाको सबभन्दा ठूलो पञ्चायत जलजले पञ्चायत हो र त्यहाँ ६,०७३ जना मानिस बसेका छन्। जिल्लाको सबभन्दा सानो पञ्चायत सात्रा पञ्चायत हो जहाँ ७७७ मानिसहरू मात्र बसेकाछन्। यहाँ अरू छ पञ्चायतमा ४,००० देखि ४,९९९ सम्म, १२ पञ्चायतमा ३,००० देखि ३,९९९ सम्म, १४ पञ्चायतमा २,००० देखि २,९९९ सम्म र बाँकी छ पञ्चायतमा १,००० देखि १,९९९ सम्म बसोबास गरेका छन्।

जिल्लाको ठाउँ ठाउँमा पञ्चायतहरूले स्थानीय विकासका कार्यहरू गरेको पाइन्छ। यहाँको जिल्ला पञ्चायत कार्यालयको जिल्ला सभा कोषमा २०२९।०३० सालमा रू ८,३४३। आम्दानी भएको देखिन्छ। सो आम्दानी घाट ठेक्का कर, घर धुरी कर, नागरिकताको प्रमाणपत्र र निवेदन दस्तुर आदिबाट भएको हो।

यस जिल्लामा वर्गीय संगठनहरू स्थापित भएका छन्। यहाँ नेपाल महिला संगठनको २७ वटा प्रारम्भिक समितिहरू खडा भएका छन् र यिनमा जम्मा ३९७ सदस्य छन्। नेपाल युवक संगठनको प्रारम्भिक समितिहरू ३७ पुगेका छन् र सदस्य संख्या ४०७ पुगेको छ। त्यसैगरी नेपाल किसान संगठनको प्रारम्भिक समिति ३२ र सदस्य संख्या ३५२ र नेपाल भूतपूर्व सैनिक संगठनको प्रारम्भिक समिति १३ र सदस्य संख्या १४३ पुगेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

तेह्रथुम जिल्लामा विकासको कुनै ठूलो योजना भएको पाईंदैन । यहाँका विकास योजनाहरूमा जिल्लास्तरीय रूपमा खानेपानी, पुल,कुलो, भवन निर्माण आदि विकास कार्य भइरहेका देखिन्छन् । ठूलो योजना सञ्चालन गर्नमा खास बाधा यातायातको कठिनाई नै देखापर्दछ । धनकुटासम्म मोटर चल्ने बाटो खुलेपछि यस जिल्लाको सदरमुकाम लगायत केही भागमा मोटर सजिलैसित गुड्न सक्नेछ । किनभने धनकुटाबाट सिंवुवासम्म केही वर्ष अगाडि डाँडैडाँडा मोटर चलाइसकिएको थियो । दोलालघाट–धनकुटा सडक बन्ने सम्झौता भइसकेको र प्रारम्भिक कार्य पनि शुरू भइसकेकोले तेह्रथुम जिल्लाले पनि यसबाट फाइदा उठाउन धेरै वर्ष कुर्नु नपर्ने देखिन्छ । यस अतिरिक्त जिल्लामा धेरै नदीनालाहरू भएकाले वर्षायाममा गोरेटो र घोडेटो चालू राख्न ठाउँ ठाउँमा पुल बन्न आवश्यक छ । खासगरी जिल्लाको अन्य भागबाट सदरमुकाम आउन यसको खाँचो छ । यस जिल्लाबाट छिमेकी जिल्लाहरूमा जान तमोर नदी र अरू नदी नालाहरू तर्नु पर्ने हुनाले ती नदीहरूमा एक दुई पक्की पुल बनेका भए पनि ती पर्याप्त देखिन्नन् ।

शिक्षाको क्षेत्रमा यस जिल्लामा अपेक्षाकृत धेरै प्रगति भएको देखिए तापनि गाउँ घरका विद्यालयहरूको पक्की भवन निर्माण गर्नु पर्ने देखिन्छ । स्वास्थ्यको क्षेत्रमा यहाँ एउटा ठूलो अस्पताल भवन बन्दै छ र यसको निर्माण पूरा भइसकेपछि यसले यहाँको स्वास्थ्य सेवामा ठूलो सुविधा र सघाउ पुऱ्याउने छ ।

यस जिल्लाको आर्थिक अवस्थालाई सबभन्दा ठूलो टेवा कृषिले नै दिइरहेको र भविष्यमा पनि यसले दिइरहने देखिएकोले यसको विकासमा नै विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । यहाँको केही जमीनमा स्थायी सुधार गर्न जुन उत्साहको कमी देखिएको थियो सो किपट प्रथाको अन्त्य भएपछि देखिन छाडेको छ । यहाँको प्रमुख उब्जनी धान हो र यसको खेतीमा उन्नति गर्न प्रशस्त सम्भावना देखिन्छ । उन्नत बीउ र मलको प्रयोग गर्नुको साथै बेंसी इलाकामा सिचाइको व्यवस्था मिलाउन सकिन्छ । तमोर जस्तो नदीबाट करीब ५०० फीटमाथि पानी तान्ने पम्पहरूको प्रयोग गर्न सके यस भेगको पैदावार निकै बढ्ने देखिन्छ । त्यस्तै किसिमले लेकतिर उब्जनी गरिने मकै, कोदो, गहुँ, जौ आदिको खेतीमा पनि केही विकास गर्न सकिन्छ ।

यस जिल्लामा सुन्तला प्रशस्त फल्दछ । यातायातको व्यवस्था भएमा सुन्तला खेतीबाटै यो जिल्लाले सर्वाधिक अर्थ उपार्जन गर्न सक्नेछ । तर यातायातको असुविधाले गर्दा कतिपय ठाउँहरूमा सुन्तला सुंगुरलाई खुवाएर सिध्याउनु पर्ने स्थिति भएको देखिन्छ । तसर्थ अहिलेसम्मको स्थितिमा सुन्तला खेतीको विकास सम्भव थिएन । लेकाली डाँडाहरू पनि प्रशस्त भएकाले स्याउ, ओखर आदिको पनि भविष्यमा विकास हुने सम्भावना छ । सागपात पनि यस जिल्लामा विभिन्न प्रकारका हुन्छन् । यसको अलावा यस जिल्लाको सुर्ती लोकप्रिय र प्रचलित छ । तोरी, भटमास, फापर, खोर्सानी, फिलिन्गो, मस्याङ्ग आदिको खेती पनि यहाँ गरिन्छ र त्यसमा उन्नति गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनकुटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	३६५
प्राकृतिक स्वरूप र सम्पदा	३६७
ऐतिहासिक पृष्ठभूमि	३७५
प्रमुख स्थानहरू	३७७
जनसंख्या र जनजीवन	३८१
आर्थिक व्यवस्था	३९४
यातायात, सञ्चार तथा बिजुली	४०६
शिक्षा, स्वास्थ्य तथा खानेपानो	४११
प्रशासन र पञ्चायत	४१५
उपसंहार	४१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

पृथ्वीनारायण शाहले काठमाडौं पूर्वका राजा-रजौटा विजय गरी नेपाल अधिराज्यमा समावेश गरेदेखि "धनकुटा गौंडा" नामले प्रसिद्ध हुँदै आएको यो ठाउँ पञ्चायती व्यवस्थाको सूत्रपात पश्चात् २०१९ सालमा अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिँदा "धनकुटा जिल्ला" भयो।

श्री ५ वीरेन्द्रबाट २०२९ सालमा नेपाल अधिराज्यलाई चार विकास क्षेत्रमा परिणत गरिबक्सेपछि यो जिल्ला पूर्वाञ्चल विकास केन्द्रको नामले प्रख्यात हुनथालेको छ।

धनकुटाको भौगोलिक एवं आर्थिक उपादेयताले गत दुई शताब्दीदेखि अहिलेसम्म नेपालको इतिहासमा ठूलो महत्व ओगटेको छ। वास्तवमा धनकुटा पूर्व र पश्चिममा अवस्थित मेची र सगरमाथाको मात्र केन्द्रस्थल नभई दक्षिणपट्टिको समथर तराई प्रदेशदेखि उत्तरको हिमाली भू-भागसम्म परिकल्पना गरिएको "आर्थिक अभिवृद्धिको मेरुदण्ड"को पनि केन्द्रविन्दु हुनआएको छ। यही केन्द्रविन्दुबाट मेची, कोशी र सगरमाथा अञ्चलका असंख्य गाउँ, बेंसी र पाखाहरूमा विकासका मूलहरू प्रस्फुटन हुनेछन् र प्रादेशिक विकास र विस्तारले अन्ततः राष्ट्रिय समुन्नतिको रूप लिनेछ।

लुम्बासुम्बा हिमालदेखि तमोर नदीको मूलघाटसम्म फैलिएको मिल्के डाँडाको दक्षिणी भागमा अवस्थित यो धनकुटा जिल्ला नेपालका अन्य पहाडी जिल्लाहरू जस्तै बेंसी, भञ्ज्याङ्ग र धौरालीहरूले बनेको छ; नदी, खोला र कन्दराहरूले बनेको छ। दक्षिणपट्टिका समथर मोरङ तथा सुनसरी जिल्लाहरूबाट क्रमशः आग्लिदै गएको यो जिल्ला पूर्वमा तेह्रथुम र पश्चिममा भोजपुर छुँदै उत्तरको संखुवासभा जिल्लासम्म फैलिएको छ। दक्षिण-पूर्वको सीमानामा स्थित बुधबारे गाउँ पञ्चायत, दक्षिण पश्चिमको छिन्ताङ गाउँ पञ्चायत तथा उत्तरको चानुवा गाउँ पञ्चायतलाई हेर्दा धनकुटा जिल्ला साधारणतः तीनकुने परेर उत्तर-दक्षिण लम्बिएको छ।

धनकुटा नामकरण कसरी भयो भन्ने बारे यहाँ चाखलाग्दो भनाइ छ। धनकुटाको सदरमुकाममा कागते पोखरी अवस्थित छ। यो पोखरीको केही उत्तरमा डाँडाका दुई थुम्काहरू छन्। झुलुक्क हेर्दा यी थुम्काहरू ढिकीका खामा जस्ता देखिने तथा कागते पोखरी धान कुट्ने ओखल जस्तो लाग्ने र धानकुटेको जस्तो अनुभूति हुने हुँदा धानकुटा अर्थात् "धनकुटा" रहेको हो भन्ने स्थानीय जनश्रुति छ।

धनकुटा जिल्लाको क्षेत्रफल ८७१ वर्ग किलोमिटर छ। यो जिल्लामा १,०७,६४९ जनसंख्याले बसोबास गरेका छन्। चौबीसे, मिक्लुङ, झलहरा, धनकुटा, छथर पश्चिम र खाल्सा समेत छ थुमको समष्टिरूप यो धनकुटा जिल्लामा ३८ वटा गाउँ पञ्चायतहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भौगोलिक स्थिति अनुसार धनकुटा जिल्ला २६°५३' देखि २७°१९' उत्तर अक्षांश र ८७°८' देखि ८७°३३' पूर्व देशान्तरभित्र पर्दछ। उत्तरमा केवा खोला, दक्षिणमा फेसुवा खोला र साँगुरी भञ्ज्याङ्ग शृङ्खला, पश्चिममा अरुण नदी र पूर्वमा नाम्फु एवं तेलिया खोला तथा पटेक डाँडाको शृङ्खला यस जिल्लाका भौगोलिक साँध हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

उत्तरमा तिब्बती सीमानादेखि दक्षिणमा भारतको बिहार राज्यसम्म फैलिएको पूर्वी नेपालको प्रसिद्ध कोशी अञ्चलमा पर्ने धनकुटा जिल्ला अधिराज्यको भौगोलिक विभाजन अनुसार मध्यपहाडी प्रदेशमा अवस्थित छ। महाभारत पर्वत शृङ्खलाको उत्तरी भागमा रहेको यो जिल्लामा कयन् लेक र बेंसीहरू, नदी, पाखा र भञ्ज्याङ्गहरू छन्। महाभारतको डाँडामा ठण्डा हुन्छ भने कतिपय खोंचहरूमा निकै गर्मी भइरहेको हुन्छ। पूर्वोत्तर भू-भागमा तीनजुरे पहाड र यसका शाखाहरू अग्लिएका छन् भने दक्षिणमा तमोर तथा पश्चिममा अरुण बगेका छन्। यसरी विभिन्न प्रकारका प्राकृतिक स्वरूपबाट बनेको धनकुटा जिल्ला विभिन्न किसिमको हावा-पानीद्वारा प्रभावित छ। विभिन्न थरीका वन्य सम्पदाले परिपूर्ण छ।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिबाट धनकुटा जिल्लालाई सामान्यतः दुई भागमा विभाजन गर्न सकिन्छः–

(१) पहाडी प्रदेश

(२) बेंसी

पहाडी प्रदेश

पूर्वी नेपालको उत्तरी सीमानामा अवस्थित लुम्बासुम्बा हिमालदेखि तमोर नदीको मूलघाट क्षेत्रसम्म फैलिएको मिल्के डाँडा र यसको शाखा उप-शाखाबाट बनेको पहाडी खण्डमा धनकुटा जिल्लाको धेरैजसो भाग पर्दछ। तमोर नदीभन्दा दक्षिणपट्टिको भू-भाग भने महाभारत पर्वतको उत्तरी पाखोमा पर्न आउँछ। उत्तर-पूर्वबाट दक्षिण-पश्चिमतिर बगेको तमोर नदीले यी दुई पहाडी भागलाई छुट्याएको छ। हिमाली शृङ्खलाको शाखा तथा तीनजुरे डाँडाको पहाडी भाग १,५२४ मिटर (५,००० फीट) देखि २,४३८ मिटर (८,००० फीट) को उचाइमा पर्दछ। धनकुटा सदरमुकाम लगायत गुराँसे डाँडा तथा मिक्लुङको उत्तरी पाखो ९१२ मिटर (३,००० फीट) देखि १,५२४ मिटर (५,००० फीट) को अग्लाइमा पर्दछन्। यो भागलाई मध्य पहाडी भाग पनि भन्न सकिन्छ। जिल्लाका अधिकांश बस्तीहरू यही भागमा केन्द्रित छन्।

दक्षिणपट्टिको पहाडी भाग तमोरको तटदेखि अग्लिंदै महाभारतको पानी ढलोसम्म पुगेकोछ। यो पाखोमा लुखा, कार्कीछाप, फाक्सीब, डाँडाबजार, खुवाफोक, राजारानी, सोक्रोपा, मूढेबास, अठारसय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि पञ्चायतहरू पर्दछन्। धनकुटा बजार क्षेत्र भने मिल्के डाँडाको थलीमा नै रहेको छ। खोकु छिन्ताङ, बेलहारा, मुगा आदि मुख्य बस्तीहरू पश्चिमपट्टि र तेलिया, परेवादिन पूर्वपट्टि रहेका छन्। धनकुटाको दक्षिण सीमानामा रहेको मिक्लुङ श्रृङ्खला यहाँको दोस्रो अग्लो भू-भाग हो। यसको अतिरिक्त अरू कैयन् साना ठूला पहाडहरू यत्रतत्र तरेली परेर रहेका छन्। यी पाखाहरू निकै ढुङ्गे र भिरालो परेको हुँदा कृषिको लागि त्यति उपयोगी छैनन्। पहाडी श्रृङ्खलामा पर्ने भू-भाग ठण्डा शीतोष्ण हावापानीद्वारा प्रभावित छ। यहाँ सुन्तला, जुनार तथा कागती जस्ता सिट्रस जातका फलफूल र उत्तिस, सल्लो तथा गुराँस आदिका रूखहरू भएको पतझड मनसुनी एवं कोणधारी सदाबहार वन पाइन्छन्।

बेंसी

तमोर नदी, अरुण नदी तथा धनकुटा खोला, निबुवा खोला, तेलिया खोला, फोकसुवा खोला, चोङरोङ खोला, लेगुवा खोला, मुगा खोला, माङमाया खोला, छामलाङ आदि खोलाहरूको आसपासमा कैयन् बेंसी र रसिला फाँटहरू छन्। यी बेंसीहरूका केही भाग स्थानीय मूलको पानीबाट पटनी भएको पाइन्छ भने केही भागमा स-साना कुलो ल्याई सिचाइ गरिएको देखिन्छ। यी बेंसी र फाँटहरू रसिला तथा मलिला छन्। यिनै बेंसीहरूको वरपर केही टारहरू पनि छन्। सिचाइको राम्रो व्यवस्था नभएकोले खेतीपातीकालागि यी टारहरू त्यति उपयोगी छैनन्। पहाडी खोंच तथा बेंसीतिर अवस्थित यी टारहरू विमानस्थल जस्ता अन्य कामहरूमा पनि प्रयोग गर्न गाह्रो पर्ने देखिन्छ। । ६०९ मिटर (२,००० फीट) को आसपासमा बेंसी र टारहरू ज्यादा पाइन्छन्। साप्टिङटार, लाहनीटार, बेलटार, छंसुवाटार, खोहुटार, दुरदुभंटार, सफाइटार आदि यहाँका मुख्य टार हुन्। धेरैजसा टारहरू धनकुटा जिल्लाको दक्षिण-पश्चिम भेकमा रहेका छन्।

धनकुटा जिल्लाको बेंसी तथा टारको भू-भागमा सम-शीतोष्ण एवं अर्ध-उष्ण हावापानीको प्रभाव परेको छ। यहाँ भूईंकटहर जस्तो फलफूल र सिरिस, खयर, सिसौं तथा सालका रूखहरू भएको मिश्रित पतझड वन पाइन्छ।

नदीनालाहरू

धनकुटा जिल्लामा अरुण तथा तमोर नदी लगायत कतिपय खोला, खोल्सा र खहरेहरू छन्। यस जिल्लाभित्र तथा सीमानामा बग्ने केही मुख्य नदी र खोलाहरू यस प्रकार छन्:—

तमोर नदी

लुम्बासुम्बा हिमालको दक्षिण-पूर्व पाखोमा बग्ने हिमाली खोलसाहरू मिलेर ताप्लेजुङ्ग जिल्ला हुँदै दक्षिण बगेको यस खोलामा ओलाङ्चुङ्गोला आइपुगेपछि सिन्जेपोखरीतिरबाट आएको याङ्माखोला मिसिन्छ। त्यसपछि कञ्चनजङ्घा हिमालको दक्षिण-पश्चिम पाखोबाट झरेको यामातारी हिमखोला दूधपोखरी हुँदै तमोरमा आएर मिसिन्छ। तत्पश्चात ताप्लेजुङ्ग, तेह्रथुम र पाँचथर जिल्ला भएर बग्ने सिम्बुवा, मेवा, काबेरी, हिमखोला, कोया, खराङ, नाबु आदि सहायक खोलाहरू आफूभित्र समागम गर्दै तमोर नदी धनकुटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा प्रवेश गर्दछ ।

धनकुटा जिल्लाको अर्ध दक्षिणी भागमा उत्तर-पूर्वबाट दक्षिण-पश्चिम हुँदै तमोर नदी बगेको छ । धनकुटाको पश्चिमी सीमानामा बग्ने अरुण नदी जस्तै तमोर पनि बाह्रैमास अविरल रूपले बग्दछ । यो नदी कहीं धान खेतीगर्नयोग्य फाँटहरू बनाएर बगेको छ भने कहीं निकै साँगुरिएर बगेको छ । मूलघाटस्थित झोलुङ्गे पुल तरेर धनकुटा जाँदा उकालोबाट देखिने तमोर नदी र वरपरका पाखा पखेराहरूको दृश्य रमाइलो छ । हिमाली श्रृङ्खलाबाट कैयन् अग्ला होचा खोंचहरू चिर्दै आएको यो नदीको पानी चीसो र सफा छ । प्रसिद्ध जलकपुरमाछा पाइने यो तमोर नदीले अनादिकालदेखि धनकुटालाई हराभरा पार्दै आएकोछ । पूर्वबाट पश्चिमसम्म फैलिएको तमोर उपत्यकाले धनकुटाको आर्थिक विकासमा टेवा दिंदै आएकोछ ।

अरुण नदी

चीनको तिब्बत क्षेत्रमा बग्ने अरुण नदी किमाथाङका गाउँ नजीकै आइपुगेपछि नेपालमा प्रवेश गर्दछ । संखुवासभा जिल्ला हुँदै दक्षिणतिर लागेको यो नदी स्याकशिला आइपुगेपछि यसमा मकालु हिमालबाट आएको वरुण नदी मिसिन्छ । त्यसपछि क्रमशः दिमा बाबाक, माघाङ, कासुवा, छोयाङ, संखवा, सिसुवा आदि सहायक खोला र खोल्साहरू आफूमा समावेश गर्दै यो अरुणनदी समायाघाट पुग्छ । यो घाटमा समायाखोला मिलेपछि पिलुवा दोभानको केही दक्षिण पुगेर अरुणले धनकुटा जिल्लाको पश्चिमोत्तर भू-भाग छुन्छ । तत्पश्चात् धनकुटातिरबाट बगेको लेगुवा, माङमाया तथा मुगा र भोजपुरतिरबाट बगेको आखुवा, पिखुवा, मधुवा र कावा खोलाहरू आफूमा समावेश गर्दै दक्षिण बगेको अरुण त्रिवेणीघाटसम्म धनकुटा जिल्लाको पश्चिम सीमाना हुन्छ ।

धनकुटा जिल्लाको पश्चिमी सीमानाको रूपमा उत्तरबाट दक्षिणतर्फ अटूट बगिरहेको अरुण नदी यस क्षेत्रको अर्को महत्वपूर्ण नदी हो । हिमाली पाखा पखेरा हुँदै आएको यो नदीको पानी पनि सदासर्वदा चीसो रहन्छ । यो नदीमा पनि जलकपुरमाछा पाइन्छ । आवश्यक संख्यामा साँघुहरूको अभावले वर्षामा बटुवाहरूलाई असुविधा भए तापनि अरुण नदीले त्यस भेकका सुखा गाउँलाई रसिला बेंसी र फाँटहरू दिएको छ । यो नदी धनकुटा जिल्लाको चानुवा, लेगुवा, फलाँटे, मुगा, खोकु र छिन्ताङ पञ्चायत क्षेत्रलाई छुँदै त्रिवेणीमा आएर तमोर नदीसित मिलेको छ ।

लेगुवा खोला

यो खोला धनकुटा जिल्लाको उत्तरी भागमा पूर्वबाट पश्चिमतिर बगेको छ । जिल्लाको उत्तर-पूर्व सीमानामा रहेको करीब २,५०० मिटर अग्लो पटेक डाँडाको श्रृङ्खलाबाट यो खोलाको मुख्य मुहान फुटेको छ । कटहरेटारको उत्तरपट्टि र नाम्फु पञ्चायतको दक्षिणपट्टिबाट बगेको यो खोला सान्नेटार तथा बेलटारको छेउछाउ हुँदै अरुण नदीमा मिलेको छ । यो खोला र यसका शाखाहरू बगेको भू-भागमा रसिला बेंसीहरू छन् । चानुवा गाउँ पञ्चायत क्षेत्रमा बग्ने सिन्धु र अन्य स-साना खोलाहरू यही खोलामा मिसिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुगा खोला

मुगा पञ्चायत क्षेत्रमा पूर्वबाट पश्चिमतिर बगेर अन्ततः अरुण नदीमा मिलेको यो खोला त्यस भेकको ठूलै खोला हो । मातिम्बु, ज्यामिरे, चिलीमे आदि खोलाहरू मिलेर यो मुगा खोला बनेको छ । यो खोलाको आसपासमा कात्तिके, राई गाउँ, बेंसी गाउँ, सालबोटे आदि ठाउँहरू पर्दछन् । मुगा खोला र अरुणको दोभानभन्दा नजीकै दक्षिणपट्टि खोहुटार र उत्तरपट्टि दानाटार छन् ।

अन्य खोलाहरू

उपर्युक्त नदी र खोलाहरूका अतिरिक्त यस जिल्लामा अन्य कतिपय खोलाहरू छन् । धनकुटा र संखुवासभा जिल्लाको प्राकृतिक सीमानाको रूपमा रहेको क्यावा खोला चापै डाँडाबाट निस्केर पश्चिममा अरुण नदीमा मिल्दछ । मुलुवा खोला, पैरे खोला र चारघरे खोला क्यावा खोलाका शाखाहरू हुन् । धनकुटा जिल्लाको पूर्वपट्टि सीमानाको आसपासमा उत्तरदेखि दक्षिणतिर क्रमशः झगडिया खोला, लक्ष्मी खोला, दावा खोला, तेलिया खोला र नाम्फु खोला बगेका छन् । पश्चिमपट्टि माङमाया खोला, छामलाङ खोला, अँधेरी खोला, छिबुवा खोला र चोङरोङ खोला पर्दछन् । दक्षिणपट्टि महाभारतको उत्तरी पाखोबाट उत्तरतिर बगी तमोरमा मिसिने खोलाहरूमा रघुवा खोला, कपुवा खोला, ल्यौती खोला, लुखा खोला र फिसुवा खोला मुख्य हुन् । यी खोलाहरू फुवाफोक, बोधे, याङदुवा तथा लुखा पञ्चायत क्षेत्रमा पर्दछन् ।

हावापानी

धनकुटा जिल्लामा सामान्यतः मनसुनी हावापानीको प्रभाव परेको छ । दक्षिण-पश्चिम मनसुनी हावाले यो जिल्लामा साधारणतः जेठदेखि असोजसम्म पानी पार्दछ । साथै पश्चिमी भेकबाट बहने जलवाष्पपूर्ण हावाले हिउँदका दिनहरूमा पनि केही वर्षा गराउँछ । समुद्री सतहबाट उचाइको विषमताको कारण नेपाल अधिराज्यका अन्य पहाडी जिल्लाहरूमा जस्तै यस धनकुटा जिल्लाका विभिन्न भागमा पनि हावापानी केही फरक पाइन्छ ।

करीब २,४३८ मिटर (८,००० फीट) अग्लो तीनजुरे डाँडा र यसका शाखा उप-शाखा र दक्षिणी सीमानामा अवस्थित महाभारत श्रृङ्खलाहरू ठण्डा एवं सम-शीतोष्ण हावापानीद्वारा प्रभावित छन् भने करीब ६०९ मिटर (२,००० फीट) को आसपासमा पर्ने बेंसी, टार र केही बस्तीहरू अर्ध-उष्ण हावापानीद्वारा प्रभावित छन् । यहाँ अग्लाइको असमानता अनुसार तापक्रम र वर्षा पनि फरक फरक हुन्छ । धनकुटामा रहेको मौसम अवलोकन केन्द्रबाट सन् १९६७ मा अभिलेख गरिएको निम्न तालिकाबाट यहाँको तापक्रमको बारेमा केही जानकारी हुन सक्छ ।

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	१९६७		१९६७ र १९६८ को औसत	
	अधिकतम	न्यूनतम	अधिकतम्	न्यूनतम्
जनवरी	१५.०	७.५	१४.६	७.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेब्रुअरी	१८.०	१०.५	१६.१	६.१
मार्च	१८.८	११.६	१४.७	७.१
अप्रिल	२२.३	१५.१	२३.२	१५.३
मे	२४.७	१७.६	२५.१	१७.७
जून	२४.१	१६.०	२४.५	१८.७
जुलाई	२४.३	१६.८	२४.०	२०.२
अगष्ट	२५.४	२०.०	२४.६	१६.३
सेप्टेम्बर	२३.७	१८.७	२३.६	१७.४
अक्टोबर	२२.८	१५.१	२२.८ *	१५.१ *
नोभेम्बर	१७.०	१०.०	१७.० *	१०.० *
डिसेम्बर	१५.६	११.४	२०.५ *	१३.४ *
वार्षिक औसत	२१.५	१५.४	२०.५	१३.४

उपर्युक्त तालिकाअनुसार दुई वर्षको औसत अधिकतम तापक्रम २०.५ तथा न्यूनतम तापक्रम १३.४ सेन्टिग्रेड देखिन्छ। धनकुटा मौसम अवलोकन केन्द्रकाअनुसार १६६७ को मे ३० तारीखमा अधिकतम तापक्रम २८.२ पुगेको थियो र फेब्रुअरी एकका दिन न्यूनतम सात सेन्टिग्रेडसम्म झरेको थियो। तर अरुण र तमोर नदीको तटवर्ती इलाका र तीनजुरे एवं महाभारत शृङ्खलाको तापक्रम भने माथिको तालिकामा उल्लिखित अभिलेखभन्दा केही फरक हुनसक्छ।

धनकुटा जिल्लामा जेठदेखि असोजसम्म वर्षा हुन्छ भन्ने कुरा माथि पनि उल्लेख भइसकेको छ। सदरमुकाम धनकुटा तथा मुगा र मूलघाटमा रहेका वर्षा अवलोकन केन्द्रबाट लिइएको विवरण अनुसार सन् १६७० मा यहाँको वर्षाको स्थिति यसप्रकार थियोः–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	धनकुटा (१,५२४ मिटर)	मुगा (१,३१७ मिटर)	मूलघाट (३४१ मिटर)
जनवरी	६.४	६.६	५.०
फेब्रुअरी	८८.०	४७.६	२०.२
मार्च	३.२	१०.४	४.२
अप्रिल	१७.६	६०.२	२०.२
मे	२५.४	१६.८	६३.६
जून	२७३.६	४०३.४	२०६.७
जुलाई	३०४.८	४०७.१	३५२.७

* १६६८ को अक्टोबर, नोभेम्बर तथा डिसेम्बर महीनाको अभिलेख प्राप्त नभएकोले सो तीन महीनाको लागि १६६७ कै अभिलेख सरह राखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अगष्ट	५८.३	१५५.०	६१.५
सेप्टेम्बर	१५.८	६०.१	१२०.२
अक्टोबर	६.२	१६.२	६.४
नोभेम्बर	०.०	०.०	०.०
डिसेम्बर	०.०	०.०	०.०
जम्मा	८०२.६	१,१८६.४	८६३.७

धनकुटामा सन् १९७० को जून १२ को दिन २४ घण्टाभित्र ५१.६ मिलिमिटर वर्षा भएको थियो। त्यस्तै मुगामा जून १६ तथा मूलघाटमा जून १२ को दिन २४ घण्टाको अवधिमा क्रमशः ७७.६ र ७४.० मिलिमिटर पानी परेको थियो। माथि उल्लिखित वर्षा अवलोकन केन्द्रहरूमध्ये १,३१७ मिटरको उचाइमा रहेको मुगामा ज्यादा वर्षा भएको देखिन्छ। यसबाट के प्रष्ट हुन्छ भने धनकुटा बजारबाट पश्चिमोत्तर भागमा पर्ने पहाडी क्षेत्रमा बढी वर्षा हुँदोरहेछ। यो जिल्लामा हिउँदताका खासगरेर मंसीर, पुस, माघ तथा फागुन महीनामा ज्यादै कम वर्षा हुने कुरा पनि माथिको अभिलेखबाट प्रष्ट भएको छ। मूलघाट, मुगा र धनकुटाको अभिलेखमा केही फरक देखिए जस्तै यो जिल्लाको उच्च पहाडी भाग अर्थात् तीनजुरेको वरपर तथा महाभारत शृङ्खलातिर हुने वर्षाको अनुपात केही मात्रामा फरक हुन सक्छ।

धनकुटा जिल्लाका लेक, बेंसी तथा होचो पहाडी भागमा पाइने हावापानीलाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छः—

(क) ठण्डा शीतोष्ण हावापानी
(ख) सम-शीतोष्ण हावापानी
(ग) अर्ध-उष्ण हावापानी

ठण्डा शीतोष्ण हावापानी

करीब मिटर २,४३८ अर्थात् ८,००० फीट अग्लो तीनजुरेको शृङ्खला, मिक्लुङ पहाड र महाभारत पर्वतमा पर्ने केही अग्लो भागमा ठण्डा शीतोष्ण हावापानीको प्रभाव परेको पाइन्छ। यस किसिमको हावापानी-द्वारा प्रभावित क्षेत्रमा पर्ने उच्च टाकुराहरूमा हिउँदताका केही हिउँ पर्दछ। यो हिउँ अस्थायी रूपको हुन्छ र छिटै पग्लेर जान्छ। यो भागमा गुराँस, सल्लो तथा उत्तिस आदिका रूखहरू भएको कोणधारी सदाबहार वन पाइन्छ। ठण्डा शीतोष्ण हावापानी भएको अग्लो डाँडाहरूमा मानिसको बस्ती देखिंदैन। भीर तथा पाखाहरू धेरै भएको यो क्षेत्रमा खेतीयोग्य जमीन कम छ। यहाँ केही जरीबूटी पाइन्छ।

सम–शीतोष्ण हावापानी

धनकुटा बजार, मुगा, खोकु, छिन्ताङ, हिले, पारीपातले तथा महाभारतको उत्तरी पाखोमा अवस्थित केही पञ्चायतको आसपासमा सम-शीतोष्ण हावापानी पाइन्छ। धनकुटा जिल्लाका अधिकांश बस्तीहरू यही भागमा केन्द्रित भएका छन्। सम-शीतोष्ण हावापानीबाट प्रभावित यो होचो पहाडी क्षेत्रमा सुन्तला, जुनार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कागती, निबुवा तथा ज्यामीर जस्ता सिट्रस जातका फलफूल निकै पाइन्छन् । यो भागमा कटुस, चिलाउने तथा केही अंशमा सल्लो समेत भएको पतझड मनसुनी वन यदाकदा देखिन्छ। धनकुटाको यो भागमा धानखेतीभन्दा पाखो बाली लाग्ने जमीन ज्यादा छ ।

अर्ध–उष्ण हावापानी

यो जिल्ला भएर बग्ने तथा सीमानामा पर्ने तमोर र अरुण नदीको तटवर्ती इलाका र अन्य खोला-हरूको आसपासमा पर्ने बेंसी तथा टारहरूमा अर्ध-उष्ण हावापानीको प्रभाव परेको छ। यो भागमा धान खेती गर्न योग्य रसिला खेतहरू छन् । केही बढी गर्मीको कारणले गर्दा मानिसहरूको घनाबस्ती देखिंदैन । यहाँ भूइँकटहर, रूखकटहरू र केही मात्रामा आँप तथा लिची पनि पाइन्छ । यहाँ चिलाउने, साल, सिसौ, खयर तथा सिरिसका रूखहरू भएका मिश्रित पतझड वनहरू छन् ।

प्राकृतिक वनस्पति

नेपाल औद्योगिक विकास निगमबाट २०२९ मा प्रकाशित धनकुटाको सर्वेक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार यो जिल्लाको कुल क्षेत्रफलमध्ये करीब ३,७६१ हेक्टर अर्थात् ७५,२२० रोपनी जमीन वन जङ्गलले ढाकेको छ। हावापानी तथा उचाइको असमानताले गर्दा यस जिल्लाका गाउँ बेंसीहरूमा फरक फरक खालको वन्य पैदावार पाइन्छ। करीब १,२१९ मिटर (४,००० फीट) देखि माथिको पहाडी भागमा सल्लो, उत्तिस, फुस्रे,कटुस, चाँप,चिलौने, काफल,बाँझ,फलाँट तथा गुराँसका रूखहरू भएको पतझड मनसुनी वन तथा कोणधारी सदावहार वन पाइन्छ। यहाँ सल्लाका रूखहरू भएको ठाउँलाई सल्लेरी भन्ने चलन छ। धनकुटा सल्लेरी, बेल्हारासल्लेरी, चौबीसे हेमला सल्लेरी, किताङ सिदुवा सल्लेरी आदि स-साना वनहरू यही भागमा पर्दछन् । यही भागमा अलि-अलि ओखर तथा अन्य जरीबूटीहरू जस्तै चिराइतो, रिट्ठा, बोझो आदि पनि पाइन्छन् । धनकुटाका छिमेकी जिल्ला संखुवासभा र तेह्रथुममा पनि निकै जरीबूटी पाइन्छ । यो जरीबूटी ज्यादातः धनकुटा भएर भारत निकासी गरिन्छ। २०२७।२८ र २०२८।२९ आर्थिक वर्षमा धनकुटा लगायत तीन जिल्लाको कुल जरीबूटी निकासी ३,००,००० किलोग्राम थियो। खोकु र छिन्ताङ क्षेत्रमा पाइने आँखेसल्लो निकै प्रसिद्ध छ। १,२१९ मिटर (४,००० फीट) भन्दा मुनिको बेंसी, टार तथा खोलाहरूको आसपासमा सिरिस, साल, सिसौ, खयर आदि रूखहरू भएको मिश्रित पतझड वन पाइन्छ। धनकुटा जिल्लाको सबैजसो भागमा बाँस र निगालो पनि देखिन्छ। कतै कतै नेपाली कागज बनाउन काम लाग्ने लोक्ता, सिन्के, बाबियो, बरुवा आदि बुटा र झारहरू पनि पाइन्छन् । यहाँ केही मात्रामा कदमका बोटहरू पनि छन् ।

यो जिल्लाको विभिन्न भागमा छरिएर रहेको वनमा विभिन्न किसिमका पशुपक्षीहरू छन् । वन्य जन्तुहरूमा खास गरेर चितुवा, भालू, मृग तथा पक्षीहरूमा च्याखुरा, कालीज मुजूर, ढुक्कुर आदि पाइन्छन् ।

धनकुटा जिल्लामा ३० माइलको क्षेत्रमा वन सीमाना निर्धारण गर्ने काम भएको छ। हालसम्म वन विकास र संरक्षण सम्बन्धी कुनै कार्यक्रम लागू गरिएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खनिज पदार्थ

यो जिल्ला ज्यादात: चट्टानहरूले बनेको हुँदा यहाँ विभिन्न किसिमका खनिज पदार्थ पाइने सम्भावना छ। यहाँका कामी जातिले स्थानीय तामाको धातुबाट भाँडावर्तन बनाएको बुझिएबाट यहाँ तामा खानी होला भन्न सकिन्छ। लेउती खोलामा अभ्रख पाइएको छ। साथै यो जिल्लामा कोइला, खरी र फलाम पाइने पनि सम्भावना छ। तर यस सम्बन्धी खोजी र परीक्षण हुन बाँकी नै छ। लेउती खोला र अन्य कतिपय खोलाको छेउछाउमा पाइने चून ढुङ्गाबाट केही मात्रामा चून बनाउने काम पनि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

धनकुटा क्षेत्रमा पहिले किरातीहरूको प्राधान्य रहेको हुनाले यसलाई पल्लो किरात पनि भनिन्थ्यो। किराती राजाहरू ज्यादै बलवान थिए र महाभारत युद्ध हुनुभन्दा पहिले श्री अर्जुन यस क्षेत्रमा आई किरातीहरूसँग रहेको शक्तिशाली "पाशुपतास्त्र" लगी महाभारतको समरमा प्रयोग गरे भन्ने पनि किंबदन्ति छ। साथै धनुषधारी अर्जुनले धनुर्विद्याको विशेष ज्ञान पनि किरात प्रदेशमै प्राप्त गरेको कुरा महाभारतबाट सिद्ध हुन्छ। हिमालय खण्डका सर्वाधिक प्राचीन जातिमध्ये किरात पनि एक हो भन्ने कुरा कतिपय पौराणिक ग्रन्थहरूमा उल्लेख भएको र प्राचीन अर्थशास्त्री कौटिल्यले समेत लेखेबाट सिद्ध हुन्छ। महाभारतकालसम्म किरात राज्यको निकै विस्तार भइसकेको थियो। महाभारतको भीष्म पर्वमा विभिन्न जातिको बयान हुँदा किरातीहरूको पनि कैयन्पटक वर्णन गरिएको छ। परापूर्व कालदेखि हिमाली खण्डका आदिबासी भनिएका किरातीहरू नेपालको पूर्वतर्फ धनकुटा क्षेत्रमा केन्द्रित हुँदै आएको पाइन्छ। यिनै ऐतिहासिक जातिको शाखासन्तान हुन्– धनकुटाबासी राई तथा लिम्बूहरू। अतः यी राई-लिम्बूहरूको गौरवपूर्ण शताब्दियौं पुरानो जातीय इतिहास सँगसँगै धनकुटाको ऐतिहासिक पृष्ठभूमि पनि युगौं पुरानो मानिन्छ।

काठमाडौंमा मल्ल राजाहरूको शासनकालको समयमा अथवा नेपालमा बाईसी चौबीसी राज्य हुँदा धनकुटा भेकमा 'हाङ'को दर्जाबाट लिम्बूहरू राज्य गर्दथे। पृथ्वीनारायण शाहले पश्चिमतर्फको स-साना राज्यरजौटाहरू गोरखामा समावेश गरी काठमाडौं उपत्यका समेत आफ्नो अधीनमा लिएपछि पूर्वतिर पनि दृष्टि लगाए। त्यसताका अरुण नदीको पारिपट्टि चौदण्डी पल्लो किरातका १७ थुममा बाह्रजना हाङहरू राज्य गर्दथे।

पृथ्वीनारायण शाहबाट पूर्वतर्फका राज्यहरू सर गर्न भनी कमाण्डर रामकृष्ण कुँवर, कहरसिंह बस्न्यात र अभिमान सिंह बस्न्यातलाई खटाइयो। अभिमान सिंहको मातहतमा रहेको गोरखाली फौजले चौदण्डी, अमरपुर तथा त्यस क्षेत्रका स-साना सरहदहरू आफ्नो अधीनमा लिएपछि कोशी पूर्वको विजयपुरमाथि आक्रमण गरी विजय हासिल गरे। त्यसताका विजयपुरका दीवान बुद्धिकर्ण राईले चौदण्डीबाट भागी गएका राजा कर्ण सेनलाई विजयपुरको गद्दीमा राखेका थिए। गोरखाली फौजले विजयपुर आक्रमण गर्नुभन्दा पहिले नै सुरक्षाको लागि जहान केटाकेटी पूर्णियामा राख्न गएका कर्ण सेन फर्केर आएनन्। बुद्धिकर्ण राई भागेर इष्ट इण्डिया कम्पनीको शरण लिन पुगे। वि. सं. १८३१ मा गोरखाली सेनाले विजयपुर पनि नेपालमा समावेश गराए।

विजयपुर लिएपछि महाभारतको डाँडामा पर्ने साँगुरीगढीमा समेत अधिकार गरी गोरखालीहरूले उत्तरी पहाडतर्फ पस्ने बाटो खोले। पूर्व पहाडका स-साना राज्यहरू विजय गर्दै अरुण नदी पारगरेपछि सत्रथुम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का सुब्बाहरू र गोरखाली सैन्यका बीच युद्ध भयो। खासगरेर चौबीसे र सात थरका सुब्बाहरूसँग ठूलो युद्ध भयो। अभिमान सिंहले रावा खोलामा त्यहाँका चत्मे रायसँग घोर घमासान युद्ध गरे। चत्मे रायलाई हराएपछि अरुण नदी पारगरी चैनपुरथुमका सुब्बा जयमुखी, फेदामका सुब्बा आतहङ्ग राय, तमोरका सुब्बा सुभवन्त राय, मौवा खोलाका सुब्बा श्रीदेव राय फागो, सेवा खोलाका सुब्बा नैन सिंह रायसँग पनि गोरखाली सेनाको युद्ध भयो। अन्तमा यी सबै सुब्बाहरूलाई गोरखालीहरूले जिते। गोरखाली फौजसित पराजित भएपछि चौबीसेका सुब्बा जमुन राय तथा छथरका सुब्बा सुनुहाङ सिक्किम तर्फ भागे भन्ने भनाइ छ।

गोरखाली सेनाले उत्तरमा तिब्बतको सीमानासम्म र पूर्वमा तमोर नदीसम्म अधिकार गरे। त्यसताका सिक्किमबाट पनि समय समयमा लिम्बुवानको अस्तित्व उपर खतरा भइरहेको थियो। त्यसकारण गोरखाली राजाकै अधीनमा बस्नु बेस ठानी त्यस भेकका लिम्बूहरूले रामकृष्ण कुँवरलाई चैनपुरमा बोलाई मेल मिलाप गरे। गोरखालीहरूले लिम्बुवानको रीतिस्थिति तथा अन्य सामाजिक व्यवस्थामा खलल नगर्ने वचन दिएका थिए। अतः ई. सं. १७७४ देखि धनकुटा तथा यस भेकका लिम्बूहरू गोरखालीको प्रशासनमा रहन थाले। लिम्बुवानमा प्रचलित थिति अनुसार किपटको अमाल प्रथा यथावत् थामियो। यस अमाल प्रथाअनुसार किपट जमीनको राजीनामा नहुने भयो। यहाँका सुब्बाहरूलाई पञ्चखत बाहेक अन्य मुद्दा मामिला हेर्ने र "ठेंग्रे मुंग्रे" गरी दण्ड जरीवाना समेत गर्न पाउने अधिकार लालमोहर गरिदिइएको थियो।

नेपाल राज्यको एकीकरण भएपछि देशको प्रशासनिक दृष्टिकोणबाट विभिन्न क्षेत्रलाई गढी-गौंडामा विभाजित गरियो। यस अनुसार पूर्वमा धनकुटा गौंडा निकै महत्वपूर्ण कहलियो। त्यस भेकका सत्रथुमहरूको तिरो सबै यही गौंडामा जम्मा गरिन्थ्यो। वि. सं. १९५२ मा मात्र तेह्रथुमहरू छुट्याई तेह्रथुम मालको सिर्जना भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

धनकुटा बजार

जिल्लाको सदरमुकाम तथा पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र यो धनकुटा बजार दक्षिणको श्रीवानी-देखि उत्तर देन्नेबाससम्म करीब चार किलोमिटर लामो छ। यो बजारको अर्को प्रमुख हाँगो पूर्वपट्टिको माथिल्लो कोप्चे र तल्लो कोप्चे हुन्। माथिल्लो कोप्चे शिरान बजारको गणेशस्थानबाट शुरूभई बिहीबारे हाटमा पुगी टुङ्गिन्छ। तल्लो कोप्चे गोकुण्डेश्वर टुंडिखेलबाट शुरूभई उही बिहीवारे हाटमा पुग्छ। धनकुटा बजार २६°५९' उत्तर अक्षांश र ८७°२१' पूर्व देशान्तरमा रहेको छ। समुद्र सतहबाट यहाँको उचाइ १,५२४ मिटर छ।

जिल्लाको सदरमुकाम हुनुको साथै धनकुटा यस भेकको व्यापारको पनि केन्द्र भएको छ। विभिन्न किसिमका स-साना पसलहरू ज्यादा तल्लो कोप्चेमा केन्द्रित छन्। जिल्ला प्रशासनसँग सम्बन्धित प्रायः सबै कार्यालयहरू धनकुटा बजारमा नै रहेका छन्। पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र पनि धनकुटा नै भएकोले यहाँको महत्व झन बढ्दै गएको छ। बजारको शिरानमा भएको सल्लेरी वनले बजारको शोभा बढाएको छ। वनको बीचमा सरस्वतीको एक मन्दिर छ। २०२९ को श्री ५ महाराजाधिराजको सवारी भ्रमणपछि यसको जीर्णोद्धार भएको छ। महेन्द्र पार्क पनि यहीं नै छ। बजारमा प्रत्येक बिहीबार ठूलो हाट लागदछ।

यहाँ शिक्षाशास्त्र अध्ययन क्याम्पस र मानविकी तथा समाजशास्त्र अध्ययन क्याम्पस, दुईवटा माध्यमिक विद्यालय, दुईवटा निम्न माध्यमिक विद्यालय र पुस्तकालय तथा अस्पताल छन्। धनकुटा बजारको लागि निमुवा खोलाको मुहान मूढेबाट खाने पानी ल्याइएको छ। हाल बजार क्षेत्रमा १५० धाराहरू जडान गरिएका छन्। धनकुटा बजार गाउँ पञ्चायत क्षेत्रमा बिजुली बत्तीको पनि प्रबन्ध छ। यो पञ्चायतको जनसंख्या ४,१३७ छ।

धनकुटामा पनि अन्य क्षेत्रिय विकास केन्द्रमा जस्तै नगर योजना लागू भएको छ। पूर्वाञ्चल क्षेत्रको क्षेत्रिय विकास केन्द्र धनकुटा नगर योजना अन्तर्गत भू-उपयोग बारे सर्वेक्षण तथा आर्थिक सामाजिक सर्वेक्षण कार्यहरू पूरा भएका छन्। हवाइ चित्र लिने काम समाप्त गरी उक्त नक्सामा त्यहाँको जमीनसित सम्बन्धित सबै कुराहरू दर्शाइएको छ। धनकुटा नगर योजना अन्तर्गत अन्य निर्माण कार्यको सम्बन्धमा टुंडिखेलको विस्तार गर्नेतर्फ भौतिक परियोजना टोलीबाट सर्वेक्षण कार्य भइरहेको छ। धनकुटा नगर क्षेत्रको मूल बजार "बिहीबारे हाट" को सम्भार र मरमतको लागि पनि प्रारम्भिक सर्वेक्षण भइसकेको छ। साथै धनकुटा नगर योजना क्षेत्रभित्र पर्ने सडकको रेखाङ्कन कार्य सम्पन्न भएको छ। धनकुटा नगर विकास योजनाको क्षेत्र २७५ हेक्टर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५,५०० रोपनी) छ ।

धनकुटाबाट धरान बजार २५ किलोमिटर (आठ कोस), सगरमाथा अञ्चलको भोजपुर जिल्ला करीब ५७ किलोमिटर (१८ कोस), मेची अञ्चलको पाँचथर जिल्लाको सदरमुकाम फिदिम करीब ८० किलोमिटर (२५ कोस), तेह्रथुमको म्याङलुङ बजार करीब ५४ किलोमिटर (१७ कोस) र संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी करीब ५७ किलोमिटर (१८ कोस) टाढा छन् । यहाँबाट ताप्लेजुङ्ग जाने तीनजुरे बाटो करीब ७६ किलोमिटर (२४ कोस) लामो छ ।

हिलेबजार

धनकुटा बजारबाट करीब छ किलोमिटर (दुई कोस) उत्तरको हिले बजार निगाले गाउँ पञ्चायतको हिले डाँडामा रहेको छ । यसको उचाइ करीब २,१३३ मिटर (७,००० फीट) छ र यहाँबाट हिमालयको मनोरम दृश्य देखिन्छ । करीब ४० घर भएको यो हिले बजार धनकुटाबाट चैनपुर, खाँदवारी, ताप्लेजुङ्ग तथा तेह्रथुम जाने आउने बटुवाहरूको बिसौनी जस्तो भएको छ । यहाँ पनि बिहीबार हाट लाग्छ । बजारका धेरैजसो पसलमा जाँड, रक्सी तथा तोङबा बेचेको देखिन्छ । यो बजारमा एक गुम्बा पनि छ । हिले बजारका अधिकांश निवासीहरू उत्तरतिरबाट झरेको हिमाली जाति तथा शरणार्थीहरू हुन् । यो ठाउँले धनकुटा भेकमा एउटा लघु पर्यटन केन्द्रको रूप लिनथालेको छ । यहाँ एक प्राथमिक विद्यालय छ ।

छिन्ताङ

धनकुटा बजारबाट करीब १६ किलोमिटर (पाँच कोस) पश्चिममा रहेको छिन्ताङ त्यस जिल्लाका प्रमुख स्थानहरूमध्ये एक हो । छिन्ताङको रमणीय वनमा भएको साक्षात् छिन्ताङ देवीको मन्दिर एउटा दर्शनीय स्थान हो । उक्त मन्दिरमा रजस्वला भएका आइमाईहरू जानु हुँदैन भन्ने विश्वास गरिन्छ । साथै देवीको प्रसाद पनि डाँडापारिसम्म लान हुँदैन भन्ने परम्परा चलिआएको छ । त्यस भेकका मानिसहरू यी देवीलाई पञ्चबलि दिने र बोका बलि चढाउने गर्दछन् । छिन्ताङ गाउँमा सुन्तला प्रशस्त पाइन्छ । छिन्ताङमा एक निम्न माध्यमिक विद्यालय र तीन प्राथमिक विद्यालय छन् । स-साना कुटीर उद्योगहरूको पनि संचालन गरेको पाइन्छ । छिन्ताङ-को पारिपट्टि खोकु गाउँ पर्दछ । छिन्ताङका राईहरूको विवाह सम्बन्धी प्रथा विशेष किसिमको छ । आफ्नो क्षेत्रमा कसैको विवाह हुँदा सबैले दुई-चार रूपियाँ सगाउनी दिएर सहयोग गर्ने परम्परा छ । यस जिल्लामा सबै-भन्दा बढी अर्थात् ६,१५२ जनसंख्या भएको पञ्चायत पनि छिन्ताङ नै हो ।

खोकु

यस ठाउँलाई खोकुछिन्ताङ भनिने भए तापनि खोकु र छिन्ताङ दुई बेग्लाबेग्लै गाउँ हुन् । खोकु गाउँ पञ्चायत छिन्ताङबाट उत्तरमा पर्दछ । यो सुन्तला हुने इलाका भएकोले खोकुको पूरै डाँडामा सुन्तलाका बोटहरू देखिन्छन् । यो क्षेत्रमा सुर्ती खेती पनि राम्रो हुन्छ । यो ठाउँ धनकुटाबाट नौ किलोमिटर (तीन कोस) पश्चिममा पर्दछ । यहाँको आर्थिक गतिविधि ज्यादा सुन्तला उत्पादनमा नै केन्द्रित भएको देखिन्छ । खोकु गाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै जसो राई जातिहरू बसोबास गर्छन् । यहाँको कुल जनसंख्या २,९३६ छ ।

पारीपातले

धनकुटा बजारबाट करीब पाँच किलोमिटर (दुई कोस) उत्तर-पूर्व दिशामा रहेको पारीपातलेमा "धनकुटा कृषि केन्द्र" रहेको छ । बिजुवा खोलाको नजीकै अवस्थित यो ठाउँ यस भेकका रमाइला ठाउँहरूमध्ये एक हो । कृषि केन्द्र रहेको हुनाले यहाँको वातावरणमा अरू चहल पहल थपिएको छ । २०१८ सालमा स्थापना भएको यो कृषि केन्द्रको २०२८ सालमा विधिवत् उद्घाटन भएको थियो । करीब १,२०० मिटर (४,००० फीट) को उचाइमा रहेको यो पारीपातले नाङ्गो डाँडाको दक्षिणपट्टिको भिरालोमा रहेको छ । डाँडाको अधिकांश भागको खेती गर्न योग्य जमीनमा पाखे बाली लगाइन्छ ।

मुगा

धनकुटा जिल्लामा मुगा पनि नाम चलेको ठाउँ हो । यो ठाउँ धनकुटा बजारबाट करीब १६ किलो-मिटर (पाँच कोस) उत्तर-पश्चिममा मुगा खोलाको ठीक उत्तरी पाखोमा पर्दछ । मुगा गाउँ पञ्चायतको पश्चिमी सीमाना अरुण नदीसम्म पुगेको छ । छिबुवा खोला र न्यार खोला पनि यहीं पर्दछन् । मुगामा खाने पानीको आधुनिक व्यवस्था गरिएको छ । यी गाउँका मानिसहरूमा आधुनिक तरीकाले खेती गर्ने मनोवृत्ति बढेको देखिन्छ । यहाँ एक प्रसिद्ध राजदेवीको मन्दिर छ । मुगामा एक निम्न माध्यमिक विद्यालय र थाक्ले, राईगाउँ तथा कात्तिकेमा एक एकवटा प्राथमिक विद्यालय छन् । यो गाउँ पञ्चायत क्षेत्रमा परम्परागत कुटीर उद्योगको अतिरिक्त घरेलु विभागको आर्थिक सहायताबाट एक घरेलु सूती उद्योग र एक धान कुट्ने मिल सञ्चालन गरिएका छन् । यहाँ एक शाखा हुलाक पनि छ । मुगा गाउँ पञ्चायतको जनसंख्या ३,२०६ छ ।

पाख्रीबास

यो पाख्रीबास धनकुटा बजारबाट करीब १९ किलोमिटर (छ कोस) उत्तरमा पर्दछ । यो ठाउँ फाङ्वुवा पञ्चायतमा परे तापनि पाख्रीबासको नाउँ ज्यादा चल्तीमा आएको देखिन्छ । धनकुटाबाट हिले बजार हुँदै संखुवासभा जाँदा पाख्रीबास ठीक मूलबाटोमा पर्दछ । त्यसतर्फका बटुवाहरूको लागि यो एउटा बिसौंनी भने पनि हुन्छ । यहाँ सानो बजार पनि छ । भूतपूर्व गोरखा सैनिकहरूको कल्याणार्थ ब्रिटिश सरकारद्वारा स्थापित कृषि फार्मले पाख्रीबासको वातावरण रमाइलो पारेको छ । पाख्रीबासमा एक निम्न माध्यमिक विद्यालय छ ।

डांडा बजार

जिल्लाको सदरमुकाम धनकुटा बजारबाट करीब २२ किलोमिटर (सात कोस) दक्षिणमा डांडा बजार पर्दछ । महाभारत पर्वतको उत्तरी पाखामा बग्ने मिदुवा खोलाको दक्षिणपट्टि अवस्थित डांडा बजार यस भेकको सबैभन्दा रमाइलो ठाउँ हो । यो बजारको दक्षिण-पूर्वमा लापचेटार र विजयटारहरू छन् । यहाँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी स्वास्थ्यकर छ। डांडा बजारमा एक स्वास्थ्य चौकी र एउटा अतिरिक्त हुलाक रहेका छन्। डांडा बजार गाउँ पञ्चायतको जनसंख्या २,८०१ छ।

अन्य

उपर्युक्त प्रमुख स्थानहरूका अतिरिक्त धनकुटा जिल्लाको पाखा र बेंसीहरूमा अन्य केही नाम चलेका रमाइला ठाउँहरू छन्। यी नाम चलेका ठाउँहरूको समूहमा राजारानी, परेवादिन, तेलिया, बेल्हारा, छ नं. बुधबारे, जीतपुर, दियाले, मूलघाट, त्रिवेणी, लेगुवाघाट आदि उल्लेख गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

सम्वत् २०२८ सालको जनगणनाअनुसार धनकुटा जिल्लाको जनसंख्या १,०७,६४९ छ। कुल जनसंख्यामध्ये ५३,१०५ पुरुष र ५४,५४४ महिला छन्। कोशी अञ्चलको कुल जनसंख्यामध्ये १२.४ प्रतिशत यस जिल्लामा बसोबास गर्दछन्। यो अञ्चलका पाँच जिल्लाहरूमा धनकुटा सबैभन्दा कम जनसंख्या भएको जिल्ला हो। जनसंख्याको दृष्टिकोणबाट हेर्दा अधिराज्यका ७५ जिल्लाको तुलनामा यो जिल्ला ५७ औंमा पर्न आउँछ। धनकुटा जिल्लाको क्षेत्रफल करीब ८७१ वर्ग किलोमिटर छ। जिल्लाको जनसंख्याको घनत्व कृषियोग्य जमीनमा बढी भरपर्ने हुँदा कृषिको लागि उपयुक्त जमीन कम भएको र सिचाइको व्यवस्था कम भएकोले लेकाली इलाकामा भन्दा ६०१ देखि १,२२२ मिटर (२,००० देखि ६,००० फीट) सम्मको उचाइमा बढी घनत्व भएको पाइन्छ। सरदर जनसंख्याको घनत्व १२४ व्यक्ति प्रतिवर्ग किलोमिटर हुन आउँछ।

धनकुटा जिल्लामा मानिसहरू बसोबास गरेको घर परिवारको कुल संख्या १८,७६० छ। २०२८ सालको जनगणनाअनुसार एकजना सदस्य भएको परिवारको संख्या ६३७ तथा २० जना र सोभन्दा बढी सदस्य भएको परिवार संख्या ३८ देखिन्छ। चारजना सदस्य भएको परिवार २,५७५, पाँचजना भएको परिवार ३,०२९ र छजना सदस्य भएको परिवार २,६६५ छन्। यसबाट के प्रष्ट हुन्छ भने धनकुटा जिल्लामा पाँचजना सदस्य भएको परिवार संख्या सबैभन्दा बढी देखिन्छ। यहाँको कुल जनसंख्याको हिसाब गर्दा प्रतिपरिवारमा सालाखाला पाँच व्यक्ति पर्न आउँछ।

उमेरको बनावटलाई हेर्दा यो जिल्लाको जनसंख्या निम्न बमोजिमको उमेर समूहमा विभाजन गर्न सकिन्छ:–

उमेर समहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५	९,०५९	१७.०	९,३३८	१७.१	१८,३०७	१७.०
६ –१५	१४,८९९	२८.०	१४,०६५	२५.७	२८,९३४	२७.०
१६ र माथि	२९,२६७	५५.०	३१,१४१	५७.२	६०,४०८	५६.०
जम्मा	५३,१९५	१००.०	५४,५४४	१००.०	१,०७,६४९	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको तालिकामा ०–५ वर्षको उमेर समूहलाई हुर्कदै गरेको केटाकेटीको समूह, ६–१५ वर्षको समूहलाई विद्यालय जाने समूह र १६ देखि माथिको उमेर समूह गरी जम्मा तीन समूहमा विभाजन गरिएको छ।

यो जिल्लाको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरेर नौ वर्ष मुनिको र ६० वर्ष तथा सोभन्दा माथिको उमेर समहमा पर्ने जनसंख्यालाई आर्थिक दृष्टिकोणबाट आश्रित र १० वर्ष देखि ५९ वर्षको उमेर समूहमा पर्ने जनसंख्यालाई आर्थिक दृष्टिबाट सक्षम अर्थात् आर्थिक लाभ हुने काम गर्न सक्ने मानेमा तिनीहरूको संख्या क्रमशः ३७,६०८ अर्थात् ३४.९ प्रतिशत र ७०,०४१ अर्थात् ६५.१ प्रतिशत हुन्छ। यस हिसाबले धनकुटा जिल्लामा काम गर्न सक्ने अथवा सक्षम व्यक्तिमाथि सरदर १.५ आश्रित व्यक्तिको आर्थिक भार परेको हुन्छ। अथवा यसो भनौं, १०० जना मानिसले १५० जनाको जीवन निर्वाह चलाउनु पर्ने हुन आउँछ। यसरी धनकुटा जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५० रहेको छ।

आर्थिक दृष्टिबाट आश्रित र अनाश्रित जनसंख्याको अनुपात दर्शाउन अन्तर्राष्ट्रिय चलन अनुसारको उमेर समूहको आधार मान्ने हो भने धनकुटा जिल्लाको आर्थिक निर्भरताको अनुपात पनि केही फरक पर्न जान्छ। यसअनुसार १५ वर्षदेखि ६४ वर्षको उमेर समूहलाई सक्षम मान्नु पर्ने हुन्छ र यो समूहमा पर्ने जनसंख्या जम्मा ५९,१०६ छ। १४ वर्ष र सोभन्दा मुनि तथा ६५ वर्ष तथा सोभन्दा माथिको उमेर समूहमा पर्ने जनसंख्यालाई आर्थिक दृष्टिबाट आश्रित मान्दा यो संख्या ४८,५४३ हुन आउँछ। यसबाट हिसाब गर्दा के देखिन आउँछ भने प्रत्येक सक्षम अर्थात् काम गर्न सक्ने व्यक्तिमाथि सरदर १.८ व्यक्ति आश्रित छन्। अथवा १०० जना मानिसले १८० जनाको निर्वाह चलाउनु पर्ने हुन्छ। यो हिसाबको आधारमा यो जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८० हुन आउँछ।

धनकुटा जिल्लामा छ वर्ष भन्दामाथि उमेर हुनेको संख्या ४४,१३६ जना पुरुष तथा ४५,२०६ जना महिला गरी जम्मा ८९,३४२ छ। यो संख्यामध्ये पुरुष २१,५४० र महिला २३,९५६ विवाहित छन्। यो जिल्लामा केही मात्रामा बाल-विवाह प्रथा अझै बाँकी रहेको देखिन्छ। यहाँ १५ वर्षदेखि २४ वर्षको उमेर समुदायमा पुरुषभन्दा महिलाहरू नै बढी संख्यामा विवाहित छन्। यो जिल्लामा ३,७५३ जना विधुर तथा १३,६३९ जना विधवा भएको कुरा पनि तथ्याङ्कबाट देखिन आउँछ। यो संख्यामध्ये ८८ जना बाल-विधुर छन् भने ४५ जना बाल-विधवा छन्। धनकुटा जिल्लामा ५४१ जना पुरुष र ३६५ जना महिलाले पारपाचुके गरेको पनि तथ्याङ्कबाट देखिन्छ।

नेपाल अधिराज्यका अन्य जिल्लाहरू जस्तै धनकुटा पनि विभिन्न जातजातिको साझा फूलबारी हो। यहाँका निवासीहरू राष्ट्रभाषा नेपालीको अतिरिक्त आ-आफ्नो जातीय भाषा पनि बोल्ने गर्दछन्। आ-आफ्नो समुदाय र घर परिवारमा आफ्नै जातीय भाषाको माध्यमद्वारा आफ्ना सुख दुःखका अनुभूतिहरू एक अर्कोमा आदान प्रदान गर्दछन्। प्रायः आफ्नै भाषामा गाउँछन्, बजाउँछन् र आफ्नै तालमा नाच्छन्। यहाँ बोलिने भाषाभाषीको आधारमा धनकुटा निवासीहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छः–

बोलिने भाषाभाषी	बोल्नेको संख्या	प्रतिशत
नेपाली भाषा	५२,३७०	४८.७
तामाङ भाषा	५,५०५	५.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राई भाषा	१९,००१	१७.७
मगर भाषा	८,१५५	७.६
नेवारी भाषा	३,४६०	३.२
लिम्बू भाषा	१५,७८३	१४.७
अन्य भाषा	३,३७५	३.०
जम्मा:–	१,०७,६४९	१००.०

यहाँ बोलिने अन्य भाषाहरूको समूहमा मैथिली, भोजपुरी, अवधी, थारू, गुरूङ, राजवंशी, भोटे, शेर्पा तथा सुनुवार आदि पर्दछन्। यहाँ यी भाषा बोल्नेहरूको संख्या थोरै छ र यिनीहरू जिल्लाको विभिन्न भागमा छरिएर बसेका छन्। नेवारी भाषा बोल्ने नेवारहरू ज्यादा त धनकुटा बजार क्षेत्रमा केन्द्रित छन्। राई तथा लिम्बूहरू खोकु, छिन्ताङ र धनकुटाको यत्रतत्र घनाबस्ती बसालेर बसोबास गरेको पाइन्छ। त्यस्तै तामाङहरू जिल्लाको केही अग्लो भागतिर बस्दछन् र मगरहरू विभिन्न क्षेत्रमा रहेका छन्। शेर्पाहरू धनकुटा बजारको उत्तरपट्टि हिले डाँडा र यसको आसपासमा केन्द्रित हुँदैछन्। धनकुटा जिल्लाका नेवार तथा शेर्पाहरू ज्यादाजसो व्यापारिक कारोबारमा लागेका छन्। अन्य जातिहरूमा अधिकांश मानिसले कृषि व्यवसायलाई आफ्नो मुख्य पेशा बनाएका छन्।

धनकुटा जिल्लामा जम्मा ३८ गाउँ पञ्चायतहरू छन्। यी पञ्चायत र यिनको जनसंख्या यसप्रकार छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अठार सय	८११	२०. परेवादिन	३,१६७
२. अर्खोले जीतपुर	३,५४१	२१. फलाटे	२,४३७
३. आँखीसल्ला	३,५३२	२२. फाङ्दुवा	२,२१८
४. कार्कीछाप	१,८१८	२३. फागसिब	१,८५८
५. कुरूले तेनुपा	४,९५५	२४. बूढी मोरङ	२,४७७
६. खुवाफोक	२,३५६	२५. बेलहारा	१,६१३
७. खोकु	२,९३६	२६. बोधे	२,५०९
८. घोर्लीखर्क	२,८४६	२७. भीर गाउँ	३,१५५
९. चानुवा	१,७८६	२८. मारेक कटरे	४,९४४
१०. चुङ्याङ	३,६५१	२९. मुगा	३,२०६
११. चुलीवन	१,८९४	३०. मूर्तिढुङ्गा	३,९३४
१२. छ नं. बुधबारे	२,०६८	३१. मूढेबास	१,२६७
१३. छिन्ताङ	६,१५२	३२. मौनाबुधक	१,८०६
१४. डाँडागाउँ नाम्फु	२,३५८	३३. राजारानी	२,३८५
१५. डाँडाबजार	२,८०१	३४. लुकाकलहरा	२,६९७
१६. तांखुवा	३,५१६	३५. लेगुवा	२,८४३
१७. तेलिया	२,०७०	३६. सान्ने	२,२८५
१८. धनकुटा बजार	४,१३७	३७. सोक्रोपा	१,४२७
१९. निगाले	४,३८९	३८. हात्तीखर्क	३,८०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी पञ्चायतहरूमध्ये १४ पञ्चायत तमोर नदीको दक्षिणपट्टि र २४ पञ्चायतहरू उत्तरी भेकमा रहेका छन् । ४,००० भन्दा बढी जनसंख्या भएका पञ्चायत केवल सात वटा छन् । र १,००० भन्दा कम जनसंख्या भएका पञ्चायत नौवटा छन् । यो जिल्लामा सबैभन्दा धेरै अर्थात् ६,१५२ जनसंख्या भएको पञ्चायत छिन्ताङ हो र थोरै अर्थात् ८११ मात्र जनसंख्या हुने पञ्चायत अठारसय पञ्चायत हो । अठारसय पञ्चायत धनकुटाको दक्षिण-पूर्वमा जरूवा खोलाको पश्चिमपट्टि पर्दछ ।

जन–जीवन

यो जिल्लाका निवासीहरूमा मुख्यत बाहुन, क्षेत्री, राई, लिम्बू, नेवार, मगर, गुरूङ्ग, सार्की, कामी, दमाई तथा शेर्पाहरू छन् । शेर्पा जातिहरूको पहिले यहाँ बस्ती थिएन । यिनीहरू मुख्यत ताप्लेजुङ्ग जिल्लाको उत्तरी भेकबाट आई हालको निगाले पञ्चायतको हिले वरिपरि बसोबास गरेका छन् । यिनीहरूको मुख्य पेशा व्यापार हो । पौराणिक कालदेखि नेपालको पूर्वी भागमा बसोबास गर्दै आएका किराती वंशबाट विभाजित भई राई-लिम्बूको सिर्जना भएको हो । यी दुवै अनेक गोत्र तथा थरमा बाँडिएका भए तापनि परम्परागत संस्कार, संस्कृति र रगतको नाताले सम्पूर्ण किरात जाति एक सूत्रमा आबद्ध छन् । नेपालको भौगोलिक विभिन्नता र आवागमनको असुविधाको कारणले गर्दा किराती जाति, उप-जातिको भाषा-भाषीमा साधारण विभिन्नता आउनु स्वाभाविकै हो । पहाडी भेकका पाखा-पखेरा तथा कतिपय खोंचहरूले छुट्टिएको गाउँलेहरूको बीच केही रीति-रिवाजमा सामान्य अन्तर पर्दै गएको पाइन्छ तापनि साधारणतया राई र लिम्बू आफ्नै जातिमा वैवाहिक सम्बन्ध मन पराउँछन् । यद्यपि आवश्यकतानुसार दुवै जातिमा आपसी सम्बन्ध पनि हुन सक्दछ ।

किरातीहरूको परम्परागत चलन चल्ती र संस्कृतिअनुसार पञ्चवाक्य अर्थात् पञ्च भलाद्मीको सल्लाहबाट आफ्नो गाउँघरको सामाजिक रीतिथिति बनाइराख्ने प्रथा थियो । र यो प्रथा केही गाउँहरूमा अहिले पनि पाइन्छ । "किरातीहरूमा जुनसुकै जात र जातिका मानिसहरूलाई पनि उनीहरूको मञ्जूरी अनुसार पञ्च-भलाद्मीको रायअनुसार दूबो-ढुङ्गो छुवाई आफ्नो वंशमा मिलाउन सक्ने परम्परा छ । किरातीहरूको धार्मिक सामाजिक रीतिस्थिति अनुसार किरात समाजका सबै सदस्यहरूलाई जुनसुकै विषयमा दण्ड जरीवाना, समाज निष्काशन र माफी दिने कामको लागि पञ्चभलाद्मीको फैसला हुनु पर्दछ । किरात समाजमा जुनसुकै जातकी स्त्रीलाई विवाह गरे पनि पञ्चभलाद्मीको पञ्चवाक्यअनुसार त्यसलाई किरात जातमै मिलाइन्छ । किरात समाजका सदस्यहरूको परिवारमा कोही मर्दा-पर्दा शुद्ध हुनको लागि पञ्चभलाद्मीको पञ्चवाक्यले फलाना आज-देखि शुद्ध भयो भनेपछि मात्र शुद्ध मानिने चलन छ । किरात समाजमा गरिने सबै सामाजिक कार्यहरू पञ्च-भलाद्मीले ठहराए बमोजिम मात्र हुन्छ । पञ्चभलाद्मीले स्वीकार नगरेका काम कुनै सदस्यबाट गरियो भने त्यस्ता सदस्यलाई समाजबाट निष्काशन गर्ने परम्परा छ ।"[१]

लिम्बू अर्थात् याकथुम्बाहरू आफूलाई "काशी गोत्रीय" भन्दछन् तापनि यिनीहरूको वास्तविक जातीयता भोटतर्फबाट हिमालयको दक्षिण पाखोमा बसाइँ सर्दै आएको बुझिन्छ । तर यस सन्दर्भमा के कुरा सम्झनु आवश्यक छ भने किरातहरू आर्य जातिका नभए पनि पछि राज्य विस्तार हुँदै गएर यिनीहरू धेरै समयसम्म आर्यहरूको निकट सम्पर्कमा रहँदा आर्य संस्कृतिको प्रभाव पर्नु स्वाभाविकै हो ।

१. हर्कराज चोङबाङ– हाम्रो संस्कृति, वर्ष १ अङ्क ३ (२०२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका आदिबासी लिम्बूहरू आर्य संस्कृतिको निकट सम्पर्कले गर्दा आज हिन्दू धर्मावलम्बी हुन थाले तापनि मूल रूपले उनीहरू आफ्नै सांस्कृतिक, धार्मिक विधिलाई प्राथमिकता दिन्छन्। फेदाङ्गवा अथवा शाम्बा (बिजुवा) ले पवित्र "मुन्धुम" फलाक्तै विशेष प्रकारका धार्मिक विधिहरू चाडपर्व र जन्म-मरणमा देवता बुझाउने गर्दछन्। सबैले आफ्नो घरको देउता "मागेना" तथा "थेवा" भन्ने पितृ पूजा गर्छन्। आधुनिक खालका लिम्बूहरू आफ्ना मृतकहरूलाई हिन्दूहरूले झैं जलाउन थाले पनि यस जातिमा मृतकलाई गाड्ने चलन नै थियो। स्त्री, पुरुषहरू दुवै मिलेर रात-रातभरि धान नाच नाच्ने र प्रेमविवाह गर्ने चलन पनि यस जातिको सांस्कृतिक विशेषता हो।

भाषा-भाषीको समूहमा किराती भनिए तापनि राई र लिम्बूका भाषा अलग अलग छन्। लिम्बू भाषाको आफ्नै श्रृजङ्ग लिपि पनि छ। राईभन्दा लिम्बूको संख्या केही कम छ। पल्लो किरात अथवा तमोर नदी-को आसपास नै यो जातिको पुर्ख्यौली बासस्थान हो। यिनीहरूको बासस्थान लिम्बुवानलाई अझै पनि स्थानीय चलन अनुसार दश लिम्बुवान भनिन्छ। लिम्बूहरूलाई पनि सम्मानका साथ भन्दा "सुब्बा" भन्ने चलन छ। यो "सुब्बा" शब्द पनि "राई" भने जस्तै तालुकदार वा मुखिया भन्ने गरिएको थियो तर पछि आएर सबै लिम्बू-लाई सुब्बा भन्ने पनि चलन चल्ती भयो। बाहुन-क्षेत्री जस्तै लिम्बूहरू पनि औंसी, पूर्णिमा तथा चाडवाडमा खेतबारी जोत्ने काम गर्दैनन्। काठको ठेकी जस्तो तोङवामा निगालोको नली डुबाएर कोदोको जाँड खाने चलन लिम्बू जातिमा पाइन्छ। बिहा-बारीको चलन चल्ती अधिकांश राईहरूकै जस्तो हुन्छ। केही धनी परिवार बाहेक धेरै जसो ठिटा-ठिटीहरू आफैं भेटघाट गरी मन पराएर विवाह गर्दछन्।[1]

किरातीको अर्को शाखा राई जाति हो। "राई" भन्ने कुनै खास जाति विशेषको जात वा थर होइन। यो शब्द त गाउँको ठालु वा मुखिया भने जस्तो कुनै पदवी जनाउने शब्द मात्र हो। माँझ किरातका कतिपय राईहरू अझै पनि आफूलाई जिमी वा जिमीन्दार भन्दछन्। राईहरूको सन्ततिले डाँडाकाँडा ढाक्दै गयो। पूर्वतर्फका विभिन्न खोलाका छेउ-छाउमा नयाँ नयाँ बस्ती बसाउँदै गए। गाउँहरू एक अर्कोदेखि टाढा टाढा हुँदै गए। बस्ती बसेका स्थान तथा खोलाको नामबाट पनि यिनीहरूका थरको नामाकारण हुन थाल्यो। राई समूहका केही थरहरू यस्ता छन्:–

अठप्रे, केभा, साभा, लोहरोङ, वान्तवा, रूमदाली, स्याम्याङ, चार्मलिंग, पेलमाङ, खालिङ, सोताङ, बाइङ, थुलुङ, तामछाङ, कुलुङ, फालिङ, चौरासिया, आमचोके, देउसाली, दीपलाली, दुङपाली, हामकिन, जरलुङ, कापले, लिङकिम, लुढब्बि, मागृहाङ, नुमयाङ, पालुङ आदि।

राईहरूका धेरैजसो वेश भूषा चलन चल्ती र संस्कृति लिम्बूसँग मिल्दछ तर यिनीहरूको केही आफ्ना विशेषताहरू पनि छन्। राईका केटीहरू घाँटीमा राता राता नक्कली मुगाको माला र हारी लगाउँछन्। चोलाको तुनामा बाँसको विनायो तथा फूलहरू झुण्डयाउँछन्। घाँस दाउरा तथा गोठालो जाँदा विनायो बजाउँछन्। पुरुष होस् वा महिला प्रायः सबैले आफ्नो जातीय हतियार खुकुरी या हँसिया भिरेका हुन्छन्। राईहरूको आफ्नै पनि देव-देवता छन् र तिनीहरूको पूजा-आजा गर्छन्। हिमालय देवता, जालमा देवी, सातकन्या, रिकता खौं बूढी, बात्मे बूढी, कुलुङ बूढी, माङतेवा बूढी आदिको पूजा गरिन्छ। प्रायः सबै जसो राईको घरमा "खापाङ" भन्ने देवतालाई सानो माटोको हाँडी वा खोतौलामा हालेर घरको एक कुनामा राखेको हुन्छ। यसरी देव-देवी र चाड-पर्वमा पूजा गराउने राईको पुरेतलाई "ङोपा" भन्दछन्। ङोपाले पूजा

१ लिम्बू जातिको पूर्ण विवरण पाँचथर जिल्ला परिचयमा दिइएको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजामा कुखुरा तथा राँगाको बलि दिन्छन् । ङोपाहरू राईका पुरेत मात्र नभएर धामी, झाँक्री पनि हुन्, किनभने साधारण बिरामीलाई फुक-फाक गरी निको पार्ने, भूत-प्रेत-पिचास पन्साउने काम पनि यिनीहरू नै गर्दछन् । यस जिल्लामा केही आठपहरिया राई तथा याखा जाति पनि पाइन्छन् । यी आठपहरिया राईहरू आफूलाई राई नै भन्दछन् । तर स्थानीय राई जातिले आठपहरिया राईलाई "अठप्रे" भन्ने गरेका छन्[१] तर अठप्रे अर्थात् आठपहरिया राईहरू ज्यादा त धनकुटा जिल्लामा पाइने हुँदा यिनीहरूको बारेमा यहाँ केही विस्तृत चर्चा गर्नु अनुपयुक्त नहोला ।

आठपहरिया राई

आठपहरिया राईलाई कसैले दश किराती भित्र हुलेका छन् भने कसैले छैनन् । यस झन्झटमा नपरी यहाँ आठपहरियाहरूलाई राई वर्गमा नै हुल्ने काम भएको छ । आठपहरियाहरू धनकुटा जिल्लाको चारवटा गाउँ पञ्चायतहरू-चुलिवन, धनकुटा बजार, निगाले र भीरगाउँमा छरिएर बसेका छन् ।

आठपहरिया राईहरूको इतिहास स्पष्ट छैन । उनीहरू अरूलाईभन्दा धनकुटाका आदिबासी हौं भन्दछन् । धनकुटामा अरू जातिहरूको आगमन (खासगरी नेवार र मगर) पृथ्वीनारायण शाहको पूर्व नेपालको विजयको साथ साथै भएको देखिन्छ । तर बाहुन, क्षेत्री र तामाङहरू संभवतः ई. सं. १७७० भन्दा अगाडि नै यस क्षेत्रमा बसोबास गरेको हुनु पर्छ । "आठपहरिया" भन्ने शब्द राईहरूको आफ्नो देखिदैन । प्रचलित जनश्रुतिअनुसार पृथ्वीनारायण शाहले उनीहरूलाई "निशान थान" रूङ्न लगाएको र सो काम फत्ते गरेबापत आठपहरिया पदवी दिएको भन्ने छ । आठपहरियाहरू आफूलाई "हामी दश लिम्बूमध्ये एक हौं" भन्दछन् । तर लिम्बूहरूको वंशावलीमा दश लिम्बू (फलानो फलानो थरको) भनेर स्पष्टसँग कहीं उल्लेख गरिएको छैन । चेमजोङको भनाइअनुसार नागा सरदार छोङ्देन हाङ्गलाई उसको राज्य हात्तीखर्क (हालको धनकुटा जिल्लाको एउटा गाउँ पञ्चायत) बाट खेवा लिम्बू राजाले पराजित गरी भगाएकोले उनी आसाम पसे र उनकै शाखा सन्तान नै आठपहरिया राई हुन् भन्ने छ ।[२] रेग्मीले लिम्बूहरूकै शाखा सन्तान नै आठपहरिया राईहरू भनी भनेका छन्[३] यस विषयलाई लिएर यहाँ चर्चा गर्नु केही आवश्यक देखिन्छ । आठपहरिया राईहरूमा छ थरहरूलाई त्यहीं कै आदिबासी र यिनैले यस क्षेत्रमा पहिला पहिला किपट पाए भनिन्छ ।[४] उनीहरू "हाम्रो गोत्र छैन" र हामी "खाम्बोओङ्वा" (खामन्मोय, ओङबा फुटेको) या भुई-फुट्टा हौं भन्दछन् । यी छ थरे आठपहरिया राईहरू आफ्नो उत्पत्ति स्थल अझै पनि धनकुटा आसपासका ओडार तथा डाँडाहरू देखाउँछन् । अरू तीन थरेहरू छिलिङगे, चारिङ्गमे र किमदाङ बाहिरबाट आएर आठपहरिया राईहरूसँग मिसिई आठपहरिया राई भएको देखिन्छ । दुई दाजुभाइ बाटो लाग्दा छुट्टिएर उकालो लाग्ने आठपहरियाहरूसँग मिसिई आठपहरिया राई भयो, तलै बस्ने

---

१ राई जातिको पूर्ण विवरण खोटाङ जिल्ला परिचयमा दिइएको छ

२ Chemjong, Iman Singh—History and Culture of Kirat People, Part 2, Phidim, Nepal, 1967, Page 42

३ Regmi, Mahesh Chandra—Land Tenure and Taxation in Nepal, Part I, Burkely, 1963, Page 263

४ होम्बराक, छारा, माङबुङ, फेंकिम, पाङसुङ र खवादुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि गएर धिमाल भयो भन्ने कथा दुवै जातिमा प्रचलित छ। चारिङ्ङ राईहरू अरुण पारी चारिङ्ङ गाउँबाट आएर चारिङ्ङ राईबाट चारिङ्ङमै आठपहरिया राई भयो भन्ने कथा पाइन्छ। अरुण पारी अझै पनि चारिङ्ङ राईहरू देखिएकाले र यी दुवैको आपसमा बिहा-बारी नचल्ने भएकोले (हाडनाता मानिएकोले) कथा राम्रैसँग पुष्टि हुन्छ। एवं प्रकारले विजयपुरबाट कुनै एउटा पानी चल्ने जातको मान्छे ल्याएर त्यसलाई राजा (सुब्बा) बनाई छिलिङ्ङ थर दिइयो भन्ने छ। लेङसुब्बालाई थर दिएर पछि किपट दिएको देखिन्छ। छोङदेन र पात्रे दुवै लिम्बूका थरहरू हुन्। यिनीहरूलाई छोरी-बेटी दिएर आठपहरिया राई जातिभित्र हुलेको देखिन्छ। आठ-पहरिया राईमा अझै पनि पानी चल्ने जातलाई (तामाङ्ग, घर्ती, भोटे, माझी बाहेक) चोख्याई जातभित्र हुल्ने चलन भएकोले यस जातिमा धेरै जातिको संमिश्रण छ भनी मान्न सकिन्छ। अतः आठपहरिया राई कुनै एउटा मौलिक र विशुद्ध जाति वा वर्ग भन्ने नबुझिएर धेरै जातिको मिश्रणबाट बनेको हो भन्न सकिन्छ।

आठपहरिया राईहरूको शारीरिक बनावट नेपालका अन्य किराती जाति (राई तथा लिम्बूहरू) सँग मेल खान्छ। यी झट्ट हेर्दा केही होचा, शरीरको रङ्ग केही पहेंला र खैरो, दाह्री, जुंगा कम भएका, साना साना आँखा, आँखाको माथिल्लो ढकनीमा मङ्गल पत्र भएका, छोटो र चेप्टो नाक, टम्म गाला आदि शारीरिक विशेषताले यिनीहरूलाई सजिलैसँग हिन्द–मंगोल वर्गमा राख्न सकिन्छ।

आठपहरिया राईहरूलाई उनीहरूको बोली, पोशाक र चाल चलनबाट सजिलैसँग आठपहरिया राई हुन् भनी छुट्याउन सकिन्छ। आइमाईको पोशाकमा सेतो घरबुना कपडाको "मेखली" देखिन्छ। यो एक किसि-मको घाँटीदेखि घूँडासम्म छोप्ने बाहुला नभएको खुकुलो किसिमको पैह्रन हो। त्यसदेखि मुनि घरबुना या बजारबाट ल्याइएको तीन टीके सारी (सीम) लाई लुंगी जस्तो पारेर दुवै फेरमा सिलाई लगाइन्छ। बाहिर ओढ्नेमा "टाखोम्बी" हुन्छ। टाखोम्बीलाई राइनीहरू राम्रोसँग बुट्टा आदि छापेर ओढ्छन्। पुरुषको पोशाक नेपाली पोशाक सरह दौरा-सुरुवाल या कमीज-सुरुवाल देखिन्छ। बाहिर सानो बाउला नभएको इस्टकोट लगा-इन्छ। कहिले काँही राई पुरुषहरू कम्मरमा पटुका र टाउकामा फेटा समेत गुथ्छन्। यी कपडाहरू धेरै जसो घरबुना धागोबाट बनाएको हुन्छ।

आइमाईहरूको गर-गहनामा छातीमा लगाउने कानमा लगाउने, र हात गोडामा लगाउने प्रमुख छन्। गहनाहरूमा "छिकिमा" (कम्पनी मोहर), "राङछी" (कम्पनी रूपियाँ), "कानसी" (कानमा लगाउने), "कर्णफूल" (कानमा लगाउने), चुरा र काचाँ (हातमा लगाउने) प्रमुख छन्। गहनाहरू धेरै जसो चाँदीका र कुनै सुनका पनि हुन्छन्। तर पुरुषहरूले भने कुनै किसिमका गर-गहना लगाएको देखिंदैन।

आठपहरिया राईहरूको बोलचालको आफ्नै भाषा छ जसलाई उनीहरू "आठपहरिया राई कुरा" भन्दछन्। उनीहरूको आफ्नो कुनै लिपि देखिदैन। लिम्बूहरूको लिपिलाई नै उनीहरू "हाम्रो लिपि हो" भन्ने गर्दछन्। नेपाली उनीहरूको दोस्रो भाषा देखिए तापनि सबै आठपहरियाहरू नेपाली राम्रोसँग बुझ्दछन् र बोल्दछन्। सामाजिक संस्कारका शब्दहरू, वस्तु-संस्कृति तथा कृषि-औजारका नामहरू राई भाषामा नदेखिएर धेरै जसो नेपालीमा नै देखिन्छन्।

आठपहरिया राईहरूको सामाजिक बनौट हेर्दा यिनीहरूलाई "धनकुटेली आठपहरिया राई" र "खालसाली आठपहरिया राई" भनी छुटयाउन सकिन्छ। तर खालसाली आठपहरिया राईहरूको भाषा र संस्कृति धनकुटेली आठपहरिया राईहरूसँग नमिल्ने हुनाले यहाँ चर्चा गरिएको छैन। धनकुटेली आठपहरिया राईहरूमा बाह्रवटा थरहरू भएको कुरा माथि नै उल्लेख भइसकेको छ। पहिला हरेक थरको आफ्नो क्षेत्र (किपट क्षेत्र) छुट्टिई भिन्नाभिन्नै बासस्थान देखिए तापनि हालमा धेरै थरहरू एउटै क्षेत्रमा मिसिएर बसेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतः "हाम्रो यो नौ पगरी" भन्नाले मुख्य नौ थरका राईहरू भन्ने बुझिन्छ। यो विभिन्न थरहरूमा कुनै कुनै थरको उप-थर पनि छन्। आठपहरियामा बाहिरी व्यक्तिलाई आफ्नो जातभित्र हुली कुनै खास उप-थर-ठकुरी, कोतवाल, भोटेलाई जातभित्र हुली भाइ बनाएको पाइन्छ। कुनै थरमा (कमदाङमा) आफ्नै हाडहरू बिग्री दुई उप-थरमा (सापला र बाबुन) छुट्टिएका पनि देखिन्छन्। थर एउटा न्यूनतम बाह्य वैवाहिक एकाइ हो र एउटै थरमा कुनै हालतमा बिहा-बारी चल्दैन।

राई गाउँहरू साधारणतः ३,५०० फीट उचाइदेखि लिएर ६,५०० फीट उचाइसम्मका ठाउँहरूमा पाइन्छन्। गाउँहरू प्रायः साना, १५–२० घरदेखि लिएर ४०–५० घर र १०० देखि ३५० जनासम्म व्यक्तिहरू बसेका पाइन्छन्। एउटा राई गाउँदेखि अर्को राई गाउँ पुग्न साधारणतः १५–२० मिनट हिड्नु पर्छ, तर कहिले एक डेढ घण्टा पनि लाग्दछ। घरहरू बाक्लो किसिमको नबसी निकै टाढा टाढा छरिएर बसेका देखिन्छन्। कहिले काहीं वल्लो घरदेखि पल्लो घर पुग्न ८–१० मिनेटको बाटो हिड्नु पर्दछ। घरहरू ढुङ्गेहुनुको अतिरिक्त, साँघुरा र प्रायः साना आँखीझ्याल (एउटादेखि दुईटासम्म) भएका पाइन्छन्। टिनको छाना लगाएको घर प्रायः राई गाउँमा पाइदैन र सबै खरले छाएका मात्र देखिन्छन्। घरका बाहिरी भित्तालाई कमेरोले पोत्नु हुँदैन र राता माटाले पोत्नु पर्छ भने तापनि भीरगाउँतर्फ बनेका घरहरू सबै कमेरो माटोले पोतिएका पाइन्छन्। घर साधारणतः एक तले र कहिले काहीं खाली भूईं तला मात्र हुन्छ। घर धेरै जसो समतल आकारको बनाएर तीन कुने प्रकारले छाना लगाइन्छ। सामान्यतयाः राई घरलाई तीन खण्डमा छुट्याउँन सकिन्छ- बाहिरी सिकुवा (मोखा), दहिलाभित्रको भाग (संघार) र संघारदेखि भित्रको भाग (पाङ भित्र)। राई घरको सबैभन्दा मुख्य भित्री भाग हो। यहाँ राईहरूको तीन-ढुङ्गे चूल्हो देखिन्छ। चूल्हामा राईहरूका पितृहरू बस्तछन्। अतः चूल्हो एकदमै चोखो मानिन्छ र कुनै "अजाति" ले चूल्हो छोए घरमा तुरून्त अनिष्ट हुन्छ भनिन्छ।

राई परिवार सामान्यतयाः दुई रूपमा फुटेका देखिन्छन्-एकात्मक परिवार र संबद्ध परिवार। वृहत् परिवारको संख्या एदकमै कम देखिन्छ। एकात्मक परिवारमा दुई जनादेखि सात जनासम्म र संबद्ध परिवारमा पाँच जनादेखि २० जनासम्म देखिन्छन्। तर सरदर परिवारको संख्या पाँच-छ जनासम्म पाइन्छ।

राई समाज पितृसन्तात्मक समाज हो। घरको संपूर्ण अधिकार घरको मूल-पुरूषको हातमा नै रहन्छ। संपत्तिको अधिकारी छोराहरू नै हुन्छन्। मृत्यु तथा पितृ-कर्ममा छोराहरूको उपस्थिति अनिवार्य छ। तर छोरीको पनि राई समाजमा निकै नै महत्व छ।

तीन किसिमका नाता कुटुम्बहरू राई समाजमा देखिन्छन्-पहिलो वंश परम्परा अनुसार कायम गरेको हाडनाताभित्र पर्ने साइनाहरू देखिन्छन्। दोस्रो– कसैको छोरी विवाह गरेर ती विवाहित स्त्री-पुरुषको साइनोद्वारा दुई परिवारका संपूर्ण साइनोहरू हुलिन्छन्। तेस्रो, गाउँका इष्टमित्रहरू साक्षी राखेर दुई व्यक्तिबाट उनीहरूको परिवारहरूसँग सम्बन्ध जोडिन्छ। यस प्रकारको साइनोमा मितेरी साइनो देखिन्छ।

नातेदारहरूको आफ्नै प्रकारको बोलाउने नाम छ। साधारणतः साइनो केलाउँदा छ पुस्तासम्म रात्रै केलाइन्छ। मुख्य व्यक्तिको पुस्तामा केही साइनोहरूदेखि बाहेक आफूभन्दा ठूलो भाइ छ भने "आम्मू" र सानो छ भने "आन्जो" या "आन्जा" दिदी भन्नु परे "आनो" र बहिनी भन्नु परे "आन्जो" या "आन्जा" भनिन्छ। मुख्य व्यक्तिको माथिको पहिलो पुस्तामा मावली पट्टिका सम्पूर्ण साइनोलाई "आगोङवा" र स्त्रीहरूलाई "आ-गोङमा" र दुई पुस्ता माथिमा-आफूतर्फको, मावली तर्फको र फुपू तर्फको सबैमा "आडुवा" र "आडुमा" ले काम चलाइन्छ। मुख्य व्यक्तिको मुनिको पहिलो, दोस्रो र तेस्रो पुस्तामा पनि धेरै साइनो एउटै देखिन्छ। साइनो छुट्याउँनु पर्दा, "खानिगा साइनो पाकलेगा" ? (कता पट्टिको साइनो हो ?) या "खोना लाम्वाले" ? (कुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटोबाट आएको ?) भनिन्छ ।

आठपहरिया राईहरूको आर्थिक व्यवस्था शुरूदेखि नै कृषिमा आधारित देखिन्छ। तर कृषि खालि पेट पाल्ने रूपमा मात्रै छ । किपट प्रथाले गर्दा हरेक राईको केहीनकेही जग्गा देखिन्छ । अतः कुन राईको जग्गा कति छ बुझ्नको निमित्त उसका थरका व्यक्तिहरू कति परिवार भएर फुटे भनी बुझ्नु पर्छ । तर किपटको तिरो जग्गा अनुपातमा नलिई घर दर्ता अनुसार उठाइने हुनाले केही राईहरू यस प्रथाबाट असन्तुष्ट पनि देखिन्छन् । किपट जग्गाको किसिम देखिंदैन । तर राईहरू आफ्ना जग्गालाई "बेंसी-खेत" र "पाखो-बारी" भनेर छुट्याउँछन् । बेंसी-खेत पानी लाग्ने धान-खेत र खोला छेउको जग्गा हो । पानी नपुग्ने ठाउँलाई "पाखो-बारी" भनिन्छ । पाखो-बारी धेरै जसो धारिलो र अग्लो पाखामा हुनाले त्यहाँको माटो अडयाउन पर्खाल लगाएर गरेंगरा बनाई खेती गरिन्छ ।

राईहरू केहीनकेही जग्गा हुने कृषकहरू हुन् । धेरै जसोले आफ्नै जग्गा कमाएर जीवन निर्वाह गरेका छन् । कसैले अर्काको अधिया र ठेक्का समेत गरेर जग्गा कमाएको पाइन्छ । तर अधिया ठेक्का गर्नेहरू जग्गा सजिलो ठाउँमा नपरेकाले आफ्नो जग्गा अर्कालाई दिएर अर्काको जग्गा आफूले कमाएका देखिन्छन् ।

राईहरूको धेरै जग्गा पाखोबारी भएकोले धान खेती-योग्य जमीन एकदमै कम देखिन्छ । तर बेंसीमा धान खेती हुने खोलसाखोल्सी विराएर धान खेती गर्ने केही राईहरू निश्चय नै पाइन्छन् । उत्सव या पर्व, देवता मनाउने, पितृ पूज्ने, मृत्यु , विवाह आदि कर्ममा धान नभइनहुने हुनाले राई समाजमा धानको खास महत्व छ । तर राईहरूको खेतीमा विशिष्ट स्थान ओगट्ने बालीहरू मकै र कोदो हुन् । मकैलाई भोजनको रूपमा र कोदोलाई ज्यादा जाँड, रक्सी बनाउने काममा प्रयोग गरिन्छ । अतः मकै र कोदो नै राईका मुख्य आहारहरू हुन् । यी बालीहरू बाहेक पनि जुनेलो, फापर, गहुँ, दाल, सिमी, बोडी, मस्याङ, गहत आदि राईहरूका बारीमा लगाइन्छन् । यी विभिन्न बालीहरूलाई बर्खे र हिंउदे गरी दुई चोटि फेरि फेरि लगाइन्छ । तर यसरी बाली फेरेर लगाउने चक्रमा कुनै नियमितता छैन । मल पुग्ने गाउँमा साधारण दुई चोटी, कुनै बारीमा एकै चोटी, कहिले काहीं कुनै बारीमा एउटा बाली पनि लगाईदैन । कोठेबारी र कहिले काँही फाल्तु बारीमा विभिन्न प्रकारका साग-सब्जीहरू-करेला घिरौंला, झिगनी, मूला, फर्सी, साग, इस्कुस लगाइन्छन् । नगदे बालीमा गोलभेंडा, आलु, सखरखण्ड तथा सुर्तीले महत्वपूर्ण ठाउँ ओगटेका छन् ।

खेती-योग्य जमीन बनाउनको निमित्त कम्तीमा दुई चोटि जोतिन्छ । मल कहिले जोत्नु भन्दा पहिले र कहिले एकपल्ट जोतिसकेपछि हालिन्छ । त्यसपछि डल्ला आदि फुटाएर तेस्रो चोटि जोतिन्छ र हलोको सियो सँगै बीउ छरिन्छ या उक्त ठाउँमा नयाँ बाली सारिन्छ ।

कृषिलाई सहयोग पुऱ्याउने अर्को साधन पशुपालन हो । पशुपालनमा कुखुरा र सुंगुरले राई समाजमा महत्वपूर्ण ठाउँ ओगटेका छन् । यी जन्तुहरू चाड-पर्वमा मात्रै आवश्यक नभएर हरेक पितृकर्म तथा देवता मनाउने काममा चाहिन्छन् । अतः हरेक राईको घरमा एक-दुई वटादेखि चार-पाँच वटासम्म सुंगुर र दुई-चार वटादेखि ४०-५० वटासम्म कुखुरा देखिनु ठूलो कुरा होइन । गोरु, बाखा, तथा गाई खेतीलाई सहयोग पुऱ्याउनको निमित्त पालेको पाइन्छ । भैंसी, राँगो, घोडा तथा हाँस पाल्ने राईहरू प्रायः पाइदैनन् । पशुपालनको खास उद्देश्य मल हो । यस बाहेक देव-कर्म तथा पितृ-कर्मको निमित्त यी चीजहरू नभईनहुने हुनाले "पाल्नै" पर्ने भन्ने गरेर पालेको देखिन्छ ।

आर्थिक स्रोतको दोस्रो प्रमुख साधन आठपहरिया राईहरूमा अर्काको मजदूरी गर्नु देखिन्छ । राईहरूमा आफूले उब्जाएको अन्नले धेरै जसोको घरमा तीन- चारमहीनादेखि बढी पुगेको देखिदैन । अतः हिउँदमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राईहरू डफ्फा भई भारी बोक्ने काम शुरू गर्दछन् । भारी बोक्ने काममा ढुङ्गा बोक्नेदेखि लिएर मल बारीमा पुऱ्याउने, घर छाउने आदि काम साहूहरूको निमित्त गरेको देखिन्छ । धरान-धनकुटा बाटोमा भारी बोक्ने काममा चून बोक्ने, टीन बोक्ने, सरकारी सामानहरू बोक्ने आदि काम देखिन्छन् । कुनै सम्पन्न साहू या साहूनीलाई उलिन्काठमा चढाई धरान धनकुटा खेप्नु मामूली काम हो । भारी बोक्ने काममा १० वर्ष माथिका सबैजसो स्त्री-पुरुष-हरूले समान रूपमा भाग लिन्छन् । अतः भारी बोकेर पेट पाल्ने काम आठपहरिया राईहरूमा दैनिक गतिविधि जस्तो देखिन्छ ।

पेट-पालनको तेस्रो प्रमुख साधन व्यापार गर्नु पनि हो । तर स्थायी पसल थापेर व्यापार गर्ने कुनै आठपहरिया राई देखिदैनन् । धनकुटा बजार छेउ-छाउका आठपहरिया राइनीहरूले जाँड-रक्सीको पसल बाह्रै मास थापेको देखिए तापनि धेरै राइनीहरूको निमित्त यो पेशा याम याममा गरिने पेशा मात्र हो । जाँड-रक्सी बाहेक हरेक बिहीबारे हाटमा राइनीहरूले आफ्ना बारीमा उब्जेका साग-सब्जी, खोरसानी, दाल, फुल, कुखुरा, आदि लगेर बिक्री गर्दछन् । सुर्ती बिक्री गर्नु लोग्ने मानिसहरूको निजी पेशा मानिन्छ । तर यी व्यापारहरू खालि आफ्ना दैनिक आवश्यकता पूर्ति गर्नको निमित्त गरेको देखिन्छ र बिक्री गरेको पैसाबाट घरमा नून, मट्टीतेल, सलाई, साबुन आदि किनेको पाइन्छ ।

बच्चा राम्रोसँग जन्मियोस् भन्नाका निमित्त "पाङसाम्याङ" (स्त्री-देवताको पूजा) गर्नु पर्छ । "पाङसाम्याङ" बच्चा जन्मिनु अगाडि गर्न नसके बच्चा जन्मेपछि पनि तुरून्त गर्नु पर्छ । न्वारान छोरीको तीन दिनमा र छोराको चार दिनमा हुन्छ । बाबु आमाले आफ्नो खुशीले न्वारानको दिनमा नाम राखिदिने चलन छ । न्वारानको दिन बाहिरिया मान्छेलाई नबोलाई बच्चा जन्माउन सहयोग पुऱ्याउने आइमाई (सुडेनी आफ्नै जातको) लाई बोलाएर मासु-भात ख्वाउनै पर्छ । उक्त दिन गहुँतले घर चोख्याइन्छ । जेठा छोरा जन्मेको वेला एक चोटि कात्तिके पूर्णिमाको समयमा हर्क-त्रढाइं गर्नै पर्छ ।

पहिला भात ख्वाउने काम (चामा चेपमाना) छोरीलाई पाँच महीना र छोरालाई छ महीनामा गरिन्छ । त्यस पछि छोरो जब तीन वर्ष पुग्छ केटाको मामालाई बोलाएर कैंचीले (छुराले होइन) कपाल कटाउन लगाइन्छ । मामाले कपाल काटेवापत उसलाई टोपी लगाई दिनुपर्छ ।

विवाह स्त्री-पुरुषको यौन सम्बन्ध मात्र नभई ती दुईको सम्बन्ध र तीबाट जन्मेका छोरा-छोरीहरू-लाई पनि समाजले मान्यता दिनु हो । अतः कुनै केटीलाई घरमा ल्याएर सँगै उठबस गरे तापनि केटीको बाबुलाई रीत नबुझाइन्जेलसम्म र उसलाई उसको पितृकुलबाट नहटाइन्जेलसम्म विवाह मानिदैन । विवाह साधारणतः तीन प्रकारका देखिन्छन् ।

(१) मागी-विवाह (२) चोरी-विवाह (३) जारी-विवाह ।

मागी विवाहमा दुवै तर्फी (केटा र केटीका बाबु आमा) को चित्त बुझेपछि केटीका बाबुलाई रीत बुझाएर केटीलाई घरमा ल्याउन पाइन्छ । चोरी-विवाहमा केटीलाई फकाएर केटाको घरमा केही दिन राखेपछि उसलाई उसको बाबु आमाको घर पठाएर सम्पूर्ण रीत बुझाएपछि मात्रै पुनः आफ्नो घरमा ल्याइन्छ । जारी-विवाहमा अर्काको स्वास्नीलाई फकाएर घरमा ल्याएपछि पहिलो लोग्नेलाई चित्तबुझ्ने जारी बुझाउनपर्छ र त्यस-पछि मात्रै जारी-विवाह पक्का मानिन्छ ।

मागी तथा चोरी विवाहमा रीत बुझाउँदा पहिला केटीको मामालाई दुई बोतल रक्सी र दुई वटा कुखुरा बुझाउनुपर्छ । मामाले कुखुराको एउटा फिला बोकेर आफैंले या हकवाला मार्फत केटीका आमा-बाबुलाई पठाए पछि मात्रै केटीको बाबुलाई रीत बुझाउन जानुपर्छ । रीतमा चामल, सुंगुर, धामी-रीत, सुब्बा-रीत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमा-रीत, पितृ-रीत आदि भनी रक्सी, जाँड, पैसा आदि बुझाइन्छ। चोरी विवाहमा उल्लिखित रीतहरू बाहेक पनि छोरी चोरेर लगे बापत दण्ड स्वरूप सुंगुर बुझाउने छाना फोराउने, भित्ता फोराउने आदि रीतहरू पूरा गर्नु पर्छ। रीत बुझाई सकेपछि जन्ती लगिन्छ। अन्तमा सबै कर्म सकेपछि केटाले केटीको घरमा गएर तीन वर्ष चाकरी-गरी अन्तिम रीत बुझाउनुपर्छ। त्यसपछि केटीलाई उसको पितृकुलबाट हटाई आफ्नो घरमा ल्याएपछि मात्र दुवैलाई समाजले सँगै बस्ने अधिकार दिन्छ। आजकाल यी नियमहरू केही खुकुला भइसकेका छन्। जारीमा केही रीत बुझाउनु पर्दैन खालि जारी रू. ६०। देखि रू. १,०००। सम्म अवसर हेरी बुझाइन्छ। विवाह आफ्नो थरभित्र गर्न पाइदैन र मामा, फुपू, चेलीसँग सात पुस्तासम्म बार्ने चलन छ।

राई समाजले मृत्युलाई दुई रूपमा छुट्याउछ–(१) अकाल मृत्यु (दुर्घटना वा असामान्य मृत्युले मर्नु) (२) सामान्य मृत्यु (कुनै खत नलागी मर्नु)।

भीरबाट लडेर, पानीमा डुबेर वा घाउ खटिरा या चोट-पटक लागेर मर्नेहरूलाई अकाल मृत्युमा मरेको मानिन्छ। यसरी मर्नेहरूलाई जहिले पनि गाड्नुपर्छ, जलाउनु हुँदैन। यसरी मर्नेहरूको लागि गरिने अन्त्यष्टि कर्म मान्छे मरेकै दिन गरिसक्नुपर्छ। यस्तो अवस्थामा सम्पूर्ण नाता-कुटुम्ब तथा हाडनाताहरू त्यसै दिन चोखिन्छन्। दुर्घटना वा अकाल मृत्यु मर्नेहरू कहिले पनि राईहरूको पितृ-समूहमा गनिदैनन्। यदि कुनै व्यक्ति यस किसिमको मृत्युले कुनै घरभित्र मर्‍यो भने उक्त घरनै सदाको लागि छोड्नुपर्छ, अन्यथा उक्त व्यक्तिको "सोधा" (आत्मा या हंस) ले घरमा पिरोल्छ भन्ने राईहरूको विश्वास छ।

राईहरूमा सतगती परेर वा सामान्य रूपमा मर्नेहरूको निमित्त सबै कर्म राम्रोसँग गर्नुपर्छ। यसरी मर्नेहरूलाई अवसर हेरी गाड्ने या जलाउने कुनै पनि कर्म गरिन्छ। उक्त दिन गाउँलेहरूलाई खबर गर्नको निमित्त बिजोडी पारेर बन्दुक पडकाइन्छ। शुद्धाइ आफ्नो सुविधा हेरी कुनै दिन गरिन्छ तर कहिले पनि कात्तिकेपूर्णे कटाउनु हुँदैन। अतः दुखः बोक्नेले (किरिया पुत्रीले) वाराहक्षेत्रपूर्णे (कात्तिक पूर्णे) मा सुनसरी जिल्लाको चतरास्थित वाराहक्षेत्रमा गएर आफू नचोखिउन्जेलसम्म सम्पूर्ण घरनै अपवित्र मानिन्छ। वाराहक्षेत्र गएर दुःख नफ्याकुन्जेलसम्म दुःख बोक्नेले पुराना एकसरो कपडा लगाएर जुठो बार्ने चलन छ।

छोराहरूले आफ्नी आमाको जुठो बारुन्जेल सम्म दूध मात्र होइनकि, दूध निस्कने पातहरूमा समेत कुनै कुरा राखेर खानु हुँदैन। बाबु मर्दा चाहिं दही बार्नुपर्छ।

आठपहरिया राईमा हरेक थरका आफ्ना देवताहरू देखिन्छन्। कहिले काहिं एउटै थरको उप-थरमा समेत भिन्नाभिन्नै देवताहरू पाइन्छन्। राईहरूले मान्ने पूर्ख्यौली देवताहरूमा "जिभी" र "गैयाँ" हुन्। तर "मार्गा" देवताले सबैभन्दा प्रमुख स्थान ओगटेको छ। यी देवताहरू बाहेक "हाङमाङवा", "महाङमारानी", "पुङमेरीहाङ", "उकपुसाम्याङ", "थुङदाङका", "पाँचथरनी", "बुढेली पाङसाम्याङ", "माङलेन्रा" र "पाङदङवा हरूले राईहरूको जीवनमा महत्वपूर्ण भूमिका खेलेका छन्। सम्पूर्ण राईहरूले मान्ने पर्ने देवता "पाङदङवा" हो। "पाङदङवा" राईहरूका पितृसमूह हुन्। अतः पाङदङलाई नै घरको कुल देवता मानिन्छ। यी उल्लिखित देवी-देवताहरू राईहरूमा केही आफ्ना निजी (त्यहीं उब्जेका), केही अन्य जातिबाट ल्याइएका र कुनै चेली-बेटीले दाईजो बोकेर ल्याएका देखिन्छन्। सजिलोको निमित्त राई देवताहरूलाई यहाँ दुई तहमा छुट्याइएको छ– घरको देवता र ग्राम देवता। घरमा राखिने देवताहरूमा "पाङदङवा", "पाङसाम्याङ", "ऐछेन", "माङलेन्रा", "हाङसितला", "पुङमेरीहाङ" र "उकपुसाम्याङ" हुन्। यी सबै देवताहरू हरेक राईको घरमा हुनै पर्छ भन्ने केही आवश्यकता छैन। तर "पाङदङवा" हरेक राईको घरमा (मूल घरमा) हुनै पर्छ। घरमा पूजिने देवताहरू रिसाहा र डरलाग्दा मानिन्छन्। यिनीहरूलाई समय समयमा घरमूलीले फूलपाती, कुखुरा, सुंगुर, पाठा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेवा, आदिले मनाउनुपर्छ । मार्गा, जिमी, गँया, हाङमाङचा, तीनकिल्ला, पाँचथरेनी, संसारी, जबुढेनी ग्रामीण देवी देवताहरू हुन् । ग्रामीण देवताहरूमा तीनकिल्ला बाहेक अरू रिसाहा मानिंदैनन् र समयमा पूजा गरे आफैं खुशी हुन्छन् भनिन्छ । तर तीनकिल्लालाई कसैले झुक्किएर वा गल्तीले समेत उसको अगाडि या पछाडि केही भने तुरुन्त आँखामा फुलो पार्ने या रगत छदाउने आदि बिगार गर्छ भनिन्छ । तर मार्गालाई सबै देवताभन्दा अधिकारिक रूपमा मानिन्छ । राईहरू मार्गालाई मार्गा नभनी श्रद्धाले "मार्गाहाङ्ग" भन्दछन् । "हाङ्ग" राईहरूको शब्दमा राजा हो । मार्गाको उत्पत्ति सम्बन्धमा धेरै धारणाहरू भए तापनि उसलाई बराहको भाइ मानिन्छ । ऊ बस्ने ठाउँ खोज्दै आउँदा धनकुटामा बस्न मन लागेर त्यहाँका "मालिम जिमी" (राईहरूको पूर्ख्यौंली देवता)लाई चार दाम राखेर उसको आज्ञाले चार-किल्ला बाँधी बसेको भनिन्छ । मान्छे चोख्याउनु, माफी माग्नु, भाकल, कबुल या कुनै किसिमको दुःख बिमारी आदिमा मार्गालाई नै गुहारिन्छ । यी विभिन्न देवी-देवताहरूलाई खुशी पार्ने व्यक्तिहरू राई समाजका पूजारी, माङ्गाता, यावा, छाम्वा, तिङनामसिंह, जानपा आदि देखिन्छन् । देवता खुसी पार्ने सबैभन्दा सजिलो उपाय कुनै जन्तुको भोग देवतालाई चढाउनु हो । पूजारीको काम जहिले पनि आफ्नो थानमा गएर पूजा गर्नु हो । पूजारी हरेक थरको आफ्नो आफ्नो हुन्छ । पूजारी प्रथा राईहरूमा वंश परम्परानुगत देखिन्छ र बाबुको शेषपछि जेठो छोरा अन्धो, लङ्गडो, जे भए पनि पूजारी हुन्छ यदि छोरा नभए यो स्वतः अरू सबैभन्दा नजीकको वंशमा सरेर जान्छ । देवता खुसी पार्ने अरू व्यक्तिहरूमा देवता उत्रिनुपर्छ । देवता उत्रिदा उसैको कुल भित्रको देवता आएको देखिन्छ । अतः राई घरमा दुःख पिराउ, पीरमर्का, विमारी आदि ल्याउने अरू कोही नदेखिएर आफ्नै घरमा पूजिने कुल देवता या ग्राम-देवताहरू हुन् ।

राईहरूको धर्म "डर" सँग सम्बन्धित छ । अतः कुनै किसिमको कठिनाई, अन्न नहुनु, सुख्खा पर्नु, घरमा दुःख परिरहनु, गाईवस्तु मर्नु, आइमाई बाँझी हुनु, मृत्यु आदि सबै देवताहरू रिसाएका परिणामहुन् । अतः देवतासँग डर मान्नुपर्छ र समयमा पूजा गर्नुपर्छ ।

आठपहरिया राईहरूमा पारिवारिक र ग्रामीण गरी दुई तहका चाड-पर्वहरू देखिन्छन् । पारिवारिक रूपमा मानिने चाडहरूमा माघे संक्रान्ति र साउने संक्रान्ति हुन् । यी चाडहरू हिन्दूहरूले माने अनुरूपनै मानिन्छ । दशैं, तिहार मान्ने चलन छैन । उक्त समयमा एक छाक मीठो खाएर चाड मान्यौं भनिन्छ । राईहरूले मान्ने सबैभन्दा मुख्य चाडहरूमा वैशाखे, चाड, भदौरे चाड र कात्तिके चाड हुन् । कात्तिके चाडलाई कसैले मंसीरे चाड पनि भन्दछन् ।

वैशाखे चाड सात दिनसम्म मनाइन्छ । यसमा सबैभन्दा प्रमुख धुले-पूजा हो र त्यसपछि मात्रै पितृ-पूजा गरिन्छ । पितृ-पूजामा हरेक घरले सुंगुर काट्नै पर्छ । पूजाको अन्तिम दिनमा सबै तरूनी तन्नेरीहरू टुंडिखेल (धनकुटा बजारको टुंडिखेल) मा भेला भएर तन्नेरीहरूले तरूनीहरूको हारीमा धनुकाँधले तारो हान्छन् र तारो लागेमा तरूनी केटीहरूले उक्त केटा (हरू) लाई खुवाउनु, पियाउनुपर्छ । भदौरे चाडलाई "चानुङगी चाड" (न्वागी चाड) भनिन्छ । यस चाडका नयाँ फसलहरू धैया, पाङ्दुर कोदो, मकै, तथा फलफूलहरू पूजारी मार्फत आफ्ना थानमा चढाउन लगाएर मात्रै खान पाइन्छ । यो चाड पाँच दिनको हुन्छ र यसमा पनि पितृ-पूजा गर्नै पर्छ । राईहरूले मान्ने सबैभन्दा ठूलो कात्तिके चाड हो । यो चाड १५ दिन मनाइन्छ । यस समयमा विभिन्न देव–ताहरूको नाम गरेर भक्ति गीत घर-घरै गाइन्छन् । यस समयमा घर फूल-मालाले सिंगार्नुको साथै झिलिमिली माटाका दियो बालिन्छ र घरघरै नाचगान गरिन्छ । पितृ-पूजा यस चाडमा पनि अनिवार्य छ ।

यस जिल्लाको जनसंख्याको मुख्य पेशा, कृषिमा आधारित देखिन्छ तापनि केही मात्रामा व्यापार तथा अधिकांश बुद्धिजीवीहरू नोकरीमा लागेका पाइन्छन् । यस प्रकार धनकुटा जिल्लाको मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवसाय क्रमशः खेती, व्यापार तथा नोकरी भन्न सकिन्छ। यसको अतिरिक्त कृषि-योग्य जमीन कम भएकोले भारी बोक्ने तथा ज्याला मजदूरी गर्नेहरू पनि निकै पाइन्छन्। लिम्बू, राई, गुरूङ तथा मगर महिलाहरू आफ्नो फुर्सदको समयमा स्थानीय उपलब्ध ऊनबाट राडी-पाखी बुन्ने काम गर्दछन् भने पुरुषहरू डोको, नाम्लो, थुन्चे, भकारी तथा मान्द्रो आदि बुन्ने काम गर्दछन्। हिजो आज भेडा-पालनकोलागि खर्क (चरन) कम हुँदै गएकोले ऊनी कपडा बुन्ने काम पनि कम हुँदै गएको छ। सार्की, कामी, दमाई, जातिहरू स्थानीय आवश्यकतानुसार क्रमशः जुत्ता बनाउने, फलामका औजार तथा भाँडा-कुँडा बनाउने र लुगा सिउने काममा लागेको पाइन्छ। राई, लिम्बू जातिका कतिपय युवकहरू विदेशी तथा स्वदेशी सैनिक सेवामा लागेका छन्। भारतीय तथा ब्रिटिश सेनामा यी नेपाली युवकहरू प्रख्यात छन्।

नेपालका अन्यान्य जिल्लाहरू जस्तै धनकुटा पनि विभिन्न जाति र वर्गहरूको संयुक्त बासस्थान हो। आ-आफ्नो परम्परा तथा संस्कृति अनुसार धर्म-कर्म तथा रीतिरिवाज र जातमा जे जस्तो सुकै भिन्नता भए तापनि तमाम निवासीहरू जिल्लाको एक सन्ततिको रूपमा मिलिजुली बसेको देखिन्छ। गाउँ-घरमा भैपरिआउने कुनै पनि काममा एकले अर्कोलाई सघाउ पुऱ्याएको हुन्छ। आपसी सहयोगको काम-काजमा जातीय भिन्नताको तगारो देखिदैन। असारको रोपाइँ र मंसीरको दाँइँ जस्ता सीमित समयमा गर्नु पर्ने कार्यहरूमा भारो पर्म गरी सबैले सबैलाई मद्दत गरेका हुन्छन्। यो नेपाली जातिमा विद्यमान सहकारी अर्थात् साझा भावनाको ज्वलन्त नमूना हो।

कतिपय जातिहरू मिसिएर बसेको यस जिल्लामा धार्मिक वा जातीय झै-झगडा भएको पाइँदैन। राई-लिम्बूले बुनेका राडी-पाखी, नेवारले बनाएका भाँडा-वर्तन, सार्कीले सिएका जुत्ता र कामीले बनाएका औजारहरू स्थानीय हाट बजारमा साटा-साट गरेर तथा किनबेच गरेर एक अर्काको खाँचो टार्ने चलन पनि प्रचलित छ। जिल्लामा अत्यधिक प्रचलित हिन्दू र बुद्ध धर्म साथसाथ विस्तार भएको देखिन्छ। के बुद्ध मार्गी, के हिन्दू धर्मावलम्बी, अधिराज्यमा प्रचलित चाड-पर्वहरू प्रायः तमाम जिल्लाबासीले आ-आफ्ना गच्छे अनुसार एउटै भावना र उमङ्ग लिएर मनाउँछन्। अन्ततः यस जिल्लाका जातिहरू मिलिजुली काम गर्छन् र बाँडीचूँडी खान्छन् भन्नु अतिसयोक्ति नहोला।

आठपहरिया राईहरूको सम्बन्धमा लेखिएका कुराहरू श्रीडिल्लीराम दाहालद्वारा तयार गरिएको लेखमा आधारित छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

नेपाल अधिराज्यका अन्य कतिपय जिल्लाहरू जस्तै धनकुटा पनि कृषि-प्रधान जिल्ला हो। यहाँका अधिकांश बासिन्दाहरू सीमित कृषियोग्य जमीनमा आफ्नो निर्वाह गरिरहेका छन्। धनकुटा बजार र हिलेको आसपासमा बस्ने नेवार तथा शेर्पाहरू केही व्यापारिक कारोवारमा लागेको पाइन्छ र जिल्लाका कुनै कुनै गाउँमा केही मानिसले सूती कपडा बुन्ने, बाँस र निगालोको चोयाबाट डोको, डालो बुन्ने, राडी, पाखी बुन्ने तथा फलफूल खेती गर्ने कामलाई आफ्नो सहायक पेशा बनाएको पाइन्छ। कृषि लगायत सबैजसो पेशाहरू पुरानो तरीकाबाट गरिएको र सीमान्त प्रकृतिको भएबाट यहाँ समय समयमा आर्थिक संकटहरू परी नै रहन्छन्। केही पढेलेखेका मानिसहरू नोकरीबाट र केही युवकहरू स्वदेशी वा विदेशी सैनिक सेवामा लागेर थोरबहुत अर्थोपार्जन गरी आफ्नो निर्वाह गर्दछन्। तर कृषि बाहेक अन्य पेशाबाट जीवन निर्वाह गर्नेहरूको संख्या नगण्य छ। यहाँका अधिकांश गाउँलेहरू साधारण जीवनयापन गर्न पनि सँधै कडा परिश्रम गरिरहेका हुन्छन्।

कृषि

धनकुटा जिल्लामा लेक, बेंसी र टारहरू भएकोले नेपालमा हुने प्रायः सबै जसो खेती-पातीको निमित्त उपयुक्त हावापानी छ। यहाँको मुख्य मुख्य खेतीमा मकै, धान, कोदो, गहुँ, तोरी, फापर आदि लिन सकिन्छ। फलफूलमा सुन्तला, जुनार, ज्यामिर, विमिरो, कागती, भूईंकटहर, नास्पाती, अम्बा आदि हुन् र सागपातहरूमा मूला, गोलभेंडा, आलु, साग इत्यादि प्रमुख मानिन्छन्। सिचाइ व्यवस्थाको अभाव भएकोले धेरैजसो बालीहरू वर्षा याममा लगाइन्छन् र केही हिउँदे बाली मात्र हिंउदमा लगाइन्छन्। मलकोलागि गाई, भैंसीको गोबर तथा भेडा बाख्राको जुत्तो ज्यादा प्रचलनमा ल्याइएको पाइन्छ। धान खेतमा मल हाल्ने प्रथा ज्यादै कम छ। कृषि औजारको क्षेत्रमा परम्परागत चल्दै आएको हलो, फाली र कुटो-कोदाली नै ज्यादा प्रयोगमा ल्याइएको देखिन्छ। खेती गर्ने तरीकामा पनि आधुनिकता आइसकेको छैन। यो जिल्लाका अत्यधिक भू-भाग खेती गर्न उपयुक्त छैनन्। यहाँको कुल जमीनमध्ये १४,७०० हेक्टर मात्र खेतीपातीको लागि प्रयोग गरिएको कुरा कृषि तथ्याङ्कबाट देखिन आएको छ। तैपनि तल दिइएको तालिकाबाट आर्थिक वर्ष २०२४–२५ देखि आर्थिक वर्ष २०२८–२९ अर्थात् पाँच वर्षको गति हेर्दा खेतीबालीको निमित्त प्रयोग गरिएको जमीनको बढ्दो अनुपात आशाजनक नै छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेतीबाली	२०२४।०२५ को क्षेत्रफल	२०२८।०२९ को क्षेत्रफल	वृद्धिको प्रतिशत
धान	४,१०० हेक्टर	४,२७५ हेक्टर	४
मकै	८,६०० हेक्टर	८,९०० हेक्टर	३
गहुँ	२०० हेक्टर	३३६ हेक्टर	६८
जौ	१० हेक्टर	२५ हेक्टर	१५०
कोदो	२,१५० हेक्टर	२,२०० हेक्टर	२

यस जिल्लाको कुल ८७,१०० हेक्टर जमीनमध्ये १४,७०० हेक्टर मात्र आबादी भएको छ। कृषि तथ्याङ्क २०२८ अनुसार धनकुटा जिल्लामा वार्षिक खाद्यान्न उत्पादन ३४,२०० मेट्रिक टन हुन्छ। यो उत्पादनबाट बीजबीजनको लागि र गाईवस्तुको लागि प्रयोग गरिने तथा विभिन्न कारणवश क्षति हुन सक्ने ३,७०० मेट्रिक टन घटाउँदा जम्मा ३०,५०० मेट्रिक टन रहन आउँछ। यसमध्येबाट पनि कुट-फल गरी धूलो तथा भूस फालेपछि खानयोग्य खाद्यान्न २४,००० मेट्रिक टन हुन आउँछ। धनकुटा जिल्लामा १,०७,६४९ जना मानिसहरू बसोबास गर्दछन् भन्ने कुरा माथि पनि उल्लेख भइसकेको छ। यो पहाडी जिल्लामा एक व्यक्तिको लागि सालाखाला वार्षिक १६० किलोग्राम हिसाब गर्दा करीब १७,२२४ मेट्रिक टन खाद्यान्न जिल्लाभित्रै खपत हुन्छ र ६,७७६ मेट्रिक टन बाँकी रहन्छ। पहाडी जिल्ला भएर पनि धनकुटा खाद्यान्न वचत हुने जिल्लाहरूको समूहमा पर्दछ।

धनकुटा जिल्लाको पहाडी भेकमा रहेका खेतबारी र बेंसीतिरको भू-भागमा केही फरक फरक समयमा खेतीपाती लगाउने, गोडमेल गर्ने र काट्ने काम गरिन्छ। केही भागमा पर्ने खेतहरूमा जेठ-असारमा धानबाली लगाएर मंसीरमा काटिन्छ भने बेंसीतिर असार-साउनमा लगाएर कात्तिक-मंसीरमा काट्ने काम हुन्छ। त्यस्तै मकै, कोदो तथा गहुँ लगाउने समयमा पनि फरक पर्न सक्छ।

कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि आर्थिक वर्ष २०२९।०३० सम्म धनकुटा जिल्लाको मुख्य मुख्य बालीको उत्पादन स्थिति यस प्रकार छः—

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल—हेक्टरमा
उत्पादन—मेट्रिक टनमा

वर्ष	२०२४।०२५		२०२५।०२६		२०२६।०२७	
खाद्यान्न	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	४,१००	८,६१०	४,२००	९,४५०	४,४००	१०,१२०
मकै	८,६००	१७,६३०	८,६००	१७,८८८	८,८००	१८,२६०
गहुँ	२००	२१०	२००	२१०	२००	२४०
कोदो	२,१५०	२,५५४	२,१००	२,४९५	२,१००	२,४९९
जौ	१०	१०	२०	२०	२२	२२
आलु	१,२५०	६,२५०	१,२००	६,०००	१,२५०	६,२५०
तेलहन	५५०	२२०	५५०	२२१	५५०	२३०
उखु	१५	१९५	२५	३२५	२५	३२८
सुर्ती	१०	६	१०	६	१०	६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
खाद्यान्न	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	४,४००	१०,५६०	४,२७५	१०,३४५	४,४००	२,४१२
मकै	८,९००	१८,६९०	८,९००	१६,९१०	९,०००	१७,३२५
गहुँ	२४०	२४०	३३६	३४३	४००	३९०
कोदो	२,२००	२,६४०	—	—	२,३००	२,७६०
जौ	२५	२५	—	—	२५	२५
आलु	१,३००	७,०००	—	—	१,३५०	५,९४०
तेलहन	५६०	२५२	—	—	५६०	२५२
उखु	३०	३९९	—	—	३०	३९९
सुर्ती	१२	७	—	—	१४	८

माथिको तालिका अनुसार यो जिल्लामा हुने मुख्य-बाली धान, मकै तथा कोदो खेती गरिएको क्षेत्रफल र उत्पादन पनि क्रमशः वृद्धि हुँदै गएको छ। कुनै वर्ष कुनै बाली केही कम उत्पादन भएको देखिनु समय समयमा अतिवृष्टि वा खण्ड-वृष्टि भइरहने पहाडी जिल्लाको निमित्त स्वाभाविक नै भन्नु पर्दछ। अन्य नगदे बालीले ढाकेको जमीन र यसबाट हुने उत्पादन सामान्य देखिन्छ। यहाँ उखु र सुर्ती खेती तराईतिर जस्तो नगदोपार्जनको दृष्टिलेभन्दा स्थानीय आवश्यकता पूर्तिको लागि मात्र गरिएको हुन्छ। यो जिल्लाको उखुबाट हुने खूदो र सखर तथा काँचोपातबाट हुने कक्कड र तमाखु धेरैजसो घरायसी प्रयोगमा ल्याइन्छ र थोरै मात्रामा स्थानीय बजारमा विनिमय तथा खरीद-बिक्री गरिन्छ।

यो जिल्लाको अधिकांश आर्थिक गतिविधि कृषिमा आधारित रहेको र उद्योग व्यवसाय तथा व्यापारिक कार्यमा लाग्नेहरूको संख्या नगण्य भएको कुरा माथि पनि उल्लेख गरिएको छ। कृषि व्यवसायमा लाग्नेहरू आपसमा मिलिजुली भारो पर्म गरी रोपाइँ गर्ने र खेतीपाती काट्ने तथा थन्क्याउने काम गर्दछन्। यसरी भारो पर्मबाट नभ्याइने कामको लागि ज्याला दिएर खेताला लगाउने चलन छ। यसरी खेताला लगाउँदा प्रतिदिन प्रतिव्यक्ति पाँच रूपैयाँसम्म ज्याला दिइन्छ। यसप्रकार भारो पर्म र हली खेतालाबाट जिल्लाको कृषि कामहरू गरिएको हुन्छ। खेतबारी हुनेको मात्र होइन, थोरै भूमि हुने वा जग्गा नै नहुनेको जीवन निर्वाह पनि अन्ततोगत्वा कृषि व्यवसायमा नै भर परेको हुन्छ।

कृषि तथ्याङ्क २०२८ अनुसार यो जिल्लामा १४,७०० हेक्टर जमीन आवादी छ। धनकुटाको कुल क्षेत्रफलको तुलनामा यो आवादी जमीन करीब १६.९ प्रतिशत मात्र हुन आउँछ। यहाँको ८३.१ प्रतिशत जमीनमा खेती गरिएको छैन र यो भाग केही वन जङ्गलले र ज्यादाजसो पहाडहरूले ढाकिएको छ। यो जिल्लाका वासिन्दालाई आवादी भएको जमीन विभाजन गर्दा प्रतिव्यक्ति अन्दाजी ०.१ हेक्टर अर्थात् दुई रोपनी पर्न आउँछ अथवा एक हेक्टर आवादी जमीनमा करीब सात जना मानिसहरू आश्रित छन्। धनकुटा जिल्लाको कुल परिवार संख्या १८,७६० छ। यहाँको आवादी भएको भू-भाग कुल परिवारलाई वितरण गरी हेर्दा प्रति परिवार सालाखाला ०.८ हेक्टर अर्थात् १६ रोपनी पर्न आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमि व्यवस्था

वि.सं. १८३१ को विजयपुरको लडाईंपछि भएको सम्झौता अनुसार पृथ्वीनारायण शाहबाट सारा लिम्बुवानमा त्यहाँको किपट थिति अनुसारको अमाल प्रथा थामियो । यस अमाल प्रथामा किपट जमीनको राजीनामा नहुने भयो । यस जिल्लामा किपट जमीन अन्दाजी ७० प्रतिशत थियो । किपट लिम्बूहरूको मात्र हुन्थ्यो । जस अनुसार जमीनको स्वामित्व लिम्बूमै पुस्तौं पुस्तासम्म रहन्थ्यो । किपट जमीनको स्वामित्व पैतृक सम्पत्ति ज्येष्ठ उत्तराधिकारीमा जाने तथा सबै छोराहरूमा बराबर बाँड्ने गरी दुई प्रकार थिए । किपट जमीन अरू जातिले बन्धकीको रूपमा लिई खेती गर्थे र राजीनामा नहुने हुँदा किपटको स्वामीले समय समयमा चाड-पर्वमा अथवा कुनै खर-खाँचो पर्दा "बढ" का रूपमा पैसा मागिरहन्थे । किपटिया राई-लिम्बू सबैले जगाको नाप अनुसारको तिरो नतिरी घर धुरीको हिसाबले तिर्ने पनि चलन थियो ।

पूर्वी नेपालको पाँच किपटिया जिल्ला (ताप्लेजुङ्ग, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम र धनकुटा) मध्ये धनकुटामा पहिलो पटक वि. सं. १९९७ मा सरपट नापी हुँदा रैकरतर्फका सबै जग्गाको नापी भएको तर किपट तर्फ भने जग्गा नापी नभै घर धुरीहरू मात्र दर्ता भएको पाइन्छ ।

२०२३ सालमा लिइएका प्रारम्भिक तथ्याङ्कहरू

जग्गाको फाँटवारी संख्या		१९,७५०
किपटिया जग्गा धनी संख्या		५,३६१
गैर किपटिया जग्गा धनी संख्या		१४,२२०
सो फाँटवारीबाट देखिएको जग्गा	२९,९७० हेक्टर	(५,९९,४०० रोपनी)
किपट जग्गाको क्षेत्रफल	२०,७१५ हेक्टर	(४,१४,२९९ रोपनी)
रैकर जग्गाको क्षेत्रफल	९,२५५ हेक्टर	(१,८५,०९० रोपनी)
हदबन्दीभन्दा माथिको जग्गाधनी संख्या		१६९
मोही संख्या		५,७४७
मोहियानीमा कमाइएको क्षेत्रफल	७,०७२ हेक्टर	(१,३५,२०० रोपनी)

पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि २०२३ सालमा भूमिसुधार लागू हुँदा किपट जमीन पनि राजीनामा हुने ऐन बनेकोले सुब्बाहरूले पहिले पहिले भोग गरिराखेका किपटिया चलनचल्तीको अन्त्य हुन-थाल्यो । यस जिल्लामा जग्गाधनीको कुल संख्या किपटसमेत गरी ८१,७९५ छ । अन्य पहाडी जिल्लाहरूमा जस्तै यहाँ पनि जग्गाको हदबन्दी चार हेक्टर (८० रोपनी) र घरबारीको लागि ०.८ हेक्टर (१६ रोपनी) अर्थात् जम्मा ४.८ हेक्टर (९६ रोपनी) तोकिएको छ । यस अनुसार अत्यधिक तथा न्यून जग्गा हुनेहरूको संख्या यस प्रकार छः–

चार हेक्टर (८० रोपनी) भन्दा बढी जग्गा हुनेको संख्या	९८२
तीनदेखि चार हेक्टर (६० देखि ८० रोपनी) जग्गा हुनेको संख्या	४९०
दुईदेखि तीन हेक्टर (४० देखि ६० रोपनी) जग्गा हुनेको संख्या	१,१६३
१.५ देखि दुई हेक्टर (३० देखि ४० रोपनी) जग्गा हुनेको संख्या	१,६५६
एक हेक्टर (२० रोपनी) र यसभन्दा कम जग्गा हुनेको संख्या	१५,७४२
आफ्नो जग्गा नभई अरूको जग्गा कमाउनेको संख्या	५९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुरूदेखि २०३० साल असारसम्म यहाँ रू. २,६४,५३४। अनिवार्य बचत सङ्कलन भएको छ र ग्राम समितिबाट रू. १०,३६,२५५। ऋण वितरण गरिएको छ। २०३० साल कात्तिक मसान्तसम्ममा रू. १०,२४,१३०। ऋण असूल उपर भइसकेको देखिन्छ। त्यस्तै २०३० साल असारसम्ममा रू. १,८८,०९६। रकम बचत संस्थान (हाल कृषि विकास बैंक) मा जम्मा भइसकेको छ। रू. ५५,७९,४१६। ऋण रकम निर्धारण गरिएको छ र उपर्युक्त मितिसम्म रू. २,९२,०२२। रकमको ऋण मुक्ति गरिएको देखिन्छ।

फलफूल खेती

यस जिल्लाको विभिन्न स्थानमा विभिन्न जातका फलफूलहरू प्रशस्त पाइन्छन्। खोकु, छिन्ताङ, धनकुटा, बूढीमोरङ, चौबीसे आदि ठाउँमा सुन्तला, जुनार, कागती, निबुवा, ज्यामिर, बिमिरो तथा भोगटे जस्ता सिट्रस जातका फलफूल हुन्छन्। साथै यो जिल्लामा स्याउ, नास्पाती, ओखर जस्ता टेम्परेट फलफूल पनि पाइन्छन्। यस जिल्लाका होचो भाग तथा बेंसीहरूमा भूईंकटहर, रूख कटहर, आँप तथा लिची पनि पाइन्छ। मूलघाटमा आँपको एउटा राम्रो सरकारी बगैंचा पनि छ। खोकु, छिन्ताङ र चौबीसेमा निकै मानिसहरू फलफूल उत्पादनमा लागेका देखिन्छ। खोकुको सुन्तला नेपालमा प्रसिद्ध छन्।

धनकुटा जिल्लामा फलफूल विकासको राम्रो सम्भावना भएकोले २०१८ सालमा धनकुटा बजारको उत्तर-पश्चिमको पारीपातलेमा बागबानी केन्द्र स्थापना भएको थियो। हाल यो बागबानी केन्द्र "कृषि केन्द्र" मा परिणत भएको छ। यो केन्द्रको क्षेत्रफल २६ हेक्टर (५२० रोपनी) छ र यसमध्ये ५६ प्रतिशत जमीनमा फलफूलका बिरूवाहरू लगाइएका छन्। यो केन्द्रबाट २०२९।३० आर्थिक वर्षमा विभिन्न जातका ४० हजार बिरूवा उत्पादन गरिएको थियो। सोही वर्षमा करीब ७५ हजार ज्यामिरका बिरूवाहरूमा कलमी गरिएको थियो। यो जिल्लामा सिट्रस जातका फलफूल नै राम्रो हुनसक्ने भएकोले उपर्युक्त कृषि केन्द्रले पनि यसतर्फ विशेष ध्यान दिएको देखिन्छ। यहाँ उत्पादन भएको फलफूल मोरङ, सुनसरी तथा भारतमा समेत निकासी गरिन्छ। धनकुटामा कोल्ड स्टोरेज स्थापना गर्ने सन्दर्भमा २०३० सालमा नेपाल औद्योगिक विकास निगमले सर्वेक्षण गरी प्रकाशमा ल्याएको प्रतिवेदन अनुसार यो जिल्लामा पर्ने निम्न स्थानहरूमा निम्न बमोजिम सुन्तला उत्पादन हुने कुरा उल्लेख गरिएको छः—

खोकु	१,००,००,०००	दाना	बूढी मोरङ	१,००,००,०००	दाना
छिन्ताङ	१,००,००,०००	दाना	फाकसीव	५०,००,०००	दाना
देब्रेबास	३०,००,०००	दाना	राजारानी	५०,००,०००	दाना
भीरगाउँ	३०,००,०००	दाना			

पशु पालन

धनकुटा जिल्लामा पाइने पशुहरूमा गाई, गोरु, राँगो, भैंसी, भेडा, बाख्रा, खसी, बोका, थुमा मुख्य हुन्। सुंगुर खासगरी मासुकोलागि पालिन्छ भने गाई-भैंसी गोरसका लागि। जिल्लाको उच्च स्थान तथा लेकहरूमा भेडा-पालन हुन्छ। यहाँ पाइने भेडालाई कागे भेडा भन्दछन्। ऊनको लागि यो भेडा त्यति असल होइन। यस जिल्लामा साधारण राडी-पाखी पाइए तापनि गलैंचा आदि जस्ता मूल्यवान सामग्री बुन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम नहुनुको कारण गतिलो ऊनको अभावले नै हुन सक्छ। जिल्लामा पाइने पालतु जीवजन्तुको हालैको तथ्याङ्क उपलब्ध हुन नसके तापनि २०१८ सालको तथ्याङ्क निम्न बमोजिम थियो:—

गाई	४९,१०४	गोरु	४२,९३६
भैंसी	१६,२६२	राँगो	३,३६५
बोका	५५,४९६	खसी	२०,९३५
भेडा	४,५२३	सुंगुर	१३,१२२

यो तथ्याङ्क अनुसार धनकुटा जिल्लामा बाख्रा (खसी, बोका) को संख्या ज्यादा देखिन्छ। महाभारत पर्वत वरपरका अन्य जिल्लामा जस्तै यो जिल्लामा पनि भेडा-पालनभन्दा बाख्रा पालन बढी भएको देखिन्छ। सुंगुर-पालनमा पनि यस जिल्लाको मानिसले अभिरूचि लिएका छन्। गाई, गोरु र भैंसीको संख्या बढी हुनु कृषि-प्रधान जिल्ला धनकुटाकोलागि स्वाभाविक नै हो।

कृषि ऋण

यस जिल्लामा राष्ट्रिय वाणिज्य बैंकको एक शाखा र कृषि विकास बैंकको उप-शाखाको अतिरिक्त हकारी संस्थाले ऋण उपलब्ध गराउँदै आएका छन्। सहकारी संस्थाहरूको स्वतन्त्र अस्तित्व नभएर कृषि विकास बैंकबाट निर्दिष्ट सहकारी संस्थाको रूपमा सञ्चालन भएका छन्। हाल धोरलिखर्क गाउँ पञ्चायतमा जनकल्याण बहुमुखी सहकारी संस्था एक र निगाले गाउँ पञ्चायतमा पातले बहुमुखी सहकारी संस्था एक गरी जम्मा दुईवटा सहकारी संस्था छन्। प्रारम्भिक अवस्थामा काम गरिरहेका दुवै सहकारी संस्थाको सदस्य संख्या १३७ पुगेको छ। रासायनिक मल तथा गोरु खरीद गर्ने कार्यमा यी सहकारी संस्थाहरूले कृषकहरूलाई हालसम्म रू. २५,०००। ऋण वितरण गरेको देखिन्छ।

बचत योजना अन्तर्गत भूमि सुधार कार्यालयबाट पनि ऋण वितरण हुन्छ। २०३० साल असोज मसान्तसम्म कृषि विकास बैंकबाट कृषि विकासको लागि दिइएको ऋण यस प्रकार छ:—

कृषि उत्पादन	१५,५७७।
सिचाइ तथा खेती विकास	५१,४४९।
कृषि व्यवसाय	३८,९६०।
कृषि उद्योग तथा बेच-बिखन	७००।
फलफूल खेती	९७,४३५।
जम्मा—	२,०४,१२१।

घरेलु विभागबाट पनि कृषिसित सम्बन्धित उद्योग व्यवसायको लागि ऋण सहायता उपलब्ध हुने व्यवस्था थियो, तर हाल स्थगित गरिएको छ। बैंकबाट सापटी लिंदा सुन, चाँदी धितो राखी लिनु पर्ने हुँदा अधिकांश जिल्ला निवासीहरू बैंकमा भर नपरी साहू महाजनसँग पनि घरायसी काम तथा व्यापारको निमित्त ऋण लिने गर्दछन्। यस प्रकारको निजी ऋणको व्याज दर २५ प्रतिशतदेखि ३० प्रतिशतसम्म भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि बिकास

सुन्तला, जुनार, कागती, जस्ता फलफूल उत्पादनमा ख्यातिप्राप्त भए तापनि धनकुटाको कृषि जगत्मा विशेष आधुनिकता आएको पाइँदैन। साँगुरो खेत र भीरालो पाखोमा कृषि विकासको लागि आवश्यक मानिएका ट्रेक्टर जस्ता औजारको प्रयोग गर्न सकिने देखिन्न। उन्नत बीउ, रासायनिक मल, सिचाइको व्यवस्था र पूंजीको आवश्यक उपलब्ध भएमा धनकुटा जिल्ला आत्मनिर्भर मात्र होइन वरपरका जिल्लालाई कृषि पैदावार वितरण गर्न सक्छ। फलफूल उद्योगमा त यो जिल्लाले प्रशस्त निकासी गर्न सक्ने देखिन्छ।

अहिलेसम्म यस जिल्लामा पक्की कुलो र नहर छैनन्। पुरानै तरीकाबाट वर्षाको भेल छोपेर कच्ची कुलो र हलो कोदालोको भरमा गरिएको खेतीपाती पनि नेपालका अन्य पहाडी जिल्लाका तुलनामा त्यति निराशपूर्ण छैन। बागबानीको क्षेत्रमा भइरहेको विकास र विस्तार सन्तोषप्रद मान्नुपर्दछ। यस जिल्लाको लेकतिर स्याउ, नास्पाती, ओखर तथा बेंसीतिर भूईंकटहर, आँप, लिची र मध्यभागमा सुन्तला, कागती, निबुवा जस्ता सिट्रस फलफूल उत्पादनमा प्रचार गरिँदै छ। कृषि विकासको लागि आवश्यक उन्नत जातका बीउ, कृषि औजार तथा रासायनिक मल र कीटाणुनाशक औषधिहरू कृषि खरीद बिक्री संस्थान मार्फत बिक्री वितरण गरिएको छ।

पशुपालनमा उन्नत जातका सुंगुर, बोका तथा कुखुरा पालनको प्रचार प्रसार भइरहेको छ। यस जिल्लाका कृषकहरूले उन्नत जातको सुंगुर पालनमा विशेष चाख लिएको पाइएको छ। धनकुटाको पारीपातलेमा स्थित कृषि केन्द्रले यस भेकको कृषि विकासमा सहयोग पुऱ्याएको छ। धनकुटा बजारबाट करीब पाँच किलोमिटर (दुई कोस) उत्तर-पश्चिमको पारीपातलेमा यो कृषि केन्द्र रहेको छ। २०१८ सालमा बागबानी केन्द्रको नामले स्थापना भएको यो केन्द्र पछि नयाँ कृषि व्यवस्था अनुसार धनकुटा कृषि केन्द्रमा परिणत भयो। जम्मा २६ हेक्टर (५२०) रोपनी मा यो केन्द्रले एक कृषि फार्म सञ्चालन गरेको छ। २०२९ सालमा यो फार्म को ५६ प्रतिशत भागमा फलफूल खेती, छ प्रतिशतमा तरकारी खेती, चार प्रतिशतमा नर्सरी र करीब चार प्रतिशतमा अन्य खेती गरिएको थियो। गत २०२२ सालदेखि नै यो कृषि केन्द्रले मूला, आलु, काउली, बन्दा, गोलभेंडा जस्ता तरकारी उत्पादन गरी तिनका उन्नत बीउ सुपथ मूल्यमा कृषकहरूलाई उपलब्ध गराउँदै आएको छ। यहाँ सिट्रस जातका फलफूलको साथै अम्बा, आँप, लिची तथा अलैंचीको पनि खेती गर्न थालिएको छ। यस केन्द्रबाट वितरण गरिएको उन्नत मूलाको बीउ किसानहरूले मन पराएका छन्। २०२९ सालमा यो केन्द्रबाट ४० हजार जति फलफूलका बिरुवा, तीन मेट्रिक टन जति तरकारीको बीउ र आठ मेट्रिक टन आलु उत्पादन गरिएको थियो। धनकुटा जिल्लामा सघन फलफूल खेती गर्ने पनि कार्यक्रम छ। धनकुटा कृषि केन्द्रको २०२७।२८ र २०२८।२९ आर्थिक वर्षको विनियोजन तथा राजस्व आम्दानी निम्न बमोजिम भयो :—

वर्ष	आर्थिक विनियोजन	राजस्व आम्दानी
२०२७।२८	१,४६,०५०।	२२,७११।
२०२८।२९	१,५१,०००।	२३,९३६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु–चिकित्सा

यो जिल्लाका पशु-पक्षीको उपचारार्थ २०२० सालदेखि नै धनकुटामा एक पशु-चिकित्सालय सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०२९।३० मा सरूवा तथा साधारण रोगको समेत गरी जम्मा ८,१२४ पशुहरूको उपचार गरिएको थियो।

उद्योगधन्धा

अन्य पहाडी जिल्लाहरूको तुलनामा सामाजिक दृष्टिबाट केही विकसित अवस्थामा भए तापनि औद्योगिक दृष्टिकोणबाट धनकुटा जिल्ला पिछडिएको नै छ। औद्योगीकरणमा धनकुटा जिल्ला पछिपर्नुको मुख्य कारणहरू खेतीमा नै ज्यादा विश्वास गर्ने जनताको आदत, व्यावसायिक शिक्षा तथा तालीमको अभाव, यातायात र सञ्चारको कठिनाइ, पूंजीको सञ्चयन र परिचालनको कमी तथा वित्तीय संस्थाहरूको कमी हुन्। अतः पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम धनकुटामा औद्योगिक विकास गर्नको लागि उपर्युक्त कमीहरूको क्रमशः पूर्ति गर्दै जानु पर्ने देखिन्छ। हाल यस जिल्लामा भएका उद्योगहरूलाई घरेलु उद्योग अर्थात् परम्परागत चलिआएको कुटीर उद्योग र स-साना आधुनिक उद्योगमा विभाजन गरी बयान गर्न सकिन्छ।

घरेलु उद्योग

डोको, नाम्लो, डालो, ढक्की, थुन्से, चकटी, मुडा तथा राडी-पाखी बुन्ने जस्ता परम्परागत कुटीर उद्योग यो जिल्लामा प्रशस्त छ। केही महिलाहरू फुर्सदको समयमा कोरा, खेस र ढाकाको कपडा पनि बुन्दछन्। त्यस्तै पुरुषहरू पनि फुर्सदको बखतमा बाँसका स्याखु-छत्री बनाउने काम गर्दछन्। परम्परागत जातीय पेशाको रूपमा सार्कीहरू छाला जुत्ता उद्योगमा लागेका हुन्छन् भने कामीहरू भाँडावर्तन र कृषि औजार बनाउने गर्दछन्। सानै रूपमा भएपनि केही व्यक्तिहरू मौरी पालन उद्योग, नेपाली कागज बनाउने उद्योग तथा हस्तकला र बिडी बनाउने उद्योगमा पनि लागेको देखिन्छ। उपर्युक्त उद्योगहरूबाट हुने उत्पादन ज्यादातः स्थानीय आवश्यकताको लागिनै प्रयोग भएको पाइन्छ। यी उद्योगहरू त्यति फस्टाउन नसक्नुको कारण बजारको कमी मात्र नभएर गुणात्मक तथा संख्यात्मक विकास नै हुन नसकेको देखिन्छ। यो जिल्लाको कुटीर उद्योगमा केही आधुनिकरण गरी उत्पादन वृद्धि गर्न सकिएमा प्रशस्त खपत हुन सक्ने कुरा धनकुटाको ढाकाले पाएको लोकप्रियताबाट सहजै अनुमान गर्न सकिन्छ।

सूती उद्योग

तमोर नदीको दक्षिण पट्टिका १४ पञ्चायत र उत्तर पट्टिको खोकु छिन्ताङ पञ्चायत क्षेत्रमा सूती बुनाइ-कटाइ कुटीर उद्योगहरू छन्। चौबीसे इलाकामा ढाकाको कपडा तयार गरिन्छ। यो उद्योग प्रायः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राई-लिम्बू जातिमा सीमित रहेको छ। खासगरेर महिलाहरू मात्र यो कार्यमा लागका छन्। यसरी उत्पादन गरिने कपडा पारिवारिक प्रयोगको लागि नै खपत भएको पाइन्छ। अठप्रे राई जातिका महिलाहरू हातले बुनेको र छिपेको छिटको ज्यादा प्रयोग गर्दछन्। सूती उद्योग विकासको लागि २०२९ सालमा जिल्ला पञ्चायत कार्यालयबाट छिन्ताङ, बूढी मोरङ र मौनाबुधक पञ्चायत क्षेत्रमा आर्थिक सहयोग दिएको देखिन्छ। त्यस्तै घरेलु विभागले पनि मुगामा सूती उद्योगको लागि सहयोग गरेको थियो।

निगालो र बाँस उद्योग

यो जिल्लामा बेत नपाइने हुँदा बेतको सामान बनाउने उद्योग देखिदैंन। गाउँ घरमा धेरै मानिसले आफ्नो घर व्यवहारको लागि बाँस तथा निगालो रोपेका हुन्छन्। भकारी, मान्द्रो, डोको, थुन्से, पेरूङ्गो, नाङलो, चालनो आदि बनाउने प्रचलन यहाँ प्रशस्त छ। आपनो घर व्यवाहरको लागि यी बाँसका वस्तुहरूको उत्पादन घर-घरमा नै गरिन्छ। आँखी सल्ला, खोकु, छिन्ताङ र चौबीसे पञ्चायत क्षेत्रमा विक्री गर्ने उद्देश्यले पनि उत्पादन गरिन्छ।

राडी पाखी उद्योग

धनकुटामा भेडापालन व्यवसाय सीमित मात्रामा भएकोले राडी-पाखीको उत्पादन पनि कमै हुन्छ। गुरूङ, मगर तथा लिम्बू जातिले केही राडी-पाखी बुन्ने काम गरेको पाइन्छ। राडी-पाखी उद्योग जिल्लाको उत्तरी भागमा खासगरेर फाँदूवा, ताखुँवा, परेवादिन, मूर्तिढुङ्गा आदि पञ्चायत क्षेत्रमा पाइन्छ।

नेपाली कागज उद्योग

मूर्तिढुङ्गा र परेवादिन पञ्चायतको उत्तरपट्टि र महाभारतको उत्तरी पाखोमा नेपाली कागज उद्योगको लागि आवश्यक कच्चा पदार्थ लोक्ता पाइन्छ। यो उद्योग परम्परागत चलिआएको भए तापनि ज्यादै सानो रूपमा रहेको छ। आयात गरिएका अन्य कागतको तुलनामा नेपाली कागत ज्यादै महँगो पर्ने हुँदा यो उद्योगको विकास हुन सकेको छैन। तैपनि स्थायी अभिलेख राख्ने र तमसूक लेख्ने कामको लागि धरान तथा विराटनगर-सम्म पनि धनकुटाको नेपाली कागत विक्री भएको पाइन्छ।

अन्य घरेलु उद्योग

छालाजुत्ता उद्योग, नकर्मी उद्योग, सिलाइ उद्योग र सिकर्मी उद्योगमा क्रमशः सार्की, कामी, दमाई र नेवार जातिहरू लागेका पाइन्छन्। यी उद्योगहरू स्थानीय आवश्यकताको लागि मात्र सीमित छन्। यसको अतिरिक्त हर्पे, ठेकी, पिर्का, काठको आरी, खुकुरीको दाप पनि निकै बनाएको देखिन्छ। तर यी सबै स्थानीय आवश्यकता पूर्तिको निमित्त मात्र बनाइन्छन्। मौरी पाल्ने, गहना बनाउने, तथा इँटा बनाउने र चून पोल्ने उद्योग-मा पनि केही जिल्लाबासीहरू लागेका देखिन्छन्। यी उद्योगहरूबाट हुने आर्थिक उपलब्धि नगण्य रूपमा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घरेलु उद्योग अञ्चल केन्द्र

धनकुटामा एक घरेलु उद्योग अञ्चल केन्द्र रहेको छ। औद्योगिक वातावरणको सिर्जना गर्न तथा कृषिबाट बचेको समय र पूँजी परिचालन गर्न आवश्यक सहयोग दिनेतर्फ यो केन्द्र सक्रिय रहेको छ। साथै यो घरेलु केन्द्रले स्थानीय जनतालाई उद्योगको महत्व र उपादेयता बारे बोध गराउन थालेको पाइन्छ। स्थानीय उद्योगीहरूको मागअनुसार यो घरेलु केन्द्रले प्राविधिक सर-सल्लाह पनि दिंदै आएको छ।

घरेलु उद्योग अञ्चल केन्द्र धनकुटाले २०२५ सालदेखि एक बिक्री भण्डारको पनि सञ्चालन गर्दै आएको छ। यो भण्डारको कार्यकलाप उपर्युक्त केन्द्रबाट उत्पादित घरेलु सामग्री बिक्री गर्ने काममा नै सीमित रहेको छ। यस जिल्लामा अन्य स्थानबाट आयात गरी खपत हुने संख्याको अनुपातमा उपर्युक्त केन्द्रको उत्पादन र भण्डारको बिक्री नगण्य छ। उपर्युक्त घरेलु केन्द्र धनकुटामा घरेलु उद्योग सम्बन्धी तालीम दिने पनि व्यवस्था छ। आर्थिक वर्ष २०३०।३१ मा ४० जनालाई विभिन्न उद्योग सम्बन्धी प्राविधिक तालीम दिने व्यवस्था थियो। यसरी तालीम दिने कार्यको अतिरिक्त सानै रूपमा भएपनि उक्त केन्द्रले घरेलु उद्योग विकासको लागि आर्थिक सहयोग पनि दिएको छ।

आधुनिक उद्योग

यो जिल्लामा आधुनिक उद्योगको श्री गणेश २०११ सालमा धनकुटा बजारमा स्थापित दश अश्व शक्तिको धान कुट्ने र पीठो पिंधने मिलबाट भएको हो। तत्पश्चात पनि धनकुटा जिल्लामा उल्लेखनीय आधुनिक उद्योगहरू ज्यादै कम खोलिएका पाइन्छन्। धनकुटा बजारबाट उत्तर-पश्चिममा रहेको मुगामा डिजेल इन्जीनबाट चल्ने २० अश्व शक्तिको एक धान कुट्ने, पीठो पिंधने र तोरी पेल्ने मिलको स्थापना भयो। यस पछि २०२९ सालमा धनकुटा बजारमा विद्युत शक्तिबाट सञ्चालन हुने २० अश्व शक्तिको एक अर्को चामल मिल खुल्यो। यी मिलहरू दैनिक सरदर चार घण्टा चल्दछन्। तीनवटै मिलको सरदर वार्षिक कारोवार एक एक लाखको हुन्छ। धनकुटाको मिलमा धान कुटेको प्रति मन रू.दुई र तोरी पेलेको प्रति मन रू.१२। पर्दछ। तर मुगामा भने क्रमशः रू. तीन र १८। पर्दछ। ढुवानी ज्याला दिनु नपर्ने अर्थात् आफैं ढुवानी गर्न सक्ने मुगा भेकका गाउँलेहरू पनि धान कुट्न, तोरी पेल्न धनकुटामा आउँछन्। मुगाको उपर्युक्त कल सञ्चालनको लागि घरेलु उद्योग अञ्चल केन्द्र धनकुटाको सिफारिशमा घरेलु विभागले आर्थिक सहयोग दिएको छ।

धनकुटा बजारमा प्राइवेट लिमिटेड एक र जिल्ला पञ्चायतद्वारा सञ्चालित एक समेत दुईवटा छापाखाना छन्। यी छापाखानाहरूको क्षमता सानै भए तापनि क्षमता अनुसारको काम नपाएको देखिन्छ।

जिल्लाका अधिकांश बासीन्दाहरू कृषिमा नै भरपर्दछन्। आधुनिक उद्योग तर्फ खास उल्लेखनीय प्रगति भएको छैन। पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र धनकुटाको कृषिमा केन्द्रित जन-श्रमलाई उद्योग व्यवसायतर्फ स्थानान्तरण गर्दै लैजानु अत्यावश्यक भइसकेको छ। २०२९ साल भाद्रमा घरेलु विभागबाट गरिएको औद्योगिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार धनकुटा जिल्लाबासीहरूको प्रति व्यक्ति वार्षिक औसत आय रू.७९२। देखिएको छ। यो आयको ७५ प्रतिशत कृषिबाट नै भएको छ। कृषि-जन्य कच्चा पदार्थमा आधारित आधुनिक उद्योगहरू नभएकोले नगदेबाली तथा खाद्यान्नमा नै आयको स्रोत सीमित छ। यो आयबाट साधारण जीवन निर्वाह गर्न धौ-धौ पर्दछ। साथै कृषि उत्पादन बिक्री गर्नुको लागि सुव्यवस्थित बजारको अभाव भएकोले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढी अनाज खान–पानमा प्रयोग भएको देखिन्छ।

अतः कृषि, वन-जङ्गल तथा जीवजन्तुबाट उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित उद्योगहरू धनकुटा जिल्लामा आरम्भ गर्नु आवश्यक हुन आएको छ। फलफूल उत्पादनमा विकासगरी फ्रुट केनिङ उद्योगको स्थापना गर्न सम्भव छ र यसको सफलता अवश्यम्भावी छ।

व्यापार

जिल्लाको सदरमुकाम धनकुटा नै यो जिल्लाको मुख्य बजार वा व्यापार केन्द्र हो। यहाँ प्रत्येक बिहीबारको दिन हाट लाग्दछ। यो हाट भर्न जिल्लाका अधिकांश पञ्चायत क्षेत्रबाट मानिसहरू आउँछन्। यहाँ बढी मात्रामा खाद्यान्न तथा साग-पात र फलफूल नै खरीद बिक्री गरिन्छ। धनकुटा बजारको अतिरिक्त छ नं. बुधबारेमा पनि प्रत्येक साता बुधबार हाट लाग्छ। साथै जीतपुर, राजारानी तथा मूढेबास पञ्चायत क्षेत्रमा पनि प्रत्येक औंसी पूर्णिमाको दिन हाट लाग्ने चलन छ। यो जिल्लामा वस्तुको विनिमय गरी आपसी आवश्यकता पूर्ति गर्ने परंपरागत आर्थिक प्रणाली अझै पनि प्रचलमना छ। उपर्युक्त हाटहरूमा यो विनिमय प्रथा अधिक पाइन्छ। जिल्लाको लेकाली भागमा बस्नेहरू आलु बोकेर हाट भर्न आउँछन् र खाद्यान्न साटेर लान्छन्। मंसीर पूर्णिमाको बेलामा तीन दिनसम्म लाग्ने मधुगङ्गा मेला उल्लेखनीय छ। शिवरात्रिको समयमा छरुवा खोलामा पनि बजार लाग्दछ। यी धार्मिक मेला-पर्वबाट पनि जिल्लाको विनिमय व्यापारमा मद्दत पुगेको देखिन्छ। यहाँका स्थानीय हाट बजारहरू जिल्लाबासीको अभिन्न अङ्ग भएका छन्।

यो जिल्लामा हुने औद्योगिक वा कृषि उत्पादन ज्यादातः स्थानीय प्रयोगको लागि नै खपत भएको देखिन्छ। स्थानीय खपतभन्दा बढी हुने वस्तुहरू थोक व्यापारीहरूले खरीद गर्दछन् र धरान, विराटनगर लगी बिक्री गर्दछन्। यो जिल्लाको स्थानीय बजार धनकुटा भए तापनि मुख्य व्यापार केन्द्र धरान नै मान्नुपर्दछ। धेरैजसो मानिसहरू मौसम अनुसारको साग-पात, फलफूल, आलु, घ्यू आदि बोकेर धरानमा लगी बिक्री गर्दछन् र आफ्नो लागि आवश्यक दैनिक उपभोगका सामग्री, कपडा, नून, तेल, मर-मसला खरीदगरी ल्याउँदछन्। धनकुटा जिल्लाको व्यापारिक गतिविधि स्थानीय हाट बजार र धरानका बजारमा सीमित रहेको छ।

बैंकिङ संस्थाहरू

जिल्लाको औद्योगिक र व्यापारिक गतिविधि बुझ्न त्यस जिल्लाको बैंकिङ्ग संस्थाको कार्यकलाप-माथि प्रकाश पार्नु उपयुक्त हुन्छ। धनकुटा जिल्लामा राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकका शाखाहरू रहेका छन्। कृषि विकास बैंकको साधारण गतिविधि माथि कृषि ऋण शीर्षकमा उल्लेख गरिएको छ। वाणिज्य बैंकले खाता खोल्ने, ड्राफ्ट तथा टी. टी. द्वारा ग्राहकहरूको रकम एक ठाउँबाट अर्को ठाउँमा पठाउने, विदेशी मुद्राको सटही गर्ने र विभिन्न किसिमका मालसामान धितो लिई ऋण उपलब्ध गराउँदै आएको छ। राष्ट्रिय वाणिज्य बैंकको २०३० साल असार मसान्तसम्मको विभिन्न खातामा रहेको रकम र कर्जा गएको रकमको विवरण निम्न बमोजिम छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्जा तथा लगानी

सुन चाँदीको धितोमा गएको ऋण	५,१६,०००।
सेक्युरिटी तथा कागजात	४४,०००।
गल्ला	१,०००।
आयात कर्जाहरू	१७,०००।
अन्य	१५,०००।
जम्माः–	५,९३,०००।

यो बैंकको विभिन्न खातामा डिपोजित रहेको रकम २०३०साल असार मसान्तसम्म निम्न बमोजिम देखिन्छ ।

चल्ती खातामा डिपोजित	१५,०६,०००।
बचत खातामा डिपोजित	२,९९,०००।
मुद्दती खातामा डिपोजित	१,०८,०००।
अन्य	८४,०००।
जम्माः–	१९,९७,०००।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार तथा बिजुली

यातायात

पर्वत र पहरा तथा नदी र छहरा भएको यो पहाडी जिल्लाको अधिकांश भागमा यातायातको असुविधा हुनु अस्वाभाविक होइन। धनकुटामा कुनै राजमार्ग छैन र पैदल हिंडनु सिवाय यहाँ अन्य यातायातको साधन पनि पाइदैन। उत्तरी भेकका पहाडी जिल्लाहरूमा जस्तो घोडा तथा खच्चडको प्रयोग पनि यहाँ ज्यादै कम गरिएको पाइन्छ। गोरेटो, घोडेटो र केही चल्तीका मूल बाटाहरूमध्ये निम्न छ वटा मूलबाटाहरू मुख्य छन्:—

धनकुटाबाट धरान जाने बाटो।

धनकुटाबाट पाँचथर जाने बाटो।

धनकुटाबाट तेह्रथुम जाने बाटो।

धनकुटाबाट संखुवासभा जाने बाटो।

धनकुटाबाट भोजपुर जाने बाटो।

धनकुटाबाट ताप्लेजुङ्ग जाने बाटो।

धनकुटाबाट धरान जाने बाटो

धनकुटा जिल्लालाई दक्षिण पट्टिका सुनसरी, मोरङ र अन्ततः भारत तथा नेपालका अन्य जिल्लाहरूमा समेत आवत जावत गर्ने मूलद्वारको रूपमा रहिआएको धरान-धनकुटा पैदल बाटो धनकुटा बजारसम्म २५ किलोमिटर (आठ कोस) लामो छ। शताब्दीऔं पहिलेदेखि गोरेटोको रूपमा रहिरहेको यो बाटो पूर्वी नेपालका पहाडी मूलबाटाहरूमा सबैभन्दा चल्तीको बाटो हो। यो धरान-धनकुटा बाटो धनकुटा जिल्लाबासीहरूले मात्र होइन संखुवासभा, भोजपुर, तेह्रथुम र ताप्लेजुङ्गका जनताले समेत प्रयोग गरिआएका छन्। धरान बजारको उत्तरपट्टि डाँडामा रहेको फुस्रे बजारदेखि धनकुटासम्म तमोर नदीको अतिरिक्त यो बाटोको छेउछाउमा कतिपय स-साना खोलाहरू पर्दछन्। वर्षाको याममा यी खोलाहरूमा तीव्र गतिले भेल आउने हुँदा बटुवाहरूलाई ज्यादै असुविधा हुन्छ। खासगरेर महाभारत पर्वतको उत्तर पाखोमा बग्ने लेउती खोलाले यो बाटोमा असुविधा पुऱ्याएको छ। यो बाटो धनकुटाबाट घुमाउने चौतारा, टेकुनडाला, रमिते, मूलघाट, लिउती खोला, धारापानी, साँगुरी, चीउरीबास र फुस्रे हुँदै धरान पुग्छ। साधारणतः धनकुटाबाट धरान पुग्न एक दिन लाग्छ।

यो पुरानो धरान-धनकुटा मूलबाटो अब राजमार्गमा परिणत हुँदैछ। यो राजमार्गको सर्वेक्षण कार्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूरा भइसकेको छ। रू. १३,३०,००,०००। को लागतमा बन्न लागेको यो राजमार्ग ६५ किलोमिटर जति लामो हुनेछ। पूर्वाञ्चल विकास क्षेत्रको मेरूदण्डको रूपमा पहिलो पटक निर्माण हुन लागेको यो उत्तर-दक्षिण राजमार्गले दक्षिणको समथर तराई र उत्तरको पहाडी प्रदेशलाई जोड्नेछ। यसको सफल कार्यान्वयनबाट पूर्वाञ्चल विकास क्षेत्रमा विकासको महत्वपूर्ण आधारशिला तैयार हुनेछ। आगामी पाँच वर्षसम्ममा निर्माण कार्य पूरा हुने यो बाटोले त्यस भेकको सामाजिक, आर्थिक र जन-धारणामा समेत विकास मूलक वातावरणको सिर्जना हुनेछ। यो मार्ग निर्माण गर्नु पर्ने आवश्यकता बारे राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट पनि २०२९ सालमा पूर्वाञ्चल विकास क्षेत्रको भ्रमणको सिलसिलामा हुकुम भएको थियो। यातायात तथा आवागमनको कठिनाइले पिछडिएको यो पहाडी भेक पनि अब प्रकाशमा आउँने छ र यहाँका असंख्य खोला नाला तथा पाखा पखेराहरूमा विकासको मूल फुट्नेछ।

धनकुटाबाट पाँचथर जाने बाटो

धनकुटा बजारको दक्षिणपट्टि मूलघाटबाट तमोरको तीरैतीर गएर तेह्रथुम जिल्लाको नयाँघाट हुँदै मेची अञ्चलमा पर्ने पाँचथर जिल्लाको सदरमुकाम फिदिम जाने एक मूलबाटो छ। यो बाटो करीब ८० किलोमिटर (२५ कोस) लामो छ। फिदिम, तेह्रथुम तथा ताप्लेजुङ्गतिरबाट धनकुटा र धरानतर्फ आवत जावत गर्ने मानिसहरू यही बाटोबाट पनि हिंड्दछन्। यो पनि त्यस भेकको निकै चल्तीको बाटो हो। धनकुटाबाट यो बाटो हुँदै पाँचथर जाँदा बाटोको वरपर याकचना घाट, साँवा पाटी, आठराई मूलपानी आदि मुख्य मुख्य बास तथा स्थानहरू पर्दछन्। धरान-धनकुटा राजमार्गमा पर्ने तमोर नदीको मूलघाटबाट नयाँघाट हुँदै फिदिमसम्म पक्की सडक बनाउने पनि योजना छ। यो सडक निर्माणबाट त्यस भेकको चौतर्फी विकास अवश्यंभावी छ।

धनकुटाबाट संखवासभा जाने बाटो

धनकुटाबाट संखुवासभा जिल्लातिर जाने यो बाटोलाई लामबगरको बाटो पनि भन्दछन्। यो बाटो धनकुटा जिल्लाको पश्चिम सीमानामा उत्तरबाट दक्षिणतिर बग्ने अरुण नदीको पूर्वी किनारको बगरैबगर उत्तर जान्छ। संखुवासभा जिल्लाको मुख्य द्वारको रूपमा रहिआएको यो बाटो निकै चल्तीको मूलबाटो हो। धनकुटा बजारदेखि संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीसम्म यो बाटो करीब ५७ किलोमिटर (१८ कोस) लामो छ। धनकुटाबाट खाँदबारी जाँदा बाटोमा पर्ने मुख्य मुख्य ठाउँहरू क्रमशः हिले, पाख्रीबास, रामरिढा, बेलटार, हात्तीसुँडे, तुम्लिङटार आदि हुन्। बेलटार तथा तुम्लिङटारको बीचमा अक्करेको भीर पर्दछ। यहाँ अरुण नदी ज्यादै साँगुरो भएर बगेको छ। खाँदबारी पुग्नुभन्दा अगाडि हात्तीसुँडेबाट खराङहुँदै संखुवासभा जिल्लाको चैनपुर बजार जाने बाटो छुट्टिएको छ। पूर्वाञ्चल विकास क्षेत्रको आर्थिक अभिवृद्धिको मेरुदण्डको रूपमा निर्माण हुन लागेको धरान-धनकुटा राजमार्ग भविष्यमा संखुवासभा जिल्लासम्म लम्ब्याइने सम्भावना छ।

धनकुटाबाट तेह्रथुम जाने बाटो

धनकुटा बजार र यसको छिमेकी जिल्ला तेह्रथुमको म्याङलुङ बजारलाई जोड्ने एक हुलाकी गोरेटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। यो बाटो करीब ५४ किलोमिटर (१७ कोस) लामो छ। तेह्रथुम र ताप्लेजुङ्गतिरबाट धनकुटातर्फ आवत जावत गर्ने मानिसहरूको लागि यो पनि महत्वपूर्ण मूल बाटो हो। यो बाटो धनकुटाबाट हिले, मुडे, गुराँसे, नामजे, सिंधुवा, भालुखोप, चित्रे, वसन्तपुर, काउँ, पुर्के हुँदै तेह्रथुम जान्छ। आर्थिक वर्ष २०२५।२६ मा यस भेकका जनताहरूको सहयोगमा हेलिकोप्टरद्वारा एक रसियन जीप उतारी धनकुटादेखि तेह्रथुम जाने बाटोमा पर्ने सिंधुवा भन्ने ठाउँसम्म जीप चलाइएको थियो। धनकुटा बजारको दक्षिणपट्टिको मूलबाटोबाट याक्चानाघाट र नयाँघाट हुँदै तेह्रथुमको सदरमुकामसम्म ७८ किलोमिटर (२५ कोस) लामो पक्की सडक बनाउने प्रस्तावित योजना छ।

धनकुटाबाट ताप्लेजुङ्ग जाने बाटो

धनकुटा जिल्लाबाट ताप्लेजुङ्ग जाने दुईवटा मूलबाटोहरू छन्। एउटा बाटो तमोर नदीको मूलघाटबाट याक्चानाघाट, साँवा पाटी, आठराई मूल पानी तथा मेवा दोभान हुँदै ताप्लेजुङ्ग जान्छ। अर्को बाटो धनकुटा बजारबाट हिले, सिंधुवा, वसन्तपुर, तीनजुरे लेक, गोरचा गाउँ, नेसुम गाउँ हुँदै अन्ततः मेवा दोभान भएर ताप्लेजुङ्ग जान्छ। यो बाटोलाई तीनजुरेको बाटो पनि भनिन्छ। वर्षाको याममा तल्लो बाटो अर्थात् मूलघाट भएर जाने बाटोमा धेरै नदीनाला पर्ने र भेल आएको बेलामा केही असुविधा हुने हुँदा मानिसहरू ज्यादात माथिल्लो बाटो अर्थात् तीनजुरेको बाटो नै हिंड्दछन्। धनकुटाबाट ताप्लेजुङ्ग करीब ७६ किलोमिटर (२४ कोस) टाढा छ।

अन्य बाटोहरू

उपर्युक्त मुख्य मुख्य मूलबाटोहरूको अतिरिक्त यो जिल्लामा कैयौं स्थानीय महत्वका गोरेटा र घोडेटाहरू छन्। धनकुटाबाट संखुवासभा जाने बाटो हुँदै तुम्लिङटार नजीकैको झोलुङ्गे पुल तरेर भोजपुर जाने बाटो छ। लेगुवाघाट तथा तुर्केघाट भएर पनि भोजपुर जाने बाटो छ। धनकुटाबाट भोजपुरको सदरमुकाम करीब ५७ किलोमिटर (१८ कोस) टाढा छ।

धरान-धनकुटा रोपवेको निर्माणको लागि पनि आवश्यक सर्वेक्षण हुने व्यवस्था भएको छ। यस योजनाको सफलताबाट धरान-धनकुटामा माल सामानको ढुवानीमा सरलता र किफायत हुने आशा गरिएको छ। रोपवे आफ्नै देशमा उत्पादित जल-विद्युत्‌बाट सञ्चालन हुन सक्ने हुनाले यसले आत्मनिर्भरतामा अर्को खुडकिलो थप्ने छ।

हवाइ यातायात

धनकुटा जिल्ला हवाइ यातायातले जोडिएको छैन। यस जिल्लाको छिमेकी जिल्ला मोरङको विराटनगरस्थित विमानस्थल नै धनकुटाको लागि निकटतम विमान स्थल भएको छ। धनकुटा जिल्लामा पिलाटस पोर्टर योग्य विमानस्थल निर्माणको लागि सम्भाव्यता अध्ययन भइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घाटहरू

तमोर नदीको भैंसे, सदाम, छरूवा, याक्चाना, वेल्लारा, चिम्राहाघाट र अरुण नदीको लेगुवा, अँधेरी, पिखुवाघाटमा डुङ्गा लाग्दछ। यी घाटहरू खासगरेर असोजदेखि वैशाखसम्म चल्ती हुन्छन्। याक्चाना घाटको रू. १६१।, वेल्लारा, चिम्राहा र गोलघाट तीनको रू. २,४००।, लेगुवा घाटको रू. १,४४१। र अँधेरी तथा पिखुवा घाटको रू. १००। घाट ठेक दस्तूर उठाउने गरिएको छ। यी घाटहरूमा प्रतिदिन २० देखि ६० सम्म व्यक्तिहरू वारपार गर्दछन्। तमोर नदीको मूलघाटमा एउटा झोलुङ्गे पुल छ। यस पुलबाट आवत जावत गर्ने मानिस, गाईवस्तु, घोडा आदि कर जिल्ला पञ्चायतले उठाउने गरेको छ।

हुलाक

यस जिल्लामा जम्मा १२ वटा हुलाक कार्यालयहरू छन्। यीमध्ये मुख्य हुलाक कार्यालय धनकुटाको शिरान बजारमा रहेको छ। शाखा हुलाकहरू पाख्रीबास, राजारानी, लेगुवा, मारेक, कटरे, चुङमाङ, अर्खौलि र र मुगामा रहेका छन्। सिंधुवा, बूढी मोरङ, चित्रे र डाँडा बजारमा अतिरिक्त हुलाकहरू रहेका छन्। धनकुटा जिल्लामा चिट्ठी-पत्र आदि वार्षिक ८५,०५५ आएको र ६०,७१७ गएको देखिन्छ। सदरमुकाम धनकुटाको मुख्य हुलाकमा सबैभन्दा बढी संख्यामा चिट्ठी-पत्र आवत जावत हुन्छ। दोस्रोमा पाख्रीबास शाखा हुलाक देखिन्छ।

आकाशवाणी

सर्वप्रथम ई. सं. १६१४ मा काठमाडौं र रक्सौल बीच टेलिफोन सेवा सञ्चालन भएको २२ वर्ष पछि अर्थात् ई. सं. १६३६ मा काठमाडौं र धनकुटाको ५१८ किलोमिटर लामो बाटोमा टेलिफोन लाइन जडान गरिएको हो। काठमाडौं पछि नेपालका जिल्लाहरूमा टेलिफोन सेवा उपलब्ध हुने पहिलो जिल्ला धनकुटा हो। यो टेलिफोन सेवाको पश्चात् १४ वर्ष पछि ई. सं. १६५० मा धनकुटामा एक आकाशवाणी केन्द्रको स्थापना भयो। यो आकाशवाणी केन्द्रबाट अहिले कोशी अञ्चलको सबै जिल्लाको आकाशवाणी कार्यालयहरू र काठमाडौंमा समेत सोझै सम्पर्क राख्न सकिन्छ। कुरा गर्ने र खबर पठाउनेको वार्षिक संख्या करीब ४,००० हुन्छ। लगभग त्यति नै खबरहरू बाहिरबाट यस जिल्लामा आउँछन्।

बिजुली

२०२८ सालदेखि धनकुटा बजारमा २४० किलोवाट क्षमता भएको माईक्रो प्लाण्टद्वारा विद्युत् शक्ति उत्पादन गरिएको छ। यो विद्युत् शक्तिको स्रोत धनकुटा बजारको पूर्वी फेदीमास्थित बञ्चरे खोला हो। यो विद्युत् शक्तिको वितरण क्षमता ६० किलोवाटदेखि ७० किलोवाटसम्म छ। हाल धनकुटा बजार गाउँ पञ्चायत क्षेत्रको वार्ड नं. १,५,६,७,८ र ६ मा मात्र विद्युत् वितरण गरिएको छ। घरायसी प्रयोगमा प्रतियुनिट ३० पैसा र औद्योगिक प्रयोगमा प्रतियुनिट २० पैसा महसूल लगाइएको छ। गत आर्थिक वर्षमा विद्युत् महसूल वापत रू. २०,७५८। उठेको थियो। सञ्चालन,मर्मत तथा सम्भारकार्यको लागि वार्षिक रू. ७१,३४२। खर्च हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनकुटाको हिले बजार, पारीपातलेको कृषि केन्द्र तथा आसपासका गाउँघरमा पनि बिजुली वितरण गर्ने योजना छ।

विद्युत् वितरण हाल नियमितरूपमा हुन सकेको छैन। विद्युत् केन्द्रमा वितरण हुने पानीको नहर बराबर बिग्री रहने हुनाले पानीको कमी बराबर भई विद्युत् वितरणमा वाधा भइरहेको छ। पानीको नहरलाई पक्की बनाएर अन्य स्रोतबाट पनि पानी ल्याउन सकिएमा विद्युत् प्रणाली नियमित हुन सक्ने देखिन्छ। कोशी जलविद्युत् आयोजनाबाट पनि धनकुटामा विद्युत्लाइन पुऱ्याउने दीर्घकालीन योजना छ। यातायातको सुविधा राम्रो भएपछि धनकुटामा विभिन्न उद्योगहरू स्थापनाको साथै शहर पनि बढ्ने हुनाले बिजुलीको खपत निकै बढ्ने निश्चित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यका अरू पहाडी जिल्लाहरूको तुलनामा धनकुटाको १६.१ प्रतिशत साक्षरता उत्साहप्रद नै मान्नु पर्दछ । तर कोशी अञ्चलका अरू चार जिल्लाको तुलनामा भने यो जिल्ला पाँचौं अर्थात् तेह्रथुम, सुनसरी र मोरङभन्दा तल र संखुवासभाभन्दा मात्र माथि हुन आउँछ । कोशी अञ्चलमा सबैभन्दा बढी अर्थात् २० प्रतिशत साक्षर भएको जिल्ला मोरङ हो र सबैभन्दा कम अर्थात् १३.३ प्रतिशत मात्र साक्षर हुने जिल्ला संखुवासभा हो । पूरा कोशी अञ्चलको साक्षर प्रतिशत १८.१ छ ।

धनकुटा जिल्लामा छ वर्षभन्दा माथि उमेर हुनेको संख्या ४४,१३६ जना पुरुष तथा ४५,२०६ जना महिला गरी जम्मा ८९,३४२ छन् । १२,२४६ अर्थात् २७.७ प्रतिशत पुरुष र २,१२६ अर्थात् ४.७ प्रतिशत महिला गरी १४,३७२ जना साक्षर छन् । यहाँ पुरुष एवं महिला गरी जम्मा ७४,९७० अथवा ८३.९ प्रतिशत जनता निरक्षर छन् । पाँच वर्षभन्दा माथिको उमेर समूहमा पर्ने १४,३७२ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी हेर्दा त्यसको रूपरेखा यस्तो देखिन्छ ।

साक्षरताको तालिका

वर्ष	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	६,२१८	१,१३१	१८.२	६,१५१	३९६	६.४	१२,३६९	१५,२७	१२.३
१०–१४	७,२५८	३,२५७	४४.९	६,७०३	७९८	११.९	१३,९६१	४०,५५	२९.०
१५–१९	५,६७६	२,३८८	४२.१	५,३२८	४२५	८.०	११,००४	२८,१३	२५.६
२०–२४	४,४४२	१,६१४	३६.३	४,५२१	२३९	५.१	८,९६३	१८,४५	२०.६
२५–२९	३,७७२	१,०२५	२८.८	४,०७१	१२५	३.१	७,८४३	१२,११	१५.४
३०–३४	३,११६	७१५	२२.९	३,५५९	५२	१.५	६,६७५	७,६७	११.५
३५–३९	३,०००	५३३	१७.८	३,०६७	३३	१.१	६,०६७	५,६६	९.३
४०–४४	२,५२५	४३९	१७.४	२,८८५	२५	.९	५,४१०	४,६४	८.६
४५–५४	३,७५५	५७६	१५.३	३,८९६	२०	.५	७,६५१	५,९६	७.८
५५–६४	२,५८५	३४१	१३.२	२,९०८	१६	.६	५,४९३	३,५७	६.५
६५ माथि	१,७८९	१६७	९.३	२,११७	५	.२	३,९०६	१,७२	४.४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिका अनुसार १० वर्षदेखि २९ वर्षको उमेर समूहमा साक्षरता बढिरहेको पाइन्छ। ३० वर्षभन्दा माथिको समूहमा पर्ने महिलावर्गमा ज्यादै कम साक्षरता देखिन्छ। तर विगत ३० वर्षदेखि यता भने महिलाहरूले पनि साक्षरताको महत्व बुझी लेखपढ गर्न थालेका रहेछन् भन्ने कुरा छ वर्षदेखि ३० वर्षको उमेर समूहमा पर्ने साक्षर महिलाको संख्याबाट प्रष्ट हुन्छ। शिक्षाको प्रचार प्रसारमा जसरी विभिन्न प्रयासहरू भइरहेछन् त्यसरी नै जनतामा शिक्षाप्रतिको चाख वृद्धि भएको यहाँ पाइन्छ। विभिन्न स्तरका विद्यालयहरूको अतिरिक्त यो जिल्लामा साक्षर कक्षाहरू पनि खोलिएका छन्।

यस जिल्लामा त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित शिक्षा शास्त्र इन्स्टिच्यूट र मानविकी तथा सामाजिक शास्त्र इन्स्टिच्यूट छन्। माध्यमिक विद्यालय तीन, निम्न माध्यमिक विद्यालय ३६ र प्राथमिक विद्यालयहरू १२३ छन्। माध्यमिक तथा त्यसभन्दा मुनिका विद्यालयहरूको प्रशासनिक एवं अन्य व्यवस्था जिल्ला शिक्षा समितिको निर्देशनमा जिल्ला शिक्षा अधिकारीको कार्यालयबाट गरिन्छ। यहाँको जिल्ला शिक्षा अधिकारीको कार्यालय क्षेत्रिय शिक्षा निर्देशनालय धरानबाट नियन्त्रित छ। धनकुटा जिल्लामा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२९ साल पुसदेखि नै लागू भइसकेको छ।

पूर्वाञ्चल जिल्लाका विद्यालयमा पढाउने शिक्षकहरूको तालीम धनकुटास्थित शिक्षा शास्त्र इन्स्टिच्यूटबाट गरिन्छ। धनकुटा जिल्लाका शिक्षकहरूमध्ये १४ माध्यमिक, ४० निम्न माध्यमिक र १०१ प्राथमिक शिक्षकहरूले तालीम प्राप्त गरिसकेका छन्। तालीम प्राप्त नगर्ने शिक्षकहरू क्रमशः आठ,८३ र १६२ छन्। जिल्ला भरिका पक्की भवन भएका विद्यालयहरू २४, कच्ची भवन भएका ८१ र भवन नभएर चौतारा तथा ठाँटीपाटीमा गुजारा गर्ने विद्यालयहरू २१ छन्। यस जिल्लाका माध्यमिक, निम्न माध्यमिक र प्राथमिक विद्यालयका छात्र छात्राहरूको संख्या निम्नप्रकार छः—

विद्यालय	छात्र	छात्रा	जम्मा
माध्यमिक	२९२	७८	३७०
निम्न माध्यमिक	८६२	१९६	१,०५८
प्राथमिक	३,२२१	६४७	३,८६८
जम्माः—	४,३७५	९२१	५,२९६

प्राथमिकदेखि माध्यमिकसम्मका विभिन्न तहमा अध्ययन गर्ने छात्र-छात्राहरूको कुलसंख्या ५,२८६ हुन्छ। यी विभिन्न तहका विद्यार्थीहरूलाई पढाउने शिक्षक-शिक्षिकाहरूको जम्मा संख्या ४०८ छ। यहाँ एकजना शिक्षकले सालाखाला करीब १३ जना विद्यार्थीलाई पढाउनु पर्ने हुन्छ।

वि. सं. २०२८ सालमा तथ्याङ्क विभागबाट लिइएको जनगणना अनुसार छ वर्षभन्दा माथि उमेर भएका ८९,३४२ जना मध्ये ८१,८९६ ले शिक्षण संस्थाहरूमा प्रवेश नै नगरेको देखिन्छ। बाँकी ७,४४६ जना मध्ये ५,८२१ ले प्राथमिक विद्यालयमा, १,०६५ ले निम्न माध्यमिक विद्यालयमा, ५०० ले माध्यमिक विद्यालयमा, ४७ ले प्रमाणपत्र स्तरमा र १३ जनाले डिप्लोमा स्तरमा प्रवेश गरेको पाइन्छ। यसरी लेखपढ गर्ने अभिरुचि लिई प्राथमिक विद्यालयमा प्रवेश गरेको उल्लेखनीय संख्या माध्यमिक, प्रमाणपत्र तथा डिप्लोमा स्तरमा पुग्दा निकै घटेको कुरा माथिको तथ्याङ्कबाट प्रष्ट हुन्छ। यसबाट के कुराको सङ्केत भएको छ भने मानिसहरूमा शिक्षाको महत्व बीजारोपण भइसकेको छ र आफ्ना बालबालिकाहरूलाई प्राथमिक विद्यालयमा प्रवेश गराउने प्रवृत्तिको प्रादुर्भाव भएको छ। तर आर्थिक तथा अन्य कतिपय कारणले गर्दा धेरैजसो केटाकेटीहरूले प्राथमिक तहमा नै आफ्नो अध्ययन छोडेर अन्य पेशामा लागेका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै सन्दर्भमा लिइएको अर्को एक तथ्याङ्कबाट के कुरा देखिन्छ भने छ वर्षभन्दा माथि उमेर भएका पुरुष तथा महिलाहरूमध्ये १,०८८; ४९७; ५९६; १२६; ६९ तथा २६ जनाले क्रमशः प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, प्रमाणपत्र, डिप्लोमा र डिग्रीस्तरको शिक्षा पूरा गरेको पाइन्छ। अन्ततः नेपालका अन्य कतिपय पहाडी जिल्लाहरूको तुलनामा धनकुटा जिल्लाको शैक्षिक गतिविधि उत्साहबर्द्धक नै छ।

स्वास्थ्य

धनकुटा जिल्लामा २० शय्या भएको एउटा अस्पताल छ। धनकुटा बजारको हुलाक टोलमा अवस्थित यो अस्पतालमा तीन डाक्टरको दरबन्दी छ। यस अस्पतालमा प्रतिदिन २०० सम्म रोगीहरूको उपचार गरिन्छ। यहाँ औषधोपचार गर्न ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, भोजपुर तथा पाँचथरबाट समेत मानिसहरू आउने गर्दछन्। यो अस्पतालमा केही आधुनिक उपकरणहरू जडान भएका छन्। यसको अतिरिक्त धनकुटा जिल्लाको डाँडा बजार र जीतपुरमा स्वास्थ्य चौकी र धनकुटामा एक आयुर्वेदीय औषधालय छन्। यस जिल्लामा देखिने मुख्य मुख्य रोगहरू पेटको व्यथा, क्षयरोग, अमलपित्त, लुतो आदि हुन्। धामी झाँक्रीबाट औषधोपचार गर्ने परम्परा पनि यस जिल्लाका कैयन् गाउँहरूमा प्रचलित छँदैछ।

यस जिल्लामा भारतीय दूतावासद्वारा सञ्चालित पाँच शय्या सहितको एक चिकित्सालय पनि छ। यो चिकित्सालयले धनकुटा तथा वरपरका जनतालाई स्वास्थ्य सम्बन्धी विभिन्न सेवाहरू उपलब्ध गराउँदै आएको छ। यी स्वास्थ्य सेवाहरूको अतिरिक्त यहाँ एक ब्रिटिश मेडिकल ट्रष्ट पनि छ। क्षयरोगको निवारण तथा यस सम्बन्धी रोगीहरूको औषधोपचारमा व्यस्त यो ट्रष्टले सन्तोषजनक काम गरिरहेको देखिन्छ। धनकुटाका गाउँ गाउँसम्म गई केटाकेटीहरूलाई बी. सी. जी. सूई दिने काम यही मेडिकल ट्रष्टबाट भइरहेको छ। यो ट्रष्टले टी. बी. रोग रोकथामका लागि आवश्यक सेवा र औषधि उपलब्ध गराउँदै आएको छ। हाल यस जिल्लामा स्यानिटोरियमको व्यवस्था छैन। उक्त मेडिकल ट्रष्टले एक चेष्ट क्लिनिक खोल्ने पनि योजना गरेको छ।

वि. सं. २०२४ सालदेखि धनकुटा जिल्लामा बिफर उन्मूलन कार्यक्रम लागू भएको छ। यस बिफर उन्मूलन सम्बन्धमा आशातित प्रगति भइरहेको छ। फलस्वरूप २०२९ सालमा यो जिल्लाको कुनै भागमा पनि बिफरले सताएन। बिफर उन्मूलन आयोजना अन्तर्गत धनकुटा जिल्ला कार्यालयबाट २०२९।३० मा ४५,७९४ खोपहरू गरिएका थिए। बिफर जस्तो संक्रामक रोग निर्मूल हुन लागेकोमा यसबाट पीडित र भयभीत जनताहरू अत्यन्त हर्षित भएको पाइन्छ।

यस जिल्लाको औलो क्षेत्रमा जिल्लास्थित औलो उन्मूलन कार्यालयबाट आवश्यक काम भइरहेको छ। कुष्टरोग निवारणतर्फ पनि समय समयमा आवश्यकतानुसार काम भएको पाइन्छ। २०३० साल वैशाखमा काठमाडौंबाट कुष्टरोग सम्बन्धी विशेषज्ञहरूको एक टोली गई औषधि उपचार गरेको थियो। अरू संक्रामक रोग जस्तै हैजा, टाइफाइड र आउँको लागि आवश्यकताअनुसार धनकुटा त्रिचन्द्र अस्पतालबाट गाउँहरूमा विशेषज्ञहरू पठाई उपचार गर्ने पनि व्यवस्था छ।

यस जिल्लामा २०२५।०२६ सालदेखि नै परिवार नियोजन कार्यक्रम लागू गरिएको छ। यहाँ जीतपुर, डाँडा बजार तथा धनकुटामा गरी जम्मा तीन परिवार नियोजन केन्द्रहरू छन्। २०२९।३० आर्थिक वर्षमा परिवार नियोजनका साधन प्रयोग गर्ने महिला र पुरुष गरी जम्मा ५,७४९ थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानी

धनकुटा जिल्लामा खानेपानीका मुख्य स्रोतहरू प्राकृतिक कुवा, धारा तथा खोलाहरू नै हुन् । धनकुटा बाजरमा खानेपानीको आधुनिक व्यवस्था छ । धनकुटा बजारको लागि निमुवा खोलाको मुहान मूढे-बाट खानेपानी ल्याइएको छ । अहिलेसम्म यहाँको बजार क्षेत्रमा १५० वटा खानेपानी धाराहरू जडान गरिएका छन् । मुगामा पनि यस्तै किसिमको व्यवस्था भइसकेको छ । यस बाहेक पाख्रीबास, टेकुण्डाला, धारापानी, चिउरीबास आदि ठाउँहरूमा नजीकको कुवा आदिबाट फलामे नल लगाई पानी खाने सुविधा पुऱ्याएको पाइन्छ । निगाले, चुलीवन तथा हिलेमा पनि खानेपानीको आधुनिक व्यवस्था गर्ने योजना छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

पृथ्वीनारायण शाहले पूर्वी पहाडका स-साना राज्य रजौटाहरू विजय गरी नेपाल अधिराज्यमा समावेश गर्नुभन्दा पहिले यो धनकुटा क्षेत्र पल्लो किरातका १७ थुम अन्तर्गत पर्दथ्यो । यी थुमहरूमा किराती हाङहरू राज्य गर्दथे । १७ थुमहरूमध्ये चौबीसे गुम र छथर थुमको पश्चिमी भाग हाल धनकुटा जिल्लामा पर्दछ । यसरी किरात हाङहरूद्वारा प्रशासित थुमहरू गोरखाली सेनाले आफ्नो अधीनमा लिएपछि पृथ्वीनारायण शाहको नेतृत्वमा प्रशासित हुन थाले । प्रशासनिक सुविधाको लागि नेपाल अधिराज्यलाई विभिन्न गढी गौंडामा विभाजन गरियो । यस अनुसार पश्चिम नेपालको पाल्पा गौंडा जस्तै पूर्व नेपालको धनकुटा गौंडा महत्वपूर्ण मानियो । राणा शासन कालमा पनि धनकुटा ठूलो गौंडाको रूपमा रहेको थियो । यो गौंडा अन्तर्गत पर्ने छ किपटिया जिल्लाहरू ताप्लेजुङ्, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा र पूर्व नेपालको अन्य भागको प्रशासनको लागि यहाँ जर्नेल स्तरको बडाहाकिम राखिन्थ्यो ।

पञ्चायती व्यवस्थाको सूत्रपात पश्चात् २०१९ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्लामा विभाजन गरिएपछि छथर पश्चिम, धनकुटा, खाल्सा, मिकलुङ पहाड, नौबीसे र झल्हरा गरी छ थुमहरू गाभेर धनकुटा जिल्ला बनाइयो । शुरूमा बडाहाकिम त्यसपछि विशेष अधिकृत र हाल प्रमुख जिल्ला अधिकारीबाट यहाँको दैनिक प्रशासन सञ्चालन गरिने व्यवस्था भएको छ ।

वि. सं. २०२९ सालमा श्री ५ वीरेन्द्रबाट नेपाल अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गरिबक्से पछि पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र पनि धनकुटा नै हुनगयो । क्षेत्रिय विकास गर्न प्रशासनिक विकेन्द्रीकरण अर्थात् प्रशासनको क्षेत्रिय इकाई स्थापना गर्दै जाने सिलसिलामा धनकुटा केन्द्रमा सरकारी तथा अर्ध सरकारी संस्थाका क्षेत्रिय कार्यालयहरू खुल्न थालिसकेका छन् । यसरी धनकुटाको प्रशासनिक गतिविधिमा विकासमूलक परिवर्तन देखिएको छ ।

जिल्लास्तरीय कार्यालयहरू

यस जिल्लाको सदरमुकाम धनकुटास्थित विभिन्न सरकारी, गैरसरकारी, अर्ध सरकारी तथा पञ्चायत एवं वर्गीय संगठनका कार्यालयहरू निम्न बमोजिम छन्:—

प्रमुख जिल्ला अधिकारी कार्यालय	भूमि सुधार कार्यालय
जिल्ला पञ्चायत कार्यालय	घरेलु उद्योग अञ्चल केन्द्र
कारागार	जिल्ला प्रहरी निरीक्षक कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बञ्चरे खोला विद्युत् योजना कार्यालय
परिवार नियोजन कार्यालय
जिल्ला शिक्षा निरीक्षक कार्यालय
राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय
कृषि विकास बैंक उप-शाखा कार्यालय
आकाशवाणी स्याटलाइट स्टेशन
औलो उन्मूलन कार्यालय
बिफर उन्मूलन कार्यालय
माल अड्डा,
अदालत
कृषि विकास कार्यालय

प्रहरी

यस जिल्लामा जिल्ला प्रहरी निरीक्षक कार्यालय अन्तर्गत जम्मा पाँचवटा प्रहरी चौकीहरू छन् । यी चौकीहरू सदरमुकामबाट छ नं. बुधबारे प्रहरी चौकी ४१ किलोमिटर (१३ कोस), राजारानी प्रहरी चौकी २४ किलोमिटर (सात कोस), पाखिबास प्रहरी चौकी २४ किलोमिटर (सात कोस), झल्लहारा प्रहरी चौकी १६ किलोमिटर (पाँच कोस), सिधमा प्रहरी चौकी १९ किलोमिटर (छ कोस) टाढा छन्। यसको अतिरिक्त फाङ्दुवा र छिन्ताङमा अस्थायी प्रहरी चौकी राखिएको छ । तमोर नदीको मूलघाट सुरक्षा पोष्ट, त्रिवेणी पुल सुरक्षा पोष्ट तथा अरुण पुल सुरक्षा पोष्ट गरी यहाँ जम्मा तीनवटा प्रहरी पोष्टहरू छन् ।

न्याय

धनकुटा जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ । यहाँको जिल्ला अदालतमा आर्थिक वर्ष २०२७।२८, २०२८।२९, २०२९।३० मा परेका देवानी तथा फौज्दारी मुद्दा क्रमशः १९४, ३०४ र ३०६ मध्ये क्रमशः १००, १९३ र २४२ फैसला वा मिलापत्र भइसकेकोले क्रमशः ९४, १११ र ६४ मुद्दाहरू तामेल हुन बाँकी थिए । यहाँ पर्ने मुद्दाहरूमध्ये कुटपीट, जग्गा सम्बन्धी तथा लेनदेन मुद्दा धेरै हुन्छन् ।

धनकुटामा हालै पूर्वाञ्चल क्षेत्रिय अदालतको कार्यालय पनि स्थापना भएको छ । न्याय सेवालाई छिटो छरितो, सर्व साधारणलाई कम खर्चिलो र सुलभ बनाउने उद्देश्यले स्थापित उक्त अदालतमा पूर्वाञ्चल विकास केन्द्र अन्तर्गतका अञ्चलहरूबाट पर्न आउने सबैजसो मुद्दा हेरिने व्यवस्था छ ।

पञ्चायत

यो जिल्लाको जिल्ला पञ्चायत कार्यालय धनकुटामा रहेको छ । यहाँ जम्मा ३८ वटा गाउँ पञ्चायतहरू छन् । यो जिल्लाका अधिकांश जनताको आर्थिक स्थिति त्यति बलियो नभएकोले गाउँ पञ्चायत कोषमा पनि कम आम्दानी हुनु स्वाभाविकै हो । पञ्चायतहरूको सालाखाला वार्षिक आम्दानी रू. ६००। सम्म हुन्छ । आयको स्रोतहरूमा हाट कर, धुरी कर आदि हुन् । धनकुटा जिल्लासभा कोषमा सालाखाला वार्षिक आम्दानी ७०,०००। हुन्छ । यहाँको जिल्ला सभामा ३८ जना सदस्यहरू छन् । यो जिल्लाबाट राष्ट्रिय पञ्चायतमा एक जना सदस्यले प्रतिनिधित्व गर्दछन् ।

धनकुटामा किसान संगठन, महिला संगठन, युवक संगठन र भूतपूर्व सैनिक संगठनहरू छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यो जिल्लामा भएका केही विकास योजनाहरू माथि विभिन्न शीर्षकहरूमा पनि समावेश गरिएका छन्। त्यसको अतिरिक्त श्री ५ को सरकारका विभिन्न विभाग तथा खासगरेर दुर्गम क्षेत्र तथा स्थानीय विकास विभागले कतिपय गाउँस्तरीय विकास कार्यहरू गर्दैछन्। यस्ता विकास कार्यहरूमा ज्यादा त कुलो, पुल, खानेपानी, विद्यालय भवन, स्वास्थ्य चौकी भवन आदि छन्।

धेरैंजसो भाग धनकुटा जिल्लामा पर्ने ६५ किलोमिटर लामो धरान-धनकुटा राजमार्ग नै यहाँको सबैभन्दा ठूलो विकास कार्य हो। १३ करोड ३० लाखको लागतमा बन्नलागेको यो राजमार्ग आर्थिक वर्ष २०३५। ०३६ मा पूरा हुने योजना छ। हाल धरानदेखि तमोर नदीको मूलघाटसम्म ९० सेण्टिमिटर फराकिलो ट्रेक खन्ने कार्य प्रायः पूरा भएको छ। प्रस्तावित दोलालघाट-धनकुटा राजमार्गको प्रारम्भिक सर्वेक्षण भइसकेको छ। पूर्व नेपालमा महाभारत पर्वतको उत्तरपट्टि पहिलो पटक बन्न लागेको यो राजमार्गले धनकुटा र यस भेकको विकासमा महत्वपूर्ण भूमिका ओगट्ने छ।

तेलिया ताँखुवा सिचाइ योजनाको सम्भाव्यता अध्ययन पूरा भइसकेको छ। यसबाट त्यस भेकका टारी खेत र बारीमा कृषि उत्पादन वृद्धि हुने कुरा स्वतःसिद्ध छ। धनकुटामा ५०० मेट्रिक टन खाद्यान्न राख्न सकिने क्षमता भएको एक गोदामघर पनि बन्ने भएको छ। कृषि खरीद बिक्री संस्थानले बनाउने यो गोदाम घर निर्माणको लागि जग्गा उपलब्ध गराइसकिएको छ। आर्थिक वर्ष २०३१।३२ मा धनकुटामा एक कोल्ड स्टोरेज बनाउने पनि कार्यक्रम छ।

पूर्वाञ्चल क्षेत्रिय विकास केन्द्र धनकुटा जिल्लामा जनताको आर्थिक हित, स्वास्थ्य एवं सुख सुविधाका लागि योजनाबद्ध तरीकाले नगर-निर्माणको योजना तयार गरी भौतिक परियोजना समेत कार्यान्वयन गर्न धनकुटा नगर योजना स्वीकृत भई लागू गरिएको छ।

श्री ५ महाराजाधिराज सरकारबाट नेपाल अधिराज्यको सन्तुलित विकासका लागि अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजित गरिबक्सी नेपाल र नेपाली मात्रको प्रगति, समुन्नति र सम्वृद्धिका लागि विकासको मूल फुटाउने आह्वान गरिबक्से अनुसार धनकुटा जिल्लाले काँचुली फेर्न लागेको हो।

सघन घरेलु उद्योग कार्यक्रम अनुसार घरेलु विभाग र नेपाल औद्योगिक विकास निगमको सयुक्त प्रयासमा धनकुटामा औद्योगिक सम्भाव्यता अध्ययन भइरहेको छ। पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र धनकुटामा विभिन्न उद्योग व्यवसायको लागि आवश्यक पृष्ठभूमि तयार भइरहेछ र यहाँको आधुनिकीकरण तथा औद्योगिकीकरण अवश्यम्भावी छ।

धनकुटा जिल्लामा कृषि र वनबाट उपलब्ध हुनसक्ने कच्चा पदार्थमा आधारित उद्योगको बढी सम्भाव्यता छ। खासगरेर फलफूल उद्योग नै अत्यधिक सफल हुन सक्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोरङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	४२३
प्राकृतिक स्वरूप र सम्पदा	४२५
ऐतिहासिक पृष्ठभूमि	४३३
प्रमुख स्थानहरू	४३६
जनसंख्या र जनजीवन	४४०
आर्थिक व्यवस्था	४५२
यातायात, सञ्चार तथा बिजुली	४७१
शिक्षा, स्वास्थ्य तथा खानेपानो	४७६
प्रशासन र पञ्चायत	४८१
उपसंहार	४८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

मोरङ जिल्ला नेपाल अधिराज्यको सबभन्दा ठूलो औद्योगिक केन्द्रको रूपमा प्रशिद्धि पाएको जिल्ला हो। नेपालमा उद्योगको श्रीगणेश यही जिल्लाबाट भएको हो। वि. सं. १९९३ सालमा कम्पनी कानून लागू भएपछि सोही वर्ष यस जिल्लाको विराटनगर क्षेत्रमा "विराटनगर जूट मिल्स्" स्थापना भयो। धेरै समय पहिलेदेखि अधिराज्यका ठूल-ठूला कारखानाहरूले भरिपूर्ण विराटनगर शहर हाल यस जिल्लाको तथा कोशी अञ्चलकै पनि सदरमुकाम बनेको छ।

प्राचीन कालमा यस मोरङ जिल्लामा किरात राजा हाङले राजकाज चलाएका थिए।उक्त समयमा सो राजाको प्रशासन क्षेत्रलाई मावरङ्ग भन्ने चलन थियो । त्यही "मावरङ्ग" भन्ने शब्द पछि अपभ्रंश भई मोरङ भन्न थालिएको हो भन्ने जनश्रुति छ।

वि. सं. २०१९ सालमा भएको जिल्ला विभाजनभन्दा पहिले यो जिल्लामा मिकलुङ्ग पहाडका केही थुमहरू छुटचाई अरू सम्पूर्ण झापा र सुनसरीलाई नै मोरङ भनिन्थ्यो। उक्त इलाकामा १५ वटा प्रगन्नाहरू थिए। हाल यस जिल्लाभित्र १० प्रगन्नाहरूको साथै मिकलुङ्ग पहाडका केही थुमहरू पनि समावेश भएका छन्।

कोशी अञ्चलका पाँच जिल्लाहरूमध्ये यो जिल्ला दक्षिण-पूर्वमा अवस्थित छ। यसमा धेरैजसो भाग तराईमा र उत्तर तर्फको केही अंश मिकलुङ्ग पहाडमा परेको छ। क्षेत्रफलको आधारमा यो जिल्ला अञ्चलको दोस्रो ठूलो जिल्ला हो। कोशी अञ्चलका पाँच जिल्लाहरूमध्ये सबैभन्दा धेरै जनसंख्या यही जिल्लामा छ। २०२८ सालको जनगणनानुसार यस जिल्लाको कुल जनसंख्या ३,०१,५५७ मध्ये १,४३,५६५ महिला र १,५७,९९२ पुरूषहरू छन्। यस जिल्लाभित्र ६१ वटा गाउँ पञ्चायत र एउटा नगर पञ्चायत गरी जम्मा ६२ वटा पञ्चायतहरू छन्।

१,९१४ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको मोरङ जिल्लाको आकार करीब करीब चारपाटे छ। उत्तर-दक्षिण यसको लम्बाइ ५४ किलोमिटर (३४ माइल) र पूर्व-पश्चिमको चौडाइ ४६ किलोमिटर (२९ माइल) जति छ।

यसको उत्तरमा धनकुटा र पाँचथरको केही भाग पर्दछ, पूर्वमा झापा र इलाम जिल्लाहरू, पश्चिममा सुनसरी तथा दक्षिणमा भारत गणराज्यको बिहार राज्य पर्दछ। हाल यो जिल्ला धनकुटा विकास क्षेत्रभित्र परेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भौगोलिक स्थितिको दृष्टिकोणले यो जिल्ला २६°२०' उत्तरदेखि २६°५३' उत्तर अक्षांश र ८७°१६' पूर्वदेखि ८७°४६' पूर्व देशान्तरभित्र पर्दछ। उत्तरमा यसलाई धनकुटा र पाँचथरको केही भागसित महाभारत लेकले छुट्याउँछ, दक्षिणमा भारतसित अन्तर्राष्ट्रिय सीमाना दश गजा खम्बाहरूले, पूर्वमा झापासित रतुवा नदीले तथा पश्चिममा सुनसरी जिल्लासित बूढी नदीले छुट्याउछ। तर उत्तर-पूर्वमा यसको केही भागले इलाम छोएको छ र रतुवा नदीदेखि आठ किलोमिटर (पाँच माईल) पूर्वमा गएर मात्र सीमाना बनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

अधिकांश भाग तराईको समथर भूमिले भरिएको यस मोरङ जिल्लाको उत्तरी खण्ड महाभारत पहाडको अग्लो-होचो भागहरूले भरिपूर्ण छ। मिकलुङ्ग पहाडको नामले प्रसिद्ध यस क्षेत्रको पानी ढलोसम्म जिल्लाको सीमाना पुग्दछ। दक्षिणतिर भिरालो पर्दै गएको यस पहाडको ढाल भावर प्रदेशमा पुगेपछि अन्त हुन्छ र त्यहाँबाट नेपाल-भारत सीमानासम्म समथर भूमिले ढाकेको छ। बलौटे तथा पाँगो माटोले भरिएको यस समथर भूमि जङ्गल तथा कृषि-योग्य जमीनको लागि प्रख्यात छ।

भौगोलिक बनावट

मोरङ जिल्लालाई जमीनको स्वरूप अनुसार साधारणतया तीन भागमा बाँड्न सकिन्छः–

(१) उत्तरको महाभारत पहाड

(२) मध्य भागको भावर प्रदेश

(३) दक्षिणको समथर भूमि

उत्तरको महाभारत पहाड

मोरङ जिल्लाको उत्तरी भागमा महाभारत पहाडका श्रेणीहरू पूर्व-पश्चिम फैलिएर रहेका छन्। जिल्लाको करीब २५ प्रतिशत जग्गा पहाडैं पहाडले ढाकेको पाइन्छ। उचाइको दृष्टिकोणले यो क्षेत्र ३०५ मिटर (१,००० फीट) देखि करीब २,४४० मिटर (८,००० फीट) सम्म पर्न आउँछ। महाभारत लेकको पूर्व-पश्चिम श्रेणी र तिनकै हाँगाहरु दक्षिणतिर पनि फैलिएर गई चारकोसे झाड़ीसम्म पुगेका छन्। यी शाखा श्रेणीहरूका बीच बीचमा वर्षातको समयमा बाहेक अरू बेला प्रायः सुख्खा रहने नदीले बनाएका बलौटे बेंसीहरू छन्। यस श्रेणीको दक्षिणतिर पर्ने भाग भिरालो पर्दै गएको पाइन्छ तर यसको उत्तरतिरको भाग (धनकुटा जिल्लाभित्र पर्ने) ज्यादै ठाडो भिरालो भई गएको छ। यसै पहाडी भागको उत्तर-पूर्वस्थित २,४०९ मिटर (७,८५० फीट) अग्लो मिकजनी पहाड जिल्लाको सबैभन्दा अग्लो ठाउँ हो। यो पहाडी श्रेणी ज्यादै छिया छिया परेको तथा विशेषगरेर शेल, बलौटे ढुङ्गा, चून, स्लेट र विभिन्न किसिमका परिवर्तित चट्टानले भरिएको छ। यो श्रेणी प्राचीन कालदेखि नेपालको मध्य भागलाई दक्षिणतिरबाट आउने शत्रुहरूबाट बचाउने परखालको काम दिंदै आएकोछ। मोरङ जिल्लाका सबै जसो नदीहरू यिनै पहाडी श्रेणीबाट निस्केर बगेका छन्। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी प्रदेशमा पर्ने गाउँ पञ्चायतहरू पाटी गाउँ, याङशिला, सिंहदेवीसोमबारे, भोग्टेनी, वांग्री टाँडी, जाँतेको केही भाग, साकफारा बाझी गाउँ, खोला गाउँ आदि हुन् ।

मध्यभागका भावर प्रदेश

महाभारत लेकको दक्षिणी भागमा पूर्व सीमानादेखि पश्चिम सीमानासम्म करीब १२.८ किलो· मिटर (आठ माइल) चौडा इलाकाभित्र बालुवा, कङ्कड र ढुङ्गाहरूले भरिएको उत्तरबाट-दक्षिणतिर बिस्तारै भिरालो पर्दै गएको भावर क्षेत्र अथवा चारकोसे झाडी पर्दछ । यो प्रदेशभित्र हिमालयबाट बगी आएका ठूलठूला नदीहरूले बाहेक अरू साना साना नदीहरू जमीनको सतहमाथि देखा पर्दैनन् । समुद्रको सतहबाट १५० मिटर (५०० फीट) देखि ३०५ मिटर (१,००० फीट) सम्मको उचाइमा पर्ने यो क्षेत्र घनाजङ्गलले ढाकिएको छ । यस भागमा प्रायः सबै नदीहरू सतह मुनिबाट बगेर गई पछि तराईको फाँटमा पुगेपछि सतह माथि निस्कन्छन् । पानीको सतहभन्दा अलि माथि परेको हुँदा कृषिको लागि दक्षिणी भाग जस्तो उपयोगी छैन ।

केराबारी, लेटाङ, मधुमल्ला, दुलारीको पूरै पञ्चायत तथा मिरगौलिया, हरैंचा, कसेनी, डाँगीहाट, बयरवना, अमरदह, राजघाट पञ्चायतका उत्तरी भागहरू पनि यसै भावर क्षेत्रभित्र पर्दछन् ।

दक्षिणको समथर भूमि

भावर प्रदेशभन्दा दक्षिणमा भारतको सीमानासम्म जिल्लाको करीब ५० प्रतिशत जग्गा तराईको मैदानभित्र पर्दछ र यस क्षेत्रको औसत उचाइ १५० मिटर (५०० फीट) छ । यो भाग पूर्व सीमानादेखि पश्चिम सीमानासम्म फैलिएको नरम पञ्चमाटोले भरिएको समथर भू-भाग हो । उत्तरतिरको महाभारत पहाडबाट बगेर आएका नदीहरू भावर प्रदेशमा जमीनको सतहमुनि बग्दछन् र यस ठाउँमा आएपछि फेरि देखा पर्दछन् । वर्षामा नदीहरूले ल्याएको माटो थुप्रेर बनेको हुँदा कृषिको लागि यो भाग ज्यादै उपयोगी छ । यस प्रदेशको ठाउँ-ठाउँमा धापिला जग्गाहरू छन् । दक्षिणतिरका प्रायः सबै पञ्चायतहरू यस क्षेत्रभित्र पर्दछन् ।

नदीनालाहरू

यस जिल्लाका प्रमुख नदीहरू रतुवा, बक्राहा, लोहान्द्रा, खार खोला, मावा खोला, बूढी नदी, सिंगिया नदी, तेली खोला, चौंचा नदी, लावा खोला, चिसाङ नदी, खादम खोला आदि हुन् ।

रतुवा नदी

यो नदी जिल्लाको उत्तर-पूर्वस्थित महाभारत पहाडमा उत्पत्ति भई दक्षिण बग्दछ र पहाडी भाग नाघेपछि मोरङ र झापा जिल्लाको सीमानाको रूपमा बगेर भारतमा जान्छ । पूर्वतर्फबाट यससँग मिल्ने सहायक नदीहरूमा चौंचा नदी र झिल्के खोला हुन् । पश्चिमतिरको मुख्य सहायक नदी मावा खोला हो । यस नदीमा प्रायः सालभरिने पानी हुन्छ । यसमा ज्यादै ठूल-ठूला बाढीहरू आउने गर्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्राहा नदी

मिकुञ्जी डाँडाबाट निस्की दक्षिणतिर बगेको यो नदी मोरङ जिल्लाभित्र बग्ने ठूला नदीहरूमध्ये एक हो। यसमा मिल्ने सहायक नदीहरूमा पूज्या खोला, लावा खोला, सकेवा खोला, सोल्टी खोला, तेली खोला आदि हुन्।

लोहान्द्रा नदी

चिसाङ, मुवा तथा रतुवा खोलाहरू मिली लोहान्द्रा नदी बन्दछ। लेटाङ बजार नजीकै यो नदी धेरै शाखाहरूमा विभाजन भई छरिएर बगेको छ तापनि मुख्य दुई हाँगा लोहान्द्रा र चिसाङ हुन्। पहाडी भागबाट मैदानी प्रदेशमा आउँदा यो नदी धेरै शाखाहरूमा विभाजन भएको छ।

सिंगिया नदी

यो नदी जिल्लाको उत्तर-पश्चिम सीमानास्थित सिंहदेवीसोमबारे पञ्चायतको लेकबाट शुरू भई दक्षिण बगेको छ। विराटनगर नगर पञ्चायत नजीकै यही नदीले पूर्वी सीमानाको काम गरेको छ। पहाडी भागमा यो नदीलाई खादम खोला पनि भन्दछन्।

बूढी नदी

यो नदी पनि जिल्लाको उत्तर-पश्चिमस्थित महाभारत पहाडमा उत्पन्न भएको छ। उत्तर-पश्चिमतिर केही माइलसम्म यसै नदीलाई जिल्लाको सीमाना मानिएको छ। पछि यो नदी सुनसरी जिल्लाभित्र पसी भारतमा बगेर जान्छ। यो नदीमा मिल्ने मुख्य मुख्य सहायक नदीहरूमा तिकली खोला, हुरहुरे खोला, मधा खोला, तेलिया खोला आदि हुन्।

डाम्स खोला

जाते पञ्चायतको पहाडी भागबाट शुरू भई लेटाङ तथा बयरवना पञ्चायतभित्रबाट बग्ने यो खोलामा पछि मरीया खोला मिल्न आउँछ। दक्षिणमा रङ्गेली पञ्चायतमा पुगेपछि यो खोला चिसाङ नदीमा मिल्न जान्छ।

मोरङ जिल्लाभित्रका सबै जसो नदीहरूमा वर्षात्मा ज्यादै ठूलो बाढी अथवा भेलहरू आउँछन्। तर हिउँदमा तथा ग्रीष्म ऋतुमा भने सुकेर जान्छन्। यस जिल्लामा ठूल-ठूला तालहरू पाइँदैनन्। गाउँ-गाउँमा हुने साना-साना पोखरीहरू बाहेक अरू दहहरू छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी

मोरङ जिल्ला नेपाल अधिराज्यको दक्षिण-पूर्वमा रहेको तराई जिल्ला हो। नेपालको उक्त भागमा गर्मीमा निकै गरम र जाडोमा ठिकै किसिमको मौसम हुने भएकोले मोरङ जिल्लामा पनि यस्तै हावापानीको प्रभाव परेको पाइन्छ। यस जिल्लाको उत्तरी पहाडी क्षेत्रलाई छोडेर अरू सम्पूर्ण भाग उष्ण मनसुनी हावापानीले प्रभाव पारेको छ।

ऋतु अनुसार यस जिल्लाको हावापानीलाई ग्रीष्म र हिउँद ऋतुमा विभाजन गर्न सकिन्छ। ग्रीष्म ऋतुमा उत्तरी पहाडी भागमा अलि चीसो हुन्छ तर तराई र भावरको मैदान भागमा भने असह्य गरम हुन्छ। वर्षा शुरू हुनुभन्दा अगाडि सुक्खा भई धूलो उड्ने र वर्षा भइसकेपछि जलवाष्पयुक्त हावाले ज्यादै असजिलो तुल्याउँछ। ६० प्रतिशतभन्दा बढी वर्षा ग्रीष्म ऋतुमै प्रायः वैशाखदेखि असोजसम्म पर्दछ।

हिउँदमा मौसम अलि रमाइलो हुन्छ। धेरै जाडो पनि हुँदैन र धेरै गरम पनि हुँदैन। वर्षा माघ-फागुनतिर अलि-अलि मात्रै पर्दछ। यसबेला मौसम प्रायः सफा हुन्छ। बिहान कुहिरो लाग्दछ।

वि. सं. २०२६।२७ (ई. सं. १९७०) मा विराटनगर विमान स्थलमा लिइएको मौसम सम्बन्धी तथ्याङ्कको तालिका तल दिइएको छः–

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

	अधिकतम	न्यूनतम	सापेक्षिक आर्द्रता (प्रतिशतमा)
जनवरी	२३.१	१२.६	९१
फेब्रुअरी	२६.४	८.६	८६
मार्च	३२.०	१४.८	६५
अप्रिल	३५.६	१६.४	७५
मे	३५.०	१८.६	७७
जून	३३.४	२५.०	८४
जुलाई	३१.६	१८.१	८७
अगष्ट	३२.२	१७.३	८८
सेप्टेम्बर	३१.७	१६.६	८६
अक्टोबर	३२.२	१३.१	८३
नोभेम्बर	२८.८	५.५	७९
डिसेम्बर	२५.४	१.५	७९

वर्षाको तालिका (मिलिमिटरमा)

जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जून	जुलाई	अगष्ट	सेप्टेम्बर	अक्टोबर	नोभेम्बर	डिसेम्बर
३.३	६.०	०.०	८२.१	४६.२	१४६.६	३६४.६	३५०.८	२४५.२	३१.४	०.०	०.०

यो तालिकाको तथ्याङ्क अनुसार यस जिल्लाको सालाखाला अधिकतम तथा न्यूनतम तापक्रम क्रमशः ३०.६° सेण्टिग्रेड (८७° फ.) र १४.२° सेण्टिग्रेड (५७°५६′ फ.) देखिन्छ। उक्त अभिलेख लिइएको वर्षमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विराटनगरमा सबभन्दा बढी तापक्रम चढेको वैशाख महीना (अप्रिल २४ तारीख) को दिन ३८.४° सेण्टिग्रेड (१०५°१२' फ.) सम्म पुगेको थियो। त्यस्तै मंसीर महीनाको पाँच दिन (नोभेम्बर २६, ३० र डिसेम्बर ३, ४ र १३ तारीख) मा ०.० सेण्ट्रिग्रेडसम्म झरेको थियो।

यस जिल्लाभित्र दुई ठाउँमा लिइएको वर्षाको तालिका अनुसार सरदर १,७२० मिलिमिटर (६१.७ इञ्च) पानी परेको थियो। दक्षिणबाट बहेको मनसुनी हावालाई महाभारत पहाडले छेक्ने हुँदा विशेष गरी दक्षिणी भेकमाभन्दा उत्तरी भेकमा बढी वर्षा हुन्छ। उदाहरणको लागि विराटनगर विमान स्थलमा वि. सं. २०२६।२७ (इ. सं. १९७०) को वर्ष भरिमा १,३१२.८ मिलिमिटर वर्षा हुँदा विमानस्थलभन्दा १६ किलोमिटर उत्तर हरँचा गाउँमा २,१२७.२ मिलिमिटर पानी परेको थियो। त्यसै सालको तथ्याङ्क अनुसार हरँचामा एक दिन (अगष्ट ६ तारीख) मा १६०.२ मिलिमिटर सम्म वर्षा भएको थियो। जबकि विराटनगरमा (अगष्ट १२) मा १०३.६ मिलिमिटर मात्रै पानी परेको थियो।

यस जिल्लालाई हावापानीको आधारमा मुख्य दुई भागमा बाड्न सकिन्छ :–

(१) उष्ण तथा अर्ध उष्ण हावापानी

(२) समशीतोष्ण हावापानी

उष्ण तथा अर्ध उष्ण हावापानी

मोरङ जिल्लाको उत्तरी भागस्थित महाभारत लेकको उच्च भागलाई छोडेर अरू सम्पूर्ण भाग, जस्तै तराई भावर प्रदेशमा, यस प्रकारको हावापानी पाइन्छ। १,२२० मिटर (४,००० फीट) भन्दा होचो जमीनमा परेको हुँदा यहाँ निक्कै गर्मी हुन्छ । गर्मीमा अति गरम अर्थात् अधिकतम तापक्रम ३७.७° सेन्टिग्रेड (१००° फ.) भन्दा बढी पुग्दछ। वर्षात् शुरू भएपछि तापक्रम अलि तल अोर्ले तापनि सेपिलो हावाले गर्दा अस्वस्थ्यकर तुल्याउँछ। वर्षा पछि जहाँ तहीं पानी जम्ने तथा हिलो हुने हुँदा एक ठाउँबाट अर्को ठाउँमा जान मुश्किलहुन्छ। यहाँ सालाखाला २,००० मिलिमिटर अथवा ७८.७४ इञ्च जति वर्षा हुन्छ। बङ्गालको खाडीतिरबाट आएको दक्षिण-पश्चिम मनसुनी हावाले पूर्व तर्फबाट आई अधिराज्यको अरू जिल्लाहरूमाभन्दा छिटो वर्षा गराई दिन्छ।

जाडोमा ठीक किसिमको ठण्डा तथा सुख्खा मौसम भई तापक्रम २०-२५° सेन्टिग्रेड को लगभग रहन्छ। त्यसबेला जमीनबाट बहने हावामा जलवास्पको कमीले गर्दा मौसम सुख्खा हुनु स्वाभाविक छ। दिउँसो केही गरम भए तापनि राती चीसो हुने भएकोले मौसम रमाइलो रहन्छ।

समशीतोष्ण हावापानी

जिल्लाको उत्तरी भाग १,२२० मिटर (४,००० फीट) भन्दा माथिको उचाइमा पर्दछ। त्यहाँ धेरै गरम पनि नहुने धेरै जाडो पनि नहुने हावापानी पाइन्छ। मोरङ जिल्लामा यस किसिमको हावापानी पाइने पञ्चायतहरू पाटी गाउँ, सिंहदेवीसोमबारे, वारंगी, खोलागाउँ, टाँडी, साकफारा, बाझी गाउँ, भोग्टेनी, याङशिला जाँतै आदि हुन्। बढीमा तापक्रम २१° सेन्टिग्रेड (७०° फ.) सम्म हुन्छ। यस प्रदेशमा पनि वर्षा गर्मी महीनामा हुन्छ। यहाँ सालाखाला २,५०० मिलिमिटर (९८.४२ इञ्च) जति वर्षा हुन्छ। डाँडाको निक्कै उचाइमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेका टाकुराहरूमा हिउँद महीनामा साह्रै जाडो हुन्छ । वर्षात्को समयमा यहाँ हुस्सु लाग्छ ।

प्राकृतिक वनस्पति

प्राकृतिक वनस्पतिको दृष्टिकोणले मोरङ जिल्ला नेपालको ज्यादै सम्पन्न जिल्ला हो । विशेषगरी भावर प्रदेशमा परेको पञ्चायतहरूमा तथा उत्तरी भागमा परेका पहाडी प्रदेशमा घना जङ्गलहरू छन् । एक दशक अगाडिसम्म यस जिल्लाको ३३ प्रतिशतभन्दा बढी जग्गा वन क्षेत्रमा परेको अनुमान गरिएको थियो । जिल्लाको भू-उपयोगको नक्सा हेर्दा महाभारत लेकको दक्षिण, दक्षिणको पुरानो आवादी क्षेत्रभन्दा उत्तर -पश्चिम सीमाना बूढी नदीदेखि पूर्व तथा रतुवाभन्दा पश्चिममा विशाल भू-भाग जङ्गलले ढाकिएको र कतै कतै मात्र वनको बीच बीचमा आवादी जग्गाहरू थिए । तर विगत ८-१० वर्ष भित्रमा यस भू-भागमा पनि वनको क्षेत्र-भन्द आवादी क्षेत्रहरू बढी भैसकेको अन्दाज गरिएको छ । उत्तरतर्फको मिकलुङ पहाडमा पनि त्यस्तै तरीकाले वन फाँडी खेती गर्न थालिसकेका छन् । त्यसैले हाल यस जिल्लाको कुल क्षेत्रफलको एक चौथाई भागभन्दा पनि कम क्षेत्र मात्र वनले ढाकिएको अनुमान छ । घना जङ्गलभित्र परेका पञ्चायतहरूमा मुख्य मधुमल्ला बजार, राजघाट, बयरवना, लेटाङ, केराबारी, भोग्टेनी, जाँते, टांडी, बाझ्री गाउँ, कसेनी, हरेंचा, मिरगोलिया तथा दलारीका उत्तरी भागहरू र याङशिलाका दक्षिण भागहरू हुन् ।

प्राकृतिक वनस्पतिका प्रकारहरूको आधारमा यस जिल्लालाई मुख्य दुई भागमा बाँड्न सकिन्छः—

(१) उष्ण प्रदेशको सदावहार जङ्गल
(२) मिश्रित पतझड वन

उष्ण प्रदेशको सदावहार जङ्गल

यस जङ्गललाई पनि ठाउँ र उम्रने रूख झारपातको आधारमा तीन खण्डमा विभाजन गर्न सकिन्छः—

(क) नयाँ नदीतटका जङ्गल
(ख) पुरानो नदीतटका जङ्गल
(ग) भावर प्रदेशमा पाइने जङ्गल

नयाँ नदी तटका जङ्गलः तराईको तल्लो मैदान भागमा बग्ने नदीका तटहरू तथा नदीभित्र परेका बीचका टापूहरूमा यस किसिमका जङ्गलहरू हुन्छन् । विशेषगरेर यो जङ्गल हुने भू-भागमा वर्षेनी बाढीले ल्याएको मलिलो माटो थुप्रिन्छ । सुहाउँदो माटो तथा बढी तापक्रम भएको कारणले आर्थिक दृष्टिकोणले महत्वपूर्ण रूखहरू उम्रन्छन् । ती रूखहरूमध्ये खयर र सिसौ प्रख्यात छन् । खयरबाट बन्ने कट्ठा खाने पानको लागि तथा औषधिमा धेरै प्रयोग हुन्छ । अर्को सिसौको काठ धेरै जसो घर तथा फर्निचर बनाउने काममा ल्याइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरानो नदी तटका जङ्गलः भावर प्रदेश र नयाँ नदीतटका जङ्गल प्रदेशको बीचमा, जहाँ वर्षात्को समयमा पनि बाढीले छुन सक्तैन त्यस ठाउँमा यस्तो प्रकारको जङ्गल पाइन्छ। यो जिल्लाको धेरै भाग यस्तो जङ्गलले ढाकेको छ। खयर र सिसौ बाहेक अरू पनि धेरै प्रकारका रूखहरू पाइन्छन् जसमध्ये सिमल, कर्मा, सिरिस, लाटीकरम आदि प्रख्यात छन्। लाटीकरमलाई भूरकुल पनि भन्दछन् जुन विराटनगरको सलाई कारखानामा सलाईको काँटी बनाउने काममा प्रयोग गरिन्छ। कर्मा फर्निचर बनाउने काममा प्रयोग हुन्छ। यस बाहेक जङ्गलहरूको बीच बीचमा जहाँ ज्यादै धापिलो जमीन हुन्छ त्यहाँ लामालामा घाँसहरू उम्रन्छन् जसलाई खर भन्दछन्।

भावर प्रदेशमा पाइने जङ्गलः मोरङ जिल्लाको उत्तरमा रहेको महाभारत पहाडभन्दा दक्षिणमा भावर प्रदेश पर्दछ। यो भू-भाग तराई भागभन्दा बढी उचाइमा छ। यस प्रदेशमा बालुवा र कंकडहरू मिसिएका माटोले गर्दा पानी जमीनको सतह मुनिबाट बग्दछ। तर यो प्रदेशमा भूमिगत जल भण्डार पर्याप्त भएको हुँदा लामो जरा भएका अग्ला अग्ला रूखहरूको लागि ज्यादै महत्वपूर्ण छ। त्यसैले यस ठाउँमा जिल्लाको घना जङ्गल पाइन्छ। यो जङ्गल पूर्वदेखि पश्चिमसम्म १२.८ किलोमिटर (आठ माइल) चौडाइमा फैलिएको हुँदा यसलाई चारकोसे झाडी पनि भनिन्छ। रूखहरू प्रायः वर्षैभरि हरिया देखिन्छन्। यस प्रदेशमा पाइने मुख्य रूखमा साललाई लिन सकिन्छ। यसबाहेक यहाँ पाइने अरू जातका रूखहरूमा सिमल, सिरिस, कर्मा, असना, बाँझ, रुद्राक्ष, विजयसाल, हर्रोबर्रो, रूघघैंयारी आदिहुन्। भावर प्रदेशका जङ्गल प्रायः कडा काठको लागि प्रख्यात छन्।

मिश्रित पतझड वन

यस जिल्लाको उत्तरी भागको मिकलुङ पहाड १,२२० मिटर (४,००० फोट) देखि माथिका भागहरूमा पतझड तथा मिश्रित वन जङ्गलहरू पाइन्छन्। विशेषगरी तल्लो भेकमा सालका रूखहरू पाइन्छन्। यिनीहरू अलि कमसल खालका हुन्छन्। यस क्षेत्रको प्रख्यात रूख बर हो। यसबाहेक विभिन्न प्रकारका रूखहरू जस्तै सल्ला, गुराँस आदि पाइन्छन्। तल्लो भेकमा केही मात्रामा चाँप पनि हुन्छ। यी जङ्गलहरूमा हिउँदमा तथा ग्रीष्म ऋतुमा रूखहरूका पातहरू झर्दछन्।

पशु-पक्षी

यस जिल्लाभित्र पाइने पशुहरूमा विशेषगरी बाघ, चितुवा, हात्ती, जरायो, स्याल, अर्ना, रतुवा, भालू, चित्तल, लंगूर, बाँदर, घोडगधा, लोखर्के, साँपहरू आदि पाइन्छन्। यो जिल्लाका मुख्य चरा-चुरूङ्गीहरूमा धनेश विशेष उल्लेखनीय छ। यस बाहेक लुइँचे, तित्रा, मयूर, नीलकण्ठ, विभिन्न थरीका सुगाहरू, मैना, बकुला, सारस, चखेवा, चरेवी र हाँसहरू पनि पाइन्छन्। जङ्गलको फडानी हुनथालेकोले वन तथा पशु-पक्षीहरूको हानि-नोक्सानी हुँदैछ। विशेष गरेर ह्रास भएका पशु-पक्षीहरूमा बाघ, चित्तुवा, जरायो, मयूर, लुइँचे, तित्रा, हांस, सुगा, मैना आदि हुन्। त्यसैले वन-जन्तु संरक्षण अभियान अन्तर्गत यस जिल्लामा पनि बाघको शिकार बन्द गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन संरक्षण र वन विकास

यस जिल्ला अन्तर्गत रहेका जङ्गलहरूमा प्रमुख जङ्गलहरू भलुवा, केराबारी, गछिया, लक्ष्मी झार, बूढी झार, सखुबारे, लेटाङ, बयर वना आदि हुन्। वन संरक्षण गर्ने सिलसिलामा वन अतिक्रमण, वन पैदावारको चोरी तथा चोरो शिकार रोक्ने र यस्ता गैर कानूनी काम गरेको फेलापारी प्रधान वन कार्यालयमा बुझाउने व्यवस्था छ। यस्तो मुद्दा हेरी किनारा गर्न विशेष अदालतको अधिकारी पनि प्रधान वन कार्यालयमैं रहने व्यवस्था छ। यस बाहेक वन क्षेत्रमा बार लगाउने, सुकुमबासीहरूलाई सुव्यवस्थित तरीकाले बसोबास गराउने कार्यक्रम पनि संचालन भइरहेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वर्तमान मोरङ जिल्ला नेपाल अधिराज्यभित्र गाभिनुभन्दा पूर्व एउटा पृथक् राज्यको रूपमा थियो। उक्त राज्यको सम्बन्धमा सोह्रौं शताब्दीभन्दा पहिलेको ऐतिहासिक घटनाहरू अलि अस्पष्ट रूपमा छन्। हुनत महाभारत युगमा यस विराटनगर क्षेत्रमा विराट नामक राजाले रजाइँ गरेको तथा पाण्डवहरूले गुप्त बासको समय यहीं बिताएका किम्वदन्तीहरू सुनिन्छन्। उक्त समयमा विराट राजाको प्रधान सेनापति किच्चकलाई भीमसेनले वर्तमान झापा जिल्लाभित्र पर्ने किच्चकवध भन्ने ठाउँमा मारेको जनश्रुति छ। यी कुराहरूबाट विराटनगर अथवा मोरङ राज्य प्राचीनकालदेखि निक्कै प्रख्यात राज्यको रूपमा लिनु अत्युक्ति नहोला।

सोह्रौं शताब्दीको आखिर अर्थात् १५१८–१५५३ ई. मा जुनबेला यस प्रदेशमा विजयनारायणले राज्य गरिरहेका थिए त्यसबेला काठमाडौंमा रत्नमल्ल तथा पाल्पातर्फ मुकुन्द सेन (प्रथम) राजा भइरहेका थिए। मुकुन्द सेनकै पालामा पाल्पाभन्दा पूर्वका धेरै भाग उनका कान्छा छोरा लोहाङ सेनले जितिसकेका थिए। तर विजयपुर राजधानी रहेको कोशी पारीको मोरङ प्रदेश जित्न सकेका थिएनन्। त्यसैबेला त्यहाँका राजा विजयनारायणका आफ्ना किराती सरदारहरूसँग मतभेद भइरहेकोबेलामा उनको मृत्युभयो। यसले गर्दा लोहाङ सेनलाई मोरङ प्रदेश जित्न सजिलो तुल्यायो। पूर्व-प्रतिज्ञानुसार लोहाँग सेनले उक्त क्षेत्रको मन्त्रीपद किरातीहरूलाई नै सुम्पे र यो क्रम पछिसम्म पनि कायमै रह्यो। यसप्रकार तत्कालीन पाल्पा राज्यको सीमाना लगभग वर्तमान नेपालको पूर्वी सरहदसम्म पुगेको देखिन्छ।

वंशावलीको भनाइअनुसार पाल्पाका राजा मुकुन्द सेन (प्रथम) विजयी र पराक्रमी हुनुका साथै त्यागी पनि भएका हुँदा उनले आफ्नो जीवनकालमै आफ्नो विशाल राज्यलाई आफ्ना छोरा, नाति र भतिजा-हरूलाई बाँडिदिएका थिए। यसरी विभाजन गर्दा कोशी क्षेत्रका विजेता लोहाङ सेनलाई मोरङ प्रदेशको राज्य-भार सुम्पिदिए। यो राज्य अत्यन्त ठूलो भएको हुँदा पछि यसबाट छुट्टिएर मकवानपुर र चौदण्डी नामक दुई नयाँ राज्य खडा भए। लोहाङ सेनको शेषपछि यिनैका छोरा राघव सेन र त्यसपछि हरिहर सेन यस क्षेत्रका राजा भए। हरिहर सेनले गोण्डा बारासम्म विजय गरी "हिन्दूपति"को उपाधि धारण गरेका थिए। तर यिनको पालामा आफ्ना दुई रानीतर्फका छोराहरूमा पैतृक राज्यलाई लिएर मतभेद भएको हुँदा यिनले आफ्नो राज्यलाई दुई टुक्रा पारिदिएका थिए। कोशीभन्दा पश्चिमको क्षेत्र कान्छा छोरा शुभ सेनतर्फ गयो र मोरङ क्षेत्रमा यिनको दिवंगत छोरा छत्रपति सेनका नवजात पुत्र इन्दु विधाता सेनलाई दिएर आफू परलोक भए। यिनीहरूको राज्य-कालमा शुभ सेनका मन्त्रीहरूको जालले गर्दा मोरङ प्रदेशको ठूलो भाग पूर्णियाका नवावहरूको हातमा पर्न गएको थियो। दुवै राजाहरूलाई कैद गरी दिल्ली पठाई जात-च्यूत गरिएका थिए। उता शुभ सेनका नायव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवोध दासले शुभ सेनका दुई छोरा महीपति सेन अथवा मान्धाता सेन र मानिक सेनलाई साथमा लिई किरात प्रदेशमा शरण लिन पुगेका थिए। पछि विद्याचन्द्र राईको सहायताबाट पूर्णियाका नवावहरू धपिए र यी दुई छोराहरू महीपति सेन र मानिक सेन क्रमशः कमला नदीको पूर्व र पश्चिमपट्टिको राजा भए।

महीपति सेन पछि उनका छोरा कामदत्त सेन मोरङका राजा भए।[1] पछि आफ्ना किरात मन्त्री विचित्र राईसित यिनको कलह भयो र विचित्र राईले गर्दा यिनलाई उत्तर भोटतर्फ भाग्न बाध्य तुल्याए र मानिक सेनका नाति जगत सेनलाई मोरङ राज्यको राजा बनाए। पछि धपिएका कामदत्त सेन फर्केर आए तापनि आफ्नो अघिको सम्पूर्ण राज्यको शासन गर्न पाएनन्। यिनको राज्य दुई भागमा बाँडियो, जस अनुसार जगत सेन कमला र कोशीको बीचको क्षेत्रमा वर्तमान सिराहा-सप्तरी जिल्लाहरू पर्न आउँछ, तथा कामदत्त सेन मोरङका राजा भए।

यस घटनाको केही दिन पछि विचित्र राईको मृत्यु भयो र उनी पछि उनैका छोरा बुद्धकर्ण राई मन्त्री भए। तर बुद्धकर्ण राईसित पनि मिल्न नसकी कामदत्त सेनले आफ्नो राजधानी विजयपुर छाडेर इष्ट इण्डिया कम्पनीको शरणमा जानुपर्‍यो। तर कम्पनीबाट केही सहायता पाउन नसकेको हुँदा उनले स्वयम् नै सैनिक जम्मा गरेर मोरङ माथि हमला गरी शासनको बागडोर आफ्नै हातमा लिए। आफ्नो शासन बलियो भएपछि उनले बुद्धकर्ण राईको भाइलाई हत्या गरिदिए। यसको बदला लिन बुद्धकर्ण राई सिक्किमको सहायता लिन पुगे। सिक्किमका राजाले बुद्धकर्ण र कामदत्त सेनको मेल गराउने निहुले आफ्ना १० जना मानिसलाई पठाई छलकपटद्वारा कामदत्त सेनको हत्या गराए। तर बाबुराम आचार्यको भनाइमा बुद्धकर्ण राई भागेर पूर्णिया गै बसेको तथा विजयपुरमा रहेका आफ्ना गुटका सैनिकहरूलाई लगाएर कामदत्त सेनको हत्या गराएको उल्लेख छ।[2] यसरी राजा र मन्त्रीको यस्तो कलहको मौका छोपी सिक्किमका राजा नाग्यालफुन चोले विजयपुरको अधीनमा रहेको इलाम क्षेत्र आफ्नो राज्यमा मिलाएका थिए।

कामदत्त सेनको हत्या पछि उनैका उत्तराधिकारी बनी यिनका काका रघुनाथ सेन विजयपुरका राजा भए। तर बुद्धकर्णसित यिनी पनि डराउँथे। त्यसैले यिनले पूर्णियामा रहेको अंग्रेजी हाकिमसँग तिनको विरूद्ध सहायता मागेका थिए। यसमा यिनले सफलता पाएनन् र त्यहाँबाट भागेर गए। यसले गर्दा बुद्धकर्ण राई बिना-बिघ्न बाधासँग विजयपुर फर्केर आए। यसै समयतिर गोर्खाली सेनाले पूर्व पहाडतर्फ हमला गरिसकेका थिए। गोरखाली सेनासँग हारी मोरङभित्र पसेका राजा कर्ण सेनलाई नै बुद्धकर्ण राईले विजयपुरको नाममात्रका राजा थापी "राजभारा सामर्थ" भन्ने उपाधि लिई आफू ई. सं. १७७० मा विजयपुर ठकुराईका हर्ता कर्ता बने।[3]

सन् १७७३ मा वक्सी अभिमान सिंह बस्न्यात र सरदार पारथ भण्डारीको नेतृत्वमा गएको दुई कम्पनी फौजले चौदण्डी कब्जा गरिसकेपछि पृथ्वीनारायण शाहले विजयपुरमा आक्रमणको तयारी गर्नलागे। मध्यवर्षातको समय पारेर हात्तीद्वारा आफ्ना सैनिकदल कोशी नदी पार गराइसकेपछि अभिमान सिंह बस्न्यात-ले एक्कासी विजयपुरमा हमला गरे। राजा कर्ण सेन पहिले नै पूर्णियामा जहान परिवार लिई गइसकेका थिए। बुद्धकर्ण राई पनि भागेर गएपछि १७ जुलाई १७७४ का दिन विजयपुर गोर्खालीहरूको हातमा पर्‍यो। त्यसबेला-

---

१ बाबुराम आचार्यको भनाइमा कामदत्त सेन महीपति सेनका छोरा नभई नाति बनाइदिएको छ। बाबुराम आचार्य– श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग-३, पृष्ठ संख्या ६०३

२ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ संख्या ६०३

३ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ संख्या ६०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखि यो मोरङ क्षेत्र पनि विशाल नेपाल अधिराज्यमा गाभियो। बुद्धकर्णले अन्तसम्म पनि इष्ट इण्डिया कम्पनीको सहायताबाट विजयपुरलाई गोर्खालीहरूबाट फर्काउने चेष्टा गर्दै थिए। आखिरमा बुद्धकर्ण राईलाई गोर्खालीहरूले नेपाल सरहद भित्र फेलापारे। यिनलाई विजयपुरमा कैद गरेर राखियो र पछि त्यहीं नै यिनको मृत्यु भयो। विजयपुरस्थित बूढा सुब्बाको मन्दिर यिनै बुद्धकर्ण राईको सम्झनामा बनेको हो भनिन्छ।

त्यसबेला विजयपुर राज्य पूर्वमा टिष्टासम्म भई नेपाल अधिराज्यको सीमाना भुटानसँग जोडिइसकेको थियो। तत्पश्चात् धे रैसालसम्म यो इलाका नेपालराज्यको एउटा भू-भाग भएर रह्यो। तर ई. सं. १८१५ नोभेम्बर २८ को दिन सुगौली संधिमा हस्ताक्षरभई ई. सं. १८१६ मा टुङ्गो लागेपछि वर्तमान झापा जिल्लाको पूर्वमा पर्ने मेची नदी पारीको जमीन सदाको लागि नेपालले गुमायो।

अविभाजित मोरङ जिल्लाको सदरमुकाम धेरै वर्षसम्म विजयपुरमै रहेको थियो। तत्पश्चात् रङ्गेलीमा सारियो। आजभन्दा करीब ४०।४२ वर्ष अगाडिमात्रै विराटनगरमा सारिएको हो। पञ्चायती व्यवस्थाको सूत्रपात भएपछि २०१९ सालमा तत्कालीन मोरङका १० प्रगन्नाहरूलाई छुटचाई वर्तमान मोरङ जिल्लाको गठन भयो। ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण विजयपुर नगर हाल सुनसरी जिल्लाभित्र पर्दछ। अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुभन्दा अगाडिसम्म सुनसरी पनि मोरङ गोश्वारा अन्तर्गत प्रशासित भइरहेको थियो। हाल मोरङ जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको एक जिल्लाको रूपमा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

विराटनगर

विराटनगर अधिराज्यको दोस्रो ठूलो शहर तथा सबभन्दा ठूलो औद्योगिक नगर हो । यो शहर ८७°१७' पूर्व देशान्तर २६°२८' उत्तरी अक्षांशमा अवस्थित छ । यो समुद्रको सतहबाट ७६ मिटर (२५० फीट) को उचाइमा छ । विराटनगर नामकरण हुनुभन्दा अगाडि यस ठाउँलाई गोग्राहा भनिन्थ्यो । करीब ५७ वर्ष अगाडि अतिरथी स्वर्गीय केशर शमशेरको निरीक्षण भ्रमणको समयमा गोग्राहालाई बदलेर विराटनगर नामकरण गरिएको भनिन्छ । प्राचीन कालमा यो क्षेत्रमा विराट राजाको दरबार भएको तथा त्यसै समयमा पाण्डवहरू गुप्तबास बस्दा यसै नगरमा एक वर्ष बिताएका थिए पनि भनिन्छ ।

हाल यो शहर मोरङ जिल्ला तथा कोशी अञ्चलको सदरमुकामको रूपमा रहेको छ । यही शहरबाट पूर्वी नेपालका सामानहरू आयात निर्यात हुने र मानिसहरू आवत-जावत गर्ने हुंदा यसलाई "पूर्वी नेपालको द्वार" पनि भनिन्छ । यहाँ अञ्चल तथा जिल्लास्तरीय सबै कार्यालयहरूका साथै मूल भन्सार, नेपाल राष्ट्र बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंकका शाखाहरू पनि छन् । यहाँ साना-ठूला मिल र कारखानाहरू छन् जसमा सनपाट, चीनी, सलाई, चामल र पीठो, कृत्रिम रेशा (सिन्थेटिक फाइबरको) कपडा, स्पात (स्टेनलेस स्टील) का भाँडा कारखानाहरू प्रख्यात छन् । यहाँ एउटा पक्की विमानस्थल छ । मनोरञ्जनका साधनहरूमा दुईवटा सिनेमा घरहरू पनि छन् । त्यस बाहेक फूटबल खेल्ने मैदान र नाचघरहरू पनि छन् । हाल यस शहरमा त्रिभुवन विश्वविद्यालयको एउटा बहुमुखी क्याम्पस र १० वटा माध्यमिक विद्यालयहरू छन् । तराईको मैदानी भागमा अवस्थित यो शहरबाट पूर्वी नेपालका विभिन्न शहर तथा जिल्लालाई जोड्ने राजमार्ग तथा बाटाहरू छन् । तीमध्ये कुनै कुनै कच्ची भए तापनि यातायातको सुविधा भएको मान्नु पर्दछ । काठमाडौंबाट विराटनगर पुग्ने मुख्य साधनहरूमा हवाइ जहाज र बस हुन् । भारत भई रेलको मार्गबाट पनि पुगिन्छ ।

विराटनगर शहरबाट वरपर छिमेकी जिल्लाहरूका सदरमुकाम तथा महत्वपूर्ण शहरहरूमा जाने मुख्य बाटो दूरी तथा यातायातका साधनहरू निम्न प्रकारका छन्:—

शहरहरू	दूरी	साधनहरू
विराटनगर—इटहरी	२५ किलोमिटर	बस तथा टचाक्सी
विराटनगर—धरान	४६ किलोमिटर	बस तथा टचाक्सी
विराटनगर —इनरूवा (इटहरी हुँदै)	४३ किलोमिटर	बस तथा टचाक्सी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विराटनगर–राजविराज (इटहरी, इनरूवा, भार्दा हुँदै)	९३ किलोमिटर	बस तथा टयाक्सी
विराटनगर–भद्रपुर (इटहरी, दमक, विर्तामोड हुँदै)	११६.५ किलोमिटर	बस तथा टयाक्सी
विराटनगर–काकड भित्ता (पूर्व सीमाना) (इटहरी, दमक, विर्ता मोड हुँदै)	११६ किलोमिटर	बस तथा टयाक्सी

वि.सं. २०२८ सालको जनगणनामा विराटनगर नगर पञ्चायतभित्रको १७ वडा अन्तर्गत घरसंख्या ८,४६१ र जनसंख्या ४५,००० छन्।

भारतको रेलवे स्टेशन जोगवनी यसको नजीकै भएको, भारतबाट कल कारखानाको लागि ल्याइने कच्चा पदार्थ सजिलैसित पुग्ने र यस ठाउँबाट उत्पादित माल सामान धेरैजसो भारतमा खपत हुने भएको कारणले गर्दा यो शहर उद्योगको लागि महत्वपूर्ण भएको हो। २०३१ साल जेठ महीनासम्ममा यस नगर पञ्चायत क्षेत्रभित्र दर्ता भएका विभिन्न किसिमका पसलहरूको संख्या१,४१४ छ। यिनीहरूमध्ये धेरैमात्रामा पाइने पसलहरू खुद्रा (किराना), चिया, कपडा, मिठाइ, सिलाइ तथा पान पसलहरू हुन्। अरू महत्वपूर्ण पसलहरूमा रक्सी, दाउरा, औषधि, सुन-चाँदी, फलाम, भाँडाकुँडा, खरीद बिक्री आदि हुन्।

रङ्गेली

विराटनगर पछि जिल्लाको प्रमुख बजार रङ्गेली हो। यो ठाउँ विराटनगरबाट करीब २० किलोमिटर (१२ माइल) पूर्वमा पर्दछ। यो बस्ती वि. सं. १९२७ मा बसेको थियो। तत्कालीन मोरङको सदरमुकाम विराटनगरमा ल्याउनुभन्दा अगाडि यही ठाउँमा थियो। विराटनगर पछि शहर भन्न लायक मोरङमा यही एउटा ठाउँ छ। यो ठाउँ समुद्रको सतहदेखि करीब विराटनगरकै उचाइमा स्थित छ।

विराटनगरबाट झापा जाने पुरानो कच्ची बाटोमा पर्ने यो बजारमा धेरैजसो मारवाडीहरू र बजारको वरपर केही मात्रामा राजवंशीहरूको बस्ती छ। यहाँ हप्ताको चार दिन सोमबार, बुधबार, शुक्रबार र शनिबार हाट लाग्दछ। यहाँ एउटा बैंक कार्यालय, भन्सार र राष्ट्र बैंकको एउटा सटही काउण्टर, अस्पताल र त्यसैसँग सम्बद्ध परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र, प्रहरी थाना, हुलाक, छोटी भन्सार र औलो उन्मूलन संघका उप-शाखाहरू छन्। एउटा छात्राबास सहितको ठूलो माध्यमिक विद्यालय पनि छ। यहाँ दुईवटा ठूला र चारवटा साना गरी जम्मा छ वटा चामल मिलहरू छन्। यहाँ एउटा धर्मशाला पनि छ।

विराटनगरबाट झापा जाने नयाँ पूर्व-पश्चिम राजमार्गमा यो बजार नपरेकोले यसको अवस्था बिग्रँदै गएको छ। तर यहाँदेखि विराटनगरसम्मको बाटोमा ठाउँ ठाउँमा पुल हाली पक्की गर्न सकेमा यो ठाउँ भविष्यमा एउटा ठूलो व्यापारिक केन्द्र बन्ने सम्भावना छ।

हरैंचा

विराटनगरबाट करीब १९ किलोमिटर (१२ माइल) उत्तरस्थित यो ठाउँ रङ्गेली पछिको उल्लेखनीय बजार हो। यो समुद्रको सतहबाट १९० मिटर (६२७ फीट) को उचाइमा छ। यस ठाउँमा चारवटा धानका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिलहरू छन् । यहाँ विशेषगरेर वरपरका गाउँलेहरूका लागि दैनिक उपभोगका वस्तुहरूको खरीद विक्री हुन्छ । यहाँ प्रहरी थाना, शाखा हुलाक, औषधालयसहितको स्वास्थ्य केन्द्र र हात्तीसार आदि सरकारी कार्यालयहरू छन् । एउटा माध्यमिक विद्यालय पनि छ । हरेंचा पहिले झापा जाने पुरानो बाटोमा पर्ने भएको हुँदा निकै चल्तीको बजार थियो । तर महेन्द्र राजमार्ग यसको करीब पाँच किलोमिटर (तीन माइल) उत्तरबाट गएको हुँदा हाल यसको महत्व दिन परदिन घट्दै गएको छ ।

मधुमल्ला बजार

विराटनगरदेखि उत्तर-पूर्वतिर पर्ने यो बजार करीब १८२ मिटर (६०० फीट) उचाइमा बक्रा नदीको किनारमा स्थित छ । सदरमुकामबाट करीब ४२ किलोमिटर (२७ माइल) टाढा पर्ने यस ठाउँ पहाडी भागका र तल मधेशका व्यापारीहरूको संगम स्थल बनेको छ । यहाँ धेरै किसिमका सामानहरू पाइन्छन् । पहाडबाट फलफूल, मकै, राडीपाखी, जरीबूटी, छाला इत्यादि ल्याइन्छन् र यहाँबाट लुगा, फलाम, मसला, चुरोट, बिडी, सलाई, नून, मट्टीतेल आदि सामानहरू किनेर पहाडतिर लैजान्छन् । बजारको बाटोको दुवैतिर बनाइएका काठका घरहरूमा पसल राखिएका छन् ।

पूर्व-पश्चिम राजमार्ग यसको केही दक्षिणबाट गएको र यहाँबाट विराटनगर जान सजिलो भएकोले यसको महत्व बढ्दै गएको छ । यस बजारमा ४०–५० वटा चिया पसल तथा खुद्रा पसलहरू छन् ।

लेटाङ बजार

लोहान्द्रा र चिसाङ नदी मिल्ने ठाउँमा स्थित यो बजार बाढीले गर्दा दुई पटक सरिसकेको छ । यो ठाउँ करीब ३०५ मिटर (१,००० फीट) को उचाइमा अवस्थित छ । पहिले यस ठाउँ नजीकै चिसाङ नदीबाट बिजुली उत्पादन गरी विराटनगर तथा आसपासका गाउँहरूलाई विद्युत् शक्ति वितरण गरिएको थियो तर २०२२ सालमा आएको बाढीले पावर हाउस बगाई लगेको हुँदा हाल बिजुली उत्पादन बन्द भएको छ । यहाँ १०–१२ वटा खुद्रा पसल तथा केही चिया पसलहरू छन् ।

चिसापानी भञ्ज्याङ (पञ्चमी बजार)

मोरङ जिल्लाको सबभन्दा उत्तर–पूर्व सीमानामा अवस्थित यो सानो बजार महाभारत पहाडको टुप्पामा भञ्ज्याङको रूपमा करीब २,१२१ मिटरको उचाइमा धनकुटा, इलाम र मोरङको सीमानाको बीचमा पर्दछ । यो ठाउँलाई मावा तथा रतुवा नदीको उद्गम स्थान भने पनि हुन्छ । यहाँ करीब २५–३० वटा घरहरू छन् र धेरैजसो राई र लिम्बूहरूको बसोबास छ । यो बजारमा हरेक पञ्चमी, पूर्णिमा र मंगलबारको दिन हाट लाग्छ । यहाँ धेरैजसो समय हुस्सु लाग्ने गर्दछ । गर्मी जिल्लामा परेको ठाउँ भए तापनि ज्यादै उचाइमा भएकोले यहाँ मैदान भागमाभन्दा बढी चिसो हुन्छ । यहाँ चिसो पानीका धेरै मूलहरू भएकाले यसलाई चिसापानी भञ्ज्याङ पनि भन्दछन् । यही बाटो गरी धनकुटा, इलाम तथा पाँचथरका धेरैजसो ढाक्रेहरू तल मधेशतर्फ जान्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रानी (मिल्स एरिया)

विराटनगर शहरदेखि करीब छ किलोमिटर (चार माइल) दक्षिणमा भारतको सीमाना जोगवनी शहरसँग जोडिएको यो बजार विराटनगरमा रानी मिल्स एरियाको नाउँले प्रख्यात छ। यो ठाउँ मोरङ जिल्लाको प्रमुख औद्योगिक केन्द्र हो भन्ने कुरा मिल्स एरिया भन्ने नाउँबाटै पुष्टि हुन्छ। यहाँ ठूल-ठूला जूट मिलहरूका साथै स्पात, टाँक, जूट प्रेस, कपडा, सोलभेन्ट प्लान्ट, चामल तथा चीनी मिलहरू पनि छन्। मोरङ जिल्लामा उत्पादित औद्योगिक वस्तुहरू भारत तथा समुद्रपार जान यसै बजार भई जानु पर्ने भएको हुँदा निकासी पैठारीको प्रमुख स्थान पनि मानिन्छ। त्यसैले जिल्लाको प्रमुख भन्सार कार्यालय यहीं छ। यहाँ एउटा सिनेमा घर पनि छ। मिल्स एरिया नामक माध्यमिक विद्यालयको साथै कारखानामा कामगर्ने मजदूरहरूको लागि एउटा प्रौढ शिक्षालय पनि सञ्चालन भइरहेको छ। यो ठाउँ पनि विराटनगर नगर पञ्चायत अन्तर्गत पर्दछ।

कटहरी बजार

यो बजार जिल्लाको सदरमुकामबाट करीब दुई किलोमिटर (डेढ माइल) पूर्वमा पर्दछ। यो ठाउँलाई जिल्लाको पूर्वी भागबाट आउने धान, तोरी तथा पटुवाको खरीद विक्री गर्ने प्रमुख स्थानको रूपमा लिइन्छ। विराटनगरबाट रङ्गेली भई झापा जाने पुरानो बाटोमा पर्ने भएको हुँदा पहिले निक्कै महत्वपूर्ण थियो। हाल उक्त बाटो त्यति चल्तीको रूपमा छैन। विराटनगरदेखि यस बजारसम्मको बाटोमा इँट छापेको छ। यहाँ माध्यमिक तथा प्राथमिक विद्यालयहरू सञ्चालन भइरहेका छन्। यो ठाउँ सिङ्गिया नदीको पूर्वी किनारामा स्थित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ३,०१,५५७ छ जसमध्ये पुरुषको संख्या १,५७,९९२ अर्थात् ५२.४० प्रतिशत र महिलाको संख्या १,४३,५६५ अर्थात् ४७.६० प्रतिशत छ। यसरी यस जिल्लामा महिलाभन्दा पुरुषको संख्या १४,४२७ अर्थात् ४.८० प्रतिशतले बढी छ। कोशी अञ्चलको कुल जनसंख्याको ३४.८ प्रतिशत यसै जिल्लामा भएकोले अञ्चलका अरू चार जिल्लाभन्दा यहाँ बढी मानिस छन्। त्यस्तै अधिराज्यभित्रका अन्य ७४ जिल्लाहरूको जनसंख्याको अनुपातमा यो जिल्ला सातौं स्थानमा पर्न आउँछ।

मोरङ जिल्लाको क्षेत्रफल १९१४ वर्ग किलोमिटर देखाइएको छ। यस अनुसार जिल्लाको कुल जनसंख्याको अनुपातमा यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर १५८ व्यक्ति भएको देखिन्छ। जिल्लाभित्रै पनि जनघनत्व एकनास छैन। विशेषगरेर दक्षिणको तराई भागमा र उत्तरी पहाडी प्रदेशमा घना जनसंख्या भएकोमा औलो उन्मूलन कार्यक्रम सफल भएको तथा जिल्लाको बीचभागबाट पूर्व-पश्चिम राजमार्ग गएकोले हाल मध्य भावर प्रदेशमा सबभन्दा बढी जनघनत्व हुन गएको छ।

यस जिल्लालाई जनसंख्या, भौगोलिक स्थिति तथा मौजाको आधारमा विभिन्न पञ्चायतहरूमा विभाजन गरिएको छ। हाल यस जिल्लामा एक नगर पञ्चायत र ६१ वटा गाउँ पञ्चायत गरी जम्मा ६२ वटा पञ्चायतहरू छन्। तिनीहरूको नाउँ, जनसंख्या र घरसंख्या निम्न बमोजिम छन्:—

गाउँ पञ्चायत	कुल जनसंख्या	घर संख्या
१. अमरदह	७,८०१	१,५३४
२. अमाही इकराही	१,९११	३०१
३. अमाही वरियाती	२,३३१	४७२
४. आमगाछी	२,३४१	४३६
५. कञ्चनबारी	३,३७४	५२५
६. कटहरी	६,०९३	१,१२७
७. कदमाहा	३,१६७	५५३
८. कसेनी	६,६९२	१,१८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९. केराबारी	३,७०५	७०७
१०. केरौन	४,८१०	९३६
११. गोविन्दपुर	४,०६७	९०२
१२. जतुवा कठकुपा	८,३२८	१,५१८
१३. जाँते	१,६०१	२९७
१४. झापा बैजनाथ	१,९९४	३६७
१५. झुर्किया	४,३२४	९२६
१६. झोराहाट	२,४१५	४५३
१७. टकुवा	३,५५६	६६५
१८. टांकी सिनवारी	३,८००	६२१
१९. ठाँडी	३,३५७	५९३
२०. डग्राहा	२,१३०	३६१
२१. डाँगीहाट	६,१९८	१,१३०
२२. डाइनिया	५,३७१	१,०९८
२३. तेतरीया	२,४५५	४३८
२४. थलाहा	३,४८८	६५६
२५. दरवैसा	७,१२८	१,३४९
२६. दादर वैरिया	३,४७०	६२६
२७. दुलारी	८,२४२	१,४६०
२८. नोचा	१,९८७	३५२
२९. पाटी गाउँ	१,५९२	२९५
३०. पोखरिया	१,३६५	२३६
३१. बखरी	६,२६८	१,१२६
३२. बनिगामा	४,४१२	७७१
३३. बबिया विर्ता	७,९९७	१,५४७
३४. बयर वना	५,३७२	९९६
३५. बरडाङ्गा	४,००४	८४२
३६. बाँझी	६,०२७	१,०३४
३७. बाहुनी	४,८७४	८८३
३८. माटी गाछ	४,३८१	७७४
३९. भोगटेनी	२,२८७	४०१
४०. भौडाहा	३,०८४	५९३
४१. मझारे	४,५२०	८१०
४२. मधुमल्ला	११,२९२	२,०४७
४३. मिरगौलिया	५,१४४	९०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४४. मोतीपुर	२,६२२	४६५
४५. याङ्गशिला	२,२४५	३६६
४६. रङ्गेली	६,९१०	१,१९७
४७. रमिते खोला	९८५	१४१
४८. राजघाट	१०,०४९	१,७०७
४९. लखनतरी	२,०५०	३४७
५०. लेटाङ्ग	७,२२६	१,३३२
५१. वारङ्गी	२,६९२	४४३
५२. विराटनगर नगर पञ्चायत	४५,१००	८,४६१
५३. साकफारा	१,८०२	३१२
५४. सिग्राहा	२,१७६	३३८
५५. सिजुवा	४,३५९	८८३
५६. सिसुवनी जहदा	३,३०५	६०७
५७. सिसबनि वदहरा	२,२८८	४०७
५८. सिंहदेवी सोमबारे	२,६४३	४५०
५९. सोरा भाग	३,५४३	७१३
६०. हरैंचा	७,२९४	१,३२४
६१. हात्तीमूढा	२,७५७	४७६
६२. होकलाबारी	२,७५६	४५९
	३,०१,५५७	५५,२७५

माथि उल्लिखित गाउँ पञ्चायतहरूमध्ये जनसंख्याको दृष्टिकोणले सबभन्दा ठूलो विराटनगर नगर पञ्चायत हो। यसको जनसंख्या ४५,१०० छ। सबभन्दा थोरै अर्थात् ९८५ जनसंख्या हुने रमिते खोला पञ्चायत हो। माथि देखाइएको गाउँ पञ्चायत र जनसंख्याको तथ्याङ्कबाट यो कुरा स्पष्ट हुन्छ कि जिल्लाभरिका पञ्चायतहरूमध्ये घटीमा ९८५ जना र बढीमा ४५,१०० जनासम्म जनसंख्या छन्। अधिकांश पञ्चायतहरू २,००१ देखि ४,००० सम्म जनसंख्या भएका छन्। यसमा जम्मा २६ पञ्चायतहरू पर्दछन्।

मोरङ जिल्ला भित्रका सबै मानिसहरू जम्मा ५४,९७० घर परिवारमा बसोवास गरेका छन्। जनगणनाको समयमा ती घरपरिवारहरूमै बसिरहेका जम्मा २,९८,९४७ मानिसहरू थिए, बाँकी २,६१० जना घर छोडी जिल्ला बाहिर गइरहेको देखिन्छ। परिवारहरू कम्तीमा एकजना र बढीमा २० जना र सोभन्दा माथिकासम्म पनि पाइन्छन्। तर यस जिल्लाका अधिकांश परिवारहरूमा पाँचजना सदस्य भएको पाइन्छ। यस्ता पाँच व्यक्ति भएका परिवारहरू जम्मा ८,६८४ छन्। २० जना र सोभन्दा बढी मानिस भएको परिवार यस जिल्लामा सबभन्दा कम अर्थात् १३३ परिवारहरू पर्दछन्। एकजना मात्रै सदस्य भएको परिवार संख्या २,३२४ पुग्न आउँछ। यस जिल्लाको औसत परिवार पाँच व्यक्ति हुन आउँछ।

कुनै व्यक्तिले आफ्नै परिश्रमले आफ्नो जीविका चलाउछ भने त्यस व्यक्तिलाई सक्षम र आफ्नो जीविकाको लागि अर्काको भर पर्नु पर्ने मानिसलाई आश्रित भनिन्छ। नेपालमा सक्षम जनसंख्याको उमेर १०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षदेखि ५९ वर्षसम्मको उमेर समूहलाई लिइएको छ। अरू बाँकी सबै उमेर समूहलाई आश्रित जनसंख्या मानिएको छ। यस मोरङ जिल्लाको जनसंख्यालाई विभिन्न उमेर समूहमा बाँडेर हेर्दा नौ वर्ष मुनि र ६० वर्षभन्दा माथिको आश्रित जनसंख्या जम्मा १,०८,२३६ अर्थात् कुल जनसंख्याको २६.० प्रतिशत हुन आउँछ। १० वर्षदेखि ५९ वर्षको सक्षम जनसंख्या जम्मा १,९३,३२१ अर्थात् ६४.० हुन आउँछ।

जिल्लाका सक्षम जनसंख्या माथि जिल्लाको कुल जनसंख्याको आर्थिक भार परेको हुन्छ। यसरी जिल्लाभित्रका सक्षम जनसंख्याले आफू बाहेक अरू ६१ जनाको भार बोकेको हुन्छ अर्थात् हरेक १०० जना सक्षम मानिसले १६१ जनालाई पालिराखेको पाइन्छ। मोरङ जिल्लाको कुल जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा निम्न तालिका बमोजिम देखिन्छ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५	२९,५३५	१८.८	३०,९२१	२१.५	६०,४५६	२०.०
६ – १५	३८,६२६	२४.५	३४,२४६	२३.८	७२,८७२	२४.१
१६ वर्ष र माथि	८९,८३१	५६.७	७८,३९८	५४.७	१,६८,२२९	५५.९
जम्मा	१,५७,९९२	१००.०	१,४३,५६५	१००.०	३,०१,५५७	१००.०

उपर्युक्त तालिकामा ० देखि पाँच वर्षसम्मको समूहलाई नाबालक बच्चा मानिएको छ। छदेखि १५ वर्षको समूहमा विभिन्न स्तरमा शिक्षालय जाने जनसंख्यालाई लिइएको छ र १६ वर्ष र सोभन्दा माथिको अन्तिम समूहमा जिल्लाको बाँकी जनसंख्यालाई राखिएको छ।

जन्मस्थल र नागरिकता

जिल्लाभित्र बसोबास गरिरहेका मानिसहरू प्रायः स्वदेशमै जन्मेका पाइन्छन्। जिल्लाको दक्षिणी सीमाना छिमेकी राष्ट्र भारतसित जोडिएको छ र दक्षिणतर्फको सबै भागमा खुला सीमाना छ। यस जिल्लाका मानिसहरू भारतमा तथा भारतको मानिसहरू यस जिल्लाभित्र बस्न कुनै कठिनाइ छैन। त्यसैले जिल्लाको उत्तरी पहाडी क्षेत्र बाहेक तराई तर्फका मानिसहरूको रहन सहन, चाल चलन सबै मिल्दो जुल्दो भई भारतीय नागरिकहरू पनि यस जिल्लामा बसोबास गरिरहेका छन्। २०२८ को जनगणनामा देखाइएको नागरिकता सम्बन्धी तालिका यसप्रकार छः–

नागरिकता	पुरुष	महिला	जम्मा	प्रतिशत
नेपाली नागरिक	१,४४,७४३	१,३४,८१९	२,७९,५६२	९२.७
भारतीय नागरिक	१३,१३५	८,६३९	२१,७७४	७.२
एशियाली नागरिक	१०५	१०१	२०६	
अन्य विदेशी	९	६	१५	०.१
जम्माः–	१,५७,९९२	१,४३,५६५	३,०१,५५७	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको तालिका अनुसार यस जिल्लामा नेपाली नागरिकको संख्या जम्मा ९२.७ प्रतिशत मात्र हुन आउँछ। अरू बाँकी मध्ये ०.१ प्रतिशत एशिया तथा अन्य महाद्वीपबाट आएका र अरू ७.२ प्रतिशत सबै भारतीय नागरिक छन्। यसबाट मोरङ जिल्लामा भारतबाट जम्मा २१,७७४ जना मानिसहरू आई कुनै न कुनै काम गरी बसेको कुरा स्पष्ट हुन्छ।

वि. सं. २०२८ सालको जनगणना अनुसार वैवाहिक स्थितिलाई विचार गर्दा यस जिल्लामा छ वर्ष-देखि १४ वर्षसम्मका केटाहरूमा ६४८ ले र केटीहरूमा १,६४८ ले विवाह गरिसकेको पाइन्छ। यसबाट नेपालको कानूनले बाल विवाहलाई निषेध गरे तापनि यो प्रथा अझै निर्मूल नभएको कुरा स्पष्ट हुन्छ। यसरी बाल विवाह गर्नेहरूमा केटाकोभन्दा केटीको संख्या बढी छ। त्यस्तै १५ देखि २४ वर्षको उमेरभित्र पनि केटाहरूभन्दा केटीहरू नै धेरै संख्यामा विवाहित छन्। तर २५ वर्षदेखि माथि भने पुरुष नै बढी देखिन्छ। मोरङ जिल्लामा विधुरको तुलनामा विधवा महिलाको संख्या बढी छ। विधुरको संख्या ३,७८० मात्र छ भने विधवा महिलाहरू ६,०३२ छन्। विशेष गरी ५५ वर्षभन्दा माथिको उमेर समूहमा धेरै संख्यामा महिलाहरू विधवा भएको पाइन्छ। यस जिल्लाको छ वर्षभन्दा माथिको जनसंख्यामध्ये ३४७ जना पुरुष तथा ३२७ जना महिलाले पारपाचुके गरेको पाइन्छ।

भाषाभाषी

जिल्लाको जनसंख्यालाई भाषाको आधारमा वर्गीकरण गर्ने हो भने उक्त जनसंख्यालाई धेरै भागमा बाँड्न सकिन्छ किनकि मोरङ अनेक जात जातिको बसोबास भएको जिल्ला हो। तराई प्रदेशमा बोलिने अनेक भाषा भाषीको साथै पहाडतर्फ बोलिने भाषाहरू पनि निकै मात्रामा पाइन्छन्। २०२८ सालको राष्ट्रिय जनगणना अनुसार यस मोरङ जिल्लामा बोलिने भाषा भाषी र बोल्नेको संख्या निम्न बमोजिम छः–

नेपाली भाषा	१,०२,४८०	राई भाषा	६,३६६
मैथिली "	५३,८९३	लिम्बू "	६,७३४
भोजपुरी "	१,२६८	राजवंशी "	१३,७४६
तामाङ "	२,३२२	सतार "	५,४०२
थारू "	३५,६४०	सन्थाली "	२,०८७
नेवारी "	२,६३५	अन्य "	६२,०१०
मगर "	३,६७९	जम्मा	३,०१,५५७

उपर्युक्त तथ्याङ्क अनुसार मोरङ जिल्ला तराईमा परेको जिल्ला भएतापनि नेपाली भाषा बोल्नेको संख्या बढी देखिन्छ। तर तराई क्षेत्रमा बोलिने सबै भाषालाई एकै ठाउँमा राखेर हेर्ने हो भने नेपाली भाषाको साथै पहाडतर्फ बोलिने सबै भाषा भाषीभन्दा बढी हुन आउँछ। तर जिल्लाभित्रका भिन्नाभिन्नै जातिले घर व्यवहारमा आ-आफ्नो भाषा बोल्ने गरेतापनि प्रायः सबैले नेपाली भाषा बोल्न सक्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न जात जातिहरूको मिश्रण भएको यस जिल्ला बासीहरूले विभिन्न धर्महरू अपनाइरहेका छन् । ती मध्ये सबभन्दा बढी हिन्दू धर्म मान्ने भएता पनि यहाँ इस्लामी तथा बौध्द धर्म मान्ने मानिसहरू पनि बस्वछन् ।

जन–जीवन

नेपाल अधिराज्यका अन्य जिल्लाहरू जस्तै मोरङ पनि विभिन्न जात जातिको साझा घर हो । यहाँ आदिबासीको रूपमा बसोबास गर्दै आएका थारू, धिमाल तथा राजवंशीहरूका अतिरिक्त पहाडी भेकबाट झरेका राई, लिम्बू, क्षेत्री, बाहुन तथा गुरुङ, तामाङ आदि सबै जातका मानिसहरू मिलिजुली बसेका छन् । यस जिल्लामा विभिन्न जात जातिहरू भए पनि जिल्लाको पहाडी क्षेत्रमाभन्दा तराई क्षेत्रमा नै ज्यादा जनसंख्या भएको हुँदा यहाँका प्रमुख जातिहरूमा तराईबासीहरूलाई नै लिन सकिन्छ । यहाँका पुराना वा आदिजातिहरू थारू, राजवंशी तथा धिमाल भन्न सकिन्छ । यिनीहरूको छोटकरी वर्णन तल दिइएको छ ।

थारू

यस जिल्लाका आदिबासीहरूमा थारू जातिको गणना पहिलो हुन आउँछ । यिनीहरूलाई मोरङ्गिया थारू पनि भन्दछन् । यिनीहरू अरू तराईबासी जस्तै धेरै ठाउँमा छरिएर रहेका पाइँदैनन् । एकै ठाउँमा मिलेर बसोबास गरेका हुन्छन् । यस जिल्लामा ज्यादा थारू जाति बसोबास गरेका पञ्चायतहरू मिरगौलिया, हरैंचा, बनिगामा, बयरवना, केरौन, कसेनी, सिसवनी वडहरा, बाहुनी, डग्राहा, डाँगीहाट इत्यादि हुन् । विशेष गरी यिनीहरू घना जङ्गल भएको मिकलुङ्ग पहाडको दक्षिण भागमा बसेका हुन्छन् ।

कालो वर्ण र होचो कद भएका यी थारूहरूको भाषा, भेष र संस्कृति आफ्नै अलग्गै छन् । उनीहरू आपसमा थारू भाषा नै बोल्दछन् । यिनीहरू को भाषामा उर्दू, हिन्दी, भोजपुरी, मैथिली र बङ्गाली भाषाहरूको असर परेको देखिन्छ । जिल्लाका अरू मानिसहरूसित बोल्नुपर्दा स्थानीय तथा नेपाली राष्ट्रभाषामा बोल्दछन् ।

उनीहरूको वेश-भूषा पनि भिन्नै किसिमको हुन्छ । लोग्ने मानिसहरू एक प्रकारको भोटो, कुर्ता र धोती लाउँछन् । आइमाईहरू साधारण खडकी, अचरा र सारी लगाउँछन् । चोलो लगाउने चलन ज्यादै कम छ । हँसुली, ठोका, बाजु, पेरी तथा कनवजा यिनीहरूका गहनाहरू हुन् ।

थारूहरूको मुख्य पेशा खेती नै हो । यिनीहरूको खेती गराइ पुरानै तरीकाको भएतापनि मल र जलको व्यवस्था राम्रो गरी निकै मेहनत साथ खेती गर्दछन् । यिनीहरू ज्यादै हट्टा कट्टा, बलिया र जाँगरिला हुन्छन् ।

खेती बाहेक उनीहरूको आफ्नो ढङ्गको घरेलु उद्योग पनि हुन्छ । आफ्नो दैनिक उपभोगकोलागि चाहिने आवश्यक ढकिया, मचिया, गुन्द्री, हलो, जुवा, माटाका भाँडा-वर्तन र अन्य वस्तुहरू आफै बनाउँछन् ।

थारूहरूको बिहा-बारी पनि आफ्नै परम्परा अनुसार हुन्छ । धेरैजसो थारूहरूलाई सानै उमेरमा आमाबाबुले विवाह गरिदिन्छन् । प्रायःदुलाहा भन्दा दुलही जेठी भएको पाइन्छ । विवाह गर्दा अथवा चाडपर्व मनाउँदा यिनीहरूको आफ्नै पुरोहित गुरुवाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रत्येक परिवारले आफ्नो घरभित्रको इष्ट-देवताको पूजा गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्येष्टि काजक्रियामा यस जिल्लाका थारूहरू मृत लाशलाई नदीको छेउमा लगी पोल्दछन् । मृत्यु पछिको कृयालाई यिनीहरू श्राद्ध पनि भन्दछन् ।

राजवंशी

थारूपछि पूर्वी तराईमा विशेष गरी मोरङ र झापामा राजवंशीको नाम आउँछ । यिनीहरूको परम्परागत नाउँ "कोच" अथवा "कोचे" हो । यिनीहरूको फैलावट अरू तराईबासी जस्तो नेपालको धेरै भागमा पाइँदैन । मेची र कोशी नदीको बीचमा भारतको सीमानासम्म मात्र फैलेको देखिन्छ ।

यिनीहरूको शरीरको बनावट झण्डै थारू, दनुवार र सतारहरूसित मिल्दोजुल्दो छ । उनीहरूमध्ये कसै कसैले हिन्दू धर्म र कसैले इस्लाम धर्म अपनाइसकेका छन् । यसकारण राजवंशी जातिलाई तीन भागमा बाँड्न सकिन्छः हिन्दू, मुसलमान र कोच । हिन्दू र मुसलमान राजवंशीले राजवंशी अथवा ताजपुरी भाषा बोल्दछन् त कोच राजवंशीले आफ्नै परम्परागत भाषा बोल्दछन् । यिनीहरू काला वर्णका र हट्टा कट्टा हुन्छन् । यिनीहरूको नाक छोटो र ठूलो हुन्छ । आँखा साँगुरा, कान ठूलो र बाक्ला अनि केश कालो हुन्छ । यिनीहरूको भाषा धेरैजसो संस्कृतले असर पारिसकेको छ । तिनीहरू गीत गाउन र नाच्न ज्यादै मनपराउँछन् । विशेष गरी चाड-पर्वमा र बिहा–बारीमा नाच्ने, गाउने गर्दछन् ।

यिनीहरूको पेशा मुख्य खेती नै हो । कसै कसैले कपास उब्जाउ गरी आफैले कपडा बुन्ने काम पनि गर्दछन् ।

तिनीहरूको बसोबास प्रायः शहर बाहिरका गाउँमा हुन्छ जसमा १५ देखि ३० सम्म घरहरू हुन्छन् । धेरैजसोका घरहरू माटोका हुन्छन् । आइमाईहरू कडा परिश्रम गरी आफ्ना घरहरू सफा राख्ने गर्दछन् । एक परिवारको तीन -चारवटा घरहरू चारैतिर बनाई बीचमा आँगन जस्तो बनाइराखेको हुन्छ ।

राजवंशीहरूमा दाइजो प्रथा अझै पनि छ । जसले दाइजो दिन सक्तैन उसले दुलहीको आमा बाबुको लागि काम गरिदिनु पर्दछ । कसै कसैले विवाहको दुई-तीन वर्ष अगाडिदेखि दुलहीको घरमा काम गरिराख्नु पर्दछ । यस्तो प्रथा धिमाल तथा सतारहरूमा पनि प्रचलित छ । विवाह केटा र केटीको स्वीकृति पछि आमा बाबुले गरिदिन्छन् । सरसल्लाह मिले पछि भोजखाने चलन छ । राजवंशीहरूले विभिन्न धर्मको चाड-पर्व मनाउँछन् । हिन्दू राजवंशीले मृत व्यक्तिलाई पोल्दछन् त मुसलमानी राजवंशीले गाड्ने गर्दछन् ।

धिमाल

राजवंशीहरूले "ढेमाल" भन्ने, मेचेहरूले "हाइको" भन्ने र पहाडका मानिसहरूले "मधेशका लिम्बू" भन्ने धिमाल जाति अधिराज्यको पूर्वी तराईमा, खासगरी मोरङ र झापाका केही इलाकामा बसोबास गर्दछन् । यिनीहरूको इलाका मोरङको लोहन्द्रा खोलाको दुवै किनारदेखि लिएर झापा जिल्लाको मेची नदीसम्म पुग्दछ । उत्तरमा तिनीहरूको सीमाना बबिया विर्ता देखि गोविन्दपुर र दक्षिणी सीमाना माललाखसम्म छ भन्ने भनाइ छ । यस सीमानाभित्र झापा जिल्लाका १३ पञ्चायत र मोरङ्ग जिल्लाका १४ पञ्चायत पर्दछन् । यस बाहेक धिमालहरू नेपालको अरू भागमा पाइँदैनन् । नेपाल बाहिर यिनीहरू भारतको सिलगुरी र जलपाइगुरी क्षेत्रमा मालावारी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाटा जोत, बाँदरबस्ती, चेङ्ग धारी, चोखुजोत गाउँहरूमा र केही आसामसम्म पनि छन् भनिन्छ।[१] नेपालभित्रको उपर्युक्त इलाकामा पनि मोरङ जिल्लाको लोहान्द्रा खोलादेखि पूर्व र झापा जिल्लाको रतुवा खोलाको भू-खण्डलाई धिमालहरूको सघन बसोबास क्षेत्रको रूपमा मान्न सकिन्छ।[२]

धिमालहरूको यो बसोबास क्षेत्र चुरे पर्वतमालाको फेदीदेखि शुरू भै मुख्यतया भावर इलाकामा पर्दछ। महेन्द्र राजमार्ग यसै धिमाल क्षेत्रलाई बीचबाट काटेर गएको छ। यसले यिनीहरूको आधुनिकीकरणमा अवश्य पनि ठूलो भूमिका खेल्ने छ।

वि. सं. २०१८ सालको जनगणना अनुसार झापा जिल्ला र मोरङ जिल्लामा गरी जम्मा ८,१८८ धिमाल भाषा बोल्नेहरू थिए। तर २०२८ सालको जनगणनामा धिमाल भाषालाई स्थान नदिएको हुनाले यो भाषा बोल्नेहरूको संख्या कति छ भन्ने थाहा हुन सकेन। तर विभिन्न अनुमान अनुसार दुवै जिल्लामा गरेर धिमालहरूको संख्या १५ देखि २० हजार छ भन्ने अन्दाज लगाइएको छ।[३]

यिनीहरूको उत्पत्तिको बारेमा निकै लोकोक्तिहरू पाइन्छन्। भनिन्छ, उनीहरू पहाडबाट घोले राजाको फौजसँग मधेश आक्रमण गर्न आएका थिए। पछि फर्कन लागेको बेलामा मधेशको फौजले आक्रमण गरेको र भाग्न नसकेर लुक्न गएका उक्त फौजका एक डफ्फा पछि गएर धिमाल भएका हुन्।[४] यस्तै अर्को लोकोक्ति अनुसार दुई दाजु-भाइ काशीबाट तीर्थ गरी फर्किदा दाजु अगाडि केराको बोट काट्दै अघि बढ्दै गएको थियो। तर पछाडि रहेको भाइले बाटो हरायो। त्यसैले पहाडतिर लागेको दाजुको सन्तान लिम्बू भए र तलै रहेको भाइको सन्तान धिमाल। यस्तै जनश्रुतिको आधारमा नै धिमालहरू आफूलाई पहाडका लिम्बूहरूका दाजुभाइ हुँ भन्ने विश्वास गर्दछन्। अर्को जनश्रुति अनुसार धिमालहरू काशी निवासी थिए। एक दिन परशुराम ऋषिको हलो नदीमा फालिएको देखेर उक्त ऋषिले छानबीन गर्दा यो धिमालहरूकै काम हो भन्ने पत्ता लागेपछि तिनीहरू सो ऋषिको क्रोधबाट बच्नाको निमित्त वर्तमान स्थलमा भागी आएका हुन् पनि भन्दछन्। त्यसैकारण यिनीहरूको "काशी" गोत्र हुन गएको हो भन्ने भनाइ छ। प्रसंगवश यो पनि उल्लेख गरिन्छ कि पहाडका लिम्बूहरूको गोत्र प्रथामा काशी गोत्र र ह्लासा गोत्र भन्ने[५] स्रोतहरू छन् र पहिले दक्षिणतिरबाट आएकालाई काशी गोत्र र उत्तरतिरबाट आएकालाई ह्लासा गोत्र भन्ने चलन रहेछ।[६] यसबाट पनि धिमाल र लिम्बूहरूको सामाजिक परम्परागत केही समानताहरू भएको देखिन्छ र यी दुवै जातिहरू दुई दाजु भाइबाट उत्पत्ति भएका हुन् भन्ने लोकोक्तिलाई बढी विश्वसनीय बनाउँछ।

शारीरिक बनावटको दृष्टिकोणबाट यिनीहरूको रूप रङ्ग थारूहरूको जस्तै छ। कसै कसैले पहाडका लिम्बूहरूसँग पनि मेल खान्छ भनी लेखेका छन्। एउटा वर्णन अनुसार हिन्द–मङ्गोल प्रजातिमा पाइने

---

१. राजकीय प्रज्ञा प्रतिष्ठान, धिमाल लोक जीवन अध्ययन, २०२९।३०, पृष्ठ १०

२. धिमाल समुदाय भन्ने पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र, झापाले तयारगरेको अप्रकाशित पाण्डुलिपिमा उल्लिखित

३. ऐ. र स्वयम्भूलाल श्रेष्ठ लिखित हामी नेपालीमा समावेश गरिएको "धिमाल जाति र तिनको भाषा"

४. ऐ. ऐ., पृष्ठ ४६

5. Bista, Dor Bahadur- "Dhimal and Bodo" People of Nepal, 2nd Edition 1972, p. 142

६. राजकीय प्रज्ञा प्रतिष्ठानको माथि उल्लिखित पुस्तिका, पृष्ठ १६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुणहरू यिनीहरूमा पाइन्छ : "गाढा खैरो शरीरको रङ्ग, कालो तर बाक्लो र खस्रो केश, दाह्री जुङ्गा र शरीरको रौं कम भएको; साना साना आँखा, पातला आँखिभौ र परेला; आँखाको माथिल्लो ढकनीमा मङ्गलपत्र भएको, छोटो, होचो र तल केही फुकेको नाक, नाकका ठूला ठूला प्वालहरू; मध्यम वा केही मोटो ओंठ, प्रायः लामा र पातला कान, गोलो चिउँडो, बोसो भएको गाला; टम्म कसिएको शरीर र औसत राई लिम्बू भन्दा केही अग्लो कद"।

पोशाकको हकमा धिमाल लोग्ने मानिसहरू पहिले धारी (लगौंटी), लोखोन (भोटो) तप्री (टोपी) लगाउँथे। तर अचेल बहुसंख्यक धिमालहरू दौरा सुरुवाल, कोट, कमिज, धोती र कछाड लगाएका भेटिन्छन्। स्वास्नी मानिसहरू छातीदेखि घुँडासम्म आउने आफैले बुनेको बुट्टेदार कपडाको "वोना" बेर्छन् जसलाई बुट्टा अनुसार इताङ्गी, पातलोइ, छामुठी, दावोना आदि भन्दछन्। यिनीहरूले बजारमा किन्न पाइने "कोचेनी वोना" (पेटानी पनि भनिन्छ) पनि लगाउँछन्। आजकल कसै कसैले बिहा-बारी जस्तो अवसरमा सारी पनि लगाउँछन्। धिमालहरूमा गहना स्वास्नीमानिसले मात्र लगाउने गर्दछन्। यिनीहरूको विभिन्न किसिमका चाँदीका गहनाहरू हुन्छन्। सुनको गहनाको चलन कम छ तर आजकल गहना लगाउने चलन घट्दै गइरहेको छ।

धिमाल आइमाईहरू केश विन्यासमा धेरै चाख राख्दछन्। उनीहरूले कपाल फुकाएर छोडेको कतै पाईदैन। खोपा (अर्थात् जुरो) निकै किसिमका हुन्छन् जस्तै पुरखोपा, लोताङ खोपा, विन्दाखोपा, साइतर खोपा, पेल्लाङ खोपा, नोका खोपा आदि जसमध्ये नुरखोपा बढी प्रचलित छ। यिनीहरू टीका लगाउँदैनन्। बरु नाङ्गै हात खुट्टा तथा छातीमा चोका (गोदना) खोप्दछन्। यो श्रृङ्गारको साधन मात्र नभै मरेपछि आफूसँग जाने एक मात्र चीज हो भन्ने पनि विश्वास छ।

धिमाल गाउँहरू प्रायः सानो १५–२० घरको हुन्छ। प्रत्येक गाउँमा साधारणतया दाजुभाइ नाता भएका एकै घरकुलका मानिसहरू बस्दछन् घर प्रायः एक तले, अग्ला पींढी उठाएको र सफा सुग्घर हुन्छ। गाउँको नाउँ गाउँको प्रकृतिमा आधारित हुन्छ, जस्तै घर संख्याको आधारमा दोघरे, तीन घरे, बाह्र घरे अथवा नाला भएको ठाउँमा नालाबाडी, आँप भएको ठाउँमा आमबाडी। गोदामघर, गोठघर, सुंगुरको खोर तथा कुखुराको खोर मूल घरदेखि टाढा भिन्नै ठाउँमा बनाइन्छ।

अरू जातिहरूमा जस्तै धिमाल जातिको पनि विभिन्न थरहरू हुन्छन् जस्तै दौगे, दिङ, तालिपा, हाँदिया, नुनिया, लेम्बाङ, बंगलाइती, तेप्रे, थारू, राषुख, लातेर, कशेर जागो आदि। दाजु भाइलाई "हारा" भनिन्छ। यिनीहरू आफूलाई "काशी" गोत्रका हौं भन्ने कुरा पहिले नै उल्लेख भइसकेको छ।

धिमाल जातिको जीवन चक्रमा तीनवटा घटना मुख्य छन्। ती हुन्–जन्म, विवाह र मृत्यु। बच्चा जन्मेपछि आमा बच्चा दुवैलाई नुहाइन्छ, नाइटो झरेको दिन बच्चाको नाम उक्त बच्चा जन्मदाको घटनाको आधारमा गरिन्छ। कुनै नौलो मानिस आएको छ भने त्यसैको ठाउँ अथवा नाम या फलफूल आदिको नामबाट नाम राखिदिने चलन छ।

धिमालको छोरा १४–१५ वर्ष पुगे पछि विवाह गर्ने कुरा व्यक्त गर्दछ र आमा बाबुबाट छोरालाई बुहारीको खोजी हुन थाल्दछ। यिनीहरूको विवाह गर्ने तरीका दुई–तीन किसिमका छन्। पहिलो किसिमको विवाह "मागी विवाह" हो जस्मा दुई परिवारमा विधिपूर्वक मगनी गरी दुघैली, पंचैली, चुमाउनी, आदि "१० रीत" बुझाई विवाह गर्दछन्। दोस्रो किसिमको विवाह "चोरी विवाह" हो। यसमा दुवै तर्फबाट सहमति भइसके पनि आर्थिक संकटले गर्दा पहिले केटीलाई मात्र लिएर जान्छन् र पछि आर्थिक अवस्था राम्रो भए पछि (जुन समयसम्म चार पाँच वर्ष पनि बित्न सक्छ र आइमाईले दुई–तीन वटा बच्चा पनि जन्माइसकेका हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दछ) १० रीत, भोज भत्यार आदिको विधिवत औपचारिकता पूरा गर्दछन्। यो विवाह धिमालहरूमा निकै प्रचलित छ। तेस्रो किसिमको विवाह हो "जवर्जस्ती विवाह"। यसमा केटीलाई हाट, मेला वा घाँस दाउरा गर्न गएको बेला एक्लै फेलापारी जवरजस्ती (कहिले काँही केटीको मन्जूरी सहित) भगाएर लैजान्छन्। केही दिनको सहवासपछि विवाह मन्जूर भएमा विधिवत् विवाह हुन्छ, अन्यथा केटी फर्काइदिइन्छ। चौथो र आजकल प्रचलन कम हुँदै गएको विवाह "सुपारी विवाह" हो। यसमा केटीलाई केटोले फकाई फुल्याई, जवर्जस्ती वा झुक्याइ सुपारी खवाउने कोशिश गर्दछ र सफल भएमा विवाह हुन्छ। तर यसरी घर घरमा चुरोट सुपारी बोकी केटी फकाउन नपाइने गरी २००९ सालमा भएको धिमाल माझीहरूको सभाले निर्णय गरी प्रतिबन्ध लगाइएको थियो।[१] यिनीहरूमा जारीको पनि प्रचलन छ। जसले जारी गरी लैजान्छ, उसले "नारी-जारी" तिर्नुपर्दछ। यसमा आजकल एक हजार रूपैयाँ जति तिर्नु पर्छ।

धिमालहरूमा मृत्यु भएपछि मृतकहरूलाई धेरैजसोले गाड्छन्, कोही जलाउँछन्। गाड्दा कुखुरा, चामल, रक्सी आदि चढाइन्छ। चोख्याउने काम (जसलाई कामपापी भनिन्छ) तीन–चार दिनमा नै हुन्छ।

धिमालहरूको जीवनको आर्थिक आधार मुख्यतया कृषि नै हो। पहिले यिनीहरू एक ठाउँमा चार–पाँच वर्ष बसी फेरि नयाँ ठाउँमा गै जङ्गल फडानी गरी जमीनको उर्वरता रहेसम्म अर्को चार–पाँच वर्ष त्यहाँ बस्ने गर्दथे। तर जनसंख्याको चापको कारण र यसप्रकारको जग्गा बाँकी नभएको हुनाले अब एकै ठाउँमा बसी खेती गर्दछन्।

थारू र अरू केही स्थानीय जातिहरूको तुलनामा यिनीहरूको आर्थिक स्तर ठीकै किसिमको मानिन्छ। प्रत्येक धिमाल परिवारको केही न केही जग्गा अवश्य हुन्छ। कुनै कुनै निकै सम्पन्न धिमाल परिवारहरू पनि छन् जसको जग्गाको स्वामित्व भूमिसुधार कार्यक्रमले तोकेको हदबन्दी भन्दा पनि माथि थियो। यिनीहरूले खेती गर्ने मुख्यबाली धान नै हो र यिनीहरूको मुख्य आहार चामल हो। धान बाहेक यिनीहरू केही नगदे बाली पाट पनि लगाउँछन्। केही तोरी र सरस्यूं लगाउँछन्। दलहन खेतीमा यिनीहरू खेसरी र चना लगाउँछन्। गहुँको प्रचार हालसालै हुन लागेको छ। साग सब्जीको खेती उति हुँदैन।

यिनीहरूमा दूधको उपयोग नहुने भए तापनि जोत्ने र मलको लागि केही गोरु तथा राँगाहरू पाल्दछन्। धिमालहरू धेरै मासु खानु पर्ने जाति भएको हुनाले मासुको निम्ति यिनीहरू सुंगुर, बँदेल, खसी, बोका, आदि पाल्दछन्। फुलको निम्ति हाँस, कुखुरा पनि पाल्दछन्। सवारीको निम्ति कतै कतै घोडा, हात्ती पालिएको हुन्छ।

प्रत्येक धिमाल घरमा एउटा स्थानीय भाषामा "तान-बुन" भनिने एटा स्वनिर्मित तान हुन्छ। यसमा बजारबाट किनेर ल्याएको सूती धागोबाट कपडा बुनिन्छ। तर यसबाट तयार गरिने लुगा धिमाल आइमाईहरूको प्रयोगको निम्ति मात्र हो। लोग्ने मानिसहरू बजारकै कपडा लगाउँछन्। प्रत्येक धिमाल आइमाईलाई लुगा बुन्न आउँछ। कुनै कुनै धिमाल आइमाईहरूले ज्यालामा थरूनीले लाउने "खरकी" र राजवंशी, सतार आइमाईले लगाउने "पेटानी" पनि बुन्दछन्।

धिमालहरूको गैर कृषि व्यवसाय निक्कै कम छ। कसैले एक दुई चिया पसल अथवा अरू खुद्रा पसल थाप्नु, एक दुईजना जागीरमा लाग्नुमा नै यो सीमित रहेको छ। एक दुई जनाले स-साना चामल मिल राखेका छन् भने अझ एक दुई साहसिला धिमालहरूले नाफाको लागि पुराना जीपहरू सस्तोमा किनेर भाडामा

---

१ प. श्र. प्र. केन्द्र, झापाको माथि उल्लेख भएको पाण्डुलिपी अनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलाएका छन् ।

नेपालको अन्य जातिमा जस्तै धिमालहरूको पनि आफ्नै जातीय संगठन छ जसमा मुख्य मानिस "माझी" भन्ने वंशानुक्रमले आउने पदाधिकारी हुन्छ । गाउँको माझीले यिनीहरूको जातीय झै-झगडा, जस्तै घर कलह, चोरी, पारपाचुके, केटी भगाएको, भोज भत्यार सम्बन्धी मामिलाहरू हेर्दछन् । साथै धार्मिक पर्वहरूमा पनि मुख्यतया सबै मिलेर मनाउनु पर्ने पर्व जस्तै असारे पूजामा गाउँको माझीले नै नेतृत्व गरेको हुन्छ ।

धार्मिक परम्पराको दृष्टिकोणले यिनीहरू हिन्दूधर्मावलम्बी नै भए तापनि यिनीहरूमा आफ्नै जातीय धार्मिक परम्पराले प्रधानता पाएको छ । यिनीहरूमा मुख्यतया दुई किसिमका देवताहरू पूजिन्छन् घरको देवता र ग्राम देवता । घरको देवी-देवताहरूमा मुख्यतया काली, देवी र मसान छन् । यिनीहरूको निम्ति घरमा एउटा कुनामा छुट्टै अलि माथि उठाइएको पूजा गर्ने ठाउँ बनाइएको हुन्छ । ग्राम देवताहरूमा केही प्रमुख देवताहरू राघरम, देरागेलाई, महाराज, घरम ठाकुर, दियावेराङ, धानी वेराङ, देतवराङ, बुरा ठाकुर टेष्टापुरी, खोल ठाकुर आदि हुन् । यी देवताका पूजारीलाई "धामी" भनिन्छ । यस बाहेक प्रत्येक गाउँमा एउटा "महाराजको थान" भन्ने ग्राम देवता अलग्गै हुन्छ ।

धिमालहरूले मान्ने चाडपर्वमा मुख्यतया सिरिजात अथवा असारेपूजा, "नौवंगी" र "पार्व" हुन् । असारेपूजा जेठदेखि असार मसान्तसम्ममा गाउँ गाउँमा सम्पन्न हुन्छ । यो ग्रामीण चाड हो र बर्सेपिच्छे चन्दा उठाई यो चाड मानिन्छ । यो दिन मासु भात, जाँड-रक्सी प्रशस्त मात्रामा खाने खुवाउने गरिन्छ । बाहिरबाट घर घरमा पाहुना लाग्न आउँदछन् । नाच-गान हाँस-खेल प्रशस्त हुन्छ । "नौवंगी" अर्को सामूहिक पूजा हो जुन नयाँ फसल तयार भएपछि मनाइन्छ । यो पूजा पनि निकै उमङ्गपूर्ण हुन्छ । "पार्वा" भन्ने यिनीहरूको मुख्य पारिवारिक चाड हो । यस अवसरमा धिमालहरू आफ्ना पूर्वज तथा देवी देवताहरूको पूजा-आजा गर्नुका साथै कृषि औजारहरूको सरसफाई र गाईवस्तुको नुहाइ-धुवाइ आदि गर्दछन् । तर यिनीहरूको संस्कृतिमा दशैं, माघे संक्रान्ति, साउने संक्रान्तिको कुनै विशेष स्थान छैन । सुंगुर वा खसी काटेर मासु भात खानुमा नै सीमित रहन्छ ।

औषधोपचारको क्षेत्रमा धिमालहरूले ओझा भन्ने पदाधिकारीलाई प्रयोग गर्दछन् जसले मन्त्रको उपयोगद्वारा रोग निको तुल्याउन प्रयाश गर्दछ । कहिले काँही यी ओझाहरूले जरीबूटीको पनि प्रयोग गर्दछन् । ओझाहरू वंशगत नै हुन्छन् । धामीको मुख्य कार्य पूजारी काम भए तापनि यिनीहरूले गाउँलाई हैजा र बिफर जस्ता महामारीबाट बचाउने जिम्मा लिएका हुन्छन् । यसकारण ओझालाई व्यक्तिगत स्तरको उपचारक र धामीलाई समुदाय स्तरको उपचारकमा वर्गीकरण गर्न सकिन्छ ।

आफूलाई न पहाडिया न मधिशे मान्ने यो जाति नेपालको पूर्वी तराईको एउटा विशिष्ट समूहको रूपमा मान्नु पर्दछ । तर २००७ साल पछि, माझ तराईमा औलो उन्मूलन भए पछि जुन मात्रामा यहाँ पहाडी जनसंख्याको बस्ती बढेर आएको छ त्यस अवस्थामा पनि यस जातिले निकै सामन्जस्यतापूर्ण तरीकाले जीवन यापन गर्दै आएको देखिन्छ । वैवाहिक सम्बन्धको क्षेत्रमा पनि धिमाल केटाहरूले अरू जातको केटी ल्याएको र अरू जातकाले धिमाल केटीहरू विवाह गरे तापनि यस जातिले अन्तर-सामुदायिक सम्बन्धको सुमधुरता कायमै राखेकोछ । धार्मिक दृष्टिकोणले यिनीहरू क्रमशः हिन्दू समाजको संसर्गमा आएका हुनाले विभिन्न विधिहरूको निम्ति ब्राह्मणको प्रयोग गर्नु, हिन्दू धार्मिक संस्कारहरू जस्तै सत्यनारायणको पूजा गर्ने, रामायण, महाभारतको नाटक खेल्ने आदि नयाँ धार्मिक व्यवहारको प्रचलन गर्न थालेका छन् । आर्थिक उन्नतिको क्षेत्रमा खासगरी कृषि क्षेत्रमा यिनीहरूले नयाँ खेती जस्तो सनपाट, गहुँ लगाउन लागेका छन्– जुन कुरा माथिनै उल्लेख गरिसकिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमाथि पूर्व-पश्चिम राजमार्गले परिवर्तनको नयाँ क्षितिजहरू बोकी यिनीहरूको बसो-बास क्षेत्रको मध्य भागबाट गएको छ। यसरी यी सबै दृष्टिकोणबाट हेर्दा धिमाल समुदाय वास्तवमा निश्चल अवस्थामा छन्। यिनीहरूको अरू समुदायसँगको बढ्दो सम्पर्कले गर्दा र यिनीहरूको आर्थिक, प्राकृतिक परिवेशमा देखापर्न थालेका नयाँ परिवर्तनहरूले गर्दा यिनीहरूको सामू आफूले पनि प्रगति गर्नु पर्ने अनिवार्यता यिनीहरू समक्ष देखापरिसकेको छ। यस अवस्थामा यिनीहरूको विकासको गति र दिशालाई सर्वत्र रूपले निर्देशित गर्न सकिएमा धिमाल संस्कृतिका विशेषता जोगाइ राख्नुको साथै यस जातिले अधिक मात्रामा फाइदाहरू उठाउन सक्ने थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

कृषि

मोरङ जिल्ला आर्थिक दृष्टिकोणले अधिराज्यका सम्पन्न जिल्लाहरूमध्ये एक हो। यस जिल्लाको कुल क्षेत्रफल १,६१,४०० हेक्टरमध्ये अन्दाजी ५५ प्रतिशत जग्गा खेतीयोग्य छ। यसमा झोराबासीहरूको क्षेत्रफल समावेश भएको छैन। त्यसैले हाल खेती भएको सबै जग्गाको राम्ररी नापी लिएमा यस जिल्लामा खेती योग्य जमीन अझ बढी प्रतिशत देखिन आउँने सम्भावना छ।

कृषियोग्य जमीन धेरै जसो जिल्लाको दक्षिण भागमा पर्दछ। जिल्लाको मध्यभाग जङ्गलले ढाकेको छ र उत्तरी भाग पहाडले ढाकेको हुँदा यहाँका जग्गा भीर र पाखाले भरिएका छन्। यस जिल्लाभित्र खेती गरिएको जग्गा र जनसंख्याको अनुपात हेर्दा एक हेक्टर जमीनमा १.६ जना मानिस अथवा १० हेक्टरमा करीब १६ जना मानिस पर्नआउँछ।

बालो र कृषि उत्पादन

यस जिल्लाको उत्तर तिरका १० पञ्चायतहरू महाभारतको पहाडी भागमा पर्दछन्। ती बाहेक अरू सबै पञ्चायतहरू समथर जमीनमा पर्दछन्। उक्त समथर जमीनमध्ये केही जङ्गल भाग छोडेर अरू प्रायः सबै भागमा खेती गरिन्छ। खाद्यान्नको क्षेत्रमा वार्षिक जम्मा १,५६,६०० मेट्रिक टन अनाज उत्पादन हुन्छ। यसमध्ये अर्को सालको लागि बीजनको निम्ति ४,८०० मेट्रिक टन र पशुलाई खवाउने, कीरा तथा चरा चुरूङ्गीहरूले खाएर सकिने तथा विभिन्न कारणले हानि नोक्सानी भई खेर जाने१५,५००मेट्रिक टन घटाउँदा १,३६,६०० बाँकी हुन आउँछ। यसबाट पनि भूस तथा धूलो अलग गर्दा खान-योग्य खाद्यान्न ८६,००० मेट्रिक टन हुन्छ। एक व्यक्तिलाई वार्षिक खाद्यान्न १६० किलोग्रामको दरले जम्मा ५७,२६६ मेट्रिक टन जिल्लाभित्रै खपत हुन्छ। यसरी हिसाब गर्दा यो जिल्लामा जम्मा २८,७०४ मेट्रिक टन अनाज बचत हुन्छ।

परम्परागत तरीकाबाट लगाइने बालीहरूमा धान, सनपाट, गहुँ, मकै, तोरी, खेसरी, चना, मुसुरो, मास, उखु, कोदो, गहत खेती प्रायः जिल्लाको दक्षिण भागमा बढी हुन्छ। मध्य-उत्तरी भागमा समथर जग्गा भए तापनि पानीको सतह ज्यादै तल हुँदा भावर क्षेत्रमा उब्जाउ त्यति राम्रो भएको पाईंदैन। बाली लाग्ने कुल क्षेत्रफलको ६६ प्रतिशतमा खाद्यान्न बाली, २४ प्रतिशतमा नगदेबाली र १० प्रतिशतमा अरू बाली लागेको छ। खाद्यान्न बालीमा धान मुख्य हो। यस बाहेक अरू खाद्यान्न बालीहरूमा मकै र गहुँ आउँछन्। यस जिल्लाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य नगदे बाली सनपाट हो। त्यसपछि तोरी, उखु र आलुको स्थान आउँछ।

आर्थिक वर्ष २०२४।०२५ देखि २०२७।०२८ सम्मको धान बाली उत्पादनको प्रवृत्ति निम्न बमोजिम देखिन्छः–

आर्थिक वर्ष	क्षेत्रफल (हेक्टरमा)	उत्पादन (मेट्रिक टनमा)
२०२४।२५	७६,६००	१,४३,२८०
२०२५।२६	७६,५००	१,४७,०७५
२०२६।२७	७६,७००	१,५०,६३३
२०२७।२८	८०,०००	१,५२,८००
२०२८।२९	७६,७००	१,५१,४३०
२०२९।३०	७७,५००	१,२४,०००

मोरङ जिल्लाको हावापानी र माटो सनपाट उत्पादनको लागि ज्यादै सुहाउँदो छ। त्यसैले यस जिल्लामा अधिराज्यको सबभन्दा बढी सनपाट उत्पादन हुन्छ। जूट विकास समितिको अनुसार देशभर ५०,००० हेक्टर (७४,००० बिघा) सनपाट खेती हुने जमीनमध्येमा अन्दाजी २०,२७२ हेक्टर (३०,००० बिघा) अथवा ४१ प्रतिशत यस मोरङ जिल्लामा पर्दछ।

सनपाट मोरङ जिल्लाको मुख्य आर्थिक स्रोत हो। विगत चार वर्षमा गरिएको सनपाट खेतीको क्षेत्रफल र उत्पादन निम्न प्रकार छः–

आर्थिक वर्ष	क्षेत्रफल (हेक्टरमा)	उत्पादन (मेट्रिक टनमा)
२०२४।०२५	१०,०००	९,९४५
२०२५।०२६	९,५००	९,०२५
२०२६।०२७	११,५००	१०,८१०
२०२७।०२८	२०,२७२	११,५२०

मोरङ जिल्लाको मुख्य खाद्यान्न धान र मुख्य नगदे बाली सनपाटको अलावा अन्य केही खाद्यान्न र नगदे बालीहरूको उत्पादन स्थिति निम्न बमोजिम देखिन्छः–

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्र– (हेक्टरमा)
उत्पादन–(मेट्रिक टनमा)

आर्थिक वर्ष	२०२४।०२५		२०२५।०२६		२०२६।०२७	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
तोरी	१,८००	१८०	१,८००	८१५	१,८५०	९१६
उखु	४००	६,४००	५००	७,८००	५५०	९,०७५
मकै	२,४००	२,८८०	२,५००	३,०२५	२,५००	३,४३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहुँ	३,०००	२,४००	३,२००	२,७२०	३,५००	३,०६२
कोदो	७५०	७८७	६००	६३०	७००	७३५
जौ	२४५	१९३	२४५	१९३	२६०	२०८
आलु	५७५	३,६८०	५९०	३,७७६	६४०	४,२२४
सुर्ती	५४५	४०९	५५०	४१५	५५०	४१५

आर्थिक वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
तोरी	१,९००	७६०	—	—	२,०००	९२०
उखु	६००	१०,०८०	—	—	६५०	१०,९२०
मकै	२,७००	३,७२६	२,३७५	३,०६४	२,४००	३,३६०
गहुँ	४,०००	२,४००	५,७००	३,९९०	४,५००	५,८०१
कोदो	७००	७३८	—	—	७००	७३८
जौ	२७५	२२०	—	—	३००	२४०
आलु	७००	४,४५०	—	—	७५०	५,२५०
सुर्ती	३६०	४२६	—	—	५६५	४२९

जिल्लाको कृषि उत्पादन तरीका अझै अविकसित खालको छ। यहाँका ५५–६० हजार परिवारहरूमध्ये घटीमा ५० हजार परिवारहरू कृषिमा आश्रित छन्। तर यीमध्ये उन्नत तरीकाले खेती गर्ने परिवारको संख्या करीब छ हजार मात्र छ। मल विशेषगरी वस्तुको गोबरबाट बनाइन्छ तर खेती गरिएको जगाको सबै भागमा बराबरी मात्रामा मल लगाइएको छैन। यस जिल्लाको उत्तरी भागको पहाडी जमीनमा मलको कमी महसूस हुन्छ। मल प्रायः वर्षकोएक पल्ट मात्र राखिन्छ। भावरको जङ्गली क्षेत्रको खेती गरिएको जग्गाहरूमा मल हाल्नु पर्दैन। जङ्गल फाँडी खेती गरेको हुँदा माटो पोसिलो भएको हुन्छ।

कृषि औजारहरूमा विशेषगरी हलो, कोदालो, दाँदे, खुर्पी र हँसियाहरू प्रयोग हुन्छन्। उन्नत कृषि औजारहरूमा टेक्टर, थ्रेसर, कल्टिभेटर आदिको पनि प्रयोग हुन्छ र यसको विनिमय स्थानीय बजारमा हुन्छ। आजकाल कृषि औजार कारखानाको आधुनिक औजार पनि किन्ने गर्दछन्।

जिल्लाको खेती पेशामा कुनै जाति-विशेष मात्र लागेको देखिंदैन। तर गाउँका ठूला-ठालू जमीन्दार-हरूले आफैं खेती नगर्ने हुँदा उनीहरूले मजदूरहरू आफ्नै घरमा पालिराखेका हुन्छन्। तिनीहरूबाट नपुगेमा गाउँमा अरू मजदूरहरू पनि ज्यालादारीमा लिन्छन्। मजदूरहरूको ज्याला लोग्नेमानिसको प्रतिदिनको रू. ५। र आइमाईको रू. ३। साथै खेती गर्दा खाजा खुवाउने चलन छ। मध्यम वर्गका किसानहरूमा खेती लगाउँदा एकले अर्कोलाई मद्दत दिने प्रथा पनि छ। जिल्लाको उत्तरपट्टि स्थित पहाडमा यसलाई "पर्मा" र दक्षिण तराई तिर "होली" भन्दछन्।

भूमि व्यवस्था

यस जिल्लामा भूमिसुधार कार्यक्रम लागू भइसकेपछि जग्गाको नापी भएको हो। २०२०–२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालसम्मको नापीको आधारमा यस जिल्लामा जम्मा जग्गा १,०६,२३८ हेक्टर (१,६१,६७३ बिघा) देखिएको छ। त्यसमध्ये ७,६८६ हेक्टर (११,३८१ बिघा) नदी, खोला र बाटोमा परेको छ। अरू बाँकीलाई धनहर र भिटमा विभाजन गर्दा क्रमशः ७,८५१ हेक्टर (११,८१२ बिघा) र १५,३६३ हेक्टर (२२,७३७ बिघा) हुन आउँछ। ती दुवै जग्गाहरूलाई पनि जमीनको गुण अनुसार विभाजन गर्दा निम्न प्रकारका हुन्छन्:–

		अब्बल	दोयम	सीम	चाहार
धनहर	हेक्टरमा	१८,५१६	५०,७३५	८,६०८	८८
	बिघामा	२७,४०५	७५,०८६	१६,१३,१८६	१३०
भिट	हेक्टरमा	१४,६६५	३८४	–	–
	बिघामा	२२,१६८	५६६	–	–

नापी कार्यालयद्वारा मोरङ जिल्लालाई भौगोलिक बनावटको आधारमा दुई भागमा बाँडिएको छ।

(१) पहाडी क्षेत्र (यसमा उत्तर भागका १० पञ्चायतहरू पर्दछन्)

(२) तराई क्षेत्र (बाँकी ५२ पञ्चायतहरू)

पहाडतर्फ जग्गाको क्षेत्रफल जम्मा १०,३४२ हेक्टर (२,०६,८५३ रोपनी) र नापीको अनुसार जग्गा धनीको संख्या ३,६०४ छ। यसै नापीको आधारमा जग्गा ज्यादा तथा कम हुनेहरूको संख्या निम्न अनुसार छ।

चार हेक्टर अथवा ८० रोपनी भन्दा बढी जग्गा हुनेको संख्या	३२१
तीन देखि चार हेक्टर अथवा ६० देखि ८० रोपनीसम्म जग्गा हुनेको संख्या	३३६
२¼ देखि ३ हेक्टर अथवा ४५ देखि ६० रोपनीसम्म जग्गा हुनेको संख्या	५४५
१½ देखि २¼ हेक्टर अथवा ३० देखि ४५ रोपनीसम्म जग्गा हुनेको संख्या	६५२
१ देखि १¼ हेक्टर अथवा २० देखि ३० रोपनीसम्म जग्गा हुनेको संख्या	६२२
१/२० देखि एक हेक्टर अथवा एक देखि २० रोपनीसम्म जग्गा हुनेको संख्या	१,८२८
	४,६०४

त्यस्तै तराई तर्फको जम्मा जग्गा १,०६,१६६ हेक्टर (१,६१,६१५ बिघा) यसमा झोराको जग्गा ५,४०४ हेक्टर (८,००० बिघा) समेत गाभिएको छ। यसमा मोठ अनुसार जग्गा धनीको संख्या यस प्रकार छः–

१६ हेक्टर अथवा २८ बिघाभन्दा बढी जग्गा हुने जग्गा धनीको संख्या	१४७
१० देखि १६ हेक्टर अथवा १५ बिघादेखि २८ बिघासम्म जग्गा हुनेको संख्या	१,०६६
छ देखि १० हेक्टर अथवा १० बिघादेखि १५ बिघासम्म जग्गा हुनेको संख्या	१,३९६
दुई देखि छ हेक्टर अथवा चार बिघादेखि १० बिघासम्म जग्गा हुनेको संख्या	५,८२६
० देखि दुई हेक्टर अथवा चार बिघाभन्दा कम हुने जग्गा धनीको संख्या	२४.८९१
जम्मा–	३३,३२९

यस जिल्लामा भूमि प्रशासन लागू भैसकेको हुँदा यहाँ मौजा नभई सोझैं कोष तथा तहसील कार्यालयले जनताको सुविधा अनुसार आठ–दश पञ्चायतका जनताले पनि बुझाउन सक्ने डोर खटाई मालपोत असूल गर्ने गरेको छ।

गुठीतर्फको भने जिमीदार पटवारी मार्फत नै असूल गरिने हुँदा जिम्मावाल, मुखिया पटवारीद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै उठाउने गरेको छ। यहाँ मुखिया तथा पटवारीहरूको संख्या ६९६ छ। यस जिल्लाको जग्गाबाट २०२९ सालमा उठेको जम्मा रकम रू. ५९,९१,६३१। र गुठी संस्थानतर्फको पोत उठेको रकम रू. १०,५०,२१४। गरी जम्मा रू. ७०,४१,८४५। हुन आउँछ। मालपोत बाहेक यस जिल्लामा अन्य कुनै रकम उठाउने गरेको छैन। मालपोत उठाउने, जग्गाको लगत राख्ने कार्यालय जिल्लास्तरको छ। यस जिल्लामा हदभन्दा बढी जग्गा ३८१ बिघामध्ये वितरण भइसकेको जग्गा १४६ बिघा छ।

मोहियानी हक प्राप्त भएको जग्गा १७,००० मोहीहरूलाई दिइएको छ। मोही बेदखली गर्ने अवस्थाको हकमा कूत बुझाउने व्यवस्था हुँदा जग्गा धनीलाई पूरै बालीमा बाधा पर्ने हुँदा र मोही लागेको जग्गा मूल्याङ्कन कमी हुने तथा निश्चित कूत ठेकिएकोले मुख्य वार्षिक उब्जनीको जग्गाको किसिमको अनुसार एक बाली मात्र बुझाउनु पर्ने व्यवस्था भएकोले उक्त अवस्था परेको हो।

यस जिल्लामा निम्न अनुसार कूत निश्चित भएको छः—

धनहरतर्फ

अब्बल जग्गा बिघा एक को	१५ मन धान
दोयम जग्गा बिघा एक को	११ मन २० सेर धान
सीम जग्गा बिघा एक को	आठ मन २० सेर धान
चाहार जग्गा बिघा एक को	पाँच मन २० सेर धान

भिटतर्फ

अब्बल जग्गा बिघा एक को	आठ मन २० सेर मकै
दोयम जग्गा बिघा एक को	छ मन २० सेर मकै

यस जिल्लामा अनिवार्य बचत र ऋणबाट उठेको रकम रू. १,०८,०९,१०२। छ। उक्त रकमबाट कृषकहरूलाई ऋण दिने, ब्याज सहित असूल गर्ने तथा बचतकर्ताहरूलाई ब्याज वितरण गर्ने र कृषि विकास बैंकमा रकम जम्मा गर्ने आदि काम भइरहेको छ।

पशुपालन

यस जिल्लाको मुख्य पाल्तु पशुहरूमा गाई, गोरु, भैंसी, राँगो, खसी, घोडा, हात्ती, सुंगुर आदि हुन्। गाई वस्तुहरू विशेष गरी मल, दूध र घ्यूको लागि पालिन्छन्। राँगो जोत्ने तथा गाडा तान्ने काममा प्रयोग गरिन्छ। राँगो, खसी, मासु खानको लागि, सुंगुर मासुको लागि तथा घोडा-हात्ती चढ्नको लागि पालिन्छन्। यस बाहेक कुखुरा, हाँस, परेवाहरू पनि फुल तथा मासुको लागि प्रयोग हुन्छ। यस जिल्लाको मुख्य वस्तुको संख्या वि. सं. २०२६।२७ को तथ्याङ्क अनुसार यस प्रकार छ :—

पशु	संख्या
गाई	१,४२,०००
गोरु	१,३१,०००
भैंसी	४१,०००
राँगो	७,०००
खसी (बाख्रा)	१,१७,०००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु-चिकित्सालय यस जिल्लामा २०११ सालमा स्थापना भएको थियो। यस कार्यालयको अभिलेख अनुसार आर्थिक वर्ष २०२९।३० मा ७,४६७ पशुको औषधोपचार भएको थियो। संक्रामक रोगको रोकथाम कार्यक्रम अनुसार २५,०५५ वटा पशुलाई उपचार गरिएको छ। पशु-पक्षीमा गाई, भैंसी, हाँस कुखुराको प्रसार कार्य भइरहेको छ। नश्ल सुधारको कार्य पशु-चिकित्सालयद्वारा नै गरिन्छ।

फलफूल खेती

जिल्लाको धेरै जसो भाग उष्ण प्रदेशभित्र परेको हुँदा यहाँ गर्मी प्रदेशमा पाइने फलफूलहरू ठूलो मात्रामा पाइन्छन्। त्यसमा विशेषगरी आँप, केरा, लिची, नरिवल, अम्बा, भूइँकटहर उल्लेखनीय छन्। आँप, नरिवल र अम्बा केही मात्रामा निकासी पनि हुन्छ। यसको केही खास व्यवस्था भएको छैन।

कृषि बागवानी केन्द्र यस जिल्लामा छैन। सुनसरी जिल्लाको तरहरा कृषि केन्द्र मार्फत कार्यहरू भइरहेका छन्। फलफूल खेतीमा खासगरी आँप, लिची, भूइँकटहर, अम्बा र केराको प्रचार भई यी फलफूल लगाउन जनता उत्सुक भएको पाइन्छ।

माछा पालन

तराई प्रदेशको सबैजसो गाउँमा पोखरी हुने हुँदा यस जिल्लामा अरू तराई जिल्लाहरूमा जस्तै माछा पाल्ने काम हुन्छ। ठूल-ठूला नदीहरू जस्तै लोहान्द्रा, वक्राहा, रतुवा इत्यादिमा पनि वर्षातमा माछा समात्ने काम हुन्छ।

यस मोरङ जिल्लामा माछा पालनको सम्बन्धमा सुनसरी स्थित तरहरा कृषि केन्द्रबाट २०,००० जति माछाको भुरा बिक्री वितरण भएको छ। सो २०,००० मध्येबाट विभिन्न गाउँ पञ्चायतहरूमा कृषकहरूले माछा पाल्ने पोखरी खनी माछा पालेका छन्। यस सम्बन्धी आवश्यक सरसल्लाह माछा पालन वा कृषि विकास कार्यालयले सहयोग पुऱ्याउँदै आएको छ।

माछा पालन सम्बन्धी व्यापारको क्षेत्र यस जिल्लामा प्रशस्तै रहेको पाइन्छ। हाल विभिन्न गाउँ पञ्चायत र नगर पञ्चायत क्षेत्रमा स्थानीय जनताको आफ्नो निजी पूँजीबाट पोखरी खनाई माछा पालनको योजना चलाइएको छ। माछा पालन सम्बन्धी योजना यस जिल्लामा वैज्ञानिक तरीकाबाट सञ्चालन हुनु पर्ने देखिन्छ।

सिचाइ

कुनै पनि कृषि-प्रधान जिल्लाको लागि सिचाइको अति आवश्यक पर्दछ। मोरङ जिल्लामा ५८ प्रतिशतभन्दा बढी जग्गामा खेती भएको हुँदा सिचाइको आवश्यकता धेरै हुनु स्वाभाविक हो। हुन त मोरङ जिल्ला अधिराज्यको सबभन्दा ठूलो औद्योगिक जिल्ला हो। तर पनि यस जिल्लामा जति पनि उद्योग धन्धाहरू छन् प्रायः सबै कृषिमै आधारित छन्। त्यसैले यस जिल्लाका कृषकहरू विभिन्न तरीकाद्वारा खेतमा सिचाइ गर्दछन्। नहरद्वारा ठूलो क्षेत्रफलमा सिचाइ गर्ने सिलसिलामा सबैभन्दा महत्वपूर्ण चतरा नहर हो। जम्मा १० करोड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२० लाख रकमबाट तयार भइरहेको यो योजनाले सुनसरी र मोरङ जिल्लाहरूलाई प्रशस्त पानी दिन्छ। मोरङमा मात्रै यो नहरले ३६,६४५ हेक्टर जमीन सिचाइ गर्छ।

कोशी नदीदेखि यस जिल्लाको सीमानासम्म यस नहरको लम्बाइ ५३ किलोमिटर (३५ माइल) मध्ये मोरङमा मात्रै अन्दाजी १७ किलोमिटर (११ माइल) बनिसकेको छ। यस मूल नहरबाट करीब २३२ किलोमिटर (१४५ माइल) उप-शाखाहरू बनिसकेका छन्। यो नहरद्वारा पानी वितरण गर्ने १६४ वटा प्रशाखाहरू (फिल्ड च्यानेल) निर्माण भइसकेका छन्, जसको लम्बाइ ४,००० किलोमिटर (२५० माइल) लामो हुन आउँछ। यी नहरहरू जिल्लाको विभिन्न भागमा पर्दछन्।

यस बाहेक गाउँमा सामुदायिक प्रयत्नले स-साना खोलाहरूमा पैनी बनाई जग्गा सिंच्ने काम भएको छ। यस्ता सिचाइ सुविधाहरू प्रायः अस्थायी हुन्छन् र वर्षे पिच्छे बनाइरहनु पर्दछ। तराईका जिल्लाहरूमा पानीको स्रोत नै इनार भएको हुँदा हरेक गाउँमा एकवटा इनार हुन्छ। यस्ता इनारहरूलाई पनि बाली लगाउने समयमा प्रयोगमा ल्याइन्छ। निजी इनार हुनेहरूले पम्प सेट राखी खेतमा पानी लगाउने काम गर्दछन्। मोरङ जिल्लाको उत्तरी पहाडी भागहरूमा गह्राहरू बनाई जमीन सिंच्ने काम हुन्छ।

मोरङ जिल्लाभित्र सन् १९७०।७१ सम्ममा तयार भएका लघु सिचाइ योजना र ती योजनाद्वारा सिचाइ हुने जग्गाहरू यस प्रकार छन्ः—

लघु सिचाइ आयोजना	सिचाइ हुने क्षेत्र
दारलोथना बाँध	४४७ हेक्टर
धानी सिचाइ आयोजना	४० "
धानी बहुवन "	४० "
कचला "	४० "
मरिया "	४४७ "
गौरिया "	४० "
जम्माः—	१,०५४

कृषि ऋण

मोरङ जिल्लाका साधारण ग्रामीण जनताहरूलाई विशेषगरी बालीहरू नोक्सान भएको सालमा अनाज, बीजन, पशु पालन तथा कृषि औजारहरू किन्नलाई ऋणको आवश्यकता पर्न आउँछ। त्यसबखत तिनीहरूले गाउँका ठूला-ठालू साहू महाजनहरूको ऋण लिनु पर्दछ। बीउ लगाउने समयसम्ममा अनाजहरू सकिएमा पनि ऋणको आवश्यकता पर्न आउँछ। हाल यस जिल्लाभित्र किसानहरूको सुविधाको लागि कृषि विकास बैंक सहकारी सङ्घ, ग्राम समिति, भूमि प्रशासन कार्यालयहरू खुलिसकेका छन्। जिल्लामा निर्दिष्ट सहकारी संस्थाहरू १० वटा चालू गर्ने लक्ष्यमध्ये हाल नौ वटा चालू छन्। सहकारी संस्थाको सदस्य संख्या १,७८५ छ।

कृषि विकास

यस जिल्लामा कृषि विकास बैंकको स्थापना २०२४ सालमा भएको हो। हाल यो क्षेत्रिय स्तरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ। कृषि विकास कार्यक्रमको सञ्चालनमा कृषि ऋणको महत्वपूर्ण स्थान भएकोले कृषि ऋण दिने संस्थाको रूपमा कृषि विकास बैंक खडा भएको हो। गाउँ स्तरमा ग्राम समितिहरूबाट चाहिंदो ऋण उपलब्ध नहुने हुँदा कृषि विकासको लागि धेरै जसो ऋण गाउँभन्दा माथिल्लो स्तरबाट प्राप्त गर्नुपर्ने हुन्छ। हाल कृषि विकास बैंकबाट संस्था र व्यक्ति गरी ६०१ लाई रू. १६,५२,०००। ऋण गएको छ। यस बाहेक उन्नत सनपाट बाली कार्यक्रम अन्तर्गत मोरङका छ वटा पञ्चायतमा सनपाट उत्पादनको निम्ति लगभग ३० लाख रूपियाँ र यसको धुलाइको पोखरीको लागि चार लाख रूपियाँ यस बैंकले ऋण दिने व्यवस्था पनि गरेको छ।

यसरी जिल्लाको कृषि विकासको लागि समय समयमा विभिन्न कार्यहरू भइरहेका छन् तापनि उक्त कार्यहरू पर्याप्त छन् भन्न सकिंदैन। जिल्लामा हरेक वर्ष खाद्यान्न बढी हुन्छ तर यो कृषिको आधुनिकीकरण वा विकास र विस्तारको परिणामले मात्र भएको होइन। जति पनि बढी उत्पादन हुन्छ त्यो सबै प्राकृतिक प्रक्रियाबाट नै भन्न सकिन्छ। कृषि विकासको सिलसिलामा तरीका तथा नतीजा प्रदर्शन, कृषक अगुवा तालीम तथा उन्नत जातका बीउ र रासायनिक मल एवं कीटनाशक औषधि बिक्री वितरण गरिएका छन्। कृषक दिवस मनाउने र कृषिऔजार बिक्री वितरण गर्ने पनि व्यवस्था हुँदै आएको छ। किसानहरूले बिस्तारै बिस्तारै आधुनिक औजार तथा उन्नत बीउ र मल प्रयोग गर्ने कार्यमा चाख लिंदै आएका छन्।

उद्योग

दुर्गम पहाड, नदीनाला तथा जङ्गलले छुटचाइएका विभिन्न ठाउँहरूमा दैनिक उपभोगका सामग्री जुटाउन नेपालको अर्थ व्यवस्थामा घरेलु तथा ग्रामीण उद्योगको प्राचीन कालदेखि नै विशिष्ट स्थान रहेको छ। बीसौं शताब्दीको तेस्रो दशकसम्म पनि नेपालमा कुनै ठूला तथा मझ्यौला खालका आधुनिक कल-कारखाना थिएनन् न त कसैले व्यक्तिगत रूपमा शेयर उठाई हिस्सेदारीमा सीमित दायित्व रहनेगरी उद्योग खडा गर्न चाहेमा खोल्न सकिने वा त्यस्तो उद्योगको नियन्त्रण र संरक्षणको लागि कुनै कानूनी व्यवस्था नै थियो। पर्याप्त पूँजीको अभाव, प्राविधिक ज्ञानको कमी, यातायातको कठिनाई, विद्युत् शक्तिको अविकसितता तथा बजार आदिको अभावमा ठूला उद्योग स्थापना हुन सक्ने सम्भावना पनि नगण्य नै थियो। त्यसबेलाको नेपाली समाजले आजको तुलनामा धेरै हदसम्म घरेल् तथा ग्रामीण उद्योगको माध्यमद्वारा आफ्नो साधारण दैनिक जीवनको लागि आवश्यक वस्तुहरू देशमै उत्पादन गरी आफ्नो आवश्यकता पूर्ति गरिआएको पाइन्छ।

यसरी आफ्नै पारामा गइराखेको नेपालमा सर्वप्रथम वि. सं. १९९३ सालमा उद्योग परिषद् गठन भई नेपालमा कम्पनी कानून लागू भयो। त्यही नै सालमा नेपालमा पहिलो आधुनिक उद्योग "विराटनगर जूट मिल्स" पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। त्यसबेला आर्थिक कारोवारको लागि देशमा एउटा बैंकसम्म पनि खोलिएको थिएन। उद्योगलाई प्राविधिक तथा बजार सम्बन्धी सरसल्लाह दिने कुनै एउटा संस्था थिएन र काठमाडौं उपत्यकाको केही भागलाई छोडेर देशको अन्य कुनै क्षेत्रमा विद्युत् उत्पादन गर्ने कार्य शुरू नै भएको थिएन। त्यस स्थितिमा आजसम्म देशमा स्थापित उद्योगहरूमा समेत प्रमुख स्थान ओगट्ने, स्वदेशी कच्चा पदार्थमा आधारित तथा निकासी-प्रधान उद्योग, पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना हुन सक्नु एक किसिमले महत्वको कुरा हो भन्नु अत्युक्ति नहोला। यो उद्योग स्थापना भएको एक सालपछि १९९४ सालमा मात्र नेपालमा पहिलो वाणिज्य बैंक (नेपाल बैंक लिमिटेड) स्थापना भयो। "विराटनगर जूट मिल" को सफल सञ्चालनको फलस्वरूप वि. सं. १९९५ मा यहाँ नेपालीहरूकै स्वामित्व, व्यवस्थापन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय कच्चा पदार्थमा आधारित "जुद्ध मैच फैक्टरी" नामक एक सलाई उद्योगको स्थापना भएको थियो। नेपालमा सर्वप्रथम स्थापना भएका यी दुई उद्योगहरूको सफल सञ्चालनद्वारा यी उद्योगहरूले कमाएका मुनाफा, वितरण गरेको अधिकतम लाभांश तथा द्वितीय विश्व युद्धको खलबलीले गर्दा देशमा बाहिरबाट आयात गरिने वस्तुको अभाव र मूल्य वृद्धिले गर्दा त्यस्ताका देशमा नयाँ उद्योग स्थापना गर्नेतर्फ एक प्रकारको अभूत लहर देखा पर्‍यो। फलस्वरूप १९९९ सालमा "मोरङ हाइड्रो-इलेक्ट्रिक कम्पनी" स्थापना भयो। २००० सालमा विराटनगरमा "नेपाल प्लाइउड एण्ड बबिन कम्पनी" तथा "मोरङ कर्न मिलस लिमिटेड" स्थापना भए। २००२ सालमा "वीरगञ्ज मैच फैक्टरी" को पूँजीबाट विराटनगरमा एउटा अर्को मैच फैक्ट्री स्थापना भयो। २००३ सालमा "मोरङ सुगर मिल्स" र "रघुपति जूट मिल्स" स्थापना भए। वीरगञ्जमा पनि एउटा कटन मिल खडा भयो। यसै प्रकार ठाउँ ठाउँमा कागज, साबुन, सिरामिक्स, (माटाको भाँडा) फर्निचर, केमिकल्स, चुरोट, छाला (ट्यानरी) आदि विभिन्न उद्योगहरू स्थापना हुँदै गए। तर युद्धकालीन स्थितिको अन्त्यको लगत्तै विश्वमा पुनः प्रतिस्पर्धात्मक युग शुरू भएबाट उपभोगका वस्तुको आयातमा ठूलो वृद्धि हुन गै नेपालमा भरखरै मौलाउन थालेका उद्योगहरूले विदेशी सस्तो र असल मालसामानको प्रतिस्पर्धामा खडा हुन नसक्नु स्वाभाविकै हो। फलस्वरूप जूट, चीनी, सलाई जस्ता स्वदेशी कच्चा पदार्थमा आधारित केही उद्योगहरू बाहेक अन्य प्रायः सबै उद्योगहरू बन्द हुँदै गए।

वि. सं. २००७ सालको राजनैतिक परिवर्तन पछि पनि केही वर्षसम्म देशमा नयाँ उद्योगहरू स्थापना वा भइरहेका उद्योगहरूमा सुधार ल्याउनेतर्फ कुनै प्रगति हुन सकेन। आर्थिक विकासको लागि औद्योगिक एवं कृषि उत्पादनमा वृद्धि गर्ने प्रारम्भिक सर्वे, पूँजी निर्माण, यातायात, सिचाइ तथा विद्युत् शक्ति जस्ता आधारभूत क्षेत्रहरूको विकास सुनियोजित ढङ्गले गरिनु आवश्यक छ भन्ने कुरा २०१३ सालमा आएर मात्र महसूस गरेको पाइन्छ। त्यसैले देशको द्रुततर आर्थिक विकासको लागि योजनाबद्ध प्रणाली अन्तर्गत प्रथम पञ्च वर्षीय योजना (२०१३–१८) लागू भएपछि यहाँ विभिन्न उत्पादन क्षेत्रमा ठूला साना विभिन्न उद्योगहरू स्थापना र सञ्चालन हुँदै आएका छन्। देशले अपनाएको योजनाबद्ध विकासको १७ वर्षको अवधिमा यहाँ उद्योगको विकासमा उत्साहवर्धक प्रगति हुँदै आएको छ।

वि. सं. २०२२ सालमा सर्वप्रथम सम्पन्न औद्योगिक गणनाअनुसार यस मोरङ जिल्लामा निम्न उत्पादन क्षेत्रमा ८३ वटा उद्योगहरू रहेका थिए:–

उद्योगको प्रकार	संख्या	उद्योगको प्रकार	संख्या
धान चामल सम्बन्धी	३२	फर्निचर सम्बन्धी	२
तेल "	५	ईंटा "	१०
चीनी मिश्री "	३	बोरा (सनपाट) सम्बन्धी	३
बिडी "	११	मरमत	३
काठ चिरानी "	३	अन्य	६
छापाखाना सम्बन्धी	५		
		जम्मा:–	८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– उक्त सालमा लिइएको तथ्याङ्क अनुसार मोरङ जिल्लाभित्रका उद्योगहरूको वैधानिक स्थिति यस प्रकारका थिए:–

उद्योगको किसिम	संख्या	उद्योगको किसिम	संख्या
व्यक्तिगत	४५	पब्लिक लिमिटेड	७
साझेदारी	१६	प्राइभेट लिमिटेड	१५
		जम्मा:–	८३

यहाँ चालू मुख्य मुख्य उद्योगहरू जम्मा ११५ वटा र यी बाहेक साना खालका चामल, तेल, पीठो मिलहरू धेरै छन्। देशको औद्योगिक विकासको लागि उद्योगहरू प्रारम्भ भएको तीन वर्षसम्म पूरा र आंशिक रूपमा अन्तःशुल्क साधारणतः माफ हुने भएकोले यहाँ अन्तःशुल्क आंशिक रूपमा पनि तिर्नु नपर्ने उद्योगहरू पनि छन्। अन्तःशुल्क कार्यालय विराटनगरद्वारा प्राप्त जानकारी अनुसार अन्तःशुल्क तिर्ने उद्योगहरूको संख्या हाल जम्मा १४३ पुगेको छ।

आर्थिक वर्ष २०२६।२७ देखि २०२९।३० सम्म चार वर्षमा विभिन्न औद्योगिक संस्थानहरूबाट अन्तः शुल्क वापत उठेको रकम यस प्रकार छ:–

आर्थिक वर्ष	
२०२६।०२७	रू. ५७,३९,४३६।
२०२७।०२८	रू. ६०,३०,३९७।
२०२८।०२९	रू. ७०,१३,११५।
२०२९।०३०	रू. ७५,२२,८९०।

विभिन्न किसिमका उद्योगहरू विभिन्न कारणवश बन्द हुँदै गइराखे तापनि अन्तःशुल्क तिर्ने उद्योगहरूको तालिका हेर्दा चालू उद्योगहरूको संख्या तिनीहरूले तिर्ने रकम क्रमिक रूपमा वृद्धि हुँदै आइरहेको पाइन्छ। अहिलेसम्म जति उद्योगहरू दर्ता भए तिनीहरू सबै चालू भैरहेका छैनन्। विशेषगरी सनपाट, चामल, तेल र चीनी बाहेक अरू उद्योगहरू प्रायः समय समयमा बन्द भएका छन्। त्यसमध्ये "अशोक टेक्स्टाइल" (सिन्थेटिक कपडा) उद्योगबाट उत्पादित कपडाहरू भारत निकासीमा प्रतिबन्ध भएको हुँदा बन्द भएको छ। त्यस्तै स्टेनलेश स्टील (स्पात) का कारखाना पनि उक्त कारणबाट सन्तोषजनक रूपले चालू छैनन्।

औद्योगिक उत्पादन

यस जिल्लाका औद्योगिक उत्पादनहरूमा मुख्य सनपाटका सामानहरू, चीनी, बिडी, चुरोट, चामल, सलाई, स्पातका भाँडा–कुँडाहरू, नायलनका टाँक, प्लाइउड, तेल, फर्निचरका सामान, सिन्थेटिक कपडा आदि सामान हुन्। यस जिल्ला भित्रका मुख्य मुख्य उद्योगहरूबाट भएका उत्पादनहरू तल दिइएका छन्:–

उद्योगको नाम	इकाइ	उत्पादन भएको वर्ष	
		१९६९।७०	१९७१।७२
विराटनगर जूट मिल	मेट्रिक टन	८,८४९	८,१७०
रघुपति जूट मिल	" "	५,०९८	४,८४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अशोक टेक्स्टाइल इन्डष्ट्रिज	” ”	२३,२८,७३२	—
कोशी मेटल फैक्टरी	गोटा कन्टेनर	५,७६,७१९	४,८६,६१०
धनावत म्याच फैक्टरी	ग्रोस	१,५०,१७४	१,३३,०००
दी जुद्ध म्याच फैक्टरी	”	१,९३,१६८	६८,२३४
नेपाल केमिकल वर्क्स	गोटा	१,०६,७२०	३,५३,०००
मोरङ सुगर मिल्स	टन	— —	३,०००

औद्योगिक पेशा

वि. सं. २०२८ सालको जनगणनामा उल्लेख भएअनुसार यस जिल्लाको कुल जनशक्तिको ८० प्रतिशतभन्दा बढी जनसंख्या कृषि व्यवसायमा भर पर्दछन् । २०२२ सालमा लिइएको देशको प्रथम औद्योगिक गणनाअनुसार यहाँ उद्योगमा काम गर्नेहरू केवल ६,६३० जना मात्र थिए । हाल दोस्रो औद्योगिक गणना भइरहेकोले यहाँको औद्योगिक रोजगार बारे यथार्थ तथ्याङ्क उपलब्ध नभए तापनि २०२२ सालको प्रथम गणना पश्चात् यहाँ साना ठूला धेरै उद्योगहरू स्थापना भएकोले यहाँ औद्योगिक रोजगारको ठूलो संख्यामा वृद्धि हुँदै गइरहेको छ भन्ने कुरामा कुनै शंका छैन ।

यस जिल्लाभित्र चालू भइरहेको उद्योगहरूमा पुरुष र महिला दुवै वर्गका मजदूरहरू छन् । यिनीहरूमध्ये धेरैजसो विदेशी पनि छन् । मोरङ जिल्लाभित्र मुख्य मुख्य कारखानाहरूमा काम गर्ने मजदूरहरूको किसिम र संख्या निम्न प्रकार छः—

कारखानाको नाम	नेपाली नागरिक	विदेशी नागरिक	जम्मा
विराटनगर जूट मिल	८८६	१,८७६	२,७६२
रघुपति जूट मिल	३१२	१,२५२	१,५६४
धनावत बिंडी फैक्टरी	—	१,१९०	१,१९०
मोरङ सुगर मिल	३२०	१२८	४४८
शिव बिंडी फैक्टरी	५	३००	३०५
पारख बिंडी फैक्टरी	—	३००	३००
सत्यनारायण ईंटा भट्टी	२	२००	२०२
दी जुद्ध मैच फैक्टरी	११५	५२	१६७
विजय बिंडी फैक्टरी	—	१५०	१५०
धनावत मैच फैक्टरी	६०	८०	१४०
आनन्द इन्डष्ट्रिज	७०	४७	११७
ठूल-ठूला राइस मिल २० वटामा	८०	९००	९८०
हुलास मेटल क्राफटस्	३०	५०	८०
अन्य	२२४	६९४	९१८
जम्माः—	२,१०४	७,२१९	९,३२३

मोरङ जिल्ला भित्रका केही प्रमुख उद्योगहरूका छोटकरी वर्णन तल दिइन्छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विराटनगर जूट मिल्स लिमिटेड

विराटनगर जूट मिल नेपाल अधिराज्यको सबभन्दा पुरानो तथा सबभन्दा ठूलो उद्योग हो। यस बाहेक यस जिल्लामा अर्को ठूलो जूट मिल र अरू स-साना जूट प्रेसिङ मिलहरू पनि छन्। यी सबै जूट मिलहरू यही मोरङ जिल्लास्थित विराटनगर शहरमा पर्दछन्। जब नेपालमा सर्व प्रथम १९९३ सालमा कम्पनी कानून लागू भयो त्यसै सालमा यस जूट कारखानाको जन्म भएको हो। यस कारखानाले सरदर देशको कुल सनपाट उत्पादनको ५५ प्रतिशतभन्दा बढी उत्पादन गर्दछ। यस उद्योगले विदेशी मुद्रा खर्च कम गर्ने मात्रै नभई देशको लागि विदेशी मुद्रा आर्जन गर्ने काममा पनि सबभन्दा माथिल्लो स्थान ओगटिरहेको छ। यस कारखानाको सरदर उत्पादन क्षमता ५० टन प्रति दिन छ। आर्थिक वर्ष २०२८।०२९ मा यस उद्योगले जम्मा ८,१७० टन उत्पादन गरेको थियो। यो भन्दा अघिल्ला सालहरू २०२६।०२७ मा ८,८४९ टन र २०२१।०२२ मा १०,९२६ टनसम्म पनि पुगेको थियो।

यस उद्योगको लागि चाहिने कच्चा पदार्थहरूमा काँचो सनपाट जिल्लाको स्थानीय बजारहरूमा तथा छिमेकी जिल्लाहरू झापा, सुनसरी र सप्तरीबाट झिकाइन्छ। वि. सं. २०२८।०२९ सालमा यस उद्योगले स्थानीय बजारबाट मात्रै ९,३२२ मेट्रिक टन अर्थात् २,५०,७४० मन सनपाट उपलब्ध गरेको थियो।

काँचो सनपाट बाहेक अरू सामानहरू जस्तै कोइला, बाचिङ तेल, फारनेस तेल, फलामको सामान र अन्य सामानहरू भारतबाट मगाइन्छ। २०२८।०२९ सालमा करीब रू. ३३,२१,०००। मूल्यको माथि उल्लिखित सामानहरू खरीद गरिएको थियो।

यस उद्योगको लागि भारत बाहेक समुद्रपारका देशहरूबाट झिकाइने वस्तुहरू पनि छन्। २०२८।०२९ सालमा स्टीम टरवाइनका पूर्जाहरू स्वीडेनबाट तथा ज्याला छाप्ने मेशीन संयुक्त राज्य अमेरिकाबाट झिकाइएको थियो।

यस सनपाट कारखानाद्वारा उत्पादित सामानहरू नेपाल भित्रै, भारतका विभिन्न राज्यहरू तथा समुद्रपारमा पनि खपत हुन्छन्। नेपालभित्र खपत हुने ठाउँहरू काठमाडौं, विराटनगर, भद्रपुर, वीरगञ्ज, हेटौंडा, नेपालगञ्ज, भैरहवा इत्यादि हुन्। भारतभित्र खपत हुने राज्यहरूमा मुख्य यू. पी. , पञ्जाब, महाराष्ट्र, गुजरात, आसाम, बिहार इत्यादि हुन्। त्यस्तै, यस कारखानाको सामान खपत गर्ने समुद्रपारका देशहरूमा सबभन्दा पहिलो स्थान अमेरिकाको हुन आउँछ। त्यस बाहेक अफ्रिका, यूरोप तथा एशियाको मध्य-पूर्व तथा सुदूर पूर्वमा अवस्थित देशहरूले पनि नेपाली सनपाटका सामानहरू खपत गर्दछन्। यस उद्योगबाट उत्पादित सनपाटका सामानहरू विभिन्न सालमा स्वदेश, भारत तथा अरू देशहरूमा बिक्री भएको परिमाण यस प्रकार छः–

मुलुक	२०२१।०२२	२०२७।०२८	२०२९।०३०
नेपाल	२८० मेट्रिक टन	२८७ मेट्रिक टन	६७० मेट्रिक टन
भारत	१०,७५४ मेट्रिक टन	५,९२३ मेट्रिक टन	१,०११ मेट्रिक टन
अरू तेस्रो देशहरू	७५४ मेट्रिक टन	३,२३३ मेट्रिक टन	७,६४८ मेट्रिक टन

देशको सबैभन्दा ठूलो उद्योग भएकोले यस कारखानामा काम गर्ने मजदूरहरूको संख्या पनि अरू कारखानाहरूको दाँजोमा बढी नै हुन आउँछ। हाल यस उद्योगमा काम गर्ने मजदूरहरूको संख्या २०२८।०२९ को तथ्याङ्क अनुसार २,७६२ जना छन् जसमध्ये ८८६ नेपाली र १,८७६ विदेशी छन्। यिनीहरू बाहेक यस उद्योगका कार्यालयहरूमा काम गर्ने कर्मचारी मात्रै २६० जना छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रू. ५२,००,०००। अधिकृत पूँजीमा स्थापना भएको यो उद्योगले शुरू शुरूमा निक्कै नाफा कमाएको थियो। हाल यस उद्योगको खास आम्दानी सरदर २७ देखि ३० लाखसम्म हुन आउँछ। वि. सं. २०२१।०२२ को तथ्याङ्कमा यस कारखानाको खास आम्दानी रू. १४,८४,१९५। भएको थियो। तर २०२६।०२७ मा आएर यसको आम्दानी रू. ८,११,२९६। मात्रै हुन आयो। पछि फेरि २०२८।०२९ मा आएर यसको आम्दानी निक्कै बढेर करीब रू. ४०,००,०००। पुगेको थियो।

श्री ५ को सरकारको तर्फबाट यस कारखानाको लागि दिइएका सुविधाहरूमा पहिले आय करको २५ प्रतिशतसम्म छुट थियो। अन्तःशुल्क बाहिर विदेशमा पठाउने सामानमा मात्र छुट छ। श्री ५ को सरकारको तर्फबाट मेशीनका सामानहरू झिकाउनलाई रू. २१,७४,८००। मूल्यको विदेशी मुद्रा साट्ने सुविधा दिइएको छ।

एक दशक अगाडिसम्म यस कारखानाबाट उत्पादित सनपाटका सामानहरू खालि भारतमा खपत हुन्थ्यो तर राष्ट्रको व्यापार क्षेत्र बढाउने योजना अनुसार भारत बाहेक अरू तेस्रो देशहरूमा पनि निकासी गर्न थालिएको छ। गत २०२८।०२९ सालमा यस कारखानाबाट निकासी भएका सामानहरूमध्ये करीब ८२ प्रतिशत समुद्रपारका मुलुकहरूमा गएको थियो जबकि २०२१।०२२ सालमा उक्त मुलुकहरूमा जम्मा छ प्रतिशत मात्रै निकासी भएको थियो।

रघुपति जूट मिल्स लिमिटेड

विराटनगर जुट मिलसको सफल सञ्चालनको फलस्वरूप देशमा बिस्तारै उद्योगहरूको स्थापना बढ्दै गयो। यसै सिलसिलामा विराटनगरमा अर्को एउटा जूट मिलको खाँचो महसूस गरिएको हुँदा रघुपति जूट मिलसको जन्म भयो। यो कारखाना वि. सं. २००३ सालमा खोलिएको थियो। यस कारखानाबाट सरदर वर्षको कुल उत्पादनको करीब ४५ प्रतिशत सनपाट उत्पादन हुन्छ। विराटनगर जूट मिलसले जस्तै यस कारखानाले पनि ठूलो मात्रामा विदेशी मुद्रा हासिल गर्ने भएको हुँदा अधिराज्यको महत्वपूर्ण उद्योगमा गणना गर्न सकिन्छ। यस कार्यालयको सरदर उत्पादन क्षमता १८ मेट्रिक टन प्रतिदिन छ। यस कारखानाको विभिन्न सालहरूमा लिइएको वार्षिक उत्पानदको तथ्याङ्क यसप्रकार छः–

आर्थिक वर्ष	उत्पादन (मेट्रिक टनमा)
२०२१।०२२	५,०७७.६
२०२६।०२७	५,०९७.५
२०२८।०२९	४,८४८.७

विराटनगर जूट मिलसले जस्तै यस कारखानाले पनि आवश्यक सबै कच्चा पदार्थहरू स्थानीय बजारबाट नै उपलब्ध गर्ने गर्दछ। वि. सं. २०२८।०२९ सालमा यस कारखानाले जम्मा ५,५४८ मेट्रिक टन (१,४८,५२२.३ मन) काँचो सनपाट किनेको थियो। कच्चा सामान बाहेक अरू चाहिने कल पुर्जाका सामानहरू धेरैजसो भारतबाट झिकाइन्छन्।

यस कारखानाबाट उत्पादित वस्तुहरूको बिक्री पनि नेपाल अधिराज्यभित्र, भारतका विभिन्न राज्यहरू तथा समुद्रपारका देशहरूमा हुन्छ। यस उद्योगद्वारा उत्पादित वस्तुहरूको निम्नलिखित सालहरूमा खपत गर्ने विभिन्न देशहरू र परिमाण (मेट्रिक टनमा) यस प्रकार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मलुक	२०२११०२२	२०२७१०२८	२०२९१०३०
नेपाल	३५४.४	८२७.८	३४१.५
भारत	३,०५४.८	१,४४४.३	१८२.३
समुद्रपार	१,४७९.१	३,०३९.६	४,९५३.७

हाल यस कारखानामा काम गर्ने मजदूरहरूको संख्या २०२९ को तथ्याङ्क अनुसार १,५६४ पुगेको छ। त्यसमध्ये ३१२ जना नेपाली नागरिक र बाँकी १,२५२ जना विदेशीहरू छन्। जिल्लाका कारखानाहरूमा कामगरिरहेका मजदूरहरूको तथ्याङ्कलाई विचार गर्दा यो कारखानाले दोस्रो स्थान ओगटेको छ। दक्षताको आधारमा यस कारखानामा काम गर्ने मजदूरहरूलाई निम्न श्रेणीमा बाँड्न सकिन्छ। उच्च दक्षता हासिल गरेका मजदूर जम्मा ७६, साधारण दक्षता प्राप्त गरेका जम्मा ९९७ र अर्ध–दक्षता हासिल गरेका जम्मा ४९१ छन्। यस बाहेक कम्पनीमा काम गर्ने कर्मचारीहरू जम्मा १८० जना छन्।

करीब २७ वर्ष अघि स्थापना भएको यो कारखानाले २०२११०२२ सालमा जम्मा रू. ८,१६,९५८। मात्र खास आय गर्न सफल भयो जबकि २०२९१०३० मा आएर यस उद्योगबाट जम्मा रू. २१,८७,०९९। खास आम्दानी गरेको रहेछ। आफ्नै देशमा उत्पादित कृषि पदार्थमा आधारित उद्योग भएको हुँदा यस कारखानाले शुरूदेखि नै केही न केही नाफा गर्दै आएको छ।

दी जुद्ध मैच फैक्टरी

सलाईको उद्योग सर्वप्रथम नेपालमा वीरगञ्ज शहरमा १९९५ सालमा "दी जुद्ध मैच फैक्टरी" को नाउँले स्थापना भएको थियो। यो कारखाना शुरूदेखि निक्कै नाफामा चलेको हुँदा यसैको पूँजीबाट पछि मोरङ जिल्लाको विराटनगर शहरमा वि. सं. २००२ सालमा एउटा अर्को सलाई कारखानाको स्थापना भयो। यसको नाउँ पनि "दी जुद्ध मैच फैक्टरी" लिमिटेड नै राखिएको छ।

अधिराज्यका तीन ठूला–ठूला उद्योगहरूमध्ये यो पनि एक हो। नेपालीहरूकै स्वामित्व, व्यवस्था र स्थानीय कच्चा पदार्थमा आधारित यो उद्योगले धेरै मात्रामा विदेशी मुद्रा प्राप्त गर्न नसके तापनि देशको सम्पूर्ण मागको आवश्यकतालाई पूर्ति गरी विदेश जाने नेपाली मुद्रालाई बचाउने काममा मद्दत पुऱ्याएको छ।

यस उद्योगको सरदर उत्पादन क्षमता दिनको आठ घण्टा चालू भएमा १,००० ग्रूस सलाई तयार हुन्छ। विभिन्न सालहरूमा लिइएको तथ्याङ्कमा वार्षिक उत्पादन निम्न प्रकारको पाइन्छ :–

वर्ष	उत्पादन
२०२२	२,२६,३६१ ग्रोस सलाई
२०२७	१,९३,१६८ ग्रोस सलाई
२०२८	८६,२३४ ग्रोस सलाई (साउनको अन्तसम्मको मात्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कच्चा पदार्थहरूमा सलाईको लागि चाहिने काठहरू जिल्लाभित्रै तथा नजीकका जिल्लाहरूबाट ल्याइन्छन्। २०२२ सालको औद्योगिक गणनामा यस उद्योगले स्थानीय बजारबाट ४६,१६७ क्यूबिक फीट काठ किनेको थियो जबकि २०२७ सालमा आएर ३६,२९० क्यूबिक फीट मात्रै हुन आयो। काठ बाहेक अरू आवश्यक सबै सामानहरू भारत तथा अरू मुलुकहरूबाट ल्याइन्छन्।

यस उद्योगबाट उत्पादित कुल सलाईमध्ये करीब ९० प्रतिशत भन्दा बढी नेपालभित्रै खपत हुन्छ। अरु बाँकी सलाई भारत बाहेक अरु तेस्रो मुलुकहरूमा जान्छ। नेपालभित्र खपत हुने मुख्य शहरहरू विराटनगर, धरान, काठमाडौं, बुटौल, जनकपुर, भद्रपुर हुन्।

हाल यस उद्योगमा काम गर्ने मजदूरहरू जम्मा १८७ पुगेका छन्। दक्षता अनुसार यिनीहरूको वर्गीकरण गर्दा उच्च दक्षता हासिल गरेका १२, साधारण दक्षता भएका ४१ तथा अर्ध-दक्षता भएका १३४ पुग्दछन्। यिनीहरू बाहेक उक्त कारखानामा काम गर्ने कर्मचारी जम्मा ४६ जना छन्। यी मजदूरहरूमध्ये करीब ६८ प्रतिशत नेपाली र अरु बाँकी मात्र विदेशी छन्।

यस उद्योगको सरदर वार्षिक आम्दानी एक लाख नाघ्दछ। २०२२ सालमा यसको खास आम्दानी रू. ३४,१३४ थियो। तर २०२७ सालमा आएर यस कारखानाको खास आम्दानी रू. १,९०,१००। सम्म पुग्यो।

कोशी मेटल क्राफटस

विक्रम सम्वत् २०२२ साल चैत महीनामा स्थापना भएको यो उद्योगको अधिकृत पूँजी १०,००,०००। थियो। यस उद्योगको उत्पादन क्षमता ५० मेट्रिक टन प्रति महीना छ। २०२८ सालमा यस उद्योगले जम्मा ५,७६,७१९ वटा टीन उत्पादन गरेको थियो तर २०३० सालमा यसबाट घटेर ४,८६,६१० मात्र उत्पादन गर्न समर्थ भयो।

यस उद्योगले आफूलाई चाहिने कच्चा पदार्थहरू स्थानीय बजार, भारत तथा अरु तेस्रो मुलुकहरूबाट प्राप्त गर्दछ। २०२७।०२८ सालमा यस उद्योगले स्थानीय बजारबाट मात्रै ८,०२,२६६ मेट्रिक टन कच्चा पदार्थहरू उपलब्ध गरेको थियो। त्यसै सालमा भारतबाट जम्मा २,४६,०३८ मेट्रिक टन सामानहरू झिकाइएको थियो। त्यस्तै समुद्रपारका मुलुकहरूबाट उक्त पनि सालमा ५,५६,२२८ मेट्रिक टन सामान झिकाइएको थियो।

यस उद्योगको धेरैजसो तयारी सामानहरू नेपालभित्रै खपत हुन्छन्। नेपाल बाहेक केही मात्रामा भारतमा पनि बिक्री हुन्छ। वि. सं. २०२७।०२८ सालमा भारतमा १८.५ लिटर अट्ने जम्मा २,१०,२८१ कन्टेनरहरू पठाइएका थिए। तर नेपालमा उक्त सालमा ती साइजका ३,८२,६६६ खपत भएका थिए। २०२८।२९ मा आएर जम्मा ४,६३,३६७ बिक्री भयो।

वि. सं. २०२८।०२९ सम्ममा यस उद्योगमा काम गर्ने जम्मा मजदूरहरू ४६ तथा अन्य कर्मचारी ४५ जनाले काम पाइराखेका थिए। यी मजदूरहरूमध्ये करीब ४० प्रतिशत विदेशीहरू छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोरङ सुगर मिल्स

मोरङ सुगर मिल्स नेपालका तीन ठूल-ठूला कारखानाहरूमध्ये एक हो । यो चीनी कारखाना सम्वत् २००३ सालमा स्थापना भएको हो । यस कारखानाबाट प्रति दिन १७८ मेट्रिक टन उखु पेली १५.३ मेट्रिक टन चीनी तयार गर्न सकिन्छ । वि. सं. २०२७ सालमा यस कारखानाको वार्षिक उत्पादन २,६७५ मेट्रिक टन थियो । त्यसबेला कारखानाको पूरा क्षमता प्रयोग गरिएको थियो । यस कारखानाबाट उत्पादित करीब ७५ प्रतिशत चीनी नेपालभित्रै खपत हुन्छ । प्रायः धेरै जसो कच्चा पदार्थ अर्थात् उखु स्थानीय कृषिबाटै उपलब्ध गरिन्छ । २०२९ सालमा यस कारखानामा कामगर्ने मजदूरको संख्या ४४८ थियो जसमध्ये १२८ जना विदेशी नागरिक थिए ।

शुरूमा यसको अधिकृत पूँजी १४ लाख थियो । आर्थिक दशकको दोस्रो वर्षभित्रमा यस कारखाना-लाई सुधार गर्ने हेतुले लगभग रू. ५ करोड ३२ लाख खर्च गर्ने लक्ष्य राखिएको थियो । यसरी आधुनिकरण भइसकेपछि यस कारखानाको वार्षिक चीनी उत्पादनमा ३,०६१ मेट्रिक टन बाट बढेर ११,३५२ मेट्रिक टन हुन जानेछ ।

अशोक टेक्सटाइल

वि. सं. २०१९ मा स्थापित यस उद्योगको अधिकृत पूँजी रू. १५,००,०००। छ २०२१।०२२ मा निटिङ र इम्ब्राइडरी कारखाना मात्र रहेकोले यसको क्षमता १२,२०,००० मिटर मात्र थियो । २०२४।०२५ सालमा दैनिक तीन शिफ्टमा काम हुने र वर्षमा३००दिन उत्पादन हुने अनुमानबाट यसको उत्पादन५७,१२,००० मिटरसम्म पुग्यो । विभिन्न सालमा लिइएको सालाना उत्पादनको तालिका यस प्रकार छः—

२०२१।०२२	२०२४।०२५	२०२८।०२९
१,०७,२७०.९ वर्ग मिटर	२३,२८,७३२.३ वर्गमिटर	उत्पादन बन्द

वि. सं. २०२८।०२९ सालमा उत्पादन बन्द हुनुको मुख्य कारण २०२४।०२५ मा सम्पन्न नेपाल-भारत वाणिज्य वार्तापछि उत्पादन घट्दै गई निकासी व्यवस्थाको अभावमा कारखाना बन्द हुन गएको हो भन्ने अनुमान छ ।

अन्तःशुल्क

जिल्लाको अन्तःशुल्क कार्यालय हाल विराटनगरमा छ । यसको स्थापना २०२२ साल असोज १ गते भएको हो । आर्थिक वर्ष २०२६।२७ देखि २०२९।३० सम्म जम्मा चार वर्षमा यस कार्यालयबाट भएको आय रकम निम्न अनुसार छः—

आर्थिक वर्ष २०२६।२७ को आम्दानी	रू.	५७,३६,४३६।
आर्थिक वर्ष २०२७।२८ को आम्दानी	रू.	६०,३०,९३७।
आर्थिक वर्ष २०२८।२९ को आम्दानी	रू.	७०,१३,११५।
आर्थिक वर्ष २०२९।३० को आम्दानी	रू.	७५,२२,८९०।
जम्मा आम्दानी	रू.	२,६३,०६,३७८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस कार्यालयको लागि अन्त:शुल्क तिर्ने उल्लेखनीय प्रतिष्ठानहरूमा चामल मिल (एक देखि १८ अश्वशक्तिका र १९ देखि २५ अश्वशक्तिका) र चामल, आरा, तेल आदि मिलहरू (२५ देखि माथि अश्वशक्तिका) तथा इँटा भट्टी हुन् ।

व्यापार

मोरङ जिल्लामा स्थानीय, जिल्लास्तरीय, अन्तर जिल्ला तथा अन्तर्राष्ट्रिय सबै प्रकारका व्यापार-हरू हुन्छन् । स्थानीय व्यापार खासगरी हाटहरूको माध्यमद्वारा हुन्छ । ठाउँ ठाउँमा स्थायी पसल भएका बजारहरू पनि छन् । विभिन्न ठाउँमा विशेषगरी पञ्चायत केन्द्र भएका ठाउँहरूमा हप्तामा एक दुई पटक हाट लाग्दछन् । सार्वजनिक चौर, चौबाटो अथवा गाउँ बजारका दायाँ बायाँ हाट लाग्ने गर्दछन् । विशेषगरेर हाट-हरूमा दैनिक उपभोगका सामानहरू जस्तै तरकारी, मसला, नून, भट्टीतेल, माछा, मासु, मिठाइको साथ साथै लुगा, लत्ता-कपडाहरू तथा अनाजहरूको खरीद विक्री हुन्छ । कुनै हाटहरूमा गाई वस्तु, भैंसी, घोडा इत्यादि पनि बेच–बिखन हुन्छ ।

यस जिल्लाको विराटनगर, रङ्गेली र रानी स्थायी व्यापारिक केन्द्रहरू हुन् । यी बाहेक जिल्लाको मध्य भागमा फाटफुट अस्थायी व्यापारिक केन्द्रहरू पनि छन् जस्तै मधुमल्ला बजार, हरैंचा, दरवेसा, दोहमना इत्यादि । हिजो-आज पूर्व-पश्चिम राजमार्गको चौबाटोहरूमा पनि व्यापारिक केन्द्रहरू बढ्दै गएका छन् । संस्था-गत रूपमा नेशनल ट्रेडिङ्ग,साल्ट ट्रेडिङ्ग,कृषि खरीद विक्री संस्थानका शाखाहरू ठूल-ठूला बजारहरूमा पाइन्छन् ।

मोरङ जिल्लामा देशका ठूल ठूला कारखानाहरू स्थापना भएकाले धेरै ठाउँहरूमा मिलवालाहरूले खरीद केन्द्रहरू खोलेका छन् । कृषि वस्तुको व्यापार गर्न व्यापारीहरू पनि ठाउँ ठाउँमा छन् । मिलवालाहरूले धान किनेर चामल कुटी व्यापार गर्दछन् । सनपाट पनि केही मात्रामा मिलवालाहरूले प्राप्त गर्दछन् । बाँकी काँचो रूपमा समुद्रपार निकासी हुन्छ ।

पूर्वी नेपालको प्रमुख आयात-निर्यात केन्द्र विराटनगर यस जिल्लाको सदरमुकाम पनि हो । प्रत्येक महीना यस जिल्लाका भन्सारहरूबाट सरदर १५ देखि ३० लाख रूपैयाँसम्मको राजस्व श्री ५ को सरकारलाई प्राप्त हुन आउँछ ।

यस जिल्लाबाट निर्यात हुने वस्तुहरूमा सबभन्दा धेरै सनपाट र धान हुन आउँछन् । यी बाहेक तोरीको तेल, काठ, घ्यू, दाउरा, राडी-पाखी, छाला, नेपाली चिया, स्ट्राबोर्ड, खसी, गोरु, अदुवा, कच्चा ऊन, काठको तयारी माल, जरीबूटी, फलफूल इत्यादि ।

विराटनगर पछि दोस्रो महत्वपूर्ण व्यापारिक केन्द्र रङ्गेली हो । तर हाल यसको महत्व अलि घटेको छ । अब रङ्गेली भन्सारको महत्व दक्षिण–पूर्वी मोरङको स्थानीय व्यापारको निम्ति मात्र रहेको छ । यहाँबाट धेरै जसो चामल निर्यात हुन्छ र कपडा, भाँडा वर्तन आदि आयात हुन्छन् ।

नेपालको-लागि विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत सनपाट निकासी हो सनपाट व्यापारमा लागेका यस जिल्लास्थित दुई ठूला जूट मिलको अतिरिक्त अरू पनि धेरै साना कम्पनीहरू छन् । यी स-साना कम्पनीहरूले सनपाट निकासीको लाइसेन्स प्राप्त गरे तापनि ठूला व्यापारीहरूको मार्फत नै निकासी गर्ने काम हुन्छ । तर हाल सनपाटको निकासी-पैठारी सम्बन्धमा श्री ५ को सरकारबाट संस्थागत गर्ने व्यवस्था भएको छ ।

मुलुकको आर्थिक विकासमा व्यापारको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको वैदेशिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापारमा विदेशीहरू पनि सरीक भइराखेका र तिनीहरूको लगानी र प्राविधिक ज्ञान व्यापारमाभन्दा औद्योगिक विकास तर्फ लगाउन दिनु नै राष्ट्रिय दृष्टिकोणले ज्यादै श्रेयस्कर हुने हुँदा यस वर्षदेखि विदेशीहरूको निजी कम्पनी वा तिनीहरू सम्मिलित भएको कम्पनीहरूको नाममा निकासी पैठारी कम गरिने व्यवस्था छ।

जूटपछि सबभन्दा धेरै मात्रामा निकासी हुने स्वदेशी वस्तु चामल हो। जिल्लाको विभिन्न ठाउँमा चामलका मिलहरू छन् ती मिलहरूले स्थानीय बजारमा र कृषकहरूबाट धान किन्ने गर्दछन् र सो धानलाई कुटी चामल विदेशमा विशेषगरी भारतमा निकासी गरिन्छ।

आर्थिक वर्ष २०२९–३० मा यस जिल्लाका भन्सारहरूबाट प्राप्त राजस्व (अन्तःशुल्क तथा बिक्री-कर समेत) जम्मा रू. ३,५५,७३,४४२। भएको देखिन्छ।

भन्सार

मोरङ जिल्लाको मूल भन्सार विराटनगर रानीमा छ। यो ठाउँ विराटनगर नगर पञ्चायत वार्ड नं. १७ भित्र पर्दछ। यस अन्तर्गत अस्थायी सहित अरू १० वटा छोटी भन्सारहरू छन्।

यी भन्सारको बाटोगरी प्रायः नेपालबाट भारत तथा समुद्रपार निर्यात हुने वस्तुहरूमा सनपाट, छाला, चामल, बोरा, काँचो ऊन, घ्यू, दाउरा, काठ, जरीबूटी, आलु आदि लगिन्छ। त्यस्तै भारत तथा अरू मुलुकहरूबाट नेपालभित्र आउने आयातका सामानहरूमा कपडा, पेट्रोल, डिजेल, नून, औषधी, फलामका सामानहरू, मोटर तथा मोटरसाइकल र पार्टपूर्जाहरू, बिस्कुट, शृङ्गारका सामान, पाइप, सिमन्टी, तयारी छालाका सामानहरू, कपास, कागज तथा किताबहरू, लुगा सिउने मेशीन, साबुन मट्टीतेल इत्यादि विशेष उल्लेखनीय छन्।

आर्थिक वर्ष २०२६।२७ देखि २०२९।३० सम्मका चार वर्षमा भन्सार कार्यालयबाट भएको आम्दानी यस प्रकार छः–

आर्थिक वर्ष २०२६।२७ को आम्दानी रू.	४,२६,८२,४८३।
आर्थिक वर्ष २०२७।२८ को आम्दानी रू.	२,८५,३८,१२६।
आर्थिक वर्ष २०२८।२९ को आम्दानी रू.	३,४४,७४,६५१।
आर्थिक वर्ष २०२९।३० को आम्दानी रू.	३,५५,७३,४४२।

बैंक सेवा

अधिराज्यभर औद्योगिक जिल्ला भनी नाउँ चलेको मोरङ जिल्लाको औद्योगिक तथा व्यापारिक गतिविधिहरू बुझ्न यस जिल्लास्थित बैंकिंग संस्थाहरूको सेवाबाट पनि स्पष्ट हुन्छ। हाल यस जिल्लामा भएका बैंक कार्यालयहरूमध्ये नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेड (सिटी अफिस, मिल्स एरिया र रङ्गेली बजार स्थित यस बैंकको उपशाखा गरी तीन वटा) का शाखाहरू छन्। यिनीहरू बाहेक विराटनगर स्थित नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाणिज्य बैंकको शाखा कार्यालय र कृषि विकास बैंकको शाखा गरी मुख्य जम्मा छ वटा बैंकहरू र रानी (मिल्स एरिया)मा एउटा सटही काउण्टर पनि छ ।

नेपाल राष्ट्र बैंकको शाखा विराटनगर शहरमा २०१३ सालमा स्थापना भएको हो । यस बैंकले भुक्तानी दिने, ट्रान्सफर आदि कारोबार गर्दछ । यस बैंकमा श्री ५ को सरकार र विभिन्न कार्यालयहरूका खाता रहन्छन् ।

नेपाल बैंक

अधिराज्यका महत्वपूर्ण वाणिज्य बैंकहरूमध्ये सबभन्दा माथिल्लो स्थान यसै बैंकको छ हाल मोरङ जिल्लामा नेपाल बैंक लि.को सिटी अफिस, मिल्स एरिया अफिस र रङ्गेलीस्थित उपशाखा गरी जम्मा तीन वटा कार्यालयहरू छन् । नेपाल बैंक लि० का यी शाखाहरूका मुख्य कार्यहरूमध्ये खाता खोल्ने, ड्राफ्ट तथा टी. टी. द्वारा ग्राहकहरूको रकम एक ठाउँबाट अर्को ठाउँमा पठाउने, विभिन्न व्यापारिक सामान धितोमा लिई ऋण उपलब्ध गराउने, विदेशी मुद्राको सटही गरी दिने आदि कामहरू गर्दै आएको छ ।

मोरङ जिल्लास्थित नेपाल बैंकका सबै शाखा कार्यालयहरूमा २०३० असोज मसान्तसम्ममा डिपोजिट रहेको रकम निम्न बमोजिम देखिन आउँछ:—

निक्षेपको किसिम	विराटनगर सिटी कार्यालय	विराटनगर मिल्स एरिया कार्यालय	रङ्गेली कार्यालय	जम्मा
चल्ती	१,०२,७५,०००।	७४,७४,०००।	३,६६,०००।	१,८१,१५,०००।
बचत	५०,३८,०००।	७,६४,०००।	३,५७,०००।	६१,५९,०००।
मुद्दती	५३,४६,०००।	८८,५०,०००।	३,१७,०००।	१,४५,१३,०००।
	२,०६,५९,०००।	१,७०,८८,०००।	१०,४०,०००।	३,८७,८७,०००।

नेपाल बैंक लिमिटेड जस्तै राष्ट्रिय वाणिज्य बैंकले पनि जिल्लाको व्यावसायिक तथा औद्योगिक कारोवारमा कर्जा दिने, बील भुक्तानी गराउने, ड्राफ्ट तथा टी. टी. ट्रान्सफर गर्ने, सर्वसाधारणको रकम जम्मा गर्ने आदि काम गर्दछ ।

यस बैंकको विभिन्न खातामा २०३० साल असोज मसान्तसम्ममा जम्मा भएको रकम निम्न बमोजिम छः—

चल्ती	६२,९०,०००।
बचत	२२,६६,०००।
मुद्दती	१८,५०,०००।
जम्माः—	१,०४,०६,०००।

यिनीहरू बाहेक जिल्लामा कृषि विकास बैंकले पनि कृषकहरूलाई ऋण दिई उनीहरूको आर्थिक अवस्था दरिलो पार्ने काम गरिरहेको छ । यस बैंकद्वारा आर्थिक वर्ष २०३०।३१ को पुस मसान्तसम्ममा यस जिल्ला भित्र विभिन्न काममा गरिएको लगानी रकम जम्मा रू. ७०,७९, ६२७। पुगेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार तथा बिजुली

यातायात

मोरङ जिल्लाको उत्तरी भाग पहाडी भाग भएको हुंदा दक्षिणको समथर भागमाभन्दा उत्तरपट्टि यातायातका साधनहरू कमै छन्। दक्षिण तराइको मैदान भागमा पनि एक ठाउँबाट अर्को ठाउमा जान महेन्द्र राजमार्ग र जोगवनी–धरान सडक बाहेक अरू सबै कच्ची र गाडा मात्र चल्ने बाटाहरू छन्। साधारणतया यातायातको दृष्टिकोणले यो जिल्लालाई सुगम भनी मानी आएको भए तापनि बाह्रै महीना यस जिल्लाको एक ठाउँबाट अर्को ठाउँमा जान कठिन पर्दछ। वर्षातको समयमा जब बाढी आउन थाल्दछ उत्तरबाट दक्षिणतिर बगेका नदीहरूले गर्दा पूर्व-पश्चिम आवत-जावत गर्न प्रायः असम्भव हुन्छ। हिउँदमा भने एक गाउँबाट अर्को गाउँ जाने गाडाको बाटाहरूमा जीपसम्म चल्न सक्छ। एक गाउँबाट अर्को गाउँ जाने गोरेटाहरू भने यस जिल्लामा प्रशस्त छन्। जति सडकहरू छन् तिनीहरू पनि प्रायः दक्षिण-पश्चिममा मात्रै सीमित छन्। जिल्ला भित्रका राजमार्ग तथा सडकहरूका छोटकरी वर्णन तल दिइन्छ।

महेन्द्र राजमार्ग

मोरङ जिल्लाको करीब बीचबाट गएको यो राजमार्ग पूर्वमा मधुमल्ला गाउँ पञ्चायतको पूर्वी सीमानादेखि पश्चिममा दुलारी गाउँ पञ्चायतको पश्चिम सीमाना बूढी नदीसम्म सरदर लम्बाइ ४६ किलोमिटर (२८ माइल) जति छ। पूर्वमा यसको केही भाग झापा जिल्लाको दमक गाउँ पञ्चायतभित्रबाट गएको छ। यो राजमार्ग नेपाल अधिराज्यको पूर्व-पश्चिम राजमार्गको एक खण्ड हो। हाल यस महेन्द्र राजमार्गको पूर्वीभागको ७५ प्रतिशत भन्दा बढी काम सकिएको छ। यही राजमार्गको बाटोगरी पूर्वमा भारतीय सीमाना अथवा झापाको सदरमुकाम चन्द्रगढीसम्म पुग्न सजिलो भएको छ। विराटनगरबाट इलामसम्म जाने मोटरको बाटो पनि यही नै हो। यस राजमार्गले गर्दा आवतजावतमा निकै सुविधा भएको छ। फलस्वरूप बाटोको दुवैतिर जङ्गल फाँडी बस्तीहरू बस्न थालेकाछन्। हाल यस राजमार्गमा बस तथा भाडाका जीपहरू चल्न थालेकाछन्। यस जिल्लाको उत्तरतिरको पहाडी क्षेत्रको तथा दक्षिणको तराई क्षेत्रका गाउँहरूलाई नजीक ल्याउने काममा यो मार्ग एउटा महत्वपूर्ण माध्यम भएको छ।

यो राजमार्ग खुलेदेखि यसको छेउछाउ तथा घुम्तीहरूमा बढ्न थालेका हाट बजारहरूमा उर्लाबारी, सलकपुर, बुधबारे–हरैंचा मोड, बेलबारी सोमबारे मोड, मङ्गलबारे, दुलारी आदि मुख्य हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति राजमार्ग

विराटनगरदेखि धरानसम्म गएको यो राजमार्गको मोरङ जिल्लाभित्रको भाग जोगबनीदेखि हात्तीमूढाको पश्चिम सीमानास्थित बूढी नदीको पुलसम्म अन्दाजी १९ किलोमिटर लामो छ। यो मार्गको निर्माण २०१६ सालमा सम्पन्न भएको हो। हाल यस मार्गको चौडाइ बढाइएको छ। विराटनगरदेखि उत्तरमा पर्ने पूर्व-पश्चिम राजमार्गलाई जोड्ने मुख्य सडक यही हो। कोशी अञ्चलका पहाडी जिल्लाहरू धनकुटा र तेह्रथुम तथा सगरमाथा अञ्चलको भोजपुर जिल्लाका मानिसहरूलाई भारत जान परेमा यही बाटोलाई प्रयोग गर्दछन्। विराटनगर नजीकै यो सडकको दुवैतिर राम्रा राम्रा भवनहरू खडा भइसकेकाछन्। यस बाटोको दुवैतिर मोरङ जिल्लाका ठूल-ठूला मिलकारखानाहरू निर्माण भएका छन्।

रङ्गेली सडक

विराटनगरदेखि पूर्वस्थित रङ्गेली बजारसँग सदरमुकाम विराटनगरलाई जोड्ने यो सडक अन्दाजी २० किलोमिटर (१२ माइल) लामो छ। यो सडक विराटनगर र रङ्गेलीको बीचमा पर्ने पञ्चायतहरू कटहरी, दादर वेरिया, कदमहा, सौराभाग र बबिया बिर्ताको केही भाग भएर गएको छ। यो सडकको शहरभित्र पर्ने केही भागमा पीच भएको छ र सिंगिया नदीदेखि लोहान्द्रा नदीसम्म ईंट छापिएको छ। तर त्यसपछि रङ्गेलीसम्म कच्ची नै छ। उत्तरबाट दक्षिण बगेका नदीहरू जस्तै लोहान्द्रा, बक्राहा, चिसाङमा हालसम्म पनि पुलहरू नभएको हुँदा वर्षातमा यो सडक प्रायः बन्द रहन्छ। विराटनगरबाट तैयारी सामानहरू रङ्गेलीतर्फ र रङ्गेली अथवा आसपासबाट कच्चा सामानहरू विराटनगर शहर तर्फ ल्याउने मुख्य बाटो भएकोले पहिले यसको निकै महत्व थियो। पहिले विराटनगरबाट झापा जाने मुख्य बाटो पनि यही नै थियो।

रङ्गेली-कानेपोखरी बाटो

रङ्गेलीदेखि उत्तर महेन्द्र राजमार्गस्थित कानेपोखरीसम्मको यो सडक पनि करीब २२ किलोमिटर (१४ माइल) लामो छ। पहिले रङ्गेलीबाट उत्तरस्थित लेटाङ बजार जाने मुख्य बाटो पनि यही नै थियो। यो बाटो उत्तर-दक्षिण दिशामा बनेको हुँदा यसमा बक्राहा नदी बाहेक अरू नदी-नाला पर्दैनन्। वर्षातमा विराटनगर-रङ्गेली सडकमा धेरै नदीहरूको कारण बन्द हुने भएकोले विराटनगर, इटहरी, कानेपोखरी हुँदै रङ्गेली जान सजिलो पर्दछ। आजकाल यस सडकलाई चतरा नहर निर्माणको लागि आवश्यक ढुङ्गाहरू ओसार्ने काममा प्रयोग गरिन्छ।

कानेपोखरी-लेटाङ बाटो

कानेपोखरीदेखि लेटाङ बजारसम्म गएको यो मार्ग जिल्लाको उत्तरी भागस्थित केही पञ्चायतहरूको निमित्त महत्वपूर्ण छ। रङ्गेली-कानेपोखरी बाटो जस्तै यो पनि उत्तर-दक्षिण दिशामा भएको हुँदा खोला नालाको समस्या कम पर्दछ। हिजो आज यस बाटोमा पनि जीप सेवा चालू छ। लेटाङ बजार नजीकै धेरै ढुङ्गा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू पाइने हुँदा त्यहाँबाट ढुङ्गा ओसार्ने ट्रकहरू पनि चल्दछन् । यो सडक करीब करीब नौ किलोमिटर (छ माइल) लामो छ । सडकको धेरै जसो भाग जङ्गल भित्रबाट गएको छ ।

चतरा नहर सडक

मोरङ जिल्लाको करीब बीचबाट गएको चतरा मुख्य नहरको दायाँ बायाँ किनारलाई सडकको रूपमा काम लिइएको छ । यस सडकको चौडाइ १२ देखि १५ फीट छ । जिल्लाभित्र पर्ने यस नहरको लम्बाइ करीब ५३ किलोमिटर (३३ माइल) हुन आउँछ । विराटनगर-धरान बाटोको बीचमा पर्ने खनारदेखि मोरङ जिल्लाको मध्य भागसम्म पुग्न यस सडकले निक्कै मद्दत पुऱ्याएको छ । यस सडकमा साना ठूला गरी जम्मा ६३ वटा पुलहरू पर्दछन् । हाल यो बाटो कच्ची अवस्थामा छ ।

यी माथि उल्लिखित सडकहरूमध्ये जिल्लाभित्र एक ठाउँबाट अर्को ठाउँमा जाने हिउँदे बाटोहरू धेरै छन् जसमा राम्रो मौसममा जीपसम्म चलाउन सकिन्छ । त्यसमध्ये विराटनगरबाट हरैंचा भई झापा जाने पुरानो बाटो उल्लेखनीय छ । यस्ता किसिमका बाटोहरूमा प्रायः बयल गाडा प्रयोग गरिन्छ । यस जिल्लाको अरू सवारीका साधनहरूमध्ये हात्तीलाई पनि मुख्य रूपमा लिन सकिन्छ । हात्तीले वर्षातको समयमा पनि ठूल-ठूला नदी तार्न सक्ने भएको हुँदा वर्षातमा मानिसहरू हात्ती निक्कै प्रयोग गर्दछन् ।

जिल्लाको उत्तरी भागको मिकलुङ डाँडामा खालि गोरेटो बाटो मात्र पाइन्छ । यी गोरेटोहरूमध्ये फराकिला र बढी उपयोगमा आएका गोरेटोहरू चिसापानीबाट मधुमल्ला बजार आउने तथा सिंहदेवी सोमबारेबाट हरैंचा आउने मुख्य हुन् ।

हवाइ यातायात

यस मोरङ जिल्लाको सदरमुकाम विराटनगरमा एउटा विमानस्थल छ यो विमानस्थल कञ्चनबारी पञ्चायत अन्तर्गत पर्दछ । विराटनगरको मुख्य बजारबाट यो स्थल उत्तर-पश्चिममा अन्दाजी चार किलोमिटर टाढा पर्दछ । यो करीब ६७० हेक्टर (१०० बिघा) जमीनमा बनेको छ । यो विमानस्थलको धावन मार्ग १,५१५ मिटर (५,००० फीट) लामो र ३०.५ मिटर (१०० फीट) चौडा छ ।

हुलाक

यस मोरङ जिल्लामा हुलाक क्षेत्रिय निर्देशनालय, कोशी अञ्चल नियन्त्रण कार्यालय र मुख्य हुलाक कार्यालय छन् । जिल्लामा भएको विभिन्न हुलाकहरूको संख्या र स्तरको नामावली तल दिइएको छः—

स्तर	पञ्चायत	ठाउँ
मुख्य हुलाक	विराटनगर नगर पञ्चायत	विराटनगर
वैदेशिक हुलाक	" " "	"
बजार शाखा हुलाक	" " "	"
शाखा हुलाक	" " "	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाखा हुलाक	विराटनगर नगर पञ्चायत	रानिसिकियाही
" "	वरडाँडा गाउँ पञ्चायत	चुनिमारी
" "	रङ्गेली गाउँ पञ्चायत	रङ्गेली
" "	हरँचा गाउँ पञ्चायत	हरँचा
" "	मधुमल्ला गाउँ पञ्चायत	मधुमल्ला बजार
अतिरिक्त हुलाक	राजघाट गाउँ पञ्चायत	आमवारी
" "	बाहुनी गाउँ गाउँ पञ्चायत	बाहुनी
" "	बयरवना गाउँ पञ्चायत	बयरवना
" "	गोविन्दपुर गाउँ पञ्चायत	गोविन्दपुर
" "	सिजुवा गाउँ पञ्चायत	सिजुवा
" "	हरँचा गाउँ पञ्चायत	सलकपुर
" "	बबिया बिर्ता गाउँ पञ्चायत	बबिया विर्ता
" "	कटहरी गाउँ पञ्चायत	कटहरी
" "	थलाह गाउँ पञ्चायत	थलाहा
" "	केराबारी गाउँ पञ्चायत	केराबारी
" "	लेटाङ गाउँ पञ्चायत	लेटाङ
सहकारी हुलाक	दादरवँरिया गाउँ पञ्चायत	दादरवँरिया
" "	सिध्राहा गाउँ पञ्चायत	सिध्राहा
" "		लक्ष्मणिया
" "	अमरदह गाउँ पञ्चायत	अमरदह

हुलाक सेवा विभागले वर्षको दुई पटक अर्थात् चैत ८ गतेदेखि १४ गते र असोज ८ गतेदेखि १४ गतेसम्म हुलाक वस्तुको गणना गराउने गरेको छ। २०२९ साल चैत्र ८ गतेदेखि १४ गतेसम्म यस जिल्लामा हुलाकवस्तुहरू गणना गरेको आधारमा निकालिएको तथ्याङ्क अनुसार चिट्ठी पत्रहरू आउने संख्या २५,७३५ र जाने संख्या १८,५७६ देखिन्छ। जिल्लाको बढी चिट्ठी आउने क्षेत्र विराटनगर शहर हो। काठमाडौं-विराटनगर बीच दैनिक विमान सेवा शुरू भएदेखि विराटनगर र काठमाडौं बीचको हुलाक सेवा छिटो छरितो भएको छ।

आकाशवाणी र टेलिफोन

यस जिल्लाको सदरमुकाम विराटनगर एक ठाउँमा मात्र आकाशवाणी छ। यहाँबाट वर्षभरिमा कल समेत २८,२५४ खबरहरू आवत-जावत हुन्छ। विराटनगरमा भएको आकाशवाणी अञ्चल "एरिया कन्ट्रोल" आकाशवाणी हो जसले काठमाडौं लगायत सबै अञ्चलका सदरमुकामहरू र धरान, धनकुटा, चैनपुर, तेह्रथुम, ताप्लेजुङ्ग, फिदिम, भद्रपुरसँग सिधा सम्पर्क राख्न सक्दछ। अन्तर्राष्ट्रिय ट्रङ्क कल विराटनगर-कलकत्ता बीच पनि हुन्छ।

विराटनगरमा टेलिफोन २०२३ सालदेखि चालू भएको छ। हाल यस शहरमा जम्मा ४०० लाइनहरू छन्। यिनीहरू सबै नेपाल दूर सञ्चार समिति क्षेत्रिय कार्यालय विराटनगर मार्फत सञ्चालित छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिजुली

यस मोरङ जिल्लामा वि. सं. १९९९ देखि विद्युत् शक्ति उपलब्ध भएको हो। पहिले विराटनगरमा लेटाङ बजारस्थित लोहान्द्रा नदीबाट उत्पादित विद्युत् शक्ति मोरङ हाइड्रो–इलेक्ट्रिक कम्पनीबाट वितरण भएको थियो। पछि २०२२ सालमा आएको बाढीले उक्त विद्युत्गृह बगाएर लगेपछि सो विद्युत् शक्ति आउन छोड्यो। हाल कोशी योजनाद्वारा उत्पादित १५,००० किलोवाट विद्युत् शक्ति मध्ये १,५०० किलोवाट प्राप्त भई मोरङ हाइड्रो–इलेक्ट्रिक कम्पनीद्वारा नै वितरण भैरहेको छ। यो कम्पनी प्राइभेट लिमिटेड हो तर यसको केही प्रतिशत शेयर नेपाल औद्योगिक विकास निगमले लिएको छ। यस कम्पनीले हाल कोशी योजनाबाट प्राप्त नपुग विद्युत् शक्ति डिजेल जेनेरेटरध्दारा प्राप्त गरी वितरण गरिरहेको छ। त्यस्तै विराटनगर जूट मिलले पनि आफ्नो उद्योगलाई प्राथमिकता दिई बाँकी रहेको विद्युत् शक्ति साधारण प्रयोगको लागि दिने गरेको छ।

सबै स्रोतहरूको जम्मा गर्दा हाल विराटनगरमा उपलब्ध कुल विद्युत् शक्ति ३,००० किलोवाट पुगेको छ। तर विराटनगरको बिजुलीको माग २०२७।२८ मा ३,९०० किलोवाट भएको र चौथो योजनाको अन्तसम्ममा ७,५०० किलोवाट पुग्ने भएकोले हाल उपलब्ध भइराखेको ३,००० किलोवाट बाहेक चौथो योजना कालमा हेटौंडामा रहेको २,९८० किलोवाट क्षमताको डिजेल "प्लाण्ट"लाई विराटनगरमा सार्ने र अर्को एउटा नयाँ डिजेल "प्लाण्ट" जडान गर्ने लक्ष्य राखिएको छ।

कन्काई बहुमुखी आयोजना पूरा भएपछि यसबाट अन्दाजी ३०,००० किलोवाट बिजुली उपलब्ध हुनेछ। त्यसबाट उत्पादन हुने धेरैजसो विद्युत् शक्ति धरान विराटनगरमा खपत हुने भएकोले उक्त योजना पूरा भएपछि विराटनगरमा बिजुलीको अभाव पूर्ति हुने आशा गर्न सकिन्छ। यो आयोजना आर्थिक वर्ष २०३२।३३ मा मात्र पूरा हुने लक्ष्य राखिएको छ। हाल जति पनि बिजुली उत्पादन भइरहेको छ सबैजसो विराटनगर बजारमा खपत भई गाउँहरूमा लैजान सकिएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यस मोरङ जिल्लामा एक बहुमुखी महाविद्यालय छ। त्यसमा तीनवटा क्याम्पसहरू क्रमशः समाज शास्त्र, विज्ञान र वाणिज्य तथा व्यावसायिक विभाग छन्। यस क्याम्पसको नाउँ महेन्द्र आदर्श क्याम्पस हो। अन्य विद्यालयहरू निम्नानुसार छन्।

व्यावसायिक माध्यमिक विद्यालय	२
साधारण माध्यमिक विद्यालय	१३
निम्न माध्यमिक विद्यालय	६९
प्राथमिक विद्यालय	१०१

यस जिल्लामा २०२९ साल पुस १ गतेदेखि राष्ट्रिय शिक्षा पद्धति लागू भएको छ। त्यसैले यस जिल्ला–मा शिक्षण संस्थाहरूको किसिम नयाँ शिक्षा योजना लागू नभएका जिल्लाहरूमाभन्दा भिन्नै प्रकारका छन्। हाल यस जिल्लाको शिक्षा संगठन प्राथमिकमा एकदेखि तीन कक्षासम्म, निम्न–माध्यमिकमा चारदेखि सात कक्षा-सम्म र माध्यमिकमा आठदेखि १० कक्षासम्म गरिएको छ। त्यसअनुसार आठ–दश कक्षासम्म भएका माध्यमिक विद्यालयहरूमा दुई व्यावसायिक र १३ साधारण माध्यमिक गरी जम्मा १५ वटा छन्। निम्न–माध्यमिक तर्फ चारदेखि सात कक्षासम्म भएका जम्मा २६ वटा र निम्न माध्यमिक भएर पनि प्राथमिक कक्षाहरूमै सञ्चालन भइरहेका तर चार र पाँच कक्षा मात्रै भएका जम्मा ४३ छन्। बाँकी एकदेखि तीन कक्षासम्म भएका प्राथमिक विद्यालयहरू १५६ वटा छन्। तर यही १५६ वटा प्राथमिक विद्यालय संख्या भित्रै चार र पाँच कक्षा भएका निम्न माध्यमिक विद्यालयहरू पनि समावेश भएको हुँदा कुल प्राथमिक विद्यालय संख्या माथि उल्लिखित संख्याभन्दा कमै हुन्छ।

शिक्षाको क्षेत्रमा अधिराज्यका धेरै जिल्लाहरूभन्दा यो जिल्ला अगाडि छ। २०२८ सालको जन-गणना अनुसार छ वर्ष र सोभन्दा माथिका जनसंख्या जम्मा २,४१,१०१ मध्ये ४८,३४० अथवा २० प्रतिशत साक्षर छन्। त्यसमध्ये ३८,८६६ (३०.३ प्रतिशत) पुरुष र ९,४७४ (८.४ प्रतिशत) महिला पर्न आउँछन्।

पूरा कोशी अञ्चलको साक्षर जनसंख्यासित तुलना गर्दा यस जिल्लाको साक्षर संख्या सबभन्दा बढी पाइन्छ। अञ्चलका पाँचवटा जिल्लाहरूको विद्यालय जान सक्ने उमेर अर्थात् छ वर्षदेखि माथिको संख्यामध्ये साक्षर संख्या र प्रतिशतको तुलनात्मक तालिका निम्नअनुसार छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाहरू	विद्यालय जानसक्ने उमेर संख्या	साक्षर संख्या	प्रतिशत
संखुवासभा	९५,५३७	१२,६७०	१३.३
तेह्रथुम	९९,२२९	१६,८३४	१७.०
धनकुटा	८९,३४२	१४,३७२	१६.१
मोरङ	२,४१,१०१	४८,३४०	२०.०
सुनसरी	१,७९,४९३	३४,९९६	१९.५
जम्मा	७,०४,७०२	१,२७,२१२	१८.१

जिल्लाको छ वर्षदेखि माथिको उमेर संख्या २,४१,१०१ मध्ये साक्षर संख्या ४८,३४० लाई लिंग र वर्ष अनुसार वर्गीकरण गर्दा निम्नानुसार हुन आउँछः—

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	१७,४१५	४,२५२	२४.४	१७,०१५	२,०९५	१२.३	३४,४३०	६,३४७	१८.४
१०–१४	१७,७८०	७,५६९	४२.६	१४,६२३	२,९३७	२०.१	३२,४०३	१०,५०६	३२.४
१५–१९	१४,३२४	५,८९८	४१.२	१२,०६८	१,७५४	१४.५	२६,३९२	७,६५२	२९.०
२०–२४	१२,७१८	४,८५९	३८.२	१२,४९०	१,०७२	८.६	२५,२०८	५,९३१	२३.५
२५–२९	१४,२७५	४,५२०	३१.७	१२,१८०	५८०	४.८	२६,४५५	५,१००	१९.३
३०–३४	१०,३११	२,९२९	२८.४	१०,३०६	३४७	३.४	२०,६१७	३,२७६	१५.९
३५–३९	११,५८३	२,८५३	२४.६	८,९२३	२६१	२.९	२०,५०६	३,११४	१५.२
४०–४४	७,८८४	१,८४१	२३.४	६,८६९	१७२	२.५	१४,७५३	२,०१३	१३.२
४५–५४	१२,११७	२,५०३	२०.७	८,८०४	१६५	१.९	२०,९२१	२,६६८	१२.८
५५–६४	६,३८९	१,०९२	१७.१	५,६३३	५९	१.०	१२,०२२	१,१५१	९.६
६५ र माथि	३,६६१	५५०	१५.०	३,७३३	३२	.९	७,३९४	५८२	७.९
जम्मा–	१,२८,४५७	३८,८६६	३०.३	१,१२,६४४	९,४७४	८.४	२,४१,१०१	४८,३४०	२०.०

उपर्युक्त तालिका अनुसार यस जिल्लामा सबभन्दा बढी साक्षर १० वर्षदेखि १४ वर्षसम्मका केटा–केटीहरू हुन्। यस समूहका जम्मा ३२.४ प्रतिशत साक्षरमध्ये पुरुष ४२.६ प्रतिशत र महिला २०.१ प्रतिशत पर्न आउँछ। जतिसुकै शिक्षाको क्षेत्रमा विकास भए तापनि नारी शिक्षा अझै माथि आउन सकेको छैन। यस जिल्लामा साक्षर पुरुष ३८,८६६ अर्थात् ३०.३ प्रतिशतको अनुपातमा महिला साक्षर संख्या खालि ९,४७४ अर्थात् ८.४ प्रतिशत मात्र छ।

नयाँ शिक्षा लागू भइसकेपछि माध्यमिक विद्यालय (आठदेखि १० कक्षा) मा पढ्ने विद्यार्थी संख्या २,३८४ मध्ये १,७२९ छात्र र ६५५ छात्राहरू छन्। त्यस्तै निम्न माध्यमिक तर्फ (चारदेखि सात कक्षासम्म) जम्मा संख्या ५,०८३ मध्ये ३,८६२ छात्र र १,२२१ छात्रा पढ्दछन्। प्राथमिक विद्यालय भन्नाले एक देखि तीन कक्षासम्मकोमा छात्र ६,५३६ र छात्रा २,२०७ गरी जम्मा ८,७४३ विद्यार्थी पढिरहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाका माध्यमिक र निम्न माध्यमिक विद्यालय तथा प्राथमिक विद्यालयमा पढाउने ७६६ जनामध्ये शिक्षक ६८४ र शिक्षिका ८२ छन् । यस जिल्लामा काम गरिरहेका शिक्षकहरूमध्ये १०६ जना विदेशी र २२५ अन्य जिल्लाबाट आएका नेपाली नागरिक छन् । माध्यमिक तथा त्यसभन्दा मुनिका विद्यालयहरूको प्रशासनिक एवं अन्य व्यवस्था जिल्ला शिक्षा समितिको निर्देशनमा जिल्ला शिक्षा अधिकारी कार्यालयबाट गरिन्छ। विराटनगरस्थित यो कार्यालय क्षेत्रिय शिक्षा निर्देशनालयबाट नियन्त्रित छ। जिल्लामा प्रौढ शिक्षालय जम्मा १९ वटा खुलेका छन् । हाल यस जिल्लामा सञ्चालन भइरहेका विद्यालयहरूमध्ये ६६ वटा मात्रै पक्की भवनमा छन् अरू सबै कच्ची नै छन् ।

स्वास्थ्य

मोरङ जिल्लामा विराटनगरको कोशी अञ्चल अस्पताल एक र रङ्गेलीको अस्पताल एक गरी दुई अस्पताल छन् जसमा क्रमशः १०० र १५ शय्या छन् । विराटनगरको अस्पतालमा ११ जना र रङ्गेलीमा दुई जना गरी जम्मा १३ जना डाक्टरहरूको दरबन्दी छ । यी अस्पतालहरूमा जिल्लाका विभिन्न क्षेत्रका बाहेक सगरमाथा अञ्चलको उदयपुर, भोजपुर र कोशी अञ्चलका धनकुटा, तेह्रथुम, संखुवासभा समेतबाट बिरामीहरू आउँदछन् । वर्षमा अन्दाजी ४७ हजार बिरामी जाँच्ने काम हुन्छ । यी अस्पतालहरू बाहेक निम्न हरैंचा, मझारे, झोंकिया, मधुमल्ला, बयरवना, अमरदह, विराटनगर नगर पञ्चायत, दादर बैरिया, रङ्गेली, केराबारी, लेडाङ र दरवेशा पञ्चायतहरूमा जम्मा १२ वटा स्वास्थ्य चौकीहरू छन् ।

यो जिल्लामा देखिएका मुख्य रोगहरू पेटका रोगहरू नै हुन् । स्वच्छ पिउने पानी उपलब्ध नहुनुको कारणबाट यी रोगहरू ज्यादा भएको हो भन्ने डाक्टरहरूको भनाइ छ । धामी झाँक्रीहरू विशेष गरेर स्वास्थ्य केन्द्र नरहेको ठाउँहरूमा पाइन्छन् । यी अस्पताल तथा स्वास्थ्य चौकी बाहेक यस जिल्लामा आयुर्वेदिक औषधालय, परिवार नियोजन क्लिनिक र औलो उन्मूलन, बिफर उन्मूलन, क्षयरोग, कुष्ठरोग नियन्त्रण कार्यहरू सुचारुरूपले चालू छन् । यिनीहरूमध्ये हरेकको छोटकरी विवरण तल दिइएको छः–

यस मोरङ जिल्लामा ई. सं. १९६१।६२ देखि औलो उन्मूलन कार्यक्रम सञ्चालन भई आएको हो । ई. सं. १९७३ सम्ममा ९२.९ प्रतिशत जनसंख्या बसोबास गरेको क्षेत्र रेखदेख अवस्थामा (डी. डी. टी. छर्कन नपर्ने) मा परिणत भइसकेकोले कार्यमा सन्तोषप्रद सफलता हासिल हुन गएको देखिन्छ । त्यसको फलस्वरूप औलोको प्रकोपले उब्जाउ नभएका क्षेत्रहरूमा समेत विकासको लहर आउन थालेको छ ।

वि. सं. २०३०।०३१ सालमा आक्रमण अवस्थामा रहेका क्षेत्रहरूमा लक्ष्य अनुसार तीन पटकसम्म डी. डी. टी. छर्कने कार्य सम्पन्न गरिनुको साथै यस जिल्लाको सम्पूर्ण क्षेत्रमा ज्वरो आएका मानिसहरूबाट रक्त सङ्कलन गर्ने कार्य पनि लक्ष्यअनुसार सम्पन्न भएको थियो । उक्त कार्यक्रमअनुसार जिल्लामा जम्मा ३५१ औलो रोगीहरू फेलापरेकामा ५५ प्रतिशत विदेशबाट आएको, २० प्रतिशत स्थानीय प्रसारणबाट, छ प्रतिशत नेपालभित्रकै अन्य जिल्लाबाट आएको, ११ प्रतिशत औलो रोग बल्किएको र आठ प्रतिशत रोगीहरूको कारण पत्ता नलागेको देखिएको छ ।

हाल बढ्दै गइरहेको औलो रोगको संख्याले भविष्यमा अरू बढी समस्या खडा हुन नदिन अन्तर्राष्ट्रिय मूल्याङ्कन दलको सिफारिशमा डी. डी.टी. छर्कन बन्द भइसकेको क्षेत्रमा समेत पुनः छर्कने योजना तयार पारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यान्वयन हुन थालिसकेको छ। यसरी भविष्यमा आसाम तथा यसका वरपरबाट आउने औलो रोगहरू बढ्दै गएतापनि स्थानीय प्रसारणबाट प्रकोप बढ्न नसक्ने कुरा प्रष्ट हुन जान्छ।

गत २०२४ सालमा नेपाल मेडिकल ट्रष्टको अफिस स्थापना भएदेखि उक्त ट्रष्ट, टी. बी. कन्ट्रोल पाइलट प्रोजेक्ट र विराटनगर अस्पतालको सहयोगमा यस अञ्चलमा बी. सी. जी. दिने काम शुरू भएको थियो। कोशी अञ्चलका २,१६,१२० केटाकेटीहरू (जिल्ला भित्रका कुल केटाकेटी संख्याको ६६ प्रतिशत) लाई बी. सी. जी. दिने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०२९।०३० सम्ममा २,४०,००० भन्दा बढी पुग्न गई लक्ष्यभन्दा बढी काम भयो। हाल प्रतिरक्षाकोरूपमा क्लिनिकहरूमा मात्र बी. सी. जी. दिने काम भइरहेको छ।

उक्त ट्रष्ट (बी.एन.एम.टी.) द्वारा धनकुटा र चैनपुरमा एक–एक टी. बी. क्लिनिक सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०२९।०३० मा चिकित्सा भइरहेका क्षय रोगका बिरामीहरूको संख्या धनकुटा क्लिनिक र चैनपुर क्लिनिकमा क्रमशः ३०२ र ८९ सम्म पुगेको थियो। हाल प्रत्येक महीना धनकुटा क्लिनिकमा लगभग ३०० जना क्षयरोगका बिरामीहरूको उपचार भइरहेको र लगभग १० जना बिरामीहरू निकोभइसकेका छन्।

नेपाल क्षयरोग निवारण संस्थाद्वारा सञ्चालित विराटनगर टी. बी. क्लिनिक र जोगवनी उपक्लिनिकमा गरी प्रत्येक महीनामा लगभग ६०० जना क्षयरोगका बिरामीहरूको उपचार भएको छ। प्रत्येक महीना लगभग चार–पाँच जनामात्र औषधि उपचार पूरा गरी निको हुन्छन्। यसो हुनाको मुख्य कारण अधिकांश बिरामीहरू सम्भवतः दूरीको कारणले नियमितरूपले औषधोपचार गराउन नआएको हुनुपर्दछ।

कुष्ठरोगलाई नियन्त्रणमा ल्याउन वागमती, नारायणी, जनकपुर र सगरमाथा अञ्चलका विभिन्न जिल्लाहरूमा सर्वेक्षण तथा उपचार गर्न र सोको व्यवस्था मिलाउन एक कार्यक्रम चालू गरियो। आर्थिक वर्ष २०२९।०३०सालको लागि कोशी अञ्चलका विभिन्न जिल्लाहरूमा समेत कुष्ठरोग नियन्त्रण कार्यक्रम चालू भयो।

सर्वेक्षणद्वारा कुष्ठ रोगीहरू पत्ता लगाई उपचार गर्न र निरन्तर उपचारको लागि सरकारी अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीका स्वास्थ्य कार्यकर्ताहरूलाई सो सम्बन्धमा राम्रो बोध गराई बिरामीहरूको लगत तथा औषधिहरूसमेत दिने परियोजनाको उद्देश्य अनुसार २०२९।०३० सालको असोज महीनादेखि असारसम्म कोशी अञ्चलका सबै जिल्लाहरूमा कुष्ठरोग नियन्त्रणको कार्यक्रम कुष्ठरोग नियन्त्रण परियोजना काठमाडौंबाट आएका सर्भे टोलीद्वारा सम्पन्न भएको थियो।

बिफर उन्मूलन कार्यक्रमलाई सुचारुरूपले चलाउन सर्वप्रथम कोशी अञ्चलका मोरङ र सुनसरी जिल्ला पञ्चायतहरू, मेडिकल एसोसिएशन र कोशी अञ्चल अस्पतालद्वारा बिफर विरूद्ध समूह खोप कार्यक्रम चलाइएको थियो। हाल बिफर उन्मूलन आयोजनाको नामले प्रत्येक जिल्लाहरूमा बिफर उन्मूलन कार्यक्रम चलिरहेको छ। बिफर उन्मूलन कार्यक्रमलाई सुचारुरूपले चलाउनको निमित्त विश्व स्वास्थ्य संघले पनि सहयोग गरिआएको छ। त्यस्तै मोरङ जिल्लामा पनि यस आयोजनाले मोरङ जिल्ला अन्तर्गतका विभिन्न गाउँ पञ्चायत तथा नगर पञ्चायतमा बिफर विरुद्ध खोप दिई आएको छ।

मोरङ जिल्ला अन्तर्गतका ८० प्रतिशत मानिसहरूले बिफर विरुद्ध दिइने खोपबाट हुने फाइदाहरूको महत्व बुझी बढी रुचिका साथ खोप लिएर बिफरबाट सुरक्षित रहने गरेका छन्। बिफर विरुद्ध खोप कार्य गर्दा यस मोरङ जिल्लाका गाउँ पञ्चायतहरू तथा नगर पञ्चायतका पञ्चहरूले आ-आफ्नो गाउँ तथा नगर पञ्चायत अन्तर्गतका सबै मानिसहरूलाई बिफर विरुद्ध खोप दिलाई बिफर जस्तो संक्रामक रोगबाट सुरक्षित राखी बिफर उन्मूलन गर्न सहयोग गरिरहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लामा २०२७ सालदेखि खुलेको परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रले हालसम्ममा हजारौं मानिसहरूलाई उपचार गरेको छ। शुरूदेखि यस कार्यालयद्वारा परिवार नियोजनका साधनहरूको प्रचार–प्रसार र वितरण गर्दै आएको छ।

त्यस्तै मातृ शिशु सेवातर्फ २०३० चैत महीनासम्ममा उपचारार्थ आएका आमाहरू ३,६४६ तथा बच्चाहरू १२,१०७ को औषधोपचार भएको थियो।

खानेपानी

मोरङ जिल्लाभित्र असंख्य खोलानालाहरू बगिरहेका छन् तापनि जिल्लाको दक्षिण भागमा पुग्दा ती खोला नालाहरू निक्कै फोहर भई पानी खान लायक हुँदैन। त्यसैले दक्षिण भागका मानिसहरू इनार तथा टचूब–वेलबाट पानी झिक्ने गर्दछन्। तर इनार खन्न तथा टचूब–वेल जडान गर्न धेरै खर्च लाग्ने हुँदा खाने पानीको ठूलो समस्या छ। यो खाने पानीको समस्या रङ्गेली जस्तो बजारमा पनि छ। त्यहाँको पानी ज्यादै खराब भएकोले यसलाई मोरङको कालापानी पनि भन्दछन्।

जिल्लाको सदरमुकाम विराटनगरमा भने टचाङ्की खडा गरी नगरभित्र पानी वितरण भइरहेको छ। यहाँ प्रतिदिन ५०,००० ग्यालन पानी वितरण हुन्छ। यो टचाङ्कीबाट बढ्दो जनसंख्याको अनुपातमा पानी सन्तोषजनक ढङ्गबाट नगरबासीहरूलाई उपलब्ध गराउन सकेको छैन। श्री ५ को सरकारको विकास अनुदानद्वारा जिल्ला पञ्चायत मार्फत् विभिन्न खानेपानी योजनाहरू सञ्चालन भइरहेका छन्। जिल्लाभरिमा विराटनगर नगर पञ्चायत सहित विभिन्न ठाउँहरूमा एक करोड ४७ लाखको लागतमा २२ वटा खानेपानी आयोजनाहरू पूरा गर्ने लक्ष्य छ। यिनीहरूमध्ये साकफारा, टाँडी, याङशिला र केराबारी गाउँ पञ्चायतहरूका आयोजनाहरू विशेष उल्लेखनीय छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

मोरङ जिल्लाको प्रशासनिक इतिहास लामो छ। यो जिल्ला प्राचीन कालमा किराती राजाहरूद्वारा प्रशासित थियो। सोह्रौं शताब्दीमा आएर विजयपुरको राजा विजयनारायणलाई हराई सेनवंशको आधिपत्य भयो। त्यसबेलाका शासक लोहाङ सेनले पूर्वी तराईको आफ्नो राज्य दुई छोरा नातिहरूलाई बाँडिदिएका थिए। यिनीहरूको राज्य कालमा मोरङ प्रदेश पूर्णियाका नवावहरूको हातमा पर्न गयो। तर किरात प्रदेशको सहायताबाट नवावहरूलाई धपाएका थिए।

केही समयसम्म यस इलाकामा गोरखाली सेनासँग हारी मोरङ पसेका चौदण्डीका राजा कर्ण सेनले पनि राजकाज चलाएका थिए। ई. सं. १७७४ मा कर्ण सेनको मृत्यु भएकै सालमा गोरखाली सैन्यले विजयपुर आक्रमण गरी आफ्नो अधीनमा लियो। त्यसबेला विजयपुर राज्य पूर्वमा टिष्टा नदीसम्म फैलिएको थियो। तर ई. सं. १८१६ को सुगौलीसन्धि पछि मेची पारीको पूर्वीभाग ब्रिटिश भारतमा गाभिन गयो।

अविभाजित मोरङको सदरमुकाम धेरै वर्षसम्म विजयपुरमा रहेको थियो। तत्पश्चात् रङ्गेलीमा सारियो। आजभन्दा करीब ४०।४२ वर्ष पहिले रङ्गेलीबाट विराटनगरमा ल्याइएको हो। पञ्चायती व्यवस्थाको सूत्रपात हुनुभन्दा अगाडिसम्म यस मोरङ जिल्लाभित्र झापा, सुनसरी तथा सप्तरीको केही भाग समेत गाभिएको थियो। त्यसबेला विराटनगर गोश्वारा अन्तर्गत सम्पूर्ण इलाका प्रशासित थियो। वि. सं. २०१९ सालमा तत्कालीन मोरङका १० वटा प्रगन्नाहरूलाई छुट्याई वर्तमान मोरङ जिल्लाको गठन गरियो। यसमा धनकुटा जिल्लाभित्र पर्ने पहाडी भागको केही अंश पनि समावेश भएको छ। ऐतिहासिक नगर विजयपुर हाल सुनसरी जिल्लाभित्र पर्दछ। अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन नगरेसम्म सुनसरी जिल्ला पनि यसै अन्तर्गत पर्दथ्यो। हाल विराटनगरको अञ्चलाधीश कार्यालय मार्फत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासन सञ्चालन भइरहेको छ। अब यस जिल्ला पूर्वाञ्चल विकास क्षेत्रभित्र परेको हुँदा पूर्वाञ्चल विकास केन्द्र धनकुटाबाट यसको प्रशासन सञ्चालन हुने भएको छ।

यस जिल्लामा अञ्चल तथा जिल्लास्तरीय कार्यालयहरू रहेका छन्। त्यस बाहेक हाल पूर्वाञ्चल क्षेत्र अन्तर्गतका क्षेत्रिय निर्देशनालयहरू पनि खोलिसकिएका छन्। हाल विराटनगर स्थित यस जिल्लाभित्र परेका सरकारी, अर्ध सरकारी (संस्थान) र गैर सरकारी कार्यालयहरू यसप्रकार छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारी कार्यालयहरू

कोशी अञ्चलाधीश कार्यालय	प्रमुख जिल्ला अधिकारीको कार्यालय
पूर्व क्षेत्र डी. आई जी. पी. कार्यालय	जिल्ला शिक्षा कार्यालय
क्षेत्रिय कृषि निर्देशनालय	स्थानीय विकास विभाग
जल वायु तथा विज्ञान विभाग निर्देशनालय	सूचना केन्द्र विराटनगर
नापी क्षेत्रिय निर्देशनालय	मोरङ जिल्ला अदालत
हुलाक क्षेत्रिय निर्देशनालय	जिल्ला सहकारी विभाग
कोशी अञ्चल हुलाक नियन्त्रण कार्यालय	क्षेत्रिय पुनर्बास आयोजना कार्यालय
प्रधान वन कार्यालय	स. स. अ. तथा स. स. अ. कार्यालय
कोशी अञ्चल कर कार्यालय	कोशी क्षेत्र विद्युत् आयोजना
अन्तःशुल्क कार्यालय	चतरा फील्ड च्यानल आयोजना डिभिजन कार्यालय
नेपाल लोक सेवा आयोग	जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय
विराटनगर भन्सार कार्यालय	राष्ट्रिय यातायात व्यवस्था
कोष तथा तहसील कार्यालय	फ्याक्टरी इन्स्पेक्टर कार्यालय
मुख्य हुलाक कार्यालय	कृषि विकास कार्यालय
सार्वजनिक निर्माण कार्यालय	वैदेशिक हुलाक विराटनगर
सार्वजनिक निर्माण भवन विभाग कार्यालय	म्याट्रिक नाप तौल कार्यालय
केन्द्रीय कारागार कार्यालय	परिवार नियोजन कार्यालय

संस्थान तथा गैर सरकारी कार्यालयहरू

विराटनगर नगर पञ्चायत कार्यालय	कृषि विकास बैंक
जिल्ला पञ्चायत कार्यालय	नेशनल ट्रेडिङ्ग मिलिटेड विराटनगर
नेपाल राष्ट्र बैंक	साल्ट ट्रेडिङ्ग विराटनगर
नेपाल राष्ट्रिय वाणिज्य बैंक	नेपाल बैंक लिमिटेड विराटनगर
कृषि खरीद विक्री संस्थान	गुठी संस्थान कोष तथा तहसील कार्यालय
विराटनगर जूट मिल्स विराटनगर	दुग्ध विकास संस्थान
रघुपति जूट मिल्स विराटनगर	शाही नेपाल वायु सेवा निगम शाखा
नेपाल दूर सञ्चार समिति क्षेत्रिय कार्यालय	

प्रहरी

पूर्व क्षेत्र डी. आई. जी. पी. कार्यालय हाल विराटनगरमा स्थित छ। यसकै मातहतमा जिल्ला प्रहरी नायब उपरीक्षक कार्यालय, प्रहरी थाना, प्रहरी छोटी थाना, ट्राफिक प्रहरी, सशस्त्र प्रहरी, कारागार गार्ड,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अञ्चलाधीश गार्ड, भंसार गार्ड र चौकीहरू राखिएका छन् ।

यस जिल्लाका विभिन्न स्थानमा प्रहरी कार्यालय, ठाना, चौकी तथा चेकपोष्टहरू निम्न गाउँ पञ्चायतमा अवस्थित छन् ।

कार्यालय विवरण	कार्यालय रहेको पञ्चायत
जिल्ला प्रहरी उपरीक्षक कार्यालय	विराटनगर नगर पञ्चायत
प्रहरी ठाना हरैंचा	हरैंचा गाउँ पञ्चायत
प्रहरी ठाना रङ्गेली	रङ्गेली गाउँ पञ्चायत
प्रहरी छोटी ठाना रानी	विराटनगर नगर पञ्चायत
प्रहरी चौकी बहरगाछी	कञ्चनबाडी गाउँ पञ्चायत
प्रहरी चौकी हाट खोला	विराटनगर नगर पञ्चायत
ट्राफिक प्रहरी	विराटनगर नगर पञ्चायत
सशस्त्र प्रहरी	विराटनगर नगर पञ्चायत
कारागार गार्ड	विराटनगर नगर पञ्चायत
कोशी अञ्चलाधीश गार्ड	विराटनगर नगर पञ्चाथत
भन्सार सुरक्षा गार्ड	विराटनगर नगर पञ्चायत
प्रहरी चौकी लेटाङ्ग	लेटाङ गाउँ पञ्चायत
प्रहरी चौकी मधुमल्ला	मधुमल्ला गाउँ पञ्चायत
प्रहरी चौकी झुर्किया	झुर्किया गाउँ पञ्चायत
प्रहरी चौकी गडेरिया	नोचा गाउँ पञ्चायत
प्रहरी चौकी सिकटी	डाइनिया गाउँ पञ्चायत
प्रहरी चौकी राजघाट	गोविन्दपुर गाउँ पञ्चायत

कारागार

यस जिल्लाको केन्द्रीय कारागार विराटनगरमा छ । धेरै वर्ष अघि निर्माण भएको पुरानो कारागार भएकोले करीब २०० जनासम्म कैदी राख्ने क्षमता छ । तर हाल यस कारागारमा ४३७ जति कैदीहरू छन् जसमध्ये ४२८ जना पुरुष र बाँकी नौ जना महिला कैदीहरू छन् ।

सरकारी वकील

यस जिल्लामा राजपत्र अनङ्कित सरकारी वकीलको दरबन्दी छ । यसले गर्नु पर्ने काम खासगरी सरकारी मुद्दा सम्बन्धी ऐन नियम अन्तर्गत अनुसूचीभित्र पर्ने मुद्दाहरूको तैंकात गर्ने र सो सम्बन्धी अदालतमा दायर बहस पैरवी तथा पुनरावेदन समेत गर्नु हो । यसले सरकारी कार्यालयले माँग गरेको कानूनी राय सल्लाह पनि दिनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय

यस जिल्लामा जिल्लास्तरीय जिल्ला अदालत छ । गत तीन सालभित्र यस कार्यालयमा दर्ता भएका मुद्दाहरूको संख्या ४,८६३ मध्ये मिलापत्रसहित छिनिएको जम्मा मुद्दा ३,४२० छन् । मुद्दाहरू खासगरी लेनदेन र जग्गा बाली सम्बन्धी नै बढी देखिन्छ ।

यस जिल्लाका विभिन्न कार्यालयहरूमा विगत तीन वर्षभित्र परेका तथा छिनिएका मुद्दाहरू निम्नप्रकारका छन्:–

कार्यालयको नाम	मुद्दा परेको संख्या	छिनिएको संख्या
अन्तशुल्क कार्यालय	४९	३९
प्रधान वन कार्यालय	६१	–
प्र. जि. अ. कार्यालय मोरङ	४१०	३१२
भूमि प्रशासन कार्यालय मोरङ	२१,२७५	१६,९०२

यिनीहरू बाहेक यस जिल्लामा भइरहने साधारण किसिमका झै-झगडा तथा मुद्दाहरू गाउँमा कुलोको, गाली बेइज्जती, कुटपीट, करणी, चोरी, निर्वाचन, लुटपीट इत्यादि पनि छन् ।

कर कार्यालय

यस जिल्लामा कर कार्यालय २०१७ सालमा स्थापना भएको हो । आर्थिक वर्ष २०२६।२७ देखि २०२९।३० सम्म चार वर्षमा यस कार्यालयबाट राजस्वमा भएको आम्दानी निम्नप्रकार छः–

आर्थिक वर्ष २०२६।२७ को आम्दानी रू.	८५,९२,०९८।
आर्थिक वर्ष २०२७।२८ को आम्दानी रू.	१,०४,४९,८१५।
आर्थिक वर्ष २०२८।२९ को आम्दानी रू.	१,२२,०५,३४३।
आर्थिक वर्ष २०२९।३० को आम्दानी रू.	१,५५,४५,२६८।
जम्मा रू.	४,६७,९२,५२४।

आर्थिक वर्ष २०३०।३१ मा लिइएको तथ्याङ्क अनुसार बढी मात्रामा कर तिर्ने करदाताहरूमध्ये विशेषगरी उल्लेखनीय व्यापारी, कर्मचारी, जग्गावाल, सवारी मालिक, विक्रेता र उद्योगपतिहरू हुन् । यसबाहेक ठेक्का कर, मनोरञ्जन कर र होटेल कर पनि छन् ।

पञ्चायत

मोरङ जिल्लामा एक नगर पञ्चायत र ६१ गाउँ पञ्चायत गरी जम्मा ६२ पञ्चायतहरू छन् । विराटनगर शहरी क्षेत्रलाई नगर पञ्चायत घोषित गरी यसलाई १७ वडामा विभाजन गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त १७ वडा अन्तर्गत २०२८ को जनगणना अनुसार जम्मा जनसंख्या ४५,१०० छ। मोरङ जिल्ला सभामा ६१ गाउँ पञ्चायतबाट ६१ र विराटनगर नगर पञ्चायतबाट छ जना समेत गरी जम्मा ६७ जना सदस्यहरू छन्। यस जिल्लाबाट एकजना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन्।

यस जिल्लाका अरू गाउँ पञ्चायतहरूमध्ये क्षेत्रफलमा सबभन्दा ठूलो मधुमल्ला बजार गाउँ पञ्चायत र सबभन्दा सानो विर्ता पोखरिया गाउँ पञ्चायत हुन्। तर जनसंख्याको दृष्टिकोणले सबभन्दा ठूलो र सानो क्रमशः मधुमल्ला गाउँ पञ्चायत (११,२९२) र रमिते खोला गाउँ पञ्चायत (९८५) हुन्। आर्थिक वर्ष २०२९।३० मा सबभन्दा बढी आम्दानी रू. ३,२५,०००। गर्ने मधुमल्ला बजार गाउँ पञ्चायत हो तथा उक्त सालमा सबभन्दा कम आम्दानी रू. ६००। गर्ने याङशिला गाउँ पञ्चायत हो। यस जिल्लाको जिल्ला सभा कोषमा आर्थिक वर्ष २०२९।३० मा भएको आम्दानी रू. ५,६६,४०६। थियो। विगत वर्षहरूको औसत आम्दानी रू. ४,७४,०००। छ।

यस जिल्लामा नेपाल भूतपूर्व सैनिक संगठन बाहेक सबै नै वर्गीय संगठनका प्रारम्भिक समितिहरू प्रायः सबै गाउँ पञ्चायतहरूमा गठन भएको छ।

जिल्लाभित्र हाल जिल्ला पञ्चायतद्वारा सञ्चालित योजनाहरू निम्नबमोजिम छन्:—

योजनाको नाम	अनुमानित खर्च
लेटाङ सडकको घिनाहा घाटमा १६८ फीट लामो काठे पुल	१,७९,०८०।
केराबारी गाउँ पञ्चायत अन्तर्गतको सिचाइ योजना	७४,८३४।
रङ्गेली सडकको चिराङ्ग नदीमा ३०० फीट लामो काठे पुल	२,९०,१८०।
रङ्गेली सडकको वक्राहा नदीमा १२० फीट लामो काठे पुल	१,०६,३८५।
हरैंचादेखि सलकपुरसम्मको ५.२ किलोमिटर लामो महेन्द्र राजमार्गमा माटो भर्ने	१,५८,३५२।
रतुवा सडकको वेरङ्ग नदीमा ९६ फीट लामो काठे पुल	४२,५७४।
लेटाङ सडकमा विभिन्न साइजको सातवटा काठे पुल	७६,१९२।
रङ्गेली सडकमा आठवटा काठे पुलको जीप पक्की बनाउने	६६,०००।
विराटनगरदेखि हरैंचासम्म माटो भर्ने	४५,८७९।
भलुवा जङ्गल पूर्वदेखि वेरङ्ग नदीको पुलसम्म माटो भर्ने	२८,०९१।
रङ्गेली सडकको चेकाहा नदीमा काठे पुल	४६,८३०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

नेपाल अधिराज्यको दक्षिण-पूर्व तराई प्रदेशमास्थित मोरङ जिल्ला आर्थिक दृष्टिकोणले सम्पन्न भएको कुरा माथि नै उल्लेख भइसकेको छ। विकासोन्मुख देशको एक जिल्लाको नाताले जतिसुकै सम्पन्न जिल्ला भए तापनि जिल्लाबासीहरूको क्रय शक्ति उचाल्ने दिशातर्फ अझै धेरै क्षेत्रहरूको विकास गर्न बाँकी नै छ। यिनीहरूमध्ये कृषि, यातायात, विद्युत्, उद्योग, व्यापार, खानेपानी आदि मुख्य हुन्।

अधिकांश जिल्लाबासीहरूको आर्थिक आधार कृषि व्यवसाय नै हो। तर हालसम्म यस जिल्लाका धेरैजसो मानिसहरूलाई पानीको लागि आकासमा भर पर्नु पर्ने तथा पुरानो तरीकाले नै खेती गर्नु पर्ने हुँदा कृषि उत्पादनमा त्यति ठूलो क्रान्ति आउन सकेको छैन। त्यसैले यस क्षेत्रमा सुधार ल्याउनको लागि उन्नत बीज–बीजन प्राप्त गर्नु, रासायनिक मलको बढी उपयोग गर्नु, आधुनिक कृषि औजारहरू उपलब्ध गराउनु र तिनीहरूको प्रयोग गर्ने तरीका सिकाउनु नितान्त आवश्यक भएको छ। चतरा मुख्य नहरबाट उपलब्ध भएको पानी तथा यसबारे यस जिल्लामा गरिएका विभिन्न संभाव्यता अध्ययनद्वारा भविष्यमा यस जिल्लाले कृषिमा ठूलो उन्नति गर्छ भन्ने कुरामा कुनै शंका छैन।

जिल्लाभित्र प्रशस्तमात्रामा पाइने वनबाट वर्षेनी लाखौं रूपैयाँको राष्ट्रिय आयमा वृद्धि भएको छ। यी वनबाट खालि वन्य पैदावार मात्रै उपलब्ध नभई अनगिन्ती वन्य जन्तु तथा पक्षीहरूले पनि आश्रय पाएका छन्। तर ज्यादै नराम्रो तरीकाबाट वन-जङ्गलहरूको ह्रास भइरहेबाट यी वन्य जन्तुहरूको साथै वन्य-पैदावारमा आधारित उद्योगलाई समेत असर परेको छ। यसको लागि आवश्यक रोकथाम तथा बढी रूखहरू रोप्नेतर्फ ध्यान दिनु उचित देखिन्छ। यस सम्बन्धमा आर्थिक वर्ष २०२९।३० सालदेखि वन सीमाना निर्धारण तथा वनपथ निर्माणको लागि श्री ५ को सरकारबाट एक योजना प्रस्तावित गरी अहिलेसम्ममा चालू समेत भइसकेको कुरा राष्ट्रिय योजना आयोगको पुस्तिकामा उल्लेख भएको छ।

यातायात र विद्युत् शक्ति बिना कुनै ठाउँको विकास संभव हुँदैन। यस जिल्लामा पनि यातायातको सुविधा विराटनगर शहरको आसपासमा मात्रै सीमित भएको हुँदा सबै किसिमका उद्योग-धन्धाहरू यसै ठाउँमा मात्रै सीमित छन्। तर हाल महेन्द्र राजमार्ग, भक्तिमार्ग आदिको निर्माण भएपछि जिल्लामा उत्पादित औद्योगिक वस्तुहरू जिल्लाको मध्य भाग भएर छिमेकी जिल्लाहरूमा पनि पुग्न सकेका छन्। जिल्लाको क्षेत्रफल तथा उत्तरी भेकका पहाडी इलाकालाई हेर्दा हाल भएको यातायातको विकास नगण्यरूपमा छ। वर्षातको समयमा उत्तरबाट दक्षिणतिर बगेर गएका खोला-नालाहरूले गर्दा पूर्व-पश्चिम आवत-जावत गर्न असम्भवै हुन्छ। त्यस्तै उत्तरी पहाडी भागका मानिसहरूलाई पनि वर्षातको समयमा जिल्लाको सदरमुकामसम्म आउन निक्कै मुस्किल पर्दछ। त्यसैले जिल्लाका ठूल-ठूला मिल तथा कृषि विकास योजनाको लागि यथाशक्य छिटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायातको विकास हुनु जरूरी छ। यसको लागि राष्ट्रिय योजना आयोगबाट निकालिएको २०२९।३० को वार्षिक कार्यक्रममा सडक विकासतर्फ छुट्याइएको रकमबाट भविष्यमा यस जिल्ला अधिराज्यका ७५ जिल्लाहरू-मध्ये एउटा नमूनाको रूपमा निस्कने अवश्यंभावी छ ।

जिल्लामा स्थापित औद्योगिक कारखानाहरूको दाँजोमा हाल उत्पादन भइरहेको विद्युत् शक्ति निक्कै कम महसूस हुन्छ। त्यसैले झापा जिल्लाको कन्काई बहुमुखी आयोजनालाई चाँडै नै पूरा गरी उक्त योजनाबाट उत्पादन हुने करीव ३६–३७ हजार किलोवाट शक्तिबाट यस मोरङ जिल्लाको बिजुलीको अभाव हट्ने आशा गर्न सकिन्छ ।

नेपालको सबभन्दा पुरानो जूट मिलदेखि लिएर कैयन् स-साना कारखानाले भरिपूर्ण यस मोरङलाई अधिराज्यको एउटा औद्योगिक जिल्लाको रूपमा लिएको छ । यहाँ उत्पादित वस्तुहरू भारत बाहेक अन्य तेस्रो मुलुकहरूमा समेत बिक्री वितरण हुने गर्दछन् । त्यसैले नेपालको विदेशी मुद्रा आर्जन गर्नमा यस जिल्लाले ठूलो भूमिका ओगटेको छ। तर विभिन्न कारणहरू, जस्तै कच्चा पदार्थ समयमा उपलब्ध नहुनु, यातायातको कठिनाइ, विद्युत् शक्तिको कमी, सुलभ बजार सेवा नपाइनु आदिबाट कतिपय कारखानाहरू बन्द पनि भइसकेका छन्। त्यसैले यस सम्बन्धमा पनि जिल्लास्थित विभिन्न कारखानाहरूको आधुनिकीकरणको साथै जिल्लाको यातायाततर्फ पनि विकास हुनु जरूरी भइसकेको छ। राष्ट्रिय योजना आयोगबाट निकालिएको पुस्तिकामा उल्लेख भएअनुसार आर्थिक वर्ष २०२९।३० मा जूट मिल, चीनी मिल, साबुन उद्योगतर्फको आधुनिकीकरण,गोदामघर निर्माण, नयाँ उद्योगको स्थापना आदिको लागि पन्छाइएको रकम रू. ६,७६,००,०००। भन्दा बढी पुग्दछ। यसप्रकारको रकमबाट जिल्लाको साथै देशकै पनि चौतर्फी विकासमा मद्दत पुग्न जाने छ।

जिल्लाको उत्तरी सीमानास्थित मिकलुङ्ग पहाडका विभिन्न ठाउँहरू जस्तै–चिसापानी भञ्ज्याङ्ग, सिंहदेवी सोमबारे आदिमा यातायातको व्यवस्था हुनुको साथै राम्रा होटेलहरू स्थापना गर्न सकेमा गर्मीको याममा छुट्टी बिताउने महत्वपूर्ण स्थान हुन जानेछ। विशेषगरी चिसापानी भञ्ज्याङ्गमा पाइने चिसो पानीका धाराहरू र यहाँबाट देखिने आसपासका दृश्यहरूले गर्दा जिल्लाबासी मात्र होइन विदेशी पर्यटकहरू पनि पाउने संभावना छ ।

यिनीहरू बाहेक जिल्लाका अन्य कतिपय स्वास्थ्य, सिचाइ, पशुपालन, माछापालन आदि सम्बन्धी लघु विकास योजनाहरूको सञ्चालनबाट जिल्लाका मध्यम वर्गीय परिवारहरूको जीवनस्तर माथि उचाल्ने दिशातर्फ खुड्किलाहरू बन्न जाने छन्। जिल्लाको भविष्य यहाँकै बासिन्दाहरूको रचनात्मक जनभावनामा निर्भर रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

कोशी अञ्चलका अन्य चार जिल्लाहरू जस्तै सुनसरी पनि पूर्वाञ्चल विकास क्षेत्र धनकुटा अन्तर्गत पर्दछ। प्राचीन कालदेखि पूर्व पहाडको मूल ढोकाको रूपमा रहिआएको धरान बजार, सप्तकोशीको तटमा अवस्थित पवित्र तीर्थस्थल बराहक्षेत्र, विजयपुर जस्ता ऐतिहासिक केन्द्रहरूले सुनसरीको महत्व बढाएका छन्। उत्तर-पश्चिम कुनाको त्रिवेणी घाटमा अरुण र तमोर मिसिएर सप्तकोशी बनेपछि यो नदी सुनसरी जिल्लामा प्रवेश गर्दछ। सप्तकोशीको उपादेयता र उपद्रवसित सुनसरी पनि सहभागी हुँदै आएको छ। यो विशाल नदीबाट सुनसरीले केही पाएको छ र केही गुमाएको छ।

उत्तर-दक्षिण लम्बिएको यो जिल्लालाई महेन्द्र राजमार्गले करीब करीब बीचैंबाट चिरेको छ। पूर्वपट्टि बूढीनदी, पश्चिमपट्टि सप्तकोशी र उत्तरमा महाभारत पर्वतमाला सुनसरीका तीन साँधका प्राकृतिक सीमाना हुन्। तर दक्षिण-पूर्वको दुहुवी पञ्चायतको केही भाग बूढीनदीभन्दा पारी पुगेको छ भने उत्तर-पश्चिमको मैनामैनी पञ्चायत सप्तकोशी पारगरी मटेरी खोलासम्म पुगेको छ। दक्षिणको भारतीय भूमिसित जोडिएको ठाउँमा भौगोलिक सीमाना भनी औंल्याउन मिल्ने कुनै पहाड वा नदी छैन। यो जिल्ला दक्षिणमा भारतको बिहार राज्य छुन पुगेको छ भने उत्तरमा धनकुटाको छिमेकी हुन पुगेको छ। त्यस्तै पश्चिमपट्टि सगरमाथा अञ्चलको सप्तरी तथा उदयपुर जिल्लासित जोडिएको छ र पूर्वमा नेपाल अधिराज्यको प्रमुख औद्योगिक जिल्ला मोरङलाई छोइदिएको छ।

सुनसरी जिल्लाको सदरमुकाम इनरुवा बजार हो। महेन्द्र राजमार्गले यो बजारलाई छोई दिएकोले यहाँ आवागमनको सुविधा छ। उहिलेको मोरङ इलाकाबाट भालाभलेनी, वेली, विजयपुर तथा फत्तेहपुर प्रगन्नालाई अलग्याई २०१९ सालदेखि सुनसरीको नामले प्रशासित यो जिल्लाको क्षेत्रफल १,२६५ वर्ग किलोमिटर छ। महाभारतबाट झरेर यस जिल्लाको करीब माझबाट दक्षिणतिर बग्ने सुनसरी खोलाको नामबाट यो जिल्लाको नामकरण भएको हो। सुनसरी जिल्ला ८७°५' देखि ८७°२१' पूर्व देशान्तर तथा २६°२५' देखि २६°५५' उत्तर अक्षांशभित्र अवस्थित छ।

एक नगर पञ्चायत र ४७ वटा गाउँ पञ्चायत भएको यस जिल्लामा २,२३,४३४ जनसंख्याको बसोबास छ। संक्षेपमा भन्ने हो भने महाभारतका लेक र बेंसी, कोशीका फाँट र बगर तथा तराईका वन जङ्गलले बनेको यो एउटा धनी र आर्थिक विकासको लागि प्रशस्त सम्भाव्यता भएको जिल्ला हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

विषय-सूची

परिचय	४९३
प्राकृतिक स्वरूप र सम्पदा	४९४
ऐतिहासिक पृष्ठभूमि	५०१
प्रमुख स्थानहरू	५०४
जनसंख्या र जनजीवन	५०९
आर्थिक व्यवस्था	५१५
यातायात, सञ्चार तथा बिजुली	५३०
शिक्षा, स्वास्थ्य तथा खानेपानी	५३६
प्रशासन र पञ्चायत	५४०
उपसंहार	५४२

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

महाभारत पर्वत शृङ्खला, चारकोसे जङ्गल र उर्वरा तराईका भागहरू मिली बनेको सुनसरी जिल्लालाई भौगोलिक दृष्टिकोणबाट मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छः—

(१) उत्तरको पहाडी क्षेत्र
(२) मध्य भागको भावर प्रदेश
(३) दक्षिणको समथर भूमि

उत्तरको पहाडी क्षेत्र

सुनसरी जिल्लाको उत्तरी भागमा महाभारत पहाडका श्रेणीहरू पूर्व-पश्चिम फैलिएर रहेकाछन्। जिल्लाको करीब ३० प्रतिशत जमीन पहाडी भागमा पर्दछ। उचाइको दृष्टिकोणबाट यो जिल्ला उत्तरपट्टि करीब ६१४ मिटर (३,००० फीट) सम्म छ। महाभारत लेकको पूर्व-पश्चिम शृङ्खला दक्षिणतिर पनि फैलिएर गई चारकोसे झाडीसम्म पुगेको छ। यो शृङ्खलाको ठाउँ ठाउँमा स-साना खोला तथा खहरेले बनाएका बेंसीहरू छन्। महाभारतको यो दक्षिणी पाखो उत्तरपट्टि जस्तो ज्यादा भिरालो परेको छैन। यस जिल्लाका मैनामैनी तथा आहाले पञ्चायत यही पहाडी भागमा पर्दछन्। चतरा, धोपा र बाँझगरा पञ्चायतहरू महाभारतको दक्षिणको बेंसी तथा भिरालो भागमा पर्दछन्। धरान नगर पञ्चायतको धेरैजसो भाग पहाडको दक्षिण फेदीमा रहेको छ। विजयपुर डाँडा, सूली डाँडा, साँगुरी भञ्ज्याङ, माछामारी डाँडा यहाँका मुख्य डाँडा हुन्। उत्तरपट्टि काम्झेक डाँडा र साँगुरे डाँडाले यो जिल्लालाई धनकुटाबाट छुट्टचाएका छन्। यी डाँडाहरूभन्दा पश्चिमपट्टिको भागमा महाभारतको लेक काटेर आहाले पञ्चायत, पेसुवा खोला र तमोर नदीसम्म पुगेको छ। अतः महाभारतको दक्षिणी पाहारिलो पाखो मात्र होइन उत्तरपट्टिको केही रसिलो पाखो पखेरो पनि सुनसरी जिल्लामा पर्न आउँछ। यो पहाडी श्रेणी ज्यादै छिया छिया परेको तथा विशेषगरी शेल, बलौटे माटो, चून र स्लेट ढुङ्गा तथा विभिन्न चट्टानले भरिएको छ। कोशी बाहेक सुनसरी जिल्लाका सबैजसो नदीहरू यही पहाडी भागबाट निस्केर आएका छन्। भित्री मधेश र तराईको सीमानाको रूपमा रहिआएको चुरे पहाड त्रिजुगामा नै टुङ्गिगएकोले तराई जिल्ला भएर पनि सुनसरीले महाभारतसम्म फैलिन पाएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्य भागको भावर प्रदेश

महाभारत पहाडको दक्षिणपट्टि पश्चिमको कोशी तटदेखि पूर्वको बूढी खोलासम्म बालुवा, कङ्कड र ढुङ्गा भएको भागलाई भावर अर्थात् चारकोसे झाडी भन्दछन्। सुनसरी जिल्लाको यो भागमा हिमालयबाट बगिआएको सप्तकोशी बाहेक अन्य कतिपय स-साना खोलाहरू जमीनको सतहमा देखा पर्दैनन्। समुद्रको सतहबाट यो भू-भागको उचाइ करीब १६८ मिटर (५५० फीट) देखि ३३३ मिटर (१,००० फीट) सम्म पर्ने यो क्षेत्र घना जङ्गलले ढाकिएको छ। यो भाग खेतीपातीको लागि त्यति उपयोगी छैन।

दक्षिणको समथर भूमि

भावर प्रदेशभन्दा दक्षिणमा भारतको बिहार राज्यको सीमानासम्म फैलिएको यो समथर तराई भागको औसत उचाइ १५२ मिटर (५०० फीट) छ। यो पूर्व सीमानादेखि पश्चिम सीमानासम्म फैलिएको नरम माटोले बनेको भू-भाग हो। उत्तरपट्टिको महाभारत पाखोबाट बगेर आएका नदीहरूले यस ठाउँलाई केही उर्वरा बनाएका छन्। वर्षामा नदीहरूले ल्याएको माटो थुप्रेर बनेको हुँदा कृषिको लागि यहाँको जमीन ज्यादै उपयोगी छ। सुनसरी जिल्लाको अधिकांश खाद्य वस्तु यही तराई भागमा उत्पादन हुन्छ। यो तराई भाग र योभन्दा उत्तरको भावर प्रदेशको पश्चिमपट्टि सप्तकोशी नदीको तटवर्ती इलाका पर्दछ। यो भागलाई कोशी प्रभावित क्षेत्र भने पनि हुन्छ। यस क्षेत्रमा बलौटे माटो भएकोले खर्वुजा र आलुको खेती राम्रो भएको देखिन्छ।

नदीनालाहरू

सुनसरी जिल्लाको पश्चिमपट्टिको सप्तकोशी नदी यहाँको मुख्य नदी हो। यसको अतिरिक्त बूढी खोला, सेउती खोला, टेङरा खहरे तथा सुनसरी (सर्दु खोला) छन्।

सप्तकोशी

पूर्व नेपालको ख्यातिप्राप्त सप्तकोशी नदी त्रिवेणीदेखि महेन्द्रनगरको दक्षिणपूर्व भागसम्म कहीं सुनसरी जिल्ला हुँदै, कहीं जिल्लाको केही भू-भाग छुँदै बगेको छ। महेन्द्रनगरबाट यो नदी सप्तरी जिल्लाको मधुवन तथा सोमनगर पञ्चायत क्षेत्रमा प्रवेश गर्दछ। चतराभन्दा करीब नौ किलोमिटर (छ माइल) उत्तरमा सुनकोशी, अरुण र तमोर मिसिई यो नदी सप्तकोशी भएको छ। वागमती अञ्चलको काभ्रेपलाञ्चोकदेखि मेची अञ्चलको कञ्चनजङ्घासम्मको पहाडी भागमा बग्ने नदी, खोला र खोल्साहरू आफूभित्र समावेश गर्दै बगेको यो कोशी पूर्वी नेपालको मुख्य ढल भने पनि हुन्छ। यो नदीको उपयोगिताबाट त्यस भेकका निवासीहरू जति लाभान्वित भएका छन् त्यति नै नोक्सानी पनि सहेका छन्। सप्तकोशीको बाढीबाट सुनसरी जिल्ला मात्र होइन सप्तरी तथा भारतको बिहार राज्य समेत पीडित छन्। चतरा बांध बाँधेर सुनसरी जिल्लाको केही जमीन पटाउने व्यवस्था भइरहेछ। चतरा नजीकै डुङ्गा लाग्दछ। यही डुङ्गा तरेर कोशी पारी रहेको मैनामैनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत र सगरमाथा अञ्चलमा जाने बाटो छ। अन्ततः यो ख्यातिप्राप्त कोशी नदीले सुनसरी जिल्लालाई मल जल मात्र होइन भल पनि दिंदै आएको छ।

बूढीखोला

सप्तकोशी पछि सुनसरी जिल्लामा बग्ने दोस्रो नदी बूढीखोला हो। यो खोलाले सुनसरी र मोरङ जिल्लाको बीचबाट बगी सीमानाको काम गरेको छ। महभारतको दक्षिणी पाखोबाट निस्केर दक्षिणतिर बग्ने यो खोला अन्ततः भारतको बिहार राज्यमा पस्दछ। जहाँ जहाँबाट यो खोला बगेको छ, त्यहाँ त्यहाँ यसको उपयोगिताबाट मानिसहरू लाभान्वित भएका छन्।

सुनसरी खोला

धरान बजारको उत्तरमा रहेको फुस्रे डाँडाबाट दक्षिणतर्फ बगेको सरदू नदी विभिन्न स्थानमा विभिन्न नामले प्रसिद्ध छ। कुपी, पुलाहा, बाहुनी र आखिरमा सुनसरीको नामले जिल्लाको करीब बीच भागबाट दक्षिणतिर बगेको छ। यसैको नामबाट जिल्लाको नाम पनि रहन गएको हो। सुनसरी खोला महेन्द्रनगर, झोकाहा, इनरुवा, जलपापुर, वसन्तपुर तथा रामनगर क्षेत्रलाई रसिलो पार्दै भारत पसेको छ। जलपापुर नजीकै निर्मित सुनसरी नहरबाट रामनगर, भुटाहा, हरिनगरा तथा मध्यहर शाही र घुस्की हाट पञ्चायत क्षेत्रलाई फाइदा पुगेको छ।

अन्य

सूर्यकुण्ड नजीकैबाट बगुवा र बाघे खोला बगेका छन्। हिलेखोला पनि यहाँबाट नजीकै छ। यी खोलाको वरिपरि राम्रा बस्तीहरू छन्। चतरा पञ्चायतको उत्तरी सीमाना तथा आहाले पञ्चायतको दक्षिणी सीमानामा रहेको कौकाहा खोला पनि महत्वपूर्ण खोला हो। यो खोलाको पानी हिउँदमा पनि सुक्तैन। कौकाहा खोला बराह क्षेत्रको उत्तरपट्टि कोशी नदीमा मिल्दछ। यो खोलाको दुवैतर्फ पहाड छन् र निकै गहिरो पनि छ। कोशीको पश्चिमपट्टि रहेको मैनामैनी गाउँ पञ्चायत क्षेत्रमा पर्ने कोशोपा खोला पश्चिमको डाँडाबाट उत्पन्न भई पूर्व बग्दै गएर सप्तकोशीमा मिल्दछ। वर्षामा यो खोलाले त्यस भेकमा निकै हानि नोक्सानी पुऱ्याएको हुन्छ।

हावापानी

सुनसरी जिल्ला नेपाल अधिराज्यको दक्षिण-पूर्वमा परेको तराई जिल्ला हो। नेपालको उक्त भागमा गर्मीमा अति गरम र जाडोमा ठीकै किसिमको मौसम हुने भएकोले सुनसरी जिल्ला पनि यो हावापानीबाट प्रभावित छ। यस जिल्लाको उत्तरी पहाडी क्षेत्रलाई छोडेर अरू सम्पूर्ण भागमा उष्ण मनसुनी हावापानी पाइन्छ।

यस जिल्लाका मुख्य ऋतुहरू ग्रीष्म र हिउँद हुन् भन्न सकिन्छ। ग्रीष्ममा उत्तरी पहाडी भागमा अलि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिसो हुन्छ तर तराई र भावरको मैदानी भागमा ज्यादै गरम हुन्छ। वर्षा शुरू हुनुभन्दा अगाडि सुख्खा भई धूलो उड्ने र वर्षा भइसकेपछि जलवाष्पयुक्त हावा चल्दछ। ९० प्रतिशतभन्दा बढी वर्षा वैशाखदेखि असोजसम्ममा पर्दछ। हिउँदमा मौसम अलि रमाइलो हुन्छ। धेरै जाडो पनि नहुने र धेरै गर्मी पनि नहुने यो याममा दुई–चार मिलिमिटर पानी पर्दछ। यसबेला मौसम प्रायः सफा हुन्छ।

यस जिल्लाको धरान र चतरास्थित मौसम अवलोकन केन्द्रबाट तापक्रमको तथ्याङ्क उपलब्ध नभएकोले यो जिल्लाबाट नजीक पर्ने र समुद्र सतहबाट करीब एउटै उचाइमा रहेको मोरङ जिल्लाको तापक्रम यहाँ दिइएको छ। २०२७ सालमा विराटनगर विमानस्थलमा लिइएको तापक्रमको तालिका यस प्रकार छः–

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

	अधिकतम	न्यूनतम	सापेक्षिक आर्द्रता (प्रतिशतमा)
जनवरी	२३.१	१२.९	९१
फेब्रुअरी	२६.४	८.६	८६
मार्च	३२.०	१४.८	६५
अप्रिल	३५.६	१९.४	७५
मे	३५.०	१८.६	७७
जून	३३.४	२५.०	८४
जुलाई	३१.९	१८.१	८७
अगष्ट	३२.२	१७.३	८८
सेप्टेम्बर	३१.७	१६.९	८६
अक्टोबर	३२.२	१३.१	८३
नोभेम्बर	२८.८	५.५	७९
डिसेम्बर	२५.४	१.५	७९

उपर्युक्त तालिकाबाट यो स्पष्ट हुन्छ कि वर्षमा आठ महीना ३०° से. भन्दा बढी तापमान बढ्ने रहेछ। चैतदेखि जेठसम्म निक्कै सुख्खा गर्मी हुने भए तापनि असार-साउनमा वर्षाको कारणले गर्मी केही घट्ने देखिन्छ। जेठ र असारताका अधिकतम र न्यूनतम तापक्रमको भिन्नतामा केवल ८.४ डिग्री सेण्टिग्रेड मात्र देखिन्छ। यसरी त्यसताका दिन र रातमा करीब एकैनासले गर्मी रहन्छ तर जाडोमा भने राति निकै जाडो भई १.५° से. सम्म ताप घट्ने भए तापनि दिउँसो फेरि २५° से. सम्म ताप चढ्ने देखिन्छ। यसप्रकार यहां जाडो खप्न पनि उत्तिको सजिलो हुँदैन।

वि. सं. २०२७ सालमा धरान र चतरामा लिइएको वर्षा सम्बन्धी तथ्याङ्कको तालिका निम्न-अनुसार छः–

वर्षाको तालिका (मिलिमिटरमा)

	चतरा (११५ मिटर)	धरान (४५७ मिटर)
जनवरी	५.३	३६.०
फेब्रुअरी	९.३	१८.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मार्च	९.६	०.०
अप्रिल	३५.३	११.८
मे	१७.२	३५०.०
जून	३९४.०	४७०.५
जुलाई	३९४.७	२९८.०
अगष्ट	३४.३	३७४.०
सेप्टेम्बर	२१६.५	३३७.०
अक्टोबर	६२.३	४०.६
नोभेम्बर	०.०	०.०
डिसेम्बर	०.०	०.०

चतरा र धरानको वार्षिक वर्षा क्रमशः १,९४३ र २,६३६.० मिलिमिटर छ । अधिकतम वर्षा भएको दिन क्रमशः २२ जुलाईमा १५५.३ मिलिमिटर र ९ जूनमा १८६.० मिलिमिटर छ ।

माथि उल्लिखित तापक्रमको तथ्याङ्क तालिका अनुसार यस जिल्लाको सालाखाला अधिकतम तथा न्यूनतम तापक्रम क्रमशः ३०.६° से. र १४.२° से. छ । त्यसबेला विराटनगरमा सबभन्दा बढी तापक्रम चढेको अप्रिल २४ तारीखको दिन ३८.४° से. सम्म पुगेको थियो । नोभेम्बर २९, ३० र डिसेम्बर ३,४ र १३ तारीखमा ०.०° से. मा झरेको थियो ।

हावापानीको दृष्टिकोणबाट सुनसरी जिल्लालाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छः–

(१) उष्ण हावापानी

(२) समशीतोष्ण हावापानी

उष्ण हावापानी

सुनसरी जिल्लाको उत्तरपट्टि पूर्व-पश्चिम फैलिएर रहेको महाभारत शृङ्खला बाहेक जिल्लाको भावर प्रदेश र तराईको समथर भू-भागमा उष्ण हावापानी पाइन्छ । यो भाग १,२२० मिटर अर्थात् ४,००० फीटभन्दा होचो भएकोले यहाँ वर्षा याममा निकै गर्मी हुन्छ । अप्रिल महीनामा यहाँको तापक्रम अधिकतम ३५.६° सेण्टि्र-ग्रेडसम्म पुगेको हुन्छ । पुस-माघ ताका बिहान बेलुका केही जाडो हुन्छ । यतिबेला न्यूनतम तापक्रम १.५° सेण्टिग्रेडसम्म झरेको हुन्छ । सुनसरी जिल्लाको अधिकांश भागमा उष्ण हावापानी पाइन्छ ।

समशीतोष्ण हावापानी

करीब १,२२० मिटर अर्थात् ४,००० फीटभन्दा माथिको भू-भागमा समशीतोष्ण हावापानी पाइन्छ । यो भागमा खासगरेर महाभारत पर्वत र त्यसको आसपासमा रहेका पञ्चायतहरू पर्दछन् । धरानको उत्तरी पाखो, चतरा तथा बराह क्षेत्रको उत्तरी भाग, मैनामैनी पञ्चायत र आहाले पञ्चायतको अत्यधिक भागमा समशीतोष्ण हावापानी पाइन्छ । यहाँ वर्षा याममा शीतल खालको रमणीय मौसम रहन्छ । तर हिउँदताका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निकै जाडो हुन्छ ।

यस जिल्लाभित्र दुई ठाउँमा लिइएको वर्षाको तालिका अनुसार सरदर २,२८९.६ मिलिमिटर पानी परेको देखिन्छ । शायद दक्षिणबाट बहेको मनसुनी हावालाई महाभारत पहाडले छेक्ने हुँदा विशेषगरी दक्षिण भेकमाभन्दा उत्तरी भेकमा बढी वर्षा भएको हुनसक्छ । उदाहरणको लागि चतरामा वर्षभरीमा १,९४३.२ मिलिमिटर वर्षा हुँदा १४.४ किलोमिटर उत्तर-पूर्वमा रहेको धरानमा लिइएको तापक्रम तथ्याङ्कमा २,६३६.० मिलिमिटर पानी परेको थियो ।

वन तथा वनस्पति

वन्य सम्पदाको दृष्टिकोणबाट प्रसिद्ध जिल्लाहरूमध्ये सुनसरी पनि एक हो । खासगरेर यहाँको भावर क्षेत्रमा घना जङ्गलहरू छन् । यो जिल्लाको करीब ३३ प्रतिशत भू-भाग वन जङ्गलले ढाकेको अनुमान गरिएको थियो । तर केही वर्ष यता यहाँको जङ्गल अनियमित तरीकाबाट नष्ट भइरहेको छ । महेन्द्र राजमार्ग, चतरा तथा कोशी योजनामा पनि केही जङ्गल नाश भएको छ । सुनसरी जिल्लामा पर्ने महाभारत पाखोमा हुने वन पनि अनियमित तरीकाले अतिक्रमण गरी खेती गरेको पाइन्छ । बस्तीहरूबाट नजीक पर्ने जङ्गलहरू नाश भइसकेकोले कुनै कुनै पञ्चायत क्षेत्रमा त गौचरन, घाँस, दाउरा तथा काठको समेत समस्या पर्न थालेको छ । महेन्द्रनगर, भरौला कालावञ्जर, आइतबारे वकलौरी, हाँसपोशा, चतरा, घोपा, बाँझगरा आदि पञ्चायत क्षेत्रमा पूर्वदेखि पश्चिम फैलिएको चारकोसे झाडी छ । यो जङ्गलले दक्षिणपट्टिको समथर तराई र उत्तरपट्टिको पहाडी क्षेत्रलाई छुट्याएको छ । यो चारकोसे जङ्गलको अतिरिक्त डुमराह, भोक्राहा, सिंगिया तथा महेन्द्रनगर क्षेत्रमा केही टप्पू जङ्गलहरू छन् । टप्पू जङ्गलको दक्षिणी भागलाई रामध्वनी जङ्गल पनि भनिन्छ । चतरा बजारको उत्तरतर्फ कोशीको आसपासमा पनि केही जङ्गल पाइन्छ । यो जङ्गललाई कोशी भेकको जङ्गल भनिन्छ ।

वन्य सम्पदाको प्रकारको आधारमा यो जिल्लाको वन-जङ्गललाई उष्ण प्रदेशको सदावहार जङ्गल र मिश्रित पतझड वन गरी मोटामोटी दुई भागमा बाँडन सकिन्छ । उष्ण प्रदेशको सदावहार जङ्गलमा नदी तटमा पाइने वन र भावर प्रदेशमा पाइने जङ्गल पर्दछन् । यहाँ सिसौ, खयर, सिमल, कर्मा, सिरिस आदि प्रसिद्ध रूखहरू हुन्छन् । तराईको समथर भूमिभन्दा उत्तर तथा महाभारतको दक्षिणी फेदीभन्दा दक्षिणको भावर प्रदेशमा लामो जरा भएका अग्ला रूखहरू भएको पूर्व-पश्चिम फैलेको चारकोसे जङ्गल छ । यहाँ पाइने मुख्य रूखहरूमा सालको नाम लिन सकिन्छ । यसको अतिरिक्त असना, बाँझ, रुद्राक्ष, विजयसाल, हर्रो, बर्रो तथा धँयरो आदि रूखहरू प्रशस्त पाइन्छन् ।

सुनसरी जिल्लाको उत्तरपट्टि महाभारत श्रृङ्खलामा पर्ने पाखाहरूमा पतझड तथा मिश्रित वन जङ्गलहरू पाइन्छन् । यो भागमा सल्लो, गुराँस, बर आदिका रूखहरू हुन्छन् । यो भागमा कतैकतै चाँपका बोटहरू पनि देखिन्छन् । यहाँका रूखहरूमा हिउँदताका पात झरेको हुन्छ । यो जिल्लाको वन जङ्गलमा जरीबूटी पनि पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु-पक्षी

सुनसरी जिल्लामा विभिन्न किसिमका पशु-पक्षीहरू छन् । यहाँ पाइने पशुहरूमा खास गरेर बाघ, चितुवा, जरायो, स्याल, अर्ना, भालू, रतुवा, बाँदर, चित्तल, हात्ती आदि हुन् । कोशी टप्पूमा पाइने अर्ना ज्यादै महत्वपूर्ण मानिन्छ । यहाँको वन जङ्गलमा धनेश, तित्रा, मयूर, मैना, सुगा, सारस, हाँस आदि पक्षीहरू पाइन्छन् । दिन प्रतिदिन यहाँको वन जङ्गल काटिँदै गएकोले बाघ, चितुवा, जरायो, मयूर, हाँस आदि पशु-पक्षीको संख्या पनि घट्दै गएको अनुमान गरिएको छ ।

वन संरक्षण तथा विकास

महाभारतको पानी ढलो र दक्षिणमा नेपाल-भारत सीमाना यस जिल्लाको वनको सीमाना निर्धारण गरिएको छ । भलुवा खोलादेखि कोशी नदीसम्मको वन क्षेत्र चतरास्थित वन कार्यालयले रेखदेख गरेको छ । भलुवादेखि बूढीखोलासम्मको क्षेत्रमा पर्ने वन जङ्गलको रेखदेख धरान वन कार्यालयबाट गरिएको छ । यो जिल्लामा अहिलेसम्म वैज्ञानिक तरीकाबाट वन सीमानाको सर्वेक्षण भइसकेको छैन । यहाँ अव्यवस्थित रूपमा वन फाँडेर मानिसहरू बसेकाले केही वन क्षेत्र अतिक्रमण भएको छ । तर वन क्षेत्रमा बार लगाउने र सुकुमबासीहरूलाई सुव्यवस्थित तरीकाले बसोबास गराउने कार्यक्रम सञ्चालन भइरहेको छ ।

खनिज पदार्थ

भौगर्भिक सर्वेक्षणको अभावमा सुनसरी जिल्लामा के कति खनिज सम्पदा लुकेको छ कोटान गर्न गाह्रो पर्दछ । तैपनि बराह क्षेत्रको इलाकामा फसफेट, कोइला तथा तामा खानीको सम्भावना देखिन्छ । धरान क्षेत्रमा चून ढुङ्गा पाइन्छ र धरानबाट धनकुटा जाने बाटो वरपर सिंहमरमर पाइने पनि सम्भावना छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णियामा शरण लिई बसेका बुद्धिकर्णले विजयपुरमा रहेका आफ्नो पक्षका सैनिकहरूद्वारा राजा कामदत्त सेनको हत्या गराइदिए। यो कार्यमा सिक्किम राजाको पनि हात थियो भनिन्छ। यसपछि बुद्धिकर्ण राई विजयपुरमा फर्की आएर कामदत्तका काका रघुनाथ सेनलाई विजयपुरको राजा बनाई बसे। यस काण्ड पश्चात् पृथ्वीनारायण शाहले विजयपुरमाथि आक्रमण गर्ने योजना बनाउन थाले। ई. सं. १७७३ मा भारतमा गभर्नर जनरल हेष्टिङ्गसलाई पृथ्वीनारायण शाहले लेखेको पत्रबाट यो कुरा प्रष्ट हुन्छ। यो पत्रमा हेष्टिङ्गससित मैत्री-पूर्ण सम्बन्ध कायम गर्ने इच्छा व्यक्त गरिएको छ। बुद्धिकर्णलाई पूर्णियाबाट कुनै सहयोग नभएमा मोरङ प्रदेश जित्न सकिने छ र गभर्नरलाई नजरानाको रूपमा केही वाणिज्य सामग्री तथा कलात्मक वस्तु पठाउने कुरा पनि उल्लेख गरिएको छ। यो पत्रको पत्रोत्तर नपर्खी पृथ्वीनारायण शाहले अभिमान सिंह बस्नेत र सरदार पारथ भण्डारीलाई दुई कम्पनी फौज सहित चौदण्डीमा आक्रमण गर्न पठाए। यो आक्रमण सफल भयो र चौदण्डी नेपाल राज्यमा मिल्यो। चौदण्डीका राजा कर्ण सेन भागेर विजयपुरतिर लागे। विजयपुरमा रघुनाथ सेनको राम्रो प्रभाव जम्न सकेको थिएन। त्यसकारण बुद्धिकर्ण राईले चौदण्डीका कर्ण सेनलाई यहाँको राजा बनाए। बाबुराम आचार्यका अनुसार कर्ण सेनलाई नाम मात्रका राजा बनाई "राजभारा सामर्थ" भन्ने उपाधि लिई बुद्धिकर्ण राई विजयपुर ठकुराईमा हर्ताकर्ता भए।

यसैताका हरद्वारतिरबाट हिंडेको लुटेरा सन्न्यासी दल (नागा?) ले सिवालिकको दक्षिणी घाँचमा लुकेर सीमानामा पर्ने इष्ट इण्डिया कम्पनीको इलाकामा दुःख दिइरहेका थिए। यी सन्न्यासीहरूको दमन गर्न मोरङ प्रदेश हत्याउनु पर्छ भन्ने इष्ट इण्डिया कम्पनीको विचार थियो। तर पृथ्वीनारायण शाहले चौदण्डी जितेको खबर पाएपछि बिहारका हाकिम जर्ज वेसिष्टटीले यी सन्न्यासीहरूको रोकथामका लागि पृथ्वीनारायण शाह र अभिमान सिंहलाई अनुरोध गरे। तत्पश्चात् अभिमान सिंहले सन्न्यासीहरूको दमनगरी इष्ट इण्डिया कम्पनीलाई गुन लगाए।

यसरी अंग्रेजहरूले गुन मानेको बेलामा विजयपुरमाथि आक्रमण गर्नु उपयुक्त सम्झी अंवरपुरबाट पूर्वतिर बढेर वर्षाको उर्लंदो भेलमा अभिमान सिंहले आफ्ना सैनिकहरू कोशी पार गराए र विजयपुरमाथि धावा गरे।

अभिमान सिंहले विजयपुरमा आक्रमण गर्नुभन्दा अगाडि नै सुरक्षाको लागि आफ्नो जहान बच्चा पूर्णियामा थन्क्याउन गएका कर्ण सेन फर्केर आएनन्। बुद्धिकर्ण राई भागेर इष्ट इण्डिया कम्पनीको सुरक्षामा पुगे। अन्ततः ई. सं. १७७४ मा विजयपुर गोरखालीहरूको हातमा आयो। त्यसबेला विजयपुर राज्य पूर्वमा टिष्टा नदीसम्म फैलिएको थियो। विजयपुरमा गोरखालीहरूको अधिकार भएपछि ब्रिटिश-इण्डियाका गभर्नरले पृथ्वीनारायण शाहलाई एक पत्र पठाएका थिए। पत्रको व्यहोरा यस्तो छः—

"विजयपुर र अंवरपुरमा तपाईंको फौजले अधिकार गर्‍यो भन्ने खबर अहिले आएको छ। ती दुवै प्रदेश वंगाल प्रान्तका भाग हुन्। कम्पनीको सरकार र तपाईंको बीचमा मैत्री सम्बन्ध कायम रहि-रहनु आवश्यक छ। त्यसैले ती प्रदेशबाट आफ्ना फौज हटाउनु होला भन्ने आशा गर्दछु।"[1]

विजयपुरमाथि आक्रमण गर्ने आशय सहित बुद्धिकर्ण राईलाई सहयोग नगर्नु भनी ई. सं. १७७३ मा पृथ्वीनारायण शाहले लेखेको पत्रको जवाफ आलटाल गरी सन्न्यासीहरूको दमन गर्न सहयोग माग्ने र पछि उपर्युक्त व्यहोराको पत्र लेख्ने गभर्नरको चालबाजी पृथ्वीनारायण शाहले बुझेका थिए। उक्त पत्रको जवाफमा गभर्नर

---

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनरल वारेन हेष्टिङ्गसलाई पृथ्वीनारायण शाहले "मकवानपुर आदिका विषयमा मैले मालवाजवी जसरी बुझाउँदै आएको छु त्यसैगरी विजयपुरको विषयमा पनि म बुझाउन तयार छु"[१] भनी लेखेकोबाट त्यसताका विजयपुर पूर्ण स्वतन्त्र रहेन छ भन्ने देखिए तापनि यो पृथ्वीनारायण शाहको राजनैतिक चातुर्य अर्थात् तत्कालीन परिस्थिति अनुकूलको कूटनीति मान्नुपर्दछ। वास्तविकता के हो भने गोरखालीहरूको हातमा परेदेखि नै विजयपुर नेपालमा सम्मिलित भयो र पृथ्वीनारायण शाहको नेतृत्वमा प्रशासित हुन थाल्यो। भागेर इष्ट इण्डिया कम्पनीको शरण लिन गएका बुद्धिकर्ण आखिरसम्म पनि उक्त कम्पनीको सहयोग लिई विजयपुर फर्काउने प्रयत्नमा थिए। एकदिन बुद्धिकर्ण राईलाई गोरखालीहरूले नेपाल सरहदभित्र फेला पारे। यिनीलाई विजयपुरमा कैदगरेर राखियो र पछि त्यहीं नै मृत्यु भयो। विजयपुर अवस्थित "बूढा सुब्बाको मन्दिर" यिनै बुद्धिकर्ण राईको सम्झनामा बनेको हो। अन्ततः ई. सं. १८१६ को सुगौली सन्धि पछि मेची पूर्वको भाग ब्रिटिश-भारतमा गाभिन गयो।

---

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

इनरुवा

सुनसरी जिल्लाको करीब करीब मध्यभागमा अवस्थित इनरुवा यस जिल्लाको सदरमुकाम पनि हो। इनरुवा पञ्चायत क्षेत्रको हाटबजार केन्द्र भइआएको यो ठाउँमा जिल्ला पञ्चायत कार्यालय, हुलाक कार्यालय, आकाशवाणी, अस्पताल, महेन्द्र राजमार्ग निर्माण कार्यालय, प्रहरी कार्यालय, भूमि प्रशासन कार्यालय, जिल्ला शिक्षा अधिकारी कार्यालय, कोष तहसील कार्यालय, कृषि विकास कार्यालय, सहकारी कार्यालय, सिचाइ तथा खानेपानी कार्यालय, जूट विकास समिति, पशु-चिकित्सालय आदि छन्। यहाँ एउटा सरकारी अस्पताल र तीनवटा निजी स्वास्थ्य क्लिनिकहरू छन्। यस ठाउँमा एउटा माध्यमिक विद्यालय, पाँचवटा प्राथमिक विद्यालय छन्।

इनरुवा बजार महेन्द्र राजमार्गमा चल्ने यातायातका विभिन्न साधनको लागि एक महत्वपूर्ण बिसौनी भएको छ। यहाँबाट जिल्लाको अर्को प्रमुख स्थान अर्थात् पूर्व-पश्चिम र उत्तर-दक्षिणको चौबाटो इटहरी १८ किलोमिटर (१२ माइल) टाढा छ। कोशी अञ्चलको हाल रहेको सदरमुकाम विराटनगर ४३ किलोमिटर (२७ माइल) र पश्चिमपट्टि सगरमाथा अञ्चलको सदरमुकाम राजविराज ५० किलोमिटर (३१ माइल) टाढा छन्। ३९ किलोमिटर (२५ माइल) उत्तरमा रहेको धरान पनि यहाँबाट इटहरी हुँदै सजिलैसँग जान सकिन्छ। यहाँबाट बलाहा, जोलाहाखोला, अनन्तनगर हुँदै विराटनगर जाने पुरानो कच्ची बाटो पनि छ। यो बाटो विराटनगर-धरान मूल बाटोमा पर्ने दुहबी बजारमा मिल्दछ। इनरुवामा एक प्रसिद्ध भगवतीको मन्दिर छ। यहाँ वैशाखमा मेला लाग्छ। साथै यहाँ रहेको सत्यनारायणको मन्दिरमा समय समयमा हरिकीर्तन गरिन्छ। यहाँका अन्य मन्दिरहरूमा शिव मन्दिर र रामजानकी मन्दिर हुन्।

जसरी दिनानुदिन इनरुवामा मानिसहरूको बस्ती बढ्दै छ, त्यसरी नै यहाँको उद्योग व्यवसाय तथा व्यापारको गतिविधिमा वृद्धि हुँदै गएको देखिन्छ। हाल इनरुवा सदरमुकाम र यस पञ्चायत क्षेत्रमा चिया पसल, होटेल बार तथा भट्टी, औषधि पसल, खाद्यान्न विक्रेता तथा स्टेशनरी आदिका करीब १०० वटा पसलहरू छन्। यातायातको सुविधा बढ्दै गएकोले यहाँको व्यापारको स्थिति पनि सुध्रदै गएको छ।

इनरुवा बजार वरपर सडकहरू पक्की भइनसकेका र पानी निकासी ढलहरूको अभावले गर्दा तराईको अन्य बजारमा जस्तै यहाँ पनि वर्षामा हिलो र हिउँदमा धूलो हुनु स्वाभाविक नै हो। यहाँको आवादीमा पहाडी भेकबाट आएका मानिसहरूको संख्या बढी देखिन्छ। यहाँ तीनवटा चामल मिल र एक सिनेमा घर पनि छ। इनरुवा गाउँ पञ्चायतको जनसंख्या ५,८३२ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धरान

महाभारत पर्वत श्रृङ्खलाको दक्षिण फेदीमा रहेको धरान सुनसरी जिल्लाको एकमात्र नगर पञ्चायत हो। मेची, कोशी र सगरमाथा अञ्चलका पहाडी भागलाई तराईसँग जोड्ने मुख्य केन्द्र धरान धेरै अघिदेखि प्रसिद्ध छ। यस क्षेत्रको लागि धरानको भौगोलिक अवस्थिति महत्वपूर्ण छ। यहाँको जनसंख्या २०,५०३ छ। यस हिसाबले अधिराज्यका १६ नगर पञ्चायतमध्ये यसको स्थान सातौं छ। चौकी बारी, विजयपुर, हात्तीसार, नारायणपुर, फुस्रे आदि स्थानहरू यही नगर पञ्चायत अन्तर्गत पर्दछन्। सरदुखोला जो तल गएर सुनसरी खोलाको नामले प्रख्यात छ, यो धरानको उत्तर-पूर्वदेखि पश्चिम पट्टिबाट बग्दछ।

यो तराई र पहाड दुवैको बजार केन्द्र भएकोले व्यापार नै यहाँको मुख्य आर्थिक गतिविधि हो। समुद्र सतहबाट धरानको उचाइ ३६५ मिटर (१,२०० फीट) छ। तर विजयपुर डाँडाको उचाइ भने करीब ६०६ मिटर (२,००० फीट) छ। पहाड र तराईको दोसाँध यो धरानमा ज्यादा जाडो पनि हुँदैन, ज्यादा गरम पनि हुँदैन। यहाँ दन्तकालीको मन्दिर, बूढा सुब्बाको मन्दिर, पिण्डेश्वर महादेवको मन्दिर, अष्टभूजी भगवतीको मन्दिर आदि तीर्थस्थान तथा पुरातात्त्विक महत्वका दर्शनीय स्थलहरू जस्तै विजयपुरका किल्ला आदि छन्। यहाँ चामल कारखाना, काठ चिर्ने स-मिल, बिस्कुट, त्रिसल, धातु कारखाना आदि उद्योगहरू छन्। डिजेल प्लान्टद्वारा धरान बजारमा २१२ किलोवाट बिजुली वितरण गरिएको छ। सरदू खोलाबाट ल्याइएको पानीबाट धरानमा खानेपानीको व्यवस्था गरिएको छ। यहाँबाट ४६ किलोमिटर लामो पक्की सडक, गङ्गा-पथ इटहरीमा महेन्द्र राजमार्ग छुँदै विराटनगर जान्छ। यो मार्गमा यातायातका विभिन्न साधन सजिलैसँग पाइन्छ। धरानबाट चतरासम्म कच्ची बाटो छ।

धरान नगर पञ्चायत क्षेत्रभित्र अञ्चल अदालत, परिवार नियोजन केन्द्र, नेपाल बैंक लिमिटेड, एक अस्पताल, औलो उन्मूलन कार्यालय, बिफर उन्मूलन कार्यालय, प्रहरी थाना, आकाशवाणी केन्द्र, रेन्ज कार्यालय, शाखा हुलाक आदि कार्यालयहरू छन्। यहाँ पाँच वटा माध्यमिक विद्यालय र दुई वटा निम्न माध्यमिक विद्यालय, १० वटा प्राथमिक विद्यालय, पिण्डेश्वरी संस्कृत क्याम्पस, महेन्द्र क्याम्पस र व्यावहारिक विज्ञानको केन्द्रीय क्याम्पस छन्। पूर्वाञ्चल शिक्षा निर्देशनालय पनि धरानमै रहेको छ। यहाँ चार वटा पुस्तकालयहरू छन्। ब्रिटिश गोरखा क्यान्टनमेन्ट पनि यहाँ नै रही आएको छ तर नगर पञ्चायत क्षेत्रभन्दा बाहिर पर्दछ। यसलाई गोरखा भर्ती केन्द्र र कसै कसैले घोपा क्याम्प पनि भन्दछन्। हरेक शुक्रबार र शनिबार धरानको नयाँ बजार र पुरानो बजारमा हप्तैपिच्छे पालोगरी हाट लाग्छ।

चतरा

अनन्त पाखा पखेरा र कन्दराहरू चिर्दै आएको कोशी नदी चतरामा आई पुगेर तराईको समथर भू-भागमा प्रवेश पर्दछ। पहाड र तराईको दो-साँधमा देखिने सप्तकोशीको अनुपम दृश्य अत्यन्त मनमोहक छ। दृश्यावलोकनको लागि मात्र होइन, बराह क्षेत्र, त्रिवेणी तथा चतरा मठ जस्ता आध्यात्मिक महत्वका स्थानहरूले चतराको गतिविधिमा चहल पहल थपेका छन्। चतरा नहरको मुहान पनि यहीं नै छ। नहर योजना, कोशी योजना र भूमि-संरक्षण योजनाहरू यहीं सञ्चालन भइरहेछन्। चतरा नहरको छेउ भएर चक्रघट्टीसम्म हिउँदमा मोटर पनि चल्छ। यहाँबाट धरानसम्म पनि यातायातको सुविधा छ। चतरा पनि पहाड र तराईको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

पाल्पातर्फ मुकुन्द सेनको राजकाज भएको बेला (वि. सं. १५७५ – १६१०) मोरङ प्रदेशको विजयपुरमा विजयनारायण राज्य गर्दथे। त्यसताका पाल्पाभन्दा पूर्वका निकै पहाडी भागहरूमा पाल्पाली सेन राजाहरूको आधिपत्य जमिसकेको थियो। पूर्व तराई क्षेत्रपट्टि सेनहरूले आँखा लगाएका थिए। मुकुन्द सेनले आफ्ना कान्छा छोरा लोहाङ सेनलाई पूर्व तराईतर्फ युद्ध गर्न पठाए। फलस्वरूप यिनले कोशी पश्चिमका स-साना रियासतहरू आफ्नो अधीनमा लिए। हेमिल्टनको वंशावली अनुसार पूर्व तराईमा सेनहरूको आधिपत्य जमाउनको श्रेय लोहाङ सेनलाई नै छ। यिनले कोशी पूर्वको राज्य पनि हातपार्ने दाउ खोजिरहेका थिए। त्यसैबेला विजयपुरका राजा विजयनारायणको आफ्ना किराती सरदारहरूसँग आन्तरिक वैमनस्य बढ्दै गएको थियो। सो कुरा पत्तालगाई लोहाङ सेनले विजयनारायणका सरदारहरूलाई आफ्नो हातमा लिए र विजयपुर पनि विजय गरे।

यसरी लोहाङ सेनले आर्जेको मोरङ प्रदेशको राजकाज मुकुन्द सेनले पनि उनैलाई दिए। लोहाङ सेन विजयपुरको राजगद्दीमा बसे। लोहाङ सेनका शेषपछि यिनका छोरा राघव सेन र नाति हरिहर सेन यहाँको राजा भए। हरिहर सेनले आफ्ना दुई गुणका दुई छोरा नातिलाई आफ्नो राज्य बाँडी दिए। यसअनुसार कोशीको पश्चिम भाग छोरा शुभ सेनलाई र कोशी पूर्वको हिस्सा नाति इन्दु विधाता (विधाता इन्द्र?) सेनको भागमा पर्‍यो। यिनीहरूको राज्यकालमा मोरङ प्रदेश पूर्णियाका नवाबहरूको हातमा पर्न गयो। तर पछि किरात प्रदेशका विद्याचन्द्र राईको सहायताबाट पूर्णियाका नवाबहरू धपिए। शुभ सेनका दुई छोरा महिपति सेन (मानधाता सेन?) र मानिक सेन क्रमशः कोशीको पूर्व र पश्चिमपट्टिको राजा भए। पछि महिपति सेनका छोरा कामदत्त सेन मोरङ इलाकाको राजा भए। आफ्नो किरात मन्त्री विचित्र राईसँग यिनको घनिष्ठता हुन सकेन। फलतः कामदत्त सेनले भोटतिर लखेटिनु पर्‍यो। त्यसपछि मानिक सेनका नाति जगत सेनलाई मोरङको राजा बनाइयो। धपाइएका कामदत्त सेन फर्केर आए र जगत सेनसँग मिली पुनः राजकाज गर्न लागे। यस घटनाको तत्कालै पछि विचित्र राईको मृत्यु भयो।

तत्पश्चात् विचित्र राईका छोरा बुद्धिकर्ण राई मोरङका मन्त्री भए। बुद्धिकर्णसित पनि कामदत्तको राम्रो मिलिमतो हुन सकेन। यसै तरहसँग राजा र दीवानका बीचमा चलेको कहलको मौका छोपेर सिक्किमका राजा नाग्याल फुन-चोले विजयपुर ठकुराईको इलाम प्रदेश खोसेर आफ्ना ठकुराईमा मिलाएका थिए।[1] अन्ततोगत्वा बुद्धिकर्ण राईका भाइ बुधकर्णको कामदत्त सेनले हत्या गराएर बुद्धिकर्ण भागी पूर्णियामा गई बसे।

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पृष्ठ ६०३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार केन्द्र हो। यहाँ बिहीबार हाट लाग्छ। चतरास्थित बराह क्षेत्रको मन्दिर, औलिया बाबाको मन्दिर तथा शिव मन्दिरमा धार्मिक पर्वहरूमा मेला लाग्छन्। खासगरेर कार्त्तिकपूर्णिमा बराह क्षेत्रको मन्दिरमा लाग्ने मेला महत्वपूर्ण मानिन्छ। यो मेला भर्न विभिन्न ठाउँबाट ३० हजार जति धर्मावलम्बीहरू भेला हुने गर्दछन्। यो मेलाको समयमा यस भेकको व्यापारिक गतिविधिमा निक्कै चहल-पहल बढ्छ।

चतरामा शाखा हुलाक, राष्ट्र बैंक काउण्टर, प्रहरी चौकी तथा औलो उन्मूलन कार्यालयहरू छन्। यहाँ एक प्राथमिक विद्यालय र एक स्वास्थ्य चौकी पनि छ।

चतरामा पनि स-साना व्यवसाय र पसलहरूको संख्या निकै देखिन्छ। यहाँ चिया पसल, होटेल, भट्टी, कपडा पसल, सिलाइ, केश कर्तनालय, घडी मर्मत, खाद्यान्न तथा नगदे बाली खरीद-विक्री पसल, भाँडा पसल, जुत्ता पसल, किराना पसल, नन तेल पसल, साइकल मर्मत, धान मिल, मिठाइ पसल, पान पसल र तरकारी पसल गरी करीब १५० वटा पसलहरू छन्।

इटहरी

पूर्व-पश्चिम राजमार्ग तथा उत्तर-दक्षिणको धरान-विराटनगर सडकको संगमस्थल यो इटहरी बजार सुनसरी जिल्लाको लागि मात्र होइन कोशी अञ्चलकै निमित्त पनि एक महत्वपूर्ण चौ-बाटो भएको छ। यहाँबाट सुनसरीको सदरमुकाम इनरुवा १८ किलोमिटर (१२ माइल), धरान बजार २१ किलोमिटर (१४ माइल), मेची अञ्चलको झापा जिल्ला ९१ किलोमिटर (५७ माइल) र विराटनगर २५ किलोमिटर (१६ माइल) तथा नेपाल भारत सीमानास्थित जोगवनी रेल स्टेशन २९ किलोमिटर (१९ माइल) टाढा छन्।

इटहरी पञ्चायत क्षेत्रमा एउटा माध्यमिक विद्यालय र पाँच वटा प्राथमिक विद्यालय छन्। यहाँ एक शाखा हुलाक, स्वास्थ्य केन्द्र , कृषि केन्द्र, प्रहरी चौकी, टेलिफोन अड्डा र नेपाल बैंकको शाखा पनि छन्। यहाँ तीन वटा साना र एउटा सेलर प्रणालीद्वारा चालित ठूलो चामल मिलहरू छन्। इटहरीमा एक काठ चिर्ने स-मिल र एक भूइँकटहर तथा क्यानिङ उद्योग पनि स्थापना भइसकेका छन्। यातायातको सुगमताले गर्दा इटहरीको उद्योग तथा व्यापारले फष्टाउने मौका पाएको छ।

इटहरीमा चिया पसल, होटेल, लज, भट्टी, कपडा पसल, सिलाइ, केश कर्तनालय, घडी मर्मत, औषधि पसल, खाद्यान्न तथा नगदे बाली खरीद-विक्री पसल, रेडियो मर्मत, मोटर मर्मत, स्टेशनरी, भाँडा पसल, जुत्ता पसल, मिठाइ पसल, पान पसल र तरकारी पसल गरी करीब ८० वटा पसलहरू खुलिसकेका छन्। इटहरी गाउँ पञ्चायतको जनसंख्या ७,३६० छ।

दुहबी

इटहरी र विराटनगरको बीचमा रहेको दुहबी पनि सुनसरी जिल्लाको एउटा अर्को राम्रो बजार हो। विराटनगर-धरान राजमार्गमा पर्ने यो बजार त्यस भेकको व्यापार केन्द्र भएको छ। यहाँ एउटा स्वास्थ्य चौकी र एउटा शाखा हुलाक रहेका छन्। यहाँबाट सीधा पश्चिम लागेर जिल्लाको सदरमुकाम इनरुवा जाने एक पुरानो कच्ची बाटो पनि छ। दुहबी पञ्चायतको केही भाग बूढीखोला पारगरी मोरङ जिल्लामा परेको छ। विराटनगर-बाट धरान जाँदा यहींबाट सुनसरी जिल्ला आरम्भ हुन्छ। यहाँ एक प्रसिद्ध भगवतीको मन्दिर छ। यो मन्दिरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक वर्ष विजया दशमीमा मेला लाग्दछ । साथै यहाँ शिव मन्दिर, राधाकृष्ण मन्दिर तथा हनुमान मन्दिर पनि छन् ।

पूर्व तराईको प्रख्यात औद्योगिक तथा व्यापारिक शहर विराटनगरबाट करीब १२ किलोमिटर (आठ माइल) उत्तर-पश्चिममा अवस्थित दुहुबीको उद्योग व्यवसाय र व्यापारको गतिविधि दिन प्रतिदिन बढ्दै गएको छ । यहाँबाट करीब १३ किलोमिटर (आठ माइल) उत्तरको इटहरीमा महेन्द्र राजमार्ग पर्दछ भने ४१ किलोमिटर (२८ माइल) दक्षिणमा भारतको जोगवनी रेल स्टेशन पर्दछ । यसरी यातायात र बजारको सहूलियत भएकोले पनि दुहुबीको व्यापारमा गतिशीलता आउन सकेको हो । यहाँ पनि चिया पसल, होटेल, कपडा पसल, सुन चाँदी पसल, घडी मर्मत पसल, औषधि पसल, खाद्यान्न तथा नगदे बाली खरीद–बिक्री पसल, कलम-कागज पसल, जुत्ता पसल, किराना पसल, फलाम उद्योग, साइकल मर्मत, चामल मिल, मिठाइ पसल, कपडा र किराना पसल, तरकारी पसल र सिरक-डसना पसल गरी १०० पसलहरू स्थापना भइसकेका छन् ।

अन्य

सुनसरी जिल्लामा अरू पनि नाम चलेका स्थानहरू छन् । इटहरीबाट करीब नौ किलोमिटर (छ माइल) पश्चिम महेन्द्र राजमार्गको छेउमा अवस्थित झुमका पनि निक्कै नाम चलेको ठाउँ हो । यो झुमका भातगाउँ सीनवारी पञ्चायत अन्तर्गत पर्दछ । महेन्द्र राजमार्ग बनेपछि झुमकाको चहलपहल बढेको छ । यहाँको सानो बजारमा बस बिसौनी पनि रहेको छ । सुनसरी जिल्लाको दक्षिण सीमानामा रहेको साहेबगञ्ज पनि यस भेकको प्रसिद्ध स्थान हो । यहां एक प्रहरी चौकी र छोटी भंसार कार्यालय रहेका छन् । धरान बजारको दक्षिण-पश्चिममा रहेको महेन्द्रनगर पनि घनाबस्ती भएको बजार हो । धरानदेखि यहाँसम्म यातायातको सुविधा छ । पटेरको गुन्द्री यहाँ प्रशस्त पाइन्छ । यहाँ प्राथमिक विद्यालय, प्रहरी थाना र शाखा हुलाक रहेका छन् । दुहुबी र इटहरीको बीचमा पर्ने खनार पनि रमाइलो ठाउँ छ । यहाँको सानो बजारमा राम्रा गुन्द्री, ढक्की, झल्ला, पटिया भकारी आदि निक्कै खरीद–बिक्री गरेको देखिन्छ । इनरुवाबाट सीधा दक्षिणपट्टि सुनसरी नदीको किनारामा रहेको हरिनगर पनि रमाइलो ठाउँ मानिन्छ । यहाँ भलाभलेनी, कोइरी टोल, सागर टोल र हरिनगर बजार छन् । सिङ्गिया गाउँ पञ्चायतमा पर्ने रामधुनी मन्दिर पनि सुनसरी जिल्लाको दर्शनीय स्थान हो । यो मन्दिर बाहुनी खोला (सुनसरी) को पूर्वपट्टि पर्दछ । इनरुवाबाट करीब १५ किलोमिटर (नौ माइल) उत्तरमा अवस्थित यो मन्दिरमा जाने पक्की बाटो वा आधुनिक सवारीको साधन छैन । यहाँ रामध्वनी नामक घना जङ्गल छ ।

इटहरीको उत्तरपट्टि हाँसपोशा पञ्चायत क्षेत्रमा पर्ने तरहरा पनि यो जिल्लाको नाम चलेको ठाउँ हो । यो ठाउँ विराटनगर-धरान राजमार्गको छेउमा पर्दछ । हाँसपोशा पञ्चायत क्षेत्र औद्योगिक तथा व्यापारिक दृष्टिबाट त्यति प्रगतिशील छैन तर आर्थिक वर्ष २०१७।१८ मा स्थापना भई सञ्चालन हुँदै आएको तरहरा कृषि फार्मले यहाँको स्थितिमा चहल-पहल थपेको छ । यो कृषि फार्ममा खासगरेर धान, गहुँ, जूट, आलु, तरकारी, कुखुरा, माछा, गाई, भैंसी, सुंगुरको अनुसन्धान गर्ने र उन्नत जात पत्तालगाई कृषकहरूलाई वितरण गर्ने काम भइरहेको छ । यो फार्ममा हाल एग्रोनोमी, बागवानी, पशु विकास, कुखुरापालन र मत्स्यपालन गरी जम्मा पाँच वटा शाखाहरू सञ्चालन गरिएका छन् । तरहरा जरीबूटी उद्यान पनि कृषि फार्मको समीपमा छ । यो उद्यानमा सर्पगन्धा, मेन्था जस्ता जरीबूटीको विकास विस्तार भइरहेछ । यी सब गतिविधिले गर्दा तरहरा एउटा दर्शनीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान भएको छ ।

पुरातात्त्विक महत्वका स्थानहरू

उपर्युक्त प्रमुख स्थानहरूको अतिरिक्त यो जिल्लामा केही पुरातात्त्विक महत्वका स्थानहरू पनि छन् । यी स्थानहरूमध्ये बराह क्षेत्रको विशेष स्थान छ । बराह क्षेत्र तथा यसका वरपरका केही स्थलहरूको पुरातात्विक अन्वेषण २०१७ सालमा पुरातत्व विभागबाट गरिएको थियो । पुरातत्व विभागका श्री जनकलाल शर्माका अनुसार यहाँ शाहकालभन्दा पूर्वका कुनै अभिलेख प्राप्त भएका छैनन् ।[1] कोशी र कोका नदीको दोभानमा अर्वास्थित यो बराह क्षेत्रमा कोकामुख बराह र श्वेत बराहको भग्नावशेष छन् । हाल बराह क्षेत्रका दर्शनीय मन्दिरहरू बराह भगवान, लक्ष्मी, नागेश्वर बराह, सूर्य बराह, बद्री मुक्तेश्वर, पान्त भगवान, इन्द्र बराह, गुरु बराह र कोका बराह हुन् । बराह क्षेत्रभन्दा करीब तीन किलोमिटर माथि डाँडामा सूर्यकुण्ड छ । यहाँ बाला चतुर्दशीमा मेला लाग्छ ।

विजयपुरबाट करीब ८ किलोमिटर (पाँच माइल) पश्चिमपट्टि सप्त कोशीको किनारमा चतरा गद्दी छ । यो पनि पुरातात्विक महत्व भएको स्थान हो । चतरा गद्दीबाट करीब दुई किलोमिटर उत्तरमा लालकोट अर्थात् रङ्ग महल छ । यहाँ एक पुरानो भग्नावशेष छ र यस ठाउँबाट कोशीको राम्रो दृश्य देखिन्छ । यो जिल्लाको पुरातात्विक स्थानहरूमा विजयपुर पनि महत्वपूर्ण छ । पालपामा सेन वंशीहरूको राजकाज भएको बेलामा विजयपुरमा मोरङ प्रदेशका राजा विजयनारायण राज्य गर्दथे । पछि यो प्रदेश सेनहरूको हातमा पऱ्यो र यिनै सेन वंशीबाट पृथ्वीनारायण शाहले गोरखा राज्यमा समावेश गरेका हुन् । सेनहरूको हातमा पर्नुभन्दा पहिलेदेखि नै यो विजयपुर (विजेपुर?) मोरङ प्रदेशको राजधानी थियो । सेनहरूले लिएपछि पनि यो प्रदेश पूर्वमा टिष्टा र पश्चिममा कोशी नदीसम्म फैलिएको थियो । पं. तुलारामले कोशीदेखि टिष्टासम्मको जजमानी गर्ने स्थायी आदेश पाएको र पछि गोर्खा राजवंशबाट पनि सो थमौती पाएकोबाट यो कुरा प्रमाणित हुन्छ ।[2] यो ठाउँको इतिहास माथि ऐतिहासिक पृष्ठभूमिमा पनि चर्चा गरिएको छ । विजयपुरका पुरातात्विक एवं दर्शनीय स्थानहरूः— दन्तकाली, पिण्डेश्वर, बूढा सुब्बा, तल्लो दरबार, माथिल्लो दरबार तथा साँगुरी गढी हुन् । दन्तकाली, पिण्डेश्वर तथा बूढा सुब्बा धार्मिक दृष्टिकोणबाट पनि महत्वपूर्ण छन् । मानिसहरू यहाँ पाठ पूजा गरी फूल प्रसाद तथा बलि चढाउँछन् ।

पुरातात्विक एवं ऐतिहासिक स्थानहरूको अतिरिक्त यो जिल्लामा धार्मिक महत्वका ठाउँहरू पनि छन् । जिल्लाको एक नगर पञ्चायत र ४७ गाउँ पञ्चायतमा ६८ वटा विभिन्न देव-देवीका मन्दिरहरू छन् । यी मन्दिरहरूमध्ये साहेवगञ्जको राम-जानकी मन्दिर, कप्तानगञ्जको शिव मन्दिर, देवानगञ्जको काली मन्दिर, चिपडीको जानकी मन्दिर, दुहुबीको राधा कृष्ण मन्दिर, तनमुनाको महादेव मन्दिर, इनरुवाको भगवती मन्दिर, पकलीको राग कवीर, सीताकवीर, भातगाउँको राम जानकी मन्दिर, भोक्राहको रामध्वनी मन्दिर, बकलौरीको राम मन्दिर, बाँझगराको कृष्ण मन्दिर तथा बराह क्षेत्र र धरान वरपरका मन्दिरहरू प्रसिद्ध छन् । बराहक्षेत्र तथा रामध्वनी मन्दिरको लागि प्रशस्त गुठी जग्गा छुट्याइएको छ । अन्य मन्दिरहरूको पूजा आजा सञ्चालनको लागि करीब २०० बिघा जमीन गुठी राखिएको देखिन्छ ।

१. प्राचीन नेपाल, संख्या ४, श्रावण २०२५ पृष्ठ २७
२. पुरातत्व पत्र संग्रह (दोस्रो भाग), राष्ट्रिय अभिलेखालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या २,२३,४३४ छ। यसमध्ये पुरुषको संख्या १,१५,१०८ र महिलाको संख्या १,०८,३२६ छ। कोशी अञ्चलको कुल जनसंख्याको २५.८ प्रतिशत मानिस यस जिल्लामा बस्दछन्। अञ्चलका अन्य चार जिल्लाको जनसंख्याको तुलनामा सुनसरी दोस्रो छ भने अधिराज्यका ७५ जिल्लाको तुलनामा पन्ध्रौं हुन आउँछ। यो जिल्लाको कुल जमीन १,२६५ वर्ग किलोमिटर मानिएको छ। यहाँको सरदर जन घनत्व १७७ व्यक्ति प्रतिवर्ग किलोमिटर भएको देखिन्छ।

सुनसरी जिल्लामा मानिसहरू बसोबास गरेको घर परिवारको जम्मा संख्या ३८,६७९ छ। यहां बढीमा २० जना र सोभन्दा माथि तथा घटीमा एक जनासम्म सदस्य भएको परिवारहरू छन्। तथ्याङ्क विभागबाट २०२८ सालमा लिइएको जनगणना अनुसार एकजना सदस्य भएको परिवार संख्या १,३८१ छ। बीस र सोभन्दा माथि सदस्य भएको परिवार संख्या १२० छ। तीनजना सदस्य भएको ४,१८२; चार जना भएको ५,३८१; पाँचजना भएको ५,८७४; छ जना भएको ५,४६० र सात जना भएको ४,३२३ परिवारहरू छन्। यहाँ पाँच जना सदस्य भएको परिवार सबैभन्दाज्यादा देखिन्छ। जिल्लाको कुल जनसंख्याको हिसाबगर्दा एक परिवारमा सालाखाला पाँच व्यक्ति पर्न आउँछ।

विभिन्न उमेर समूहमा विभाजित सुनसरी जिल्लाबासीहरूलाई ०–५ वर्षसम्म हुर्कंदै गरेका बालक बालिका, ६-१५ वर्षसम्म शिक्षालयहरूमा अध्ययन गर्ने र बाँकी जनसंख्यालाई बेग्लै समूहमा राख्दा यसो देखिन्छ।

उमेर समूहको तालिका

समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	२१,४४३	१८.६	२२,४९८	२०.८	४३,९४१	१९.७
६–१५	३०,७९०	२६.७	२७,१७६	२५.१	५७,९६६	२६.०
१६ देखिमाथि	६२,८७५	५४.६	५८,६५२	५४.१	१,२१,५२७	५४.३
जम्मा	१,१५,१०८	९९.९	१,०८,३२६	१००.०	२,२३,४३४	१००.०

जनसंख्यालाई विभिन्न उमेरको समूहमा विभाजन गरी नौ वर्ष मुनिका र ६० वर्ष माथिकालाई आश्रित जनसंख्या मानेमा ती ३७.४ प्रतिशत अर्थात् ८३,३९७ छन् र १० वर्षदेखि ५९ वर्षभित्रको समूहलाई काम गर्ने क्षमता भएको जनशक्ति मान्ने हो भने ६२.६ प्रतिशत अर्थात १,४०,०३७ देखिन आउँछ। यसरी सुनसरी जिल्लामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक दृष्टिबाट सक्षम र आश्रित जनसंख्याको हिसाब गर्दा सक्षम अर्थात् आर्थिक लाभ हुने काम गर्न सक्ने उमेर भएको व्यक्ति माथि सरदर १.६ आश्रित व्यक्तिको आर्थिक भार रहेको देखिन्छ। अथवा १०० जना मानिसले १६० जना मानिसको आर्थिक निर्वाह चलाउनु पर्ने हुन्छ। यस किसिमबाट सुनसरी जिल्लाबासीहरूको आर्थिक निर्भरताको अनुपात १००:६० रहेको छ।

आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन अन्तर्राष्ट्रिय चलन चल्ती अनुसारको उमेर समूहलाई आधार मानेर हिसाब गर्ने हो भने यो जिल्लाको स्थिति केही फरक हुन आउँछ। अन्तर्राष्ट्रिय प्रचलन बमोजिम १४ वर्ष र सोभन्दा मुनि तथा ६५ र सोभन्दा माथिको उमेर समूहमा पर्ने जनसंख्यालाई आश्रित र १५ वर्षदेखि ६४ वर्षको उमेर समूहमा पर्ने जनसंख्यालाई सक्षम जनशक्ति मानिएको छ। यस अनुसार सुनसरी जिल्लामा आर्थिक दृष्टिबाट सक्षम जनसंख्या १,१९,६७६ हुन आउँछ। आश्रित अर्थात् निर्वाहको लागि अरूमाथि भरपर्नुपर्नेहरूको संख्या १,०३,७५८ छ। यसबाट के कुरा प्रष्ट हुन्छ भने हरेक सक्षम व्यक्तिमाथि करीब दुई व्यक्ति आश्रित छन्। अथवा १०० जना मानिसले १८० जनाको निर्वाह चलाउनु पर्छ। यस हिसाबबाट सुनसरी जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८० हुन आउँछ।

यो जिल्लाको वैवाहिक तथ्याङ्क हेर्दा यहाँ बाल-विवाह थोरै मात्रामा भएपनि अझै प्रचलनमा रहेको देखिन्छ। छ वर्षदेखि नौ वर्षसम्मका विवाहित केटाको संख्या ११८ र केटीको संख्या २२६ देखिएको छ। १५ वर्षदेखि २४ वर्षको समुदायमा केटाहरूभन्दा केटीहरू नै धेरै संख्यामा विवाहित देखिन्छन्। सुनसरी जिल्लामा विधुर पुरुषहरूको तुलनामा विधवा महिलाहरूको संख्या बढी छ। खासगरेर ५५ वर्षभन्दा माथि उमेर भएका महिलाहरू नै धेरै विधवा छन्।

नेपाल अधिराज्यका अन्य जिल्लाहरू जस्तै सुनसरी पनि विभिन्न जातजातिको साझा घर हो। यहांका निवासीहरू आफ्नो राष्ट्रभाषा नेपालीको अतिरिक्त आ-आफ्नो समूहमा आ-आफ्नो जातीय भाषा बोल्दछन्। तर पहाडी भेकबाट बसाइँ सरेर जिल्लाको विभिन्न भागमा छरिएर बसेका मगर, गुरुङ, तामाङहरू भने आ-आफ्नो घर परिवारमा पनि ज्यादा त नेपाली भाषा नै प्रयोग गर्दछन्। थारू तथा राई-लिम्बूहरू प्रायः संगठित रूपले बसेका हुन्छन् र आफ्नो घरपरिवार तथा आफ्नो समुदायभित्र आ-आफ्नो भाषा बोल्न मन पराउँछन्। यी जातिहरू आफ्नै मातृ भाषाको माध्यमबाट आपसमा आफ्ना अनुभूतिहरू आदान प्रदान गर्दछन्। आफ्नै भाषामा गीत गाएर आफ्नै तालमा ढल्की ढल्की नाच्छन्।

राष्ट्रिय जनगणना २०२८ अनुसार भाषा-भाषीको आधारमा यहाँका निवासीहरूको विभाजन यसरी गर्न सकिन्छः—

बोलिने भाषा भाषी	बोल्नेको संख्या	प्रतिशत
नेपाली भाषा	५४,४६०	२४.३७
मैथिली भाषा	५१,०३५	२२.८४
थारू भाषा	५६,७३१	२५.३९
नेवारी भाषा	४,१५७	१.८६
राई भाषा	११,९९८	५.३७
लिम्बू भाषा	२,६८७	१.२०
अन्य भाषा	४२,३६६	१८.९६
जम्माः—	२,२३,४३४	१००.०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ अन्य भाषा बोल्नेहरूको समूहमा भोजपुरी, तामाङ, अवधी, मगर, गुरूङ, सुनुवार, दनुवार, सतार तथा सन्थाल आदि जातिहरू पर्दछन् । नेवारी भाषा बोल्नेहरू मुख्यतः जिल्लाको व्यापारिक केन्द्र धरान, इटहरी तथा दुहुबी र इनरुवामा बसेकाछन् । अरू भाषा बोल्ने जातिहरूले जिल्लाको विभिन्न भागमा बसोबास गरेकाछन् ।

यस जिल्लाको ४७ गाउँ पञ्चायत र एउटा नगर पञ्चायत तथा तिनको जनसंख्या निम्नबमोजिम छः—

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अमाडुवा	२,४६०	२. अमाही वेला	२,५३७
३. आइतबारे बकरौली	७,८१९	४. आहाले	२,७९९
५. ओरावानी	३,६५८	६. इटहरी	७,३६०
७. इनरुवा	५,८३२	८. कप्तानगञ्ज	४,०७३
९. कुशाही	३,१७९	१०. खनार	४,०९९
११. घुस्की हाट	५,५२७	१२. धोपा	८,१०४
१३. चतरा	४,१७१	१४. चांदवेला	३,३४२
१५. चौर घटिया	१,९८७	१६. चीमदी	२,७०६
१७. छिताहा	३,८६७	१८. जालपापुर	२,२०९
१९. तानामुना	३,०३१	२०. तेतीस सतेरझोरा	३,४२४
२१. दुमराह	७,५७४	२२. दुहुबी	६,०७१
२३. नरसिं टप्पू	१,९११	२४. पकली	२,६४२
२५. वसन्तपुर सुखसेना	२,६६८	२६. बाबिया	३,६२८
२७. बांझागरा	४,३५४	२८. भलुवा	२,३८६
२९. भातगाउँ सिनवारी	२,९०२	३०. भोकराह	१६,८३५
३१. भरोला कलाबञ्जर	४,६६८	३२. मधेली	४,५५२
३३. मदेसा वीस	४,६७९	३४. मध्यहरसाही	२,८६०
३५. महेन्द्रनगर	१०,९५२	३६. मैनामैनी	३,७३९
३७. याकम्वा	३,१९७	३८. रामकुञ्ज वेलगाछिया	२,७६६
३९. रामनगर भुटुहा	५,४७४	४०. राजुङ्ग सिनावारी	४,०८७
४१. दिवानगञ्ज	३,०४७	४२. सोनापुर	२,७२५
४३. साहेवगञ्ज	२,६२६	४४. सिमारिया	२,४७३
४५. सिंगिया	४,८५६	४६. हरिनगरा	४,२२५
४७. हसपोसा	३,८५०		

पाँच हजारभन्दा बढी जनसंख्या हुने गाउँ पञ्चायत आइतबारे, धोपा, दुमराह, इनरुवा, भोकराह दुहुवी, घुस्की, इटहरी र महेन्द्रनगर हुन् । सबैभन्दा थोरै अर्थात् १,९११ मात्र जनसंख्या हुने पञ्चायत नरसिं टप्पू हो । धरान नगर पञ्चायतको जनसंख्या २०,५०३ छ । यहांका अधिकांश गाउँ पञ्चायतहरूको जनसंख्या २,००० देखि २,९९९ भित्र परेको देखिन्छ । गाउँ पञ्चायतहरूमा सबैभन्दा धेरै अर्थात् १६,८३५ जनसंख्या हुने पञ्चायत भोकराह हो । दोस्रोमा १०,९५२ जनसंख्या भएको महेन्द्रनगर गाउँ पञ्चायत पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनसरी जिल्लाको कुल जनसंख्यामध्ये २,१२,४४४ जना स्वदेशमा जन्मेको र १०,६६० जना विदेशमा जन्मेको कुरा २०२८ सालमा तथ्याङ्क विभागबाट लिइएको जनगणनामा उल्लेख भएको छ। विदेशमा जन्मेको जनसंख्यामा पाँच वर्षदेखि ३९ वर्षको उमेर समहमा सबैभन्दा बढी मानिस छन्। विदेशमा जन्मनेहरूमा ५,६८१ पुरुष र ५,३०९ महिला छन्। यहाँको जनसंख्याको नागरिकता सम्बन्धी तथ्याङ्क अनुसार ५,८८६ जना भारतीय, १५७ जना अन्य एशियाली र तीन जना अरू देशका नागरिक र बाँकी सबै नेपाली नै छन्।

जन-जीवन

यो जिल्लामा थारू जातिको जनसंख्या धेरै छ। सुनसरी जिल्लामा थारूहरू पश्चिमपट्टिको सप्तरी क्षेत्रबाट र पूर्वपट्टिको मोरङ इलाकाबाट आएका हुन् भनिन्छ। त्यसैले यहाँका थारूलाई मोरङ्गिया थारू तथा सप्तरिया थारू भन्ने पनि चलन छ। सप्तरियाहरू जिल्लाको पश्चिम भागमा बढी बसोबास गरेका छन् भने मोरङ्गियाहरू पूर्वपट्टि। थारू जातिको बस्ती अन्य जातिको जस्तो जिल्लामा छरिएको अवस्थामा हुँदैन। आ-आफ्नो बस्तीमा नजीक नजीक घरहरू बनाएर मिलेर बसेका हुन्छन्।

तराईबासीहरूमा थारू जाति एउटा ठूलो समूह हो। मेचीदेखि महाकालीसम्मको तराई क्षेत्रमा बसोबास गर्दै आएको थारू जातिको संख्या जम्मा जम्मी करीब चार लाख होला। सुनसरी जिल्लामा मात्र यिनीहरूको संख्या ५६,७३१ छ। यो जातिको आफ्नो बस्ती पहाडी क्षेत्रमा कहिले सरेन। तराईको हराभरा जङ्गल र न्यानो फराकिलो फाँट नै यो जातिको केन्द्रस्थल हुँदै आएको छ। औलोको मार तथा गोमन र बिच्छीको चोट खपेर पनि यिनीहरूले तराई छोड्न सकेनन्। यो जातिको प्रारम्भ कहाँबाट, कहिले, कसरी भयो भन्ने कुराको पुष्टि सत्प्रमाण कतैबाट भएको देखिँदैन। कसैले दक्षिणको थार मरूभूमिबाट आएका हुनाले थारू भनेको भन्दछन् त कसैले मुसलमानी हमला खप्न नसकी भागेर आएका राजपूत आइमाईका सन्तान भनेकाछन्। तर यो जाति दक्षिणतिरबाट आएको जाति भन्न गाह्रो पर्छ किनभने थारूहरूको बनोटमा मङ्गोलियन आकृति देखिन्छ। राजपूतको सन्तान भन्नलाई पनि थारू तथा राजपूतको भिन्ना भिन्नै सांस्कृतिक परिपाटीले दिंदैन। त्यस्तै थार मरूभूमिबाट भनौं भने त्यस्तो मलिलो, फराकिलो र पवित्र गङ्गा र यमुनाको फाँट छोडेर यो गर्मी जङ्गलमा किन आए भन्ने प्रश्न उठ्न सक्छ। अनुहार हेर्दा किरात जस्तो देखिने यो जातिको भाषा सुन्दा आर्य जस्तो लाग्छ। अन्ततः यो जातिलाई हजारौं वर्षदेखि नेपालको तराई खण्डमा बसोबास गर्दै आएको आदिबासी भन्नु नै बरु सुहाउने होला।

थारूहरू खास गरेर खेतीपाती र पशु-पालनमा नै आफ्नो जीवन निर्वाह गर्दछन्। यिनीहरू केही कालो रङ्गका हट्टाकट्टा, बलिया हुन्छन्। यिनीहरूको आफ्नै थारूभाषा भएतापनि राष्ट्रभाषा नेपाली पनि बोल्दछन्। पश्चिमाभन्दा पूर्विया थारूको वेशभूषा तथा भाषामा धेरै बाह्य प्रभाव परेको छ। यो जातिको थरमा पनि भौगोलिक असर परेको पाइन्छ। जुनजुन क्षेत्रमा थारूहरूको बस्ती बस्तै जान्छ, त्यही त्यही क्षेत्रको मुख्य नामबाट यिनीहरूको थर बन्दै गएको छ। नमूनाको लागिः– राजहटिया, लालपुरिया, चितौनिया, कटरिया, दाङ, बर्दिया, लामपुछुवा, मदेनिया, सोलरिया, कोचिला, मझोरा, रौतार, सुनाहा आदि।

थारूहरू बिहे हुँदा धेरैजसोको सानै उमेरमा आमा बाबुले बन्दोबस्त मिलाइ गरिदिन्छन्। यो जातिमा प्रायः दुलाहाभन्दा दुलही जेठी भएको पाइन्छ। विवाह गर्दा अथवा अन्य चाडपर्व मनाउँदा यिनीहरूको आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभए तापनि परम्परागत उत्सव, धार्मिक आयोजन आदि ज्यादै परिमार्जित ढङ्गको छ। बिहाबारीमा स्त्रीजाति नै प्राथमिकता लिने तथा परिवारको संरचनामा पनि मातृ पक्षको प्रधानता छ।

सुनसरी जिल्लावासीहरूको मुख्य पेशा कृषि नै हो। यसको अतिरिक्त केही जात जातिको परम्परागत पेशा पनि यथावत छँदै छ। क्षेत्री, बाहुन तथा थारूहरू मुख्यतः कृषिमा नै व्यस्त रहन्छन्। नेवारहरू व्यापारमा ज्यादा लागेका देखिन्छन्। यादवहरू दुग्ध व्यवसायमा बढी लागेको पाइन्छ भने मुसलमानहरू पशु-पालनमा। दमाईले आफ्नो परम्परागत सियो चलाउने काम गरेको हुन्छ भने कामीले आरन (ज्यासल) मा खलाँती चलाएको हुन्छ। सार्कीहरू साधारणतः जुत्ता सिउने र ज्यालादारीको काम गर्दछन्। कोही डोको नाम्लो तथा चकटी र ढकी बुनिरहेका हुन्छन् त कोही सिकर्मी, डकर्मी तथा नकर्मी काम गरेर हिंडिरहेका हुन्छन्। यसरी विभिन्न जातिले विभिन्न काम गरेर जिल्लामा एक अर्कोलाई हुने खाँचो साटफेर तथा किनबेच गरेर टारेका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै सुनसरी जिल्लाको मुख्य आर्थिक आधार पनि कृषि नै हो। भारतीय सीमानामा जोडिएको, अन्य पहाडी जिल्लाको तुलनामा यातायात, सञ्चार तथा विद्युत् र बजार जस्ता उद्योग व्यवसाय एवं व्यापारिक गतिविधिका आधारभूत तत्वहरू केही विकास भइसकेको सुनसरी जिल्लामा मानिसहरूले कृषिको अतिरिक्त अन्य कतिपय पेशा अपनाउनु सामान्य कुरा सम्झनुपर्दछ। तर अधिकांश जिल्लावासीहरूले कृषि व्यवसायबाट आफ्नो पेशान्तरण गर्न सकेका छैनन्। धरान, इटहरी, दुहवी र इनरूवा जस्ता व्यापारिक केन्द्रहरूमा केही मानिस उद्योग व्यवसाय र वाणिज्यमा लागेको देखिन्छ भने केही व्यक्ति माछा पालन, विद्युत् तथा अन्य निर्माण कार्यमा र यातायात सेवामा पनि लागेका छन्। तर कृषिभन्दा अन्य पेशामा लागेर जीवन निर्वाह गर्नेहरूको संख्या नगण्य छ। २०२८ सालमा तथ्याङ्क विभागबाट लिइएको जनगणना अनुसार सुनसरी जिल्लामा १० वर्ष र सोभन्दा माथि उमेर भएका र विभिन्न पेशामा लागेका मानिसको संख्या करीब ७७,५४१ छ। यसमध्ये कृषि-जन्य पेशामा ८,३९६; उद्योगमा १,११५; निर्माण कार्यमा १७४; व्यापारमा ३,१८४; यातायात तथा सञ्चारमा ६१७; व्यक्तिगत र सामाजिक सेवामा ३,९५० र अन्य सेवामा १०५ लागेको देखिन्छ। अधिकांश मानिसहरू कृषि-जन्य पेशामा लागेको यो तथ्याङ्कबाट प्रष्ट भएको छ।

कृषि

मैनामैनी तथा आहाले गाउँ पञ्चायत क्षेत्र र महाभारतको पाखो बाहेक सुनसरी जिल्लाको सबैजसो भाग समथर जमीनमा पर्दछ। यो जिल्लाको कुल जमीन १,२६,५०० हेक्टरमध्ये ५७,२०० हेक्टरमा मात्र खेती गरिन्छ। यहाँ वार्षिक ८७,७०० मेट्रिक टन अनाज उत्पादन हुन्छ। यसमध्ये बीजनको लागि, विभिन्न कारणवश हुने क्षति तथा कुट-फल गरी भूस फालेपछि ३९,२०० मेट्रिक टन अनाज कम हुने अनुमान गरिएको छ। बाँकी ४८,५०० मेट्रिक टनमा ४०,७०० मेट्रिक टन जिल्लामा खपत हुन्छ। यसप्रकार सुनसरी जिल्लामा वार्षिक ७,८०० मेट्रिक टन बचत हुन आउँछ भनी नेपालको कृषि तथ्याङ्क २०२८ ले देखाउँछ।

नेपालका अन्य जिल्लाहरूमा जस्तै सुनसरीको आर्थिक गतिविधि पनि ज्यादातः कृषि-जन्य कारोवारमा केन्द्रित भएको पाइन्छ। यसको पूर्वपट्टिको छिमेकी जिल्ला मोरङको तुलनामा सुनसरी जिल्लाको औद्योगिक गतिविधि नगण्य छ। तर कृषिको अतिरिक्त वन जङ्गलमा आधारित कच्चा पदार्थको व्यापार व्यवसाय र यस जिल्लाको लागि समेत खपत हुन सक्ने स्वदेशी वा विदेशी दैनिक उपभोगका सामग्रीहरूको आयात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोहित गुरूबाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रत्येक परिवारले आफ्नो घरभित्र राखेको इष्ट देवताको पूजा गर्नु पर्छ । यो जातिमा एउटा अनौठो प्रथा के छ भने दुलही अन्माएर डोलीमा हालिसकेपछि माइतीपट्टिका मानिसले एउटा विषको सानो बटुको डोलीमा राखिदिन्छन् । बरियात लिएर दुलाहाको घरमा जाँदा बाटोमा शत्रुले हमलागरी सतीत्व लुट्न लागे भने त्यो विष खाएर प्राण त्याग गर्नु भन्ने परम्परागत चलन हो भनी कसै कसैले यसको अर्थ लगाएका छन् । यो थारूहरूको मौलिक संस्कृति हो वा राजपूतहरूको सिको गरिएको हो तथ्य उद्घाटन हुन बाँकी नै छ । दुलाहाको घरमा भित्रिइसकेपछि भोलिपल्ट दुलहीले सुंगुरको टाउको, रक्सी तथा गुन्द्री लिएर माइत जानुपर्दछ । यस किसिमका परम्परागत मान्यतालाई हेर्दा थारू जातिमा हिन्दू धर्मको प्रभाव ज्यादै कम परेको जस्तो लाग्छ । थारूहरू काली, भगवती मैया तथा गौरैया आदि देव देवताको पूजा गर्छन् । भगवती र कालीलाई बोको बली दिन्छन् र गौरैयालाई सुंगुर । आ-आफ्नो कुल देवता आ-आफ्नै घरमा राखिएको हुन्छ । यसरी देवता राखिएको कोठामा घरको मूल मान्छे सुत्ने बस्ने गर्दछन् । ससुराको अगाडि बुहारीले घुम्टो हाल्ने चलन छ । तर पहिलो पटक सुत्केरी भएपछि यो घुम्टो खोल्ने पनि चलन छ ।

वेशभूषामा महिलाहरू साधारण खड्की, अचरा तथा सारी लगाउँछन् । चोलो लगाउने चलन यिनीहरूमा ज्यादै कम छ । हंसुली, ठोका, बाजु, पैंरी तथा कनवजा यिनीहरूका आफ्नै खालका गहना हुन् । अन्त्येष्टि काजक्रिया गर्दा पूर्वीया र पश्चिमा थारूहरूको अलग अलग प्रथा देखिन्छ । पश्चिम नेपालका थारूहरू पुरुषको मृत लाशलाई घोप्टो पारेर गाड्छन् र महिलाको लाशलाई उत्तानो पारेर गाड्छन् । तर पूर्व तर्फका थारूहरू मृतलाशलाई नदीको छेउमा लगी पोल्दछन् ।

यो जिल्ला पनि अन्य तराई जिल्लाहरू जस्तै विभिन्न भाषाभाषी बोल्ने विभिन्न जातजातिको फूलबारी हो । बिहारको सन्थाल प्रगन्नामा बस्ने सन्थाली वर्गसित मिल्दोजुल्दो जङ्गलको छेउ छाउमा छाप्रो बनाई दुःख सुख जीवन निर्वाह गर्ने सतार जाति पनि यो जिल्लामा छन् । काठमाडौंको वरिपरि तथा सिन्धुपाल्चोक र रसुवापट्टिको पाखो पखेरामा आफ्नो मूल थलो भएका तामाङहरू पनि यो जिल्लामा बस्न पुगेकाछन् । नेपालकको एकीकरण हुनुभन्दा पहिले कर्णाली र गण्डकी प्रदेश अनेक भागमा विभाजित हुँदा बाह्र मगरातमा राजगरी बस्ने मगरले पनि सुनसरीमा स्थान पाएकाछन् । अन्नपूर्ण, मनासलु तथा हिमालचुलीको दक्षिण भागका आदिम जाति गुरूङ पनि यहाँ आएकाछन् । के दनुवार, के सुनुवार, के अवधी, के लिम्बू सबका सब यो जिल्लामा अटाएका छन् । के शेर्पा, के नेवार, के राई, के राजपूत सबै मिली सुनसरीको सेरोफेरो पटाएकाछन् । जसरी सुनसरीको यत्रतत्र बाहुनहरू छरिएकाछन् त्यसरी नै कति बस्तीमा क्षेत्रीहरू भरिएका छन् । को हिमाली, को लेकाली, को पर्वते, को काँठे जोपनि मधेशतिर पसेकाछन् , जातमा जो जे जस्तो भए पनि मिलीजुली बसेका छन् ।

यस जिल्लामा यत्रतत्र छरिएर बसेका विभिन्न अल्पसंख्यक जाति उप-जातिहरू छन् । मुशहर, झाँगर, तेली, कामी, दमाई, सार्की, बनिया, धानुक, खनवे, मलाहा ईजाम, कुमाले, डोम, मारवाडी, घर्ती, सन्यासी, खरेत, कोइरी, यादव इत्यादि ।

सुनसरी जिल्लाका जातिहरूमा "झाँगड" जाति थारू पछिको उल्लेखनीय जाति हो । यस जातिको नेपाल आगमन कहिले भयो भन्ने विषय अझ पनि अध्ययन र गवेषणको रूपमा नै रहेको छ । "थारू" जातिका सम्बन्धमा विद्वान्हरूले खोजिनीति गरे तापनि यस जातिको सम्बन्धमा कुनै चासो देखाइएको छैन ।

यो स्पष्ट छ झाँगड जाति कुनै उपजाति वा सम्प्रदायविशेषको वर्ग नभई एउटा पूर्णजाति हो । यिनीहरू स्थायीरूपले बसोबास गर्ने, आफ्नो सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराभित्र एकलकाँटे स्वभाव लिएर बाँच्ने तथा निरीह प्रवृत्तिका स्वछन्दमा बस्ने जाति हुन् । यस जातिको भाषा र साहित्यको विकास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्यातमा पनि केही समुदायले आफ्नो पेशा बनाएको पाइन्छ। खाद्यान्नमा धान, मकै, गहुँ, कोदो र नगदेबालीमा सनपाट (जूट), सुर्ती, उखु तथा तेलहनमा तोरी एवं दहलनमा रहर, मास, मुंग, खेसरी, मुसुरी आदि यस जिल्लाको मुख्य मुख्य बाली हुन्। जिल्लाको उत्तरी भाग अर्थात् मैनामैनी पञ्चायत, आहाले पञ्चायत र पहाडी क्षेत्र बाहेक सबैजसो ठाउँमा धान खेती हुन्छ। यहाँको सबैभन्दा बढी उब्जा हुने अनाज पनि धान नै हो र धेरै भू-भाग पनि धान खेतले नै ओगटेको पाइन्छ। कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२४।२५ देखि २०२८।२९ सम्म धानबाली उत्पादनको प्रवृत्ति बढ्दो देखिन्छ तापनि २०२९।३० मा यो अङ्कमा ह्रास भएको पाइन्छ।

वर्ष	खेतको क्षेत्र (हेक्टरमा)	उत्पादन (मेट्रिक टनमा)
२०२४।२५	४५,७००	७७,६९०
२०२५।२६	४५,८००	७७,८६०
२०२६।२७	४६,०००	७८,६६०
२०२७।२८	४६,०००	७९,१७३
२०२८।२९	४७,०००	८२,२५०
२०२९।३०	४२,०००	६७,२००

सुनसरी जिल्लाको आर्थिक स्रोतमध्ये सनपाट पनि एक मानिएको छ। यस जिल्लाको हावापानी सनपाट खेतीको लागि उपयुक्त छ र यसबाट कृषकहरूलाई नगद उपार्जन गर्न मद्दत पुगेको छ। यहाँ एक नगदेबाली विकास योजना पनि लागू भएको छ। किसानहरूले नगदेबालीको खेतीमा प्रोत्साहन पाएका छन्। सबै जसो पञ्चायतमा सनपाट खेती तथा व्यापार हुन्छ। गत पाँच वर्षमा गरिएको सनपाट खेती र त्यसको उत्पादन यसप्रकार छः—

वर्ष	सनपाट बाली लगाएको क्षेत्र (हेक्टरमा)	उत्पादन (मेट्रिक टनमा)
२०२४।२५	१०,०००	९,९४५
२०२५।२६	९,५००	९,०२५
२०२६।२७	११,५००	१०,८१०
२०२७।२८	१२,०००	११,५२०
२०२९।३०	१२,०६०	१२,२४०

यस जिल्लाका मुख्य खाद्यान्न धान र मुख्य नगदेबाली सनपाटको अतिरिक्त अन्य केही खाद्यान्न, नगदेबाली र तेलहनको उत्पादन स्थिति यसप्रकार छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्र– हेक्टरमा

क्षेत्रफल र उत्पादन को तालिका उत्पादन– मेट्रिकटनमा

आर्थिक वर्ष	२०२४–०२५		२०२५–०२६		२०२६–०२७		२०२७–०२८	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
तोरी	१,७००	७८२	१,७००	७४८	१,७५०	८४६	१,८००	७७४
मकै	३,२००	४,०००	३,५००	४,३७५	३,८००	४,६४०	४,०००	५,५६०
गहुँ	२,०००	१,५००	२,५००	२,०००	२,५००	२,८००	३,६००	२,३००
जुनेलो	४७५	४६६	४८०	५०४	५००	५२५	५००	५३०
जौ	१२५	६६	१२५	६६	१५०	१२०	१८०	१४४
आलु	२५०	१,६००	२७५	१,७६०	३००	२,०४०	४००	२,६००
उखु	४००	६,१२०	४५०	६,७५०	५००	७,७००	५३०	८,४२७
सुर्ती	८५	६२	८५	६३	६५	७१	१०५	७६

माथि उल्लिखित खेतीपातीको अतिरिक्त यस जिल्लाको दक्षिणी भागमा प्रशस्त तरकारी उब्जनी हुन्छ। तरकारी खेती गर्नेहरूमा कोइरी जाति सिपालु हुन्छन्। यी जातिहरू बसोबास गरेको क्षेत्रमा अत्यधिक तरकारी खेती गरेको पाइन्छ। यसरी उत्पादन भएको तरकारी ज्यादा त जिल्लाभित्रै खपत हुन्छ र केही मोरङ जिल्लाको विराटनगरमा लगेर पनि बिक्री गरिन्छ। कोइरीहरूको बस्तीमा तरकारी खेती भए झैं यादवहरूको बस्ती भएको ठाउँमा दुध व्यवसाय बढी भएको पाइन्छ। यादव जातिको आर्थिक गतिविधि ज्यादा त यही व्यवसायमा केन्द्रित भएको जस्तो देखिन्छ। यस जिल्लामा खपतभएर बचेको दूध, घ्यू नेपालका अन्य जिल्ला तथा भारतमा समेत पठाइन्छ।

वि. सं. २०२८ सालको कृषि तथ्याङ्क अनुसार सुनसरी जिल्लामा जम्मा ५७,२०० हेक्टर जमीन आवादी छ। सुनसरीको कुल क्षेत्रफलको तुलनामा यो आवादी जमीन करीब ४८.२ प्रतिशत मात्र हुन्छ। यो जिल्लाको ५१.१ प्रतिशत जमीनमा खेती गरिएको छैन र यो भाग ज्यादा त पहाड र वन जङ्गलले ढाकेको छ। सुनसरीको कुल जनसंख्यालाई आवादी भएको जमीन विभाजन गर्दा प्रति व्यक्ति करीब ०.३ हेक्टर अर्थात् छ रोपनी पर्दछ। अथवा यहाँको एक हेक्टर आवादी जमीनमा चारजना मानिसहरू बस्दछन्। यो जिल्लाको कुल परिवार संख्या ३८,४७९ छ। एक परिवारलाई आवादी भएको जमीन करीब १.५ हेक्टर अर्थात् ३० रोपनी पर्न आउँछ।

खेती गर्दा तथा गाउँ घरमा अन्य व्यवसायहरू गर्दा मजदूरी उपलब्ध गर्ने गराउने प्रक्रिया पहाडी जिल्लाहरूमा जस्तै देखिन्छ। खेताला गएर एक अर्कोलाई आलोपालो गरी सघाउ पुऱ्याउने प्रथा पनि छ। जिल्लामा यसलाई पैंचारी भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन

साधारणतः सबैजसो कृषक परिवारले केही पशुपालन गरेकै हुन्छन् । यस जिल्लामा खास गरेर मुसलमान र यादवहरूको बस्तीमा ज्यादा पशुपालन भएको पाइन्छ । यहाँ पशुहरूमा मुख्यतः गाई, गोरु, भैंसी, राँगो, बाख्रा र केही सुंगुर, हात्ती र घोडा पालिन्छन् । गाई, भैंसी दूधको लागि र खसी, बोका मासुको लागि पालिएका हुन्छन् । नेपालको कृषि तथ्याङ्क २०१८ अनुसार यस जिल्लाको पाल्तु जीवजन्तुहरूको संख्या यस-प्रकार छ :—

गाई	गोरु	भैंसी	राँगो	खसी-बाख्रा
४४,०००	२६,०००	१७,०००	१२,०००	५६,०००

फलफूल

सुनसरी जिल्लामा पाइने मुख्य फलफूलहरू आँप, लिची, कटहर तथा केरा हुन् । उत्तरको आहाले गाउँ पञ्चायत क्षेत्रमा केही सुन्तला पनि पाइन्छ । यो जिल्लामा सुन्तला त्यति उत्पादन नहुने भए तापनि धरान बजारमा धनकुटातर्फबाट ल्याइएको सुन्तला प्रशस्त पाइन्छ ।

माछापालन

सप्तकोशी र सुनसरी नदीको वरपर तथा केही पोखरीमा माछापालनको व्यवसाय पनि यो जिल्लामा देखिन्छ । यहाँ रहु, भाकुर, बुवारी, सौरा, चेल्वा, बुल्ला, कौवे, गैंची, हेंग्रा, कोत्रा, सिंघी, गरही, अन्धा, बाम आदि स्थानीय जातका माछा निक्कै पाइन्छन् । माछापालनको विकासमा तरहराको कृषि केन्द्रले सहयोग पुऱ्याएको छ । यो केन्द्रमा जर्मन कार्प, ग्रास कार्प, सिल्भर कार्प जस्ता उन्नत जातका माछा पालिएका छन् । गत तीन वर्षमा माछाका बच्चा र खानको लागि माछाको उत्पादन निम्न बमोजिम थियो:—

	२०२७।२८	२०२८।२९	२०२९।३०
भुरा	२५,०००	१,७०,०००	२,००,०००
माछा	४० किलो	५०० किलो	५०० किलो

भूमि व्यवस्था

भूमिसुधार कार्यक्रम लागू भएपछि २०२३।०२४ सालमा यस जिल्लामा जग्गा नापी भएको हो । सो नापी हुँदा देखिन आएको जग्गाको किसिम र क्षेत्रफल यसप्रकार छः—

खेततर्फ		
अब्बल	२३,११७ हेक्टर	(३३,९९६ बिघा)
दोयम	१८,१२३ हेक्टर	(२६,६५२ बिघा)
सीम	६,८४० हेक्टर	(१०,०६० बिघा)
चाहार	२,८४५ हेक्टर	(४,१८४ बिघा)
जम्मा:—	५०,९२५ हेक्टर	(७४,८९२ बिघा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाखो तर्फ

अब्बल	१४,१२४ हेक्टर	(२०,७७२ बिघा)
दोयम	२,८५६ हेक्टर	(४,२०० बिघा)
सीम	५२० हेक्टर	(७६५ बिघा)
जम्मा	१७,५०० हेक्टर	(२५,७३७ बिघा)

दर्ता नभएको सरकारी र ऐलानी, मिनाहा खेत पाखो गरी जम्मा १४,०८० हेक्टर अर्थात् २०,७०६ बिघा देखिएको छ। उपर्युक्त नापीअनुसार जग्गाधनीको संख्या जम्मा ३०,७८६ छ। यी जग्गाधनीहरूमध्ये कसैसित २८ बिघाभन्दा बढी जमीन छ भने कसैसित एक दुई धूर मात्र। मोटामोटी यो जिल्लामा पाँच प्रकारका जग्गाधनी भएको देखिएको छः—

१९.०४ हेक्टर (२८ बिघा) भन्दा बढी हुनेको संख्या	८०
१०.२०–१९.०४ हेक्टर (१५–२८ बिघा) हुने संख्या	७६८
६.८०–१०.२० हेक्टर (१०–१५ बिघा) हुनेको संख्या	७९५
२.७२– ६.८० हेक्टर (४–१० बिघा) हुनेको संख्या	४,०७५
३.४० हेक्टर अर्थात् पाँच बिघाभन्दा कम हुनेको संख्या	२५,०६८
जम्माः	३०,७८६

यो तथ्याङ्क अनुसार छ हेक्टर अर्थात् १० बिघाभन्दा कम जग्गाहुने जग्गाधनीहरूको संख्या धेरै देखिन आएको छ।

यस जिल्लामा २०२७ सालमा भूमिप्रशासन लागू भएपछि मौजा प्रथा खारेज भइसकेको छ। कोष तथा तहसील कार्यालयबाट मालपोत उठाउने व्यवस्था भएकोले यस जिल्लामा ताकलुदार, जिम्मावाल तथा पटवारी प्रथा पनि खारेज भइसकेको छ।

यो जिल्लामा हदबन्दीभन्दा बढी हुन आएको जग्गा १,७८८ हेक्टर (२,६३० बिघा) देखिन्छ। तर यसमा ४५१ हेक्टर (६६४ बिघा) मात्र प्राप्त गरिएको छ। सोमध्ये १२ हेक्टर (१८ बिघा) बिक्री वितरण भएको र ३४ हेक्टर (५१ बिघा) बदर भएको छ। ऋण निश्चित् कार्यक्रम अन्तर्गत सुनसरी जिल्लामा नगद तर्फ रू. २,२५,४७७। र जिन्सीतर्फ ६,३०,३६१ हेक्टर (९,२२,६३४ बिघा) को ऋण निश्चित गरिएको छ। मोहीहरूलाई मोहियानी हक प्रदान गर्ने सिलसिलामा जम्मा १२,७६५ जनालाई स्थायी पूर्जा प्रदान गरिसकेको देखिन्छ। आर्थिक वर्ष २०३०।३१ देखि लागू हुने गरी यस जिल्लामा कूत निश्चित गरिएको छ। यस अनुसार पाखो तथा खेतको कूत यसप्रकार तोकिएको छः—

खेततर्फ

अब्बल	०.६८ हेक्टर (एक बिघा) को	१५ मन धान
दोयम	०.६८ हेक्टर (एक बिघा) को	११ मन २० सेर धान
सीम	०.६८ हेक्टर (एक बिघा) को	आठ मन २० सेर धान
चाहार	०.६८ हेक्टर (एक बिघा) को	पांच मन २० सेर धान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाखोतर्फ		
अब्बल	०.६८ हेक्टर (एक बिघा) को	आठ मन २० सेर मकै
दोयम	०.६८ हेक्टर (एक बिघा) को	छ मन २० सेर मकै
सीम	०.६८ हेक्टर (एक बिघा) को	चार मन २० सेर मकै

अनिवार्य बचत उठाउने कार्यक्रम अनुसार यो जिल्लामा आर्थिक वर्ष २०३०।०३१ सम्म रू. ४०,६६,७४६। नगद र जिन्सी गरी जम्मा रू. ४२,१६,५५६। बचत उठिसकेको छ। हालसम्म कृषकहरूलाई रू. ६७,८८,२८८। ऋण वितरण भएको छ र त्यसमध्ये रू. ८,३६,३३६। सावाँ र रू. ६,१४,६२४। ब्याज असुल भइसकेको छ।

कृषि ऋण

सुनसरी जिल्लाका अधिकांश कृषकहरूको आर्थिक स्थिति मजबूत छैन। बहुसंख्यक किसानहरूलाई खेती गर्ने र बाली उठाउने समयमा कृषि ऋणको आवश्यकता पर्न आउँछ। कृषकहरूको मुख्य आयस्रोत खेती नै भएकोले उनीहरूको आम्दानी सीमित र मौसमी (सीजनल) हुन्छ। यस जिल्लामा किसानहरूले ऋण उपलब्ध गर्ने स्रोतहरू मुख्यतः साहू-महाजन, कृषि विकास बैंक, भूमि-प्रशासन कार्यालय र नेपाल बैंक लिमिटेड हुन्।

साहू महाजनसँग ऋण लिनु पर्दा किसानहरूले चर्को ब्याज तिर्नु पर्ने हुन्छ। यस जिल्लामा गत २०२६ सालमा स्थापना भएको कृषि विकास बैंकले त्यहाँका कृषकहरूलाई कृषि ऋण दिएर सहयोग पुऱ्याउँदै आएको छ। यस बैङ्कले कृषि सम्बन्धी विभिन्न कार्यको लागि ऋण दिने गरेको छ। बैंकको ब्याज दर सातदेखि बढीमा १० प्रतिशत मात्र छ। यो बैंक स्थापना भएदेखि २०३० साल असार मसान्तसम्म निम्नबमोजिम ऋण वितरण तथा असूली गरेको छः—

विवरण	लगानी	असूली
कृषि उत्पादन	११,६३,०००।	३,२४,०००।
खेती विकास	१,७२,०००।	४४,०००।
सिचाइ साधन	२,५६,०००।	७३,०००।
कृषि व्यवसाय	३,१३,०००।	१,२१,०००।
बेच-बिखन	६८,०००।	६४,०००।

सहकारी संस्था

वि. सं. २०१७ सालदेखि नै यो जिल्लामा सहकारी कार्यक्रम लागू भएको देखिन्छ। कृषकहरूलाई सहूलियत ब्याज दरमा ऋण उपलब्ध गराउने उद्देश्य लिई २०२४ सालसम्ममा सुनसरी जिल्लामा ३१ वटा बहुमुखी सहकारी संस्थाहरू खोलिएका थिए। यस बाहेक उपभोक्ता सहकारी संस्था दुई वटा र दुई वटा सहकारी उद्योग खोलिएका थिए। त्यस समयमा १,६०० सहकारी सदस्यहरू थिए र शेयर पूँजी ६२,५४०। थियो। उपर्युक्त सहकारी संस्थाहरू मार्फत रू. २,०५,०००। ऋण वितरण गरिएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहकारी संस्थाहरूको संख्यात्मक वृद्धि भए तापनि गुणात्मक प्रगति विशेष केही देखिएन । त्यस-कारण २०२८ सालदेखि नमूना सहकारी संस्थाको नामले केही संस्थालाई मात्र छानबीन गरी सञ्चालन गरिंदै छ । अहिले यो जिल्लामा जम्मा छ वटा सहकारी संस्था सञ्चालन भइरहेका छन् । यी संस्थाहरू हाल कृषि विकास बैंकबाट निर्दिष्ट छन् । यी संस्थाका व्यवस्थापक पनि कृषि विकास बैंकले नै खटाउने गरेको छ । अन्य दैनिक कारोवार तथा प्रशासन जिल्ला सहकारी कार्यालयबाट भइरहेको छ । यहाँका सहकारी संस्थाहरूको गतिविधि बारे सामान्य तालिका निम्न बमोजिम छः–

नमूना सहकारी संघ संस्था संख्या		६
सदस्य संख्या		१,१४४
जम्मा शेयर पूँजी	रू.	५८,६५५।
ऋण वितरण (गहुँ)	रू.	१,६८८।
ऋण वितरण (सनपाट)	रू.	७,०५,१६२।
कृषकलाई ऋण वितरण	रू.	८०,०१४।
कृषि उपकरण खरीद	रू.	८,०६,८५७।
कृषि उपकरण बिक्री	रू.	७,६५,६१४।

अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै सुनसरीमा पनि सहकारी व्यवसायको त्यति राम्रो प्रगति भएको देखिंदैन । यता करीब एक वर्षदेखि कृषि विकास बैंकबाट सहकारी संस्थाहरूको पुनरुत्थानमा चाख देखाएकोले भविष्यमा राम्रो होला भन्ने आशा गर्न सकिन्छ । हाल भएका संस्थाहरू साने स्केलमा भए पनि प्रायः मुनाफामा चलेको देखिन्छ ।

कृषि विकास

यस जिल्लाको कृषि विकासको लागि समय समयमा विभिन्न कार्यहरू भइरहेका छन् तापनि पर्याप्त भएको छ भन्न सकिन्न । जिल्लामा प्रत्येक वर्ष खाद्यान्न बढी हुन्छ तर त्यो कृषिको आधुनिकीकरण भएको वा विकास र विस्तारको मात्र परिणाम होइन । यहाँ जे जति उब्जनी भएको छ सबैजसो नै प्राकृतिक प्रक्रियाबाट भएको भन्नमा अत्युक्ति नहोला ।

यस जिल्लामा एक कृषि केन्द्र छ । कृषि विकासको सिलसिलामा तरीका तथा नतीजा प्रदर्शन, कृषक अगुवा तालीम तथा उन्नत जातका बीउ र रासायनिक मल एवं कीटनाशक औषधि बिक्री वितरण गरिएको छ। कृषक दिवस मनाउने र कृषि औजार बिक्री वितरण गर्ने पनि व्यवस्था हुँदै आएको छ। रासायनिक मल तथा कीटनाशक औषधिको प्रयोगमा कृषकहरूलाई विश्वास बढ्दै गएको देखिन्छ । बागबानीको क्षेत्रमा पनि निक्कै प्रचार, प्रसार भइरहेको छ । पशु-पालनमा भैंसी, गाई, बाखा, सुंगुर तथा उन्नत जातका कुखुरा आदिमा किसान-हरूले चाखलिएको पाइन्छ । नश्ल सुधारको काम हाँसपोशा, इटहरी, दुहबी तथा खजारमा भइरहेको छ । यस कार्यमा कृषि केन्द्र तरहराले मद्दत गर्दै आएको छ । यहाँको नश्ल सुधार केन्द्र २०२५ सालमा स्थापना भएको हो । २०२६ सालमा यहाँ ८०० पशु-पक्षीलाई नश्ल सुधार सेवा उपलब्ध गराइएको थियो । पशु-पक्षीलाई लाग्ने रोगको रोकथामको लागि पनि व्यवस्था रहेको छ । इटहरीको उत्तरमा हाँसपोशा पञ्चायत क्षेत्रमा रहेको तरहरा कृषि फार्मबाट पनि यस भेकको कृषि विकासमा केही सहयोग पुगेको छ । आर्थिक वर्ष २०१७।१८ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना भएको यो कृषि फार्मले धान, गहुँ, जूट, आलु, तरकारी, कुखुरा, माछा, गाई, भैंसी तथा सुंगुरको अनुसन्धान गरी उन्नत जात पत्ता लगाई कृषकहरूलाई वितरण गर्दै आइरहेको छ। आर्थिक वर्ष २०२९।३० मा यो फार्मको बजेट रकम रू. १५,८६,८००। थियो। यहाँ एग्रोनोमी, बागबानी, पशु विकास, कुखुरा-पालन र माछा-पालन गरी जम्मा पाँच विभागहरू छन्।

उपर्युक्त कृषि फार्मको सँगै स्थापना भएको तरहरा जरीबूटी उद्यान पनि उल्लेखनीय छ। यो उद्यानको क्षेत्रफल १३ हेक्टर छ र हाल सात हेक्टरमा मात्र जरीबूटीको खेती गरिएको छ। यो उद्यानमा सर्पगन्धा र मेन्था जस्ता जरीबूटीको अनुसन्धान कार्य भइरहेको छ।

वि. सं. २०२८ सालको कृषि तथ्याङ्क अनुसार सुनसरी जिल्लामा विगत चार वर्षमा विक्री वितरण भएको उन्नत बीउ तथा रासायनिक मलको तालिका यसप्रकार छः–

उन्नत बीउको प्रयोग

बाली	२०२२।२३	२०२३।२४	२०२४।२५	२०२५।२६	२०२६।२७
धान	०.३ हेक्टर	०.५	२४	–	३८
गहुँ	०.३	२.८	–	१५३	२६
मकै	–	–	–	८	७
आलु	–	–	२	–	–
रासायनिक मलको प्रयोग					
धान	०.३	०.२५	२४	–	३८
मकै	–	–	–	८	७
आलु	–	–	२	–	–

कृषि खरीद विक्री संस्थानको विराटनगर केन्द्रमार्फत आर्थिक वर्ष २०२९।३० मा मोरङ र सुनसरी इलाकामा रासायनिक मल र उन्नत बीउ क्रमशः १,४४३ तथा १९५ मेट्रिक टन विक्री वितरण गरेको देखिन्छ।

नहर तथा सिचाइ

यस जिल्लामा प्रयोग गरिएका सिचाइका साधनहरूमध्ये नहर, पैनी र इनार मुख्य हुन्। यसको अतिरिक्त चतरा नहर योजनाबाट सिचाइको व्यवस्था भइरहेछ। ई. १९६९ मा आरम्भ भएको यो योजना अहिलेसम्म निर्माणाधीन नै छ। जम्मा १४ करोड ८८ लाखको रकमबाट तयार हुने अनुमान गरिएको यो चतरा नहरबाट सुनसरी जिल्लामात्र होइन मोरङ जिल्ला र भारतीय भूमिलाई समेत फाइदा पुग्नेछ। यो नहरको काम पूरा नभएको भए तापनि केही भागमा यसबाट सिचाइ हुन थालिसकेको छ। कुनै भाग मर्मत गर्नु पर्ने स्थितिमा पुगिसकेको छ। यो नहरबाट ६७,००० हेक्टर भूमिमा सिचाइ सुविधा उपलब्ध हुने अनुमान गरिएको छ। यो नहरको कार्य पूरा भएपछि करीब चार लाख मन खाद्यान्न बढी उब्जनी हुने आशा राखिएको छ। चतरा नहरको ५६ किलोमिटर (३५ माइल) लामो मुख्य नहर तथा २९६ किलोमिटर (१८५ माइल) लामो १८ वटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाखा नहरहरू बनिसकेका छन् । पाँच क्यसेक्भन्दा कम क्षमताको कुलोहरूको निर्माणको लागि श्री ५ को सरकार-ले ७० लाख रकम छुट्याएको छ ।

यसको अतिरिक्त जिल्लाको माझैं माझ उत्तरबाट दक्षिण बग्ने सुनसरी खोलाको पानी ठाउँ ठाउँमा स्थानीय जनश्रमद्वारा कुलो, पैनी बनाई सिचाइको व्यवस्था गरेको देखिन्छ । विभिन्न ठाउँमा कच्ची कुलो वा कुवा खनेर पनि तरकारी खेती गरेको देखिन्छ । यो जिल्लाको दक्षिणपट्टि सुनसरी नहरबाट केही पटनी गरेको छ तापनि सुख्खा फराकिलो दक्षिणी फाँटमा यो नगण्य भएको छ । ग्रतः दक्षिण भेकको जमीनमा नहरको समस्या साधारण छैन ।

उद्योग

नेपालको प्रमुख औद्योगिक जिल्ला मोरङको छिमेकी, अन्य कतिपय जिल्लाको तुलनामा यातायात, सञ्चार तथा बजारको सुविधा, कृषि र वनमा आधारित कच्चा पदार्थको उपलब्धि एवं जनशक्ति जस्ता औद्योगिक सम्भाव्यताका साधनहरू भएर पनि सुनसरी जिल्लामा अहिलेसम्म गतिशील उद्योग व्यवसायको वातावरण सिर्जना भइसकेको छैन ।

विभिन्न जातिले आ-आफ्नो घर बस्तीमा कुटीर उद्योगका सामानहरू बनाउने प्रक्रिया नेपालीहरू-को परम्परागत संस्कृति नै हो । सुनसरी जिल्लाबासीहरू पनि यो परम्परादेखि विमुख भएका छैनन् । विभिन्न घर बस्तीहरूमा स-साना तान राखी लुगा बुन्ने, डोको, नाम्लो, गुन्द्री तथा टोकरी बुनेको देखिन्छ । यसरी कुटीर उद्योगको रूपमा उत्पादन गरिने सामानहरू ज्यादा त स्थानीय उपयोगको लागि हुन्छन् । थोरै मात्र स्थानीय हाट बजारमा विक्री गरिन्छ ।

यस जिल्लामा संगठित रूपले रजिष्टर गरी सञ्चालन गरिएका ठूला साना गरी ७५ वटा चामल मिल छन् । यी मिलहरूमध्ये २०२८ सालमा आठ लाखको पूँजीमा स्थापना भएको दुहुबीको जय श्री राइस मिल र २०३० सालमा करीब १३ लाखको पूँजीमा स्थापना भएको धरानको सूर्य लक्ष्मी राइस मिल तथा नौ लाखको लागतमा स्थापित आनन्द इण्डस्ट्रीज प्रा. लि. यो जिल्लाका आधुनिक मिल हुन् । उपर्युक्त ७५ राइस मिलहरूमा केहीले धान कुट्ने मात्र काम गर्छन् र केही मिलहरूले तोरी पेल्ने र गहुँ कुट्ने काम पनि गर्दछन् । सानासाना मिलहरूले ठूला मिलबाट धान किनी चामल बनाएर व्यापार पनि गर्दछन् । धेरै जसो मिलहरू भारतमा समेत चामल निकासी गर्दछन् । अतः यी राइस मिलहरूले उत्पादन मात्र होइन व्यापारिक प्रतिष्ठानको पनि काम गरेका हुन्छन् । ज्यादै साना र गाउँ क्षेत्रमा रहेका मिलहरू गाउँलेहरूकै लागि आवश्यक स-साना कामहरू गरिरहेका हुन्छन् ।

सुनसरी जिल्लाका अन्य केही मुख्य मुख्य औद्योगिक प्रतिष्ठानहरू मोटामोटी निम्न सात समूहमा विभाजन गर्न सकिन्छः—

१. वनमा आधारित उद्योग
२. कृषिमा आधारित उद्योग
३. ढुङ्गा माटो उद्योग
४. सेवा सम्बन्धी उद्योग
५. धातु उद्योग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. अन्य औद्योगिक सामान बनाउने उद्योग

७. छापाखाना उद्योग

वनमा आधारित उद्योग

सुनसरी जिल्लाको धरानमा दुई र दुहुबीमा एक गरी जम्मा तीनवटा वनमा आधारित उद्योगहरू सञ्चालन भइरहेछन्। धरान ऊड वर्क्स धरानमा छ र घरेलु काष्ठ कार्यालय हाल दुहुबीमा सरेको छ। यी संस्थानहरू क्रमशः २०२१ सालमा तथा २०१८ सालमा स्थापना भएका हुन्। यी दुवै काष्ठ उद्योगहरू एक-एक लाखको पूँजीमा स्थापना भएका हुन् र त्यस भेकको काठ चिरानी कार्यमा मुख्य स्थान ओगटेको छ। २०२१ सालमा दुहुबीमा स्थापना भएको नेपाल स्ट्रबोर्ड कम्पनी वनमा आधारित अर्को प्रमुख उद्योग हो। यसको लगानी पूँजी २५ लाख छ। यो कम्पनीमा स्ट्रबोर्डको अतिरिक्त स्पातका भाँडा उत्पादन गर्ने काम पनि समावेश गरिएको छ। इटहरी, इनरुवा, कुसाहा, महेन्द्रनगर आदि स्थानहरूमा पनि सानो रूपमा स्थानीय आवश्यकताको लागि काठ सम्बन्धी उद्योगहरू सञ्चालन भइरहेकाछन्।

कृषिमा आधारित उद्योग

यस जिल्लामा कृषिमा आधारित उद्योगहरूमा खासगरेर धरानको हिमालय क्यानिङ्ग र इटहरीको रिजाल क्यानिङ्ग कम्पनी उल्लेखनीय छन्। हिमालय क्यानिङ्गको लगानी पूँजी दुई लाख तथा रिजाल क्यानिङ्ग-को तीन लाख छ। यी दुवै कम्पनीबाट गरिने उत्पादन भारतमा समेत निकासी गरिन्छ।

ढुङ्गा माटो उद्योग

यो जिल्लाका ढुङ्गा माटो सम्बन्धी उद्योग संस्थानहरूमा भगवती रोडा ढुङ्गा उद्योग धरान, कोशी स्टोन क्रशिङ्ग कम्पनी धरान, सुनसरी इँटा टायल कारखाना, इटहरी र इनरुवा इँटा भट्टा मुख्य हुन्। यी कम्पनी-हरूको लगानी पूँजी क्रमशः तीन लाख, पाँच लाख, १५ लाख र एक लाख छ। इँटा टायल कम्पनीहरूको उत्पादन स्थानीय बजारमा नै खपत हुन्छ तर रोडा ढुङ्गा कम्पनीको उत्पादन भने भारतमा समेत निकासी गरिन्छ। यी उद्योगहरूको अतिरिक्त तरहराको अशोक इँटा भट्टा र विजय इँटा भट्टा तथा केही साना मौसमी इँटा भट्टाहरू-बाट पनि स्थानीय आवश्यकताको परिपूर्ति हुँदै आएकोछ।

सेवा सम्बन्धी उद्योग

यातायातको सुविधा भएको हुनाले सुनसरी जिल्लामा मर्मत सेवा, यातायात सेवा जस्तो सेवा उद्योगको निकै विकास भएको पाइन्छ। साथै धरानको बिजुली शक्ति विक्री वितरण सेवालाई पनि यही सेवा उद्योगमा समावेश गर्न सकिन्छ। यातायात सेवामा संलग्न रहेका निम्न छ उद्योगहरू उल्लेखनीय छन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योगको नाम	लगानी पूँजी	स्थापना मिति
कोशी अञ्चल मोटर यातायात, धरान	३,००,०००।	२०२५ साल
नेपाल साझा यातायात गाउँ सेवा, धरान	३,००,०००।	२०२६ साल
सिंहदेवी बस सेवा, धरान	७,३०,०००।	२०२८ साल
पूर्वाञ्चल यातायात, धरान	१०,००,०००।	२०२८ साल
सुनील ट्रान्सपोर्ट, धरान	३,००,०००।	२०३० साल
निलोक चन्द्र नानुराम ट्रान्सपोर्ट, धरान	१,००,०००।	२०२७ साल

उपर्युक्त कम्पनीहरूमध्ये पहिला चारवटाले बस सेवा सञ्चालन गरेका छन् र पछिल्ला दुई कम्पनीले ट्रक सेवा अर्थात् मालसामान ढुवानीको काम गर्दै आएका छन्। सेवा सम्बन्धी उद्योग शीर्षकमा पर्ने अन्य तीनवटा उद्योगमा इटहरी वर्कशप, विजय अटो-वर्क्स इटहरी तथा धरान इलेक्ट्रिक सप्लाई कम्पनी हुन्। इटहरी वर्कशप र विजय अटो वर्क्सको स्थापना क्रमशः २०२५ र २०२६ सालमा भएको हो र यी दुवैको लगानी पूँजी एक-एक लाख छ। यी दुवै कम्पनीबाट त्यसतर्फ चल्ने विभिन्न यातायातका साधनको मर्मत तथा सह्यारमा राम्रो सेवा उपलब्ध हुन सकेको छ। धरान इलेक्ट्रिक सप्लाई कम्पनी पाँच लाखको लगानी पूँजीमा २०२० सालमा स्थापना भएको हो। यसबाट धरान बजारको लागि बिजुली र त्यस भेकका कल कारखानाहरूलाई विद्युत् शक्ति उपलब्ध भएको छ।

धातु उद्योग

यो जिल्लामा मुख्य दुईवटा धातु सम्बन्धी उद्योग संस्थानहरू छन्। २०२१ सालमा तीन लाखको पूँजीबाट धरानमा स्थापना भई सञ्चालन भइरहेका डी. के. मेटल इण्डष्ट्रीज र दुहुबीको नेपाल स्ट्रबोर्ड कम्पनी (जुन स्पातका भाँडा पनि उत्पादन गर्दछ) उल्लेखनीय छन्। डी. के. मेटल इण्डष्ट्रीजबाट विभिन्न धातुका भाँडा-वर्तनहरू बनाइन्छन्। नेपाल स्ट्रबोर्ड कम्पनीबाट स्टेनलेस स्टील (स्पात)का विभिन्न भाँडाकुँडा उत्पादन गरिन्छ। यी उद्योगहरूबाट उत्पादित वस्तु विदेशमा पनि पठाइन्छ। यी मुख्य कम्पनीहरूको अतिरिक्त धरान बजारमा भाँडा बनाउने र बेच्ने स-साना पसलहरू छन्। कामीहरू पनि स्थानीय प्रयोगको लागि धातुका भाँडा-वर्तन र कृषि औजार बनाउने काम गर्दछन्।

अन्य औद्योगिक वस्तु सम्बन्धी उद्योग

पाउरोटी बनाउने, ब्रुस बनाउने र साबुन बनाउने उद्योगहरू पनि यो जिल्लामा छन्। यिनीहरूमा वीरेन्द्र बेकरी कम्पनी धरान, पशुपति बिस्कुट कम्पनी धरान, नेपाल सोप एण्ड जनरल इण्डष्ट्रीज धरान, कोशी ब्रुस म्यानुफ्याक्चरिङ्ग कम्पनी धरान र नेपाल ब्रुस एण्ड ब्रुसल इण्डष्ट्रीज धरान मुख्य छन्। यी उद्योगहरूमा भएको लगानी पूँजी क्रमशः १,५०,०००।, ११,००,०००।, १०,००,०००।, ५,००,०००। र २,७२,०००। छ। यी कम्पनीबाट हुने उत्पादन स्थानीय बजारमा खपत हुनुको साथ साथै भारत तथा नेपालका अन्य जिल्लामा पनि निकासी हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छापाखाना उद्योग

सुनसरी जिल्लाको धरान नगर पञ्चायत क्षेत्रमा जम्मा चार वटा छापाखाना छन् । यी छापाखानाहरू–मध्ये सापकोटा प्रिण्टिङ्ग प्रेस र थापा प्रिण्टिङ्ग प्रेस लक्ष्मी सडक क्षेत्रमा रहेका छन् । नेपाल प्रिण्टिङ्ग प्रेस मुख्य धरान बजारमा नै रहेको छ । शिव प्रिण्टिङ्ग प्रेस चतरा लाइन वडा नं. ९ मा रहेको छ । सापकोटा प्रिण्टिङ्ग प्रेसमा किताब र पत्र-पत्रिका छपाइ कामको साथसाथै कापी, रजिष्टर तथा फाइल आदि पनि बनाउने काम हुन्छ । अरू प्रेसहरूमा साधारणतः किताब र पत्र-पत्रिका छपाइको काम हुन्छ ।

धरानमा एक औद्योगिक क्षेत्र स्थापना गर्ने श्री ५ को सरकारको योजना छ । यो जिल्लामा हाल उल्लेखनीय उद्योगधन्धा त्यति नभए तापनि यहाँको औद्योगिक सम्भावना आशाजनक छ । खासगरेर कृषि तथा वनमा आधारित उद्योग व्यवसाय यो जिल्लामा राम्रो चलन सक्ने देखिन्छ । कोशी अञ्चलको पहाड र तराईलाई पायक पर्ने धरानमा स्थापना गरिने यो औद्योगिक क्षेत्रलाई व्यापारको दृष्टिबाट पनि राम्रो गनिन्छ ।

अन्तःशुल्क

यस जिल्लामा अन्तःशुल्क कार्यालय पनि रहेको छ । विगत चार वर्षमा यस कार्यालयबाट राजस्वमा आम्दानी भएको रकम निम्न बमोजिम छः–

आर्थिक वर्ष २०२६।२७ को आम्दानी रू. १,९८,६६३।
आर्थिक वर्ष २०२७।२८ को आम्दानी रू. ३,०३,६०३।
आर्थिक वर्ष २०२८।२९ को आम्दानी रू. २,६४,०८६।
आर्थिक वर्ष २०२९।३० को आम्दानी रू. ४,०८,८५०।

अन्तःशुल्क तिर्नेहरूमा मुख्यतः चामल, तेल, काठ, बिंडी, इँटा, मदिरा आदि उत्पादन गर्ने संस्थानहरू हुन् । यस जिल्लाको अन्तःशुल्क कार्यालय २०२६ साल पुस १ गते स्थापना भएको हो ।

व्यापार

विराटनगर भएर भारत जाने यातायातको राम्रो सुविधा भएको सगरमाथा, कोशी र मेची अञ्चल-को धेरैजसो ठाउँहरू पायक परेको तथा महेन्द्र राजमार्गको उपयोगितासमेत प्राप्त भएको सुनसरी जिल्लाको व्यापारमा उत्तरोत्तर अभिवृद्धि भएको पाइन्छ । कोशी, मेची एवं सगरमाथा अञ्चलका उत्तरी पहाडी जिल्ला-हरूको लागि समेत आवश्यक पदार्थहरू सुनसरी जिल्ला भएर जानेहुँदा यहाँको आयातको परिमाण निकै बढेको छ । त्यस्तै उपर्युक्त जिल्लाहरूबाट हुने निकासी पनि सुनसरी भएरै भारत वा अन्य देशमा पठाइन्छ । कृषि तथा वन पैदावारमा आधारित पदार्थहरूको निर्यात र लुगा कपडा, नून तेल तथा तैयारी मालसामानको आयात नै यस जिल्लाको मुख्य व्यापारिक गतिविधिका विषय हुन् ।

सुनसरी जिल्लाबाट निकासी हुने केही मुख्य मुख्य वस्तुहरू यस प्रकार छन्ः–

सनपाट	चामल	काठ	ब्रिसल
जूटकटिङ्ग	खलीपीना	आलु	तेलहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दलहन	छाला	खसीबोका	गाईगोरु
राँगो भैंसी	खुर्सानी	स्ट्रबोर्ड	भूस

यसको अतिरिक्त यो जिल्लामा उत्पादित तथा धनकुटा, तेह्लथुम, भोजपुर र संखुवासभा जिल्ला· तिरबाट ल्याइएका घ्यू, फलफूल, जरीबूटी, कच्चा ऊन, चिया, लाहा, अलैंची, सुन्तला, कागती तथा तेजपात सुनसरी जिल्लाबाट निकासी भएको देखिन्छ।

जिल्लाका मुख्य मुख्य व्यापार केन्द्र धरान, दुहबी, इटहरी, इनरुवा आदि हुन्। सुनसरी जिल्लाका विभिन्न स्थानमा खाद्यान्न तथा नगदेबाली खरीद विक्री पसल १७०, लत्ता कपडा पसल १९८, भट्टी ६६, औषधि तथा जरीबूटी पसल ६३, भाँडा वर्तन पसल ४६, छाला जुत्ता पसल ३६, नून तेल पसल ४९, पान पसल ८७ र तरकारी तथा फलफूल पसल ३८ रहेको अनुमान गरिएको छ। निकासी पैठारीका भन्सार केन्द्रहरू बासमतिया, धुस्की, कौवाखोज, साहेबगञ्ज र उल्टी अस्थायी भन्सार हुन्। यी भन्सार कार्यालयहरू क्रमशः वसन्तपुर, धुस्की, कप्तानगञ्ज, साहेबगञ्ज र झुकिया गाउँ पञ्चायत क्षेत्रमा पर्दछन्। आयात गरिने वस्तुहरूमा कपडा, कलपूर्जा र सिमेण्टदेखि लिएर जिरा, मरीच र नून-तेल जस्ता दैनिक उपभोगका आवश्यक विभिन्न वस्तुहरू मुख्य हुन्छन्। विभिन्न छोटी भन्सारहरूबाट निकासी पैठारी भएको वस्तुबाट हुने राजस्व २०२६।२७ देखि २०२९।३० आर्थिक वर्षमा निम्नबमोजिम थियोः–

भन्सार	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
साहेबगञ्ज	२५,००८।	२२,९६३।	२१,४६१।	२२,५६१।
कौवाखोज	१०,७६०।	२३,२१८।	२९,१८६।	१७,६०९।
धुस्की	४६,११७।	१५,७४८।	८,६८८।	३,४०२।
बासमतिया	३३,६०६।	३०,८६७।	१७,२३४।	१६,९०८।
उल्टी	६,७९५।	६,७३३।	७,२८३।	६,७४२।

माथि उल्लिखित तालिकाबाट देखिएअनुसार साहेबगञ्ज, धुस्की र बासमतिया छोटी भन्सारबाट हुने राजस्व प्रायः प्रत्येक वर्ष घट्तै गएको प्रष्ट देखिन्छ। उपर्युक्त राजस्वमध्ये ज्यादा रकम पैठारीबाट हुने कुरा जिल्लाबाट प्राप्त सूचनामा जनाइएको छ। यसबाट के कुराको सङ्केत हुन्छ भने जिल्लाबासीहरूमा कमसेकम पैठारी गर्ने बानीको सिर्जना हुन थालेको छ। अथवा पैठारी गर्नुपर्ने कतिपय वस्तु अब आफ्नै जिल्लामा उत्पादन हुन थालेको छ। यसरी राजस्व कम हुँदै जानु राम्रो कुरा होइन तापनि पैठारी कम गरी स्थानीय उत्पादनबाट निर्वाह गर्नु आत्मनिर्भरताको शुभ लक्षण मान्नु पर्दछ।

आय कर

वि. सं. २०२५ सालदेखि यस जिल्लाको व्यापार केन्द्र धरानमा कर कार्यालय रहेको छ। यस कार्यालयमा कर रकम जम्मा हुने स्रोतहरूमा खासगरेर आयकर, सिनेमा तथा मनोरञ्जन कर, घर जग्गा कर, बहाल कर, ठेक्का कर, विक्री कर तथा होटेल ग्राहक कर हुन्। विगत चार वर्षमा यस कार्यालयबाट राजस्वमा भएको आम्दानी निम्नबमोजिम छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक वर्ष २०२६।२७ को आम्दानी रू. ६,००,८६५।

आर्थिक वर्ष २०२७।२८ को आम्दानी रू. १०,२८,७६५।

आर्थिक वर्ष २०२८।२९ को आम्दानी रू. १३,३१,२१०।

आर्थिक वर्ष २०२९।३० को आम्दानी रू. १३,८९,८८४।

आयकर बुझाउनेहरूमा उद्योग १२, व्यापार २२०, कर्मचारी १६६, व्यवसायी ८२, ठेक्का कर ४०, मनोरञ्जन कर दुई, घर जग्गा कर ५९, तथा होटेल ग्राहक कर नौ छन्।

बैंक सेवा

जिल्लाको औद्योगिक तथा खासगरेर व्यापारिक गतिविधिहरू बुझ्न यस जिल्लामा रहेको वाणिज्य बैंकहरूको लगानीबाट पनि मद्दत मिल्दछ। सुनसरी जिल्लामा नेपाल बैंक लिमिटेड, धरान शाखा र इटहरी शाखा, राष्ट्रिय वाणिज्य बैंक इनरुवा शाखा र कृषि विकास बैंक इनरुवा गरी जम्मा चार बैंक कार्यालयहरू छन्। यसको अतिरिक्त चतरामा नेपाल राष्ट्र बैंकको एक सटही काउण्टर पनि छ। बैंकको अन्य गतिविधि यस प्रकार उल्लेख गर्न सकिन्छः—

नेपाल बैंक लिमिटेड

यो बैंकको धरान र इटहरीमा दुई शाखा छन्। यी शाखाहरूले खाता खोल्ने, ड्राफ्ट तथा टी. टी. द्वारा ग्राहकहरूको रकम एक ठाउँबाट अर्को ठाउँमा पठाउने, विदेशी मुद्राको सटही गरिदिने र विभिन्न व्यापारिक सामान धितो लिई ऋण उपलब्ध गराउने काम गरिआएका छन्। नेपाल बैंक लिमिटेडको धरान शाखाले २०३० साल असोज मसान्तसम्म दिंदै आएको विभिन्न खालका ऋण तथा खाता र जम्मा भएको रकम यस प्रकार देखिन्छः—

सुन चाँदीको धितोमा गएको ऋण	२८,१४,०००।
गल्ला धितोमा गएको ऋण	४२,०००।
नून, चीनी धितोमा गएको ऋण	३०,०००।
कपडा धितोमा गएको ऋण	१२,६०,०००।
हायर पर्चेज धितोमा गएको ऋण	१३,०३,०००।
मुद्दती रसीद	७८,०००।
घर जग्गा धितोमा	१,४६,०००।
विकास ऋण	१३,००,०००।
विविध	१३,१६,०००।
जम्माः—	८२, २,०००।

यस बैंकमा रहेका विभिन्न खाताहरूमा डिपोजिट रहेको रकम २०३० साल असोज मसान्तमा निम्न बमोजिम देखिन आउँछ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्ती खातामा डिपोजिट	२८,५२,०००।
बचत खातामा डिपोजिट	४१,६७,०००।
मुद्दती खातामा डिपोजिट	२२,३८,०००।
अन्य	४,००,०००।
जम्मा:—	९६,५७,०००।

नेपाल बैंक लिमिटेडको इटहरी शाखामा ग्राहकहरूको संख्या ५०० पुगेको छ। धान, चामल, जूट आदिमा करीब १२ लाख लगानी गरेको छ।

राष्ट्रिय वाणिज्य बैंक

सुनसरी जिल्लाको सदरमुकाम इनरुवामा एक राष्ट्रिय वाणिज्य बैंकको शाखा रहिआएको छ। यो बैंकबाट पनि जिल्लाको उद्योग-वाणिज्यलाई सहयोग पुगेको छ। यस बैंकको विभिन्न खातामा २०३० साल असार मसान्तसम्म निम्नबमोजिम रकम जम्मा भएको देखिन्छः—

चल्ती खातामा डिपोजिट भएको	४,८१,०००।
बचत खातामा डिपोजिट भएको	१,९६,०००।
मुद्दती खातामा डिपोजिट भएको	५५,०००।
नन्-अपरेटिभ खातामा डिपोजिट भएको	३६,०००।
अन्य खातामा डिपोजिट भएको	५८,०००।
जम्मा:—	८,२६,०००।

राष्ट्रिय वाणिज्य बैंकले पनि विभिन्न वस्तुहरूको धरौटी राखी ऋण दिने गरेको छ। २०३० साल असार मसान्तसम्म यस बैंकबाट वितरण भएको कर्जा तथा लगानी रकम यसप्रकार छ :—

सुन-चाँदीको धितोमा गएको ऋण	३,२४,०००।
सेक्युरिटी तथा कागजात	१,१५,०००।
गल्ला	६६,०००।
जूट र जूटको वस्तु	१,३२,०००।
अन्य कर्जा	७१,०००।
जम्मा:—	७,०८,०००।

कृषि विकास बैंकको गतिविधि बारे माथि कृषि ऋण शीर्षकमा पनि चर्चा गरिएको छ। यो बैंकले सहकारी संस्थाहरूमार्फत र सोझै आफ्नैतर्फबाट पनि कृषकहरूलाई ऋण उपलब्ध गराउँदैआएको छ। स-साना कृषि, उद्योग व्यवसायको अतिरिक्त मत्स्य पालन, कुखुरा पालन, पशु-पालन तथा उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधि र कृषि औजार खरीद गर्ने कामको लागि पनि कृषि विकास बैंकले ऋण दिने गरेको छ। सुनसरी जिल्लाको कृषि विकासमा यो बैंकको भूमिका महत्वपूर्ण हुन सक्छ र यसको गतिविधिमा द्रुतगति ल्याउनु आवश्यक देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार तथा बिजुली

यातायात

अधिराज्यका अरू जिल्लाहरूको तुलनामा सुनसरीको यातायात निकै विकसित अवस्थामा छ । धरानदेखि हाँसपोशा, इटहरी, सोनापुर तथा दुहुबी हुँदै वर्तमान अञ्चल सदरमुकाम विराटनगर र अन्ततः नेपाल-भारत सीमानामा स्थित जोगवनी रेल स्टेशनसम्म जाने पुरानो राजमार्गको अतिरिक्त मेची र महाकाली जोडने महेन्द्र राजमार्गको केही भाग पनि सुनसरी जिल्लामा पर्न आएको छ । सुनसरी जिल्लामा भएका केही राजमार्ग र अन्य बाटोहरू यसप्रकार छन्:–

महेन्द्र राजमार्ग

महेन्द्र राजमार्ग सुनसरी जिल्लाको दक्षिणपट्टिको समथर तराई भागमा पश्चिम सप्तरी जिल्लाको सीमानादेखि पूर्वमा मोरङको साँधसम्म लम्बिएको छ । यो राजमार्गले जिल्लाको चौतर्फी विकासको लागि आवश्यक पृष्ठभूमि तयार पार्नुको साथसाथै इटहरी, हाँसपोशा, पकली, सिनबारी भात-गाउँ, डुमराहा, मधेशा, इनरुवा तथा भोक्राहा आदि पञ्चायतको दैनिक गतिविधिमा नै ठूलो परिवर्तन ल्याएको छ।

मार्दिदेखि खुनीयाद्दार, इनरुवा तथा इटहरीसम्म सुनसरी जिल्लामा पर्ने महेन्द्र राजमार्गको खण्ड करीब ३२ किलोमिटर (२० माइल) लामो छ। यो भागमा पर्ने सुनसरी खोला, बूढी खोला र अन्य स-साना खोल्साहरूमा पक्की पुलको व्यवस्था भइसकेको छ। यहाँ नियमित रूपले बस सेवा चालू भइसकेकोले यस भेकमा आवत जावत गर्न निकै सुविधा छ।

धरान– विराटनगर राजमार्ग

वि. सं. २०१६ सालमा निर्माण भएको यो धरान-विराटनगर राजमार्गलाई भक्ति मार्ग पनि भनिन्छ। करीब ४८ किलोमिटर अर्थात् ३० माइल लामो यो राजमार्गको ज्यादाजसो भाग सुनसरी जिल्लामा पर्दछ। विराटनगरबाट दुहुबी बजार हुँदै उत्तर लागेको यो सडकले सुनसरी जिल्लामा पर्ने दुहुबी, सोनार, खनार, इटहरी, हाँसपोशा आदि पञ्चायत क्षेत्रहरू छुँदै चारकोसे जङ्गलपार गरी धरान पुग्छ । यो सडकमा पर्ने बूढी खोला, सोहोरा खोला, सेउती खोला तथा टेंग्रा खोलामा पुलहरू बनेका छन्। यहाँ हरेक दिन नियमित रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बास बसी भोलिपल्ट अरुण नदी डुङ्गाबाट पुगिन्छ । भोलिपल्ट तिव्रीबासबाट हिंडी कावा खोला तर्दै भोजपुर फेदी, पारपानी कोट डाँडा हुँदै भोजपुर पुगिन्छ ।

वर्षाको याममा अरुण घाटसम्म उपर्युक्त बमोजिम हिंडी अरूण राईघाटबाट एकोरो बाटोगरी डाँडै डाँडा तिव्रीबास डाँडा, कालावा दोभान, पारपानी हुँदै भोजपुर जाने पनि बाटो छ। यो बाटो धेरै लामो उकालो-ओरालो पार गर्दै जानु पर्ने हुन्छ ।

उपर्युक्त बाटोको अलावा कुनै कुनै यात्रीहरू अरूण नदी पार नगरी सो नदीको गढतिर हुँदै संखुवा खोला तरी दिङलानिर पर्ने अरुण नदीको सतीघाट डुङ्गाबाट पारगरी भोजपुरको दिङला बजार हुँदै १४ माइल हिंडेर भोजपुर जाने गर्दछन् तर यो बाटोबाट ज्यादातः भोजपुर जिल्लाको दिङला र कुलुङमा बस्ने मानिसहरू मात्र हिंड्ने गर्दछन् ।

धरान–चतरा बाटो

यो मार्ग हाल कच्ची अवस्थामा छ। चतरामा ठूलो नहर योजना भएको र यहाँबाट प्रसिद्ध धार्मिक स्थल बराहक्षेत्र र भोजपुर जान पनि नजीक पर्नेहुँदा यसलाई बाह्रमास चल्ने बनाउनु आवश्यक भइसकेको छ। यसको लागि बाटोमा पर्ने दुईवटा खहरे खोलामा पक्की पुलको निर्माण हुनुपर्ने देखिन्छ । यो बाटो धरानदेखि चतरासम्म १४ किलोमिटर (नौ माइल) लामो छ। चतरा नहर योजनाबाट सिर्जना भएको यस भेकको गति-विधिले गर्दा यो बाटोको महत्व झन् बढेको छ ।

अन्य बाटोहरू

तराई जिल्ला भएकोले दक्षिणपट्टिको प्रायः सबै भागमा यातायातको कठिनाई छैन। कप्तानगञ्ज-देखि धरान जाने कच्ची बाटो पनि छ। इनरुवादेखि दुहबीसम्म जाने करीब १४ किलोमिटर (नौ माइल) लामो कच्ची बाटोमा माटो भर्ने काम पूरा भइसकेको छ। यस जिल्लाको उत्तर-पश्चिम कुनामा रहेको त्रिवेणी घाटमा पक्की झोलुङ्गे पुल बनिसकेको छ। सप्तकोशी नदीको चतराघाटमा डुङ्गा लाग्छ। वर्षा याममा एक गाउँबाट अर्को गाउँ सोझो बाटो गरी जाने सिलसिलामा सुनसरी खोलामा पनि ठाउँ ठाउँमा डुङ्गा चलाइन्छ। जिल्लाको सदरमुकाम इनरुवा जिल्ला पञ्चायत भवनदेखि गाउँ पञ्चायत भवनसम्म करीब १.६ किलो मिटर बाटो जिल्ला पञ्चायत कोषबाट खर्च गरी पक्की बनाउने काम भइरहेको छ। त्यस्तै धरानदेखि महेन्द्रनगरसम्म पनि करीब १९.२ किलोमिटर लामो मोटर चल्न सक्ने अस्थायी कच्ची बाटो छ।

यातायातको दृष्टिबाट सुनसरी जिल्लाको इटहरी बजार केन्द्रविन्दु हुन आएको छ। उत्तर-दक्षिण जाने विराटनगर-धरान राजमार्ग र पूर्व-पश्चिम जाने महेन्द्र राजमार्ग यही इटहरी बजारमा चौबाटो परेकाछन्। अतः इटहरीबाट यस जिल्लाका विभिन्न भाग र छिमेकी जिल्ला एवं अञ्चलका मुख्य मुख्य ठाउँमा जाने यातायातको साधन र त्यसको दूरी निम्न तालिकामा देखाइएको छ :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान			
देखि	सम्म	किलोमिटर	साधन
इटहरी	राजविराज	६८	बस सेवा
इटहरी	मार्दा	४८	"
इटहरी	कञ्चनपुर	६१	"
इटहरी	फत्तेपुर	६६	"
इटहरी	वलान	८६	"
इटहरी	कमला	१२६	"
इटहरी	इनरुवा	१८	"
इटहरी	धरान	२१	"
इटहरी	विराटनगर	२५	"
इटहरी	रङ्गेली	४५	"
इटहरी (जोगवनी)	जोगवनी	२६	"
इटहरी	गछियाखोला	३	"
इटहरी	मावाखोला	४०	"
इटहरी	दमक	४३	"
इटहरी	बिर्तामोड	७४	"
इटहरी	धुलाबारी	८३	"
इटहरी	कांकरभित्ता	६१	"
धरान	चतरा	१४.४	"
धरान	महेन्द्रनगर	१६.२	ट्याक्सी
इनरुवा	महेन्द्रनगर	१६	"

हवाइ यातायात

सुनसरी जिल्लामा विमानस्थल छैन। छिमेकी जिल्ला मोरङको विराटनगर विमानस्थल यो जिल्लालाई पनि पायक पर्ने भएकोले हवाइ यातायातको कुनै समस्या छैन। रेल तथा रोपवे जस्ता यातायातका सुविधाहरू सुनसरीमा छैनन् तापनि जिल्लाबासीलाई यसको अभाव खट्केको महसूस हुँदैन।

आकाशवाणी

धरान तथा इनरुवामा गरी यस जिल्लामा दुईवटा आकाशवाणी केन्द्र छन्। यहाँबाट कोशी अञ्चलका अन्य चारै जिल्लासँग सोझै सम्पर्क हुन्छ। कुरा गर्ने समेत एक वर्षमा करीब १,५०० खबरहरू आउँने र पठाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस सेवा चालू भइरहेको छ। यो भक्ति राजमार्ग र महेन्द्र राजमार्ग इटहरी बजारमा मिलेका छन्। महेन्द्र राजमार्गले जस्तै विराटनगर-धरान मार्गले पनि सुनसरी जिल्लाको विकासमा महत्वपूर्ण भूमिका ओगटेको छ।

धरान– धनकुटा सडक

धरान-धनकुटा पैदल बाटो धरान बजारबाट धनकुटा बजारसम्म २५ किलोमिटर (आठ कोस) लामो छ। शताब्दियौं पहिलेदेखि गोरेटोको रूपमा भइरहेको यो बाटो पूर्वी नेपालको पहाडी मूल बाटोहरूमा सबैभन्दा चल्तीको बाटो हो। यो धरान-धनकुटा बाटो सुनसरी जिल्लाबासीहरूले मात्र होइन संखुवासभा, भोजपुर, तेह्रथुम, धनकुटा र ताप्लेजुङ्गका जनताले समेत प्रयोग गरिआएका छन्। धरान बजारको उत्तरपट्टि डाँडामा रहेको फुस्रे बजारदेखि धनकुटासम्म तमोर नदीको अतिरिक्त यो बाटोको छेउछाउमा कतिपय स-साना खोलाहरू पर्दछन्। वर्षाको याममा यी खोलाहरूमा तीव्र गतिले भेल आउने हुँदा बटुवाहरूलाई ज्यादै असुविधा हुन्छ। यो बाटो धनकुटाबाट घुमाउने चौतारा, टेकुनडाला, रमिते, मूलघाट, लेउती खोला, धारापानी, साँगुरी, चिउरीबास र फुस्रे हुँदै धरान आइपुग्छ। साधारणतः धरानबाट धनकुटा पुग्न एक दिन लाग्छ।

यो पुरानो धरान-धनकुटा मूलबाटो अब राजमार्गमा परिणत हुँदैछ। रू. १३,३०,००,०००। को लागतमा बन्न लागेको यो राजमार्ग ६५ किलोमिटर जति लामो हुनेछ। पूर्वाञ्चल विकास क्षेत्रको मेरु दण्डको रूपमा पहिलो पटक निर्माण हुन लागेको यो उत्तर-दक्षिण राजमार्गले दक्षिणको समथर तराई र उत्तरको पहाडी प्रदेशलाई जोड्नेछ। यसको सफल कार्यान्वयनबाट पूर्वाञ्चलविकास क्षेत्रमा विकासको महत्वपूर्ण आधारशिला तयार हुनेछ। आर्थिक वर्ष २०३५–३६ सम्ममा निर्माण कार्य पूरा हुने यो बाटोले त्यस भेकको सामाजिक, आर्थिक र जन धारणामा समेत विकासमूलक वातावरणको सिर्जना हुनेछ।

धरान– भोजपुर बाटो

धरानबाट चतरा हुँदै भोजपुर जान धरानबाट हिउँदको बेला मोटर सवारीद्वारा १५ किलोमिटर (नौ माइल) बाटो चतरासम्म पुग्न सकिन्छ। बाटोमा पर्ने सर्दू नदी, पटनाली, खहरे, वगुवा, भालू एवं काली खोलाले गर्दा मोटर सवारी बन्द भएपनि पैदल हिंडेर धरानदेखि चतरासम्म खोलाहरू पारगर्दै जान सकिन्छ।

चतरादेखि भोजपुर सदरमुकामसम्मको बाटो ४८ किलोमिटर (३० माइल) पर्दछ। हिउँदको याममा स्थानीय पैदल यात्रीहरू चार दिनमा चतराबाट भोजपुर पुग्न सक्छन्।

हिउँदमा बिहानै यात्रुहरू चिया चमेना गरी चतराबाट हिंडी कोशीको किनारै किनार उकालो ओरालो तेर्सोबाटोमा पर्ने चतराबाट हुँदै बराहक्षेत्रमा पुग्दछन्। यो ठाउँमा प्रायः सबै यात्रीहरू कोका खोलामा स्नानगरी भगवान बराहको दर्शन गरी सो स्थानमा दिउँसोको खाना खाई मात्र अगाडि हिड्ने गर्दछन्। बराहक्षेत्रको दर्शन पछि बिहानको भोजन गरी यात्रुहरू त्यहाँबाट प्रस्थान गरेर कोशी नदीको किनारै किनार उकालो ओरालो एवं भीरको बाटो हुँदै; रमणीय दृश्य हेर्दै तमोर नदीको झोलुङ्गे पुल पारगरी त्रिवेणीघाटमा बास बस्न पुग्दछन्। त्रिवेणीघाट, दूधकोशी, अरुण र तमोर नदीको संगम हुने स्थान भएकोले सो स्थानमा पनि श्रद्धालुजनहरू स्नान गर्दछन्।

त्रिवेणीघाटबाट बिहान हिंडी खोर्सानीटार हुँदै गुठी खेत र मुगा खोला तर्दै सुन बालुवामा बेलुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। हाल यो जिल्लामा टेलिफोन लाइन वितरण भएको छैन। तर धरान क्षेत्रमा ४०० लाइन क्षमता भएको स्थानीय एक्सचेन्ज लाइन स्थापना गरिने कार्यक्रम छ। साथै चौथो पञ्च वर्षीय योजनाको अन्तसम्ममा धरानमा ट्रङ्क टेलिफोनको सेवा उपलब्ध गर्ने पनि योजना छ। यसअनुसार विराटनगर भएर राजविराज, सिराहा, जनकपुर तथा मलंगवासम्म ट्रङ्क टेलिफोनको सुविधा हुनेछ। यसको लागि धरानमा रिपिटर भवन निर्माण कार्य पूरा भइसकेको छ। यसको लागि आवश्यक मालसामान इटाली लगायत अन्य देशहरूबाट उपलब्ध गराइने छ।

हुलाक

शाखा हुलाक, छोटी हुलाक र अतिरिक्त हुलाक गरी यस जिल्लामा जम्मा १६ वटा हुलाक छन्। यी हुलाकहरूको स्तर तथा हुलाक रहेको पञ्चायत र स्थान यसप्रकार छन्:—

स्तर	गाउँ पञ्चायत	स्थान
शाखा हुलाक	धोपा	धरान क्यान्टनमेन्ट
"	दुहबी	दुहबी
"	इटहरी	इटहरी
"	चतरा	चतरा
"	भुटाहा	भुटाहा
"	इनरुवा	इनरुवा
"	महेन्द्रनगर	महेन्द्रनगर
छोटी हुलाक	धरान	धरान
अतिरिक्त हुलाक	भोक्राहा	प्रकाशपुर
"	आइतबारे	वकलौरी
"	भरोलकालाबञ्जार	कालाबञ्जार
"	देवानगञ्ज	देवानगञ्ज
"	एकम्वा	एकम्वा
"	मधेली	मधेली
"	सिमरिया	अनन्तपुर
"	औरावनी	औरावनी

हुलाक सेवा विभागले लिएको तथ्याङ्कअनुसार २०२९ सालमा यस जिल्लामा देश विदेशबाट चिट्ठीपत्र तथा वस्तु आएको संख्या जम्मा ६,४८१ थियो। यो जिल्लामा बढी चिट्ठी आउने क्षेत्र धरान हो।

बिजुली

सुनसरी जिल्लाको धरानमा मात्र बिजुली वितरण भएको छ। इटहरी, इनरुवा र चतराका महेन्द्र राजमार्ग र कोशी तथा चतरा आयोजनाका क्याम्पहरूमा रहेको राती मात्र वितरण हुने बिजुली सर्वसाधारणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण नहुने हुँदा त्यसलाई उल्लेख गर्न मात्र सकिन्छ। धरानको विद्युत् "प्लाण्ट" २०२१ सालमा स्थापना भएको थियो। यसमा दुई जेनेरेटरहरू छन् र कुल विद्युत् उत्पादन क्षमता २१२ किलोवाट छ। ग्राहक संख्या ३४५ पुगेको छ। दिउँसो १२ बजेदेखि बिहान छ बजेसम्म प्रतिदिन १८ घण्टा चालू हुन्छ। बिजुलीको माग ज्यादै छ, पूर्ति गर्न सकेको छैन। धरान विद्युत् सप्लाई कम्पनीका शेयरहोल्डरहरूको संख्या ९३६ छ। ९२ प्रतिशत शेयर नेपाल औद्योगिक विकास निगमले किनेको छ। पाँच जनाको सञ्चालक समितिमा तीन जना नेपाल औद्योगिक विकास निगमका प्रतिनिधिहरू छन्। अहिलेसम्म कम्पनी नोक्सानीमै चलिरहेको छ। कुल नोक्सानी २०२८ साल असार मसान्तसम्म रू. दुई लाख ३३ हजार पुगेको थियो।

धरानमा विद्युत्को माग धेरै छ। विराटनगरदेखि धरानसम्म हाई भोल्टेज ट्रान्समिशनलाइन ल्याई विराटनगरबाट बिजुली ल्याउने कार्यक्रम छ। तर ट्रान्समिशन लाइनको निम्ति दुहुबीसम्म मात्र खम्बा गाडिएका-छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यमा दोस्रो सबैभन्दा बढी १८.१ प्रतिशत साक्षर भएको कोशी अञ्चलका पांच जिल्लाहरूमध्ये सुनसरी एक हो। यो जिल्लामा १९.५ प्रतिशत मानिस साक्षर छ। शिक्षाको क्षेत्रमा छिमेकी जिल्ला मोरङको २०.० प्रतिशत साक्षरको तुलनामा सुनसरी ०.५ प्रतिशत कम विकसित भए तापनि कोशी अञ्चलका अरू तीन जिल्ला धनकुटा, तेह्रथुम र संखुवासभाको तुलनामा विकसित नै मान्नु पर्दछ। सालाखाला १३.९ प्रतिशत जनसंख्या साक्षर भएको नेपालमा १९.५ प्रतिशत साक्षर भएको सुनसरीको स्थितिलाई उत्साहबर्ध्दक नै मान्नु पर्दछ।

यो जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका मानिसहरूको संख्या १,७९,४९३ छ। यसमा ९३,-६६५ पुरुष तथा ८५,८२८ महिला छन्। यो संख्यामध्ये २७,१८५ जना अर्थात् २९.० प्रतिशत महिला गरी जम्मा ३४,९९६ अर्थात् १९.५ प्रतिशत मानिस साक्षर छन्। छ वर्षभन्दा माथि उमेर भएको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरीहेर्दा यहांको साक्षरताको स्थिति यस्तो देखिन्छः—

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	१४,५१८	३,४२५	२३.६	१,३७८	१,६७७	१२.२	२८,२९८	५,१०२	१८.०
१०–१४	१३,७१६	६,५२८	४७.६	१,१३२	२,७०२	२३.९	२५,०४४	९,२३०	३६.९
१५–१९	१०,७६२	४,६६९	४३.४	९,२३९	१,५५४	१६.८	२०,००१	६,२२३	३१.१
२०–२४	८,६२८	३,१८३	३६.९	९,३२९	८२४	८.८	१७,९५७	४,००७	२२.३
२५–२९	९,५६७	२,७३०	२८.५	८,७७१	४४२	५.०	१८,३३८	३,१७२	१७.३
३०–३४	७,०२७	१,७१३	२४.४	७,६८६	२२८	३.०	१४,७१३	१,९४१	१३.२
३५–३९	७,९०४	१,५८८	२०.१	६,२७९	१५८	२.५	१४,१८३	१,७४६	१२.३
४०–४४	५,२६७	९८९	१८.८	५,०६२	९८	१.९	१०,३२९	१,०८७	१०.५
४५–५४	८,४५५	१,४०९	१६.७	६,५०७	८३	१.३	१४,९६२	१,४९२	१०.०
५५–६४	४,६७८	६०७	१३.०	४,५१५	२४	.५	९,१९३	६३१	६.९
६५ र माथि	३,१४३	३४४	१०.९	३,३३२	२१	.६	६,४७५	३६५	५.६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट १० देखि २४ वर्ष उमेर भएका व्यक्तिहरू बढी साक्षर भएको पाइन्छ। यो उमेरभित्र पर्ने महिलाहरूको साक्षरताको प्रतिशत पनि उत्साहवर्धक नै छ। यसबाट के पनि झलिकन्छ भने सुनसरी जिल्लामा पनि आजभन्दा २३–२४ वर्ष पहिले अर्थात् २००७ सालको परिवर्तन पश्चात् मात्र शैक्षिक क्षेत्रमा जनजागरण आएको रहेछ। २००७ साल पूर्व अर्थात् २४ वर्षभन्दा माथि उमेर भएकाहरूको साक्षरता प्रतिशत क्रमशः ह्रास हुँदै गएको देखिन्छ। यसमा पनि महिलाको शैक्षिक गतिविधि ०.५ सम्म घटेकोबाट महिलाहरूले पढ्न लेख्न पर्दैन भन्ने पुरानो धारणा चरितार्थ हुन्छ। छ देखि नौ वर्षका बालक बालिकाको तथ्याङ्क हेर्दा के महिला, के पुरुष सबका सबमा साक्षरता वृद्धि हुँदै गएको देखिन्छ।

सुनसरी जिल्लामा महेन्द्र क्याम्पस र पिण्डेश्वरी क्याम्पस, १६ वटा माध्यमिक विद्यालय, १३ वटा निम्न-माध्यमिक विद्यालय र १०४ वटा प्राथमिक विद्यालय छन्। दुई वटा महाविद्यालयमध्ये पिण्डेश्वर संस्कृत महाविद्यालयमा संस्कृतको मात्र पढाइ हुन्छ। यीमध्ये ११ प्राथमिक, दुई निम्न माध्यमिक, दुई संस्कृत माध्यमिक, तथा पाँच माध्यमिक र एक महाविद्यालय (महेन्द्र क्याम्पस) धरान क्षेत्रमा नै केन्द्रित भएकाछन्। यो जिल्लामा नयाँ शिक्षा योजना २०३० पुसदेखि लागू भइसकेको छ। विभिन्न स्थायी विद्यालयहरूको अतिरिक्त प्रत्येक वर्ष प्रौढ कक्षाहरू पनि सञ्चालन गरिएका छन्। यस जिल्लामा करीब ३० प्रतिशत विद्यालयका पक्की भवन बनिसकेका छन्। शिशु कक्षादेखि माध्यमिक विद्यालय स्तरमा अध्ययन गर्ने छात्र-छात्राको संख्या तथा शिक्षिका, शिक्षकहरूको योग्यता र संख्या निम्न तालिकाबाट प्रष्ट हुन आउँछः–

विद्यार्थी – विवरण

शिशु कक्षा	३,३७०	कक्षा नौ	७०१
कक्षा एक	२,०२७	कक्षा १०	६१५
कक्षा दुई	१,७६५	शिशुदेखि कक्षा तीन-सम्मको जम्मा	८,८३६
कक्षा तीन	१,६७४		
कक्षा चार	१,५५३	कक्षा चार देखि कक्षा सातसम्मको जम्मा	४,५९९
कक्षा पाँच	१,२५२		
कक्षा छ	९५८	कक्षा आठदेखि कक्षा १० सम्मको जम्मा	२,०८९
कक्षा सात	८३६		
कक्षा आठ	७७३		

शिक्षक – विवरण

	अण्डर म्याट्रिक	म्याट्रिक वा सो सरह	आई. ए. वा सो सरह	बी. ए. वा सो सरह र सोभन्दा माथि	जम्मा
तालिम प्राप्त	३७	१४१	४	९	१९१
तालिम अप्राप्त	१०५	१६९	१०३	१०६	४८३

माध्यमिक तथा त्यसभन्दा मुनिका विद्यालयहरूको प्रशासनिक एवं अन्य व्यवस्था जिल्ला शिक्षा समितिको निर्देशनमा जिल्ला शिक्षा अधिकारीको कार्यालयबाट गरिन्छ। इनरुवा स्थित यो जिल्ला शिक्षा अधिकारीको कार्यालय धरानस्थित क्षेत्रिय शिक्षा निर्देशनालयबाट नियन्त्रित छ। शिक्षा प्रसार-प्रचारमा जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न स्तरबाट प्रयासहरू भइरहेछन्, त्यसरी नै जन-जनमा शिक्षा प्रतिको चाख वृद्धि भएको यहाँ पाइन्छ। पुरुषवर्ग नै बढी साक्षर भए तापनि महिलावर्गले पनि शिक्षाको महत्वलाई महसूस गरी अध्ययनमा अग्रसर भएको देखिन्छ ।

साहित्यको क्षेत्रमा वागमती अञ्चल पछि कोशी अञ्चल नै आउँछ । सुनसरी जिल्लामा पनि साहित्यिक जागरण प्रशस्त छ। शैक्षिक क्षेत्रमा जस्तै साहित्यिक क्षेत्रमा पनि यो जिल्लाको प्रमुख स्थान धरानले नै ओगटेको छ । यहाँ समय समयमा साहित्य सम्मेलन र कवि गोष्ठीहरूको आयोजना भएको देखिन्छ। पुराना र नयाँ गरी यहाँ नाम चलेका साहित्यकारहरू छन्। यहाँबाट विभिन्न नामले साहित्यिक सङ्कलन तथा मासिक पत्र-पत्रिकाहरू प्रकाशित भएको पाइन्छ।

यस जिल्लामा श्री ५ को सरकारको स्वीकृति पाएका र स्वीकृति नपाएका गरी जम्मा १५ वटा पुस्तकालयहरू सञ्चालन भएका छन्। ती पुस्तकालयका नाम तथा स्थान निम्न बमोजिम छन्:–

सार्वजनिक पुस्तकालय, धरान	सरस्वती सार्वजनिक पुस्तकालय
लक्ष्मी वाचनालय, धरान	दन्तकाली पुस्तकालय, विजयपुर धरान
भगवती हाईस्कूल पुस्तकालय, इनरुवा	जनतत्पर पुस्तकालय, इनरुवा
प्रभात पुस्तकालय, हरिनगरा	जागृत युवा पुस्तकालय, इनरुवा
आफ्नो पुस्तकालय, रामनगर भुटाहा	जागृत पुस्तकालय, वलाहा मधेशा
पिण्डेश्वर संस्कृत पुस्तकालय, धरान	जनता पुस्तकालय, इटहरी
जनहित जानकारिणी पुस्तकालय, पकली	नवीन पुस्तकालय, छिटाहा
३३. नं. पुस्तकालय, झोरा सतेर	

स्वास्थ्य

जन स्वास्थ्यको गतिविधिमा सुनसरी जिल्ला ज्यादा अविकसित छैन । काठमाडौं बाहिरका जिल्लाहरूमा सबैभन्दा ज्यादा स्वास्थ्य सेवा उपलब्ध भएको जिल्ला यही नै हो। यहाँका तीनवटा अस्पतालमा जम्मा ९५ शय्या छन्। यहाँको पूरा जनसंख्यालाई हेर्दा करीब २,३५२ जनालाई अस्पतालको एक शय्या पर्न आउँछ। यस जिल्लाको धरान र इनरुवामा क्रमशः १५ शय्या र १० शय्याका अस्पतालहरू छन्। धोपामा ब्रिटिश सरकारद्वारा सञ्चालित एक ७० शय्याको अस्पताल पनि छ । धरान अस्पतालमा एक सिनियर मेडिकल अफिसर र दुई जना मेडिकल अफिसरको दरबन्दी छ। यी अस्पतालहरूको अतिरिक्त यस जिल्लाका विभिन्न स्थानमा आठवटा स्वास्थ्य चौकीहरू रहेका छन्। यी यस प्रकार छन्:–

स्वास्थ्य चौकी	पञ्चायत
भुटाहा रामनगर	भुटाहा गाउँ पञ्चायत
इटहरी	इटहरी गाउँ पञ्चायत
सीतागञ्ज	रामगञ्ज वेलगछिया
मधेली	मधेली गाउँ पञ्चायत
इनरुवा	इनरुवा गाउँ पञ्चायत
देवानगञ्ज	देवानगञ्ज गाउँ पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतरा	चतरा गाउँ पञ्चायत
वकलौरी	वकलौरी गाउँ पञ्चायत

यस जिल्लामा देखिएको मुख्य रोग पेटको रोग नै हो। धामी झाँक्रीहरू खासगरेर स्वास्थ्य चौकी र अस्पताल नरहेको ठाउँमा सक्रिय रहेको पाइन्छ। गाउँले जन जीवनमा पुरानो विचारधारा अझै बलियो भएकोले भूत-प्रेत तथा मसान आदिको पूजा गरी ब्यथा निको पार्न खोज्ने चलन अद्यापि छँदैछ।

सुनसरी जिल्लामा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना पनि लागू भएको छ। परिवार नियोजन क्षेत्रिय कार्यालय धरान बजारमा रहेको छ। साथै यसको जिल्ला कार्यालय पनि धरानमा नै रहेको छ। यी दुई कार्यालयको अतिरिक्त इनरुवा, इटहरी र भुटाहामा एक एक वटा क्लिनिकहरू खोली परिवार नियोजनको प्रचार प्रसार भइरहेको छ।

यो जिल्लामा बिफर उन्मूलन योजना पनि लागू भएको छ। बिफर उन्मूलन आयोजना जिल्ला कार्यालय धरानको २०२९।३० को प्रतिवेदनअनुसार यस जिल्लामा १८,१७७ जनालाई प्रथम खोप र १,२८,४५५ लाई पुनः खोप दिने काम भएको छ। धरान बजारमा औलो उन्मूलन कार्यालय पनि रहेको छ। चतरा, लौकी, भुटाहा र सिमरियामा गरी जम्मा चार वटा औलो उन्मूलन युनिट रहेकाछन्। औलो ब्यथा यस जिल्लाबाट प्रायः उन्मूलन भइसकेको छ। तर अन्य स्थानबाट आउने व्यक्तिहरूले ल्याएको औलोको कीटाणुबाट कहिलेकाहीं यस सम्बन्धी बिरामीहरू देखिन्छन्। कुष्ट रोग निवारण संस्थाद्वारा २०२९।३० मा ६५,६१४ जनाको सर्वे गरेको थियो। यीमध्ये २४७ जनामा कुष्ट रोग देखा परेको थियो।

खानेपानी

धरानमा कल-धाराको पानीको व्यवस्था छ। धरानभन्दा उत्तरमा सरदू खोलाबाट चार ठाउँमा मुहान कायम गरी धरानको पुरानो बजार, विजयपुर, धरानको नयाँ बजार र गोरखा भर्ती केन्द्रमा पानी लगिएको छ। यहाँ प्रति दिन छ लाख ग्यालन पानी वितरण हुन्छ। त्यसमध्ये धेरैजसो पानी गोरखा भर्ती केन्द्रमा खपत हुन्छ। धरानमा पानी वितरण गर्न पुरानो व्यवस्था थियो तापनि सो पर्याप्त नहुँदा १२ लाखको लागतमा पानीको नयाँ मुहान, रिजर्भ्वायर र पाइप लाइन तयारगरी गोरखा भर्ती केन्द्रको अतिरिक्त धरान नगरमा पनि पानी पूर्ति भएको छ। पानीको परिमाण भए तापनि वितरण लाइनको कमीलेगर्दा धरानको पुरानो बजारतिर पानीको कमी छ। धरान र गोरखा भर्ती केन्द्रमा पानी छ, तर नजीकैको धोपा गाउँमा भने पानीको हाहाकार भै गोरखा भर्ती केन्द्रको ढोकामा रहेको धारासम्म पानी लिन धाउनु पर्दछ। धरानमा पानी वितरण गर्ने जिम्मा नगर पञ्चायतको छ। निजी धारा पाएकाहरूले प्रति आधा इन्ची पाइप धाराको प्रति महीना रू. तीन शुल्क तिर्दछन्। यत्तिकैको काठमाडौंमा प्रति महीना रू. सात पर्दछ। फिल्ट्रेशन प्लान्टलाई चालू गराउनु, पुरानो बजार र धोपामा पानी वितरण पुऱ्याउनु र पानीको अपव्यय रोक्नु धरानका खानेपानी सम्बन्धी समस्या हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन नगरिएसम्म सुनसरीको प्रशासन विराटनगर गोश्वाराबाट सञ्चालित थियो। त्यसकारण यो जिल्लाको छुट्टै प्रशासनिक इतिहास त्यति लामो छैन। २०१९ साल पश्चात् यो जिल्लाको छुट्टै प्रशासन व्यवस्था भयो। सुनसरीको सदरमुकाम इनरुवामा अवस्थित प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट जिल्लाको प्रशासन चलेको छ।

यस जिल्लामा कारागार भवन छैन। अन्य विभिन्न सरकारी, गैर-सरकारी तथा अर्ध-सरकारी कार्यालयहरू रहेका छन्। यी कार्यालयहरू जिल्लाको सदरमुकाममा मात्र अवस्थित नभएर धरान बजार, इटहरी जस्ता सुनसरीका व्यापार केन्द्र तथा यातायातको पायक पर्ने स्थानमा रहेकाछन्। सुनसरी जिल्लामा रहेका विभिन्न कार्यालयहरू यसप्रकार छन्:–

कार्यालय	रहेको स्थान	कार्यालय	रहेको स्थान
अञ्चल अदालत	धरान	परिवार नियोजन केन्द्र	धरान
जिल्ला पञ्चायत कार्यालय	इनरुवा	नेपाल बैंक लिमिटेड शाखा	"
प्रमुख जिल्ला अधिकारीको कार्यालय	"	औलो उन्मूलन कार्यालय	"
शाखा हुलाक कार्यालय	"	बिफर उन्मूलन कार्यालय	"
आकाशवाणी कार्यालय	"	प्रहरी थाना	"
महेन्द्रराजमार्ग निर्माण कार्यालय	"	आकाशवाणी केन्द्र	"
जिल्ला प्रहरी निरीक्षक कार्यालय	"	टेलिफोन कार्यालय	"
भूमि प्रशासन कार्यालय	"	रेञ्ज कार्यालय	"
जिल्ला शिक्षा अधिकारीको कार्यालय	"	छोटी हुलाक कार्यालय	"
कोष तहसील कार्यालय	"	पूर्वाञ्चल क्षेत्रिय शिक्षा निर्देशन कार्यालय	"
कृषि विकास बैंक	"	नेपाल राष्ट्र बैंक सटही काउन्टर	चतरा
जिल्ला सहकारी कार्यालय	"	कृषि विकास केन्द्र	इटहरी
सिचाइ तथा खानेपानी कार्यालय	"	नेपाल बैंक शाखा	"
जिल्ला अदालत	"	टेलिफोन अड्डा	"
जूट विकास समितिको कार्यालय	"		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहरी

यस जिल्लाको सदरमुकाम इनरुवामा जिल्ला प्रहरी निरीक्षक कार्यालय छ। धरान बजारमा एक र हरिनगरा बजारमा एक गरी दुईवटा प्रहरी थाना छन्।

स्थायी प्रहरी चौकीहरू चतरामा एक, पक्की बजारमा एक, दुहुबी बजारमा एक र देवानगञ्ज बजारमा एक गरी जम्मा चार छन्। यसको अतिरिक्त चकरघट्टी बजारमा एक छोटी थाना र इटहरी बजारमा एक अस्थायी प्रहरी चौकी छन्।

न्याय

जिल्लामा न्याय सम्बन्धी कार्यको लागि यहाँ एक जिल्ला अदालत रहेको छ। २०२९।३० मा यस जिल्ला अदालतमा १,०३९ देवानी र २०४ फौजदारी मुद्दा परेका थिए। यी मुद्दाहरूमध्ये मिलापत्र, तजविज, जाहेरी, डिसमिस, खारेजी, सरुवा, मुल्तवी तथा एकतर्फी भई बाँकी रहेका देवानी ३९८ र फौजदारी २४३ अर्थात् जम्मा ६४१ छन्।

यस जिल्लामा राजपत्र अनङ्कित प्रथम श्रेणी स्तरको सरकारी एक वकिलको दरबन्दी छ। यसले गर्नुपर्ने काम खासगरी सरकारी मुद्दा सम्बन्धी ऐन नियम अन्तर्गत अनुसूची भित्र पर्ने मुद्दाहरूको तहकिकात गर्ने र सो सम्बन्धी आवश्यक व्यवस्था गर्नु हो। यसको अतिरिक्त जिल्लाका विभिन्न सरकारी कार्यालयहरूलाई आवश्यक परेमा कानूनी सल्लाह दिने काम पनि यही सरकारी वकीलबाट गरिन्छ।

पञ्चायत

सुनसरी जिल्लामा ४७ वटा गाउँ पञ्चायत एक नगर पञ्चायत समेत गरी जम्मा ४८ पञ्चायत छन्। यो जिल्लाको जिल्ला पञ्चायत कार्यालय इनरुवामा रहेको छ। प्रत्येक गाउँ पञ्चायतबाट एक एकजना र धरान नगर पञ्चायतबाट चार जना सदस्यगरी जिल्ला सभामा जम्मा ५१ सदस्यहरू छन्। यो जिल्लाबाट राष्ट्रिय पञ्चायतमा एकजना सदस्यले प्रतिनिधित्व गर्दछन्।

सुनसरी जिल्ला पञ्चायत कोषको २०२९।३० आर्थिक वर्षको आय रू. १,७४,४९३। थियो। जिल्लाका ४७ गाउँ पञ्चायतमा आयको रकम फरक फरक हुन्छ। धरान नगर पञ्चायतको वार्षिक आय भने गाउँ पञ्चायतको तुलनामा निक्कै बढी हुनु स्वाभाविकै हो। यहाँका पञ्चायतहरूको स्थानीय आय स्रोतहरूमा सवारी कर, हाट कर र काँजी हाउस मुख्य हुन्।

यस जिल्लामा किसान संगठन, युवक संगठन, महिला संगठन, भूतपूर्व सैनिक संगठन र मजदूर संगठन छन्। यहाँ बाल संगठन पनि छ। नेपाल महिला संगठनका प्रारम्भिक समिति १५ छन् र सदस्य संख्या १६५ छ। किसान संगठनका प्रारम्भिक समिति ४२ छन् र सदस्य संख्या ४६२ छ। त्यस्तै नेपाल युवक संगठनका प्रारम्भिक समिति ३५ र सदस्य संख्या ३८५; नेपाल भूतपूर्व सैनिक संगठनका प्रारम्भिक समिति ११ र सदस्य संख्या १२१; मजदूर संगठनका प्रारम्भिक समिति सात र सदस्य संख्या ७७ छन्। यी सबै वर्गीय र व्यावसायिक संगठनहरूबाट समय समयमा आ-आफ्नो वर्गको हित र संरक्षण हुनेगरी विभिन्न सामाजिक कार्यहरू भइरहेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

सालबसाली तथा चालू योजनाहरूमाथि विभिन्न शीर्षकमा चर्चा गरिएको छ। राष्ट्रिय योजना आयोगबाट प्रकाशित दुई वर्षे कार्यक्रममा सुनसरी जिल्लाको लागि पनि केही विकास योजनाहरू समावेश भएका छन्। २०३०।३१ आर्थिक वर्षमा पूरा हुनेगरी स्थापना भएको व्यावसायिक माछा केन्द्र, चाँदवेला, बाँझगरा, पडरिया तथा सिर्सिया लघु सिचाइ योजना, वन सीमा निर्धारण, वन सम्पदा सर्वेक्षण र वन जन्तु संरक्षण, तरहरा जरीबूटी उद्यान, इटहरीमा ५,००० मेट्रिक टन क्षमता भएको गोदाम घरको निर्माण, १९ किलोमिटर लामो भीमनगर-धरान बाटोको निर्माण आदि उल्लेखनीय योजना भन्न सकिन्छ। त्यस्तै कोशी विद्युतीकरण योजना अन्तर्गत दुहुवी, धरान, इटहरी, इनरुवा विद्युतीकरण गर्ने कार्यारम्भ भइसकेको छ। निकट भविष्यमा धरानमा स्थापना गरिने "धरान औद्योगिक क्षेत्र" बाट सुनसरी जिल्लाको उद्योग व्यवसाय विकासमा ठूलो सहयोग पुग्ने देखिन्छ। प्रस्तावित १,५०० टन उत्पादन क्षमता भएको पशुको दाना उद्योग धरानबाट पाल्तु जीवजन्तुको विकास र विस्तार हुने कुरा सहजै अनुमान गर्न सकिन्छ। गैर सरकारी क्षेत्रमा स्थापना गर्न प्रस्तावित फलफूल तथा क्यानिङ्ग उद्योगबाट यो जिल्लाको औद्योगिक विस्तार र फलफूल खेतीको विकासमा सहयोग पुग्ने देखिन्छ। यी चालू योजनाहरूको अतिरिक्त यातायात, सञ्चार, कृषि, खानी उद्योग तथा सिचाइको सम्भाव्यता अध्ययन भइरहेको छ।

अन्य कतिपय जिल्लाको तुलनामा कृषि र वनमा आधारित कच्चा पदार्थको प्रचुरता र यातायात जस्ता विकासको पृष्ठभूमिको सुविधा भएर पनि आधुनिकीकरण तथा औद्योगिक विकासमा सुनसरी जिल्ला पछाडि पर्नुको मुख्य कारण विद्युत् शक्तिको अभाव नै औंल्याउन सकिन्छ। कोशी नदी जस्तो विद्युत् शक्ति उत्पादनको स्रोत उपलब्ध हुँदा हुँदै पनि यो जिल्लामा विद्युत् शक्तिको अभाव यसरी खडकिनु हाम्रो असन्तुलित विकासको ज्वलन्त उदाहरण हो। सुनसरी जिल्लाको विकासको लागि कोशी नदीबाट उपलब्ध हुनसक्ने विद्युत् शक्ति साधनको अत्यधिक परिचालन गर्नु पर्ने देखिन्छ। विद्युतीकरणको अभावमा यहाँको अन्य औद्योगिक विकासका आधारहरूबाट उपयुक्त फाइदा प्राप्त नहुने मात्र होइन चालू योजना र कृषिबाट हुन सक्ने थप उपलब्धिहरू हासिल गर्न आवश्यक प्रोत्साहन पनि पाइरहेको छैन। त्यस्तै यो जिल्लामा भएका अन्य नदीनालाबाट हुन सक्ने लघु सिचाइको व्यवस्था र वन्य पैदावारको संरक्षण तथा विस्तार भएमा यो जिल्लाको सन्तुलित विकास अवश्यंभावी छ।

यो जिल्लाको अवस्थिति हेर्दा औद्योगिक विकासको सम्भाव्यता बलियो देखिन्छ। स्थानीय साधन र श्रमबाट उत्पादित वस्तुको खपतको लागि उत्तरपट्टिको अभावग्रस्त क्षेत्र मात्र होइन दक्षिणपट्टिको विशाल भारतीय बजार पनि यो जिल्लाको लागि पायक परेको छ। उद्योगहरूमा खासगरेर फलफूल उद्योग, सनपाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योग, पशु पालन उद्योग तथा कृषि तथा वन्य सम्पदामा आधारित निर्यात बढाउने र आयात कम गर्ने खालका विभिन्न उद्योगहरू सञ्चालन गर्न सकिन्छ। अन्ततः सुनसरी जिल्लाको चौतर्फी विकासको लागि चतरा नहर, धरान-धनकुटा बाटो र कोशी विद्युतीकरण योजनाको सफल कार्यान्वयन हुनु पर्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोलुखुम्बू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	५४९
प्राकृतिक स्वरूप र सम्पदा	५५१
ऐतिहासिक पृष्ठभूमि	५६२
प्रमुख स्थानहरू	५६४
जनसंख्या र जनजीवन	५६९
आर्थिक व्यवस्था	५७९
यातायात र सञ्चार	५८७
शिक्षा, स्वास्थ्य तथा खानेपानी	५९०
प्रशासन र पञ्चायत	५९३
उपसंहार	५९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

यो जिल्ला सगरमाथा अञ्चलका सात जिल्लाहरूमध्ये एक हो। यो उच्च पर्वतारोहणको लागि संसार प्रसिद्ध भएका शेर्पा जातिले बसोबास गरेको जिल्ला हो। यहाँ पृथ्वीको सबभन्दा उच्च हिमालय पर्वत सगरमाथा तथा अन्य उच्च पहाडहरू पनि छन्। यो जिल्लामा पर्ने नेपाल हिमालयको पर्वत शृङ्खलालाई महालंगूर हिमालय भनिन्छ। सगरमाथा विश्वका सर्वश्रेष्ठ पर्वतारोहकहरूको लागि सबभन्दा ठूलो चुनौतिको रूपमा रहेको छ।

स्यार-खुम्बू अथवा सोलखुम्बूको नाम कसरी रहन गएको हो भन्ने कुरामा विभिन्न मतहरू रहेका देखिन्छन्। ईमान सिंह चेमजोङ को भनाइ अनुसार किराती भाषामा माझ किरात इलाकाबासीलाई "खम्बुङवा" अथवा पश्चिमतिरबाट आएका मानिसहरू भन्दछन्। यसरी "खम्बुङवाहरू" बसेको हुनाले यस इलाकालाई खम्बू भनेको हुनुपर्दछ। इतिहास शिरोमणि बाबुराम आचार्यले पनि माझ किरातका बासिन्दालाई खम्बू भनी लेख्नु भएको छ। पछि सो शब्द अपभ्रंश भएर खुम्बू भएको हुन सक्छ। कसैं कसैले खुम्बू ह्यूला नाम गरेको पर्वत चूलीको पछि यसको उत्तरी भेकको नाम खुम्बू रहन गएको हो भन्दछन्। उक्त खुम्बू राजधानी काठमाडौं भन्दा पूर्व अवस्थित भएकोले स्यार-खुम्बू हुन गएको हो भन्दछन्। तिब्बती भाषामा "स्यार" को मतलव "पूर्व" हो।

शेर्पा पनि "स्यार" - "वा" (अर्थात् पूर्व तर्फ बस्ने मानिस) अपभ्रंश भएर "शेर्पा" रहन गएको हो भन्दछन्।

यो जिल्लामा तीनवटा साना विमानस्थलहरू छन्। अधिराज्यको दुर्गम जिल्लाहरूमध्ये यहाँ सबभन्दा बढी हवाइ यातायातको सहूलियत प्राप्त छ। अधिराज्यको हिमाली जिल्लाहरूमध्ये यहाँ सबभन्दा पहिले विदेशी पर्यटक स्तरको आधुनिक होटेलको स्थापना गरिएको छ। सगरमाथा तथा महालंगूर हिमालय शृङ्खलाका अन्य हिमचूलीहरूको दृश्यावलोकन गर्न यहाँ पर्यटकहरूको धेरै आवागमन हुन्छ। विश्वको पर्वतारोहणको इतिहासमा खुम्बू हिमालका उच्च चूलीहरूको विशेष महत्व रहेको छ।

यहाँ धेरै बौद्ध गुम्बाहरू छन्। यहाँको गुम्बाहरूमा "टुल्कु" (अवतारी लामा) बसेका छन्। यहाँका शेर्पाहरू पहाडका टुप्पाहरूलाई पुण्यस्थल ठानी पूजा-आजा गर्ने गर्छन्। कुनै कुनै पहाडहरू जस्तै खुम्बू ह्यूला, पिके ह्लाप्साङ्ग, कर्वू आदि पर्वतचूलीहरूलाई स्थानीय जन, धन र कृषिको संरक्षक मान्दछन्। देवताको आराधना गर्न लामो ध्वजा उठाउने गर्दछन्।

यो जिल्लाको आकार उत्तर सीमानामा केही थुम्को उठेको तथा दक्षिण-पूर्वतर्फ केही सांँघुरिनुको साथै चारपाटे रहेको छ। यसको मध्यपूर्वमा एक भाग भोजपुर जिल्ला भित्र घुसेको छ। यो जिल्ला काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपत्यकाको पूर्व-उत्तरमा ८६°२२' देखि ८७°०३' पूर्व देशान्तर र २७°२०' देखि २८°०६' उत्तर अक्षांशभित्र अवस्थित छ ।

यसको भौगोलिक सीमाना उत्तरमा नाङ्पाक्ला र महालंगूर हिमालयका उच्च टाकुराहरू, पश्चिममा टसिलाप्चा (भञ्ज्याङ), नुम्बुर हिमाल शृङ्खला र लिखू कोशी, दक्षिणमा लाम्जे डाँडा र नेचे डाँडा, पूर्वमा मकालु हिमालको दक्षिणी शृङ्खला, सोनाम र काङ्गटेप डाँडाहरू र रावागु खोला हुन् ।

उत्तरमा जनवादी गणतन्त्र चीनको स्वशासित तिब्बत प्रदेश, पश्चिममा दोलखा र रामेछाप, दक्षिणमा खोटाङ र ओखलढुङ्गा तथा पूर्वमा संखुवासभा, भोजपुर र खोटाङ यसको राजनैतिक सीमानाहरू हुन् ।

यसको कुल क्षेत्रफल अन्दाजी ३,५९४ वर्ग किलोमिटर छ । यसको क्षेत्रफल सगरमाथा अञ्चलको कुल क्षेत्रफलको अन्दाजी २९ प्रतिशत हुन आउँछ । यो त्यस अञ्चलको सबभन्दा ठूलो जिल्ला हो ।

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार यहाँको कुल जनसंख्या १,०५,३२४ छ, जसमध्ये ५२,५८० पुरुष र ५२,७४४ महिला छन् । यो संख्या सगरमाथा अञ्चलको कुल जनसंख्याको अन्दाजी आठ प्रतिशत हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

संसारको सर्वोच्च सगरमाथा सहितको महालंगूर हिमालय पर्वतमालाको दक्षिण काखमा अवस्थित यो जिल्ला भौगोलिक विविधताले भरिएको छ । विश्वको सबभन्दा अग्लो भू-भाग लगायत विभिन्न उचाइका डांडाहरूले बनेको यसलाई हिमनदीहरू पग्लेर बगेका अविरल कोशीहरूले चिरा चिरा पारेका छन् । कोशी नदी प्रणालीको एक प्रमुख सहायक दूधकोशी यसको मध्यभागबाट दक्षिण बगेको छ । यसको उत्तरमा अवस्थित खुम्बू क्षेत्र र दक्षिणमा ऐंसेलुखर्कको उचाइमा अत्यन्त ठूलो अन्तर छ । यहाँको विभिन्न उचाइका खुम्बू, फरोक, सोलु, थुङ छेस्काम,सोताङ , ऐंसेलुखर्क आदि ठाउँहरूमा विभिन्न हावापानी, फरक फरक वनस्पति पाइने हुनाले विभिन्न पेशा कमाउने जातिहरूले बसोबास गरेका छन् । भू-स्वरूप र जलवायुको विभिन्नताको कारण यहाँको विभिन्न प्रदेशहरूमा बसोबास गर्ने मानिसहरूको रहन-सहन आर्थिक कार्यकलाप समेत फरक छन् । दूधकोशी, दक्षिणको होचो बेंसीहरू तथा रावाखोलाको आसपास अर्ध-उष्ण हावापानी लाग्ने भई त्यहाँका मानिसहरूले धान, सुर्ती तथा अर्ध-उष्ण जलवायु हुने ठाउँमा उब्जने फलफूलहरू, भैंसी, सुंगुर आदि पाल्ने गर्दछन् भने उत्तर-तर्फ बस्ने शेर्पाहरूले आलु, उवा, फापरको सीमित खेती गरी शीतप्रधान धेरै उच्च ठाउँमा हुने चौंरी, याक, भेडा पालन गरी जीविका चलाउँछन् । त्यस्ता भौगोलिक कारणहरूले यहाँ विभिन्न किसिमका प्राकृतिक स्वरूप र सम्पदाहरू थुप्रिएका छन् । यहाँका अतिउच्च हिमालय पर्वत शृङ्खलाहरूले भरिएको उच्च प्रदेशहरूमा "यती" जस्ता रहस्यमयी जीव रहेको अडकल गरिएको छ । यहाँको प्राकृतिक सौन्दर्य र विशेषता विश्व भरिका पर्यटक-हरूको लागि महत्वपूर्ण आकर्षण बनेको छ ।

भौगोलिक बनावट

भौगोलिक बनावटको हिसाबले यस जिल्लालाई साधारणतया निम्न चार भागमा विभाजन गर्न सकिन्छः—

१. हिमाली प्रदेश
२. लेकाली प्रदेश
३. पहाडी प्रदेश
४. बेंसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाली प्रदेश

यो प्रदेशमा महालंगूर हिमाल र अन्य हिमालय शृङ्खलाहरू पर्दछन्। हिम रेखादेखि माथि विश्वको सबभन्दा अग्लो चुचुरा सगरमाथा यस भागमा पर्दछ। यो जिल्लामा पर्ने मुख्य हिमालयको शृङ्खला महालंगूर हिमालको नामले प्रसिद्ध छ। यस शृङ्खलामा सगरमाथाको साथै ह्लोत्से (८,५०१ मि.), ग्याचुङगाङ (७,६२२ मि.), नुम्छे (७,८७९ मि.), पुमोरी (७,१४५ मि.), नुम्बू र अमा डब्लाम (६,८५६ मि.)आदि संसार प्रसिद्ध हिमाली टाकुराहरू पर्दछन्। यसको तल्लो भागमा वर्षामा हिउँ नहुने भए तापनि सूर्यको राप निक्कै कम हुने हुँदा मानिसको बसोबास छैन। सोलुखुम्बू जिल्लाको आर्थिक जीवनमा यस क्षेत्रमा पर्वतारोहण गर्ने तथा हिमाल हेर्न आउने पर्यटकहरूको ठूलो महत्व हुनगएको छ।

लेकाली प्रदेश

यहाँको लेकाली प्रदेशलाई स्थानीय चलनअनुसार दुई भागमा बाँड्न सकिन्छः—

(क) उच्च पहाडी खर्कहरू

महालंगूर तथा वरिपरिका हिमालको हिम नदीहरूभन्दा तल रहेका काला पत्थर, हेलिचे, मौलेखर्क, फेरिचे, चुखुङ, दूध पोखरी, मेरा खर्क, पिके-लम्जुरा आदि उच्च खर्क यस जिल्लाको पशुपालनको लागि अत्यन्त महत्वपूर्ण छन्। यस भागको हिमाली प्रदेशमा हुने खर्कहरूका साथै यहाँका विभिन्न स्थानहरू भौगोलिक दृष्टिकोणले ज्यादै सुन्दर र महत्वपूर्ण छन्। यस भागको कुनै कुनै खर्कमा ओखलढुङ्गाको रुम्जाटारबाट समेत भेडी गोठहरू वर्षामा चर्न ल्याइन्छन्। यस जिल्लामा पशु-पालन एक प्रमुख व्यवसाय भएकोले यस भागको ठूलो आर्थिक महत्व छ। यस भागमा विश्व प्रसिद्ध याक (हिमाली साँढे), हिमाली गाई (नाक), जुम (चमरी गाई), ज्योप्के, भेडा, पाठा आदि पाइन्छन्। हिउँदमा धेरै हिउँ पर्छ र वर्षामा सुख्खा भै घाँस, विभिन्न काँढेदार बुटाहरू तथा रङ्गी बिरङ्गी लेकाली फूलहरू फुल्दछन्। त्यसबेला धेरै लेकाली गोठहरू रहने हुँदा यहाँ धेरै रमाइलो हुन्छ।

(ख) खुम्बू र फरोकमा उच्च उपत्यकाहरू

यस भागमा बढी मात्रामा शेर्पा जातिका मानिसहरू तथा तिब्बती शरणार्थीहरूको बस्ती छ। भोटे खोला, इमजा खोला, चिला खोला, दूधकोशी आदि खुम्बू तथा फोरोक इलाकाका उच्च उपत्यकाहरू, जहाँ मानिसहरूको बसोबास भएको छ, यस भागमा समावेश गर्न सकिन्छ। यस क्षेत्रमा कृषियोग्य भूमि भए तापनि धेरै उच्च हुनुको कारण फापर, उवा, आलु आदिको मात्र खेती हुन्छ र कृषि उत्पादनबाट मात्र अधिकांश मानिसको जीविका नहुने हुनाले पशुपालन अधिक मात्रामा गरिन्छ। यस भागका केही प्रमुख गाउँहरूमा पाङ्बोचे, फोडचे, खुमजुङ, थामी, पारो, नाम्चे, जोरसेल, चौरी खर्क, लुक्ला आदि हुन्। यस भागका धेरै मानिसहरू पर्वतारोहण सम्बन्धी काम गर्दछन्। संसार प्रसिद्ध नेपाली पर्वतारोहीहरू धेरैजसो यस भागका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बासिन्दा हुन् ।

पहाडी प्रदेश

यसमा सोलु क्षेत्रको अधिकांश आवादी भाग पर्दछ । हावापानीको दृष्टिकोणले यो भाग सबभन्दा रमाइलो हो । यस भागमा समुद्रको सतहबाट करीब ३,२०० मि. (१०,४९६ फीट) सम्मको भू-भाग पर्दछ । यहाँ खुम्बू तथा फरोकमाभन्दा बढी मानिसहरूले बसोबास गरेका छन् । यस भागमा मकैं, कोदो, गहुँ, तोरी, आलु आदिको खेती हुन्छ । यसै भागको सल्लेरीमा जिल्लाको सदरमुकाम रहेको छ । हिउँदमा यस भागमा केही मात्रामा हिउँ पर्दछ । यसको नदी तथा खोलाका बेंसीहरूमा कतैं कतैं धानको खेती पनि हुन्छ । यो भागको माथि पिकैं, लमजुरा, लाम्जे, केमजे आदि उच्च खर्कहरू भएको हुनाले यहाँ बसोबास गर्ने शेर्पाहरूले नाक, चौरी पाल्ने गर्दछन् । यो भेकमा पालिने चौरीहरू हिउँद लागेपछि गाउँ घरमा ल्याएर राख्ने गरिन्छ । केही होचो भागमा सोलुखोला, दूधकोशी, होंगुखोलाको बेंसीहरूतिर फर्केका पाखाहरूमा गाई, भैंसी पनि पाल्ने गरिन्छ ।

बेंसीहरू

यो जिल्लाको विभिन्न नदी तथा खोलाहरूका उष्ण बेंसीहरू, जस्तै होंगुखोला, रावाखोला, दूधकोशी, लिखुकोशीको किनारहरूका प्रशस्त खेती हुने इलाकाहरू यस भागमा पर्दछन् । यो भाग जिल्लाको अन्न भण्डार मान्न सकिन्छ । यहाँ बढी मात्रामा राई, ब्राह्मण तथा क्षेत्रीहरूका गाउँहरू छन् । यस भागमा धानको साथैं अन्य फलफूलको खेती पनि प्रशस्त हुन्छ ।

प्रसिद्ध हिमालय पर्वतहरू

यस जिल्लामा महालंगूर हिमालय श्रृङ्खला पर्दछ । विश्वको सबभन्दा अग्लो पर्वत सगरमाथा ८,८४८ मि. (२९,०२८ फीट) उक्त श्रृङ्खलाको शिरको रूपमा रहेको छ । ई. सं. १८५२ मा नापी विभागका कर्मचारीहरूले यसको उचाइ पत्ता लगाएका थिए । उनीहरूले यसको उचाइ २९,००२ फीट दिएका थिए । ई. सं. १८५६ मा यसको नाम "माउण्ट एभरेष्ट" राखिएको थियो । त्यस बाहेक केही महत्वपूर्ण हिमालयका टाकुराहरू तल उल्लेख गरिएको छ । विश्वको सबभन्दा महत्वपूर्ण र ठूलो पर्वतारोहण कार्यहरू यही श्रृङ्खलामा भएका छन् ।

ह्लोत्से	८,५०१ मिटर (२७,८८३ फीट)	पुमोरी	७,१४५ मिटर (२३,४३६फीट)
ग्याचुङगांङ	७,९२२ मिटर (२५,९८४ फीट)	अमाडब्लाम	६,८५६ मिटर (२२,४८८फीट)
नुप्से	७,८७६ मिटर (२५,८४३ फीट)	च्यामलाङ	७,२७६ मिटर (२३,८६५फीट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदीनालाहरू

यो जिल्ला कोशी प्रश्रवण प्रदेशको मध्यभागमा अवस्थित छ। यहाँका मुख्य नदीहरू, खोलाहरू र सहायक खोलाहरू कोशी नदी प्रणालीका सहायक हुन्। यस जिल्लामा हिम नदीहरू पग्लेर बग्ने धेरै नदीहरू छन्। यहाँ अधिकांश नदी खोलाहरू उत्तरबाट दक्षिण बगेका छन्। महालंगूर, कुम्भकर्ण तथा रोलवालिङ हिमाल पर्वतमालाहरूबाट दक्षिणतर्फ फैलिएका शृङ्खलाहरूको बीचमा रहेका गहिरा खोंचहरू अविरल जल-प्रवाहबाट सिञ्चित भएका छन्। यो जिल्लाको सबभन्दा महत्वपूर्ण नदी दूधकोशी हो। त्यस्तै लिखूकोशी पनि यहांको प्रमुख नदी मान्न सकिन्छ। लिखूकोशी यो जिल्लाको पश्चिम सीमानाको रूपमा रहेको छ। यसको उत्पत्ति नुम्वुर र सो पश्चिमतिर रहेका हिमालय पर्वतमालाका हिम नदीहरूबाट भएको छ। यो नदी दक्षिण बगेर रामेछाप र ओखलढुङ्गाको सीमाना बनेको छ। यो नदीमा कालांग, लमजुरा र पिकेका पश्चिमी ढालमा असंख्य स-साना खोला खहरे मिसिएका छन्। यो नदीलाई पनि सप्तकोशीको एक सहायक कोशी मानिएको छ।

दूधकोशी

यो नदी सप्तकोशी नदी प्रणालीको एक प्रमुख सहायक हो। यसको उत्पत्ति सीमावर्ती हिमाल पर्वत-हरू छोयू, ग्याचुङखांगका दक्षिणी ढालका हिम नदीहरूबाट भएको छ। ती हिम नदीहरू पग्लेर बगेको पानीमा दूध पोखरीबाट निस्केको पानी मिसिएपछि दूधकोशी हुँदै दक्षिण बगेपछि टेङवोचे गुम्बाको पश्चिममा इमला हिम नदी र खुम्बू हिम नदीको पानी पनि यसैमा मिसिन्छ। सोही नदीमा महालंगूर हिमालका पश्चिमी शृङ्खलाको हिम नदीहरू तथा लाङमोचे खोला, थामी खोला सहितलाई बटुलेर नाङपालातिरबाट बग्ने भोटेकोशी आएर नाम्चेबजारदेखि केही माइल दक्षिणमा मिसिएपछि दूधकोशी विशाल भएर दक्षिणतिर बग्दछ। यो नदीमा अन्य धेरै खोलाहरू मिसिन्छन्। यसका केही प्रमुख सहायक खोलाहरू निम्न लिखित हुनः–

लुमदिङ खोला

यो खोला दूधकोशीको पश्चिमतर्फ रहेका नुम्वुर, कर्मोलुङ, क्वाण्डे आदि साना हिमालको पानीबाट उत्पत्ति भई फरोक उपत्यकादेखि केही माइल दक्षिण पयूं डाँडाको मुनि दूधकोशीमा मिसिन्छ।

इनखु खोला

काङ्गटेजा हिमालको दक्षिण शृङ्खला तथा मेराखेकबाट उत्पत्ति हुने यो खोला चेरेमे र पांगुको बीच-बाट दक्षिणतर्फ बगेर रानिम गाउँदेखि केही माइल पूर्वमा दूधकोशीमा मिसिन्छ। उत्पत्ति भएको ठाउँदेखि दूध-कोशीमा नमिसिएसम्म यो खोला ठाडो बगेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होङ्गु खोला

यो दूधकोशीको एक महत्वपूर्ण सहायक हो। यसको उत्पत्ति चामलाङ तथा त्यसभन्दा उत्तरमा रहेका हिमालयका हिम नदीहरू पग्लेर भएको छ। यो खोला वरिपरिका डाँडाहरूबाट बगेका फूलबारी, गुंदेल, साल्पा आदि धेरै सहायक खोलाहरूलाई बटुलेर इनखुखोलाको सङ्गमदेखि केही माइल दक्षिणमा दूधकोशीमा मिसिन्छ। यसको किनारामा छेमसिंग, छेस्काम, लुंग सोटांग आदि कुलुङ्के राईहरूको गाउँहरू रहेका छन्।

सोलु खोला

यो पनि दूधकोशीको एक महत्वपूर्ण सहायक हो। यो सोलुखुम्बु जिल्लाको दक्षिण-पश्चिम इलाकाको ठूलै खोला मान्न सकिन्छ। यसको उत्पत्ति नुम्बुर-कर्पोलुङ हिमालय श्रृङ्खलामा भएको छ। जिल्लाको दक्षिण-पश्चिम सीमाना रहेको पिके-लमजुरा र कालांग पर्वतमालाको पूर्वी ढालमा बग्ने सम्पूर्ण पानी यही खोलामा मिसिएको छ। नुम्बुर-कर्पोलुङबाट उत्पत्ति हुने बेनी खोला र सलुंगखोला लोदिमखानी नजीकैको दोभान (बेनी) मा भेट भएपछि यो सोलु भएर दक्षिण बग्दछ। यो खोलामा पिकेको दक्षिण ढालबाट बग्ने सीसा खोला पनि साल्मेको घाटनेर मिसिएर पूर्व-दक्षिण बग्दछ र फुर्के गाउँको उत्तरी बेंसीमा दूधकोशीमा मिसिन्छ। यसको प्रश्रवण क्षेत्रमा मपुंग, जुनवेंसी, फापलु, गोराखानी, केरुङ, फेरा, सलुंग, लोदिमखानी आदि शेर्पा गाउँहरू रहेका छन्। जिल्लाको सदरमुकाम सल्लेरी पनि यही खोलाको पूर्वी पाखोमा अवस्थित छ।

रावा खोला

यो खोलाले जिल्लाको दक्षिण-पूर्वको सीमाना छुट्याएको छ। यो पनि दूधकोशीको एक प्रमुख सहायक खोला हो। यसको उत्पत्ति साल्पा भञ्ज्याङ र धूपीखर्कबाट भएको छ। यसमा विस्थाम डाँडातिरबाट बग्ने लिडिंग खोला र माचाम डाँडातिरबाट बग्ने खोटाङ जिल्लाको थाप खोला मिसिन्छ। यो खोला लामिडाँडाको उत्तरी बेंसीमा दूधकोशीमा मिसिन्छ। ऐंसेलुखर्कको बजार महिखोलाको पूर्वी डाँडामा अवस्थित छ। यो खोलाको किनार तथा पाखोहरूमा राई जातिका मानिसहरूको बस्ती छ। यसको किनारमा रहेका राई गाउँहरूमा थालु गाउँ, भदौरे, पातले, मागपा, डुबे, डुम्रे आदि हुन्।

ताल र दहहरू

यस जिल्लाको दहहरूमा पहिलो स्थान दूध कुण्डको छ। यस दहको ठूलो धार्मिक महत्व छ। यस कुण्डको आसपासमा अन्य धेरै कुण्डहरू छन्। यो स्थान सदरमुकामबाट अन्दाजी पाँच कोस उत्तरमा पर्दछ। अन्य दहहरूमा गोके पोखरी र साल्पा पोखरी प्रमुख हुन्। अन्य कुण्डहरूमा जालिम पोखरी (देउसा गाउँ पञ्चायत) दूध पोखरी (गाराखानी गाउँ पञ्चायत), लाम्चे पोखरी (पञ्जुम) आदि हुन्। केही माथि उल्लिखित कुण्डहरूमा वर्षेनी मेलाहरू लाग्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी

यो जिल्लामा पाइने हावापानीमा मनसुनी हावाले ठूलो प्रभाव पारेको छ। बङ्गाल खाडीबाट हिमालय तर्फ हानिएर आउने दक्षिण-पश्चिम मनसुनी हावाको पूर्वी हाँगाले यहाँ वर्षामा पानी पार्दछ। तर यो जिल्लाको भौगोलिक स्वरूप धेरै उच्च पर्वतमाला, गहिरा नदी, बेंसीहरू तथा होचो डाँडाहरूबाट बनेको हुनाले विभिन्न उचाइहरूमा फरक फरक तापक्रम र वर्षा हुने हुन्छ।

यो जिल्लाको उत्तरी भेकमा अन्दाजी ३,८८० मिटर (अर्थात् १२,७२६ फीट) को उचाइमा अवस्थित नाम्चे बजारमा ई. सं. १९७० मा अभिलेख गरिएको तापक्रम निम्नबमोजिम रहेको छः–

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

महीना	अधिकतम	न्यूनतम
जनवरी	६.८	८.६
फेब्रुअरी	५.२	७.३
मार्च	८.७	२.६
अप्रिल	१२.५	०.८
मे	१३.८	४.०
जून	१५.२	४.८
जुलाई	१५.५	६.५
अगष्ट	१६.५	३.७
सेप्टेम्बर	१५.२	०.६
अक्टोबर	१२.७	४.७
नोभेम्बर	७.९	८.३
डिसेम्बर	७.८	१०.२
वार्षिक औसत	११.५	१.८

उपर्युक्त तालिकानुसार ई. सं. १९७० को वार्षिक औसत अधिकतम तापक्रम ११.५ सेण्टिग्रेड र औसत न्यूनतम तापक्रम १.८ सेण्टिग्रेड रहेको छ। उक्त वर्षमा अधिकतम तापक्रम अगष्ट २२ तारीखको दिन १८.९ सेण्टिग्रेड र न्यूनतम तापक्रम १३.९ सम्म फेब्रुअरी ६ र ७ तारीखको दिन अभिलेख भएका थिए। सोही मौसम अवलोकन केन्द्रमा अभिलेख गरिएको तीन वर्ष (ई. सं. १९६८ देखि १९७० तक) वायुको औसत तापक्रम निम्नबमोजिम रहेको छः–

(सेण्टिग्रेडमा)

महीना	अधिकतम	न्यूनतम
जनवरी	७.०	६.९
फेब्रुअरी	६.०	४.६
मार्च	८.७	१.५
अप्रिल	११.७	०.७
मे	१३.७	३.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जून	१५.३	६.१
जुलाई	१६.०	७.०
अगष्ट	१६.३	६.८
सेप्टेम्बर	१५.०	४.८
अक्टोबर	१२.०	०.८
नोभेम्बर	६.०	४.२
डिसेम्बर	७.२	५.६

नाम्चेबजारको तापक्रम मापन केन्द्रमा अभिलेख गरिएको उक्त तीन वर्षको औसत तापक्रम ११.५ सेण्टिग्रेड अधिकतम र ०.६ सेण्टिग्रेड न्यूनतम रहेको देखिन्छ। अतः जिल्लाको उत्तरी भेकमा वर्षामा मौसम धेरै गरम नहुने भै रमाइलो हुन्छ। हिउँदमा ज्यादै ठण्डा तथा हिउँ पर्ने गर्छ। उपर्युक्त तीन वर्षमा अधिकतम तापक्रम २०.६ सेण्टिग्रेड (अगष्ट ३१, १९६८ मा) र न्यूनतम तापक्रम १३.० सेण्टिग्रेड (फेब्रुअरी ६,७,१९७० मा) अभिलेख भएको पाइएको छ।

जिल्लाको दक्षिणी भेकमा अन्दाजी २,७५० मिटर (९,०२० फीट) मा अवस्थित ज्याल्साको तापक्रम मापन केन्द्रमा उक्त तीन वर्ष (ई. सं. १९६८ देखि १९७० सम्म) को औसत वायुको तापक्रम (सेण्टिग्रेडमा) र सापेक्षिक आर्द्रता (१९७० को मात्र, प्रतिशतमा) यसप्रकार छः—

महीना	अधिकतम	न्यूनतम	सापेक्षिक आर्द्रता
जनवरी	६.१	१.३	७६.
फेब्रुअरी	६.०	–	–
मार्च	१२.१	३.२	५२
अप्रिल	१५.३	६.२	–
मे	१६.४	८.६	७६
जून	१७.८	११.२	८७
जुलाई	१७.६	१२.२	६३
अगष्ट	१८.३	११.६	६१
सेप्टेम्बर	१७.०	१०.६	६१
अक्टोबर	१४.६	५.८	६६
नोभेम्बर	११.०	०.४	७१
डिसेम्बर	६.३	–	५४

हिमाली जिल्ला भए तापनि यसको दक्षिणी भेक होचो भएको हुनाले ज्याल्सामा हिउँदमा हिउँ पर्दैन तथा वर्षामा केही बढी गर्मी हुन्छ। ज्याल्सामा तीन वर्षको सरदर तापक्रम १३.७ सेण्टिग्रेड अधिकतम र ६.६ सेण्टिग्रेड न्यूनतम रहेको देखिन्छ।

स्थानीय भौगोलिक प्रभावहरूको कारण यो जिल्लाको विभिन्न भागमा फरक फरक परिमाणमा पानी पर्ने गर्छ। यहां दक्षिण-पश्चिम मनसुनी हावाले वर्षामा पानी पार्छ। नाम्चेबजारमा दुई वर्ष (१९६९ र १९७०) मा परेको पानीको औसत तलिका तल दिइएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका (मिलिमिटरमा)

जनवरी	०.०	जुलाई	२३५.५
फेब्रुअरी	३.०	अगष्ट	२१६.५
मार्च	१५.७	सेप्टेम्बर	१०८.५
अप्रिल	१३.६	अक्टोबर	१५.२
मे	५६.८	नोभेम्बर	६.१
जून	१६०.९	डिसेम्बर	०.०
		वार्षिक जम्मा	८३४.८

यसरी मेदेखि सेप्टेम्बरसम्म वर्षको पाँच महीनामा अन्दाजी ७८१.२ मिलिमिटर अर्थात् ९४.१ प्रतिशत वर्षा भएको देखिन्छ।

त्यस्तै ज्याल्साको वर्षा मापन केन्द्रमा अभिलेख गरिएको सोही दुई वर्ष (ई. सं. १९६९ र १९७०) को औसत वर्षाको तालिका तल दिइएको छः–

(मिलिमिटरमा)

जनवरी	३.१	जुलाई	५३३.७
फेब्रुअरी	०.७	अगष्ट	५०९.६
मार्च	१३.५	सेप्टेम्बर	१९६.४
अप्रिल	४७.२	अक्टोबर	१८.१
मे	७६.२	नोभेम्बर	१४.३
जून	३३०.७	डिसेम्बर	०.०
		वार्षिक जम्मा	१,७४३.५

नाम्चेबजारमा झैं ज्याल्सामा पनि अधिक वर्षा मेदेखि सेप्टेम्बरको पाँच महीनामा हुन्छ। माथिको तालिकानुसार उक्त अवधिमा १,६४६.६ मिलिमिटर अर्थात् ९४.४ प्रतिशत वर्षा भएको देखिन्छ।

माथि उल्लिखित दुई ठाउँमा भिन्दाभिन्दै तापक्रम र वर्षा हुने भागहरू पनि जिल्लामा पर्ने भएकाले ती दुई केन्द्रहरूको औसत तापक्रम र वर्षाले सम्पूर्ण ज़िल्लालाई प्रतिनिधित्व गर्दैनन्।

यो जिल्लामा साधारणतया चार किसिमको हावापानीको प्रभाव छ। यसरी एउटै जिल्लामा पनि धेरै किसिमको हावापानीको प्रभाव पर्नुको मुख्य कारण यस जिल्लामा अन्दाजी १,५०० मिटर (४,९२० फीट) देखि ८,८४८ मिटर (२९,०२८ फीट) सम्मको उच्च भू-भागहरू परेकोले हो। सानो इलाका भित्र भू-सतहहरूको उचाइको ठूलो विभिन्नताले गर्दा विभिन्न किसिमका हावापानीको प्रभाव परेको देखिन्छ। यस्तो विभिन्न उचाइमा पाइने चार विभिन्न हावापानी निम्न प्रकार छः–

अति शीतप्रधान हिमाली हावापानी

यो जिल्लाको अति उच्च हिमाली प्रदेशमा हिम रेखादेखि माथिको भागमा अति शीतप्रधान हिमाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी हुन्छ। यस भागमा बाह्रै महीना ठण्डा भई हिम मरुभूमिको रूप लिन्छ। यहाँ कुनै किसिमको वन वनस्पति छैन। यस्तो हावापानी हुने यहाँका उच्च पहाड र उपत्यकाहरूमा विभिन्न हिमाली वनजन्तु र रहस्यमयी यतीले निवास गरेको अनुमान गरिएको छ।

शीतप्रधान लेकाली हावापानी

वृक्ष रेखादेखि हिम रेखासम्म शीतप्रधान लेकाली जलवायुको प्रभाव हुन्छ। यस भागमा हिउँदमा बरफ पर्ने भै वर्षामा शीतल हुन्छ। यहाँ स-साना काँढेदार झार बुट्टाहरू तथा कतै कतै खर्क र वनस्पतिहरू पाइन्छन्। यहाँ वर्षा ऋतुमा खर्कहरूमा नाक, चौंरी तथा भेडाको गोठहरू लैजाने गरिन्छ।

ठण्डा शीतोष्ण हावापानी

वृक्ष रेखादेखि मुनि अन्दाजी ६,००० फीटसम्मको इलाकामा ठण्डा शीतोष्ण जलवायुको प्रभाव परेको हुन्छ। यस्तो हावापानी पाइने जिल्लाको मध्यम उचाइको भागमा हिउँदमा केही हिउँ पर्ने भई केही बढी जाडो हुन्छ। यस्तो भागमा नै जिल्लाको मुख्य वन-वनस्पतिको सम्पदा र वनजन्तुहरू केन्द्रित भएका छन्। यो भागमा हुने वन कोणधारी र सधैं हरियो रहने हुन्छ।

सम शीतोष्ण हावापानी

नदी खोलाको बेंसीहरूमा सम शीतोष्ण जलवायुको प्रभाव पर्दछ। यो हावापानी पाइने ठाउँमा हिउँदमा केही ठण्डा र वर्षामा केही गर्मी हुन्छ। राजखोला, हागुखोला र जिल्लाको दक्षिणी भागमा दूधकोशीको किनारमा यस्तो जलवायु पाइन्छ। यस्तो हावापानी हुने ठाउँमा प्रशस्त खेती गरिन्छ। जिल्लाको अधिक आवादी यही हावापानी लाग्ने भागमा रहेको छ।

प्राकृतिक वनस्पति

यस जिल्लामा विभिन्न किसिमका वन वनस्पति पाइन्छन्। दुर्गम पहाडी जिल्ला भएकोले व्यापारिक दृष्टिकोणबाट यहाँको वनलाई प्रयोगमा ल्याउन सकिएको छैन।

मोटामोटी हिसाबले यस जिल्लामा निम्न तीन प्रकारका वन वनस्पति पाइन्छन् :—

हिमाली वनस्पति

हिम रेखा र सोभन्दा माथि ठूलो प्रकारको वनस्पति हुँदैन। उक्त इलाकामा अति शीतप्रधान जलवायु हुने तथा अक्सर हिउँले ढाकिने हुनाले कतै कतै पायक पर्ने ठाउँमा झ्याउहरू मात्र उम्रने गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेकाली वन–वनस्पति

हिम रेखादेखि मुनि वृक्ष रेखासम्मको भागमा पनि हावापानी ज्यादा शीतप्रधान हुने हुनाले केही विशेष किसिमका झार, बुटाहरू तथा घाँसमात्र उम्रने गर्दछन् । यहाँको उच्च लेकाली खर्कहरूमा वर्षामा केही रङ्गी बिरङ्गी फूलहरू फुल्छन् । लेकाली भागमा केही उपयोगी जरीबूटीहरू पनि पाइन्छन् । हिउँदमा धेरै हिउँ पर्ने र करीब आठ महीना हिउँले ढाकिने हुँदा लेकाली भागमा ज्यादा ठण्डी सहन सक्ने खालका वन-वनस्पति मात्र पाइन्छन् । वर्षामा हिउँ पग्लेपछि लेकाली खर्कहरूमा चौंरी, भेडा आदिका गोठहरू लैजाने गरिन्छ ।

कोणधारी वन–वनस्पति

वृक्ष रेखादेखि मुनि अन्दाजी ६,००० फीट सम्मको उचाइको इलाकामा सदावहार वन पाइन्छ । उक्त वनमा कोणधारी रूखहरूको प्राधान्यता रहेको छ । कोणधारी सदावहार वन नै यो जिल्लाको सबभन्दा बढी महत्वपूर्ण वन सम्पदा हो । उक्त वनमा सल्लो, गुराँस, भोज, धूपी, खस्रु, ओखर आदि जातका रूखहरू ज्यादा पाइन्छन् । कतै कतै बाक्लो निगालोको झाडीहरू पनि पाइन्छन् । सोही वनमा जिल्लाका वन्यजन्तुहरू संरक्षित भएका छन् । पहाडका दक्षिण ढालहरूमाभन्दा उत्तरी ढालहरूमा बाक्लो वन पाइन्छ ।

मिश्रित तथा पतझड वन

जिल्लाको होचो डाँडाहरू तथा नदी खोलाका बेंसीहरूमा सधैं हरियो रहने कोणधारी रूखहरू र हिउँदमा पात झर्ने किसिमका रूखहरू मिसिएका वन पाइन्छन् । अतः सल्लो, गुराँस, ओखर आदि रूखहरूका साथ साथै चिलाउने, चाँप, कटुस, उत्तिस, दार, सादन, पीपल, बर आदि अर्ध उष्ण हावापानीका रूखहरूसँग मिसिएका छन् ।

साथै यो जिल्लाको विभिन्न वन-वनस्पति पाइने ठाउँमा औषधिको लागि प्रयोग हुने विभिन्न किसिमका बिष, कुडकी, धूपी, जटामसी, पुंगमार, चिराइतो आदि जरीबूटीहरू पनि पाइन्छन् ।

पशुपक्षीहरू

यो जिल्लामा पाइने मुख्य पशुहरूमा भालू, चितुवा, घोरल, कस्तूरी, मलसाँप्रो, लंगूर, मृग, झारल, ब्वाँसो, वन मुसो (रङ्गीन) रातो पण्डा आदि र पक्षीहरूमा डाँफे, मोनाल, लाहाचे, प्यूरा, जुरेली, ठूलो काग, चिल समेत अन्य धेरै किसिमका चराचुरुङ्गीहरू छन् ।

वनसंरक्षण र विकास

यस जिल्लाको उत्तरी सीमावर्ती इलाकामा रहेका शेर्पा जातिका मानिसहरूले वन संरक्षणलाई सामुदायिक जिम्मेवारी मानिआएका छन् । वनको मनोमानी हिसाबले विनाश नहोस् भन्ने उद्देश्यले चोरी कटानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पत्ता लगाउन एक मानिस छानिएको हुन्छ र पूर्जाविगर कसैले वन कटानी गरेमा जरीवारा लगाउने गरिन्छ। अतः खुम्बू इलाकामा वनको अवस्था सन्तोषजनक नै रहेको छ। हालसम्म यो जिल्लामा वन संरक्षण र विकास सम्बन्धी कुनै पनि आयोजनाको कार्यान्वयन भइसकेको छैन। साथै वन सम्पदाको पूर्ण लगत पनि प्रकाशित भइ सकेको छैन। निकट भविष्यमा नै खुम्बू राष्ट्रिय निकुञ्जको आयोजना लागू हुने देखिन्छ। उक्त आयोजना अन्तर्गत विभिन्न ठाउँहरूमा वृक्ष रोपण गर्ने, वन संरक्षण गर्ने तथा वन्यजन्तु र चरा–चुरुङ्गीहरूको संरक्षण गरिने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

वि. सं. २०१९ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजित गर्नु अगाडि यो जिल्लाको सम्पूर्ण भाग ओखलढुङ्गास्थित पूर्व तीन नम्बर गौंडाबाट प्रशासित थियो। त्यस-ताकाको सोलुखुम्बू, चिसंखुको उत्तरी भेक र रावाको अधिकांश भागलाई गाभेर यो जिल्लाको गठन गरिएको छ।

यस जिल्लाको प्राचीन इतिहास बारे कुनै पनि अभिलेख हालसम्म प्रकाशमा आइसकेको छैन। साथै नेपालको इतिहासको मध्यकालमा पनि यो क्षेत्रमा स-साना किराती राज्यहरू भएको अनुमान बाहेक अन्य तथ्य फेलापरेको छैन। इतिहासमा माझ किरातका स-साना किराती राज्यहरूको जुन उल्लेख भएका छन् ती सब यस जिल्लाको दक्षिणी भागसम्म मात्र सीमित रहेको अनुमान गर्न सकिन्छ र अति शीतप्रधान उच्च उत्तरी भेकमा तिब्बततिरबाट हिमालय काटेर आएका भोटेहरू शान्तिपूर्वक जीवन यापन गरिरहेका थिए अथवा किराती राजाहरूसित मिलेर बसेका थिए। भोटेहरू धर्मभीरु तथा लामाधीन जाति भएकाले उनीहरूलाई राजनैतिक परिधिसित यथेष्ट चासो नभएको पनि हुन सक्थ्यो। पछि काठमाडौं उपत्यकामा मल्ल राजाहरूको आधिपत्य छँदा त्यस राज्यको पूर्वी सीमाना दूधकोशीसम्म थियो भन्ने कुरा धेरै इतिहासकारहरूले लेखेका छन्। वि. सं. १५३० तिर यक्ष मल्लको मृत्यु हुनुभन्दा अगाडि उनले आफ्नो राज्यलाई टुक्रा टुक्रा गरी आपना छोरालाई अंशबण्डा गरिदिएका प्रमाणहरू छन्। त्यसरी विभाजन हुँदा उनका छोरा रण मल्लले बनेपाको राज्य पाएका थिए। सो राज्यको सीमाना पूर्वमा दूधकोशीसम्म थियो। बनेपा राज्यको अलग्ग अस्तित्व हुन सक्थ्यो भन्ने अनुमान पाण्डव विजय नामक हस्तलिखित ग्रन्थबाट गर्न सकिन्छ। सो राज्य धेरै समयसम्म अडिरहन नसकी पछि भक्तपुर राज्यमा मिलाइयो। एक विदेशी इतिहास अन्वेषकले पनौतिमा फेला पारेको एक अभिलेखमा भक्तपुरका राजा जगतप्रकाश मल्ल र उनका उत्तराधिकारी जितमित्र मल्ल बनेपाका पनि राजा भएको प्रमाणित हुन्छ।[१] तर दूधकोशीको पूर्व-पश्चिम फैलिएको यस जिल्लाको कति भागमा तत्कालीन मल्ल शासक-हरूको प्रभाव परेको थियो सो बारे कुनै जानकारी पाइएको छैन। विशेषतः उत्तरी खण्ड धेरै ठण्डा तथा भौगोलिक बनावट ज्यादै दुर्गम प्रकृतिको भएको र त्यहाँ बसोबास गरिरहेका भोटेहरूको सम्पर्क बढी मात्रामा सीमाना पारी नै हुने गरेको समेतले गर्दा तत्कालीन प्रशासकीय प्रभाव त्यस इलाकामा जम्न नपाएको अनुमान गरिन्छ। वि. सं १८४७ तिर नेपाल र तिब्बतको युद्ध हुँदा नेपाली फौज भोटको दक्षिण सीमानाबाट धेरैभित्र पसेको थियो। पछि चिनियाँ प्रतिनिधिको मध्यस्थतामा सन्धि हुँदा भोटले नेपाललाई पचास लाख रूपैयाँ दण्ड तिर्नु पर्ने भएको थियो। सो रकम तिरेमा नेपालले युद्धमा कब्जा गरेको भोटको सम्पूर्ण इलाका फिर्ता दिनु पर्ने

---

१. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, २०२७, पृष्ठ १४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको थियो। भोटले उक्त रकम नतिरेमा हिमालयको दक्षिणतर्फ रहेको भोटे इलाका नेपालको कब्जामा छोड्नु पर्ने भएको थियो।[१] नेपाली फौज तिङग्री तथा शिकारजोङ छोडेर आएको ऐतिहासिक विवरणहरूको सन्दर्भमा विचार गर्दा महालंगूर हिमालको दक्षिणी काखमास्थित सोलुखुम्बू जिल्लाको उत्तरी भेक खुम्बू पनि भोटबाट नेपालले जितेका इलाकाहरू मध्येको एक हुन सक्दछ। पछि फेरि नेपाल र चीनको लडाईं भएको थियो। तत्पश्चात् पनि एउटा सन्धि भयो। उक्त सन्धिअनुसार नेपालले भोटबाट जितेका सम्पूर्ण भोट इलाका फिर्ता गर्नु परेको कुरा इतिहासमा वर्णन गरिएको छ।

मध्यकालमा काठमाडौं उपत्यकाका मल्ल शासकहरूको प्रभावक्षेत्र दूधकोशी भए तापनि माझ किरात पूर्णतया काठमाडौंको अधीनमा थिएन। पृथ्वीनारायण शाहबाट उपत्यका र वरिपरिका राज्यहरूलाई एकीकरण गरिसकेपछि किरात पहाड खण्ड नेपाल राज्यभित्र ल्याउन सरदार रामकृष्ण कुंवर र सरदार अमरसिंह थापा खटाइएका थिए। बाटोघाटो अप्ठ्यारो भएको ठाउँहरूमा स्थानीय मुर्मी, सुनुवार र धामी जातिका मानिसहरूलाई जग्गा किपट दिई लडाईंको लागि आवश्यक पर्ने खाद्यान्न र हतियार बोकाउने व्यवस्था गरिएको थियो। सम्भवतः पूर्वी नेपालमा रहेको किपट प्रणाली त्यहींबाट शुरू भएको हुन सक्दछ।[२] सरदार रामकृष्ण कुंवरले माझ किरातभित्र प्रवेश गरिसकेपछि किरातहरूलाई आफूतिर मिलाउन प्रयत्न गरेका थिए। त्यो इलाका चौदण्डीको राजधानीबाट टाढा रहेको हुनाले त्यसको रक्षार्थ विशेष प्रबन्ध केही भएको थिएन। तैपनि पूर्वतर्फ बढेको गोरखाली फौजलाई सो इलाकाबाट हटाउन रावाखोलाका चतमे राय र पामा खोलाका अटल रायको नेतृत्वमा गोरखालीहरूको मुकाविला गरेका थिए। तिनीहरू धनुर्काणमा निपुण भए तापनि गोरखालीहरूको बन्दूकको अगाडि टिक्न सकेनन् र चिसंखु र रावाघाटसम्म गोरखालीहरूको अधिकार भयो। पछि मझुवा, कुलुम र दिङलामा समेत क्रमसँग गोरखालीहरूले अधिकार जमाए। त्यसरी वि. सं. १८३० को भदौ महीनामा रावा चिसंखु विशाल नेपाल राज्यमा गाभियो। रावाको पश्चिमी इलाका यो जिल्लाको पूर्व-दक्षिणी भागमा पर्दछ।

१. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २४०

२. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, २०२५, पृष्ठ ६०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

सल्लेरी बजार

यो बजारमा जिल्लाको सदरमुकाम रहेको छ। हालसालै डोर्फुमा लाग्ने साप्ताहिक हाट बजार यहाँ सारिएको छ। यो ठाउँ सोलु खोलाको बायाँतिरको रमाइलो डाँडामा रहेको छ। यो समुद्रको सतहबाट अन्दाजी २,१२० मिटर (६,९५४ फीट) को उचाइमा छ। यो ठाउँ जिल्लाको दक्षिणी भेकमा अवस्थित छ। यहाँ एउटा माध्यमिक विद्यालय र तीनवटा प्राथमिक विद्यालयहरू छन्। यस बजारको पूर्वतिर केही किलोमिटर माथि च्यालसा भन्ने ठाउँमा एउटा तिब्बती शरणार्थी क्याम्प छ जहाँ गलैंचा बुन्ने कारखाना रहेको छ। उक्त ठाउँमा एउटा मौसम अवलोकन केन्द्र पनि स्थापना गरिएको छ। यसको उत्तरमा केही किलोमिटर पर प्रसिद्ध चिओङ्ग गुम्बा रहेको छ। यहाँबाट अन्दाजी आधा माइल उत्तर फापलुमा एउटा सानो हवाइ मैदान निर्माण गरिएको छ।

यो बजारमा साप्ताहिक हाट लाग्ने हुँदा अधिराज्यका विभिन्न ठाउँहरूबाट आएका मानिसहरूले बसोबास गरेका छन्। यहाँ करीब ६०-६५ घर रहेका छन् र वरिपरि गाउँहरूले घेरिएको छ। यहाँ श्री ५ को सरकारको प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पञ्चायत, जिल्ला भूमिसुधार कार्यालय, जिल्ला शिक्षा निरीक्षक कार्यालय, आकाशवाणी, हुलाक, स्वास्थ्य केन्द्र, अदालत, प्रहरी निरीक्षण आदि कार्यालयहरू रहेका छन्। यस बजारको वरिपरि शेर्पा जातिका मानिसहरूको बस्ती धेरै छ। यो बजारमा राष्ट्रिय वाणिज्य बैंकको एक कार्यालय रहेको छ।

ऐंसेलुखर्क बजार

यो जिल्लाको दक्षिण-पूर्वी इलाकाको प्रमुख बजार हो। यस बजारमा बढी संख्यामा राई जातिका मानिसहरूले बसोबास गरेका छन्। यहाँ जिल्लाको अन्य बजारहरूमाभन्दा व्यापार गर्ने उद्देश्य लिई अन्य ठाउँहरूबाट आई बसेका व्यापारीहरू (नेवार जातिका) को संख्या धेरै छ। यहाँ एक छोटी प्रहरी थाना, हुलाक कार्यालय, स्वास्थ्य केन्द्र र माध्यमिक विद्यालय पनि रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम्चे बजार

नाम्चे बजारमा यस जिल्लाको उत्तरी प्रशासन केन्द्र रहेको छ। ई. सं. १९५३ मा तेन्जिङ नोर्के शेर्पा र सर एडमण्ड हिलारीले सगरमाथा आरोहण गरेपछि यो बजार विश्वभरी प्रसिद्ध हुन गयो। नेपालको पहाडी इलाकाका गाउँहरूमध्ये अन्तर्राष्ट्रिय समाचार-पत्रहरूमा सबभन्दा बढी प्रचार सायद यही गाउँको भएको छ। यस बजारमा अन्दाजी ९० घरको एउटा बाक्लो गाउँ रहेको छ।

यो बजार समुद्रको सतहबाट अन्दाजी ३,८८० मिटर (१२,७२६ फीट) को उचाइमा भोटेकोशी र दूधकोशीको संगम माथि अवस्थित छ। यो बजार सगरमाथा, ल्होत्से, ग्याचुङ खाङ, पुमोरी, न्हुप्छे आदि महालंगूर हिमालय शृङ्खलाका टाकुराको आरोहण गर्न जाने बाटोमा पर्दछ। यहाँ शेर्पा जाति र तिब्बती शरणार्थीहरूको बस्ती छ।

केही वर्ष पहिलेसम्म नाङपालाको बाटो तिब्बती क्षेत्रसँग व्यापार चल्दा यो बजार ठूलो व्यापारिक केन्द्र रहेको थियो। पछि सो व्यापारमार्ग बन्द भएपछि यसको व्यापारिक महत्व कम हुन गयो। हाल यस ठाउँको महत्व पर्वतारोहण र पर्यटनको कारणबाट बढेको छ। हाले एउटा विदेशी पर्यटक स्तरको आधुनिक होटल यो गाउँसँगैको डाँडामा स्थापना गरिएको छ। स्याङबोचेमा एउटा सानो हवाइ मैदान पनि निर्माण गरिएको छ।

यो ठाउँमा श्री ५ को सरकारको उत्तरी प्रशासकको कार्यालय, जिल्ला प्रहरी निरीक्षकको कार्यालय, प्रहरी चेक पोष्ट, अस्पताल, हुलाक, निम्न माध्यमिक तथा प्राथमिक विद्यालयहरू आदि रहेका छन्। यहाँ हिउँदमा हिउँ पर्ने तथा वर्षामा मनोरम मौसम रहने गर्छ। यो ठाउँ लुकल्लाको स्टोल विमान स्थलबाट अन्दाजी ११ किलोमिटर उत्तरमा पर्दछ। यो गाउँको नजीकै श्री ५ को सरकारको पशु विकास कार्यक्रम अन्तर्गत नाक उत्पादन केन्द्र पनि स्थापित गरिएको छ।

खुमजुङ

खुम्बू ह्यूला हिमाल पर्वतको काखमा अवस्थित मनोरम खुमजुङ उपत्यका यो जिल्लाको ज्यादै रमाइलो स्थान मान्न सकिन्छ। यस उपत्यकालाई सर एडमण्ड हिलारीले आफूलाई सगरमाथा चढ्न सहायता दिएका शेर्पाहरूको सेवाप्रति आभार व्यक्त गर्नुको साथै यसको सौन्दर्यलाई तारीफ गर्दै "खुमजुङ मेरो मुटु हो" भनेका छन्। यस जिल्लाको खुम्बूथुमको सबभन्दा ठूलो गाउँ यहीं नै छ। यहाँको गाउँमा अन्दाजी १०० घर छन्। त्यही उपत्यकामा अर्को छिमेकी गाउँ खुण्डे रहेको छ।

यहाँ एक प्राथमिक, एक माध्यमिक गरी दुई विद्यालयहरू र एउटा अस्पताल छन्। उक्त अस्पताल छिमेकी गाउँ खुण्डेमा राखिएको छ।

यस गाउँका निवासी श्री खापा काल्देनका हस्त चित्रकला युनिसेफ शुभ-कामना कार्डमा छापिएका छन्। यो गाउँमा संसारका उच्चतम पर्वतका टाकुराहरूमा आरोहण गरी संसारका विभिन्न देशका ख्याति प्राप्त गर्ने पर्वतारोहकहरू धेरै छन्।

यस गाउँ नजीकै स्याङबोचे भन्ने डाँडामा एउटा सानो हवाइ मैदान र एक पर्यटकस्तरको होटल सञ्चालन गरिएको छ। यो गाउँबाट स्याङबोचे गुम्बा तथा खुम्बु हिम नदी जाने बाटो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिङबोचे

यो इम्जा खोलाको छेउमा अवस्थित वर्षे बस्ती हो। यस ठाउँमा उवा र आलुको खेती गरिन्छ। यहाँ पाङबोचे, फोड्छे, खुम्जुङ आदि गाउँका मानिसहरू वर्षामा वस्तु चराउन र खेती गर्न आउने गर्दछन्। यो संसारमा सबभन्दा उच्च ठाउँमा खेती गरिने स्थानमध्ये एक हो। यस स्थानको नजीकै रहेको नगरजोङ डाँडा १४,६६६ मिटर (१५,३०४ फीट) मा एक लामा बसेका छन्। त्यस लामाको आश्रम सोलुखुम्बूको सबभन्दा उच्च बस्ती मानिएको छ। त्यस आश्रमबाट ह्लोत्से र अमा डब्लामको सुन्दर हिमचूलीहरू नजीकै देखिन्छन्।

पिकेह्लाब्साङ कर्बू

यो सोलुथुमको प्रसिद्ध डाँडा हो। यसको उचाइ अन्दाजी ४,१०० मिटर (१३,५३० फीट) छ। यो सोलुखुम्बू जिल्लाको प्रसिद्ध खर्क पिकेलमजुराको दक्षिणी टाकुरा हो। यहाँबाट सगरमाथा लगायत पूर्व कञ्चनजङ्घादेखि पश्चिम अन्नपूर्ण हिमालको वृहत्तम हिमालय शृङ्खला देख्न सकिन्छ। यसको दक्षिण पश्चिम ढालमा केही चीज (पनीर) उत्पादन केन्द्रहरू स्थापना गरिएका छन्। यहाँ चौरी, नाक, भेडा पालिएका छन्। यस डाँडाको चारैतर्फ होचो भागमा शेर्पाहरूका गाउँ छन्।

थामी

यो ठाउँ खुम्बूमा पर्दछ। यो नाम्चे बजारबाट तिब्बती क्षेत्र जानको लागि नाङपाला (५,५०० मिटर) जाने बाटोमा पर्दछ। नाङपाला (भञ्ज्याङ) को व्यापार मार्ग केही वर्ष पहिलेसम्म धेरै चल्ती थियो। हालसम्म पनि नाङपालाको बाटोगरी वस्तु विनिमय व्यापार हुने गर्दछ। यो गाउँ भोटेकोशीको किनारमा अन्दाजी ३,९०० मिटर (१२,७९२ फीट) को उचाइमा रहेको छ। थामी गाउँ नजीकै एउटा पुरानो गुम्बा छ। त्यो गुम्बा ज्यादै महत्वपूर्ण रहेको तथा त्यहाँ केही वर्षदेखि एक टुल्कु (अवतारी लामा) रहेको छ। उक्त टुल्कुको जन्म दोलखा जिल्लाको रोलवालिङमा भएको हो। थामीबाट टसी लाप्चाको भञ्ज्याङ काटेर रोलवालिङ उपत्यका जाने बाटो पनि छ। यहाँ एउटा प्रहरी चेक पोष्ट रहेको छ।

प्रमुख गुम्बाहरू

यो जिल्लामा बौद्ध धर्मावलम्बी शेर्पाहरूले धेरै गुम्बाहरूको स्थापना गरेका छन्। धार्मिक सहिष्णुता नेपालको राष्ट्रिय गुण हो। यो जिल्लामा पनि हिन्दू धर्मावलम्बीहरूले बौद्ध धर्मका अधिष्ठानहरूलाई आदरको दृष्टिले हेर्दछन्। यहाँका केही प्रमुख गुम्बाहरू निम्नलिखित हुन्:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टयाङ्बोचे गुम्बा

सुन्दर अमा डब्लाम हिमाल पर्वतको दृष्टि संरक्षणमा रहेको यो गुम्बा विश्वप्रसिद्ध छ। यो अत्यन्त मनमोहक डिलमा रहेको छ। यो गुम्बा रहेको डिलबाट खुम्बू र इमजा हिम नदीमा जाने पैदल बाटो गएको छ। यहाँको चौरबाट ह्लोत्से र न्हुप्से दुई बहिनीहरूले घेरेर बसेको संसारको सर्वोच्च चुचुरा सगरमाथा देख्न सकिन्छ। यो गुम्बा सोलुखुम्बूको ठूलो गुम्बाहरूमध्ये एक हो। यो समुद्रको सतहबाट अन्दाजी ३,९०० मिटर (१२,७९२ फीट) को उचाइमा अवस्थित छ। यसमा हुने मानिरिम्दुको पर्व हेर्न विदेशी पर्यटकहरू जाने गर्दछन्। यो गुम्बा नाम्चे बजारबाट अन्दाजी १० किलोमिटर उत्तरमा छ। यसको केही मिटर उत्तरमा देबुचे भन्ने स्थानमा एउटा अमी (भिक्षुनी) गुम्बा पनि रहेको छ।

चिम्रोङ गुम्बा

यो सल्लेरीबाट अन्दाजी चार किलोमिटर उत्तर स्थित डाँडामा अवस्थित सुन्दर गुम्बा हो। यसलाई सोलु फापलुको साङलामा भन्ने मानिसको विशेष प्रयासबाट करीब ४० वर्ष अगाडि मात्र निर्माण गरिएको हो भनिन्छ। यो गुम्बा आकारमा जिल्लाको सबभन्दा ठूलो गुम्बा भनी मानिएको छ।

पाङबोचे गुम्बा

यो पाङबोचे गाउँमा अन्दाजी ४,००० मिटर (१३,१२० फीट) को उचाइमा रहेको छ। यसमा तथाकथित "यती" को हात राखिएको छ। यो गुम्बा जिल्लाको पुरानो गुम्बाहरूमध्ये एक हो।

जुनबेंसी गुम्बा

यो गुम्बालाई जिल्लाको सबभन्दा पुरानो गुम्बाहरूमा गणना गरिन्छ। यसमा होपोह्मे (बुद्ध) को वृहत् मूर्ति स्थापना गरिएको छ। यसमा दुगे दुमजे, ङिउने आदि धार्मिक पर्वहरू मनाइन्छन्। यो गुम्बा जुनबेंसी गाउँको माझमा अवस्थित छ। यो गुम्बालाई शेर्पा गाउँहरूमा रहेका गुम्बाहरूमध्ये सबैभन्दा ठूलो पनि भनिन्छ।

गुमेला गुम्बा

यो गुम्बा फरोक इलाकामा चौंरीखर्कबाट नाम्चेबजार जाने बाटोको छेउको पाखोमा अवस्थित छ। यसको ठूलो धार्मिक महत्व छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्योरोक गुम्बा

यो गुम्बा धामीदेखि उत्तर नाङ्पाला जाने बाटोमा पर्दछ। यसलाई जिल्लाको सबभन्दा पुरानोमा गनिएको छ र यसको धार्मिक महत्व धेरै ठूलो छ।

थाम्मो गुम्बा

यो नाम्चे बजारबाट थामी जाने बाटोको नजीकमा अवस्थित छ। यहाँ टावा (लामा) अनी (लमिनी) हरूको बिहारहरू छन्। यहाँको "लमिनी बिहारमा" ५० जना जति लमिनीहरू बसेका छन्।

सिर्गेफु गुम्बा

यो स्थान जुनबेंसीदेखि केही किलोमिटर उत्तर पश्चिममा छ। यहाँ केही सालदेखि तिब्बतबाट आएका थुसी रिम्बोचे लामा बसेका थिए। स्थानीय बौद्ध धर्मावलम्बीहरू उक्त लामालाई ठूलो आदर गर्दछन्।

माथि उल्लिखित गुम्बाहरू बाहेक जिल्लाका विभिन्न स्थानहरूमा थाकसिन्दु, थाक्टु, गोली आदि अन्य धेरै गुम्बाहरू छन्। साधारणतया प्रत्येक शेर्पा गाउँमा एक सानो वा ठूलो गुम्बाको स्थापना गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

यो जिल्लामा विभिन्न जातिका मानिसहरूले बसोबास गरेका छन् । यहाँ अधिक संख्यामा शेर्पा, राई जातिका मानिसहरू छन् । जिल्लाको उत्तरी भेकमा शेर्पा जाति बसेका छन् र उनीहरूसँग तिब्बततिरबाट आएका तिब्बती शरणार्थीहरू पनि बसेका छन् । जिल्लाको दक्षिण-पूर्वी भेकमा राई जातिका मानिसको बसोबास अधिक मात्रामा भएको छ । जिल्लामा बसोबास गर्ने अन्य जातिहरूमा ब्राह्मण, क्षेत्री, तामाङ, नेवार, सुनुवार, मगर, गुरुङ, कामी, दमाई, सार्की, भुजेल आदि छन् । यो जिल्लाको दक्षिणी भेक माझकिरात इलाका पर्ने भएकोले त्यहाँ राईहरूको बढी बस्ती हुनु स्वाभाविक हो । यो जिल्लामा सबभन्दा बढी आवादी राई जातिको भए तापनि यहाँजति शेर्पाहरू अधिराज्यको अन्य जिल्लामा पाइन्न । अन्य पहाडी जिल्लाहरूमा झैं यहाँ पनि मानिसहरू कृषि र पशुपालनमा आधारित छन् । मानिसहरू खेत, पाखो, वन, खर्क, खोला,नदी आदिमा पूर्णतया आश्रित छन् । यहाँ विभिन्न जातिका मानिसहरूले बसोबास गरेको हुनाले यहाँको जनजीवन विभिन्न सांस्कृतिक परम्पराले सिंगारिएको छ । यहाँको कुल ५० वटा गाउँ पञ्चायतहरूमध्ये तीन वटा उत्तरमा र अन्य बाँकी ४७ वटा मध्ये तथा दक्षिणी भेकमा केन्द्रित भएका छन् । तीमध्ये दक्षिण-पूर्वको रावाखोला इलाकामा धेरै मानिसहरू बसोबास गरेका छन् ।

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार यहाँको कुल जनसंख्या १,०५,३२४ छ, जसमध्ये ५२,७४४ अर्थात् ५०.१ प्रतिशत महिला र ५२,५८० अर्थात् ४९.९ प्रतिशत पुरुष छन् । यो सगरमाथा अञ्चलको सबभन्दा कम आवादी भएको जिल्ला हो । यहाको कुल जनसंख्या अञ्चलको जनसंख्याको अन्दाजी ९१ प्रतिशत छ । अधिराज्यका जिल्लाहरूको आवादी कम संख्यामा यसको स्थान ५८ नौंमा पर्दछ ।

यो जिल्लाको कुल क्षेत्रफल ३,५९४ वर्ग किलोमिटर छ । क्षेत्रफलको हिसाबले यो सगरमाथा अञ्चलको मात्र होइन, पूर्वाञ्चल विकास क्षेत्रमा नै सबभन्दा ठूलो जिल्ला हो । सगरमाथा अञ्चलको क्षेत्रफल १२,५५२ वर्ग किलोमिटर छ । यहाँको जनसंख्या १,०५,३२४ भएकोले सरदर जनघनत्व प्रति वर्ग किलोमिटर २८ व्यक्ति पर्न आउँछ ।

यहाँको कुल जनसंख्या जम्मा २०,२४७ घर परिवारमा रहेका छन् । यहाँ विभिन्न आकारका घर परिवारहरू रहेका छन् ।

तीनदेखि पाँच जना सदस्यहरू हुने परिवार संख्या सबभन्दा बढी अर्थात् ९,१५१ रहेको छ । त्यस पछिको छ सदस्य हुने परिवार संख्या ७,४४९ छ । यो जिल्लाको औसत परिवार आकार ५.२ रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लिखित जनगणनानुसार यहाँका कुल जनसंख्यामा विभिन्न उमेर र लिंगको अनुपात निम्न बमोजिम रहेको छः–

उमेर समूहको तालिका

उमेर समूह	महिला	प्रतिशत	पुरुष	प्रतिशत	जम्मा	प्रतिशत
० वर्ष देखि पाँच वर्षसम्म	८,८८६	१६.८	८,५३१	१६.२	१७,४१७	१६.५
छ वर्ष देखि १५ वर्षसम्म	१३,७४७	२६.१	१४,८८१	२८.३	२८,६२८	२७.२
१६ वर्ष र सोभन्दा माथि	३०,१११	५७.१	२९,१६८	५५.५	५९,२७९	५६.३
जम्माः–	५२,७४४	१००.०	५२,५८०	१००.०	१,०५,३२४	१००.०

जिल्लाको कुल जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्षसम्मको मानिसहरूलाई आर्थिक दृष्टिकोणले सक्षम मानेमा यहाँ आर्थिक दृष्टिकोणले सक्षम तथा अरूमा आश्रित रहने संख्या निम्न बमोजिम हुन्छः–

उमेर समूह	जनसंख्या	प्रतिशत
० वर्ष देखि नौ वर्ष सम्म	२९,६१८	२८.१
१० वर्ष देखि ५९ वर्ष सम्म	६९,४३७	६५.९
६० वर्ष र सोभन्दा माथि	६,२६९	६.०
जम्माः–	१,०५,३२४	१००.०

उपर्युक्त तालिकाअनुसार १० देखि ५९ वर्षको उमेर समूहलाई अनाश्रित मानेमा यहाँको कुल जनसंख्यामा आर्थिक लाभ हुने काममा लाग्न सक्नेहरूको संख्या ६९,४३७ अर्थात् ६५.९ प्रतिशत हुन्छ। तर १० देखि १४ सम्म उमेर पुगेका बालक बालिकाहरू सबै पूर्ण रूपले आर्थिक लाभ हुने काममा लागेका हुदैनन्। उक्त उमेर समूहका अधिकांश मानिसहरू स्वास्थ्यको कारणले यहाँको भौगोलिक परिस्थितिमा पूर्णतया आर्थिक व्यवसायमा लाग्न सक्दैनन्। साथै उक्त उमेर समूहका धेरै बालक बालिकाहरू विद्यालयमा अध्ययन गरिरहेका हुन्छन्। त्यस्तै ५९ वर्षभन्दा माथि उमेर पुगेका धेरै जसो मानिसहरू पारिवारिक व्यावसायहरूमा पूर्ण रूपले संलग्न रहेका हुन्छन्।

अतः जिल्लाको कुल जनसंख्यामा आश्रित र सक्षम जनसंख्याको विश्लेषण गर्दा ० देखि १४ वर्षसम्म १५ देखि ६४ वर्षसम्म र ६५ वर्ष र सोभन्दा माथिको तीन समूहमा कुल जनसंख्या विभाजन गर्नु पर्ने देखिन्छ। सो समूहहरूमा क्रमशः ४३,३२२ (४१.१ प्रतिशत), ५८,६६२ (५५.७ प्रतिशत) र ३,३४० (३.२ प्रतिशत) पर्न आउँछ।

जिल्लाको १० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूहको जनसंख्यालाई आर्थिक दृष्टिकोणले सक्षम ठानिएमा यो जिल्लामा आर्थिक निर्भरताको अनुपात अन्दाजी १००:५२ अर्थात् प्रत्येक १०० व्यक्ति माथि थप ५२ जना निर्वाहको भार पर्ने देखिन्छ। त्यस्तै १५ देखि ६४ वर्षको उमेर समूहको संख्यालाई सक्षम जनसंख्या मानिएमा उक्त अनुपात अन्दाजी १००:८० अर्थात् प्रत्येक १०० व्यक्तिमा ८० जनाको निर्वाहको बोझ पर्ने हुन्छ। त्यसरी आश्रित हुने अथवा अरूमा निर्भर रहने अधिक मात्रामा उमेर नपुगेका बालक बालिकाहरू तथा उमेर धेरै पुगेका बूढाबूढीहरू छन्।

यो जिल्लाको कुल जनसंख्यामा छ वर्ष र सोभन्दा माथि उमेर पुगेका मानिसहरूमध्ये ४४,४५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसहरू दाम्पत्य जीवन बिताइरहेका देखिन्छन् । उक्त संख्यामध्ये २३,३८९ महिला र २१,०७० पुरुष छन् । जनगणना लिएको बेलासम्म बिहे नभएका मानिसहरू ३९,५३५ छन् जसमध्ये १७,८९७ महिला र २१,६३८ पुरुष छन् । यो जिल्लामा २,५३३ बिधवा र १३२० बिधुरहरू छन् । यहाँ ३९ महिला र २१ जना पुरुषहरूले पारपाचुके गरेका छन् ।

उपर्युक्त विवाह नभएको संख्यामा १४ वर्ष नपुगेका महिलाहरू तथा १८ वर्ष नपुगेका पुरुषहरू पनि समावेश भएका छन् । ती उमेर नपुगेका मानिसहरूलाई विवाहयोग्य ठह्याउन नसकिने हुनाले यहाँ खास विवाह नभइसकेको संख्या निक्कै कम रहने देखिन्छ ।

वि. सं. २०२८ को जनगणनानुसार यो जिल्लाको कुल जनसंख्यामध्ये १,०४,६०९ अर्थात् ५२,३७३ महिला र ५२,२३६ पुरुष अधिराज्यभित्र र महिला ३७१ र ३४४ पुरुष गरी जम्मा ७१५ अधिराज्य बाहिर जन्मेको देखिन्छ । अधिराज्यभित्र जन्मेकामध्ये ५२,२२१ महिला र ५२,१९७ पुरुष गरी जम्मा १,०४,४१८ मानिसहरू सगरमाथा अञ्चलमा र बाँकी १९१ जना अन्य अञ्चलहरूमा जन्मेका हुन् । विदेशमा जन्मेका कुल संख्यामध्ये महिला ३४७ र पुरुष ३०५ गरी जम्मा ६५२ भारतमा, दुई जना महिला र चार जना पुरुष गरी छ जना चीनमा, एक जना महिला र तीन जना पुरुष गरी चार जना बर्मामा तथा २१ जना महिला र ३२ जना पुरुष गरी जम्मा ५३ जना अन्य एशियाली देशहरूमा जन्मेका हुन् ।

यो जिल्लामा विभिन्न धर्मावलम्वीहरू शान्तिपूर्ण वातावरणमा बसेका छन् । अधिराज्यको दुई मुख्य धर्महरू हिन्दू धर्म र बौद्ध धर्म नै यस जिल्लाको दुई प्रमुख धर्म भएकोले धार्मिक सहिष्णुताको वातावरण छाएको छ ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनानुसार यस जिल्लामा बोलिने विभिन्न भाषा भाषीहरूको आधारमा सोलुखुम्बू जिल्लाको जनसंख्या यस प्रकार विभाजन भएको छः–

भाषा भाषी	बोल्नेहरूको संख्या
नेपाली भाषा	५२,६५६
राई भाषा	२६,२०४
शेर्पा भाषा	१८,४२४
तामाङ भाषा	६,०१४
अन्य भाषा	२,०२६

नेपाली भाषा बोल्नेको संख्या कुल जनसंख्याको अन्दाजी ५० प्रतिशत मात्र देखिए तापनि जिल्लाका अधिकांश मानिसले नेपाली बुझ्दछन् र नेपालीमा कुरा गर्न सक्दछन् ।

यो जिल्लाको डाँडा, उपत्यका, पाखा र बेंसीहरूमा बसोबास गरिरहेका मानिसहरू ५० वटा गाउँ पञ्चायतहरूमा संगठित छन् । जिल्लाको अधिक आवादी सम शीतोष्ण तथा न्यानो शीतोष्ण हावापानी हुने मध्यम उच्चाइको पाखाहरू तथा नदी खोलाका बेंसीहरूमा भएको छ । भूमिगत व्यवसाय नै निर्वाहको मुख्य आधार भएको यस्तो दुर्गम पहाडी जिल्लामा जन-आवादी र खेती योग्य जमीनको सोझो सम्बन्ध हुनु स्वभाविक हो । केही मानिसहरूले तिब्बत व्यापार तथा उच्च खर्कहरूमा हुनसक्ने पशुपालनको आधारमा कृषियोग्यभूमि कम भएको भेकमा पनि बसोबास गरेका छन् । यसरी कृषिमा आंशिक मात्रामा मात्र आश्रित रहने जिल्लाको उत्तरी भेकमा तीन वटा गाउँ पञ्चायतहरू छन् । यो जिल्लाको उच्च डाँडा तथा पाखोहरूमा हावापानीको दृष्टि-कोणले अति मनोरम भएर तापनि जीविका उपार्जनको श्रोतहरू कम भएकोले जन-आवादी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्‌न गएको छैन। हाल सोलु र खुम्बूको प्राकृतिक सौन्दर्य र महालंगूर हिमालय पर्वत शृङ्खला हेर्न तथा पर्वतारोहण गर्न आउने विदेशी पर्यटकहरूको बढ्‌दो आगमनको कारण ती भेकमा पर्यटन उद्योग सम्बन्धी निजी उद्यम गर्न पाउने अवसरहरू देखा परेकोले त्यतातिर बसोबास बढ्‌न थालेको छ। यो जिल्लाका गाउँ पञ्चायतहरूको नामावली र जनसंख्या निम्न बमोजिम रहेको छः–

गाउँ पंञ्चायत	जम्मा	गाउँ पञ्चायत	जम्मा
१. ऐंसेलु खर्क	१,५०८	२. काकू	३,२४३
३. कांगेल	२,०४३	४. केरुङ	२,५०७
५. खुमजुङ	१,३८४	६. गार्मा	१,८५३
७. गेरा	२,२०४	८. गुंदेल	२,७७३
९. गोली	२,०७५	१०. चौरीखर्क	१,२६६
११. चौंला खर्क	१,६८७	१२. छेस्काम	२,४२६
१३. जंतरखानी	१,०६३	१४. जुनबेंसी	१,१८५
१५. जुविङ	१,९५४	१६. जुबु	३,५८४
१७. टापतिङ	२,६६३	१८. टिङला	३,६१९
१९. ठाकसिन्दू	१,१०७	२०. डिम्सा	१,७०६
२१. डुम्रेकोट	१,३८२	२२. तामाखानी	९८५
२३. बुबेकोल डांडा	१,७१२	२४. देउसा	२,९३८
२५. धारपानी	१,४९१	२६. नाम्चे	१,१९४
२७. नेचा बतासे	३,०५६	२८. नेचा विदेशी	३,१४६
२९. नेले	१,५७०	३०. पञ्चन	१,५०९
३१. पावै	१,८४२	३२. बालाचल	१,५३४
३३. बाकु	३,३४३	३४. बाङ्गदेल	१,०८६
३५. बादेल	१,०५८	३६. बासा	२,९३८
३७. मकान्जे	१,०१८	३८. माकपा	१,३७९
३९. मुकली	२,५७५	४०. राखा	१,७४६
४१. रावादिमसुङ	७४२	४२. रिवदुङ राहगाउँ	२,२१६
४३. लेवा	९४३	४४. लोखिम	२,३८९
४५. वुङ	२,७६७	४६. सल्ले	१,७००
४७. सल्लेरी	४,५०१	४८. सल्यान	५,०२३
४९. सिमले	१,८१५	५०. सोताङ	३,८७६

उपर्युक्त ५० गाउँ पञ्चायतमध्ये जिल्लामा सबभन्दा बढी जनसंख्या अथवा ५,०२३ मानिस सल्यान गाउँ पञ्चायतमा छन्। दोस्रो बढी आवादी भएको गाउँ पञ्चायत सल्लेरी हो। जिल्लाको सबभन्दा कम अथवा ७४२ जनसंख्या हुने रावा दिमसुङ पञ्चायत हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन-जीवन

यस जिल्लामा विभिन्न जातिका मानिसहरू मिलीजुली बसोबास गरेका छन् । यी जातिहरूमध्ये राई जाति दूधकोशीको दक्षिणी भेक, होङखोलाको किनार, रावा खोलाको किनार, विशेष गरी जिल्लाको पूर्व-दक्षिण भेकमा बढी मात्रामा छन् । शेर्पाहरू जिल्लाको उत्तरी भेक र मध्यभागको उच्च गाउँहरूमा र ब्राह्मण, क्षेत्री जिल्लाको दक्षिण-पश्चिम र दक्षिणी भागमा बढी छन् । त्यस बाहेक अन्य जातिका मानिसहरू जिल्लाको मध्य र दक्षिणी भागमा राई, ब्राह्मण, क्षेत्री, शेर्पाहरूसँग बसेका छन् ।

यस जिल्लामा शेर्पा जातिका मानिसहरू अल्पसंख्यक भए तापनि यिनीहरू ज्यादै प्रभावशाली रहेका छन् । जिल्लाको सामाजिक जीवनमा फापलु (सोलु) का केही सम्पन्न लामा परिवारको स्थान निक्कै महत्वपूर्ण रहेको छ । यस जिल्लामा शेर्पा तथा अन्य जातिहरू बीच सामाजिक विभिन्नता भए तापनि उनीहरू बीच प्रशस्त व्यापार हुन्छ । शेर्पा व्यापारीहरूले भोटबाट नून, घोडा, ऊन आदि ल्याउँछन् र शेर्पाहरूको खाद्यान्नको आवश्यकता दूधकोशीको दक्षिणी भेक तथा रावा खोला क्षेत्रबाट पूर्ति हुन्छ । दक्षिणतिरका राई, ब्राह्मण, क्षेत्रीहरू धान, मकै बोकी खुम्बूसम्म पुग्छन् । सल्लेरीको हाटमा शेर्पाहरूले प्रशस्त मात्रामा नौनी र आलु दक्षिणबाट आएका व्यापारी तथा उपभोक्ताहरूलाई बेच्दछन् ।

शेर्पा जाति

शेर्पाहरू उच्च ठाउँमा र अरू जातिका मानिसहरू होचो ठाउँहरूमा बस्ने हुँदा उनीहरूको जीवन पद्धतिमा केही अन्तर पाइएको छ । तर दक्षिणतिर छरिएर बसेका केही शेर्पाहरू गाउँका नजीकै अथवा बेंसीहरूमा अन्य हिन्दू धर्मावलम्बीहरूको निकट सम्पर्कमा रहेका छन् । तर शेर्पाहरूले आफ्ना सामाजिक विधिहरू आफ्नै जातिमा सीमित राखेका छन् । आजकल भने शेर्पाहरूको विदेशीहरूसँगको सम्पर्क बढ्नुको अलावा नेपालका विभिन्न भागको भ्रमण गर्ने अवसर पनि पाएका छन् । शेर्पा जातिको संस्कृति र जनजीवन बारे तल गरिएको वर्णनबाट पनि यो कुरा स्पष्ट हुन्छ । ।

यस जिल्लाको ५० गाउँ पञ्चायतहरूमध्ये अन्दाजी ११ वटा गाउँ पञ्चायतहरूमा शेर्पाको घना आवादी छ । त्यसमध्ये तीन गाउँ पञ्चायत खुम्बू र फरोकमा र बाँकी सोलुमा पर्दछन् । आफ्नो धर्ममा अत्यधिक विश्वास गर्ने जाति भएकोले जिल्लाको जनसंख्यामा अल्पसंख्यक भए तापिन शेर्पाहरूले ठूला ठूला गुम्बा बनाएका छन् । धार्मिकपर्वहरू ठूलो धुमधाम साथ मनाउने गर्दछन्

शेर्पाहरू आपसमा शेर्पाली भाषामा कुराकानी गर्दछन् । यो भाषाको आफ्नै लिपि नभएकोले तिब्बती लिपि प्रयोग गरिन्छ । यो भाषा तिब्बती भाषासँग धेरै मिल्दछ । वि. सं. २०२८ को राष्ट्रिय जनगणनानुसार सोलुखुम्बूमा यस भाषा भावी बोल्नेको संख्या १८,४२४ छ ।

शेर्पाहरू बौद्ध धर्मावलम्बी हुन् । उनीहरू तिब्बती बौद्ध धर्मको निकमापा मतका हुन् । उनीहरूका लामाले रातो लुगा लगाउँदछन् ।

यस जिल्लाका शेर्पाहरू तिब्बतबाट अन्दाजी ६०० वर्ष पहिले आएर बसोबास गरेका हुन् भनिन्छ । प्रचलित भनाइअनुसार सोक्पो जङ्ग् रे नाम गरेको एक मङ्गोल शासकले तिब्बतमा गेलुक्पा मतको बौद्ध धर्म प्रचार गर्ने सिलसिलामा निकमापा मतका मानिसहरूको धर्म परिवर्तन गर्ने र नचाहेमा प्राण दण्ड समेत दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको हुँदा आफ्नो धर्म बचाउन यिनीहरू ठूलो संख्यामा हिमालय काटेर आएका हुन्। तर यस कुराको ऐतिहासिक प्रमाणहरू फेला परिसकेका छैनन्। यसरी शरणार्थी भई नेपाल पसेका यी शेर्पाहरूको बस्ती सबभन्दा पहिले खुम्बूमा भएको थियो र पछि मात्र सोलुतर्फ फैलिएको हो भन्ने अनुमान गरिन्छ।

यसरी उत्तरबाट दक्षिणतर्फ खेतीयोग्य जमीन खोज्दै झर्दा उनीहरूको यस इलाकाको रैथानी किराती-हरूसित संघर्ष हुन गयो र पछि राजाबाट "शेर्पा" अथवा पूर्वतर्फ बस्ने मानिस भन्ने लालमोहर पाए। हालसम्म पनि शेर्पाहरू राई जातिका मानिसहरूलाई उहिले जमीन्दार अथवा जमीनको मालिक भएको कारण जिमी भन्ने गर्दछन्।

शेर्पाहरू मङ्गोल कुलका मानिस हुन्। उनीहरूको कद छोटा भई शरीर हृष्ट पुष्ट हुन्छ। उनीहरूको बाक्लो कालो रौं र चिम्से वदामे आँखा हुन्छन्। लोग्ने मानिसहरूको बाक्लो दाह्री जुँगा हुँदैन। उनीहरूको अनुहार फराकिलोभई नाक चेप्टो र चिउँदो डल्लो परेको हुन्छ। उनीहरूको रङ्ग गोरो हुन्छ। तर शारीरिक परिश्रम गर्ने जाति भएकोले घाम, धूलो र हावाले गर्दा उनीहरू गहुँ गोरो र कोही त डढेका हुन्छन्। शेर्पा आइमाईहरूको कपाल कालो र लामो टल्किने हुन्छ।

शेर्पा जातिमा विभिन्न थरहरू जस्तै लामा, छुशेर्वा, चियावा, गार्जा, गोले, गोपर्मा, हिर्गोमा, लाकशिन्दू, मेन्दे,मोपा, डावा, पालदोर्जे, पाङदोर्जे, पाङकर्मा, पिनासा, सलाका, शागुप, शेर्वा, थाकटू आदि हुन्छन्। त्यस बाहेक तिब्बतबाट पछि आएका भोटेहरूले आफूले अथवा बाबु बाजेले छोडेर आएको गाउँको नाममा थर राख्ने गरेको पाइन्छ। जस्तै रोङशारछुबाट आएका "रोङशेर्वा," नेजुङबाट आएका "नेजुङग," पेनाकपाबाट "पेनाकपा," आदि।

शेर्पाहरूको मूलस्थान तिब्बत भएको हुनाले उनीहरूको वेशभूषा पनि त्यहाँकैसँग मिल्दछ। अति ठण्डा ठाउँमा बसोबास भएको हुनाले भोट इलाकामा लगाइने लुगाकपडा नै अन्य ओल क्षेत्रको भन्दा बढी सुहाउँदो देखिन्छ। अतः उनीहरूको वेशभूषामध्ये पहाडी भागका अन्य जातिको भन्दा बेग्लै छ। तिनीहरू एक प्रकारको लामो दौरा (बख्खु) जस्तो "छुवा" लगाउँछन् र खुट्टामा एक किसिमको सुरुवाल जस्तो "नाङ्गोय" लगाउँछन्। आइमाईले लगाउने दौरा (बक्खु) लाई "आङ्गी" भनिन्छ। छुवा भित्र "तुतुंग" (कमीज) लगाउँछन्। महिला-हरूले आङ्गी भित्र "वङजुर" लगाउछन्। उनीहरू खुट्टामा पिंडौलासम्म छोप्ने गरी बनाइएको "ह्लम" (छाला-बाट बनेको) अथवा "सौन्दाह" (पइतालामा छाला अथवा बाक्लो हुने गरी धागोको तलुवा भएको र माथि ऊनी कपडाको झोला जस्तो लामो मुख भएको) लगाउछन्। त्यस्तो जुत्तालाई नेपाली भाषामा "दोचा" भनिन्छ।

आइमाईहरू अगाडि पछाडि बाक्लो ऊनीको घर्के कपडा लगाउँछन्। अगाडि लगाउने कपडालाई "पाङदेन" भनिन्छ। साधारणतया बिहे भईसकेका आइमाईहरूले मात्र "पाङदेन" लगाउँछन्। पछाडि लगाउने कपडालाई "गेम्टील" भनिन्छ। कसै कसैले बाक्लो कपास तकेको "गेम्टील" लगाउँछन्। टाउकोमा शीतबाट बच्न एक किसिमको टोपी (श्याम्हु) लगाउँदछन्। धनी परिवारका सबैले भुवादार टोप लगाउँछन्।

शेर्पाहरू गहना असाध्य रुचाउँछन्। धनी परिवारका आइमाईहरू सुनको वालाको माला, चुरा आदि लगाउँछन्। चाँदीको जन्तर र मुगाको माला पनि प्रचलित छ। कसै-कसैले "यूँ" (एक किसिमको हरियो पत्थर) लाई चाँदीमा गाडेर मालामा गाँसी लाउँछन्। धेरै जसोले कानमा मुन्द्री, टप आदि पनि लगाउँछन्। तर शेर्पा आइमाईहरू नाक छेडेर फूली लगाउँदैनन्।

खुम्बूतिरका शेर्पाहरूको विदेशी पर्यटक तथा पर्वतारोहकसितको बढ्दो सम्पर्कले गर्दा युवकहरूले हिजोआज पाश्चात्य लुगाहरू लगाउन थालेका छन्। धेरै जसोले दोचाको बदला कपडा तथा छालाको जुत्ता लगाउन थालेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शेर्पाहरू धेरै जसो एक तले ढुङ्गाको गारोमा ढुङ्गा अथवा काठको छाना लगाएको घर बनाई बस्छन्। भूइँतल्ला चार्हि वस्तु, हिउँदको लागि घाँसपात र मल राख्नको लागि प्रयोग गरिन्छ। धेरैजसो घरमा माथिल्लो तल्लामा काठ बिछ्याइएको हुन्छ। माथिल्लो तलामा नै अगेना बनाइएको हुन्छ र भित्तामा दराज बनाई पित्तल, तामा आदिका भाँडाहरू सजाई राखेको हुन्छ। सोही तल्लामा एउटा कोठा बारेर राखेको हुन्छ। धनी मानिसहरू दुई तले घर पनि बनाउँछन्। यस्तो घरभित्र एउटा सजाइएको पूजा कोठा पनि बनाइएको हुन्छ।

शेर्पा जातिको रीतिथिति अन्य जातिको भन्दा भिन्दैछ। शेर्पा संस्कृतिको स्रोत लामा धर्म रहेको छ। मानिसको जीवन पद्धति धर्म र धार्मिक अधिष्ठानहरूबाट सञ्चालित हुने हुँदा शेर्पा जातिको संस्कृति र रीतिथिति पनि बौद्ध धर्मको स्थानीय गुम्बा तथा लामाहरूबाट निर्देशित छन्। शेर्पा संस्कृतिमा बच्चा जन्मदा हर्षको वातावरण सिर्जना हुने भए तापनि यसलाई ठूलो पर्व मान्दैनन्। साधारणतया बच्चा जन्मे पछि दिइने नाम र नामाकरण गर्ने मिति पत्ता लगाउन लामा बोलाइन्छ। त्यसदिन घरमा लामा तथा नाता कुटुम्बलाई छ्याङ, रोटी ख्वाउने गर्दछन्। जन्मेको बच्चा हुर्किसकेपछि हिन्दू धर्मावलम्बीहरूले व्रतबन्ध गरे झैं "छरतने" गर्दछन्। सो दिन त्यस घरमा लामा र नाता कुटुम्बलाई बोलाई भोज ख्वाइन्छ।

शेर्पाहरूको समाजमा स्त्री-पुरुष सम्बन्ध पनि बेग्लै किसिमको हुन्छ। उनीहरू आफैले छानेको अथवा घरबाट मिलाएको दुवै किसिमको विवाह गर्छन्। शेर्पा जातिमा (खासगरेर खुम्बूमा) एउटा स्त्रीले एकभन्दा बढी लोग्ने लिने अथवा दुई दाज्यूभाइले एउटै दुलही बिहे गर्ने प्रथा पनि छ। नेपालको अन्य उत्तरी सीमावर्ती इलाकाहरूमा एउटी स्त्रीले दुइभन्दा बढी लोग्ने लिने चलन छ तर यस जिल्लामा बहुपतिको चलन भए तापनि अधिक मात्रामा दुइजना लोग्ने मात्र हुन्छन्। यस्तो बहुपतिको चलन बिस्तारै हराएर गएको देखिन्छ।

यस्तो चलन भएको ठाउँमा दुई दाज्यूभाइले एउटी दुलही ल्याउँदा उक्त दुलहीसँग बसोबास गर्ने भाइले पनि पाउने भए तापनि त्यस आइमाई र तिनीबाट जन्मने बच्चामाथि दाज्यूको एकाधिकार हुन्छ। कुनै कुनै परिवारमा दुई दाज्यू भाइले दुवैको साझा हुने गरी दुई दुलही बिहे गरेको पनि पाइन्छ।

शेर्पा समाजमा विवाहलाई ठूलो हर्ष र उल्लासको पर्व मान्दछन्। विवाहमा छ्याङ, आराक (जाँड, रक्सी) पिउने, भोज खाने, गाउने, नाच्ने गर्दछन्। साधारणतया शेर्पाहरूको बिहेमा चार विधिहरू हुन्छन्। ती पर्वहरू एकै पल्ट सम्पन्न नभई विभिन्न समयमा गरिन्छन्।

टि छ्याङः यस पर्वमा केटा तर्फबाट केटाको बाबु अथवा अरू कसैले जाँडको ठेकी लिएर केटी माग्न जान्छन्। यस पर्व बिहे गर्ने केटा र केटीको आपसमा चिनजान भइसकेको थाहा पाएपछि अथवा उनीहरू किशोरावस्था हुँदै दुई परिवारको सम्बन्धलाई वैवाहिक सम्बन्धमा गाँस्नको लागि गरिन्छ। त्यसरी लगेको ठेकी स्वीकार भएपछि विवाहको अन्य विधिहरू शुरू गरिन्छ तर ठेकी स्वीकार गरिएन भने कुरा नमिलेको ठहरिन्छ। विधि समाप्त भएपछि केटालाई भावी ससुरालीमा गई केटीसँग रात काट्ने अधिकार प्राप्त हुन्छ। केटा र केटीको सम्बन्ध राम्रो रहन गए केटाले हप्तामा तीन-चार पल्ट ससुराली गई सुत्न सक्छ। गर्भवती भएको खण्डमा अर्को विधि धेरै वर्षसम्म गरिंदैन। त्यसैले सो विधि हुनु अगाडि जन्मेको बच्चा "थेम्वा" हुने हुनाले गर्भवती भएको थाहा पाएपछि अर्को विधि छिटै गरिन्छ।

देमछ्याङः टि-छ्याङ अथवा सोध्ने विधि सिद्धिनासाथ केटा र केटीको सम्बन्ध पक्का हुँदैन। सोध्ने विधि एक किसिमले प्रारम्भिक विधि मात्र हो। केटा र केटीको सम्बन्धलाई पक्का "देम छ्याङ" को विधिबाट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देम छ्याङको विधिले केटा र केटीलाई दुलहा दुलही बनाई उनीहरूको सम्बन्धलाई लोग्ने-स्वास्नीको रूप दिन्छ। देम छ्याङको विधि हिन्दू धर्मावलम्बीहरूको जन्ती जस्तै हो। कुन दिन जन्ती अथवा "देमछ्याङ" ल्याउने भन्ने कुरा सम्धीहरूको बीच आपसी सरसल्लाहबाट निर्णय हुन्छ। त्यसरी "देमछ्याङ" लैजाँदा केटा-तर्फको घरमा पाहुनाहरूलाई छ्याङ खुवाई केटीको घरमा लगिन्छ। त्यहाँ पनि "देमछ्याङ" ल्याउने जमात-लाई स्वागत सत्कार गरी भोज खुवाउने गरिन्छ। त्यसरी जाने जन्ती जमातले एक दुई दिन नाच गान गरी केटीको घरमा बिताउँछन्। केटाले जन्तीमा भाग लिंदैन तर जन्तीको विधि सिद्धिएपछि नाच गानमा भाग लिन जान सक्छ। जन्तीको अगाडि "याङ्जी" र "केकल" भनिने जाँडको ठेकीहरूको उपहार बोकेका दुई पुरुषहरू हुन्छन्। त्यसको पछाडि राम्रो लुगा लगाएका आइमाईहरूको जमात रहन्छ। केटा र केटीको गाउँहरू टाढा भएमा जन्ती गाउँ नजीकै आइपुगेपछि भरुवा बन्दूक पडकाई सङ्केत दिइन्छ। जन्तीलाई स्वागत गर्न केटीको आमा र अन्य आइमाईहरू सजिएर गाउँको पाएक पर्ने ठाउँमा जाँडको ठेकी बोकी बसेका हुन्छन्। दुवै पक्षको भेट भएपछि "सुर छ्याङ" भन्ने विधि गर्छन्। यस विधिमा धूपीको धूप बालेर छ्याङमा पात चोपेर जन्तीलाई छर्कन्छन्। सेर्किम सिद्धिएपछि सो ठेकीको जाँड जन्तीलाई खुवाउँछन्। र अन्य आइमाईहरूले पनि आ-आफ्नो ठेकीको छ्याङ खुवाउँछन् र जन्तीलाई घरतर्फ लैजान्छन्। देम छ्याङको सबभन्दा महत्वपूर्ण विधि खटा (सेतो गलबन्दी जस्तो कपडा) उपहार दिने हो। जन्ती जाने मानिसहरूले केटीको बाबु, बाजे, काका तथा अन्य नातेदारहरूलाई खटा लगाइदिएपछि केटीको बाबु अथवा अरू कसैले उठेर आफ्नो केटीको विवाह सम्पन्न भएको घोषणा गर्दछन्। त्यसरी खटा दिने काम सिद्धिएपछि नाचगान गर्दछन्। देमछ्याङको विधि सकिएपछि दुलही-लाई दुलहाको घर लगिन्छ।

पे-छ्याङः विवाहको अन्तिम विधि गर्ने तिथि निधो गर्न दुवै सम्धीहरूले आपसमा सल्लाहको लागि भेट्ने कामलाई "पे-छ्याङ" भनिन्छ। यस "पे-छ्याङ" र "टि-छ्याङ" साधारणतया धनी मान्छेहरूले मात्र अपनाउँदछन्।

गेनकुतवः यस विधिले दुलहीलाई उसको आमाबाबुको घरबाट छुटचाएर लोग्नेको घरमा जाने गराउँछ। यस विधिमा दुलहीलाई दाइजो दिइन्छ। दुलहीलाई दिइने दाइजोको एकाधिकार उनको हुन्छ। सो दाइजोको लगत पनि तयार पारिएको हुन्छ। त्यसरी "गेनकुतव" को विधिले दुलहीलाई आर्थिक सम्पत्तिको मालिक बनाई एक किसिमले आर्थिक स्वतन्त्रताको आधार दिन्छ। त्यस्तै दुलहाको घरमा उसको जीवनयापनको लागि पैतृक सम्पत्ति छुटचाई दिने गरिन्छ।

शेर्पा समाजमा मानिस मर्दा विवाहको भन्दा धेरै बढी विधिहरू सम्पन्न गर्नु पर्ने हुन्छ। गरीब परिवारमा मानिस मरेमा सो परिवार ठूलो ऋणमा डुब्छन् भनिन्छ। मानिस मर्दा गरिने विधिहरू धार्मिक प्रकृतिका हुन्छन्।

मान्छे मरेपछि लाशलाई सेतो कपडाले छोपिदिन्छन्। धर्मअनुसार अन्त्येष्टि गर्न लामा र मुर्दा बोक्ने मान्छे बोलाइन्छन्। लामाले कुनै कुनै बेला मरेको मान्छेको केही कपाल झिकेर उसको प्राणलाई बाहिर जाने बाटो दिन्छ। त्यसो गर्दा प्राणलाई सिधा स्वर्ग आरोहण गराउन मन्त्र पाठ गरिन्छ। मरेको मान्छेको जीवात्मा ४९ दिनसम्म घरमा नै घुमिरहन्छ भन्ने प्रचलित विश्वास छ। लामाले पाँच पल्टसम्म "फो ग्यू" नामक ग्रन्थको पाठ गरिसकेपछि मुर्दालाई कुन दिशामा कसरी संस्कार गर्ने भन्ने कुरा थाहा पाउन "छिःपि" नामक ज्योतिषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक र "दादु" (पात्रो) को अध्ययन गरिन्छ । लामाको सल्लाहअनुसार मुर्दालाई अग्निमा दाह गर्ने, जमीन मुनि गाड्ने अथवा नदीमा बगाउने निर्णय गरिन्छ ।

मान्छे मरेको घरबाट दशा फाल्न "टोर्मा" (पीठो मुछेर बनाइने एक प्रकारको पुतला) बनाई क्रिया बस्ने तथा जूठो बार्नु पर्ने मानिसहरूलाई ख्वाउने तथा "ग्याक" बनाई बाहिर फाल्ने विधि गरिन्छ । त्यसपछि "टोटुल शेटु" को ग्रन्थबाट पाठ गरी मर्ने व्यक्तिलाई पापबाट मोक्ष दिलाउने तथा "शिञ्जे-छोग्याल" (हिन्दू धर्म ग्रन्थमा यमराज) कहाँ जाने शिक्षा दिइने गरिन्छ । मरेको दिन र संस्कार गर्ने दिन तीन-चार दिनको फरक पर्ने हुन्छ र कहिले काहीं छ-सात दिनसम्मको फरक पनि हुन्छ ।

साधारणतया प्रौढ मानिसहरूलाई दाह र केटाकेटीहरूलाई गाड्ने गरिन्छ । दाह संस्कारको लागि लगिने मुर्दा लामाले निधो गरिदिएको स्थानमा लामाहरू र लामाले दिएको सल्लाहअनुसार मलामी सहित चलाइन्छ । मुर्दा लग्दा शङ्ख फुकेर ध्वजा अघि लगाएर लगिन्छ र चिता बनाई मुर्दा राखिसकेपछि मुर्दा बोक्ने अथवा ज्वाइँबाट आगो लगाउन लगाइन्छ । चितामा आगो लगाइसकेपछि लामाको हातबाट धेरै किसिमको चीजबीजहरू मन्त्र पाठको साथसाथै दाह गरिन्छ ।

मुर्दा दाह गरेको दिनदेखि नापुर भन्ने विधि नसिद्धेसम्म (तेस्रो, सातौं अथवा एघारौं दिनमा) लामाहरू-बाट "टोटुल शेटु" को पाठ गराइनु पर्ने हुन्छ । नापुरमा लामाले घरमा घुमिरहेको "सेम" (प्राण) लाई घर र भौतिक संसारको माया छोडेर जाने सङ्केत दिई अनेक मन्त्र गरी मरेको मान्छेको नाम लेखिएको कागजको टुक्रा जलाइदिन्छ । त्यस दिन नाता कुटुम्बलाई घरमा खाना ख्वाउने गरिन्छ ।

मरेको आठौं दिनमा घर चोख्याउनको लागि "डेझौङ्ग" गरिन्छ । उनन्चासौं दिनभित्र "कोन्चोक चिन्दुयी" को पाठ गरी "शेटु" र नाताकुटुम्ब तथा लामाहरूलाई भोज ख्वाउने र गरीबहरूलाई दान दिने "गेपाको" विधि गरिन्छ ।

शेर्पाहरू धेरै किसिमका चाड पर्वहरू मान्छन् । शेर्पा समाजमा मनाइने अधिकांश चाड, धर्म र गुम्बा-हरूसँग सम्बन्धित हुने हुनाले धार्मिक प्रकृतिका हुन्छन् । त्यसरी मनाइने चाडपर्वहरूमध्ये लोसर, दुमजे र मानि-रिम्दू बढी महत्वपूर्ण र रोचक छन् ।

लोसरः लोसरको पर्व तिब्बती नयाँ वर्षको रूपमा मनाइन्छ । यो चाड फागुन महीनातिर पर्दछ । यो चाड मनाउँदा शेर्पाहरू जाँड, रक्सी तथा भोज खाई खूब नाचगान गर्दछन् ।

दुमजेः यो पर्व सात दिनसम्म पूजादिगरी गुम्बामा मान्ने गरिन्छ । यस पर्वलाई निकै हर्ष उल्लासका साथ मान्छन् । पर्वको बेला मानिसहरू राम्रा राम्रा लुगा लगाई प्रसन्न भई भोज खाने र गाउने नाच्ने गर्दछन् । गुम्बा-का लामाहरू पनि देवी नाचहरू नाच्छन् र ठूलो जनसमूह भेला हुन्छ । यस पर्व मानेपछि मानिसको उन्नति हुन्छ भन्ने विश्वास छ ।

मानिरिम्दूः सोलु र खुम्बूका ठूला गुम्बाहरूमा यो पर्व वर्षको एक पल्ट धूमधाम साथ मनाइन्छ । यो पर्व सात दिनसम्म मनाइन्छ । यस पर्वमा धूपीको धूपहरू बाली लामाहरूबाट धार्मिक नाचहरू हुन्छ । यस पर्व मान्न विभिन्न गाउँहरूबाट ठूलो जनसमूह भेला भएको हुन्छ । मानिसहरू भोज भतेर खाने र रक्सी खुब पिउने गर्दछन् । मानिरिम्दू शेर्पाहरूको अति महत्वपूर्ण पर्व हो । ती बाहेक शेर्पाहरू विभिन्न पर्वहरू जस्तै बाली बचाउन "ओशो", पापबाट मोक्ष पाउने "ङिउन" आदि पनि मनाउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाबाट केही संख्यामा मानिसहरू विदेशी फौजमा काम गर्न जाने गर्दछन्। त्यस्तो विदेशी फौजमा काम गर्नेहरू बिदामा घर श्राउने तथा पेन्सन पाएपछि गाउँ घरमा बस्ने गरी फर्कन्छन्। विदेशी फौजमा प्रायः राई र क्षेत्रीहरू जाने गर्दछन्। तर सधैंको लागि बसाईं सर्ने मानिस कम मात्रामा पाइन्छ। हालसालै तराईमा औलो नियन्त्रण भएपछि कोही कोही तराईतर्फ जमीन लिएर बस्न गएका छन्। त्यस बाहेक शेर्पा जातिका युवक युवतीहरू दार्जीलिङ्ग, कालिम्पोङ्ग तथा पूर्वी भारतका अन्य ठाउँहरूमा जाने गर्दछन्। कोही कोही उतै बसोबास गर्छन् तर धेरै जस्तो घर फर्कने गर्छन्। आजकाल शेर्पाहरू धेरै मात्रामा काठमाडौंतर्फ जाने गरेका छन्। धेरै जसो शेर्पाहरू विदेशी पर्यटकहरूलाई पथप्रदर्शन गर्ने, पर्वतारोहण दलमा भारी बोक्ने र पहाड चढ्ने काम गरी घरफर्कने गर्दछन्। कसै कसैले काठमाडौंमा नै घर किनेर व्यवसाय गर्न लागेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

यस जिल्लाको आर्थिक व्यवस्थामा कृषिको स्थान सबैभन्दा महत्वपूर्ण छ । जिल्लाका अधिकांश मानिसहरू कृषिमा नै आधारित छन् । हुन त खुम्बूमा शेर्पाहरूको जीविकाको मुख्य आधार कृषि मात्र सकिन्न । खेतीयोग्य जमीनको अभावले गर्दा पहिले उनीहरू व्यापारमा निर्भर हुन्थे । अब पर्यटन तथा पर्वतारोहणमा आश्रित रहेका छन् । केही हदसम्म उनीहरूको जीविका पशुपालनमा पनि आधारित रहेको छ । तर दक्षिणी भेकमा बसोबास गर्ने अधिकांश मानिसहरू बढी मात्रामा कृषिमा नै निर्भर रहेका छन् । यसरी यस जिल्लाको दक्षिणी भेक खाद्यान्न-उत्पादन क्षेत्र र उत्तरी भेक खाद्यान्न - अभाव क्षेत्र मात्र सकिन्छ । दक्षिणी भेकमा खाद्यान्न बढी मात्रामा उत्पादन भए तापनि जनसंख्याको चाप पनि बढिरहेको छ ।

कृषि

कृषि तथ्याङ्क पुस्तिका २०२८ अनुसार यस जिल्लाको खेती गरिएको जमीन ५,३०० हेक्टर छ । जिल्लाको सम्पूर्ण क्षेत्रफलको अन्दाजी १.५ प्रतिशत जमीनमा मात्र खेती गरिएको छ । बाँकी जमीन हिमालय, उच्च लेकाली पर्वतहरू, डांडा, नदी खोलाहरू, वन र गाउँ बस्तीले भरिएको छ । उक्त खेती गरिएको जमीन र जनसंख्याको अनुपात १:१९.९ अर्थात् प्रत्येक १९.९ मानिसलाई एक हेक्टर जमीन पर्ने हुन्छ । अर्थात् अन्दाजी १०० जना मानिसलाई पाँच हेक्टर जमीन पर्ने देखिन्छ । उपलब्ध ५,३०० हेक्टर अर्थात् १,०४,१७९ रोपनीमा ४९,२३१ मानिसले रोजगारी पाएका छन् । सरदर प्रत्येक कृषकलाई अन्दाजी २.१ रोपनी जमीन मात्र उपलब्ध हुन्छ ।

यस जिल्लामा मकै, कोदो, जौ, गहुं, धान आदि खाद्यान्नहरूको खेती हुन्छ । साथै आलु र थोरै मात्रामा तोरीको पनि खेती गरिन्छ । २०२९।३० को तथ्याङ्कअनुसार यस जिल्लामा उब्जाइने मुख्य बालीहरू र क्षेत्र-निम्न बमोजिम छः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्र–हेक्टरमा
उत्पादन–मेट्रिकटनमा

बाली	क्षेत्रफल	उत्पादन
मकै	४,५००	८,५५०
आलु	१,४००	७,५६०
गहुँ	६५०	६३७
कोदो	१,०००	१,२७०
जौ	५१५	५२८
धान	१७०	३९१
तोरी	११०	४३
जम्मा:–	८,३४५	१८,९७९

यो जिल्लामा कृषिको सघनताको अनुपात १.५७ भए तापनि सम्पूर्ण जनसंख्याको खाद्यान्न आवश्यकता यहाँ हुने कृषि उत्पादनबाट पूर्ति हुँदैन। यो जिल्लाको लागि चाहिने थप खाद्यान्न खोटाङ, भोजपुर र उदयपुर जिल्लाबाट आउँछ।

दुर्गम पहाडी जिल्ला भएको तथा खेतीयोग्य जमीन कम भएको कारण यहाँ कृषि विकास कार्यक्रमहरू पनि सन्तोषजनक रूपले कार्यान्वयन भइसकेका छैनन्। भूमिमाथि अत्यधिक जनभार, पुराना अविकसित कृषि औजारहरूको प्रयोग, मलखादको अपर्याप्तता, बाली नाशक कीराहरूको नियन्त्रणमा कमी, उन्नत बीउको कम प्रयोग आदि कारणबाट यस जिल्लाको कृषि उत्पादनलाई सन्तोषजनक मात्रामा बृद्धि गर्न सकिएको छैन। अधिकांश खेतीयोग्य जमीनमा सिचाइको राम्रो व्यवस्था भएको छैन। जिल्लामा भएका कुलोहरू अधिकांश कच्ची नै छन्। अन्दाजी ३६ वटा कच्ची कुलोहरूको व्यवस्था गरिएको छ। ती कुलोहरूबाट अन्दाजी ३०० मुरी धानको बीउ लाग्ने खेतको सिचाइ हुन्छ।

यो जिल्लामा १९९९ सालभन्दा पछि नापी गरिएको छैन। उक्त नापीअनुसार यस जिल्लामा ६१५ हेक्टर (१२,३०६ रोपनी) खेत र २,२३१ हेक्टर (४४,६२५ रोपनी) पाखो दर्ता भइराखेको देखिन्छ। तर खेती गरिएको जमीनको अनुमान १,०४,१७९ रोपनी गरिएको छ। यो जिल्लामा १६,६०१ जनालाई अस्थायी मोही कायम गरिएको छ। जिल्लाका जग्गाधनीहरूको संख्या १०,२९८ रहेको देखिन्छ। यस जिल्लामा कूत निर्धारण भइसकेको छैन र अधिकांश मात्रामा अधियामा रहेको देखिन्छ। हदबन्दीभन्दा बढी भएको जग्गा अधिग्रहण नभइसकेकोले जग्गा वितरण पनि भइसकेको छैन। ऋण निश्चित गर्ने सिलसिलामा रू. २३,५७,९६०। मध्ये रू. १२,८२,२४२। साहूलाई तिर्न नपर्ने र रू. १०,७५,४४७। साहूलाई तिर्नु पर्ने गरी ऋण निश्चित गरिएको छ। सो सम्बन्धी कार्यवाही चलिरहेकै छ। यस जिल्लामा २०२३ सालमा ७,७७४ मन जिन्सी र २०२५ सालमा रू. ९३,०००। नगद बचत उठेको थियो। त्यसमध्ये रू. १,४०,०००। तत्कालीन भूमिसुधार बचत संस्थानमा जम्मा गरिएको थियो र बाँकी मौज्दात नगदमा परिणत गरी विभिन्न ग्राम समिति हरूमा ऋण वितरणको लागि मौज्दात रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लाको अधिकांश पाखो जमीन उच्च ठाउँमा भएको हुँदा उत्पादन कम हुन्छ। खुम्बूको जस्तो उच्च भू-भागमा वर्षको एकै बाली मात्र हुन्छ। कृषियोग्य भूमिको कमी तथा कम उत्पादनको कारण यो खाद्यान्न अभाव जिल्ला रहेको छ। वि.सं. २०२८ को कृषि सर्वेक्षणअनुसार यस जिल्लामा उत्पादन भएको खाद्यान्न आर्थिक वर्ष २०२७।२८ मा ५,१०० टन कम भएको अनुमान गरिएको छ। प्रत्येक वर्ष अभाव हुने खाद्यान्न छिमेकी जिल्लाहरूबाट पूर्ति भइरहेको छ।

आफ्नो जमीन कम हुनेहरू ज्यालादारीको काम गर्दछन्। यसरी काम गर्नेहरूमा पुरुषहरूलाई सरदरप्रति दिन रू. ५। र महिलाहरूलाई रू. ३। ज्याला दिई दिउँसो खाजा ख्वाउने गरिन्छ। धेरैजसो ठाउँमा प्रत्येक परिवारको आफ्नै हलीहरू हुन्छन्। उनीहरूलाई खेतबारीमा लगाइएको बाली केही अंश ज्यालाको रूपमा दिइएको हुन्छ। त्यस बाहेक गाउँ गाउँमा खेतीको समयमा एकले अर्कोलाई सहयोग गर्न "पर्म" र "सराउ" को चलन छ।

जिल्लाको मध्यभागमा आरु, स्याउ आदि फलफूलहरूको खेती हालसालै शुरू गरिएको छ। जिल्लाको दक्षिणी भेकमा सुन्तला, कागती, केरा आदिको प्रशस्त खेती गरिन्छ। यस जिल्लामा फलोद्यान विकास सम्बन्धी कार्यक्रम अन्तर्गत बोट बिरुवाहरूको वितरण गरिएको छ। तर फलफूलको खेती व्यापक रूपमा भइसकेको छैन।

सोलुखुम्बूको लागि पशुपालन ज्यादै महत्वपूर्ण व्यवसाय हो। भूमिगत व्यवसायहरूमा पशुपालनको दोस्रो स्थान छ। उच्च डाँडाहरूमा प्रशस्त मात्रामा हिमाली वस्तुहरू जस्तै याक, नाक, जोम, (चौंरी गाई) जोपा तथा भेडा-पाठा पालिन्छन्।

सोलुमा मेरा, लम्पुरा, पिके, दूधकुण्डको दक्षिणी भेक आदि डाँडाहरूमा तथा खुम्बूका अधिकांश खर्कहरूमा पशुपालन गरिन्छ। याक, नाकसँग अन्य गाई गोरुको मिश्रित प्रजनन गर्दा हुने जोपाको तिब्बतमा तथा दक्षिण तर्फ पनि प्रशस्त माग हुने हुँदा केही वर्ष पहिलेसम्म खुम्बूमा पशुपालनको मुख्य उद्देश्य नै ठिमाहाको उत्पादन थियो। हालसम्म पनि थोरै मात्रामा जोपाको बिक्री वितरण हुन्छ। साथै यस्तो प्रजननबाट निस्कने बाच्छीले बढी दूध दिन्छ। सोलुमा पनि प्रशस्त मात्रामा चौंरी गाई पालिन्छ। पिके ह्लापसाङ कर्बु (पिके डाँडा) को वरिपरि चीज कारखानाहरू स्थापना गरिएका छन् र त्यस डाँडामा चौंरीगाईको दूध ती कारखानाहरूमा बिक्री गरिन्छ। साथै कारखानाबाट टाढा अन्य डाँडाहरूमा पालिएका वस्तुको दूधबाट घ्यू, छुर्पि बनाई स्थानीय बजारमा बेच्नुका साथै अन्य जिल्लाहरूमा निर्यात गरिन्छन्।

कृषि ऋण सहकारिता

यस जिल्लामा संस्थागत कृषि ऋणको व्यवस्था भइसकेको छैन। हालसम्म अनिवार्य बचत वापत उठेको रकम मात्र ऋणको रूपमा वितरण गर्ने गरिएको छ। त्यस रकमबाट जिल्लाको आवश्यकता पूरा हुँदैन। यस जिल्लामा हालसम्म सहकारिताको प्रचार र संगठन पनि भइसकेको छैन। तिब्बती शरणार्थीहरूले ज्यालसामा एक बहुमुखी सहकारी संस्था स्थापना गरी डोर्फू र नाम्चेमा शाखा खोली दैनिक उपभोगका सामानहरू सुपथ मूल्यमा बिक्री वितरण गरेका छन्। त्यस सहकारी संस्थाले शेयरहरू पनि बिक्री गरेको छ।

साधारण कृषक परिवारले आफूलाई चाहिने ऋण स्थानीय साहूहरूबाट लिने गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि विकास

कृषि उत्पादन वृद्धि गर्न काठमाडौंबाट बीउ, मल लगेर प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट सुपथ मूल्यमा बिक्री वितरण गर्ने गरिएको छ। यस जिल्लामा हाल एउटै मात्र जे. टी. ए. रहेको छ। जिल्लामा कृषि केन्द्र नभए तापनि गत केही वर्षदेखि विभिन्न किसिमको फलफूलको बोट बिरुवाहरू वितरण भएको छ। विशेषगरेर स्याउ र आरुको प्रचार भएको छ। फलफूलको खेतीमा जन अभिरुचि बढेको तथा फलोद्यान विकासको सभावना बढ्दै गएको महसूस गरिएको छ।

नहर र सिचाइ

यस जिल्लामा ठूला फाँटहरू छैनन्। साधारणतया स-साना पाखा र बेंसीहरूमा खेती गरिन्छ। अधिकांश पाखो जमीनमा सिचाइ व्यवस्था गर्न सजिलो छैन। डाँडाहरूका बीच छरिएका साना-साना टुक्रा जमीनको सिचाइको लागि बनाइएका स-साना कुलोहरूको संख्या अन्दाजी ३६ छन्। ती कुलोहरूबाट अन्दाजी ३०० मुरी धानको बीउ लाग्ने जमीन सिचाइ हुन्छ।

उद्योग तथा व्यापार

यो जिल्लाका केही शेर्पा बस्तीहरूको आर्थिक व्यवस्था केही वर्ष पहिलेसम्म व्यापारमा नै आधारित थियो। विशेषगरेर खुम्बूका मानिसहरू नाङपाला (भञ्ज्याङ) को बाटो गरी जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको टिङग्री क्षेत्रसित व्यापार गर्दथे। खुम्बूतिरबाट खाद्यान्न, जोपा, लत्ता कपडा, मसला, खुर्सानी, सुर्ती, चीनी, सक्खर आदि लगी उताबाट नून, ऊन, घोडा, नाक आदि ल्याउँथे। कालिङपोङबाट तिब्बत पस्ने बाटो बन्नु अगाडि यो बाटोबाट ठोसेको फलाम समेत निकासी हुन्थ्यो। तिब्बतसितको व्यापारबाट धेरै फाइदा भएकोले व्यापारमा लागेका शेर्पाहरू अरू जातिभन्दा सम्पन्न छन्। ई. सं. १९५९ मा तिब्बतमा गोलमाल भएपछि व्यापार मार्गहरू प्रायः बन्द भई हाल यस जिल्लाको तिब्बतसँगको व्यापार घट्न गएको छ। विशेषगरेर यस जिल्ला-बाट जोपाको निर्यात महत्वपूर्ण थियो। हाल तिब्बती इलाकामा जोपाको माग कम भएकोले अब उक्त व्यापार खाद्यान्न, ऊनमा सीमित रहन गएको छ। पहिले तिब्बतबाट घोडा पैंठारी गरी तराईको बजारहरूसम्म ल्याइन्थ्यो। तर हाल उक्त व्यापार शिथिल भएको छ।

तिब्बतसित हुने वस्तु विनिमय व्यापार बाहेक जिल्लाको विभिन्न भागको बीच पनि निक्कै व्यापार हुन्छ। यस जिल्लामा ऐंसेलुखर्क, नेले, सल्लेरी र नाम्चे समेत गरी जम्मा चार प्रमुख व्यापार केन्द्रहरू छन्। ती केन्द्रहरूमा साप्ताहिक हाट लाग्छ। ती हाटहरूमा विभिन्न ठाउँहरूबाट आएका जिल्ला बासीहरूले विभिन्न सामानहरूको विनिमय गर्दछन्। त्यस्तो हाट लाग्दा अन्य जिल्लाहरूबाट समेत जिल्लामा आवश्यक पर्ने धान, कपडा, चिया, साबुन, जुत्ता आदि बेच्न र आलु, घ्यू जरांबूटी आदि किन्न आउँछन्। ती हाटहरूमध्ये सबभन्दा बढी महत्वपूर्ण सल्लेरीको हो। त्यस हाटमा सोलुको शेर्पाहरूले ल्याएका आलु, घ्यू आदि ऐंसेलुखर्कको राई, देउसा तथा मुकलीतिरका तामाङहरूले ल्याएका धान, मकै आदि बीच महत्वपूर्ण विनिमय हुन्छ। खुम्बू इलाकाको नाम्चे बजारमा साप्ताहिक हाट लाग्छ। उक्त हाटमा जिल्लाको दक्षिणी भेक तथा खोटाङका मानिसहरूले समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाद्यान्न लैजान्छन् । सोही हाटबाट खुम्बूको नाम्चे बजार, खुम्जुङ, फोडसे, खुन्दे, थामी, पारो आदि गाउँका मानिसहरू आवश्यक खाद्यान्न उपलब्ध गर्दछन् ।

वैंकसेवा

सदरमुकाम सल्लेरीमा वि. सं. २०३० वैशाखदेखि राष्ट्रिय वाणिज्य बैंकको एक शाखा कार्यालय स्थापना गरिएको छ । उक्त बैंक खोलेको पाँच महीना भित्र रू. ६,०६,०००। जतिको पाँच वटा मुद्दती, चार वटा नन् अपरेटिभ, ८० वटा बचत, २८ वटा चल्ती तथा सरकारी अड्डाखाना, पञ्चायत तथा संस्थाहरूको खाताहरू खोलिएका थिए ।

उक्त बैंकबाट साना उद्योगहरूलाई आवश्यक पर्दा तयारी माल धितो राखी ७½ प्रतिशत वार्षिक ब्याजमा कर्जा दिने गरेको छ । जिल्लाको व्यापार प्रवर्द्धन गर्ने दिशातर्फ बैंकबाट कपडा, चीनी तथा सुन चाँदीको धितोमा रू. ८३,९००। लगानी गरेको छ ।

यो जिल्लामा उत्पादन हुने जरीबूटी, गलैंचा, टड्का, चीज आदि जिल्ला बाहिर निकासी हुन्छ । जरीबूटी अक्सर सिधा दक्षिण र दक्षिण-पूर्वतिरका जिल्लाहरूमा, टड्का, गलैंचा, चीज आदि काठमाडौं तथा विदेशमा समेत पठाइन्छ । यस्तो निकासी व्यापारमा केही स्थानीय व्यक्तिहरू पनि लागेका छन् ।

यो जिल्लामा केही साना उद्योगहरू सञ्चालन गरिएका छन् यहाँ सबभन्दा पुरानो संगठित उद्योग पिके स्थित चीज कारखाना नै हो । उक्त कारखानामा तयार हुने चीज, मख्खन काठमाडौंको बजारमा खपत भइरहेको छ । उक्त कारखानाबाट वार्षिक अन्दाजी ६,००० के. जी. चीज र अन्दाजी १,८०० के. जी. मखन उत्पादन हुन्छ । पिके खर्कमा अन्दाजी ६०० दुधालु वस्तु रहेको अनुमान गरिएको छ । उक्त चीज कारखाना बुग्ध विकास संस्थानबाट सञ्चालित भएको छ ।

स्थानीय वनमा पाइने लोक्ताबाट कागज बनाउने गरिएको छ । कसै कसैले सानो स्तरमा कागज उद्योगहरू सञ्चालन गरेका छन् । गोराखानी र टाप्टीङ गाउँ पञ्चायतहरूमा सानो स्तरमा कागज उद्योगहरू सञ्चालन भएका छन् । गोराखानीमा सञ्चालित उद्योगलाई नेपाल औद्योगिक विकास निगमबाट ऋण दिएको छ । त्यस कारखानाको वार्षिक उत्पादन क्षमता अनुमानित ६,००० कोरी छ । यहाँ उत्पादन गरिने कागजको लागि काठमाडौंमा यथेष्ट बजार उपलब्ध रहेको देखिन्छ ।

जिल्लाको सदरमुकामदेखि केही किलोमिटर पर ज्यालसा शरणार्थी क्याम्पमा एउटा गलैंचा कारखाना छ । उक्त क्याम्पमा अन्दाजी ७०० शरणार्थीहरूको बसोबास गराइएको छ र त्यहाँको कारखानाबाट सालिन्दा ३००, ४०० गलैंचा उत्पादन हुन्छ । त्यहाँबाट उत्पादन हुने गलैंचा काठमाडौं तथा यूरोपमा निकासी गरिन्छ । विभिन्न गाउँहरूमा स्थानीय महिलाहरूले पनि गलैंचा बुन्ने गर्दछन् । त्यस बाहेक जिल्लामा राडी, पाखी, बख्खु आदि बुन्ने गर्दछन् ।

पर्यटन उद्योग

यस जिल्लाको सबभन्दा महत्वपूर्ण उद्योग पर्यटन हुन गएको छ । विशेष गरेर खुम्बू क्षेत्रमा पर्यटन उद्योगको विकासले घट्दो तिब्बती व्यापारबाट हुन गएको क्षति पूर्ति गरेको देखिन्छ । खुम्बूमा अन्य उद्योग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारखानाहरूको सम्भावना कम भएकोले तथा खेतीयोग्य जमीनको अभावको कारण त्यहाँ बसोबास गरिरहेका मानिसहरूको जीविका उपार्जनको लागि अन्य आधारहरूमा पशुपालन बाहेक अरू छैन। तिब्बतसँगको व्यापार-मा शिथिलता आएपछि वि. सं. २०१६।१७ सालतिर ठूलो आर्थिक कठिनाइ उत्पन्न भएको थियो। देशमा बढ्दो संख्यामा पर्वतारोहण दलहरू आएपछि सो कठिनाइ हट्न गएको थियो। हाल खुम्बू क्षेत्रमा धेरै मानिसहरूको निर्वाहको प्रमुख आधार पर्यटन नै भएको छ। खुम्बू क्षेत्र नै एक महत्वपूर्ण पर्यटन केन्द्रको रूपमा विकास हुन गएको छ। फरोकको लुक्ला नामक ठाउँमा रहेको एक सानो विमान स्थलले खुम्बू क्षेत्रलाई हवाइ यातायातको सहूलियत प्रदान गरेको छ। त्यस सहूलियतको कारण खुम्बू भ्रमण गर्ने पर्यटकहरूको संख्या बढेको छ। कुनै पर्यटकहरू काठमाडौंदेखि खुम्बूसम्म पैदल भ्रमण गर्दछन्। नाम्चे भ्रमण गर्ने पर्यकहरूको संख्या २०२७।०२८ मा ६४८ र २०२८।०२९ मा १,२८१ थियो।

हाल नाम्चे बजार नजीकै स्याङ्वोचे डाँडामा एभरेष्ट भ्यू होटेल नामको एउटा पर्यटक स्तरको आधुनिक होटेल स्थापना गरिएको छ। साथै त्यस होटेल नजीकै एउटा सानो विमान स्थल पनि निर्माण गरिएको छ। यस होटेल बाहेक नाम्चे बजार तथा बाटोमा पर्ने अन्य स्थानहरूमा सस्तो होटेल र खाने ठाउँहरू रहेका छन्।

नेपाल भ्रमण गर्न आउने पर्यटकहरूलाई काठमाडौंको मध्यकालीन वास्तुकलाको ठूलो आकर्षण भए जस्तै हिमालय पनि नेपालको एक सबभन्दा महत्वपूर्ण आकर्षणमध्ये एक हो । हिमालय पर्वतारोहण यो जिल्लाको लागि पनि महत्वपूर्ण पर्यटन उद्योग मान्न सकिन्छ।

आदिम कालदेखि नै पूर्वीय सभ्यताको मूल श्रोत रहेका हिमालय पर्वत शृङ्खलाका हिमाच्छादित चुलीहरूले मध्यएशियाको यो धरातलको सौन्दर्यलाई अनुपम छटा प्रदान गरी प्रकृतिलाई शोभायमान बनाउनु-को साथै पूर्वीय मानिसको विवेक र चिन्तनलाई अमर ज्योति दिएका छन्। अफगानिस्तानदेखि बर्मासम्म फैलिएको एशियाको सबभन्दा लामो पर्वत शृङ्खलाको मध्यभागको ८८० किलोमिटर नेपाल अधिराज्यमा छ। यो भाग विश्वमा नेपाल हिमालयको नामले प्रसिद्ध छ। यसमा विश्वको दशवटा सबभन्दा अग्ला चुचुराहरूमध्ये आठ वटा रहेका छन् । नेपाल हिमालयमा व्यास ऋषि, नाला कङ्कड, सेपाल, सिस्ने, पत्रासी, कान्जिरोवा, धवलागिरी, मुकुट, दामोदर, अन्नपूर्ण, प्रेरी, मनसलु-बौद्ध, कुताङ्ग, गणेश, लाङगाङ्ग, जुगल, रोलवालिङ, महालंगूर, कुम्भकर्ण उम्बेक, जनक, सिंगकिला आदि शृङ्खलाहरू छन्। ती शृङ्खलाहरूमा विश्वको सबभन्दा अग्लो चुचुराहरू सगर-माथा (पहिलो), कञ्चनजङ्घा (तेस्रो), ह्लोत्से (चौथो), धवलागिरी, अन्नपूर्ण, मकालु (पाँचौं) आदि छन्। यी टाकुराहरू विभिन्न देशका पर्वतारोहकहरूको निमित्त ठूलो चुनौति हुन गएका छन्। उन्नाईसौं शताब्दीको पूर्वार्ध पछि शुरू भएको पर्वतारोहणको रूपरेखा हिमालय पर्वतारोहण शुरू भएपछि बदलिन गयो। हिमालय पर्वत शृङ्खलाको विशिष्ट उचाइ, जलवायु, वन वनस्पति, सभ्यता आदिले पर्वतारोहकहरूलाई मनोरन्जनको लागि पहाड चढ्ने काममा सीमित नराखी वैज्ञानिक अनुसन्धानको साधन पनि बनाइदियो।

नेपाल हिमालयमा पर्वतारोहण ई. सं. १९४९ देखि शुरू भएको हो। त्यस अघि तत्कालीन शासक-हरूले विदेशीहरूलाई देशभित्र प्रवेश गर्न दिएका थिएनन्। हुन त ई. सं. १८५२ मा विश्वको सबभन्दा अग्लो चुचुरा महालंगूर हिमालय छ भन्ने कुरा तत्कालीन भारतीय नापी कार्यालयका मानिसहरूले पत्ता लगाएका थिए। तर त्यस बेला त्यस चुचुराको नाम "१५ वा चुलो" राखिएको थियो र त्यसको उचाइ २९,००२ फीट दिइएको थियो। पूर्वी नेपालको किरात प्रदेशमा उक्त पहाडलाई सगरमाथा भनिने गर्दथ्यो। र भोटमा च्यामोलाङमा भनिन्थ्यो। विश्वको सबभन्दा अग्लो चुचुराको स्थानीय नामहरूको खोजी नै नगरी बेलायतको "रोयल जियोग्राफिकल सोसाइटीले" ई. सं. १८५६ मा भारतीय भूतपूर्व नापी प्रमुख सर जर्ज एभरेष्टको सम्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नार्थ उक्त चुचुराको नाम एभरेष्ट पर्वत अर्थात् 'माउण्ट एभरेष्ट' राखिदियो। त्यसरी सगरमाथा चुचुरो विश्वभरि माउण्ट एभरेष्टको नामले प्रसिद्ध हुन गयो। तत्पश्चात् विभिन्न देशका पर्वतारोहकहरूले संसारको सर्वोच्च पर्वत चढ्ने सपना देख्न थाले। हिमालय पर्वतारोहणको इतिहासमा सगरमाथाको आफ्नै विशिष्ट स्थान छ।

सगरमाथाबाट हिमालय पर्वतारोहणको वास्तविक श्रीगणेश भएको हो। सर्व प्रथम ई. सं. १८९३ मा श्री चार्लस जि. व्रुस नाम गरेका व्यक्तिले सगरमाथा चढ्ने प्रयास गरेका थिए। उनले श्री टी. जी. लङ-स्टाफ र श्री ए. एल ममको साथ ई. सं. १९०७ मा सगरमाथा आरोहण गर्ने तयारी गरेका थिए। तर उनीहरूको प्रयास सफल हुन सकेन। प्रथम विश्व युद्ध पछि तिब्बततिरबाट सगरमाथा आरोहण गर्ने प्रयासहरू भएका थिए। ई. सं. १९३८ मा सातौं प्रयास हुँदासम्म पनि सगरमाथा आरोहणको सपना अधूरो नै रह्यो। ई. सं. १९५० मा श्री चार्लस हुस्टनको नेतृत्वमा प्रथम टोलीले नेपाल इलाकाबाट सगरमाथा आरोहण गर्ने प्रयास गरेको थियो। सोही वर्ष फ्रान्सीसीहरूले अन्नपूर्ण प्रथम आरोहण गर्न सफल भए र हिमालयमा पर्वतारोहणको कार्यकलाप शुरू भयो। त्यस पछि ई. सं. १९५१ मा डेनमार्कका श्री क्लाउस बेकर लार्सेनले चार शेर्पाहरूको सहयोग लिई एक्लै आरोहण गर्ने असफल प्रयास गरेका थिए। उनले नेपाल सीमानाबाट नाङपाला काटेर तिब्बत इलाकाबाट उत्तर काँधसम्म पुगी फर्केका थिए। सोही सालमा श्री एरिक शिपटनको नेतृत्वमा एक बेलायती तथा न्यूजिलैण्डको एक आरोहण टोलीले प्रयास गरेको थियो। ई.सं. १९५२ को वसन्त र हेमन्त दुई ऋतुमा स्वीसहरूले सगरमाथा आरोहण गर्ने प्रयास गरे। अन्त्यमा ई. सं. १९५३ को वसन्तमा कर्नेल जोन हण्टको नेतृत्वमा गएको ब्रिटिश एभरेष्ट अभियानका सदस्य श्री एडमण्ड हिलारी र सदस्य श्री तेजिङ्ग नोर्के शेर्पालि मे २९ ता. को दिन विश्वको सर्वोच्च चुचुरामा पुग्न सफल भए। त्यसपछि ई. सं. १९५६ मा स्वीस दलले, १९६० मा चीनिया दलले (तिब्बत इलाकाबाट), १९६३ मा अमेरिकी दलले, १९६५ मा भारतीय दलले, १९७० मा जापानी दलले, १९७३ मा इटालीका दलले र १९७३ को हेमन्तमा जापानी दलले गरी जम्मा सात अभियान दलहरू नेपालबाट सगरमाथा चढ्न सफल भए। सर्व प्रथम सगरमाथा चढ्ने नेपाली स्व. फुदोर्जे हुन्। उनले १९६५ सालमा भारतीय दलका अन्य सदस्यहरू साथ चढेका थिए। त्यस पछि अन्य चार जना नेपालीहरू सगरमाथाको टाकुरामा पुग्न सफल भएका छन्। उनीहरू छोतारे शेर्पा, शम्भु तामाङ्ग, ह्लाक्पा तेन्जिङ र सोनाम ग्याल्जेन हुन्। सगरमाथा आरोहण गरिएको प्रथम वर्षदेखि १९७३ सम्मको २० वर्ष भित्र अन्दाजी १४ पर्वतारोहण टोलीले आरोहण गर्ने प्रयास गरेकोमा सात टोलीले सफलता पाएका छन्। सगरमाथा आरोहण गरेपछि ती वर्ष भित्र विश्वका अन्य उच्च पर्वतहरू माउण्ट के दुई (छोगोरी दोस्रो उच्च) १९५४ मा र ह्लोत्से (चौथो उच्च) १९५६ मा आरोहण गरिएका थिए।

ई. सं. १९४९ मा पर्वतारोहण गर्ने इजाजत दिएपछि हिमालयको सयौं चुचुराहरू आरोहण गर्न संसारको विभिन्न भागहरूबाट ई.सं. १९७३ को हेमन्तको अन्त्यसम्म अन्दाजी २४९ पर्वतारोहण दलहरू नेपाल आए र हिमालयको चुचुराको आरोहण तथा आरोहण सम्बन्धी प्रारम्भिक सर्वेक्षण अध्ययन गरे। कयौंले चुचुराहरूको हाँकलाई जित्न सके र कयौंले प्रकृतिको चुनौतिको अगाडि हार स्वीकार्नु पर्‍यो। आजसम्म पनि कयौं चुचुराहरूलाई आरोहण गर्न सकिएको छैन।

हिमालय पर्वतारोहण शुरू भएदेखि नै सोलुखुम्बू जिल्लाका शेर्पाहरूले विदेशी पर्वतारोहकहरूलाई उनीहरूले चढन चाहेका पर्वत जाने बाटो देखाउने, पर्वतारोहण गर्दा तल्लो क्याम्पहरूबाट माथिल्लो क्याम्पहरूमा सामानहरू ओसार्ने र आरोहण गर्न मद्दत दिने काममा लागेका छन्। हाल हिमालयन सोसाइटीमा दर्ता भएका अन्दाजी ४०० जना शेर्पाहरूले वर्षमा घटीमा तीन महीना काम पाउँछन्। कुनै वर्षमा छ महीनासम्म पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम पाउँछन् । उनीहरूको ज्याला, खाना, लुगा कपडा सहित प्रतिदिनको रू. १५। ज्याला राखिएको छ। ज्यालाको साथै प्रत्येकले केही लुगा र सामानहरू पाउँछन्। सरदर एक पर्वतारोहण दलमा काम गरे वापत प्रत्येक शेर्पालाई रू. ५,०००। को आर्थिक लाभ हुने अनुमान छ। साथै उनीहरूलाई प्रति व्यक्ति रू. १,५०,०००। को विमा सहूलियत छ।

यो जिल्लाको बासिन्दाहरूको मूल पेशा कृषि र पशुपालन नै मानिएको छ। जिल्लामा कुटीर उद्योग, पर्यटन उद्योग, व्यापार आदि व्यवसायहरूमा पनि धेरै मानिसहरू संलग्न भए तापनि धेरैजसो मानिसहरूको मूल व्यवसाय कृषि, पशुपालन, वन आदि नै रहेको छ। वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार यहाँ आर्थिक लाभ हुने विभिन्न व्यवसायहरूमा लागेका मानिसहरूको संख्या निम्नबमोजिम रहेको छः–

व्यवसाय	संख्या	प्रतिशत
कृषि, वन, पशुपालन आदि	४९,२३१	९८.३
उद्योग	२७४	०.५
निर्माण	२	०.२
व्यापार	७८	
यातायात सञ्चार	६	
वित्तीय र व्यापारिक सेवा	३	
व्यक्तिगत र सामुदायिक सेवा	४८२	१.०
जम्माः–	५०,०७९	१००.०

विभिन्न पेशामा लागेका उपर्युक्त संख्या यहाँको कुल जनसंख्याको अन्दाजी ४७.५ प्रतिशत रहेको छ। उपर्युक्त तालिकानुसार जिल्लाको सक्रिय जनबल अत्यधिक मात्रामा अर्थात् ९८.३ प्रतिशत कृषि, वन, पशुपालन आदि सम्बन्धित व्यवसायमा लागेको छ। अन्य व्यवसायहरूमा पूर्णतया लाग्नेको संख्या धेरै कम रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

यातायातको दृष्टिकोणले यो जिल्ला दुर्गम प्रकृतिको छ। हालसम्म यस जिल्लामा मोटर यातायात सेवा उपलब्ध भइसकेको छैन। आवागमनको लागि पैदल मार्गहरू बाहेक राजधानीसँग सानो विमान सेवाद्वारा सम्पर्क छ। तर छिमेकी जिल्लाहरूसँग जोड्ने मुख्य माध्यम पैदल मार्गहरू नै हुन्। यस जिल्लाको सदरमुकाम सल्लेरीबाट जिल्लाको अन्य भाग तथा छिमेकी जिल्लाहरू जोड्ने मुख्य पैदल मार्गहरू र सोको अनुमानित दूरी निम्नप्रकार रहेको छः—

मार्ग	अनुमानित दूरी	विशेषताहरू
सल्लेरी-नाम्चेबजार	६४ किलोमिटर (२० कोस)	जुविङमा दूधकोशीमाथि झोलुङ्गे र अन्य चार काठे साँघुहरू पर्ने।
सल्लेरी-ओखलढुङ्गा	२६ किलोमिटर (आठ कोस)	सोलुखोलामाथि साल्मेमा झोलुङ्गे पुल भएको।
सल्लेरी-रामेछाप सीमाना (लिखु कोशी)	२६ किलोमिटर (आठ कोस)	बाटोमा पर्ने नदीनालाहरूमा राम्रो पुलहरू नभएको।
सल्लेरी-खोटाङ सीमाना (रावा खोला)	४२ किलोमिटर (१३ कोस)	बाटोमा पर्ने नदीनालाहरूमा राम्रो पुल नभएको।

राजधानीबाट पैदल जाँदा यस जिल्लाको सदरमुकाम पुग्न साधारण हिंड्ने मानिसलाई सात-आठ दिन लाग्छ। राजधानीबाट पैदल जाने दुई बाटोहरू छन्। काठमाडौंदेखि लामो साँघु अथवा बाह्रबिसेसम्म नियमित बससेवा प्राप्त हुन्छ।

१. लामो साँघु, जिरीसिक्री, ठोसे हुँदै

२. दोलालघाट, रामेछाप, ओखलढुङ्गा हुँदै

अक्सर माथिल्लो बाटो बढी चल्ती रहेको देखिन्छ। त्यही बाटो भई हाल काठमाडौंबाट यस जिल्लाको उत्तरी भेकसम्म पैदल भ्रमण गर्ने पर्यटकहरूको संख्या बढ्दो छ। यस जिल्लामा पर्ने हिमाल पर्वतहरू आरोहण गर्न जाने दलहरू पनि काठमाडौंबाट जान पर्दा त्यही बाटो हिंड्ने गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको उत्तरी भेकस्थित नाम्चेबजार जाने दूधकोशीको किनारको अर्को गोरेटो छ। नाम्चे-बजारको हाटमा खाद्यान्न लैजाने मुख्य बाटो त्यही हो। यस जिल्लाबाट तराई जाने मुख्य बाटो ओखलढुङ्गा भएर उदयपुरको कटारी पुग्ने बाटो बढ्ता चल्ती छ। यस जिल्लाबाट हिमालय शृङ्खलाको नाङपाला (५,५०० मिटर अर्थात् १८,०४० फीट भई जनवादी गणतन्त्र चीनको स्वशासित तिब्बत क्षेत्रको टिङ्ग्री क्षेत्र जाने बाटो छ। त्यस बाटो वर्षमा केही महीनाको लागि मात्र खुला रहन्छ। हिउँदमा धेरै हिउँ पर्ने भएकोले यस भञ्ज्याङ बन्द रहन्छ। यो बाटो शेर्पाहरू मात्र हिंड्ने गर्दछन्। यस बाहेक खुम्बू क्षेत्र र दोलखाको रोलवालिङ क्षेत्र जोड्ने बाटो छ। त्यस बाटोमा अन्दाजी ६,००० मिटर (१९,६८० फीट) अग्लो टासिलाप्चा भञ्ज्याङ पास गर्नु पर्दछ। उक्त बाटो धेरै डरलाग्दो भएकोले कम चालू छ।

हवाइ यातायत

यस जिल्लामा निम्न तीन ठाउँमा साना विमान स्थलहरू छन् :—

१. फापलु (सोलुमा)
२. लुक्ला (फरोकमा)
३. स्याङवोचे (खुम्बूमा)

हाल यी विमान स्थलहरूमा शाही नेपाल वायु सेवा निगमले नियमित सेवा चालू गरेको छैन। काठमाडौं-आउने जिल्लाका केही व्यक्तिहरू तथा खुम्बू क्षेत्रको भ्रमण गर्न चाहने पर्यटकहरूको संख्या धेरै भएकोले काठ-माडौं र लुक्ला बीच चार्टर सेवा चालू छ। लुक्ला विमान स्थल यस जिल्लाको सबभन्दा पुरानो तथा बढी चालू रहेको छ। यस हवाइ मैदानको निर्माण वि. सं. २०१० मा भएको हो। लुक्ला भन्ने स्थान नाम्चेबजारबाट अन्दाजी ११ किलोमिटर (सात माइल) दक्षिणमा फरोक क्षेत्रमा पर्छ।

यस जिल्लाको दोस्रो सानो विमानस्थल सदरमुकामदेखि अन्दाजी १½ किलोमिटर (आधा कोस) उत्तर पूर्वमा फापलुमा छ। यस हवाइ मैदानमा सानो विमान मात्र ओर्लन सक्छ।

नाम्चेबजार नजीकको डाँडामा अर्को एउटा सानो "पिलाटस पोर्टर" विमान ओर्लन सक्ने विमान-स्थल निर्माण भएको छ। यस मैदानले त्यही इलाकामा निर्माण भएको एभरेष्ट भ्यू होटेलका ग्राहकहरूको आवागमनमा विशेष सहूलियत दिएको छ। यस हवाइ मैदान संसारको सबैभन्दा उच्च मैदान भएको छ। त्यो विमानस्थल समुद्रको सतहबाट अन्दाजी ३,९०० मिटर अर्थात् १२,८१२ फीट को उचाइमा छ।

तीनवटा हवाइ मैदानहरू भएकोले यस जिल्ला दुर्गम भए तापनि राजधानीसित छिटो सम्पर्कको सहूलियत प्राप्त छ।

सञ्चार

फापलुमा एक छोटी हुलाक; नाम्चेबजार, ऐंसेलुखर्क र नेचा विदेशीमा एक एक शाखा हुलाक तथा जुनबेंसी, टाप्टीङ, सोताङ्ग र चौंलाखर्कमा एक एक अतिरिक्त हुलाक समेत यस जिल्लामा जम्मा आठवटा हुलाक कार्यालयहरू छन्। विदेशी फौजमा भर्ती हुन जाने भएकोले राईहरूको बढी चिट्ठी पत्र आवत जावत हुन्छ। जिल्लाको सम्पूर्ण हुलाक कार्यालयमा सालिन्दा अन्दाजी ५०,००० चिट्ठी पत्रहरू आउने जाने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा तीनवटा आकाशवाणी केन्द्रहरू छन्। सदरमुकाममा रहेको केन्द्र सार्वजनिक उपयोगको लागि रहेको छ। ज्यालसास्थित तिब्बती शरणार्थी क्याम्पमा रहेको आकाशवाणी उनीहरूकै प्रयोगकोलागि र नाम्चे चेक पोष्टको आकाशवाणी प्रहरीको उपयोगको लागि रहेको छ। सल्लेरीस्थित आकाशवाणी केन्द्रबाट सालमा अन्दाजी १,४०० खबर आदान प्रदान हुने अनुमान छ। उक्त केन्द्रबाट सगरमाथा अञ्चलका अन्य छ वटा जिल्लाहरू र काठमाडौंसँग सोझै सम्पर्क राख्न सकिन्छ। काठमाडौंबाट रिले गरिएमा अधिराज्यका सबै आकाशवाणी केन्द्रहरूसँग सम्पर्क राख्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

भौगोलिक दृष्टिकोणबाट दुर्गम जिल्लाहरूको समूहमा पर्ने भए तापनि शिक्षाको क्षेत्रमा सोलुखुम्बू निकै अगाडि बढेको छ। यहाँको १२.३ प्रतिशत साक्षरतालाई उत्साहप्रद मान्नु पर्दछ। यो जिल्लाको तरुण जनसंख्या विशेषगरेर १० देखि २४ वर्षको उमेर समूह बढी साक्षर भएको देखिन्छ। उमेर समूह जति बढ्दै जान्छ त्यस-अनुसार साक्षर जनसंख्याको अनुपात पनि त्यति नै घट्दै जान्छ। अधिराज्यको अन्य पहाडी जिल्लाहरूमा झैं यहाँ पनि पुरुषको दाँजोमा साक्षर महिलाहरूको संख्या निकै कम रहेको छ। साधारणतया महिलाहरूलाई पुरुष सरह शिक्षा हासिल गर्ने अवसर प्राप्त नहुनु नै त्यसको प्रमुख कारण हो। यहाँको १२.३ प्रतिशत साक्षरता, सगरमाथा अञ्चलको १२.५ प्रतिशत र अधिराज्यको १३.९ प्रतिशतको अनुपात भन्दा कम भए तापनि उक्त अञ्चलका अन्य पहाडी जिल्लाहरूको दाँजोमा बढी नै रहेको देखिन्छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ – ९	६,१५७	६२३	१०.१	६,०४४	१९०	३.१	१२,२०१	८१३	६.७
१०–१४	७,२६०	२,६८४	३७.०	६,४४४	५१७	८.०	१३,७०४	३,२०१	२३.४
१५–१९	५,५४५	१,८११	३२.७	५,०३४	२८४	५.६	१०,५७९	२,०९५	१९.८
२०–२४	३,९७२	१,००१	२५.२	४,३१६	११५	२.७	८,२८८	१,११६	१३.५
२५–२९	३,६८८	७१६	१९.४	४,१९१	७९	१.९	७,८७९	७९५	१०.१
३०–३४	३,२८८	५४९	१६.७	३,६२६	२९	.८	६,९१४	५७८	८.४
३५–३९	३,१९७	५०७	१५.९	३,४१७	३१	.९	६,६१४	५३८	८.१
४०–४४	२,६५४	४३४	१६.४	२,८७७	१८	.६	५,५३१	४५२	८.२
४५–५४	३,८८६	६२०	१६.०	३,७८०	३१	.८	७,६६६	६५१	८.५
५५–६४	२,६५४	३४२	१२.९	२,५३७	२०	.८	५,१९१	३६२	७.०
६५–माथि	१,७४८	१८३	१०.५	१,५९२	१३	.८	३,३४०	१९६	५.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गत एक शिक्षा शाखा रहेको छ। सोही शाखाबाट जिल्लामा भएको प्राथमिक विद्यालयहरूको रेखदेख हुन्छ। केही वर्ष यता यस जिल्लामा शिक्षाको क्षेत्रमा केही प्रगति भएको छ। दुर्गम शेर्पा गाउँहरूमा शिक्षाको प्रसार गर्ने कार्यमा सर एडमण्ड हिलारीले स्थापना गरेको "हिमालयन ट्रष्ट" को सहयोग प्रभावकारी भएको छ। हाल केही विद्यालयहरू उक्त ट्रष्टबाट सञ्चालन गरिएका छन्। निःशुल्क पढाइको साथै पाठ्यपुस्तकहरू दिइन्छ। हाल यस जिल्लामा ८४ वटा प्राथमिक विद्यालयहरू, नौ वटा निम्न माध्यमिक र तीन वटा माध्यमिक विद्यालयहरू छन्।

वि. सं. २०२८ को जनगणनानुसार यो जिल्लामा छ देखि १५ वर्षसम्मको विद्यालयमा पढ्न सक्ने जनसंख्या २८,६२८ अर्थात् कुल जनसंख्याको अन्दाजी २७.२ प्रतिशत छ। हाल यहाँको सबै विद्यालयहरूमा जम्मा ४,६५७ मात्र विद्यार्थीहरू रहेको देखिन्छ। उक्त संख्या जिल्लाको कुल विद्यालय जान सक्ने जनसंख्याको अन्दाजी १६.३ प्रतिशत मात्र रहेको छ। आर्थिक सङ्कटको कारण यहाँको बालबालिकाले सानै उमेरदेखि आर्थिक लाभ हुने काममा लाग्नु पर्ने स्थिति छ। अतः १० वर्ष उमेर पुगेकाहरूलाई आर्थिक लाभ हुने व्यवसायमा लाग्न सक्ने हिसाबले छ देखि नौ वर्षसम्म उमेर पुगेका जनसंख्यालाई प्राथमिक विद्यालयमा पढ्न सक्ने भनी हिसाब गर्दा उक्त उमेर समूहमा जम्मा १२,२०१ जना छन्। यस संख्याको अनुपातमा हाल जिल्लामा प्राथमिक विद्यालयहरूमा अध्ययन गरिरहेका ४,००९ अन्दाजी ३२.९ प्रतिशत हुन आउँछ।

यस जिल्लामा सञ्चालन भइरहेको प्राथमिक विद्यालयको स्थिति निम्न बमोजिम रहेको छः—

	विद्यालय संख्या	शिक्षक संख्या
श्री ५ को सरकारबाट आर्थिक सहायता प्राप्त विद्यालय	६६	१४२
श्री ५ को सरकारबाट स्वीकृति प्राप्त आर्थिक सहायता नपाएका	८	१८
श्री ५ को सरकाबाट सञ्चालित पूर्ण सरकारी विद्यालय	२	२
हिमालयन ट्रष्टबाट सञ्चालित विद्यालय	७	१०
स्वीस प्राविधिक सहायता संघबाट सञ्चालित विद्यालय	१	५

प्राथमिक विद्यालयमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या ४,००९ मध्ये ३,६७७ छात्र र ३३२ छात्राहरू छन्। प्राथमिक विद्यालयहरूमा पढाइरहेका जम्मा शिक्षक १७७ मध्ये ५५ जना तालिम प्राप्त रहेका छन्। तीमध्ये चार जना शिक्षिकाहरू छन्। यस जिल्लामा विशेषगरेर ब्राह्मण, क्षेत्रीहरू शिक्षामा बढी रुचि लिन्छन्। तर शेर्पा र नेवारहरू पनि बढ्दो मात्रामा केटाकेटीहरूलाई पढ्न पठाउँछन्।

यस जिल्लामा नौ वटा निम्न माध्यमिक विद्यालयहरू छन्। त्यसमध्ये दुई वटा जुनबेंसी र खुम्बूमा सञ्चालन गरिएका छन्। दुईवटालाई स्वीकृति प्राप्त भएको र पाँच वटालाई सरकारी आर्थिक सहायता दिइएको छ। निम्न माध्यमिक विद्यालयहरूमा जम्मा ४३४ विधार्थीहरू छन्। जसमध्ये ३५४ छात्र र ८० छात्रा छन्। निम्न माध्यमिक विद्यालयहरूमा २९ जना शिक्षकहरू छन्। केही शिक्षकहरूले प्राथमिक विद्यालयहरूमा पनि काम गर्ने गरेका छन्।

यस जिल्लामा तीनवटा माध्यमिक विद्यालयहरू छन्। एउटा विद्यालयलाई माध्यमिक स्तरको आर्थिक सहायता, अर्कोलाई निम्न माध्यमिक स्तरको आर्थिक सहायता दिइएको छ। तेस्रोलाई स्वीकृतिमात्र प्रदान गरिएको तर आर्थिक सहायता प्राप्त भएको छैन। ती माध्यमिक विद्यालयहरूमा २१४ विद्यार्थीहरू छन्। जसमध्ये २४ जना छात्राहरू छन्। यसमा २० जना शिक्षक शिक्षिकाहरू छन्। माध्यमिक विद्यालयहरूमा काम गर्ने केही शिक्षकहरूले नजीक रहेका निम्न माध्यमिक विद्यालयहरूमा पनि काम गर्ने गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा रहेका अधिकांश प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूका आफ्नै भवनहरू छन्। अन्दाजी ४० वटा प्राथमिक विद्यालय भवनहरू कच्ची (फूसको छानो भएको) र बाँकी पक्की (ढुङ्गा, टीन, काठको छाना भएको) छन्। तालिम प्राप्त शिक्षकहरूको कमी र शैक्षिक सामग्रीहरू आदिको अभाव नै मुख्य समस्याहरू हुन्। यस जिल्लामा आर्थिक वर्ष २०३१।३२ देखि राष्ट्रिय शिक्षा पद्धति लागू हुँदैछ।

स्वास्थ्य

यस जिल्लामा एक अस्पताल, दुई स्वास्थ्य केन्द्र, एक स्वास्थ्य चौकी, एक औषधालय र एक आयुर्वेदीय औषधालय छन्। यस जिल्लाको एक मात्र अस्पताल उत्तरी भेकको खुम्जुङ उपत्यकामा खुन्दे गाउँमा रहेको छ। जिल्लामा भएका स्वास्थ्य केन्द्रहरू एक ऐंसेलुखर्क र अर्को नाम्चे बजारमा रहेका छन्। जिल्लाको सदरमुकाम सल्लेरीमा एक स्वास्थ्य चौकी, ज्यालसा तिब्बती शरणार्थी क्याम्पमा रेडक्रसबाट सञ्चालित एक डिस्पेन्सरी र नेले बजारमा एक आयुर्वेदीय औषधालय राखिएका छन्।

खुम्जुङस्थित अस्पतालमा एक्स-रे मेशीन जडान गरिएको छ। त्यस अस्पतालले उत्तरी भेकका मानिसहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ।

सल्लेरी स्थित स्वास्थ्य चौकीमा उपचार गरिएको बिरामी संख्या निम्नअनुसार रहेको छः–

आर्थिक वर्ष ०२७।०२८	४,३९९
आर्थिक वर्ष ०२८।०२९	५,४७९
आर्थिक वर्ष ०२९।०३०	३,९९१

यस जिल्लामा बिफर उन्मलन, औलो उन्मूलन आदि अभियानहरू पनि सञ्चालन भइरहेका छन्। साथै परिवार नियोजनको सेवा पनि उपलब्ध गराइएको छ।

यस जिल्लामा परम्परागत उपचारहरू जस्तै धामी, झाँक्री, विजुवा, वेदाङ लगाउने प्रथा पनि प्रचलनमा रहेको छ। तर आधुनिक औषधोपचारको बढी मात्रामा प्रयोग हुँदैछ।

साधारणतया यस जिल्लामा सफाइको कमी, पिउने पानीको राम्रो व्यवस्था नभएको तथा पौष्टिक खानाको कमीले गर्दा पेटमा जुका लाग्ने, आउँ रगत पर्ने र क्षयरोग लाग्ने हुन्छ। जिल्लाको केही भागमा अतिशीत प्रधान जलवायुको प्रभाव परेकोले रुघा, निमोनिया, आदिले बराबर सताइरहन्छ।

खानेपानी

यस जिल्लामा ठूलो जनसंख्या एकै ठाउँमा नरहेको हुनाले धेरै गाउँहरूलाई खानेपानीको वितरण गर्न सकिने ठूला आयोजना सञ्चालन भएका छैनन्। अधिकांश गाउँहरूमा कुवा, पँधेराको पानीको साथै खोलाको पानी नै उपयोग गर्ने गरिएको छ। यस बाहेक विकास कार्यक्रम अन्तर्गत गाउँ पञ्चायत मार्फत अन्दाजी ३० वटा साना खानेपानी आयोजना कार्यान्वयन गरिएका छन्। ती आयोजनाहरूबाट अन्दाजी ४७ धाराहरू निकाली अनुमानित १०,००० मानिसलाई पिउने पानी उपलब्ध गराइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गत रहेका शिक्षा र माल बाहेक यस जिल्लामा जिल्ला भूमिसुधार, जिल्ला प्रहरी थाना, कारागार आदि सरकारी कार्यालय सल्लेरीमा रहेका छन् । ती बाहेक यस जिल्लामा स्वास्थ्य, हुलाक, सञ्चार आदि सम्बन्धी कार्यालयहरू पनि रहेका छन् ।

सदरमुकामस्थित प्रमुख जिल्ला अधिकारी तथा अन्य कार्यालयहरू बाहेक यस जिल्लाको उत्तरी सीमावर्ती १० वटा गाउँ पञ्चायतहरूको इलाका ढाक्ने गरी उत्तरी प्रशासन लागू भएको छ । यसको केन्द्र बजारमा रहेको छ ।

न्याय

यस जिल्लामा एक जिल्ला अदालत रहेको छ। सो अदालत सल्लेरी बजार नजीकै रहेको छ। उक्त अदालतमा परेको तीन वर्षको विभिन्न मुद्दाहरूको संख्या निम्निअनुसार छ :–

	०२७।२८	०२८।२९	०२९।३०
फौजदारी	३६२	२५१	१८५
देवानी	१५१	१६५	१४२

यस जिल्लामा देवानी भन्दा फौजदारी सम्बन्धी मुद्दा धेरै देखिन्छ।

पञ्चायत

आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाको जिल्ला सभा कोषमा जम्मा रू. ८,७१०। मात्र आम्दानी भएको देखिन्छ। यस जिल्लाको ५० गाउँ पञ्चायतहरूमध्ये सोही सालमा सबभन्दा बढी आम्दानी सल्लेरी गाउँ पञ्चायत र सबभन्दा कम चौंलाखर्क गाउँ पञ्चायतमा भएको देखिन्छ। आर्थिक वर्ष २०२९।३० मा सल्लेरी गाउँ पञ्चायतको लक्ष रू. ७,०००। भएको मा जम्मा रू. ५,२७१। मात्र आम्दानी भएको थियो।

गाउँ पञ्चायतको आम्दानी श्रोतमा हटिया कर, बन्दूक, रेडियो आदिको इजाजत पत्र नवीकरण दस्तूर छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा मजदूर संगठन बाहेक अन्य सबै वर्गीय संगठनका समितिहरू स्थापना भएका छन् । युवक संगठनको ११, महिला संगठनको ११, किसान संगठनको ११ र भूत पूर्व सैनिक संगठनको १० वटा प्रारम्भिक समितिहरू स्थापना भइसकेका छन् । यस जिल्लामा भएको चार वटा वर्गीय संगठनहरूको सदस्य संख्या तल दिइएको छः—

नेपाल युवक संगठन	१४५
नेपाल महिला संगठन	१५८
नेपाल किसान संगठन	२२४
नेपाल भूत पूर्व सैनिक संगठन	१२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

श्री ५ को सरकारको विभिन्न मन्त्रालय र विभागहरू अन्तर्गत हाल जिल्लामा शिक्षा, स्वास्थ्य, दुग्ध विकास, खानी विकास, कृषि फलोद्यान विकास आदि कार्यक्रमहरू सञ्चालित भइरहेका छन्। यातायात विकासको सिलसिलामा जिल्लाको महत्वपूर्ण पैदल बाटोमा पर्ने सोलुदोभान नजीकै सोलुखोलामाथि रू. ४,१५,०००। को लागतमा एउटा झोलुङ्गे पुल निर्माण गरिने भएको छ र सोलुखोलामाथि थपिएको झोलुङ्गे पुल मर्मत गर्न रू. ५०,०००। को एक अर्को आयोजना कार्यान्वयन गरिएको छ। साथै निजी क्षेत्रमा रू. २४ लाख लगानी हुने गरी एक पर्यटक स्तरको आधुनिक होटेल स्थापना गरिएको छ। यी बाहेक स्थानीय विकास कार्यक्रम अनुरूप श्री ५ को सरकारबाट विकास अनुदान उपलब्ध गराई गाउँ पञ्चायत मार्फत स्थानीय श्रमदान-बाट सञ्चालन गरी केही स-साना योजनाहरू कार्यान्वित भएका छन्।

यस जिल्लामा हालसम्म भइसकेको विकास लगानी बढी मात्रामा यातायातमा नै भएको देखिन्छ। जनश्रम र साधनहरूको परिचालन जिल्लाको आर्थिक सन्तुलनको लागि निक्कै आवश्यक छ। तर उच्च पर्वत शृङ्खलाहरूमा हिउँदमा हिउँ पर्ने र खोला नदीहरूमा वर्षामा भेल आउँदा यातायात बन्द हुन जाने हुँदा मानिस-हरूको आवत जावत तथा व्यापार विनिमयमा बाधा पर्न जाने भएबाट बाटो तथा पुलहरू सम्बन्धी आयोजना-हरूलाई बढी प्राथमिकता दिइनु ठीक देखिन्छ। साथै जिल्लामा सुहाउँदो मात्रामा विकासको वातावरण सिर्जना गर्न यातायातको न्यूनतम सहूलियत उपलब्ध गराई दुर्गमताको अतिशय बोझलाई हटाउनु नितान्त आवश्यक देखिन्छ। यस जिल्लाको विकासमा जिल्लाभित्र तथा छिमेकी जिल्लाहरूसित जिल्लाबासीको आपसी भेटघाट, विचारहरूको आदान प्रदान, व्यापार विनिमय आदिको कमी नै मुख्य तगारो रहेको छ। केही वर्ष यता केन्द्रीय तथा स्थानीय स्तरमा सञ्चालित विकास आयोजनाहरूमा यातायातलाई प्राथमिकता दिए झैं केही वर्षभित्र जिल्लाको आन्तरिक तथा बाह्य यातायातमा सुधार भएपछि विकास कार्यक्रमहरूको छनौट गर्दा अन्य उत्पादनशील आर्थिक कार्यकलापहरूमा लगानी बढ्ने गरी प्राथमिकताको क्रम निर्धारण गर्नु उचित हुनेछ।

उत्पादनहरूको प्रयोग नगण्य रूपमा छ। भविष्यमा यो जिल्लामा हुने पर्यटकहरूको आवागमनबाट जिल्लाबासीलाई विभिन्न रोजगारी दिलाई स्थानीय श्रम शक्तिलाई उठाउन आवश्यक कार्यक्रमहरू जिल्लामा सञ्चालन गरिनु आवश्यक देखिन्छ। यो जिल्लामा पर्यटन उद्योग नै एक मात्र सबभन्दा बढी सम्भावित र ठूलो आर्थिक गतिविधि भएकोले स्थानीय जनश्रम र साधनहरूलाई पर्यटन उद्योग र त्यससँग सम्बन्धित क्षेत्रमा लगाउन सक्नु यस जिल्लाको विकासको लागि एक चुनौतीको रूपमा रहेको छ।

पर्यटन उद्योगको साथै जिल्लाको खाद्यान्नको उत्पादन वृद्धि गर्न स-साना कुलोहरूको निर्माण गरी हिउँदे बालीहरूको प्रचार, आलु खेतीको प्रवर्द्धन आदि कृषि उत्पादन वृद्धि गर्ने खालका कार्यक्रमहरूलाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिकता दिंदै जानु पर्ने देखिन्छ ।

शीतप्रधान जलवायुको प्राधान्यता भएको जिल्ला भएकोले यहाँ खाद्यान्नभन्दा फलोद्यान तथा पशुपालनको विकासको सम्भाव्यता बढी छ । अर्ध उष्ण जलवायुको प्रभाव भएको नदी र खोलाका बेंसीहरूमा सुन्तला, ज्यामीर, कागती आदि रसदार फलफूल र समशीतोष्ण तथा शीतप्रधान जलवायुको प्रभाव परेका होचो डांडाहरुमा आरु, नासपाती, स्याउ, ओखर आदि फलफूल खेतीको सम्भावना छ । यहाँ बढी मात्रामा फलफूल उत्पादन गर्न सकिने देखिन्छ ।

फलोद्यानको साथै पशुपालनको विकासको लागि गरिने प्रयास पनि यो जिल्लाको आर्थिक विकासमा ठूलो टेवा हुन जाने देखिन्छ । नेपालको अधिकांश भागमा पशुपालन सीमान्त व्यवसायको रूपमा देखा परे तापनि यो जिल्लामा भएको लेकालीखर्क सुधार गरिएमा चौंरी तथा नाक पालनको सुव्यवस्था गरी यहाँको आर्थिक सम्बर्द्धनमा केही प्रगति गर्न सक्ने देखिन्छ । साथै हाल यहाँ भएको चीज कारखानाहरूको संख्यामा वृद्धि गर्न सकिने देखिन्छ । काठमाडौं तथा अधिराज्यका अन्य शहरहरूमा मख्खन र घ्यूको लागि यथेष्ट बजार उपलब्ध छ । यहाँ पशु विकासको क्षेत्रमा बढी लगानी गरिएमा खुम्बू इलाकाको बढ्दो पर्यटन उद्योगमा स्थानीय मख्खन, घ्यू, छुर्पी आदि खपत हुने देखिन्छ । त्यसरी पशुविकास र फलफूल विकासलाई पर्यटन उद्योगसँग आबद्ध गर्न सक्नु यो जिल्लाको आर्थिक उन्नतिको द्योतक हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोजपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्पर्श

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	६०१
प्राकृतिक स्वरूप र सम्पदा	६०३
ऐतिहासिक पृष्ठभूमि	६१३
प्रमुख स्थानहरू	६१५
जनसंख्या र जनजीवन	६१९
आर्थिक व्यवस्था	६२६
यातायात र सञ्चार	६३६
शिक्षा, स्वास्थ्य तथा खानेपानो	६४०
प्रशासन र पञ्चायत	६४६
उपसंहार	६५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

नेपाल अधिराज्यभरी खुकुरी र कोगिटा कपडाको लागि ख्यातिप्राप्त भोजपुर जिल्ला घरेलु उद्योगका भाँडाकुँडाको लागि पनि प्रसिद्ध छ। हाल यस जिल्लामा कपास रोपी कपडा बुन्ने र खानीहरूबाट धाउ निकाल्ने चलनहरू लोप हुँदै गएका छन् तापनि घरेलु उद्योगको क्षेत्रमा यस जिल्लाको आफ्नै इतिहास र परम्परा छ। भोजपुर टक्सारमा हाल घरेलु उद्योग विभागको अञ्चलस्तरीय कार्यालय रहेबाट पनि घरेलु उद्योगको लागि सगरमाथा अञ्चलमा यस जिल्लाको विशिष्ट स्थान रहेको कुरालाई पुष्टि गर्दछ।

अधिराज्यका पूर्वी पहाडी जिल्लाहरूमा भोजपुर सुन्तला र कागती जस्ता फलफूलका लागि पनि प्रसिद्ध छ। अलैंची खेती पनि यस जिल्लामा धेरै पहिलेदेखि शुरू भएको हो।

भोजपुर जिल्ला अक्षांश २६°५३' उत्तरदेखि २७°४६' उत्तरसम्म र देशान्तर ८६°५३' पूर्वदेखि ७८°१७' पूर्वभित्र रहेको छ। यस जिल्लाको उत्तर–पश्चिममा सोलुखुम्बू जिल्ला पर्दछ जसलाई अग्ला हिमालय पहाडहरूले छुट्याएका छन्। पश्चिममा मयाम, ट्याम्के, रामचा (भिमचोक) पहाडका श्रेणीहरूले खोटाङबाट पूर्वमा संखुवाखोला र अरुण कोशीले संखुवासभा र धनकुटाबाट तथा दक्षिणमा सुनकोशीले उदयपुर जिल्लाबाट यस जिल्लालाई छुट्याएका छन्। उत्तर-दक्षिण फैलिएको यस जिल्लाको दक्षिण र मध्यभागहरू केही फराकिला छन् र मध्यभागदेखि उत्तरतिर क्रमशः साँगुरिंदै गई उत्तरी सीमाना पुग्दा चुच्चिएर गएको हुंदा यस जिल्लाको आकार दीप-शिखा या मन्दिरको गजूर जस्तो देखिन्छ।

यस जिल्लाको पूर्व पश्चिमको चौडाइ सबै ठाउँमा एकनास छैन र सबभन्दा फराकिलो ठाउँमा करीब ३५ किलोमिटर (११ कोस) चौडा छ। उत्तर दक्षिणको लम्बाइ करीब ९३ किलोमिटर (२९ कोस) छ। जिल्लाको उत्तरमा समुद्र सतहदेखि करीब ७,३२० मिटर (२४,०१२ फीट) अग्लो चामलाङ हिमाली चुचुरो छ भने जिल्लाको दक्षिणमा रहेको अरुण र सुनकोशीको दोभानको उचाइ करीब १५२ मिटर (५०० फीट) मात्र छ। साथै करीब ३०० मिटर (१,००० फीट) मात्र उचाइ भएका होचा बेंसीहरू पनि यहां छन्। यसले गर्दा हिमाली हावापानीदेखि उष्ण मनसुनी हावापानीसम्म पनि यहां पाइन्छ। जिल्लाको यस्तो विशिष्ट भौगोलिक विभिन्नताले गर्दा जिल्लाका विभिन्न भागहरूमा हावापानी र वनस्पतिहरूमा ज्यादै फरक पाइन्छ जुन सगरमाथा अञ्चलका अन्य कुनै जिल्लामा पनि पाइँदैन। भोजपुर जिल्लाको क्षेत्रफल १,८५४ वर्ग किलोमिटर छ। राष्ट्रिय जनगणना (२०२८) अनुसार बढी जनसंख्याको दृष्टिकोणमा सगरमाथा अञ्चलमा यसको तेस्रो स्थान छ भने नेपाल अधिराज्यकै पहाडी जिल्लाहरूमा यसले आठौं स्थान ओगटेको छ। सगरमाथा अञ्चलका पहाडी जिल्लाहरूमध्ये सबभन्दा बढी जनसंख्या १,९४,५०६ यही जिल्लामा रहेको छ। जिल्लाको उत्तरी भागमा गाउँ बस्तीहरू ज्यादै कम छन् र अधिकांश बसो-बास जिल्लाको मध्य तथा दक्षिणी भागमै केन्द्रित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले माझकिरातको नामले परिचित यस क्षत्रमा भोजपुर जिल्लाको विशिष्ट स्थान छ। यस जिल्लामा माझ किरातको पुरानो गढी छ जुन हतुवागढीको नामले प्रसिद्ध छ। किराती राजाहरूको पालादेखि नै राजनैतिक तथा सांस्कृतिक केन्द्रको रूपमा रहिआएको यो जिल्ला माझ किरातका अरू जिल्लाको दाँजोमा राजनैतिक चेतना र आधुनिकताको लागि पहिलेदेखि नै अगुवा हुँदै आएको छ। अठारौं शताब्दीतिर भोजपुरबाट खाँदबारी (संखुवासभा) हुँदै पोपतिलाको भञ्ज्याङद्वारा तिब्बतसँग सोझो र स्वतन्त्र व्यापार मार्ग चल्दथ्यो।[१] त्यसबेलादेखि नै भोजपुर एउटा प्रमुख व्यापार केन्द्रको रूपमा पनि रहिआएको छ।

अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लाहरूमा विभाजन गर्दा यस जिल्लाका केही भाग खोटाङ जिल्लामा गाभिएको हुँदा हालको भोजपुर जिल्ला पहिलेको पूर्व चार नं. जिल्लाभन्दा केही सानो हुन गएको छ। यस जिल्लाको नाम पहिलेको पूर्व चार नं. जिल्लाको सदरमुकामबाट रहन गएको छ। पृथ्वीनारायण शाहले माझ किरातमाथि विजय प्राप्त गरेपछि ठूलो भोज लगाएको ठाउँको नाम भोजपुर रहन गएको हो भन्ने यहाँको जनश्रुति छ।

यस जिल्लाका मुख्य बासिन्दा किराती (राई) हरू नै हुन्। वैशाख पूर्णिमामा मनाइने "चण्डी" चाड यहाँको मुख्य चाड हो।

सगरमाथा अञ्चलमा परे तापनि यातायातको सुगमताले गर्दा यस जिल्लाको व्यापारिक तथा सामाजिक सम्पर्क कोशी अञ्चलका जिल्लाहरूसित नै ज्यादा छ। व्यापार तथा वाह्य यातायातको लागि धरान र विराटनगरसँग यसको विशेष सम्पर्क रहिआएको छ।

जम्मा ६५ गाउँ पञ्चायतहरू भएको यस जिल्लाबाट राष्ट्रिय पञ्चायतमा दुईजना सदस्यहरू निर्वाचित हुन्छन्। सगरमाथा अञ्चल अदालतको एउटा छुट्टै बेन्च भोजपुरमा रहेको कुराले पनि भोजपुर जिल्लाको विशिष्टता झल्काउँछ।

1. UN-HMG, Nepal Road Feasibility study, Reconnaisance Survey, Part A Report, Dec. 1970, Fig l.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

अग्ला हिमाली चुचुरादेखि लिएर होचा उष्ण बेंसीहरूसम्म रहेको भोजपुर जिल्लाको अधिकांश भाग पहाडहरूले ढाकिएको छ। उचाइको विषमताले गर्दा धेरैजसो हिउँले ढाकिएर रहने ठाउँदेखि लिएर सल्ला र धूपीको साथै उष्ण प्रदेशमा रहने साल जस्ता रूखहरू पनि यहाँ पाइन्छन्। उचाइकै कारणले हिमाली हावापानीदेखि लिएर उष्ण प्रदेशमा पाइने हावापानी पनि पाइन्छ। यहाँका बेंसीहरूमा पहिले औलो पनि लाग्दथ्यो तर हाल औलो प्रायः उन्मूलन भएको छ। लेकतिर डाँफे, मुनाल र कस्तुरी मृग पाइन्छन् भने बेंसीतिर मुजुर जस्ता पशुपक्षी पनि यहाँ पाइन्छन्। उत्तरतिरका हिमाली तथा अन्य उचा लेकहरू प्रायः निर्जन छन् भने दक्षिणतिर बाक्ला बस्तीहरू छन्। खोला, झरना, भीर र पाखाहरूले बनेको यस जिल्लाको विभिन्न भागहरूको हावापानी र वन वनस्पतिमा जुन विषमता रहेको छ त्यस्तो विषमता सगरमाथा अञ्चलका अन्य कुनै जिल्लाहरूमा पाइँदैन।

भौगोलिक बनावट

भोजपुर जिल्लाको सम्पूर्ण भाग पहाड, डाँडा तथा नदीका साँगुरा बेंसीहरूले भरिपूर्ण भएको हुँदा समथर जग्गा अथवा मैदानी भाग छँदै छैन भने पनि हुन्छ। यस जिल्लाभित्र उत्तरमा हिमालय पहाडबाट छुट्टिएर आएका अग्ला श्रेणीहरू तथा महाभारत पहाडका साना ठूला श्रेणीहरू जताततै फैलिरहेका पाइन्छन्। त्यसैले भौगोलिक विभाजन गर्न गाह्रो परे तापनि उचाइको हिसाबले यस जिल्लालाई मुख्यतया चार भागमा विभाजन गर्न सकिन्छ।

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी तथा टार प्रदेश

हिमाली प्रदेश

जिल्लाको उत्तरी भागमा ४,८७८ मिटर (१६,००० फीट) देखिमाथिको हिमालयको अग्लो श्रेणी पर्दछ। यो श्रेणी उत्तर कुम्भकर्ण र महालंगूर हिमालयको मध्य भागबाट उत्तर दक्षिण फैलिएका हाँगाहरूमध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक हो। यो श्रेणी उत्तरमा संखुवासभा र सोलुखुम्बूको सीमाना भई दक्षिणतिर आएको छ र चामलाङ चुचुरोनिर आएपछि भोजपुर जिल्लाभित्र पस्दछ। त्यहाँबाट यो श्रेणी करीब १६ किलोमिटर (१० माइल) दक्षिणसम्म फैलिएको छ। ४,८७८ मिटर (१६,००० फीट) देखि अग्लो भू-भाग भएकोले यो क्षेत्रलाई सँधै हिउँले ढाकिराखेको हुन्छ। यस जिल्लाको सबैभन्दा अग्लो टाकुरा चामलाङ चुचुरो यसै क्षेत्रभित्र पर्दछ। यसको उचाइ ७,३२० मिटर अथवा २४,०१२ फीट छ। ज्यादै उचाइमा परेको हुँदा यो भू-भागमा कुनै कुनै ठाउँमा झ्याउ सिवाय कुनै पनि वनस्पति उम्रँदैन। त्यसैकारण यो क्षेत्र आर्थिक दृष्टिकोणले त्यतिको लाभदायक छैन। चामलिङ चुचुरोको दक्षिणतिर कोप्चो परेर बनेको ठाउँमा चारैतिरबाट आई जम्मा भएको हिउँ तल गर्मी ठाउँमा पुगेपछि पग्लेर संखुवाखोला बन्छ र अरुणकोशीमा मिल्न जान्छ। यसै क्षेत्रमा ४,८७८ मिटर अथवा १६ हजारदेखि ७,३२० मिटर अथवा २४ हजार फीटसम्म अग्ला अरू चुचुराहरू पनि छन्। सावने खेम्पालुङ चुचुरोको उचाइ करीब ५,५५० मिटर (१८,५८७ फीट) छ।

लेकाली प्रदेश

यसमा हिमालय प्रदेशकै हाँगाहरू उत्तर-दक्षिण फैलिएर आएका श्रेणीहरू पर्न आउँछन्। उचाइको हिसाबले यो भाग ३,३५४ मिटर (११,००० फीट) भन्दा माथि ४,८७८ मिटर (१६,००० फीट) सम्म पर्न आउँछ। यो क्षेत्र मयाम डाँडाभन्दा माथि साल्पा भञ्ज्याङ हुँदै उत्तरमा गएर हिमाली क्षेत्रसित जोडिएको छ। उत्तरमा हिमाली क्षेत्रदेखि दक्षिणमा मयाम डाँडासम्म यसको लम्बाइ झण्डै १९.२ किलोमिटर (१२ माइल) लामो छ। साल्पा भञ्ज्याङ देखि उत्तरको भागमा ज्यादै तीखा धारहरू भएका नाङ्गा पहाडी श्रेणीहरू पाइन्छन्। यो क्षेत्र हिउँदमा करीब छ महीनाभन्दा बढी हिउँले ढाकिन्छ। गर्मी महीनामा हिउँ पग्लन थालेपछि नयाँ घाँसहरू पलाउनुको साथै रङ्गबिरङ्गका फूलहरू देखा पर्दछन्। यो क्षेत्र गर्मीको मौसममा वस्तु चराउन ज्यादै उपयुक्त देखिन्छ। लेकाली प्रदेशको तल्लो भाग २,५०० मिटर (८,२५० फीट) सम्मलाई पनि मान्न सकिन्छ। यस भागमा गुराँसका वन प्रधानरूपले रहेको हुन्छ। खेती-पातीमा यहाँ फापर र मकै लगाइन्छ।

पहाडी प्रदेश

उचाइका हिसाबले यो क्षेत्र करीब ९०० मिटर (३,००० फीट) देखि २,५०० मिटर (८,२५० फीट) को बीचमा पर्दछ। जिल्लाको करीब आधाभन्दा बढी भाग ढाकेको यो क्षेत्र साना ठूला नदी तथा खोलाले काटेको हुँदा छिया छिया परेको छ। यसका मुख्य श्रेणीहरूमा टचाम्के डाँडा, मयाम डाँडा तथा राप्चा मिम्चोक हुन्। यिनीहरूलाई उत्तरबाट दक्षिणतिर तेर्सिएर आएका हिमालय प्रदेशकै हाँगा भन्न सकिन्छ। मुख्य हाँगा उत्तर-दक्षिण फर्केर रहेको भए तापनि यसकै शाखाहरू पूर्व-पश्चिम पनि फैलिएका छन्। यसको मुख्य हाँगाको ढाल यस जिल्लाको पूर्वतर्फ फैलिरहेको छ। यस डाँडाको धेरैजसो भागहरूबाट साना-साना खोलाहरू निस्केर प्रायः सबै जसो अरुणकोशी तथा सुनकोशीमा गएर मिल्दछन्। यी पहाडी श्रेणीहरू विशेष गरी बलौटे ढुङ्गा, चूनढुङ्गा, सिंहमर्मर, स्लेट तथा अरू धेरै परिवर्तित चट्टानहरूको मिश्रणबाट बनेका छन्। भू-उपयोगको दृष्टिकोणले यो क्षेत्रको उच्च भाग कोणधारी जङ्गलले भरिएको छ र मध्य तथा तल्लो भागको जगामा पाखे बालीहरू प्रशस्त लाग्छन्। जिल्लाको घना बस्ती यस प्रदेशको अलि होचो भागहरूमा पाइन्छ। यस क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरोटा, मयाम डाँडा, टचाम्के डाँडा, राप्चो डाँडा, साउने डाँडाका चुचुराहरू पर्दछन् ।

बेंसी तथा टार प्रदेश

लगभग ६०० मिटर (३,००० फीट) भन्दा मुनि ठूला तथा साना नदीहरूले पहाडी भागलाई काटेर बनाएका बेंसी प्रदेशलाई यस जिल्लामा अलग्गै प्राकृतिक स्वरूप मान्न सकिन्छ । यसमा अरुणकोशी, सुनकोशी, पिखुवा खोला, छिन्ताङ खोला, इखुवा खोला, सिसुवा खोला आदिका बेंसीहरू तथा यिनीहरूको मध्यभागमा पानी ढलोको रूपमा काम गरिरहेका टारहरू पर्न आउँछन्। बेंसीहरूमा प्रायः होचो भाग स्थानीय मूलको पानी तथा कुलोबाट सिंचित भएको पाइन्छ । यसरी सिचाइको राम्रो व्यवस्था भएको खण्डमा यी बेंसीहरूमा प्रशस्त बाली उब्जाउ गर्न सकिन्छ । कुनै कुनै भाग ६०९ मिटर (२,००० फीट) भन्दा पनि होचो हुने हुँदा त्यहाँ निक्कै गर्मी पनि हुन्छ । यस क्षेत्रमा पहिले औलो पनि लाग्दथ्यो । जिल्लाभित्र यत्रतत्र छरिएर रहेका टारहरूमा बाज बर्ने टार, पानी टार, पौडेल टार, सिद्ध टार, सिखिम टार, कर्तिटार, खरखे टार, वयाम टार, वाउसे टार, वोखिम टार, हलुङ टार, माजि टार, रानी टार, मग्सीन टार, जगान टार, काम्ला टार, खर्काली टार, डुस्के टार, दिवि टार, काम्ले टार, शिभुवा टार आदि प्रमुख हुन् । यी टारहरूमा खालि आकाशको भरमा मात्र खेती हुन्छ । रातो तथा फोस्रे माटोले बनेको यो भाग प्रायः सुख्खा नै हुन्छ । यसमा वर्षको एक बाली मात्र पाक्दछ ।

नदीनालाहरू

भोजपुर जिल्लाका सीमानाहरूमा अरुण र सुनकोशी जस्ता ठूला नदीहरू छन् । जिल्लाको पूर्वी सीमानामा रहेको अरुणकोशी तिब्बती क्षेत्रको निकै भित्रबाट आएको र यसमा अरू साना ठूला नदीहरू पनि मिल्ने हुनाले यसलाई अधिराज्यका ठूला नदीहरूमा गणना गरिन्छ । जिल्लाको दक्षिणी सीमानामा रहेको सुनकोशी पनि यस जिल्लामा आइपुग्दासम्ममा इन्द्रावती, तामाकोशी, दूधकोशी आदि ठूला नदीहरू मिसिएर निक्कै ठूलो भइसकेको हुन्छ । जिल्लाको पूर्वी सीमानामा रहेको संखुवा खोला अर्को प्रमुख नदी हो र यो अरुणमै मिल्न गएको छ ।

ठूला नदीहरू बाहेक जिल्लाभित्र अरू साना ठूला खोलाहरू यत्रतत्र रहेका छन् । जिल्लाभित्रका नदीहरू पनि अरुण वा सुनकोशीका सहायक नदीहरू हुन् । संखुवा खोला बाहेक अरुणका अरू सहायक नदीहरूमा सिखुवा, इखुवा, चिर्खुवा, छिन्तालुङ र पिखुवा खोला प्रमुख छन् । सुनकोशीका सहायक नदीहरूमा इखुवा र बुबा खोलाहरू प्रमुख छन् । जिल्लाभित्रको प्रमुख नदी पिखुवा खोला हो जुन छिनामखु गाउँ पञ्चायतको आसपासदेखि जैसीघाटको केही उत्तरतिर पुगी अरुणमा मिल्दछ । यसरी दक्षिण-पूर्व बगेको पिखुवा खोलाले जिल्लाको मध्यदक्षिणी क्षेत्रलाई झण्डै दुई भागमा विभाजन गरेको छ । जिल्लाका अरू नदीमा अखुवा, सिनदेल, कावा, नेवा, सुखे, बनखु, खकुवा, बेंरे, चिचुवा आदिलाई लिन सकिन्छ । अखुवा र कावा पछि गएर पिखुवामै मिल्न पुग्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताल र झरना

यहाँको सबभन्दा ठूलो ताल साल्पा पोखरी हो। सुनपाती, भैंरोपाती र धूपीका जङ्गलले चारैतिर घेरिएका पहाडहरू बीचको उपत्यकाभित्र यो पोखरी छ। इखुवा खोला यहींबाट निस्कन्छ। वैशाख पूर्णिमा र ऋषि तर्पणी पूर्णिमामा स्नान गर्ने तीर्थ स्थलको रूपमा यो रहेको छ। बाला गाउँ पञ्चायत अन्तर्गत समुद्र सतहबाट करीब ४,५०० मिटर (१५,००० फीट) उचाइमा कालपोखरी नामको ठूलो ताल छ। अरू तालहरूमा पोवा च्याङ्ग्रेको पञ्चकन्या पोखरी र साउने थुम्को नजीकै जलजले धापमा रहेको हंस पोखरीलाई लिन सकिन्छ।

दिङ्लादेखि उत्तर सिक्तेलटार माथि चिर्खुवा खोलाको छाँगालाई जिल्लाको सबभन्दा ठूलो र लामो झरना मानिन्छ। अन्य झरनाहरूमा दावाको तीन छाँगे झरना, जुगे खोलाको झरना र बोखिमको झरना उल्लेखनीय छन्।

हावापानी

औलो लाग्ने होचा बेंसीदेखि लिएर सदा हिउँ रहने हिमाली क्षेत्रका करीब १५२ मिटर (५०० फीट) देखि ७,३२० मिटर (२४,०१२ फीट) सम्म अग्ला ठाउँहरू भएको यस जिल्लाको हावापानी ठाउँ ठाउँमा फरक पाइन्छ।

अधिराज्यका अरू भागमा झैं यस जिल्लामा पनि दक्षिण-पूर्वबाट आउने दक्षिण-पश्चिम मनसुनको प्रभावले गर्दा असारदेखि झण्डै भदौसम्म वर्षा हुन्छ। हिउँदमा दक्षिण पूर्वी मनसुनको प्रभाव यहाँ कमै रहन्छ तापनि त्यस बेला केही आँधीबेरी र खण्डवृष्टि हुन्छ। साधारणतया जिल्लाको हावापानीको अवस्था अन्य मध्यपहाडी क्षेत्रका जिल्लाहरूमा झैं असारदेखि भदौसम्म पानी पर्ने, बादल लाग्ने र तापक्रम तथा सापेक्षिक आर्द्रता बढी रहने, असोज कात्तिकदेखि फागुनको आधा आधीसम्म जाडो र सफा मौसम रहने र फागुनको आधा आधीदेखि जेठसम्म गरम, सुख्खा र सफा मौसमको साथै वैशाख जेठतिर आँधीबेरी साथै असिना पर्ने हुन्छ। तर विभिन्न उचाइ भएको यस जिल्लामा उचाइअनुसार एकै महीनामा पनि विभिन्न ठाउँमा विभिन्न तापक्रम रहन्छ। तापक्रम नाप्नको लागि जिल्लाका विभिन्न ठाउँमा मौसम अवलोकन केन्द्रहरूको अभाव छ तापनि यस जिल्ला र खोटाङ जिल्लाका मौसम अवलोकन केन्द्रहरूको अभिलेखबाट तापक्रम र वर्षाको अवस्था तल बयान गरिएको छ।

जिल्लामा मौसम अवलोकन केन्द्रहरू सदरमुकाम भोजपुर बजार (स्थापना २०११ साल) र दिङ्ला (स्थापना २००५ साल) मा छन्। भोजपुर बजारमा रहेको केन्द्रमा तापक्रम, सापेक्षिक आर्द्रता र वर्षा नापिन्छ र दिङ्लामा खालि वर्षा मात्र नापिन्छ। खोटाङ जिल्लाभित्र पर्ने द्वारपा (स्थापना २०१६ साल) भोजपुरको नजीकै पर्दछ र त्यहाँ पनि वर्षा मात्र नापिन्छ। भोजपुर मौसम अवलोकन केन्द्रको सन् १९६२ देखि १९७० सम्मको वायुको औसत तापक्रम तलको तालिकामा दिइएको छ। उक्त अवधिभित्रको अभिलेखअनुसार भोजपुर बजारमा सबैभन्दा बढी तापक्रम २९° से. (८४.२° फ.) सन् १९६६ को मे महीनाको ५ तारीखमा र सबैभन्दा कम तापक्रम २.२° से. (३५.९६° फ.) सन् १९६४ को जनवरी महीनामा ३१ तारीखमा पुगेको पाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तापक्रमको तालिका (सेन्टीग्रेडमा)

(सन् १९६२–१९७० सम्मको औसत)

महीना	औसत अधिकतम	औसत न्यूनतम
जनवरी	१३.७	६.७
फेब्रुअरी	१६.१	८.२
मार्च	१९.८	११.७
अप्रिल	२३.१	१४.९
मे	२३.८	१६.३
जून	२३.९	१८.०
जुलाई	२३.५	१८.३
अगष्ट	२३.७	१८.३
सेप्टेम्बर	२३.३	१७.२
अक्टोबर	२१.९	१४.३
नोभेम्बर	१८.५	१०.७
डिसेम्बर	१५.९	८.०
वार्षिक औसत	२०.५	१३.५

भोजपुरमा सापेक्षिक आर्द्रता वर्षा कालमा ९० प्रतिशत र सोभन्दा बढी भई मौसम निकै ओसिलो रहन्छ र हिउँदमा र गर्मी (ग्रीष्म) मा सापेक्षिक आर्द्रता औसत ५० देखि ७० प्रतिशतसम्म रही मौसम प्रायः सुख्खा रहन्छ ।

भोजपुर र दिङला केन्द्रहरूको साथै तुलनाको लागि भोजपुरको नजीकै तर खोटाङ जिल्लामा रहेको द्वारपामा केन्द्रको वर्षा अभिलेख तलको तालिकामा दिइएको छ ।

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	भोजपुर (१,५२४ मिटर) (१९६२–१९७०)	दिङला (१,६७६ मिटर) (१९६७–१९७०)	द्वारपा (१,८२९ मिटर) (१९६२–१९७०)
जनवरी	१७.२	३.८	१४.१
फेब्रुअरी	१२.९	१३.२	८ ५
मार्च	२७.६	३०.९	२९.१
अप्रिल	५७.२	४४.६	६९.०
मे	११६.३	९६.९	१२६.६
जून	२२१.७	२२३.३	३०८.६
जुलाई	३१७.०	३७३.५	३९५.६
अगष्ट	२२६.०	१९०.१	३११.८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेप्टेम्बर	१७१.७	३८५.१	१८५.७
अक्टोबर	५४.५	१००.९	७९.८
नोभेम्बर	७.६	६.०	१२.७
डिसेम्बर	१.१	०.०	०.६
वार्षिक जम्मा	१,२०८.६	१,४६३.९	१,५३७.१
वर्षभरिमा पानी पर्ने दिनको औसत संख्या	८४	७०	१०७

सन् १९७० सम्मको उपलब्ध अभिलेखअनुसार भोजपुरमा २४ घण्टाभित्र सबभन्दा ज्यादा वर्षा (१३९.८ मिलिमिटर) सन् १९६८ को अक्टोवर ५ तारीखको दिनमा भएको थियो। त्यसै अवधिमा २४ घण्टाभित्र सबभन्दा बढी वर्षा भएको रिकर्ड दिङलामा सन् १९६७ को २१ सेप्टेम्बरमा १३८.० मिलिमिटर र द्वारपामा सन् १९६२ को ८ अगष्टमा १००.० मिलिमिटर वर्षा भएको पाइन्छ।

उपर्युक्त विवरणबाट जिल्लाका विभिन्न ठाउँमा वर्षाको परिमाण फरक रहेको देखिन्छ । पहाडी शृङ्खला र उचाइले गर्दा ठाउँ ठाउँमा वर्षा फरक हुन जान्छ र साधारणतया जिल्लाको उत्तरी भागमा दक्षिणी भागमाभन्दा बढी पानी पर्दछ। विभिन्न स्थानको उचाइले नै उक्त स्थान वा क्षेत्रहरूको हावापानीमा फरक पर्न जाने हुँदा यस जिल्लामा पाइने विभिन्न किसिमका हावापानी मोटामोटी रूपमा निम्न बमोजिम छन् भन्न सकिन्छः–

(१) अति शीतप्रधान हिमाली हावापानी
(२) शीतप्रधान लेकाली हावापानी
(३) ठण्डा शीतोष्ण मनसुनी हावापानी
(४) न्यानो शीतोष्ण मनसुनी हावापानी
(५) उष्ण मनसुनी हावापानी

अति शीतप्रधान हिमाली हावापानी

हिम रेखा (४,८७८ मिटर वा १६,००० फीट) भन्दा माथिका हिमाली क्षेत्रमा यस किसिमको हावापानी पाइन्छ। चाम्लाङ चुचुरो र त्योभन्दा दक्षिणको बाला गाउँ पञ्चायतको केही भागसम्म यस्तो हावा-पानी पाइन्छ। यहाँ बाह्रै महीना हिउँ वा तुसारो पर्ने हुँदा यो भाग हिमाली मरुभूमि जस्तो हुन्छ र झ्याउ र काई बाहेक अरू कुनै किसिमको वनस्पति यस क्षेत्रमा पाइँदैन।

शीतप्रधान लेकाली हावापानी

हिम रेखादेखि मुनि र करीब ३,३०० मिटर (११,००० फीट) उचाइसम्मको भागमा गर्मीमा पनि तापक्रम ज्यादै कम रहने र हिउँदमा धेरै हिउँ पर्ने हुँदा यस्ता ठाउँमा शीतप्रधान लेकाली हावापानी पाइन्छ। यस्तो भू-भाग वर्षमा झण्डै आठ महीनासम्म हिउँले ढाकिने हुनाले यहाँ बाक्लो वन वा ठूला रूखहरू हुँदैनन्। यस्ता क्षेत्रमा धेरै जसो काँढेदार बुटाहरू र वर्षामा हिउँ पग्लेपछि घाँसहरू पाइने हुँदा वर्षामा यहाँका खर्कहरूमा भेडा वा चौंरी गोठहरू राखिन्छन्। यस जिल्लाका उत्तरी र पश्चिमी भागका केही ठाउँहरूमा यस प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हावापानी पाइन्छ ।

ठण्डा शीतोष्ण मनसुनी हावापानी

करीब २,१३४ मिटर (७,००० फीट) देखि ३,३०० मिटर (११,००० फीट) सम्म उचाइ भएको भागमा ठण्डा शीतोष्ण मनसुनी हावापानी पाइन्छ। यस्तो क्षेत्रमा हिउँदमा बढी जाडो हुन्छ, मौसम सफा रहन्छ, गर्मीमा तापक्रम कम हुन्छ र पानी पनि निकै पर्दछ। हिउँदमा केही अग्ला ठाउँमा हिउँ पनि पर्दछ। जिल्लाको उत्तरी भाग र मध्यभागमा यस्तो हावापानीको प्राधान्य छ। यो क्षेत्रमा सदाबहार कोणधारी वन धेरै हुन्छ। यस क्षेत्रको उच्च भागहरूमा गाउँ बस्तीहरू कम र वन तथा वन्य जन्तुहरू धेरै पाइन्छन्।

न्यानो शीतोष्ण मनसुनी हावापानी

करीब २,१३४ मिटर (७,००० फीट) र सोभन्दा होचा डांडा र टार तथा बेंसीहरूमा न्यायो शीतोष्ण मनसुनी हावापानी पाइन्छ। जिल्लाको अधिकांश कृषि-योग्य जमीन र मान्छेहरूको बसोबास यसै क्षेत्रमा पर्दछ। यस क्षेत्रमा हिउँदमा केही जाडो हुन्छ, मौसम सफा र सुखा रहन्छ। वर्षामा केही गर्मी र बदली हुने तथा पानी पर्ने गर्दछ। जिल्लाका उब्जाउ बेंसीहरू यसै क्षेत्रमा पर्दछन्।

उष्ण मनसुनी हावापानी

समुद्र सतहदेखि करीब १५२ मिटर (५०० फीट) सम्म होचा नदी बेंसीहरू पनि यस जिल्लामा पाइन्छन्। त्यसैले नदीका होचा बेंसीहरू खासगरी सुनकोशीका बेंसीहरू र अरुण कोशीका दक्षिण बेंसीहरूमा हिउँदमा कम जाडो र सुखा मौसम रहने तथा वर्षामा निकै गर्मी हुने गर्छ। यस्ता होचा स्थानहरूमा उष्ण मनसुनी हावापानी पाइन्छ। यस्ता बेंसीहरू निकै उब्जाउ छन् र केही वर्ष अघिसम्म पनि यस्ता बेंसीहरूमा औलो लाग्दथ्यो।

प्राकृतिक वनस्पति

जिल्लाको उत्तरमा सारै अग्ला भू-भाग र दक्षिणमा बेंसीहरू सारै होचा हुनाले विभिन्न स्थानमा विभिन्न प्रकारका हावापानी पाइने हुँदा यहाँका वन र वनस्पति पनि विभिन्न किसिमका छन्। यस जिल्लाको प्राकृतिक वनस्पतिलाई मोटामोटी रूपमा निम्न बमोजिम छुट्याउन सकिन्छ।

(१) हिमाली वनस्पति
(२) लेकाली घाँसे वनस्पति
(३) कोणधारी सदाबहार वन
(४) पतझड मनसुनी वन
(५) उष्ण सदाबहार वन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाली वनस्पति

जिल्लाको उत्तरी भागमा ४,८७८ मिटर (१६,००० फीट) भन्दा अग्ला ठाउँहरूमा वर्षाकालमा पनि हिउँ मात्र पर्ने भएको हुँदा ठूलठूला रूख तथा झारपात उम्रन सक्दैनन्। त्यसैले यहाँ खालि काई र झ्याउ मात्र पाइन्छन्। यस्ता काई र झ्याउहरू पनि हिउँले ढाकेका जमीनको बीच बीचमा नाङ्गा ढुङ्गाहरू भएका ठाउँमा मात्रै पाइन्छन्।

लेकाली घाँसे वनस्पति

हिमाली क्षेत्रको दक्षिणमा करीब ३,३०० मिटर (११,००० फीट) देखि ४,८७८ मिटर (१६,००० फीट) सम्मको उचाइमा खालि घाँस र बुटाहरू मात्रै पाइन्छन्। यसै क्षेत्रमा जब पानी पर्न थाल्दछ यहाँ रङ्ग-बिरङ्गका फूलहरू फुल्दछन्। घाँसहरू बाहेक यस क्षेत्रमा अनेक जरीबूटीहरू पनि पाइन्छन्। मुख्यतया यस क्षेत्रमा घाँसकै प्राधान्य हुने हुनाले गर्मी लागेपछि तल्लो भेकका निवासीहरू चौंरी,भेडा आदि चराउन आउँछन्। यस क्षेत्रको लगत्तै मुनि वृक्ष रेखा पर्दछ। त्यहाँ भोजपत्र, गोब्रेसल्ला, चिमाल आदि रूखहरू पाइन्छन्। यहाँ जरीबूटीहरूमा बिष, पाँच औंले, कुडकी आदि पाइन्छन्।

कोणधारी सदाबहार वन

लेकाली घाँसे क्षेत्रभन्दा होचा र करीब २,१०० मिटर (७,००० फीट) देखि ३,३०० मिटर (११,००० फीट) सम्मका अग्ला ठाउँहरूमा कोणधारी रूखका वनहरू पाइन्छन्। यी वनहरू निकै बाक्ला छन् र जिल्लाका महत्वपूर्ण वन पनि यिनै हुन्। यी वनहरू डाँडाका दक्षिणी ढालभन्दा उत्तरी ढालमा बढी बाक्ला छन्। यस किसिमको वनमा मुख्यतया विभिन्न किसिमका सल्ला, गुराँस, धूपी, चाँप, ओखर, ससु आदि पाइन्छन्। कुनै कुनै ठाउँमा निगालाका झाडीहरू पनि पाइन्छन्।

पतझड मनसुनी वन

कोणधारी सदाबहार वन पाइने क्षेत्रभन्दा होचा र करीब १,२०० मिटर (४,००० फीट) देखि २,१०० मिटर (७,००० फीट) सम्मका अग्ला ठाउँहरूमा मिश्रित वनहरू पाइन्छन्। सल्ला, गुराँस आदि यस्ता वनमा पाइन्छन्। यी वनमा मुख्यतया पात्ले, उत्तीस, ओखर, कटुस, बाँस आदि पाइन्छन्।

उष्ण सदाबहार वन

जिल्लाका बेंसी र करीब १५२ मिटर (५०० फीट) देखि १,२०० मिटर (४,००० फीट) सम्मका उचाइ भएका भू-भागमा उष्ण प्रकारको वन पाइन्छ। जनसंख्याको चापले यस्ता वनहरू जिल्लामा धेरै बाँकी छैनन् र जति छन् ती पातला भइसकेका छन्। यी वनहरूमा मुख्यतया साल, खयर, साँज, सिमल, आँप, बाँस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि पाइन्छन् । कतै कतै सल्ला पनि पाइन्छ । यस्तै वनमा रुद्राक्ष पनि पाइन्छ ।

यो क्षेत्रको माथिल्लो ९०० मिटर देखि १,२०० मिटरसम्मको भागमा चिलाउने र धाले कटुसको वन प्रधान रूपले पाइन्छ । जिल्लाका उत्तरी क्षेत्रका अग्ला भू-भागमा रहेका जङ्गलहरू बसोबास क्षेत्रभन्दा टाढा भएकाले प्रायः सुरक्षित अवस्थामा छन् । करीब २,१०० मिटर (७,००० फीट) भन्दा अग्ला क्षेत्रमा रहेका वन नै रूख र काठपातको निमित्त भविष्यका भण्डार हुन् भन्न सकिन्छ । करीब २,१०० मिटर (७,००० फीट) भन्दा होचा मध्य तथा दक्षिणी भागमा रहेका वन जङ्गलहरूबाट स्थानीय जनसंख्याको घाँस, दाउरा र निर्माण-को लागि आवश्यक पर्ने काठपातको माग पूर्ति गर्नु पर्ने हुँदा यस्ता वनहरू निकै मासिइसकेका छन् । त्यसैले जिल्लाको दक्षिणी भागमा जङ्गल साह्रै पातलता भई दाउराको समस्या चर्को हुँदै गएको छ ।

पशु-पक्षी

विभिन्न किसिमका हावापानी र वन जङ्गल भएको यस जिल्लामा विभिन्न किसिमका पशु-पक्षीहरू पाइन्छन् । यहाँ पाइने पशुहरूमा बाघ, चितुवा, भालू, मृग, झारल, घोरल, थार, निगाले, बंदेल, बाँदर, ब्वाँसो, फ्याउरो, स्याल, ओत, खरायो, दुम्सी, सालक आदि हुन् । लेकाली वनमा मृग कस्तूरी, मलसाप्रो आदि पाइन्छन् ।

यहाँ पाइने चराहरूमा डाँफे, कालिज, तित्रा, लुइँचे, च्याखुरा, ढुकुर मुख्य हुन् । यी बाहेक मुजूर, बट्टाइं, जुरेली, रूपी, चील, गिद्ध, काग, रानीचरी, धोबीचरी, भ्याकुरा, लाटोकोसेरो, कोइली, चिबे आदि पनि पाइन्छन् ।

वन संरक्षण

पुरानो चलन अनुसार जिम्मावालहरूले आ-आफ्नो क्षेत्रभित्रका जङ्गलको सुरक्षाको पनि जिम्मा लिने गर्दथे । जिम्मावालको अनुमति लिएर मात्र दाउरा वा अन्य काठपातको लागि रूख काट्न पाइने हुँदा जथाभावी रूख काट्ने प्रवृत्ति कमै पाइन्थ्यो । वन-संरक्षणको परम्परागत नियम र व्यवस्था टुट्न गएपछि वन विभागले प्रभावकारी रेखदेख पुऱ्याउन नसक्दा वन जङ्गल जथाभावी फडानीलाई नियन्त्रण गर्न गाह्रो पर्न गएको छ । वन संरक्षणको महत्व जनतालाई राम्ररी बुझाउन नसकेकाले पनि अनियन्त्रित वन फडानीको समस्या आइ-परेको हो । साधारणतया आजकाल एक व्यक्तिलाई सुके डढेको रूखबाट एकभारी दाउरासम्म ल्याउन छुट दिइएको छ । तर अन्य काठ चाहिएमा प्रमुख जिल्ला अधिकारी कार्यालयबाट पुर्जो लिएर र दस्तूर तिरेर मात्र लिन पाइने व्यवस्था गरिएको छ ।

वन्य-जन्तु संरक्षण बारे पनि प्रमुख जिल्ला अधिकारी कार्यालयबाट स्थानीय गाउँ पञ्चायतहरूलाई पशु-पक्षीहरू मार्न नदिनु भन्ने निर्देशन दिइएको छ । तर जथाभावी शिकार खेल्नमा रोक लगाउने ठोस व्यवस्थाको अभावले गर्दा वन्य जन्तुहरूको संरक्षण गर्न कठिनाइ परेको छ । यस जिल्लामा धेरैजसो पाल्तु पशु-पक्षीलाई बचाउने उद्देश्यले चितुवा, भालू र स्याल जस्ता हिंस्रक पशुहरूलाई मार्ने गरिन्छ । साथै बँदेल, खरायो, मृग आदि पशुहरू र डाँफे, कालिज, लुइँचे आदि चराहरूको शिकार जाल, पासो र बन्दूकद्वारा मार्ने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन्य पैदावार

जिल्ला निवासीहरूका लागि काठ दाउराका साथै यहाँका वनमा खासगरी लेकतिर जरीबूटीहरू प्रशस्त पाइन्छन् । यस्ता जरीबूटीहरूमा नागबेलीको पाउडर, चिराइतो र कुडकी लिन सकिन्छ र यस्ता जरीबूटी विशेष गरी दोभाने, याम्वाङ, वाला, किमालुङ, खाटाम्मा पञ्चायतमा पाइन्छन् र दिङला मूलपानी बजारबाट धरानतिर निकासी गरिन्छ । अन्य वन्य-पैदावारमा सिमकौलीको पात (तेजपात) रिट्ठा र दिङलामा पाइने रुद्राक्ष उल्लेखनीय छन् र यी पनि धरानतिर निकासी गरिन्छन् ।

खनिज पदार्थ

यस जिल्लामा पहिले परम्परागत तरीकाले खानीबाट धाउ निकाल्ने गरिन्थ्यो । हाल यस जिल्लाका खानीहरू बन्द गरिएका छन् । पहिले फलाम र तामाको खानीबाट कृषि औजार र भाँडा-कुँडा बनाउने चलन यहाँ थियो । भोजपुरको खुकुरी र टक्सारमा बनाइने भाँडा–कुँडा अधिराज्यभरि प्रसिद्ध छन् । खानीबाट धाउ निकाली धातुहरू बनाउने काममा यस जिल्लाका लेकतिर बस्ने मगरहरू र कामीहरू लागेका थिए । अहिले पनि थोरै मात्रामा धाउ निकाल्ने र धातुहरूबाट घरायसी प्रयोगको लागि औजार आदि बनाइन्छन् ।

पुराना खानीहरूमा ताँती पञ्चायतको सिरिसे भन्ने स्थानमा रहेको तामाखानी, ओखे पञ्चायतको माझाखानी र धोदलेको तामाखानी, नामन्ता गाउँ पञ्चायतको दलगाउँ र साङपाङ गाउँ पञ्चायतको फाली दोबाटो-मा अभ्रख खानीहरू र पानधारेको माथिल्लो भाग सेल्पेमा फलाम खानी उल्लेखनीय छन् । स्थानीय व्यक्तिहरू यस जिल्लाको धेरै ठाउँमा फलाम खानी रहेको र टचाम्के डाँडोमा अभ्रख तथा सुनको खानी रहेको कुरामा विश्वास गर्दछन् । यस जिल्लामा अभ्रखका खानी छन्, तर खानी कति ठूला छन् भन्ने थाहा हुन सकेको छैन ।[1] यस जिल्लाको कम्पुघाट क्षेत्रमा म्याग्नेसाइटको खानी भएको कुरो थाहा भएको छ ।[2] जिल्लाका खानीहरू बारे विस्तृत अध्ययन गर्नलाई चाहिने ठूला यन्त्रहरू आवश्यक स्थलहरूमा पुऱ्याउन सडक सुविधा नभएकोले अध्ययनमा बाधा पर्न गएको छ र सो नभएसम्म नयाँ वा पुराना खानीहरू खोल्दा आर्थिक लाभ वा हानि के हुने र खानी कति ठूला वा साना छन् भन्ने कुरो यकीन गर्न सम्भव छैन । तर पुराना खानीहरू बन्द भएका र आयात गरिएको तामा र अरू धातुहरूको बढ्दो मोलले गर्दा भोजपुर टक्सारको भाँडा-उद्योग दिन परदिन सेलाउँदै गएको छ । टक्सार-मा पहिले सिरिसे, धोदले र माझाखानीबाट तामाको धाउ निकाली भाँडाकुँडा बनाउने गरिन्थ्यो ।

---

1 *UN- HMG, Nepal Road Feasibility Study, Reconnaisance Survey, Part A, Dec. 1970, Page 79 Map No. 16*

2 *Geological Survey of Kompughat Regtion HMG, Geological Survey Dept.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

पहिले माझ किरातको नामले प्रसिद्ध रहेको यस क्षेत्रको प्रशासन चौदण्डी गढीबाट सञ्चालित थियो। साना-साना गढी र थुमहरूमा विभाजित यो क्षेत्रमा विभिन्न किराती राजाहरूले राज्य गर्दथे।

ईसाको सोह्रौं शताब्दीमा पालपाका सेन वंशीहरूको चकचकी थियो। यस वंशका मुकुन्द सेन (प्रथम) ले नै आफ्नो राज्य विस्तार गरी पूर्वमा पनि आधिपत्य जमाएका थिए। यिनका कान्छा छोरा लोहाङ सेनले पूर्वी तराईका भागहरू समेत जिती मकवानपुर र मोरङ क्षेत्रको राज्य चलाई बसे। त्यसबेला आधुनिक नेपालको पूर्वी भागमा रहेको कोशीक्षेत्र निक्कै शक्तिशाली मानिन्थ्यो। यसरी सेनहरूले आफ्नो राज्य सीमाना झण्डै आधुनिक नेपालको पूर्वी सरहदसम्म पुऱ्याएका थिए। पराक्रमका साथ विजय गरिएका यी क्षेत्रहरू पछि गई मुकुन्द सेनले आफ्ना भाइ छोराहरूमा बाँडिदिए र पूर्वी क्षेत्रचाहिं लोहाङ सेनकै भागमा पर्न गयो। मुकुन्द सेनको मृत्युपछि ई. सन् १६१० तिर लोहाङ सेन यस क्षेत्रका राजा भए।

मकवानपुर र त्यस अन्तर्गतको मोरङ क्षेत्रमा लोहाङ सेनपछि यिनका छोरा राघव सेनले राज्य चलाए। यिनीपछि यिनका छोरा हरिहर सेनले भारतको "गोण्डवारा" सम्म विजय गरी, "हिन्दूमती" को उपाधि पनि प्राप्त गरेका थिए भन्ने इतिहासमा पाइन्छ।

हरिहर सेनका छोराहरूको पालामा राज्य विभाजन सम्बन्धमा झगडा पऱ्यो। पछि गएर यो क्षेत्र विजयपुर तथा मकवानपुरमा विभाजित भई महीपति सेन र मानिक सेन बीच बाँडियो। मकवानपुर राज्य अन्तर्गत कोशीनदीदेखि पश्चिमपट्टि तलहट्टी र भावरमा परेको पर्सासम्मका भागमा जगत सेनले राज्य चलाएका थिए। पछि यसै राज्य टुक्रिई माझ किरातको छुट्टै राज्य ई. सं. १७३५ मा खडा भई यसको राजधानी चौदण्डी गढीमा बनाइयो र यहाँ पनि जगत सेनले नै राज्य चलाए। चौदण्डीको बस्ती भावरमा हुनाले यो तोतर प्रगन्नाभित्र पर्दैनथ्यो। तोतर प्रगन्नाभित्र परेको तलहट्टीमा अम्बरपुर भन्ने प्रसिद्ध बस्ती थियो र हिउँदमा चौदण्डीका राजाहरू त्यहीं गएर बस्तथे। वर्तमान सिराहा तथा सप्तरी जिल्लाहरू पनि यसै अम्बरपुरभित्र पर्दथे।

जगत सेनपछि यिनका उत्तराधिकारीहरूमा मुकुन्द सेन (तेस्रा), विक्रम सेन र कर्ण सेन क्रमसँग राजा भए। सेनहरूको राज्यमा दीवान भई राईहरूले प्रशासन चलाउँथे। बेला बेलामा यिनीहरूमा आपसी कलह भई कहिले राजाले दीवानलाई दबाउने र कहिले दीवानले राजालाई दबाउने भइरहन्थ्यो। यसताका विजयपुर राज्यमा यस्तो स्थिति भए पनि चौदण्डीका सेन राजा र किराती मन्त्रीहरूको बीचमा शुरूदेखि नै राम्रो सम्बन्ध रहेको पाइन्छ। राजाहरू उदयपुर डाँडामा रहेको मगरातमा, भावरमा र अम्बरपुर तराई क्षेत्रमा रहने र मन्त्रीहरू माझ किरातका बस्तीहरूमा प्रशासन गर्ने हुनाले पनि यसो भएको हुन सक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसताका गोरखा,तनहुँ तथा मकवानपुरपट्टि माझ किरात र पल्लो किरातमा समेत खस, ब्राह्मण तथा गुरुङ, मगरहरू सबैं थिए। यिनीहरू सेन राजाहरूको अधीनमा बस्न चाहे पनि किरात मन्त्रीहरूको दबदबा स्वीकार गर्दैनथे। यसै सिलसिलामा कर्ण सेनका प्रमुख कर्मचारी स्वरूप सिंह कार्की र खार्पाका धनाढ्य ब्राह्मण हरिनन्दन उपाध्याय (पोख्र्याल) ई. सं. १७६९ मा नुवाकोटमा गई पृथ्वीनारायण शाह समक्ष आश्रय लिन पुगे। स्वरूप सिंह कार्कीले सर्दारी पाएर सैनिक अफिसर भए। हरिनन्दन पोख्र्याललले "चौदण्डीको माटो लिएर आएको छु, यथासंभव धनको समेत सहायता गर्छु" भन्दा पृथ्वीनारायण शाह प्रसन्न भई "अहिले हाम्रै राज्यमा आएका मामखामा बस्नु, पछि याद गरौंला" भनेर पठाएका थिए। तर यसै बीच निजलाई थाहा नदिई, पृथ्वीनारायण शाहले यस क्षेत्रको परिस्थिति बुझ्न गुप्त रीतले वांग्या बस्न्यात आदिलाई पठाए। पश्चिमपट्टिको लडाइँ रोकिएपछि तथा गुप्त रीतले पूर्वपट्टि पठाइएका मानिसहरू पनि फर्केपछि पृथ्वीनारायण शाहले बख्शी अभिमान सिंह बस्न्यातलाई चौदण्डीमा अधिकार गर्न खटाए। तर माझ किरातमा अधिकार नभएसम्म यिनलाई मकवानपुरमा नै राखे। किरातका पहाड खण्डमा अधिकार गर्न सरदार रामकृष्ण कुँवर र सरदार अमर सिंह थापालाई खटाइयो। यिनीहरू एक एक कम्पनी साथ लिई सुनकोशी तथा दूधकोशीका दोभानमा पुग्दा हरिनन्दन उपाध्यायले पहिलेदेखि तैयार गरिराखेका डुङ्गाहरूको मद्दतले गोर्खाली सेनाले २५ अगष्ट, १७७२ मा कोशी पार गर्‍यो। बाटा घाटामा सैनिक सामान र रसदहरू ओसार्ने कामको निमित्त मुरमी, सुनुवार र थामीलाई किपटको जग्गा दिई बन्दोबस्त मिलाइयो।

यस्ता बन्दोबस्तसाथ रामकृष्ण कुँवर माझ किरातभित्र घुस्दा चौदण्डीको राजधानीबाट टाढा रहेको यस क्षेत्रको सुरक्षाको राम्रो दृष्टि दिइएको थिएन। राजा कर्ण सेन तराई प्रदेश बचाउन मात्र कोशिश गरिरहेका थिए। माझ किरातका खम्बूहरू असहाय रहेको यस अवस्थामा गोर्खालीहरूको आक्रमण विफल तुल्याउन खम्बू युवकहरूले बिषमा चोपिएका काँडहरूको सहायताले लडाइँ गरे, तर गोर्खालीहरूको बन्दूकको अगाडि यिनीहरू-को केही जोर चलेन। यसरी चिसंखु र रावाघाटसम्मका थुममा गोर्खालीको अधिकार भयो। यसपछि हलेसीमा विश्राम गरेर गोर्खाली फौजले भोजपुरको कुलुङ र दिङ्ला थुमहरू लगायत यस भेकका विभिन्न थुमहरूमा अधिकार गरे। यसपछि सुनकोशीदेखि उत्तरपट्टि परेको माझ किरात जतिमा जनवरी १७७३ मा अधिकार भयो। सुनकोशीदेखि दक्षिणपट्टिको भागमा रहेको माझ किरातको खण्डमा १७७३ ई. को फेब्रुअरी महीनामा दखल गरी माझ किरातको दखल पूरा भयो।[1]

त्यसपछि पृथ्वीनारायण शाहले बख्शी अभिमान सिंह बस्न्यात र सर्दार पारथ भण्डारीलाई चौदण्डी आक्रमण गर्न पठाए। राजा कर्ण सेन पहिले नै भागेर विजयपुर गएकाले चौदण्डीको राजधानी सजिलै-सँग गोर्खालीहरूले जिते। यो भाग नेपाल अधिराज्यमा सम्मिलित भयो। त्यस भेकमा जनतालाई घर, खेत तथा धन दौलतको सुरक्षाको आश्वासन दिई, निजहरूले परम्परागत रीतिथितिमा रहन पाउने पृथ्वीनारायण शाहको सन्देश थुम-थुम, प्रगन्ना-प्रगन्नामा सुनाइयो र शान्ति स्थापना गरियो। किरातीहरूलाई किपट जमीनको विशेष अधिकार पनि दिइयो। हरिनन्दन उपाध्यायले पनि उनले लडाइँमा गोर्खालीहरूलाई सहयोग गरे वापत ठूलो बिर्ता पाए।

---

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, पृष्ठ ६०२–६०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

भोजपुर

पहिले माझ किरात र पछि पूर्व चार नम्बर को सदरमुकाम रहेको भोजपुरकै नामबाट पछि गएर जिल्लाको नामकरण भएको हो। जिल्लाको सदरमुकामको साथै मुख्य बजार पनि यहीं छ। संवत् १९३६ देखि नै भोजपुरमा बजार बस्दै आएको छ।

समुद्र सतहबाट करीब १,५२४ मिटर (५,०६० फीट) को उचाइमा यो अवस्थित छ। यहाँ रहेको मौसम अवलोकन केन्द्रको सन् १९६२ देखि १९७० सम्मको अभिलेख अनुसार यहाँ वर्षभरिमा औसत १,२०८ मिलिमिटर पानी पर्दछ र तापक्रम हिउँदमा २.२° से. देखि गर्मीमा २०° से. सम्म पुग्दछ।

यहाँ हुलाक, आकाशवाणी, अस्पताल, माध्यमिक विद्यालय र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक अध्ययन संस्थानको प्रमाणपत्र स्तरको क्याम्पस, नेपाल लोक सेवा आयोग अञ्चल कार्यालयका साथै प्रमुख जिल्ला अधिकारी कार्यालय, अञ्चल अदालतको एउटा बेञ्च, जिल्ला प्रहरी कार्यालय र अन्य सरकारी तथा संस्थानहरूका जिल्लास्तरीय कार्यालयहरू पनि छन्।

जिल्लाको मुख्य व्यापार केन्द्रको रूपमा रहेको यहाँको बजार ओखलढुङ्गा, खोटाङ र सोलुखुम्बूको निमित्त पनि वितरण केन्द्रको रूपमा रहेको छ। चौडा स्लेट र ढुङ्गाले छापेको बाटोका दायाँबायाँ पसल र घरहरू भएको बजार पूर्व-पश्चिम फैलिएको छ र पश्चिम छेउमा उत्तर-दक्षिणको अर्को लाइन जोडिएर अंग्रेजी अक्षर "T" को आकार परेर बसेको छ। भोजपुर बजार सगरमाथा अञ्चलमा पर्ने भए तापनि यातायातको सुगमता
र निकटताले गर्दा पनि कोशी अञ्चलका धरान बजारसँगै यसको मुख्य व्यापारिक सम्पर्क रहेको छ।

भोजपुर बजारको सिरानमा सिद्धकालीको प्रसिद्ध मन्दिर छ।

भोजपुरको सम्पर्क धनकुटा, धरान र विराटनगरसँग ज्यादा भएकोले आवत जावत पनि त्यतै भएर
गरिन्छ। विराटनगरदेखि धरानसम्म बसमा गई त्यहाँबाट पैदल धनकुटा हुँदै भोजपुर जाने गरिन्छ। भोजपुर-
बाट धनकुटा हुँदै धरान जान करीब ८३ किलोमिटर (२६ कोस) पार गर्नुपर्छ। भोजपुरबाट पैदल तीन दिनमा
धरान पुग्न सकिन्छ। भोजपुरबाट सोझै चतरा निस्कने बाटो करीब १८ कोस लामो छ र चतरा पुग्न तीन दिन
लाग्दछ। तर यो बाटो सोझो भए तापनि बराह क्षेत्रदेखि त्रिवेणीसम्म तीन माइल बाटो खोला र पहरा पर्ने
हुनाले अप्ठ्यारो पर्दछ। वर्षामा खोलानाला बढ्दा धनकुटा भएर नै आउने जाने गरिन्छ।

अञ्चल सदरमुकाम राजविराजसँग यसको सोझो सम्पर्क नभई विराटनगर वा इटहरी भएर राज-
विराजतिर जाने गरिन्छ। गत केही वर्षदेखि उदयपुर जिल्लाको बेलटार हुँदै सप्तरी जिल्लाको फत्तेपुर भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजविराजतिर आउने जाने गर्न शुरू भएको छ तर यो बाटो उस्तो चल्तीमा छैन ।

भोजपुर बजारमा हरेक वर्ष पुस महीनामा १५ दिने मेला लाग्दछ जुन डबली मेलाको नामले प्रसिद्ध छ । अधिराज्यको पूर्वी पहाडका जिल्लाहरूमा लाग्ने मेलामध्ये सबैभन्दा ठूलो यस डबली मेलामा टाढा टाढाबाट मानिसहरू आई व्यापार र मनोरञ्जन गर्दछन् ।

टक्सार बजार

भोजपुर बजारदेखि करीब डेढ किलोमिटर (आधा कोस) दक्षिणमा रहेको टक्सार बजार तामा र पित्तलका भांडाकुंडा बनाउनमा प्रसिद्ध छ । यहाँका भांडाकुंडा यस जिल्लाको साथै अधिराज्यका अरू भाग र कालिम्पोङ र सिक्किममा समेत विक्री गरिन्छन् । घरेलु इलम केन्द्रको अञ्चल कार्यालय यहीं रहेको छ ।

सगरमाथा अञ्चलको आदर्श गाउँ पञ्चायत तोकिएको एक मात्र गाउँ पञ्चायत टक्सारमा ५० हजार भन्दा बढी लागतमा एक राम्रो गाउँ पञ्चायत भवन र एक रमणीय पार्क निर्माण गरिएको छ । महेन्द्र पार्क नाम भएको उक्त पार्कमा स्व. श्री ५ महेन्द्रको मूर्ति राखिएको छ र अरू जिल्लामा बनेका ठूला पार्कका तुलनामा आउन सक्ने यो पार्कले यस ठाउँको शोभा निकै बढाएको छ ।

यहाँ बुद्धको ठूलो मूर्ति रहेको एउटा बिहार छ र त्यहाँ एक भिक्षु पनि बस्ने गर्दछन् । लाखे जात्रा, गाई जात्रा, मच्छेन्द्रनाथ जात्रा, भीमसेन जात्रा जस्ता चाहाड पर्व र जात्राहरू यहाँ विशेषरूपमा मनाइन्छन् ।

संवत् १८८८ सालदेखि नै टक्सारमा बजार बसिसकेको अनुमान गरिन्छ । हाल भोजपुर बजारमा लाग्ने डबली मेला पहिले टक्सारको डबलीमा लाग्दथ्यो र पछि मात्र भोजपुरको डबलीमा लगाउन थालिएको हो ।

दिङला

भोजपुर बजारदेखि करीब २६ किलोमिटर (आठ कोस) उत्तर-पूर्वमा प्रसिद्ध दिङला मूलपानी बजार रहेको छ । आजकाल हवाइ मैदान रहेको तुम्लिङटार दिङलाबाट निकै नजीक पर्ने र तुम्लिङटारबाट भोजपुर जाँदा बाटोमा दिङला पर्ने भएकोले यहाँको बजारको निकै महत्व बढ्न गएको छ । दिङला मूलपानी भएर पहिलेदेखि सोलुतिर आवत जावत गरिन्थ्यो ।

प्रसिद्ध शिवराम मन्दिर यहीं छ । संवत् १९३२ मा यहाँ खुलेको षडानन्द संस्कृत प्रधान पाठशाला र छात्रावास काठमाडौंको रानीपोखरीस्थित संस्कृत पाठशालाभन्दा पहिले खोलिएको हो । यहाँ एक माध्यमिक विद्यालय, आयुर्वेदीय औषधालय, प्रहरी थाना, शाखा हुलाक आदि छन् । प्रवेशिका परीक्षाको लागि एक केन्द्र पनि यहाँ छ ।

एकथरी किरातीको भाषामा चोयाको पाटलाई "दिङ" र घारीलाई "ला" भनिने हुँदा पहिले यहाँ चोया प्रशस्त पाइने हुँदा यस ठाउँको नाम "दिङला" रहन गएको हो भन्ने भनाइ पनि छ ।

दिङलामा रहेको मौसम अवलोकन केन्द्रमा वर्षा नापिन्छ । सन् १९६८ देखि १९७० सम्मको अभिलेख अनुसार यहाँ वर्षभरिमा सालाखाला ७० दिनमा औसत १,५२९ मिलिमिटर पानी पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिनामखु

भोजपुर बजारदेखि करीब १४ किलोमिटर (४.५ कोस) उत्तर पश्चिममा रहेको छिनामखु अलैंची र सुन्तलाको लागि प्रसिद्ध छ। खोटाङ जिल्लाको सदरमुकामबाट भोजपुर आउने मूल बाटोमा छिनामखु पर्दछ।

दाम्मा (दाँवा) बजार

भोजपुर बजारबाट करीब छ किलोमिटर (दुई कोस) उत्तर-पश्चिममा रहेको यो सानो बजार हो। बडी बजार र छोटी बजार भनी सिद्धेश्वर र गुप्तेश्वर पञ्चायतमा रहेको यो बस्तीमा लाइन मिलेका घर र पसलहरू छन्। यो भोजपुरबाट छिनामखु र दिक्तेल जाने मूल बाटोमा पर्दछ।

यहाँ एक माध्यमिक विद्यालय र हुलाक पनि छ।

हतुवागढी

यो प्राचीन कालका किराती राजाहरूको गढी हो। यहाँ अझै पनि त्यसबेलाका राजाहरूको गढीको भग्नावशेष र पुराना हातहतियार देख्न सकिन्छ। गढीको छेउमा रहेको सानो पोखरी भविष्यवक्ता पोखरीको नामले प्रख्यात छ। हतुवागढी रानीबास पञ्चायतमा पर्दछ। गढीको केही तल घोरे टारमा टुँडिखेल छ। हतुवागढी करीब २,१०० मिटर (७,००० फीट) को उचाइमा अवस्थित छ।

माझ किरात मकवानपुरका सेन राजाहरूको अधीनमा आएपछि यहाँ काजीद्वारा प्रशासन गरिन्थ्यो र हतुवागढीका काजीले पूर्वमा अरुण, पश्चिममा वेहरे खोला, उत्तरमा खिकामाछा थुम र दक्षिणमा सुनकोशीसम्मको क्षेत्रको प्रशासन चलाउँथे भनिन्छ। हतुवागढीका अन्तिम प्रशासक काजी अटल सिंह राई थिए भनिन्छ।

हतुवा थुममा अदुवाको प्रशस्त उब्जनी हुन्छ र यहाँ बाँस र बेतका डालो, डोको, बस्ने मूढा आदि बनाइन्छन्।

कुलुङ

जिल्लाको उत्तरी भागको डाँडा गाउँ पञ्चायतमा रहेको यस स्थानको महत्व बढ्दै गएको छ। यहाँ एक माध्यमिक विद्यालय, एक शाखा हुलाक, एक स्वास्थ्य चौकी र एक प्रहरी चौकी पनि छन्।

उपर्युक्त स्थानहरू बाहेक धार्मिक महत्वका अरू केही स्थानहरूको छोटकरी बयान तल गरिएको छ।

सिद्धकाली मन्दिर

भोजपुर बजारको सिरानमा रहेको यस प्राचीन मन्दिरकी देवीलाई भोजपुरको रक्षा वाहिनीको रूपमा पूजिन्छ। मन्दिरबाट एउटा निकै लामो गुफा छ र सो गुफा टक्सार बजारसम्म पुगेको छ भन्ने स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनाइ छ। एक बखत गुफामा बाघ बस्दथ्यो भन्ने धारणा पनि यहाँ पाइन्छ। गुफाभित्र शिवजीको मन्दिर भएकोले यस गुफालाई महादेव गुफा पनि भनिन्छ। गुफा बाहिर भगवतीको मन्दिर छ।

भविष्यवक्ता पोखरी

हतुवागढीको छेउमा रहेको यो सानो पोखरी कहिले पनि सुक्दैन। जिल्लामा कुनै बिघ्न बाधा आइपरेमा पोखरीको पानी रातो भई भविष्यवाणी हुन्छ भन्ने स्थानीय विश्वास रहेको छ।

नागछाँगा बजार

माले दुर्गा गाउँको सिरानमा एउटा ठूलो छाँगो छ र त्यस छाँगोमा जिउँदै नागको आकार देखिन्छ भन्ने स्थानीय धारणा अनुसार त्यस छाँगोलाई नाग छाँगा भनिन्छ। यहाँ वर्षको एक पटक मेला लाग्दछ।

नागदह

घट्टेखोला र जुगेखोलाको दोभानमा रहेको यो दह सजिलैसँग देख्न सकिदैन। दह रहेको ठाउँमा पुगेपछि मात्र देखिन्छ र यसको पानी कालो देखिन्छ।

माथि बयान गरिएका स्थानहरू बाहेक वेहरेश्वरमा भोजपुरबाट करीब चार कोस पर रहेको पशुपति मन्दिरमा हरेक वर्ष मंसीरमा मेला लाग्दछ।

साल्पा पोखरी

यस पोखरीमा भोजपुरको साथै छिमेकी जिल्लाका निवासीहरू पनि वैशाख पूर्णिमा र ऋषि तर्पणी पूर्णिमामा स्नान आदि गर्न आउने हुँदा जिल्लाको प्रमुख तीर्थस्थलमध्ये साल्पा पोखरी पनि एक हो। यो पोखरी दोभाने गाउँ पञ्चायत अन्तर्गत पर्दछ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो पोखरीमा हिउँदमा हिउँ पर्ने हुँदा जान कठिन पर्दछ।

जिल्लाका अन्य प्रमुख स्थानहरूमा यातायातको केन्द्रको रूपमा रहेको पान्धारे, माघे संक्रान्तिमा मेला लाग्ने मझुवा बेंसी (त्रिवेणी) र प्रमुख घाट तथा धार्मिक स्थलको रूपमा रहेको तुर्केघाटको बालुवाबेंसी उल्लेखनीय छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

सगरमाथा अञ्चलका पहाडी जिल्लाहरूमध्ये सबभन्दा बढी जनसंख्या भएको जिल्ला भोजपुर हो। क्षेत्रफलको आधारमा सोलुखुम्बू र उदयपुर जिल्लाहरूपछि तेस्रो स्थान यसले लिएको छ भने जनसंख्याको आधारमा पनि तराईका सप्तरी र सिराहा जिल्लापछि तेस्रो स्थान यही जिल्लाले लिएको छ। मुख्यतः किराती-हरूको बसोबास भएको यस जिल्लामा अन्य जातजातिहरूको पनि बसोबास छ जसले गर्दा यहाँ विभिन्न संस्कृतिको समागम भएको छ। मुख्यतया कृषिमा भर पर्ने यहाँका निवासीहरू केही मात्रामा घरेलु उद्योग, व्यापार तथा विदेशी नोकरीबाट पनि जीविकोपार्जन गर्दछन्। जिल्लाको उत्तरमा हिमाली क्षेत्र पर्ने हुँदा अधिकांश बसोबास दक्षिणतिरका होचा डाँडा तथा टार र बेंसीहरूमा नै केन्द्रित भएको छ। सगरमाथा अञ्चलको भित्री मधेश तथा तराईका जङ्गलहरूमा हाल औलोको भय नरहेकोले यस जिल्लाका निवासीहरू पनि उदयपुर जिल्ला तथा कोशी अञ्चलका जिल्लाहरूमा जमीन किनेर वा जङ्गल फाँडेर खेतीपाती गर्ने र बसाइँ सर्ने कार्यमा लागेका छन्।

जनसंख्या

विक्रम सम्वत् २०२८ सालको राष्ट्रिय जनगणनानुसार यस जिल्लाको कुल जनसंख्या १,९४,५०६ छ जसमध्ये पुरुष ९५,०६० (४८.९ प्रतिशत) र महिला ९९,४४६ (५१.१ प्रतिशत) छन्। सगरमाथा अञ्चलको जनसंख्या (१३,१३,४८०) को १४.८ प्रतिशत यही जिल्लामा छ। यस जिल्लाको क्षेत्रफल १,८५४ वर्ग किलोमिटर छ। यहाँको जन-घनत्व प्रतिवर्ग किलोमिटर १०५ व्यक्ति पर्न आउँछ। अधिराज्यका पहाडी जिल्लाहरूमध्ये धेरै जनसंख्या भएका जिल्लाहरूमा यसको आठौं स्थान छ।

जिल्लाको मध्य तथा दक्षिणी भागमा बसोबास ज्यादा छ। उत्तरतिर जनसंख्या निकै कम छ तापनि १,४०० भन्दा कम जनसंख्या भएको कुनै गाउँ पञ्चायत छैन। यहाँ २,००० देखि २,९९९ को बीचमा जनसंख्या रहेका गाउँ पञ्चायतहरूको संख्या (२५) अथवा प्रतिशत (३८.४) सबभन्दा बढी छ। पञ्चायतहरूको औसत जनसंख्या २,९९२ रहेको देखिन्छ। गाउँ पञ्चायतहरूको नाम र उक्त गाउँ पञ्चायतहरूको जनसंख्या तल दिइएको छ।

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अन्नपूर्ण	२,०३१	२. आङ्तेप	२,७५३
३. ओखरे	६,६०५	४. काहुले	२,०६४
५. किमालुङ	१,४३९	६. कुदाक काहुले	२,२९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७. कोट गाउँ	४,६६०	८. कचौरिनी पानी	२,९७५
९. खाटाङ्मा	१,७९५	१०. खार्तम्दा	१,६३७
११. ख्याली (दोबाटो)	२,३५२	१२. खावा	२,६५९
१३. खैराङ	३,१११	१४. गुप्तेश्वर	२,२८३
१५. गोगने	२,१९५	१६. चम्पे	३,०२१
१७. चरम्बी	३,३९७	१८. च्याँग्रे	३,१००
१९. चौकी डाँडा	१,६९३	२०. छिनामखु	३,९२९
२१. जरायोटार	२,८९२	२२. टक्सार	५,०३९
२३. ठूलोदुम्मा	२,३३६	२४. ताँती	१,७९०
२५. तिम्मा	३,१३३	२६. तिवारी भञ्ज्याङ	२,६०२
२७. तुंगेछ्वा	२,३१०	२८. थिदिंखा	२,४१३
२९. दुंभाना	२,९७८	३०. देउराली	३,७१९
३१. देवानटार	४,३१३	३२. दोभाने	४,५३१
३३. नागी	१,६७७	३४. नामन्त	४,०२८
३५. नेपालेडाँडा	१,९९०	३६. पञ्चायते डाँडा	३,८८०
३७. पाङ्चा	२,८३७	३८. पात्ले पानी	३,५३०
३९. प्याउली	२,४४१	४०. पौवासेरा	३,३३८
४१. बाला	१,५५९	४२. बालँखा	१,८५९
४३. बास्तिम	२,५६७	४४. बासीखोरा	३,७५९
४५. बैंकुण्ठे	३,२९०	४६. बोखिम	३,३६४
४७. बोया	३,७१२	४८. बोपुङ	३,१८६
४९. भैंसा पँखा	२,९५२	५०. भोजपुर	४,११८
५१. भञ्ज्याङ खर्क	३,३८०	५२. मूलपानी	२,२२५
५३. याकु	३,०१८	५४. याङ्पाङ	२,६०५
५५. यामदाङ	३,०९२	५६. यूँ	२,६०४
५७. रानीबास	४,३७५	५८. लेखर्क	२,७६६
५९. वासिङ थर्पुडाँडा	१,९४४	६०. साङ्पाङ	३,३६२
६१. सानो दुम्मा	२,५६६	६२. सिद्धेश्वर	३,७३९
६३. श्यामशिला	२,३२१	६४. हेलौंछ्वा	३,६३८
६५. होमताङ	४,६९८		

माथिको तालिका अनुसार ५,००० भन्दा बढी जनसंख्या ओखरे र टक्सार गाउँ पञ्चायतहरूमा छ। जिल्लाको सबभन्दा बाक्लो बस्ती भएको गाउँ पञ्चायत ओखरे हो जसको जनसंख्या ६,६०५ छ र सबभन्दा पातलो बस्ती भएको गाउँ पञ्चायत किमालुङ हो जसको जनसंख्या १,४३९ छ।

जिल्लाको कुल जनसंख्या (१,९४,५०६) मध्ये १,९४,३१३ व्यक्तिहरू जम्मा ३५,४९० घर परिवारमा बसेका छन्। बाँकी १९३ जनाको आफ्नो घर वा परिवार नभएको देखिन्छ। औसत परिवारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकार (सदस्य संख्या) ५.४८ छ। जिल्लामा पाँच व्यक्तिहरू भएको परिवारको संख्या (५,६१५) सबभन्दा धेरै छ। त्यसपछि छ व्यक्ति भएको परिवारको संख्या (५,३०६) आउँछ। एक व्यक्ति भएको घर-परिवार संख्या १,४९९ छ र सबभन्दा थोरै २० र त्यो भन्दा बढी व्यक्ति भएको परिवारको संख्या केवल ३४ मात्र छ।

जिल्लाको कुल जनसंख्यामध्ये विभिन्न उमेर समूहमा रहेका महिला र पुरुषहरूको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

जनसंख्याको उमेर समूह

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पाँच वर्ष र सोभन्दा कम	१६,५४६	१७.४	१६,९९४	१७.१	३३,५४०	१७.२
छ देखि १५ वर्ष-सम्म	२६,९९२	२८.४	२५,८८२	२६.०	५२,८७४	२७.२
१६ वर्ष र सोभन्दा माथि	५१,५२२	५४.१	५६,५७०	५६.९	१,०८,०९२	५६.२

माथिको तालिका अनुसार पाँच वर्ष र सोभन्दा कम उमेरका नाबालकहरू जनसंख्याको १७.२ प्रतिशत छ। छदेखि १५ वर्षसम्मका विद्यालय जाने उमेर समूहका केटाकेटीहरू जनसंख्याको २७ प्रतिशत छ। यसरी १५ वर्षसम्मका केटाकेटीहरू जनसंख्याको ४४.४ प्रतिशत रहेको हुनाले शिक्षा तथा अन्य सामाजिक सेवाको लागि यस जिल्लामा व्ययभार बढ्न जाने देखिन्छ। साथै परिवार नियोजन सम्बन्धी कार्यक्रमहरूमा पनि जोड दिनु पर्ने देखिन्छ। यस तालिकाको तेस्रो समूहमा १६ वर्ष र सोभन्दा माथिका वयस्कहरू पर्दछन्।

साधारणतया १० देखि ५९ वर्षसम्मका जनतालाई आर्थिक सक्रियता भएका भन्ने अनुमान गरिन्छ। जिल्लाको कुल जनसंख्याको ६४.४ प्रतिशत अर्थात् १,२५,०५४ जना काम गर्न सक्ने क्षमता भएका र नौ वर्ष-सम्मका र ६० वर्षभन्दा माथिका काम गर्न नसक्ने आश्रितहरूको संख्या ६९,४५२ (३५.६ प्रतिशत) रहेको पाइन्छ। तर १० देखि १४ वर्षका केटाकेटीहरूमध्ये धेरैजसो विद्यालय जाने वा शारीरिक दृष्टिकोणबाट पनि कमजोर रहने हुँदा यस उमेर समूहका धेरैजसो आर्थिक लाभ हुने काममा पूर्ण रूपले लाग्न सक्ने देखिन्न। त्यस्तै ६० वर्षभन्दा बढी उमेरका मानिसहरूमा पनि प्रायः ६४ वर्षसम्म सक्रिय हुन सक्ने भएकाले १५ देखि ६४ वर्ष-सम्मको उमेर समूहलाई आर्थिक क्षमता भएको मान्न सकिन्छ।

यसरी हेर्दा जिल्लामा १५ देखि ६४ वर्षका आर्थिक क्षमता भएका जनसंख्या (१,०५,३३७) कुल जनसंख्याको ५५.२ प्रतिशतमात्र हुन आउँछ। १० देखि ५९ वर्षसम्मकाहरूलाई आर्थिक सक्षमता भएको मानेमा सक्षम र आश्रितहरूको अनुपात करीब १००:५५ हुन आउँछ अर्थात् प्रत्येक १०० जनाको कमाइमा अरू ५५ जना कमाइ नभएकाहरू आश्रित रहन्छन्। तर १५ देखि ६४ वर्षसम्मकाहरूलाई सक्षम मानेमा सक्षम र आश्रित-हरूको अनुपात करीब १००:८५ हुन आउँछ, अर्थात् प्रत्येक १०० जनाको कमाइमा काम गर्न नसक्ने अरू ८५ जना आश्रित रहेको देखिन्छ। यसरी कमाइ भएका १०० जनाले जम्मा १८५ जनाको जीवन निर्वाहको भार वहन गर्नु पर्ने देखिन्छ।

जिल्लामा विदेशीहरूको संख्या जम्मा २० मात्र रहेकोले सारै नगण्य देखिन्छ। विदेशीहरूमध्ये भारतीय १२ र अन्य एशियाई मुलुकका आठ छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय जनगणना २०२८ अनुसार भाषा–भाषीको आधारमा जिल्लाको जनसंख्या तल प्रस्तुत गरिएको छ ।

मातृ भाषा	जनसंख्या
नेपाली	१,५४,७२८
राई	२९,६०१
नेवारी	३,५६२
मगर	३,०३९
तामाङ	१,३८५
अन्य भाषाहरू	२,१९१

माथिको तालिकामा अन्य भाषाहरूभित्र भोटे, शेर्पा, गुरुङ, लिम्बू, थारू, मैथिली, भोजपुरी र स्थानीय भाषाहरू पर्दछन् । जिल्लामा राई किरातीहरूको संख्या धेरै भए तापनि तथ्याङ्क विभागको गणनामा राई किराती भाषा बोल्नेहरूको संख्या २९,६०१ मात्र रहेको देखिन्छ । यस्तो हुनाको कारण शायद नेपालीलाई माध्यमको रूपमा मात्र व्यवहार नगरी राई तथा अन्य भाषा बोल्नेहरूले परिवारभित्रै पनि नेपाली प्रयोग गर्ने हुँदा नेपाली बोल्नेहरूको संख्या ठूलो भई अरू भाषा बोल्नेहरूको संख्या थोरै हुन गएको जस्तो देखिन्छ । त्यस्तै अन्य भाषाहरूभित्र यस जिल्लामा लिम्बू भाषा बोल्ने १६ छन् भने मैथिली भाषा बोल्ने ६३ र भोजपुरी भाषा बोल्ने ४३ छन् भनी देखाइएको छ ।

यस जिल्लामा साधारणतया नेपाली नै बोलिन्छ तापनि राईहरू आपसमा राई भाषामा कुराकानी गर्दछन् । राई भाषामा पनि एक ठाउँ वा क्षेत्रको भाषा अर्को ठाउँकोभन्दा फरक हुने हुँदा बेग्लाबेग्लै भाषा जस्तो हुन जाने र एकले अर्काको भाषा बुझ्न गाह्रो हुने हुँदा अक्सर माध्यमको रूपमा नेपाली नै उपयोग गरिन्छ । जिल्लाका अरू भाषा बोल्नेमध्ये नेवार, मगर, तामाङ र अरू पनि परिवारभित्र धेरैजसो आफ्नै भाषा बोल्दछन् तर बाहिर अरूसँग नेपालीमै कुराकानी गर्दछन् ।

यस जिल्लामा छ वर्ष र सोभन्दा बढी उमेर भएकाहरूको कुल संख्या १,६०,९६६ छ । जसमध्ये पुरुष ७८,५१४ र महिला ८२,४५२ छन् । तीमध्ये विवाहित पुरुष ३८,३९३ र महिला ४४,२५६, विधुर पुरुष २,१७५ र विधवा महिला ७,०११ तथा पारपाचुके लिएका पुरुष १६४ र महिला १६५ छन् । विवाह नभएका पुरुष ३७,८७२ र महिला ३१,०२० छन् । बाल-विवाह अझ पनि केही मात्रामा छ भन्ने कुरो छदेखि नौ वर्षको उमेर समूहका विवाहित बालक ३५ र बालिका ३४ र १० देखि १४ वर्षको उमेर समूहका विवाहित केटा १७९ र केटी २६७ रहेको तथ्याङ्कबाट देखिन्छ । तर यिनीहरूको संख्या ज्यादा नभएकोले भविष्यमा बाल–विवाहको कुप्रथा बिलाउँदै जाने आशा राख्न सकिन्छ । विवाहितहरूको संख्या १५ वर्षदेखि १९ र २० देखि २४ सम्मको उमेर समूहमा बढ्दै गई २५ देखि २९ वर्षको उमेर समूहमा सबभन्दा ज्यादा पाइन्छ । २५ देखि २९ वर्षको उमेर समूहमा विवाहित पुरुष ५,२६८ र महिला ७,२६० छन् । पारपाचुके लिएकाहरूको संख्या (जम्मा ३२९) अनुसार यस जिल्लामा पारपाचुके लिने दिने चलन कम रहेको देखिन्छ । तर राई समाजमा जारीको चलनले पहिलेदेखि मान्यता पाइआएको हुँदा उक्त तथ्याङ्कले सम्बन्ध विच्छेद गरी एकलै बसेकाहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र देखाएको हुनुपर्छ। विधवाहरूको संख्या ५० देखि ६५ वर्ष र सोभन्दा बढी उमेर भएकाहरूमा ज्यादा छन्। ५० वर्ष र सोभन्दा बढी उमेर भएका विधवाहरूको कुल संख्या ५,००२ छ।

यस जिल्लामा हिन्दू धर्मावलम्बीहरू अत्यधिक संख्यामा छन् र त्यसपछि बौद्ध धर्मावलम्बीहरू आउँछन्। त्यसकारण हिन्दू र बौद्ध धर्महरू नै यहाँका मुख्य धर्म हुन्। अन्य धर्म मान्नेहरू नगण्य छन्।

जन-जीवन

जिल्लाका अधिकांश बासिन्दा किरातीहरू हुन् भन्ने कुरो विभिन्न ठाउँमा भनिसकिएको छ। किरातीहरू मुख्यतया जिल्लाका मध्य तथा दक्षिणी भागका होचा डाँडा र बेंसीहरूमा रहेका छन्। जिल्लाको उत्तरी भाग लेकतिर तामाङहरूको बस्ती पाइन्छ। बाहुन, क्षेत्री, कामी, दमाई आदि जिल्लाका मध्य तथा दक्षिणी भागहरूमा नै छरिएर र अरू जातिहरूसँग मिसिएर बसेका छन्। नेवारहरू व्यापारिक महत्वका स्थान-हरूमा बसेका छन् र नेवारहरूको बस्तीमध्ये टक्सारको बाँडाहरूको बस्ती प्रसिद्ध छ।

किरातीहरूमा परिवार वा गाउँको मुख्य व्यक्तिहरूलाई भनिने सम्मानसूचक शब्द "राई" हो। त्यही मुख्य मानिसले गाउँ घरको तिरो उठाउने र सरकारी कामकाजमा आवश्यकता अनुसार गाउँको प्रतिनिधित्व पनि गर्ने चलन थियो। पछि त्यही शब्दबाट सबै किराती जातिलाई नै राई भन्ने चलन बस्न गयो। राई जातिभित्र पनि विभिन्न जात र भाषिकाहरूका हुन्छन्। राईहरूको खेती पछि अर्को मुख्य पेशा विदेशी फौजमा नोकरी गर्नु हो। राईहरूको मुख्य चाड चण्डी हो जुन वैशाख पूर्णिमा मनाइन्छ। राई संस्कृति र रीतिथितिको विस्तृत वर्णन खोटाङ जिल्लामा गरिएको छ।

दोभाने, खाटाङमा, बाला, याम्दाङ गाउँ पञ्चायतहरूमा एक थरी किरातीहरू बस्छन् जसलाई कुलुङ भनिन्छ। यिनीहरू पहिले सोताङ महाकुलुङ (सोलुखुम्बू जिल्ला) बाट यहाँ आएका हुन् भन्ने भनाइ छ। थिनीहरूको रहन सहन अरू किरातीहरूकोभन्दा बेग्लै किसिमको छ। यिनीहरूको जीवनस्तर पनि अन्य किराती-हरूकोभन्दा धेरै तल छ। यिनीहरू मुख्यतः जङ्गली चीज-बीजमा आश्रित रहन्छन्। यिनीहरू अल्लो (सिस्नोको एक जात) को पाटबाट तयार पार्दछन् र बाँसको ढुङग्राहरू नै पानीको निमित्त प्रयोग गर्दछन्। सारै विकट क्षेत्रमा बस्ने हुँदा यिनीहरू परिश्रमी छन्। यिनीहरूको प्रमुख व्यवसाय अल्लोको पाटबाट धोक्रा, जिलिश्रा, नास्वा बनाई बिक्री गर्ने र खसी–बाख्रा पाली बेच्ने हो। यिनीहरूको मोही पार्ने ठेकी बेग्लै किसिमको हुन्छ जसलाई टोलुङ भनिन्छ। यिनीहरू गाई–गोरुको सिनो खान्छन्।

जिल्लाको अर्को प्रमुख जाति तामाङहरू धेरै उचाइ भएका स्थानहरूमा बसोबास गर्ने हुँदा खेतीको साथै व्यापार पनि गर्दछन्। यिनीहरू नयाँ नयाँ जग्गा फाँडी आलु, जौ आदिको खेती गर्दछन्। बौद्ध धर्म मान्ने तामाङहरूको शेर्पाहरूसँग विवाह चल्दैन। तर भाषा भने शेर्पा भाषासँग निक्कै मिल्दछ। यिनीहरूमा पनि विभिन्न थरी छन् र एक थरीले अर्को थरीसँग विवाह गर्ने चलन छ। मोक्तान, पाखिङ, यङजंग, डोक्जङ आदि थरीका तामाङहरू यहाँ छन्। तामाङहरूमा कोही मरेपछि मर्नेको सम्झनामा एउटा घर जस्तो बनाई विभिन्न कलात्मक चित्रहरू राखिन्छ। त्यस स्थानलाई भक्तिको दृष्टिले हेरिन्छ र त्यसलाई "चित्रगुप्त" भनिन्छ। चित्र गुप्तमा हरेक औंसी पछिको दशमीमा मेला जस्तो लगाई भोज पनि खाइन्छ। तामाङहरूमा मर्ने मान्छेको नाममा राम्रा पाटी पौवा चौतारा बनाउने परम्परा रहिआएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेकतिर शेर्पाहरूको बसोबास पनि पाइन्छ ।

यहाँका नेवारहरू पूर्ण रूपले काठमाडौंको नेवारी रीतिरिवाज मान्दछन् । टक्सारका भाँडाहरू भाँडाकुँडाको लागि प्रसिद्ध छन् । टक्सारका नेवारहरू व्यापारको लागि पनि प्रसिद्ध छन् र जिल्लाको कुनै पनि प्रमुख हाट या मेलामा यिनीहरू पुगेका हुन्छन् । साथै भाँडाकुँडा बिक्री गर्न कालिम्पोङ र सिक्किमसम्म पनि पुग्दछन् ।

यहाँका बाहुन, क्षेत्री, दमाई, कामी आदिको रीतिथिति अधिराज्यका अरू जिल्लाका समान जातका निवासीहरूसँग मिल्दोजुल्दो छ ।

हरेक जातिले अरू जातिका परम्परा तथा मान्यतामा हस्तक्षेप नगर्ने यहाँको पुरानो परम्पराले गर्दा यहाँ विभिन्न जातिहरूका बीच राम्रो सामन्जस्य कायम छ ।साथै कृषि-प्रधान जिल्ला भएकोले जीवन निर्वाहको लागि पनि एक जातिको शीप, ज्ञान र जनशक्ति अर्कोलाई पनि आवश्यक पर्ने हुँदा विभिन्न जातिहरू एक आपसमा गहिरो र परम्परागत सामाजिक तथा आर्थिक सम्बन्धले बाँधिएका छन् । खेतीपातीको लागि हिउँदमा बेंसी झर्ने र वर्षामा लेकतिर जाने अनिवार्यताले गर्दा पनि जिल्लाबासीहरूमा एक अर्कासँग घनिष्ठ सम्बन्ध रहिआएको छ ।

विगत एक दशक यतादेखि नेपाल अधिराज्यका तराई तथा भित्री मधेशमा औलो प्रायः निर्मूल भइसकेको हुनाले त्यस क्षेत्रमा पहाडतिरका बासिन्दाहरू बसाइँ सर्न थालेका छन् । भोजपुर जिल्लामा पनि जनसंख्याको एक महत्वपूर्ण अंश त्यसरी बसाइँ सर्न थालेको छ । खास गरी सगरमाथा अञ्चलकै उदयपुर जिल्लाको भित्री मधेशका जङ्गलहरूमा र कोशी तथा मेची अञ्चलका नयाँ बसोबास क्षेत्रमा यहाँका निवासीहरू जग्गा किनेर वा नयाँ आवादी गरेर बसाइँ सरेका छन् । बसाइँ सर्नेहरूको संख्या बढ्दै गएको छ । प्रतिवर्ष झण्डै १०० परिवार यहाँबाट बसाइँ सरी अन्यत्र जान्छन् भन्ने मोटामोटी अनुमान गरिन्छ ।

यस जिल्लाका निवासीहरूमा पहाड छोडी तराईतिर बसाइँ सर्ने प्रवृत्ति बढ्न जानाको कारणहरूमध्ये पहाडमा सीमित कृषियोग्य जमीन र बढ्दो जनसंख्या पनि हो । भोजपुर जिल्लाको कृषियोग्य जमीनमा जनसंख्याको चाप प्रशस्त बढेको छ । औलो हट्न जानुको साथै तराई र भित्री मधेशका जङ्गल फाँडी ठाउँ-ठाउँमा बसोबास हुन थालेकोले पनि त्यस्ता ठाउँमा सजिलैसँग आफ्नै नाउँमा जग्गा पाइएला वा अरूको जग्गा जोत्न पाइएला भन्ने आशाले आर्थिक अवस्था राम्रा नभएकाहरू तल झरेका छन् । यसै पनि पहाडको कठिन तथा आधुनिक सुविधाबाट पर रहेको जीवनको तुलनामा तराई र भित्री मधेशका समथर तथा उब्जाउ जमीन र आधुनिक सुविधाहरू प्राप्त हुने जीवन पहाडबासीहरू सबैको लागि निक्कै आकर्षक हुन गएको छ । साथै महेन्द्र राजमार्ग बनेकोले अधिराज्यको पूर्व-पश्चिमको यातायात पनि सजिलो हुन जाँदा एक ठाउँमा नभए अर्को ठाउँमा भए पनि जग्गा खोज्न हिंड्नेहरूलाई सुविधा भएको छ । आर्थिक स्थिति बलियो हुनेहरूलाई पनि तराई तथा भित्री मधेशमा उद्योग तथा व्यापारमा लगानी गर्ने अवसर धेरै हुने हुँदा जग्गा किनेर बसाइँ सर्न प्रोत्साहन मिलेको छ ।

यहाँको जनसंख्याको एक महत्वपूर्ण अंश पहिलेदेखि नै ब्रिटिश वा भारतीय फौजमा भर्ना हुने परम्परा रहेको छ । पेन्सन पाई फर्कंदा आर्थिक स्थिति केही बलियो भएकाहरूलाई स्वभावतः पहाडको जीवनमा पुनः बानी बसाल्न गाह्रो पर्न जाने हुँदा तराईतिरै जग्गा किनी बसोबास गर्ने इच्छा हुन्छ । यातायातको विकासको साथै घरेलु तथा साना उद्योगहरूको विकास, फलफूल खेतीमा जोड, कृषि उत्पादनको वृद्धि र व्यवस्थित ढङ्गबाट पुनर्वास हुन थालेपछि यो जिल्ला छोडी तराई झर्ने प्रवृत्तिमा स्वतः परिवर्तन आउन सक्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न जातिहरू रहेको यस जिल्लामा विभिन्न जातीय चाड-पर्वहरू मान्ने चलन भए तापनि दशैं, तिहार, फागुन पूर्णिमा, वैशाख पूर्णिमाको चण्डी चाड, माघे तथा साउने संक्रान्तिहरू विशेष रूपमा मनाइन्छन्।

यहाँ विभिन्न ठाउँमा मेलाहरू लाग्दछन्। मेलाहरूमा वेहरेश्वर पशुपति मेला, दिङ्लामा राम नवमी र चैंते दशैंमा लाग्ने मेलाहरू प्रसिद्ध छन्। मेलाहरूमा हाट पनि लाग्दछ। चण्डी जात्रामा धामीहरू नाच्ने चलन छ र युवक-युवतीहरू पनि हातेमालो गरी नाच्दछन्। दिङ्लामा राम नवमी (चैंते दशैं) को दिनमा सतबीज छर्ने चलन छ। साल्पा पोखरीको वैशाख पूर्णिमा र ऋषितर्पणीको मेला र मझुवाबेंसी (त्रिवेणी) को माघे संक्रान्तिको मेलाहरू पनि प्रसिद्ध छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छापाखाना उद्योग

सुनसरी जिल्लाको धरान नगर पञ्चायत क्षेत्रमा जम्मा चार वटा छापाखाना छन् । यी छापाखानाहरू-मध्ये सापकोटा प्रिण्टिङ्ग प्रेस र थापा प्रिण्टिङ्ग प्रेस लक्ष्मी सडक क्षेत्रमा रहेका छन् । नेपाल प्रिण्टिङ्ग प्रेस मुख्य धरान बजारमा नै रहेको छ । शिव प्रिण्टिङ्ग प्रेस चतरा लाइन वडा नं. ९ मा रहेको छ । सापकोटा प्रिण्टिङ्ग प्रेसमा किताब र पत्र-पत्रिका छपाइ कामको साथसाथै कापी, रजिष्टर तथा फाइल आदि पनि बनाउने काम हुन्छ । अरू प्रेसहरूमा साधारणतः किताब र पत्र-पत्रिका छपाइको काम हुन्छ ।

धरानमा एक औद्योगिक क्षेत्र स्थापना गर्ने श्री ५ को सरकारको योजना छ । यो जिल्लामा हाल उल्लेखनीय उद्योगधन्धा त्यति नभए तापनि यहाँको औद्योगिक सम्भावना आशाजनक छ । खासगरेर कृषि तथा वनमा आधारित उद्योग व्यवसाय यो जिल्लामा राम्रो चल्न सक्ने देखिन्छ । कोशी अञ्चलको पहाड र तराईलाई पायक पर्ने धरानमा स्थापना गरिने यो औद्योगिक क्षेत्रलाई व्यापारको दृष्टिबाट पनि राम्रो गनिन्छ ।

अन्तःशुल्क

यस जिल्लामा अन्तःशुल्क कार्यालय पनि रहेको छ । विगत चार वर्षमा यस कार्यालयबाट राजस्वमा आम्दानी भएको रकम निम्न बमोजिम छः–

आर्थिक वर्ष २०२६।२७ को आम्दानी रू. १,९८,६६३।

आर्थिक वर्ष २०२७।२८ को आम्दानी रू. ३,०३,६०३।

आर्थिक वर्ष २०२८।२९ को आम्दानी रू. २,६४,०८६।

आर्थिक वर्ष २०२९।३० को आम्दानी रू. ४,०८,८५०।

अन्तःशुल्क तिर्नेहरूमा मुख्यतः चामल, तेल, काठ, बिंडी, ईंटा, मदिरा आदि उत्पादन गर्ने संस्थानहरू हुन् । यस जिल्लाको अन्तःशुल्क कार्यालय २०२६ साल पुस १ गते स्थापना भएको हो ।

व्यापार

विराटनगर भएर भारत जाने यातायातको राम्रो सुविधा भएको सगरमाथा, कोशी र मेची अञ्चल-को धेरैजसो ठाउँहरू पायक परेको तथा महेन्द्र राजमार्गको उपयोगितासमेत प्राप्त भएको सुनसरी जिल्लाको व्यापारमा उत्तरोत्तर अभिवृद्धि भएको पाइन्छ । कोशी, मेची एवं सगरमाथा अञ्चलका उत्तरी पहाडी जिल्ला-हरूको लागि समेत आवश्यक पदार्थहरू सुनसरी जिल्ला भएर जानेहुँदा यहाँको आयातको परिमाण निकै बढेको छ । त्यस्तै उपर्युक्त जिल्लाहरूबाट हुने निकासी पनि सुनसरी भएरै भारत वा अन्य देशमा पठाइन्छ । कृषि तथा वन पैदावारमा आधारित पदार्थहरूको निर्यात र लुगा कपडा, नून तेल तथा तयारी मालसामानको आयात नै यस जिल्लाको मुख्य व्यापारिक गतिविधिका विषय हुन् ।

सुनसरी जिल्लाबाट निकासी हुने केही मुख्य मुख्य वस्तुहरू यस प्रकार छन्ः–

सनपाट	चामल	काठ	ब्रिसल
जूटकटिङ्ग	खलीपीना	आलु	तेलहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दलहन	छाला	खसीबोका	गाईगोरु
राँगो भैंसी	खुर्सानी	स्ट्रबोर्ड	भूस

यसको अतिरिक्त यो जिल्लामा उत्पादित तथा धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभा जिल्ला· तिरबाट ल्याइएका घ्यू, फलफूल, जरीबूटी, कच्चा ऊन, चिया, लाहा, अलैंची, सुन्तला, कागती तथा तेजपात सुनसरी जिल्लाबाट निकासी भएको देखिन्छ।

जिल्लाका मुख्य मुख्य व्यापार केन्द्र धरान, दुहुबी, इटहरी, इनरुवा आदि हुन्। सुनसरी जिल्लाका विभिन्न स्थानमा खाद्यान्न तथा नगदेबाली खरीद विक्री पसल १७०, लत्ता कपडा पसल १९८, भट्टी ६९, औषधि तथा जरीबूटी पसल ६३, भाँडा वर्तन पसल ४६, छाला जुत्ता पसल ३६, नून तेल पसल ४९, पान पसल ८७ र तरकारी तथा फलफूल पसल ३८ रहेको अनुमान गरिएको छ। निकासी पैठारीका भन्सार केन्द्रहरू बासमतिया, धुस्की, कौवाखोज, साहेबगञ्ज र उल्टी अस्थायी भन्सार हुन्। यी भन्सार कार्यालयहरू क्रमशः वसन्तपुर, धुस्की, कप्तानगञ्ज, साहेबगञ्ज र झुकिया गाउँ पञ्चायत क्षेत्रमा पर्दछन्। आयात गरिने वस्तुहरूमा कपडा, कलपूर्जा र सिमेण्टदेखि लिएर जिरा, मरीच र नून-तेल जस्ता दैनिक उपभोगका आवश्यक विभिन्न वस्तुहरू मुख्य हुन्छन्। विभिन्न छोटी भन्सारहरूबाट निकासी पैठारी भएको वस्तुबाट हुने राजस्व २०२६।२७ देखि २०२९।३० आर्थिक वर्षमा निम्नबमोजिम थियो:—

भन्सार	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
साहेबगञ्ज	२५,००८।	२२,९६३।	२१,४६१।	२२,५६१।
कौवाखोज	१०,७६०।	२३,२१८।	२९,१८६।	१७,६०९।
धुस्की	४६,११७।	१५,७४८।	८,६८८।	३,४०२।
बासमतिया	३३,६०६।	३०,८६७।	१७,२३४।	१६,९०८।
उल्टी	६,७९५।	६,७३३।	७,२८३।	६,७४२।

माथि उल्लिखित तालिकाबाट देखिएअनुसार साहेबगञ्ज, धुस्की र बासमतिया छोटी भन्सारबाट हुने राजस्व प्रायः प्रत्येक वर्ष घट्तै गएको प्रष्ट देखिन्छ। उपर्युक्त राजस्वमध्ये ज्यादा रकम पैठारीबाट हुने कुरा जिल्लाबाट प्राप्त सूचनामा जनाइएको छ। यसबाट के कुराको सङ्केत हुन्छ भने जिल्लाबासीहरूमा कमसेकम पैठारी गर्ने बानीको सिर्जना हुन थालेको छ। अथवा पैठारी गर्नुपर्ने कतिपय वस्तु अब आफ्नै जिल्लामा उत्पादन हुन थालेको छ। यसरी राजस्व कम हुँदै जानु राम्रो कुरा होइन तापनि पैठारी कम गरी स्थानीय उत्पादनबाट निर्वाह गर्नु आत्मनिर्भरताको शुभ लक्षण मान्नु पर्दछ।

आय कर

वि. सं. २०२५ सालदेखि यस जिल्लाको व्यापार केन्द्र धरानमा कर कार्यालय रहेको छ। यस कार्यालयमा कर रकम जम्मा हुने स्रोतहरूमा खासगरेर आयकर, सिनेमा तथा मनोरञ्जन कर, घर जग्गा कर, बहाल कर, ठेक्का कर, विक्री कर तथा होटेल ग्राहक कर हुन्। विगत चार वर्षमा यस कार्यालयबाट राजस्वमा भएको आम्दानी निम्नबमोजिम छ:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक वर्ष २०२६।२७ को आम्दानी रू. ६,००,८६५।

आर्थिक वर्ष २०२७।२८ को आम्दानी रू. १०,२८,७६५।

आर्थिक वर्ष २०२८।२९ को आम्दानी रू. १३,३१,२१०।

आर्थिक वर्ष २०२९।३० को आम्दानी रू. १३,८६,८८४।

आयकर बुझाउनेहरूमा उद्योग १२, व्यापार २२०, कर्मचारी १६६, व्यवसायी ८२, ठेक्का कर ४०, मनोरञ्जन कर दुई, घर जगा कर ५६, तथा होटेल ग्राहक कर नौ छन्।

बैंक सेवा

जिल्लाको औद्योगिक तथा खासगरेर व्यापारिक गतिविधिहरू बुझ्न यस जिल्लामा रहेको वाणिज्य बैंकहरूको लगानीबाट पनि मद्दत मिल्दछ। सुनसरी जिल्लामा नेपाल बैंक लिमिटेड, धरान शाखा र इटहरी शाखा, राष्ट्रिय वाणिज्य बैंक इनरुवा शाखा र कृषि विकास बैंक इनरुवा गरी जम्मा चार बैंक कार्यालयहरू छन्। यसको अतिरिक्त चतरामा नेपाल राष्ट्र बैंकको एक सटही काउण्टर पनि छ। बैंकको अन्य गतिविधि यस प्रकार उल्लेख गर्न सकिन्छः–

नेपाल बैंक लिमिटेड

यो बैंकको धरान र इटहरीमा दुई शाखा छन्। यी शाखाहरूले खाता खोल्ने, ड्राफ्ट तथा टी. टी. द्वारा ग्राहकहरूको रकम एक ठाउँबाट अर्को ठाउँमा पठाउने, विदेशी मुद्राको सटही गरिदिने र विभिन्न व्यापारिक सामान धितो लिई ऋण उपलब्ध गराउने काम गरिआएका छन्। नेपाल बैंक लिमिटेडको धरान शाखाले २०३० साल असोज मसान्तसम्म दिँदै आएको विभिन्न खालका ऋण तथा खाता र जम्मा भएको रकम यस प्रकार देखिन्छः–

सुन चाँदीको धितोमा गएको ऋण	२८,१४,०००।
गल्ला धितोमा गएको ऋण	४२,०००।
नून, चीनी धितोमा गएको ऋण	३०,०००।
कपडा धितोमा गएको ऋण	१२,६०,०००।
हायर पर्चेज धितोमा गएको ऋण	१३,०३,०००।
मुद्दती रसीद	७८,०००।
घर जग्गा धितोमा	१,४६,०००।
विकास ऋण	१३,००,०००।
विविध	१३,१६,०००।
जम्माः–	८२, २,०००।

यस बैंकमा रहेका विभिन्न खाताहरूमा डिपोजिट रहेको रकम २०३० साल असोज मसान्तमा निम्न बमोजिम देखिन आउँछ :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्ती खातामा डिपोजिट	२८,५२,०००।
बचत खातामा डिपोजिट	४१,६७,०००।
मुद्दती खातामा डिपोजिट	२२,३८,०००।
अन्य	४,००,०००।
जम्मा:–	९६,५७,०००।

नेपाल बैंक लिमिटेडको इटहरी शाखामा ग्राहकहरूको संख्या ५०० पुगेको छ। धान, चामल, जूट आदिमा करीब १२ लाख लगानी गरेको छ।

राष्ट्रिय वाणिज्य बैंक

सुनसरी जिल्लाको सदरमुकाम इनरुवामा एक राष्ट्रिय वाणिज्य बैंकको शाखा रहिआएको छ। यो बैंकबाट पनि जिल्लाको उद्योग-वाणिज्यलाई सहयोग पुगेको छ। यस बैंकको विभिन्न खातामा २०३० साल असार मसान्तसम्म निम्नबमोजिम रकम जम्मा भएको देखिन्छः–

चल्ती खातामा डिपोजिट भएको	४,८१,०००।
बचत खातामा डिपोजिट भएको	१,९६,०००।
मुद्दती खातामा डिपोजिट भएको	५५,०००।
नन्-अपरेटिभ खातामा डिपोजिट भएको	३६,०००।
अन्य खातामा डिपोजिट भएको	५८,०००।
जम्मा:–	८,२६,०००।

राष्ट्रिय वाणिज्य बैंकले पनि विभिन्न वस्तुहरूको धरौटी राखी ऋण दिने गरेको छ। २०३० साल असार मसान्तसम्म यस बैंकबाट वितरण भएको कर्जा तथा लगानी रकम यसप्रकार छ:–

सुन-चाँदीको धितोमा गएको ऋण	३,२४,०००।
सेक्युरिटी तथा कागजात	१,१५,०००।
गल्ला	६६,०००।
जूट र जूटको वस्तु	१,३२,०००।
अन्य कर्जा	७१,०००।
जम्मा:–	७,०८,०००।

कृषि विकास बैंकको गतिविधि बारे माथि कृषि ऋण शीर्षकमा पनि चर्चा गरिएको छ। यो बैंकले सहकारी संस्थाहरूमार्फत र सोझै आफ्नैतर्फबाट पनि कृषकहरूलाई ऋण उपलब्ध गराउँदैआएको छ। स-साना कृषि, उद्योग व्यवसायको अतिरिक्त मत्स्य पालन, कुखुरा पालन, पशु-पालन तथा उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधि र कृषि औजार खरीद गर्ने कामको लागि पनि कृषि विकास बैंकले ऋण दिने गरेको छ। सुनसरी जिल्लाको कृषि विकासमा यो बैंकको भूमिका महत्वपूर्ण हुन सक्छ र यसको गतिविधिमा द्रुतगति ल्याउनु आवश्यक देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार तथा बिजुली

यातायात

अधिराज्यका अरू जिल्लाहरूको तुलनामा सुनसरीको यातायत निकै विकसित अवस्थामा छ । धरानदेखि हाँसपोशा, इटहरी, सोनापुर तथा दुहुबी हुँदै वर्तमान अञ्चल सदरमुकाम विराटनगर र अन्ततः नेपाल-भारत सीमानामा स्थित जोगवनी रेल स्टेशनसम्म जाने पुरानो राजमार्गको अतिरिक्त मेची र महाकाली जोडने महेन्द्र राजमार्गको केही भाग पनि सुनसरी जिल्लामा पर्न आएको छ । सुनसरी जिल्लामा भएका केही राजमार्ग र अन्य बाटोहरू यसप्रकार छन्:–

महेन्द्र राजमार्ग

महेन्द्र राजमार्ग सुनसरी जिल्लाको दक्षिणपट्टिको समथर तराई भागमा पश्चिम सप्तरी जिल्लाको सीमानादेखि पूर्वमा मोरङको साँधसम्म लम्बिएको छ । यो राजमार्गले जिल्लाको चौतर्फी विकासको लागि आवश्यक पृष्ठभूमि तयार पार्नुको साथसाथै इटहरी, हाँसपोशा, पकली, सिनबारी भात-गाउँ, डुमराहा, मधेशा, इनरुवा तथा भोक्राहा आदि पञ्चायतको दैनिक गतिविधिमा नै ठूलो परिवर्तन ल्याएको छ।

मादर्देखि खुनीयाद्दार, इनरुवा तथा इटहरीसम्म सुनसरी जिल्लामा पर्ने महेन्द्र राजमार्गको खण्ड करीब ३२ किलोमिटर (२० माइल) लामो छ। यो भागमा पर्ने सुनसरी खोला, बूढी खोला र अन्य स-साना खोल्साहरूमा पक्की पुलको व्यवस्था भइसकेको छ। यहाँ नियमित रूपले बस सेवा चालू भइसकेकोले यस भेकमा आवत जावत गर्न निकै सुविधा छ।

धरान- विराटनगर राजमार्ग

वि. सं. २०१६ सालमा निर्माण भएको यो धरान-विराटनगर राजमार्गलाई भक्ति मार्ग पनि भनिन्छ। करीब ४८ किलोमिटर अर्थात् ३० माइल लामो यो राजमार्गको ज्यादाजसो भाग सुनसरी जिल्लामा पर्दछ। विराटनगरबाट दुहुवी बजार हुँदै उत्तर लागेको यो सडकले सुनसरी जिल्लामा पर्ने दुहुबी, सोनार, खनार, इटहरी, हाँसपोशा आदि पञ्चायत क्षेत्रहरू छुँदै चारकोसे जङ्गलपार गरी धरान पुग्छ । यो सडकमा पर्ने बूढी खोला, सोहोरा खोला, सेउती खोला तथा टेंग्रा खोलामा पुलहरू बनेका छन् । यहाँ हरेक दिन नियमित रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस सेवा चालू भइरहेको छ। यो भक्ति राजमार्ग र महेन्द्र राजमार्ग इटहरी बजारमा मिलेका छन्। महेन्द्र राजमार्गले जस्तै विराटनगर-धरान मार्गले पनि सुनसरी जिल्लाको विकासमा महत्वपूर्ण भूमिका ओगटेको छ।

धरान– धनकुटा सडक

धरान-धनकुटा पैदल बाटो धरान बजारबाट धनकुटा बजारसम्म २५ किलोमिटर (आठ कोस) लामो छ। शताब्दियौं पहिलेदेखि गोरेटोको रूपमा भइरहेको यो बाटो पूर्वी नेपालको पहाडी मूल बाटोहरूमा सबैभन्दा चल्तीको बाटो हो। यो धरान-धनकुटा बाटो सुनसरी जिल्लाबासीहरूले मात्र होइन संखुवासभा, भोजपुर, तेह्रथुम, धनकुटा र ताप्लेजुङ्गका जनताले समेत प्रयोग गरिआएका छन्। धरान बजारको उत्तरपट्टि डाँडामा रहेको फुस्रे बजारदेखि धनकुटासम्म तमोर नदीको अतिरिक्त यो बाटोको छेउछाउमा कतिपय स-साना खोलाहरू पर्दछन्। वर्षाको याममा यी खोलाहरूमा तीव्र गतिले भेल आउने हुँदा बटुवाहरूलाई ज्यादै असुविधा हुन्छ। यो बाटो धनकुटाबाट घुमाउने चौतारा, टेकुनडाला, रमिते, मूलघाट, लेउती खोला, धारापानी, साँगुरी, चिउरीबास र फुस्रे हुँदै धरान आइपुग्छ। साधारणतः धरानबाट धनकुटा पुग्न एक दिन लाग्छ।

यो पुरानो धरान-धनकुटा मूलबाटो अब राजमार्गमा परिणत हुँदैछ। रू. १३,३०,००,०००। को लागतमा बन्न लागेको यो राजमार्ग ६५ किलोमिटर जति लामो हुनेछ। पूर्वाञ्चल विकास क्षेत्रको मेरु दण्डको रूपमा पहिलो पटक निर्माण हुन लागेको यो उत्तर-दक्षिण राजमार्गले दक्षिणको समथर तराई र उत्तरको पहाडी प्रदेशलाई जोड्नेछ। यसको सफल कार्यान्वयनबाट पूर्वाञ्चलविकास क्षेत्रमा विकासको महत्वपूर्ण आधारशिला तयार हुनेछ। आर्थिक वर्ष २०३५–३६ सम्ममा निर्माण कार्य पूरा हुने यो बाटोले त्यस भेकको सामाजिक, आर्थिक र जन धारणामा समेत विकासमूलक वातावरणको सिर्जना हुनेछ।

धरान– भोजपुर बाटो

धरानबाट चतरा हुँदै भोजपुर जान धरानबाट हिउँदको बेला मोटर सवारीद्वारा १५ किलोमिटर (नौ माइल) बाटो चतरासम्म पुग्न सकिन्छ। बाटोमा पर्ने सर्दू नदी, पटनाली, खहरे, वगुवा, भालू एवं काली खोलाले गर्दा मोटर सवारी बन्द भएपनि पैदल हिंडेर धरानदेखि चतरासम्म खोलाहरू पारगर्दै जान सकिन्छ।

चतरादेखि भोजपुर सदरमुकामसम्मको बाटो ४८ किलोमिटर (३० माइल) पर्दछ। हिउँदको याममा स्थानीय पैदल यात्रीहरू चार दिनमा चतराबाट भोजपुर पुग्न सक्छन्।

हिउँदमा बिहानै यात्रुहरू चिया चमेना गरी चतराबाट हिंडी कोशीको किनारै किनार उकालो ओरालो तेर्सोबाटोमा पर्ने चतराबाट हुँदै बराहक्षेत्रमा पुग्दछन्। यो ठाउँमा प्रायः सबै यात्रीहरू कोका खोलामा स्नानगरी भगवान बराहको दर्शन गरी सो स्थानमा दिउँसोको खाना खाई मात्र अगाडि हिड्ने गर्दछन्। बराहक्षेत्रको दर्शन पछि बिहानको भोजन गरी यात्रुहरू त्यहाँबाट प्रस्थान गरेर कोशी नदीको किनारै किनार उकालो ओरालो एवं भीरको बाटो हुँदै, रमणीय दृश्य हेर्दै तमोर नदीको झोलुङ्गे पुल पारगरी त्रिवेणीघाटमा बास बस्न पुग्दछन्। त्रिवेणीघाट, दूधकोशी, अरुण र तमोर नदीको संगम हुने स्थान भएकोले सो स्थानमा पनि श्रद्धालुजनहरू स्नान गर्दछन्।

त्रिवेणीघाटबाट बिहान हिंडी खोर्सानीटार हुँदै गुठी खेत र मुगा खोला तर्दै सुन बालुवामा बेलुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बास बसी भोलिपल्ट अरुण नदी डुङ्गाबाट पुगिन्छ । भोलिपल्ट तिव्रीबासबाट हिंडी कावा खोला तर्दै भोजपुर फेदी, पारपानी कोट डाँडा हुँदै भोजपुर पुगिन्छ ।

वर्षाको याममा अरुण घाटसम्म उपर्युक्त बमोजिम हिंडी अरूण राईघाटबाट एकोरो बाटोगरी डाँडै डाँडा तिव्रीवास डाँडा, कालावा दोभान, पारपानी हुँदै भोजपुर जाने पनि बाटो छ । यो बाटो धेरै लामो उकालो-ओरालो पार गर्दै जानु पर्ने हुन्छ ।

उपर्युक्त बाटोको अलावा कुनै कुनै यात्रीहरू अरूण नदी पार नगरी सो नदीको गढतिर हुँदै संखुवा खोला तरी दिङ्लानिर पर्ने अरुण नदीको सतीघाट डुङ्गाबाट पारगरी भोजपुरको दिङला बजार हुँदै १४ माइल हिंडेर भोजपुर जाने गर्दछन् तर यो बाटोबाट ज्यादातः भोजपुर जिल्लाको दिङला र कुलुङमा बस्ने मानिसहरू मात्र हिंड्ने गर्दछन् ।

धरान–चतरा बाटो

यो मार्ग हाल कच्ची अवस्थामा छ । चतरामा ठूलो नहर योजना भएको र यहाँबाट प्रसिद्ध धार्मिक स्थल बराहक्षेत्र र भोजपुर जान पनि नजीक पर्नेहुँदा यसलाई बाह्रमास चल्ने बनाउनु आवश्यक भइसकेको छ । यसको लागि बाटोमा पर्ने दुईवटा खहरे खोलामा पक्की पुलको निर्माण हुनुपर्ने देखिन्छ । यो बाटो धरानदेखि चतरासम्म १४ किलोमिटर (नौ माइल) लामो छ । चतरा नहर योजनाबाट सिर्जना भएको यस भेकको गति-विधिले गर्दा यो बाटोको महत्व झन् बढेको छ ।

अन्य बाटोहरू

तराई जिल्ला भएकोले दक्षिणपट्टिको प्रायः सबै भागमा यातायातको कठिनाई छैन । कप्तानगञ्ज-देखि धरान जाने कच्ची बाटो पनि छ । इनरुवादेखि दुहुबीसम्म जाने करीब १४ किलोमिटर (नौ माइल) लामो कच्ची बाटोमा माटो भर्ने काम पूरा भइसकेको छ । यस जिल्लाको उत्तर-पश्चिम कुनामा रहेको त्रिवेणी घाटमा पक्की झोलुङ्गे पुल बनिसकेको छ । सप्तकोशी नदीको चतराघाटमा डुङ्गा लाग्छ । वर्षा याममा एक गाउँबाट अर्को गाउँ सोझो बाटो गरी जाने सिलसिलामा सुनसरी खोलामा पनि ठाउँ ठाउँमा डुङ्गा चलाइन्छ । जिल्लाको सदरमुकाम इनरुवा जिल्ला पञ्चायत भवनदेखि गाउँ पञ्चायत भवनसम्म करीब १.६ किलो मिटर बाटो जिल्ला पञ्चायत कोषबाट खर्च गरी पक्की बनाउने काम भइरहेको छ । त्यस्तै धरानदेखि महेन्द्रनगरसम्म पनि करीब १९.२ किलोमिटर लामो मोटर चल्न सक्ने अस्थायी कच्ची बाटो छ ।

यातायातको दृष्टिबाट सुनसरी जिल्लाको इटहरी बजार केन्द्रविन्दु हुन आएको छ । उत्तर-दक्षिण जाने विराटनगर-धरान राजमार्ग र पूर्व-पश्चिम जाने महेन्द्र राजमार्ग यही इटहरी बजारमा चौबाटो परेकाछन्। अतः इटहरीबाट यस जिल्लाका विभिन्न भाग र छिमेकी जिल्ला एवं अञ्चलका मुख्य मुख्य ठाउँमा जाने यातायातको साधन र त्यसको दूरी निम्न तालिकामा देखाइएको छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान			
देखि	सम्म	किलोमिटर	साधन
इटहरी	राजविराज	६८	बस सेवा
इटहरी	मार्दा	४८	"
इटहरी	कञ्चनपुर	६१	"
इटहरी	फत्तेपुर	६९	"
इटहरी	वलान	८६	"
इटहरी	कमला	१२६	"
इटहरी	इनरुवा	१८	"
इटहरी	धरान	२१	"
इटहरी	विराटनगर	२५	"
इटहरी	रङ्गेली	४५	"
इटहरी (जोगवनी)	जोगवनी	२९	"
इटहरी	गछियाखोला	३	"
इटहरी	मावाखोला	४०	"
इटहरी	दमक	४३	"
इटहरी	बिर्तामोड	७४	"
इटहरी	धुलाबारी	८३	"
इटहरी	कांकरभित्ता	९१	"
धरान	चतरा	१४.४	"
धरान	महेन्द्रनगर	१९.२	टयाक्सी
इनरुवा	महेन्द्रनगर	१६	"

हवाइ यातायात

सुनसरी जिल्लामा विमानस्थल छैन। छिमेकी जिल्ला मोरङको विराटनगर विमानस्थल यो जिल्लालाई पनि पायक पर्ने भएकोले हवाइ यातायातको कुनै समस्या छैन। रेल तथा रोपवे जस्ता यातायातका सुविधाहरू सुनसरीमा छैनन् तापनि जिल्लाबासीलाई यसको अभाव खट्केको महसूस हुंदैन।

आकाशवाणी

धरान तथा इनरुवामा गरी यस जिल्लामा दुईवटा आकाशवाणी केन्द्र छन्। यहाँबाट कोशी अञ्चलका अन्य चारै जिल्लासँग सोझै सम्पर्क हुन्छ। कुरा गर्ने समेत एक वर्षमा करीब १,५०० खबरहरू आउँने र पठाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। हाल यो जिल्लामा टेलिफोन लाइन वितरण भएको छैन। तर धरान क्षेत्रमा ४०० लाइन क्षमता भएको स्थानीय एक्सचेञ्ज लाइन स्थापना गरिने कार्यक्रम छ। साथैं चौथो पञ्च वर्षीय योजनाको अन्तसम्ममा धरानमा ट्रङ्क टेलिफोनको सेवा उपलब्ध गर्ने पनि योजना छ। यसअनुसार विराटनगर भएर राजविराज, सिराहा, जनकपुर तथा मलंगवासम्म ट्रङ्क टेलिफोनको सुविधा हुनेछ। यसको लागि धरानमा रिपिटर भवन निर्माण कार्य पूरा भइसकेको छ। यसको लागि आवश्यक मालसामान इटाली लगायत अन्य देशहरूबाट उपलब्ध गराइने छ।

हुलाक

शाखा हुलाक, छोटी हुलाक र अतिरिक्त हुलाक गरी यस जिल्लामा जम्मा १६ वटा हुलाक छन्। यी हुलाकहरूको स्तर तथा हुलाक रहेको पञ्चायत र स्थान यसप्रकार छन्:—

स्तर	गाउँ पञ्चायत	स्थान
शाखा हुलाक	धोपा	धरान क्यान्टनमेन्ट
"	दुहबी	दुहबी
"	इटहरी	इटहरी
"	चतरा	चतरा
"	भुटाहा	भुटाहा
"	इनरुवा	इनरुवा
"	महेन्द्रनगर	महेन्द्रनगर
छोटी हुलाक	धरान	धरान
अतिरिक्त हुलाक	भोक्राहा	प्रकाशपुर
"	आइतबारे	वकलौरी
"	भरोलकालाबञ्जार	कालाबञ्जार
"	देवानगञ्ज	देवानगञ्ज
"	एकम्वा	एकम्वा
"	मधेली	मधेली
"	सिमरिया	अनन्तपुर
"	औरावनी	औरावनी

हुलाक सेवा विभागले लिएको तथ्याङ्कअनुसार २०२९ सालमा यस जिल्लामा देश विदेशबाट चिट्ठीपत्र तथा वस्तु आएको संख्या जम्मा ६,४८१ थियो। यो जिल्लामा बढी चिट्ठी आउने क्षेत्र धरान हो।

बिजुली

सुनसरी जिल्लाको धरानमा मात्र बिजुली वितरण भएको छ। इटहरी, इनरुवा र चतराका महेन्द्र राजमार्ग र कोशी तथा चतरा आयोजनाका क्याम्पहरूमा रहेको राती मात्र वितरण हुने बिजुली सर्वसाधारणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण नहुने हुँदा त्यसलाई उल्लेख गर्न मात्र सकिन्छ। धरानको विद्युत् "प्लाण्ट" २०२१ सालमा स्थापना भएको थियो। यसमा दुई जेनेरेटरहरू छन् र कुल विद्युत् उत्पादन क्षमता २१२ किलोवाट छ। ग्राहक संख्या ३४५ पुगेको छ। दिउँसो १२ बजेदेखि बिहान छ बजेसम्म प्रतिदिन १८ घण्टा चालू हुन्छ। बिजुलीको माग ज्यादै छ, पूर्ति गर्न सकेको छैन। धरान विद्युत् सप्लाई कम्पनीका शेयरहोल्डरहरूको संख्या ६३६ छ। ६२ प्रतिशत शेयर नेपाल औद्योगिक विकास निगमले किनेको छ। पाँच जनाको सञ्चालक समितिमा तीन जना नेपाल औद्योगिक विकास निगमका प्रतिनिधिहरू छन्। अहिलेसम्म कम्पनी नोक्सानीमैं चलिरहेको छ। कुल नोक्सानी २०२८ साल असार मसान्तसम्म रू. दुई लाख ३३ हजार पुगेको थियो।

धरानमा विद्युत्को माग धेरै छ। विराटनगरदेखि धरानसम्म हाई भोल्टेज ट्रान्समिशनलाइन ल्याई विराटनगरबाट बिजुली ल्याउने कार्यक्रम छ। तर ट्रान्समिशन लाइनको निम्ति दुहुबीसम्म मात्र खम्बा गाडिएका-छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यमा दोस्रो सबैभन्दा बढी १८.१ प्रतिशत साक्षर भएको कोशी अञ्चलका पांच जिल्लाहरूमध्ये सुनसरी एक हो। यो जिल्लामा १९.५ प्रतिशत मानिस साक्षर छ। शिक्षाको क्षेत्रमा छिमेकी जिल्ला मोरङको २०.० प्रतिशत साक्षरको तुलनामा सुनसरी ०.५ प्रतिशत कम विकसित भए तापनि कोशी अञ्चलका अरू तीन जिल्ला धनकुटा, तेह्रथुम र संखुवासभाको तुलनामा विकसित नै मान्नु पर्दछ। सालाखाला १३.९ प्रतिशत जनसंख्या साक्षर भएको नेपालमा १९.५ प्रतिशत साक्षर भएको सुनसरीको स्थितिलाई उत्साहबर्द्धक नै मान्नु पर्दछ।

यो जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका मानिसहरूको संख्या १,७९,४९३ छ। यसमा ९३,६६५ पुरुष तथा ८५,८२८ महिला छन्। यो संख्यामध्ये २७,१८५ जना अर्थात् २९.० प्रतिशत महिला गरी जम्मा ३४,९९६ अर्थात् १९.५ प्रतिशत मानिस साक्षर छन्। छ वर्षभन्दा माथि उमेर भएको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरीहेर्दा यहांको साक्षरताको स्थिति यस्तो देखिन्छः—

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	१४,५१८	३,४२५	२३.६	१,३७८	१,६७७	१२.२	२८,२९८	५,१०२	१८.०
१०–१४	१३,७१६	६,५२८	४७.६	१,१३२	२,७०२	२३.८	२५,०४४	९,२३०	३६.९
१५–१९	१०,७६२	४,६६९	४३.४	९,२३९	१,५५४	१६.८	२०,००१	६,२२३	३१.१
२०–२४	८,६२८	३,१८३	३६.९	९,३२९	८२४	८.८	१७,९५७	४,००७	२२.३
२५–२९	९,५६७	२,७३०	२८.५	८,७७१	४४२	५.०	१८,३३८	३,१७२	१७.३
३०–३४	७,०२७	१,७१३	२४.४	७,६८६	२२८	३.०	१४,७१३	१,९४१	१३.२
३५–३९	७,९०४	१,५८८	२०.१	६,२७९	१५८	२.५	१४,१८३	१,७४६	१२.३
४०–४४	५,२६७	९८९	१८.८	५,०६२	९८	१.९	१०,३२९	१,०८७	१०.५
४५–५४	८,४५५	१,४०९	१६.७	६,५०७	८३	१.३	१४,९६२	१,४९२	१०.०
५५–६४	४,६७८	६०७	१३.०	४,५१५	२४	.५	९,१९३	६३१	६.९
६५ र माथि	३,१४३	३४४	१०.९	३,३३२	२१	.६	६,४७५	३६५	५.६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त तालिकाबाट १० देखि २४ वर्ष उमेर भएका व्यक्तिहरू बढी साक्षर भएको पाइन्छ। यो उमेरभित्र पर्ने महिलाहरूको साक्षरताको प्रतिशत पनि उत्साहवर्धक नै छ। यसबाट के पनि झल्किन्छ भने सुनसरी जिल्लामा पनि आजभन्दा २३–२४ वर्ष पहिले अर्थात् २००७ सालको परिवर्तन पश्चात् मात्र शैक्षिक क्षेत्रमा जनजागरण आएको रहेछ। २००७ साल पूर्व अर्थात् २४ वर्षभन्दा माथि उमेर भएकाहरूको साक्षरता प्रतिशत क्रमशः ह्रास हुँदै गएको देखिन्छ। यसमा पनि महिलाको शैक्षिक गतिविधि ०.५ सम्म घटेकोबाट महिलाहरूले पढ्न लेख्न पर्दैन भन्ने पुरानो धारणा चरितार्थ हुन्छ। छ देखि नौ वर्षका बालक बालिकाको तथ्याङ्क हेर्दा के महिला, के पुरुष सबका सबमा साक्षरता वृद्धि हुँदै गएको देखिन्छ।

सुनसरी जिल्लामा महेन्द्र क्याम्पस र पिण्डेश्वरी क्याम्पस, १६ वटा माध्यमिक विद्यालय, १३ वटा निम्न-माध्यमिक विद्यालय र १०४ वटा प्राथमिक विद्यालय छन्। दुई वटा महाविद्यालयमध्ये पिण्डेश्वर संस्कृत महाविद्यालयमा संस्कृतको मात्र पढाइ हुन्छ। यीमध्ये ११ प्राथमिक, दुई निम्न माध्यमिक, दुई संस्कृत माध्यमिक, तथा पाँच माध्यमिक र एक महाविद्यालय (महेन्द्र क्याम्पस) धरान क्षेत्रमा नै केन्द्रित भएकाछन्। यो जिल्लामा नयाँ शिक्षा योजना २०३० पुसदेखि लागू भइसकेको छ। विभिन्न स्थायी विद्यालयहरूको अतिरिक्त प्रत्येक वर्ष प्रौढ कक्षाहरू पनि सञ्चालन गरिएका छन्। यस जिल्लामा करीब ३० प्रतिशत विद्यालयका पक्की भवन बनिसकेका छन्। शिशु कक्षादेखि माध्यमिक विद्यालय स्तरमा अध्ययन गर्ने छात्र-छात्राको संख्या तथा शिक्षिका, शिक्षकहरूको योग्यता र संख्या निम्न तालिकाबाट प्रष्ट हुन आउँछः–

विद्यार्थी – विवरण

शिशु कक्षा	३,३७०	कक्षा नौ	७०१
कक्षा एक	२,०२७	कक्षा १०	६१५
कक्षा दुई	१,७६५	शिशुदेखि कक्षा तीन-सम्मको जम्मा	८,८३६
कक्षा तीन	१,६७४		
कक्षा चार	१,५५३	कक्षा चार देखि कक्षा सातसम्मको जम्मा	४,५९९
कक्षा पाँच	१,२५२		
कक्षा छ	९५८	कक्षा आठदेखि कक्षा १० सम्मको जम्मा	२,०८९
कक्षा सात	८३६		
कक्षा आठ	७७३		

शिक्षक – विवरण

	अण्डर म्याट्रिक	म्याट्रिक वा सो सरह	आई. ए. वा सो सरह	बी. ए. वा सो सरह र सोभन्दा माथि	जम्मा
तालिम प्राप्त	३७	१४१	४	९	१९१
तालिम अप्राप्त	१०५	१६९	१०३	१०६	४८३

माध्यमिक तथा त्यसभन्दा मुनिका विद्यालयहरूको प्रशासनिक एवं अन्य व्यवस्था जिल्ला शिक्षा समितिको निर्देशनमा जिल्ला शिक्षा अधिकारीको कार्यालयबाट गरिन्छ। इनरुवा स्थित यो जिल्ला शिक्षा अधिकारीको कार्यालय धरानस्थित क्षेत्रिय शिक्षा निर्देशनालयबाट नियन्त्रित छ। शिक्षा प्रसार-प्रचारमा जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुलहरू

यस जिल्लामा जम्मा बाह्रवटा साना ठूला झोलुङ्गे पुलहरू छन् । विभिन्न खोला र नदीमा रहेका पुलहरूको स्थान तल दिइएको छ ।

अरुण नदीमा—दुई

(क) धनकुटा जिल्लासँग जोडिने गरी सिम्लेमा — पातले पानी (भोजपुर) र छिन्ताङ पञ्चायत (धनकुटा) को बीचमा ।

(ख) संखुवासभाको तुम्लिङटारसँग जोडिने गरी तुर्के घाटमा — देउराली (भोजपुर) र तुम्लिङटार पञ्चायतको बीचमा ।

पिखुवा खोलामा—पाँच

(क) धरान र हतुवा जाने बाटोमा पर्ने फेदीमा — वैकुण्ठे र टक्सार पञ्चायतको बीचमा

(ख) सयले जाने बाटोमा — टक्सार र नामन्त पञ्चायतको बीचमा

(ग) दिक्तेल जाने बाटोमा — भोजपुर र कोट गाउँ पञ्चायतको बीचमा

(घ) खोटाङ जाने बाटोमा — कोट गाउँ र बोखिम पञ्चायतको बीचमा

(ङ) दिक्तेल दिल्पा र छिनामखु जाने बाटोमा — छिनामखु र गुप्तेश्वर पञ्चायतको बीचमा

सेरा खोलामा दावाँ जाने बाटोमा — सिद्धेश्वर र वोखिम पञ्चायतको बीचमा

यान्टाङ्ग खोलामा दिल्पा जाने बाटोमा — छिनामखु र अन्नपूर्ण पञ्चायतको बीचमा

सिस्ने खोलामा वाला याम्दाङ जाने बाटोमा — याम्दाङ्ग गाउँ पञ्चायतमा

पिखुवा खोलामा पशुपति स्थान रिम्चिम जाने बाटोमा झोलुङ्गे पुल हालसालै तयार भएको छ र यो तिम्मा र गुप्तेश्वर पञ्चायतको बीचमा रहेको छ ।

अरुण नदीको झोलुङ्गे पुल तर्दा प्रतिव्यक्तिले पच्चीस पैसा तिर्नु पर्छ ।

घाटहरू

सीमान्तमा ठूला नदीहरू भएको यस जिल्लामा यातायातको निमित्त घाटहरूको ठूलो महत्व छ । घाटहरूबाट जिल्ला पञ्चायतलाई वार्षिक करीब रू. ७०,०००। आम्दानी हुन्छ तापनि सो आम्दानी उदयपुर, धनकुटा र संखुवासभाका जिल्ला पञ्चायतहरूलाई पनि भाग लाग्दछ । जिल्लाका प्रमुख घाटहरूको नाम तल दिइएको छ ।

(१) अरुण नदीमा कातिके, सतीघाट, कुणुलेघाट, लेगुवाघाट, अँधेरीघाट र राईघाट

(२) सुनकोशीमा बुर्यांजोर घाट, राईघाट, कम्पुघाट, ठेसुवाघाट र जोगेपाथर घाट

घाट तर्दा बटुवाहरूसँग लिइने करको दर राईघाटमा प्रतिव्यक्ति रू. एक र अरुण घाटमा प्रतिव्यक्ति पचास पैसा छ ।

जिल्लामा ढुवानीको साधन केही छैन र मालसामान मान्छेले बोकेर ल्याउने लग्ने गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सवारीको साधनमा घोडाको केही हदसम्म उपयोग गरिन्छ ।

सञ्चार

जिल्लाका प्रायः प्रत्येक गाउँबाट विभिन्न ठाउँमा फौजी वा अन्य नोकरीको लागि बाहिर जाने परम्परा रहेको यस जिल्लामा सञ्चार व्यवस्थाको ज्यादै महत्वपूर्ण भूमिका छ । हुलाक नै मुख्य सञ्चारको साधन हो तापनि यहाँ रहेको आकाशवाणीले पनि सीमित भएपनि जनतालाई सेवा प्रदान गर्दै आएको छ ।

हुलाक

सदरमुकाम भोजपुरमा रहेको हुलाकको स्तर छोटीहुलाक हो । उक्त छोटीहुलाक बाहेक जिल्लामा अरू शाखा हुलाक चार र अतिरिक्त हुलाक १२ छन् । कुलुङ अग्राखे गाउँ, दिङला भञ्ज्याङ, रानीबास र याकुमा शाखा हुलाकहरू छन् । झ्याउ पोखरी बजार, चरम्बी गाउँ, प्याउली भञ्ज्याङ, पालपाले गाउँ, तेवारी भञ्ज्याङ, टक्सार बजार, ओख्रे, दिलपा अन्नपूर्ण, पान्धारे बजार (लेखकं गाउँ पञ्चायत), दावाँ बजार (गुप्तेश्वर गाउँ पञ्चायत) र बालङ्कामा अतिरिक्त हुलाकहरू छन् ।

यो जिल्लामा २०२९।३० सालमा जम्मा २,४६,१०० चिट्ठीहरू बाहिरबाट आए ।

आकाशवाणी

सदरमुकाम भोजपुर बजारमा एउटा आकाशवाणी केन्द्र छ जसबाट अञ्चलका अरू जिल्लामा रहेका सबै आकाशवाणी केन्द्रहरूको साथै काठमाडौंसँग पनि सोझै कुराकानी र (सञ्चार) खबर आदान प्रदान गर्न सकिन्छ । वर्षभरिमा करीब ३,००० देखि ३,५०० वटा समाचारहरू आदान प्रदान यस केन्द्रले गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

सगरमाथा अञ्चलका अन्य पहाडी जिल्लाहरूको दाँजोमा भोजपुरमा शिक्षा प्रतिको जागरुकता पहिलेदेखि नै बढी मात्रामा रहेको छ। अधिकांश जिल्लाबासीहरू अन्य जिल्लाको प्रभाव र विदेशी फौजमा भर्ती हुँदाको प्रभावमा पर्न आएका हुँदा यहाँ शिक्षाको महत्व नबुझ्नेहरू कमै छन्। संस्कृत शिक्षामा पनि दिङलाको संस्कृत विद्यालय वि. सं. १९३४ मा आ बाल ब्रह्मचारी षडानन्दले स्थापना गरेका र विद्यालय र छात्राबास चलाउनको निमित्त गुठीको बन्दोबस्त पनि भएको हुँदा यो जिल्ला अग्रगामी नै भएको थियो। यस्ता कतिपय कारणहरूले यहाँ साक्षरहरू निकै छन् तापनि सगरमाथा अञ्चलका पहाडी जिल्लाहरूमध्ये भोजपुरको स्थान दोस्रो हुन पुगेको छ। साधन, फुर्सत र अवसरको कमीको साथै आर्थिक कठिनाइले गर्दा जिल्लाबासीहरूले विद्यालयको संख्या चाहे जति बढाउन नसके तापनि हालसम्मको शिक्षाको प्रगति जिल्लाबासीहरूकै प्रयासबाट भएको छ।

जिल्लाको कुल जनसंख्या १,९४,५०६ को १२.१ प्रतिशत मात्र साक्षर छ। सगरमाथा अञ्चलको जनसंख्याको साक्षरता १२.५ प्रतिशत र अधिराज्यको १३.९ प्रतिशत छ।

अञ्चलमा साक्षरताको हिसाबले सप्तरी र सोलुखुम्बूपछि भोजपुरको स्थान आउँछ। केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको २०२८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाका छ वर्षभन्दा बढी उमेर भएका-को संख्या १,६०,९६६ (पुरुष ७८,५१४, महिला ८२,४५२) छ जसमध्ये १९,४९८ (पुरुष १७,०७७, महिला २,४२१) अर्थात् १२.१ प्रतिशत मात्र साक्षर छन्। नारी साक्षरतामा यो जिल्ला सारै पछि परेको देखिन्छ। छ वर्षभन्दा बढी उमेर भएकाहरूमध्ये साक्षरताको संख्या तलको तालिकाबाट स्पष्ट हुन्छः—

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९ वर्ष	११,४२६	१,०८४	९.५	११,३४६	३७९	३.३	२२,७७२	१,४६३	६.४
१०–१४ वर्ष	११,१७५	४,१२०	३१.३	१२,३२२	९१९	७.५	२५,४९७	५,०३९	१९.८
१५–१९ वर्ष	९,९८२	३,४८३	३४.९	९,५४१	५८५	६.१	१९,५२३	४,०६८	२०.८
२०–२४ वर्ष	७,५३१	२,२०८	२९.३	८,१४३	२४५	३.०	१५,६७४	२,४५३	१५.७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२५–२९ वर्ष	६,३९०	१,५०५	२३.६	७,५२१	११२	१.५	१३,९११	१,६१७	११.६
३०–३४ वर्ष	५,५३७	१,०८४	१९.६	६,२४८	४७	०.८	११,७८५	१,१३१	९.६
३५–३९ वर्ष	५,१३७	९२६	१८.०	५,३९८	३३	०.६	१०,५३५	९५९	९.१
४०–४४ वर्ष	४,३८६	६८५	१५.६	५,१५७	२४	०.५	९,५४३	७०९	७.४
४५–५४ वर्ष	६,७५९	१,०११	१५.०	७,३९२	३४	०.५	१४,१५१	१,०४५	७.४
५५–६४ वर्ष	४,७५२	५८२	१२.२	५,४६३	२६	०.५	१०,२१५	६०८	६.०
६५ र माथि	३,४३९	३८९	११.३	३,९२१	१७	०.४	७,३६०	४०६	५.५
सबै उमेर समूह	७८,५१४	१७,०७७	२१.८	८२,४५२	२,४२१	२.९	१,६०,९६६	१९,४९८	१२.१

उपर्युक्त तथ्याङ्कबाट १०–१४ वर्षको उमेर समूहमा साक्षरको संख्या सबभन्दा वढी रहेको र प्रतिशतको हिसाबले १५ देखि १९ वर्षको उमेर समूहमा साक्षरहरूको प्रतिशत सबभन्दा बढी रहेको देखिन्छ। नारी साक्षरता सारै कम रहेको कुरा माथिको तथ्याङ्कबाट स्पष्ट हुन्छ। साधारणतया बूढाबूढीहरूमा साक्षरहरू कम रहेको र २४ वर्षसम्म उमेर हुनेहरूमा साक्षरहरूको प्रतिशत उल्लेखनीय भएबाट जिल्लामा शिक्षण संस्थाहरूको बढ्दो सुविधालाई इङ्गित गर्दछ।

जिल्लाको जनसंख्यामा छ वर्षभन्दा बढी उमेर भएका १,६०,९६६ मध्ये विद्यालयहरूमा भर्ना नभएका जम्मा १,५१,१३३ छन् र बाँकी ९,८३३ विभिन्न स्तरका विद्यालयमा अध्ययनार्थ भर्ना भएका छन्। यस्ता विभिन्न विद्यालयहरूमा पढिरहनेहरूमध्ये प्राथमिकमा ६,७५९, निम्न माध्यमिकमा १,७८१, माध्यमिकमा १,१०१, इण्टरमिडियटमा १३६, स्नातकमा ४२ र स्नातकोत्तरमा १४ थिए भन्ने २०२८ को जनगणनाबाट देखिएको छ।

विद्यालयमा भर्ना नभएका १,५१,१३३ मध्ये विभिन्न स्तरका शिक्षा हासिल गरिसकेकाहरूको संख्या ३,५१० छ र अरू १,४७,६२३ जना विद्यालयहरूमा भर्ना नभएकाहरू छन्। विभिन्न स्तरका शिक्षा पूरा गरिसकेकाहरूको संख्या २०२८ को जनगणना अनुसार तलको तालिकामा देखाइएको छ :–

विद्यालय शिक्षा

	जम्मा	नपाएका	प्राथमिक	नि.माध्य.	माध्य.	इण्टर	स्नातक	स्नातकोत्तर
पुरुष	७०,२१५	६६,९८७	२,१५९	२६१	६००	९५	९४	१९
महिला	८०,९१८	८०,६३६	१९६	३०	४४	११	१	–
जम्मा	१,५१,१३३	१,४७,६२३	२,३५५	२९१	६४४	१०६	९५	१९

उपर्युक्त तालिकाबाट शिक्षित महिलाहरूको संख्या पुरुषहरूको दाँजोमा सबै स्तरमा कमै देखिन्छ। तसर्थ नारी शिक्षामा अधिराज्यका अरू पहाडी जिल्ला झैं भोजपुर पनि सारै पछाडि परेको छ।

जिल्लाको एकमात्र बहुउद्देश्यीय माध्यमिक विद्यालय सदरमुकाम भोजपुरमा छ। प्रत्येक गाउँ पञ्चायतमा कमसेकम एक प्राथमिक विद्यालयको व्यवस्था छ।

यस जिल्लामा एक संस्कृत प्रधान माध्यमिक विद्यालय छ र एक पूर्ण सरकारी प्राथमिक विद्यालय पनि छ। संस्कृत प्रधान माध्यमिक विद्यालयको इतिहास निकै पुरानो छ। यो विद्यालय वि. सं. १९३४ सालमा आबाल ब्रह्मचारी षडानन्द अधिकारी नामक व्यक्तिले स्थापना गरेका हुन् र काठमाडौं रानीपोखरीको संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयभन्दा पनि पहिले यस विद्यालयको सञ्चालन भएको हो। विद्यालयको छात्राबास पनि छ र विद्यालय, छात्राबास र सीताराम मन्दिरको सञ्चालन गुठीबाट भएको छ।

जिल्लामा रहेका विभिन्न स्तरका विद्यालयहरूको विवरण तल प्रस्तुत गरिएको छः–

विद्यालयको स्तर	संख्या
प्राथमिक विद्यालय	१२७
संस्कृत प्रधान विद्यालय	१
निम्न माध्यमिक विद्यालय	१०
माध्यमिक विद्यालय	८
बहुउद्देश्यीय माध्यमिक विद्यालय	१
त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक अध्ययन संस्थान, भोजपुर क्याम्पस (प्रमाणपत्र स्तर)	१
जम्मा	१४८

उपर्युक्त १४८ विद्यालयहरू विभिन्न स्थानहरूमा रहेका छन्। भोजपुर क्याम्पस सदरमुकाम भोजपुरमै छ। श्री ५ को सरकारबाट आर्थिक वर्ष २०२९।३० मा शिक्षण संस्थाहरू चलाउन रू. २,६८,६६३। को अनुदान दिइएको थियो भने त्यसै वर्ष शिक्षण संस्थाहरूको आफ्नै स्रोतबाट रू. ५,३१,७३२। ब्यहोरिएको थियो। यसरी २०२९।३० मा सबै स्रोतहरूबाट शिक्षण संस्थाहरू चलाउन रू. ८,००,३८८। यहाँ खर्च भएको देखिन्छ र सरकारी अनुदानको तुलनामा शिक्षण संस्थाहरूको आफ्नै स्रोतबाट हुने खर्च झण्डै दोब्बर रहेको देखिन्छ।

जिल्लाका १४८ शिक्षण संस्थाहरूमध्ये चारवटा प्राथमिक विद्यालयहरूको भवन छैन र चौतारा वा अन्य खुला सार्वजनिक ठाउँहरूमा चलेका छन्। अरू ४८ विद्यालयहरूको पक्की भवन र ९६ को कच्ची भवनहरू मात्र छन्।

जिल्लाका विभिन्न शिक्षण संस्थाहरूको भवन सम्बन्धी विवरण तल दिइएको छ। भवन नभएका जम्मा चार प्राथमिक विद्यालय छन् र जम्मा कच्ची भवन भएका विभिन्न स्तरका ९६ विद्यालयहरू छन्।

विद्यालयको स्तर	पक्की	कच्ची	हुँदैनभएको	जम्मा
प्राथमिक विद्यालय	३५	८८	४	१२७
निम्न माध्यमिक विद्यालय	५	५	–	१०
माध्यमिक विद्यालय	७	३	–	१०
भोजपुर क्याम्पस	१	–	–	१
जम्माः–	४८	९६	४	१४८

विभिन्न स्तरका विद्यालयहरूमा पढिरहेका छात्रछात्राहरूको संख्या ९,३५३ छ। २०२८ को राष्ट्रिय जनगणना अनुसार विद्यालय जाने उमेरका छदेखि १५ वर्ष उमेर भएकाहरूको संख्या ५२,८७४ छ। क्याम्पस बाहेक अरू स्तरका विद्यालयहरूमा हाल पढिरहेका विद्यार्थीहरूको संख्या ९,२९९ (करीब १७.६ प्रतिशत) छ। यसरी विद्यालय जाने उमेरका ८२.४ प्रतिशत (४३,५७५) विद्यालय जान सकेका छैनन्। विद्यालय जान नसक्नुको कारण आर्थिक स्थिति खराब हुनु नै मुख्य हो भन्न सकिन्छ। त्यो बाहेक सानै उमेरदेखि गोठालोको काम वा अन्य घरायसी काममा केटाकेटीहरूलाई लगाउनु पर्ने बाध्यता र चलन पनि अर्को कारण हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयहरू सीमित संख्यामा रहँदा पनि सबैले विद्यालयमा पढ्न पाउन गाहारो पर्दछ । यस जिल्लामा शिक्षाप्रति जागरुकता पनि आएको छ र त्यसको साथै सकेसम्म पढ्न पठाउने मनोवृत्ति अभिभावकहरूमा पाइन्छ । वि. सं. २०२९ सालमा विभिन्न स्तरमा पढिरहेका विद्यार्थी संख्याको विवरण तल दिइएको छः–

विद्यालयको स्तर	छात्र	छात्रा	जम्मा	कैफियत
प्राथमिक	६,१४२	१,१२४	७,२६६	
निम्न माध्यमिक	६८५	१४८	८३३	
माध्यमिक	१,०३०	१७०	१,२००	
क्याम्पस	४२	१२	५४	प्रथम सिमेष्टरमा मात्र ।
जम्माः–	७,८९९	१,४५४	९,३५३	

जिल्लाका विभिन्न विद्यालयहरूमा पढाउने शिक्षकहरूको संख्या ४८८ छ जसमध्ये १६ महिला छन् । शिक्षकहरूमध्ये ७० जनामात्र तालीम प्राप्त छन् । भोजपुर क्याम्पसका पाँच शिक्षकहरूमध्ये एक तालीम प्राप्त छन् । विभिन्न स्तरका विद्यालयमा रहेका शिक्षकहरूको विवरण निम्न बमोजिम छः–

विद्यालय	शिक्षक		
	पुरुष	महिला	जम्मा
प्राथमिक	३४३	१०	३५३
निम्न माध्यमिक	५६	३	५९
माध्यमिक	७३	३	७६
क्याम्पस	५	–	५
जम्मा	४७७	१६	४९३

उपर्युक्त ७० जना तालीम प्राप्त शिक्षकहरूमध्ये प्राथमिक शिक्षक ५७, निम्न माध्यमिक पाँच र माध्यमिकमा आठ जना छन् । शिक्षकहरूलाई जिल्लाभित्रै र धनकुटा, इलाम र काठमाडौंमा समेत पठाई तालीम दिने व्यवस्था छ ।

नारी शिक्षाको क्रममा २०२९ सालसम्म जिल्ला महिला संगठनले आफ्ना प्रारम्भिक सदस्य-हरूको लागि नारी प्रौढ कक्षाहरू सञ्चालन गरेको थियो । हाल ती कक्षाहरू बन्द छन् ।

प्रौढ साक्षरताको लागि जिल्ला प्रमुख अधिकारीको कार्यालयको शिक्षा शाखाबाट विद्यालयहरूको माध्यम-द्वारा प्रौढ कक्षाहरू सञ्चालन गर्दै आएको छ जसमा पुरुष र महिला दुवैलाई भर्ना हुने अवसर दिइन्छ । यस्ता प्रौढ कक्षाहरूबाट के कस्तो फाइदा भएको छ त्यसको लेखाजोखा भएको छैन ।

जिल्लामा जम्मा चार सार्वजनिक पुस्तकालयहरू छन् जुन भोजपुर, सिद्धेश्वर, टक्सार तथा दिङ्ला मूलपानी पञ्चायतहरूमा अवस्थित छन् ।

स्वास्थ्य

परम्परागत चलनअनुसार अधिकांश जिल्ला निवासीहरू बिरामी हुँदा अझै पनि धामी झाँक्रीहरूकै सहायता लिन पुग्छन् । साधारण जनता स्वास्थ्य रक्षाका मामुली उपाय र तरीकाहरूमा अनभिज्ञ हुनुको साथै आर्थिक स्थिति राम्रो नहुनु र आधुनिक तरीकाबाट उपचार गर्ने केन्द्रहरूको सीमित संख्याले गर्दा पनि स्वास्थ्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षाको निमित्त प्रकृति र परम्परागत झारफूक जरीबूटी आदिमैं भर पर्नु परेको छ ।

जिल्लाका १,६४,५०६ व्यक्तिहरूको लागि भोजपुरमा एक १५ शय्याको अस्पताल, याकु गाउँ र अम्राखेमा एक एक स्वास्थ्य चौकी र दिङलामा एक आयुर्वेदिक औषधालय छन् । सदरमुकाम भोजपुरको १५ शय्याको अस्पतालमा एक सिनियर स्वास्थ्य अधिकृत र दुईजना स्वास्थ्य अधिकृत गरी जम्मा तीनजना डाक्टरहरूको दरबन्दी रहेको छ । साथै यहाँ तीनजना कम्पाउण्डर र छजना असिष्टेण्ट नर्सको पनि दरबन्दी रहेको छ । यस अस्पतालमा वार्षिक रू. १७,०००। को औषधि बजेटमा व्यवस्था छ । यस अस्पतालमा साधारण रोगको उपचारको व्यवस्था छ । तर विशेष जाँच पडताल (एक्स-रे इत्यादि) को व्यवस्था छैन । यहाँ करीब ५०–६० जना रोगीहरूको दिनहुँ उपचार गरिन्छ । दिङलामा रहेको आयुर्वेदिक औषधालय एकजना कविराजबाट सञ्चालन भएको छ ।

औलो उन्मूलन संघको जिल्ला कार्यालय सदरमुकाम भोजपुरमा छ । पहाडी जिल्ला भए तापनि १,२०० मिटर (४,००० फीट) मुनिका बेंसीहरू यहाँ निक्कै भएकाले जिल्लाका केही बेंसीहरूमा औलो लाग्ने गर्दथ्यो । हाल औलोको नियन्त्रण भएको छ तापनि आसाम तथा अन्य औलिया ठाउँहरूबाट फर्केका व्यक्तिहरूबाट औलोको कीटाणुहरू भित्रिने हुनाले त्यस्ता व्यक्तिहरू माथि निगरानी राख्ने, औलो ज्वरो आएकाहरूलाई उपचार गर्ने, रगत सङ्कलन गर्ने जस्ता काम जिल्ला कार्यालयले गर्दछ । औलो उन्मूलनका शाखा कार्यालयहरू दिङला र दिङलापुमा छन् ।

सदरमुकाम भोजपुरमा जिल्ला परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यालय छ । यस कार्यालयले परिवार नियोजन सम्बन्धी औषधिहरूको वितरण र पुरुषहरूको नसच्छेदन गर्ने सेवा प्रदान गर्दै आएको छ ।

सदरमुकाम भोजपुरमा २०२७ सालदेखि जिल्ला बिफर उन्मूलन कार्यालय स्थापना भएको र बिफर उन्मूलन सम्बन्धी कार्यहरू हुँदै आएको छ । त्यस कार्यालयले गाउँलेहरूलाई नै केही समय तालीम दिई खोपाउने कार्यमा लगाउने पनि गर्दै आएको छ ।

बिफर उन्मूलन कार्यको सिलसिलामा २०२८।२९ मा १०,१९८ व्यक्तिलाई प्रथम खोप र १,३३,६९५ व्यक्तिलाई पुनः खोप गरिएको थियो । यहाँ कार्यालय स्थापना भएदेखि अझसम्म बिफरका रोगीहरू फेला परेका छैनन् भन्ने जिल्ला बिफर उन्मूलन कार्यालयको भनाइ छ ।

खानेपानी

जिल्लाको खानेपानीका स्रोतहरूमा खोला नाला र मूल फुटेका ठाउँमा रहेका कुवाहरूमात्र लिन सकिन्छ । खेतीयोग्य जमीनहरूमा बसोबास नगरी खेती राम्रो नहुने, उच्चा पहाडी भागमा गाउँ र बस्तीहरू रहेका हुनाले भू-उपयोगको दृष्टिबाट उपयुक्त स्थानमा नै बसोबास भएको छ तापनि ठाउँ ठाउँमा गाउँ बाक्लो हुँदै जाँदा खानेपानीको समस्या गम्भीररूपमा देखापरेको छ ।

जिल्ला पञ्चायत र गाउँ पञ्चायतका सहयोगले ठाउँ ठाउँमा स-साना खानेपानी योजनाहरू सञ्चालन भएका छन् तापनि सदरमुकाम भोजपुरमै पनि खानेपानीको ठूलो समस्या रहेको छ ।

खानेपानी सम्बन्धी जिल्लाको ठूलो योजना प्याउली गाउँ पञ्चायतमा सञ्चालन भइरहेको छ । यसको लागत रू. ३८,०००। को छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा खानेपानीको व्यवस्था भएका गाउँ पञ्चायत र त्यसबाट लाभान्वित जनसंख्या तल प्रस्तुत गरिएको छः–

गाउँ पञ्चायतको नाम	लाभान्वित जनसंख्या
प्याउली	करीब ८००
होम्ताङ	करीब ७००
याकु	करीब ५००
कोट गाउँ	करीब ४००

यसरी जिल्लाका १,६४,५०६ निवासीहरूमध्ये करीब २,४०० जना (१.२ प्रतिशत) ले मात्र व्यवस्थित ढङ्गबाट खानेपानीको सुविधा पाएको देखिन्छ। खानेपानी सम्बन्धी साना-ठूला योजनाहरूको संख्या बढाउन सकेमा जिल्लाबासीहरूलाई रोगबाट रक्षा गर्नमा निक्कै सहायक हुन जानेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

सगरमाथा अञ्चलका पहाडी जिल्लाहरूमध्ये पहिलेदेखि नै प्रशासन केन्द्र भोजपुरमा पनि रहेको हुनाले र यहाँका बहुसंख्यक जनता रोजगारको खोजीमा स्वदेशका विभिन्न स्थानको साथै विदेशतिर पनि जाने आउने गरेकाले यो जिल्ला र यहाँका निवासीहरू आधुनिक विचारधारा र औद्योगिक विकासका उपलब्धिहरूसँग बढी परिचित हुँदै आएका छन् । त्यसैकारणले गर्दा यो जिल्लाका जनता अञ्चलका अरू पहाडी जिल्लाका जनता-भन्दा बढी जागृत र सक्रिय पनि छन् । भोजपुर जिल्ला सगरमाथा अञ्चलको पहाडी जिल्लाको अग्रगामी हुँदै आएकोले यो जिल्ला सामाजिक र राजनैतिक चहल पहलको एक प्रमुख केन्द्र पनि हुन गएको छ । जिल्लाको विशिष्ट पृष्ठभूमिकै कारणले गर्दा अञ्चल अदालतको भोजपुर बेञ्च यहाँ रहेको छ र त्यस्तै घरेलु इलम केन्द्रको अञ्चल कार्यालय पनि यहाँ रहेको छ ।

प्रशासन

सेन राजाहरूको पालामा पनि हतुवागढी चौदण्डीका राजाहरूको प्रशासन उपकेन्द्रको रूपमा रहेको देखिन्छ । त्यसबेला हतुवागढीमा किराती दीवानहरू नै प्रशासनको प्रमुख हुन्थे । अधिराज्यको एकीकरण भएपछि चौदण्डी जिल्लाकै एक अङ्गको रूपमा भोजपुर लगायत माझ किरातका अरू जिल्लाहरू पनि थिए भन्ने देखिन्छ ।[1] पछि गएर पूर्व चार नं. जिल्ला गठन भयो जसको सदरमुकाम भोजपुर थियो र प्रशासन बडाहाकिमद्वारा चल्दथ्यो । वि. सं. २०१९ सालमा अधिराज्यलाई चौध अञ्चल र पचहत्तर विकास जिल्लाहरूमा विभाजन गर्दा पूर्व चार नं. बाट यस जिल्लाको नाम भोजपुर रहन गयो । तर त्यसबेला यस जिल्लाका बिबुङ, चुइचुम्बा, रतन्छा र खोटाङ थुमहरू खोटाङ जिल्लामा पर्न गए । त्यसबेलासम्म बडाहाकिमद्वारा नै प्रशासन चलेको थियो । वि. सं. २०२२ सालमा विकास जिल्लाहरू नै प्रशासकीय एकाई हुन गएपछि भोजपुरमा पनि प्रमुख जिल्ला अधिकारी-द्वारा प्रशासन चल्न थालेको हो । जिल्लाको शान्ति सुरक्षा र प्रशासनको साथै जनताको पीरमर्का र विकास कार्यहरूको रेखदेख सबै काम प्रमुख जिल्ला अधिकारीको कार्यालयद्वारा गरिन्छ । जिल्लामा रहेका विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरूको नाम तल दिइएको छ ।

अञ्चल अदालत, भोजपुर

जिल्ला अदालत, भोजपुर

---

१ बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ४, पृष्ठ ६६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोक सेवा आयोग, सगरमाथा अञ्चल कार्यालय भोजपुर
प्रमुख जिल्ला अधिकारीको कार्यालय, भोजपुर
जिल्ला भूमिसुधार कार्यालय, भोजपुर
सरकारी अभियोक्ता तथा अभिवक्ता शाखा, भोजपुर
गरुड दल गुल्म ब्यारेक
जिल्ला प्रहरी निरीक्षक कार्यालय
भोजपुर अस्पताल
जिल्ला शिक्षा अधिकारीको कार्यालय, भोजपुर
पशु चिकित्सालय
कृषि विकास कार्यालय
घरेलु उद्योग अञ्चल केन्द्र, टक्सार
नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना कार्यालय, भोजपुर।
माल कार्यालय, भोजपुर
नेपाल औलो उन्मूलन संघ कार्यालय, भोजपुर
बिफर उन्मूलन कार्यालय
राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, भोजपुर
कारागार कार्यालय, भोजपुर
छोटी हुलाक, भोजपुर
आकाशवाणी स्याटेलाइट कार्यालय, भोजपुर

प्रहरी

यहाँको जिल्ला प्रहरी निरीक्षक कार्यालय भोजपुरमा छ। उक्त कार्यालय अन्तर्गत जिल्लाका अन्य प्रहरी कार्यालयहरू निम्न स्थानहरूमा छन्:—

छोटी प्रहरी थाना	दिङला
प्रहरी चौकी	अग्राखे
प्रहरी चौकी	पान्धारे
प्रहरी चौकी	फलाम ढुङ्गा
प्रहरी चौकी	दिल्पा
प्रहरी चौकी	तिवारी भञ्ज्याङ
कारागार गार्ड	भोजपुर

जिल्लामा एक कारागार छ। हाल यहाँ २० जना कैदीसम्म राख्ने व्यवस्था छ। उक्त कारागारमा पुरुष र महिला दुवै थरी कैदीहरू राखिन्छन्। कारागारभित्र श्री ५ को सरकारको तर्फबाट साक्षरता कक्षा सञ्चालन भएको छ। यहाँ कैदीहरू निजी रूपमा डोको, नाम्लो, गल्फन, सुइटर आदि बुनी बिक्री पनि गर्दछन्। अञ्चल अदालत पनि यहाँ रहेकोले कारागारमा क्षमताभन्दा बढी कैदी वा थुनुवाहरू राख्नु पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति पनि बराबर पर्दछ ।

न्याय

यहाँ सगरमाथा अञ्चल अदालतको भोजपुर बेञ्च र जिल्ला अदालत छन् । जिल्ला अदालतले जिल्लाभित्रका सरकारवादी र दुनियावादी फौजदारी तथा देवानी मुद्दाहरू हेर्दछ । जिल्ला अदालतबाट फैसला भएका मुद्दाहरूमा अपील परेमा अञ्चल अदालतले हेर्दछ । अञ्चल अदालतले अपील बाहेक ऐनले तोकिएका अन्य मुद्दाहरू पनि हेर्दछ ।

यहाँ सरकारी अभियोक्ता तथा अतिरिक्त सरकारी अभियोक्ताको कार्यालय पनि छ । सरकारी वकीलहरूले सरकारवादी हुने मुद्दाहरू दायर गर्ने, सो मुद्दाहरूको पैरवी गर्ने तथा जिल्ला प्रशासनको माग अनुसार कानूनी राय सल्लाह दिने गर्दछन् ।

भोजपुर जिल्ला अदालतमा आर्थिक वर्ष २०२७।२८ मा जम्मा ९८७ मुद्दाहरू पर्न आएका थिए । जसमध्ये देवानी तर्फका ५३२ मुद्दामध्ये ४६५ छिनिएको र फौजदारी तर्फका ४५५ मध्ये ४०५ छिनिएको थियो । त्यस्तै २०२८।२९ मा पर्न आएका १,२१६ मुद्दामध्ये देवानी तर्फका ६९६ मध्ये ५७५ छिनिएको र फौज्दारी तर्फका ५२० मध्ये ४३६ छिनिएको थियो । आर्थिक वर्ष २०२९।३० मा जम्मा १,०७० मुद्दा पर्न आएका थिए । तीमध्ये देवानी तर्फका ५६६ मुद्दाहरू थिए र ३८८ मुद्दा छिनिएको थियो । सोही वर्षमा पर्न आएका ५०४ फौजदारी मुद्दामध्ये १५७ मुद्दाहरू छिनिएका थिए ।

उक्त अवधिका देवानी मुद्दाहरूमा लेनदेन, जग्गा र बाली बिगो सम्बन्धी मुद्दाहरूको संख्या ज्यादा रहेको पाइन्छ र फौजदारी मुद्दाहरूमा कुटपीट, बेइजती र लुटपीट सम्बन्धी मुद्दाहरूको संख्या ज्यादा रहेको पाइन्छ । सरकारवादी मुद्दाहरूमा ज्यान र चोरी सम्बन्धी मुद्दाहरूको संख्या ज्यादा पाइन्छन् । भोजपुरमा उक्त अवधिभित्र सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा २०२९।३० मा मात्र देखिएको छ । जसको संख्या ७० थियो । यसबाट सम्बन्ध विच्छेद गर्न अदालत जाने चलनको यहाँ भरखरै शुरूआत हुन लागेको देखिन्छ ।

उक्त अवधिका मुद्दाहरूको संख्याबाट भोजपुर जिल्ला अदालतमा हरेक वर्ष सालाखाला जम्मा १,०९० मुद्दा पर्ने र ८३८ मुद्दाहरू छिनिने गरेको देखिन्छ ।

पञ्चायत

भोजपुर जिल्लामा जम्मा ६५ गाउँ पञ्चायतहरू छन् र जिल्ला पञ्चायत कार्यालय सदरमुकाम भोजपुरमा रहेको छ । राष्ट्रिय पञ्चायतमा यस जिल्लाबाट दुई जना सदस्य निर्वाचित हुन्छन् । जिल्ला पञ्चायतद्वारा गाउँ पञ्चायतहरूको सहयोगमा जिल्लामा गाउँस्तरीय विभिन्न योजनाहरूको परिकल्पना र कार्यान्वयन गरिन्छ । स्थानीय जनताले तुरुन्त फाइदा पाउन सक्ने, ग्रामीण जनताले आफ्नो क्षेत्रको सार्वजनिक कठिनाइ र मर्का हटाउने अभिप्रायले योजनाहरूको तर्जुमा गर्ने अवसर पाउने हुनाले यस्ता स्थानीय योजनाहरूको विशेष महत्व रहन्छ । जिल्ला पञ्चायतको गतिविधि पनि मुख्यतया यस्तै योजनाहरूको सञ्चालनमा केन्द्रित हुन्छ । स्थानीय योजनाहरूमा धेरैजसो सिचाइ कुलो, खानेपानी, बिद्यालय भवन, पञ्चायत भवन, बाटोघाटो र पुल निर्माण वा मरम्मत सम्बन्धी योजनाहरू रहन्छन् । योजनाहरूको लगत इष्टिमेट तयार गर्न र प्राविधिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सल्लाह दिन जिल्ला पञ्चायतमा एकजना ओभरसियर रहन्छन् ।

योजना सञ्चालन गर्न चाहिने रकम जिल्ला पञ्चायतलाई श्री ५ को सरकारको अनुदान प्राप्त हुन्छ र त्यो बाहेक विभिन्न स्थानीय करहरूबाट पनि जिल्ला पञ्चायतले केही आम्दानी गर्दछ। पहाडी जिल्ला र यातायातको कठिनाइले गर्दा योजना कार्यान्वयन गर्न आवश्यक मालसामान समयमा प्राप्त नहुनुजस्ता कारणहरूले गर्दा योजनाहरू लक्ष्यअनुसार पूरा नहुने वा चालू नै पनि गर्न नसकिने हुनजान्छ। गाउँ पञ्चायतले साधारणतया श्रमदान दिएर योजना कार्यान्वयन गर्न सहयोग गर्दछ।

जिल्ला पञ्चायतले लगाउने स्थानीय कर वा ठेक्काहरूमा हाटको ठेक्का, घाटको ठेक्का र घरधुरी कर, रेडियो प्रमाणपत्र तथा नवीकरण इत्यादि पर्न आउँछन्।

जिल्ला पञ्चायतको कार्यक्रम जिल्ला सभाले तयार गर्छ र जिल्ला सभाले नै बजेट र योजनाहरू बनाउने र पारित गर्ने काम पनि गर्दछ। भोजपुर जिल्लाको जिल्ला सभाको आम्दानी सालाना करीब रू ३१,-०००। हुन्छ र २०२९।३० सालमा जिल्ला सभाको आम्दानी रू. ४०,१२२। थियो । जिल्लाको सबभन्दा बढी आम्दानी भएको पञ्चायत ओखे हो जसको सालाना आम्दानी करीब रू. ५,०००। हुन्छ। सबभन्दा कम आम्दानी हुने पञ्चायत पौवाशेरा हो जसको सालाना आम्दानी करीब रू. २५०। जति हुन्छ।

जिल्ला पञ्चायतको आयको प्रमुख स्रोत घाट ठेक्का हो र कोशी र अरुणका घाटहरूको आम्दानी अरू छिमेकी जिल्लाहरूलाई पनि बाँड्नु पर्दछ। विभिन्न घाटहरूबाट गरी सालाना करीब रू. ७०,०००। आम्दानी हुन्छ।

जिल्लामा मजदूर संगठन बाहेक महिला, किसान, युवक र भूतपूर्व सैनिक संगठनका कार्यालयहरू छन् जुन सदरमुकाम भोजपुरमा रहेका छन्। २०३० सालमा विभिन्न वर्गीय संगठनका प्रारम्भिक समिति र सदस्य संख्या तल दिइए अनुसार थियो।

वर्गीय संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
महिला संगठन	२२	२४२
किसान संगठन	१७	१८७
युवक संगठन	१९	२०९
भूतपूर्व सैनिक संगठन	१९	२०९

उक्त संगठनहरूमध्ये २०२९।३० मा महिला संगठनको वार्षिक आय रू. १,०००। र भूतपूर्व सैनिक संगठनको रू. ९३१। थियो। महिला संगठनले आफ्ना प्रारम्भिक समितिका सदस्यहरूको लागि प्रौढ साक्षरता कक्षाहरू पनि २०२९ सालसम्म चलाएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यातायात तथा विद्युत् शक्ति जस्ता विकासका पूर्वाधारको ग्रभाव नै यस जिल्लाको ग्रार्थिक उन्नतिको प्रमुख ग्रवरोध हो। यातायातको ग्रवरोध हटाउन सकेमा भोजपुर जिल्लाको विकासमा धेरै संभावना देखा पर्दछन्। तीमध्ये फलफूल खेती, ग्रन्य कृषि पैदावार र खानीमा ग्राधारित साना उद्योगहरूको विशेष महत्व रहेको देखिन्छ। जिल्लामा वन मासिंदै गएको हुनाले इन्धनको समस्या चर्किंदै गएको छ। उद्योगहरूलाई पनि विद्युत् वा ग्रन्य इन्धन शक्तिको ग्रावश्यकता पर्दछ। जिल्लाको सीमानामा ग्ररुण तथा सुनकोशी जस्ता ठूला नदीहरू छन् भने जिल्लाभित्र साना ठूला खोलाहरू पनि प्रशस्त छन्। ती नदी र खोलाहरूबाट विद्युत् शक्ति निकाल्न सकिने संभावनाको विस्तृत ग्रध्ययन नभएसम्म जिल्लाको विकास कति चाँडो हुन सक्छ यसै भन्न गाहारो छ।

भोजपुर जस्तो कृषि-प्रधान पहाडी जिल्लाको ग्रार्थिक विकासमा सीमित कृषियोग्य जमीन र त्यस्ता जमीनमा जनसंख्याको बढ्दो चाप पनि प्रमुख समस्याको रूपमा देखा पर्दछ। सिचाइको सुविधा पुऱ्याउन सकिने पाखाहरूको साथै टार बेंसीहरूमा पनि सिचाइको राम्रो व्यवस्था हुन सकेमा खाद्यान्न उत्पादन बढाउन सकिने देखिन्छ तापनि ग्रधिकांश पाखाहरूमा खाद्यान्नको खेती गर्न सम्भव छैन। तर सुन्तला र कागती जस्ता फलफूलको लागि पहिलेदेखि नै प्रसिद्ध रहेको यस जिल्लामा फलफूल खेतीको निकै विस्तार गर्न सकिने देखिन्छ। यातायातको कठिनाइले गर्दा खाद्यान्न खेतीमा मात्र ध्यान दिने परम्परा यहाँ मात्र होइन ग्रन्यत्र पनि रहेको छ। सडक र हवाइ यातायातबाट पर रहेको हुँदा यहांको फलफूल खेती फष्टाउन सकेको छैन। तर पनि धरान र वेलटार (उदयपुर जिल्ला) बाट भोजपुरका फलफूल प्रशस्त मात्रामा निकासी हुन्छन्। हिमाली क्षेत्रको साथै होचा बेंसीहरू पनि रहेको यस जिल्लामा विभिन्न किसिमका फलफूलको खेती गर्न सकिने देखिन्छ। साथै पहिलेदेखि गर्दै ग्राएको ग्रलैंची खेतीमा वैज्ञानिक ढङ्गबाट सुधार र विस्तार गराउन सकेमा जिल्लाको ग्रर्थ व्यवस्थामा टेवा पुग्न जाने देखिन्छ। भोजपुर कोगिटाको लागि प्रसिद्ध रहेको थियो। त्यस्तो विशेष प्रकारको कपासको खेतीलाई प्रोत्साहन दिई पुनः चालू गराउन गाह्रो हुने देखिंदैन।

पशु पालनमा जोड दिई मासु र घ्यू, नौनी, चीज ग्रादि बनाउने काममा जनतालाई बढी संलग्न गराउन सकिन्छ। ग्रहिले पनि यहांबाट खसी, बोका र गोरुको साथै प्रशस्त मात्रामा घ्यू निकासी गरिन्छ। उत्तरतिर चौंरी र भेडा पाल्न प्रोत्साहन दिन सकेमा दूध, चीज र मासुको साथै ऊनको उत्पादन पनि हुन जानेछ जसबाट राडी, पाखी, गलैंचा बुन्ने उद्योग फष्टाउन सक्छ।

भोजपुर जिल्ला घरेलु उद्योगको लागि पहिलेदेखि नै प्रसिद्ध रहेको छ। विभिन्न किसिमका घरेलु उद्योगमा ग्राधुनिक तरीका र ग्रौजारको उपयोगबाट उत्पादन बढाउने तर्फ ध्यान दिइनु पर्दछ। यहाँका खानी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूबाट खुकुरी र भाँडाकुँडा बनाउने घरेलु उद्योगहरू फष्टाएका थिए। यातायात कठिन भएको यस जिल्लाको आर्थिक विकासमा साना तथा घरेलु उद्योगहरू सारै महत्वपूर्ण हुन जाने प्रष्ट छ। फलफूल प्रशोधन, ऊन, दूध, मासु जस्ता पशु पैदावारमा आधारित उद्योग र बेत बाँस जस्ता वन्य पैदावारमा आधारित उद्योगहरू यहाँ सञ्चालन गर्न सकिने देखिन्छ।

खानीको पुरानो इतिहास भएको यस जिल्लामा म्याग्नेसाइट र अभ्रख खानी छ भन्ने थाहा भएको छ तर खानीहरू कति ठूला वा साना छन् भन्ने यकीन गर्न सकिएको छैन। त्यस्तै पुराना फलाम र तामा खानीहरूका आर्थिक उपयोगिता पनि यकीन हुन सकेका छैनन्।

जिल्ला पञ्चायत वा श्री ५ को सरकारको अनुदान र स्थानीय जनश्रमबाट विभिन्न गाउँ पञ्चायतहरूमा स्थानीय जनताको माग र तर्जुमा अनुसार जिल्लास्तरीय वा गाउँस्तरीय स-साना विकास आयोजनाहरू संचालन हुँदै आएका छन्। यस्ता आयोजनामा सिचाइ, कुलो, खानेपानी, सामुदायिक भवन र सार्वजनिक हितका अन्य आयोजनाहरू समावेश भएको पाइन्छ। साना लागतमा बन्ने भए तापनि यस्ता आयोजनाहरूले जिल्लाको विकासमा केही सघाउ पुऱ्याउँदै आएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोटाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

परिचय	६५७
प्राकृतिक स्वरूप र सम्पदा	६५८
ऐतिहासिक पृष्ठभूमि	६६८
प्रमुख स्थानहरू	६७१
जनसंख्या र जनजीवन	६७४
आर्थिक व्यवस्था	६८५
यातायात र सञ्चार	६९२
शिक्षा, स्वास्थ्य तथा खानेपानी	६९५
प्रशासन र पञ्चायत	७००
उपसंहार	७०३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

विश्वप्रसिद्ध सर्वोच्च शिखर सगरमाथाको नाम पछाडि नामकरण गरिएको सगरमाथा अञ्चलको करीब बीच जस्तोमा अवस्थित सात जिल्लाहरू मध्ये एउटा पहाडी जिल्ला हो यो खोटाङ । पहिले "माझकिरात" वा "खम्बुवान" को रूपमा जानिने यो जिल्ला पूर्वाञ्चल विकास क्षेत्रभित्र पर्दछ । हिमाली खण्ड तथा तराई भाग नभएको र लेक-बेंसीयुक्त पहाडै पहाड भएको यो जिल्ला प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ। भौगोलिक अवस्थितिमा विषमतापूर्ण यस जिल्लाको लेक खण्डमा लाली गुराँस तथा गोब्रे सल्लाका बुटामा डाँफे र मुनाल तेलकासा खेल्दछन् भने सुनकोशी बेंसीको खयर तथा सालघारीमा मयूर नाच्दछन्। जिल्लाको उत्तरी भाग बीचो-बीच लम्बिएका गगनचुम्बी शिखरहरूले सुशोभित मैयूँ डाँडा छ। वसन्तको हरियाली र चाँप, गुराँस फूलहरूसँग कुहिरोले लुकामारी खेलिहिँड्ने यो डाँडाबाट देखिने सगरमाथा हिमालयको मालाकार हृदयस्पर्शी दृश्यले यो क्षेत्रका मानिसहरूलाई हिमालजस्तै महान् र उच्च बन्ने आशीर्वाद दिइरहेका हुन् कि भन्ने भान गराउँदछ।

पहिले यो भू-भाग किराती "खोटे" राजाद्वारा शासित कोटको रूपमा रहेकोले उनैको नामबाट अपभ्रंश भई "खोटाङकोट" को नामले यो जिल्ला पुकारिएको हो भन्ने किंवदन्ति छ। यसको भौगोलिक अवस्थिति अनुसार यो जिल्ला १६° ५०' उत्तर देखि २७° २८' उत्तर अक्षांशसम्म र ८६° २६' पूर्वदेखि ८६° ५६' पूर्व देशान्तरसम्मको बीचमा मध्यपहाडी प्रदेशको रूपमा अवस्थित छ। रूपाकोट, मैयूँ, टयाम्के, मेरुङ्ग, स्यालमे, चिलिमढुङ्गा जस्ता २,२५३ मीटर (७,३२५ फीट) देखि ३,६२० मिटर (११,८८० फीट) सम्म उचाइका पर्वत श्रेणीहरू यस जिल्लाभित्र र सीमानामा रहेका पहाडहरू हुन्। यस जिल्लाको होचो भाग समुद्र सतहदेखि १५२ मिटर (५०० फीट) देखि ७६२ मिटर (२,५०० फीट) सम्मको उचाइमा रहेको सुनकोशी बेंसी पर्दछ। सुनकोशी तथा दूधकोशी जस्ता ठूला नदीले सीमाना क्षेत्रलाई छोएर प्रवाहित भएका छन् भने सापसु, सावा, दिखुवा, लैंखु जस्ता स-साना खोला-नालाहरू जिल्लाभित्रै बगेका छन्।

पूर्वमा भोजपुर, पश्चिममा ओखलढुङ्गा, उत्तरमा सोलुखुम्बू र दक्षिणमा उदयपुर जिल्ला यस खोटाङ जिल्लाका राजनीतिक सीमानाहरू हुन्। यसको सदरमुकाम समुद्र सतहदेखि लगभग १,७०७ मिटर (५,६०० फीट) को उचाइमा अवस्थित दिक्तेल गाउँ पञ्चायत अन्तर्गत दिक्तेल बजारमा पर्दछ। यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालयको आधुनिक भवनको अतिरिक्त श्री ५ को सरकारको अन्य जिल्लास्तरीय कार्यालयहरू छन्। यहाँ लगभग १०० वटा पक्की घरहरू छन् र यो बजार जिल्लाको प्रमुख व्यापारिक केन्द्र पनि हो।

हालै प्रकाशित तथ्याङ्कअनुसार यस जिल्लाको कुल क्षेत्रफल १,२६५ वर्ग किलोमिटर छ। मानचित्रमा यस जिल्लाको आकार दक्षिण भागमा फैलिएको पूर्व-पश्चिम क्रमशः उत्तरतर्फ खुम्चिँदै गई अन्ततः त्रि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोणाकार बन्न पुगेको छ। यहाँको जनघनत्व प्रतिवर्ग किलोमिटर १२६ व्यक्ति पर्न आउँछ।

विक्रम सम्वत् २०२८ सालको जन–गणनानुसार यस जिल्लाको कुल जनसंख्या १,६३,२६७ छ। यसमध्ये ७६,७१५ अर्थात् ४८.८ प्रतिशत पुरुष र ८३,५८२ अर्थात् ५१.२ प्रतिशत महिला छन्। पुरुषभन्दा महिलाहरूको संख्या ३,८६७ अर्थात् २.४ प्रतिशत बढी छ।

पहिले माझ–किरात नामबाट प्रसिद्ध रहेको यो खोटाङ जिल्ला विभिन्न जात-जातिको साझा घर हो। अझ पनि किराती भाषा-भाषीको संख्या यहाँ निक्कै ठूलो छ, तर अन्तर्जातीय वैमनष्यता जस्ता घातक भावना नराखी धार्मिक, साम्प्रदायिक सहिष्णुता तथा अन्तर्जातीय सहयोग एवं सद्भावनासाथ यहाँ कामी, गुरूङ, घर्ती, ठकुरी, तामाङ, दमाई, नेवार, बाहुन, मगर, माझी, राई, सन्नेसी, शेर्पा तथा क्षेत्री सबै मिलेर बस्दछन्। यी विभिन्न जात-जातिहरू खास एकै क्षेत्रमा केन्द्रित नरहेर जिल्लाका ५५ वटा गाउँ पञ्चायतमा बसो-बास गर्दछन्।

यो जिल्लाको आर्थिक आधारशिला कृषि हो। सहायक पेशाको रूपमा खेतीको समय पछि उब्रेको समयमा असंगठित रूपमा कोगिटा कपडा बनाउने, बाँस, निगालोबाट डोको, थुन्चे, डालो, मान्द्रो, चित्रा आदि बुन्ने, धातुका भाँडाकूँडा (बुइपा बजार) बनाउने, मौरी पालन, लोक्ताबाट नेपाली कागज बनाउने, कागतका बिडी (पेपर) बनाउने जस्ता घरेलु उद्योगहरू यहाँ सञ्चालित छन्। तर यी घरेलु उद्योगहरू कति त जातीय पारिवारिक कामको रूपमा रहेका छन् र कृषिबाट छुट्टै व्यावसायिक पेशाको रूपमा अपनाइएको क्षेत्र नगण्य छ। यसैले कृषि-जन्य पेशा यस जिल्लाको आर्थिक मेरुदण्डको रूपमा रहनु स्वाभाविक हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

यस जिल्लालाई पूर्वमा मैयूं डाँडा, टचाम्के डाँडा र राप्चा (भीमचोका) श्रेणीले भोजपुर जिल्लासँग, पश्चिममा दूधकोशी नदीले ओखलढुङ्गा जिल्लासँग, उत्तरमा रावा खोलाले सोलुखुम्बू जिल्लासँग र दक्षिणमा सुनकोशी नदीले उदयपुर जिल्लासँग छुट्याएको छ । यस जिल्लामा हिमाली प्रदेश नहुँदा दक्षिण-पश्चिम सुनकोशी गढतिरबाट जिल्लाको बीचैबीच हुँदै उत्तर-पूर्व लम्बिएर बसेको रूपाकोट-मैयूँ पर्वत शृङ्खला नै यस जिल्लाको निम्ति सर्वोच्च पहाडी भाग हो । यसका उच्च शिखरहरू १,६७६ मिटर (५,५०० फीट) देखि लिएर ३,०४६ मिटर (९,९९२ फीट) सम्मका छन् । मैयूँ पर्वतकै शृङ्खला सुङदेल गाउँ पञ्चायत उत्तर ३,६२० मिटर (११,८८० फीट) अग्लो हुन पुगेको छ । दिक्तेल सदरमुकामदेखि करीब १८ किलोमिटर (छ कोस) पूर्व भोजपुर जिल्लाको सीमानामा ३,००५ मिटर (९,८६० फीट) अग्लो टचाम्के पहाड अवस्थित छ । यी हरिया पर्वतमालाहरू प्राकृतिक सौन्दर्यले परिपूर्ण छन् । गुराँस र पलाँसले सिंगारिएका यी मनमोहक पहाडहरू, बाराहापोखरी जस्ता रमणीय ताल, स्याल्मे डाँडाको काखबाट नागीमा लुकामारी खेल्दै कैयौं मिटर उचाइदेखि झरेको दिप्रुङ झरना जस्ता अलौकिक दृश्यहरू यस जिल्लाका केही प्राकृतिक स्वरूप हुन् । यहाँका पहाडहरूमा अवस्थित फलाम, तामा, अभ्रख जस्ता नखानिएका खानीहरू र जङ्गलमा पाइने चिराइतो वनमालाको पैदावार, निगालो, कागज बनाउने लोक्ता, भोर्लाको पात आदि यस जिल्लाका भौगर्भिक तथा वन सम्पदा हुन् ।

भौगोलिक बनावट

नेपाल अधिराज्यमा पूर्व-पश्चिम फैलिएको महा-भारत पर्वतदेखि उत्तर र हिमाली प्रदेशको दक्षिणी भागको बीचमा रहेको मध्य प्रदेशमा यो जिल्ला अवस्थित छ । यो जिल्लाको दक्षिणी भागमा सुनकोशी नदीले टुक्राएको राप्चा पहाडको शृङ्खलाको छेउ-छाउमा सुन्तले, फेमा आदि गाउँ रहेको महा-भारत पहाड पर्दछ । समुद्र सतहदेखि १,६७६ मिटर (५,५०० फीट) देखि ३,६२० मिटर (११,८८० फीट) सम्मका अग्ला डाँडाले नै जिल्लाको ठूलो क्षेत्र ढाकेको छ । पहाडका मुख्य श्रेणीहरूमा टचाम्के डाँडा, मैयूँ डाँडा, रूपाकोट डाँडा तथा राप्चा (भीमचोका) हुन् । यी श्रेणीहरूलाई उत्तरबाट दक्षिणतिर तेर्सिएर आएका हिमालय प्रदेशकै शाखा मात्र सकिन्छ । यसरी प्रमुख हाँगाहरू उत्तर-दक्षिण फर्केर रहेका भएता पनि यसका शाखाहरू कहीं पूर्व-पश्चिम फैलिएर बसेका पनि छन् । यी क्षेत्रहरूमा साना-ठूला खोलानालाले काटेर जमीन छियाछिया पारेका छन् र यी खोलानालाहरू अन्ततः सीमानामा बग्ने दूधकोशी तथा सुनकोशी नदीमा एकाकारहुन पुगेका छन् । पहाडहर सामान्यतः माटो, फस्के–पत्रे ढुङ्गा, दर्शन ढुङ्गा. चन ढुङ्गा तथा अरू धेरै परिवर्तित चट्टानको मिश्रणबाट संरचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ। यो जिल्लालाई भौगोलिक बनावटको आधारमा मोटामोटी तरीकाले तीन भागमा विभाजन गर्न सकिन्छः–

(१) लेकाली प्रदेश
(२) पहाडी प्रदेश
(३) बेंसी तथा टार

लेकाली प्रदेश

यो प्रदेश जिल्लाको उत्तरी तथा उत्तर-पूर्वी भागमा पर्दछ। यसै पछि वर्णन गरिएका पहाडहरूको शिखरमा खासगरेर मैयूँ तथा टद्याम्के पहाडमा पुस, माघ र फागुन महीनामा हिउँ पर्दछ। यहाँ घना जङ्गल र ठूला हरिया चौरहरू छन्। यी चौरहरूमा गाई, भैंसी तथा भेडाका गोठ रहन्छन्। यस खण्डमा अलि अलि "घुम्ती बाली" अलैंची, गहुँ, आलु, फापर, जौ लगाइन्छन्। एक भाग जमीनमा एक साल र अर्को वर्ष दोस्रो भागमा गर्दै खेती गरिने हुँदा यसलाई घुम्ती बाली भनिन्छ। जिल्लाको समस्त भू-भागको अनुपातमा यो प्रदेश थोरै छ।

पहाडी प्रदेश

यस भागमा जिल्लाको अन्य भागमाभन्दा केही बाक्लो जङ्गल छ। महाभारत पहाडी भागमा हुने वनस्पतिसँग यहाँका वनस्पति खास भिन्न छैनन्। यस भागमा पर्ने प्रमुख पहाडहरू यस प्रकार छन्ः–

मैयूँ पर्वतमालाः– सदरमुकामदेखि करीब २९ किलोमिटर (नौ कोस) उत्तर पूर्वी भागमा भोजपुरसँग सीमानाको रूपमा रहेको यो पहाड ३,०४६ मिटर (९,९९३ फीट) अग्लो छ। यसैको हाँगाको रूपमा सुङ्देल गाउँ पञ्चायत उत्तरमा जिल्लाभित्र प्रवेश गरी ३,६२० मिटर (११,८८० फीट) अग्लो हुन पुगेको छ। यसैको शाखाको रूपमा पूर्वबाट दक्षिण-पश्चिम लम्बिदै लगभग मध्य भागमा आइपुगेपछि रूपाकोटको नामले प्रसिद्ध यो पहाड अन्ततः उचाइ घट्दै सुनकोशी नदीमा लीन हुन पुग्दछ।

टद्याम्के पहाडः– सदरमुकामबाट करीब १९ किलोमिटर (छ कोस) पूर्वमा रहेको यो पहाड पनि भोजपुर जिल्लाको सीमानामा पर्दछ। यसको उचाइ ३,००५ मिटर (९,८६० फीट) भएकोले हिउँदमा यहाँ पनि अलि अलि हिउँ पर्छ।

रूपाकोट पर्वतः– माथि वर्णन गरिए झैं जिल्लाभित्रको यो लामो शृङ्खला भएको पहाड हो। रूपाकोट पर्वत सदरमुकामबाट करीब नौ किलोमिटर (तीन कोस) उत्तरमा पर्दछ। यसको उचाइ ३,२३३ मिटर (१,२९६ फीट) छ।

मेरुङ्ग पहाडः– सदरमुकामबाट उत्तर-पूर्वपट्टि करीब ३८ किलोमिटर (१२ कोस) को दूरीमा स्थित यो पहाडको उचाइ अन्दाजी ३,३४३ मिटर (१०,५०० फीट) अग्लो छ।

महाभारत पर्वतः– यस जिल्लाको दक्षिण भागमा सुनकोशी नदीले पश्चिममा टुक्र्याएको र पूर्वमा भोजपुर जिल्लाको सीमानाले छुट्याएको महाभा त पर्वतको थोरै भाग यस जिल्लाभित्र परेको छ। यसका उच्च टाकुराहरू समुद्र सतहदेखि १,५२४ मिटर (५,००० फीट) देखि १,९४७ मिटर (६,३९० फीट) को उचाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मका छन् ।

यस प्रदेशमा पहाडी भृङ्खलाको समानान्तर रूपमा रहेका केही टारहरू पनि पाइन्छन् । यीमध्ये समुद्र सतहदेखि लगभग १,३७१ मिटर (४,५०० फीट) को उचाइमा अवस्थित लामिडाँडा उल्लेखनीय छ । यहाँ हाल स्टोल विमान स्थल निर्माण गरिएको छ । त्यस्तै करीब १,५२५–१,८३० मिटर (पाँच-छ हजार फीट) को उचाइमा रहेको दिक्तेल गाउँ पञ्चायतको मुडे भन्ने ठाउँमा स्टोल विमान स्थल निर्माण हुन सक्ने अर्को टार पनि छ ।

यही पहाडी प्रदेशले नै जिल्लाको अधिकांश भाग ढाकेको छ र यहीं नै जिल्लाको सबभन्दा बढी आवादी छ ।

बेंसी तथा टार

पहाडी प्रदेशको अनुपातमा यस भागमा ज्यादै थोरै भू-भाग पर्न आउँछ तापनि खाद्यान्न उत्पादनको दृष्किोणबाट निकै महत्वपूर्ण हुन आउँछ । यहा "टार" भनिन लायक लामिडाँडाका जस्ता टारहरू नभए तापनि रावाखोला गढतीरका बेंसीहरूमा धान खेती हुने फराकिला जग्गाहरू निकै छन् । समुद्र सतहदेखि ९१४ मिटर (३,००० फीट)देखि होचो भाग अर्थात् रावा खोला, दूधकोशी तथा सुनकोशी आदि नदी-नालाका बेंसीमा आँप, लिची, कटहर, भूईंकटहर, धान, मकै कोदो सबै हुन्छन् । तर यी फलफूलहरू व्यवसायको रूपमा नभई निजी उपभोगका लागि बगैंचा लगाइन्छन् ।

यस प्रदेशमा ठूला-साना प्रशस्तै गोला ढुङ्गाहरू भए तापनि माटो उर्वरा भएकोले खाद्यान्न उत्पादन राम्रो हुन्छ । ग्रीष्ममा यहाँ निकै गर्मी हुन्छ । औलो रोगको रोकथाम हुँदै आएकोले आजकाल यहाँ मानिसहरूको स्थायी बसो-बास बढ्न थालेको छ ।

नदीनालाहरू

यस जिल्लाको सीमानामा बग्ने प्रमुख नदीहरू दूधकोशी र सुनकोशी हुन् । यिनका अति-रिक्त जिल्लाभित्र बग्ने साना-ठूला खोलानालाहरू स्थानीय जनताका निमित्त सिचाइ तथा खानेपानीका लागि अभिन्न रूपमा रही आएका छन् । सीमाना र जिल्लाभित्र प्रवाहित केही उल्लेखनीय नदी-नालाहरूको संक्षेपमा यहाँ लेखा जोखा हुनु आवश्यक छ ।

दूधकोशी

विश्वप्रसिद्ध सर्वोच्च शिखर सगरमाथाको स्वच्छ पानी बगाउँदै ल्याउने यो दूधकोशी सप्तकोशीमध्ये एउटा कोशीको रूपमा गणना हुन्छ । जिल्लाको उत्तर-पश्चिमी सीमाना बन्दै दक्षिण झरेको रावाखोलालाई सहा-यकको रूपमा आफूभित्र समावेश गराएपछि यो नदी आफै जिल्लाको दक्षिणी सीमाना बनी बगेर अन्ततः कुर्ले गाउँनिर सुनकोशी नदीमा विलीन हुन पुग्छ । सन् १९७१ मा रावाखोलाको संगमस्थान नजीकै र(रभुवा)भुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बजारनिर लिइएको नाप अनुसार[1] यस नदीको अधिकतम जलप्रवाह २,०००.० क्यूविक मिटर र न्यूनतम २६.२ क्यूविक मिटर प्रति सेकेण्ड छ र विगत आठ वर्ष (१९६४–७१) को औसत जलप्रवाह २२३.५ क्यू. मिटर प्रति सेकेण्ड भएको देखिएको छ। गत आठ वर्षमा १९७० जुलाई २० को दिन सबभन्दा बढी जलप्रवाह २,४५०.० क्यू. मिटर प्रतिसेकेण्ड भएको देखिएको थियो। यस नदीको जलाधार क्षेत्र ४,१०० वर्ग किलोमिटर छ।

सुनकोशी नदी

पश्चिमी भागबाट बगिआएको यो नदी जिल्लाको दक्षिण-पश्चिम हुँदै बगेको छ। ओखलढुङ्गा र यस जिल्ला बीच सीमाना बन्दै दक्षिण झरेको दूधकोशीलाई शाखा नदीको रूपमा आत्मसात गरी यो सुनकोशी नदी दक्षिणतर्फ उदयपुर जिल्लालाई छुट्याउँदै पूर्व बगेको छ। दूधकोशीसँग संयुक्त भएपछि पनि यो नदीको नाम सुनकोशी नै रहेको छ। अन्ततः यो नदी पूर्वमा सप्तकोशीसँग एकाकार हुन पुग्दछ। सन् १९७१ मा कम्पुघाटनिर लिइएको नापअनुसार यस नदीको अधिकतम जलप्रवाह ५,५००.० क्यूविक मिटर र न्यूनतम १४८.० क्यूविक मिटर प्रति सेकेण्ड छ। विगत छ वर्ष (१९६६–७१) को औसत जलप्रवाह ७३०.० क्यू. मिटर प्रति सेकेण्ड भएको देखिएको छ। गत छ वर्षमा १९६८ अक्टोबर ५ को दिन अधिकतम जलप्रवाह ९,३९०.० क्यू. मिटर प्रति सेकेण्ड भएको देखिएको थियो। यस नदीको जलाधार क्षेत्र १७,६०० वर्ग किलोमिटर छ।

लैखुखोला

जिल्लाको पश्चिमी भेग बिजुले र बुड्पा गाउँहरूबाट सोझै दक्षिण सुनकोशीमा मिल्ने यो खोला पनि सिचाइको दृष्टिकोणबाट महत्वपूर्ण मानिन्छ। यसका थुप्रै सहायक खोला वा खोल्साहरू छन् र जिल्लामा बग्ने खोलाहरूमध्ये यो सबभन्दा छोटो हो।

रावाखोला

जिल्लाको उत्तरी भाग सोलुखुम्बूतिरबाट आएको यो खोला जिल्लाको उत्तरी सीमाना पनि हो। पछि यो खोला यसै जिल्लामा दूधकोशी नदीमा मिसिएको छ। वर्षा याममा रावाखोला निकै ठूलो हुने हुँदा यसले यातायातलाई केही असुविधा पुर्‍याउँछ। यसको फाँट निकै ठूलो छ र यहाँ राम्रो धान खेती हुन्छ। यस खोलामा पाइने माछा जिल्लाभरमा प्रसिद्ध छ।

साप्सुखोला

जिल्लाको पूर्वी भागबाट बगेको यो खोलाको मुहान यसै जिल्लाको साप्सु धाप हो। साप्सु धापलाई पवित्र स्थल मानिने हुनाले यो खोला पनि जिल्लामा पवित्र मानिन्छ। जिल्लाको मध्य भागबाट बगेको भए पनि

1 Surface Water Records of Nepal, H. M. G. 1971.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिचाइको दृष्टिकोणबाट यसको आशातीत सदुपयोग हुन सकेको छैन। जिल्लाको पश्चिमी भागबाट बगी झर्ने स-साना खोलानालालाई सहायकको रूपमा धारण गरेपछि "दिखुवा खोला" को नामले सुनकोशी नदीमा मिल्दछ।

सावाखोला

जिल्लाको दक्षिणी भागमा बग्ने यो सावाखोला पनि अन्ततः सुनकोशीमा नै मिसिन गएको छ। खोलाको आसपासमा धान खेती निकै नै भएकोले सिचाइको दृष्टिकोणबाट यो खोला निकै महत्वपूर्ण मानिन्छ।

माथिका मुख्य नदीहरूका अतिरिक्त जिल्लामा अन्य कैयौं सानातिना खोलाहरू पनि यत्रतत्र पाइन्छन्। खोटाङ थुमको दिप्लुङबाट बगी सावाखोलामा मिसिने खोलालाई भानुमती गङ्गा भनिन्छ। यसको मूल ठीक गाईको मुखको आकार भएको ठूलो ढुङ्गाबाट फुटेको छ। यस गङ्गाको पौराणिक विशेषतामा स्थानीय मानिसहरू विश्वास गर्छन्। त्यस्तै साना-तिना खोलाहरूमा तापखोला, टुवाखोला, होंचुरखोला आदि मुख्य हुन्।

ताल तथा झरना

यस जिल्लाको वाराहा पञ्चायतमा एक विशाल तथा रमणीय ताल छ। यस दहमा राता रङ्गका माछाहरू पनि छन्। यहाँ ठूलो एकादशीको दिन मेला लाग्ने गर्दछ।

यो जिल्लाको दक्षिण भागमा मातिम गाउँ पञ्चायत अन्तर्गत समुद्र सतहदेखि लगभग १,५२४ मिटर (५,००० फीट) को उचाइमा अवस्थित दिप्रुङ गाउँनेर साह्रै मनमोहक दृश्य भएको निकै उचाइबाट खसेको एउटा झरना छ। यसको छेउमा जाने साहस कसैले गर्दैनन्।

हावापानी

हिन्दमहासागरबाट बग्ने जलवाष्पपूर्ण मौसमी हावाले पूरा अधिराज्यको जलवायुमा असर पार्ने हुँदा यस जिल्लामा पनि यही हावाले वर्षा गराउँछ। समुद्र सतहदेखिको उचाइ, सूर्यको किरणको प्रभाव, हावामा विद्यमान जलवाष्पको परिमाण आदिले स्थानीय हावापानीमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा जिल्लाभरिका लागि एक किसिमको हावा तथा वर्षा सामान्यकरण गर्न सकिन्न।

यस जिल्लामा वायुको तापक्रम केन्द्र नभएकोले यहाँको तापक्रमको अनुमान गर्न यस जिल्लाको हाराहारी र करीब उही किसिमको हावापानी भएको भोजपुर जिल्लाको तापक्रम सहायकसिद्ध हुने देखिन्छ। समुद्र सतहदेखि १,५२४ मिटर (५,००० फीट) को उचाइमा अवस्थित भोजपुर मौसम अवलोकन केन्द्रले सन् १९६८ मा अभिलेख गरेको वायुको तापक्रम यस प्रकार छः–

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

महीना	अधिकतम	न्यूनतम	महीना	अधिकतम	न्यूनतम
जनवरी	११.६	५.९	अप्रिल	२३.१	१४.७
फेब्रुअरी	१३.२	६.५	मे	२४.९	१६.७
मार्च	१९.३	११.७	जून	२३.०	१७.७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुलाई	२२.८	१८.२	अक्टोबर	२०.९	१३.६
अगष्ट	२३.८	१८.४	नोभेम्बर	१८.३	११.१
सेप्टेम्बर	२२.३	१७.६	डिसेम्बर	१६.०	८.१
वार्षिक औसतः	अधिकतम १९.९				
	न्यूनतम १३.४				

यस तालिकाअनुसार चैत, वैशाख र जेठ महीनामा सबभन्दा बढी गर्मी हुन्छ र यस बखत तापक्रम लगभग अधिकतम २४.० सेण्टिग्रेड पुग्दछ। पुस-माघमा निकै ठण्डी हुन्छ। यस मौसममा न्यूनतम तापक्रम लगभग ६.० सेण्टिग्रेड रहने कुरो उपर्युक्त तालिकाले देखाउँछ। सबभन्दा बढी तापक्रम सन् १९६८ को मे ११ को दिन २८.९ सेण्टिग्रेड र सबभन्दा घटी फेब्रुअरी ३ को दिन २.५ सेण्टिग्रेड अभिलेख भएको छ। विगत दुई वर्ष (१९६७–६८) को वार्षिक औसत तापक्रम अधिकतम १९.९ सेण्टिग्रेड र न्यूनतम १३.३ सेण्टिग्रेड रहेको छ।

भोजपुरमा सापेक्षिक आर्द्रता सन् १९७० मा वर्षा मौसममा जूनदेखि सेप्टेम्बर महीनासम्म चार महीनामा औसत ८९ प्रतिशत बिहान ८.४० बजे र साँझ ५.४० बजे ९३ प्रतिशत अभिलेख भएको छ। वर्षा मौसमको अनुपातमा हिउँदमा सापेक्षिक आर्द्रता धेरै नै सुख्खा हुन्छ। सोही वर्षको हिउँदमा जनवरीदेखि अप्रिल–सम्म चार महीनामा औसत ६० प्रतिशत बिहान र साँझ ६५ प्रतिशत उपर्युक्त समयमा अवलोकन गरिएका थिए।

माथि उल्लेख गरिए झैं भोजपुरमा लिइएका उपर्युक्त तथ्याङ्कहरू ठीक ठीक यस जिल्लाका सम्पूर्ण खण्डमा मिल्दछ भन्न मिल्दैन। उचाइको हिसाबबाट समान देखिने स्थानहरूमा पनि स्थानीय जङ्गल, खोला, हावा बहाइको दिशा आदिले वायुको तापक्रममा विकृत प्रभाव पारेको हुन्छ। तसर्थ यी तथ्याङ्कहरू यस जिल्लाका हावाको ताप अनुमान मात्र गर्न सहायक हुनेछ।

माथि वर्णन गरिएअनुसार अधिराज्यको अन्य भागमा झैं यहाँ पनि मनसुनी हावाले वर्षात् गराउँदछ। यस जिल्लामा समुद्र सतहदेखि १,८२९ मिटर (६,००० फीट) को उचाइमा अवस्थित द्वारपा र १,२९५ मिटर (४,२५० फीट) को उचाइमा रहेको खोटाङ बजारमा गरी दुई स्थानमा वर्षामापक केन्द्र स्थापना गरिएका छन्। यी दुईमध्ये द्वारपा करीब मध्यउचाइमा रहेको हुँदा यसले जिल्लाको अन्य भागलाई पनि लगभग प्रतिनिधित्व गर्न सक्ने भएकोले यहाँ द्वारपामा लिइएको वर्षाको अभिलेख प्रस्तुत गरिन्छः–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	वर्षा	महीना	वर्षा
जनवरी	१६.४	जुलाई	४३९.२
फेब्रुअरी	४३.२	अगष्ट	२७९.६
मार्च	९.४	सेप्टेम्बर	७८.४
अप्रिल	५५.०	अक्टोबर	७०.८
मे	२८.२	नोभेम्बर	२३.२
जून	२६१.५	डिसेम्बर	०.०
		वार्षिक जम्मा–	१३०४.९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस केन्द्रको अभिलेख बमोजिम द्वारपा क्षेत्रमा विगत पाँच वर्ष (१९६६–७०) मा वार्षिक औसत वर्षा १,५३१ मिलिमिटर (६०.३ इञ्च) पानी परेको देखिएको छ। त्यसै गरी यही अवधिमा खोटाङ बजार क्षेत्रमा वार्षिक औसत वर्षा १,१८६ मिलिमिटर (४६.७ इञ्च) पानी परेको थियो।

उपर्युक्त तालिका अनुसार मध्यजेठ महीनादेखि मध्यभदौसम्म सबभन्दा बढी वर्षात् हुने र हिउँदमा धेरै नै कम या पानी पर्दै नपर्ने देखिन्छ। १९७० को अगष्ट ८ मा २४ घण्टाभित्र यहाँ ९४.२ मिलिमिटर (३.७ इञ्च) सम्म पानी परेको थियो भने सोही साल खोटाङ बजारमा १५ जुलाईमा २४ घण्टाभित्र १२३.० मिलिमिटर (४.८ इञ्च) पानी परेको अभिलेख भएको छ। १.० मिलिमिटरभन्दा बढी पानी परेका दिनहरूको गणना राखिएअनुसार द्वारपामा १९७० र १९६९ मा क्रमशः ९९ र ११० दिन पानी परेका थिए। यी तथ्याङ्कले खोटाङ बजार क्षेत्रको अनुपातमा द्वारपा क्षेत्रमा औसत धेरै पानी पर्ने कुरा देखाउँछ। तर जे भएपनि यी अभिलेखले जिल्लाको उच्च पहाडी भागमा पर्ने वर्षात्को प्रतिनिधित्व भने गर्दैन। बाह्रै महीना हिमपात हुने भू-खण्ड यस जिल्लामा छैन, साधारणतः मैयूँ तथा टच्याम्के पहाडमा पुस, माघ र फागुन महीनामा हिउँ अलि अलि पर्दछ।

यस जिल्लाको हावापानी स्थानीय प्रकारको छ। जिल्लाको धेरै जसो भागमा क्षणमै टण्टलापुर घाम लाग्छ, र एकै क्षणमा कुहिरोले डाँडा-काँडा यत्ति बाक्लो गरी ढाक्दछ कि वर्षामा आफू अगाडि दुई-तीन मिटर टाढाको मानिससम्म पनि ठम्याउन सकिन्न। हावापानीको आधारमा यस जिल्लालाई विभाजन गर्न असम्भव त होइन जटिल अवश्य छ। जिल्लाको सुदूर उत्तरी सीमा र पूर्वमा टच्याम्के तथा मैयूँ डाँडा क्षेत्रमा २,१३३ मिटर (७,००० फीट) देखि उच्च भू-भागमा लेकाली हावापानी रहन्छ भने सुनकोशी तथा दूधकोशीको बेंसीहरूमा अर्ध उष्ण हावापानी पाइन्छ। लेकाली हावापानी रहने यस जिल्लाको केही भू-भाग मात्र पर्दछ र यहाँ हिउँदमा करीब चार महीना हिउँले ढाकिएको हुन्छ। यस क्षेत्रमा बाह्रै महीना भनेजसो जाडो हुन्छ। अर्कोतिर अर्ध-उष्ण हावापानी रहने खण्ड यस जिल्लाभित्र थोरै मात्र पर्दछ। सुनकोशी, दूधकोशी नदीका बेंसीहरूमा चैत-वैशाखमा निकै गर्मी हुन्छ।

तर जिल्लाको अधिकांश भू-भागलाई हावापानीको आधारमा विभाजन गर्ने हो भने निम्न दुई प्रमुख भागमा विभाजन गर्न सकिन्छः—

(क) ठण्डा शीतोष्ण हावापानी

(ख) सम शीतोष्ण हावापानी

ठण्डा शीतोष्ण हावापानी

यो हावापानी यस जिल्लाको २,१३३ मिटर (७,००० फीट) देखि बढी उचाइको भू-भागमा पाइन्छ। यस क्षेत्रमा ग्रीष्ममा न्यायो र हिउँदमा ठण्डा हुन्छ। जिल्लाको लगभग आधा भागमा यस हावापानीको प्राधान्यता पाइन्छ। यस क्षेत्रमा भेडी गोठ राख्ने, आलु खेती गर्ने गरिन्छ। जनआवादी यहाँ निकै कम छ।

सम शीतोष्ण हावापानी

यो हावापानी जिल्लाको १,२२० मिटर (४,००० फीट) देखि २,१३३ मिटर (७,००० फीट) सम्म उचाइको क्षेत्रमा पाइन्छ। यसै क्षेत्रमा जिल्लाको घना आवादी छ र यो खण्ड जिल्लाको लगभग आधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाग पर्न आउँछ। यहाँ बाह्रै महीना जसो न्यानो हावापानी रहन्छ भन्नुमा अत्युक्ति नहोला।

प्राकृतिक वनस्पति

यस जिल्लाको हावापानी धरातलको उचाइ अनुसार विविधतापूर्ण रहे झैं लेक-बेंसीयुक्त यस क्षेत्रमा वन-वनस्पति पनि विभिन्न प्रकारका पाइन्छन्। यस जिल्लाको कुल क्षेत्रफल १,२६,५०० हेक्टरमध्ये ६,४०० हेक्टर कृषि जमीन भएकोले बाँकी १,१७,१०० हेक्टर अर्थात् ९२.६ प्रतिशत भू-भागलाई वन-जङ्गल खोलानाला, चट्टान, पैरो आदिले ढाकेको अनुमान गर्न सकिन्छ।

वनस्पतिको प्रकार तथा विकासमा स्थानीय जलवायु र धरातलको उचाइले निर्णायक भूमिका खेल्ने हुँदा सोही आधारमा यस जिल्लाको वनस्पतिलाई निम्न तीन खण्डमा वर्गीकरण गर्न सकिन्छः–

(क) कोणधारी सदाबहार वन

(ख) पतझड मनसुनी वन

(ग) मिश्रित पतझड वन

कोणधारी सदाबहार वन

यो वन यस जिल्लाको २,१३३ मिटरभन्दा उच्च भू-भागमा पाइन्छ। यहाँ गोब्रेसल्ला, लाली गुराँस, चाँप, हाडे-ओखर, मौवा जस्ता सँधै हरियो रहने बोट-वृक्ष र वनमाला, कागज बनाउने लोक्ता, निगालो, चिराइतो जस्ता वनस्पति पाइन्छन्। यो बोट-वृक्षका काठ व्यापारिक दृष्टिकोणबाट उत्ति महत्वका नमानिने हुँदा स्थानीय मानिसहरू यी काठबाट घर निर्माण तथा दाउरा बाल्ने काममा प्रयोग गर्दछन्। लोक्ताबाट नेपाली कागज बनाइन्छ। चिराइतो तथा वनमालाको फलबाट निस्कने पीठोको अन्तर्राष्ट्रिय बजारमा ठूलो माग छ। निगालोबाट स्थानीय मानिसहरू घर छाउने चित्रा, भकारी, मान्द्रो, डालो आदि बुन्दछन्।

पतझड मनसुनी वन

यो वन जिल्लाको १,२२० मिटरदेखि २,१३३ मिटरसम्मको भागमा पाइन्छ। यसमा मुख्यतः चिलाउने, ठूलो पाल्ले, कटुस, उत्तिस, सल्ला, ढाल्ने, लाकुरी आदिका बोट-वृक्ष हुन्छन्। वनमा पाइने अन्य वनस्पतिमा वनतरुल, गिट्ठा, भ्याकुर जस्ता खाद्य पदार्थ र भोर्लाका लहरा पात जस्ता घुम तथा नून बोक्दा ढाकर वा डोको छाप्ने काममा प्रयोग गरिने वनस्पति पाइन्छन्। यहाँका जङ्गल प्रायः हिउँदमा उजाड हुन्छ। यस क्षेत्रको जङ्गल पनि साल, खयर जस्ता व्यापारिक महत्वका हुँदैनन्। स्थानीय मानिसहरू यहाँको जङ्गल-माथि गृह निर्माणका लागि काठदेखि लिएर घाँस, दाउरा, पातका लागिसम्म निर्भर रहेका हुन्छन्।

मिश्रित पतझड वन

यो जङ्गल जिल्लाको ६१० मिटर (२,००० फीट) को उचाइको भू–भाग अर्थात् सुनकोशी गढतिर पाइन्छ। यहाँ साल, सिमल, चिलाउने, घँयरू, लाम्पाते, करम, खयर चिउरी आदि सबै जातका सदाबहार र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पतझड बोट-वृक्ष मिसिएर रहेका छन् । यहाँको जङ्गलमा व्यापारिक महत्वका बोट-वृक्ष पाइए तापनि ती थोरै मात्रामा छन् । साल, घँयरू, करम जस्ता कडा खालको काठ निर्माणको काममा उपयोग गर्दछन् । स्थानीय मानिसहरू यी काठबाट घर, हलो, जुवा बनाउने र दाउरा बाल्ने काममा उपयोग गर्दछन् । सालको पातबाट ठहर, दुना आदि गाँसी भोज–भतेरमा आवश्यक पर्ने थाल, कचौरा आदिको खाँचो टारिन्छ । चिउरीको फल स्वादिष्ट हुन्छ र यसबाट वनस्पति घ्यू पनि उत्पादन गर्न सकिन्छ ।

पशु-पक्षी

यस जिल्लाको जङ्गलमा पाइने जङ्गली जनावरहरूमा भालू, थार, घोरल, मृग, बनेल, जरायो, स्याल, बाँदर, दुम्सी, मलसाँप्रो, ओत आदि हुन् । यी जनावरहरू धेरै जसो सुनकोशी गढतिरको क्षेत्रमा पाइन्छन् । मुख्य पक्षीमा डाँफे, मुनाल, मयूर, कालिज, लुइँचे र सामान्य पक्षीमा ढुकुर सुगा, मैना, तित्रा, च्याखुरा, हलेसो आदि पाइन्छन् । डाँफे, मुनाल लेकाली क्षेत्रमा र मयूर, मैना बेंसीको जङ्गलमा मात्र पाइन्छ ।

शिकार सम्बन्धी खास व्यवस्था यस जिल्लामा छैन भने हुन्छ । चितुवा तथा बाघलाई शिनोमा विष प्रयोग गरेर मारी यी जातका जनावरहरू प्रायः उन्मूलन भइसकेका छन् ।

खनिज पदार्थ

पहाडी प्रदेश भएकोले जिल्लाका विभिन्न भागमा थरि थरिका खनिज पदार्थहरू पाइन्छन् । तर यी खानीहरूको गहन सम्भाव्यता अन्वेषण भइनसकेकोले खानीहरूको पूर्ण सदुपयोग भएको छैन ।

परम्परागत रूपमा पाइने भनी स्थानीय मानिसहरूले विश्वास गर्ने खनिज पदार्थहरूमा दिक्तेल गाउँ पञ्चायत अन्तर्गत रूपाकोटमा तामाखानी, लफ्याङ गाउँ पञ्चायत अन्तर्गत खानी डाँडामा फलाम खानी, बाक्सिला गाउँ पञ्चायत अन्तर्गत बाक्सिलामा फलाम खानी, चुइचुम्बा गाउँ पञ्चायत अन्तर्गत खमारे पुच्छारमा अभ्रख खानी, डाँडा खर्क गाउँ पञ्चायत याङसोला गाउँमा तामा खानी, खार्मी गाउँ पञ्चायतमा फलाम खानी छन् । स्थानीय जनताले करीब २५ वर्ष अघिसम्म निजी प्रयासबाट ती खानीहरू प्रयोगमा पनि ल्याएका थिए भनिन्छ । यस्ता खनिज पदार्थहरू निकाल्ने काममा मगर तथा कामी जाति नै प्रमुख थिए ।

उपर्युक्त खनिज पदार्थमध्ये डाँडा गाउँ पञ्चायत अन्तर्गतको अभ्रख खानीको अन्वेषण भई हाल ठेक्कामा उत्खनन् भइरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

पहिले दूधकोशीदेखि अरुणकोशीसम्मको खम्बूहरूको बस्ती भएको 'माझकिरात' वा 'खम्बूवान' नामबाट प्रसिद्ध यस क्षेत्रको मुख्य प्रशासन चौदण्डी गढीबाट सेनवंशी राजाद्वारा सञ्चालित थियो। पहाडतर्फ स-साना गढी र थुमहरूमा भने विभिन्न किराती राजाहरूले राज्य गर्दथे।

विभिन्न क्षेत्र तथा थुमहरूमा विभाजित नेपालमा ईश्वीको सोह्रौं शताब्दीतिर पाल्पाका सेनवंशी राजाहरूको चकचकी थियो। यस वंशका मुकुन्द सेन (प्रथम) ले वरपरका राज्यहरू जितो आफ्नो राज्यलाई विशाल बनाई नेपालको पूर्वी तराई भागमा पनि आधिपत्य जमाएका थिए। यिनका कान्छा छोरा लोहाङ सेनले बाबुकै जीवनकालमा आफैले नै पूर्वी तराई भागहरू जितेका थिए। यसरी विस्तृत भएको मकवानी सेनवंशी राज्यलाई मुकुन्द सेन (प्रथम) ले छोराहरू बीच अंश–बण्डा लगाउँदा लोहाङ सेनले आफूले जितेको पूर्वी तराई भाग नै अंश लिई शासन चलाइ बसे।

कालान्तरमा, हरिहर सेनका छोराहरूको पालामा राज्य विभाजन सम्बन्धी कुरामा भाइ–भाइको झगडा भई यो क्षेत्र विजयपुर तथा मकवानपुर राज्यमा छुट्टिई, क्रमशः महिपति सेन र मानिक सेनमा बाँडियो। पछि गई मकवानपुर राज्य अन्तर्गत कोशी नदीदेखि पश्चिमपट्टिको तलहट्टी र भावरमा परेको पर्सासम्मको भागलाई टुक्राई माझकिरातको छुट्टै राज्य ई. सं. १७३५ मा खडा भयो। यसको राजधानी चौदण्डी गढीमा बनाइयो। सेन वंशी जगत सेन यसका राजा भए।[1] चौदण्डीको बस्ती तौतर (तराई) प्रगन्नाभित्र पर्दैनथ्यो। तौतर प्रगन्नाभित्र अम्बरपुर भन्ने प्रसिद्ध बस्ती थियो र हिउँदमा चौदण्डीका राजाहरू त्यहीं गएर बस्तथे। वर्तमान सिराहा तथा सप्तरी जिल्ला पनि यसै अम्बरपुरभित्र पर्दथे।

जगत सेन पछि यिनका उत्तराधिकारीहरू मुकुन्द सेन (दोस्रा), विक्रम सेन र कर्ण सेन क्रमैसँग राजा भए। सेनहरूको राज्यमा दिवान भई राईहरूले नै प्रशासन चलाउँथे। बेला बेला यिनीहरूमा आपसी कलह भई कहिले राजाले दिवानलाई दबाउने र कहिले दिवानले राजालाई दबाउने भइरहन्थ्यो। यस ताका विजयपुर राज्यमा यस्तो स्थिति भए तापनि चौदण्डीका सेन राजा र किराती मन्त्रीहरूका बीचमा शुरूदेखि नै राम्रो सम्बन्ध रहेको पाइन्छ। राजाहरू उदयपुर डाँडामा रहेको भगरात (भावर) मा र अम्बरपुरको तराई क्षेत्रमा रहन्थे र मन्त्रीहरू माझ किरातका बस्तीहरूमा प्रशासन चलाउँथे।

यिनताका गोरखा, तनहुँ तथा मकवानपुरपट्टिबाट माझ किरातमा खस ब्राह्मण तथा गुरुङ, मगरहरू

---

१ बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, २०२५, भाग ३: पृष्ठ ६०१–२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बसोबास सर्दै गएका थिए। यिनीहरू सेनराजालाई मान्दथे। तर किरात मन्त्रीहरूको दबदबा स्वीकार गर्न हिचकिचाउँथे। यस्तै मनमुटावको कारण कर्ण सेनका प्रमुख कर्मचारी स्वरूप सिंह कार्की र खार्पाका धनाढ्य ब्राह्मण हरिनन्द उपाध्याय (पोख्र्याल) ई. सं. १७६९ मा नुवाकोटमा गई पृथ्वीनारायण शाह समक्ष आश्रय लिन पुगे। स्वरूप सिंह कार्कीलाई सर्दारी दिई सैनिक अफिसर बनाइए।

हरिनन्द पोख्र्यालले "चौदण्डीको माटो लिएर आएको छु, यथासम्भव धनको समेत सहायता गर्छु" भन्दा पृथ्वीनारायण शाह खुशी भई "अहिले हाम्रो राज्यमा आएका मापखामा बस, पछि याद गरौंला" भनी पठाए।[1] तर यसै बीच पृथ्वीनारायण शाहले यस भेकको परिस्थिति बुझ्न गुप्त रीतले वांग्या बस्न्यात आदिलाई पठाए। पश्चिमपट्टिको लडाइँ रोकिएपछि तथा गुप्त रीतले पूर्वपट्टि पठाइएका मानिसहरू पनि फर्केपछि वख्शी अभिमान सिंह बस्न्यातलाई चौदण्डी अधिकार गर्न खटाइयो। तर चौदण्डी अधिकार गर्नुभन्दा अघि माझ किरात सर गर्नु जरूरी भएकोले किरातका पहाड खण्डमा अधिकार गर्न पृथ्वीनारायण शाहले सरदार रामकृष्ण कुँवर र अमर सिंह थापालाई खटाई पठाए। यिनीहरू एक एक कम्पनी फौज लिई सुनकोशी तथा दूधकोशीको दोभानमा पुग्दा, हरिनन्द उपाध्यायले पहिलेदेखिनै तैयार गरिराखेका डुङ्गाहरूको सहायताले गोरखाली सेनाले २५ अगष्ट १७७२ मा कोशी पार गर्‍यो। बाटामा सैनिक सामानहरू र रसदहरू ओसार्ने कामको निमित्त मुरमी, सुनुवार तथा धामीलाई किपटको जग्गा दिई बन्दोवस्त मिलाइयो।

रामकृष्ण कुँवर माझ किरातभित्र घुस्दा, राजा कर्णसेन तराई प्रदेश मात्र बचाउन कोशिश गरिरहेका थिए। चौदण्डीको राजधानीबाट टाढा रहेको यस माझकिरात क्षेत्रमा सुरक्षाको राम्रो दृष्टि परेको थिएन। यस किसिमबाट असहाय अवस्थामा रहेका माझ किरातका खम्बू युवकहरूले गोरखालीहरूको आक्रमण विफल तुल्याउन विषमा चोपिएका काँडहरूको सहायताले लडाइँ लडे तापनि गोरखालीहरूको बन्दूकको अगाडि यिनीहरूको केही जोर चलेन। रावाघाट र चिसंखुसम्मका थुमहरू गोरखालीहरूको अधिकारमा आए। यसपछि हलेसीमा विश्राम गरी गोरखालीले मझुवा, कुलुङ तथा दिङला थुममा पनि आक्रमण गरी ती थुमहरूमा अधिकार गरे। यसरी सुनकोशीदेखि उत्तरपट्टि परेका माझ किरातका भागहरूमा गोरखालीहरूको जनवरी,१७७३ मा अधिकार भयो। पछि गई फ्रेब्रुअरी, १७७३ मा सुनकोशीदेखि दक्षिणपट्टिका भागहरूमा गोरखालीहरूले दखल गरी सम्पूर्ण माझ किरात नेपाल अधिराज्यको एकीकरणमा सम्मिलित भयो।

यस बखत किरातबाट भागेका आफ्ना शत्रुहरूलाई सुखिमले हात लिई गडबड मच्चाउन लागिरहेको थियो। यस्तो मौकामा लिम्बुवान पनि भड्कने सम्भव थियो। त्यसैले पृथ्वीनारायण शाहले तिनीहरू नभड्किउन् भन्ना निमित्त लिम्बुवानहरूलाई "लिम्बुवान खम्बुवान मुलुक हाम्रो भयो तापनि तिमीहरू हाम्रै छौ तिम्रा जहानको पिछा हामीले लियौं जस जसको जे जे तिम्रा खाइन् पाइन् लुङगवांग वाङसिग वांगगङ जिमी भूमि हिजोको आपुंगी सबै थामी बक्स्यौं तिमीहरूले हिज आपँ आप आपुंगी पाए बमोजिम जिमी भूमि रहन्जेल शाखा सन्तानतक भरत सघाई भोग्य गर" भन्ने लाल मोहर वि. सं. १८३१ मा राई, लिम्बूहरूलाई गरिदिए[2] र किपटको विशेष अधिकार पनि दिइयो। माझ किरातलाई नेपाल अधिराज्यमा सम्मिलित गराउने अभियानमा आर्थिक सहयोग समेत गरेका खार्पाका हरिनन्द पोख्र्यालले ठूलो बिर्ता पाए।

---

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०५

२. शंकरमान राजवंशी— श्री ५ पृथ्वीनारायण शाहका लालमोहर र धँबुङ्को अभिलेख, प्राचीन नेपाल, संख्या ३, पुरातत्व विभाग, २०२५, पृष्ठ ३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले यो जिल्ला लगायत यस क्षेत्रको अन्य भू-भाग नेपाल अधिराज्यमा एकीकरण गराएपछि शुरूमा यो खोटाङ एक वृहत् जिल्लाको रूपमा रहेको अनुमान गर्न सकिन्छ। अंग्रेज इतिहासकार एफ. बी. हेमिल्टनका अनुसार "लोहाङ सेन राज्यको मध्यभागको उत्तरी खण्ड खोटाङबाट एक सुब्बाद्वारा प्रशासित थियो। यो जिल्लाको सीमाना पूर्वमा अरुण नदी, पश्चिममा तावाँकोशी तथा दक्षिणमा कमल (कमला नदी?), जसले मकवानपुरलाई छुट्याउँदछ र उत्तरमा हिमालय पर्वत, जसले तिब्बत अर्थात् ल्हाशा छुट्याउँदछ", थिए।[1]

वि. सं. १९३७ सालभन्दा अगाडि यस जिल्लाको प्रशासन धनकुटा गौंडा मार्फत घुम्ती बिचारी (जसलाई खेलीबिचारी पनि भनिन्छ) यस क्षेत्रमा समय समयमा आई गाउँ गाउँमा भ्रमण गरेर इन्साफ गरिदिने गर्दथे। त्यसताका गाउँ गाउँमा अमाली तथा द्वारेले इन्साफ गर्ने प्रथा थियो। यिनीहरूलाई "खुवा खान्गी" को व्यवस्था थियो।

वि. सं. १९३७ सालमा पूर्व ओखलढुङ्गा र भोजपुरमा पनि अदालत, माल, जङ्गी परेठ स्थापना भएको कुरा बुझिन आउँदछ। प्रशासन जङ्गी परेठले चलाउँदथ्यो। अदालतमा डिठ्ठा, बिचारी रही मुद्दा मामिला हेर्दथे। मालमा खरिदार, तहरिर रही तहसील, मालपोत असूल गर्ने गर्दथे। १९६८ सालदेखि यहाँ बडाहाकिम रही गोश्वाराद्वारा प्रशासन चलाउने व्यवस्था भयो। बखत बखतमा सदर (केन्द्र) बाट दौडाहा पनि आउने गर्दथ्यो। तर यहाँ गोश्वाराको स्थापना भएपछि जिल्ला विभाजन हुँदा हलेसी, रावा, खाम्तेल, मझुवा ओखलढुङ्गाको र चुइचुम्मा, रतन्छा, दिप्रुङ, खोटाङ थुमहरू भोजपुर गोश्वाराको प्रशासनिक क्षेत्रभित्र पर्दथ्यो। पञ्चायती व्यवस्थाको उदय भएपछि नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गर्ने क्रममा उपर्युक्त क्षेत्र ओखलढुङ्गा र भोजपुर जिल्लाबाट पुनः छुट्याई यस जिल्लामा समावेश गरेर यसलाई वर्तमान स्वरूप प्रदान गरिएको हो।

I. Hamilton F. B.—An Account of the Kingdom of Nepal, Re-printed 1971, Page 164

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

दिक्तेल बजार

खोटाङ जिल्लाको सदरमुकामको रूपमारहेको यो दिक्तेल बजार गाउँ पञ्चायतभित्र पर्दछ। समुद्र सतहबाट लगभग १,८२८ मिटर (६,००० फीट) अग्लो पहाडको काँधमा अवस्थित यसको उत्तरतर्फ ३,२३३ मिटर (९,२९६ फीट) को उचाइ भएको रूपाकोट पर्वत, पूर्वतिर लेकाली डाँडो, पश्चिमतिर महा-भारत पर्वत शृङ्खला र दक्षिणमा देवीथानका डाँडाहरूले यसलाई निकै रमणीय बनाएका छन्। २०२२ सालमा खोटाङ जिल्लाको सृजना हुनुभन्दा अघिदेखि नै यो माझ किरातको प्रमुख बजार मध्ये एक रहिआएको हो। यहाँ सबैजसो जिल्लास्तरीय कार्यालयहरू छन्। बजारमा लगभग १०० पक्की घरहरू छन् र यो जिल्लाको प्रमुख व्यापारिक केन्द्र पनि हो। यहाँ एक माध्यमिक विद्यालय र एक प्राथमिक विद्यालय छन्। यहाँ हरेक शनिश्चरबार हाट लाग्छ। यस बजारको मूल बाटोमा महिला संगठनद्वारा बनाइएको "रत्न पार्क" पनि छ। यहाँ एउटा स्वास्थ्य चौकीको स्थापना भएको छ।

यहाँ नजीक डाँडामा भगवती कालिकाको स्थान र बूढेश्वर महादेवको स्थान पनि छ। यहाँ वैशाख पूर्णिमा र कार्तिक पूर्णेको दिन निकै ठूलो मेला लाग्दछ। यस मेलामा जिल्लाबासीहरूको अतिरिक्त नजीकका जिल्लाहरूबाट आउने मानिसहरूलाई पनि दिक्तेलको सांस्कृतिक महत्व झल्काउन मद्दत गर्दछ। सदरमुकाम नजीक जङ्गलको बीचमा रहेको सात कन्या कालीदेवी भगवतीको स्थान दर्शनीय छ। यो स्थान गुठीद्वारा सञ्चालन भएको छ।

जिल्लाको सदरमुकामबाट भोजपुर सीमाना दिल्पासम्म १९ किलोमिटर (छ कोस) र भोजपुर सदरमुकामसम्म लगभग ३८ किलोमिटर (१२ कोस) मानिएको छ। ओखलढुङ्गासम्म पनि ३८ किलोमिटर (१२ कोस) मानिएको छ। नजीकको अर्को जिल्ला सोलुको सीमानासम्म १९ किलोमिटर (छ कोस) र उदयपुर जिल्लाको सीमाना लिपाटार गाउँ पञ्चायतसम्म ४५ किलोमिटर (१४ कोस) लामो बाटो पर्दछ। हिउँदको सफा मौसममा हप्ताको एकपटक हवाइ सेवा उपलब्ध हुन्छ। यहाँबाट करीब १६ किलोमिटर (पाँच कोस) उत्तरतर्फ लामीडाँडामा एक स्टोल विमान स्थल छ।

खोटाङ

यो पुरानो खोटाङ थुममा पर्दछ। वि. सं. १९३६ सालतिर स्थापना भएको दक्षिणी जङ्गी परेठ यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। यहाँ एक राम्रो टुंडिखेल पनि छ। भोजपुर गोश्वाराद्वारा प्रशासित यस ठाउँमा १९९४ सालमा अदालत पनि स्थापना भएको थियो। २०१८ सालमा अधिराज्यलाई ७५ विकास जिल्लामा विभाजित गरेपछि यो खोटाङ जिल्लाको सदरमुकाम २०२० सालसम्म यही नै कायम थियो। २०२० सालपछि मात्र सदरमुकाम दिक्तेलमा सारिएको हो ।

यहाँ स्वास्थ्य चौकी, शाखा हुलाक, २००६ सालमा स्थापित जिल्लाको सबभन्दा पुरानो माध्यमिक विद्यालय र औलो उन्मूलन तथा परिवार नियोजन शाखा आदिको जिल्ला कार्यालय रहेका छन्। यहाँ १९४७ सालतिर स्थापना भएको एक वर्षामापक केन्द्र पनि छ। यहाँ २०१८ सालमा खानेपानीको कलधारा पनि स्थापना गरिएको छ।

यहाँ करीब २५ वटा घरहरूको सानो बजार पनि छ। तर दिक्तेल सदरमुकाम भएकोले प्रमुख व्यापारीहरू क्रमशः बसाइँ सर्दै गएकाले बजारको चहल पहल हराउँदै गएको छ।

हलेसी महादेवस्थान

हलेसी थुममा रहेको प्रसिद्ध महादेवस्थान जिल्लाको निमित्त मात्र नभई वरपरका छिमेकी जिल्लाहरूको लागि पनि पवित्र तीर्थस्थान मानिन्छ। सदरमुकामदेखि लगभग २६ किलोमिटर (आठ कोस) पश्चिममा रहेको यो स्थान एउटा थुम्कोको गुफाभित्र छ। त्यहाँ एउटा पत्थरको लिङ्ग प्राकृतिकरूपले बनेकोछ र यसैलाई नै पूजा गरिन्छ। यो मूर्तिको अतिरिक्त गुफाभित्र विभिन्न प्राकृतिक बनावटका आकर्षक मूर्तिहरू पाइन्छन्। यस्को दक्षिणपट्टि करीब ९१४ मिटर (१,००० गज) टाढा अर्को एक ठूलो गुफा पनि छ। यसको लम्बाइ लगभग ६८ मिटर (७५ गज) छ र गुफाको प्रवेश द्वारनिर पत्थरको बसाहा महादेव रहेका गुफातिर मोहडा फर्काई बसेको छ।

यहाँ शिवरात्री, बाला चतुर्दशी, राम नवमी तथा तीजमा मेला लाग्दछ। शिवरात्रीमा लाग्ने मेला निकै ठूलो हुन्छ। बलि दिने प्रथा वर्जित छ। यो शिवालय पनि गुठीद्वारा सञ्चालित छ।

यहाँ एउटा आयुर्वेदिक औषधालय तथा एक माध्यमिक विद्यालय पनि रहेका छन्। सानो-तिनो पहाडी बजार भएको यस ठाउँमा घरहरू बन्दै गएको देखिन्छ। भग्नावशेषरूपमा एउटा धर्मशाला रहेको छ तर अर्को चाहिं राम्रै छ। उदयपुर जिल्लातर्फबाट दिक्तेल आउने प्रमुख मूल बाटोमा यो स्थान रहेको छ।

बुइपा

यो एउटा सानो पुरानो वजार भएकोले व्यापारिक केन्द्र मानिन्छ। यहाँ नेवार तथा बाँडाहरूको बसोबास छ। भाँडा बनाउने कामको लागि पनि यो ठाउँ नामी छ। यहाँ एक माध्यमिक विद्यालय र शाखा हुलाक पनि छ। यस ठाउँको सदरमुकामसँग दोहरो सम्बन्ध छ। सदरमुकामको नजीकै पश्चिममा रहेको यस ठाउँबाट शनिबारे हटियामा दिक्तेलमा आई खाद्यसामग्रीहरू विक्री गरिन्छ र त्यहाँबाट नून, तेल आदि लैजाने गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाक्सिला

सदरमुकामबाट करीव २५.६ किलोमिटर (आठ कोस) उत्तरमा रहेको यो जिल्लाको अर्को पहाडी बजार हो। यहाँ प्रत्येक बुधबार निकै ठूलो हाट लाग्दछ। उत्तरी क्षेत्रमा अनाज खरीद विक्री हुने प्रमुख स्थान यही हो।

लामीडाँडा

सदरमुकामबाट करीब १६ किलोमिटर (पाँच कोस) पश्चिममा रहेको यो डाँडा जिल्लालाई आधुनिक यातायातसँग जोड्ने महत्वपूर्ण ठाउँ हो। यहाँ रहेको विमान स्थलमा स्टोल विमान सेवा हिउँदमा हप्ताको एक पटक चल्दछ। यहाँको टारमा आँप पनि हुन्छ। यस ठाउँको आँप तथा सुन्तला जिल्लाभर प्रसिद्ध छ। यहाँ खाने पानीको निमित्त कलधाराको पनि व्यवस्था छ। टाढा टाढाबाट टिकट लिन आएका वा उडान नभएको बखत यात्रुहरू बास बस्ने स्थानको अभाव रहेको हुँदा निकट भविष्यमै यहाँ एउटा अतिथि गृहको निर्माण हुने भएको छ। हाल यहाँ एउटा सानो टावर (विमान नियन्त्रण केन्द्र) को निर्माण हुँदैछ।

साप्सु धाप

समुद्र सतहदेखि लगभग १,२२५ मिटर (५,००० फीट) को उचाइमा रहेको निर्मली गाउँ पञ्चायतको लेकमा रमणीय चौरको एक विशाल ढुङ्गामुनि पानीको मूल निस्की बगेको छ। यो साप्सु नदीको मुहान हो। यसै मुहान वरिपरि ढुङ्गाका विभिन्न मूर्तिहरू स्थापना गरिएका छन्। यो विशेषतः किरात जातिको तीर्थस्थल पनि मानिन्छ। यस धापमा जनै पूर्णिमाका दिन ठूलो मेला लाग्दछ। यहाँका मानिसहरूले साप्सु खोलामा पञ्चबली चढाई भाकल पूरा गर्ने चलन पनि छ। यहाँ करीब १०० वटा राई, शेर्पा जातका घरहरू छन्। यहाँबाट सदरमुकामलाई १६ किलोमिटर (पाँच कोस) को बाटो छ।

रभुवा

दूधकोशीको किनारमा रहेको यो सानो व्यापार केन्द्र ओखलढुङ्गाबाट आउने-जाने मूल बाटोमा पर्दछ। यहाँ माघे संक्रान्तिको दिन ठूलो मेला लाग्दछ। यहाँ माघे संक्रान्तिमा लाग्ने पहिलो प्रहर अर्थात् पुस जाँदो र माघ लाग्दो मध्यरातदेखि बिहानसम्म मेला लाग्ने परम्परा चलेको छ। यो जिल्लामा यो जस्तो ठूलो मेला अन्त कहीं लाग्दैन। मेला लाग्ने ठाउँमा दूधकोशी र ओखलढुङ्गाबाट बगिआएको ठोटने खोलाको संगम र केही टाढा रावाखोला दूधकोशीमा बगिआएकोले त्रिवेणी भएको छ। यहाँ केही घरहरू भएको सानो बजार पनि छ। दूधकोशीमा राणा कालमा बनाइएको ठूलो झोलुङ्गे पुल भएकोले ओखलढुङ्गाबाट यस जिल्लातर्फ आउने मूल बाटो यही हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

विक्रम संवत् २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनानुसार नेपाल अधिराज्यमा १,१५,५५,९८३ सगरमाथा अञ्चलमा १३,१३,४८० र यस खोटाङ जिल्लामा कुल जनसंख्या १,६३,२९७ छ। यसमध्ये ८३,५८२ अर्थात् ५१.२ प्रतिशत महिला र ७९,७१५ अर्थात् ४८.८ प्रतिशत पुरुष छन्। पुरुष भन्दा महिला संख्या ३,८६७ अर्थात् २.४ प्रतिशतले बढी देखिन्छ। सगरमाथा अञ्चलको १२.४ प्रतिशत जनसंख्या यस जिल्लामा बसोबास गर्दछन्। नेपाल अधिराज्यका ७५ जिल्लाहरूमा बढी जनसंख्याको दृष्टिकोणबाट यो जिल्लाले २९ सौं स्थान ओगटेको छ। पूर्वाञ्चल विकास क्षेत्रभित्र पर्ने मेची, कोशी तथा सगरमाथा अञ्चलका पहाडी जिल्लाहरूमा सबभन्दा बढी जनसंख्या भएको पहाडी जिल्ला भोजपुरपछि दोस्रोमा यसै जिल्लाको नाम आउँदछ। यो जिल्लाको क्षेत्रफल १,२६५ वर्ग किलोमिटर छ। यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर १२९ व्यक्ति हुन आउँछ।

यस जिल्लामा जम्मा ३०,२२४ घर परिवारहरू छन्। तिनीहरूको औसत परिवार सदस्य संख्या ५.४ जना हुने देखिन्छ। चारजना जहान भएको परिवार सबभन्दा बढी अर्थात् ४,६५५ घर छ र त्यसपछि दोस्रो र तेस्रोमा क्रमशः पाँच जना जहान भएको ४,९०५ र छ जना भएको ४,४०० घर परिवारहरू छन्। ठूलो परिवारमा २० जना वा सोभन्दा बढी परिवार सदस्य भएको १९ छ भने १५ देखि १९ जना भएको १२४ घर परिवारहरू छन्। सानो परिवारहरूमा एक जना मात्र भएको १,१३८, दुई जना भएको २,४०७ र तीन जना भएको ३,६८५ परिवारहरू यहाँ पाइन्छन्।

तल दिइएको तालिकामा जिल्लाका बासिन्दाहरूलाई विभिन्न उमेर समूहमा विभाजन गरिएको छ। विभाजनमा महिला तथा पुरुषको संख्या र प्रतिशत पनि छुट्याइएको छ।

उमेर समूहको तालिका

वर्ष	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि पाँच वर्ष	१३,८८७	१७.४	१४,९१४	१७.८	२८,८०१	१७.४
छ देखि १५ वर्ष	२२,७३७	२८.५	२१,२६२	२५.४	४३,९९९	२६.९
१६ वर्ष र सोभन्दा माथिका	४३,०९१	५४.१	४७,४०६	५६.९	९०,४९७	५५.७
जम्मा:–	७९,७१५	१००	८३,५८२	१००.१	१,६३,२९७	१००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस तालिकाबाट थाहा हुन्छ कि यस जिल्लामा पाँच वर्षभन्दा मुनिका शिशुहरू जम्मा २८,८०१ अर्थात् कुल जनसंख्याको १७.४ प्रतिशत छन्। त्यसमध्ये १३,८८७ बालक र १४,९१४ बालिका छन्। उमेरको दृष्टिकोणबाट विद्यालय जाने उमेर छ देखि पन्ध्र वर्षका केटाकेटीको संख्या ४३,९९९ जना छ। यसमध्ये २२,७३७ किशोर २१,२६२ किशोरी छन्। खास विद्यालय गइरहेका छात्र–छात्राको संख्याको संदर्भमा पछि छुट्टै चर्चा गरिने छ।

यस्तै १६ वर्ष र सोभन्दा माथिका वयस्क समहको संख्या यस जिल्लामा ९०,४९७ अर्थात् कुल जनसंख्याको ५५.७ प्रतिशत छ र यसमध्ये ४३,०९१ पुरुष र ८३,५८२ महिलाको संख्या छ। बाँकी ४४.३ प्रतिशत १६ वर्ष घटीका बालक बालिकाको हुर्कंदो समूहलाई संकेत गर्दछ। शिक्षा, स्वास्थ्य, रोजगारी आदिका क्षेत्रमा भविष्यका लागि यो समूहलाई हेर्दै योजना तर्जुमा गर्न धेरै हदसम्म सहायकसिद्ध हुनेछ। आर्थिक एवं सामाजिक क्षेत्रमा योजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति आगामी वर्षहरूमा समेत यस जिल्लामा पर्याप्त मात्रामा उपलब्ध हुन सक्ने कुरा पनि यो समूहले बताउँदछ।

साधारणतः नौ वर्षसम्मका बालक बालिका शारीरिक तथा मानसिक दृष्टिकोणबाट आर्थिक लाभ हुने कार्य गर्न सक्दैनन्। त्यस्तै ६० वर्ष र सोभन्दा माथिका वृद्ध मानिसहरू पनि प्रायः शारीरिक परिश्रमबाट आर्थिक लाभकारी व्यवसाय गर्न सक्षम हुँदैनन् भन्ने अनुमानबाट यो समूहलाई पनि आश्रित वर्गभित्र समावेश गरिएको छ। अतः यी दुई समूहको जम्मा संख्या ५८,२३३ अर्थात् कुल जनसंख्याको ३५.९ प्रतिशत कायम हुन आउँदछ। यो समूह सक्षम परिवार सदस्यको आर्जनमा आश्रित रहन्छ। १० वर्षदेखि माथि ५९ वर्षसम्मका व्यक्तिलाई सवल मानिएमा यो समूहको संख्या १,०५,१६४ अर्थात् ६४.२ प्रतिशत हुन आउँछ। यसबाट के थाहा हुन्छ भने यस जिल्लामा आश्रितभन्दा सक्षम जनसंख्या २८.३ प्रतिशत बढी छ र १०० जना सवलले लगभग ५५ जना आश्रितको पालन पोषण गर्नु पर्ने देखिन्छ।

यहाँ एउटा ध्यानयोग्य कुरा के छ भने १० वर्षदेखि ५९ वर्षसम्मको सम्पूर्ण जनसंख्या आर्थिक लाभ हुने व्यवसायमा संलग्न हुन्छन् नै भनी मान्न सकिन्न। सिद्धान्ततः १० देखि १४ वर्षका किशोर किशोरीले विद्यालय जाने गरेका हुन्छन्। त्यसमाथि यो समूहले शारीरिक परिश्रम गरी आर्थिक लाभ गर्न पूर्ण सक्षम भइ-सकेको हुँदैन। साथै ६० वर्षदेखि माथिका औसत प्रौढ मानिसहरूले ६४ वर्षसम्म शारीरिक परिश्रम पर्ने कार्यमा सक्रिय रहेका पनि देखिन्छन्। यसैले आश्रित र सक्षम जनसंख्याको विश्लेषण गर्दा अन्तर्राष्ट्रिय मान्यतामा आधारित निम्न बमोजिम उमेर समूहको विभाजन पनि सहायकसिद्ध हुने देखिन्छ।

यसअनुसार १५ देखि ६४ वर्षसम्मको जनसंख्यालाई सवल अर्थात् आर्थिक लाभ गर्न सक्ने मानिएमा यो समूहको संख्या ८८,३९८ अर्थात् कुल जनसंख्याको ५४.० प्रतिशत हुन आउँदछ र १४ वर्ष मुनिका नाबालक र ६५ वर्ष र सोभन्दा माथिका वयोवृद्ध समूहलाई शारीरिक परिश्रम गरी आर्जन गर्न नसक्ने आश्रित मानिएमा यी दुई समूहको संख्या ७४,८९९ अर्थात् कुल जनसंख्याको ४५.९ प्रतिशत हुन आउने देखिन्छ। तसर्थ यस जिल्ला-मा उपर्युक्त उमेर समूहको आधारमा सवल जनसंख्या ८.१ प्रतिशतले बढी देखिन्छ जुन शुभ सूचक हो। यस अनुसार प्रत्येक १०० जना सक्षममाथि लगभग ८५ जनाको निर्वाहको भार पर्ने देखिन्छ।

यस जिल्लामा छ वर्षदेखि माथिको जम्मा जनसंख्या १,३४,४९६ छ। यसमध्ये ३३,५५८ पुरुष र ३८,३१० जना महिलाले विवाह गरिसकेका छन्। वैवाहिक सम्बन्ध विच्छेद गर्नेको संख्यामा जम्मा ३० जना पुरुष र जम्मा १०२ जना महिला छन् भने विधुर संख्या जम्मा २,१०४ र विधवा संख्या जम्मा ६,५२३ देखिएका छन्। यस जिल्लामा केही बाल विवाह पनि भएको देखिन्छ। छ देखि नौ वर्षका आयुमा विवाह गर्ने पुरुष २९ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महिला २० जना देखिएका छन् । त्यसरी नै १० देखि १४ वर्षभित्रमा विवाह गर्ने पुरुष १६५ र महिला ४३८ जना देखिन्छन् । छ देखि नौ वर्षको आयुमा विवाह गर्ने एक जना महिलाले पारपाचुके पाएकी छन् भने १० देखि १४ वर्षभित्रमा विवाह हुनेमध्ये एक जना पुरुष विधुर र विधवा हुने महिला दुई जना छन् ।

वि. सं. २०२८ सालमा लिइएको जनगणनानुसार यस जिल्लामा बोलिने मातृभाषाको आधारमा यहाँको जनसंख्यालाई निम्न बमोजिम चार प्रमुख भागमा वर्गीकरण गर्न सकिन्छः–

भाषा	बोल्ने जनसंख्या	प्रतिशत
नेपाली	१,१२,१४१	६८.७
राई	४२,६७२	२६.१
नेवारी	४,८०८	२.६
अन्य	३,६७६	२.३
जम्मा	१,६३,२९७	१००

मातृ भाषा भन्नाले आमाबाट बाल्यकालमा सिकाइने अथवा जन्मस्थान वा घरमा बोलिने भाषालाई जनाउँदछ । र नेपाली राष्ट्र भाषालाई मातृ भाषाको रूपमा अपनाउने संख्या पछि दोस्रो तहमा मातृभाषाको रूपमा आफ्नो जातीय राई भाषा प्रयोग गर्नेहरूको संख्या आउँदछ । यहाँका स्थानीय बजारमा व्यापार तथा अन्य व्यवसायहरू गरी बसेका नेवारहरूको पनि प्रशस्तै संख्या भएकोले जिल्लामा नेपाली तथा राई भाषा पछिको स्थान नेवारीले लिएको छ । यस बाहेक जिल्लामा बोलिने अन्य भाषाहरूमा तामाङ, भोटे-शेर्पा, मगर, राजवंशी, गुरुङ आदि हुन् । तर जिल्लामा भएका विभिन्न भाषा–भाषीहरूमा बीचको कुराकानी गर्ने भाषा चाहीं नेपाली राष्ट्र भाषा नै देखिन्छ । सबैले आफ्नो अभिव्यक्ति नेपाली भाषामा व्यक्त गर्न अरूले बोलेको बुझ्न सक्दछन् ।

यस जिल्लामा प्रमुख रूपमा हिन्दू तथा बौद्ध दुई धर्मावलम्बीहरूको बसोबास छ तापनि धर्मको नाममा आपसमा वा अल्पसंख्यक धर्मावलम्बीहरूप्रति घृणा वा द्वेषको कारणबाट अप्रिय घटना घटेको पाइदैन । सबै मानिसहरू धार्मिक सहिष्णुता एवं आपसि सद्भावनाका साथ बसेका पाइन्छन् ।

यस जिल्लामा जम्मा ५५ वटा गाउँ पञ्चायतहरू छन् । यीमध्ये सबैभन्दा बढी अर्थात् ६,२८३ जनसंख्या भएको बुइपा गाउँ पञ्चायत हो । त्यसरी नै सबभन्दा घटी जनसंख्या भएको गाउँ पञ्चायतमा बडहरेको नाम आउँदछ, यस पञ्चायतमा केवल १,१३४ जना मात्र बसोबास गर्दछन् । यस जिल्लाका गाउँ पञ्चायतको नामावली र त्यहाँ बसोबास गर्ने जनसंख्या यहाँ प्रस्तुत गरिन्छः–

गाउँ पञ्चायतको नाम	जनसंख्या	गाउँ पञ्चायतको नाम	जनसंख्या
१. अर्खौले	३,५००	२. इन्द्राणी पोखरी	३,४६६
३. कुभिण्डे	२,४६७	४. खार्तम्छा	४,८६७
५. खार्पा	२,१०७	६. खार्मी	३,२४६
७. खिदिम्मा	२,२१२	८. खोटाङ	२,४३८
९. च्यानडाँडा	१,७६१	१०. च्यास्मिटार	२,०६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११. चिप्रिङ	२,१६०	१२. चिसापानी	३,६५०
१३. छोरम्बु	२,३५०	१४. टेम्मा	४,३५६
१५. डाँडाखर्क	३,७८७	१६. डाँडागाउँ	३,०१५
१७. डिकुवा	१,९६३	१८. दारेगौंडा	२,२८०
१९. दिक्तेल	५,४९१	२०. दुर्छिम	२,९३५
२१. दोर्पा चिउरीडाँडा	५,१४०	२२. निर्मली डाँडा	२,१५७
२३. नेर्पा	२,९८५	२४. पाथेका	३,३५७
२५. फाकटाङ	१,६०५	२६. बडकादियाले	२,३५४
२७. बडहरे	१,१३४	२८. बतासे	३,७२६
२९. बाक्सिला	६,०२६	३०. बामराङ	२,७७८
३१. बाराह पोखरी	२,९२५	३२. बाहुनी डाँडा	१,९०५
३३. विजय खर्क	२,३२४	३४. बिपलुङ	३,४८६
३५. वुइपा	६,२८३	३६. महादेवस्थान	३,८७३
३७. मात्तिम	४,५८७	३८. मंगलटार	२,१२१
३९. यामखा	२,६२५	४०. रतम्छा	३,२३८
४१. राजापानी	२,८७९	४२. लफ्याङ	४,७९५
४३. लामीडाँडा	१,५७४	४४. लिकुवापोखरी	२,७९६
४५. लिच्की राम्चे	२,७६७	४६. वाप्लुखा	२,४३४
४७. सल्ले	१,८४७	४८. ससर्का	२,२०८
४९. साउनेचौर	२,०८८	५०. साँवा कटहरे	३,०४१
५१. सिमपानी	३,३८८	५२. सुङ्देल	२,६०८
५३. सुन्तले	१,७५७	५४. हरेलो डाँडा	१,६८८
५५. हौंचुर	२,२६४		

उपर्युक्त गाउँ पञ्चायतहरूलाई जन आवादीको दृष्टिकोणबाट विभिन्न समूहमा वर्गीकरण गर्दा २,००१ देखि ३,००० सम्म हुने गाउँ पञ्चायतको संख्या सबभन्दा बढी अर्थात् २५ वटा छन्। दोस्रोमा ३,००१ देखि ४,००० सम्म हुने गाउँ पञ्चायतको समूह आउँदछ, यसमा जम्मा १३ गाउँ पञ्चायतहरू पर्दछन्। ६,००१ देखि ६,३०० सम्म जनसंख्या हुने गाउँ पञ्चायत यस जिल्लामा केवल दुईमात्र छन्।

जन-जीवन

यस जिल्लामा मुख्यतः राई, क्षेत्री, बाहुन, गुरुङ, तामाङ, शेर्पा, दमाई, कामी आदि विभिन्न जात-जाति बसोबास गर्दछन्। यी विभिन्न जातिका खास संस्कृति र रीतिरिवाजहरू आ-आफ्ना प्रकारका छन्। गाउँमा प्रायः सबै संप्रदायका मानिसहरू बसोबास गरिआएका हुँदा एक अर्काको वेश–भूषा, संस्कार आदिमा प्रभाव पर्नु स्वाभाविक हो। जन-जाति बीचको संस्कारमा विद्यमान विभिन्नता जन्म, विवाह र मृत्यु तथा काज-क्रिया जस्ता सामाजिक कार्यमा टडकारो रूपमा देख्न पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाका विभिन्न जातिहरूमध्ये मातृ भाषाको आधारबाट निक्कै ठूलो संख्यामा राई जातिको बसोबास यो जिल्लामा भएको देखिएकोले यहाँ यही जातिको चर्चा गरिएको छ।

यो जाति किरात वंशभित्र पर्दछ। किरातीहरूको इतिहास प्राचीन छ। महाभारतकालीन इतिहासमा समेत किराती राजाको वर्णन पाइन्छ। यी कुराहरूमा प्रमाणित आधारहरू नभए पनि किराती वंश प्राचीन वंशहरूमध्येका हुन् भन्ने कुरा चाहिं सहजै अनुमान गर्न सकिन्छ। कसै कसैले यो जाति तिब्बतबाट आएको हो भन्छन् भने कसैले आदिम कालदेखि नै नेपालको पहाडी भू-भागमा बसोबास गर्दैआएको कुरामाथि जोड दिन्छन्। एउटा पुरानो धार्मिक पुस्तक 'किरातको वेद' (ईमान सिंह चेमजोङ) सङ्केत गर्दछ कि कमसेकम तिनीहरूको कुनै पुर्खा र प्राचीन राजा तिब्बतबाट आएका थिए।[1] यिनीहरूको उत्पत्ति स्थान जहाँ सुकै होस् तर नेपालको मध्यकालीन इतिहासमा पनि किराती राजाहरूलाई नेपालका आदिम राजाहरूमध्ये एक मानिएको छ। त्यस-बेला नेपालमा शासन चलाइरहेका किराती राजाहरूमा जितेदस्ती तथा स्थुंको नाम प्रख्यात छ। किराती राजा जितेदस्ती तथा स्थुंकोको शासन काल क्रमशः गौतम बुद्ध तथा अशोकको समकालीन मानिएको छ। किराती राजाहरूको क्रममा यस वंशका प्रथम राजा यलम्बर वा थलुङ रहेछन् र जितेदस्ती र स्थुंको सातौं र चौधौं पुस्ताका मानिएका छन्।

कर्क पेट्रिक तथा राइटका वंशावलीहरूमा नेपालमा किराती राजाहरूको शासन समय भिन्ना भिन्नै मानिएको भए तापनि यी दुवै वंशावलीलाई केलाई हेर्दा किरातहरूको शासन ईशाको पुग नपुग नवौं शताब्दी-देखि कायम भई ईशापछि दुई अथवा साढे तीनसय वर्षसम्म चलेको अनुमान गर्न सकिन्छ।[2]

किरात जातिभित्र दुईभन्दा बढी जातिहरू पनि सम्मिलित हुन सक्ने लोककथा तथा तर्कहरू स्वदेशी तथा विदेशी समाज शास्त्रीहरूले प्रकाशमा ल्याएका छन्। सुनार जातिको पुर्खा सम्बन्धी एउटा किंवदन्ति अनुसार किरात जाति पाँच भाइका वंशजहरू क्रमशः जेठोबाट सुरेल, माहिलोबाट सुनुवार, साहिंलोबाट राई, काहिलोबाट लिम्बू र कान्छो भाइबाट हायू संतति वंशक्रमद्वारा आएको हो।[3] राई तथा लिम्बू जातिमा पाइने एउटा लोक कथा अनुसार दक्षिणतिरबाट सप्तकोशीको किनारै किनार शिकार खेल्दै किरात वंशी चार भाइ र एउटा बहिनी सुनकोशी, अरुण तथा तमोर नदीको संगमस्थलमा आइपुगेपछि कान्छो भाइकै साथमा बहिनी बस्न मन गरेकोले ती दुवैलाई मै तराई छाडेर बाँकी तीन भाइ आपसमा छुट्टिई एक एक वटा नदीको गढतिर रोजी अगाडि बढ्ने भाइहरूमध्ये अरुण नदीतिर लाग्ने भाइबाट राई, तमोर नदीको किनारा पछ्याउनेबाट लिम्बू, सुनकोशीको गढतिर समाउनेबाट सुनुवार र तराईमै रहेका कान्छो भाइ र बहिनीबाट थारू जातिको विकास भएको हो। अर्को एउटा संकलित दन्त्य कथा[4] मा किरात जातिभित्र अन्य धेरै जातिहरू पनि समावेश हुन सक्ने संकेत गरिए-को छ।

"किरात जातिमा तामाङ, मगर, गुरुङ, लिम्बू, राई आदि जाति आउन सक्दछ"[5] भन्ने सम्भावना नेपाली लेखकहरूले व्यक्त गरेका छन् भने छिमेकी राष्ट्र भारतका लेखकहरूले अझ वृहत् जाति यसभित्र आउने

१. Bista, Dor Bahadur-People of Nepal, 1972, Page 33
२. बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ ७२, ७३
३. Michailovsky, B. and Mazaundor Marline— Notes on the Hayu Language, Kailas (A Journal of Himalayan Studies) vol. 1; No. 2, 1973, Page 136
४. ईमानसिंह चेमजोङ–लिम्बू–नेपाली–अंग्रेजी शब्दकोश, २०१८, भूमिका
५. नूतन थर्पलिया–तामाङ जाति र तिनको स्थिति, हाम्रो संस्कृति, जेठ २०२४ वर्ष १ अंक ३, पृष्ठ ५६–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठोकुवा मत व्यक्त गरेका छन् । राहुल सांकृत्यायन थारु जातिको चर्चा गर्दै लेख्दछन् "हिमाली जातिहरूको भाषा तथा अन्य कुराहरूको अध्ययनबाट थाहा हुन्छ कि हिमालय र त्यसको तराई क्षेत्रमा पञ्जाब–कश्मीरसम्म बसोबास गर्ने आदिवासी किरात थियो जो पूर्वमा आसाम, बर्मा हुँदै कम्बुजतक फैलदै गयो । मंगोलायित जाति भएर पनि यो (किरात जाति) चीनी आदि जातिहरूबाट बहुतै टाढाको सम्बन्ध राख्दछ । पहाडको किरात-लाहुल, मिलाणा (कुल्लू), कनौर, मारछा (गढवाल), मगर, गुरुङ, सुनवार, तामाङ, नेवार, राई लिम्बू, याखा (नेपाल) लेपचा (शिकम) आफ्नो भाषा बोल्दछन् तर तराईको त्यसलाई भुलेर आफ्नो दक्षिणी छिमेकको भाषा बोल्दछन्; त्यही थारु जाति हो ।"[1]

यसरी किरात जाति वा "किराती" शब्द विवादास्पद एवं भ्रमपूर्ण हुन पुगेको छ र तिनका निराकरण गर्ने यस परिचयको उद्देश्य र क्षेत्र पनि होइन । वर्तमान प्रचलन अनुसार "किराती" संज्ञाले राई (खम्बू) र लिम्बू दुई प्रमुख जातिलाई मात्र सामूहिक रूपमा बुझाउने गरेको पाइन्छ । यी दुई जाति बीच भाषा तथा संस्कारमा केही विभिन्नता हुँदाहुँदै पनि आपसमा "दाल भात" तथा कुटुम्बेरी समानरूपमा चलाउँदै ल्याएको लामो परम्परा पाइन्छ ।

"......राइ" शब्द "जुम्लाका राजा पुण्य मल्लका शक सं. १२५९ (ई. सं. १३३७) का ताम्रपत्रमा राजाको अर्थमा आएको छ"[2] तापनि यो "राई" संज्ञा धेरैपछि अर्थात् (वि. सं. १८३१ को आस पासमा) पृथ्वीनारायण शाहले किरात प्रदेशलाई आधुनिक नेपालमा सम्मिलित गराएपछि व्यापकरूपमा प्रयोग हुन थालेको देखिन्छ । त्यसताक उनले गाउँका जान्ने सुन्ने मुख्य व्यक्तिलाई स्थानीय प्रशासकको रूपमा "जिमीदार", "तालुकदार" नियुक्त गरी "राई" र त्यसरी नै गाउँका प्रमुख लिम्बूलाई "सुब्बा" मान पदवीले विभूषित गरिदिएका थिए । कालान्तरमा यी मान पदवीको प्रयोगले सम्पूर्ण जातीय समुदायलाई नै अंगाल्न पुगेको हुँदा जिमीदारहरू "राई", लिम्बूहरू "सुब्बा" र याखाहरू "देवान" भनिए ।[3]

थिनीहरूलाई जमीन (किपट) को केही विशेषाधिकार समेत प्रदान गरेर मालपोत राजस्व असूली गर्ने दायित्व सुम्पिएको थियो । काठमाडौं उपत्यकादेखि पूर्वी पहाडी भाग निक्कै अगाडिदेखि नै वल्लो किरात, माझ किरात, र पल्लो किरातमा विभाजित थियो । माझ किरात जुन खम्बुवान नामबाट पनि प्रसिद्ध छ, धेरै काल अगाडिदेखि राई अर्थात् खम्बूको वंशजहरूको पितृभूमिको रूपमा सुपरिचित रहेको छ भने पल्लो किरात अर्थात् लिम्बुवान लिम्बूहरूको, जो खुम्बूका दाजुभाइको रूपमा मानिएका छन् ।[4]

उपर्युक्त विवरणले "राई" शब्दको सिर्जना हुनुअगाडि वर्तमान राईहरू "खम्बू" भनिने कुरालाई सिद्ध गर्दछ । लिम्बू जातिले "सुब्बा" पदवी जातीयरूपमा धारण नगरे तापनि[5] खम्बूले गरे र अन्ततः यही राई पद जातीयताको रूपमा विकसित भएको हो भन्ने कुरामा शायदै दुई मत होला ।

---

१. राहुल सांकृत्ययान– पुरातत्त्व निबन्धावली, इलाहाबाद, १९५८ पृष्ठ ९७
२. बाबुराम आचार्य–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, २०२४, पृष्ठ ५१
३. Northey, W.B. and Morris, C.J.—The Gorkhas, London, 1928. P. 216
४. Mc Dougal, Charles-The Kulunge Rais of the Hongu Valley, (unpublished essay)
५. नेपालका कसै कसैले र प्रवासका धेरैले जातको सट्टा "सुब्बा" प्रयोगमा ल्याएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भमा "दश राई, दश थर, दश भाषा एउटा चुला" अर्थात् पहिले पहिले दश थरका दश मातृ-भाषीहरू थिए भन्ने मत पाइए तापनि एउटै चुलो चल्ने वर्तमान राई जातिमा १० भन्दा बढी थर र उप-थरहरू (पाछा)पाइएका छन्। यीमध्ये थाहा लागेसम्मका थरहरू र पाछा वर्णानुक्रमानुसार यस प्रकार छन् :– १. आठपगरे वा अठप्रे २. ओचोइ हाङ साल्टेन ३. ओमबोले ४. कुलुङ ५. केवा ६. कोयू ७. खामला ८. खालिङ ९. खुकखाङ १०. घुमे ११. चामलिङ १२. चौरसिया १३. तामछांग १४. तुविहाङ १५. थुलुङ १६. दलहाङ १७. दिवाराजा १८. दुमी १९. दुमाली २०. नाइका २१. नाकछोड २२. नामलुङ २३. नेचाली २४. नेवाहाङ २५. पेलमुंग २६. फलिंग २७. बगले २८. भलाली २९. बाङदेल ३. बातु ३१. बान्तवा ३२. बालुङ ३३. बाहिंग ३४. बोलना ३५. भोला ३६. याङतोङपा ३७. याम्फु ३८. रुङहाङ साल्टेन ३९. रुछनेवुङ ४०. रूपावुङ ४१. रुम्दाली ४२. रोदाङ ४३. लेङमुक ४४. लोहरुङ ४५ साम्रम ४६. साङभोङ ४७. साङपाङ ४८. सुवर्जा ४९. सभारा ५०. सोकाप ५१. सोताङ ५२, सोङदेल।

यी थर तथा पाछाका अतिरिक्त अन्य पनि पाइएमा आश्चर्य हुने छैन। थिनीहरूको महत्व अरू बखत नरहे तापनि कुटुम्बेरी जोड्दा भने यसलाई निर्णायक तत्त्व मानिन्छ। यस जिल्लामा बसोबास गर्ने राई जातिमा खासगरी चामलिङ थरको बढी बसोबास रहेको अनुमान छ। बान्तवा थरकाले बोका, खसीको मासु खाँदैनन् खाए "फाप्दैन" भनिन्छ ।

उपर्युक्त थर तथा उपथर (पाछा) विभाजनमा याखा[1] थरलाई समावेश गरिएको छैन। यो थरी राईलाई सांस्कृतिक दृष्टिकोणबाट राई र लिम्बूको बीचमा वर्गीकरण गर्नु युक्तिसंगत हुने देखिन्छ। यो जातिको पनि आफ्नो भाषा छ। यस थरका राईहरू विभिन्न जिल्लामा पाइन्छन् तापनि बढी जनसंख्या कोशी अञ्चलको संखुवासभा र तेह्रथुम जिल्लामा रहेको छ। भौगोलिक दुर्गमतावश याखा राईको संस्कार केही लिम्बू र केही राईसँग मिल्दोजुल्दो देखिएको छ ।

राईको थर तथा उप-थर धारणा सम्बन्धमा कत्तिका थर स्थान विशेषसँग मिलेको हुन्छ जस्तै कुलुङमा बस्ने कुलुङ, सोताङमा बस्नेको सोताङ थर गाउँको नामसँग मिलेको छ। यहाँ सहज जिज्ञासा उत्पन्न हुन सक्छ–कुलुङको बसोबास भएकोले गाउँको नाम नै कुलुङ भयो वा स्थानको नामबाट थर कायम हुन पुग्यो ? भृष्टिमा फूल कि चल्ला जेठो भन्ने विवाद जस्तै यसको पनि हाल समाधान छैन।

राई जाति मङ्गोलायित प्रकारका मझौला कदका, गठिला शरीर, ठूलो टाउको, सानासाना आँखा, नेप्टो नाक, ठूला कान, र गालाका हाडहरू केही उच्चा हुन्छन्। आँखीभौमा केही पातला रौं र पुरुषका दाह्री जुँगा कम हुन्छन् । रातो-पीरो अनुहार र चौडा छाती भएको यो जाति अन्य जातिबाट केही भिन्न देखिन्छ।

वेश-भूषामा प्रशस्त स्थानीयता पाइन्छ। उदाहरणार्थ, धनकुटाका राई, (आठपगरे वा अठप्रे) जातिमा "मेखली" लगाउने प्रथा छ जुन शायदै अन्य स्थानका राईले यस प्रकारको वेशभूषा अपनाएका होलान्। यस जिल्लाका राईहरू बीचमा पनि वेशभूषामा सामाञ्जस्यता छैन तापनि अधिकांश नारी कैंचीमारे गुन्यू, चौबन्दी चोलो, शिरमा "टाङडोङ्गमा" वा "ताङ्गखोंवी" (स्कार्फ जस्तो) र कम्मरमा पटुका बाँध्ने गर्दछन्। यी कपडाहरू अझै पनि कसै कसैले आफैले बुनेका कपडा प्रयोगमा ल्याउँदछन्। गहनामा हातमा चाँदीका वा काँशका चुरा, गलामा रेजी, तिलहरी कण्ठा, नौगेडी वा चाँदीको चन्द्रहार र विशेष पर्वमा गोडामा चाँदीका कल्ली लगाउँदछन्। नाकमा ढुंग्री, बुलाकी वा ल्वाङफुली र कानमा लुर्का वा कानढुंग्री लगाउँछन्। धनी घरकीले

---

१. याखा राईहरूमध्ये कसैकसैले थरको सट्टा "देवान" लेख्ने पनि गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरमा सुनको फूल (थाल आकारको) र किलिपहरू लगाउँछन्। कम्मरमा छिर्लिङ्गे खुर्पा, चोलीको तुनामा विनायो, मुचुङ्गा झुण्ड्याएर लाछामा सुगन्धी फूल र पात बाँधेर उन्मुक्त भावमा हिंड्डुल गर्नु राई जातिका नारीको विशेषता हो।

पुरुषहरू दौरा सुरुवाल, कम्मरमा पटुका र पटुकामा खुकुरी भिरी अनिवार्य रूपमा शिरमा टोपी लगाएका हुन्छन्। आ-आफ्नो गच्छेअनुसार कसैले कोट कसैले इस्टकोट वा लुकुनी लगाउँदछन्।

राई जातिको संस्कृति तथा संस्कारको सन्दर्भमा अत्यन्तै सावधानीसाथ चर्चा गर्नुपर्दछ, कारण एक थरको संस्कार अर्को थरलाई अमान्य हुन जान्छ। कुनै एक राई भाषाले सम्पूर्ण राई भाषाको प्रतिनिधित्व गर्दैन। धेरैजसो मुख्य थरको आफ्नै भाषा हुन्छ। यिनीहरूको भाषा तिब्बत बर्मेली भाषा परिवारभित्र पर्ने मानिएको छ र लिपिमा शिरीजङ्गा, रोंग र चन्द्रपुलिङ्ग गरी तीन प्रकारका किरात लिपि हुन्।

राई वंश किरात जातिभित्र पर्ने भएकोले यिनीहरूको आफ्नै संस्कृति, आफ्नै धर्म (मुन्धुम) छन् जुन उदार र स्वतन्त्र नीतिमा आधारित रहेको पाइन्छ। जुनसुकै जाति वा धर्मावलम्बी भए तापनि उनीहरूको मन्जूरी अनुसार पञ्चभलाद्मीले दूबो, ढुङ्गो छुवाई आफ्ना वंशमा मिलाउन सक्ने र जुनसुकै जातिका युवतीलाई विवाह गरे पनि तिनका सन्तानलाई आफ्नै जातिमा मिलाई पिताको थर दिने परम्परा छ।

धरतीकी नातिनी अर्थात् नीनाकी छोरी मारेमा र धार्मिक पुस्तकमा पाइने सिमरौनगढ र बराह-क्षेत्रमा विचरण गरिहिंड्ने किरातरूपी महादेवबाट राईहरू उत्पत्ति भएका कुरा उनीहरू दावा गर्दछन्।[1] राई जाति खासगरेर "शिवमार्गी" हुन्छन्। शिव-पार्वती सुम्दिपाङ्ग (सुम्निमा-पारुहाङ्ग) नै यो जातिको आराध्य देवता हुन्। शिव पार्वतीलाई आफ्नो पुर्खाको प्रतीक पनि मानिन्छ र यिनैलाई सबैको पालक र संहारकारी ठानिन्छ। चण्डी एउटा मुख्यदेवी मानिन्छ र सालमा तीन पटकसम्म धूमधाम पूजा हुन्छ। यो पूजा राईहरूको एउटा जातीय चाड जस्तै मानिन्छ। यी देवी-देवताहरूलाई आफ्नो पितृ मात्रुका साथै पूजा-आजा गर्दा आफ्नै खास पुर्खाहरूलाई पनि पुस्ता पुस्ता नामबाट पुकारिन्छ र चढाइएको भोग लिइदिने आग्रह गरिन्छ।[2] कुल-पूजा (पितृपूजा) लाई प्रमुख स्थान दिइन्छ र पूजा सामाग्रीमा अदुवा, कोदोको जाँड, चिण्डा र केराकापात अनिवार्य मानिन्छ। यस बाहेक सात कन्या, पाँच कन्या, सिद्ध शिकारी वनको र खोलाको पूजा हुन्छ। नुवाङ्गी वा माङ पूजाको साथै गोठपूजा पनि हुन्छ। यी कार्यहरू धामी, विजुवाबाट गराइन्छ। राईहरूको घरमा दुईवटा चूल्हा हुन्छन्– एउटा दैनिक भोजन पकाउने र अर्को चम्का (तीन वटा चुच्चे ढुङ्गा भएका) यो पछिल्लो चाहिं कुलदेवताको रूपमा रहेको हुन्छ। यो चूल्हो अन्य जातिले छुन हुँदैन। बिहान-बेलुका एक पटक आगो बाल्नु पर्छ। पितृ पूजालाई यस चूल्हामा भोजन पकाइन्छ र सो प्रसाद अन्य जातिलाई बाँड्न वर्जित हुन्छ। यसरी चम्काको तीन चुच्चे ढुङ्गाहरू प्रत्येकले एक-एक वटा देवताको प्रतिनिधित्व गरेको हुन्छ। राई जातिले आफ्नो कुल धर्मको पालन गरी हिन्दू संस्कारको प्रभावस्वरूप उत्तिकै श्रद्धा र भक्तिसाथ रुद्री, जप, सत्य नारायणको व्रत कथा पनि गर्दै आर्य र अनार्य, आध्यात्मिक भावप्रवाहको सङ्गम बनी नेपाली संस्कृतिको पूर्णरूपलाई संरक्षित गरिराखेका छन्।

---

१. Shrestha, D.B. and others–Ethnic Groups of Nepal and Their ways of Living, 1972, P.7

२. नोवल किशोर राई–राई जाति-एक परिचय, मधुपर्क, अङ्क २, आषाढ २०३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका अन्य केही जातिले झैं राई जातिमा पनि महत्वपूर्ण संस्कारहरूमा बाहुन वा पुरोहित लगाइन्न। आफ्नै कुलको बिजुवा, धामीबाट कार्य सम्पन्न गराइन्छ। शिशु जन्मेमा छोरोको छ र छोरीको पाँच दिन (याखा राईको क्रमशः चार र तीन दिन) बारेपछि सुतक चोखाइन्छ र गाउँघरका बयोवृद्धहरूबाट नाम राखिन्छ। नामराख्दा समय वा स्थान विशेष स्मरण गराउने गरी राख्ने पनि चलन छ। उदाहरणार्थ मंगलबार जन्मेकी छोरी भए मङ्गली र छोरो भए मङ्गले आदि र छोरोको पिता परिस्थितिवश मुगलान गइराखेको भए देश बहादुर अथवा छोरीलाई देशमाया।

पास्नी वा भात खुवाइ छोरोको छ महीना र छोरीको पाँच महीनामा प्रायः मामाद्वारा सम्पन्न गराइन्छ। पछि मामद्वारा बालकको तीन देखि पाँच वर्षको उमेरमा गाईको दाम्लोले गलामा बाँधी छेवर गरिन्छ र खौरिएको केश फुपु वा चेलीहरूले ठहरमा थाप्नु पर्ने चलन छ।

राई जातिमा दुई प्रकारले विवाह गरिन्छ—मागी र चोरी विवाह। आफ्नो जीवनसाथी रोज्ने प्रशस्त स्वतन्त्रता र मौका राई जातिका युवा युवतीलाई प्राप्त छ। यिनीहरूलाई मेला-पात, बिहा-बटुल, हाटबजार आदि-मा स्वच्छन्दरूपमा भेला भएर हाँस ख्याल ठट्टा र नाचगान गर्ने अवसर अभिभावकबाट प्राप्त हुन्छ। परिणामस्वरूप तरुण युवक-युवतीहरू वँशालु माया प्रतिका लहरहरूसँग सुरेली खेल्दै आजीवन एकसाथ रहने र बाँच्ने प्रण-गरी युवती आफ्नो संरक्षकको अनुमति बेगरै उसको मायालुप्रति पूर्ण समर्पित होइदिन्छे। यसलाई प्रेम-विवाह, रोजी विवाह वा जेसुकै नाम दिइयोस् तर यही हो राई जातिमा पाइने चोरी-विवाहको प्रथम आधारशिला। यसपछि केटोतर्फबाट कलिया (कुटुनी) केटीको घर गई विनम्रतासाथ "हजूरको बगैंचामा एउटा फूल फुलेको देख्यौं, मागे मात्र पनि पाइन्थ्यो तर हामीले चोरी गऱ्यौं। अब जे जति जरिवाना गर्नु हुन्छ, तिर्न भनी आएको हजूर" भनी कसूर स्वीकारिन्छ। "चोर कसूर" वापत १५ रूपैयाँ र नौ चिण्डा रक्सी (थर अनुसार भिन्न हुन सक्छ) जरिवाना बुझाउनु पर्छ। पछि विवाह हुन्छ। तर यस विवाहमा धेरै जन्ती र बाजा-गाजा हुँदैन।

मागी विवाहमा केटोले मनपराएको केटी मागिन्छ। तर प्रत्यक्षरूपमा केटीका आमाबाबुसँग नमागी उसको काका, बडाबा वा मामासँग केटी माग्ने बारे कुराकानी हुन्छ। यस बखत कलियाले केटोतर्फबाट लगेको दुई चिण्डा रक्सी दिइन्छ। त्यसपछि केटीका खास आमाबाबुसँग छलफल भई केटीको पूर्ण स्वीकृति प्राप्त भएको खण्डमा उसलाई "बैना" (केही रूपैयाँ दिएर कुरा पक्का गर्ने काम हुन्छ। आजकल केवल औपचारिकता बनाउन बैनाको रकम घटाउँदै लगिएको छ।) दिएर विवाह निश्चित गरिन्छ। बिहे हुने पक्का भएपछि केटाका खास हाडनाताका सन्तानलाई पैसा (दूरी) र रक्सीका चिण्डा (चामलिङ्ग राईमा) राखी केटोले ढोगभेट गर्दछ। कलियाले सबै प्रकारको रीतभात बुझाइसकेपछि जन्ती आउने मिति तोकिन्छ। कुनै कारणवश तत्काल विवाह हुन नसक्ने भए विवाह स्थगित पनि राखिन्छ। तर सबै रीत बुझाइसकेपछि केटाको केटी उपर हकलाग्छ। पोइल गए केटोले जारिखत पाउँछ। अन्तिम वैवाहिक कर्म पूरा नहुँदै जन्मेका सन्तान वैध मानिँदैनन् र सो पूरा नहुँदै वैवाहिक सम्बन्ध विच्छेद (यस अवधिमा पारपाचुके गर्न सरल हुन्छ) भए वा दुलाहा-दुलहीमध्ये कुनैको स्वर्गवास भए अवैध शिशुको मामाले दुलाहाको घर गई अन्तिम वैवाहिक संस्कार पूरा गराई वैधता दिलाउँदछन्। कुलुङ थरका राईहरूमा जैजन्म नभईकन छोरीको अन्तिम वैवाहिक संस्कार स्वीकार गर्न गाह्रो मानिन्छ। स्वीकृत भएपछि पारपाचुके प्रायः असंभव हुन जान्छ।[1]

अन्तिम वैवाहिक संस्कारलाई "वाग्दत्त" (वाग्दान) पनि मानिन्छ। यो विधि गर्दा केटीका बाबुले "हामीले छोरी चेली दियौं—एक दियौं, दुई दियौं, तीन दियौं तर मासु दियौं, हड्डी त दिएनौं" भनी वचन दिन्छ।

---

१. Mc Dougal, Charles—The Kulunge Rais of the Hongu Valley, (unpublished essay)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वागदत्त प्रदान भएपछि माइतीपट्टिबाट छोरीको चूल्हो छुट्छ । बाबुको थरबाट लोग्नेको थरमा प्रवेश गर्छ र उसको मृत्युमा माइतीलाई जुठो लाग्दैन ।

केटोको घरमा सासूले खुर्पा वा हँसियाले आमखोरामा पानी लिएर अक्षता छर्दै कुखुराको भाले काटेर रगत केराको पातमाथि चुहाउँदै त्यसमा टेकाएर नव-वधूलाई भित्र्याइन्छ । घरको कुल देवता र चूल्हाको पूजा गरी दुलहीलाई आफ्नो कुलमा सम्मिलित गराइन्छ । त्यसपछि घरका र केटाका हाडनाता पर्ने सबै मान्य–जनलाई केटी-केटा दुवैले ढोग-भेट गर्नु पर्छ । ढोग्दा पैसा (भेटी) राख्ने चलन पनि छ ।

राई जातिको वैवाहिक संस्कारमा हिन्दू प्रचलनको प्रभाव पर्नुको फलस्वरूप आजकल विवाहलाई सामान्यकरण गरिंदै ल्याइएको देखिन्छ । हाल यस जिल्लाका चामलिङ्ग थरका राईहरूमा "सिन्दूरे बिहा" अर्थात् केटीलाई गरगहना केही दिएर खुशी पारी बिहे गर्ने चलन चल्दै आएको छ । यसमा खर्च पनि निक्कै कम लाग्दछ । त्यस्तै दुलाहा दुलहीलाई घरभित्र यज्ञ गरी "सिन्दूर पोते" गर्ने र दही माछा आदि खाने पनि यिनीहरू–मध्ये कसै कसैले चलन चलाएका छन् ।

राई जातिमा फुपू चेली, मामा चेली बीच र आफ्ना थर पाछामा विवाह नगर्ने चलन छ । तर पैतृक सात पुस्ता र आमापट्टिबाट पाँच पुस्तापछि आफ्नै वंश र मामाली वंशमा "हाडफोरा" र "दूधफोरा" विवाह कुनै कुनै थरमा चलेको देखिन्छ । अधिराज्यका अन्य केही जातिमा झैं यस जातिमा पनि मनमिले आफ्नो सहोदर देवरसँग पुनर्विवाह गर्ने छूट राई युवतीलाई प्राप्त छ ।

राई जातिमा मृतकलाई दफनाउने, जलाउने र नदीमा बगाउने संस्कार छ । स्वभाविक मृत्यु "ह्नी खाली" हुनेलाई दफनाउने वा जलाउने गर्दछन् भने अकाल मृत्यु "इशा खाली" हुनेलाई जलाउने वा कसै कसैले नदीमा बगाउने गरेको पनि यदाकदा पाइन्छ । तर धेरैजसो थरमा दफनाउने प्रथा छ । "इशा खाली" को मरणलाई तार्न र उसको भूत-प्रेतले नसताओस् भन्नाले "होमे" (विजुवा) ले चिल्ता गर्नु पर्दछ ।

हरेक थरको छुट्टा छुट्टै चिहान-घारी हुन्छ । कुनै कारणवश कसैलाई नयाँ जमीनमा दफनाउन परेमा चार दाम वा ताँवाको पैसा तिरेर जमीन किन्नु पर्छ र यो पैसा मूर्दासँग चिहानमा पुरिन्छ । कसै कसैले (चामलिङ्ग) घर नजीकै मूर्दा दफनाउँछन् भने कसैले उब्जाउ नहुने डाँडामा । मूर्दालाई काँचो बाँसमा सेतो कात्रोले बेह्रेर बाटो खोल्ने खुँडा, तरवार वा खुकुरी र अगुल्टो बोकेका मलामी अगाडि लगाई चिहानघारीतिर लगिन्छ र कसै कसैका संस्कारमा ढीलो ढीलो गरी एक नाल बन्दूक पड्काउने पनि चलन छ ।

करीब सात-आठ फीट गहिरो र लमाइमा मूर्दा अनुसारको खाडल खनी राम्रो ढुङ्गाले छापी मूर्दा र एक माना चामलसहित मूर्दाको केही प्रिय वस्तु राखिन्छ र भरसक मूर्दामा माटो नपुग्ने गरी माथिबाट ढुङ्गाले छोपिन्छ अर्थात् ढुङ्गाको बाकस बनाइन्छ । छोप्नुभन्दा पहिले चारदेखि १० खुड्किला भएको स्यानो काठ वा बाँसको "लिस्नू" (भऱ्याङ) बनाई उभिण्डो (उल्टो) अर्थात् खाल्टोभित्रबाट लिस्नू चढ्न पर्दा सुल्टो हुने गरी मूर्दासँग राखेर लाशको हंश वा सातो खाडल भित्रै थुनिएर स्वर्ग जानबाट वञ्चित नहोस् भन्नाखातिर बाहिर निस्कनलाई (उपलब्ध भए सजातीय विजुवाद्वारा) डाकिन्छ । तत्पश्चात् सबै दाजु-भाइहरूले मट्टी अर्पण गर्दै सरासर विना रोक-तोक स्वर्ग जाने कामना गर्दछन् ।

चिहानबाट फर्केपछि बाटोमा मलामीहरू हातखुट्टा धुन्छन् । घरमा पुग्ने बेलामा बाटोमा राखिएको आगो कुल्चेर वा छोएर मात्र गाउँ घरमा प्रवेश गर्नुपर्दछ । नजीकको दाजुभाइमा पाँच छाक र केही टाढाकोमा तीन (याखा थरमा पुरुषको चार र स्त्रीको तीन दिन) छाक बार्ने चलन छ । जुठो बार्दा नून, तेल आदि बारिन्छ र अवधि पूरा भएपछि सबै दाजुभाइ भेला भएर अदुवाको टुक्रा, नून, तेलमा भिजाएर एउटा थालमा छोई एक टुक्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाने पनि चलन छ। त्यस दिनबाट सबैले नून, तेल खान सक्छन्। मरेको १३ दिनमा मलामी चोख्याउने चलन छ। यस दिन नाता-गोता समेतलाई डाकी भोज खुवाउने पनि चलन छ। त्यस दिन घरमा चिन्ता राखिन्छ र विजुवाबाट मृतात्मालाई पार लगाउने काम हुन्छ। मर्ने मान्छेको नाममा चौतारो, फलैंचा वा पाटी आदि निर्माण गरी उसको नाममा एक शिलालेख लेखी समर्पण गरिन्छ। तर यो कार्य अनिवार्य छैन।

दशैं, तिहार आदिका अतिरिक्त खास राई जातिको चाड चण्डी हो। वैशाख पूर्णिमाको यस चाडमा गाउँका सबै मानिसहरू भेला भई चण्डीको मन्दिरमा गई रमाइलो वातावरणमा उत्सव मनाउँछन्। यस दिन सारा युवक युवतीहरू हातेमालो गरी नाच्ने तथा भोज भतेर खाने गर्दछन् र विजुवाले तान्त्रिक करामत प्रदर्शन गर्ने गर्दछ। चामलिङ्ग राईहरूमा चण्डीपूर्णे पछि "भूमे पूजा" गर्ने पनि चलन छ। यसलाई "फागु" पनि भनिन्छ। "साकाला" (सहकाल) देवीको स्थानमा गरिने यो पूजा यस जिल्लाको नेर्पा गाउँमा सबभन्दा ठूलो हुन्छ।

यिनीहरूको आर्थिक आधारशिला कृषि हो। खेतीबाट उवारेको समय बाँसको चोयाबाट मान्द्रो, चित्रा, डोको, थुम्चे आदि बुनी नजीकको हाट बजारमा विक्री पनि गर्दछन्। आफ्नो प्रयोगको निमित्त र विक्रीका लागि पनि कसै कसैले कपासबाट धागो काती कपडा बुन्ने गर्दछन्। तर मेशिनबाट बुनिएको कपडाको प्रचलनले यसरी कपडा बुन्ने कार्यमा तीव्र गतिले ह्रास हुँदै आइरहेको देखिएको छ।

यो जातिको सरल स्वभाव हुनाले सत्य, इमान्दार तथा शौर्यको निमित्त प्रसिद्ध छ। यिनीहरू "आफू जाई नलाग्ने, आइलाग्नेलाई बाँकी नराख्ने" स्वभावका हुन्छन्। आर्थिक विवशतावश विदेशमा नोकरी (सैनिक सेवा) गर्न जानेहरूमध्ये यस जातिको मानिसको निक्कै संख्या यो जिल्लामा रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

नेपाल अधिराज्यको अन्य पहाडी जिल्लाहरू जस्तै खोटाङ जिल्लाको पनि आर्थिक व्यवस्था प्रमुख रूपमा कृषिमा नै आश्रित छ। जिल्लाका अधिकांश भागहरू डाँडा तथा पहाडले ढाकिएको र समथर बेंसी भाग धेरै कम भएकोले उद्योग तथा व्यापार विकासमा यहाँको भौगोलिक बनावट खास सुहाउने खालको छैन। त्यसैले पनि यस जिल्लामा विभिन्न पेशामा लागेका जम्मा जनसंख्या ५३,६५१ मध्ये ५२,८६४ जना अर्थात् ९८.५ प्रतिशत कृषि तथा कृषिजन्य पेशामा नै लागेको २०२८ सालको जनगणनाबाट देखिएको छ।

कृषि

जिल्लाको सम्पूर्ण जमीन १,२६,५०० हेक्टरमध्ये ९,४०० हेक्टर अर्थात् कुल जमीनको ७.४ प्रतिशत मात्र आवादी छ र यसैमा खेतीपाती गरिन्छ। आवादी जमीनमा पनि आठ भाग पाखो भई केवल तीन भाग खेत छ। जिल्लामा धान, मकै, गहुँ, आलु, फापर, जुनेलो, तोरी, घैया, भटमास आदि खेतीहरू गरिए तापनि यहाँको मुख्य खेती धान, मकै र कोदो नै हो। परम्परागत रूपमा नै खेती गरिने यस जिल्लामा सिचाइ सुविधाको कमी भएकोले खेतीपातीको निमित्त बढी मात्रामा प्रकृतिमा नै निर्भर गरिन्छ।

समथर र उब्जाउ जमीन कम भएको यस जिल्लामा खेतीयोग्य जमीनमा जनसंख्याको ठूलो चाप छ। अन्य व्यवसाय नगण्य भएको जिल्लामा १,६३,२९७ जनसंख्या ९,४०० हेक्टर खेतीयोग्य जमीनमा बसोबास गरेका छन्।

जिल्लामा नापी भइनसकेकोले जमीनको एकीन लगत प्राप्त छैन। तर १९५६ सालको महाजांच, १९९९ सालको बीजन जांच, २०१६ सालको बिर्ता उन्मूलन ऐनको आधारमा बिर्ता विवरण तथा साल सालका हाल आवादी तथ्याङ्क समेतबाट जिल्ला माल कार्यालयमा रहेको लगत निम्नबमोजिम छः—

खेततर्फ	खेत	मुरी	पाथी	माना
अब्बल	१	२२	१२	४
दोयम	६	१९	१४	०
सिम	६	३६	०	०
चाहार	२७	४३	१४	३
किसिम नखुलेको	९६४	१७	१८	२
जम्मा	१,००५	३९	१९	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाखा तर्फ २,०७३ मुरी सात पाथी छ माना चार मुठी छ ।

उपर्युक्त लगतमा खेतको इकाई मुरीमा लिइएको छ। यसअनुसार एक खेतमा १०० मुरी माटो र एक रोपनीमा करीब चार मुरी माटो हुन्छ। यस हिसाबबाट हाल देखिएको लगत अनुसार पाखातर्फ करीब ७,०१३ हेक्टर (१,३७,८५६ रोपनी) र खेत तर्फ १,२७४ हेक्टर (२५,१३५ रोपनी) जमीन देखिएको छ। यसबाहेक दर्ता नभएका पाखाहरू अन्दाजी २०० माटो मुरी अर्थात् तीन हेक्टर जति भएको अनुमान गरिएको छ। यसअनुसार यस जिल्लामा लगभग ८,२८७ हेक्टर जम्मा जमीन आवादी छ।

यस जिल्लामा २०२३ सालमा भूमिसुधार कार्यालय स्थापना भएको तर २०३० सम्ममा भूमि प्रशासन लागू भइसकेको थिएन। यहाँ हालसम्ममा ३६४ रोपनी भन्दा बढी जमीन हुने जग्गाधनी देखापरेका छैनन्। यस जिल्लामा रहेको भू-स्वामित्वको प्रा-रूप यहाँ प्रस्तुत गरिन्छः–

५२ रोपनीभन्दा कम जमीन हुने जग्गाधनी	१७,३३९
५२ रोपनीदेखि १३० रोपनीसम्म जमीन हुने जग्गाधनी	३,५०२
१३० देखि १९५ रोपनीसम्म जमीन हुने जग्गाधनी	१५३
१९५ देखि ३६४ रोपनीसम्म जमीन हुने जग्गाधनी	१०८
जम्मा जग्गाधनी संख्या	२१,१०२

माथि उल्लेख भएबमोजिम यस जिल्लामा ५२ रोपनीभन्दा कम जमीन हुने जग्गाधनी सबभन्दा बढी अर्थात् जम्मा जग्गाधनीको ८२ प्रतिशत छ। यसको अनुपातमा १९५ रोपनीदेखि माथि जमीन हुने जग्गाधनी संख्याको प्रतिशत ०.५ मात्र देखिन्छ।

उपर्युक्त माल कार्यालयको अभिलेखबाट देखिएको लगभग ८,२८७ हेक्टर (कृषि तथ्याङ्क अनुसार ६,४०० हेक्टर) आवादी जमीन यस जिल्लाका ३०,२२४ घर परिवारको अनुपातमा ०.३ हेक्टर अर्थात् छ रोपनी प्रतिपरिवार पर्ने देखिन्छ।

जिल्लामा भूमि प्रशासन लागू नभइसकेकोले मालपोत जिम्मावाल तथा तालुकदारका माध्यमबाट असूल गरिन्छ। तालुकदारको संख्या १,२७३ र जिम्मावालको संख्या ५६० छ। जिल्लाको मौजाको संख्यामा खेततर्फको मौजा ६१० र पाखातर्फ १,४१९ मौजाहरू छन्। यसबाट मालपोत क्रमशः रू. ४३,८३२। र ३७,७६०। गरी वार्षिक जम्मा रू. ८१,५९२। उठ्दछ।

भूमिसुधार कार्यक्रम सँगसँगै लागू भएको अनिवार्य बचत कार्यक्रम अनुसार २०२३ सालमा जिन्सी र २०२५ सालमा नगदी गरी जम्मा दुई साल अनिवार्य बचत संकलन भएकोमा जिन्सी ४९० मेट्रिक टन (१३,१२६ मन) खाद्यान्न र नगदी रू. १,५२,२४६। असूल भएको छ। स्थानीय जिल्लाबासी कृषकलाई आवश्यकता हेरी ऋण वितरण गर्ने यी बचत रकमहरू गाउँ पञ्चायतका वार्ड वार्डमा नै राखिएका छन्। वार्डले लगानी गर्न नसकेको जिन्सीलाई भूमिसुधार कार्यालयले प्रचलित दर भाउमा बिक्री गरी कार्यालयमै रकम राखिने व्यवस्था छ।

जिल्लाको मुख्य बालीहरूमा धान, मकै, गहुँ, मास, भटमास हुन्। पाखामा लगाइने बालीहरूमा मकै, कोदो, आलु, फापर, जुनेलो, जौ, तिल, तोरी आदि मुख्य हुन्। यी बालीहरूमध्ये खेतको मुख्य बाली धान र पाखोको मुख्य बाली मकै हो। दोस्रो तहको मुख्य बालीमा खेतमा मकै र पाखामा कोदो हुन आउँछन्। उखु, सुर्ती, तेलहनको पनि यहाँ केही खेती गरिन्छ।

मुख्य बाली धान असार, साउनमा रोपी साउन, भदौमा गोडेर कात्तिक, मंसीरमा काटिन्छ। मकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फागुन, चैतमा छरी वैशाख, जेठमा गोडिन्छ र असारदेखि भदौ महीनासम्ममा भाँचिन्छ । जिल्लाको उच्च पहाडी भागमा भने उपर्युक्त बाली–चक्रमा केही भिन्नता छ । यस खण्डको मुख्य बाली मकै, गहुँ, जौ र आलु हुन् । मकै फागुनमा छरी भदौ, असोजमा भाँचिने गरिन्छ भने गहुँ र जौ कात्तिक, मंसीरमा छरेर चैत, वैशाखमा काटिन्छ । यस जिल्लामा पनि अन्य जिल्लामा झैं उपर्युक्त बाली–चक्रमा एकले अर्कोलाई सघाउने परिमा अर्थात् पर्म प्रथा चलेको पाइन्छ ।

कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लामा मुख्य बालीहरू २०२७।२८ मा १०,५०२ हेक्टर २०२८।२९ मा ७,५३८ हेक्टर र २०२९।३० आर्थिक वर्षमा १०,७५३ हेक्टर जमीनमा लगाइएको देखिएको छ । विगत तीन वर्षदेखि प्रमुख बाली उत्पादन प्रवृत्ति तथा बाली लगाइएको क्षेत्र यहाँ प्रस्तुत गरिन्छः–

बाली र उत्पादन प्रवृत्तिको तालिका

क्षेत्रः हेक्टरमा
उत्पादनः मेट्रिक टनमा
औसतः प्रति हेक्टरमा

बालीको नाम	२०२७।२८			२०२८।२९			२०२९।३०		
	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादन	औसत	क्षेत्र	उत्पादम	औसत
धान	१,५००	३,४५०	२.३	१,४३८	३,१६४	२.२	२,१००	४,२००	२.०
मकै	५,७५०	११,६७३	२.०	५,७५०	११,२७०	२.०	५,७००	९,४०५	१.७
गहुँ	३५०	३३२	१.०	३५०	३८२	१.०	४००	३६०	०.९
कोदो	१,६००	१,९५२	१.२	–	–	–	१,२९१	१,५७५	१.२
जौ	१४०	१३९	१.०	–	–	–	१००	९९	१.०
आलु	९००	४,८६०	५.४	–	–	–	९२५	४,८५६	५.२
तेलहन (तोरी)	२३०	९८	०.४	–	–	–	१९०	१०६	०.६
उखु	२५	३१३	१२.५	–	–	–	३०	३९०	१३.०
सुर्ती	७	४	०.६	–	–	–	१७	१०	०.७

उपर्युक्त तालिकामा देखाइए बमोजिम आर्थिक वर्ष ०२८।२९ मा लगाएका बालीहरूमध्ये कोदो जौ, आलु, तेलहन, उखु र सुर्तीको उत्पादन र लगाइएको क्षेत्रफलको तथ्याङ्क थाहा हुन सकेन । यस तालिकालाई अध्ययन गर्दा धान, मकै, आलु र गहुँ जस्ता मुख्य बालीमा विगत तीन वर्षदेखि लगातार उत्पादन दरमा न्हास हुँदै आइरहेको प्रवृत्ति देखापर्दछ । तेलहन (तोरी) उखु र सुर्तीको उत्पादन दरमा भने नगण्य वृद्धि भएको छ । धान खेती गरिने क्षेत्रको भने आर्थिक वर्ष २०२९।३० मा केही वृद्धि भएको देखिन्छ ।

यो जिल्ला खाद्यान्न वचत हुन नसक्ने जिल्लाहरूमा पर्दछ । उपर्युक्त कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२८।२९ मा जिल्लाको कुल खाद्यान्न उत्पादन लगभग १७,६०० मेट्रिक टन भएको थियो । यसमध्ये जिल्लाबासीको उपभोग, बीउ, चरा र मुसाबाट हुने नोक्सानी आदि कट्टा गर्दा लगभग १२,३२८ मेट्रिक टन नपुग हुने देखिएको छ । अतः यस न्यून खाद्यान्नलाई अन्य छिमेकी जिल्लाबाट पैठारी गरी पूर्ति गर्नु पर्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन त यस जिल्लाको पहाडी उच्च भागमा आलु मुख्य बाली नै मानिन्छ तापनि यहाँ नगदे बाली मानी हिसाब गर्दा आर्थिक वर्ष २०२७।२८ मा १,१६२ हेक्टरमा र २०२९।३० मा पनि १,१६२ हेक्टरमा नगदे बाली लगाइएको देखिन्छ। नगदे बालीमा तेलहन, उखु, सुर्ती, सनपाट, आलु, आदि पर्न आउँछन्। सिद्धान्ततः यी बालीहरू आफ्नै उपभोग र अन्य अर्थात् चुरोट कारखाना, चीनी मिल, सनपाट कारखाना आदिलाई विक्री वितरण गर्ने गरिन्छ। यी मिल कारखानाहरू यसै पैदावारमा आधारित हुन्छन् तर यस जिल्लामा लगाइने नगदेबालीहरू आफैले उपभोग गर्न लगाइने गरिएको छ। उखुबाट सखर बनाई स्थानीय हाट बजारमा विक्री हुन्छ वा मालसामान विनिमय गरिन्छ। सुर्ती पनि स्थानीय हाट बजारमै विक्री गरिन्छ। जिल्लाको नगदेबालीहरू कुनै उद्योगधन्दामा खपत हुँदैनन्।

फलफूल खेती

जिल्लाका अधिकांश भागमा अर्ध-उष्ण हावापानी रहने भएकोले यहाँ "सिट्रस्" फलफूलको लागि अति उपयुक्त हावापानी पाइन्छ। सुन्तला, जुनार, अम्बा, कागती जस्ता फलफूलहरू यहाँ प्रशस्तै हुन्छन् र तीमध्ये सुन्तला यस जिल्लाबाट निकासी हुँदै आएको छ। त्यस्तै गरी जिल्लाका लेकाली भागहरूमा "टेम्परेट" फलफूल जस्तै स्याउ, ओखर आदिको लागि सुहाउँदो जलवायु पाइन्छ। स्थानीय जनताले स्याउ, आँप, सुन्तलाको विकास-मा बढी अभिरुचि लिएका छन्। निरन्तर खाद्यान्नाभाव हुने जिल्लामा फलफूल खेतीको राम्रो विकास गरी यसले खाद्यान्नाभावलाई हटाउन सगाउ पुऱ्याउन सक्छ। जिल्लामा चिउरी पनि प्रशस्त पाइन्छ। तर चिउरीबाट घ्यू बनाई बेच्ने काम हालसम्म नभएकोले स्थानीय खपतको लागि मात्रै चिउरी काममा ल्याइन्छ।

सिचाइ

निरन्तर रूपमा खाद्यान्न अभावग्रस्त क्षेत्रको रूपमा रहेको यो पहाडी जिल्लामा सिचाइको सुविधा अपर्याप्त छ। जिल्लामा भएका खेतहरूमा करीब २५ प्रतिशत खेतमामात्र बाह्रैमास सिचाइ सुविधा प्राप्त छ। यसकारण जिल्लका धेरैजसो खेतहरूलाई पानीको निमित्त प्रकृतिमा नै पूर्णरूपले निर्भर गर्नुपर्दछ। वर्षाको अनुकूलता अनुरूप नै यहाँको उत्पादनमा घटबढ भइरहन्छ। जिल्लाभित्र भएका साना तिना खोलाहरूले वर्षा याममा सिचाइ गर्न निकै सघाउ पुऱ्याएका छन्। २०३० सालसम्ममा १७ गाउँ पञ्चायतहरूमा ७१ वटा कच्ची कुलोले अन्दाजी १,७०,००० मुरी धान उब्जाउ हुने भूमि सिंचन हुने गरेको अनुमान छ। यी कच्ची कुलोहरू बाहेक जिल्लामा अन्य सा-साना कुलोहरू पनि रहेका छन् तर पक्की कुलो तथा नहर यस जिल्लामा हाल निर्माण भएको छैन। यस जिल्लाभित्र र सीमानामा बग्ने विभिन्न सान–ठूला नदी-नालाहरूको सम्बन्धमा माथि नदी प्रणाली अन्तर्गत चर्चा भइसकेको छ। अतः ती खोला नालाहरूमा पक्की कुलो तथा साना-तिना नहर भविष्यमा बन्न सक्ने प्रशस्त सम्भावना छ।

सालसालै भने जसो साना-ठूला कच्ची कुलो निर्माणका लागि श्री ५ को सरकारले आर्थिक अनुदान प्रदान गर्दै नै आइरहेको छ र केही पक्की नहर निर्माण गरिएमा जिल्लाबासीको खाद्यान्न उत्पादन बढ्न गई जिल्ला आत्मनिर्भर हुन सक्ने निश्चित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन

जिल्लामा पालिने जीव जन्तुहरूमा धेरैजसो गाई, गोरु, भैंसी, बाख्रा, सुंगुर हुन्। जिल्लाको उत्तरी भागतिर भेडा पालन पनि गरिन्छ। जिल्लाका राई जातिहरूको घरमा अन्य पाल्तु पशु पक्षीका साथसाथै एक दुई वटा सुंगुर पालिएको हुन्छ। बाहुन, क्षेत्रीहरू चाहिं गाई, भैंसी पाल्दछन्।

आजकल कृषि विकास कार्यालय अन्तर्गत उपलब्ध गराइएको मूर्रा भैंसी, राँगो, बंगुर तथा विदेशी कुखुराहरू पनि गाउँ गाउँमा खूबै लोकप्रिय भएका छन्।

कृषि ऋण

ग्रामीण कृषकहरूलाई रासायनिक मल, कृषि औजार, कीटनाशक औषधि, गोरु आदि खरीद गर्न कृषि ऋणको आवश्यकता पर्दछ। कृषि ऋणको मुख्य स्रोत कृषि विकास बैंक मानिन्छ। तर हालसम्म यस बैंकको स्थापना यहाँ भइनसकेकोले कृषकहरू परम्परागत साहू महाजनहरूको चर्को व्याजको शिकार बन्नु पर्ने कुरा स्पष्ट छ। अनिवार्य बचत संकलन यस जिल्लामा केवल दुई वर्षमात्र गरिएको थियो र त्यसको वितरणबाट कृषकहरूलाई कृषि ऋणको समस्या हल हुने आशा कमै मात्रामा राख्न सकिन्छ। कृषि ऋणकै स्रोत स्वरूप मानिने बहुउद्देश्यीय सहाकारी संस्थाहरू पनि हालसम्म यहाँ स्थापना भइनसकेकाले कृषि ऋणको स्वस्थ स्रोत यहाँ छैन भन्नमा अत्युक्ति नहोला।

कृषि विकास

यस जिल्लामा कृषि विकास शाखा कार्यालय रहिआएकोले जे. टी. ए. हरूले उन्नत जातका खाद्यान्न उत्पादनको नतीजा र वैज्ञानिक ढङ्गबाट खेती गर्ने तरीका प्रदर्शन बेला बेलामा गर्दै आएका छन्। यस अतिरिक्त कृषकहरूलाई खेतीको प्राविधिक सरसल्लाह पनि उपलब्ध गराइन्छ। विगत केही वर्षदेखि यस कार्यालयले जिल्लाको अनुपातमा थोरै नै भएपनि उन्नत जातको फलफूलका बोट, विरुवा, नश्ल सुधारका लागि राँगा, बंगुर, तथा कुखुराका चल्लाहरू विक्री वितरण गर्दै आएको छ।

कृषकहरूले पाल्तु जनावरहरूको मल प्रयोग गर्नाको अतिरिक्त रासायनिक मलको प्रयोगसँग भरखरै मात्र परिचित हुन थालेका छन्। कीटनाशक औषधि कृषि विकास शाखा कार्यालय र कृषि खरीद–विक्री संस्थानबाट विक्री–वितरण हुने गर्दछ। २०३० सालसम्ममा कीटनाशक औषधि करीब २,४०,०००मिलिमिटर खपत भएको छ। परम्परागत तरीकाबाट खेती गरिएकोमा कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२६।२७ मा उन्नत जातको बीउ पाँच हेक्टरमा धान, दुई हेक्टरमा गहुँ र एक हेक्टरमा मकै लगाइएको थियो। यस तथ्याङ्कले यो जिल्ला आधुनिक प्रविधिद्वारा खेती हुनु पर्ने व्यापकताबाट निक्कै टाढा रहेको कुरा पुष्टयाइँ गर्दछ।

उद्योग

पहाडी जिल्ला भएको र अधिकांश जनताको मुख्य पेशा नै कृषि भएकोले व्यवस्थित ढङ्गबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चालनभएका उद्योगहरू यहाँ छैनन्। परा-पूर्वकालदेखि नै यहाँ राडी, पाखी, खाँडी, कपडाहरू तयार गर्ने परम्परा भने आजसम्म पनि कायमै छ।

खेतीको समयपछि फुर्सतको बेलामा आफ्नो दैनिक उपभोगका लागि चलाइने जिल्लाको मुख्य घरेलु उद्योगहरूमा कोगिटा कपडा बनाउने, बाँस निगालोबाट डोको, डालो, धातुका भाँडा कुँडा बनाउने, बिडी (पेपर) बनाउने, माहुरी पालन, लोक्ताबाट नेपाली कागज बनाउने कार्य नै मुख्य हुन्। आफ्ना आवश्यकताभन्दा बढी हुने उत्पादित सामानहरू स्थानीय हाट बजारमा बिक्री वितरण गर्ने परम्परा छ। यस प्रकारका चीज–बीजहरू मध्ये मुख्य रूपमा उत्पादन हुने बाँस निगालाकै सामग्रीहरू हुन्।

घरेलु उद्योग विभाग अन्तर्गत २०२६ सालमा ग्रामीण उद्योग कार्यालय स्थापना भएको छ। यस कार्यालयले २०२९ सालसम्म प्रारम्भिक सर्वेक्षण गरिसकेपछि २०२९ सालदेखि प्राविधिक सूती, ऊनी, बुनाइ शाखा सञ्चालित गरी २०२९ सालसम्म आठ जना प्रशिक्षार्थीहरूलाई तालीम दिई २०३० सालमा १४ जवानलाई प्रशिक्षण कार्य उपलब्ध गाराउँदै छ।

व्यापार

जिल्लाको ज्यादै थोरै ठाउँहरूमा मात्र व्यापारिक गतिविधि देखिन्छ। धेरै जसो ठाउँमा हाट, बजार मेलाहरूमा नै सामानहरू खरीद–बिक्री हुन्छ। सबै जसो पसलहरू स्थानीय नेवार जातिबाट सञ्चालन भएका छन्।

व्यापारका मुख्य स्थायी केन्द्रहरूमा सदरमुकामको दिक्तेल बजार, खोटाङ बजार र रभुवा बजार हुन्। जिल्लाको सिर्जना हुनुभन्दा अगाडि खोटाङ बजार नै व्यापारको एक मात्र ठूलो बजार थियो। तर हाल यो खोटाङ बजार धरान तथा मधेशका अन्य बजारहरू र दिक्तेल बजारको बीचको एक मालसामान ओसार-पसार गर्ने बजारमा परिणत भई यहाँका व्यापारीहरू क्रमशः घट्दै छन्। रभुवाको बजार सोलुखुम्बू जिल्ला, मधेश बीच र ओखलढुङ्गाको नजीक पर्ने हुनाले अर्को व्यापार केन्द्र बन्न गएको छ। यहाँ माघे संक्रान्तिको दिन एकराते मेलामा लगभग एक लाखसम्मको कारोवार चल्छ। यहाँ समय समयमा लाग्ने हाटबजार नै व्यापारिक गतिविधिका आधार भएका छन्। वास्तवमा जिल्लाबासीहरूको जन–जीवनमा हाटबजार अभिन्न अंग भइसकेकोछ। यिनै हाटबजारको माध्यमबाट यहाँको परम्परागत विनिमय व्यापार पनि चल्दै आएको पाइन्छ। खोटाङ जिल्लाका केही प्रमुख हाटबजारहरू यस प्रकार छन्:–

४४

बजार	हाटलाग्ने दिन
दिक्तेल	शनिबार
खोटाङ	शनिबार
अखाँले	सोमबार
वाकशिला	बुधबार
हलेसी महादेवस्थान	राम नवमी, शिवरात्रि, बाला–चतुर्दशी, तीजपर्वमा
वुइपा	औंसी र पूर्णिमा
रातमाटे	औंसी र पूर्णिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोवेला र रोसा भञ्ज्याङ	पञ्चमी
दुर्क्षिम गाउँ पञ्चायत	मंसीर पूर्णिमा
लैखु दोभान	ठूलो एकादशीमा

यी दिनहरूमा आफ्नो आवश्यकता अनुसार किनमेल र बेच बिखन हुन्छ । जिल्लाको मुख्य आयात हुने चीजहरूमा कपडा, मसला, नून, चीनी, फलामे औजार, मट्टीतेल तथा अन्य दैनिक उपभोगका सामानहरू हुन् । जिल्लाबाट निर्यात हुने चीजहरूमा घ्यू, आलु, सुन्तला, जरीबूटी, बाँस र निगालोका सामानहरू, खसी, बोका, छाला, राडी, पाखी आदि मुख्य हुन् । निर्यात गरिने ठाउँहरूमा सोलुखुम्बू, भोजपुर, वेल्टार, लाहान तथा धरान हुन् । यस जिल्लाको सीमाना छिमेकी मुलुकहरूसँग नजोडिएकोले निकासी, पैठारी भन्सार असूली यहाँ हुँदैन ।

यातायातको कठिनाइको कारणले मानिसको पीठ नै ढुवानीको मुख्य साधन भएको यस जिल्लामा बजारको विकास भएको छैन । यहाँका बजारमा दैनिक आवश्यकताका सामानहरू धेरैजसो धरानतिरबाटै आउँछन् । धरानदेखिको ढुवानी ज्याला साधारणतया हिउँदमा रू. ४०–४५ सम्म र वर्षामा रू. ५५–६० सम्म प्रतिमन लाग्दछ ।

बैंक सेवा

यस जिल्लामा राष्ट्रिय वाणिज्य बैंकको शाखा २०३० सालमा स्थापना भएको छ । जिल्लाको यो एक मात्र बैंकले नेपाल राष्ट्र बैंकले गर्नु पर्ने सबै काम जस्तो श्री ५ को सरकारको राजस्व, सरकारी अड्डाखानाको डिपोजिट र सर्वसाधारण जनताको खाता खोली बैंक सेवा उपलब्ध गराएको छ । यस बैंकले नेपाल अधिराज्यका प्रायः सबै भागमा र केही भारतीय स्थानहरूमा पनि रूपैयाँ, पैसा, ड्राफ्ट, टी.टी. आदि पठाउनेकाम गर्दछ । यस बैंकले लगानी पनि गर्दछ, मुख्य लगानी सुन चाँदीमा नै हुन्छ ।

यस जिल्लाको आर्थिक मेरुदण्ड कृषि हो । त्यसैले यहाँको बढी जनसंख्या कृषि तथा कृषि-जन्य पेशामा लाग्नु स्वाभाविक हो । नगण्य जनसंख्याले गैह्र कृषि पेशा अपनाएका छन् । २०२८ सालको जनगणनानुसार यस जिल्लाको कुल जनसंख्या १,६३,२९७ मध्ये विभिन्न व्यवसायमा लागेका आर्थिक दृष्टिकोणबाट सक्षम १० वर्षदेखि माथि उमेरका जम्मा ५३,६५१ अर्थात् ३२.९ प्रतिशत जनसंख्या छन् । यिनीहरूले अपनाएका व्यावसायिक पेशा र संख्या निम्नानुसार छन् :–

व्यवसाय	जम्मा	पुरुष	महिला	पेशामा संलग्न संख्याको प्रतिशत
कृषि तथा कृषिजन्य पेशा	५२,८६४	४३,९९०	८,८७४	९८.५
कार्यालय कर्मचारी सेवा	२६५	२६१	४	०.५
व्यावसायिक प्राविधिक सेवा	१७५	१७४	१	०.३
मजदूरी	१५०	१३६	१४	०.३
वैतनिक सामाजिक सेवा	११३	११०	३	०.२
व्यापार सेवा	८३	७०	१३	०.२
प्रशासक सेवा	१	१	–	–
जम्मा:–	५३,६५१	४४,७४२	८,९०९	१००

उपर्युक्त तालिकाअनुसार आर्थिक लाभप्रद व्यवसायमा लागेका जम्मा जनसंख्याको ९८.५ प्रतिशत कृषि तथा कृषिजन्य व्यावसायिक पेशामा लागेका छन् । केवल १.५ प्रतिशतले अन्य व्यवसाय अपनाएको देखिन्छ । कृषि व्यवसायमा पुरुषहरूको अनुपातमा महिलाहरूले पनि निकै अर्थात् २०.२ प्रतिशतले साथदिएका छन् । गैह्र कृषि क्षेत्रमा भने यो अनुपात नगण्य अर्थात् ४.७ मात्र छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

मध्य पहाडी जिल्ला भएकोले यहाँ यातायातको निक्कै कठिनाइ छ। यातायातको कठिनाइले गर्दा अञ्चल सदरमुकाम राजविराजबाट यो जिल्ला धेरै टाढा र दुर्गम हुन पुगेको छ। अझ वर्षायाममा त सुनकोशीले सारा दक्षिण भागबाट अलग राखी अति नै दुर्गम तथा विकट जिल्लामा परिणत गर्दछ। सानातिना घोडेटो, गोरेटो बाटो बाहेक यातायातको विकास हुन सकेको छैन। २०१४–१५ सालतिर आर. टी. ओ. ले पहाडी खण्डमा काठमाडौं उपत्यकादेखि झाँगाझोली भन्ने सिन्धुलीमाडीको एउटा गाउँसम्म तथा खोटाङ जिल्लाको मङ्गलटारसम्म पुग्ने बाटो खनेकोमा हाल यो बाटोको बीच बीचमा पैरो गएको र राम्रोसँग नखनिएकोले साँघुरिएर गएको छ। यातायातको कठिनाइ तथा ठूल-ठूला खोलाहरूमा पुल नभएकोले जिल्लाबाट अञ्चल सदरमुकाम पुग्न कठिन छ। तर अरुण तथा तमोरमा पुल भएको हुनाले धरान तथा धनकुटामा भने बाह्रै महीना आवत-जावत चल्दछ।

यो जिल्लामा चलन चल्तीमा आएका मुख्य बाटोहरू संक्षेपमा यसप्रकार छन् :–

दिक्तेल– भोजपुर बाटो

दिक्तेलबाट भोजपुरसम्म जाने बाटोको ३८ किलोमिटर (१२ कोस) लम्बाइ छ। दिक्तेलबाट भोजपुरको सीमाना दिल्पासम्म १० किलोमिटर (तीन कोस) पर्दछ। यस बाटोको बीचमा मेवा खोला, लेप्से खोला, साप्सु खोला र बाढुङ खोला पर्दछ। यी सबै खोलामा साधारण काठे पुलद्वारा आवागमन हुन्छ। यस बाटोबाट भोजपुर पुग्न सरदर तीन दिन लाग्दछ।

दिक्तेल– ओखलढुङ्गा बाटो

यो बाटो करीब ३८ किलोमिटर (१२ कोस) लामो छ। खोटाङ जिल्लाको सीमाना रभुवाघाट–सम्म १९ किलोमिटर (छ कोस) मात्र पर्दछ। यसभित्र दिखुवा खोला पर्दछ। यसमा पुल छैन, सानो साँघुबाट तर्नुपर्दछ। ओखलढुङ्गा जिल्लासँग जोड्ने दूधकोशी, रभुवा घाटमा पक्की झोलुङ्गे पुल छ। सरदर दुई दिनमा दिक्तेलबाट ओखलढुङ्गा पुगिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिक्तेल– सोलु बाटो

जिल्लाको सदरमुकाम दिक्तेलबाट सोलुखुम्बू जिल्ला जोड्ने सीमानाको दुवैं गाउँ पञ्चायतसम्म करीब १९ किलोमिटर (छ कोस) बाटो पर्दछ। यसभित्र रावाखोला एक मात्र पर्ने र सो खोलामा पुल नभएको हुँदा वर्षायाममा यातायात जटिल हुन्छ।

दिक्तेल– उदयपुर बाटो

दिक्तेलबाट उदयपुर जिल्लाको सीमाना लिपाटार गाउँ पञ्चायतसम्म करीब ४५ किलोमिटर (१४ कोस) लामो बाटो छ। यो बाटोमा सुनकोशी नदी पर्दछ। यसमा पुल छैन। राई घाटमा डुङ्गाबाट आवत-जावत गर्नुपर्दछ। उदयपुरको व्यापारिक केन्द्र कटहरीतिर आवत-जावत गर्ने यो चल्तीको बाटो हो।

दिक्तेल सदरमुकामबाट अर्को बाटो भएर जाने उदयपुर जिल्लाको सीमानाको गाउँ पञ्चायतसम्म १९ किलोमिटर (छ कोस) लामो बाटो पर्दछ। यसभित्र साप्सु खोला र दिखुवा खोला पर्दछन्। यी नदीहरूको दोभानमा झोलुङ्गे पुल निर्माण भइरहेको छ। सीमानामा पर्ने सुनकोशी नदीमा पनि भण्डारे घाटमा डुङ्गाबाट आवत-जावत गरिन्छ। यो बाटो उदयपुरको सदरमुकाम गाईघाट र बेल्टार, सिराहा जिल्लाको लाहान बजारको साथै हिउँदको समयमा बेल्टार हुँदै सुनसरी जिल्लाको धरानसम्म पनि जाने हुँदा यसलाई प्रमुख बाटो मानिन्छ।

दिक्तेल– चौदण्डी बाटो

खोटाङको सदरमुकामबाट उदयपुर जिल्लाको चौदण्डी गाउँ पञ्चायतसम्म करीब ५७ किलोमिटर (१८ कोस) लामो बाटो पर्दछ। यसभित्र साप्सु खोला, तावा खोला, दुम्छा खोला र भोजपुर जिल्लाको बुङ्गाजोर खोला पर्दछन्। यिनीहरूमा पुल नभएकाले वर्षायाममा यातायातको निक्कै कठिनाइ हुन्छ।

यी प्रमुख बाटोहरूको अतिरिक्त अन्य सडक निर्माणको कुनै शुभारम्भ भएको छैन। दोलालघाट-धनकुटा सडकको संभाव्यता अध्ययन गरी सडक निर्माण गर्ने मोटामोटी रूपरेखा अनुसार खोटाङ जिल्लाको दक्षिणी खण्डबाट यो बाटो जाने भएको छ। पहाडी भागमा पूर्व-पश्चिम राजमार्गको रूपमा निर्माण हुने यो दोलालघाट-धनकुटा राजमार्ग खोटाङ जिल्ला विकासको लागि एउटा आधारशिला हुनेछ।

जिल्लामा डुङ्गाबाट आवत जावत गर्ने प्रमुख घाटहरू निम्नअनुसार छन्:–

सुनकोशी नदीको बुङ्गाजोर घाट, कम्पु घाट, धापलाङ्ग घाट, रभुवा घाट, भण्डारे घाट, गोडेली घाट, लैकुघाट, फुनाई घाट, राई घाट, चिपटार घाट, दूधकोशीको जयरामघाट (हाल यहाँ झोलुङ्गे पुल निर्माण हुँदैछ), महादेश बेंसीको मूलघाट र घोपाटार घाट।

यी घाटहरूमा सबभन्दा बढी चल्ती हुने घाट भण्डारे घाट हो। यसमा मंसीरदेखि फागुन महीनासम्म विशेष चल्ती हुन्छ, बाह्रै महीना दैनिक सरदर ७५ जना जति मानिस आवत जावत गर्दछन्।

यी घाटहरूमध्ये चार घाटमा जिल्ला पञ्चायतले ठेक्कामा चलाउन दिएको छ। यी घाटहरू कम्पु घाट, घाप्लाङ्ग घाट, रभुवा घाट र भण्डारे घाट हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हवाइ यातायात

हवाइ यातायात सुविधाको निमित्त यस जिल्लाले पाएको आधुनिक सुविधा हालै मात्र निर्माण गरिएको लामी डाँडाको कच्ची ष्टोल विमान स्थल हो। यो विमान स्थल ४८० मिटर (१,६७५ फीट) लामो र साढे ३० मिटर (१०० फीट) चौडा मात्र भएकोले ष्टोल टुइनअटर विमान मात्र उत्रन सक्छ। २०३१ सालमा यहाँ एउटा स्यानो टावर निर्माण कार्य शुरू भएको छ। शाही नेपाल वायुसेवा निगमले हप्तामा एक दिन हवाइ सेवा चलाएको छ। यो विमानस्थलको अतिरिक्त अर्को नजीकको विमानस्थल ओखलढुङ्गाको रुम्जाटार हो ज़न सदरमुकामबाट करीब ४० किलोमिटर (१३ कोस) जति टाढा पर्दछ।

हुलाक

जिल्लामा हुलाकको संख्या १२ पुगेको छ। तीमध्ये छोटी हुलाक एक, शाखा हुलाक दुई, अतिरिक्त हुलाक सात र सहकारी हुलाक दुई गरी जम्मा १२ वटा छन्। यी हुलाकहरू निम्न स्थानमा छन्:—

छोटी हुलाक	दिक्तेल बजार
शाखा हुलाक	वुइपा
शाखा हुलाक	खोटाङ
अतिरिक्त हुलाक	हलेसी, दुर्क्षिम
अतिरिक्त हुलाक	हलेसी, सल्लेबजार
अतिरिक्त हुलाक	लामी डाँडा गाउँ पञ्चायत
अतिरिक्त हुलाक	खार्पा गाउँ पञ्चायत
अतिरिक्त हुलाक	होंचुर गाउँ पञ्चायत
अतिरिक्त हुलाक	निर्मली डाँडा
सहकारी हुलाक	चुईचुम्बा
सहकारी हुलाक	चिसापानी

जिल्लाको सदरमुकाम रहेको छोटी हुलाक मार्फत् आवत-जावत भएको चिट्ठी-पत्र, पुलिन्दाहरूको संख्या वार्षिक १,९८,००० जति पुग्दछ। २००८ सालमा खुलेको खोटाङको शाखा हुलाकबाट हाल ओखलढुङ्गा, राजविराज र उदयपुरको लागि वितरण केन्द्र बनेको छ।

आकाशवाणी

जिल्लाको सदरमुकाम दिक्तेलमा एक आकाशवाणी केन्द्र छ। यस केन्द्रको स्तर मझौला प्रकारको छ। यस केन्द्रबाट सगरमाथा अञ्चलको सबै जिल्ला राजविराज, सिराहा, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बू र काठमाडौंसँग सोझै सम्पर्क रहन्छ। यस जिल्लामा टेलिफोन र बिजुली छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यो जिल्ला यातायात सुविधा-विहीन पहाडी क्षेत्र भए तापनि विगत केही वर्षहरूदेखि शिक्षाको क्षेत्रमा यसले निकै उत्साहवर्धक प्रगति गर्दैआएको छ ।

सम्वत् २०२८ सालको जनगणनानुसार छ वर्षदेखि माथिको जनसंख्या नेपाल अधिराज्यमा १३.९ प्रतिशत साक्षर छ । पुरुषमध्येमा २३.६ र स्त्री जनसंख्यामध्येमा ३.९ मात्र साक्षर देखिएका छन् । सगरमाथा अञ्चलमा साक्षरताको प्रतिशत १२.५ देखिएको छ । तदनुसार पुरुष संख्यामध्ये २२.३ तथा स्त्रीमध्ये २.७ प्रतिशत साक्षर देखिन्छ ।

यस जिल्लामा छ वर्षदेखि माथिका ६५,८२८ पुरुष तथा ६८,६६८ महिला गरी जम्मा जनसंख्या १,३४,४९६ मा ११.७ प्रतिशत साक्षर छन् । यसमध्ये १४,६६३ अर्थात् २२.३ प्रतिशत पुरुष र १,०३२ अर्थात् १.५ प्रतिशत महिला साक्षर छन् । सगरमाथा अञ्चलका सात जिल्लामा साक्षरताको दृष्टिकोणबाट यस जिल्लाले पाँचौं स्थान प्राप्त गरेको छ । जिल्लाको सबै उमेर समूहको साक्षरता स्पष्ट हुने तालिका यहाँ प्रस्तुत गरिन्छः–

साक्षारताको तालिका

	पुरुष			महिला			कुल संख्या		
उमेर समूह	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	९,५३५	९१७	९.६	९,७५५	१७९	१.८	१९,२९०	१,०९६	५.७
१०–१४	११,२६४	४,००९	३५.६	९,८०४	४५९	४.७	२१,०६८	४,४६८	२१.२
१५–१९	७,९९६	२,८७८	३६.०	७,८७५	२०७	२.६	१५,८७१	३,०८५	१९.४
२०–२४	६,५६६	१,८६४	२८.४	७,०२३	९८	१.४	१३,५८९	१,९६२	१४.४
२५–२९	५,७२९	१,२५२	२१.९	६,७७३	३३	०.५	१२,५०२	१,२८५	१०.३
३०–३४	४,६०४	९२१	२०.०	५,२६६	१८	०.३	९,८७०	९३९	९.५
३५–३९	४,३८२	८०६	१८.४	४,८०७	१५	०.३	९,१८९	८२१	८.९
४०–४४	३,७२९	५८९	१५.८	४,२३३	१०	०.२	७,९६२	५९९	७.५
४५–५४	५,५४४	[illegible]	१४.२	६,१२१	७	०.१	११,६६५	७९२	६.८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५५–६४	३,६२९	३९७	१०.९	४,१२१	४	०.१	७,७५०	४०१	५.२
६५ र माथि	२,८५०	२४५	८.५	२,८९०	२	०.१	५,७४०	२४७	४.३
जम्माः–	६५,८२८	१४,६६३	२२.३	६८,६६८	१,०३२	१.५	१,३४,४९६	१५,६९५	११.७

यस तालिकाबाट देखिएअनुसार साक्षर जनसंख्यामा प्रौढ पिंढीभन्दा युवा पिंढीको प्रतिशत बढी छ। १० देखि १४ र १५ देखि १९ वर्षको उमेर समूह सबभन्दा बढी साक्षर देखिन्छ। यसको मुख्य कारण विगत दुई दशकदेखि मात्र शिक्षा महत्वको प्रसार एवं प्रचार हुनुको कारण हो भन्ने तथ्यलाई पुष्टयाइँ गर्दछ।

यस जिल्लामा ५५ गाउँ पञ्चायतमा विभिन्न स्तरका जम्मा १३१ वटा शिक्षण संस्थाहरू छन्। २०३० सालसम्ममा स्थापना भएका विद्यालयहरूको संख्या यस प्रकार छः–

माध्यमिक विद्यालय	६
निम्न माध्यमिक विद्यालय	५
पूर्ण सरकारी विद्यालय	२
प्राथमिक विद्यालय	११७
बाल शिशु कक्षा	१
जम्मा	१३१

यी विभिन्न स्तरका शिक्षण संस्थाहरू जिल्लाका विभिन्न स्थानमा स्थापना भएका छन्। २००६ सालमै खोटाङ बजारमा पाठशाला स्थापना गरी शैक्षिक इतिहासको एक नयाँ अध्याय शुभारम्भ गरिएको थियो। हाल जिल्लामा ५५ वटा गाउँ पञ्चायतहरूमध्ये सबैमा प्राथमिक विद्यालय छन्। एउटा गाउँ पञ्चायतमा औसत दुईवटा प्राथमिक विद्यालय रहेको कुरा उपर्युक्त तथ्याङ्कले स्वयं पुष्टयाइँ गर्दछ। जिल्लाका छ वटा माध्यमिक विद्यालयमध्ये खोटाङ बजार, चिसापानी गाउँ पञ्चायत, दिक्तेल बजार, वुइपाबजार, खार्पा गाउँ पञ्चायत र सिम्पानी गाउँ पञ्चायतमा एक-एकवटा रहेका छन्। यीमध्ये कुनैका छात्राबास पनि छन्। उल्लेखित छ वटा माध्यमिक विद्यालयमध्ये दुईवटाले मात्र आर्थिक सहायता पाइआएका छन्। अन्य चारवटाले निम्न माध्यमिक विद्यालयको रूपमा आर्थिक सहायता प्राप्त गरी माध्यमिक विद्यालयको अस्थायी स्वीकृति पाएर सञ्चालित भइरहेका छन्। त्यस्तै पाँचवटा निम्न माध्यमिक विद्यालयहरूमध्ये दुईवटाले सरकारी आर्थिक सहायता प्राप्त गरेका छन् भने ११७ वटा प्राथमिक विद्यालयमध्ये ८६ वटाले मात्र सरकारी सहायता पाइआएका छन्। सदरमुकाम दिक्तेलमा एउटा बाल मन्दिर छ। यसमा शिशु कक्षा सञ्चालन भएको छ। पक्की भवन हुने शिक्षण संस्थाहरू ३० वटा छन् र ९८ वटा कच्ची भवनमा स्थापना गरिएका छन्। बाँकी तीनवटा प्राथमिक विद्यालय अस्थायी टहरामा सञ्चालन गरिएका छन्। सदरमुकाम दिक्तेल र खार्पामा पुस्तकालयको स्थापना भएको छ।

उपर्युक्त विभिन्न स्तरका शिक्षण संस्थाहरूमा अध्ययन गर्ने छात्र-छात्राको संख्या र अध्यापन गराउने अध्यापक, अध्यापिकाको विवरण यस प्रकार छः–

विद्यालयकोस्तर	जम्मा विद्यार्थी संख्या	छात्र	प्रतिशत	छात्रा	प्रतिशत	शिक्षक: अध्यापक	शिक्षक: अध्यापिका
माध्यमिक	७२२	६८४	९४.७	३८	५.३	५३	६
निम्न माध्यमिक	३११	२८४	९१.३	२७	८.७	१७	१
प्राथमिक	६,१३५	५,३७३	८७.६	७६२	१२.४	२६४	३
जम्मा	७,१६८	६,३४१		८२७		३३४	१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त विद्यार्थी संख्या सङ्कलन गर्दा जम्मा ११७ वटा प्राथमिक विद्यालयमध्ये नौवटा बन्द रहेकाले त्यसको संख्या यस तालिकामा समावेश भएको छैन। माथि उल्लेख भए बमोजिम प्राथमिक कक्षादेखि माध्यमिक विद्यालय जाने छात्रा संख्या छात्र संख्याको अनुपातमा ज्यादै कम छ। प्राथमिक विद्यालयमा पढ्ने जम्मा छात्र-छात्राको संख्या ६,१३५ र अध्यापन गराउने शिक्षक संख्या २६७ जना भएकोले प्रत्येक एकजना अध्यापकले औसत करीब २३ जना बालबालिका पढाउनु पर्ने देखिन्छ।

जिल्लामा पढाउने माध्यमिक विद्यालयका शिक्षक समेत सबै गरी जम्मा ४६ जनाले मात्र तालीम प्राप्त गरेका छन्। जिल्लामा तालीम दिने कुनै संस्थान छैन र जिल्लाको लागि तालीम दिने धनकुटा केन्द्र तोकिएको छ। स्थानीय शिक्षकको संख्या ३४४ र जिल्ला बाहिरबाट आउने शिक्षकको संख्या २० छ। अध्यापिका १० जना छन्। २०२९ सालमा यहाँका उपर्युक्त विभिन्न शिक्षण संस्थाहरूमा श्री ५ को सरकारको रू. १,८८,८७५। खर्च हुनाको साथै स्थानीय जनताबाट करीब रू. १,५०,०००। व्यहोरिएको थियो। आर्थिक सहायता कम भएको ठाउँमा पर्याप्त चन्दा सङ्कलन हुन नसकी शिक्षक कम राख्नु पर्दछ। साथै भवन, विज्ञानका सामाग्रीहरू र छात्राबासको अभाव दिन प्रतिदिन महसूस हुँदै गएको छ। यी बाधाहरू २०३१ सालमा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिले हटाउँदै लाने विश्वास गरिन्छ। देशमा साक्षरता अभियान शुरू गरिएको फलस्वरूप यस जिल्लामा विगत २०२९ सालमा पुरुष तथा महिलाहरूका लागि जम्मा ४४ वटा प्रौढ साक्षरता कक्षा सञ्चालन गरिएका थिए।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा छ वर्षदेखि माथि उमेरका जम्मा जनसंख्या १,३४,४९६ मध्ये शिक्षण संस्थामा प्रवेश भइरहेका ७,७३९ जना अर्थात् ५.८ प्रतिशत देखिएको छ। यस तथ्याङ्क बमोजिम २०२८ सालमा प्राथमिक विद्यालय जाने ५,८४२ जनामध्ये बालक ५,२५० र बालिका ५९२ जना छन्। त्यसै गरी निम्न-माध्यमिक विद्यालय जाने १,०७० बालक र ८६ जना बालिका छन् भने माध्यमिक विद्यालय जाने छात्र ६०० र छात्रा ४२ जना छन्। उच्च शिक्षा हासिल गर्न जिल्ला बाहिर गएका छात्रहरू क्रमशः इण्टर-मिडियट्स्तरमा ७८, स्नातकस्तरमा १४ र स्नातकोत्तरस्तरमा सातजना देखिएका छन्। उच्च स्तरहरूमा अध्ययन गर्ने छात्रा छैनन्। उपर्युक्त जनगणना लिइएको वर्षमा विद्यालयमा प्रवेश नगरेको देखिने संख्या १,२६,७५७ जनामध्ये २,५३२ ले विभिन्न शैक्षिक स्तरमा अध्ययन पूरा गरेका थिए। यो २,५३२ संख्यामध्ये १,७९० ले प्राथमिक, ३२४ ले निम्न माध्यमिक, ३३९ ले माध्यमिक, ४२ ले इण्टरमिडियट, ३१ ले स्नातक र छ जनाले स्नातकोत्तर स्तर अध्ययन पूरा गरेका थिए। उच्च शिक्षा हासिल गर्ने जम्मा संख्यामध्ये इण्टरमिडियट् स्तरमा दुईजना र स्नातकस्तरमा एकजना महिला तथा बाँकी सबै पुरुषको संख्या भएको देखिन्छ।

जनगणनाको तथ्याङ्क र जिल्लाबाट प्राप्त अभिलेखमा अध्ययन गर्ने छात्रछात्राको संख्यामा भिन्नता देखिएको छ। यसो हुनु गणना गरिएका समयको अन्तर र गणना लिइदाको तरीकामा भिन्न भिन्न माध्यमद्वारा तथ्याङ्क सङ्कलन भएकोले हो भन्न सकिन्छ।

स्वास्थ्य

यस जिल्लामा स्वास्थ्योपचारको क्षेत्रमा अझै वैज्ञानिकता आइसकेको छैन। ग्रामीण समाजमा अन्ध-विश्वासपूर्ण आदिम तरीकाले बिरामीको उपचार स्थानीय, धामी, झाँक्री, विजुवा आदिद्वारा गराइन्छ। यिनी-हरूबाट रोगको निराकरण गरिनुभन्दा बढी पशु पक्षीको बलि लिइन्छ। "देवता लागेको बिरामीलाई डाक्टर देखाउन हुँदैन उल्टै बिरामी साह्रो हुन्छ, मर्छ," जस्ता पुराना भावनाले अझै पाखा-भित्ताका समाजमा गहिरो जरा हालेको छ। तर बढ्दो शिक्षाको प्रभाव तथा स्वास्थ्य सेवाहरूको उपस्थितिले यस्ता अन्धविश्वासपूर्ण उपचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथामा अब मानिसहरूको आस्था र विश्वास घट्दै आइरहेका प्रशस्त उदाहरणहरू यहाँ देख्न पाइन्छन् ।

यस जिल्लामा दुईवटा स्वास्थ्य चौकीहरू, एउटा सदरमुकाम दिक्तेलमा र अर्को खोटाङ बजारमा स्थापना भएका छन् । डाक्टरको अभावमा हेल्थ वर्करको मात्र सेवा प्राप्त छ । दिक्तेल स्वास्थ्य चौकीमा उपचारार्थ आउने बिरामीको संख्या २०२९ सालमा ४,०६१ जना पुगेको थियो । यी दुई स्वास्थ्य चौकीका अतिरिक्त हलेसी महादेव स्थानमा एउटा आयुर्वेदिक औषधालय पनि छ । हाल श्री ५ को सरकारको स्वास्थ्य एकीकरण गर्ने कार्यक्रमअनुसार यस जिल्लामा १२ वटा स्वास्थ्य चौकी स्थापना हुने लक्ष्य राखिएको रहेछ ।

जिल्लामा धेरै दुःख दिने रोगहरूमा– लुतो, गाँड (गला बढ्ने) दाद र हैजा हुन् । गला बढ्ने रोगको प्रकोप खास गरी दुरक्षिम पञ्चायतको पिपचाई गाउँ तथा छिमेक गाउँहरूको साथै मात्तिम गैरी गाउँहरूमा देखिएको छ । यी गाउँमा गला नबढेको मान्छे नै हुँदैन भने हुन्छ । गला नबढेका दुलहीहरू यस गाउँमा विवाह गरी आएका एकाध वर्ष पछि नै गला बढ्ने हुनाले खानेपानी दूषित रहेको अनुमान गर्न सकिन्छ ।

जिल्लामा परिवार नियोजन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न २०३० सालमा एउटा कार्यालय स्थापना भएको छ । यस अगाडि ओखलढुङ्गास्थित परिवार नियोजनको जिल्ला कार्यालयबाट समय समयमा पुरुषहरूको स्थायी परिवार नियोजन गर्ने टोलीहरू आई सेवा प्रदान गरिएको थियो ।

यस जिल्लामा २०२१ सालतिर औलो उन्मूलन कार्यालय दिक्तेलमा स्थापना भएको थियो । हाल सिम्पानी र खोटाङमा दुईवटा उप-शाखा कार्यालयका साथै १५ वटा "लोकालिटी" हरू छन् ।

जल वायुको दृष्टिकोणबाट यो जिल्ला औलो रोग रहने मान्न सकिन्न तापनि औलोको प्रसार यहाँ भइ रहेकै छ । सन् १९७२ मा औलोका रोगी २२१ मात्र थिए भने सन् १९७३ मा यो संख्या वृद्धि भएर ५५० पुगेको छ । यसमध्ये केबल दुईजना स्थानीय र बाँकी ५५० जनाले भारततिरबाट फर्कंदा आफ्नो रक्तमा औलोको कीटाणु ल्याएको आशङ्का गरिएको छ । औलो रोगको बढ्दो क्रमलाई ध्यानमा राख्दै वैतनिक कर्मचारीका अतिरिक्त स्थानीय विभिन्न गाउँका जनताले रक्त नमूना लिने साधारण तालीममा शरीक भई आफ्नो गाउँमा औलो रोग शङ्का लागेका बिरामीबाट रक्त स्लाइड लिई परीक्षणको लागि औलो उन्मूलन कार्यालयमा ल्याउने निःशुल्क सेवा प्रदान गर्दै आएका छन् ।

वि. सं. २०२८ सालमा स्थापना गरिएको बिफर उन्मूलनको जिल्ला कार्यालयले जिल्लाको ५५ वटै गाउँ पञ्चायतहरूलाई चार क्षेत्रमा विभाजन गरी प्रथम खोप र पुनः खोप गरी जम्मा १,२५,६९६ जनसंख्यालाई खोपाइएको छ ।

खानेपानी

पहाडी जिल्ला भएकोले कुवा, खोला, पँधेरा आदिको पानी खाने परम्परा कायम नै छ । कतिपय पञ्चायत जङ्गल-विहीन पहाडमा रहेकोले प्राकृतिक स्रोतको पानीको उपभोग पनि गर्न पाएका छैनन् । यस्ता कतिपय पञ्चायतमा खानेपानीको निकै समस्या छ । खामतेल पञ्चायत उदाहरणको लागि लिन सकिन्छ । जिल्लाको सदरमुकाम दिक्तेलमा पनि कलधारा नभएकोले वर-परका कुवा, पँधेराबाट खानेपानी ल्याई खानुपर्दछ ।

जिल्लामा खानेपानीको राम्रो व्यवस्था भएको गाउँ पञ्चायत लामीडाँडा मात्र देखिन्छ । स्वर्गीय राजा श्री ५ महेन्द्रको २०२४ सालतिर पूर्वाञ्चल भ्रमण सवारी हुँदा पानीको अभाव महसूस गरी पानी यहाँ ल्याउन हुकुम भए बमोजिम जि. आई. पाइपको धारा उपलब्ध छ । तर यस नालाबाट प्रशस्त पानी खेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गइरहेकोले उक्त पञ्चायतकै दुई–तीन किलोमिटर टाढा रहेको माझी गाउँमा पानी पुग्न सकेको छैन ।

स्थानीय विकास विभागका अनुदान र स्थानीय व्यक्तिको श्रमदानमा सानातिना गाउँस्तरीय खानेपानी योजना कार्यान्वयन भएका छन् । यस प्रकारको योजना अखौंले, कुभिण्डे, खार्पा, ससर्का, हलेसी महादेव स्थानमा सम्पन्न भई खानेपानीको केही आवश्यकता पूर्ति भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

देशमा पञ्चायती व्यवस्था प्रादुर्भाव भएपछि अधिराज्यको प्रशासन केही विकेन्द्रित गरी सुनिश्चित र वैज्ञानिक ढङ्गले सञ्चालन गर्ने नीतिको फलस्वरूप अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्ने क्रममा यस जिल्लाको पनि सिर्जना भएको हो। पहिले यस जिल्लाको आधा भाग अर्थात् साप्सु खोलाको पूर्वी भागमा पूर्व चार नं. कहलिएको भोजपुर गोश्वारा अन्तर्गत र साप्सु खोला पश्चिममा पूर्व तीन नं. ओखलढुङ्गा गोश्वारा अन्तर्गत प्रशासित थियो। ओखलढुङ्गा प्रशासित क्षेत्रमा रावा, हलेसी, खामेतल, मझुवा थुमहरू र भोजपुरबाट प्रशासित क्षेत्रमा चुइचुम्वा, दिप्लुङ, रतन्छा, खोटाङ चार थुमहरू थिए।

हाल प्रमुख जिल्ला अधिकारीको कार्यालय दिक्तेलमा छ। जिल्ला पञ्चायतको अतिरिक्त जिल्लामा रहेका विभिन्न सरकारी, गैह्र सरकारी कार्यालयहरूको नाम र कार्यालय रहेको स्थान यस प्रकार छः–

सदरमुकाम दिक्तेलमा रहेका सरकारी कार्यालयहरू

खोटाङ जिल्ला अदालत
जिल्ला भूमि सुधार कार्यालय
जिल्ला प्रहरी थाना
सरकारी सहायक अधिवक्ताको कार्यालय
छोटी हुलाक कार्यालय
कारागार कार्यालय
नेपाल औलो उन्मूलन कार्यालय
बिफर उन्मूलन कार्यालय
परिवार नियोजन कार्यालय
निर्वाचन आयोग, जिल्ला शाखा
ग्रामीण उद्योग कार्यालय

अर्ध सरकारी कार्यालयहरू

जिल्ला पञ्चायत कार्यालय
राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय
आकाशवाणी कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि खरीद बिक्री संस्थान उप-शाखा कार्यालय

उपर्युक्त बाहेक एउटा तथ्याङ्क कार्यालय पनि यस जिल्लाको खोटाङ गाउँ पञ्चायतमा रहेको छ। दिक्तेलमा कृषि खरीद बिक्री संस्थानको ५०० मेट्रिक टन अटाउने क्षमता भएको खाद्यान्न गोदाम घर पनि छ।

प्रहरी

यस जिल्लामा एउटा प्रहरी थाना छ। यस थानाको अन्तर्गत विभिन्न स्थानमा विभिन्न चारवटा प्रहरी चौकीहरू पनि छन्। यी प्रहरी चौकीहरू निम्न स्थानमा रहेका छन् :—

प्रहरी चौकीको नाम	स्थापना भएको स्थान
प्रहरी चौकी दिपलुङ	दिपलुङ गाउँ पञ्चायत
प्रहरी चौकी खोटाङ	खोटाङ बजार
प्रहरी चौकी बतासे	बतासे गाउँ पञ्चायत
प्रहरी चौकी अर्खौले	अर्खौले गाउँ पञ्चायत
प्रहरी चौकी वाकसिला	वाकसिला गाउँ पञ्चायत

कारागार

जिल्लाको कारागार जीर्ण अवस्थामा रहेकोले हाले २०३१ सालमा एउटा नयाँ कारागार भवन निर्माण हुँदैछ।

न्याय

यहाँ एउटा जिल्लास्तरीय अदालत र सहायक सरकारी अधिवक्ताको कार्यालय छ। अदालतले जिल्ला भित्रका सरकार वादी, फौजदारी तथा देवानी मुद्दाहरू केलाई कारवाही गर्दछ। सरकारी सहायक अधिवक्ताको कार्यालयले श्री ५ को सरकार तर्फबाट मुद्दा दायर गर्ने, तत्सम्बन्धमा वहस गर्ने र श्री ५ को सरकारवादी हुने फौजदारी मुद्दामा प्रहरीका साथ मौका, तहकीकात सरजमीन गरी सम्बन्धित कार्यालयमा मुद्दा दायर गर्ने, वहस गर्ने गर्दछ।

यहाँको जिल्ला अदालतमा खास गरी फौजदारी मुद्दाहरू बढी पर्दछन्। त्यसमध्ये लुटपीट आदि मुद्दाहरूको संख्या ज्यादा छ। विगत केही वर्षदेखि वैवाहिक सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाहरू पनि केही मात्रामा बढी पर्न थालेका छन्। विगत तीन वर्षमा विभिन्न जम्मा मुद्दा आर्थिक वर्ष ०२७।२८ मा ३१९ वटा, ०२८।२९ मा ३९४ र ०२९।३० मा ३७४ वटा परेका थिए।

उपर्युक्त तीन वर्षको मुद्दाको तथ्याङ्क अध्ययन गर्दा विभिन्न प्रकारका मुद्दाहरू औसत लगभग ३६० जति प्रति वर्ष मुद्दाहरू यस जिल्लामा पर्ने देखिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायत

यो जिल्लामा ५५ वटा गाउँ पञ्चायतहरू छन्। यस जिल्लाबाट एक जना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन्। जिल्ला पञ्चायत कार्यालय दिक्तेलमा छ। जिल्ला पञ्चायतको कार्यहरूमध्ये स्थानीय विकासमा योगदान दिनु प्रमुख] मानिन्छ। अतः जिल्लाका विकास कार्यहरू सञ्चालन गर्ने जिल्लासभाबाट पारित कर प्रस्तावहरूबमोजिम जिल्लामा कर असूल गरिने गरेको छ। यस जिल्ला पञ्चायतको जिल्ला सभा कोषको औसत आम्दानी प्रतिवर्ष करीब १७,५०० रूपैयाँ हुन्छ। २०२९ सालमा खूद आम्दानी रू. १७,१७७। भएको थियो। आम्दानीको स्रोतमा घाट ठेक्का र घरधुरी कर प्रमुख रहेका छन्।

यस जिल्लाका पञ्चायतहरूमध्ये स्थानीय स्रोत तथा कर व्यवस्थाबाट सबभन्दा बढी आम्दानी गर्ने दिक्तेल तथा चिसापानी गाउँ पञ्चायत र घटी आम्दानी गर्नेमा डिकुवा तथा दिप्रुं गाउँ पञ्चायतहरूको नाम आउँदछन्। २०२९ सालमा बढी आम्दानी गर्ने गाउँ पञ्चायतले लगभग रू. २,०००। र घटी गर्नेले रू. ६०। मात्र प्राप्त गरेका थिए। गाउँ पञ्चायतहरूको आयः स्रोतमा हाट बजार कर, पशु बिक्री कर, रेडियो तथा भरुवा बन्दूक इजाजत पत्र नवीकरण दस्तूर मुख्य हुन्।

यसरी गाउँ पञ्चायतहरूले विभिन्न स्रोतबाट रकम संकलन गरी आ-आफ्नो गाउँ पञ्चायत क्षेत्रभित्र बाटो, घाटो विद्यालय भवन र साना-तिना कुलो आदि निर्माण कार्यमा खर्च गर्ने गरेका छन्। निर्माण आयोजनामा श्री ५ को सरकार वा जिल्ला सभाकोषबाट केही आर्थिक अनुदान पनि बेला बखतमा उपलब्ध गराइने गरिएको छ।

यस जिल्लामा वर्गीय संगठनहरूमा नेपाल किसान संगठन, भूतपूर्व सैनिक संगठन, नेपाल महिला संगठन र नेपाल युवक संगठन गरी जम्मा चारवटा वर्गीय संगठनको जिल्ला कार्यालय छ। यी संगठनहरूको प्रारम्भिक समितिहरू निम्न अनुसार छन्:—

वर्गीय संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल जिल्ला किसान संगठन	२६	२८६
नेपाल जिल्ला भूतपूर्व सैनिक संगठन	२१	२३१
नेपाल जिल्ला महिला संगठन	२२	२४२
नेपाल जिल्ला युवक संगठन	२६	२८६

यी संगठनहरूमध्ये किसान संगठनले जग्गाको रजिष्ट्रेशन पास फाराम बिक्री गरी गत साल जम्मा रू. १,६००। आम्दानी गरेको थियो। तर अब यी फारामहरू माल कार्यालयबाट बिक्री गरिने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सगरमाथा अञ्चलको पहाडी जिल्लाको रूपमा रहेको यस जिल्लाको आर्थिक विकास अन्य पहाडी जिल्लाहरू सरह कृषि विकासमा नै निर्भर छ । खाद्यान्नको दृष्टिकोणले सगरमाथा अञ्चलमा सबैभन्दा विकट मानिने यस जिल्लामा कृषि उत्पादन वृद्धि गर्न सकिने प्रशस्त क्षेत्रहरू पनि छन् र त्यस्ता क्षेत्रहरूमा सिचाइ सुविधा तथा आधुनिक प्रविधि उपयोग गरिएमा निरन्तर खाद्यान्नाभावको समस्या संतुलित हुनुको साथै जनताको जीवनस्तर उचा पार्न समेत सघाउ पुग्ने देखिन्छ। जिल्लाका उच्च लेक खण्डहरूमा विभिन्न किसिमका जरीबूटीहरू हुन्छन् र यस भागमा ठूल-ठूला चौरहरू भेडी-गोठ तथा अन्य पशुपालनको लागि उपयुक्त छन्। यहाँ आलु पनि प्रशस्त उब्जाइन्छ। त्यस्तै जिल्लाको मध्यउचाई भागमा मकै, कोदो, गहुँ जस्ता अन्नहरू तथा अलैंचीको उत्पादन हुन्छ। जिल्लाको बेंसी तथा टारहरूमा धान खेती हुन्छ। यो सबै क्षेत्रअनुसारका खेतीको उत्पादन वृद्धि गर्नुको अतिरिक्त वैज्ञानिक ढङ्गबाट खेती गर्न स्थानीय जनतालाई प्रोत्साहित गर्नुपर्दछ र जिल्लाको खाद्यान्नभावको समस्या हटाउन जिल्लाबासीहरूको आहाराको प्रकार "भात" लाई बिस्तारै बदल्दै लैजान प्रयास गर्नु पर्ने देखिन्छ। सिचाइको लागि जिल्लाका विभिन्न इलाकाहरूमाबृहत् सिचाइको कार्यक्रम सञ्चालन संभव नभएकोले लघु सिचाइ आयोजनाहरू नै फाइदाजनक हुन्छ।

जिल्लामा फलफूल खेतीको पनि व्यवसायिक संभाव्यता छ। प्वालाको सुन्तला प्रसिद्ध छ। धेरै उचाइका भागहरूमा स्याउ, ओखर जस्ता फलफूलको पनि राम्रो उत्पादन हुन्छ। यसरी उपयुक्त हावापानी भएका ठाउँमा "सिट्रस" र "टेम्परेट" फलफूलहरू व्यावसायिक रूपमा सञ्चालन गराउन सके यसले एकतर्फ खाद्यान्नको अभाव हटाउन मद्दत गर्छ त अर्कोतर्फ जिल्लाबासीको जीवनस्तरमा पनि अनुकूल प्रभाव पार्छ।

जिल्लामा बाँसहरू प्रशस्तै पाइन्छन्। यसबाट विभिन्न किसिमका घरेलु उद्योग सञ्चालन हुन सक्ने देखिन्छ। हाल घर घरमा सानो स्तरमा यी बाँसहरूबाट नाङ्लो, मान्द्रो, डोको आदि बनाइन्छ। बाँसका सामानहरू हलुका हुने भएकोले यातायातको कठिनाइ भएको यस जिल्लामा उत्पादित माल–सामानहरूको बोकानी, ढुवानी पनि सस्तो पर्न आउने भएकोले बाँस तथा निगालो उद्योगको यहाँ राम्रो संभाव्यता छ।

यातायातको दृष्टिले दुर्गम रहेको यो पहाडी जिल्लाको आधुनिक यातायातको सम्पर्क लामिडाँडाको हवाइ मैदानबाट नै हुने भएकोले यो सानो मैदानलाई विस्तार गरिनु आवश्यक छ। दिक्तेल बजार नजीक मुढेमा पनि हवाइ मैदान निर्माण हुन सक्ने टार भएकोले यसलाई निर्माण गर्न सके धेरै दृष्टिकोणबाट उत्तम हुने देखिन्छ। हाल बन्न लागेको दोलालघाट–धनकुटा बाटो यसै जिल्लाबाट भएर जाने विश्वास लिइएकोले जिल्लाको भविष्य पनि विस्तारै चम्किंदै जाने आशा राख्न सकिन्छ।

भविष्यमा जिल्लाहरूको विद्युतीकरण गरिने क्रममा यस जिल्लाको मात्तिम गाउँ पञ्चायतमा रहेको झरनाबाट बिजुली पैदा गर्न सकिने संभावना रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओखलढुङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय ७०९
प्राकृतिक स्वरूप र सम्पदा ७११
ऐतिहासिक पृष्ठभूमि ७१८
प्रमुख स्थानहरू ७२२
जनसंख्या र जनजीवन ७२५
आर्थिक व्यवस्था ७३१
यातायात र सञ्चार ७४१
शिक्षा, स्वास्थ्य तथा खानेपानी ७४४
प्रशासन र पञ्चायत ७४९
उपसंहार ७५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

"...तिम्रो आकृति
लेखिएको छ हृदय भरि
मेरो पियारो ओखलढुङ्गा" ।
— सिद्धिचरण

उक्त कविताले शिक्षित नेपाली समाजलाई चिनारी गराएको ओखलढुङ्गा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रका १६ जिल्लाहरूमध्ये तेस्रो सबैभन्दा सानो जिल्ला हो । विश्वको सर्वोच्च टाकुरा शिरमा लिएर बसेको सगरमाथा अञ्चलको सात जिल्लाहरूमा सिराहालाई छाडेर यो सबैभन्दा सानो जिल्ला हो । २०२८ सालको जनगणना अनुसार जनसंख्याको दृष्टिले अधिराज्यका ७५ जिल्लाहरूमध्ये यसको स्थान उनन्चासौं हुनआएको छ ।

यो ठाउँको नाउँ कसरी ओखलढुङ्गा रह्यो भन्ने कुरा लिएर एक चाखलाग्दो किंवदन्ति यस भेकका मानिसहरूमा प्रचलित छ । भीम मल्ल वा भीमल काजीको फौजले किरातहरूलाई धपाएपछि लुटेर ल्याएको धान एउटा खोपिल्टा परेको ढुङ्गामा कुटेर खाएको र त्यसरी ढुङ्गाको ओखलबाट यसको नाउँ ओखलढुङ्गा भएको हो भनिन्छ । यहाँको "भीमलठाना" नामक ठाउँ तिनै भीमल काजीको फौजले डेरा गरेर बसेको ठाउँ भनिन्छ । प्राचीन प्रचलन अनुसार वल्लो किरात नामक क्षेत्रमा परेको ओखलढुङ्गा प्रशासनिक दृष्टिकोणले २०१८ सालको जिल्ला पुनर्गठन नहुञ्जेलसम्म "पूर्व तीन नम्बर" को नाउँले परिचित थियो ।

यो जिल्लाको भौगोलिक सीमाना उत्तरमा नेचे र पिकै डाँडाका पानी ढलो हुन् । पूर्वपट्टि उत्तर-दक्षिण बग्ने दूधकोशी नदीले खोटाङ जिल्लाबाट र पश्चिममा उत्तर-दक्षिण बग्ने लिखुखोला वा हिंम गङ्गाले रामेछाप जिल्लाबाट ओखलढुङ्गालाई छुट्याएका छन् । महाभारत पहाड शृङ्खलाको माझ-पश्चिमबाट पूर्व बगेको सुनकोशीले यो जिल्लाको दक्षिण सीमारेखा कोरेको छ र उदयपुर जिल्लाबाट छुट्याएको छ । पूर्व-पश्चिम ५८ किलोमिटर (१८ कोस) र उत्तर-दक्षिण ६७ किलोमिटर (२१ कोस) मा फैलिएको ओखलढुङ्गा उत्तरमा सोलुखुम्बू जिल्ला, पूर्वमा खोटाङ जिल्ला, दक्षिणमा उदयपुर र सिंधुली जिल्ला तथा पश्चिममा रामेछाप जिल्लाहरूको बीच मोटामोटी चारकुने परेर बसेको छ ।

सम्पूर्ण रूपले महाभारत पहाड शृङ्गलाको मध्यभागमा अवस्थित यो जिल्ला अक्षांश २७° ६' उत्तरदेखि २७° ३२' उत्तरसम्म र देशान्तर ८६° १०' देखि ८६° ४१' पूर्वभित्र पर्दछ । यसको कुल क्षेत्रफल १,०६१ वर्ग किलोमिटर छ ।

नियमित हवाइ सेवाद्वारा राजधानीसँग सोझै संपर्क भएका अधिराज्यका चारवटा पूर्वो पहाडे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाहरूमध्ये ओखलढुङ्गा एक हो । यसोहुँदा स्थल यातायातको क्षेत्रमा धेरैपछि परेको यस जिल्लाका निवासीहरूले पाङ्ग्रा देख्नु अघि नै पंखा देख्न पाए र गुड्नुभन्दा पहिले उड्न पाए भन्न सकिन्छ ।

यस जिल्लाका ४८ गाउँ पञ्चायतमा ५९,४८५ पुरुष र ६३,३७७ महिला गरी जम्मा १,२२,८६२ मानिसहरू बस्दछन् ।

स्वास्थ्यको क्षेत्रमा पनि श्री ५ को सरकारद्वारा उपलब्ध सुविधाका साथै गैर-सरकारी अस्पतालको सेवा पनि पाउने दुईवटा पूर्वी पहाडी जिल्लाहरूमध्ये ओखलढुङ्गा एक हुन गएको छ । छेउछाउका जिल्लाहरूमा पनि यहांको "डिक" अस्पतालको नाउँ लिइन्छ ।

अघि "रुम" राईहरूको पैतृक थलो भएकोले रुम्जाटार नामकरण गरिएको यहाँको प्रख्यात टार पूर्वी नेपालमा गुरुङहरूको सबैभन्दा घना बस्ती भएको ठाउँ पनि हो । यही रुम्जाटार र रुम्जाली गुरुङहरूको सम्बन्धमा प्रधानमन्त्री रणोद्दीप सिंहका एकजना धर्म गुरु र कवि भानुभक्तका समकालीन सन्त ज्ञानदिलदासद्वारा [१] रचित निम्न पंक्तिहरू ऐतिहासिक र रोचक छन्:–

"यो रुम्जाटारको कोदाको पीठो निर्गुनको दाउन,
धर्म र कर्म गुरुङले गर्‍यो छक्क पर्‍यो बाहुन ।"

१. जनकलाल शर्मा–जोसमनी सन्त परम्परा र साहित्य. पृष्ठ ८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

यो जिल्लाको मोटामोटी आकृति चारकुने छ। पूर्वमा रजुवाघाटदेखि पश्चिममा साँघुटारसम्म यसको लम्बाइ ५८ किलोमिटर (२१ कोस) छ।

यो जिल्ला अधिराज्यको मध्यवर्ती महाभारत शृङ्खलामा अवस्थित भएकोले यहाँका अग्ला पहाडहरूको औसत उचाइ लगभग ३,३३० मिटर (११,००० फीट) मात्र पाइन्छ। हिमाच्छादित शृङ्खलाहरू जिल्लाभन्दा धेरै टाढा उत्तरपट्टि मात्र छन्। यस जिल्लाका धेरै अग्ला भन्न सकिने केही पहाडहरू यसप्रकार छन्:–

नाम	उचाइ	
लाम्जे डाँडा	३,४१२ मिटर	(११,२६२ फीट)
ताक्लु भञ्ज्याङ	३,६०६ मिटर	(११,६०१ फीट)
गौरीवन थुम्की	३,३३६ मिटर	(११,०१० फीट)
भुसुने थामु	२,४२३ मिटर	(७,९९८ फीट)
तीनतले डाँडा	२,८२९ मिटर	(९,३३८ फीट)
देउराली	३,१३२ मिटर	(१०,३३६ फीट)

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिबाट ओखलढुङ्गा जिल्लालाई मोटामोटी तीन भागमा बाँड्न सकिन्छः–

(१) लेकाली प्रदेश
(२) पहाडी प्रदेश
(३) बेंसी तथा टारहरू

लेकाली प्रदेश

औसत २,५०० मिटर (८,२५० फीट) अग्ला डाँडाले भरिएको यो लेकाली प्रदेश निक्कै ढुङ्गे र भिरालो भएकोले यसलाई धेरैजसो घाँस-दाउरा र काठपात बटुल्ने जङ्गलको रूपमा प्रयोग गरिएको पाइन्छ। यो क्षेत्रमा मानिसहरूको बसोबास प्रशस्त छ र पाखेबाली लाग्ने खेतबारीहरू पनि छन्। हिउँदमा माथि सोलुखुम्बुतिरका भेकहरूबाट वर्षेनी भेडा-गोठहरू यतातिर झारिने गरिन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चरनहरूको रूपमा पनि यो क्षेत्र प्रयोग गरिन्छ ।

पहाडी प्रदेश

यस जिल्लालाई मोलुङखोलाले मोटामोटी रूपमा बीचबाट बराबर दुई हिस्सामा बाँडेको छ । मोलुङखोलाको पश्चिमतिर ककने डाँडा जिल्लाको उत्तरदेखि दक्षिणसम्म शृङ्खलावद्ध भएर फैलेको छ र यस शृङ्खलामा पर्ने सबैभन्दा अग्लो चुचुरा करीब २,९४० मिटरको (९,८०० फीट) छ । यसैगरी मोलुङखोलाको समानान्तर नै पूर्वपट्टि अर्को पहाडी शृङ्खला उत्तरदेखि दक्षिणसम्म फैलेको छ र जिल्लाको सदरमुकाम यसै पहाडी क्षेत्रमा १,८८३ मिटर (६,२७८ फीट) को उचाइमा रहेको छ ।

जिल्लाका अग्ला डाँडाहरूमा चुप्लुआल डाँडा, कमेरे डाँडा, तारेभीर डाँडा, विलाटे, पातले, छेभाविङ, ककने आदिको नाउँ लिन सकिन्छ ।

बेंसी तथा टारहरू

यस जिल्लामा कतिपय टारहरू छन् । यी टारहरूमध्ये सिस्नेखोलाको पूर्वमा र ठोट्ने खोलाको पश्चिममा यी दुई खोलाको प्रायद्वीप झैं बनेर अग्लिएको भीरमाथि सम्मपरेको रुम्जाटार प्रमुख मानिन्छ । यो बाहेक गाम्नाङटार, रामपुरटार, जरायोटार, सोक्माटार, कुईभीरटार, कुमलटार, माझीटार तथा हर्कपुरटार उल्लेखनीय छन् ।

नदी नालाबाट सिचाइ गर्न नमिल्ने र वर्षाको भरमा मात्र खेती गर्न सुहाउँदा यी टारहरू वर्षमा एक दुई पल्ट लाग्ने पाखे बालीको निम्ति मात्र प्रयोग गरिन्छ ।

यस जिल्लाका पहाड-शृङ्खलाहरूका बीच बीचमा नदी नालाले काटेर बनाएका मलिला र होचा सम्म भूमिहरूलाई मोटामोटी तीन भागमा बाँड्न सकिन्छः–

(१) मोलुङखोलाको पश्चिमपट्टिको बेंसी
(२) दूधकोशीको पश्चिममा फैलिएको बेंसी
(३) जिल्लाको दक्षिणमा सुनकोशीको उत्तरपट्टिको बेंसी ;

यी बेंसी क्षेत्रहरूको औसत उचाइ ३५० मिटर (१,१०० फीट) छ र जिल्लाका मुख्य धान खेतहरू यिनै मलिला बेंसीहरूमा छन् । खाद्यान्नका साथै सागपात र फलफूलको उब्जनी पनि यस क्षेत्रमा राम्रो हुन्छ। कहीं कहीं सुर्ती खेती पनि गरिन्छ ।

नदीनालाहरू

दूधकोशी, लिखुखोला (हेमगङ्गा) र सुनकोशी नदीहरूले तीनतिरबाट जिल्लालाई घेरेका छन् तापनि यस जिल्लाको भित्री भागमा भने कुनै ठूलो नदी बगेको पाइन्न । हिमालयबाट आएका नभई स्थानीय स्रोतबाट मूल फुटेर निस्कने यी धेरैजसो नदी-नालाहरू वर्षामा भेल आएर तर्न नसकिने हुन्छन् तापनि हिउँदमा प्रायः सुकेर जान्छन् । जिल्लाका प्रमुख केही खोला-नदी यस प्रकार छन्ः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोलुङखोला

ओखलढुङ्गा जिल्लाको सबैभन्दा ठूलो यो खोलाले जिल्लालाई उत्तरदेखि दक्षिणसम्म झण्डै दुई भागमा बाँड्दछ । यो खोलाको मुहान जिल्लाको उत्तरी सीमानास्थित पातले गाउँ पञ्चायतको माथिल्लो भागमा पर्दछ र दक्षिण बग्दै जिल्लाको सबभन्दा दक्षिणको सिस्नेरी गाउँ पञ्चायतको दक्षिण सीमानामा सुनकोशी नदीमा मिल्दछ । यस खोलामा औसत ३० देखि ६० मिटर (१००–२०० फीट) अग्ला होचा रमणीय छाँगा-छहरा भेटिन्छन् । यसका सहायक खोलाहरूमा एलुङ, सेटली, सोलुङ, पोक्तिङ, लिये, अँधेरी आदि उल्लेखनीय छन् ।

सेराखोला

ओखलढुङ्गा सदरमुकामबाट काठमाडौं जाने बाटोमा पर्ने यो खोला जिल्लाको पश्चिम भागमा पर्दछ र पूर्वबाट पश्चिम बग्दछ । बिलन्द गाउँ पञ्चायतको माथिल्लो भागबाट शुरू भई पश्चिम बगेर रामेछाप र यो जिल्लाको बीचमा बग्ने लिखुखोलामा मिल्दछ ।

सेप्लीखोला

यो खोला जिल्लाको उत्तर-पश्चिम पातले गाउँ पञ्चायतनिर पर्ने २६.७ मिटर (८७ फीट) अग्लो सेप्ली झर्नाको निमित्त नाउँ चलेको छ । यो मोलुङखोलाको सहायक खोला हो ।

सिस्नेखोला

यो खोला रुम्जाटारको पश्चिमबाट बगी त्यसै टारको दक्षिण फेदीमा पुगेर ठोट्ने खोलासँग मिल्छ ।

ठोट्नेखोला

रुम्जाटारको पूर्व फेदीमा बग्ने यो खोलाको मुहान यस जिल्लामा नभई सोलुखुम्बू जिल्लाको ठाडे नामक ठाउँमा पर्छ । यो जिल्लाको रानीटार र माखा गाउँ पञ्चायतको बीचबाट पूर्व बग्दै रमुवानेर यो दूध-कोशीमा मिल्छ । सिस्ने, खार्ते, सेर्ना आदि यसका सहायक खोलाहरू हुन् ।

अरू खोलाहरूमध्ये जुडोखोला, साल्पुखोला र लेखीखोला तीनैवटा लिखुका सहायक खोलाहरू हुन् औ लिपेखोला मोलुङखोलाको सहायक खोला हो । यस सन्दर्भमा पंखु, सार्ते, सोलुङ, पोक्सिन आदि खोलाको पनि नाउँ लिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झरनाहरू

जिल्लाका परिचित झरनाहरूमा पोकली झरना ३३ मिटर (११० फीट) को नाउँ लिने गरिन्छ तर एक सर्वेक्षणको[1] आधारमा यो जिल्लामा पोकलीभन्दा अग्ला अरू झरनाहरू पनि देखिएका छन् र पोकलीसँग होड गर्न सक्ने कतिपय झरनाहरूको उल्लेख तल गरिएको छः–

स्थान	खोला	झरनाहरूको उचाइ	
टारकेराबारी उत्तरपट्टि	पोकली	(१) ७०.०६ मिटर	(२३० फीट)
		(२) ९१.४४ मिटर	(३०० फीट)
लिसे पूर्वपट्टि	सालबु	६०.९५ मिटर	(२०० फीट)
बाखे्रा पश्चिमपट्टि	ठिकुरे	८०.५८ मिटर	(२६७ फीट)
लेखखर्क पूर्वपट्टि	शेर्ना	(१) ८५.३८ मिटर	(२८० फीट)
		(२) ६८.५७ मिटर	(२२५ फीट)
रातमाटे पूर्वपट्टि	–	११०.९५ मिटर	(३६४ फीट)
भुसुनेको उत्तरपट्टि	–	६४.३० मिटर	(२११ फीट)
पातले गाउँ पञ्चायत	सेप्ली	२७.४३ मिटर	(९० फीट)

हावापानी

नेपालको धेरैजसो अरू भागमा झैं यस जिल्लामा पनि मनसुनी वायुको प्रभावले जेठदेखि भदौ-असोजसम्म पानी पर्दछ । महाभारत लेकको धेरै ठाउँहरूमा जति उत्तरतिर गयो उति बढ्ता पानी पर्ने गर्छ र यहाँ पनि हावाको सम्मुख परेको ढालपट्टि धेरै पानी परे तापनि हावाको विमुख परेको ढालपट्टि त्यत्तिको पानी पर्दैन । ओखलढुङ्गास्थित मौसम अवलोकन केन्द्रमा अभिलेख भएको १९६८, १९६९ र १९७० को वर्षाको तथ्याङ्क तल दिइएको छः–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	१९६८	१९६९	१९७०
जनवरी	१७.०	१०.२	१४.६
फेब्रुअरी	९.४	२.१	४५.१
मार्च	३१.४	२१.३	१६.२
अप्रिल	६६.३	५१.७	१००.९
मे	१०३.६	१११.१	११६.४
जून	३२२.१	३३७.५	३२६.३

१ "जियोलोजिकल सर्भे अफ इण्डिया" को मानचित्रको आधारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुलाई	४५६.२	६९२.३	६२३.२
अगष्ट	५२७.१	४५३.१	५०६.६
सेप्टेम्बर	२९२.५	२९०.०	२०९.०
अक्टोबर	२०३.५	५५.०	६६.३
नोभेम्बर	०.०	०.२	०.४
डिसेम्बर	०.०	०.०	०.०
जम्मा	२,०५९.१	२,०१४.५	२,०२५.०

विगत १९६८, १९६९ र १९७० को तीन वर्षमा ओखलढुङ्गा सदरमुकाममा अभिलेख गरिएको वर्षाको तथ्याङ्क हेर्दा औसत वर्षेनी २०३२.९ मिलिमिटर पानी परेको देखिन्छ। यसभन्दा दक्षिणमा पर्ने उदयपुर गढीमा पनि औसत वर्षा यति नै जस्तो देखिन्छ तर पूर्वपट्टिको खोटाङ बजारमा भने यस ठाउँकोभन्दा औसत नौ सय मिलिमिटर कम अर्थात् १,०३२ मिलिमिटर मात्र पानी परेको पाइन्छ। फेरि जिल्लाको नजीकै उत्तरपूर्वमा स्थित सोलुखुम्बूको ऐंसेलुखर्कमा भने यहाँको भन्दा करीब ७७३ मिलिमिटर अर्थात् २,६९९ मिलिमिटर बढी पानी परेको देखिएको छ।

तालिकामा दिइएको तीन वर्षमा ओखलढुङ्गामा २४ घण्टामा सबभन्दा बढी १९७० को अगष्ट ९ तारीखको दिन ११०.४ मिलिमिटर पानी परेको थियो। तर १९६५ को जुलाई महीनामा योभन्दा पनि बढी १३०.१ मिलिमिटर वर्षा भएको देखिन्छ।

उक्त तालिकाबाट जुलाई, अगष्ट र सेप्टेम्बरमा नै यस जिल्लामा सबैभन्दा बढी पानी पर्ने तर यीमध्ये पनि अगष्ट महीनामा औसत बढ्ता पानी पर्ने देखिन आउँछ।

तापक्रमको तथ्याङ्क पनि ओखलढुङ्गाको सदरमुकाम एक ठाउँमा मात्र लिइएको पाइन्छ र यसको आधारमा सम्पूर्ण जिल्लाको तापक्रमको अन्दाज गर्न मिल्दैन तापनि उक्त पाँच वर्षमा पाइएको औसत उच्चतम र न्यूनतम तापक्रमको तथ्याङ्क निम्नप्रकार छः—

ताप क्रमको तालिका (सेन्टीग्रेडमा)

	१९६५		१९६७		१९६८	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१५.०	४.८	१४.१	४.५	१३.४	४.०
फेब्रुअरी	१५.६	५.७	१५.९	६.५	१४.६	४.७
मार्च	१८.५	८.२	१७.७	८.१	१९.५	९.२
अप्रिल	२१.५	१२.४	२१.५	९.२	२३.४	१३.२
मे	२४.९	१५.३	२४.२	१३.१	२५.२	१५.५
जून	२४.२	१७.३	२४.३	१५.५	२३.७	१६.५
जुलाई	२३.१	१६.३	२४.३	१६.५	२३.९	१७.१
अगष्ट	२२.५	१६.२	२५.८	१७.१	२४.७	१६.९
सेप्टेम्बर	२२.८	१३.६	२३.७	१६.९	२३.१	१६.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्टोबर	२१.२	१२.३	२२.६	११.४	२२.१	११.४
नोभेम्बर	१७.७	८.९	१७.८	९.१	१९.६	९.१
डिसेम्बर	१६.७	५.८	१६.१	५.९	१७.८	५.९
	२०.३	११.४	२०.६	११.६	२०.९	

१९६५ देखि १९८६ सम्मको औसत

	१९६९		१९७०		मासिक औसत	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१४.७	४.१	१३.२	३.८	१४.०८	४.३
फेब्रुअरी	१७.०	६.३	१५.६	५.४	१७.७४	५.८
मार्च	२१.४	११.१	१९.९	९.६	१९.४०	९.२
अप्रिल	२४.२	१३.८	२३.७	१३.७	२२.८६	१३.०
मे	२४.३	१४.७	२४.७	१५.५	२४.६६	१५.१
जून	२५.४	१७.१	२३.९	१६.६	२४.३०	१६.८
जुलाई	२४.६	१७.२	२४.०	१७.४	२३.९८	१७.०
अगष्ट	२३.९	१६.८	२५.३	१७.१	२४.४४	१६.९
सेप्टेम्बर	२१.८	१५.८	२४.२	१६.३	२२.६६	१५.६
अक्टोबर	२१.८	१२.३	२३.४	१३.३	२२.२०	१२.२
नोभेम्बर	१९.३	९.३	२०.२	८.७	१८.९२	८.६
डिसेम्बर	१६.९	६.१	१७.४	५.७	१६.९८	६.०
१९६९ देखि १९७० सम्मको औसत	२१.३	१२.०	२१.३	११.९	२०.८८	११.७

माथिको तथ्याङ्कबाट ओखलढुङ्गामा वर्षको अधिकतम तापमान औसत २०–२१ डिग्रीको छेउछाउसम्म पुग्ने तथा न्यूनतम तापमान ११–१२ डिग्री रहने गरेको पाइन्छ । तर गर्मीको याममा कुनै वर्ष जून (असार) मा २५ डिग्रीसम्म पुगेको देखिए तापनि साधारणतः सबैभन्दा गर्मी अगष्ट (भदौ) मा नै हुने गरेको पाइन्छ । जाडोको याममा जनवरी (पुस–माघ) को औसत चार डिग्रीसम्म तापमान ओर्लिने देखिएको छ । पांच वर्षमा सबैभन्दा कम तापमान १९७० को जनवरीमा ३ . ८ डिग्रीसम्म झरेको देखिन्छ ।

यो जिल्लाको पातले, रावादोलु, खिजिफलाटे, रगनी, कटुन्चे, प्राप्चा, बिलन्दु र बिटुगार गाउँ पञ्चायतका केही भागमा हिउँदमा वर्षेनी हिउँ पर्छ तापनि घाम लागेमा पांच-सात दिनमा नत्र १०–१५ दिनमा पग्लिएर जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन तथा वनस्पति

यस जिल्लामा वनको सर्वेक्षण रेखाङ्कन तथा ब्लक–वितरण आदि नभइसकेकोले वनको क्षेत्रफल यकीनसाथ भन्न सकिन्न। तर जिल्लाको सामान्य अवस्थिति १,५०० मिटर (४,९२० फीट) भन्दा बढी उचाइमा भएकोले १,२१२ मिटर (४,००० फीट) को अग्लाइमा मिश्रित, त्यहाँदेखि माथि २,१२१ मिटर (७,००० फीट) सम्ममा पतझड र अझ माथि कोणधारी वनस्पति साधारणतः पाइन्छन्। यस जिल्लामा पाइने मुख्य मुख्य प्रकारका रूखहरूमा चाँप, साल, सल्लो, चिलाउने, उत्तिस, पातले, गुराँस, बाज, आरुपाते, बोटधएरो, खएर, ओखर, ठिंगुरे र लप्सी मुख्य छन्। अरू रूखहरूमा बाँस, सिमल, पुयौं, दुदिलो, कुटमिरो, कोइरालो, टाँकी आदि हुन्। बिलन्दु गाउँ पञ्चायतभन्दा उत्तर २,७२७ मिटर (९,००० फीट) उचाइसम्म फैलिएको "गौरी वन" जिल्लाको प्रमुख वन हो।

वन पैदावारहरूमा जटामसी, नीरमसी, हर्रो, बर्रो, अमला, पाखन्बेत, सिन्कौली, चिराइतो, रुविलो, खोटो, गाई तिहारे, बोझो, भविटो, अपमार्ग, वंशलोचन, टिम्मुर आदि छन्। कहीं कहीं सल्लाको खोटो निकालेर वा आँखा तरुवा कदम (सरुवा) को दाना पेलेर निकालिएको तेलबाट बत्ती बाल्ने काम लिएको पाइन्छ। लेकाली सल्लोबाट निकालिएको फल्याकहरू घर छाउनमा पनि प्रयोग गरिन्छन्। लेकमा पाइने अरगेलीबाट कसै कसैले नेपाली कागज बनाउने गर्छन्। जिल्लाको जन-जीवनमा घाँस, दाउरा आदि वन्य पैदावारहरूले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ।

पशु-पक्षी

यस जिल्लामा पाइने जनावरहरू भालू, चितुवा, मृग, घोरल, रतुवा, खरायो, बाँदर, स्याल, झारल, आदि हुन्। चरा चुरुङ्गीमा कालिज, तित्रा, ढुकुर, मुजूर, च्याखुरा, लुइँचे, रूपी, काग आदि छन्।

खनिज पदार्थ

जिल्लाको कतिपय स्थानमा पाइने खनिज पदार्थहरूको तालिका यस प्रकार छ :–

स्थान वा गाउँ पञ्चायत क्षेत्र	खनिज पदार्थ
खानीडाँड़ा, सानीटार भदौरे, आदि	तामा
मोली, मानेभञ्ज्याङ आदि	चूनखानी
टगनी, बिगुटार आदि	खरी
कोडकडेनी, याकले आदि	फलाम

जिल्लाका कैयौं घरहरू छाउने काममा स्थानीय स्लेट र ढुङ्गा तथा विद्यालयका विद्यार्थीहरूले लेख्ने कामको लागि खरी प्रयोग गरेको पाइन्छ। सानीटार, ढुग्रे आदिको तामा र फलाम अघि अघि निकाल्ने पनि गरिन्थ्यो भनिएको छ तर वैज्ञानिक सर्वेक्षण नभएकोले किटानसाथ भन्न सकिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

प्राचीन किरात राजा यलम्बरले पश्चिममा त्रिशूली नदीदेखि पूर्वमा टिष्टासम्म आफ्नो राज्य विस्तार गरेका थिए भन्ने अनुमान वा दावी[1] सत्य भएको खण्डमा हालको ओखलढुङ्गा क्षेत्र पनि उक्त राज्यमा परेको हुनुपर्छ भन्ने अड्कल गर्न सकिन्छ। हाल ओखलढुङ्गा जिल्लास्थित रुम्जाटार प्राचीन "रुम" राईहरूको गाउँ थियो भन्ने जनश्रुतिको आधारमा र अझसम्म पनि साधारण बोलीमा यो क्षेत्रलाई वल्लो किरात भनिने गरेकोबाट पनि किरातहरूको प्रभुत्त्व यस क्षेत्रमा रहेको अडकल गर्न गाह्लो पर्दैन।

वि. सं. १५३० तिर यक्ष मल्लले आफ्नो राज्य छोराहरूमा विभाजन गरिदिंदा रण मल्लको भागमा बनेपा राज्य पर्न आएको बुझिन्छ। बनेपाको राज्य पूर्वमा दूधकोशीसम्म फैलिएको थियो भनिन्छ[2] र हालको ओखलढुङ्गा जिल्लाको पूर्वी सीमानाले पनि दूधकोशीलाई नै छुन पुगेकोले यो क्षेत्र उक्त मल्ल राज्यमा सम्मिलित भएको हुनु पर्छ। बेंडलले पनौतीमा भेट्टाएको एक अभिलेख अनुसार प्रताप मल्लका समकालीन भक्तपुरका राजा जगतप्रकाश मल्ल र उनका छोरा जितमित्र मल्ल पनि उक्त बनेपा राज्यका राजा भएका थिए[3] अर्थात् त्यसबेला ओखलढुङ्गा क्षेत्र भक्तपुर राज्य अन्तर्गत पर्न गएको थियो।

तर अर्को एक स्रोतको अनुसार प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह मल्लले आफ्नो फौजलाई काजी भीम मल्लको नेतृत्वमा पूर्व सर गर्न पठाएका थिए र सो फौजसँगको भीडन्तमा हारेपछि ओखलढुङ्गा क्षेत्रका किरातहरूले आत्म समर्पण गरेका हुनाले सो क्षेत्र मल्ल शासन अन्तर्गत पर्न आएको थियो।

यसपछिको इतिहासमा ओखलढुङ्गाको उल्लेख स्पष्ट रूपले भएको फेला नपरे तापनि यसको भू-भागको सन्दर्भ विभिन्न ठाउँमा दिइएको छ। नेपाल उपत्यकामा रहेका विभिन्न मल्ल राजाहरूको आपसी झइ-झगडा र तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहसित रहेको सम्बन्धको ऐतिहासिक विवेचनामा सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा र त्यसभन्दा पूर्व दूधकोशीसम्मको भू-भागको चर्चा गरिएको छ। ओखलढुङ्गाको पूर्वी साँध दूधकोशी भएकोले माथि उल्लेख गरिएको भू-भागभित्र ओखलढुङ्गा जिल्लाको भू-भाग पनि पर्न आउँछ। यसरी यसजिल्लाको इतिहासमाथि केही प्रकाश पार्ने प्रयत्न गरिएको छ।

कान्तिपुरको ठकुराईमा रहेको यो भू-प्रदेश ई. सं. १७४६ मा पुनः

---

1 Chemjong, Iman Singh—History & Culture of the Kirat People, Page 7

२ बालचन्द्र शर्मा,– नेपालको ऐतिहासिक रूपरेखा पृष्ठ १४३

३ बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ १४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरको अधीनमा हुन गयो। हुनत यसमा पृथ्वीनारायण शाहको ठूलो हात थियो तर उनले सो भू-भागलाई आफ्नो राज्यमा नगाभेर भक्तपुरको ठकुराईमा रहन दिए। यसको पछाडि महत्वपूर्ण ऐतिहासिक कारण भएको पाइन्छ। पृथ्वीनारायण शाहले पहिले नेपाल उपत्यका जित्ने योजना बनाउँदा नुवाकोट जिल्ला जितिए पछि कान्तिपुरकै ठकुराईमा रहेको नुवाकोटदेखि पूर्वपट्टिको सिन्धुपाल्चोक जिल्लाको साथ मिलेको काभ्रेपलान्चोक जिल्ला, दोलखा जिल्ला र तामाकोशीदेखि पूर्वपट्टि दूधकोशीसम्मको विस्तृत भू-भाग एकै घानमा जितेर कान्तिपुरका ठकुराईलाई काठमाडौं उपत्यकाभित्र मात्र सीमित गराउने तजबीज गरेका थिए। यस कामका निमित्त सिन्धुपाल्चोक जिल्ला र काठमाडौं उपत्यकाका सीमानाका अग्ला डाँडामा बनिरहेको नालदुमगढी दखल गर्नु आवश्यक थियो।

पृथ्वीनारायण शाहले पहिलो पटक नालदुमगढीमा आक्रमण गर्न ई. सं. १७४५ मा आफ्नो फौज पठाएका थिए। तर उक्त फौजमाथि जयप्रकाश मल्लको सैन्यले अचानक धावा बोल्दा गोरखाली कमाण्डर मारिए र अरू बाँकी सैन्य तितर बितर भए। त्यसताका जयप्रकाश मल्लले रणभीम थापालाई नालदुमदेखि पूर्वपट्टि दूधकोशीसम्मको प्रदेशको रक्षा गर्न राखेको भए तापनि यिनी गोरखालीहरूसित लडेनन् र यिनैका भाइ पर्ने काशीराम थापालाई नालदुमबाट पठाएका थिए।

काशीरामले गोरखालीहरूलाई नालदुमबाट धपाउन सफल भएकाले यिनको महत्व बढ्दै गयो र फलस्वरूप जय प्रकाशले यिनलाई नालदुमको उमराव बनाएर राखे। पछि यिनलाई नुवाकोट हान्न पनि पठाइयो तर जयप्रकाशको सो कार्य सफल हुन सकेन।

काशीराम थापा नुवाकोट हान्न जाँदा असफल भएपछि काठमाडौं नफर्की टोखा भएर सोझै आफ्नो घर पलान्चोकतिर लागेका थिए। यो व्यवहारबाट चिढिएर जयप्रकाश मल्लले मौका छोपी यिनलाई काटिदिए। यस हत्याले नालदुमका थापाहरू सब जयप्रकाश मल्लसित चिढिए। थापाहरूको जयप्रकाशप्रतिको असन्तोषको भावनाबाट फायदा उठाउने चाल पृथ्वीनारायण शाहले चल्न थाले। उनले यी थापाहरूलाई गुप्तरूपले नुवाकोट बोलाउन पठाए र त्यसैअनुसार परशुराम थापा पृथ्वीनारायण शाह कहाँ पुगे।

सो गुप्त भेटमा पृथ्वीनारायण शाहले थापाहरूको उमराईमा रहेको सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा र दूधकोशीसम्मको प्रदेश उनीहरूकै उमराईमा थामिदिने र साँखु, चाँगु दुई मौजा भक्तपुरका राजा रणजित मल्लका निम्ति दखल गरिदिने योजना राखे। सो प्रस्ताव जयप्रकाश मल्लसित चिढिएका परशुराम थापाले सहर्ष स्वीकार गरे र भक्तपुरका राजालाई पछि सुनाउँदा उनले पनि त्यसमा सही थापे। यसै योजना अनुसार पृथ्वीनारायण शाहले दुवै थरीबाट स्वीकृतिको समाचार पाएपछि ठूलो सैनिक दल नालदुममा पठाए। त्यहाँ परशुराम थापाले गढीको द्वार खुला राखिदिएका हुनाले बिना रक्तपात त्यहाँ गोरखालीहरूको अधिकार भयो। सो अधिकार भएको ३१ अगष्ट, १७४६ ई. सं. मा हो।

त्यसको लगत्तै पछि कान्तिपुरका राजा जयप्रकाश मल्ललाई उनका पुराना बागी भएका मन्त्री तौधिकले ललितपुरमा लखेटी पठाए। यस घटना पछि पृथ्वीनारायण शाहले आफ्नो चाल बदल्नु पर्‍यो। उनले आफ्नो हात माथि राख्ने र तौधिकको मुख बुजो लाउने साथै राजा रणजित मल्ल र परशुराम थापाको चित्त बुझाउने योजना तयार गरे। काठमाडौं उपत्यकाको मैदानी भागमा रहेका साँखु, चाँगु दुई मौजाका निमित्त कान्तिपुरको जनता तौधिकको नेतृत्वमा मरिमेट्न अघि सर्ने देखेर पृथ्वीनारायण शाहले सामरिक महत्वको नालदुमगढी आफ्ना दखलमा राखेर साँखु, चाँगु दुई मौजा तौधिकलाई सुम्पेर उनको मुख बुजो लाउने विचार गरेर यो प्रस्ताव अघि सार्दा बिना लडाइँले दुई मौजा हात लाग्ने देखेर तौधिकले यो प्रस्ताव सहर्ष स्वीकार गरे। सम्भवतः यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि लगत्तै महादेव पोखरीका गढीमा पृथ्वीनारायण शाहले राजा रणजित मल्लसँग भेट गरी साँखु, चाँगुका बदलामा सिन्धुपाल्चोक, काभ्रे पलान्चोक, दोलखा जिल्ला र तामाकोशी पारी दूधकोशीसम्मका मौजाहरू समेत रणजित मल्ललाई सुम्पिदिए। यसरी ओखलढुङ्गाको इलाका पुनः भक्तपुरको ठकुराईमा आउनगयो। तर खासासम्मको वाणिज्य मार्गको रक्षा गर्ने अभिभारा र जगात भन्सारको आम्दानी लिने अधिकार पनि गोरखालीले आफ्नै हातमा राखिछाडेकाले कान्तिपुरबाट खोसेर लिइएका पूर्वतिरका जिल्लाहरूमा दोहरो शासनको व्यवस्था हुन गएको थियो।

ई. सं. १८५० मा कान्तिपुरमा जयप्रकाश मल्लको पुनरुत्थान भयो। त्यहाँको शक्ति हत्याएर बसेका तौढिक मन्त्रीले आत्महत्या गरे। जयप्रकाश मल्लको हातमा कान्तिपुरको बाग्डोर पर्ने बित्तिकै थिनले गोरखालीहरू विरुद्ध लड्न कम्मर कस्न लागे। यिनले बिस्तार बिस्तार सैनिक बल बढाउँदै गएको र लमजुङका राजाहरूको गोरखालीसित लडाईं हुने वातावरण सिर्जना हुन लागेकोले जयप्रकाश मल्ल नालदुमगढी फिर्ता लिएर दूधकोशी-सम्मको गुमेको आफ्नो ठकुराईको विस्तृत भू-भाग वापस लिने ठीक मौकाको प्रतीक्षामा थिए।

गोरखालीले दहचोक दखल गर्नुभन्दा दुई तीन महीना पहिले गोरखाली सैनिक दल दहचोकतिर लागेका समयमा सेनापति चिकुटी मास्केको नेतृत्वमा सैनिक दल पठाएर जयप्रकाश मल्लले एक्कासी महादेव पोखरीका गढीमा आक्रमण गर्दा त्यहाँ रक्षक भएर रहेका निजिकीदेवर्षि उपाध्याय मारिए र उमराव आशाजित भण्डारीले भागेर ज्यान बचाए। त्यहाँ रहेको थोरै गोरखाली सैनिक हताहत भएर यत्रतत्र लागे। यो समाचार सुनेर नालदुम गढीका चौतरिया जहाँगीर शाहले त्यहाँ अड्न सम्भव नदेखेर आफू र आफ्ना साथका थोरै सैनिक लिई साँगाचोक-को सुरक्षित स्थानमा आएर आड जमाए। सो घटना ई. सं. १७५४ को हो। यसरी महादेव पोखरी र नालदुम गढी सजिलैसित जयप्रकाश मल्लको हातमा पर्न गयो। उता खासालाई उपनिवेश बनाएर बसेका तिब्बतीहरू जगात्–भन्सार उठाउने गोरखालीहरूसँग प्रसन्न थिएनन् र गडबड मचाइरहन्थे। थिनकासाथ खासादेखि तलतिर विगुमा रहेका शेर्पा पनि मिल्दथे। चिकुटीले नालदुम गढी दखल गरेपछि यी तिब्बती र शेर्पा समेत तलतल आई जयप्रकाश मल्लको दुहाई गर्दै उपद्रव गर्न लाग्दा निक्कै खलबल चल्यो। ई. सं. १७४७ देखि १७५३ तक पूरा सात वर्षसम्म "नालदुम पूर्व दूधकोशी, पश्चिम दोखला सहित शत्रुको भूमि जितेर राज्य गरिरहेका समयमा यो सुवर्णद्वार बनाएँ" भनी रणजित मल्लले चिकुटीले नालदुम दखल गर्नुभन्दा केही महीना पहिले गर्वसँग आफ्ना राजदरबारका मूल ढोकाका खापाहरूमा सुवर्ण लेख प्रकाशित गराएका थिए। नालदुमको पतन र तिब्बती र शेर्पाहरूको उपद्रवको समाचार सुनेपछि यिनले पनि त्यो विस्तृत भू-भागमा अधिकार थाम्न कठिन देखे।

परन्तु यस समयसम्म गोरखालीको शक्ति प्रशस्त मात्रामा बढिसकेको थियो। गढीहरूको संरक्षकको असावधानीले मात्र चिकुटीले दुबै गढी दखल गरेका हुन्, पुरुषार्थ लगाएका होइनन् भनी पृथ्वीनारायण शाहले चाल पाए। यस कारणले दहचोकको गढी जितेर नाम कमाएका काजी तुलाराम पाण्डे र शिवराम सिंह बस्न्यात-का नवयुवक माहिला छोरा कहरसिंह बस्न्यातको नेतृत्वमा नालदुमगढी दखल गर्नलाई एक गोरखाली सैन्य दल पृथ्वीनारायण शाहले नुवाकोटबाट खटाए। यस समयसम्ममा नुवाकोट साँगाचोक उत्रने बाटो सूलबाटो बनि-सकेको थियो। यसकारणले अघि जुन मार्गबाट शिवराम सिंह बस्न्यातको नेतृत्वमा गोरखाली सैन्य दल नुवाकोट-बाट साँगाचोकमा उत्रेको थियो उसै मार्गबाट तुलाराम पाण्डेको नेतृत्वमा आएको गोरखाली सैन्य दल नालदुमतिर बढ्यो। तुलाराम पाण्डेले रातपरेपछि साँगाचोकबाट झरी दियालाको उज्यालोले पटेर बाक्लो भएको ओरालो र उकालोको जङ्गल र बीचमा परेको सालीनदी समेत पार गरी आधा रातको बेला पारेर एक्कासी गढीमा आक्रमण गर्दा कान्तिपुरका रक्षक दल लगभग सबै हताहत हुँदा उनीहरूले गढी खाली गरिदिए। सो घटना १ अगष्ट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१७५४ को दिन घटेको थियो। यो समाचार सुनेर महादेव पोखरीका गढीमा रहेका सैनिक पनि हटे। तुलाराम पाण्डेले नालदुमगढीमा चौतरिया जहाँगीर शाहलाई थामी महादेव पोखरीका गढीमा अर्का रक्षक नियुक्त गरे।

अब पृथ्वीनारायण शाहले विशेष गरेर दोलखा जिल्लामा रहेको ठोसेको फलाम खानी आफ्नो दखलमा ल्याउनको निमित्त दूधकोशीसम्म नै आफ्नो दखल जमाउनु नितान्त आवश्यक थियो। यसकारणले पृथ्वीनारायण शाहले तुलाराम पाण्डे र कहरसिंह बस्न्यातका हातमा दोलखाली देशवार प्रधानहरूलाई "पालुङ्गे, टिष्टुङ्गे र चितलाङ्गे सोझा भई हामीसँग मिलेका हुनाले उनको रक्षा हामीले गरेका छौं। नालदुम पूर्व हाम्रो अम्बल भयो। तिमी प्रजापात हो मेरा हजूर्मा आओ। तिम्रा जिउ-धनको म रक्षा गरूँला। पीछा दिइ अर्को तरह गरे भने श्रीगोरखनाथको कुदृष्टि। धर्म दिइकन पनि नआए तिमीहरूको जायदाद गरौंला" भन्ने सन्देश पठाउँद। यिनीहरू गोरखाराज्यमा मिल्न मन्जूरभएका हुनाले दूधकोशीसम्मको भू-भाग गोरखाराज्यम। सम्मिलित भयो। यो पत्र व्यवहार भएको ई. सं. १७५४ को अगष्ट महीनामा हो। यसरी काठमाडौं उपत्यकाका राज्यहरूमाथि कब्जा गर्नु अगाडि नै ओखलढुङ्गा जिल्ला पृथ्वीनारायण शाहको अधीनमा आएको हो।[१]

---

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग २ र ३ मा आधारित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

ओखलढुङ्गा बजार

यस जिल्लाको सदरमुकाम ओखलढुङ्गा बजार हो । यो ठाउँ समुद्रको सतहदेखि १,८८३ मिटर (६,२७८ फीट) को उचाइमा अवस्थित छ। जिल्लाको सदरमुकाम हुनुको साथै व्यापारको मुख्य केन्द्र पनि यही हो र जिल्ला प्रशासनसँग सम्बन्धित प्रायः जम्मै सरकारी अड्डाहरू यहीं केन्द्रित छन् । यहाँको बजार भैरवटोल र राम बजार वा वल्लो र पल्लो बजार नाउँले दुई भागमा बाँडिएका छन् । सदरमुकामको घर संख्या २०० र खुद्रा पसल ३४ छन् । यहाँ भएका माध्यमिक विद्यालय, स्वास्थ्य चौकी, आकाशवाणी केन्द्र, पशु-चिकित्सालय तथा अन्य सरकारी तथा गैर-सरकारी कार्यालयहरू बारे पछि उल्लेख हुने छ। यहाँका २,००० जति जनसंख्याको लागि पानीका १२ वटा सार्वजनिक धारा २०२९।३० मा जडान भएका थिए। यहाँ शनिबार हाट लाग्छ ।

ओखलढुङ्गा पुग्ने मूल बाटोहरू चारवटा छन् जुन रामेछाप, खोटाङ, सोलुखुम्बू तथा उदयपुर जिल्ला भएर जान्छन् । ओखलढुङ्गा बजार पश्चिममा रामेछापको सदरमुकामबाट ६० किलो मिटर (१९ कोस), पूर्वमा खोटाङको सदरमुकाम दिक्तेलबाट ३८ किलोमिटर (१२ कोस) र उत्तरमा सोलुखुम्बूको सदरमुकाम सल्लेरीबाट करीब २८ किलोमिटर (नौ कोस) मा पर्दछ। राजधानी काठमाडौंबाट यो ठाउँ १४४ किलोमिटर (४५ कोस), अञ्चलको सदरमुकाम राजविराजबाट १२८ किलोमिटर (४० कोस) र सगरमाथाको फेदीस्थित नाम्चे बजारबाट करीब १०२ किलोमिटर (३२ कोस) पर्दछ। काठमाडौंबाट ओखलढुङ्गा सदरमुकाम पुग्न-लाई हवाइ यातायात चलेको समयमा काठमाडौं–रुम्जाटार, काठमाडौं–लामीडाँडा तथा काठमाडौं–लुक्लाका तीन हवाइ मार्गहरू उपयोगी हुन्छन् । रुम्जाटारबाट सदरमुकाम करीब छ किलोमिटर (दुई कोस) मात्र हुनाले बास बस्नु पर्ने स्थिति आइपर्दैन। तर खोटाङस्थित लामीडाँडाबाट जानु परे ओखलढुङ्गा सदरमुकामको करीब २८ किलोमिटर (नौ कोस) बाटो एकै दिनमा छिचोल्न गाह्रो पर्ने हुनाले रमुवाघाटमा एकरात बास बसेर भोलिपल्ट करीव छ किलोमिटर (दुई कोस) जतिको मात्र हिंडाइ पर्छ। लुक्लाबाट जानु परे पनि २८ किलोमिटर (नौं कोस) जति हिंड्नु पर्ने हुनाले बाटोमा एक रात बास पर्न सक्छ।

काठमाडौंबाट रामेछाप भएर पैदल ओखलढुङ्गा जानलाई पाँच दिन जति लाग्छ। ओखलढुङ्गा पुग्ने चौथो सजिलो बाटो जनकपुरबाट गोदार र कटारी हुँदै उत्तर जान्छ र सो दूरी तीन दिनको पैदल यात्रामा पूरा हुन्छ। तर हिउँदमा जनकपुरबाट गोदारसम्म बसमा चार घण्टामा पुग्न सकिन्छ। यो गोदार महेन्द्र राजमार्गमा पर्ने हुनाले पूर्वमा भद्रपुर–विराटनगरबाट पनि मोटरमा पुगिन्छ। गोदारबाट चिसापानीसम्म बस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र चिसापानीबाट कटारी ट्रक वा जीपद्वारा पुगिन्छ। तर कटारीबाट मोटर चल्न सक्ने सडक नभएकोले ओखलढुङ्गासम्म पैदल हिंड्नु पर्छ। हिंड्न सक्ने मान्छेले यो दूरी दुई दिनमा पनि छिचोल्न सक्छ तर अरूलाई अलि बढी लाग्छ। टोक्सेल घाटमा बास बस्नु सुविधाजनक हुन्छ।

रूम्जाटार

यो ठाउँको नाउँ किन रुम्जाटार रहेको हो भन्ने प्रसङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमिमा आइसकेको छ। पूर्वी नेपालमा गुरुङहरूको योभन्दा घना बस्ती शायद अर्को नहोला। गुरुङ जाति र भेडा पालनलाई अधिराज्यमा पर्यायवाची मान्ने परम्परा भए झैं यो रूम्जाटार पनि भेडा पालनको निमित्त प्रख्यात छ र यहाँ बनेका राडी, पाखी, लुकुनी नामी छन्।

सदरमुकामभन्दा करीब छ किलोमिटर (दुई कोस) उत्तर–पूर्वमा ठोट्ने र सिस्ने खोलाहरूका बीचमा रुम्जाटार अवस्थित छ। जिल्लाका प्रमुख स्थानहरूमध्ये यो ठाउँ सरदर चार किलोमिटर (सवा कोस) लामो र सरदर झण्डै एक किलोमिटर (चौथाई कोस) फराकिलो रमाइलो टार हो। यहाँ एउटा स्वास्थ्य केन्द्र, एक माध्यमिक विद्यालय तथा औलो उन्मूलन कार्यक्रमको एक शाखा छ। ब्रिटिश गोरखा फौजका भूतपूर्व जवानहरूको कल्याण तथा तालीम केन्द्र पनि यहाँ सञ्चालन गरिएको छ।

ष्टोल विमान ओर्लन सक्ने सानो हवाइ मैदान पनि रुम्जाटारमा भएकोले हवाइ सेवा चलेको समयमा यस भेकका जनतालाई काठमाडौं र जनकपुर आउँन जान सजिलो पर्दछ। जिल्लाको एकमात्र हवाइ मैदान यहीं भएकोले शाही नेपाल वायुसेवा निगमले अघि अघि चार्टर हवाइ सेवा मात्र चालू गरिआएकोमा हाल नियमित हवाइ सेवा शुरू गरेको छ जसले गर्दा काठमाडौं–रुम्जाटार र जनकपुर–रुम्जाटारको सोझै हवाइ सम्पर्क स्थापित भएको छ।

रुम्जाटार पुग्ने मुख्य दुईवटा बाटोहरू छन्–ओखलढुङ्गाबाट एक र सोलुखुम्बूबाट ऐंसेलुखर्क भएर एक। पहिलो बाटो भएर जाँदा बीचमा सिस्नेखोला पर्छ र ऐंसेलुखर्कको बाटो जाँदा भेटिने मुख्य नदी दूधकोशी हो।

मानेभञ्ज्याङ

सदरमुकामबाट १९ किलोमिटर (छ कोस) जति दक्षिणमा रहेको यो ठाउँ ओखलढुङ्गाबाट उदयपुर-को कटारी र जनकपुरसँग जोड्ने बाटोमा पर्ने रमाइलो स्थान हो। यहाँको सानो टुंडिखेल अघि छोटी जङ्गी अड्डाको कवाज मैदान थियो। हाल यहाँ प्रहरी चौकी एक र अतिरिक्त हुलाक एक छन्। प्राथमिक विद्यालय पनि छ।

सदरमुकामबाट बेतिनी, भोली, उबु आदि गाउँ पञ्चायत भएर पनि मानेभञ्ज्याङ पुगिन्छ र टोक्सेल पुलदेखि थाक्ले गाउँ पञ्चायत हुँदै पनि पुगिन्छ। यी दुवै बाटोमा खोला-नदी कुनै पर्दैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोडकडेनी

यो ठाउँ सदरमुकामभन्दा करीब आठ किलोमिटर (तीन कोस) पूर्वमा पर्दछ र जिल्लाबासीहरू यसलाई धार्मिक र ऐतिहासिक दुवै महत्वको स्थान मान्दछन्। पृथ्वीनारायण शाहको पूर्वी अभियानको सिलसिलामा रामकृष्ण कुंवरले यहाँ आफ्ना फौजको निमित्त एक गढी बनाई देवी स्थापना गरेका थिए भन्ने जनश्रुतिको बारे यो जिल्लाको ऐतिहासिक पृष्ठभूमिमा उल्लेख भइसकेको छ। त्यही विश्वासको आधारमा स्थानीय जनताले त्यहाँको एक गुम्बज जस्तो ठाउँमा गढी देवीको पूजा गर्ने परम्परा आजसम्म प्रचलित छ।

ककनी

जिल्लाको सदरमुकामबाट २२ किलोमिटर (सात कोस) जति पश्चिममा रहेको ककनी धार्मिक दृष्टिले निक्कै महत्वको ठाउँ हो। यहाँको ककनी वा चम्पादेवी मन्दिरमा ऋषि तर्पणीको दिन लाग्ने धामीहरूको मेला र लक्ष्मी पूजादेखि लाग्ने १५ दिने मेला हेर्न वरिपरिका जिल्लाबाट पनि मानिसहरू आउँछन्। यहाँका झरनाहरू पनि रमणीय छन्।

अरू स्थानहरू

जिल्लाको पश्चिमी सीँध लिखुखोलाको पूर्वपट्टि गुठी संस्थानद्वारा सञ्चालित नर्मदेश्वर महादेवको मन्दिर भएको सतलुङ गाउँ पञ्चायत क्षेत्र माघे संक्रान्ति र बाला चतुर्दशीमा लाग्ने मेलाको निमित्त प्रख्यात छ। सदरमुकामभन्दा एक किलोमिटर (चौथाई कोस) जति पूर्वमा रहेको होल्पु त्यहाँको "मिशन" औषधालयको निमित्त, दूधकोशी र सुनकोशीको दोभानस्थित जोर्तिघाट प्राकृतिक सौन्दर्यको निमित्त र दूधकोशी किनारस्थित रमुवाघाट हरिबोधिनी एकादशीको मेलाको निमित्त प्रसिद्ध स्थानहरू हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

वि. सं. २०२८ सालको जनगणनानुसार जनसंख्याको आधारमा अधिराज्यका ७५ जिल्लामध्ये ओखलढुङ्गा जिल्लाको स्थान उनन्चासौं हुन आउँछ । अञ्चलको तुलनामा यसको रूप निम्न तालिकाबाट झल्किन्छः—

	जिल्ला र अञ्चलको जनसंख्या		
	अञ्चलको	ओखलढुङ्गाको	प्रतिशत
क्षेत्रफल (हेक्टरमा)	१२,५५,२००	१,०६,१००	८.५
जनसंख्या	१३,१३,४८०	१,२२,८६२	९.३

सगरमाथा अञ्चलका सात जिल्लाहरूमध्ये क्षेत्रफलको दृष्टिले यसको स्थान पाँचौं छ र पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने १६ जिल्लाहरूको तुलनामा यस जिल्लाको स्थान तेह्रौं हुन आउँछ । विकास क्षेत्रमा योभन्दा साना जिल्लाहरू तेह्रथुम, सप्तरी र सिराहा तीनवटा मात्र छन् ।

यस जिल्लाको १,२२,८६२ जनसंख्यामध्ये लोग्नेमानिस ५९,४८५ र स्वास्नीमानिस ६३,३७७ (अर्थात् ३,८९२ बढी) देखिन्छ। यो जिल्लाको जनघनत्व ११६ व्यक्ति प्रतिवर्ग किलोमिटर हुन आउँछ।

यस जिल्लाको जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजित गर्दा ० देखि पाँच वर्षका, छ देखि १५ वर्षसम्मका र १६ देखि माथिका मानिसहरूको संख्या निम्नकिसिमको देखिन्छः—

	पुरुष		महिला		जम्मा	
उमेर समूह	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५ वर्ष	१०,२५४	१७.२	११,३१६	१७.८	२१,५७०	१७.५
६–१५ वर्ष	१६,४४३	२७.६	१५,६७५	२४.७	३२,११८	२६.१
१६ देखि माथि	३२,७८८	५५.१	३६,३८६	५७.३	६९,१७४	५६.३

माथिको तालिकामा ०— पाँच वर्षको उमेर समूहलाई बढ्दै गरेको केटाकेटीहरूको समूह, छ—१५ वर्षको उमेर समूहलाई शिक्षालय जाने समूह तथा १६ वर्षदेखि माथिको बाँकी समूह गरी जम्मा तीन समूहमा विभाजन गरिएको छ । यसरी विभिन्न समूहमा विभाजन गरी नौ वर्ष मुनि र ६० वर्ष माथिको उमेर समूहमा पर्नेलाई आर्थिक दृष्टिकोणबाट आश्रित जनसंख्या मान्ने हो भने तिनीहरूको संख्या ४३,९७९ हुन आउँछ । १० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूहमा पर्ने जनसंख्यालाई आर्थिक दृष्टिबाट सक्षम अर्थात् आर्थिक लाभ हुने काममा लागेको जनसमूह मान्ने हो भने यो संख्या ७८,८८३ हुन आउँछ । यसरी हिसाब गर्दा ओखलढुङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने एक जनामाथि सरदर १.६ आश्रित व्यक्तिको आर्थिक भार रहेको देखिन्छ। अथवा १०० जना अनाश्रित मानिसले १६० जनाको आर्थिक जीविका चलाउनु पर्ने हुन आउँछ। यसरी यो जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:६० रहेको छ।

आर्थिक दृष्टिबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन अन्तर्राष्ट्रिय चलन अनुसारको उमेर समूहको आधार मान्ने हो भने ओखलढुङ्गा जिल्लाको आर्थिक निर्भरताको अनुपात पनि केही फरक हुन आउँछ। १५ देखि ६४ वर्षको उमेर समूहलाई सक्षम जनशक्ति र ६४ भन्दामाथि तथा १५ वर्षभन्दा सुनिको समूहलाई आश्रित जनसंख्या मानिएको छ। यो चलन अनुसार हिसाब गर्दा यहाँ अनाश्रितहरूको संख्या ६७,४८८ र आश्रितहरूको संख्या ५५,३७४ हुन आउँछ। यसबाट के कुरा प्रष्ट हुन्छ भने प्रत्येक सक्षम व्यक्तिमाथि सरदर १.८ व्यक्ति आश्रित छन्। अथवा १०० जना मानिसले १८० जनाको आर्थिक निर्वाह चलाउनु पर्नेहुन्छ। यो तथ्याङ्कको आधारमा ओखलढुङ्गा जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८० हुन आउँछ।

पहाडी जिल्ला भएकोले हुनसक्छ ओखलढुङ्गाको एउटै पेशा खेतीपाती हो भने हुन्छ किनभने जिल्लाको कुल जनसंख्यामध्ये ९७.७ प्रतिशत पुरुष र ९९.२ प्रतिशत महिलाको जीविका यसैबाट सञ्चालित भएको छ। संगठित उद्योग-धन्धा कुनै नखुलेको हुनाले तिनमा लाग्ने जनसंख्या त नगण्य छँदैछ। सरकारी जागीरमा तथा व्यापारमा लाग्नेहरूको संख्या पनि नगण्य छ जुन निम्न तालिकाबाट स्पष्ट हुन्छः—

वास्तविक नियुक्तिको आधारमा वर्गीकरण

	पुरुष		महिला	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
कृषकहरू	३३,८३१	९७.७	२५,७६१	९९.२
गोठपालाहरू	८६	०.२	७४	०.३
खुद्रा व्यापारी	१५६	०.५	२४	०.१
सरकारी पिउन आदि	१०९	०.३	१	०.०
सरकारी कारिन्दा आदि	११९	०.३	३	०.०
प्राथमिक विद्यालयका शिक्षक	१००	०.३	७	०.०

उक्त तालिकाबाट जिल्लामा रोजगारीको संभावनाहरू सारै नै सीमित भएको छर्लङ्ग हुन्छ तर यस सम्बन्धमा अरू चर्चा जिल्लाका अर्थ व्यवस्थाको सन्दर्भमा गरिनेछ।

जिल्लाको कुल परिवार संख्या २७,९८० छ र परिवारमा औसत सदस्य संख्या पाँच छ। सबैभन्दा धेरै परिवार (अर्थात् १२,२९२) मा तीनदेखि पाँच सदस्य छन् र छदेखि नौ सदस्य भएका परिवारको स्थान दोस्रो छ। २० भन्दा बढी सदस्य भएको परिवारको संख्या नगण्य छ।

यस जिल्लाका छदेखि नौ वर्ष उमेरका केटाहरू र केटीहरूमध्ये क्रमशः १९ र २५ जनाको विवाह भइसकेको जनगणनाले देखाएकोबाट जिल्लामा बाल-विवाह प्रचलित भएको स्पष्ट हुन्छ। अझ १० देखि १४ वर्षका केटा-केटीहरूमा त यो संख्या क्रमशः १०८ र २६१ पुगेको पाइन्छ। छदेखि नौ वर्षभित्रको एक जना केटा र १० देखि १४ वर्षका एक केटीले पारपाचुके पनि गरेको देखिन्छ।

ओखलढुङ्गा जिल्लामा ४८ गाउँ पञ्चायत छ। जनसंख्याको दृष्टिकोणले गाउँ पञ्चायतहरूलाई वर्गीकरण गर्दा ४,००० भन्दा बढी र १,००० भन्दा कम जनसंख्या भएका गाउँ पञ्चायतहरू कुनै पनि देखिँदैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैभन्दा बढी अर्थात् करीब ६८.८ प्रतिशत गाउँ पञ्चायतको जनसंख्या २,००० र २,९९९ को बीचमा रहेको पाइन्छ ।

जिल्लाका ४८ गाउँ पञ्चायतहरूमध्ये फेदीगुठ गाउँ पञ्चायतको जनसंख्या सबैभन्दा बढी (३,९७७) र सतलुङ गाउँ पञ्चायतको सबैभन्दा कम (१,५५७) छ । विभिन्न गाउँ पञ्चायतहरूको जनसंख्याको तालिका निम्नप्रकार छः–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अघेरी	२,३१२	२. ओखलढुङ्गा	३,१२८
३. उर्वु	२,४६८	४. कटुञ्जे	३,२१०
५. कुइभिर	२,२४६	६. कुवापानी	२,०२९
७. कोडकडेनी	२,७७४	८. कोलगौर फूलबारी	१,९७३
९. खिजी चण्डेश्वरी	२,६८४	१०. खिजी फलाटे	२,२८५
११. गैयाडाँडा	२,२७७	१२. घोराखरी	२,२४२
१३. च्यानाम	२,५३५	१४. ज्यामिरे	२,२५९
१५. टारकेराबारी	१,७२१	१६. ठूलाछाप	२,७३५
१७. ढुस्के	२,६०१	१८. थाक्ले	३,७१८
१९. दियाले	२,३८६	२०. नरकटे	१,६९८
२१. पलापु	२,७३२	२२. पातले	२,९८४
२३. प्राप्चा	२,८४२	२४. पोखरे	१,८५४
२५. फेदीगुठ	३,९५५	२६. बलखु	२,७९८
२७. बाकसा	२,४०७	२८. बाप्चु	१,७२१
२९. बिगुटार	३,१३०	३०. बिलन्दु	२,३९९
३१. बैतिनी	२,४११	३२. भदौरे	२,१४९
३३. भाम्खा	३,२५६	३४. माधवपुर	२,२६७
३५. मानेभञ्ज्याङ	२,४०९	३६. मूलखर्क	२,४५०
३७. मूलपधेरा	२,८८२	३८. मोली	३,२४७
३९. यसम	२,२०८	४०. रगनी	३,६२३
४१. रातामाटे	१,७४५	४२. रावादोलु	२,७५७
४३. रुम्जाटार	२,२०५	४४. सरलुङ	१,५५७
४५. सानिटार	२,६३०	४६. सिस्नेरी	३,१५५
४७. सेर्ना	२,७०४	४८. हर्कपुर	२,२९०

भाषा-भाषी

भाषा-भाषीको आधारमा २०२८ सालको जनगणनाले जिल्लाको जनसंख्यालाई निम्न रूपमा वर्गीकरण गरेको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा बोलिने भाषा-भाषीको तालीका

बोलिने भाषाभाषी	संख्या	प्रतिशत
नेपाली	७२,२७४	५९
किराती	१३,३४७	१०.८
तामाङ	१०,४३६	८.५
मगर	१०,०६४	८.०
शेर्पा	५,७४९	४.०
नेवारी	४,१९१	३.४
सुनुवार	३,५१४	२.४
अन्य	२,२८०	३.९

अन्य भाषा-भाषी बोल्नेको समूहमा गुरुङ, लिम्बू, राजवंशी, सतार आदि जातिका मानिसहरू पर्न आउँछन्। राई–लिम्बू, मगर–गुरुङ, तामाङ–शेर्पा आदिले आपसमा निजी बोलीहरू उपयोग गरे तापनि अन्तर्जातीय संवादको माध्यम नेपाली भाषा नै छ।

धर्मको दृष्टिकोणले यस जिल्लाको बहुसंख्यक जनसंख्या हिन्दू छन्। दोस्रो स्थान बौद्धमार्गीहरूको छ तापनि हिन्दूहरूको तुलनामा उनीहरू करीब १० प्रतिशत जति मात्र छन्।

जन जीवन

यस भेकका आदिम जातिहरूमध्ये राईहरूकै नाउँ प्रायशः सुनिन्छ। शहर बजारमा भादगाउँ र धुलिखेलबाट आएर बसोबास गरेका नेवारहरू छन् र उत्तरी भेकमा तामाङ र शेर्पाहरूको बस्ती छ। पश्चिमी सीमानाको हेकगङ्गाको किनारपट्टि सुनुवारहरू र सुनकोशी नदीको किनार किनारमा माझीहरूको बसोबास छ। जिल्लाको दक्षिणी भेकमा राई–मगरहरू र पूर्वी भेकमा बाहुन-क्षेत्रीहरू छन्। जिल्लाका अन्यत्र ठाउँमा विभिन्न जात जाति मिसिएर बसोबास गरेका पाइन्छन्। रुम्जाटार क्षेत्र पूर्वीया गुरुङहरूको मूल थलो मानिन्छ।

गुरुङ

रुम्जाटारका गुरुङहरूको परम्परा अनुसार रुम्टीखोलाको पानी खान हुन्न भन्ने छ। पश्चिमबाट बसाइँ सर्दै आउँदा यस क्षेत्रको प्राचीन राईहरूसँग गुरुङहरूको संग्राम भएको थियो र सो संग्राममा रक्ताम्य भएका हतियार उक्त खोलामा धोइएका हुनाले त्यहाँको पानी बिटुलिएको छ भन्ने जनश्रुति छ।

पश्चिमका गुरुङहरूको तुलनामा यहाँ गुरुङ बोली कम बोलिन्छ यद्यपि कतिपय घरायसी सामानहरूको गुरुङ नाउँ अझ प्रचलित छ। पृथ्वीनारायण शाहले रुम्जाटार सर गरेको बेलामा पनि त्यहाँको गुरुङ राजाको पुरोहित बुंग नामको पोखरेल बाहुन थिए भन्ने विश्वासको आधारमा यहाँका गुरुङहरू साधारणतः बाहुन पुरोहित नै चलाउँछन् र हिन्दू रीति-थिति स्वीकारेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमका गुरुङहरूमा यो कुरो लागू हुने नहुने थाहा पाइएको छैन तर यहाँ घले थरका लोग्ने मानिसहरूले कुखुरा खानुहुँदैन, स्वास्नीमानिसले चाहिं खाए हुन्छ भन्ने विश्वास गरिन्छ।

छैटीको दिन बच्चाको भाग्य भावीले लेख्छ भन्ने विश्वासको आधारमा बत्ती बालेर कलम कापी राखिदिन्छन्। परिवार र छरछिमेकका सबै घरबाहिर बसी जाग्राम गर्छन्, भोज-भतेर खान्छन्।

गर्मीमा भेडी गोठ लेख सार्ने र हिउँदमा ओराल्ने प्रचलन भएको हुँदा वैशाखी पूर्णेलाई उँभौली र मंसीर पूर्णेलाई उँधौलीको रूपमा चाड मान्ने गर्दछन्।

राई

यहाँका राईहरूमा छोरो जन्मदा तीन दिन लगातार कुखुरा काट्ने, छोरो जन्मेको दिन भाले र छोरी जन्मेको दिन पोथी काट्ने आदि प्रथाहरू प्रचलित छन्। परिवारमा मृत्यु भएको खण्डमा लाश नजीक कुखुराको मासु र भात राखिदिएर घरैमा छोडी पहिले चिहान तैयार गर्न जान्छन् र पछि मात्र लाश लान्छन्। मानिस मरेको घरमा चोखिने दिनसम्म छिमेकीहरू आएर राती राती रुङने गर्छन्।

तामाङ

यहाँका तामाङहरूले कालिका र जालिका दुई देवीहरू मान्ने गरेको पाइन्छ। कालिकालाई बलि चढ्छ तर जालिका शाकाहारी भएकोले बलि चढ्दैन। रुम्जाली गुरुङहरूको झैं यिनीहरूको पनि एक ठूलो चाड वैशाखी पूर्णिमा हो।

नेपाली, भारतीय र ब्रिटिश फौजमा प्रशस्त संख्यामा भर्ना भएर देश-विदेश घुम्ने अवसर पाएकाले तथा आधुनिक आवहवामा बढ्दो संख्यामा हुर्के बढेकाले अघि अघिका सामाजिक कट्टरताहरू यस जिल्लाका मगर, गुरुङ, राई, लिम्बू, सुनुवार आदि बीच घट्तै गएको देखिन्छ र यो प्रक्रियालाई धेरथोर शिक्षाको प्रसारले पनि मद्दत गरेको छ। हुन त यी धेरैजसो जातिहरूमा परम्परागत हिसाबले पनि बाहुन-क्षेत्रीमाभन्दा बढी सामाजिक सहिष्णुता र उदारता पाइनु यिनीहरूको एक विशेषता नै हो तापनि आधुनिकताको प्रभाव र आर्थिक स्तरको वृद्धि सँगसँगै धेरै पुराना मान्यताहरूमा आज सुधार आएको देखिन्छ। फलस्वरूप यी जातिहरू बीच अन्तर्जातीय बिहे-बारीको अनुपात र सामाजिक सामञ्जस्यको भावना पनि बढ्दैछ।

अघि अघि पूर्णरूपमा हिन्दू संस्कारहरू नअपनाएका मगर, गुरुङ, सुनुवार आदि जातिहरू बढ्दो रूपमा हिन्दू धार्मिक मान्यताहरूको प्रभावमा आइरहेका हुनाले र दशैं, तिहार जस्ता देशव्यापी चाडबाडहरूलाई द्रुतगतिले अपनाउँदै गएकाले पनि राष्ट्रिय एकीकरणको दिशामा ठूलो सघाउ पुग्न गएको अनुमान गर्न सकिन्छ।

एक त कृषि प्रधान र त्यसमाथि पनि देशकै अन्य कैयौं जिल्लाहरूको तुलनामा धेरै पिछडिएको यस ओखलढुङ्गा जस्तो जिल्लामा विभिन्न जात-जातिहरू बीच निकट सम्बन्ध हुनु पर्ने कुरो एक आर्थिक र व्यावहारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनिवार्यता पनि हो । गाउँ घरमा धनीवर्गका बाहुन क्षेत्रीहरू र शहरी क्षेत्रमा नेवार व्यापारीहरूले लगानीमा साझा माध्यमको रूपमा काम गर्दछन् । त्यस्तै जिल्लाका उद्यमशील गुरुङहरूले बनाएका राडी-पाखीहरू, नेवारहरूले बनाएका भाँडा वर्तनहरू, कामीले बनाएका औजार र हतियारहरू, सार्कीले बनाएका जुत्ताहरू इत्यादि अरू जम्मै जातिका जनताको निमित्त जीवनोपयोगी उत्पादन हुन गएका छन् र जिल्लाका जातिहरू बीच आर्थिक सम्बन्ध दरो बनाउने यी पनि ठूला कडीहरू हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

कृषि

यस जिल्लामा विभिन्न पेशामा लागेका जनताको अनुपात सम्बन्धी केही चर्चा जनसंख्या र जन-जीवनको परिच्छेदमा पनि भइसकेको छ। २०२८ सालको जनगणनाले विभिन्न व्यवसायमा लागेका व्यक्तिहरूको जुन वर्गीकरण गरेको छ त्यसबाट जिल्लाका ९७.९६ प्रतिशत सक्षम व्यक्ति खेतीपातीमा लागेको र बाँकी २.०४ प्रतिशत आर्थिक आयका अन्य स्रोतहरूमा संलग्न भएको निम्न तालिकाबाट देखिनआएको छः–

खेती र अन्य उद्योगमा लागेका जनसंख्या

	संख्या	प्रतिशत
कुल सक्रिय जनसंख्या	६१,३३३	१००
खेतीपाती, माछा आदि	६०,०७३	९७.९६
उत्पादन, श्रमिकहरू	४५७	२.०४
कार्यालय कर्मचारी	३४३	
पेशेवार, प्राविधिक	१४९	
बेच-बिखन	१८२	
अरू	१२९	

उक्त तालिकाबाट यो जिल्लाको प्रमुख आर्थिक आधार कृषि नै भएको स्पष्ट हुन्छ।

यस जिल्लाको वैज्ञानिक तरीकाबाट नापी भएको छैन र जमीन सम्बन्धी तथ्याङ्क वि.सं. १९९९ को नापीको आधारमा छ। जिल्लाको क्षेत्रफल १,०६,१०० हेक्टर (करीब २१,२३,००० रोपनी) मध्ये आवादी जमीन ८,६०० हेक्टर (१,७२,००० रोपनी) मात्र भएकोले प्रतिव्यक्ति ०.०७ (१.४ रोपनी) आवादी जमीन पर्न आएको देखिन्छ। अर्थात् एक हेक्टर (२० रोपनी) आवादी जमीनमा १४ व्यक्ति जीवनयापनको लागि निर्भर छन्।

जिल्लामा धान खेत लाग्ने जमीन २,३५० हेक्टर (६,७०० रोपनी) मात्र छ। बाँकी ६,२५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेक्टर (१,२५,१६० रोपनी) मा पाखे बाली मात्र लाग्छ। खेततर्फ अब्बल, दोयम, सिम र चाहारमध्ये जिल्लामा अब्बल जमीन भएको देखिँदैन। पाखातर्फ कुनै वर्गीकरण भएको छैन। २०२९।३० सालको मालको लगतअनुसार जिल्लामा आवादी जमीन यस प्रकार छः–

जमीनको किसिम	क्षेत्रफल माटो मुरीमा[1]					क्षेत्रफलः हेक्टरमा
	खेत	मुरी	पाथी	माना	मुठी	(पाथी, माना छोडेर)
अब्बल	–	–	–	–	–	–
दोयम	४	८०	११	४	–	६.०
सिम	३	१	११	४	–	३.७६
चाहार	६९	८९	१४	७	४	६.७३
किसिम नखुलेको	६५४	८४	५	२	४	८६८.५
खेततर्फ जम्मा	७३२	५६	३	१	८	८८७.५४
पाखातर्फ जम्मा	१,७०५	२	५	–	८	२,१३१.२७
जिल्लाको[2] कुल आवादी जमीन	२४३७	५६	८	२	६	३०१८.८१

वि. सं. २०२८ सालको कृषि तथ्याङ्क अनुसार यस जिल्लामा हुने प्रमुख बालीहरू र तिनले ढाकेका जमीनको क्षेत्रफलको विभिन्न वर्षको तालिका यस प्रकार छः–

बालीको आधारमा क्षेत्रफल (हेक्टरमा)

	२०२४	२०२५	२०२६	२०२७	२०२८	२०२९
धान	२,२००	२,३००	२,३००	२,३५०	२,२८७	२,३००
मकै	६,२००	६,२००	६,५००	६,६००	६,५००	६,५००
गहुँ	५२५	५२५	५५०	५५०	५२५	५५५
कोदो	२,१००	२,१००	२,१००	२,१५०	–	३,१७८
जौ	२२५	२२५	२२५	२३५	–	२००
आलु	२,२००	२,२५०	२,३००	२,३००	–	२,२५०
कुल क्षेत्रफल	१३,४५०	१३,६००	१३,९७५	१४,१८५	–	१४,९८३

वि. सं. २०२८ सालको कृषि तथ्याङ्कअनुसार २०२४ सालदेखि २०२७ सालसम्म जिल्लामा उक्त प्रमुख खाद्यान्नको उब्जनी निम्नतालिका बमोजिम थियोः–

१. १० मुठी=एक माना, आठ माना=एक पाथी, २० पाथी=एक मुरी, १०० मुरी=एक खेत

२. २०२८ सालमा प्रकाशित कृषि तथ्याङ्कमा दिइएको आवादी जमीन र यो अङ्कमा भिन्नता देखिएकोले प्रकाशित अंकलाई नै प्रमाणिक मानिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पादनको तालिका

(मेट्रिक टनमा)

	२०२४	२०२५	२०२६	२०२७	२०२८	२०२९
धान	४,५७६	४,८३०	५,०६०	५,४०५	५,०३१	४,६००
गहुँ	५२५	५३८	५८३	४६७	४७३	५५५
मकै	१२,४००	१२,८६५	१२,८३८	१३,५३०	१०,१२७	११,०५०
कोदो	२,९१०	२,९४०	२,९४०	३,०१०	–	४,४६५
जौ	२२३	१२३	२२७	२३७	–	२०२
आलु	१३,४८५	१२,७६८	१२,४२०	१२,४२०	–	११,९२५
कुल उब्जनी	३४,११९	३४,०६४	३४,०६८	३५,०६९	–	३२,७९७

मकै

यस जिल्लाको सबैभन्दा प्रमुख बाली मकै भएको तथ्य उक्त तालिकाबाट स्पष्ट भएको छ। तथ्याङ्क प्राप्त वर्षहरूमा मकैको खेती ६,२०० हेक्टरबाट बढेर २०२७ सालमा ६,६०० हेक्टर भएको थियो। तर २०२८ र २०२९ मा क्षेत्रफल फेरि घटेर ६,५०० मा आएको पाइन्छ। त्यसै प्रकारको स्थिति उत्पादनमा पनि देखिन्छ। १२,४०० मेट्रिक टनबाट वृद्धि भएर चार वर्षमा बढेर १३,५३० मेट्रिक टन पुगेपछि २०२८ सालमा ३,००० मेट्रिक टन फेरि घटेको पाइन्छ तर २०२९ सालमा यस वर्षभन्दा १,००० मेट्रिक टन जति उब्जनी बढेकोले स्थिति अलि सुध्रेको देखिन्छ तापनि २०२७ सालको तुलनामा अझ कमै छ।

धान

जिल्लाको प्रमुख बालीहरूमा धानको दोस्रो स्थान छ। २०२४ सालमा धान खेती हुने क्षेत्रफल २,२०० हेक्टर थियो र २०२७ सालमा त्यसमा १५० हेक्टरको वृद्धि भई सो २,३५० हेक्टर पुग्यो। तर २०२८ र २०२९ सालमा यो क्षेत्रफल फेरि घटेको छ। उब्जनीको दृष्टिले २०२६, २०२७ र २०२८ सालमा स्थिति प्रायः एकैनासको देखिन्छ तापनि २०२९ सालको उब्जनी चाहिं फेरि २०२४ सँग होड गर्न खोजेको छ। अर्को अनौठो कुरो यहाँ के देखिन आउँछ भने क्षेत्रफलसँग उब्जनीको तुलना गर्दा प्रति हेक्टर २.३ मेट्रिक टन औसत उब्जनी भएको ठाउँमा २०२५ साल र २०२७ सालको उब्जनी दाँज्दा प्रति हेक्टर ६.२ मेट्रिक टन हुन आएको छ।

आलु

क्षेत्रफलको दृष्टिले आलुको खेती र धानको खेती करीब बराबर क्षेत्रफलमा गरिएको छ। वजनको आधारमा हेर्दा प्रति हेक्टर धानभन्दा आलुको औसत उब्जनी धेरै भएको देखिन्छ। २०२४ सालमा २,२००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेक्टरमा १३,४८५ मेट्रिक टन आलु फल्यो। २०२८ सालको तथ्याङ्क प्राप्त छैन तर २०२९ सालमा आलुको उब्जनी पनि २०२४ सालकोभन्दा करीब २,००० मेट्रिक टन कम भएको देखिन्छ।

कोदो

उत्पादनको दृष्टिले नभएपनि क्षेत्रफलको दृष्टिले जिल्लाका प्रमुख बालीमा धान र आलुसँग होड गर्ने बाली कोदो देखिन्छ। उक्त छ वर्षहरूमा अरू खाद्यान्नहरू लगाउने क्षेत्रफलमा घटबढ भइरहेको पाइन्छ र वृद्धि भएको भए तापनि घतलाग्दो देखिंदैन। तर कोदो चाहिं २०२४ सालको २,१०० हेक्टरबाट २०२७ सालमा २,१५० हेक्टर र २०२९ सालमा ३,१७८ हेक्टर पुगेको तथ्य उत्साहजनक मान्नुपर्छ। २०२४ र २०२९ सालको तुलनामा उब्जनी पनि १,५०० मेट्रिक टन वृद्धि भएको छ।

नगदे बालीहरू

साधारणतः जिल्लाको खेतहरूमा धान, गहुँ, मकै, फापर, मास, गहत क्रमशः जेठदेखि साउनसम्म, असोजदेखि पुससम्म, माघदेखि फागुनको आधा सम्म, पुस महीनाभरी र साउन महीनाभरी लगाइन्छ। धान कातिकदेखि मंसीरसम्ममा काटिन्छ, गहुँ वैशाख भर, मकै असारदेखि साउनसम्म, फापर चैत्रदेखि वैशाख ५१ सम्म, पाखातर्फ कोदो असारदेखि भदौसम्म, फापर भदौभरी, जौ र गहुँ भदौदेखि असोजसम्म तथा आलु माघ १५ देखि खेततर्फ र पाखातर्फ वैशाखभरी लगाउने चलन छ। कोदो कात्तिक मंसीरमा पाक्छ, फापर मंसीर-पुसमा, जौ वैशाख-जेठमा र गहुँ जेठ-असारमा तयार हुन्छ। आलु असारको दोस्रो सातादेखि भदौको अन्त्यसम्ममा उखेली सकिन्छ।

जिल्लाका नगदे बालीहरूमध्ये उखु, कपास र तेलहनलाई लिन सकिन्छ। सुर्ती खेती सुनकोशीको बेंसी भागमा निक्कै लगाइन्छ र जिल्लाको ६० प्रतिशत जति सुर्ती उत्पादन यसै क्षेत्रमा भएको अडकल गरिन्छ। कपास खेती सम्बन्धी तथ्याङ्क प्राप्य छैन तापनि यस जिल्लाको तलुवा, भदौरे, पोखरे, थाक्ले आदि क्षेत्रमा यसको निक्कै खेती हुन्छ। नगदेबाली सम्बन्धी प्राप्य तथ्याङ्क निम्न प्रकार छः—

वर्ष	तेलहन		उखु		सुर्ती	
	क्षेत्रफल	उब्जनी	क्षेत्रफल	उब्जनी	क्षेत्रफल	उब्जनी
२०२४	३००	१२३	५	६०	१०	६
२०२५	३२५	१३३	१५	१७७	१०	६
२०२६	३००	१२५	१५	१८८	१०	६
२०२७	३१०	१३२	१५	१८९	१०	६
२०२८	—	—	—	—	—	—
२०२९	३००	१३५	१५	१८९	११	६

उक्त तालिकाबाट तेलहन, उखु र सुर्ती तीनै खेतीमा गत सात वर्षमा केही प्रगति भएको देखिंदैन। उदाहरणस्वरूप तेलहन खेती लगाइएको क्षेत्र २०२४ सालमा ३०० हेक्टर भएको ठाउँमा २०२९ सालमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३०० नै रहेको छ। यही कुरो सुर्ती खेतीमा पनि लागू हुन्छ। केवल उखुको खेतीमा क्षेत्रफल उक्त सात वर्षमा पाँचदेखि २०० प्रतिशत बढेर १५ हेक्टर पुगेको र उब्जनी पनि ६० मेट्रिक टनदेखि त्यसै अनुपातमा बढेर १८६ मेट्रिक टन पुगेको देखिन्छ।

खाद्यान्नको दृष्टिकोणले ओखलढुङ्गा जिल्लालाई अभावग्रस्त क्षेत्र मानिन्छ। पहाडमा वर्षभरीमा १६० के. जी. औसत खाद्यान्न प्रति व्यक्ति चाहिने अडकलको आधारमा वर्षेनी करीब १,८७८ मेट्रिक टन अन्नको कमी २०२६ सालको एक सर्वेक्षण अनुसार देखिएको हो। फेरि वर्षा याममा यस जिल्लाको अरू जिल्लाहरूसँगको संपर्क प्रायः नहुने हुनाले बाहिरका क्षेत्रहरूबाट त्यसबेला खाद्यान्न ओसार्न पनि मुश्किल पर्छ। यसैले अभावका समयमा यहाँका कैयौं मानिसहरू चुईयाँ, मारताङ आदि कन्दमूलहरू खाएर पनि जीविका चलाउँदछन्।

तर २०२८ सालमा प्रकाशित कृषि तथ्याङ्क र त्यसपछि कृषि मन्त्रालयद्वारा संकलित अरू तथ्याङ्कको आधारमा उखु, तेलहन आदिलाई छोडेर ओखलढुङ्गा जिल्लाको खाद्यान्न उत्पादन गत तीन वर्षमा निम्न प्राकरको देखिएको छः–

जिल्लाको कुल खाद्यान्न उत्पादन	
२०२७	३५,०६६ मेट्रिक टन
२०२८	१५,६३१ मेट्रिक टन (यो वर्षमा कोदो, जौ आदिको तथ्याङ्क प्राप्त नभएको)
२०२९	३२,७९७ मेट्रिक टन

वि. सं. २०२८ साललाई छोडेर अरू दुई वर्षको औसत खाद्यान्न उत्पादन ३३,९३३ मेट्रिक टन लिन सकिन्छ। २०२८ सालमा जिल्लाको १,२२,८६२ जनसंख्या भएको आधारमा औसत वर्षमा २७० के. जी. अर्थात् प्रति दिन ०.७३ के. जी. मात्र अन्न प्रति व्यक्तिको भागमा पर्न आएको देखियो।

वि. सं. २०२६ सालको एक सर्वेक्षणको आधारमा उक्त वर्ष जिल्लाको कृषि उत्पादनको मूल्य यस प्रकार निर्धारण गरिएको थियोः–

खाद्यान्नको मूल्य [1]

रू. हजारमा

कृषि उत्पादन (खाद्यान्न र अन्य)	पशुपालन मासु,घ्यू, आदि	अन्य	जम्मा	प्रतिशत
३७,३७२	८,५६५	२,२९७	४१,९३४	०.९४

उक्त तालिकामा दिइएको उत्पादन अनुपातले अधिराज्यसँगको तुलनात्मक रूप पेश गर्दछ। अरू एउटा जिल्लाको उत्पादनसँग यो अनुपात दाँज्दा यसको स्थिति अझ स्पष्ट हुन्छ। तर यहाँ केवल पर्वतीय जिल्ला महाभारत पहाडी जिल्ला एउटा र तराई जिल्ला एउटा मात्र नमूनाको निमित्त लिइएको छ जसबाट झापा र काठमाडौं जस्तो जिल्लाको तुलनामा ओखलढुङ्गाको उत्पादन धेरै कम छ तापनि रसुवाको तुलनामा बढी नै भएको निम्न प्रकार देखिन्छः–

१. Road Feasibility Study, page 79

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	जिल्ला	उत्पादन
तराई क्षेत्रमा	झापा	४.६५ प्रतिशत
महाभारत पहाडी क्षेत्रमा	काठमाडौं	१.९६ प्रतिशत
पर्वतीय प्रदेशमा	रसुवा	०.१९ प्रतिशत

यस जिल्लामा खेताला "पर्म" व्यवस्थाको आधारमा उपलब्ध गर्ने व्यापक चलन छ। ज्यालामा खेताला लगाउँदा प्रति दिन लोग्ने मानिसलाई बिहान बेलुका खान दिए रू. तीन र खान नदिए रू. छ औ स्वास्नी-मानिसलाई खान दिए रू. पाँच मोहर र खान नदिए रू. पाँच दिने चलन छ। अर्काको मेलामा जाँदा खाना अनिवार्य रूपले खुवाउने चलन छ। यहाँ कहीं कहीं "परेलीको" चलन पनि पाइन्छ। यो चलन अनुसार दुई घरदेखि लिएर १० घरसम्मका मानिसहरू मिल्दछन् र कुन दिन के काम गर्ने हो सो पनि पहिले नै निश्चित गरेर उक्त कार्यक्रम अनुसार सब घरका मानिहरू मिली एक दिन एउटाको, अर्को दिन अर्काको काम गरी सबैको काम फत्ते गर्दछन्।

पशुपालन

ओखलढुङ्गाका गुरुङहरूले भेडा गोठ राख्ने कुरा उल्लेख भएको छ। यिनीहरूका गोठ सोलुखुम्बू जिल्लाका लेकहरूमा पनि पुन्याइएका हुन्छन् र हिउँदमा मात्र उँभो ओरालिन्छन्। पहाडी ठाउँमा यातायातका साधनको रूपमा हुनेखानेले घोडा राख्ने चलन छ तर खच्चर पाल्ने यहाँ कमै हुन्छन्। खसी, बाखा, गाई, भैंसी प्रायः सबैले र सुंगुर, हाँस, कुखुरा बाहुन क्षेत्री बाहेक अरूले पालन रूचाउँछन्। राँगा, कुखुरा, सुंगुर यस जिल्लामा आयात हुन्छन् र खसी, बोका र घोडा निर्यात हुन्छन्।

फलफूल खेती

सदरमुकामदेखि पूर्व रुम्जाटार र पोखरे गाउँ पञ्चायतको चिसंखुमा सुन्तला खेती गरिएको छ। हाल धनकुटाबाट २,००० बिरुवा ल्याई वितरण गरिएको पनि छ। अरू फलफूलमध्ये लेकमा कहीं कहीं ओखर, आरु, आदि र बेंसीमा आँप, लिची, केरा, नासपाती, आरु आदि हुन्छन्।

कृषि ऋण

कृषि ऋणको संगठित स्रोत यस जिल्लामा थिएन तर २०३० पुस १ मा कृषि विकास बैंकको ओखलढुङ्गा उप-शाखाको उद्घाटन भएको छ। स्थापना भएको दुई महीनापछि प्राप्त तथ्याङ्कअनुसार छ जना किसानलाई आलु खेती गर्न ३,०६०। र पाँच जनालाई गहुँ खेती गर्न १,६३०। ऋण प्रदान गरेको पाइएको छ। जिल्लामा कृषि ऋणको स्रोत परम्परागत साहू महाजन नै छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो जिल्लामा नापी भइनसकेको कुरा माथि उल्लेख भएको छ। भूमिसुधारको लगतको आधारमा जिल्लामा जग्गा-धनीको कुल संख्या २५,२५२ छ। यी जग्गाधनीलाई निम्न रूपमा वर्गीकरण गर्न सकिन्छ :–

जमीनको आकार	जग्गा धनीको संख्या
एक हेक्टर (२० रोपनीसम्म) हुने	२४,६००
साढे एक हेक्टर (३० रोपनीसम्म) हुने	४६०
दुई हेक्टर (४० रोपनीसम्म) हुने	१००
तीन हेक्टर (६० रोपनीसम्म) हुने	३३
चार हेक्टर (८० रोपनीसम्म) हुने	५९
पाँच हेक्टरभन्दा बढी हुने	शून्य

आफ्नो जमीन नभई अर्काको जग्गा कमाउनेको संख्या उक्त लगतमा १८० मात्र देखिन्छ।

यस जिल्लामा हालसम्म कूत निश्चित भएको छैन तर मालपोत उठाउने दृष्टिकोणले यो जिल्लालाई निम्नलिखित मौजाहरूमा विभाजित गरिएको छः–

बुङनाम, च्यानम, चुप्तु, तिलपुङकट्टी, चिसंखु, अलुवा, चौरास र सोलु।

खेततर्फको मालपोत उठाएर जिम्मावालले बुझाउँछन् र पाखातर्फ मुखियाले। जिल्लामा जिम्मावालको संख्या १९६ र मुखियाको संख्या ३३० छ।

ऋण निश्चित गर्ने र अनिर्वाय बचतको असूल गर्ने कार्यमा जिल्लाको तथ्याङ्क यस प्रकार छः–

ऋण निश्चित गर्ने र अनिर्वाय बचत असूल गर्ने कार्यक्रम जारी नै छ। २०२९।३० को तथ्याङ्क अनुसार यस जिल्लामा रू. १०,७६,०००। ऋण निश्चित गरियो। रू. १,६१,०००। ऋण मिनाहा दिइयो र अनिर्वाय बचत असूलीतर्फ रू. १,१४,०००। प्राप्त भयो। त्यस्तै जिन्सीतर्फ क्रमशः ३०४ मुरी ऋण निश्चित, २८० मुरी मिनाहा र ४,३१६ मुरी अनिवार्य बचत असूल गरिएको थियो।

कृषि विकास

यो जिल्लामा कृषि प्रसार कार्यक्रम सीमितरूपमा मात्र चालू भएको छ र बागबानी र फलफूलको क्षेत्रमा स्थानीय जनताको चाख वृद्धि गर्नमा केही हदसम्म क्रियाशील रहेको पाइन्छ। जिल्लास्थित कृषि खरीद-बिक्री संस्थानको उप-शाखाले कृषि विकासको निमित्त चाहिने उन्नत जातको बीउ, मल, औजार, कीटनाशक औषधि आदि गत तीन वर्षदेखि बिक्री वितरण गर्दै आएको छ। प्राप्त तथ्याङ्कअनुसार गत तीन वर्षको तालिका यसप्रकार छः–

	२०२७।२०२८	२०२८।२०२९	२०२९।२०३०
रासायनिक मल बिक्री	दुई मेट्रिक टन	चार मेट्रिक टन	१८ मेट्रिक टन
उन्नत बीउ (गहुँ मात्र)	–	–	६०० के. जी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ जातका सुंगुर, साँढे, बोका, कुखुरा आदिको पालनप्रति जनरुचि हालसम्म सीमित नै छ तर सुन्तला, आँप, स्याउ, लिची आदि फलफूल लगाउनेतर्फ जनताको अभिरुचि आकर्षित हुँदै गइरहेको छ। हालसम्म वितरण गरिएका उन्नत जातका सुंगुर, चल्ला, सुन्तलाका बिरुवा, स्याउको बिरुवा, अलैंचीको बिरुवा र आँपका बिरुवा क्रमशः १६, २००,२,०००, २००,४०० र ६०० छन्। यी बाहेक जिल्लामा २०३०।०३१ सम्ममा नतीजा प्रदर्शन १७३, तरीका प्रदर्शन २१५, अगुवा तालीम १०६, मेला प्रदर्शन आठ, कृषिसभा ८४४ र कृषक "फील्ड" भ्रमण ३६ वटा आयोजना गरिएका छन् र कृषि विकासको निमित्त दिइएको ऋण रकम निम्न प्रकार छः—

ऋणको किसिम	रकम (रू. हजारमा)
उत्पादन	१८.८
पशु-पालन	१२२.५

रोगी पशु- पक्षीको उपचारार्थ २०१२ सालमा खोलिएको एउटा घुम्ती टोली २०१९ सालमा जिल्लास्तरीय पशु चिकित्सालय (पशु अस्पताल) को रूपमा परिणत भई राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख चिकित्सकद्वारा सञ्चालन हुँदै आएको छ। आर्थिक वर्ष २०२९।०३० मा त्यहाँ उपचार गरिएका विभिन्न रोगी पशुहरूको कुल संख्या ५, २०५ थियो औ खोप लगाइएका पशु संख्या २,५१८ थियो।

नहर तथा सिचाइ

यहाँ प्रायः आकाशको भरमा नै खेती हुन्छ। पानी परेन भने कुनै वर्ष कुनै कुनै ठाउँको खेतमा पनि धान नलगाई कोदो, फापर, मास, गहत आदि नै छरिन्छन्। जिल्लाको अधिकांश भाग पहाड र टारहरूले ढाकिएका हुँदा सामान्य सिचाइका तरीकाहरू त्यसै अनुपयोगी हुन्छन्। उसमाथि पैरो आदि गइरहने हुनाले लामा लामा नहरहरू निर्माण गरेर सिचाइ पुऱ्याउन पनि सम्भव हुँदैन। यसै कारणले हुनसक्छ जिल्लामा थालिएका कतिपय नहर तथा सिचाइ योजनाहरू जस्तै रम्पुटार सिचाइ योजना, ठोट्ने खोलाबाट रुम्जाटारलाई सिचाइ गर्ने योजना, पारा सिचाइ योजना आदि कुनै पनि सफलतापूर्वक कार्यान्वयन हुन सकेका छैनन्। स्थानीय विकास विभाग र जिल्ला पञ्चायतको सम्मिलित चेष्टाले गत २०२८।२९ सालमा थालिएको मूलखर्क-कार्कीटार सिचाइ योजना पनि अधूरो नै रहेको छ। हर्कपुर, कोडकडेनी र ढुस्के गाउँ पञ्चायतहरूले आफ्नै श्रम र पूँजीले एक एकवटा कच्ची कुलो खनी सिचाइ पुऱ्याएका तथा अरू ४३ वटा गाउँ पञ्चायतले सरकारी अनुदान र आफ्ना श्रमद्वारा केही कच्ची कुलोबाट सिचाइ व्यवस्था गरेका छन् तापनि केवल २८ हेक्टर वा जिल्लाको ०.२ प्रतिशत जमीनमा मात्र केही भरपर्दो सिचाइ सुविधा प्राप्त भएको छ।

उद्योग

जिल्लाको प्रायः सम्पूर्ण जनसंख्याको जीविकाको प्रमुख आधार खेती नै भएकोले खेतीबाट फुर्सद पाइएको समयमा धेरैजसो मानिसहरू बेरोजगार नै हुन्छन् तापनि कतिपयले राडी वा पाखी बुन्ने, बाँसका डोका-नाङ्ला बनाउने, कमीराको सूती, खाँडी वा ऊनको गलैंचा बुन्ने तथा नेपाली कागज बनाउने काममा लागेका छन् तर यी स-साना औद्योगिक व्यवसाय छोडेर अरू उल्लेखयोग्य काममा हात हालेको पाइँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुम्जाटारमा ७५ प्रतिशत जति निवासीहरूले र विशेषगरी गुरुङहरूले सोलुखुम्बूका लेकहरूमा वा अरू ठाउँमा पालेका भेडाहरूबाट प्राप्त ऊन अथवा ऊनबाट तयार गरिएका राडी, पाखी, लुकुनी, दोचा इत्यादि लिएर पूर्वमा खोटाङ जिल्लाका रसुवा र हलेंसी मेला, दक्षिण-पश्चिम उदयपुरको मैनी मेला आदि ठाउँमा बिक्री गर्न जान्छन्। जनकपुर, विराटनगर र काठमाडौंका बजारहरूमा पनि यी सामानहरू आइपुगेका देखिन्छन्। रुम्जाटारको राडी नेपालभरमा प्रसिद्ध छ। ओखलढुङ्गाको पूर्वी क्षेत्रमा खासगरी दूधकोशीको किनारामा कपासको थोर थोर खेती हुने हुनाले सेतो खाँडीको कपडा वा रङ्गीन कोगिटा बुन्ने काम पनि यहाँको घरेलु उद्योग-हरूमध्ये एउटा मान्न सकिन्छ। तर यी घरेलु उद्योहगहरू असंगठितरूपमा र प्रायः फुर्सदका बेलामा मात्र चलेका पाइन्छन्। कोडकडेनी र बलखु गाउँ पञ्चायतमा खाडी उद्योग, रावादोलु गाउँ पञ्चायतमा नेपाली कागज उद्योग र रुम्जाटार गाउँ पञ्चायतमा राडी उद्योग सरकारी सहयोगको आधारमा स्थापित हुन लागेका छन् साथै बाँसका मान्द्रा, चित्रा आदि बनाउने काम पनि भएको छ।

घरेलु उद्योग विभागले २०१६ सालमा रुम्जाटारमा एउटा घरेलु उद्योग तालीम केन्द्र खोलेको थियो तर सो २०२३ सालमा बन्द भयो। अन्तःशुल्क तिर्ने औद्योगिक प्रतिष्ठान जिल्लामा छैन।

व्यापार

भौगोलिक स्थितिले गर्दा र यातायातको असुविधाले गर्दा ओखलढुङ्गा जिल्ला व्यापारको दृष्टिले पनि पिछडिएको नै छ। पूर्व र पश्चिम भाग जोड्ने सडकहरूको कमी भएकोले र जति बाटो, गोरेटोहरू छन् ती मुख्यतः उत्तर-दक्षिण नदीका किनार, बगर र घाँटी भई जाने हुनाले व्यापारले पनि उत्तर दक्षिणकै बाटो पैल्याएको छ।

दक्षिणपट्टि भित्री मधेशको उदयपुरगढी वा तराईमा सिराहाको लाहान जस्ता बजारहरूबाट यो जिल्लाको निमित्त दैनिक उपभोगका सामानहरू खरीद गरेर ल्याउनु नै यहाँको प्रमुख थोक व्यापार हो। उत्तरको सोलुखुम्बू जिल्लामा पनि यस्ता सामानहरू यतैबाट जाने हुनाले र त्यो भेकबाट मधेशतिर निर्यात हुने ऊन, राडी, पाखी आदि प्रायः यो जिल्ला भएरै दक्षिण जाने हुनाले यस किसिमको व्यापारमा पनि यो जिल्लाबासीहरूको निकै हात छ।

जिल्लाभरको प्रमुख बजार ओखलढुङ्गा सदरमुकामकै बजार हो। रुम्जाटारलाई यहाँको दोस्रो बजार माने हुन्छ। यहाँ सातवटा पसल छन्। जिल्लाको कुनै न कुनै ठाउँमा हप्ताभरि नै हाट लागिरहन्छ र कुनै-कुनै दिन दुई वा बढी ठाउँमा पनि हाट लागेको पाइन्छ। प्रमुख हाटहरू निम्नप्रकार छन्:–

सोमबार	पाखे देउराली र सेलेले
मंगलबार	कोष र बोलकटी डाँडा
बुधबार	फलाँटे
बिहीबार	पोखरी डाँडा
शुक्रबार	पौवा भञ्ज्याङ खानी
शनिबार	ओखलढुङ्गा

जनकपुरबाट कटारीसम्म मोटरबाट ल्याइएका सामानहरू कटारीबाट ओखलढुङ्गासम्म मान्छेले बोकेर ल्याउँदा प्रतिधार्नी रू. दुई जति ढुवानी खर्च लाग्ने हुनाले ओखलढुङ्गामा बाहिरबाट आयात गरिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दैनिक उपभोगका चीज-बीजहरू त्यसै अनुपातमा महँगा छन् ।

जिल्लाबाट दक्षिण निर्यात हुने वस्तुमा राडी, पाखी आदि बाहेक घ्यू, जरीबूटीहरू (कुटकी, चिरैतो आदि), आलु, सुन्तला, नेपाली कागज, खसी, भेडा, घोडा आदि उल्लेखयोग्य छन् । उत्तरमा सोलुखुम्बू जाने बाटो ओखलढुङ्गा सदरमुकामबाट जाने भएकोले भारतबाट आयात गरिएका दैनिक उपभोगका सामान र कपडा आदि सायै धेरथोर स्थानीय खाद्यान्न पनि सोलुखुम्बूतिर पठाइन्छ । केही मात्रामा खोटाङबाट चामल आयात हुन्छ ।

जिल्लाको जनसंख्यामध्ये व्यापारमा लागेका व्यक्तिहरू कमै देखिन्छन् । जिल्लामा आयकर तिर्ने व्यापारीहरूको संख्या २०३० सालमा १६ जना मात्र थिए । २०२८ सालको जनगणनाले निर्माण कार्यमा लागेका ठेकेदारको कुल संख्या तीन देखाएकोमा आयकरको दृष्टिबाट ठेकेदार मानिएको व्यक्ति एकजना मात्र पाइन्छ। जिल्लाको व्यापारिक स्थिति यसबाट पनि छर्लङ्ग हुन्छ ।

बैंक

यस जिल्लाको एउटै व्यापारिक संगठन नेपाल व्यापार संघ हो । वैशाख २०३० सालमा सदरमुकाम-मा स्थापित राष्ट्रिय वाणिज्य बैंकको उप-शाखा जिल्लाको प्रथम वाणिज्य बैंक हो । जिल्लामा नेपाल राष्ट्र बैंकको शाखा नभएकोले यसले राष्ट्र बैंकको एजेन्टको रूपमा पनि काम गरिआएको छ । सरकारी, गैह्र सरकारी संस्था, व्यक्ति आदिको रूपैयाँ राख्ने, ऋण दिने आदि सेवा यसले पुऱ्याएको छ ।

वि. सं. २०३० साल मंसीर ३० गतेसम्म उक्त बैंकले गरेको लगानीमध्ये स्वदेशी बिलहरू खरीद रू. १२,०००। र कर्जा सापटको रकम रू. २,००,०००। देखिएको छ ।

वि. सं. २०३० साल माघ २१ गतेसम्मको प्राप्त तथ्याङ्कअनुसार लगानीमा करीब रू. ३६,०००। को वृद्धि भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यातायात

राजमार्ग र सडकहरू यस जिल्लामा नभएकाले यातायातको सुविधा र साधनहरूको ज्यादै कमी भएको नेपालको जिल्लाहरूमध्ये ओखलढुङ्गा पनि एक हो । जिल्लाभरमा मोटर हिंड्न सक्ने सडक कुनै छैन यद्यपि दक्षिणमा उदयपुर र जनकपुरका बजारहरूबाट सुदूर उत्तरमा सोलुखुम्बूसम्म मालसामान ओहोर-दोहोर गर्ने एउटै मात्र मूल बाटो यसै जिल्ला भएर गएको छ । मूल बाटो (कच्ची हुलाकी बाटो), गोरेटो र घोडेटोहरू मात्र यस जिल्लामा छन् । हालका बाटोहरू यसप्रकार छन्ः—

कटारी- ओखलढुङ्गा बाटो

करीब ६४ किलोमिटर (२० कोस) लामो र कहीं फराकिलो हुंदै र कहीं साँघुरिदै गएको यो बाटोलाई जिल्लाको जीवन-रेखा भने पनि हुन्छ । भित्री मधेशमा पर्ने उदयपुरको कटारी बजार ओखलढुङ्गा जिल्लाको निमित्त आयात गरिने माल-सामानहरूको प्रमुख बजार हो र त्यहाँसम्म ओहोर-दोहोर गर्ने मूल बाटो यही भएकोले यस बाटोको महत्व बढेको हो । सदरमुकामबाट जिल्लाको दक्षिण सांधमा स्थित टोक्सेलघाटसम्म करीब २४ किलोमिटर (सात कोस) पर्छ । उक्त घाटमा सुनकोशी नदी तर्नलाई पक्की पुल छ र डुङ्गा पनि लाग्छ । ओखलढुङ्गाबाट टोक्सेलघाट एक दिनको बाटो र टोक्सेलघाटबाट कटारी पुग्न पैदल छिटो हिंड्न सक्नेलाई दुई दिन जति लाग्दछ । हिउंदमा मोलुङ खोलाको तिरै तिर पनि टोक्सेलघाट जान सकिन्छ । तर उक्त खोला-लाई धेरै ठाउँमा तर्नु पर्ने हुनाले वर्षामा यो बाटो उपयोग गर्नु सम्भव हुँदैन ।

ओखलढुङ्गा—सोलु बाटो

यो करीब २९ किलोमिटर (नौ कोस) लामो बाटो पनि हुन त गोरेटो नै हो तापनि सोलु र नाम्चे बजार जाने अर्को सजिलो बाटो नभएकोले यसलाई पनि मूल बाटो भनिन्छ । कटारीबाट आएका मालसामानहरू ओखलढुङ्गा हुंदै यसै गोरेटोबाट उत्तरी भेकमा पुन्याइन्छन् । जिल्लाभित्र टोड्के गाउँ पञ्चायतसम्मको १० किलोमिटर (तीन कोस) जति हिस्सामा कुनै खोलाहरू पर्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओखलढुङ्गा–रामेछाप बाटो

करीब ३८ किलोमिटर (१२ कोस) लामो यो हुलाकी मूल बाटो ओखलढुङ्गालाई काठमाडौंसँग जोड्ने गरी रामेछापसम्म पुग्छ। यो बाटोमा लिपे, मोलुङ, सोलुङ, फेंदी, पताले र सेरा नदीहरू पर्छन्। जिल्लाको पश्चिमी सांधमा बग्ने लिखुखोला तर्ने ठाउँमा झोलुङ पुल छ तर अरू खोलाहरूमध्ये मोलुङ र पतालेमा मात्र सांघु भएकोले र सेरा खोलामा हाल मात्र पुल बन्न शुरू भएकोले वर्षामा यहाँ यातायात प्रायः ठप्प हुन्छ।

ओखलढुङ्गा–दिक्तेल बाटो

सदरमुकाम ओखलढुङ्गाबाट पूर्व लागेको यो बाटो अँधेरी, कोडकडेनी, ठूला छाप र भदौरे गाउँ पञ्चायत हुदै दूधकोशीस्थित रभुवाघाट भएर दिक्तेलसम्म पुग्छ। बाटामा पर्ने सिस्ने, ठोट्ने, खाते, सेर्ना, खोला आदिमा पुल छैनन्। रभुवा जाने अर्को बाटो रुम्जाटार, मामखा, राजमाटे, सेर्ना र पोखरे भएर गएको छ। जिल्लाका प्रमुख सवारी साधनमा घोडा, डोली वा उलिनकाठ उल्लेखनीय छन् तर बहुसंख्यक जिल्ला–बासीहरू पैदलै आवत-जावत गर्दछन्।

जिल्लाभित्रका खोलाहरूमा घाटहरू छैनन् तर सीमानाका सुनकोशी र दूधकोशी नदीहरूमा प्रशस्त घाटहरू पर्दछन्। जिल्लाको दक्षिणी सांधको सुनकोशी नदीमा र पूर्वी साँधमा बग्ने दूधकोशीमा पर्ने प्रमुख घाटहरू निम्न प्रकार छन्:–

सुनकोशीमा (पश्चिमबाट पूर्व जाँदा क्रमशः)	दूधकोशीमा (दक्षिणदेखि उत्तर जाँदा क्रमशः)
नवलपुर घाट	जयराम घाट
खाङसाङ घाट	होचाटार घाट
गोठचौर घाट	मूल घाट
ढेबुवा घाट	वाङ्गी घाट
गेरुङ घाट	भोजे घाट
टोक्सेल घाट (मोलुङ्गे-सुनकोशी दोभाननेर)	रभुवा घाट (ठोट्ने खोला र दूधकोशीको दोभान)
जोर्तिघाट (दूधकोशी-सुनकोशी दोभान)	शिलौरी घाट

उक्त सबै घाटहरू असार, साउन र भदौ महीनामा बाहेक बाँकी सबै महीनाहरूमा चल्दछन्। प्रत्येक घाटबाट आवत-जावत गर्नेहरूको संख्या प्रतिदिनको बढीमा सरदर अन्दाजी ३०० र घटीमा प्रतिदिनको सरदर संख्या पाँचसम्म हुन्छ। आर्थिक वर्ष २०२९।३० मा सबै घाटहरू रू. ३८,४१६। मा ठेक्का लगाएको थियो। प्रत्येक घाटमा डुङ्गाबाट एक पटक तर्न वर्षाको समयमा भारीसहितको प्रत्येक मानिसबाट रू. एक र विनाभारीको प्रत्येक मानिसबाट पचास पैसा औ हिउँदमा भारीसहितको मानिसबाट पचास पैसा तथा विना–भारीको प्रत्येक मानिसबाट पच्चीस पैसा महसूल लिने गरेको पाइन्छ। टोक्सेल र रभुवाघाटमा पुलहरू आर्थिक वर्ष २०२९।३० मा रू. १,३८०। मा ठेक्का लगाइएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हवाइ यातायात

यस जिल्लाको सदरमुकाम नजीकै रुम्जाटारमा एक, यसभन्दा करीब ३८ किलोमिटर (१२ कोस) पूर्व खोटाङ जिल्लाको लामिडाँडामा एक र यहाँभन्दा करीब ३२ किलोमिटर (१० कोस) उत्तरमा सोलुखुम्बू जिल्लाको फाप्लुमा एक गरी तीन वटा "ष्टोल" हवाइ अड्डा भएकोले विमान सेवा चलेको बेला यस भेकका मानिसहरूलाई काठमाडौं आउन-जान सजिलो पर्दछ। रुम्जाटारस्थित कच्ची हवाई मैदान ३४.४ मिटर (१,१३५ फीट) लामो र ४५.४ मिटर (१५० फीट) चौडा छ र हाल शाही नेपाल वायु सेवा निगमले छ सीट भएको "पिलाटस पोर्टर" विमानद्वारा काठमाडौं र जनकपुरसित सम्बन्ध जोड्ने साप्ताहिक सेवा प्रदान गर्न थालेको छ। हाल यो सेवा सात सीट भएको "पिलाटस पोर्टर" विमानद्वारा काठमाडौं-रुम्जाटार-जनकपुर गएर सोही बाटो फिर्ने गर्दछ।

हुलाक

यस जिल्लामा हालसम्म स्थापना भएका आठवटा हुलाक कार्यालयहरूमध्ये मुख्य हुलाक एक र अतिरिक्त हुलाक सात छन्। जिल्लामा शाखा हुलाक एउटै छैन। विभिन्न ठाउँमा भएका हुलाकको किसिम, हुलाक भएको स्थान र गाउँ पञ्चायत आदिको तालिका निम्नप्रकार छः—

हुलाकको किसिम	स्थान	गाउँ पञ्चायत क्षेत्र
मुख्य हुलाक	सदरमुकाम	ओखलढुङ्गा गाउँ पञ्चायत
अतिरिक्त हुलाक	रुम्जाटार	रुम्जाटार गाउँ पञ्चायत
अतिरिक्त हुलाक	पाखे देउराली	मेर्ना गाउँ पञ्चायत
अतिरिक्त हुलाक	चिसंखु (खानी भञ्ज्याङ)	पोखरे गाउँ पञ्चायत
अतिरिक्त हुलाक	माने भञ्ज्याङ	माने भञ्ज्याङ गाउँ पञ्चायत
अतिरिक्त हुलाक	चुप्लु	घोराखरी गाउँ पञ्चायत
अतिरिक्त हुलाक	गाम्नाङ्गटार	टारकेराबारी गाउँ पञ्चायत
अतिरिक्त हुलाक	रगनी	रगनी गाउँ पञ्चायत

आर्थिक वर्ष २०२९।३० मा ओखलढुङ्गाको मुख्य हुलाकबाट वितरण गरिएका चिट्ठीपत्रहरूको कुल संख्या ६,५०४ र यहाँबाट अन्यत्र पठाइएका चिट्ठीपत्रहरूको कुल संख्या ४,१४० थिए।

आकाशवाणी

सदरमुकाम नजीकै रमाइलो डाँडामा २०२७ मा स्थापित आकाशवाणीको क्षेत्रिय नियन्त्रण कार्यालय छ। यहाँबाट अञ्चलका सातैवटा जिल्लास्थित आकाशवाणी केन्द्रसँग तथा महाकाली अञ्चल बाहेक अरु जम्मै अञ्चलका आकाशवाणी क्षेत्रिय नियन्त्रण कार्यालयसँग सोझै सम्पर्क राख्न सकिन्छ।

आर्थिक वर्ष २०२९।३० मा यस कार्यालयमा आएका खबरहरू ३,८०६ र यहाँबाट पठाइएका खबरहरू ४,६०० थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शिक्षाको क्षेत्रमा यो जिल्ला कत्तिको पिछडिएको छ भन्ने तथ्य सं. २०२८ सालको जनगणनाबाट छर्लङ्ग हुन्छ। उक्त जनगणनाअनुसार छ वर्षभन्दा बढीका जनसंख्या १,०१,२९२ भएको ठाउँमा ११,१३३ जना (अर्थात् १०.९ प्रतिशत) मात्र अक्षर चिन्दछन्। अधिराज्यको औसत साक्षरताको अनुपात १३.६ प्रतिशतको तुलनामा जिल्लाको यो साक्षरता अनुपात धेरै कम हो तापनि शिक्षाको प्रचार केही बढ्दै गएको तथ्य १० देखि १४ बीचका जनतामा साक्षरताको अनुपात सबैभन्दा बढी (२१ प्रतिशत) पुगेकोबाट देखिन्छ। तर छदेखि नौ आयु समूहमा साक्षरताको प्रतिशत फेरि झरेर ६.४ पुगेकोमा निक्कै उमेर पुगेपछि मात्र केटाकेटीहरूले पढ्न थाल्दा रहेछन् भन्ने अडकल गर्न सकिन्छ। साक्षर महिलाहरूको संख्या १,४१८ (अर्थात् २.७प्रतिशत) मात्र भएकोले स्वास्नीमानिसहरूमा शिक्षा प्रसार नगण्य रहेछ भन्ने पनि स्पष्ट हुन्छ। छ वर्षदेखि ३५ वर्ष उमेरका जनतामा साक्षरता सम्बन्धी तालिका निम्नप्रकार छः—

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९ वर्ष	७,१८६	७०९	९.९	७,३६९	२१६	२.९	१४,५५५	९२५	६.४
१०–१४ वर्ष	७,८२६	२,५०६	३२.०	६,९६२	५९५	८.५	१४,७८८	३,१०१	२१.०
१५–१९ वर्ष	६,०३७	१,८६३	३०.९	५,८२०	२८२	४.८	११,८५७	२,१४५	१८.१
२०–२४ वर्ष	४,३३१	१,१८१	२७.३	५,१५९	११७	२.३	९,४९०	१,२९८	१३.७
२५–२९ वर्ष	४,१९५	८९७	२१.४	४,९४७	८०	१.६	९,१४२	९७७	१०.७
३०–३४ वर्ष	३,४७१	५५२	१५.९	४,३३४	३०	०.७	७,४०५	५८२	७.५

३५ वर्षभन्दा माथिका जनतामा साक्षरताको अनुपात पुरुषहरूमा औसत १० प्रतिशत र महिलाहरूमा औसत ०.५ प्रतिशत मात्र देखिन्छ।

यो जिल्लाका शिक्षालयहरू सम्बन्धी प्राप्त लगतअनुसार २०२९।०३० सालमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूको संख्या, तिनीहरूको छात्र छात्रा संख्या आदि निम्नप्रकार छनः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	विद्यालय संख्या	छात्र संख्या	छात्रा संख्या	कुल छात्रछात्रा	औसत
प्राथमिक	८७	३,५०५	४८३	३,९८८	४५.८
निम्न माध्यमिक	२	५४	८	६२	३१.०
माध्यमिक	६	४९३	४२	५३५	८९.१
जम्माः–	९५	४,०५२	५३३	४,५८५	

विद्यालय जाने उमेरका (अर्थात् छ देखि १५ वर्षका) केटाकेटीको संख्या जनगणनाले ३२,१२० देखाउँछ तर वास्तवमा विद्यालय गइरहेका केटाकेटी ४,५८५ मात्र देखिएकोले बाँकी २७,५३५ अर्थात् ८५ प्रतिशतभन्दा बढी केटाकेटीहरू कुनै न कुनै कारणले शिक्षाबाट अझ पनि वंचितै रहेको तथ्य सामुन्ने आउँछ।

उक्त तालिकाबाट जिल्लाका ४८ गाउँ पञ्चायतहरूमा ८७ प्राथमिक विद्यालयहरू अर्थात् प्रति गाउँ पञ्चायत १.८ प्राथमिक विद्यालय भएको पाइन्छ। तर माध्यमिक विद्यालय भने जिल्लामा छ वटा मात्र भएकोले प्रतिआठ गाउँ पञ्चायतको लागि एक विद्यालयको अनुपात पर्न आउँछ।

छात्र छात्राहरूको संख्या तुलना गर्दा कुल संख्याको ८८ प्रतिशत छात्र र १२ प्रतिशतमात्र छात्रा भएको पाइन्छ र प्राथमिक स्तरमा समेत यो अनुपात करीब उस्तै देखिन आएकोले जनगणनाले देखाए झैं जिल्लामा नारी शिक्षाको प्रगति उत्साहजनक नभएको प्रमाणित हुन्छ।

जिल्लाका विद्यालयहरूमा २०२९।०३० को तथ्याङ्कअनुसार जम्मा २२३ जना शिक्षक छन् जसमध्ये तालीम-प्राप्त ८४ र तालीम अप्राप्त १३९ छन्। माध्यमिक विद्यालयहरूमध्ये ओखलढुङ्गा माध्यमिक विद्यालय एउटामा सात शिक्षक छन् तर बाँकी अरूमा औसत पाँच शिक्षक भएको पाइन्छ। जिल्लाका दुई निम्नमाध्यमिक विद्यालयमा औसत ३.३ शिक्षक छन्। कुनै कुनै प्राथमिक विद्यालयहरू एक एक शिक्षकद्वारा पनि सञ्चालित छन्। शिक्षक, शिक्षिकाको संख्या, अनुपात आदि निम्न तालिकाबाट देखिन्छः–

	शिक्षक	शिक्षिका	जम्मा
प्राथमिक विद्यालयहरू	१७६	५	१८१
निम्न माध्यमिक विद्यालयहरू	६	–	६
माध्यमिक विद्यालयहरू	३४	२	३६

उक्त शिक्षकहरूमध्ये स्नातक १२, आई. ए. वा सो सरह छ, एस्. एल्. सी. वा सो सरह ३८ र सोभन्दा कम १६७ जना, जिल्लाबासी २१४ र जिल्ला बाहिरका नौ जना छन्।

जिल्लामा भएका ४,५८५ विद्यार्थी संख्यासँग प्राप्त शिक्षक-शिक्षिका संख्या (२२३) दाँज्दा प्रति शिक्षक प्रायः २० विद्यार्थीको अनुपात पर्न आएको देखिन्छ।

यस जिल्लामा प्राथमिक रेखदेख प्रमुख जिल्ला अधिकारीको कार्यालय, शिक्षा शाखाले गर्छ। माध्यमिक र निम्न माध्यमिक विद्यालयहरू सिराहा जिल्लास्थित जिल्ला शिक्षा अधिकारीले हेर्दछन्। आर्थिक वर्ष २०२९।०३० मा श्री ५ को सरकारद्वारा ओखलढुङ्गा जिल्लाका विद्यालयहरूको निमित्त प्रदत्त बजेट रू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१,८६,०५९। भएको आधारमा श्री ५ को सरकारले सो वर्ष जिल्लामा प्रति विद्यार्थी औसत रू. ४०।५८ खर्च गरेको देखिन्छ।

श्री सगरमाथा पब्लिक हाई स्कूलको आफ्नै भवन र एक छात्राबास पनि छ। च्यानमको प्रबुद्ध हाई स्कूल र ठूला छाप निसंखेको हिमालय हाई स्कूलमा पनि स्थानीय विकास विभागको सहयोगमा १५–१५ हजारको लागतमा छात्राबास भवनहरू बनेका छन्। अरू विद्यालयहरूमध्ये ४२ वटाको पक्की र ४४ वटाको कच्ची भवनहरू छन्, बाँकी नौ वटाको भवन छैनन्। रुम्जाटार हाई स्कूलको पनि आफ्नो भवन नभएर घरेलु उद्योग तालीम केन्द्रले छोडेको घरमा पढाइ भइरहेको थियो तर हाल जनसहयोगद्वारा निजी भवन निर्मित भएको छ।

जिल्लामा एक ११ सदस्यीय शिक्षा समिति छ। साथै प्रत्येक प्राथमिक विद्यालयमा सात सदस्यीय र निम्न माध्यमिक, माध्यमिक विद्यालयमा नौ सदस्यीय एक एक वटा सञ्चालक समिति छन्।

प्रौढ शिक्षा कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०२९।०३० मा विद्यालयहरूको माध्यमद्वारा ३७ र गाउँ पञ्चायतहरूको माध्यमद्वारा ६२ गरी जम्मा ९९ प्रौढ कक्षाहरू जिल्लाका विभिन्न ठाउँमा सञ्चालन गरिएका थिए तर तिनीहरूबाट कति प्रौढहरूले लाभ उठाउन सके त्यसको तथ्याङ्क प्राप्त नभएकोले प्रौढ शिक्षा सम्बन्धी तस्वीर स्पष्ट भएको छैन।

जातीय प्रभावभन्दा पनि शिक्षाको प्रसारमा आर्थिक स्थितिको प्रभाव बलियो हुन्छ तापनि धेरैजसो बाहुन, क्षेत्री, नेवार, गुरुङ, सुनुवार, राई आदिले केटाकेटी पढाउनमा बल गरेको तर तामाङ, शेर्पा, भुजेल, दमाई, कामी, सार्की आदि यो क्षेत्रमा अलि पछाडि परेका देखिन्छन्।

स्वास्थ्य

यो जिल्लामा हालसम्म सरकारी अस्पताल स्थापना भएको छैन। अघि ओखलढुङ्गा बजारमा भारतीय सोल्जर बोर्डद्वारा सञ्चालित भइआएको स्वास्थ्य केन्द्र २०२६ सालदेखि श्री ५ को सरकारले लिएर स्वास्थ्य चौकीको रूपमा सञ्चालित गरिआएको छ।

नेपालस्थित युनाइटेड मिशनले सञ्चालन गरिआएको अर्को एउटा सानो अस्पताल पनि ओखलढुङ्गा बजारभन्दा डेढ किलोमिटर (एक माइल) पर अवस्थित छ। त्यो अस्पताल २०१३ सालमा एक औषधालयको रूपमा स्थापित भएको थियो। कुनै बेला एकजना डाक्टर "डीक" नाम गरेका व्यक्तिद्वारा राम्ररी सञ्चालन गरेकोले स्थानीय जनतामा "डीक अस्पताल" को नाउँले सो अस्पताल प्रख्यात छ। त्यहाँ चिरफार वा शल्य चिकित्साको पनि व्यवस्था छ। अस्पतालको आफ्नै कर्मचारी क्वार्टर, डाक्टर क्वार्टर, पानीको व्यवस्था, जेनरेटरद्वारा उत्पादित बिजुली, "एक्स रे" प्रयोगशाला आदि छन्।

जिल्लामा भएका अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र अरू स्वास्थ्य सम्बन्धी सुबिधाहरूको संख्याको तालिका यस प्रकार छः–

संस्थाको किसिम	संख्या	स्थान	पलङ संख्या	कर्मचारी संख्या
अस्पताल	१	सदरमुकाम	२२	१६
स्वास्थ्य चौकी	१	सदरमुकाम	–	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य केन्द्र	१	रुम्जाटार	–	१
आयुर्वेदिक औषधालय	१	घाराखोरी गाउँ पञ्चायत	–	१
परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र	१	रुम्जाटार	–	३

ओखलढुङ्गा क्षेत्रमा पेटका रोगहरूमध्ये आउँ र सरूवा रोगहरूमध्ये सुकेनाश (क्षयरोग) निक्कै व्यापक छन् । ओखलढुङ्गाको स्वास्थ्य चौकीमा सरदर सात-आठजना सुकेनास पीडित रोगीहरूको निमित्त चिकित्साको व्यवस्था छ ।

नेपाल औलो उन्मूलन संघको जिल्ला कार्यालय २०२४ मा स्थापित भएको हो । त्यस कार्यालयद्वारा सञ्चालित अभियानको फलस्वरूप २०२७ सालमा यस क्षेत्रमा शाखा कार्यालयहरू खोलिएर उक्त अभियान बढी प्रभावशाली भयो । अभियान शुरू हुनुभन्दा पहिले ओखलढुङ्गाको बेंसी तथा टारमा औलोको प्रकोप प्रशस्त थियो । तर तथ्याङ्कअनुसार २०२९ सालमा पत्तालागेका औलो रोगीको संख्या ६६ मात्र थियो ।

श्री ५ को सरकारको आयोजना अन्तर्गत यस जिल्लामा २०२७ सालमा बिफर उन्मूलन कार्यालय पनि खडा भयो । त्यसै वर्षदेखि थालिएको यस कार्यक्रम अन्तर्गत गत तीन आर्थिक वर्षमा बिफरको खोप दिइएको व्यक्तिको संख्या क्रमशः ९,८५३; ९३,७१३ र २३,५६७ थियो । प्राप्त तथ्याङ्कअनुसार २०२९।३० मा गएर १,००,९४८ व्यक्तिहरू पुनः खोपाइए । २०२९।३० सालमा बिफर लागेको संख्या २९, अनुसन्धान संख्या ३६ र खत सर्वेक्षण संख्या ४६ थिए ।

खानेपानी

जिल्लाको सदरमुकाममा फलामे पाइपद्वारा खानेपानी वितरण गर्ने सामुदायिक कार्यक्रम अन्तर्गत २,००० जनतामा पानीको आपूर्ति गरिएको छ । जिल्लाका विभिन्न गाउँ पञ्चायतहरूमा भएको खानेपानीको व्यवस्था निम्न बमोजिम छः—

स्थान वा गाउँ पञ्चायत	धाराको संख्या	पाइपको किसिम	टयाङ्कीको संख्या	टयाङ्कीको क्षमता
ओखलढुङ्गा	१२	फलामे	१	१,३५० किलोलिटर
रुम्जाटार	९	फलामे	१	१,३५० किलोलिटर
हर्कपुर गाउँ पञ्चायत	२	पोलिथिन		
गैया डांडा गाउँ पञ्चायत	३	पोलिथिन	१	४,५०० किलोलिटर
बलखु गाउँ पञ्चायत	६	पोलिथिन	१	
सिस्नेरी गाउँ पञ्चायत	३	पोलिथिन	१	१८० किलोलिटर
रातमाटे गाउँ पञ्चायत	३	पोलिथिन	१	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मदौरे गाउँ पञ्चायत	२	पोलिथिन	१	–
फेदी गुठ गाउँ पञ्चायत	–	पोलिथिन	१	४,५०० किलोलिटर

जिल्लाका अरू २० वटा गाउँ पञ्चायत क्षेत्रमा एक-एकवटा धाराहरूको व्यवस्था गरिएको छ । यीमध्ये पोखरे, सेर्ना, कुइभीर र मोली गाउँ पञ्चायतका टयाङ्कीहरूको अनुमानित क्षमता प्रत्येकको ९० किलोलिटर (२,००० ग्यालन) छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

प्रशासनिक दृष्टिकोणले यस क्षेत्रको प्राचीन व्यवस्था यथार्थरूपमा जान्न सकिएको छैन । २०१८ सालभन्दा अघि निम्नलिखित १६ थुमहरू ओखलढुङ्गामा पर्दथे:–

१. बुङताम
२. च्यातम
३. तलुवा
४. सोलु
५. तल्लो सोलु
६. बाहुन तिल्पुङ
७. खामतेल
८. चिसंखु
९. चौरास
१०. चुम्लु
११. रावा
१२. मझुवा
१३. सोलुखुम्बू
१४. हलेंसी
१५. तिल्पुङ
१६. कट्टी सुङनायुम

अघि कुनै बेला यो इलाकालाई पूर्व तीन नं. ओखलढुङ्गा भन्ने चलन थियो र पूर्व तीन नं. गोश्वारा अन्तर्गत प्रशासित थियो । पूर्व तीन नं. का बडाहाकिमको गोश्वारा पनि आजको ओखलढुङ्गाको सदरमुकाममै थियो र यहींबाट सोलु, खोटाङ र सिंधुलीका केही भागको प्रशासन सञ्चालन हुने गर्थ्यो ।

वि. सं. २०२२ साल पौष १ गते पछि यो क्षेत्र सगरमाथा अञ्चलको एक जिल्ला बन्न गयो र यस पुनर्गठनको आधारमा माथि उल्लिखित १६ थुमहरू निम्न जिल्लाहरूमा विभाजित भए:–

ओखलढुङ्गामा	सोलुखुम्बूमा	खोटाङमा	सिंधुलीमा
बुङनाम	सोलुखुम्बू (पूरा)	रावा (बाँकीभाग)	सुङनाम
च्यानाम			बाहुन तिल्पुङ
तलुवा	रावा (अधिकांश भाग)	हलेंसी	तल्लो सोलु
सोलु		मझुवा	
तिल्पुङकट्टी		खामतेल	
चिसंखु			
चुप्लु			
चौरास			

सं. २०२२ सालदेखि २०२८ साल वैशाख १ गतेसम्म यो जिल्ला सगरमाथा अञ्चलाधीश कार्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाखा नं. दुई र विशेष अधिकृतको कार्यालयद्वारा प्रशासित थियो। पुरानो ओखलढुङ्गा बजार नै हाल जिल्लाको सदरमुकाम पनि रहेको छ र जिल्ला पञ्चायत कार्यालय पनि त्यहीं छ। हाल सदरमुकाम क्षेत्रमा भएका सरकारी र अर्ध सरकारी (वा स्वशासित) कार्यालयहरू निम्नबमोजिम छन्:—

जिल्ला पञ्चायत कार्यालय
प्रमुख जिल्ला अधिकारीको कार्यालय
जिल्ला प्रहरी निरीक्षक कार्यालय
जिल्ला कारागर कार्यालय
सहायक सरकारी अभियोक्ता र सहायक सरकारी अभिवक्ता कार्यालय
जिल्ला अदालत
जिल्ला भूमिसुधार कार्यालय
जिल्ला कृषि विकास कार्यालय
आकाशवाणी नियन्त्रण (एरिया कन्ट्रोल) कार्यालय
मुख्य हुलाक
औलो उन्मूलन शाखा कार्यालय
बिफर उन्मूलन जिल्ला कार्यालय
कृषि खरीद विक्री संस्थान उप-शाखा
राष्ट्रिय वाणिज्य बैंक शाखा
कृषि विकास बैंक उप-शाखा
मौसम अवलोकन केन्द्र

प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गतका शाखा कार्यालयहरूमध्ये वन शाखा, मालपोत शाखा, शिक्षा शाखा आदि छन्।

जिल्ला प्रहरी निरीक्षक कार्यालय अन्तर्गत चारवटा प्रहरी चौकी र चारवटा गार्डहरू छन्। गार्डहरूमा कारागार गार्ड, सगरमाथा अञ्चलाधीश कार्यालय शाखा नं. दुई गार्ड, राष्ट्रिय वाणिज्य बैंकको अस्थायी सुरक्षा गार्ड र जगेडा गार्डहरू छन्।

जिल्लाका विभिन्न भागमा स्थित प्रहरी चौकीहरू निम्न स्थानमा छन्:—

खिजिफलाटे
माने भञ्ज्याङ
बोराखरी
रुम्जाटार

जिल्लाको कारागारको आफ्नो भवन नभई २००७ सालदेखि नै प्रहरी घर (पुरुष र महिलाको लागि एक एक वटा कोठा मात्र भएको) मा काम चलाइराखेको छ।

आय कर

आयकरबाट प्राप्त गत चार सालको आयको कुल रकम १८,१९८। देखिन्छ। आर्थिक वर्ष २०२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

०३० मा व्यापारी वर्गमा करदाताको संख्या १९, कर्मचारीमा करदाताको संख्या एक र ठेकदारको संख्या एक थिए।

न्याय

एक न्यायधीश रहेको यहाँको जिल्ला अदालतमा आर्थिक वर्ष २०२७।२८, २०२८।२९ र २०२९।३० मा परेका क्रमशः ६१४, ६२३ र ६६९ समेत जम्मा १,९०६ मुद्दाहरूमध्ये क्रमशः ४०६,३७५ र ५०८ समेत जम्मा १,२८९ छिनिएका थिए। उक्त मुद्दाहरूमध्ये धेरैजसो लुटपीट, गाली बेइज्जती र जग्गा सम्बन्धी थिए।

पञ्चायत

यस जिल्लामा ४८ गाउँ पञ्चायत भएको कुरा जनसंख्याको परिच्छेदमा उल्लेख भइसकेको छ। यी गाउँ पञ्चायतहरूको स्थानीय आय-स्रोतहरूमध्ये हाट कर, धुरी कर, ठेक्का कर, फेरी (जोगी) कर, पशु बिक्री कर, रेडियो अनुमति पत्र र भरुवा बन्दूक अनुमति पत्र तथा नवीकरण कर आदि छन्। फेरी कर निर्धारण गर्ने परम्परा रोचक पनि छ। विभिन्न जोगीहरूलाई भेला गराई ठेक्का बढाबढ गरी जसले बढी अंक कबोल गर्छ उसलाई फेरी लाउन दिने गरिन्छ। जिल्लामा फेरी कर लाउने आठवटा गाउँ पञ्चायतहरूमध्ये सबैभन्दा बढी ठेक्का रू. २५०। मामुवा गाउँ पञ्चायतले र सबैभन्दा घटी रू. ३१। अँधेरी गाउँ पञ्चायतले लगाएका छन्।

ओखलढुङ्गा जिल्ला सभा-कोष र अरू केही गाउँ पञ्चायतहरूको २०२९।०३० को आम्दानीको तुलना गर्दा जिल्ला सभा-कोषमा उक्त वर्षमा रू. १२,०४७। जम्मा भएको देखिन्छ। त्यस्तै सबैभन्दा बढी आयस्ता भएको पञ्चायत ओखलढुङ्गा गाउँ पञ्चायतको कुल रू. ११,०००। आम्दानी भएको थियो भने सबैभन्दा कम आयस्ता हुने टार केराबारी गाउँ पञ्चायतको केवल रू. ४७। आम्दानी भएको देखिन्छ।

जिल्ला र गाउँ पञ्चायतहरूको आर्थिक स्थिति प्रायः दयनीय भए तापनि केही स्थानीय बिकास योजनाको कार्य उनीहरूले सम्पन्न गरेका पाइएको छ। उदाहरण स्वरूप २०२९।०३० मा सम्पन्न भएका यस्ता योजनाहरूमध्ये छात्राबास भवन दुई, सिचाइ कुलो तीन, फलामे पुल एक र खानेपानी योजना (पोलिथिन पाइपद्वारा लगिएको) एक थिए।

जिल्लास्थित वर्गीय संगठनहरूको २०२९।०३० को स्थिति निम्न प्रकार छः–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या	प्रति समिति औसत सदस्य संख्या
नेपाल किसान संगठन	३४	२७४	८.०५
नेपाल महिला संगठन	२७	२१७	८.०४
नेपाल युवक संगठन	४०	४४०	११.०
नेपाल भू. पू. सैनिक संगठन	१८	१९८	११.०

वर्गीय संगठनहरू जिल्लामा प्रायः निस्क्रिय रहेछन् भन्ने उक्त तालिकाबाट स्पष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यस जिल्लामा केही गाउँ पञ्चायत क्षेत्रहरूमा कतिपय खानी भएको कुरा "प्राकृतिक स्वरूप र सम्पदा" को परिच्छेदमा उल्लेख भइसकेको छ। यहाँको लेक-जङ्गलमा पाइने अरगेलीबाट नेपाली कागज बन्ने गरेको कुराको पनि चर्चा भएको छ। रुम्जाटारका राडी, पाखी, लुकुनी र अरू केही ठाउँका कोगिटा र खाँडी कपडा बुन्ने गरेको तथा साना बिडी उद्योग भएको कुरा पनि उल्लेख भइसकेको छ।

हालसालै बलखु गाउँ पञ्चायतमा सूती कपडा उद्योग, रावादोलु गाउँ पञ्चायतमा नेपाली कागज उद्योग, केडकडेनी गाउँ पञ्चायतमा खाँडी उद्योग र रुम्जाटारमा राडी-पाखी उद्योगको स्थापनाको निमित्त स्थानीय उत्साही व्यक्तिहरू तम्सेका र तीमध्ये कतिपयले औद्योगिक ऋण लिने व्यवस्था पनि गरिसकेका छन् भनिन्छ।

तर अर्कोतिर श्री ५ को सरकारको घरेलु उद्योग विभागले जिल्लामा औद्योगिक प्रोत्साहन, ऋण, प्राविधिक सर-सल्लाह, तालीम आदि प्रदान गर्नको निमित्त सं. २०१६ सालमा रुम्जाटारमा खुलेको घरेलु तालीम केन्द्र थोरै वर्षमै बन्द गरिएको छ।

ओखलढुङ्गा जस्तो विकट पहाडी जिल्ला अधिराज्यमा धेरै छन् र प्राकृतिक सम्पदाले यो जिल्ला जत्तिकै या योभन्दा बढी भाग्यशाली भए तापनि विकसित हुन सकेका छैनन् अर्थात् ओखलढुङ्गाको औद्योगिक पछौटेपनको समस्या अधिराज्यको प्रायः सम्पूर्ण पहाडी जिल्लाहरूमा पनि लागू हुन्छ र एउटा जिल्लालाई मात्र हेरेर यो समस्याको समाधान खोज्नु सम्भव पनि हुने देखिंदैन। देश-विकासको क्रममा बाटो - घाटो, यातायात, विद्युत्-सञ्चार आदिको सुनियोजित विस्तार हुँदै गएपछि यो जिल्लाको औद्योगिक संभाव्यताको पनि विस्तृत अध्ययन हुने आशा गरिन्छ र उचित अध्ययन नभई संभाव्यता औंल्याउनु संभव हुँदैन।

भौगोलिक, आर्थिक र भौतिक सुबिधाको दृष्टिकोणले ओखलढुङ्गा जिल्लाले औद्योगीकरणभन्दा कृषि-विविधीकरण र उन्नत कृषि-प्रविधिहरूद्वारा खाद्यान्न, नगदे बाली आदिको बढी सफल उत्पादन प्रति नै ध्यान केन्द्रित गर्नु फलदायी हुने देखिन्छ। तर यस क्षेत्रमा पनि लगानी-उत्पादन अनुपातको दृष्टिले वा जिल्लाको अर्थ-व्यवस्थामा ठोस परिवर्तन ल्याउने दृष्टिले कुन किसिमका कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ सो कुरा विस्तृत अध्ययन पछिमात्र किटान गर्न सकिने विषय हो।

तर जिल्ला सम्बन्धी यो छोटकरी परिचयको आधारमा पनि एक कुरो किटानसाथ भन्न सकिन्छ र सो के भने राष्ट्रिय जीवनको मूल लहरबाट ओखलढुङ्गा जस्ता पहाडी र पछौटे जिल्लाका बासिन्दाहरूले आफू पिछडिएका मनोवैज्ञानिक अनुभव नगरुन्। त्यसतर्फ विचार गर्दा लगानी र फाइदा सम्बन्धी आर्थिक सिद्धान्तहरूलाई मात्र नहेरी राष्ट्रिय समागमको वृहत्तर लक्ष्यलाई प्राथमिकता दिनु उचित हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदयपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	७५७
प्राकृतिक स्वरूप र सम्पदा	७५९
ऐतिहासिक पृष्ठभूमि	७६८
प्रमुख स्थानहरू	७७२
जनसंख्या र जनजीवन	७७४
आर्थिक व्यवस्था	७८२
यातायात र सञ्चार	७९१
शिक्षा, स्वास्थ्य तथा खानेपानी	७९५
प्रशासन र पञ्चायत	८००
उपसंहार	८०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

सगरमाथा अञ्चलका सात जिल्लाहरूमध्ये पहाड र भित्रीमधेश मिलेको एक मात्र जिल्ला उदयपुर हो। जिल्लाको पहाडी भाग भित्रीमधेश भागभन्दा ठूलो छ। पहिले यहाँको भित्रीमधेश भागमा अत्यधिक औलोको प्रकोप रहने हुँदा बसोबास नगण्य थियो तर हाल औलो प्रायः उन्मूलन भएकोले यस जिल्लाका पहाडतिरका निवासीहरूको साथै उत्तरपट्टिका अरू जिल्लाका निवासीहरू पनि यस जिल्लाको भित्रीमधेश भागमा नयाँ बसोबास गर्न थालेका छन्। सगरमाथा अञ्चलमा साल समहको जङ्गल बाँकी रहेको एकमात्र जिल्ला उदयपुर नै हो र यहाँको भित्रीमधेशको ठूलोभू-भाग सालको घना जङ्गलले ढाकिएको छ। उदयपुर र सप्तरी सीमाना निर फत्तेपुरको नजीकमा पुगेपछि पश्चिमदेखि आएको चुरे शृङ्खलाको अन्त्य भएको छ र त्योभन्दा पूर्वमा चुरे फेरि देखा पर्दैन।

सगरमाथा अञ्चलका जिल्लाहरूमा खाद्य वस्तु सबभन्दा बढी हुने जिल्ला यही हो। औलोको नियन्त्रण केही वर्ष अघिमात्र हुन सकेको र अझै पनि आन्तरिक तथा वाह्य यातायात राम्रो नहुँदा यो जिल्ला अञ्चलका अरू जिल्लाको दाँजोमा शैक्षिक, औद्योगिक, व्यापारिक आदि क्षेत्रमा अविकसित अवस्थामा नै रहेको छ। सगरमाथा अञ्चलमा सबभन्दा कम साक्षरहरूको प्रतिशत (१०.४) यही जिल्लामा छ।

यो जिल्ला देशान्तर ८६° ९′ पूर्वदेखि ८७° १०′ पूर्व र अक्षांश २६° ३९′ उत्तर देखि २७° ११′ उत्तर भित्र पर्दछ। यो जिल्ला पूर्व-पश्चिम लम्बिएको छ र यसको चौडाइ पश्चिममा फुकेको र पूर्वमा साँगुरिएको छ। यसरी यस जिल्लाले झण्डै नेपाल अधिराज्यकै सानो आकृति लिएको छ।

उत्तरमा महाभारत शृङ्खला र सुनकोशी, दक्षिणमा चुरे पहाड शृङ्खला, पूर्वमा अरुण र सप्तकोशी र पश्चिममा बहादुरा खोला र कमला नदी यसका प्राकृतिक सीमाना हुन्। उत्तरमा ओखलढुङ्गा, खोटाङ र भोजपुर, दक्षिणमा सिराहा र सप्तरी, पूर्वमा कोशी अञ्चलका धनकुटा र सुनसरी र पश्चिममा जनकपुर अञ्चलका सिन्धुली र धनुषा जिल्लाहरू यसका राजनैतिक सीमाना हुन्।

यसको क्षेत्रफल २,२७२ वर्ग किलोमिटर छ। २०२८ को जनगणना अनुसार यहाँको कुल जनसंख्या १,१२,६२२ छ। यस जिल्लामा जम्मा ४३ गाउँ पञ्चायतहरू छन्। जिल्लाको सदरमुकाम गाइघाटमा रहेको छ।

उहिले यहाँ उदय नाम गरेका राजा थिए र उनकै नामबाट यस जिल्लाको नाम उदयपुर हुन गयो भन्ने जनश्रुति यहाँ पाइन्छ। अझै पनि उदय राजा अरू घोडचडीहरू लिई उदयपुर गढीमा हरेक वर्ष दशैंमा एक दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउने गर्छन् भन्ने कुरामा उदयपुरगढीका जनताहरू विश्वास गर्दछन्। तर इतिहासमा उदय राजाको कुनै उल्लेख पाइँदैन।

भौगोलिक बनावट र हावापानीको दृष्टिकोणमा यो जिल्ला र जनकपुर अञ्चलको सिन्धुली जिल्लामा धेरै समानता पाइन्छ। अधिराज्यको पूर्वी भागमा लाग्ने मेलाहरूमध्ये सबभन्दा ठूलो मेला सिन्धुली र यस जिल्लाको सीमानामा माघे संक्रान्तिमा लाग्दछ। यो मेला मैनी मेला वा त्रिवेणी मेलाको नामले प्रख्यात छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

उत्तरमा महाभारत र दक्षिणमा चुरे श्रृङ्खलाको बीच रहेको यस जिल्लाको भित्रीमधेश भागमा सालका घना जङ्गल र उब्जाउ खेतका फाँट र उपत्यका छन्। भित्रीमधेशमा पहिले सारै कडा औलो लाग्ने हुँदा त्यहाँ बसोबास अझै कम छ र हाल केही वर्ष यतादेखि मात्र नयाँ बस्तीहरू देखा परेका छन्। पहिले हावापानी नराम्रो भनी मानिएको यो जिल्लामा औलो प्रायः निर्मूल भएको हुँदा भित्रीमधेशका फाँट र खोंचहरूमा बसोबासको वृद्धि र केही मात्रामा जङ्गल पनि मासिन गएको हुँदा यहाँको प्राकृतिक स्वरूपमा पनि केही असर पर्न गएकोछ। जिल्लाको प्रमुख नदी त्रिजुगा हो र यो बाहेक तावा खोला, बैजनाथ खोला, बाहादुरा खोला र अन्य कैयन् सानातिना खोला र खहरेहरू यहाँ छन्। वर्षामा यहाँका खोला र खहरेहरूमा प्रशस्त बाढी आउने हुँदा भित्रीमधेश भागमा यातायात अस्तव्यस्त हुन जान्छ। भित्रीमधेशको साथै चुरे क्षेत्रमा पनि जङ्गल ज्यादा र बसोबास नगण्य छ। सप्तरी र उदयपुरको सीमानामा रहेको फत्तेपुर नजीक पुगेपछि चुरे श्रृङ्खलाको अन्त्य हुन्छ र त्यस्को पूर्वमा चुरे फेरि देखा पर्दैन। भित्री मधेशको करीब ३६० मिटर (१,२०० फीट) को उचाइदेखि महाभारतका २,३१० मिटर (७,७०० फीट) अग्ला चुचुराहरू यहाँ रहेका हुँदा जिल्लाको विभिन्न ठाउँको हावापानीमा केही विषमता पाइन्छ तापनि यहाँ मनसुनी हावापानीकै प्रभाव पर्दछ।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणले यस जिल्लालाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ।

(१) पहाडी प्रदेश

(२) मधेश प्रदेश

पहाडी प्रदेश

महाभारत पहाड श्रृङ्खला प्राकृतिक पर्खालको रूपमा जिल्लाको सम्पूर्ण उत्तरी भागमा फैलिएको छ। महाभारतको उचाइ पूर्वपट्टि करीब ९१५ मिटर (३,००० फीट) छ र पश्चिमपट्टि बढ्दै गई कतै कतै करीब २,३१० मिटर (७,७०० फीट) सम्म पुगेको छ। महाभारत क्षेत्र पश्चिमपट्टि ज्यादा छ र त्यहाँ पहिले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औलो नलाग्ने हुनाले बसोबास ज्यादा छ । यस भागमा धेरै जसो पाखा बारी र सल्ला र गुराँस आदिका जङ्गलहरू पाइन्छन् तर गाउँ बस्ती बाक्लो भएको हुनाले पश्चिमपट्टि जङ्गलहरू निकै कम छन् ।

महाभारत शृङ्खलामा पर्ने सबभन्दा अग्लो चुचुरो कापले हो जसको उचाइ समुद्र सतहबाट करीब २,३१० मिटर (७,७०० फीट) छ । अर्को प्रमुख चुचुरो टाट्ने हो जसको उचाइ करीब २,२८७ मिटर (७,५०० फीट) छ । टाट्ने, कापले जस्ता स्थानमा हिउँदमा केही हिउँ पर्दछ तर एक दुई हप्तामा पग्ली सक्छ ।

मधेश प्रदेश

मधेश प्रदेशलाई निम्न दुई भागमा विभाजन गर्न सकिन्छ :–(क) भित्री मधेश र (ख) चुरे डाँडा ।
भित्री मधेश : यस महाभारतको दक्षिणी भाग पछि भित्रीमधेश भाग शुरू हुन्छ । यसै भागमा उपत्यका र समथर भूमिहरू छन् । सम्म भागमा सबभन्दा ठूलो त्रिजुगा खोंचको फाँट छ जुन जिल्लाको झण्डै बीचमा रहेको चुहाडेदेखि पूर्वसम्म फैलिएको छ । पश्चिमपट्टि पौवा र बैजनाथ खोलाले बनाएको नेपाल टार उपत्यका, रिश्कु र तावा खोलाको रिश्कु फाँट र तावा खोलाकै देवी धाप फाँट प्रसिद्ध छन् । बेंसीहरू र भित्रीमधेशका फाँटहरूमा नै उब्जाउपूर्ण धान खेतहरू छन् । पहिले यस क्षेत्रमा ज्यादै कडा औलो लाग्ने भएकोले सालका घना जङ्गल पनि प्रशस्त थिए । अझै पनि घना जङ्गलहरू यस क्षेत्रमा छन् तापनि हाल औलो प्रायः उन्मूलन भएकोले जङ्गल फडानी गरी बसोबास गर्नेहरूको संख्या बढिरहेकोछ ।
चुरे डाँडा: भित्री मधेश पछि जिल्लाको दक्षिणी सीमानामा पूर्वदेखि पश्चिमसम्म चुरे पहाड शृङ्खला फैलिएको छ । चुरे क्षेत्रमा बसोबास भएको पाईदैन र यहाँ जङ्गलले ढाकेको छ । चुरे क्षेत्रमा खहरेहरू धेरै छन् । कटारी र रिश्कुदेखि दक्षिणको चुरेको केही भाग महामण्ड डाँडाको नामले प्रसिद्ध छ ।

नदीनालाहरू

जिल्लाको सबभन्दा ठूलो नदी त्रिजुगा हो जुन जिल्लाको झण्डै बीच भागमा रहेको नमान्ता लेकको दक्षिण ढालबाट शुरू भई दक्षिण र पूर्वतिर बग्दै जिल्लाको पूर्वी सीमानाको छेउसम्म पुग्दछ । त्रिजुगा फत्तेपुर नजीकै सप्तरीमा पसी सप्तकोशीमा मिल्दछ । अधिराज्यको पहिलो ठूलो सिचाइ नहर सम्बत् १९६५ मा सप्तरीको फत्तेपुरमा त्रिजुगामा बाँध बनाई चालू भएको हो र चन्द्र नहरको नामले यो प्रसिद्ध छ । चन्द्र नहरबाट सप्तरीको पूर्वी भागको करीब ८,००० हेक्टर जमीनको सिचाइ हुँदै आएको छ । जिल्लाको सीमानामा उत्तरतिर सुनकोशी, पूर्वतिर अरुण र सप्तकोशी र पश्चिममा कमला नदीहरू छन् ।

जिल्लासित्रका नदीहरू पश्चिम वा दक्षिणतिर बगी कमलामा, पूर्व वा दक्षिणतिर बगी त्रिजुगामा र उत्तर वा पूर्वतिर बगी सुनकोशीमा गई मिल्दछन् । कमलामा मिल्ने नदीहरूमा तावा, रिश्कु, बैजनाथ र ककरू खोलाहरू प्रमुख छन् । त्रिजुगामा मिल्ने नदीहरूमा कालीखोला, बरुवा, दुवार, लामा र सिसवा खोलाहरू प्रमुख छन् । सुनकोशीमा मिल्ने नदीहरूमा स्वाराङ, राँकुला, घर्ती, छताङ, रसुवा, बडारे खोलाहरू प्रमुख छन् ।

यस जिल्लाभित्र मुहान भई दक्षिणतिर बग्ने नदीहरूमा बलान नदी, सिस्वारीधार र माहुली नदी मुख्य हुन् । चुरे क्षेत्रबाट शुरु भएका यस्ता नदी र खहरेहरूमा वर्षामा उग्ररूपले बाढी आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त नदी खोलाहरू बाहेक जिल्लामा अरू स-साना खोला र खहरेहरू प्रशस्त छन्। त्यसैले वर्षामा खोला नाला प्रशस्त बढ्दा जिल्लाको आन्तरिक र बाहिरी यातायातमा निकै वाधा पर्दछ र खेती बालीको पनि नोक्सान हुन्छ।

ताल र झरनाहरू

यहाँको उल्लेखनीय तालमा रौताहाको पोखरीलाई लिन सकिन्छ जुन करीब १,७७० मिटर (५,९०० फीट) को उचाइमा छ। यो पोखरी कहिले पनि सुक्दैन। रौताहाबाट करीब तीन किलोमिटर (एक कोस) उत्तर पूर्वमा करीब १,६५० मिटर (५,५०० फीट) को उचाइमा सुखे पोखरी छ जुन प्रायः सुख्खा रहन्छ।

यहाँ झरनाहरू पनि निकै छन्। यी झरनाहरूमध्ये सबभन्दा ठूलो माने डाँडाको करीब १.५ किलोमिटर (आधाकोस) पश्चिममा रहेको ओडरी खोलाको झरना हो। जुन करीब १५६ मिटर (५१९ फीट) को उचाइबाट ठाडै झरेको छ। अरू प्रमुख झरनाहरूमा खुवाको झरना (उचाइ करीब ७१ मिटर वा २३८ फीट), छताङको झरना (उचाइ करीब ६० मिटर वा २०० फीट), बतासे नजीकैको झरना (उचाइ करीब ५९ मिटर वा १९५ फीट) र सिद्धे नजीकैको झरना (उचाइ करीब ३५ मिटर वा ११८ फीट) प्रमुख छन्।

हावापानी

जिल्लाका उत्तरी, मध्य र दक्षिणी भागका उचाइ फरक रहेको हुँदा यहाँको हावापानीमा ठाउँ अनुसार केही विभिन्नता पाइन्छ। महाभारत पहाडको उचाइ ज्यादा भएकोले त्यस क्षेत्रमा भित्रीमधेश र चुरे क्षेत्रमाभन्दा ज्यादा ठण्डा हुन्छ। मुख्यतः मनसुनी हावापानीकै प्रभाव रहेको हुँदा यहाँ जेठको अन्त्यदेखि झण्डै असोजसम्म नै ज्यादा वर्षा हुन्छ। तर जिल्लाको दक्षिणमा रहेको चुरे श्रृङ्खलाको उचाइ कमै रहेको र पूर्वी छेउमा चुरेको अन्त्य पनि भएको हुँदा पूर्वबाट आउने दक्षिण-पश्चिम मनसुनको प्रवाहलाई मुख्यतः महाभारत श्रृङ्खलाले वाधा पार्ने हुँदा जिल्लाको दक्षिणपट्टिभन्दा उत्तरपट्टि ज्यादा वर्षा हुन्छ।

यस जिल्लामा उदयपुरगढीमा मात्र एक मौसम अवलोकन केन्द्र छ जसमा वर्षा मात्र नापिन्छ। यहाँ तापक्रम ननापिने हुँदा तापक्रमको कुनै तथ्याङ्क पाइँदैन र साथै यस जिल्लासँग मिल्दोजुल्दो भौगोलिक बनावट र हावापानी भएको सिंधुली जिल्लामा पनि तापक्रम ननापिने हुँदा यहाँको कुनै भागको तापक्रम कस्तो हुन्छ भन्ने कुरालाई तथ्याङ्क समेत दिई प्रस्तुत गर्न सकिंदैन। उदयपुरगढीमा रहेको मौसम अवलोकन केन्द्रमा लिइएको विभिन्न सालको वर्षाको अभिलेख तल प्रस्तुत गरिएको छ र तुलनाकोलागि सिंधुली जिल्लाको उही वर्षको अभिलेखहरू पनि साथै दिइएको छ। अभिलेखहरू अंग्रेजी वर्ष र महीनामा दिइएको छ। उदयपुरगढीको वर्षाको अभिलेखहरूबाट जिल्लाको महाभारत क्षेत्रमा हुने वर्षाको केही अनुमान गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको तालिका (मिलिमिटरमा)

उदयपुरगढीः स्थापना मितिः– ३ जुलाई, १९४७ (वि. सं. २००४ असार)

अक्षांश २६°५६' उत्तर; देशान्तर ८६°३१' पूर्व

उचाइः १,३९० मिटर (४,५८७ फीट)

सन् १९६७ देखि १९६९ सम्म

महीना	वर्ष १९६७	१९६८	१९६९	तीन वर्षको औसत
जनवरी	०.०	४.५	१०.०	४.८
फेब्रुअरी	०.०	०.०	०.०	०.०
मार्च	९९.४	१९.०	४.८	४१.१
अप्रिल	२९.०	४७.३	४.०	२६.८
मे	३६.२	९९.८	३०३.२	१४८.४
जून	१७७.६	२२०.३	१३०.२	१७६.०
जुलाई	६८३.९	७०९.८	१३१.२	५०८.३
अगष्ट	३६७.३	६३४.६	३१३.२	४३८.७
सेप्टेम्बर	१६४.८	३५०.२	१८४.७	२३३.२
अक्टोबर	४.६	१२६.०	१३५.७	८८.८
नोभेम्बर	०.०	०.०	०.०	०.०
डिसेम्बर	७.६	०.०	०.०	२.५
वार्षिक जम्माः–	१,५७०.४	२,२११.५	१,२१७.१	१,६६८.६
२४ घण्टाभित्र सबभन्दा बढी वर्षा र मिति	१७५.४ जुलाई ६	८० अगष्ट २	९४ अगष्ट १६	

वर्षाको तालिका (मिलिमिटरमा)

सिंधुलीगढीः स्थापना मितिः– २६ जून, १९५५ (वि. सं. २०१२ असार)

अक्षांश २७°१७' देशान्तर ८५°५८'

उचाइः १,४६३ मिटर (४,८२८ फीट)

सन् १९६७ देखि १९६९ सम्म

महीना	वर्ष १९६७	१९६८	१९६९	तीन वर्षको औसत
जनवरी	०.०	३६.१	१.५	१२.५
फेब्रुअरी	०.०	५.२	२.५	२.६
मार्च	९३.६	७८.६	५६.०	७६.१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रिल	११४.३	३१.०	९०.०	७८.४
मे	८६.०	५६.३	११५.०	८५.८
जून	३६५.९	४९०.७	४०५.३	४२०.६
जुलाई	६५४.९	५४७.६	४०६.९	६३८.५
अगष्ट	३६०.३	४५४.९	५०५.१	४४०.१
सेप्टेम्बर	१५७.०	३२२.४	२४८.३	२४२.५
अक्टोबर	०.०	२५७.८	६३.६	१०७.१
नोभेम्बर	५४.०	०.०	०.०	१८.०
डिसेम्बर	०.०	६.०	०.०	२.०
वार्षिक जम्मा:–	२,१८६	२,२८६.५	१,९५६.२	२,१३६.३
२४ घण्टा भित्र				
सबभन्दा बढी	२१६.६	१६६.०	११२.०	
वर्षा र मिति	जुलाई ९	जून १८	अगष्ट १८	

उपर्युक्त तथ्याङ्कअनुसार उदयपुरगढीमाभन्दा सिंधुलीगढीमा केही बढी वर्षा हुने देखिन्छ तर वर्षा हुने महीनाहरू प्रायः एकै छन्। वि. सं. २००४ सालदेखि २०२६ सालसम्मको उपलब्ध अभिलेखहरूअनुसार उदयपुरगढीमा वर्षभरिमा औसत २,०५६ मि मि. (८५ इन्च) पानी परेको देखिन्छ तर २०२६ देखि २०२९ को माथि दिइएको अभिलेखअनुसार वार्षिक औसत वर्षा १,६६८.६ मि. मि. मात्र हुन आउँछ। उपर्युक्त तथ्याङ्कहरूबाट उदयपुरगढीमा भन्दा सिंधुलीगढीमा वर्षभरिमा पानी पर्ने दिनहरू बढी देखिन्छन्। उदयपुरगढीमा वर्षभरिमा औसत ८५ दिन पानी पर्छ। साधारणतया जेठदेखि कात्तिकको शुरूसम्म पानी पर्दछ। हिउँदमा यहाँ पानी सारै कम पर्दछ र पुसदेखि फागुनसम्म प्रायः पानी पर्दैन। हालसम्मको प्राप्त अभिलेखहरू हेर्दा उदयपुरगढीमा २४ घण्टाभित्र सबभन्दा बढी पानी परेको दिन २००७ साल भदौ १ गते देखिएको छ र त्यो दिन जम्मा २१३.६ मि. मि. वर्षा भएको थियो।

यस जिल्लामा मोटामोटी रूपमा निम्न किसिमका हावापानीको प्रभाव रहेको पाइन्छः—

(१) उष्ण हावापानी

(२) समशीतोष्ण हावापानी

उष्ण हावापानी

चुरे पहाड र भित्रीमधेश क्षेत्रमा उष्ण हावापानीको प्रभाव पाइन्छ। त्यस क्षेत्रमा गर्मीमा ज्यादै गरम र ओसिलो हुने र हिउँदमा सुख्खा र रमाइलो मौसम हुने गर्दछ। गर्मीमा औसत तापमान करीब ३८° से. (१००° फ.) भन्दा बढी हुन्छ र हिउँदमा औसत तापमान करीब १६° से. (६०° फ.) हुन्छ। वर्षामा करीब १,७७८ मि. मि. (७० इन्च) जति पानी पर्दछ। यस क्षेत्रमा पहिले ज्यादै कडा औलो लाग्दथ्यो। त्यसकारण यस क्षेत्रमा घना जङ्गलहरू पनि निकै पाइन्छन्। जिल्लाको सबभन्दा ज्यादा उब्जनी हुने खेतहरू भित्रीमधेशमा पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समशीतोष्ण हावापानी

जिल्लाको महाभारत पहाड क्षेत्रमा यस किसिमको हावापानी पाइन्छ। यस क्षेत्रमा गर्मीमा केही गरम र ओसिलो हुने र हिउँदमा जाडो र सुख्खा मौसम हुने गर्दछ। यस क्षेत्रमा गर्मीमा तापमान झण्डै ३२° से. (९०° फ.) सम्म पुग्दछ र हिउँदमा औसत तापमान १०° से. (५०° फ.) रहन्छ। हिउँदमा केही दिन तुसारो पनि पर्दछ र काफ्ले, टाट्ने, नमान्ता र रौताहा जस्ता अग्ला ठाउँमा केही दिन हिउँ पनि पर्दछ। यस क्षेत्रमा वर्षामा पानी निक्कै जोडले पर्दछ। साधारणतया जेठदेखि कात्तिकको शुरूसम्म पानी पर्दछ र हिउँदमा पुसदेखि फागुनसम्म पानी पर्दैन। यस क्षेत्रमा औसत ८५ मि. मि. पानी पर्दछ भन्ने कुरो उदयपुरगढीमा वर्षाको अभिलेखबाट अनुमान गर्न सकिन्छ। चुरे र भित्रीमधेश भागमाभन्दा यहाँ केही बढी पानी पर्दछ।

प्राकृतिक वनस्पति

सगरमाथा अञ्चलभरिमा सखुवा (साल) को जङ्गल बाँकी रहेको जिल्ला उदयपुर मात्र हो भन्न सकिन्छ। जिल्लाको क्षेत्रफल २,२७,२०० हेक्टरमध्ये जङ्गल र घाँस पातले ढाकेको क्षेत्र करीब १,६३,००० हेक्टर छ।[1] यस जिल्लाको महाभारत पहाड भागमा पहिलेदेखि बसोबास भइआएकोले त्यहाँ जङ्गल कम छ र जिल्लाको खास जङ्गल त्रिजुगाको खोंच र उपत्यका र नेपालटार तथा तावा खोलाको उत्तर दक्षिणमा रहेको पहाडी क्षेत्रमा छ। अरू जङ्गल महाभारत पहाडको ढालु भाग र चुरे डाँडोको खोंच र पत्रमा मात्र सीमित छ।

उचाइ र हावापानीको फरकले गर्दा विभिन्न ठाउँका वन-वनस्पतिमा केही फरक पाइन्छ। जिल्लाका वन-वनस्पतिलाई मोटामोटी रूपमा दुई प्रकारमा विभाजन गर्न सकिन्छ।

(१) उष्ण प्रदेशको जङ्गल
(२) समशीतोष्ण मनसुनी वन

उष्ण प्रदेशको जङ्गल

चुरे तथा भित्री मधेश भागमा पाइने यस किसिमका वनमा साल समूहका रूखहरू ज्यादा पाइन्छन्। जिल्लाको अधिकांश वन जङ्गल अझै यही किसिमका छन् र कतै कतै पनि अझै निक्कै घना अवस्थामा छन्। नदी किनारमा खयर र सिसौ भने पाइन्छ। यस किसिमका वनमा पाइने मुख्य वनस्पति साल हो र त्यसको साथै यहाँ असना, कमी, टूना, बोटे, हर्रो, बर्रो, धँगेरो, बाँझी, जामुन, खयर, सिसौ र सिमल आदि हुन्। यहाँ विभिन्न किसिमका सुनगाभाहरू पनि पाइन्छन्। यहाँ पाइने बाँस पहाडी भागमा पाइने बाँसभन्दा केही मोटा र ठूला हुन्छन्। करीब १,२०० मिटर (४,००० फीट) भन्दा मुनि यस्ता वन पाइन्छन् तापनि झण्डै ६०० मिटर (२,००० फीट) सम्म मिश्रित पतझड वन ज्यादा हुन्छ जहाँ साल र सल्ला दुवै केही मात्रामा पाइन्छ। उष्ण सदावहार वन करीब ६०० मिटर (२,००० फीट) भन्दा कम उचाइ रहेका भू-भागमै ज्यादा पाइन्छ। यस

1 UN-HMG- Nepal Road Feasibility Study, Reconnaisance Survey Part A Report, Dec 1970, page 56, Table 5

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा मिश्रित पतझड वन ज्यादै कम छन् । यहाँको भित्री मधेश र चुरेका उष्ण सदावहार जङ्गलमा निक्कै पशु-पक्षीहरू पाइन्छन् ।

समशीतोष्ण मनसुनी वन

महाभारत पहाडको करीब १,२०० मिटर (४,००० फीट) भन्दा माथि र करीब २,१०० मिटर (७,००० फीट) सम्मका भू-भागमा सदाबहार तथा पतझड मनसुनी वन पाइन्छ । जिल्लाको अधिकांश पुरानो बसोबास त्यही भू-भागमा केन्द्रित भएको हुँदा यस्ता वनहरू निक्कै कम छन् र जति छन् पातलिइ सकेका छन् । सदाबहार वनमा पाइने मुख्य मुख्य वनस्पतिहरू गुराँस, सल्ला, उत्तिस, बाँझ, फँलाट, कटुस आदि हुन् । पतझड किसिमको वनमा खासगरी चिलाउने र धाले कटुसको वन पाइन्छ । त्यसको अतिरिक्त अमला, महुवा आदि पनि पाइन्छन् ।

पशु-पक्षी

जङ्गली जनावरहरूमा बाघ र चितुवा यहाँ सीमित मात्रामा पाइन्छन् । धेरैजसो पाइने जनावरहरू भालू, वन बिरालो, बनेल, जरायो, चित्तल, राते (मृग), घोडगधा (नीलगाई), गोही, दुम्सी आदि हुन् । अर्ना (वाइसन) पूर्वी क्षेत्रको कोशी किनारको जङ्गलमा पाइन्छ र नेपालटार र गाइघाटको बीचमा रहेको चुरे पहाडको घाँचमा पनि अर्नाहरू भएको विश्वास गरिन्छ । विगत वर्षहरूमा जङ्गल फँडानीको साथै "फेलिडल" विषको प्रयोगबाट बाघ र चितुवा आदिको धेरै संहार भएकोले यिनीहरूको संख्या निक्कै घटेको छ । बनेल चर्ने ठाउँमा पटकाको प्रयोग गरेर बनेल मार्ने चलन पनि यहाँ छ ।

चरा चुरुङ्गीहरूमा मुजूर, लुइँचे, कालिज, तितरा, सुगा, मैना, ढुकुर र अरू रङ्गीचङ्गी साना चराहरू यहाँ पाइन्छन् ।

यहाँ शिकार खेल्न हुने महीनाहरूमा सीमित रूपमा शिकार खेल्न इजाजत दिइन्छ ।

वन सम्पदा र विकास

वन्य-पैदावारहरूमा काठ बाहेक, खयर कत्था, वनकस, बाँस, सावे घाँस, सिमलको भुवा, थाकलको पात, बिंडी पात र भोर्लाको पात प्रमुख छन् । यहाँ पाइने मसला जरीबूटी र अन्य उपयोगी वन्य पैदावारहरूमा सिन्कौलीको पात (तेजपात), रिट्ठा, चिरैतो, कुरीलो (सतावरी), बोझो, हर्रो, बर्रो, अमला आदि छन् । यहाँ वनमा आधारित उद्योगहरू नभएको कारणले काठ लगायत धेरैजसो वन्य पैदावारहरू जिल्ला बाहिर निकासी गरिन्छ । घरायसी काठ, दाउरा र घाँसपातको लागि पनि स्थानीय जनता पूर्णरूपले वनमै निर्भर गर्ने हुँदा वन माथि जनताको चाप दिनहुँ बढेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लामा वन अतिक्रमण निक्कै भएको छ । पूर्व कोशी नदीदेखि लिएर पश्चिममा कमला नदीसम्म नै सम्म तथा कम ढालु भएका भू-भागका प्रायः सबै वन क्षेत्रमा वन फडानी भएको देखिन्छ । रातापानी ठोक्सिला, सुन्दरपुर, हँडीया, गाइघाट, भुमरसुवा, रिस्कु र कटारी गाउँ पञ्चायतहरूको अन्दाजी ४,८०० हेक्टर (१२,००० एकड) मा फडानी केन्द्रित भएको छ । यस जिल्लामा पुनर्बासको लागि उपयुक्त क्षेत्र नभए तापनि बसोबासलाई व्यवस्थित गर्ने सिलसिलामा २०२५ सालमा बसाहा, मातीहाई, मुसरनिया, बोक्से, बगाहा र काली खोलामा करीब ७२३ हेक्टर (१,०७८ बिघा) मा ७०७ परिवारलाई बसोबास गराइएको थियो ।

यस जिल्लाको साथै सिराहा र सप्तरी जिल्लाको वन इलाका हनुमाननगर वन प्रधान कार्यालय अन्तर्गत पर्दछ । अञ्चलको मुख्य वन क्षेत्र यही जिल्लामा रहेकोले २०२६ सालदेखि हनुमाननगर प्रधान वन कार्यालय गाइघाटमा सरेको छ । वन्य क्षेत्रहरूको संरक्षण र संवर्द्धन हनुमाननगर प्रधान वन कार्यालय अन्तर्गतका चार वन कार्यालय र १६ बिटमा विभाजन गरिएको छ । प्रधान वन कार्यालय, गाइघाट रेञ्ज कार्यालय, फत्तेपुरको अतिरिक्त कटारी र रातापानी ठोक्सिलामा अरू वन कार्यालयहरू छन् । २०२४ सालमा यस क्षेत्रमा वनको हवाइ सर्वेक्षण र नक्सा तयार गरिएको थियो । वन सीमानाको विस्तृत सर्वेक्षण भएको छैन । फडानी भएका कतिपय क्षेत्रहरूलाई वन कार्यालयले आफ्नो नियन्त्रणमा लिएको छ तापनि नियन्त्रणमा ल्याइ-नसकेका क्षेत्रहरू पनि निक्कै छन् । वन संरक्षणको लागि शसस्त्र फरेष्ट गार्डहरूद्वारा वन्य क्षेत्रहरूको निरीक्षण गरिन्छ ।

चुरे डाँडाको दक्षिण ढालुमा रहेको सिरहा र सप्तरीको जङ्गल निक्कै नाङ्गो भइसकेकोले उक्त जङ्गलबाट सिराहा र सप्तरीको दाउराको माग पनि पूर्ति हुन नसक्ने अवस्था भएको छ ।उदयपुरको जङ्गलबाट नै ती जिल्लाहरूको माग पुऱ्याउनु पर्ने हुन आएको छ । साथै यहाँका वन चुरे र महाभारतको ढालुमा र खोंचहरूमा रहेको र त्रिजुगा, तावा र कमला नदीको शाखाहरूको जलस्रोत क्षेत्रमा रहेका जङ्गल हुनाले यस क्षेत्रको वन जङ्गलको राम्रो सुरक्षा नभएमा दक्षिणपट्टि बग्ने नदीहरूमा पानी कम हुँदै जाने, बगर ठूलो हुँदै जाने र वर्षाको बाढीले पनि भू-क्षयको साथै कोशी र कमलामा ढुङ्गा, बालुवा, माटो आदि थुप्रिने समस्या झन बढ्न जाने हुनाले यस जिल्लाको जङ्गलको संरक्षणको विशेष महत्व छ ।

खनिजपदार्थ

यहाँ पहिले डुम्रे गाउँ पञ्चायत अन्तर्गत खानी डाँडा भन्ने ठाउँमा, उदयपुर तथा ठाना गाउँ पञ्चायत अन्तर्गत खानी डाँडामा र लेखानी गाउँ पञ्चायतहरूमा फलाम र तामा खानीबाट धाउहरू झिकी भाँडाकुँडा र साना औजारहरू बनाउने काम स्थानीय जनताहरूबाट गरिन्थ्यो । हाल ती खानीहरू बन्दछन् । लेखानी गाउँ पञ्चायतमा बस्ने खानीवाल मगरहरू विशेषतः यस्तै खानी खोल्ने काम गर्दथे । खानीवाल मगरहरू कुलो खन्ने कामको लागि पनि सिपालु छन् ।

डुम्रे र उदयपुर गाउँ पञ्चायतमा चूनढुङ्गा र कुरिन ढुङ्गा पाइन्छ र सो ढुङ्गाहरू हतियारमा साँध लाउने काममा प्रयोग गरिन्छ । जाते तथा बलम्ता गाउँ पञ्चायतहरूमा पनि चूनढुङ्गा पाइन्छ । उदयपुर गाउँ पञ्चायत अन्तर्गत आरिदमार वरदमारको आसपासमा र रिस्कु गाउँ पञ्चायत अन्तर्गत भुकसार जाने बाटोको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आसपासमा कोइला भएको तथा ओखले गाउँ पञ्चायत अन्तर्गत धवेनी गाउँमा अभ्रख भएको विश्वास स्थानीय जनतामा पाइन्छ ।

यस जिल्लाको कम्पुघाटमा म्याग्नेसाइटको खानी छ जसबाट करीब दुई करोड मेट्रिक टन म्याग्नेसाइट निकाल्न सकिने अनुमान गरिन्छ । म्याग्नेसाइट रिफ्राक्टरिज र रासायनिक मल बनाउन उपयोग गरिन्छ । यहाँ फोस्फोराइटको खोजी गर्दा धाउहरूमा दुई देखि तीन प्रतिशत मात्र फोस्फोराइट भएको देखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

माझ किरातको प्रभाव क्षेत्रमा रहेको उदयपुर जिल्लाको इतिहास पालपाका राजा मुकुन्द सेनको शासनकाल (१५१८–१५५३ ई. भन्दा अघि) अस्पष्ट छ। यस जिल्लाको चौदण्डीगढीमा पहिले माझ किरातका किराती राजाहरूको अधिकार थियो भनिन्छ। यस क्षेत्रमा त्यसबेला साना-साना राज्यहरू मात्र थिए भन्ने अडकल गर्न सकिन्छ। यस क्षेत्रका त्यसबेलाका किराती राजाहरूको राज्य सीमाना र वंशावलीको इतिहास अज्ञात नै रहेको छ।

मुकुन्द सेनको राज्य विस्तारक्रममा तराईको कोशी क्षेत्र विजय गर्न उनका कान्छा छोरा लोहाङ सेन गएका थिए। त्यसबेलाका सानातिना स्वतन्त्र रियासतहरूमाथि विजय गर्दै लोहाङ सेन कोशीको किनारसम्म पुगे। त्यसबेला मोरङको राजधानी विजयपुर थियो र त्यहाँका राजा विजयनारायण र उनका किराती सरदार हरूमा वैमनस्य थियो। त्यसैबेला विजयनारायणको मृत्यु हुँदा र किराती सरदारहरूले लोहाङ सेनको विरोध नगरेकाले मोरङको राज्य सजिलैसँग लोहाङ सेनले हात पारे। पूर्व प्रतिज्ञाअनुसार यिनले मोरङको मन्त्रिपद किरातीहरूलाई नै सुम्पे र यो क्रम पछिसम्म पनि कायम नै रह्यो।[1] यसरी मुकुन्द सेनको राज्य मोरङसम्म विस्तार भएपछि चौदण्डीगढी पनि उनकै अधीनमा पर्न गयो।

मुकुन्द सेनले आफ्नो विशाल राज्य आफ्ना छोरा, नाति, भाइहरूलाई बाँडिदिए। लोहाङ सेनको भागमा मकवानपुरदेखि कोशी क्षेत्रको पूर्वी तराईसम्मको राज्य पर्न गयो। यो राज्य पछि गएर मकवानपुर र चौदण्डी राज्यहरूमा टुक्रियो। लोहाङ सेन पछि उनका जेठा छोरा राघव सेन मोरङ र छिमेकी प्रदेशका राजा भए।

राघव सेनका छोरा हरिहर सेनले गाण्डवार सम्म विजय गरेर "हिन्दूपति" को उपाधि धारण गरे।

हरिहर सेनका छोराहरूमा राज्यको निम्ति झगडा भयो र कोशीदेखि पश्चिमको भाग कान्छा छोरा शुभ सेन र कोशी पूर्वको भाग यिनका नाति इन्दुविधाता सेनमा बाँडियो। शुभ सेनका मन्त्रीहरूले पुर्नियाको नवाव इस्कन्दर खाँसित मिली षडयन्त्र गरे र शुभ सेन र इन्दुविधाता सेन कैदमा परे। नवाबले मोरङको तराईको ठूलो भू-भाग कब्जा गरे।[2] शुभ सेनका नायव प्रबोधदास शुभ सेनका दुई छोरा महीपति सेन (मान्धाता सेन) र मानिक सेनलाई लिई किरात प्रदेशमा शरण पर्न गए। पछि महीपति सेन र मानिक सेन पैतृक राज्यलाई विभाजन

१. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, २०२७, पृष्ठ २०१–२०२
२. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी विजयपुर र मकवानपुरको राजा हुँदा विद्याचन्द्र राईको सहायता लिए[1] वा लिएनन् भन्ने कुरामा र विजयपुर र मकवानपुर राज्यहरूको इलाका बारे इतिहासकारहरूको विभिन्न मत छ । यसरी शुभ सेनको राज्य दुई छोराहरूमा बाँडिदा मकवानपुर राज्य अन्तर्गत नै पहाडपट्टि सिंधुलीका पौवागढीदेखि पूर्व अरुण कोशीसम्म रहेका सुनकोशीदेखि दक्षिणपट्टिको महाभारत क्षेत्रलाई छुट्टै चौदण्डी प्रशासनप्रदेश बनाइएको देखिन्छ ।[2] दूधकोशीदेखि अरुण कोशीसम्मको माझ किरात पनि चौदण्डीमै सम्मिलित थियो । हालको उदयपुरदेखि दक्षिणपट्टिको भावरमा नयाँ राजधानी चौदण्डी बनेको थियो ।

मानिक सेनका हेमकर्ण सेन, जगत सेन, जयमङ्गल सेन र विक्रम सेन नाम गरेका चार छोराहरू थिए । मानिक सेन पछि हेमकर्ण सेन मकवानपुरका राजा भए । पछि जगत सेन चौदण्डीका राजा भए । जगत सेन चौदण्डीका राजा कसरी हुन पुगे भन्ने कुरामा इतिहासकारहरूको विभिन्न मत छ । एउटा भनाइअनुसार जगत सेन शुरूदेखि नै हेमकर्ण सेनका प्रतिनिधिको रूपमा चौदण्डी प्रदेशको प्रशासन चलाउँथे[3] र पछि हेमकर्णका बनिया मन्त्री र किराती मन्त्रीहरूको मत नमिल्दा किराती मन्त्रीहरूले जगत सेनलाई चौदण्डीको राजा बनाए । अर्को भनाइअनुसार राज्यका किरात मन्त्रीहरूले जगत सेनलाई चौदण्डीको राजा बनाए[4] तर जे भएपनि मकवानपुर राज्य टुक्रियो र सन् १८३५ मा चौदण्डीको नयाँ राज्य स्थापना हुन गयो । जगत सेन त्यहाँका राजा भए । चौदण्डी राज्यमा हालको उदयपुर जिल्लाको साथै अम्बरपुरको तराई क्षेत्र (हालको सिराहा र सप्तरी) पनि सम्मिलित थिए । जगत सेनपछि यिनका उत्तराधिकारीहरूमा मुकुन्द सेन (तेस्रा), विक्रम सेन र कर्ण सेन क्रमसँग चौदण्डीका राजा भए । कर्ण सेनका मन्त्री चौतारा अजित राई थिए ।

उता विजयपुरमा राजा महीपति सेन र उनका किराती मन्त्रीहरूको बीचमा कलह चलेको थियो । महीपति सेन पछि उनका छोरा विसन्तर सेन र त्यसपछि विसन्तरसेनका छोरा कामदत्त सेन राजा भए । कामदत्त सेनको शासनकालमा शुरूदेखि नै मन्त्रीहरूसँग नराम्रो रूपमा कलह हुन थाल्यो । कामदत्त सेनलाई मन्त्री विचित्र राईले भोटतिर धपाएर जगत सेनलाई केही दिन विजयपुरका राजा बनाए । यसरी केही दिनको निम्ती जगत सेन विजयपुर र चौदण्डी दुवै राज्यका राजा हुन पुगे । त्यस अवधिमा जगत सेनको राज्य कमलादेखि पूर्व टिष्टासम्मको तराई भाग र पहाडपट्टि सिंधुलीको पौवागढीदेखि पूर्व अरूणकोशीसम्म फैलिएको थियो ।

कामदत्त सेन केही दिन पछि फर्केर आए र गजत सेनको प्रयत्नले विचित्र राई र यिनको बीचमा मेल भयो । एउटा मतअनुसार यसरी मेलमिलाप हुँदा कमला र कोशी बीचको वर्तमान हनुमाननगर इलाका विजयपुर राज्यबाट छुट्याई त्यो इलाकाका राजा जगत सेन भए ।[5] विचित्र राईको मृत्युपछि बुद्धिकर्ण राई मन्त्री भए । कामदत्त सेन र बुद्धिकर्ण राईको बीचमा पनि ठ्याक मिलेन । कामदत्त सेनले बुद्धिकर्ण राईका भाइ बुधकर्ण राईको हत्या गराइदिए र बुद्धिकर्णलाई भाग्नु पर्‍यो । यसरी कहिले राजा कहिले मन्त्रीको भोट, सिक्किम वा इष्ट इन्डिया कम्पनी छेउ मद्दत माग्न जाने होडबाजी चलिरहन्थ्यो । अन्त्यमा बुद्धिकर्णले कामदत्त

---

१. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ२०६
२. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, २०२५, पृष्ठ–६०१ –६०२
३. बाबुराम आचार्यको माथि उल्लिखित किताब
४. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ२०७–२०८
५. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ२०७–२०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेनको हत्या गराई बदला लिए । चौदण्डीमा गोरखालीहरूले दखल गरेपछि त्यहाँका राजा कर्ण सेन भागेर विजयपुर आउँदा बुद्धिकर्ण राईले यिनलाई विजयपुरको राजा बनाए ।

यसरी विजयपुरको दाँजोमा चौदण्डोका सेन राजा र किराती मन्त्रीहरूको बीचमा राम्रो सम्बन्ध शुरूदेखि नै रहेको देखिन्छ । राजाहरू उदयपुर डाँडामा रहेका मगरातमा, भावरमा र अम्बरपुरका तराई क्षेत्रमा र मन्त्रीहरू माझ किरातका बस्तीहरूमा प्रशासन गर्ने हुनाले नै राम्रो सम्बन्ध कायम भएको देखिन्छ ।

यसै बीच माझ किरात र पल्लो किरातमा समेत खस,ब्राह्मण र क्षेत्रीको साथै मगर गुरुङहरू पश्चिम-बाट आई बसोबास गर्न थालिसकेका थिए । राजा कर्ण सेनका प्रमुख कर्मचारीहरूमा स्वरूपसिंह कार्की पनि थिए । यिनलाई मन्त्री चौतारा अजित राईको अधीनमा बसेर काम गर्नु पर्दा मन्त्री र यिनको बीचमा मनमुटाव भएको थियो । खार्पाका धनाढ्य ब्राह्मण हरिनन्द उपाध्याय (पोख्याल) लाई पनि थातबास बचाउन गाह्रो परिरहेको थियो । यी दुवै जना सन् १७६९ मा नुवाकोटमा पृथ्वीनारायण शाहको आश्रय लिन पुगे ।[१] स्वरूपसिंह कार्कीले सरदारी पाएर सैनिक अधिकृत भए हरिनन्दले चौदण्डीको माटो चढाउन आएको छु र यथासंभव धनको समेत सहायता गर्दछु भन्दा पृथ्वीनारायण शाह प्रसन्न भएर हरिनन्दलाई पछि याद गरौंला भनेर पठाए तर हरिनन्दलाई थाहा नदिइकन वांग्वबस्न्यात आदिलाई माझ किरातको परिस्थिति बुझ्न पृथ्वीनारायण शाहले पठाए । पश्चिम पट्टिको लडाई रोकिएपछि र माझ किरातको परिस्थिति बुझ्न गएका मान्छेहरू फर्केर आएपछि मात्र पृथ्वीनारायण शाहले वख्शी अभिमानसिंह बस्न्यातलाई चौदण्डीमा अधिकार गर्न खटाए । तर माझ किरात अधिकार नभएसम्म अभिमानसिंहलाई मकवानपुरमा राखे । पृथ्वीनारायण शाहले किरातका पहाडखण्डमाथि विजय प्राप्त गर्न सरदार रामकृष्ण कुँवर र सरदार अमरसिंह थापालाई खटाए । रामकृष्ण कुँवर र अमरसिंह थापा दूधकोशी र सुनकोशीको दोभानमा डुङ्गाबाट पारगर्न हरिनन्द उपाध्याय र त्रिलोचन उपाध्यायले मद्दत गरेका थिए । सन् १७७२, अगष्ट २५ को रातमा गोरखालीहरूले नदी पार गरे ।[२] मुरमी, सुनुवार र थामीहरू-लाई जग्गा किपट दिई भरियाहरूको बन्दोवस्त गरिएको थियो । रामकृष्ण कुँवर माझ किरातमा पस्दा चौदण्डीको राजधानीबाट टाढा रहेको यस क्षेत्रको सुरक्षा राम्रो थियो । कर्ण सेनले पनि तराई क्षेत्र (तलहट्टी) बनाउन मात्र ध्यान दिएका थिए । यसरी माझ किरातका खम्बूहरू असहाय अवस्थामा थिए तापनि गोरखालीहरूलाई हटाउन खम्बू युवकहरूले सकेसम्म कोशिश गरे । तर विषमा चोपिएका काँडहरू प्रयोग गरे तापनि गोरखाली-हरूको बन्दूक अगाडि खम्बूहरूको धनुकाँडको केही जोर चलेन । यस प्रकार सुनकोशीदेखि उत्तरको माझ किरातमा गोरखालीहरूले सन् १७७३ जनवरीमा आफ्नो पूर्ण अधिकार जमाए । सुनकोशीको दक्षिणमा रहेको माझ किरात खण्ड पनि सन् १७७३ फेब्रुअरीमा गोरखालीहरूको अधिकारमा आयो ।

माझ किरात पूरा दखल भएपछि चौदण्डी र विजयपुरको राजधानी कब्जा गर्नुभन्दाअघि पृथ्वी-नाराण शाहले त्यसबेलाका ब्रिटिश भारतका गभर्नर जनरल वारेन हेस्टिङसलाई "... ... ... मेरा भाइ कामदत्त सेनको धोखेवाज दीवान बुद्धिकर्णले मेरा भाइको राज्य अम्बरपुर र विजयपुरमा अवैध रूपमा अधिकार जमाइराखेको छ । यसलाई दण्ड दिनाको लागि म आफ्नो सैन्यदल पठाउँछु । तर त्यो दीवान छिमेकको जिल्ला पूर्णियामा शरण लिन जाला भन्ने शंका लागेको छ । त्यस अवस्थामा बुद्धिकर्णलाई कुनै किसिमको सैनिक

१ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०३
२ बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ट ६०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहायता नदिनु भन्ने एक पत्र तपाईंले पूर्णियामा रहेको हाकिमलाई लेखि पठाउनु भए अनुगृहित हुनेछु ...... ।"[१]

उक्त पत्रमा पृथ्वीनारायण शाहले अम्बरपुर र विजयपुर बुद्धिकर्णको पञ्जाबाट छुटाउन सकेमा अम्बरपुर र विजयपुरबाट कम्पनीलाई प्राप्त हुने नजराना पठाउने वचन पनि दिएका थिए ।

तर पृथ्वीनारायण शाहले गभर्नरको उत्तरको प्रतीक्षा गरिरहेनन् । तलहट्टीबाट चौदण्डीमा आक्रमण गर्न वख्शी अभियानसिंह बस्न्यात र सरदार पारथ भण्डारीलाई पठाए । त्यसबेला चौदण्डीका राजा कर्ण सेन भागेर विजयपुर पुगिसकेका थिए । त्यसैले चौदण्डीमा रहेका सैनिकहरूले हार मानेर राजधानी छोडिदिए[२] । यसरी माझ किरात दखल गर्न शुरू भएको एक वर्ष भित्रैमा सन् १७७३, जुलाई १६ का दिनमा चौदण्डी राज्य बृहत् नेपाल अधिराज्यमा गाभियो । यस लडाइं पछि चौतारा अजित राईको नाम नभेटिएकोले इतिहासकार बाबुराम आचार्यको भनाइअनुसार चौदण्डीमा आक्रमण हुँदा अजित राई अंग्रेजी राज्यमा शरण लिन गएका थिए र संभवतः रक्तपात नभइकनै चौदण्डी दखल भएको थियो । चौदण्डीमाथि कब्जा गरेपछि अभिमानसिंहले त्यहाँको जनतालाई उनीहरूको घरखेत र धनदौलतको सुरक्षा हुने विश्वास दिलाए र पृथ्वीनारायण शाहले कटुवालहरू लगाएर प्रत्येक थुम र प्रगन्नामा जनतालाई आफ्ना रीतिथितिमा रहू भन्ने सन्देश पुन्याएर यस क्षेत्रमा शान्ति स्थापना गराए । हरिनन्दले पनि पछि कुश बिर्ता पाए ।

त्यसबेला चौदण्डीबाट भागेर आएका राजा कर्ण सेनलाई बुद्धिकर्ण राईले विजयपुरका राजा बनाएका थिए । हिउँदमा गोरखालीहरूले आक्रमण गर्लान् भन्ने शंका कर्ण सेन र बुद्धिकर्ण राईलाई परेको थियो । त्यसैले आफ्ना जहानहरू पूर्णियामा लगेर राखी फर्कन्छु भनी कर्ण सेन गए तर फर्केर आएनन् । त्यसैले अभिमानसिंहले अम्बरपुरबाट वर्षात्को बेलामा विजयपुरमा आक्रमण गर्दा कर्ण सेन त्यहाँ थिएनन् । लडाईंमा केही लिम्बू सैनिकहरू मरे र बुद्धिकर्ण राई भागेपछि सन् १७७४, जुलाई १७ का दिन विजयपुर पनि गोरखालीहरूको अधिकारमा आयो ।

१. बाबुराम आचार्य को माथि उल्लिखित किताब, पृष्ठ ६०६
२. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

गाईघाट

वि. सं. २०२८ सालदेखि जिल्लाको सदरमुकाम उदयपुरगढीबाट यहाँ सरेको छ । यसको भित्री मधेशमा त्रिजुगा नदीको उत्तरी फाँट र बरुवा खोलाको पश्चिमी किनारामा यो स्थान अवस्थित छ । यसको केही उत्तरमा नै पहाड शुरू हुन्छ ।

बैंक, आकाशवाणी र जेल बाहेक जिल्लास्तरीय अरू सबै सरकारी कार्यालय यहाँ छन् । सरकारी भवनहरू बनिनसकेकाले कार्यालयहरू भाडामा काठका घरहरूमा राखिएका छन् ।

यहाँ करीब ६०–७० वटा घरहरू छन् । अधिकांश घरहरू काठले मात्र बनेका छन् । घर र बजार योजनावद्ध रूपमा बसाइएकोछ । यहाँ करीब ४० वटा स्थायी पसल र साना होटेलहरू छन् । होटेलमा खाने प्रबन्ध भएपनि बस्ने व्यवस्था साधारणतया हुँदैन । यहाँ प्रत्येक बुधबार हाट लाग्दछ । हिउँदताका त्यस हाटमा खोटाङ जिल्लाबाट पनि मानिसहरू आउँछन् ।

यहाँ एक माध्यमिक विद्यालयको साथै स्वास्थ्य केन्द्र, आयुर्वेदिक औषधालय र औषधि पसलहरू पनि छन् । यहाँबाट करीब २६ किलोमिटर (आठ कोस) दक्षिण-पश्चिममा सिराहा जिल्लाको लाहान बजार रहेको छ । लाहान महेन्द्र राजमार्गमा पर्दछ । गाईघाट पुग्ने सबभन्दा छोटो बाटो लाहानबाट छ । लाहानबाट गाईघाट पैदल या घोडामा एक दिनमै पुग्न सकिन्छ । यो बाटोबाट जाँदा वलान नदी, चुरे डाँडो, त्रिजुगा र केही खहरेहरू पर्दछन् । लाहानमा टट्टू घोडाहरू पाउन सकिन्छ । अर्को बाटो अञ्चल सदरमुकाम राजविराजबाट सप्तरीको फत्तेपुरसम्म मोटर या बसमा आई त्यसपछि करीब २२ किलो मिटर (सात कोस) पैदल हिंडेर गाईघाट पुग्न सकिन्छ । यो बाटोमा त्रिजुगा नदी र अरू साना खोलाहरू पर्दछन् तापनि हिउँदमा जीप आदि चलाउन सकिन्छ । पैदल हिड्नेहरू गाईघाटबाट धेरैजसो लाहान भएर नै आउने जाने गर्दछन् । वर्षामा खोलानाला बढ्नाले जिल्लाका अरू भाग र बाहिरी जिल्लाहरूबाट पनि गाईघाट जान निकै कठिन पर्दछ ।

गाईघाट बजारको उत्तरपट्टि बोक्सेको टार छ । गाईघाटसँग जोडिएको बोक्से उदयपुर जिल्लाको प्रस्तावित सदरमुकाम क्षेत्र पनि हो । गत केही वर्षदेखि बोक्सेमा जङ्गल फडानी गरी सानो गाउँ बसेको छ । यस बजारको छेउमा एक भगवती मन्दिर छ जुन वि. सं. २०३० सालमा स्थापना भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदयपुर गढी

यो ठाउँ जिल्लाको पुरानो सदरमुकाम हो। यही डाँडामा पहिले उदय नामका राजा थिए भनिन्छ र त्यसैले जिल्लाको नाम उदयपुर हुन गएको भन्ने जनश्रुति छ। यहाँबाट गाईघाट करीब ३२ किलोमिटर (१० कोस) टाढा र दक्षिण-पूर्वमा पर्दछ। हाल उदयपुरगढीमा कारागार, आकाशवाणी र सिलखानमा पुरानो तोप-हरूको साथै पुराना सरकारी भवनहरू पनि छन्। यहाँ एक दुई पसल पनि छन्। हालको गढीबाट करीब एक किलोमिटर (⅓ कोस) उत्तर-पश्चिममा पुरानो गढी छ जहाँ चौदण्डीबाट वि. सं. १८८७ सालमा सदरमुकाम सारिएको थियो। पछि फेरि हालको गढीमा अड्डाहरू सारिए।

यसको उचाइ समुद्र सतहबाट करीब १,३९० मिटर (४,६३३ फीट) छ। यहाँबाट हिमालयको दृश्य र तराईका जिल्लाहरू देख्न सकिन्छ। त्यसैले गढीको डाँडो निकै रमणीय छ। यस डाँडामा राम्रो जङ्गल भएकोले शिकारहरू पनि पाइन्छन्।

यहाँबाट कटारी करीब १९ किलोमिटर (छ कोस) पश्चिममा पर्दछ र पहिले यहाँदेखि कटारीसम्म मोटर पनि चल्दथ्यो। त्यस्तै यहाँबाट गाईघाट हुँदै फत्तेपुरसम्म पनि मोटर चलेको थियो तर हाल मोटर बाटो दुवैतिर बन्दछ।

यस ठाउँबाट ज्यादा आवागमन पश्चिममा पर्ने कटारी बजारसँग छ। यहाँबाट सोझै लाहान जाने बाटो पनि छ र लाहानतिर पनि निकै आवत जावत हुन्छ। यहाँ पञ्चावती माईको मन्दिर छ जहाँ प्रत्येक वर्ष मेला लाग्दछ। मन्दिर नजीकै पुरानो टुँडिखेल छ।

यहाँ पानीको निकै दुर्लभ र गढीमा पानी नभएकोले केही तलबाट पानी ल्याई बेच्ने चलन छ। यहाँ एउटा माध्यमिक विद्यालय र एउटा स्वास्थ्य उपकेन्द्र पनि छन्। उदयपुरगढीको दक्षिणमा नेपालटार उपत्यका र पश्चिमपट्टि रिश्कुका उब्जाउ फाँटहरू छन्। नेपालटार उपत्यकाको केही दक्षिणमा चियाबारी भन्ने स्थान छ जहाँ पहिले चियाको खेती गरिएको थियो तर आज भोलि त्यहाँ चियाको खेती पाइँदैन।

चौदण्डीगढी

यो जिल्लाको सबभन्दा महत्वपूर्ण ऐतिहासिक गढी हो। यहाँ पहिले सेन राजाहरूको राजधानी थियो तर हिउँदमा भने भावर इलाकाको नयाँ राजधानीमा सेन राजाहरू बस्ने गर्दथे। चौदण्डी राज्य नेपाल अधिराज्यमा मिलेपछि एक जिल्लाको रूपमा रहँदा चौदण्डीगढी मै प्रशासन केन्द्र राखिएको थियो। उदयपुर जिल्ला भन्ने नामकरण भइसकेपछि पनि वि सं. १८८७ सम्म सदरमुकाम चौदण्डीगढी मै थियो र त्यसपछि मात्र यस जिल्लाको सदरमुकाम उदयपुरगढीमा सारिएको हो। यहाँ देवीको मन्दिर र पुराना भग्नावशेष छन्। बेलका राजा बेलका रानी भन्ने यहाँका मुख्य देवदेवी हुन् र यिनीहरूको पूजा गरिन्छ। निरौला, थानी, भण्डारे, मुसारे, विकुले, नसरम, पसरम, त्रिजुगा राजा, त्रिजुगा रानी आदिको पनि पूजा गर्ने चलन छ। बेलटार बजारको झण्डै उत्तर-पूर्वमा करीब ९१५ मिटर (३,००० फीट) को उचाइमा यो रहेको छ। यहाँबाट गाईघाट करीब ३२ किलोमिटर (१० कोस) टाढा र दक्षिण-पश्चिममा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कटारी

जिल्लाको पश्चिम छउमा पर्ने यो सबभन्दा ठूलो व्यापार केन्द्र र बजार हो। यहाँ राष्ट्रिय वाणिज्य बैंकको एउटा शाखा पनि छ। यहाँ करीब ७० वटा स्थायी पसल छन् र प्रत्येक शुक्रबार हाट लाग्दछ। यो हाट जिल्लाको सबभन्दा ठूलो हो र त्यसमा खास गरी हिउँदमा सोलुखुम्बू, श्रोखलढुङ्गा र खोटाङका निवासीहरू पनि श्राफ्नो चीजबीज लिई किनबेचको लागि श्राउँछन्।

यहाँ एउटा माध्यमिक विद्यालय पनि छ। यहाँबाट गाईघाट करीब ४२ कि. मि. (१३ कोस) टाढा र पूर्व दिशामा पर्दछ। यहाँ एक प्रहरी चौकी छ। एक स्वास्थ्य उपकेन्द्र र केही औषधि पसलहरू पनि छन्।

पहिले अमटाइ बजार भनेर प्रख्यात रहेको यो हाट हाल व्यवस्थित र स्थायी रूपमा बसाइएको बजार क्षेत्रमा लाग्दछ। बजार लाइन दोहोरो छ र उत्तर-दक्षिण फैलिएको छ। यो बजारको दक्षिणमा तावा खोला छ। यो बजारको सम्पर्क चिसापानी र जनकपुरसँग ज्यादा छ। हिउँदमा कटारीदेखि चिसापानी हुँदै महेन्द्र राजमार्गमा पर्ने गोदारसम्म जीप, ट्रक श्रादि चल्दछन्। बयलगाडा र उँटबाट पनि माल ढुवानी गर्ने चलन यहाँ छ। हाटबाट हुने श्राम्दानीले गर्दा जिल्लाको सबभन्दा बढी श्राय हुने गाउँ पञ्चायत कटारी हुन्न-पुगको छ।

बेलटार

जिल्लाको पूर्वी छेउमा पर्ने यो दोस्रो प्रमुख बजार र बढ्दो व्यापार केन्द्र हो। गत पाँच-छ वर्ष श्रघिदेखि योजनावद्ध रूपमा बजार लाइन बसाइएको छ जुन उत्तर-दक्षिण परेर बसेको छ। यहाँ करीब ३० वटा पसल छन् र प्रत्येक बिहीबार हाट लाग्दछ। हिउँदमा त्यस हाटमा भोजपुरको पश्चिम भेक र खोटाङका निवासीहरू ठूलो संख्यामा किनबेचको लागि श्राउँछन्। यसको व्यापारिक सम्पर्क सप्तरी जिल्लाको कञ्चनपुर बजारसँग छ। हिउँदमा फत्तेपुर हुँदै कञ्चनपुर र राजविराजसम्म बयलगाडा, जीप, ट्रक श्रादि चल्दछन्। यहाँबाट गाईघाट करीब १९ कि. मि. (छ कोस) टाढा र पश्चिम दिशामा पर्दछ।

केही वर्ष श्रघिसम्म पनि यहाँ खानेपानीको विकट समस्या थियो। बजारको पश्चिममा रहेको खोला हिउँदमा बजारको नजीकैतिर सुक्ने हुनाले करीब डेढ किलोमिटर उत्तर श्रीपञ्चमी भन्ने ठाउँसम्म त्यो खोलामा पानी रहने भएकोले श्रीपञ्चमीबाट टिनमा पानी भरी बयलगाडाद्वारा बजारसम्म ल्याई बेच्ने चलन थियो। पानीको कठिनाइले गर्दा यस बजारको वृद्धिमा बाधापरेको थियो। वि. सं. २०३० सालमा श्रपराह खोलाबाट पानी ल्याई वितरण गर्ने योजना पूरा भएकोले हाल यहाँ नौ वटा कलधाराहरूबाट खानेपानी वितरण भएको छ जसले गर्दा खानेपानीको समस्या हट्न गएको छ।

यहाँ एउटा प्राथमिक विद्यालय, एक स्वास्थ्य उपकेन्द्र, श्रौषधि पसल र हुलाक श्रादि पनि छन्।

त्रिवेणी

यहाँ हरेक वर्ष माघे संक्रान्तिमा मेला लाग्दछ जुन श्रधिराज्यको पूर्वी भागमा लाग्ने माघे मेलाहरूमा सबभन्दा ठूलो हो। कमलानदीमा तावाखोला मिलेको ठाउँभन्दा श्रलि पूर्वमा तावाखोलामा ककरूखोला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्ने भएकोले त्रिवेणी संगमको रूपमा यस स्थानलाई मानिएको छ। सिंधुली जिल्ला र उदयपुर जिल्लाको सीमानामा कटारी बजारबाट करीब छ कि. मि. (दुई कोस) पश्चिममा लाग्ने यस मेलामा कटारीको पूरै बजार सर्दछ र घोडा, कुकुर आदिको बजार सिंधुली जिल्लापट्टि लाग्दछ। मैनी मेलाको नामले प्रसिद्ध भएको यो मेलामा अधिराज्यका पूर्वी मधेश तथा पहाडका जनताहरूको साथै भारतको बिहार प्रान्तबाट पनि प्रशस्त यात्रीहरू धार्मिक भावना र व्यापारको लागि भेला हुन्छन्। यहाँको त्रिवेणी संगमलाई पवित्र मानी मेला भर्न आउनेहरू कमलामा नुहाउने र कलिला पाठा, परेवा आदिको भोग कमलालाई चढाउने गर्दछन्। मेलाताका धनुषा जिल्लाको महेन्द्र राजमार्गमा पर्ने गोदारदेखि मेला स्थलसम्म जीप, ट्रक आदि चल्ने हुँदा यात्रीहरूलाई आउन जान निक्कै सुविधा छ। यो मेला करीब १५–२० दिनसम्म रहन्छ।

रौताहा (रौता)

जिल्लाको सबैभन्दा रमणीय स्थान मानिएको यो ठाउँ पाँवु गाउँ पञ्चायतमा पर्दछ। यसको उचाइ समुद्र सतहबाट करीब १,७७० मिटर (५,९०० फीट) भएको अनुमान गरिन्छ। यहाँ पहाडको टुप्पोमा एउटा पोखरी र भगवतीको मन्दिर छ। यहाँ हरेक वर्ष माघे संक्रान्तिमा मेला लाग्दछ। पुस, माघमा यहाँ केही मात्रामा हिउँ पर्दछ जुन एक दुई हप्ताजतिमा पग्लन्छ।

मुर्कुचो

गाईघाटदेखि करीब १६ कि. मि. (पाँच कोस) उत्तर पश्चिममा त्रिजुगाले बनाएको भित्रीमधेशको खोंचमा मुर्कुची अवस्थित छ। त्रिजुगा नदीको बगाइअनुसार मुर्कुची उत्तर-दक्षिण फैलिएको छ। उत्तरतिरका पहाडी जिल्लाहरूबाट झर्ने बाटो, लाहान जाने बाटो र गाईघाटबाट उदयपुर र कटारी जाने मूलबाटोहरू यहीं मिल्दछन्। त्यसैले यो यातायात केन्द्र भएको छ। यहको छेउछाउमा घना जङ्गलहरू छन्। यहाँ सानो गाउँ छ तर पसलहरूको राम्रो व्यवस्था छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

सगरमाथा अञ्चलका जिल्लाहरूमध्ये ठूलो क्षेत्रफल र कम जनसंख्या भएको जिल्लाहरूमा सोलुखुम्बू पछि दोस्रो स्थान उदयपुरले लिएको छ। उदयपुरको उत्तरमा रहेका ओखलढुङ्गा, खोटाङ र भोजपुर वा दक्षिणमा रहेका सिराहा र सप्तरी जिल्लाहरूमाभन्दा यहाँ कम जनसंख्या हुनाको मुख्य कारण पहिले यहाँ सारै कडा औलो लाग्ने भएकोले नै हुनुपर्छ। भित्रीमधेश र चुरे क्षेत्रमा पहिले जनसंख्या सारै कम थियो र बसोबास जिल्लाको उत्तर र पश्चिमपट्टि महाभारत क्षेत्रमै सीमित थियो। औलो प्रायः निर्मूल हुन गएको हुँदा गत केही वर्ष-देखि भित्रीमधेश भागमा ठूलो संख्यामा आप्रवासन शुरू भएको छ र जिल्लाको सबभन्दा ज्यादा जनसंख्या भएको पञ्चायत पनि भित्रीमधेशमै देखापरेको छ। भित्रीमधेशका रैथानेहरू दनुवार र थारूहरू हुन् तापनि हाल त्यस क्षेत्रमा पहाडबासीहरूको संख्या पनि उल्लेखनीय हुनगएको छ। पहाडतिर यहाँका पुराना बासिन्दा राई, किरातीहरूका साथै बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ, शेर्पा, तामाङ आदिको बसोबास रहेको छ। यहाँको जनसंख्या र जनजीवनमा औलो उन्मूलनको साथै बाहिरी तथा यसै जिल्लाका पहाडबासीहरूको भित्रीमधेश भागमा आप्रवासनबाट जङ्गल फँडानीमा मात्र वृद्धि नभई पहिले अलगग रहेका विभिन्न जातजाति अहिले छर-छिमेकी हुन पुगेका छन्। विभिन्न मान्यता, परम्परा र रीतिरिवाजको जमघट हुन पुगेको छ र यसरी जनसंख्यामा वृद्धि र जनजीवनमा नयाँ अध्याय शुरू भएको छ।

जनसंख्या

वि. सं. २०१८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ९१,३०० थियो जसमध्ये १,८७१ विदेशमा थिए। २०२८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या १,१२,६२२ पुगेको छ। जसमध्ये पुरुषको संख्या ५५,९४२ र महिलाको संख्या ५६,६८० छ। २०१८ देखि २०२८ सालसम्ममा वार्षिक २.३ प्रतिशतको दरले जनसंख्या वृद्धि भएको छ। सगरमाथा अञ्चलको जनसंख्या (१३,१३,४८०) को ८.६ प्रतिशत जनसंख्या यस जिल्लामा छ। उदयपुर जिल्लाको क्षेत्रफल २,२७२ वर्ग किलोमिटर छ। यहाँको जनघनत्व प्रतिवर्ग किलोमिटर ५०० व्यक्ति छ। जनसंख्याको दृष्टिकोणबाट अधिराज्यको जिल्लाहरूमा यसको स्थान ५४ औं छ।

२०१८ सालको जनगणना अनुसार यहाँ घर परिवारको कुल संख्या १७,००७ थियो। २०२८ सालको जनगणना अनुसार यस जिल्लामा जम्मा २०,४९९ घर परिवारहरू छन्। २०१८ देखि २०२८ साल सम्ममा घर परिवारको संख्या वार्षिक करीब २.१ प्रतिशतको दरले वृद्धि भएको देखिन्छ। २०२८ को जनगणना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार औसत परिवारको आकार ५.४९ छ। उपर्युक्त घर परिवार संख्यामध्ये एक जना मात्र परिवार भएका ६८४, २० र २० भन्दा बढी व्यक्तिको परिवार ३५ देखिन्छ। सबभन्दा ज्यादा पाँच व्यक्ति भएको परिवारहरू छन् जसको संख्या ३,३८५ छ। त्यस्तै चार व्यक्ति भएको घर परिवार संख्या ३,१७७ र छ व्यक्तिको घर परिवार संख्या २,८५४ छ।

जिल्लाको कुल जनसंख्या १,१२,६२२ मध्ये विभिन्न उमेर समूहको संख्या तलको तालिकामा दिइएको छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५ वर्ष	१०,४३६	१८.७	११,२८१	१९.९	२१,७१७	१९.३
६–१५ वर्ष	१४,८०८	२६.५	१३,५०५	२३.८	२८,३१३	२५.०
१६ वर्ष र माथि	३०,६९८	५४.८	३१,८९४	५६.२	६२,५९२	५५.५
जम्मा —	५५,९४२	१००	५६,६८०	१००	११,२६२२	१००

उपर्युक्त तालिका पाँच वर्षसम्मका बच्चाहरूलाई एक समूहमा, छदेखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका केटाकेटीलाई दोस्रो समूहमा र १६ देखि माथि उमेरकाहरूलाई तेस्रो समूहमा विभाजन गरिएको छ। पाँच वर्षसम्मका बच्चाहरू जिल्लाको जनसंख्याको १९.३ प्रतिशत र छदेखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका केटाकेटी जिल्लाको जनसंख्याको २५ प्रतिशत भएकाले भविष्यमा शिक्षा तथा अन्य सामाजिक सेवा उपलब्ध गराउने र काम दिलाउने योजनाहरूको आवश्यकतालाई इंगित गर्दछ।

जिल्लाका १० देखि ५९ वर्षका जनतालाई काम गर्न सक्ने र १० भन्दामुनि र ६० भन्दामाथि उमेर भएकाहरूलाई आश्रित मान्दा प्रत्येक १०० जना काम गर्न सक्ने माथि अरू काम गर्न नसक्ने ५८ जना आश्रित रहेका देखिन्छन्। यसरी उदयपुर जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५८ हुन आउँछ।

अन्तर्राष्ट्रिय चलनअनुसार १५ देखि ६४ वर्ष सम्मकालाई काम गर्न सक्ने मानेर बाँकी अरूलाई आश्रित मान्दा सक्षम तथा आश्रितको अनुपात १००:८२ हुन आउँछ अर्थात् प्रति १०० जनाको कमाइमा अरू ८२ जना आश्रित रहन्छन्।

यस जिल्लाका छ वर्ष र सोभन्दा बढी उमेर भएको जनसंख्यामा विवाह भएका, नभएका र विधवा आदिको संख्या तलको तालिकामा दिइएको छः—

वैवाहिक स्थिति	सबै किसिम	विवाह नभएका	विवाहित	विधवा वा विधुर	पारपाचुके लिएका
पुरुष	४५,५०६	१९,४४७	२४,५५८	१,३६३	१३८
महिला	४५,३९९	१४,४२२	२६,६५५	४,१९९	१३१
जम्मा	९०,९०५	३३,८६९	५१,२१३	५,५३२	२६९

सबभन्दा बढी विवाह भएको संख्या २५ देखि २९ वर्षको उमेर समूहमा छ र सबभन्दा कम विवाह भएको उमेर समूहमध्ये छ वर्षदेखि नौ वर्षको समूहमा विधवा वा विधुरहरू छैनन् र १० देखि १४ वर्षको समूहमा विधवा तीन र विधुर तीन र १५ देखि १९ वर्षको समूहमा विधवा १४ र विधुर १७ छन्। २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखि २९ वर्षको समूहमा पनि विधवा वा विधुरहरूको संख्या निक्कै कम छ। यसरी यहाँ बाल विधवाहरू कम र केटाकेटी उमेर (छ देखि १४ वर्ष) मा विवाह गर्ने चलन ज्यादै नै कम रहेको देखिन्छ। पारपाचुके लिने चलन केही मात्रामा पाइन्छ ।

वि. सं. २०२८ को जनगणनामा भाषा भाषीको आधारमा जिल्लाको जनसंख्या निम्नबमोजिम देखाइएको छः–

भाषा	बोल्नेको संख्या	भाषा	बोल्नेको संख्या
नेपाली	५६,५१५	मगर	१५,६८४
मैथिली	१५,०३४	राई	१४,५०६
तामाङ	६,७२४	नेवारी	१,८५०
दनुवार	१,०८३	अन्य	१,२२६

उपर्युक्त तालिकामा भएका समूहले बोल्ने भाषाहरू उल्लिखित अन्य शीर्षकमा दनुवार, सुनुवार, लिम्बू, सतार, शेर्पा, गुरुङ र थारूहरू पर्दछन्। जिल्लामा थारूहरूको संख्या करीब ३०,००० रहेको अनुमान गरिन्छ तापनि तथ्याङ्क विभागको २०२८ को जनगणनामा थारू भाषा बोल्नेहरूको संख्या तीन मात्र देखाइएको छ। थारू भाषामा मैथिली प्रभाव ज्यादा भएकोले थारूहरूलाई मैथिली भाषा बोल्ने समूहमै गणना गरेको हुनुपर्छ । त्यस्तै माथिको तालिकामा दनुवार भाषा बोल्नेहरू १,०८३ मात्र देखाइएको छ तर जिल्लामा करीब ८,००० दनुवारहरू रहेको अनुमान गरिन्छ। यहाँको दनुवार भाषामा नेपालीको पनि निक्कै प्रभाव भएको हुनाले दनुवारहरूमध्ये केहीलाई नेपाली बोल्ने समूहमै गणना गरेको हुनुपर्छ।

जिल्लाको भित्रीमधेश भाग बाहेक अरू ठाउँमा साधारणतया नेपालीमै बोलचाल गरिन्छ। भित्री–मधेशमा पनि नेपाली बोल्ने प्रवृत्ति बढ्दै गएको छ ।

उदयपुर जिल्लाको कुल जनसंख्या १,१२,६२२ मध्ये स्वदेशमा जन्म भएका १,१२,४७१ र विदेशमा जन्म भएका १५१ जना छन्। विदेशमा जन्मेकाहरूको संख्या यहाँ सारै कम देखिन्छ। स्वदेशभित्र जन्मेकाहरूमध्ये सगरमाथा अञ्चलमा जन्मेकाहरू १,११,६१६ जना, कोशी अञ्चलमा जन्म भएका ८० जना, जनकपुर अञ्चलमा अजन्म भएका ४६६ जना र बाँकी अन्य अञ्चलमा जन्म भएका छन्। सगरमाथा अञ्चलमा जन्म भएकाहरूको संख्या अरूको दाँजोमा अत्यधिक रहेबाट जिल्लाका रैथानेहरूको संख्या नै अत्यधिक रहेको र आप्रवासन पनि सगरमाथा अञ्चलका भोजपुर, खोटाङ आदि जिल्लाहरूबाट बढी भएको देखिन्छ।

विदेशमा जन्म भएकाहरूमध्ये विदेशी नागरिकहरूको संख्या १२६ छ र बाँकी २५ जना विवाह वा अन्य कारणहरूद्वारा नेपाली नागरिक भइसकेका देखिन्छन्। विदेशमा जन्मेकाहरूमध्ये भारतमा जन्म भएका १४१ र बाँकी अन्य एशियाली मुलुकमा जन्म भएका छन्। भारतमा जन्म भएका १४१ जनामध्ये ८४ जना भारतीय नागरिक छन्। बाँकी विदेशी नागरिकहरू अन्य एशियाली मुलुकहरूका नागरिक छन्।

यस जिल्लामा हिन्दू धर्मावलम्बीहरूको साथै बौद्ध धर्मका अनुयायीहरू पनि छन्।

जिल्लामा हिन्दू धर्मका अनुयायीकै संख्या अत्यधिक छ। बौद्ध मार्गीहरूमा तामाङहरू मुख्य छन्। अन्य धार्मिक सम्प्रदायका मानिसहरू नगण्य छन्। सेन राजाहरूको पालादेखि नै हिन्दू धर्मको प्रभुत्व यहाँ रहिआएकोले हिन्दूहरूकोसंख्या यहाँ स्वाभाविक रूपमा ज्यादै धेरै हुन गएको छ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार जिल्लाका विभिन्न गाउँ पञ्चायतहरूको जनसंख्या निम्नबमोजिम छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१.	आँपटार	३,०५८
२.	ओखले	१,९६०
३.	ईनामे	२,६३२
४.	उदयपुर	३,१३८
५.	कटुन्जे ववला	१,६०३
६.	खाँबु रानीबास	२,१४५
७.	कटारी	३,२७३
८.	गाईघाट	४,१५२
९.	चौदण्डी	२,७८०
१०.	जार्ते	२,५२७
११.	जाल्पा चिलाउने	१,६९५
१२.	जोगी दह	१,७८९
१३.	टाना गाउँ	२,४४१
१४.	डुम्रे	२,१९६
१५.	डिल्लीवर	१,४५८
१६.	ताम्लीछा	२,२९५
१७.	तपभ्वरी वलही	२,१५२
१८.	थाक्ले	२,५०२
१९.	मामेटार	१,५५९
२०.	दोरी	३,७४१
२१.	पोखरी	२,३६९
२२.	बाँस बोटे	१,९८८
२३.	बलम्ता	२,२६२
२४.	बाराहा	२,४१०
२५.	बर्रे	३,३९२
२६.	भारतजोर पाँवु	१,८५३
२७.	मलाया डाँडा	२,३७५
२८.	भुट्टार	२,६२७
२९.	भूमरसुवा	४,४८१
३०.	मयंखु	२,२६५
३१.	रातापानी ठेक्सिला	३,२९८
३२.	रूपाटार	३,०६९
३३.	रिश्कु	३,६६७
३४.	लाफागाउँ	१,९८९
३५.	लिम्पाटार	१,४३५
३६.	लेख गाउँ	२,४१८
३७.	लेखानी	२,०७७
३८.	सिरिसे आहाले	२,७६७
३९.	स्वरुङ्ग छविसे	२,७९६
४०.	साउने	९१३
४१.	हुँडिया	३,२९०
४२.	सुन्दरपुर	६,४५७
४३.	हर्देनी चिलाउने	२,१०४

पञ्चायतहरूमा २,००० देखि २,९९९ सम्मको जनसंख्या भएकाहरूको संख्या (२०) सबभन्दा ज्यादा देखिन्छ। जिल्लाको कुल जनसंख्या (१,१२,६२२) जम्मा ४३ गाउँ पञ्चायतमा रहेको हिसाबले प्रत्येक पञ्चायतको औसत जनसंख्या करीब २,६१९ हुन आउँछ। जिल्लामा ५,००० भन्दा बढी जनसंख्या भएको एक मात्र स्थान सुन्दरपुर गाउँ पञ्चायत हो र त्यो नै जिल्लाको सबभन्दा बढी जनसंख्या (६,४५७) भएको स्थान पनि हो। जिल्लाको सबभन्दा कम जनसंख्या (९१३) साउने गाउँ पञ्चायतमा छ। जिल्लाका ४३ गाउँ पञ्चायतहरू-मध्ये नौ (करीब २१ प्रतिशत) मात्र भित्रीमधेशमा छन् र बाँकी ३४ पहाडी भागमा रहेका छन्। यसरी जिल्लाका ३० (करीब ७० प्रतिशत) गाउँ पञ्चायतहरू र ६९,१९४ (६१.४ प्रतिशत) जनसंख्या पश्चिमपट्टिको पहाडी भागमा केन्द्रित भएको देखिन्छ।

जनजीवन

भित्रीमधेश र पहाड मिलेको यस जिल्लामा विभिन्न जातिहरूको बसोबास रहेको देखिन्छ। पहाड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र उत्तरी भागमा धेरैजसो मगर, राई, बाहुन, क्षेत्री, नेवार, तामाङ, शेर्पा, गुरुङ, घर्ती, कामी, दमाईहरूको बसोबास छ। यी जातिहरू साधारणतया मिसिएर बसेका छन्। पहाडी भागको उत्तरतर्फ सुनुवार, तामाङ र शेर्पाहरूको आधिक्य छ। भित्रीमधेश भागमा थारू र दनुवारहरूको प्राधान्य छ। थारूहरू पूर्वतिर र दनुवारहरू पश्चिमतिर धेरै छन्। दनुवारहरूको बस्ती भित्रीमधेशको सिरानमा वा पहाडको फेदी र खोंचहरूमा खोला भएका ठाउँहरूमा अक्सर रहेका हुन्छन्। अरू जातिहरूमा मुसहर र माझीहरू पनि छन्।

यस जिल्लामा पहिले साह्रै कडा औलो लाग्ने हुनाले थारू र दनुवार बाहेक अरू जातिका मानिसहरू पहाडतिरै बसोबास गर्ने गर्दथे। हाल औलोको रोकथाम भएपछि यस जिल्लाका पहाडी भागका जनताको साथै अरू उत्तरतर्फका जिल्ला खासगरी खोटाङ, भोजपुरतर्फका निवासीहरू पनि भित्रीमधेशतिर सर्न थालेका छन्। यसले गर्दा भित्रीमधेशको जनसंख्यामा निक्कै वृद्धि हुन गएको छ। उदाहरणको रूपमा पूर्वी भित्रीमधेशको सुन्दरपुर गाउँ पञ्चायतमा पहिले पूर्ण रूपमा थारूहरूको बस्ती थियो भने हाल यस पञ्चायतको जनसंख्याको झण्डै ५० प्रतिशत पहाडबाट झरेकाहरू छन् र यो जिल्लाको सबभन्दा बढी जनसंख्या (६,४५७) भएको गाउँ पञ्चायत हुन पुगेको छ। त्यस्तै कटारी मुख्यतया दनुवार बस्ती हो तापनि हाल यहाँ पहाडबासीहरूको संख्यामा ठूलो वृद्धि हुन गएको छ।

पहिलेदेखि नै यस जिल्लाबाट अरू जिल्लामा बसाइँ सर्ने चलन रहेको छ। यसको मुख्य कारण पहिले कडा औलो लाग्ने हुनाले हो। यस जिल्लाबाट सिराहा र जनकपुर अञ्चलको धनुषामा नै ज्यादा बसाइँ सर्ने चलन थियो। हाल औलोको रोकथाम भएकोले अन्य जिल्लामा सर्नेभन्दा पहाड छोडेर भित्रीमधेशतिर ओर्लिनेहरूको संख्या बढी रहेको छ।

यस जिल्लाका हिन्दू र बौद्ध धर्मावलम्बी विभिन्न जातिहरूको रीतिरिवाज अरू जिल्लाका ती समुदायका उस्तै जातिहरूसँग मिल्दो जुल्दो छ।

यसै जिल्लाको लेखानी गाउँ पञ्चयातमा एकथरी मगरहरू छन्। जसलाई खानीवाल मगर भनिन्छ। यिनीहरू पैले खानीमा काम गर्न सिपालु भएकाले खानीवाल भन्ने चलन हुन सक्छ। यिनीहरू मगर कुरा नबोली नेपाली बोल्दछन् र नेपाली पनि अलि बेग्लै उच्चारण गर्दछन् जस्तै सुर्तीलाई सुतिर, खोर्सानीलाई खोस्रानी, तरुललाई तुरुल, तिमीहरूलाई इतुंहरू इत्यादि।

यहाँका थारूहरू कोचिला (कुच बिहारी) र खस समूहका छन्। यिनीहरूको थरमा चौधरी, पंजियार आदि छन्। यहाँका थारूहरूमा मैथिली भाषाकै मुख्य प्रभाव छ। थारूहरूको बस्ती जिल्लाको दक्षिणी भित्री मधेश भागमा पूर्वपट्टि ज्यादा छ। यिनीहरूले खोंचमाभन्दा मैदानी भाग र चुरे नजीकै बढी बसोबास गरेका छन्। घर भूईंतले र कच्ची हुन्छ। यहाँका थारू र सप्तरी र सिरहाका थारूहरूको रीतिरिवाज एकै किसिमको छ।

दनुवारहरू मुख्यतया भित्रीमधेश शुरू हुने पहाडको काखमा खोंचतिर बसेका छन्। यिनीहरू माछा मार्न र जङ्गल फाँडी खेती गर्ने गर्दछन् तसर्थ खोलाको नजीकै नै यिनीहरूको बस्ती पाइन्छ। दनुवारहरू मुख्यतया गाईघाटको पश्चिमतिर बसेका छन्। दनुवार गाउँहरूमा घर थोरै संख्यामा हुन्छन् र गाउँ एक अर्कोबाट टाढा रहेका हुन्छन्। यहाँका र सिंधुलीका दनुवारहरूको रीतिरिवाज एकै किसिमको छ र दनुवार रीतिरिवाजको विस्तृत बयान सिंधुली जिल्लामा गरिएको छ।

गाउँघरको जीवनमा विभिन्न जातिहरू आफ्नै परम्परागत पेशा अपनाउँदै आएका छन्। त्यसैले बाहिरी यातायात केही कठिन भएको, कुनै पनि ठूलो उद्योग वा शहर क्षेत्र पनि नभएको र गाउँहरूले मात्र भरिएको यस कृषि-प्रधान जिल्लामा विभिन्न जातिहरू जीवनयापनकोलागि एक अर्काको मद्दत र सीपमा निर्भर गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो पेशामा दक्ष भएका दमाई, कामी, सार्कीहरूको सीप र तिनीहरूले बनाएका लुगा, औजार,जुत्ता आदि सबैलाई आवश्यक पर्ने हुन्छ। गाउँ घरमा पैसाको चलन कम हुने र वस्तुगत व्यापार नै ज्यादा चल्ने हुनाले आफूले गरेको उत्पादन अरूसँग साटी काम चलाउनु हरेक जातिलाई अनिवार्य हुन्छ। शिक्षाको प्रसारबाट पनि जातीय सम्पर्क बढेको छ।

हिउँदमा खेतीबाट फुर्सत हुने हुँदा पहाडतर्फका प्रायः सबैजसो जातिहरू ज्याला मजुरी गर्न र नून, अन्न किन्न मधेशतर्फ ओर्लिन्छन्। यिनीहरू प्रायः भारी बोक्ने काम नै गर्दछन्। जिल्लाका पहाडी भागबाट भारत-तर्फ नोकरी गर्न या ब्रिटिश र भारतीय फौजमा भर्ती हुन जाने चलन यहाँ पनि छ। तर उत्तरतिर अरू जिल्लाहरूको दाँजोमा त्यस्ता व्यक्तिहरूको संख्या निक्कै कम छ।

पहाडी भागमा ढुङ्गा र माटोको गारो, ढुङ्गा या परालका छाना भएका भूईंतला र त्यस माथि अर्को एक तल्ला भएका घर पाइन्छन्। कतै बारदली, साना साना झ्याल र काठका दलिन राखिएका हुन्छन्। भित्रीमधेश भागमा अधिकांश भूईंतले कच्ची घरहरू पाइन्छन् जसमा बाँसका भाटामा माटोले दुवैतर्फ लिपी गारो र साना झ्यालहरू बनाइएका हुन्छन् फुसको छाना नै ज्यादा हुन्छ। मधेश भागमा आजकाल ईंट पोली ईंट र काठ (अग्राख) उपयोग गरेर घर बनाउने चलन छ। मधेश भागमा साल प्रशस्त भएकोले गत केही वर्षदेखि काठले बनेका दुईतले, तीन तले घरहरू पनि बन्न थालेका छन्। यस्ता घरहरू गाईघाट, बेलटार, कटारी आदि बजार भएका प्रमुख स्थानहरूमा ज्यादा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

जिल्लाको कुल जनसंख्यामध्ये विभिन्न पेशामा लागेकाहरूको संख्याबाट यहाँको आर्थिक गतिविधि बुझ्न सकिने कुरा २०२८ को राष्ट्रिय जनगणना अनुसार विभिन्न व्यवसायमा लागेकाहरूको संख्या तल प्रस्तुत गरिन्छ।

यस जिल्लामा १० वर्षभन्दा बढी उमेर भएका र काम गर्न सक्ने क्षमता भएका व्यक्तिहरूको संख्या ७८,०६४ छ। तीमध्ये ५०,२४६ आर्थिक व्यवसायमा सक्रिय रूपले लागेका छन्। काममा लागेको जनसंख्याको व्यावसायिक वर्गीकरण तलको तालिकामा दिइएको छ।

व्यवसाय	जम्मा संख्या
कृषि, वन, मत्स्यपालन	४६,२७४
उद्योग	१७५
निर्माण	४
वाणिज्य, व्यापार	२८४
यातायात, सञ्चार	१४
लगानी र व्यावसायिक सेवा	३
वैयक्तिक तथा सामुदायिक सेवा	४६५
जम्माः–	५०,२४६

उपर्युक्त तालिकाबाट काममा लागेकामध्ये ४६,२७८ (करीब ९८.१ प्रतिशत) खेतीपाती वा अरू कृषि सम्बन्धी व्यवसायमा लागेको देखिन्छ। जिल्लाको कुल जनसंख्या (१,१२,६२२) को हिसाबले करीब ३४.७६ प्रतिशत मात्र कृषिमा सक्रियरूपले लागेका छन् तापनि अरू व्यवसायमा लागेका र तिनीहरूमा आश्रित जनसंख्या (करीब १,४००) कटाउँदा जिल्लाका१,११,२२२ व्यक्तिहरू जीवन यापनकोलागि कृषिमै भर पर्ने गरेको देखिन्छ। त्यसकारण जिल्लाको कुल जनसंख्याको करीब करीब ९८.७ प्रतिशत जीवन निर्वाहको लागि कृषिमै भर पर्दछ।

कृषि

माथि उल्लिखित गरिएका कुराहरूबाट जिल्लाको अर्थ व्यवस्थामा कृषिको मुख्य भूमिका रहेको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने स्पष्ट भइसकेको छ। यहाँको निवासीहरूको मुख्य पेशा कृषि भएको हुँदा जिल्लाको आर्थिक उन्नति र विकास मुख्यतया कृषि क्षेत्रको विकास र वन्य पैदावारमा आधारित उद्योगहरूको स्थापना र कृषि उत्पादनको वृद्धिमा नै निर्भर गर्दछ।

भूमि व्यवस्था

यस जिल्लाको कुल क्षेत्रफल २,२७,२०० हेक्टरमध्ये खेती गरिने जमीनको क्षेत्रफल ३०,६६३ हेक्टर (१३.५ प्रतिशत) र बाँकी जमीन, जङ्गल, घाँस र खोलानालाले ढाकिएको छ।[१] खेती गरिने जमीनमध्ये सिचाइ भएको जमीनको क्षेत्रफल करीब ४,३४७ हेक्टर (१४.२ प्रतिशत)[२] छ र सिचाइको व्यवस्था सानातिना सिचाइ कुलोहरूबाट भएको छ। खेतीयोग्य जमीन र जनसंख्या (१,१२,६२२) को अनुपातमा करीब चार व्यक्ति प्रतिहेक्टर हुन आउँछ। खेतीयोग्य जमीन र परिवारको हिसाबले एक परिवारलाई १.५ हेक्टर जमीन पर्न आउँछ। खेतीयोग्य जमीनमध्ये खेतको क्षेत्रफल ११,१८३ हेक्टर र पाखा भीटको क्षेत्रफल १९,५१० हेक्टर छ। खेतहरू मुख्यतया भित्रीमधेश क्षेत्रमै छन्। जिल्लामा मौजाहरूको कुल संख्या १,४१६ जसमध्ये भित्रीमधेशमा २७० र पहाडमा १,१४६ छन्।

जिल्लामा माल अड्डाले नै सोझै मालपोत उठाउने मौजाहरू पनि छन् जसलाई अमानती मौजा भनिन्छ। यस्ता अमानती मौजाहरूको संख्या ६६ छ।

जिल्लामा भूमिसुधार लागू भए पनि हदबन्दीभन्दा बढी जमीन प्राप्त हुन आएको छैन। भूमिसुधारको सिलसिलामा ऋण निश्चित गर्ने कार्यक्रम अन्तर्गत नगदीमा रू. ६,६६,८३४। र जिन्सीमा १,३६६ मुरी १६ पाथी दुई माना ऋण निश्चित भएको थियो। सोमध्ये आसामीले साहूलाई तिर्न नपर्नेगरी नगदीमा रू. २२,६५५। र जिन्सीमा १,१५७ मुरी १६ पाथी एक माना मिह्ला गरिएको थियो। यस जिल्लामा जम्मा १४,४२२ व्यक्तिले अस्थायी मोहियानी हक पाएका छन्। जिल्लामा जग्गा धनीको संख्या ४,४५५ छ।

यस जिल्लामा नापीको काम २०२८ मा शुरू भई २०३० मा पूराभएको छ।

अनिवार्य बंचतको सिलसिलामा जिल्लामा धान ३१,१६० मन र नगद रू. ३,१७,३५८। असूल भएको थियो। जिन्सीमध्ये धान ३,७४८ मन विक्री भई त्यसको मोल रू. १,४६,४७४। समेत गरी जम्मा भएको रकममध्ये रू. १,६५,३८०। मात्र भूमिसुधार बचत संस्थान (हाल कृषि विकास बैंक) मा जम्मा भएको छ। अरू बाँकी जिन्सी र नगद बचत यस जिल्लका किसानहरूमा नियमानुसार वितरण भएको छ। बचत प्रमाण-पत्र र बचतको ब्याज वितरण गर्ने काम पनि भएको छ।

यस जिल्लाको पहाडतर्फ पाखाबारीहरूबाट रू. ४७,७४०। र भित्रीमधेशबाट रू. ६,१०,५२५। गरी सालाना मालपोत कुल रू. ६,५८,२६६। उठ्दछ। मालपोत जिमीदार, जिमुवाल, तालुकदार, मुखिया र पटवारीहरूद्वारा उठाइन्छ। यस्ता जिमीदार, तालुकदार र पटवारी आदिको संख्या १,३०६ छ।

पहाडी भागमा वर्षामा मकै, कोदो आदि र हिउँदमा गहुँ, तोरी, फापर, आलु, जौ आदि बाली लगाइन्छन्। भित्रीमधेशमा धेरै ठाउँमा तीन बालीसम्म लगाइन्छ। भित्रीमधेशको केही भागमा उखुको पनि राम्रो

१. UN-HMG- Nepal Road Feasibility Study, Reconnaisance Survey Part A Report, Dec. 1970, P. 56, Table 5

२. ऐं. ऐं. को पृष्ट ४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उब्जनी हुन्छ र सुर्ती पनि कतै कतै लगाइन्छ। यस जिल्लाको मुख्य बाली धान, गहुँ र मकै हुन् र मुख्य नगदे बालीमा सनपाट (जूट), तोरी र आलु छन्।

जिल्लामा लगाउने विभिन्न बालीहरूमध्ये प्रमुख बालीहरूले ढाकेका क्षेत्र र उत्पादनका उपलब्ध तथ्याङ्कहरू तल तालिकामा प्रस्तुत गरिएको छ।

क्षेत्र र उत्पादनको तालिका

क्षेत्र– हेक्टरमा
उत्पादन– मेट्रिकटनमा

वर्ष	२०२४।०२५		२०२५।०२६		२०२६।०२७	
खाद्यान्न बाली	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पान
धान	११,७००	२३,६५०	११,०००	२३,६५०	११,५००	२५,३००
मकै	८,०००	१५,२००	८,३००	१५,६०४	८,५००	१६,१५०
कोदो	१,२००	९४८	१,२००	९४८	१,२००	९३६
गहुँ	१७५	१७५	१७५	१७५	२००	२१०
जौ	७५	५१	७५	५१	१००	६९
जम्मा	२०,४५०	४०,०२४	२०,७५०	४०,४२८	२१,५००	४२,६६५
नगदेबाली						
तेलहन (तोरी इत्यादि)	३,८००	२,२८०	४,०००	२,५२०	४,३००	२,६२३
जूट (सनपाट)	१,८००	१,४४०	२,०००	१,५८०	२,१००	१,६८०
उखु	५०	७००	५०	७००	५०	७१५
आलु	४५०	२,४३०	४२५	२,२९५	४५०	२,३८५
सुर्ती	१००	७०	१००	७०	१००	७०
नगदेबाली जम्मा	६,२००	६,९२०	६,५७५	७,१६५	७,०००	७,४७३
सबै बालीको कुल जम्मा	२६,६५०	४६,९४४	२७,३२५	४७,५९३	२८,५००	५०,१३८

वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
खाद्यान्न बाली	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	११,५००	२६,४५०	११,२५०	२५,२००	११,०००	२३,६५०
मकै	८,७००	१६,७०४	८,६००	१६,५५५	८,७००	१६,५३०
कोदो	१,२००	९६०	–	–	१,३००	१,५६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहुँ	४५०	४०५	५००	५००	५००	४५२
जौ	११०	७७	–	–	११५	८१
जम्मा	२१,९६०	४४,५९६	२०,३५०	४२,२५५	२१,६१५	४२,२७३
नगदेबाली						
तेलहन (तोरी इत्यादि)	४,३००	२,४५१	–	–	४,५००	२,६१०
जूट (सनपाट)	२,८००	२,०९३	–	–	२,६५०	२,६३१
उखु	५०	७५०	–	–	५०	८१५
आलु	५००	२,६००	–	–	५२०	२,८३४
सुर्ती	१०५	७४	–	–	११०	७८
जम्मा	७,५५५	७,९६८	–	–	७,८३०	८,९६८
सबै बालीको फुल जम्मा	२९,५१५	५२,५६४	२०,३५०	४२,२५५	२९,४४५	५१,२४१

उपर्युक्त तथ्याङ्कहरूबाट खाद्यान्नमा यहाँ धान र मकैको खेती र उत्पादन ज्यादा हुने र नगदेबालीमा आलुको उत्पादन सबभन्दा बढी र तेलहन तथा जूटको पनि प्रशस्त खेती र उत्पादन हुने गरेको देखिन्छ। २०२४ देखि २०३० सम्ममा धानले ढाकेको क्षेत्र क्रमशः घट्दै गएको र मकैले ढाकेको क्षेत्र त्यही परिमाणमा बढ्न गएको देखिन्छ जसबाट धान भन्दा मकैको खेतीमा वृद्धि हुन गएको देखिन्छ। साथै जूट र तेलहनले ढाकेको क्षेत्र प्रशस्त वृद्धि भएकोबाट यहाँ जङ्गल फँडानी भएका भीट जगगामा जूट, मकै र तेलहनको खेती ज्यादा मात्रामा भएको तथ्यलाई पुष्टि गर्दछ। धान, मकै, तेलहन र सनपाट प्रशस्त मात्रामा निकासी गरिन्छ। सगरमाथा अञ्चलमा सबभन्दा बढी खाद्यवस्तुको बचत हुने यस जिल्लामा वर्षेनी ८,२१९ मेट्रिक टन खाद्यवस्तु खपत-भन्दा बढी उत्पादन हुन्छ।

वि. सं. २०२६ सालको तथ्याङ्क अनुसार यस जिल्लामा रू. ३,३१,४१,०००। बराबरको अन्न, रू. ८२,१८,०००। बराबरको घ्यू, मासु, दूध आदि र रू. २०,६८,०००। बराबरको अन्य कृषि उत्पादन भएको थियो।[1] यसरी त्यस वर्ष बाली र पशुहरूबाट भएको कुल उत्पादन रू. ४,३४,२७,०००। बराबरको थियो।

पहाडी भागमा अर्म पर्मको चलन अनुसार नै कृषि श्रम आपसमा लिने दिने गरिन्छ। मधेश भागमा त्यस्तो चलन थोरै मात्रामा पाइन्छ। तराईमा गाउँघरमा श्रम लिने दिने चलनलाई होली वा मद्दत भनिन्छ। ज्याला दिई काम लगाउँदा बिहान सात बजेदेखि साँझ चार बजेसम्म दिनको रू. पाँच पुरुष कामदारलाई र रू. तीन महिलालाई दिइन्छ। भात, खाजा खान दिएमा दिनको रू. तीन पुरुषलाई र रू. दुई महिलालाई दिइन्छ।

धान, मकै काटिसकेपछि पहाडमा खेत बारीमा र मधेशमा भीट बारीमा गाईवस्तुको गोठ राखी मल्ने र मलको काम लिने परम्परागत प्रचलन प्रायः जेठ महीनासम्म चल्दछ। यसबाहेक कम्पोष्ट मल र नगण्य रूपमा रासायनिक मल खादको पनि उपयोग गरिन्छ। कृषि औजारहरूमा हलो र कोदालो मुख्य हुन्। पहाडतिर हलो, कुटो, कोदालो र मधेशतिर हलो र फरूवा कोदालो मुख्य छन्। यहाँ परम्परागत कृषि औजारहरू नै उपयोग गरिन्छन् उन्नत हलो वा अरू उन्नत औजारको प्रयोग शुरू भएको छैन।

१. UN-HMG-Nepal Road Feasibility Study, Reconnaisace Survy part A Report, Dec. 1970, P. 70

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माछा पाल्ने चलन यहाँ उस्तो छैन तर नदी तथा खोला नालामा माछा मारी हाट बजार र गाउँ-घरमा बेची जीविका गर्नेहरू पनि यहाँ छन्। दनुवारहरू बिहान बेलुका माछा खाने गर्दछन् र माछा मार्ने काममा लागेका हुन्छन्।

पशुपालन

यस जिल्लामा पालिने पशुहरूमा गाई, गोरु, भैंसी मुख्य हुन्। यातायातको लागि सम्पन्न परिवार र व्यापारीहरू घोडा पनि पाल्दछन्। त्यस्तै सुंगुर, खसी, बाखा, भेडा आदि पनि पालिन्छन्। चराहरूमा अधिकांशले कुखुरा र कतै कतै हाँस, परेवा पनि पाल्दछन्। राई, लिम्बू, मगर, थारू, दनुवार आदि जातिहरू अक्सर सुंगुर पाल्दछन्। साधारणतया सबै पशुपक्षीको मलमूत्र कृषकवर्गले आफ्नो खेतबारीमा प्रयोगगरी लाभ उठाउँछन्। गाई, भैंसी घ्यू, दूधको लागि; जोत्न र बयलगाडीको लागि गोरु र राँगो र नगद आम्दानी र मासु-कोलागि सुंगुर, खसी, बाखा, हाँस, कुखुरा, परेवा आदि पालिन्छन्।

फलफूल खेती

यहाँको उत्तरी पाहाडी भाग र टारहरूमा सुन्तला, निबुवा, कागती, केरा आदि फलफूल लगाइन्छन। मधेश भागमा आँप, लिची, केरा, कटहर, सरिफा पाइन्छन्। यहाँ केराको उत्पादन प्रशस्त हुन्छ। तर खेतीको रूपमा फलफूल लगाइँदैन। फलफूलहरूको निमित्त राम्रो बजार नजीकै नभएकोले वृहत् रूपमा फलफूल खेती गरिंदैन र जे-जति उत्पादन हुन्छ, स्थानीय हाट बजारमै बिक्री हुन्छ।

तरकारीहरूको खेती साधारणतया घरको नजीकै मात्र गरिन्छ। यहाँ कुनै कुनै ठाउँमा कपासको खेती गरिन्छ। धेरै वर्ष अघि नेपालटारको दक्षिण-पूर्वमा रहेको चियाबारी भन्ने ठाउँमा चियाको खेती गरिएको थियो। तर हाल त्यो बन्दछ।

सिचाइ

भित्रीमधेश भागमा साना ठूला खोला र नदीहरू प्रशस्त भएकाले कुलो वा बाँध बाँधी सिचाइ गर्ने चलन छ। पहाडतिर कुलो काटी सिचाइ गरिन्छ तापनि सिचाईको प्रबन्ध गर्न खर्चिलो र कठिन हुने भएकोले सिंचित जमीनहरू कम छन्। त्रिभुजा, तावा, बैजनाथ, ककरू खोलाहरूका साथै अन्य सानातिना खोलाहरूबाट भित्रीमधेश र पहाडमा समेत गरी करीब १९ वटा सिचाइ कुलोहरूबाट करीब २,७०६ हेक्टर (४,००० बिघा) जमीन सिचाइ भइरहेको अनुमान छ।

कृषि विकास

कृषि विकासको निम्ती उन्नत जातका बीउ, बिरुवा, मल र कीटनाशक औषधिहरूको बिक्री वितरण केही वर्षदेखि जिल्ला पञ्चायत कार्यालय, जिल्ला सहकारी कार्यालय तथा प्रमुख जिल्ला अधिकारीको कृषि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाखाबाट हुँदै आएको छ। उक्त वर्षहरूमा गहुँ, धान, मकै तथा तरकारीको बीउ, कीटनाशक औषधि तथा रासायनिक मलको बिक्री वितरणमा पाँच देखि १५ प्रतिशतसम्म वृद्धि हुन गएको छ। कृषि प्रसारको माध्यमबाट खेती गर्न,कीटनाशक औषधिको प्रयोग र उन्नत हलोको प्रयोग गर्ने तरीकाको प्रदर्शन कार्यहरू प्रारम्भिक रूपमा जिल्लाको कृषि शाखाबाट थालिएको छ र जनताले पनि यस्ता तरीका अपनाउन शुरू गरेका छन्। वृहत रूपमा फलफूल खेतीतर्फ जनतामा अभिरुचि बढिसकेको छैन तापनि केही मात्रामा आँप, कटहर, सरिफा, लिची आदिका बिरुवा वितरण भएका छन्।

नगदे बालीतर्फ जूट विकास समितिबाट उन्नत जूटका बीउहरू कृषकहरूलाई बिक्री वितरण गर्न थालिएको छ र केही कृषकहरूले उन्नत जूट लगाउन थालिसकेका छन्।

यस जिल्लामा कृषि खरीद बिक्री संस्थानको कार्यालय छैन। साधारणतया सबै प्रकारका कृषि पैदावार जिल्लाका विभिन्न ठाउँमा लाग्ने हाट बजारमा लगी बिक्री गर्ने चलन छ। वस्तुगत व्यापार केही मात्रामा गाउँघरमा पाइन्छ। धान, तोरी, गहुँ, मकै, जूट आदि ठूलो मात्रामा दक्षिणका जिल्लाहरूमा निकासी गरिन्छन्।

कृषि ऋण

परम्परागत चलन अनुसार किसानहरू आफ्नो आपदविपदमा वा बीउ आदि किन्न आवश्यक ऋणको लागि स्थानीय जिमीदार वा साहू महाजनहरूमै भर पर्दथे। अझै पनि कृषि ऋण दिने आर्थिक संस्थानहरू सक्रिय भई नसकेकाले यहाँका ग्रामीण जनताहरूलाई कृषि ऋणको लागि धेरैजसो साहू र महाजनहरूमै भर पर्नु पर्दछ। कृषि विकासको लागि कृषि ऋणको ठूलो भूमिका भएको हुँदा भूमिसुधार लागू भएपछि कृषि ऋण दिने संस्थाहरू यहाँ पनि क्रमशः देखापरेका छन्। यस्ता संस्थाहरूबाट ग्रामीण किसानहरूको शोषण नहुने, जालझेल नहुने आदि कारणहरूले गर्दा यस्ता संस्थाहरू ज्यादै महत्वपूर्ण हुन्छन्। ऋण दिने यस्ता संस्थाहरूमध्ये कृषि विकास बैंकको एक शाखा २०३० देखि चालू भएको छ। ग्राम समिति र सहकारी संस्थाहरूबाट पनि कृषि ऋण दिने व्यवस्था हुँदै आएको छ।

यस जिल्लामा जम्मा ३२ वटा सहकारी संस्थाहरू छन् जसमध्ये ३१ वटा निष्क्रय भैसकेका छन् र तिनीहरूको कानून बमोजिम विघटन गर्ने काम हुँदैछ। सदरमुकाम गाईघाटमा रहेको जिल्ला सहकारी संघको सदस्य संख्या ६१ र शेयर पूँजी रू. ३,२०८। छ। यसमा प्रतिवर्ष सदस्य संख्या बढ्दै गएको छ। सदस्यहरूमध्ये ५० प्रतिशतले उक्त संस्थाबाट कृषि ऋण लैजान्छन्।

उद्योग तथा व्यापार

बाहिरी जिल्लाहरूसँग मोटर सडक वा हवाइ मार्गद्वारा नजोडिएको र पहिले औलो ग्रस्त रहेको, विद्युत् वा अन्य इन्धन शक्ति अझै उपलब्ध नभएको उदयपुर जिल्लामा उद्योगको खास शुरुआत भइसकेको छैन। खाद्यान्न बढी उत्पादन हुने हुँदा गत एक दशक यतामात्र केही सानातिना चामल र तेल मिलहरूको स्थापना हुन थालेको छ। व्यापार पनि मुख्यतया धान, तोरी, जूट जस्ता कृषि पैदावार र केही वन्य तथा प्राकृतिक पैदावारको निकासी र नून, तेल, मट्टीतेल, कपडा जस्ता अत्यावश्यक वस्तु र आधुनिक उपभोग्य वस्तुहरूको आयातमा नै सीमित रहेको छ। व्यापार मुख्यतया हाट बजार र मेलाहरूमा हुने गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योग

यहाँ ठूला औद्योगिक संस्थाहरू छैनन् तापनि १५ देखि १८ अश्व शक्तिका नौवटा चामल, तेल मिल छन् जसमध्ये हाल चारवटा मात्र चालू छन्। मिलहरूमा साधारणतया मिल मालिकका परिवारहरू नै काम गर्दछन् र कामदारहरू लगाइँदैनन् ।

खेती नै यहाँका जनताको मुख्य पेशा भएकोले खेतीबाट फुर्सत पाएको बेलामा कपडा बुन्ने, बाँसबाट डोको, ढक्की, डालो, भकारी र नाम्लो बुन्ने आदि काम प्रायः धेरैजसो गर्दछन् । राईहरूमा आफै कपास रोपी त्यसबाटै धागो झिकी खाँडी बुन्ने चलन ज्यादा पाइन्छ । त्रिजुगाको मैदानी भागमा बाँस ज्यादा पाइने हुनाले बाँसबाट घर व्यवहारका लागि उपयोगी चीजबीज बनाइन्छ । साधारणतया घरेलु उद्योगबाट तयार भएका वस्तुहरू गाउँघरमै खपत हुन्छन् तापनि केही मात्रामा ठूला हाट बजारमा पनि विक्री गरिन्छन् । घ्यू बनाउने र बेच्ने चलन पनि यहाँ पाइन्छ । धेरैजसो घ्यू कटारी या बेलटारका हाटहरूमा लगि बेचिन्छन् ।

पर्यटन उद्योगको क्षेत्रमा हालसम्म यस जिल्लाको भूमिका उल्लेखयोग्य छैन । तर भविष्यमा यातायातको केही सुविधा भएमा रौताहा, उदयपुरगढी, चौदण्डीगढी आदि स्थानहरू पर्यटन केन्द्रको रूपमा विकास हुन सक्ने देखिन्छ ।

नेपाल औद्योगिक विकास कर्पोरेशनको आर्थिक सहायताबाट निजी क्षेत्रमा रू. १,७१,४१५। को लागतमा कटारी नजीकै एउटा तेल मिलको स्थापना हुँदैछ ।

व्यापार

यस जिल्लामा हाटको चलन भएकोले व्यापार मुख्यतया हाटहरूमै हुन्छ । विभिन्न स्थानहरूमा प्रत्येक हप्तामा एक दिन हाट लाग्दछ । स्थायी पसल र बजार भएका स्थानहरूमा पनि हाट लाग्दछ र हाटकै दिनमा धेरैजसो व्यापार चल्दछ । स्थायी रूपमा बजार रहेको र हाट लाग्ने प्रमुख ठाउँहरू तल दिइएका छन् :

स्थान	पसल संख्या	हाट लाग्ने दिन
कटारी	७०	शुक्रबार
बेलटार	३०	बिहीबार
गाईघाट	४०	बुधबार

जिल्लाको सबभन्दा ठूलो व्यापार केन्द्र कटारी हो । जिल्लाको पश्चिम सीमाना नजीकै रहेको यो बजार सोलुखुम्बू, ओखलढुङ्गा र पश्चिमी खोटाङका निवासीहरूको पनि मुख्य बजार हो । दक्षिणतर्फको चिसापानी (गोदार) र जनकपुरका बजारहरूसँग यसको ज्यादा व्यापारिक सम्पर्क छ । यो जिल्लाको मुख्य आयात-निर्यात केन्द्र हो ।

जिल्लाको दोस्रो प्रमुख व्यापार केन्द्र बेलटार हो र यो पूर्वी सीमाना नजीकै पर्दछ । केही वर्षदेखि खोटाङको पूर्वी भाग र भोजपुरको पश्चिमी भागका निवासीहरूको पनि प्रमुख बजारको रूपमा बेलटार देखा-परेको छ । यसको व्यापारिक सम्पर्क मुख्यतया सप्तरी जिल्लाको कञ्चनपुर बजार र केही मात्रामा विराटनगर-सँग रहेको छ । यो पनि जिल्लाको दोस्रो आयात- निर्यात केन्द्र हो । पूर्वी भित्री मधेशका कृषि उत्पादनमध्ये धान, तेलहन र जूट यहाँबाट निकै मात्रामा निकासी हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

गाईघाटमा मुख्यतया आन्तरिक व्यापार हुन्छ। हिउँदमा खोटाङबासीहरू पनि केही मात्रामा यहाँको हाटमा किनबेचको लागि आउँदछन्। यसको व्यापारिक सम्पर्क मुख्यतया सिराहाको लाहान बजार र केही मात्रामा राजविराजसँग पनि छ। हाल सदरमुकाम गाईघाटमै रहेकोले यहाँ लाग्ने हाटको महत्व बढेको छ। गाईघाट र नजीकैका क्षेत्रहरूका कृषि पैदावारमध्ये मुख्यतया धान, तेलहन र जूट सिराहाको लाहानमा निकासी हुन्छ। जूट लाहानबाट खासगरी विराटनगरतिर निकासी हुन्छ।

माथिका तीन प्रमुख स्थान बाहेक जिल्लाका अरू ठाउँमा खासगरी मूल बाटोमा पर्ने गाउँहरूमा केही स्थायी पसल पाइन्छ र हाटको पनि चलन छ।

त्रिवेणी (मैनी) मेला

जिल्लामा सीमित अवधिमा निक्कै ठूलो व्यापार त्रिवेणी (मैनी) मेलामा हुन्छ। उदयपुर जिल्ला र सिंधुली जिल्लाको सीमानामा कमला, तावा र ककरू खोलाको संगमस्थलमा लाग्ने यो मेला अधिराज्यको पूर्वी भागमा लाग्ने सबभन्दा ठूलो मेला हो। यो मेला वर्षेनी माघे संक्रान्तिदेखि शुरूभई करीब तीन हप्तासम्म लाग्दछ र यसमा करीब एक लाख यात्रुहरूको आवतजावत हुन्छ।

यो मेलामा माघको दोस्रो हप्तासम्म व्यापारमा बडो तीव्रता रहन्छ। मेलामा किनबेचको लागि सोलुखुम्बू, खोटाङ, भोजपुर, सिंधुली र अरू सीमावर्ती पहाड र मधेशका निवासीहरूको साथै भारतबाट पनि यात्रुहरू आउँछन्। उत्तरबाट ल्याइने घोडा, कुकुर र घरेलु उत्पादनका उनी वस्तुहरू जस्तै गलैंचा, राडी आदि भारतबाट आउनेहरूको निम्ति मुख्य आकर्षण हुन्। पहाडतर्फबाट आउनेहरू अरू चीजबीजको साथै सुन्तला प्रशस्त मात्रामा ल्याउँछन् र मुख्य रूपमा कपडा र भाँडाकुँडा किनेर लग्दछन्। यो मेलामा घुम्ती चलचित्र देखाउनेहरूको साथै बिंडी कम्पनीको विज्ञापन गर्नेहरू प्रायः रातभर नाचगान गरेर यात्रुहरूलाई आकर्षण गरी व्यापार गर्दछन्। पहाडको काख र खोलाको बगरमा हुने यो मेलामा भारतबाट दाँत बनाउने, चश्मा बनाउने, सरकस देखाउनेहरूसम्म आइपुग्छन्। रात परेपछि यो मेलाको एउटा विशिष्ट रूप देखा पर्छ। बिंडी कम्पनीका लाउडस्पीकरबाट निस्केका गाना र चिच्याहटको साथै जुहारी गाउनेहरूको समूहहरूबाट निस्केको लोक संस्कृतिका परिचायक गुञ्जनहरूको सम्मिश्रणले एउटा अनौठो वातावरणको सिर्जना हुन्छ। यसरी यो मेला आधुनिक औद्योगिक सभ्यता र परम्परागत लोकसंस्कृतिको रोचक संयोजनको रूपमा देखा पर्दछ।

हिउँदमा यातायातको सुविधाको साथै खेतीबाट पनि फुर्सत हुने हुँदा यहाँका हाटबजारहरूमा असोज देखि झण्डै वैशाखसम्म व्यापार चल्दछ। तर कात्तिकदेखि माघसम्म व्यापार विशेष जोड्ले चल्दछ। यस जिल्ला तथा उत्तरका अरू पहाडी जिल्लाका अन्न तथा अरू कृषि पैदावार र दक्षिणपट्टिका तराईका जिल्ला वा भारतबाट ल्याइने नून, कपडा, तेल र अन्य आधुनिक उपभोग्य वस्तुहरूको क्रय-विक्रयमा नै यहाँको व्यापार आधारित छ। व्यापार साधारणतया वस्तु विनिमयको आधारमा नै हुन्छ। एक ठेकी घ्यू ल्याई बजारको भाउ अनुसार त्यही ठेकीले भरी चार ठेकी या १० ठेकी नून लिएर जाने वा सुन्तला हाटमा नबेची परिचित साहूकहाँ बजार-भाउ अनु-सार मोलराखी उक्त रकमबाट नून, कपडा, तेल आदि साटो लग्ने र पैसा हातमा कमै पर्ने चलन यहाँ अझै रहेको छ।

माल ढुवानीको लागि भित्री मधेश भागमा मुख्यतया बयलगाडा र घोडाको उपयोग गरिन्छ। तीबाहेक ट्रक, जीप र उँटमा मालताल ओसार्ने चलन पनि छ। पहाडी भागमा डोको र नाम्लो लगाई पिठ्युँमै भारी बोक्ने चलन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ हाटबजार र व्यापार केन्द्रहरूबाट दक्षिणतर्फका तराई जिल्लाहरू र पछि भारतमा निकासी हुने मुख्य वस्तुहरू धान, तोरी, मकै, आलु, जूट (सनपाट), सुन्तला, केरा, सिन्कौली (तेजपात), रिट्ठा र घ्यू हुन्। तराईका जिल्लाहरूबाट आयात गरिने मुख्य वस्तुहरू नून, तेल, मट्टितेल, लत्ता, कपडा, जुत्ता, फलाम, आल्मोनियम र अन्य धातुका भाँडाकुँडा र आधुनिक उपभोग्य सामानहरू जस्तै चुरोट, सलाई, साबुन आदि हुन्।

यस जिल्लामा खाद्यवस्तुको आधिक्य भएकोले अनाज, तेलहन आदि निकासी हुन्छन् तापनि यहाँका पहाडी भागका निवासीहरूलाई हिउँदमा अनाज बेची नून, तेल किन्ने र वर्षामा अन्नको अभाव हुनगई फेरि महँगो मोलमा किन्नु पर्ने अनिवार्य परिस्थिति पनि आउँदछ।

यस जिल्लामा कुनै पनि व्यापारिक संगठन छैन। यहाँ हुने ठूलोस्तरको व्यापारमा नेपाली व्यापारीहरू देखापर्न सकेका छैनन्। यसले गर्दा देशभित्र पूँजी निर्माण एवं परिचालन हुन सकेको छैन र कृषि क्षेत्रमा खोल्न सकिने साना ठूला उद्योगमा पनि पूँजी लगानी हुन सकेको छैन।

बैंक

राष्ट्रिय वाणिज्य बैंकको एक शाखा कार्यालय कटरीमा २०२९ जेठमा खुलेको छ जुन यस जिल्लाको एक मात्र बैंक हो। यस बैंकले लगानीमा प्रगति गर्न सकेको छैन। बैंकले धेरैजसो सुन चाँदी धरौटी राख्ने कामको साथै सरकारी कार्यालयहरूको रकमको स्रोत कारोवार गर्दछ। सदरमुकाम गाईघाटबाट कटारी करीब ५१ कि. मि. (१६ कोस) टाढाहुँदा सरकारी रकम कलम सम्बन्धी कारोवार माल कार्यालयबाट समेत भैरहेको छ।

कृषि विकास बैंकको एक शाखा सदरमुकाम गाईघाटमा २०३० मंसीरमा खोलिएको छ। भर्खरै भर्खरै खोलिएको यस बैंकबाट भविष्यमा यहाँको कृषि विकासमा ठूलो योगदान पुग्ने आशा राख्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात र सञ्चार

यस जिल्लामा पक्की सडकहरू नभएको र कच्ची बाटो या कच्ची सडकहरू मात्र भएकोले जिल्लाको यातायात ऋतुअनुसार सुगम या दुर्गम हुन जान्छ। हिउँदमा खोला, नदीमा पानी कम हुने हुनाले यातायात सुगम हुन्छ। त्यसैकारण हिउँदमा यहाँ आवागमन बढी हुन्छ। पहाडहरूका उचाइ पनि करीब २,१०० मिटर (७,००० फीट) भन्दा बढी नभएकोले पहाडी भागतिरको यातायात पनि सुगम नै छ। बर्षामा खोलानालामा पानी बढ्ने र खहरेहरू प्रशस्त बढ्ने हुनाले जिल्लाको पूर्वी र पश्चिमी भागसँगको सम्पर्क मधेश क्षेत्रबाट प्रायः टुट्न जान्छ र खालि पहाडी भागमा मात्र आवत–जावत गर्ने गरिन्छ। मधेश क्षेत्रमा पूर्वी र पश्चिमी भागको आवागमन सारै कठिन हुन जान्छ र कैयौं दिनसम्म बन्द पनि हुन्छ। जिल्लाको एकमात्र आकाशवाणी उदयपुरगढीमा छ र यातायातकै कठिनाईले गर्दा यसको उपयोगिता पनि सीमित हुन गएको छ। जिल्लाका विभिन्न प्रमुख स्थानहरूमा हुलाकको व्यवस्था छ। जल विद्युत् केन्द्रको संभाव्यता रहेपनि यस जिल्लाको कुनै भागमा पनि बिजुली पुग्न सकेको छैन।

यातायात

यस जिल्लामा स्थायी पक्की मोटर चल्ने बाटोहरू छैनन्। तर हिउँदमा फत्तेपुरदेखि बेल्टार र गाईघाटसम्म जीप, ट्रकहरू अनियमित रूपमा व्यापारको लागि र सरकारी काम गर्दा चल्दछन्। त्यस्तै महेन्द्र राजमार्गमा पर्ने गोदारदेखि कटारीसम्म व्यापारीहरूको जीप, ट्रक, लहरीहरू चल्दछन्। खोलाहरू बढेपछि यो सम्भव हुँदैन।

केही बर्षसम्म हिउँदमा कटारीबाट उदयपुरगढीसम्म मोटर चलाइएको थियो। तर हाल यो बाटो बन्द छ। त्यस्तै एक पटक उदयपुरगढीदेखि गाईघाट हुँदै फत्तेपुरसम्म पनि मोटर चलेको थियो, तर हाल उदयपुरदेखि गाईघाटसम्म मोटर चल्दैन।

जिल्लाका विभिन्न भाग र अरू जिल्लाहरू जोड्ने मूल बाटोहरू प्रायः गोरेटो वा घोडेटो नै छन्। जिल्लाभित्रको सबभन्दा लामो बाटो पश्चिमको कटारी बजारदेखि मुर्कुची गाईघाट, पूर्वको बेल्टार बजार र अझ पूर्वको रातापानी ठोक्सिला गाउँ पञ्चायतसम्मको मूल बाटो हो। यो बाटोमा तावा त्रिजुगा लगायत अन्य धेरै खोला र खहरेहरू पर्दछन् र यो बाटोको लम्बाइ करीब ८० कि. मि. (२८ कोस) छ। जिल्लाभित्रको यातायात हुने अरू बाटोहरू तल दिइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटो	लम्बाइ
गाईघाट-उदयपुर गढी गोरेटो	करीब ३२ कि. मि. (१० कोस)
उदयपुरगढी–कटारी गोरेटो	करीब २१ कि. मि. (साढे छ कोस)
गाईघाट–बेल्टार गोरेटो	करीब १९ कि. मि. (छ कोस)
गाईघाट–रसुवा गोरेटो	करीब ४८ कि. मि. (१५ कोस)
कटारी–कोप्चे गोरेटो	करीब १६ कि. मि. (छ कोस)
कटारी–टोक्सेलघाट गोरेटो	करीब २९ कि. मि. (नौं कोस)
उदयपुर गढीबाट शिखरपुर हुंदै टोक्सेल घाट सम्मको गोरेटो	करीब ४२ कि. मि. (१३ कोस)
बेल्टारबाट कोशी छेउको भण्डारे घाटसम्मको गोरेटो	करीब ४२ कि. मि. (१३ कोस)

उपर्युक्त बाटोहरूमध्ये कटारीबाट टोक्सेलघाटसम्मको बाटोद्वारा ओखलढुङ्गा, सोलुखुम्बू, खोटाङको पश्चिमी भागसँग सम्पर्क रहेको छ। टोक्सेलघाटमा एउटा झोलुङ्गे पुल छ। खोटाङ र भोजपुरको पश्चिमी भागसम्म धेरैजसो बेल्टारबाट भण्डारेघाट वा कम्पुघाट भएर आउने गरिन्छ।

दक्षिणपट्टिको यातायात मुख्यतया निम्नलिखित बाटोहरूबाट चल्दछ।

गाईघाटदेखि सप्तरी जिल्लाको फत्तेपुरसम्मको कच्चीः सडक यसको लम्बाइ करीब २९ कि. मि. (नौ कोस) छ। फत्तेपुरबाट कञ्चनपुर बजारसम्म बस सेवा उपलब्ध छ। त्यस्तै फत्तेपुरबाट कञ्चनपुर हुंदै महेन्द्र राजमार्गमा पर्ने वर्मजियासम्म नै नियमित रूपमा बस चल्दछ। वर्मजियाबाट राजविराजसम्म पनि नियमित रूपमा चल्ने बसहरूद्वारा पुग्न सकिन्छ। यसरी यो बाटोबाट जिल्ला सदरमुकाम र अञ्चल सदरमुकामको बीचमा यातायातको सम्पर्क कायम भएको छ। यो सडक बर्षामा बन्द हुन्छ।

बेल्टारदेखि सप्तरी जिल्लाको फत्तेपुरसम्मको कच्ची सडकः यसको लम्बाइ करीब १० कि.मि. (दुई कोस) छ। बेल्टार बजार र कञ्चनपुर (सप्तरी) बजारको सम्पर्क यही कच्ची सडकबाट रहेको छ। यो सडक बर्षामा बन्द रहन्छ।

बेल्टारदेखि सुनसरी जिल्लाको चतरासम्मको कच्ची सडकः यसको लम्बाइ करीब ३५ कि. मि. (११ कोस) छ। यो बाटोद्वारा बेल्टार बजार र मोरङ जिल्लाको बिराटनगर बजारको बीच सम्पर्क रहेको छ। बर्षामा यो बाटो बन्द हुन्छ।

गाईघाटदेखि सिराहा जिल्लाको लाहान बजारसम्मको गोरेटोः यसको लम्बाइ करीब २६ कि. मि. (आठ कोस) छ। वर्षामा खहरे र खोलाहरू बढेका बेलामा यो बाटोबाट आउन जान कठिन पर्दछ। सदरमुकामबाट तराई छिचल्ने र महेन्द्र राजमार्ग भेटिने यो सबैभन्दा छोटो र चल्तीको बाटो हो।

उदयपुरगढीदेखि मोहनपुर हुंदै सिराहा जिल्लाको लाहानसम्मको गोरेटोः यसको लम्बाइ करीब ३२ कि. मि. (१०कोस) छ। उपर्युक्त बाटोहरूको साथै लाहान बजारसँग मुर्कुचीबाट अरू उत्तरपट्टिका जिल्ला निवासीहरू ज्यादा आवतजावत गर्दछन्। रिश्कु गाउँ पञ्चायतबाट सोझै लाहान जाने बाटो पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

कटारीदेखि धनुषा जिल्लाको गोदारसम्मको कच्ची सडकः यो सडकको लम्बाइ करीब ३२ कि. मि. (१० कोस) छ। कटारीबाट सोझै महेन्द्र राजमार्गमा पर्ने गोदारसम्म यो बाटोले जोडेको छ। गोदारबाट जनकपुरसम्म नियमित रूपमा बस चल्दछ। चुरे डाँडो र खहरेहरू पार गर्नु पर्ने हुनाले यो सडक बर्षामा बन्द रहन्छ। हिउँदमा यसमा व्यापारीहरूको जीप, ट्रक आदि अनियमित रूपमा चल्दछन् र बयलगाडाको पनि उपयोग गरिन्छ।

दक्षिणपट्टि पर्ने जिल्लाहरूसँगको यातायात बर्षामा खोलानाला बढ्नाले निक्कै कठिन हुन्छ। सोलुखुम्बू, ओखलढुङ्गा, खोटाङ र भोजपुरका निवासीहरू पनि तराई र भारतसँगको यातायातको लागि यस जिल्लालाई लाहान, फत्तेपुर, गोदार र चतरासँग जोड्ने कच्ची सडक र बाटोहरूमा भर पर्दछन्।

जिल्लामा यातायातको मुख्य साधन घोडा हो। मधेश क्षेत्रमा बयलगाडाहरू ज्यादा उपयोग गरिन्छ। हिउँदमा माथि उल्लेख भएझैं कतै कतै अनियमित रूपमा जीप, ट्रक आदि चल्दछन्। यस जिल्लामा नदी, खोला र खहरे निकै संख्यामा भए तापनि खालि उदयपुरगढीबाट शिखरपुर जाने बाटोमा पकुवा खोलामा मात्र एउटा काठे पुल छ।

डुङ्गाद्वारा कोशी नदीमा यातायात चल्दछ। डुङ्गा चल्ने मुख्य घाटहरूको नाम तल दिइएको छ।

सुनकोशी नदीमाः— राईघाट, चिप्टारघाट, कुर्लेघाट, गोडेलीघाट, लैंकुघाट, कुनाई बतासेघाट, जोर्तीघाट, बगुवाघाट, ठेसुवाघाट, भण्डारेघाट, कम्पुघाट।

सप्तकोशी नदीमाः— बेसरियाघाट, बुवाजोरघाट, चतराघाट, (पछवारी पीठ मात्र)।

उपर्युक्त घाटहरूमा यहाँको जिल्ला पञ्चायतलाई वर्षभरिमा करीब रू. २६,०००। आम्दानी हुन्छ। प्रायः असोजदेखि जेठसम्म दिनको करीब ५०–६० बटुवाहरू घाटबाट आवतजावत गर्दछन्। हाट बजारको दिनमा यात्रुहरूको संख्या अढाईसयसम्म पुग्दछ।

असारदेखि कात्तिक मसान्तसम्म डुङ्गा तर्दा निम्नबमोजिम भाडा तिर्नुपर्दछः—

एक मान्छे (रित्तो भरिया समेत) लाई	रू. एक
गाई, गोरू – एकलाई	रू. एक
घोडा – एकलाई	रू. दुई
भैंसी, राँगो – एकलाई	रू. दुई
खसी, भेडा, सुंगुर एकलाई	पचास पैसा

मंसीर एक गतेदेखि जेठ मसान्तसम्म डुङ्गाको भाडा दर माथि दिएको दरको आधा मात्र लिने चलन छ।

सञ्चार

यो जिल्लाको एकमात्र आकाशवाणी केन्द्र उदयपुरगढीमा रहेको छ। सदरमुकामबाट ३२ कि. मि. (१० कोस) पर आकाशवाणी रहँदा प्रशासनलाई आकाशवाणीको सेवा उपयोग गर्न कठिनाई पर्दछ। केही पश्चिमपट्टि रहेको यस आकाशवाणी केन्द्रले पूर्वपट्टिका जनतालाई आवश्यक सेवा प्रदान गर्न सकेको छैन। यस आकाशवाणीबाट अञ्चलका जिल्लाहरूमध्ये सोलुखुम्बू बाहेक अरू सबैसँग सम्पर्क हुन्छ। यस केन्द्रबाट एक वर्षमा करीब ४०० वटा समाचार बाहिर पठाइन्छ र करीब ६०० वटा समाचार यहाँ प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुलाक

गाईघाटमा जिल्लाको मुख्य हुलाक छ जुन छोटी हुलाक स्तरको छ।

उदयपुरगढी र कटारीमा शाखा हुलाक छन्। अतिरिक्त हुलाक रहेका ठाउँ र गाउँ पञ्चायतको नाम तल दिइएको छः—

अतिरिक्त हुलाक रहेको ठाउँ	गाउँ पञ्चायत
बेल्टार बजार	सुन्दरपुर
रातापानी रामपुर	रातापानी ठोक्सिला
स्वरूङ छबीसे	स्वरूङ छबीसे
रामपुर झिल्के	ईनामे
ताम्लिछा	ताम्लिछा

आर्थिक वर्ष २०२९।३० मा गाईघाटको छोटी हुलाकमा बाहिरबाट आएका चिट्ठीपत्र मध्ये सरकारी कागज (का. स.) ८,०२२, रजिष्टरी चिट्ठी ३,३५८ र चिट्ठी ३,२३८ थिए र यहाँबाट बाहिर पठाइएका चिट्ठी पत्र मध्ये सरकारी कागज (का. स.) ६,०४३; रजिष्टरी चिट्ठी २,५८५ र चिट्ठी ६,३५० थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ तथा खानेपानी

शिक्षा

सगरमाथा अञ्चलका जिल्लाहरूमध्ये शिक्षाको क्षेत्रमा सबभन्दा पछाडि परेको जिल्ला उदयपुर हो। वि. सं. २०२८ को जनगणनाअनुसार सगरमाथा अञ्चलको कुल जनसंख्याको १२.५ प्रतिशत साक्षर छ भने यस जिल्लाको जनसंख्याको १०.४ प्रतिशत मात्र साक्षर छ। अञ्चलका अरू कुनै पनि जिल्लामा साक्षरताको प्रतिशत यो जिल्लाकोभन्दा बढी छ। जिल्लाको कुल जनसंख्या मध्ये छ वर्षभन्दा बढी उमेर भएका विभिन्न उमेर समूहमा साक्षरहरूको संख्या र प्रतिशत तल दिइएको छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	६,४४९	५७९	९.०	६,३६२	१३५	२.१	१२,८११	७१४	५.६
१०–१४	७,०३१	१,७१५	२४.४	६,०६६	२२०	३.६	१३,०९७	१,९३५	१४.८
१५–१९	५,५८६	१,४१२	२५.३	५,१४५	१३३	२.६	१०,७३१	१,५४५	१४.४
२०–२४	४,५९४	१,१८२	२५.७	४,८७७	४५	०.९	९,४७१	१,२२७	१३.०
२५–२९	४,६३९	१,०१३	२१.८	४,८११	३४	०.७	९,४५०	१,०४७	११.१
३०–३४	३,६३५	७१३	१९.६	३,८७९	२४	०.६	७,५१४	७३७	९.८
३५–३९	३,४७२	६१२	१६.६	३,११९	१०	०.३	६,५९१	६२२	९.४
४०–४४	२,६७१	४७०	१७.६	२,८४८	६	०.२	५,५१९	४७६	८.६
४५–५४	३,९०१	६५१	१६.७	३,८८९	१०	०.३	७,७९०	६६१	८.५
५५–६४	२,१८७	३४५	१५.८	२,५८५	९	०.३	४,७७२	३५४	७.४
६५ वर्ष र सो भन्दा माथि	१,३४१	१५५	११.६	१,८१८	४	०.२	३,१५९	१५९	५.०
जम्मा	४५,५०६	८८४७	१९.४	४५,३९९	६३०	१.४	९०,९०५	९,४७७	१०.४

उपर्युक्त तथ्याङ्कअनुसार साक्षरहरूको सबभन्दा बढी प्रतिशत १० देखि १४ वर्षको उमेर समूहमा देखिन्छ। त्यसपछि १५ वर्ष र त्योभन्दा बढी उमेर भएकाहरूमा साक्षरहरूको संख्या कम हुँदै गई ६५ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोभन्दा बढी उमेर हुनेहरूमा १५९ जना (५.० प्रतिशत) मात्र साक्षर पाइन्छन् जसमध्ये पुरूष १५५ (११.६ प्रतिशत) र महिला चार (०.२ प्रतिशत) छन्। ६५ वर्ष र त्योभन्दा बढी उमेर भएकाहरूमा ३,००० (९५ प्रतिशत) निरक्षर छन्। नारी शिक्षामा पनि यो जिल्ला अञ्चलमा सबभन्दा पछि परेको छ। नयाँ पिंढीका १० देखि १४ वर्षका जनता बढी साक्षर छन् तापनि छ वर्षभन्दा बढी उमेरका कुल ९०,९०५ मध्ये ८१,४२८ (८९.६ प्रतिशत) निरक्षर रहेको हुँदा प्रौढ साक्षरता कार्यक्रममा विशेष जोड दिनुपर्ने देखिन्छ।

उत्तर र दक्षिणमा रहेको अरू जिल्लाभन्दा शिक्षामा यो जिल्ला पछाडि पर्नाको मुख्य कारणहरू पहिले यहाँको भित्रीमधेश भागमा लाग्ने कडा औलो र यातायातको असुविधा नै हुन् भन्न सकिन्छ। यी दुई कारणहरूले गर्दा बाहिरबाट कोही पनि शिक्षक यो जिल्लामा जाने साहस गर्दैनथे। त्यसैले बिद्यालयहरूको शुरूवात पनि औलो नलाग्ने पहाडी भाग नै पहिले हुन गयो। जिल्लाको अधिकांश जनता औलो नलाग्ने पश्चिम र उत्तरतिरका पहाडी भागमा बसोबास गर्दै आएकोले शिक्षण संस्थाहरू पनि त्यतैपट्टि खुल्दै गए।

वि. सं. २००७ साल अघि यस जिल्लामा तीनवटा विद्यालय मात्र थिए जुन पछि बन्द हुन गए। २००७ सालदेखि २०१६ सालसम्ममा यहाँ करीब छ वटा प्राथमिक विद्यालयहरू र दुई माध्यमिक विद्यालयहरू स्थापना भए। औलो हट्दै गएर हाल प्रायः निर्मूल भइसकेको हुनाले पहाडतिरका निवासीहरू पनि भित्री मधेशमा बसोबास गर्न थालेका छन् र भित्री मधेश क्षेत्रमा पनि विद्यालयहरूको संख्या क्रमशः बढ्दै गएको छ। हाल यस जिल्लाको प्रत्येक गाउँ पञ्चायतमा कम्तिमा एक प्राथमिक विद्यालय छ। हाल जिल्लामा रहेका विभिन्न स्तरका विद्यालयहरूको संख्या तल दिइएको छः–

प्राथमिक	५६	पूर्ण सरकारी विद्यालय	१
		आर्थिक सहायतता पाउने विद्यालयहरू	५५
निम्नमाध्यमिक	चार	आर्थिक सहायतता पाउने विद्यालय	तीन
		आर्थिक सहायतता नपाउने विद्यालय	एक
माध्यमिक	चार	आर्थिक सहयातत पाउने विद्यालय	तीन
		आर्थिक सहायतता नपाउने विद्यालय	एक
जम्मा	६४		

जिल्लामा पूर्ण सरकारी र जनताले चलाएका सरकारी सहायतता पाउने वा नपाउने तथा स्वीकृत र अस्वीकृत विद्यालयहरू छन्। धेरैंजसो विद्यालयहरूलाई केही सरकारी सहायतता प्राप्त छ, जस्तै जिल्लाका प्राथमिक बिद्यालयहरू ५५, निम्नमाध्यमिक विद्यालय तीन र माध्यमिक विद्यालयमध्ये तीनले केही मात्रामा सरकारी आर्थिक अनुदान पाइआएका छन्। पूर्ण सरकारी एक मात्र विद्यालय प्राथमिक बिद्यालय हो। माध्यमिक विद्यालयहरू उदयपुरगढी, कटारी, गाईघाट र दौरीमा छन्। यसरी जिल्लाका चार माध्यमिक विद्यालयमध्ये तीन भित्रीमधेशमै रहेका छन्। जिल्लाका ५५ प्राथमिक विद्यालय करीब १४ वटा भित्रीमधेशमा छन्। निम्नमाध्यमिक विद्यालयहरू जम्मै भित्री मधेशमा छन्। अझै पनि अधिकांश प्राथमिक विद्यालयहरू पहाडी भागमै रहेका छन् तापनि जिल्लाका सबै भागमा शिक्षाको प्रसार बढ्दै गएको छ।

हाल यस जिल्लाका माध्यमिक र निम्नमाध्यमिक विद्यालयको धेरैंजसो कार्य जिल्ला शिक्षा अधिकारी कार्यालय सिराहाबाट र प्राथमिक विद्यालयको नियन्त्रण र आवश्यक कार्य यहाँका प्रमुख जिल्ला अधिकारीको कार्यालय शिक्षा शाखा अन्तंगत शिक्षा निरीक्षकबाट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०३० साल कात्तिकमा प्राप्त तथ्याङ्कअनुसार प्राथमिक विद्यालयमा कक्षा एकदेखि तीनसम्म मात्र पढाइ हुने र त्यस विद्यालयमा विद्यार्थीहरूको संख्या २५ छ। प्राथमिक विद्यालयहरूमा एकदेखि पाँच कक्षा-सम्मको विद्यार्थी संख्या २,६१३ छ र प्रथम कक्षामा मात्र १,२८२ विद्यार्थीहरू छन्। निम्न-माध्यमिक विद्यालय-हरूमा एकदेखि नौसम्म पढ्ने विद्यार्थीहरूको संख्या १८७ छ र माध्यमिक विद्यालयहरूमा कक्षा एकदेखि नौ-सम्म पढ्ने विद्यार्थीहरूको संख्या २६६ छ जसमध्ये कक्षा छदेखि नौसम्म पढ्ने विद्यार्थीहरूको संख्या २२५ मात्र छ।

यसरी जिल्लामा विभिन्न स्तरका विद्यालय जाने विद्यार्थीहरूको कुल संख्या ३,०६१ छ जुन विद्यालय जाने उमेर समूह (छ देखि १४ वर्ष) को जनसंख्याको २३.६ प्रतिशत र जिल्लाको कुल जनसंख्याको २.७४ प्रतिशत हुन आउँछ।

वि. सं. २०२८ को जनगणनाअनुसार जिल्लामा छ वर्षदेखि बढी उमेर भएका जम्मा ९०,९०५ मध्ये विद्यालयहरूमा भर्ना नभएका ८७,६२० थिए। यस जिल्ला वा अन्य जिल्लाका विभिन्न स्तरका विद्यालय-हरूमा भर्ना भएका यस जिल्लाका निवासीहरूमध्ये प्राथमिकमा २,५६६, निम्न-माध्यमिकमा ४६४, माध्यमिकमा २१७; प्रमाणपत्रस्तरमा २९ र स्नातक स्तरमा नौ थिए।

उक्त गणनाअनुसार नै प्राथमिक विद्यालय वा अन्य विद्यालयहरूमा भर्ना नभएका ८७,६२० जना-मध्ये विभिन्न तहका शिक्षा पूरा गरेकाहरू निम्न-प्रकारका छन्। प्राथमिक शिक्षा पूरा गर्ने २,२०८, निम्न-माध्य-मिक शिक्षा पूरा गर्ने २४७, माध्यमिक शिक्षा पूरा गर्ने २३, प्रमाणपत्रस्तर पूरा गर्ने २७, स्नातक २३ र स्नातकोत्तर शिक्षा पाएका आठ र कहिल्यै विद्यालय नगएकाहरूको संख्या यसरी ८४,८७४ रहेको देखिन्छ।

यहाँ प्रौढहरूको निम्ति बेग्लै विद्यालयहरू छैनन्। तर साक्षरता कार्यक्रम चालू छ र त्यस अन्तर्गत प्रौढहरूलाई साक्षर बनाउने कक्षाहरू जिल्लाका सबैस्तरका विद्यालयमा सञ्चालन गराउने व्यवस्था भइरहेको छ।

यहाँका प्राथमिक विद्यालयहरूमा शिक्षकहरूको संख्या १२७, निम्न–माध्यमिकमा १४ र माध्यमिकमा ३३ गरी जिल्लाभरिका विद्यालयहरूमा पढाउने शिक्षकहरूको संख्या १७४ छ। यीमध्ये प्राथमिकमा नौ, निम्न-माध्यमिकमा चार र माध्यमिकमा १९ गरी जम्मा ३२ जना शिक्षकहरू यस जिल्लाभन्दा बाहिरबाट आएका छन्। प्राथमिक शिक्षकहरूमध्ये ११७ स्थानीय छन्। प्राथमिक शिक्षकहरूमा तालीम प्राप्त र राम्रो योग्यता भएका कम छन्। यहाँका माध्यमिक विद्यालयहरूमा पढाउने शिक्षकहरूमध्ये धेरैजसोको शैक्षिक योग्यता राम्रो छ र केही तालीम प्राप्त पनि छन्।

विद्यालय भवनहरूमध्ये धेरैजसो कच्ची नै छन् र धेरैका भवन नै छैनन्। पक्की भवन हुनेमा प्राथमिक विद्यालय दुई र माध्यमिक विद्यालय एक मात्र छन्। कच्ची भवनहरू हुनेमा पूर्व प्राथमिक एक, प्राथमिक ५३, निम्न माध्यमिक चार र माध्यमिक तीन गरी जम्मा ६१ विद्यालयहरू छन्। हाल यहाँ प्राथमिक विद्यालय भवनहरू पक्की बनाउने क्रम चालू भएको छ। जिल्लाको सबभन्दा पुरानो माध्यमिक विद्यालय उदयपुरगढीको पञ्चावति माध्यमिक विद्यालय हो र यसको पनि भवनको अवस्था राम्रो छैन।

स्वास्थ

यस जिल्लाको भित्रीमधेश भागमा पहिले सारै कडा औलो लाग्ने हुँदा यो जिल्ला नै औलोको लागि प्रशिद्ध थियो। हिउँदमा बाहेक अरू बेला त्यहाँ साधारणतया कोही जाने साहस गर्दैनथे। त्यहाँ खालि औलोलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जितेर बसेको दनुवार र थारूहरूको थोरै बस्ती मात्र थियो। यस जिल्लामा औलो उन्मूलनको कार्य २०२१।०२२ (१९६४।६५) सालमा प्रारम्भ भयो। त्यस वर्षदेखि डी. डी. टी. छर्ने काम शुरू भयो। रोगीको खोज पडताल र रक्त संकलन गर्ने काम २०२४ (१९६७) सालदेखि शुरू भयो।

हाल यहाँ औलो प्रायः निर्मूल भइसकेको छ। जिल्लाको सबभन्दा ठूलो उपलब्धीको रूपमा औलो उन्मूलनलाई नै लिन सकिन्छ। यसबाट रोगको उपचार हुन सक्दो रहेछ र आधुनिक तरीकाहरू अपनाएमा असम्भव केही पनि रहेनछ भन्ने राम्रो धारणा जनतामा जागृत भएको छ। औलोको साथै अरू रोगमा पनि आधुनिक तरीकाहरूद्वारा उपचार गराउनुपर्छ भन्ने भावना पनि जनतामा निकै बढ्न गएको छ। औलोका कीटाणुहरू बोकेर आएका भारतका आसाम, मेघालय र नागाल्याण्डतिरबाट फर्केर आएका मानिसहरूले गर्दा औलो निर्मूल गर्न गाह्रो परेको छ। औलो उन्मूलन कार्यमा जनसहयोग राम्रो छ। धेरै जसो गाउँमा स्थानीय स्वयं सेवकहरूले ज्वरो आएकाहरूको रगत संकलन गरेर जिल्लाका औलो उन्मूलन कार्यालयहरूलाई सहयोग गर्दै आएका छन्। जिल्ला औलो उन्मूलन कार्यालय सदरमुकाम गाईघाटमा छ।

यस जिल्लामा पुरानो चलनअनुसार फुकफाक गरी अथवा धामी झाँक्री आदिको सहायता लिएर रोगको उपचार गर्ने, रोग लागेमा देवतालाई भाकल चढाउने आदि गरिन्थ्यो। त्यस्ता चलन अझै पनि विलीन भैसकेका छैनन्। यस जिल्लामा अस्पताल छैन। यातायात कठिन हुनुको साथै आधुनिक अस्पताल आदिको सुविधा पाउन अरू जिल्ला वा भारतमा जानु पर्ने भएकोले साधारण जनतालाई रोगको उपचार गराउन आर्थिक कठिनाइ पनि पर्न जान्छ। त्यसकारण सर्वसाधारण जनता अझै पनि पुरानो परम्पराका त्रुटिपूर्ण र अबैज्ञानिक उपाय र चलनहरूमै भर पर्न बाध्य भएका छन्। जिल्लामा रहेका सरकारी वा अन्य स्वास्थ्य केन्द्रहरूले पर्याप्त सेवा उपलब्ध गराउन सकेका छैनन्।

आधुनिक तरीकाबाट रोगको उपचार र अरू स्वास्थ्य सेवा प्रदान गर्ने केन्द्रहरू केही वर्ष अघिदेखि श्री ५ को सरकारले चालू गरेको छ। साथै व्यक्तिगतरूपमा कम्पाउण्डरहरू वा अरू बैद्य या एल. एम. पी. डाक्टर-हरूले क्लिनिक पनि खोलेका छन्। यस्ता स्वास्थ्य केन्द्रहरूको सीमित उपयोगिता भए तापनि उपचारका साथै स्वास्थ्य शिक्षा दिलाउने दिशामा महत्वपूर्ण योगदान छ।

जिल्लामा रहेका विभिन्न किसिमका सरकारी स्वास्थ्य संस्थाहरूको कार्य विवरण र परिचय छोट-करीमा तल दिइन्छः—

स्वास्थ्य केन्द्र, गाईघाटः यहाँ एकजना डाक्टरको दरबन्दी छ। साधारण उपचारको साथै बिरामीहरूलाई केही औषधि पनि यहाँबाट वितरण गरिन्छ। २०२९ सालभरिमा यहाँ उपचारकोलागि आउनेहरूको संख्या २०,४०० थियो।

स्वास्थ्य चौकी, उदयपुरगढीः यसको संचालन एकजना स्वास्थ्य कार्यकर्ताबाट भएको छ।

स्वास्थ्य चौकी, बेल्टार, सुन्दरपुर गाउँ पञ्चायत।

स्वास्थ्य चौकी कटारी, गाउँ पञ्चायत।

आयुर्वेदिक औषधालय, गाईघाटः यसको सञ्चालन एकजना बैद्यबाट भएको छ।

परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रः यसको स्थापना २०३० मा मात्र भएको छ। यसले दम्पती सर्वेक्षण गर्ने, पिल्स र कन्डम बाँड्ने आदि काम गरेको छ। यस केन्द्रको शिशु–क्लिनिक प्रत्येक शुक्रबार खोलिन्छ। यहाँ २०३० सालमा नशच्छेदन क्याम्प खोलिएको थियो। यहाँ परिवार नियोजन सम्बन्धी कार्यक्रमको प्रभाव राम्ररी परिसकेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिफर उन्मूलन कार्यालय, गाईघाटः यसको सञ्चालन एक निरीक्षकद्वारा भएको छ। जिल्लाका विभिन्न स्थानमा घुम्ती टोलीद्वारा खोपाउने काम यसले गर्दछ। हालसम्म जम्मा ८४,४४७ जनालाई खोपाउने काम भइसकेको छ।

अन्य संक्रामक रोगहरूमध्ये कुष्ट रोगीहरूलाई स्वास्थ्य केन्द्रहरूबाटै साधारण औषधिहरू उपलब्ध गराइएको छ तर कुष्ट रोगीहरूको निम्ति छुट्टै अस्पताल वा स्वास्थ्य केन्द्र यहाँ छैन।

निजी औषधालय र औषधि पसलको सुविधा निम्नलिखित स्थानहरूमा छः—

गाईघाटः यहाँ एकजना एल. एम. पी. डाक्टरको क्लिनिक र औषधि पसल छ।

कटारीः यहाँ दुई–चार वटा औषधि पसलहरू छन् र त्यहाँ कम्पाउण्डरहरूको सेवा प्राप्त हुन्छ।

बेल्टारः यहाँ एकजना कम्पाउण्डरको क्लिनिक र औषधि पसल छ।

खानेपानी

आधुनिक तरीकाहरूको अझै प्रयोग भइनसकेकोले प्राकृतिक श्रोतहरूबाट सोझै खानेपानी लिने परम्परागत चलन यो जिल्लामा ज्यादा पाइन्छ। त्यसैले पहाडतिर कुवा, खोला र भित्रीमधेशमा पोखरी, काठे इनार र खोलाहरूको पानी खाने गरिन्छ। भित्रीमधेशमा अझै पनि आधुनिक टचुबवेल धारो वा पक्की इनार कमै छन् र धेरैजसो काठे इनारको चलन पाइन्छ। पोखरी र काठे इनारका पानी अक्सर दूषित हुन्छ। पोखरीमा लुगा धुने र नुहाउने पनि चलन छ।

यसरी जिल्लामा शुद्ध खानेपानीको प्रबन्ध भएको पाइँदैन। पेटको रोग, गलगाँड आदि यहाँ हुनाको मुख्य कारण स्वास्थ्यलाई हानि पुर्‍याउने दूषित पानी खानाले नै हुन सक्छ।

जिल्ला सदरमुकाम गाईघाटमा केही पक्की इनार र टचुबवेलको व्यवस्था छ। गाईघाटमा जम्मा सात वटा टचुबवेल धाराहरू छन्। भुट्टार गाउँ पञ्चायतमा तीनवटा कुवा र कुलोबाट चलेको एउटा धारा छ। रिश्कु गाउँ पञ्चायतमा एउटा पक्की इनार छ। कटारीमा केही टचुबवेल धारा छन्।

यस जिल्लामा ठाउँ ठाउँमा खानेपानीको सारै अभाव छ। जिल्ला सदरमुकाम उदयपुरगढीबाट गाईघाट सर्न जानाको अरू कारणहरूमध्ये उदयपुरगढीमा रहेको खानेपानीको चर्को समस्या पनि हुन सक्दछ। गढी बसेको ठाउँमा पानीको श्रोत नहुनाले केही तल रहेका कुवा र धाराहरूबाट पानी बोकेर उदयपुरगढीमा ल्याई बेच्ने चलन अझै पनि छ।

जिल्लाभरिमा पाइपद्वारा खानेपानी ल्याई कलधाराहरूबाट वितरण हुने एकमात्र ठाउँ बेल्टार बजार हो। वि. सं. २०३० देखि बेल्टारमा नौ वटा कलधाराहरू जडान गरी खानेपानीको प्रबन्ध भएको छ। त्यसअघि बेल्टार बजारमा खानेपानीको चर्को समस्या थियो र हिउँदमा करीब एक किलोमिटर उत्तर श्रीपञ्चमी भन्ने ठाउँबाट खोलाको पानी टिनमा भरी बयल गाडाद्वारा प्रति टिनको २५ पैसाको दरले बिक्री गर्ने चलन थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

पृथ्वीनारायण शाहले काठमाडौंलाई नेपाल अधिराज्यको राजधानी बनाएपछि राजधानी बाहेक अधिराज्यका त्यसबेलाका अरू बाँकी भागलाई १२ (बाह्र) विस्तृत क्षेत्र (जिल्ला) हरूमा विभाजन गर्दा चौदण्डी पनि एक जिल्लाको रूपमा देखा परेको थियो जसमा पहाडी भागको साथै अम्बरपुरको तराई भागपनि समावेश थियो।[1] त्यवबेलादेखि नै चौदण्डीगढी जिल्लाको सदरमुकामको रूपमा रहिआएको देखिन्छ। पछि तराई भागहरू छुट्टिएर हालको उदयपुर जिल्ला गठन भएपछि पनि जिल्ला सदरमुकाम चौदण्डीगढी नै थियो। वि. सं. १८८७ मा उदयपुर जिल्लाको सदरमुकाम पुरानो उदयपुरगढीमा सारियो। त्यसपछि हालको उदयपुरगढी, जुन पुरानो उदयपुरगढी भएको डाँडोमै छ, सदरमुकाम हुन गयो। वि. सं. २०१८ मा अधिराज्य-लाई १४ अञ्चल र ७५ जिल्लाहरूमा विभाजन गर्दा पनि उदयपुर जिल्लाको सीमाना र स्वरूपमा कुनै परिवर्तन आएन। वि. सं. २०२८ सालदेखि उदयपुर जिल्लाको सदरमुकाम पहाडी भागमा रहेको उदयपुरगढीबाट भित्री-मधेशको गाईघाटमा सरेको छ।

पहिले उदयपुरगढीमा बडाहाकिम रहन्थे र बडाहाकिमद्वारा जिल्लाको प्रशासन चल्दथ्यो। वि.सं. २०१९ सालदेखि यस जिल्लाको प्रशासन अधिराज्यका अन्य जिल्लामा झैं प्रमुख जिल्ला अधिकारीबाट हुन थाल्यो।

प्रमुख जिल्ला अधिकारीको कार्यालय सदरमुकाम गाईघाटमा छ। जिल्ला पञ्चायत लगायत जिल्ला स्तरीय विभिन्न कार्यालयहरू गाईघाटमै छन् तापनि अन्य स्थानमा पनि केही कार्यालयहरू रहेका छन्। जिल्लामा रहेका विभिन्न सरकारी कार्यालयहरूको नाम र कार्यायलय रहेको ठाउँको फिहरिस्त तल दिइएको छः–

प्रमुख जिल्ला अधिकारीको कार्यालय, गाईघाट
जिल्ला पञ्चायत कार्यालय, उदयपुर, गाईघाट
माल कार्यालय, गाईघाट
जिल्ला अदालत, गाईघाट
प्रमुख जिल्ला अधिकारी को कार्यालय (शिक्षा शाखा), गाईघाट
कारागार कार्यालय, उदयपुरगढी

१. बाबुराम आचार्य–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ४, पृष्ठ ६६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोटी हुलाक, कार्यालय, गाईघाट
शाखा हुलाक, उदयपुरगढी
जिल्ला सहकारी कार्यालय, गाईघाट
नेपाल औलो उन्मूलन कार्यालय, गाईघाट
बिफर उन्मूलन आयोजना, जिल्ला कार्यालय, गाईघाट
नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना, गाईघाट
सरकारी सहायक अधिवक्ता तथा सरकारी सहायक अधियोक्ता (सरकारी वकिल शाखा), गाईघाट
निर्वाचन आयोग जिल्ला शाखा, गाईघाट
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय, गाईघाट
कृषि शाखा, गाईघाट
हनुमान नगर प्रधान वन कार्यालय, गाईघाट
वन कार्यालय, कटारी
रेञ्ज कार्यालय, फत्तेपुर
वन कार्यालय, रातापानी ठोक्सिला
राष्ट्रिय वाणिज्य बैंक, कटारी
जिल्ला भूमिसुधार कार्यालय, गाईघाट
भूमिसुधार मन्त्रालय, नापी विभाग, मे. ना. शा., गाईघाट
नेपाल दूरसञ्चार समिति, उदयपुरगढी
कृषि विकास बैंक , गाईघाट

आकाशवाणी र कारागार उदयपुरगढीमा, बैंक, कटारीमा र सदरमुकाम गाईघाटमा रहनाले र वर्षामा गाईघाटबाट आवतजावत गर्न समेत कठिनाइ पर्ने हुनाले प्रशासनको प्रभावकारितामा असर पर्न गएको छ। बरुवा खोलामा आउने बाढीले गाईघाटमा वर्षेनी हानि पुऱ्याउँदै आएको छ र खोलाले प्रायः बाटो फेर्ने पनि गरेको छ।

प्रहरी

जिल्ला प्रहरी निरीक्षक कार्यालय गाईघाटमा छ। एउटा प्रहरी थाना कटारी बजारमा छ। सुन्दरपुर गाउँ पञ्चायतको सुन्दरपुरमा एक, इनामे गाउँ पञ्चायतको रामपुरमा एक र पञ्चावती गाउँ पञ्चायतको उदयपुरगढीमा एक समेत गरी जम्मा तीनवटा प्रहरी चौकीहरू छन्।

कारागार

जिल्ला कारागार उदयपुरगढीमा छ जसमा आइमाई र लोग्नेमान्छे दुवैलाई राखिन्छ। यो कारागार सम्वत् १९९८ सालमा बनेको हो र यसको ईंटको गारो भएको पक्की भवन छ जसमा करीब १५० बन्दीहरू अटाउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय प्रशासन

जिल्ला अदालत गाईघाटमा छ र यसका हाकिम राजपत्राङ्कित द्वितीय श्रेणीका न्यायाधीश हुन्छन् । जिल्ला अदालतबाट प्राप्त आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्मको तथ्याङ्कअनुसार उक्त अवधि-भित्र यहाँ सरकारवादी देवानी मुद्दाहरू नपरेका र दुनियाँवादी तथा सरकारवादी दुवैथरीका मुद्दाहरूमा फौजदारी मुद्दाहरूकै संख्या ज्यादा छ । सरकारवादी फौजदारी मुद्दाहरूमा ज्यान सम्बन्धी मुद्दा, डाँका र चोरी आदिको संख्या धेरै पाइन्छ र दुनियाँवादी फौजदारी मुद्दाहरूमा लुटपीट मुद्दाको संख्या अत्यधिक रहेको र त्यस-पछि जालसाज र गाली बेइज्जतीका मुद्दाहरू आउँछन् ।

आर्थिक वर्ष २०२९।०३० मा सरकारवादी फौजदारी मुद्दा जम्मा १२८ मध्ये ३९ बाँकी रहेको र दुनियाँवादी मुद्दाहरूमा देवानीतर्फ १८६ मध्ये बाँकी १२९ बाँकी र फौजदारीतर्फ २०८ मध्ये १५७ बाँकी रहेको थियो । यसरी त्यस वर्षमा सबै किसिमका मुद्दाहरूको संख्या ५३२ रहेको र त्यसमध्ये २०७ मा कारवाही भइ ३२५ बाँकी रहन गएको थियो ।

यस जिल्लामा राजस्वको मुख्य स्रोत मालपोत नै हो । मालपोतबाट सालाना आम्दानी हुने रकम रू. ६,५८,२६६। छ । करदाताहरूमा रा. प. दोस्रा श्रेणीका जम्मा तीन अधिकृत मात्र छन् ।

यस जिल्लामा मदभट्टीबाट मात्र अन्तःशुल्क उठ्दछ र सो रकम पनि सिराहा जिल्लामै तिर्नुपर्ने व्यवस्था छ ।

पञ्चायत

उदयपुर जिल्ला पञ्चायत कार्यालय सदरमुकाम गाईघाटमा छ । यस जिल्लामा जम्मा ४३ वटा गाउँ पञ्चायतहरू छन् । राष्ट्रिय पञ्चायतमा एकजना सदस्यले यस जिल्लाको प्रतिनिधित्व गर्दछन् । सम्पूर्ण पञ्चायतहरूको सालाना आम्दानी करीब रू. ६०,०००। छ र २०२९।०३० सालमा जिल्ला सभाको वार्षिक आम्दानी रू. २८,९६३। थियो । पञ्चायतहरूको आम्दानीका स्रोतहरूमा घरधुरीको कर, माछा ठेक्का, हाट बजार ठेक्का, बयल गाडा कर, काञ्जी हाउस, रेडियोको प्रमाणपत्रको नवीकरण, बन्दूकको प्रमाणपत्रको नवी-करण, घाट ठेक्का र अन्य निवेदन दस्तूर र दण्ड जरिवाना छन् । जिल्लाका ४३ गाउँ पञ्चायतहरूमध्ये सबभन्दा बढी आम्दानी हुने कटारी गाउँ पञ्चायत र सबभन्दा कम आम्दानी हुने साउने गाउँ पञ्चायत हुन् । २०२९।०३० सालमा कटारीको आम्दानी करीब रू. २०,०००। र साउनेको आम्दानी करीब रू. २००। थियो । कटारीको मुख्य आय स्रोत त्यहाँको हाट हो ।

जिल्ला पञ्चायतको अनुदान र गाउँ पञ्चायतका जनताको श्रमदानबाट संयुक्तरूपमा जिल्लाका विभिन्न गाउँ पञ्चायतमा खानेपानी, सिचाइ कुलो, बाटो घाटो, पुल, गाउँ पञ्चायत भवन, प्राथमिक विद्यालय भवन इत्यादि निर्माण योजनाहरू सञ्चालन हुँदै आएका छन् । यस्ता योजनाहरूको लागतको रकम थोरै नै हुन्छ तापनि तिनीहरूबाट जिल्लाबासीहरूको सार्वजनिक हितको केही अंश पूरा हुन गएको छ । स्थानीय जनतालाई नभइनहुने र विभिन्न क्षेत्रमा उनीहरूले सामना गर्नुपरेका पीर मर्का र कठिनाइ हटाउन जनताहरूले नै योजनाको तर्जुमा गरी कार्यान्वयन पनि आफैं गर्न सक्ने अवसर दिनमा यस्तो साना योजनाहरूको विशेष महत्व छ । जिल्ला पञ्चायतबाट प्राविधिक सहायता पनि दिइन्छ र पूरा गरेपछि योजनाको जाँच ओभरसियरले गरी गाउँ पञ्चा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतलाई बुझाइन्छ। यस जिल्लामा प्रत्येक वर्ष तर्जुमा गरिएका योजनाहरू सबै पूरा हुन सकेका पाइँदैनन्। २०२० सालदेखि २०२९ सालसम्ममा पूरा भएका विभिन्न गाउँ स्तरीय योजनाहरूलाई केलाउँदा सबभन्दा ज्यादा कुलो र खानेपानीमा ध्यान गएको पाइन्छ। त्यस अवधिभित्र पक्की इनार, कुवा र ट्यूबवेल धारा निर्माणका छ योजनाहरू, कुलो निर्माणका पाँच, सिचाइ कुलो एक, घोडेटो बाटो एक र गाउँ पञ्चायत भवन एक को निर्माण कार्य पूरा भएको छ।

उक्त योजनाहरूमध्ये रू. ६००। को लागतमा बनेको जाल्पा चिलाउने गाउँ पञ्चायत भवन २०२० सालमा शुरू भई २०३० जेठ २६ गतेमात्र निर्माणको जाँच भई पञ्चायतलाई बुझाइएको पाइन्छ।

श्री ५ को सरकार स्थानीय विकास विभागको अनुदानबाट जिल्लास्तरीय योजनाहरू सञ्चालन हुन्छन्। यस्ता योजनाहरूको लागत रू. २,००,०००। सम्म हुन्छ। आर्थिक वर्ष २०३०।०३१ मा यस्ता योजनाहरूमा झोलुंगे पुल (त्रिजुगा र तावा खोलामा) दुई, पाहुनाघर एक र खानेपानी योजना एक थिए। सबै योजनाहरूको कुल लागत रू. ७,००,०००। हुन आउँछ।

यसरी जिल्ला पञ्चायत, गाउँ पञ्चायत र स्थानीय विकास विभागको परस्पर सहयोगबाट जिल्लामा विभिन्न किसिमका साना र मझ्यौला योजनाहरू संयुक्तरूपमा सञ्चालन हुँदै आएका छन्। जिल्ला निवासीहरूको सुख सम्वृद्धि र विभिन्न किसिमका सामूहिक हित हुने र बाधा हटाउने क्रममा यस्ता योजनाहरूको महत्वपूर्ण भूमिका रहेको छ।

वर्गीय संगठनहरूमा यहाँ किसान, युबक, महिला र भूतपूर्व सैनिक संगठनका जिल्लास्तरीय कार्यालयहरू छन्। वि. सं. २०३० मा विभिन्न संगठनका प्रारम्भिक समिति संख्या र सदस्य संख्या निम्न बमोजिम थिए:—

वर्गीय संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
किसान संगठन	३६	३८१
युवक संगठन	३६	३८४
महिला संगठन	२३	२०९
भूतपूर्व सैनिक संगठन	३	२८

उपर्युक्त विवरण अनुसार यहाँ कुनै पनि वर्गीय संगठनको प्रारम्भिक समितिहरू सबै गाउँ पञ्चायत-मा गठन भइसकेका छैनन्। जिल्ला वर्गीय संगठनहरूको आम्दानीका खास कुनै स्रोत जिल्लामा छैनन्। सदस्यहरू-को चन्दा, आर्थिक अनुदान र स्थानीय सहयोगबाट बेला बेलामा आ-आफ्नो वर्गको हितको लागि कार्यक्रमहरू चलाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यातायात तथा विद्युत् वा अन्य इन्धनशक्ति जस्ता औद्योगीकरण पूर्वाधारहरूको कुनै व्यवस्था नरहेको यस जिल्लामा निकट भविष्यमै ठूला उद्योगहरूको स्थापना हुन सक्ने सम्भावना कमै देखिन्छ। तर औलो उन्मूलन साथै महेन्द्र राजमार्गको निर्माण र महेन्द्र राजमार्गसँग यस जिल्लाको सामिप्यता र भित्रीमधेशका मैदानी भागमा केही कच्ची सडकहरू हिउँदमा यातायातको लागि उपयोग गर्न सकिने जस्ता कारणहरूले गर्दा गत एक दशक यता जिल्लाको विकास कार्यमा एक नयाँ अध्यायको सूत्रपात भएको छ र सानातिना उद्योगहरू पनि क्रमशः देखा पर्न थालेका छन्।

यस कृषि प्रधान जिल्लामा भूमिसुधार लागू हुनु, नापी पूरा हुनु र लघु सिचाइका केही योजनाहरू भविष्यमा कार्यान्वियन हुने सम्भावना, कृषि विकास बैंकको स्थापना जस्ता कारणहरूले गर्दा पहिलेदेखि नै खपत-भन्दा बढी खाद्यान्न उत्पादन हुँदै आएको यस जिल्लाको खाद्यान्न तथा जूट र तेलहनजस्ता कृषि पैदावारको उत्पादनमा अझ वृद्धि हुँदै जाने आशा राख्न सकिन्छ। फलफूल खेती र मत्स्यपालनको पनि यहाँ राम्रो भविष्य छ।

घना जङ्गलहरूले परिपूर्ण यस जिल्लामा साल, सिसौ तथा खयर जस्ता रूखहरू पाइने हुँदा वन्य पैदावारमा आधारित विभिन्न उद्योगहरूको सभाव्यता रहेको छ।

यहाँका खोलानालाहरूबाट सानो जल विद्युत् केन्द्रहरू चलाउने सम्भाव्यताको साथै सुनकोशीबाट १८० मेगावाटको विद्युत् केन्द्र चलाउन सकिने सम्भाव्यता रहेको हुँदा भविष्यमा औद्योगीकरणको लागि आवश्यक विद्युत् शक्ति यहीं उपलब्ध हुन सक्ने सम्भावना रहेको छ।

कोगिटा, खाँडी, राडी, पाखी बुन्ने र बेत तथा बाँसका उद्योगहरूमा आधुनिक तरीका र औजारहरूको उपयोग गरी घरेलु उद्योगको विकास हुन सक्दछ।

खानीको पुरानो इतिहास भएको यस जिल्लामा म्याग्नेसाइट र लाइमस्टोनका ठूला खानीहरू रहेको अनुमान गरिन्छ। लाइमस्टोन सिमन्टी उद्योगको मुख्य कच्चा पदार्थ भएको हुँदा भविष्यमा यहाँ सिमन्टी कार-खानाहरू खोल्न सकिने सम्भावना पनि रहेको छ।

त्रिवेणी (मैनी) मेला र कटारी र बेलटार जस्ता अन्तर जिल्ला व्यापार केन्द्रका रूपमा रहेका स्थानहरू यस जिल्लामा छन्। छिमेकी जिल्लाबाट आउने सुन्तला, रिट्ठा, अदुवा, घ्यू, आलु जस्ता वस्तुहरूको प्रशोधन र कोल्ड स्टोरेजहरूको स्थापनाको ठूलो सम्भावना यहाँ रहेको छ।

यसरी व्यापार तथा उद्योगका क्षेत्रहरूमा विभिन्न सम्भाव्यता रहेको यस जिल्लालाई महेन्द्र राज-मार्गसँग जोड्ने सडकको ठूलो खाँचो छ। त्यसैले यस जिल्लाको आर्थिक विकासको लागि आन्तरिक तथा वाह्य यातायात सुगम बनाउने योजनाहरूको सबभन्दा महत्वपूर्ण भूमिका रहन गएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय ८०९
प्राकृतिक स्वरूप र सम्पदा ८११
ऐतिहासिक पृष्ठभूमि ८१६
प्रमुख स्थानहरू ८१९
जनसंख्या र जनजीवन ८२४
आर्थिक व्यवस्था ८३०
यातायात, सञ्चार र बिजुली ८४४
शिक्षा, स्वास्थ्य तथा खानेपानी ८४८
प्रशासन र पञ्चायत ८५१
उपसंहार ८५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

विश्वको सबभन्दा अग्लो टाकुरा सगरमाथाको नाममा नामकरण गरिएको अञ्चलको सबभन्दा कम उचाइमा सप्तरी जिल्ला छ। कुनै बेला तिरहुत राज्यको एक भागको रूपमा रहेको यो भू-भागमा आज पनि मुख्य भाषा मैथिली नै छ। बढी उब्जाउ मानिएको र पहिलेदेखि घना बस्ती भएको यो जिल्ला विभिन्न जात–जातिहरूका बीच सामञ्जस्यको नमूना बनेको छ।

भौगोलिक दृष्टिबाट सप्तरी जिल्ला पूर्व देशान्तर ८६°२८′ देखि ८७°७′ को बीचमा र उत्तर अक्षांश २६°२५′ देखि २६°४७′ को बीचमा पर्दछ। यो जिल्लाको उत्तरी सीमाना चुरे पर्वतको पानी ढलो भएकोले यस बाहेक बाँकी भाग तराई र भावर प्रदेशमा पर्दछ। समुद्र सतहदेखि यसको उचाइ ६१ मिटर (२०० फीट) देखि ३०५ मिटर (१,००० फीट) सम्म छ। उत्तरतिर बढी उचाइ र दक्षिणतिर कम उचाइ भई ढल्केको छ। पूर्व-पश्चिम फैलिएको र उत्तर-दक्षिण कम चौडा परेकोले जिल्लाको मोटामोटी आकार आयाताकार भएको भन्नुपर्छ। जिल्लाको मध्यभागमा उत्तर–दक्षिण चौडाइ ४३ किलोमिटर र चौडाइ २४ किलोमिटर जति छ। यस जिल्लाको क्षेत्रफल १,४६३ वर्ग किलोमिटर छ।

सप्तरी जिल्लाको राजनैतिक सीमाना यस प्रकार छः– उत्तरमा उदयपुर जिल्ला, पश्चिममा सिराहा जिल्ला, पूर्वमा सुनसरी जिल्ला र दक्षिण पूर्वमा भारतको बिहार राज्यको सहर्सा जिल्लाको नारेदिगर प्रगन्ना र दक्षिण र दक्षिण-पश्चिममा भारतको बिहार राज्यको दरभङ्गा जिल्लाको क्रमशः जठदी र आलापुर प्रगन्ना-हरू पर्दछन्। यसको भौगोलिक सीमाना उत्तरमा चुरे पर्वतको पानीढलो, पश्चिममा बलान नदी र पूर्वमा खुनियाधार खोलाले छुट्याएको छ, तर दक्षिण, दक्षिण-पूर्व र दक्षिण-पश्चिममा कुनै प्राकृतिक सीमाना छैन।

नेपाल अधिराज्यको तीन प्रमुख नदीहरूमध्ये एक मानिएको कोशी नदी यस जिल्लाको उत्तर पूर्वी सीमानाबाट बगी दक्षिणमा भारततर्फ प्रवेश गरेकोछ। कोशी नदीको बाढीले धेरै दुःख दिने गरेकोले सप्तकोशी-लाई सात शत्रु अथवा सप्तअरी (सप्तारी) को अपभ्रंशबाट यो जिल्लाको नाम सप्तरी रहन गएको भन्ने किम्व-दन्ति छ। तर यही कोशी नदीलाई नियन्त्रण गरी त्यसको पानीको राम्रो उपयोग गर्न सकिए जिल्लाको लागि यो नदी मित्र बन्न जाने छ। यसै कोशीमा निर्माण भएको बाँधले यो नदी उपर केही हदसम्म नियन्त्रण गर्न सकिएको छ।

सगरमाथा अञ्चलको दक्षिणी भागमा रहेको यो जिल्लाको उत्तरमा उदयपुर जिल्ला, पूर्वमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनसरी जिल्ला, दक्षिणमा भारत र पश्चिममा सिराहा जिल्ला पर्दछन् । यसको उत्तरी सीमाना चुरे पर्वत-मालाको पानीढलो भएकोले त्यसको फेदीभन्दा तल पूरै समथल भूमि पर्दछ ।

सप्तरी जिल्लामा एउटा नगर पञ्चायत र १२० गाउँ पञ्चायतहरू छन् । यी १२० गाउँ पञ्चायतहरू-मध्ये छ पञ्चायतहरू कोशीदेखि पूर्वमा र बाँकी कोशीदेखि पश्चिममा पर्दछन् । जिल्ला सदरमुकाम राजविराज हो र यहीं अञ्चलभरीको एक मात्र नगर पञ्चायत पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणबाट सप्तरी जिल्लालाई तीन मुख्य भागमा बाँड्न सकिन्छ। ती हुनः–

(१) उत्तरी भागमा पर्ने चुरे डाँडा

(२) मध्यभागको भावर प्रदेश

(३) दक्षिणपट्टिको तराई मैदान

उत्तरी भागमा पर्ने चुरे डाँडा

यो भाग सबैजसो ३०५ मिटर (१,००० फीट) देखि ६१० मिटर (२,००० फीट) सम्मको उचाइमा छ। जिल्लाको जङ्गल हाल यसै क्षेत्रमा सीमित छ। यस जिल्लामा चुरे क्षेत्र थोरै मात्र छ। नेपालको सुदूर पश्चिमदेखि अटूटरूपले आएको यस चुरे पर्वत सप्तरी जिल्लामै पुगे पछि अन्त हुन्छ। नेपालको योभन्दा पूर्वी भागमा चुरे पहाड प्रष्टरूपमा देखिंदैन। यो जिल्लामा कयौं शताब्दीदेखि बसोबास हुंदै आएको हुंदा जङ्गल क्षेत्र चुरे पर्वतको पानीढलोदेखि यसैको फेदीसम्म मात्र सीमित छ।

मध्य भागको भावर प्रदेश

अधिराज्यको अन्य तराई जिल्लाको भावर प्रदेशमा घना जङ्गल प्रायः खतम भइसकेको छ। जङ्गलको सट्टा खालि भीट जमीन पाउँछौं। सो जमीन जिल्लाको दक्षिणी भागको दाँजोमा पछि मात्र जङ्गल फँडानी भएको हुँदा र सो जमीन केही उच्च भएकोले यहाँ तोरी,मकै, कोदो जस्ता अन्न मात्र हुन्छन्। जिल्लाको जग्गाको लगत हेर्दा भीट जमीन र खेतको अनुपात १:५ देखिन्छ।

दक्षिणपट्टिको तराई मैदान

सप्तरी जिल्लाको अधिकांश भाग यस तराई क्षेत्रमा पर्दछ। यो भाग समथर हुनुको अलावा धेरै खोलानालाले सिञ्चित भएकोले यहाँ ठूलो मात्रामा खेतिपाती हुन्छ। सप्तरी जिल्ला अधिराज्यको अन्न निकासी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने थोरै जिल्लाहरूमध्ये एक हो। धेरैजसो अन्न खासगरी धान यसै तराई क्षेत्रमा उब्जाउ हुन्छ।

नदीनालाहरू

सप्तरी एक तराई जिल्ला भएकोले यहाँका विभिन्न भागमा ठूला साना धेरै नदीनाला बगेका छन्। जिल्लाको मुख्य नदी कोशी हिमाली क्षेत्रबाट झरिआएको भए तापनि यहाँको धेरै जसो नदी र खोलाहरू चुरे पहाडमै उत्पत्ति भई जिल्लामै अथवा जिल्ला बाहिर पुगेपछि कोशी अथवा अरू प्रमुख नदीहरूमा मिसिन्छन्। यहाँका प्रमुख नदीहरू यस प्रकार छन्:-

कोशी

सप्तरी जिल्लाको मुख्य नदी कोशी नै हो। यो नदी अधिराज्यको तीन प्रमुख नदीमध्ये एक हो। सुनसरी जिल्लाको चतरामा पहाड छोडेपछि यो नदी पश्चिम च्याप्दै सप्तरी जिल्लाको उत्तर-पूर्व सीमाना नजीक प्रवेश गर्दछ र अलि पश्चिम ढल्केर दक्षिणमा भारत पसेको छ। पूर्वी नेपालको चार अञ्चलहरूका पहाडी प्रदेशबाट बगी इन्द्रावती, सुनकोशी, तामाकोशी, दूधकोशी, अरुण, तमोर र वरुण यी सात कोशीहरू मिली बनेको यो विशाल नदीको बाढीले सप्तरी जिल्लाको ठूलो भागलाई सताउँदै आएको छ। यो नदीले आफ्नो प्रवाह बदलिरहने र वर्षै पिच्छे आउने बाढी ठूलो क्षेत्रमा फैलिनाले यसले कतिपय साना ठूला टप्पूहरू बनाएको छ। हाल कोशीमा बाँध बनेपछि केही मात्रामा यसको बाढीको प्रकोप उपर नियन्त्रण हुन सकेको छ।

जिल्लाभित्र यस कोशी नदीको लम्बाइ करीब ४२ किलोमिटर (२६ माइल) छ। यसमा वर्षामा बग्ने धेरै नदी र खोलाहरू बाहेक महुली नदी र सुन्दरी नदी क्रमशः बैंखा र पदगामा गाउँ पञ्चायतनिर मिसिन्छन्।

वलान

वलान नदी सप्तरी जिल्लाको पश्चिमी सीमानामा बगेको छ। वास्तवमा यो नदी सप्तरी र सिराहा दुई जिल्लाको सीमानाकै रूपमा रहेको छ। वलान नदी उदयपुरस्थित चुरे शृङ्खलाको महामण्डप डाँडाबाट शुरू भई दक्षिणतर्फ बगेको छ। जिल्लाभित्र यसको लम्बाइ करीब २७ किलोमिटर अर्थात् १७ माइल छ। जिल्लाको पश्चिमी सीमानै सीमाना सीधा दक्षिण बगेर यो नदी वेह्नी गाउँ पञ्चायततिर पुगी भारतमा पस्छ।

त्रिजुगा

त्रिजुगा नदी उदयपुर जिल्लाबाट सप्तरीको उत्तर पूर्वी भागस्थित फत्तेपुरमा प्रवेश गरेको छ। यसको मूल उदयपुरमै पर्छ। फत्तेपुर पुरनदहबाट पूर्व बग्दै यो नदी कोशीमा मिल्दछ। यसको एकदमै सानो भाग अर्थात् करीब १० किलोमिटर (छ माइल) मात्र यस जिल्लाको उदयपुरसँगको सीमानामा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाँडो

यो नदी सप्तरी जिल्लाको मध्यभागमा उत्तरबाट दक्षिणतिर बगेको छ। यसको उत्पत्ति पनि चुरेमै भएको छ। भावर प्रदेशमा आएपछि यो नदी निक्कै फराकिलो भएको देखिन्छ तर फेरि तराईमा प्रवेश गरेपछि भने साँगुरिएर गएको छ। यो नदी तिलाठी गाउँ पञ्चायतनिर पुगेपछि भारतमा प्रवेश गर्दछ।

यी मुख्य नदीहरूको अलावा सप्तरी जिल्लामा महुली, खडग, घोडदह, कल्याणदेही जस्ता अरू खोलाहरू छन्। यिनीहरूको उद्गम स्थान चुरे पर्वत हो र यी नदीहरूमा वर्षात्मा बाहेक अरू याममा या त पानी हुँदै हुन्न या एकदम कम हुन्छ।

हावापानी

नेपालका अरू पूर्वी तराईका जिल्लाहरूमा झैं यस जिल्लाको जलवायु पनि उष्ण छ। यहाँ गर्मीमा अति गर्मी र हिउँदमा केही ठण्डा रहन्छ। गर्मीमा तापक्रम ४६.११ डिग्री सेण्टिग्रेड (११५° फरेनहाइट) सम्म पुग्छ र हिउँदमा ७.२२ डिग्री सेण्टिग्रेड (४५° फरेनहाइट) सम्म झर्छ।

सप्तरी जिल्लामा मौसम अवलोकन केन्द्र नरहेकोले यस जिल्लाको अधिकांश भागसँग मिल्दो जुल्दो हावापानी भएको पूर्वपट्टि विराटनगर र उत्तर पूर्वमा बराह क्षेत्र देखिएकोले उक्त दुई ठाउँको सन् १९७० को वायुको तापक्रम दिइएको छ।

तापक्रमको तालिका (सेण्टिग्रेडमा)

	विराटनगर विमानस्थल		बराह क्षेत्र	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	२३.१	१२.७	२२.४	१०.९
फेब्रुअरी	२६.४	८.९	२५.१	१२.५
मार्च	३२.०	१४.८	३१.१	१७.६
अप्रिल	३५.६	१९.४	३४.८	२३.१
मे	३५.०	१८.६	३५.१	२४.६
जून	३३.४	२५.०	३१.४	२४.६
जुलाई	३१.९	१८.१	३०.३	२४.४
अगष्ट	३२.२	१७.३	३१.१	२४.४
सेप्टेम्बर	३१.७	१६.९	३१.३	२३.९
अक्टोबर	३२.२	१३.१	३०.५	२०.९
नोभेम्बर	२८.८	५.५	२८.०	१५.७
डिसेम्बर	२५.४	१.५	२४.६	११.७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लामा पर्ने अधिकांश वर्षा दक्षिण–पश्चिमी मनसुनी हावाले ल्याउँछ। वर्षा ऋतु असारमा शुरु हुन्छ र असोजसम्म रहन्छ। वर्षभरी पर्ने पानीको ८० प्रतिशत यही अवधिभित्र पर्छ। यस जिल्लामा वर्षा अवलोकन केन्द्र नरहे तापनि छिमेकका जिल्लाहरूका दुई केन्द्रहरूको रेकर्ड अनुसार औसत वार्षिक वर्षा १,५८८.६ मिलिमिटरदेखि २,०९६.३ मिलिमिटर पुगेको अनुमान गर्न सकिन्छ। सप्तरी जिल्लाको उत्तर-पश्चिममा रहेको लाहान र उत्तरमा रहेको उदयपुरगढीमा ई. सं. १९७० मा लिइएको वर्षाको मासिक परिमाण तल प्रस्तुत गरिएको छः–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	लाहान	उदयपुरगढी
जनवरी	४.१	५.४
फेब्रुअरी	०.०	२१.६
मार्च	११.१	–
अप्रिल	१६.३	–
मे	४९.२	५५.५
जून	२६६.०	२७७.६
जुलाई	६३८.३	०३.८६
अगष्ट	४८४.०	२६१.५
सेप्टेम्बर	१९३.१	२४४.२
अक्टोबर	५५.४	७७.२
नोभेम्बर	०.०	०.०
डिसेम्बर	०.०	०.०
वार्षिक जम्मा	१,७१७.५	१,५४७.१

वन तथा वनस्पति

यस जिल्लामा चुरे पर्वतको दक्षिणी पाटामा रहेको पातलो जङ्गल बाहेक अरू जङ्गल छैन। यस जिल्लाको चारकोसे झाडी धेरै अघि नै फाँडिइसकेको छ। वर्तमान वन सीमाना यस प्रकार छ– उत्तर चुरे पानी ढलो, दक्षिण चुरे पर्वतको फेदी, पूर्व सुनसरी जिल्लाको वन क्षेत्र (कोशी पारी) र पश्चिम दलान नदी (सिराहाको सीमाना)। यस सीमाना भित्र पनि कञ्चनपुर-फत्तेपुर सडकको वरिपरि जङ्गल छैन। यो बाँकी जङ्गल पनि पातलिँदै गइरहेकोले जिल्लालाई चाहिने दाउरा र घर बनाउने काठ उदयपुर जिल्लाबाट प्राप्त हुने गरेको छ।

जिल्लाको उपर्युक्त वनमा मुख्यरूपमा साल र असना पाइन्छन्। सो बाहेक कर्मा, टुन, बोट घरेगो, बाझी, जामुन, खयर, सिसौ, सिमल जस्ता वृक्षहरू पनि पाइन्छन्। यिनमा खयर नदीहरूका किनारामा पाइन्छन्।

वन्य पैदावारमा वनकस, कासे, सावे, बाँस, सिमलको भुवा, थाकलको पात, बिंडीको पात, भोर्लाको पात मुख्य हुन्। जरीबूटीमा यहाँ पाइने बोझो, हर्रो, बर्रो, अमला, रिट्ठा, सतावरी मुख्य हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु-पक्षी

बाक्लो जङ्गल घट्दै गएकोले र विष ख्वाएर मार्ने गरिएकोले अब यहाँ बाघ, चितुवा जस्ता हिंस्रक जनावर छँदै छैनन् वा भए पनि नगण्य संख्यामा छन्। अरू यहाँ पाइने वन्य जन्तुहरू वन बिरालो, बनेल, चित्तल, खरायो, रात वसर, मृग, घोडगधा, नीलगाई, अर्ना, दुम्सी आदि र पक्षीहरूमा मयूर, लुइँचे, कालिज, तितरा, सुगा, मैना, ढुकुर, लालसर, पानीहाँस आदि हुन्।

कोशीमा गोहीहरू पनि पाइन्छन्।

यस जिल्लाको कोशी क्षेत्रमा बाढीले काटी बनाएको कोशी टप्पूमा अर्नाहरू भएकाले यो टप्पूलाई सुरक्षित वन बनाउने कार्यक्रम छ।

करीब २५–३० वर्षअघिको कुरा हो कोशी पूर्व हर्दिवारी-पेटमारी बस्ने कन्तु गुहार भन्ने एक्लो भैंसी गोठालोको साथमा रहेको पाँच सात वटा भैंसीहरू सो कन्तु गुहारको मृत्यु पछि अरूले पाल्न, सधाउन नसकेकोले जङ्गल तर्फ भागी गएछन्। स्थानीय मानिसहरूको भनाइअनुसार यी भैंसीहरूबाट बच्चा पैदा भई पाडाहरू हुर्किएर बथानको रूपमा कोशी क्षेत्रमा बाढीले काटी बनाएको टप्पू जङ्गलमा उत्पात मच्चाउन थाले। अर्नाको संख्या हाल डेढसय दुई सय भएको अनुमान छ। अर्नाहरू दुर्लभ जन्तु मानिन थालेकाले सोही टप्पूलाई सुरक्षित वन बनाउने कार्यक्रम तैयार पारी कार्यान्वित हुने भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

स्पष्ट र क्रमबद्ध इतिहास नभेटिए पनि एक हजार वर्षभन्दा धेरै अघिदेखि नै भारतका राजाहरूको प्रभुत्व हिमालयको दक्षिणी अञ्चल तराईमा प्रवल रहेको देखिन्छ।[1] १०९७ ई. तिर तिरहुत राज्यको राजधानी सिमरौनगढमा रहेको र यो राज्य दक्षिण भारतबाट आएका कर्नाटवंशी राजा नान्यदेवको नियन्त्रणमा आएको इतिहासकारहरूले मानेका छन्।[2] तिरहुत भाषा र संस्कृतिको फैलावटलाई हेर्दा पूर्वतिर कमसेकम वर्तमान सप्तरी जिल्लासम्म तिरहुत राज्य फैलिएको हुनुपर्छ। कर्नाटवंशी राजाहरूको तिरहुत राज्यमा १३२४ ई. सम्म नियन्त्रण रहेको देखिन्छ। सोही वंशका अन्तिम राजा हरिसिंह देवलाई सिमरौनगढ छोडी काठमाडौं उपत्यकातिर भाग्न बाध्य गरायो।

मुसलमानहरूको हमलापछि यो क्षेत्र कुनै बलियो शासकको हात नपरेको र साना साना स्वतन्त्र रजौटाहरूको नियन्त्रणमा रहेको देखिन्छ। पाल्पाका राजा मुकुन्द सेनको पूर्वी तराई विजय गर्ने अभियान अन्तर्गत उनकै कान्छा छोरा लोहाङ सेनले वर्तमान सप्तरी जिल्ला र वरिपरि हमला गर्दा यहाँ यस्तै साना साना स्वतन्त्र रजौटाहरू थिए जसलाई जित्न उनका सेनालाई केही गाह्रो परेन। यो विजयको निश्चित मिति पत्ता लाग्न सकेको छैन। तर यस अवधिमा मुकुन्द सेन जीवितै रहेका हुँदा यो विजय १५१८–१५५३ ई. को अवधि भित्र भएको हो भन्न सहजै सकिन्छ। लोहाङ सेनले जित्दै गएर उस वखतको विजयपुर राज्य पनि आफ्नो अधीनमा ल्याए।

राजा मुकुन्द सेनले आफ्नो बुढेसकालमा आफ्नो विशाल राज्यलाई छोरा, नाति र भतिजाहरूमा भाग लगाईदिदा उनका कान्छा छोरा लोहाङ सेनको अधीनमा उनले आफैंले जितेको भूभाग पर्नआयो। यसरी मकवानपुरदेखि पूर्वको तराई एउटा छुट्टै राज्यमा संगठित भयो।

लोहाङ सेनपछि यिनका सन्तानहरू बलिया राजा हुन सकेनन्। आपसी कलहको कारण यो राज्य पटक पटक टुक्रिएको र एकपटक एउटा ठूलो भूभाग पूर्णियाको नवावको अधीनमा समेत पर्न गएको थियो। पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने अभियान प्रारम्भ गर्नुभन्दा सैंतीस वर्ष अघि (१७०७ ई. तिर) यो भागमा अलग अलग दुई सेन राज्य थिए–एउटा मकवानपुर राज्य जसमा तौतर प्रगन्नाभित्र परेको कोशीदेखि पश्चिमको पर्सा जिल्लासम्मको तराई र जङ्गल क्षेत्र पर्दछ र अर्को विजयपुर राज्य जसमा कोशीदेखि पूर्व टिष्टा

---

१. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, २०२२, पृष्ठ ११८

२. Hasrat, Bikram Jit-History of Nepal, Hoshiyarpur, India, 1970, page xxxiv

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मको तराई क्षेत्र पर्दछ।[1] यी दुईराज्यमा शुभ सेनका छोराहरू क्रमशः मानिक सेन र महीपति सेन राजा थिए। यी दुई राज्य अलग भए तापनि सप्तरीको इतिहाससँग यी दुवै राज्यमा घटेका घटनाहरू घनिष्ठ रूपमा सम्बन्धित छन्।

विजयपुर राज्यका राजा महीपति सेन मरेपछि उनकै छोरा कामदत्त सेन राजा भए। तर यिनको शासनकाल कलह र वैमनस्यताको कारणले गर्दा शान्तिपूर्वक चल्न सकेन। कलहको मूल कारण यिनका मन्त्री विचित्र राई नै थिए। मन्त्री निक्कै बलिया हुँदा कामदत्त सेनलाई एकपटक भोटतिर धपिन समेत कर लाग्यो। यसै बेला विचित्र राईले चौदण्डीका राजा बनाइएका मकवानपुरे राजा मानिक सेनका माहिला छोरा जगत सेनलाई डाकी विजयपुरको पनि राजा बनाए। जगत सेनको अधीनमा यस सानो अवधिमा कमलादेखि पूर्व टिष्टासम्मको तराई भाग, पहाडपट्टि सिधुलीको पौवागढीदेखि पूर्वपट्टि पूर्व वाहिनी सुनकोशीको दायाँ किनारको महाभारतको उत्तर पाखो अरुण कोशीसम्मको चौदण्डी राज्य समेत परेको देखिन्छ। वास्तवमा विजयपुर राज्यमा विचित्र राईको निमन्त्रणामा राजा बन्न जानुअघि मानिक सेनका जेठा छोरा जगत सेन मकवानपुरे राजा हेकमर्ण सेनका प्रतिनिधिको रूपमा कमला र कोशी बीचको भू-भागमा र चौदण्डी राज्यका प्रशासन चलाउँदै थिए[2] वा मकवानपुर राज्यका किरात मन्त्रीहरूको दवावमा उनी यी क्षेत्रका राजा भए[3] भन्ने कुरामा मतविभिन्नता छ। धपिएका कामदत्त सेन केही दिन पछि नै फर्केर आएकाले यिनले विजयपुर राज्यको राजा धेरै दिन बन्न पाएनन् र पुनः उनी आफ्नै पुरानो सीमाना भित्रको मात्र राजा रहे।

जगत सेन निःसन्तान भएकाले यिनीपछि चौदण्डी, सिराहा र सप्तरी इलाकाको राज्यमा यिनका भाइ विक्रम सेन र ती पछि उनैका छोरा कर्ण सेन राजा भए।

यसै वखत गोरखाली फौज काठमाडौं उपत्यकाको विजयपछि कोशी क्षेत्रको विजय गर्न पूर्वतिर लागिसकेका थिए। पृथ्वीनारायण शाहले वख्शी अभिमानसिंह बस्न्यातलाई चौदण्डीमा अधिकार गर्न खटाए। तर किरात प्रदेश विजय नभएसम्म दक्षिणतर्फ बढ्नु उपयुक्त नठानी उनलाई मकवानपुरमा तैयार भई बस्न आदेश दिए। सरदार रामकृष्ण कुँवरको नेतृत्वमा गएको फौज फेब्रुअरी १७७३ सम्ममा अरुणको किनारसम्म पुगेपछि २७ मे १७७३ मा पृथ्वीनारायण शाहले भारतका गभर्नर जनरल वारेन हेस्टिङ्गलाई कामदत्त सेनलाई षड्यन्त्र गरी हत्या गरेको र विजयपुर र अम्बरपुर (वर्तमान सिराहा र सप्तरी) माथि अवैधरूपमा अधिकार जमाई राखेको हुँदा बुद्धकर्ण राईसँग बदला लिन फौज पठाउँदै छु, उक्त प्रदेश आफ्नै कब्जामा लिन सके साविक बमोजिम नजराना पठाउनेछु भन्ने बेहोराको पत्र आफ्ना वकीलहरूको हात दिई पठाए।[4] तर उक्त पत्रको उत्तर प्राप्त हुनुअघि नै अभिमानसिंह बस्न्यातको नेतृत्वमा गोरखाली फौज चौदण्डी विजयको लागि अगाडि बढयो। चौदण्डी र त्यसका तराई भाग जसमा सप्तरी र सिराहा पर्दछन्, १६ जुलाई १७७३ मा गोरखाली फौजको हात पर्‍यो र त्यहाँका राजा कर्ण सेन भागेर मोरङ आए।

---

१. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, (काठमाडौं: २०२५), पृष्ठ ६०१–२

२. सूर्यविक्रम ज्ञवाली– पृथ्वीनारायण शाह, (दार्जीलिङ्ग: १९९२), पृष्ठ १७६

३. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०६

४. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २०७–८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त २७ मे १७७३ को पत्रको नकारात्मक उत्तर प्राप्त नभएको र ३० अक्टोबर १७७३ को पत्रमा गभर्नर जनरलले "तपाईंले पठाएका पत्रका विषयमा आवश्यक कारवाई गर्नेछु।"[१] भन्ने लेखेकोबाट पृथ्वीनारायण शाहको आदेशमा अभिमानसिंह बस्न्यातले शत्रु पक्षमा राम्रो तयारी नभएको र मध्य वर्षादको याम पारी १७ जुलाई १७७४ मा विजयपुर उपर हमला गरेर त्यो राज्य पनि आफ्नो हात पारे। यो विजय पछि अंग्रेजहरूले मित्रता कायम राख्न भनी विजयपुर र अम्बरपुर इलाकाबाट फौज हटाउन आग्रह गरे। तर गोरखाली-हरूले मकवानपुर आदिका विषयमा बुझाउँदै आए झैं यी इलाकाका विषयमा पनि माल वाजवी बुझाउन तयार भएकाले यी इलाका गोरखालीहरूको अधिकारमा आएर इष्ट इण्डिया कम्पनीलाई कुनै किसिमको हानि छैन भन्ने जवाफ दिए।[२] यस प्रकार विवाद चल्दै रहे पनि चौदण्डी राज्यको मातहतमा रहेको सप्तरी इलाका १७७३ देखि नेपाल अधिराज्यको एक भागको रूपमा गाँभियो।

पछि १८१४ ई. मा इष्ट इण्डिया कम्पनीसँगको लडाइँको कतिपय कारणहरूमध्ये यस्ता इलाकाहरू उपर कसको नियन्त्रण रहने भन्ने कुरा पनि एक भएको देखिन आएको छ। लडाइँ पछि २८ नोभेम्बर १८१५ मा अंग्रेजहरूले राखेको सन्धि प्रस्तावको शर्तमा यी तराई प्रदेश उपर कम्पनीकै अधिकार मान्नु पर्ने र यस बापत नेपा-ललाई वार्षिक दुई लाख प्राप्त हुने कुरा परेको थियो। यो कुरा नेपालले नमान्दा पुनः लडाइँ जारी रह्यो। अन्तमा अंग्रेजहरूले वार्षिक दुईलाख तिर्ने र औलोले ग्रस्त यो क्षेत्र आफ्नो नियन्त्रणमा लिई पछिसम्म कचिंगल राखी छाड्नमा बुद्धिमानी देखेनन् र उक्त क्षेत्र नेपालकै सीमा भित्र पार्ने र वार्षिक रू. दुई लाख दिनु नपर्ने गरी सन्धिमा संशोधन गर्न माने[३]। यसप्रकार १८१६ पछि मात्र वर्तमान सप्तरी जिल्ला र वरिपरिका तराई जिल्लाहरू नेपालको पूर्ण अधिकारमा आएको हो।

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६०९

२. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ६१४–१५

३. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २७३–७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

राजविराज

सप्तरी जिल्लाको र सगरमाथा अञ्चलको सदरमुकाम यहीं छ। अञ्चलको राजनीतिक र प्रशासकीय केन्द्र भएकोले र अञ्चलको एकमात्र नगर भएकोले यो अञ्चलभरीको सबभन्दा प्रमुख स्थान मानिन्छ। तराईको दक्षिणी भागमा रहेको हुँदा यो शहर समुद्रको सतहभन्दा लगभग ६१ मिटर (२०० फीट) उचाइमा अवस्थित छ। अञ्चल र जिल्लाको सदरमुकाम भएकोले अञ्चल र जिल्लास्तरीय प्रायः सबै कार्यालयहरू यहीं छन्। नेपाल अधिराज्यको एकमात्र नियोजित नगरको रूपमा लिन सकिने यो शहरको केन्द्रमा गोलाकार परेको चोक छ र यसबाट चारैतिर चौडा सडकहरू बनेका छन्। हनुमाननगर कोशीको बाढीबाट खतरामा परेपछि २००० सालमा जिल्ला सदरमुकाम राजविराजमा राखिएको हो र शुरूमै यो शहरलाई नियोजित किसिमबाट बसाउने प्रयास भएको हो। हाल यहाँको जनसंख्या ७,८३२ पुगेको छ।

राजविराजमा रहेका उद्योगहरूमा एउटा सलाई कारखाना, एउटा सिन्थेटिक कपडा कारखाना (हाल बन्द), केही ठूला चामल मिलहरू र एउटा पाउरोटी बनाउने बेकरी उल्लेख गर्न सकिन्छ। यहाँ करीब १०० वटा खुद्रा पसलहरू, १५० गोला र १० वटा जति थोक व्यापार गर्ने पसलहरू छन्। यहाँ राष्ट्र बैंकको सटही काउण्टर, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकका शाखाहरू पनि छन्। सार्वजनिक क्षेत्रका व्यापारिक संस्थाहरू नेशनल ट्रेडिङ्ग लि. र कृषि खरीद बिक्री संस्थानका शाखाहरूले पनि नगरको व्यापारिक गतिविधि बढाएका छन्। शहरलाई भारतको कटैयास्थित पावर हाउस (कोशी योजना अन्तर्गत बनेको) बाट बिजुली प्राप्त हुने गरेको छ। विद्युत् शक्तिबाट जमीन मुनिको पानीटयाङ्कीमा तानी शहरभरीलाई खानेपानी पुऱ्याउने बन्दोबस्त छ। शहरभरीका सडकहरू (पाँच किलोमिटर) पीच गरिएका छन्। यहाँ २५ शय्याको अञ्चल अस्पताल पनि छ।

राजविराजमा दुई माध्यमिक विद्यालय, दुई निम्न माध्यमिक विद्यालय र चार प्राथमिक विद्यालय छन्। यहाँको धार्मिक स्थलमा राजदेवीको पुरानो मन्दिर, राम मन्दिर, शम्भुनाथ मन्दिर र एउटा हनुमान मन्दिर छन्। सो बाहेक मुसलमानहरूको प्रार्थना गर्ने एउटा मस्जिद पनि छ।

राजविराजदेखि हनुमाननगर (१३ किलोमिटर) हुँदै जिल्लाको उत्तर-पूर्वी सीमानामा रहेको फत्तेपुर (४१ किलोमिटर) सम्म पक्की पीच सडक छ। यो सडकले राजविराजबाट २० किलोमिटर (१२.५ माइल) मा महेन्द्र राजमार्ग भेट्टाउँछ। यो बाहेक राजविराजबाट भारतसँगको सीमानामा रहेको कुनौली (११.५ किलोमिटर) सम्म पक्की पीच सडक छ। ५४ किलोमिटर (३३.८ माइल) लामो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजविराज-सिराहा सडक, १३ किलोमिटर (८.१ माइल) लामो राजविराजबाट सीधै उत्तरमा रहेको तैरहोतासम्मको सडक, २० किलोमिटर (१२.५ माइल) लामो राजविराज-कञ्चनपुर सडक जिल्लाका सदरमुकाम-सँग जोडिएको मुख्य कच्ची सडकहरू हुन् र यी सडकहरू हिउँदमा मात्र उपयोग गर्न सकिने छन्।

राजविराजदेखि करीब पाँच किलोमिटर दक्षिणमा एउटा कच्ची हवाइ मैदान छ। यसको लम्बाइ १,८२९ मिटर (६,००० फीट) र चौडाइ ९१ मिटर (३०० फीट) छ।

हनुमाननगर

कोशी नदीको बाढीबाट खतरा पुगेपछि २००० सालमा राजविराजमा सारिनु अघि जिल्लाको सदरमुकाम यहीं थियो र यो स्थान सप्तरी जिल्लाको सबैभन्दा पुरानो बजार हो। कोशीको पश्चिमी किनारमा रहेको यो सानो शहर कोशी ब्यारेज बनेपछि कोशीको प्रकोपबाट मुक्त छ र अब कोशीले छोडेको बगरमा अलि अलि खेती हुन थालेको छ। यो शहरको जनसंख्या ३,१९७ छ। यो बजार राजविराजबाट १३ किलोमिटर (८.१ माइल) पूर्वमा छ। कुनौली-भारदा-कञ्चनपुर-फत्तेपुर सडक र राजविराज-भारदा सडक हनुमाननगर भएर गएको छ। यहाँबाट भारतीय सीमानामा रहेको कुनौली १० किलोमिटर (६.३ माइल), उत्तरको जिल्ला सीमानामा रहेको फत्तेपुर २८ किलोमिटर (१७.५ माइल) र महेन्द्र राजमार्ग जोडिने ठाउँ भारदा सात किलोमिटर (४.४ माइल) टाढा छ। यी सबै सडकहरू पक्की छन्।

यहाँको प्रसिद्ध हनुमान मन्दिरकै नामबाट यस शहरको नाम हनुमाननगर रहेको हो। यहाँ एउटा मसजिद पनि छ। जिल्लाको यो दोस्रो ठूलो बजार भएकोले यहाँ अन्दाजी ५० खुद्रा पसल, करीब २५ गोला र पाँच थोक व्यापारीहरू छन्। यस शहरलाई पनि भारतको कटैयास्थित पावरहाउसबाट बिजुली प्राप्त हुने गरेको छ।

यहाँ छोटी भन्सार, स्वास्थ्य केन्द्र, शाखा हुलाक र प्रहरी चौकी छन्। यहाँका तीन शिक्षण संस्थाहरूमा एक माध्यमिक विद्यालय, एक निम्न माध्यमिक विद्यालय र एक प्राथमिक विद्यालय छन्। यहाँ राष्ट्रिय वाणिज्य बैंकको उपशाखा छ।

कञ्चनपुर

जिल्लाको उत्तर-पूर्वमा अवस्थित यो सानो बजार महेन्द्र राजमार्गसँगै पर्दछ। राजविराज-हनुमाननगर- भारदा- फत्तेपुर सडकबाट जाँदा यी बजार राजविराजबाट ३३ किलोमिटर (२०.६ माइल) टाढा पर्छ। तर राजविराजदेखि कञ्चनपुरसम्मको एउटा कच्ची सडक पनि छ, जसको लम्बाइ २० किलोमिटर (१२.५ माइल) मात्र छ। यो बजारको जनसंख्या ३,१२१ छ। उदयपुर जिल्ला भई अञ्चलका पहाडी जिल्लाहरूमा यहाँबाट पनि कपडा, मसला आदि लगिने हुँदा यो बजारमा पहाडका मानिसहरू विशेष देखिन्छन्। यहाँ प्रत्येक हप्ता हाट लाग्छ। यहाँ करीब २५ खुद्रा पसल, अन्दाजी ३० गोला र दुई थोक व्यापारीहरू छन्। सहकारी कार्यालयहरूमा यहाँ स्वास्थ्य केन्द्र, प्रहरी थाना र छोटी हुलाकहरू छन्। शिक्षण संस्थाहरूमा माध्यमिक विद्यालय एक र प्राथमिक विद्यालय एक छन्। नेपाल बैंक लि. को शाखा पनि हालै मात्र रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याणपुर

जिल्लाको पश्चिमी भागमा राजविराजबाट २३ किलोमिटर (१४.४ माइल) टाढा पर्छ। यस-मध्ये १३ किलोमिटर (८.१ माइल) कच्ची सडकबाट र बाँकी १० किलोमिटर (६.२ माइल) राजमार्ग पर्दछ। यहाँको जनसंख्या ३,१५२ छ। यहाँ १०–१५ खुद्रा पसलहरू र केही गोलाहरू पनि छन्। यहाँ स्वास्थ्य केन्द्र, प्रहरी चौकी, अतिरिक्त हुलाक र एउटा प्राथमिक विद्यालय छ।

फत्तेपुर

राजविराज-हनुमाननगर-भारदाह-कञ्चनपुर-फत्तेपुर सडकको अन्तमा पर्ने जिल्लाको उत्तर-पूर्व सीमानामा रहेको यो ठाउँ त्रिजुगा नदीमा बाँध बाँधी जिल्लाको दक्षिणी भागमा सिंचाइ गर्न विक्रम सम्वत् १९८२ सालमा बनेको चन्द्रनहरको बाँध रहेकोले प्रसिद्ध छ। यहाँबाट ३२ किलोमिटर (१९ माइल) जति कच्ची सडक काटेपछि उदयपुर जिल्लाको सदरमुकाम गाईघाट पुगिन्छ। जिल्लाको एक मात्र काठ चिर्ने कारखाना यहीं छ। चन्द्रनहर योजनाको यहाँ आफ्नै अतिथि-भवन रहेकोले पर्यटकलाई पनि सुविधा छ। यहाँ मत्स्य प्रजनन तथा वितरण केन्द्र स्थापना भएको छ। कार्यालयहरूमा प्रहरी चौकी र अतिरिक्त हुलाक पनि छन्। वनको रेञ्ज कार्यालय पनि छ। पहाडका मानिसहरूको किनमेल र व्यापार गर्ने यो मुख्य केन्द्र हो।

उपर्युक्त प्रमुख स्थानहरू बाहेक यस जिल्लाका केही ऐतिहासिक तथा पुरातात्त्विक महत्वका स्थानहरू पनि छन्। तिनको संक्षिप्त परिचय तल दिइएको छः–

सखडा

राजविराजदेखि करीब ११ किलोमिटर (६.९ माइल) दक्षिणमा नेपाल-भारत सीमाना नजीकै रहेको यो स्थान ऐतिहासिक र धार्मिक महत्वको छ। यहाँ १२३२ शाके (१३१० ई. सं.) मा नेपालको मध्य र पूर्वी तराई क्षेत्रको भूभाग समेत गाभिएको तिरहुत राज्य (जसको राजधानी हाल बारा जिल्लाको सिमरौनगढमा पर्थ्यो) का राजा शक्रदेव सिंहले आफ्ना छोरा हरिसिंहदेवलाई राजप्रतिनिधि बनाई सप्तरी आई जीवनको शेष भाग यहीं बिताएका थिए भन्ने विश्वास गरिन्छ। यिनै राजा शक्रदेव सिंहले आफ्ना कुलदेवी शक्रेश्वरीको, जो छिन्नमस्ता भगवतीको नामले प्रसिद्ध छिन्, स्थापना गरी मन्दिर बनाएका थिए। यहाँ दशैंमा ठूलो मेला लाग्दछ।

राजा शक्रदेवका सम्बन्धमा केही स्पष्टीकरणको आवश्यकता देखिन्छ। कर्नाटवंशी अन्तिम राजा हरिसिंह देवको यस भू-भागमा १३२४ ई. सम्म नियन्त्रण रहेको हुँदा १३१० ई. मा उनका पिता तिरहुत राज्यका राजा थिए भन्न सकिन्छ। तर उनका पिता शक्रदेव सिंह थिए भन्ने कुरा विवादास्पद छ। विक्रमजीत हसरतले "हिस्ट्री अफ नेपाल" भन्ने आफ्नो ग्रन्थमा राजा सिंहदेवलाई हरिसिंहदेवका पिता भनी देखाएका छन्। तर अर्को एक वंशावलीअनुसार रामसिंह पछि शक्तिदेव राजा भएको देखाइएको छ। यिनै शक्तिदेवको नामको अपभ्रंश शक्रदेव हुन सक्ने भएकोले हरिसिंहदेवको पिता रामसिंहदेव नभएर शक्तिदेव (अथवा शक्रदेव) हुन् भन्ने अनुमान गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीलाठी

राजविराजदेखि सात किलोमिटर (४.४ माइल) दक्षिणमा पर्ने यो गाउँ ऐतिहासिक र सांस्कृतिक दृष्टिबाट महत्वपूर्ण स्थान मानिन्छ। धेरै पहिले त्रिदण्डी नाम गरेका गोसाई पण्डितले आफू वैदिक रूपमा अशुद्ध भएको संझी यही स्थानमा आफ्नो व्रतवन्ध संस्कार तीन पटक गराउनु भएको र तीन पटक लट्ठी (लाठी) धारण गर्नु भएकोले यो गाउँको नाम तीलाठी रहेको हो भन्ने किम्वदन्ति छ। स्थानीय व्यक्तिहरूको भनाइअनुसार यहाँ राजा रत्नसेनले एउटा पोखरी खनाई रत्नसागर नाम राखेका थिए। हाल रत्नसागर भन्ने पोखरी छैन तर गाउँकै एउटा ठाउँलाई रत्नसागर भनिन्छ। यही स्थानमा उक्त पोखरी भएको अनुमान गरिन्छ। तर राजा रत्नसेन इतिहासको कुन अवधिमा कहाँ शासन गर्दथे र कुन राजकुलका थिए भन्ने प्रमाणित विवरण प्राप्त छैन।

यो गाउँ परपेश्वरी दत्त मिश्र, नन्दकिशोर मिश्र, यदुनन्दन मिश्र जस्ता प्रसिद्ध ज्योतिषहरूको जन्म स्थान हो। यी ज्योतिषहरूको भारतीय राज्यहरूमा र राणा शासनको प्रारम्भिक कालमा नेपालमा विशेष इज्जतकासाथ नाम लिइन्थ्यो। यदुनन्दन मिश्रका केही हस्तलिखित पुस्तकहरू स्थानीय जगदम्बा जन-पुस्तकालय-मा हाल पनि संकलित छन्।

यो गाउँमा धेरै अघिदेखि नै शैक्षिक जागृति आएको देखिन्छ। यस गाउँमा धेरै स्नातकहरू छन्। केही महिला स्नातकहरू पनि छन्। यहाँ जगदम्बा जन-पुस्तकालय, सांस्कृतिक आयोजना, माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र कन्या विद्यालयहरू जस्ता शैक्षिक, सांस्कृतिक संस्थाहरू छन्। यहाँ एउटा हुलाक पनि छ।

चन्द्रभागा भगवती

यस क्षेत्रमा पन्ध्रौं शताब्दीमा चन्द्रकेतु नामका राजा भएको विश्वास गरिन्छ। यिनै राजाले वर्तमान सप्तरी जिल्लाको उत्तर-पूर्वमा राजमार्ग नजीक पर्ने धर्मपुर गाउँदेखि करीब पाँच किलोमिटर (३.२ माइल) उत्तरमा पर्ने चुरे पर्वत माथि उनका कुल देवी चन्द्रभागा भगवतीको स्थापना गरेका थिए भन्ने विश्वास गरिन्छ। उक्त मन्दिरको भग्नावशेष अद्यापि छँदैछ। यसै मन्दिरको एउटा स्तम्भलाई शम्भुनाथ भनी पूजा गर्ने चलन छ। यो स्तम्भ अहिले मोहनपुर र कञ्चनदाहा भन्ने गाउँहरूको बीचमा स्थापित छ। यहाँ वैशाख संक्रान्तिको दिन मेला लाग्छ।

बैरवा

यहाँ सिंहप्रताप शाहका समकालीन पुराना कवि उदयानन्द अर्यालको निवासस्थानको[१] भग्नावशेष छ। तिनै कविद्वारा स्थापित एउटा मन्दिरको हाल उनका सन्तानहरूद्वारा जीर्णोद्धार गरिएको छ।

---

१. यी कवि भीमसेन थापाका प्रधान मन्त्रित्वकालमा "अमीन" दर्जामा नियुक्त थिए र यिनको रचना काल सं. १८९० थियो भन्ने कुरा कमल दीक्षितद्वारा लिखित "बुइँगल" (साझा प्रकाशन, २०२८, पृष्ठ ३३१) मा उल्लेख छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रजाबनौली

यस क्षेत्रमा द्रोणवार राजा परादित्य नामका राजा थिए र वर्तमान बनौली भन्ने स्थानमा रहेको भग्नावशेष यिनको राजधानीको हो भन्ने विश्वास गरिन्छ। यी राजा मैथिलीका प्रसिद्ध कवि विद्यापतिका समकालीन थिए र उनले "लिखनावली" नामको आफ्नो ग्रन्थ यहीं बसेर लेखेका हुन् भन्ने किंवदन्ति छ।[1]

बनौली भन्ने स्थान राजविराजदेखि १६ किलोमिटर (१० माइल) सीधा पश्चिम र राजमार्गदेखि करीब २० किलोमिटर (१२.५ माइल) दक्षिण पर्दछ।

कञ्चनपुरमा पुरातात्विक वस्तुहरू

कञ्चनपुरदेखि नगीचैको धर्मपुर भन्ने स्थानमा रहेको काठमहल भवनमा यस क्षेत्रमा जमीनमुनिबाट पाइएका पुराना मूर्तिहरूको संग्रह गरिएको छ। कञ्चनपुरबाट १½ किलोमिटर (एक माइल) जति पश्चिममा रहेको रूपनगरमा एउटा कुण्ड र यहींनिर एउटा नारायणको मूर्ति पत्ता लागेको छ। यी मूर्ति र कुण्ड यस क्षेत्रको वास्तविक इतिहास पत्ता लगाउनमा सहायक हुनसक्ने देखिन्छ। यो मूर्ति रूपनगरमा रहेको चामल मिल (कावरा आधुनिक राइस मिल) को भित्र पर्दछ र मिल मालिक सीताराम कावराले राम्रोसँग संरक्षण गरी राख्न भएको छ।

राजविराजदेखि करीब छ किलोमिटर (३.८ माइल) उत्तरमा रहेको यस स्थानमा एउटा प्राचीन किल्लाको भग्नावशेष छ।

---

१. मिथिलाको एउटा जनश्रुतिअनुसार दिल्लीका सुल्तानबाट पराजित भई हरिसिंह देव काठमाडौं तिर लागेपछि तिरहुत राज्यका सुल्तानले आफ्ना बाह्मण मन्त्री महेश्वर ठाकुरलाई राजा बनाई फर्केका थिए र यिनकै वंशमा पछि शिवदेव राजा भए, जसका दरवारी कवि महाकवि विद्यापति थिए। (बालचन्द्र शर्मा, को अनुसार) सिमरौनगढ र त्यहाँ पाइएका पुरातात्विक वस्तुहरूको सम्बन्धमा स्थानीय जनताले सुनाउने कथाको प्रसंगमा पनि शिवसिंह राजाको नाम आउँछ। यी शिवदेव र शिवसिंह एकजना भएको प्रतित हुन्छ। यस हिसाबले शिवसिंह र राजा परादित्य समकालीन भएको र राजा परादित्य शिवसिंहका मातहतका एउटा रजौटा भएकाले विद्यापतिको कुनै बखत रजाबनौलीमा गई रचना गरेको अनुमान गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या ३,१२,५६५ छ। यसमध्ये १,५९,१४० पुरुष र १,५३,४२५ महिला छन्। जनसंख्याको हिसाबले यो जिल्ला नेपाल अधिराज्यको सबभन्दा घना बस्ती भएका जिल्लाहरूमा पाँचौं स्थानमा छ। जनसंख्याको घनत्व प्रतिवर्ग किलोमिटर २०९ व्यक्ति हुन आउँछ। केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्कअनुसार भाषा र बोलीको आधारमा यहाँको जनसंख्यालाई निम्न बमोजिम विभाजन गर्न सकिन्छः—

मैथिली	२,८९,५५१
नेपाली	१२,९४१
अन्य	१०,०७३

यस जिल्लाका थारूहरू र अरू कतिपय अल्पसंख्यक जातिहरू पनि केही शताब्दी अघिदेखि दक्षिण तिरबाट आई बसोबास गरेका मैथिली ब्राह्मण, राजपुत, यादव, तेली, कलवार आदिसँग बिस्तारै संमिश्रिण हुँदै गएकाले मैथिली नै बोल्न थालेको तथ्य उपर्युक्त तथ्याङ्कले देखाउँछ। कुल जनसंख्यामध्ये आर्थिक लाभ हुने गरी काममा लाग्न सक्ने र विद्यालय जाने उमेरका जनसंख्या स्पष्ट गर्न तलको तालिका प्रस्तुत गरिएको छः—

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	२८,५०४	१७.९	२९,३९२	१९.२	५७,८९६	१८.५
६–१५	४०,६२२	२५.५	३४,८८०	२२.७	७५,५०२	२४.२
१६ र माथि	९०,०१४	५६.६	८९,१५३	५८.१	१,७९,१६७	५७.३

उपर्युक्त तालिकाअनुसार छदेखि १५ वर्षका उमेरका केटाकेटीको संख्या ७५,५०२ अथवा कुल जनसंख्याको २४.२ प्रतिशत देखिन्छ। यिनलाई नै स्कूल जाने केटाकेटीको समूहमा लिनु पर्ने हुँदा यस समूहको कुल जनसंख्याको १५ प्रतिशत अथवा ११,४८९ केटाकेटी मात्र स्कूल जाने गरेका छन् भन्ने जिल्ला शिक्षा अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को कार्यालयबाट प्राप्त तथ्याङ्कले देखाएको छ। यो स्थिति किन देखिएको हो भने गाउँले समाजमा सानैदेखि
आर्थिक लाभको लागि केटाकेटीलाई काममा लगाउने चलन छ। शिक्षा हासिल गर्नेतर्फ किसान परिवारमा
खास गरी मध्यम र निम्न मध्यम वर्गीय परिवारमा उत्तिको चाख देखिंदैन। यो आर्थिक अभाव र परम्पराको
प्रभाव भन्नुपर्छ।

यस जिल्लाको जनसंख्यालाई विभिन्न समूहमा विभाजन गरी नौ वर्ष मुनिको र ६० वर्ष माथिको
जनसंख्यालाई आर्थिक दृष्टिकोणबाट आश्रित र १० वर्षदेखि ५९ वर्षसम्मकोलाई सक्षम अथवा अनाश्रित माने
सप्तरी जिल्लामा आश्रित जनसंख्या १,११,०९८ अथवा कुल जनसंख्याको ३५.५ प्रतिशत र अनाश्रित २,०१,४६७
अथवा ६४.५ प्रतिशत हुन आउँछ। यसबाट के देखिन्छ भने प्रत्येक सक्षम अथवा काम गर्न सक्ने व्यक्तिको माथि
करीब १.५ जनाको थप आर्थिक भार पर्न आउँछ। अर्थात् १०० जना सक्षम मानिसले १५० जनाको जीवन
निर्वाह गर्नुपर्छ। तसर्थ सप्तरी जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५० हुन आउँछ।

तर यही आर्थिक निर्भरताको अनुपात अन्तर्राष्ट्रिय चलन अनुसार हेर्ने हो भने केही फरक हुन आउँछ।
सो चलन अनुसार आश्रित जनसंख्या १४ वर्ष र सोभन्दा मुनि र ६५ वर्ष तथा सोभन्दा माथिलाई लिइन्छ।
यसो गर्दा सप्तरी जिल्लाको आश्रित जनसंख्या १,३६,६५० अथवा कुल जनसंख्याको ४३.७ प्रतिशत हुन आउँछ
र बाँकी १५ वर्षदेखि ६४ वर्षसम्मका अनाश्रित अथवा आर्थिक दृष्टिकोणबाट सक्षम मानिसको संख्या १,७५,९१५
अथवा ५६.३ प्रतिशत हुन आउँछ। तसर्थ प्रत्येक सक्षम व्यक्ति उपर १.८ व्यक्तिको आर्थिक भार पर्छ अर्थात्
१०० सक्षम मानिसले १८० को जीविका चलाउनु पर्छ। आर्थिक निर्भरताको अनुपात १००:८० देखिन्छ।

जिल्लाको औसत परिवार ५.३७ जनाको छ। यो औसत नेपाल अधिराज्यकै औसतभन्दा धेरै फरक
छैन। यस जिल्लामा पाँचजना र सोभन्दा कम व्यक्तिको परिवार ३३,८१२ र पाँच जनाभन्दा बढी व्यक्ति भएको
परिवार संख्या ३४,२६५ छ। यसबाट सानो परिवार र ठूलो परिवारको संख्या झण्डै बराबर देखिन्छ। सप्तरी
जिल्लाभित्र साक्षरहरूको संख्या ३८,५१० (१५.१ प्रतिशत) छ, जसमध्ये ३४,०९७ (२६.१ प्रतिशत) पुरुष र
४,४१३ (३.६ प्रतिशत) महिला छन्।

यस जिल्लाको मुख्य भाषा मैथिली हो भन्ने कुरा माथि प्रस्तुत गरिएको भाषागत विभाजनबाट
स्पष्ट भइसकेकै छ। धर्मअनुसार विभाजन गर्दा जिल्लाको बहुसंख्यक मानिसहरू हिन्दू छन् र त्यसपछि इस्लामको
स्थान आउँछ। बाँकी बुद्ध धर्म, जैन धर्म र अरू धर्म मान्नेहरूको संख्या नगण्य नै छ। यहाँका जात जातिमा यादव,
थारू, बाहुन, क्षेत्रीय राजपुत, कायस्थ, वनिया, तेली, कलवार, सुनुवार, दनुवार, मुसलमान, डोम, चमार,
धोवी, नेवार, तामाङ, गुरुङ, मगर, भोटे छन्। यादव र थारू यहाँका बहुसंख्यक जाति हुन् र एउटा अनुमान
अनुसार कुल जनसंख्याको ५० प्रतिशत यी दुई जातिका मानिसहरू मात्र छन्।

यस जिल्लाको १२० गाउँ पञ्चायतहरू र एक नगर पञ्चायतको नामावली र तिनको जनसंख्या तल
प्रस्तुत गरिएको छ :–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अगाडी	२,९६५	२. अर्नाहा	२,३०२
३. औरही	२,०७१	४. इनरवा	१,६८९
५. इनरवा फूल बरिया	३,०२१	६. इटहरी विष्णुपुर	२,५३९
७. कविलाशा	२,०५९	८. काधन	२,१४३
९. कल्याणपुर	३,१५२	१०. कमलपुर	२,३९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११. कञ्चनपुर	३,१२१	१२. कटैया	२,४३९
१३. कोचावखारी	२,८६१	१४. कोइलाडी	२,६०९
१५. कोइलाडी बसोइन	२,६९१	१६. कुशहा (कोशी पारी)	४,४७२
१७. कुशहा (पश्चिम)	२,९२०	१८. खड्गपुर	२,४०८
१९. खोजपुर	२,१६५	२०. खोक्सर प्रवाहा	१,५९४
२१. गह्मरिया प्रवाह	२,७१४	२२. गोइठी	२,१९१
२३. घोघनपुर	२,३९२	२४. चमौरा पडरिया	२,५१०
२५. जगतपुर	२,४३१	२६. जमुनी मध्यपुरा	३,१३८
२७. जण्डोल	२,२७०	२८. जारवो	३,१४७
२९. फुटकी	१,८५७	३०. टिकुलिया	१,९७२
३१. ठेलिया	२,८५७	३२. डिमन	२,१८१
३३. तरही	२,२८६	३४. तिलाठी	२,५४०
३५. तेरहाता	२,२६५	३६. दाढा	२,७८२
३७. दिघवा	१,९३२	३८. देउरी	२,११७
३९. दौरी मरूवा	१,७३४	४०. दौलतपुर	२,३३९
४१. धनगढी	२,६१९	४२. धर्मपुर	२,२१२
४३. नेगाडा	२,४७२	४४. पटेरवा	२,०२०
४५. पौटो	२,३६७	४६. पीप्रा पश्चिम	१,९३९
४७. पीप्रा पूर्व	२,०७८	४८. पोर्ताहा	२,३०३
४९. प्रसवनी	३,००७	५०. फरसेठ	१,७५२
५१. फकिरा	२,३९१	५२. फुलकाही	२,३६६
५३. बमनगामा कट्टी	४,०६३	५४. बैरवा बिर्ता	२,१५१
५५. बकधुवा	२,७६७	५६. बनौला	१,८३३
५७. बनौली नाकार	३,००५	५८. बनेनिया	२,२०४
५९. बदगामा	२,२५७	६०. बरही	३,००३
६१. बरमझिया	२,६३५	६२. बन्दरझुला	२,७८२
६३. बसवलपुर	१,९७१	६४. बसविट्टी	१,९०७
६५. बथनाहा	२,४७६	६६. बिषहरिया	४,०७४
६७. बेलही	२,०९९	६८. बेलही चमेनी	२,५७०
६९. बोदे बसाइन	२,७३९	७०. बोरिया	२,८०८
७१. ब्रह्मपुर	२,३६१	७२. भगतपुर	२,१९०
७३. भंगाहा	२,५७९	७४. मरूवा खाल	२,७६३
७५. भारदाह	२,२६०	७६. मुतही	१,९८१
७७. मधवापुर	२,८५५	७८. मध्यपुरा	२,३४८
७९. मधुवन (कोशी पारी)	४,६८६	८०. मधुपट्टी	२,३३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८१.	महदेवा	३,००३	८२.	मलहन	२,०९२
८३.	मलेकपुर	२,८१८	८४.	मलठ	२,९४०
८५.	मपना कदेरी	१,९२१	८६.	मल्लनिया	३,८७९
८७.	मसेरा	२,५४४	८८.	मानराजा	२,३१५
८९.	मौग्राहा	२,४६९	९०.	मैल्हा सहस्रवाहु	२,३४०
९१.	मोहनपुर	२,५४६	९२.	मोद्राहा	२,२४५
९३.	योगिनिया एक	२,३२९	९४.	योगिनिया दुई	२,४३०
९५.	राजविराज (न.पं.)	७,८३२	९६.	रामनगर	१,१३६
९७.	रामपुर अनुवा	२,०८३	९८.	रामपुर मलहनिया	२,७९९
९९.	रौतहट	१,८८६	१००.	रायपुर	४,७४५
१०१.	रूपनगर	२,८५२	१०२.	लालापट्टी	३,१७२
१०३.	लौवही (कोशी पारी)	१,६६५	१०४.	लोनिया	१,६४१
१०५.	लोहाजारा	२,९०१	१०६.	सकरपुरा	२,२८८
१०७.	सखुया कञ्चनदहा	३,५३०	१०८.	सखडा	४,१३५
१०९.	सखुवा पत्थरगाडा	२,६२७	११०.	सारस्वर	२,४४४
१११.	सिस्वा वेल्ही	२,९६०	११२.	सिमराहा सिगिपोन	२,०६४
११३.	सीतापुर	२,००१	११४.	सोमनगर (कोशी पारी)	६६८
११५.	श्रीपुर-जब्दी	५,८२७	११६.	हनुमाननगर	३,१९७
११७.	र्हदिया	१,९८८	११८.	हरिहरपुर	२,४७९
११९.	हरिपुर (को. पा.)	३,१५०	१२०.	हरिपुर (पश्चिम)	२,३४७
१२१.	त्रिकौल	२,४७१			

उपर्युक्त पञ्चायतहरूको जनसंख्या हेर्दा ५,००० भन्दा बढी जनसंख्या भएका पञ्चायतहरू दुईमात्र देखिन्छ। ती हुन् – राजविराज नगर पञ्चायत क्षेत्र (७,८३२) र श्रीपुर जब्दी गाउँ पञ्चायत (५,८२७)। औद्योगिक प्रतिष्ठानहरूको अभाव र अरू जिल्लाहरूको दाँजोमा यहाँ व्यापारिक, धार्मिक र सांस्कृतिक दृष्टिले बढी महत्व पाएका स्थानहरू नभएकोले पनि ठूलो जनसंख्या भएका बस्तीहरू नभएको हो। यहाँका अधिकांश गाउँ पञ्चायतहरूको जनसंख्या २,००० देखि २,९९९ भित्र परेको देखिन्छ।

जन–जीवन

थारूहरू जिल्लाको उत्तरी भागमा खासगरी चुरे पर्वतको फेदीदेखि दक्षिणको पुरानो चारकोसे झाडी फैलिएको इलाकामा र यादवहरू जिल्लाको दक्षिणी भागमा बहुसंख्यक रूपमा बसोबास गरेको पाइन्छ। नेवारहरू राजविराज र हनुमाननगरमै मात्र सीमित छन्। मैथिल ब्राह्मणहरूको बसाइको हिसाबले यिनीहरू राजविराजदेखि दक्षिणमा नेपाल-भारत नजीकका गाउँहरूमा, कोशी बाँध नजीकको भारदाहको एक-दुई किलो-मिटर पश्चिमका गाउँहरूमा, कञ्चनपुरको ठीक दक्षिणमा पर्ने गाउँहरूमा र जिल्लाको दक्षिण-पश्चिम कुनाका केही गाउँहरूमा अधिक रूपमा बसोबास गरेको पाइन्छ। यस जिल्लामा पहाडी ब्राह्मणहरू पनि धेरै अघिदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बसोबास गरेको पाइन्छ । कञ्चनपुरदेखि दक्षिण ब्रैरवा गाउँमा भीमसेन थापाकै पालामा अर्यालहरू थिए भन्ने कुरा यस गाउँमा नेपाली भाषाका पुराना कवि उदयानन्द अर्याल (वि. सं. १८९० सालतिर) को घर भएकोबाट प्रमाणित हुन्छ । राजविराजदेखि उत्तरमा महेन्द्र राजमार्ग नजीकको जण्डोल गाउँमा र वरिपरि केही मगर, राईहरू पनि पाइन्छन् । यसैगरी राजपुतहरू फाटफुट रूपमा जिल्लाका दक्षिणी भागका गाउँहरूमा छरिएका छन् तापनि राजविराजदेखि दक्षिण पूर्वमा रहेको कोइलाडी र वर्साइन गाउँ पञ्चायतहरूमा यिनको संख्या धेरै पाइन्छ । दनुवारहरू जिल्लाको उत्तरी भागमा चुरेको फेदीतिर खोलाका किनारहरूमा बसोबास गरेका छन् । विभिन्न जात जाति जिल्लाको कुन भागमा अधिक रूपमा पाइन्छन् भन्ने कुरासम्म देखाउने प्रयास भएको हो । वास्तवमा यस जिल्लामा स्वतन्त्र तिरहुत राज्य हुनुभन्दा अघिदेखि नै बसोबास हुन थालेको हुँदा यहाँका सबै जात जातिहरू मिसिएर बसेका पाइन्छन् । यहाँका आदिबासी मानिएका थारूहरू पनि नेपालकै अन्य जिल्ला–हरूमा कतै कतै पाइए झैं यहाँ आफ्नो जातिको मात्र छुट्टै गाउँमा बसेका पाइँदैनन् ।

यस जिल्लाको मूल आदिबासी थारूहरू नै हुन् तर बढी संख्यामा यादवहरू छन् । यीदेखि बाहेकका मैथिल ब्राह्मण, राजपुत, कायस्थ, बनिया, तेली, कलवार, डोम, चमार, मुसलमान आदि कैयौं शताब्दीदेखि अघि दक्षिणतर्फका राज्यहरूबाट सर्दै, आवाद गर्दै आएका हुन् । सुनुवारहरू रामेछापतिरबाट र दनुवार उदयपुर जिल्लातिरबाट बसाइँ सरी यस जिल्लामा आएका हुन् । नेवारहरू काठमाडौं उपत्यकाबाट र पहाडिया बाहुन, क्षेत्री, राई, मगर, गुरुङ आदि उत्तरका पहाडी जिल्लाहरूबाट १७७३ ई. पछि यस जिल्लामा बसाइँ सर्दै आएको देखिन्छ । साथै बाँतर, मुसहर र जोलाह जातिलाई बिर्सन सकिंदैन ।

थारूहरूको मूल बस्ती जिल्लाको उत्तरी भागमा रहे पनि अब जिल्लाको मैदानी भागमा जङ्गल नभएकोले र शताब्दिऔं अघिदेखि अरू जात जातिहरूसँग मिश्रित रूपमा बस्न थालेका हुँदा यहाँका थारूहरूमा हिन्दू धर्म र संस्कृतिको गहिरो प्रभाव परेको स्पष्ट देखिन्छ । यिनले जन्मँदा, मर्दा, बिहाबारी गर्दा, देवदेवी पूजा गर्दा अपनाउने रीतिथिति अरू हिन्दू जात जातिको भन्दा धेरै फरक देखिंदैन । सप्तरीका थारूहरू मैथिलीभाषा बोल्दछन् । पश्चिमी तराई जिल्लाहरूका थारूहरू झैं यी मरेकालाई गाड्दैनन्, जलाउँछन् ।[1] जलाउँदा पुरुष-लाई घोप्टो पारेर महिलालाई उत्तानो पारेर खोलाको किनारमा जलाउँछन् । यहाँका थारूहरू काजक्रिया धर्म कर्म आदिमा पश्चिमका थारूहरूले झैं आफ्नो पुरोहित नलगाई ब्राह्मण लगाउँछन् ।[2] यिनीहरू अधिकांश रूपमा हिन्दू देव देवीको पूजा गर्छन् तापनि सबैको कुलदेवताको रूपमा घर घरमा स्थापित देव देवी हिन्दू देवता नहुन पनि सक्छ । कसै कसैले कुल देवताको रूपमा "गोरेया" को स्थापना गरेको हुन्छ । गोरेया देवता होइन, भूतप्रेत हो र यसलाई सुंगुर चढाइन्छ ।

थारूहरूमा विवाह प्रायः सानै उमेरमा भइसक्छ । अरू हिन्दू जात जातिको चलन भन्दाभिन्दै यिनी-हरूमा केटी पक्षले पैसा लिने चलन छ । विवाहमा दुलहाले तरवार बोक्ने र बाजा गाजा सहित जन्ती जाने चलन छ । केटी पक्षले जन्तीलाई धान छरी स्वागत गर्ने चलन छ ।

थारूहरू संयुक्त परिवार भई बस्दछन् र घरको जेठोलाई परिवारका सबै सदस्यहरूले मान्नु अनिवार्य मानिन्छ ।

सप्तरी जिल्लामा उच्च शिक्षा हासिल गरेका प्रशस्त थारूहरू छन् ।

---

१. Bista, Dor Bahadur- People of Nepal, Kathmandu, 1972, Page 125

२. डोरबहादुर विष्टको माथि उल्लिखित किताब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको ठूलो जाति समूहमा यादव पर्दछन् । बारा पर्सातिरका यादवहरू र यिनीहरूमा खास फरक छैन । यताका यादवहरू मैथिली बोल्छन्, बारा पर्सातिरका यादवहरू भोजपुरी बोल्छन् ।

यस जिल्लामा यादव, मैथिल ब्राह्मणहरू र राजपुतहरूको भारततर्फ प्रशस्त बिहाबारी हुन्छ । यिनीहरूको दुलाहा पक्षलाई तिलक दिने चलन छ । विवाहको कुरा छिन्नु अघि तिलकको रूपमा कति नगद वा जिन्सी दिइने हो भन्ने कुरा निश्चय गरिन्छ । यी हिन्दू जातिहरूको मर्दा, जन्मदा, बिहाबारी गर्दा वैदिक विधि अपनाइन्छ । तर मैथिल ब्राह्मणहरूको विवाहमा बाजा बजाई जन्ती जाँदैनन् र विवाहपछि दुलहा महीनौंसम्म ससुरालीमै बस्ने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

वि. सं. २०२८ को जनगणना अनुसार सप्तरी जिल्लाको कुल जनसंख्यामध्ये १० र सोभन्दा बढी उमेरका २,१६,९७३ जनसंख्यालाई आर्थिक दृष्टिबाट सक्रिय हुन सक्ने समूह मान्दा तिनको ४७.३ प्रतिशत अथवा १,०२,५४६ जना मात्र आर्थिक दृष्टिबाट सक्रिय रहिआएको देखिएको छ। उक्त जनसंख्या मध्ये ९४,१९५ जना अथवा आर्थिक दृष्टिबाट सक्रिय जनसंख्याको ९२ प्रतिशत कृषिमै लागेका छन्। तराईको सुगम क्षेत्रमा अवस्थित भई यातायात र सञ्चारको सुविधा प्राप्त हुँदा पनि जिल्लाभित्र उद्योग, वाणिज्य र अन्य व्यवसाय गर्ने सक्रिय जनसंख्या ८ प्रतिशत मात्र पुगेको छ। जिल्लाको कुल जमीन १,४६,३०० हेक्टर मध्ये ९३,४४७ हेक्टर आवादी भएको देखिन्छ अर्थात् जिल्लाको कुल भू-भागमा जम्मा करीब ६३ प्रतिशत आवादी जमीन छ। यस जिल्लाको जनसंख्या ३,१२,५६५ भएकोले सो आवादी जमीन प्रति व्यक्ति ०.३ हेक्टर अथवा ०.२ बिघा पर्न आउँछ अर्थात् प्रति हेक्टर आवादी जमीनमा दुई व्यक्ति बसोबास गरेको पाइन्छ। जिल्लामा बसोबास गरेका कुल परिवार संख्या ५८,०७७ भएकोले प्रतिपरिवार २.४ हेक्टर अथवा १.६ बिघा आवादी जमीन पर्न आउँछ।

कृषि

प्राप्त तथ्याङ्कको आधारमा कुल आवाद जग्गाको १७ प्रतिशत भीट जग्गा र बाँकी खेत भएको देखिन्छ। भीट जग्गाहरू पछि जङ्गल फाँडी आवाद गरिएका जिल्लाको उत्तरी भागको उच्चा जग्गा भएकोले यस्ता जमीनमा प्रायः मकै, तोरी, सस्यूँ, चना, बदाम, सुर्ती, मटर र कहीं कहीं गहुँ लगाइन्छन्। खेतमा धान, मकै, गहुँ र जूट लगाइन्छन्।

यस जिल्लामा लगाइने बालीहरूमध्ये मुख्य धान नै हो। धानको भदैया बाली वैशाख-जेठमा लगाइन्छ र भदौमा गएर काटिन्छ तर धानकै अगहनी बाली भने असार, साउन, भदौमा रोपी मंसीर, पुसमा मात्र काटिन्छ। गहुँचाहिं कात्तिक, मंसीर, पुसमा रोपिन्छ र फागुन, चैत, वैशाखमा बाली काट्ने काम हुन्छ। यहाँको प्रमुख नगदे बाली जूट चैतदेखि जेठसम्ममा रोप्ने काम हुन्छ र साउन, भदौमा गएर काटिन्छ।

भीट जमीनमा भने धान, गहुँ र जूटको खेती हुँदैन। यहाँ मकै चैत, वैशाखमा रोपिन्छ र साउन, भदौमा काटिन्छ। त्यस्तै तोरी र सस्यूँ असोज, कात्तिकमा रोपी फागुनमा काटिन्छ।

यी बालीहरूको लागि अधिकांश रूपमा परम्परागत किसिमले गाई वस्तुको मल तथा कुहिएका पराल, कसिंगरहरू खाडलमा तयार पारी बनेको कम्पोष्ट मल नै प्रयोगमा ल्याइन्छन्। आजभोलि रासायनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मलको प्रयोग बढ्दै गइरहेको छ। २०२७।०२८ मा जम्मा ५३८ टन रासायनिक मल प्रयोग भएकोमा २०२८। ०२९ मा बढी ८६८ र २०२९।२०३० मा १,०४५ टन पुगेको छ। मल प्रयोग गर्दा बीउ छर्नु वा रोप्नु अघि खेत तैयार गर्दा एक पटक र गोडमेल गर्दा एक पल्ट मल हाल्ने चलन छ। उपर्युक्त बालीमा धान, मकै, गहुँ र जूटमा मात्र मलको प्रयोग भएको पाइन्छ, भीट जग्गामा लगाइने बाली र मुंग, खेसरी जस्ता बालीको लागि प्रायः मलको प्रयोग गर्ने गरेको पाइन्न।

जिल्लाको अनुमानित कुल जग्गा १,३८,५७५ हेक्टर मध्ये भूमि प्रशासन कार्यालयको लगत अनुसार सबै किसिमको जग्गा गरी ६७.४३ प्रतिशत अथवा ९३,४४७ हेक्टर (१,३७,३६८ बिघा) आवादी जग्गा देखिन्छ। उक्त जग्गाको किसिम अनुसारको वर्गीकरण तल प्रस्तुत गरिएको छ।

जग्गाको किसिम	क्षेत्रफल (हेक्टरमा)
अब्बल	२०,८९२
दोयम	४३,११७
सीम	१५,५८९
चाहार	६६७
भीट अब्बल	१२,०५३
भीट दोयम	१,१२९
	९३,४४७

उपर्युक्त आवादी जग्गा बाहेक खेतीयोग्य नभई मिनाहा दिइएको जग्गा र पर्ती, गौचर, पोखरी आदि गरी जम्मा १५,७८२ हेक्टर (२३,२८३ बिघा) पनि भएको भूमि प्रशासन कार्यालयको विवरणबाट देखिन्छ। जम्मा जग्गा र आवादी जग्गाको तथ्याङ्क हेर्दा यस जिल्लामा खेतीलायक बाँकी जग्गा नगण्य देखिन्छ। आवादी जग्गा र परिवार संख्या हेर्दा यस जिल्लाको प्रतिपरिवार (प्रतिपरिवार ५.३७ व्यक्तिको हिसाबले) १.७७ हेक्टर जमीन मात्र पर्न आउँछ अर्थात् जिल्लाको खेतीयोग्य जमीनमा प्रतिहेक्टर ३.३ जना मानिस बसेका छन्। प्रतिव्यक्ति कति जमीन पर्छ भनी हेर्दा जिल्लाको आवादी जमीनमध्ये हाल प्रतिव्यक्ति .३ हेक्टर पर्न आउँछ। यसबाट यस जिल्लामा द्रुतगतिले औद्योगिकीकरण गरी खेतीमा रहेको यो दबावलाई कम गर्न जरूरी भइसकेको स्पष्ट हुन्छ।

नापीबाट देखिएको कुल आवादी जग्गा ९३,४४७ हेक्टर भए तापनि खाद्य, कृषि तथा सिचाइ मन्त्रालयबाट प्रकाशित कृषि तथ्याङ्क अनुसार २०२७।२८ मा दुवै बाली गरी जम्मा ७६,३८० हेक्टर जमीनमा मात्र खेती भएको देखिन्छ। साथै तथ्याङ्कहरूबाट २०२८।२९ र २०२९।३० मा करीब करीब सोही क्षेत्रफलमा बाली लागेको देखिन्छ। २०२९।३० मा यस जिल्लामा वर्षादको अपर्याप्तताको कारणबाट वर्षे बाली बिग्रेको भए पनि हिउँदे बाली अथवा गहुँ बाली लगाइएको क्षेत्रफलमा १०० प्रतिशतभन्दा बढी वृद्धि भएको देखिन्छ। यसै गरी समयमा वर्षा नभएको कारण जिल्लाको मुख्य नगदे बाली जूट लगाइएको क्षेत्रफल पनि २०२७।२८ मा ५,००० हेक्टरबाट घटेर २०२९।३० मा ४,०१५ हेक्टर मात्र पुगेको हो।

तल प्रस्तुत गरिएका तथ्याङ्कबाट मुख्य बाली खाद्यान्न नै रहेको र त्यसमा पनि सबभन्दा बढी जमीनमा धान नै लगाउने परम्परा रहेको स्पष्ट हुन्छ। तर आधुनिक कृषिको प्रसार कार्यमा तीव्रता आउन थालेकोले गहुँ बालीमा किसानहरू बढी आकर्षित हुँदै गएको देखिन्छ। यसै गरी जूट खेतीमा पनि आगामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षहरूमा बढी जगामा जूट खेती गरिने अनुमान गर्न सकिन्छ । प्रकाशित र अप्रकाशित कृषि तथ्याङ्कहरूको आधारमा तुलनात्मक अध्ययन गर्न सजिलो होस् भन्ने उद्देश्यले २०२५।२६, २०२७।२८ र २०२९।३० को बाली लागेको जमीनको क्षेत्रफल तल प्रस्तुत गरिएको छः–

खाद्यान्न बाली लागेकी जमीन (हेक्टरमा)

खाद्यान्न	२०२५।०२६	२०२७।०२८	२०२८।०२९
धान	६२,५००	६३,५००	५६,०००
मकै	३५०	५००	५००
गहुँ	३,५००	३,५००	८,१३९
कोदो	१,४००	१,५००	१,५००
जौ	१५०	१८०	१००
जम्मा:–	६७,९००	६९,१८०	६६,२३९

नगदे बाली लागेको जमीन (हेक्टरमा)

तेलहन	१,०९०	१,२००	१,२००
उखु	६०	८०	८५
जूट	३,५००	५,०००	४,०१५
सुर्ती	२४५	२७०	३००
जम्मा:–	४,८९५	६,५५०	५,६००

अन्य बाली लागेको जमीन (हेक्टरमा)

आलु	५७५	६५०	७५०
जम्मा:–	५७५	६५०	७५०
सबै बाली लागेको जमीन जम्मा	७३,३७०	७६,३८०	७६,५८९

कृषि उत्पादन

जिल्लाको कृषि पैदावारको परिमाण र उत्पादकत्वको हिसाबले यो जिल्ला र अरू पूर्वी तराई जिल्लामा खास अन्तर देखिँदैन । खाद्य, कृषि तथा सिचाइ मन्त्रालयबाट प्रकाशित तथ्याङ्कहरूको आधारमा तल प्रस्तुत गरिएको तालिकाबाट पनि यस जिल्लाको मुख्य कृषि पैदावार खाद्यान्न नै भएको स्पष्ट छ । प्रकाशित कृषि तथ्याङ्कअनुसार २०२७।२८ मा यो जिल्लामा ४,३६४ टन खाद्यान्न वचत भएको देखिन्छ । २०२५।२६ र २०२६।२७ मा यस जिल्लामा क्रमशः १,१७,१२५ टन र १,१८,३०७ टन खाद्यान्न उत्पादनभन्दा २३,६२३ टन कम अथवा ९४,६८४ टन मात्र उत्पादन हुनुको मुख्य कारण समयमा वर्षा नहुनु वा कम वर्षा हुनु नै हो । सुख्खा पनलि खाद्यान्नमा धान बालीलाई नै सबैभन्दा प्रतिकूल असर परेको छ । खाद्यान्न बालीमा पनि मुख्य बाली धानै भएको र पानीको घटी बढीले निक्कै असर पर्ने भएकोले २०२९।३० मा धानको उत्पादनमा २०२७।२८ भन्दा ३१,७०० टन कम भएको छ। तर २०२९।३० मा गहुँ खेती बढी से बढी जमीनमा गराउन चलाइएको अभियानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलस्वरूप सो वर्ष १०,१७४ टन अथवा २०२७।२८ मा भन्दा ८,१०९ अधिक गहुँ उत्पादन हुन सक्यो। गहुँ खेतीतर्फ किसानहरूले आगामी वर्षहरूमा अझ बढी चाख दिने आशा गर्न सकिन्छ। अरू खाद्यान्नको उत्पादनमा खास अन्तर परेको छैन।

यस जिल्लाको मुख्य नगदे बाली जूट नै हो। जिल्लाको आम्दानीमा तोरी, सस्यूँ, उखु, सुर्ती, आलु जस्ता नगदे बालीको खास महत्वपूर्ण स्थान छैन। २०२९।३० मा कम वर्षादको कारणबाट जूटको उत्पादन बितेका वर्षहरूभन्दा केही कम भएको देखिन्छ। तर जूट प्रतिहेक्टर उत्पादनमा वृद्धि गराउन गरिएको प्रसार कार्य, कृषि ऋणको सुविधा र किसानहरूले सीधै निकासीकर्तालाई आफ्नो जूट बेच्दा बितेका वर्षहरूभन्दा अत्यधिक फाइदा उठाउन सलेकोले जूटको उत्पादनमा आगामी वर्षहरूमा वृद्धि हुँदै जाने लक्षण देखिन्छ।

प्रकाशित र अप्रकाशित कृषि तथ्याङ्कहरूको आधारमा तुलनात्मक अध्ययन गर्दा सजिलो होस् भन्ने उद्देश्यले दुई दुई वर्षको अन्तर पारी २०२५।२६, २०२७।२८ र २०२९।३० को कृषि पैदावारको तालिका तल प्रस्तुत् गरिएको छः–

खाद्यान्न उत्पादन (मेट्रिक टनमा)

खाद्यान्न	२०२५।२६	२०२७।२८	२०२९।३०
धान	१,१२,५००	१,१४,३००	८२,६००
मकै	३५०	६२५	६५०
गहुँ	३,०४५	२,०६५	१०,१७४
कोदो	१,१०६	१,२००	१,२००
जौ	९४	११७	६०
जम्माः–	१,१७,०९५	१,१८,३०७	९४,६८४

नगदे बाली उत्पादन (मेट्रिक टनमा)

तेलहन	४३६	४०८	४३२
उखु	१,०२०	१,३९२	१,४७९
जूट	२,६२५	४,१००	३,९१५
सुर्ती	१८४	२०९	२३२
जम्माः–	४,२६५	६,१०९	६,०५८

अन्य बाली उत्पादन (मेट्रिक टनमा)

आलु	३,८५३	३,९००	५,१००
जम्माः–	३,८५३	३,९००	५,१००

घना बस्ती भएको जिल्ला भएकोले यहाँ पश्चिमी जिल्लाहरूमा झैं भारत तर्फबाट ठूलो संख्यामा मजदूर ल्याई खेतीपाती गर्नु पर्दैन। मध्यम तथा निम्न श्रेणीका किसानहरू खेतीपातीको काममा आपसमा मद्दत गर्ने गर्छन्। तर काम गरे बापत खाजा खुवाउने र ज्यालाको रूपमा अन्न वा पैसा दिने चलन छ। खेत खन्ने, जोत्ने काम लोग्ने मान्छे गर्छन्, धान रोप्ने जस्तो काम स्वास्नीमान्छेहरूलाई छोडिन्छ। तर लोग्नेमान्छे र स्वास्नी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छेलाई दिइने ज्यालामा केही अन्तर छ। बिहानको खाजा (स्थानीय भाषामा जलखाई वा पन्धियाई) खुवाएर लोग्नेमान्छेलाई साढे दुई सेरदेखि तीन सेर धान ज्यालाको रूपमा दिइन्छ। स्वास्नीमान्छेको ज्याला दर बिहानको खाजा खुवाएर दुईदेखि साढेदुई सेर धान दिइन्छ। दिउँसोको खाना पनि खुवाए साढे दुई सेर धान दिए पुग्छ। आजकाल नगदकै रूपमा ज्याला दिने चलन पनि छ। नगद ज्याला दिंदा बिहानको खाजासहित लोग्नेमान्छेलाई रू. पाँचदेखि छसम्म र स्वास्नीमान्छेलाई रू. चारदेखि पाँच सम्म दैनिक ज्याला दिइन्छ।

फलफूल खेती

उष्ण जलवायु भएको यो जिल्लामा आँप, लिची, कटहर, अम्बा, केरा जस्ता फलफूलहरू पाइन्छन्। कतिपय धनी किसानहरूले व्यापारिक दृष्टिकोणबाट पनि फलफूल खेती गरेको पाइन्छ। जिल्लामा उत्पादन हुने फलफूल अधिकांश रुपमा जिल्लैभित्र खपत हुने गरेको छ। आँप र आँपको खटाई केही मात्रामा भारततर्फ निकासी हुने गरेको छ।

कृषि तथ्याङ्क, २०२८ अनुसार यस जिल्लामा फलफूलको बोट विरूवाको संख्या निम्न बमोजिम देखिएको छः–

आँप	१,५२,०००	कटहर	८,०००
मेवा	५,०००	लिची	१०,०००
केरा	१,७६,०००	अम्बा	६,०००

पशुपालन र पशुचिकित्सा

जिल्लाको अर्थतन्त्र कृषिमा आधारित भएको हुँदा किसानहरूको घरमा केही न केही संख्यामा गाई, भैंसी पालिएको हुन्छ। खासगरी यादव जातिका किसानहरूको घरमा गाई, भैंसीको संख्या अधिक पाइन्छन् जब कि बाहुन, क्षेत्री, राजपुत आदि जातमा पशुपालन उत्तिको पाइन्न। डोम, चमार जातका किसानहरू सुंगुर पनि पाल्दछन्। तर व्यावसायिक दृष्टिले ठूलो पूँजी लगाई पशुपालन गरिएको पाइन्न। दूध, दही, घ्यू, मासुको लागि नै मूल रूपमा पशुपालन गरिन्छ। यसबाहेक किसानहरूले हलो र गाडामा उपयोग हुने बयलहरू पनि पाल्दछन्। जिल्ला भित्रको यातायातको मुख्य साधन गाडा नै भएकोले बयलहरू ठूलो संख्यामा पाइन्छन्।

कृषि तथ्याङ्क, २०२८ अनुसार यस जिल्लामा ४८,००० गाई, ४६,००० बयल र साँडे, ४६,००० भैंसी, १,००० राँगो र ३५,००० खसी बोका भएको अनुमान छ। व्यावसायिक दृष्टिबाट ठूलो संख्यामा गाई, भैंसी पाल्ने नगरिएको भए पनि यस जिल्लाबाट राँगो, भैंसी, बयल, खसी बाखा केही संख्यामा भारततर्फ निकासी गरिन्छ। त्यस्तै थोरै संख्यामा सुंगुर आयात हुने गरेको पनि भंसार कार्यालयको रेकर्डबाट देखिन्छ।

जिल्लाभित्रका पशुहरूको नश्ल सुधार गरी उन्नत जातका पशुहरूको संख्यामा वृद्धि गर्ने कृषि प्रसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यक्रम सानै रूपमा भए पनि चालू रहेको छ। यस कामको लागि राजविराजमा हरियाना जातको साँढे र मुर्रा जातको राँगो उपलब्ध छन्। यी नयाँ जातका साँढे र राँगोबाट स्थानीय गाई, भैंसीको नश्ल सुधार गराउने काम जनप्रिय हुँदै गइरहेको छ।

राजविराजमा एउटा पशु चिकित्सालय छ। यसले २०२९।३० मा सप्तरी र सिराहा जिल्लाका जम्मा १५,१२२ पशुहरूको चिकित्सा गरेको छ।

माछा पालन

जिल्लाभित्र सार्वजनिक, धार्मिक र व्यक्तिगत किसिमका प्रशस्त पोखरीहरू भएकाले स्थानीय जातका रहु, बुहारी आदि माछाहरू पालिन्छन्। मत्स्य पालनलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषि विभागले फत्तेपुरमा चन्द्र नहरको हेड वर्क नजीकै मत्स्य विकास तथा प्रजनन् केन्द्र स्थापना गर्न आवश्यक निर्माण कार्यहरू गर्दैछ।

सो मत्स्य विकास तथा प्रजनन् केन्द्र निर्माण योजना २०२८।२९ मा प्रारम्भ भएको हो र २०३१।३२ सम्ममा पूरा हुने लक्ष्य रहेको छ। योजना पूरा भएसम्म यस केन्द्रको लागि जम्मा रू. ४,७५,०००। खर्च लाग्ने अनुमान छ। पोखरीहरू र भवनहरूको निर्माण कार्य चालू रहँदै पनि २०३०।३१ देखि माछाका भुराहरूको उत्पादन र वितरण कार्य शुरू भई सकेको छ।

कृषि विकास

कृषि प्रसारः— विकसित कृषि तरीकाहरूको प्रसार गर्ने उद्देश्यले राजविराजमा जिल्ला कृषि विकास कार्यालय रहेको छ। यस कार्यालयको मातहतमा चार जे. टी. र १४ जे. टी. ए. हरू गाउँ गाउँमा कृषि प्रसार कार्य गर्दछन्। उक्त कार्यालयले नतीजा प्रदर्शन, तरीका प्रदर्शन, मेला प्रदर्शन, कृषक दिवस, कृषक फील्ड भ्रमण, बाली प्रतियोगिता आदि तरीकाहरूको माध्यमद्वारा कृषि प्रसार गर्ने गरी आएको छ। यी तरीकाहरू मध्ये कृषकहरूकै खेतमा उनीहरूद्वारा नै उन्नत तरीकाबाट खेती गर्न सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिलाई त्यसको नतीजा समेत अवगत गराइने नतीजा प्रदर्शन सबैभन्दा प्रभावकारी ठहरिएको छ।

उन्नत बीउ, मल, कीटनाशक औषधि र औजार वितरणः— यस जिल्लामा कृषि विकास कार्यक्रम अन्तर्गत जिल्ला कृषि विकास कार्यालयको सिफारिशमा र कृषि विकास बैंकबाट प्रदान गरिएको ऋण उपयोग गरी कृषि खरीद बिक्री संस्थानले केही वर्ष यता किसानहरूलाई उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधि र विकसित कृषि औजारहरू उपलब्ध गराउँदै आएको छ यद्यपि यो कार्यक्रमले जिल्लाव्यापी रूप लिइसकेको छैन तापनि वर्ष वर्षै यी वस्तुहरूको वितरणको परिमाण बढ्दै गएकोबाट उत्तिकै जमीनमा किसानहरूले उत्पादन बढाउने प्रयास गरेको देखिन्छ। २०२७।२८ देखि २०२९।३० सम्म तीनवर्ष बिक्री भएका यी वस्तुहरूको तथ्याङ्क तल प्रस्तुत छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक वर्ष	रासायनिक मल (टनमा)	बीउ बीजन (टनमा)	कीटनाशक औषधि (मूल्यमा)	कृषि औजार (मूल्यमा)
०२७।२८	५३९	४५	४,३०४।	१,७५,४७७।
०२८।२९	८६९	१०९	५,६२०।	७,३०७।
०२९।३०	१०४२	१४९	३,८४९।	१७,२३१।

उपर्युक्त तालिकाबाट रासायिनक मल र उन्नत बीउको माग बढ्दै गएको देखिन्छ। कृषि औजार वितरणमा २०२७।२८ को दाँजोमा पहिलो वर्षमा माग घटेको देखिन्छ। उक्त कृषि औजारमा कृषि औजार कारखानाबाट तयार भएका औजारहरू बाहेक पम्प सेटहरू पनि समावेश छन्। मूल्यबाट हेर्दा यी सामानहरूको बिक्री ०२७।२८ मा ७,७०,५४०।, ०२८।२९ मा ९,४२,७५६। र ०२९।३० मा १५,६०,५७१। पुगेको छ। गहुँ र जूटमा विकसित कृषि तरीका अपनाउनमा जोड दिंदै आएको हुँदा आगामी वर्षहरूमा यी कृषि सामग्रीहरूको बिक्री वितरणमा ठूलो वृद्धि हुने अनुमान गर्न सकिन्छ।

कृषि ऋणः— कृषकहरूलाई खेतीपाती गर्न चाहिने ऋण विभिन्न स्रोतबाट प्राप्त भइरहेको छ। हालसम्म पनि ऋण उपलब्ध गराउने मुख्य स्रोत स्थानीय साहू महाजन नै मानिन्छ। यिनले २५।३० प्रतिशत सम्म ब्याज लिने गरेका छन्। अरू स्रोतहरू कृषि विकास बैंक, ग्राम समितिहरू र सहकारी संस्थाहरू हुन्। गाउँ गाउँमा किसानहरूको आवश्यकतानुसार ऋण उपलब्ध गराउन यी संस्थाहरू सक्षम भइसकेका छैनन्। २०३१ साल वैशाख मसान्तसम्ममा कृषि विकास बैंकले दिएको ऋण २६,४४,७१९। मात्र पुगेको छ जुन कुल कृषि ऋणको एउटा सानो भाग मात्र हुन सक्छ। सो रकम मध्ये २०३१ वैशाख मसान्तमा लगानीमा रहेको रकम १८,०३,२०६। मात्र छ। बैंकले ऋण दिंदा ६½ प्रतिशतदेखि ९ प्रतिशतसम्मको ब्याज लिने गरी दिन्छ।

सहकारी कार्यक्रमः— यो कार्यक्रम जिल्लामा २०२० सालमै शुरू भएको भए पनि अनेक समस्याहरू-को सामना गर्नु पर्दा यसले आशा गरिए जति सफलता हासिल गर्न सकेको छैन। २०२४ सालसम्ममा १४ वटा बहुमुखी सहकारी संस्थाहरू स्थापना भइसकेका थिए। तर २०२६।२७ मा यिनको स्थिति साह्रै नराम्रो रहेबाट सबै संस्थाहरूको लेखा परीक्षण गरी १० वटा विघटन गरी बाँकी चार र २०२८ मा संगठित गरिएको एक समेत जम्मा पाँच संस्थाहरूलाई मात्र कायम राखी किसानहरूलाई सेवा पुऱ्याउन सकिने स्थितिमा ल्याइयो। २०२९ सालमा गठित सहकारी संघ लि. समेत हाल जिल्लामा छ यस्ता संस्थाहरू छन्। तिनको पूँजी र २०२९।३० को कारोबार समेत देखिने तालिका तल प्रस्तुत छः—

जिल्लाका सहकारी संस्थाहरू सम्बन्धी तालिका

संस्थाको नाम	सदस्य संख्या	शेयर पूँजी	ऋण वितरण	कृषि उपकरणको बिक्री
जिल्ला सहकारी संघ	७	७००।	—	२,०९,४३६।
बहुमुखी सहकारी संघ जगतपुर	१९४	६,०९५।	९९,४८१।	१,६२,०६५।
सर्वोदय बहुमुखी सहकारी संघ, पोर्ताहा	१५	३,२३३।	३९,५२७।	६९,१३०।
त्रीजुगा बहुमुखी महकारी फत्तेपुर	१९९	७,५८८।	७७,८४३।	५४,८६२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श बहुमुखी सहकारी संघ, लौकही	८७	३,६६४।	६२,६१८।	२६,२३७

पाँचौं पञ्चवर्षीय योजना (२०३१।३२–२०३६।३७) अवधिमा यस जिल्लामा सिंचाइको विस्तार गरिने कार्यक्रम छ। सो अनुसार कोशी व्यारेजबाट निकालिने पश्चिम नहरले जिल्लाका दक्षिणी भागमा १०,००० हेक्टर, सो पश्चिमी नहरदेखि उत्तरी भागमा पम्पद्वारा ६,००० हेक्टरमा र चन्द्रनहरलाई नवीकरण तथा सुधार गरी थप ३,००० हेक्टरमा पानी उपलब्ध गराउन सकिने छ। यस प्रकार उक्त योजना पूरा भएपछि यस जिल्लामा नहर प्रणालीहरू र पम्पहरूद्वारा जम्मा ३०,००० हेक्टर (यसमा चन्द्रनहरको वर्तमान ८,००० हेक्टर पनि समावेश छ।) जमीनमा सिंचाइ हुन सक्ने छ। उक्त कार्यक्रमको कार्यान्वयनको लागि जम्मा ७,००,००,००० जति लाग्ने प्रारम्भिक अनुमान छ।

भूमि व्यवस्था

यो जिल्लामा २०२३ सालमा भूमिसुधार कार्यक्रम लागू भएको हो। यहाँ २०२४ सालमा कित्ता नापीको काम प्रारम्भ गरी २०२६ मा पूरा भएको हो। जिल्लाभरिमा हदबन्दीभन्दा बढी देखिएको जग्गा ४६ हेक्टर (६८ बिघा) र जफत गरिएका पाँच हेक्टर (सात बिघा) देखिन आएको छ। उक्त ५१ हेक्टर (७५ बिघा) जग्गा अदालती कारवाइको टुङ्गो लागिनसकेकोले वितरण हुन सकेको छैन। भूमि सुधार कार्यक्रम लागू भएपछि ऋण रकम निश्चित गरी ऋणीहरूले तिर्नु नपर्ने गरी रू. ४,६५,१३८। मिनाहा भएको र ४०१ बिघा (२७३ हेक्टर) जग्गा ऋणीहरूलाई फिर्ता गरिएको थियो। मोहीहरूको हक सुरक्षित राख्ने उद्देश्य अनुरूप जम्मा १८,४१४ मोहीहरूलाई जोताहाको अस्थायी निस्सा दिइएको र मोहियानी हक स्थायीरूपले कायम राख्न आवश्यक प्रमाणपत्र दिने काम भइराखेको छ। २०३० साल कात्तिक मसान्तसम्ममा ६,६५७ मोहीहरूलाई मोहियानीको स्थायी प्रमाणपत्र वितरण गर्ने काम भइसकेको छ।

यो जिल्लामा मोहीले जग्गाधनीलाई बुझाउनु पर्ने कूत निश्चित गर्ने काम भइसकेको छ। नापीले छुट्याएको जग्गाको किसिमअनुसार कूतको दर निम्न बमोजिम छः–

जग्गाको किसिम र तोकिएको कूतको तालिका

किसिम	धनहर खेत	भिट पाखो
अबल	१५ मन (५६० के.जी.)	आठ मन २० सेर (३१६ के.जी.)
दोयम	११ मन २० सेर (४२६ के.जी.)	छ मन २० सेर (२४३ के.जी.)
सीम	आठ मन २० सेर (३१७ के.जी.)	चार मन २० सेर (१६८ के.जी.)
चाहार	पाँच मन २० सेर (२०५ के.जी.)	

वि. सं. २०३० साल असार मसान्तसम्ममा यस जिल्लामा जिन्सीमा ७,३२६ टन (१,६६,३४६ मन) र नगदमा रू. ३,३८,२०६। अनिर्वाय बचत उठेको छ। यसरी उठेको बचतमध्ये अधिकांश रकम वडा समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा ग्राम समितिहरू मार्फत बचतकर्ताहरूलाई खाद्यान्न ऋण र खेतीलाई ज्याला दिने ऋणको रूपमा प्रदान गरिएको छ। बाँकी रकम नगदमा परिणत गरी कृषि विकास बैंकमा लगानी गरिएको छ।

नापीको विवरणको आधारमा मोठ लगत तयार गर्ने काम पूरा भइनसकेबाट अझै यथार्थ आँकडा उपलब्ध छैन तापनि भूमि प्रशासन कार्यालयको रेकर्डअनुसार यस जिल्लामा जम्मा ५६, १०० जग्गा धनीहरू देखिन्छन्।

उद्योग तथा व्यापार

जिल्लाको आर्थिक दृष्टिबाट सक्रिय जनसंख्यामध्ये उद्योग र वाणिज्यमा लागेका व्यक्तिहरूको संख्या हेरेमा जिल्लाको उद्योग धन्धाको स्थिति राम्ररी बुझ्न सकिन्छ। २०२८ को जनगणनाअनुसार यस जिल्लामा उद्योगमा (यस भित्र खानी, निर्माण, यातायात, सञ्चार र प्रत्यक्ष रूपमा उद्योगमा काम गर्ने व्यक्तिहरू समावेश छन्) लागेका जनसंख्या १,४७२ र व्यापारमा (यस भित्र व्यापार र वित्तीय तथा अरू वाणिज्य सम्बन्धी संस्थाहरूमा काम गर्ने व्यक्तिहरू समावेश छन्) लागेका जनसंख्या २,१३५ छन्। यस जिल्लाको आर्थिक दृष्टिबाट सक्रिय जनसंख्या १,०२,५४६ (१० वर्ष र त्यसदेखि माथिका सक्रिय जनसंख्या) छन्। उद्योग र व्यापारमा सक्रिय जनसंख्याको क्रमशः १.४ र दुई प्रतिशत मात्र भएको पाइन्छ। यसबाट जिल्लाको उद्योग र व्यापारको विकास प्रारम्भिक चरणमा रहेको स्पष्ट छ।

यहाँका उद्योगहरूमा एउटा सलाई कारखाना, केही ईंटा भट्टा, एउटा काठ चिरानी कारखाना, ठूला साना १२१ राइस मिलहरू र एउटा पाउरोटी बनाउने कारखाना नै हुन्। जिल्लाभित्र १० वर्ष र माथिमा आर्थिक दृष्टिले सक्रिय रहेका जनसंख्यालाई उद्योग धन्धामा आकर्षित गर्न कृषि उत्पादनमा आधारित उद्योगहरूको विस्तार गर्दैजानु आवश्यक भइसकेको छ। अन्यथा यातायात तथा सञ्चारमा भएको लगानी खेर जाने मात्र नभई जिल्लाको पछौटेपन यथावत् रहिरहने छ।

सप्तरीमा भएका उद्योगहरूको छोटकरी परिचय यस प्रकार छः–

अग्रवाल म्याच इण्डष्ट्रिज

यो सलाई कारखाना राजविराजमा छ। यसको वार्षिक क्षमता ६३,००० ग्रोस उत्पादन गर्ने रहेको छ। यसलाई चाहिने कच्चा पदार्थमा मुख्य काठ नै हो र यो जिल्लाभित्र वा उदयपुरबाट प्राप्त गरिन्छ। केमिकल र कागज आयात गरिन्छ। यसका उत्पादन सप्तरी र छिमेकका जिल्लाहरूमा बिक्री वितरण गरिन्छ। यस कारखानाले २०२९।०३० मा ६३,०९९ ग्रोस सलाई उत्पादन गरेको थियो।

काठ चिरानी कारखाना

सानो स्केलको यो कारखाना जिल्लाको उत्तर पूर्वी भागमा रहेको फत्तेपुरमा छ। यसले वर्षको १०,००० क्यूबिक फीट जति काठ चिरानी गर्छ। आर्थिक वर्ष ०२९।०३० मा यसको उत्पादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९,२२० क्यूबिक फीट थियो। यस कारखानाले आफूलाई चाहिने अधिकांश काठ उदयपुरबाट प्राप्त गन गरेको छ। यसको उत्पादन केही सप्तरी मैं खपत हुन्छ र केही निकासी गरिन्छ।

राइस मिलहरू

जिल्ला भरिमा ५० अश्व शक्तिभन्दा बढीका ११ र सोभन्दा मुनिका ११० राइस मिलहरू छन्। यी राइस मिलहरूमा केही तेल पेल्ने र गहुँ पिँध्ने पनि छन्। ठूला मिलहरूको गोलाहरूबाट धान खरीद गरी जम्मा गर्छन् र धान कुटी बजारमा चामल विक्री गर्छन्। यस हिसाबले यी मिलहरू चामलका व्यापारीक संस्था-हरू पनि हुन्। साना मिलहरू गाउँले जनताको उपयोगको लागि चामल, गहुँ, तेल पेल्ने काममा बढी लागेका हुन्छन्।

५० अश्वशक्तिभन्दा माथिका ११ राइस मिलहरूमध्ये २०२९।०३० मा चालू रहेका १० मिलहरूले जम्मा ८,४६३ मे. टन चामल र २,२४,८८७ लिटर तेल उत्पादन गरेका थिए।

संख्यामा धेरै भए पनि यी मिलहरू रोजगारीको दृष्टिकोणबाट धेरै महत्वपूर्ण मानिदंनन् किनभने यिनले धेरै संख्यामा श्रमिकहरू राख्नु पर्दैन।

इँटा भट्टा

हाल जिल्लाका १५ वटा इँटा भट्टाहरू छन्। यी इँटा भट्टाहरूमा प्रत्येकले वर्षमा सरदर पाँच लाख देखि १० लाख गोटासम्म इँट उत्पादन गर्छन्। २०२९।०३० मा कुल १,९८,००,००० इँट उत्पादन भएको थियो जसमध्ये १,४४,००,००० कोशी नहरको लागि र ५,४०,००० महेन्द्र राजमार्गको लागि उपभोग भएको थियो।

पाउरोटी बनाउने कारखाना

राजविराजमा रहेको यो बेकरी सानो रूपमा शुरू गरिएको छ।

बिँडी कारखानाहरू

२०२९।०३० मा जिल्लाभरी जम्मा छ बिँडी कारखाना थिए, जसले ७२,२६,३५० खिल्ली बिँडी उत्पादन गरेका थिए।

माथि उल्लिखित उद्योग धन्धामा लागेका जनसंख्यामध्ये १,०७० जना मात्र पूरा समय यी उद्योगहरूमा लागेका देखिन्छन्। कतिपय राइस मिलहरू वर्षभरी नचली केही महीना मात्र चल्ने र इँटा भट्टा पनि वर्षा याममा नचल्ने हुँदा केही महीना काम गर्ने मजदूरहरू बाँकी समय खेतीमा लाग्ने वा आर्थिक दृष्टिबाट निष्क्रिय रहने हुँदा यस्ता जनसंख्या उपर्युक्त तथ्याङ्कमा परेको छैन। वास्तवमा जिल्लाभित्रका उद्योगहरूमा लागेका जनसंख्या १,०७० भन्दा बढी नै छ। यिनमा उद्योगमा लागेका गैर-नेपाली नागरिकहरूको संख्या जोडिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैनन् । प्रकाशित जनगणनाअनुसार यस जिल्लामा विदेशी नागरिकहरूको संख्या १,७५१ छ। एउटा अनुमान अनुसार यिनीहरू मध्ये करीब ५० प्रतिशत उद्योग तथा व्यापारमा लागेका छन् ।

जिल्लाभित्र तुरुन्तै ठूला उद्योगहरूको स्थापना हुन नसके पनि मध्यम र साना उद्योगहरू खोल्न सकिने संभावना छ । यहाँ तत्कालै साबुन कारखाना, डेरी फार्म, माछा फार्म जस्ता कृषिमा आधारित उद्योगहरू खोल्न सकिन्छ । आलसको तेल प्रचुर मात्रामा पाउन सकिने हुँदा साबुनको कारखाना स्थापना गर्न सजिलो पर्ने देखिन्छ । मध्यम स्तरका उद्योगहरूमा कागज कारखाना, सल्भेन्ट एक्स्ट्राक्सन कारखाना र दाना उद्योगको स्थापना गर्न सकिन्छ । यसै गरी चामल कारखानाको बाइ प्रडक्ट-भूस, कनिका, आदि र तेल कारखानाको पीना आदिबाट पशुहरूलाई ख्वाउने दाना उत्पादन गर्न सकिन्छ । कोशी टप्पूमा उखु खेती राम्रै हुन सक्ने भएकोले सानो क्षमताको चीनी कारखाना स्थापना गर्न सकिने देखिन्छ ।

ठूलो स्तरमा विदेशमा वा अन्य जिल्लाहरूमा निकासी गर्ने किसिमले उत्पादन नगरिए तापनि ग्रामीण तथा घरेलु उद्योगहरू सानै स्तरमा भएका उत्पादनहरूबाट हाट बजारमा बेच विखन हुने गरेका छन् र किसान परिवारहरूमा यो थप आम्दानीको स्रोत बन्ने गरेको छ । यस्ता काममा केही जातिले पैसाकै रूपमा कामगर्ने गरेका पनि छन् । थिनमा माटोको भाँडा बनाउने, काठको काम गर्ने, भाँडा वर्तन बनाउने र मर्मत गर्ने आदिलाई लिन सकिन्छ । यी बाहेक आफ्नै आवश्यकता पूर्ति गर्न र बजारमा बेची थप आम्दानी गर्ने दृष्टिले किसान परिवारहरूले बाँसका नाङ्ला, छँटी, धूप आदि बनाउने, सिकी (एक किसिमको खुर) बाट ढक्की, भुजेला, पौती बनाउने, पराल र पटेरका गुन्द्री बनाउने, खाँडी कपडा बुन्ने आदि काम पनि गर्दछन् । यी ग्रामीण तथा घरेलु उद्योगमा कति व्यक्ति लागेका छन् अथवा कति रकमको उत्पादन हुन्छ भन्ने कुनै अनुमान गर्न सम्भव छैन । वास्तवमा यस्ता उद्योग कृषकहरूले थप आम्दानी वा आफ्नै आवश्यकता पूर्तिको लागि गरेका छन् ।

औद्योगिक गतिविधि बढिनसकेको जिल्ला हुँदा यहाँको व्यापार प्रमुख रूपमा खाद्यान्न मै केन्द्रित छ भन्नु उचित हुनेछ । जिल्लाभित्रको खाद्यान्नको खरीद विक्रीको भरपर्दो तथ्याङ्क प्राप्त छैन । यहाँका गोलाहरू र ठूला चामल कारखानाहरूले धान बाली भित्रयाइसकेपछि खरीद गरी कुटारी गर्ने र निकासी गर्ने गर्दछन् । अर्को व्यापार वस्तुमा जूट र अरू नगदे बालीलाई लिन सकिन्छ ।। यस बाहेक जिल्लाभित्र आवश्यक कपडा, मट्टीतेल, नून, चीनी, निर्माण सामग्री आदि पैठारी गरिन्छन् । निकासी पैठारीको मुख्य वस्तु हेर्ने हो भने भन्सारका आँकडा अनुसार यहाँबाट निकासी हुने मुख्य वस्तु चामल हो र पैठारी गरिने मुख्य वस्तु कपडा नै हो। जिल्ला भित्रको व्यापारिक गतिविधि स्पष्ट गर्न छोटकरी विवरण तल प्रस्तुत गरिएको छः–

खाद्यान्न व्यापार

खाद्य कृषि तथा सिचाइ मन्त्रालयबाट प्रकाशित कृषि तथ्याङ्कअनुसार यो जिल्लामा २०२७।२८ मा खाद्यान्न बचत ४,३६४ टन भएको थियो । ग्रामीण समाजमा वर्ष दिनलाई आफ्नो परिवारलाई, जनावरहरूको निम्ति र बीज बीजनको निम्ति चाहिने अन्न छुट्याइसकेपछि मात्र उब्जनी भएको अन्न बेच बिखन गरिन्छ। बाली भित्र्याउने याममा खाद्यान्न सस्तो रहन्छ र केही महीना पछि चामल कुटी अन्य जिल्लाहरूमा वा भारत तर्फ निकासी गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तरी जिल्लाबाट अन्य जिल्लाहरू र भारततर्फ निकासी हुने खाद्यान्नको यथार्थ आँकडा प्राप्त हुन सकेको छैन। गत वर्ष कृषि खरीद विक्री संस्थानले जिल्लाको खाद्यान्न भण्डारमध्ये ५० प्रतिशत लेभी उठाउँदा १,०८८ टन चामल मात्र उठाउन सकेकोले त्यति नै चामल निकासी भएको देखिन्छ। तर चामलको भण्डार रोक्का गर्नु अघि नै खाद्यान्न मोरङ जिल्लातिर वा भारतमा निकासी भएको हुनु पर्छ। खाद्यान्न खरीद, विक्री र सञ्चय गर्ने गोलाहरू जिल्लाभरीमा २५० भन्दा बढी छन् जसमध्ये राजविराजमा मात्र १५० छन्। यी गोलाहरू सस्तो समयमा खाद्यान्न र जूट खरीद गरी सञ्चय गर्ने र बजार भाउ बढेको समयमा निकासी–कर्ताहरूलाई विक्री गर्ने गर्दछन्। २०३१ साल वैशाखमा मिल र गोलाहरूबाट समेत लिइएको लगतअनुसार यस जिल्लामा साढे चार लाख मन चामल देखिएको छ।

सनपाट (जूट) र तेलहनको व्यापार

सप्तरीमा २०२९।०३० मा ३,६१५ टन सनपाट र ४३२ टन तेलहन (तोरी, सर्स्यूं) उत्पादन भएको थियो। तोरी विशेष गरी जिल्लाको उत्तरी भागको भिट जग्गामा हुने भएकोले व्यापारीहरूले त्यहींबाट खरीद गरी मिलहरूमा ल्याई पेल्दछन्। जिल्लाबाट साह्रै कम परिमाणमा तेल निकासी हुने गरेको छ। अधिकांश तेल जिल्लाभित्र नै खपत हुने गरेको छ। त्यसकारण तोरी र तेलको व्यापार जिल्लाभित्रको आन्तरिक व्यापारमा पर्दछ। तर तोरीको पिना भारत तर्फ निकासी गरिन्छ। सनपाटको हकमा यहाँका व्यापारीहरूले यस जिल्लाका र उदयपुर जिल्लाका किसानहरूलाई बाली तैयार भएपछि मनको कुन भाउमा विक्री गर्ने भन्ने दर कायम गरी अग्रिम पेश्की दिने र बाली तैयार भएपछि पहिले निश्चित गरेको दरमा बाँकी रकम चुक्तागरी जूट तौली लिने चलन छ। तर यहाँबाट सनपाट सीधै विदेश निकासी भने हुने गरेको छैन। यहाँको सनपाट विराटनगर लगिन्छ र निकासीकर्ताहरूलाई बेचिन्छ। जूट विकास बोर्डको गठन पछि र नेशनल ट्रेडिङ लि.ले सनपाट व्यापारमा प्रवेश गरे पछि सनपाट व्यापारको पुरानो चलनमा परिवर्तन आएको छ। अब किसानहरूले सनपाट खेती गर्न प्रारम्भिक कामको लागि अथवा बीउ,मल, ज्यामी ज्यालाको लागि चाहिने रकम कृषि विकास बैंकबाट सरल ब्याज दरमा ऋणकोरूपमा प्राप्त गर्न सक्दछन् र बाली तयार भएपछि नेशनल ट्रेडिङ लि. वा विराटनगरमा जूट मिलहरूको खरीद डिपोलाई निश्चित दरमा आफ्नो पैदावार विक्री गर्न सक्दछन्। यो नयाँ व्यवस्थाले किसानहरूलाई निकै फायदा पुगेको छ। पहिले व्यापारीहरूले बाली लगाउनु अघि नै बाली तयार भए पछि दिइने भुक्तानीको दर कायम गर्दा किसानहरूलाई हुनु पर्ने जति फायदा हुँदैनथ्यो। अब नेशनल ट्रेडिङ लि. र जूट मिलहरूको डिपोले दर भाउ कायम गर्दा राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारको दर भाउलाई ध्यानमा राख्ने हुँदा किसानहरूले बढी रकम पाउन सक्दछन्। गत वर्ष व्यापारीलाई सनपाट बेच्ने किसान र नेशनल ट्रेडिङ लि. लाई बेच्ने किसानमा पछिल्लोले डबल रकम पाउन सकेको थियो।

अन्य कृषि पैदावारको व्यापार

सप्तरीबाट निकासी हुने अन्य कृषि पैदावारमा दाल, बेसार, आँप र आँपको खटाई, राँगा, भैंसी, गोरु, खसी, बाखा आदि हुन्। यी वस्तुहरूको वार्षिक व्यापार कति रकमको हुन्छ भन्ने भर पर्दो आँकडा प्राप्त छैन तापनि यो ठूलो रकम होइन भन्ने अनुमान गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पठारी सामानको व्यापार

भन्सार कार्यालयको विवरणअनुसार महत्व क्रमानुसार यस जिल्लामा पैठारी हुने सामानहरू यी हुन्– कपडा, नून, पत्थर कोइला, मट्टीतेल, पेट्रोल, डिजेल, औषधि, औद्योगिक सामान, सिमेण्ट, बिडी बनाउने पात, जुत्ता, चप्पल, आलु, प्याज, मोटर पार्टहरू, सुपारी, मसला, भाँडा वर्तन, बाल्टिन, किला काँटा, महुवा, सुंगुर, छाला, साबुन, बिस्कुट, किराना माल र शृङ्गारका सामान। यी भारतबाट पैठारी गरिएका वस्तुहरू हुन् तर यिनको परिमाण र मुख्य सम्बन्धी तथ्याङ्क उपलब्ध छैन।

उपर्युक्त पैठारी बाहेक जिल्लाभित्र व्यापार गर्ने कृषि खरीद बिक्री संस्थान, नेशनल ट्रेडिङ लि. र साल्ट ट्रेडिङ कर्पोरेशन लि. को व्यापारिक गतिविधि पनि महत्वपूर्ण छ। कृषि खरीद बिक्री संस्थानले रासायनिक मल, कीटनाशक औषधि र कृषि औजार उपलब्ध गराइआएको छ। २०२९।०३० मा यो संस्थानले जम्मा १५,६०,५७१। को सामान बिक्री गर्‍यो। यो संस्थानले श्री ५ को सरकारको एजेण्टको रूपमा व्यापारीहरूबाट चामल लेभीको रूपमा वा सोधै खरीद गर्ने काम पनि गरी आएको छ। गत वर्ष यो संस्थानले जम्मा २,४३२ टन चामल खरीद गरेको र करीब २५ टन चामल जिल्लाभित्रै बेचेको देखिन्छ। यसै गरी नेशनल ट्रेडिङ लि. का यस जिल्लाका डिलरहरूले २०२९।३० मा रू. ४,३१,२९९। मूल्यको निर्माण सामग्री, लत्ता कपडा, कागज, शृङ्गारका सामान आदि उपभोग्य वस्तुहरू बिक्री गरे। साल्ट ट्रेडिङको राजविराज शाखाले २०२९।०३० मा जम्मा ४,०२९ बोरा चीनी, १३,०४२ बोरा नून, २५ बोरा पीठो र ४६० बोरा मैदा बिक्री गर्‍यो।

बैंकहरू

जिल्लाभित्रको व्यापारिक गतिविधिको वास्तविक चित्रण बैंकहरूको लगानीको स्थितिबाट स्पष्ट हुन्छ। यस जिल्लामा जम्मा पाँच बैंकिङ कार्यालयहरू छन्। यिनीहरूमध्ये नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकका शाखाहरूले ग्राहकहरूको चल्ती, बचत, मुद्दती, कलडिपोजिट र नन्अपरेटिभ खाताहरू राख्नाको साथै व्यापारिक उद्देश्यको लागि ऋण उपलब्ध गराउने काम गरी आएका छन्। कृषि विकास बैंकले सिधै र सहकारी संस्थाहरू मार्फत किसानहरूलाई उन्नत कृषि तरीका अपनाउन चाहिने सामग्री खरीद गर्न ऋण उपलब्ध गराइआएको छ। नेपाल राष्ट्र बैंकको राजविराजमा एउटा विदेशी मुद्रा सटही काउण्टर मात्र छ।

नेपाल बैंक लिमिटेड

यसको राजविराजमा एउटा शाखा छ। एउटा उपशाखा हालै कञ्चनपुरमा खुलेको छ। यसले ग्राहकहरूको खाता खोल्ने, ड्राफ्ट, टी. टी. आदिद्वारा ग्राहकहरूको रकम एक ठाउँबाट अर्को ठाउँमा सार्ने, विदेशी मुद्राको सटही गरिदिने र विभिन्न व्यापारिक सामान धितो लिई आयात निर्यातको व्यापार गर्न ऋण उपलब्ध गराउने काम गरिआएको छ। राजविराज शाखाले २०२९।०३० मा ऋण प्रदान गरेको रकम ४२,३९,४८०। पुगेको थियो। उक्त रकममा सुन चाँदीमा लगानी गरेको रू. २१,२५,५३०। कटाई बाँकी २१,१३,९५०। व्यापारिक सामान वा मुद्दती बचत खाताको मौज्दात धितोमा लिई व्यापारीहरूलाई ऋण प्रदान गरेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय वाणिज्य बैंक

यस बैंकका सप्तरी जिल्लामा दुई वटा शाखाहरू छन् । एउटा राजविराजमा र अर्को हनुमाननगरमा। वाणिज्य बैंकका शाखा कार्यालयहरू हुँदा यिनले पनि नेपाल बैंक लि. को शाखाले गरिआएकै काम गर्छन्। बैंकका यी दुई शाखाहरूले प्रदान गरिआएका विभिन्न किसिमका ऋण र खाता संख्या तल प्रस्तुत छः–

कारोवार	राजविराज शाखा (०३०।५।३१ को हिसाबबाट)	हनुमाननगर शाखा (०३०।३।३१ को हिसाबबाट)
व्यापारिक सामानको धितोमा गएको ऋण	११,७०,५८७।	४५,६३,४५५।
सुन चाँदीको धितोमा गएको ऋण	१९,२२,६१८।	७,९८,३५९। ×
अन्य लगानी	१६,०६,४७५।	६८,०१२।
जम्मा–	४६,९९,६८०।	५४,२९,८२७।
ग्राहकहरूको खाता संख्या	२,३६२	४८२

कृषि विकास बैंक

यो बैंकले २०३० भदौ मसान्तको हिसाबअनुसार बहुमुखी सहकारी संस्थाहरू मार्फत र सीधै आफैले किसानहरूलाई प्रदान गरेको ऋणको रकम जम्मा १४,७६,७९०। मात्र छ। यो बैंकले उन्नत कृषिको लागि रासायनिक मल, उन्नत बीउ, कीटनाशक औषधि र कृषि औजारहरू खरीद गर्न बाहेक किसानहरूलाई पशुपालन, कुखुरा पालन, मत्स्य पालन र साना साना कृषि उद्योगहरू स्थापना गर्न पनि ऋण प्रदान गर्ने गरेको छ। तर यो बैंकले आवश्यकताको साह्रै सानो भाग मात्र कृषि ऋण प्रदान गर्न सकेको देखिएको छ।

× यस जिल्लामा २०२९।३० मा सुख्खा परेको कारणबाट यी तीनै शाखाहरूमा गरी जम्मा रू. ४८,४६,५०७। सुन चाँदीमा मात्र लगानी भएको देखिन्छ। यो लगानी व्यापारिक उद्देश्यको लागि होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

महेन्द्र राजमार्ग र अरू सडकहरूको निर्माण भएकोले यो जिल्ला यातायातको दृष्टिकोणबाट धेरै सुगम भएको छ। सदरमुकामदेखि भारतीय सीमानासम्मको पक्की सडक केही वर्ष अघि नै थियो। पुरानो राजविराज-सिराहा कच्ची बाटोले जिल्लाको दक्षिणी भागमा पूर्व-पश्चिम जाने मूल सडकको काम गरेको छ। यसै गरी जिल्लालाई आकाशवाणी केन्द्रले दूर सञ्चारको सेवा उपलब्ध गराएको छ। जिल्लाको सबै भागलाई सेवा पुऱ्याउने गरी हुलाकहरू स्थापना भएका छन्। यी सुविधाहरू र जल विद्युत् प्राप्त हुने भएबाट र जनशक्तिको अभाव नभएको क्षेत्र हुँदा औद्योगिक विकासको दृष्टिकोणबाट यो जिल्लाको भविष्य उज्ज्वल देखिन्छ।

यातायात

जिल्लाभित्रका पक्की सडकहरू निम्नबमोजिम छन्:–

महेन्द्र राजमार्गको खुनियाघाट–वालान भाग

यो भाग जिल्लाको दक्षिण-पूर्वी सीमानामा लोकही गाउँ नजीकै प्रवेश गरेपछि केही किलोमिटर पश्चिम लाग्छ र त्यसपछि दक्षिण-पश्चिम हुँदै कोशी बाँध तरेर भारदाह पुगेपछि कञ्चनपुरसम्म सोझै उत्तर लाग्छ। त्यसपछि वालान नदीसम्म सीधै पश्चिम गएको छ। कोशी व्यारेज-भारदाह कञ्चनपुरको १९ किलोमिटर बाटो महेन्द्र राजमार्ग बन्नु अघि नै बनेका हुन्। महेन्द्र राजमार्गको यो भागको कुल लम्बाइ निम्नबमोजिम किलोमिटर छ।

खुनियाधार-कोशी बाँध	१४ किलोमिटर (८.८ माइल)
कोशी बाँध-भारदाह	६ किलोमिटर (३.८ माइल)
भारदाह-कञ्चनपुर	१३ किलोमिटर (८.१ माइल)
कञ्चनपुर-वालान	२५ किलोमिटर (१५.६ माइल)
	५८ किलोमिटर (३६.३ माइल)

महेन्द्र राजमार्गसँग सिधै सदरमुकाम जोड्ने भारदाह-हनुमाननगर-राजविराज सडक २० किलोमिटर लामो छ। महेन्द्र राजमार्ग र यससँग सदरमुकाम जोड्ने सडकले गर्दा यो जिल्लाको पूर्वी जिल्लाहरू, खास गरी मोरङ जिल्ला र पश्चिमको धनुषा, पर्सा र राजधानीसम्म सम्पर्क हुन सकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोशी सडकहरू

कोशी नहर योजनाकै सिलसिलामा यस जिल्लामा केही पक्की सडकहरू बनेका छन्। यी तल लेखिएबमोजिम-का छन्:–

कुनौली-हनुमाननगर	१० किलोमिटर (६.३ माइल)
राजविराज-हनुमाननगर	१३ किलोमिटर (८.१ माइल)
हनुमाननगर-फत्तेपुर	२८ किलोमिटर (१७.५ माइल)
	५१ किलोमिटर (३१.९ माइल)

उपर्युक्त ५१ किलोमिटर सडकमध्ये हनुमाननगर-फत्तेपुर सडकको भारदाह-कञ्चनपुर भागको १३ किलोमिटर (८.१ माइल) महेन्द्र राजमार्गमा पर्न गएको छ। यी सडकहरूले जिल्लाको दक्षिणी सीमानासम्म र उत्तर-पूर्व सीमानासम्म चन्द्रनहरको बाँध रहेको स्थानसम्म सुगमतासाथ यात्रा गर्न मिल्ने भएको छ। फत्ते-पुरबाटै उदयपुरको सदरमुकाम गाईघाटसम्म हिउँदमा चल्ने कच्ची बाटो पनि भएकोले यो सडकको उपयोगिता बढेको छ।

राजविराज–कुनौली सडक

सदरमुकामबाट दक्षिणी सीमानामा रहेको कुनौलीसम्म जाने ११.५ किलोमिटर (८.५ माइल) लामो यो सडक केही वर्ष अगाडि श्री ५ को सरकारले बनाएको हो। सदरमुकाम र भारतको रेल हेड जोड्ने यो एक मात्र सडक हो। यही सडकद्वारा यहाँको विमानस्थल आउने जाने गर्नुपर्छ।

जिल्लाभित्र कच्ची सडकहरू पनि छन्। एक गाउँबाट अर्को गाउँ जाने वा मूल सडकहरू जोड्ने कच्ची सडकहरू प्रशस्तछन्। यहाँका मुख्य मुख्य कच्ची सडक यिनै हुन्:–

राजविराज–भगवानपुर भाग–राजविराज–सिराहा सडक

राजविराजबाट सिराहासम्मको ५४ किलोमिटर (३३.८ माइल) लामो सडकको सप्तरी जिल्लामा पर्ने भाग ३६ किलोमिटर (२२.५ माइल) लामो छ। यो सडक महेन्द्र राजमार्गको समानान्तर भएर दक्षिणी भागबाट पश्चिमतिर गएको छ। यो सडक कच्ची भए पनि वर्षात्मा बाहेक अरू याममा निकै चल्ती रहन्छ।

राजविराज–कञ्चनपुर सडक

राजविराजबाट सीधा उत्तर-पूर्व कुनामा महेन्द्र राजमार्ग जोड्ने यो सडक २० किलोमिटर लामो छ।

राजविराज–तैरहोता सडक

राजविराजबाट सीधा उत्तर गएको यो सडक महेन्द्र राजमार्गको नजीकै छ र १३ किलोमिटर (८.१ माइल) जति मात्र लामो छ। यो सडक पक्की बनाइएमा सदरमुकामबाट महेन्द्र राजमार्ग जोड्ने यो सबभन्दा छोटो सडक हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पक्की सडकहरू बनेकाले यस जिल्लामा सवारीहरूको संख्या बढ्दै गइरहेको छ। सबै किसिमका सवारीका साधनहरू गरी यस जिल्लामा दर्ता भएका सवारी संख्या २२० छन्। यिनमा सबभन्दा बढी जीप १६५ छन् र त्यसपछि सवारीको साधनको रूपमा प्रयोगमा ल्याइएका ट्र्याक्टरहरूको संख्या ४५ छ। गाउँ-गाउँमा मुख्य ढुवानीको साधन अझ पनि बयल गाडा नै हो। जिल्लाभरि बयल गाडा ५,००० जति भएको अनुमान छ।

राजविराजबाट करीब करीब पाँच किलोमिटर (३.२ माइल) दक्षिणमा एउटा कच्ची हवाइ मैदान छ। यसको लम्बाइ ६,००० फीट र चौडाइ ३०० फीट छ। यो हवाइ मैदान भएकोले हिउँदमा राजधानीबाट सप्तरी आउन जान निकै सजिलो भएको छ। हवाइ मैदानमा हाले मात्र (२०३०।३१) सञ्चारका उपकरणहरूको जडान गरिएको छ।

सञ्चार

जिल्लाका सञ्चारका साधनहरूमा आकाशवाणी केन्द्र र हुलाकहरू नै हुन्।

आकाशवाणी केन्द्र

राजविराजमा सार्वजनिक प्रयोगको लागि एउटा जिल्लास्तरीय आकाशवाणी केन्द्र छ। यो केन्द्रबाट अञ्चलका अन्य जिल्लाहरू, सोलुखुम्बु, खोटाङ, भोजपुर, ओखलढुङ्गा, उदयपुर र सिराहासँग र राजधानीसँग सीधा सम्पर्क राख्न सकिन्छ। यो आकाशवाणी केन्द्रबाट वर्षमा करीब ६,००० जति खबर आउँछ र ४,००० जति खबर जान्छ। वर्षमा करीब तीन सय जति कुरा हुन्छ।

हुलाक

जिल्लामा सबै किसिमका हुलाकहरूको संख्या १२ छ जसको नामावली र ती रहेका स्थान तल दिइएको छः—

राजविराज विनिमय हुलाक कार्यालय, कञ्चनपुर छोटी हुलाक कार्यालय, हनुमान नगर शाखा हुलाक कार्यालय, तिलाडी अतिरिक्त हुलाक कार्यालय, बमनगामाकट्टी अतिरिक्त हुलाक कार्यालय, पत्थरगाडा अतिरिक्त हुलाक कार्यालय, बसाइन अतिरिक्त हुलाक कार्यालय, पोर्ताहा अतिरिक्त हुलाक कार्यालय, भण्टाबारी अतिरिक्त हुलाक कार्यालय, सकरपुरा अतिरिक्त हुलाक कार्यालय, वनैनिया अतिरिक्त हुलाक कार्यालय, कल्याणपुर अतिरिक्त हुलाक कार्यालय र फत्तेपुर अतिरिक्त हुलाक कार्यालय।

आर्थिक वर्ष २०२९।३० मा यी हुलाकहरूबाट आदान-प्रदान भएका सबै किसिमका हुलाक वस्तुहरूको संख्या ३,०७,८४० पुगेको थियो। यिनमा राजविराज र हनुमाननगरमा विशेष बढी पत्रहरूको आदान-प्रदान भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिजुली

राजविराजको लागि विद्युत् शक्तिको आवश्यकताको सम्बन्धमा २०२३ मा भएको सर्वेक्षणअनुसार यो शहरको लागि १०० किलोवाट बिजुली खपत हुने अनुमान गरिएको थियो। त्यसै वर्षदेखि कोशी जल विद्युत् केन्द्रको निर्माण पूरा भई विद्युत् शक्ति वितरण नभएसम्मको लागि भारतको वीरपुर डिजेल प्लाण्टबाट राजविराजसम्म प्रसारण लाइन तानी बिजुली पुन्याउने काम भएको थियो। २०२४ सालमा राजविराजमा रू. ६,७२,०००। को लागतमा ३३।११ के. भी. को "सब-ष्टेशन" निर्माण गर्ने निर्णय भई २०२६ मा सो सब-स्टेशनको निर्माण पूरा गरियो र २०३० भदौदेखि चालू भयो। यस बीच कटैयास्थित कोशी विद्युत् वितरण व्यवस्थाबाट विद्युत् शक्तिको वितरण भइसकेको हुँदा हाल राजविराज, हनुमाननगर र भारदाहमा त्यहींबाट विद्युत् शक्ति प्राप्त भइरहेको छ।

हाल राजविराजमा १५० किलोवाट, हनुमाननगरमा ८० किलोवाट, भारदाहमा ८० किलोवाट विद्युत् शक्ति मात्र खपत भइरहेको छ। राजविराजमा १०,००० किलोवाट क्षमताको सब-ष्टेशन बनिसकेको छ। यसै गरी कटैया (भारततर्फ) देखि राजविराज सब-ष्टेशनसम्म तानिएको ३० किलोमिटर लामो ३३ के. भी. प्रसारण लाइन, राजविराज सब-ष्टेशनदेखि राजविराज शहरी क्षेत्रमा तानिएको तीन किलोमिटर लामो ११ के. भी. लाइन र आठ किलोमिटर लामो तानिएको ४०० भोल्ट डिष्ट्रिब्युशन लाइनको काम पूरा भइसकेका छन्।

आर्थिक वर्ष २०२९।३० को अन्त्यसम्म राजविराज शहरको अधिकतम पावर खपत १५० किलोवाट–सम्म पुगेको छ। यसमा करीब १२० किलोवाट विद्युत् शक्ति घरायसी प्रयोगमा र ३० किलोवाट विद्युत् शक्ति राजविराजको खानेपानी कार्यालय (जमीनमुनिको पानी उकाली टयाङ्की भर्नको लागि) र केही चामल कारखानाहरूले खपत गरिआएका छन्। राजविराजको ग्राहक संख्या ४०० जति पुगेको छ।

यस जिल्लामा बिजुलीको महसूल ग्राहस्थ्य खपतको प्रति युनिट ।५५ पैसा र औद्योगिक खपतको प्रति युनिट ।५० पैसा छ। २०२९।३० मा जम्मा बिजुली महसूल १,११,६०२। प्राप्त गरेको र भारतको कोशी योजनालाई विद्युत् शक्ति खरीद गरे बापत रू. ६८,६७७। भुक्तानी भएको थियो।

यातायात तथा सञ्चारको विस्तार हुनाले बिस्तारै यो जिल्लामा औद्योगीकीकरण हुँदै जाने सम्भावना देखिन्छ। भारतसँगको सम्झौताअनुसार ७,५०० किलोवाट विद्युत् शक्ति कटैया पावर ष्टेशनबाट प्राप्त भएमा अवश्य पनि यसतर्फ प्रगति हुन सक्नेछ। साथै पाँचौं पञ्च वर्षीय योजना अन्तर्गत यस जिल्लामा जमीनमुनिको पानी विद्युत् शक्तिद्वारा सञ्चालित पम्पहरूबाट उचाली सिंचाइ गर्ने योजनाको सफलता पनि विद्युत् शक्तिको उपलब्धिमा भर पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

सप्तरी जिल्लामा छ वर्षभन्दा माथि अर्थात पढ्न लेख्न सक्ने उमेर भएका मानिसको कुल संख्या २,५४,६६६ छ। यसमध्ये २,१६,१५६ साक्षर छन्। यसबाट जिल्लाको साक्षरता १५.१ प्रतिशत भएको देखिन्छ। यो साक्षरता दर नेपाल अधिराज्यको औसत १३.६ र सगरमाथा अञ्चलको १२.५ प्रतिशतभन्दा केही बढी देखिएबाट सप्तरी जिल्ला शिक्षाको क्षेत्रमा अलि अगाडि नै रहेको हुन्छ। यो साक्षरता दर अञ्चलका अरू जिल्ला–हरूकोभन्दा पनि निक्कै बढी देखिन्छ र उदयपुरको १०.४ प्रतिशत, भोजपुरको ११.७ प्रतिशत र ओखलढुङ्गाको ११.० प्रतिशतभन्दा झण्डै नै बढी छ।

तर पनि जिल्लाको महिला जनसंख्यामा भने साक्षरताको अनुपात सारै कम देखिन्छ। जबकि पुरुष जनसंख्याको ३.६ प्रतिशत मात्र छ। यी तथ्यहरू तल दिइएको साक्षरताको तालिकाबाट पनि प्रष्ट हुन्छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुलसंख्या		
	जम्मा	संख्या	प्रतिशत	जम्मा	संख्या	प्रतिशत	जम्मा	संख्या	प्रतिशत
६ – ९	१९,५५४	४,४०६	२२.५	१८,१४२	९१३	५.०	३७,६९६	५,३१२	१४.१
१० – १४	१७,८२५	७,१३३	४०.०	१४,३७४	१,१४६	८.०	३२,१९९	८,२७९	२५.७
१५ – १९	११,९३३	४,५४८	३८.१	१०,०९८	६८९	६.८	२२,०३१	५,२३७	२३.८
२० – २४	१२,३३९	४,२७१	३४.६	१४,९१९	५९८	४.०	२७,२५८	४,८६९	१७.९
२५ – २९	१४,६०३	४,११९	२८.२	१२,८९०	४२८	३.३	२७,४९३	४,५४७	१६.५
३० – ३४	१०,७१६	२,४४५	२२.८	१२,२७१	२१२	१.७	२२,९८७	२,६५७	११.६
३५ – ३९	१२,००७	२,२२६	१८.५	९,४२२	१४०	१.५	२१,४२९	२,३६६	११.०
४० – ४४	७,६३४	१,२४१	१६.३	८,६३१	९५	१.१	१६,२६५	१,३३६	८.२
४५ – ५४	१३,२२९	२,०८४	१५.८	११,०४६	१११	१.०	२४,२७५	२,१९५	९.०
५५ – ६४	६,८४७	१,०९६	१६.०	७,३३०	५१	०.७	१४,१७७	१,१४७	८.१
६५ र माथि	३,९४९	५२८	१३.४	४,९१०	३०	०.६	८,८५९	५५८	६.३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तरी जिल्लामा २०२९ साल पुस १ गतेदेखि राष्ट्रिय शिक्षा पद्धति लागू भएको छ। जिल्लामा यस पद्धति अनुरूप शिक्षण संस्थाहरूको सञ्चालन गराउन जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा अधिकारीको कार्यालय र जिल्ला शिक्षा सेवा आयोगको स्थापना भएका छन्। जिल्लाभरिका २०० भन्दा बढी शिक्षण संस्थाहरूको लागि २०२९।३० मा श्री ५ को सरकारले रू. ८,१४,६१२। र विद्यालयहरूकै आम्दानीबाट रू.१,७४,८३२। खर्च व्यहोरिएको थियो। कतिपय विद्यालयहरूको आफ्नै सम्पत्ति भएकोले यहाँ विद्यालयहरूको सञ्चालनमा सरकारी अनुदान घट्दै जाने देखिन्छ। यस जिल्लामा त्रिभुवन विश्वविद्यालयको महेन्द्र विन्देश्वरी क्याम्पस एक, माध्यमिक विद्यालयहरू १०, निम्न माध्यमिक विद्यालयहरू ४६ र प्राथमिक विद्यालयहरू १५६ छन्।

विद्यालयहरूमा पढ्ने छात्र छात्राहरूको २०३० को तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छः—

विद्यालयको स्तर	छात्र	छात्रा	जम्मा
त्रि. वि. वि. महेन्द्र विन्देश्वरी क्याम्पस	१६५	३५	२००
माध्यमिक विद्यालयहरू (१०)	१,७२४	१२४	१,८४८
निम्न माध्यमिक विद्यालयहरू (४३)	३,३८८	३४५	३,७३३
प्राथमिक विद्यालयहरू (१५६)	५,१३०	७७८	५,९०८
जम्मा	१०,४०७	१,२८२	११,६८९

वि. सं. २०२८ मा लिइएको जनगणनाअनुसार यस जिल्लामा छ वर्षदेखि १५ वर्षसम्मका उमेरका केटाकेटीहरूको संख्या ७५,५०२ छ। यिनलाई नै स्कूल जाने केटाकेटीको समूहमा लिनु पर्ने हुँदा यस समूहको कुल जनसंख्याको १५ प्रतिशत अथवा ११,४८६ मात्र विद्यालयहरूमा जाने गरेका छन् भन्ने देखिन आएको छ। यसैगरी प्राथमिक कक्षामा पढ्ने विद्यार्थीहरूको उमेर छ वर्षदेखि नौ वर्षसम्मको मान्दा यस उमेर समूहका जनसंख्या ३७,६९६ मध्ये जम्मा ५,९०८ अथवा १६ प्रतिशतमात्र विद्यालयहरूमा पढ्ने गरेका छन्। विद्यालयहरूमा पढ्ने छात्राहरू १,२८२ अथवा कुल विद्यार्थीको १२.५ प्रतिशतमात्र देखिन्छ। छ देखि १५ वर्षको उमेर समूहका केटीहरूको संख्या ३४,८८० छ। यिनीहरूमध्ये विद्यालयहरूमा ३.७ प्रतिशतमात्र जान्छन्। नारी शिक्षामा यो जिल्ला निकै पिछडिएको कुरा यो तथ्याङ्कले प्रमाणित गर्छ। जिल्लाभित्र चलाइएको प्रौढ कक्षाहरूमा कुनै प्रौढ महिला भर्ना भएका छैनन्।

यस जिल्लाबाट केही विद्यार्थीहरू भारत तर्फका विद्यालयहरूमा पनि पढ्न जान्छन्। जिल्ला शिक्षा अधिकारीको कार्यालयबाट प्राप्त आंकडाअनुसार २०३० सालमा विद्यालयहरूमा जाने विद्यार्थीहरूको संख्या ११,४८९ मात्र देखिन्छ, जबकि २०२८ सालको जनगणनाअनुसार छ देखि १४ वर्षसम्मका साक्षर केटा-केटीको संख्या १३,५९८ देखिन्छ। केही केटाकेटीले अक्षर लेख्न पढ्न जानेपछि विद्यालय जान छोडेको र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कमसेकम २,००० केटाकेटी भारततर्फको विद्यालयहरूमा पढ्न जाने गरेकोबाट यो फरक देखिएको हो ।

विद्यालयहरूको संख्या बढाउनुभन्दा भइरहेकै विद्यालयहरूलाई पूरा क्षमतामा चलाउनु पर्ने कुरा प्रस्तुत तथ्याङ्कबाट स्पष्ट हुन्छ । यहाँका १० माध्यमिक विद्यालयहरूमा १०० भन्दा कम विद्यार्थी भएका दुई, १०० देखि २०० विद्यार्थी भएका पाँच र २०० भन्दा बढी ५०० सम्म विद्यार्थी भएका तीन विद्यालयहरू छन् । यसै गरी ४३ माध्यमिक विद्यालयहरूमा १०० भन्दा कम विद्यार्थी भएको ३३; १०० देखि २०० विद्यार्थी भएका सात र २०० देखि ४००सम्म विद्यार्थी भएका तीन विद्यालयहरू छन् । १५६ प्राथमिक विद्यालयहरूमध्ये ५० भन्दा कम विद्यार्थी भएका १३३; ५१ देखि १०० सम्म विद्यार्थी भएका २१ र १०० देखि १५० सम्म विद्यार्थी भएका दुई विद्यालयहरू छन् ।

यहाँ जम्मा १४२ प्रौढ कक्षाहरू सञ्चालन भएका छन् जसमा २,२४१ प्रौढ पुरुषहरू भर्ना भएका छन् । प्रौढ शिक्षा अभियानलाई तीव्र बनाउन आवश्यक देखिन्छ किनभने प्रत्येक कक्षामा सालाखाला १६ जना प्रौढ मात्र पढिरहेका छन् ।

जिल्लाभरिका विद्यालयहरूमा पढाउने शिक्षकहरूको संख्या ६१९ छ । यिनीहरूमध्ये २७ गैर नेपाली नागरिक र २८ नेपालकै अन्य जिल्लाका छन् । जम्माजम्मी शिक्षकहरूमा ४७ प्रतिशत तालीम पाएका र ५३ प्रतिशत तालीम नपाएका छन् । विद्यालयअनुसार शिक्षकहरूको संख्या निम्न बमोजिम छः–

विद्यालयको स्तर	तालीम प्राप्त		तालीम प्राप्त नगरेको		जम्मा
	शिक्षक	शिक्षिका	शिक्षक	शिक्षिका	
माध्यमिक विद्यालय	३७	१	५०	२	९०
निम्न माध्यमिक विद्यालय	८८		१०३	५	१९६
प्राथमिक विद्यालय	१६९		१६४		३३३
जम्माः–	२९४	१	३१७	७	६१९

उपर्युक्त तालिकाबाट शिक्षिकाहरूको संख्या साह्रै कम भएको स्पष्ट हुन्छ आठजना शिक्षिकाहरू-मध्ये सबैजसो राजविराजकै विद्यालयहरूमा पढाउँछन् ।

यहाँका २०९ विद्यालयहरूको जम्मा १७१ भवनहरू छन् । यी विद्यालय भवनहरूमध्ये ३२ वटा मात्र पक्की छन् बाँकी कच्ची हालतमा छन् ।

आर्थिक वर्ष २०२९।३० मा यी शिक्षण संथाहरू (महेन्द्र विन्देश्वरी क्याम्पस बाहेक) को सञ्चालनमा रू. ६,८६,५४४। खर्च लागेको छ। उक्त रकमको ८० प्रतिशत श्री ५ को सरकारले ब्यहोरेको छ। तर यो स्थिति आगामी वर्षहरूमा रहने छैन । यहाँका शिक्षण संस्थाहरूलाई चन्दादाताहरूले दिएका करीब १,००० बिघा जमीन शिक्षा समिति वा सम्बन्धित शिक्षण संस्थाहरूकै नाममा नामसारी गराई उक्त जगाको आयस्ता प्राप्त गर्ने काम हुँदै रहेको छ ।

स्वास्थ्य

राजविराजमा २७ शय्या भएको (१५ पुरुषको लागि, १० महिलाको लागि र दुई प्राइभेट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा अस्पताल छ। यो अस्पताल २०२९।३० देखि अञ्चल अस्पतालमा परिणत गरिएको छ। यो अस्पताललाई ५० शय्याको बनाउन भवन निर्माण कार्य र फर्निचर प्राप्त गर्ने काम पूरा भइसकेको छ। हाल यस अस्पतालमा पाँचजना डाक्टरहरू छन्। ५० शय्याको भएपछि डाक्टरहरूको संख्या बढाई नौ पुऱ्याइने छ। अस्पतालमा हाल रहेका पाँच डाक्टरहरूमध्ये एकजना बाल विशेषज्ञ, एकजना घाँटी, आँखा, कान र नाकका विशेषज्ञ र एक सर्जन छन्। २०२९ सालमा यस अस्पतालमा जाँचिएका रोगीहरूको संख्या२०,१४३ र भर्ना भएका रोगीहरूको संख्या ९१६ पुगेको थियो।

जिल्लाभरिमा जम्मा ११ स्वास्थ्य चौकी र दुई आयुर्वेदीय औषधालयहरू छन्। ती हुन्:– (१) वोदे स्वास्थ्य चौकी, (२) कडरवोना स्वास्थ्य चौकी (३) कल्याणपुर स्वास्थ्य चौकी (४) ब्रह्मपुर स्वास्थ्य चौकी (५) पत्थरगावा स्वास्थ्य चौकी (६) सखडा स्वास्थ्य चौकी (७) वथनाहा स्वास्थ्य चौकी (८) कञ्चनपुर स्वास्थ्य चौकी (९) हनुमाननगर स्वास्थ्य चौकी (१०) मधुवन स्वास्थ्य चौकी र (११) सीतापुर स्वास्थ्य चौकी। मधुवनमा र लालपट्टिमा एक एक आयुर्वेदीय औषधालयहरू पनि छन्। २०२९।३० को आँकडाअनुसार यी १३ स्वास्थ्य संस्थाहरूले वर्षभरिमा जम्मा ५६,२२० रोगीहरूको उपचार गरेको छ।

गर्मी जिल्ला भएको र सर सफाइ गर्ने कुरामा ग्रामीण जनता जागृत भइनसकेका हुँदा यो जिल्लामा फोहर मैलाको कारणबाट हुने रोगहरूको आधिक्य छ। हैजा, आउँ, लुतो, कुष्टरोग जस्ता रोगहरू यहाँका प्रमुख रोगहरू हुन्।

अस्पताल, हेल्थपोष्ट, आयुर्वेदीय औषधालयहरू सबै जनतामा पुग्न नसकेको र गाउँलेहरू अझै अन्धविश्वासमा लाग्ने हुँदा पहाडतिरका झाँक्री झैं गाउँ गाउँमा "ओझा" "गुणी" जस्ता स्थानीय नामले जानिने फुकफाक, मन्त्रादि गर्नेहरूबाट गाउँलेहरू अझै औषधि गराउँछन्।

जिल्लाभित्र निम्नलिखित स्वास्थ्य सेवाहरू पनि उपलब्ध गराइएका छन्:–

परिवार नियोजन तथा मातृ शिशु कल्याण: प्रारम्भिक स्तरमै रहे पनि यो सेवाको विस्तार गर्दै जान नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र सक्रिय रहेको छ। २०२९ सालमा परिवार नियोजन तर्फ ३,३३७ जनालाई सेवा पुऱ्याइएको छ जसमध्ये नसच्छेदन गर्नेहरूको संख्या ६० छ। यसै गरी यो केन्द्रले उक्त अवधिमा ८४२ बालकहरू र २५ जना गर्भवती आमालाई मातृ शिशु सेवा उपलब्ध गरायो। परिवार नियोजनभन्दा मातृ शिशु सेवा जनप्रिय हुँदै गएको देखिन्छ। २०३० साल वैशाखदेखि कात्तिकसम्मको सात महीनामा २,०२२ बालकहरू र ३५ जना गर्भवती आमाहरूले मातृ शिशु सेवा प्राप्त गरे।

बिफर उन्मूलन: बिफर जस्तो संक्रामक रोग उन्मूलन गर्न चलाइएको यो अभियान निकै सफल देखिन्छ। २०२९।३० मा जम्मा १,४४,३७४ जनालाई खोपाउने काम भयो जसमा १८,०८१ जनालाई प्रथम खोप र १,२६,२९३ लाई पुनः खोप गरिएको थियो। यो काम बाहेक यो आयोजनाले पहिले खोपेकाहरूको स्थिति पनि निरीक्षण गर्दै रहने गरेको छ।

कुष्ठ रोग निवारण: कुष्ठ रोगीहरूलाई नियमितरूपले उपचार गर्दै रहने कार्यक्रम यहाँ पनि लागू रहेको छ। तर जिल्लाका २५४ कुष्ठ रोगीहरूमध्ये २१ प्रतिशतले मात्र नियमितरूपले उपचार गरिरहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खानेपानी

जिल्लाभित्र जमीन मुनिको पानी नै खानेपानीको प्रमुख स्रोत हो । हातले चलाउने ट्यूबवेल र इनारहरूबाट पानी झिकिन्छ । प्रायः इनारहरू पक्की नहुँदा संक्रामक रोगको यो पनि एउटा स्रोत बनेको छ । राजविराजको शहरी क्षेत्रको लागि १,००,००० ग्यालनको क्षमता भएको एउटा पानी ट्याङ्की छ । यसमा विद्युत् शक्तिले पम्पद्वारा जमीन मुनीको पानी ट्याङ्कीमा उचाली शहरभरिलाई वितरण गर्ने गरिआएको छ । तर यहाँको पानीलाई केही प्रशोधन गर्नु पर्ने देखिएको छ । हाल यो खाने पानी वितरण प्रणाली अन्तर्गत ५२ सार्वजनिक र १० प्राइभेट धाराहरू वितरण गरिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

सप्तरी जिल्लाको सदरमुकाम राजविराज अञ्चल सदरमुकाम पनि हुँदा अञ्चल र जिल्लाका पञ्चायत र प्रशासकीय गतिविधिको पनि यो केन्द्र बनेको छ। सगरमाथा अञ्चल अदालतको राजविराज बेञ्च पनि यहीं छ। यस अञ्चलमा अर्को बेञ्च भोजपुरमा रहेको छ। वर्गीय संगठनहरूका जिल्ला कार्यालयहरूको साथै अञ्चल कार्यालयहरू पनि यहीं छन्। अञ्चलाधीश कार्यालय यहीं भएकोले अञ्चलभरिको प्रशासन, शान्ति सुरक्षा र विकास कार्यहरू यहींबाट निर्देशित हुने गरेको छ। सप्तरी जिल्लाले त्यसकारण अञ्चलभरिमा सबभन्दा बढी महत्व पाएको छ।

प्रशासन

अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरी प्रशासन एकाईहरू कायम हुनुभन्दा अगाडि सप्तरी जिल्लाभित्र सिराहा पनि पर्दथ्यो। यस प्रकार त्यसबेला सप्तरी जिल्लाको पश्चिमी सीमाना कमला र पूर्वी सीमाना कोशी थियो र यो पूरै क्षेत्र सप्तरी गोश्वाराबाट प्रशासित थियो। वर्तमान सप्तरी जिल्लाको पश्चिमी सीमाना अब वालान नदीसम्म मात्र सीमित रहन गयो। अब यो जिल्लामा खालिसा, भरौडा, पकडी, भगिनी र बाझ, जगदर, माल झमुना, मझौखा, राय झमुना र पकडिया गरी नौ प्रगन्नाहरू मात्र समावेश भएका छन्। साविक हनुमाननगर माल अन्तर्गतको गुदी गाउँ प्रगन्ना हाल मात्र सिराहा जिल्लामा पर्न गएको छ। पकडिया प्रगन्ना वालान नदीको दुवैतिर रहेको हुँदा जिल्ला विभाजन हुँदा केही भाग सिराहामा पनि पर्न गएको छ।

नयाँ किसिमले अञ्चल र जिल्ला विभाजन भएदेखि राजविराजमै सगरमाथा अञ्चलाधीश कार्यालय पनि रहेको छ तापनि जिल्लाको मुख्य प्रशासक प्रमुख जिल्ला अधिकारी नै हो। प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्र शान्ति सुरक्षा कायम राख्ने कामको साथै विकास योजनाहरूको सञ्चालनमा आवश्यक समन्वय स्थापना गर्ने र जिल्लाभित्रका कार्यालयहरूको सुसञ्चालन, तिनको तालुक विभागहरूको जिम्मावारी भए पनि जिल्ला प्रशासनले सामान्य रेखदेख पुन्याउनु पर्ने व्यवस्था छ।

जिल्लाभित्रका अञ्चल र जिल्लास्तरीय सहकारी कार्यालयहरू, स्वशासित संस्थाहरू र बैंकहरूको शाखा कार्यालयहरू र सामाजिक संस्थाहरूको नामावली निम्नबमोजिम छन :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अञ्चल कार्यालयहरू

सगरमाथा अञ्चलाधीश, कार्यालय राजविराज
सगरमाथा अञ्चल अदालत, राजविराज बेञ्च
एस. पी. कार्यालय, सगरमाथा अञ्चल, राजविराज
कर कार्यालय, सगरमाथा अञ्चल, राजविराज
हुलाक नियन्त्रण कार्यालय, सगरमाथा अञ्चल, राजविराज
सार्वजनिक निर्माण कार्यालय, सरगमाथा अञ्चल, राजविराज
आवास तथा भौतिक परियोजना कार्यालय, सगरमाथा अञ्चल, राजविराज
अञ्चल जनस्वास्थ्य कार्यालय, राजविराज
सरकारी अधिवक्ता तथा सरकारी अभियोक्ता को कार्यालय, राजविराज
बिफर उन्मूलन आयोजना अञ्चल कार्यालय, राजविराज
सगरमाथा औलो उन्मूलन कार्यालय, राजविराज

जिल्ला कार्यालयहरू

प्रमुख जिल्ला अधिकारीको कार्यालय, राजविराज
जिह्ला भूमि प्रशासन कार्यालय, राजविराज
जिल्ला सहकारी कार्यालय, राजविराज
सप्तरी जिल्ला अदालत, राजविराज
कोष तथा तहसील कार्यालय, रार्जविराज
जिल्ला प्रहरी डी. एस. पी. कार्यालय, राजविराज
कृषि विकास कार्यालय, राजविराज
पशु चिकित्सालय, राजविराज
रा. वि. विनिमय हुलाक कार्यालय, राजविराज
जिल्ला शिक्षा अधिकारी कार्यालय, रार्जाविराज
राजविराज सप्तरी मूल भन्सार, वेह्नी तिलाठी
अन्तःशुल्क शाखा कार्यालय, रार्जविराज
नापी मेन्टीनेन्स् शाखा, राजविराज
औलो उन्मूलन कार्यालय, राजविराज
केन्द्रीय कारागार कार्यालय, राजविराज
राजविराज विद्युतीकरण योजना, राजविराज
राष्ट्रिय यातायात व्यवस्था उपशाखा कार्यालय, राजविराज
हनुमाननगर पाकशाला कार्यालय, राजबिराज
जिल्ला तथ्याङ्क संकलन कार्यालय, राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्र नहर डिभिजन कार्यालय, वरसझीया
परिवार नियोजन कार्यालय, राजविराज
मत्स्य प्रजनन् तथा वितरण केन्द्र, फत्तेपुर
हवाइ कार्यालय, राजविराज

स्वशासित संस्था

राष्ट्रिय वाणिज्य बैंक, राजविराज
नेपाल राष्ट्र बैंक (सटही काउण्टर), राजविराज
नेपाल बैंक लिमिटेड, राजविराज
कृषि विकास बैंक, राजविराज
कृषि सप्लाई संस्थान, राजविराज
शाही नेपाल वायु सेवा निगम, राजविराज
आकाशवाणी कार्यालय, राजविराज
साल्ट ट्रेडिङ कर्पोरेशन
नेशनल ट्रेडिङ लिमिटेड, राजविराज

शिक्षण तथा सामाजिक संस्था

लेखनाथ आदर्श पुस्तकालय, राजविराज
श्री ५ महेन्द्र क्लब, राजविराज
नेपाली साहित्य संस्थान, राजविराज
सगरमाथा सांस्कृतिक संस्थान, राजविराज
सगरमाथा खेलकुद समिति, राजविराज
नेपाल रेडक्रस सोसाइटी, राजविराज
बाल मन्दिर, राजविराज

प्रहरी

अञ्चल केन्द्र पनि यही भएकोले यहाँ अञ्चल एस. पी. कार्यालय पनि भएको कुरा माथि अञ्चल स्तरीय कार्यालयहरूको नामावलीबाट देखिएकै छ। जिल्लाभित्रको प्रहरी संगठनको प्रमुख डी. एस. पी. हो र डी. एस. पी. कार्यालय अन्तर्गत ट्राफिक प्रहरी, दुई थाना, चार चौकी, आठ गार्ड, एक अस्थायी चौकी र पाँच अस्थायी बिटहरू छन्। डी. एस. पी. कार्यालय र ट्राफिक पुलिस राजविराजमा नै छ। थानाहरू कञ्चनपुरमा र हरिपुरमा छन्। प्रहरी चौकीहरू हनुमाननगर, वर्साइन, प्रवाहा र फत्तेपुरमा छन्। कारागार, माल, अञ्चलाधीश, नेपाल राष्ट्र बैंकका दुई सटही काउण्टरहरू, राष्ट्रिय वाणिज्य बैंक, हनुमाननगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाखा, हवाइ अड्डा र भन्सारलाई प्रहरी गार्ड प्रदान गरिएका छन्। भारदामा एउटा अस्थायी प्रहरी चौकी छ।

राजस्व

जिल्लाभित्र राजस्व संकलन गर्ने मुख्य कार्यालयहरूमा भन्सार, कर, अन्तःशुल्क र कोष तथा तहसील कार्यालयहरू नै हुन्। २०२९।३० मा तिनले उठाएको राजस्वको यथार्थ आँकडा तल प्रस्तुत गरिएको छः—

(१) मूल र १३ छोटी भन्सार कार्यालयहरू (यसमा बिक्रीकर पनि समावेश छ)	१३,६९,९३३।
(२) कर कार्यालय	१३,७७,३९८।
(३) अन्तःशुल्क कार्यालय	७,७४,५१३।
(४) कोष तथा तहसील कार्यालय	५२,१३,२३३।
जम्मा	८७,३५,०७७।

न्याय

सप्तरीमा अञ्चलस्तरीय र जिल्लास्तरीय दुई तहमा अदालतहरू छन्। यी अदालतहरूमा परेका र छिनिएका मुद्दाहरूको संख्या तलको तालिकामा देखाइएको छः—

आर्थिक वर्ष	परेको मुद्दा		छिनिएको मुद्दा		बाँकी मुद्दा	
	अञ्चल अदालत	जि. अदालत	अञ्चल अदालत	जि. अदालत	अञ्चल अदालत	जि. अदालत
२०२७।०२८	८९४	३,९५९	४७१	२,०७७	४२३	१,८८२
२०२८।०२९	९६५	४,३२७	४६९	१,८८४	४९६	२,५४३
२०२९।०३०	१,०४५	४,९७७	४७९	२,३४५	५६६	२,६३२

उपर्युक्त मुद्दा संख्यामा अधिकांश मुद्दाहरू लिखत पास, लेनदेन व्यवहार, बाली, जग्गा र चोरी सम्बन्धी छन्। ज्यानमारा र डकैती मुद्दाहरूको संख्या कम छ।

पञ्चायत

जिल्ला पञ्चायत र वर्गीय संगठनका जिल्ला कार्यालयहरू राजविराजमा छन्। यस जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने दुई जना सदस्यहरू छन्। जिल्ला पञ्चायत नै जिल्लाको सबभन्दा उच्च स्तरको पञ्चायत हो र यसको कार्यकलापमा सबभन्दा बढी महत्व राख्ने काम स्थानीय स्तरको विकास योजनाहरूको कार्यान्वयन नै हो। यसको लागि गाउँ गाउँबाट योजनाहरू पेश भएपछि छनौट गरी केन्द्रमा स्थानीय तथा दुर्गम क्षेत्र विकास विभागको स्वीकृतिको लागि पठाउँछ र स्वीकृतिको साथै केन्द्रीय अनुदान प्राप्त भएपछि स्थानीय श्रम, चन्दा, जिल्ला पञ्चायतको अनुदान र केन्द्रीय अनुदान मिलाई ती योजनाहरू कार्यान्वयन गरिन्छ। गाउँ र जिल्लास्तरका योजनाहरूमा गाउँ पञ्चायत भवन, कुलेसो, इनार ट्यूबवेल, पोखरी, साना साना कुलो, विद्यालय भवन, पाटी पौवा र कच्ची बाटो आदिको निर्माण र मर्मत पर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता योजनाहरूको सञ्चालनमा लाग्ने नगदका तीन स्रोतहरू छन्:—

गाउँ पञ्चायत, जिल्ला पञ्चायत र केन्द्रीय अनुदान। केन्द्रबाट योजनाको कुल लागतको २५ प्रतिशत मात्र बेहोर्नें हुँदा बाँकी रकम स्थानीय स्रोतबाट व्यहोर्नु पर्छ। स्थानीय स्रोतबाट व्यहोरिने रकममध्ये श्रमदान पनि पर्छ। गाउँ पञ्चायतहरूको आयको स्रोत सवारी कर, व्यापार पेशा कर, ठेक्का कर, रेडियो नवीकरण दस्तूर, नक्कल दस्तूर र काञ्जी हाउस दस्तूर आदि हुन्। यस जिल्लामा १२० गाउँ पञ्चायतहरूको औसत आय रू. १,०००। छ। यिनीहरूमध्ये केहीको बढी र केहीको नगण्य छ। जिल्ला पञ्चायतको नियन्त्रणमा रहने जिल्ला सभाकोषमा गाउँ पञ्चायतहरूले बुझाउने रकम बाहेक यसले आफैंले उठाउने केही कर वा दस्तूर पनि जम्मा हुन्छ। कैयौं वर्षदेखि सप्तरी जिल्ला पञ्चायतको मुख्य आयको स्रोत कोशी योजनामा जग्गा पर्ने जग्गा धनीहरूलाई प्राप्त हुने मुआवजामध्येबाट चन्दाको रूपमा प्राप्त हुने रकम नै हो। २०२९।३० मा सप्तरी जिल्ला पञ्चायतको खूद आय १,४८,६०४। पुगेको थियो।

वर्गीय संगठनहरूमा यहां किसान, युवक र महिला संगठनको जिल्ला कार्यालयहरू छन्। मजदूर संगठनको प्रारम्भिक तह मात्र छन्। यी वर्गीय संगठनहरूको प्रारम्भिक समिति संख्या र सदस्य संख्या तल लेखिए बमोजिम छन्:—

वर्गीय संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
किसान संगठन	७४	७,६६१
युवक संगठन	८२	९,१२५
महिला संगठन	२७	१,६६६
मजदूर संगठन	१६	८,२००

यी वर्गीय संगठनहरूमध्ये किसान संगठनले लेनदेन व्यवहारको रजिष्ट्रेशन फाराम बिक्री गरी केही आम्दानी गर्ने गरेको छ। २०२९।३० मा यसरी यो संगठनलाई जम्मा रू. ४७,४१०। आम्दानी भएको थियो। यो संगठनले यस्तो रकम केही निर्माण कार्यमा र सहायता कार्यमा लगाएको छ। यस्तो निर्माण कार्यमा गत वर्ष नौ गाउँहरूमा तरकारी खेतीको लागि टचूबवेल बनाइदिएको र प्रसवनी गाउँ पञ्चायतमा एउटा सानो बाँध बनाइदिएको उल्लेख गर्न सकिन्छ। यसै गरी गरीब विद्यार्थीहरूलाई आर्थिक सहायता प्रदान गर्ने, आगलागी र भुखमरीमा परेकाहरूलाई आर्थिक सहयोग पुऱ्याउने काम भएको छ। युवक संगठन र महिला संगठनको आफ्नो छुट्टै आय स्रोत छैन। यी संगठनहरूले वर्गीय संगठनको अञ्चल वा केन्द्रीय संगठनबाट आर्थिक सहायता पाई कार्य सञ्चालन गर्ने गर्छन्। यस जिल्लाको महिला संगठनले बाल संगठन र बाल मन्दिरमा शिशुहरूको हेरचाह गर्ने काम पनि गरिआएको छ। मजदूर संगठनको जिल्ला कार्यालय नभए पनि यसको प्रारम्भिक समितिलाई सवारी धनीहरूबाट चन्दा प्राप्त हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

पाँचौं पञ्चवर्षीय योजना अवधिमा निर्माण हुने कोशी पश्चिम नहर, जमीन मुनिको पानी उचाली सिचाइ गर्ने ट्यूबवेल योजना र चन्द्रनहरका नवीकरणले जिल्लाभित्रको कृषि पैदावारमा ठूलो वृद्धि गर्नमा मद्दत गर्नेछ। कृषि विकास बैंक, कृषि खरीद विक्री संस्थान, जूट विकास बोर्ड र जिल्ला कृषि विकास कार्यालयहरूको संयुक्त प्रयासबाट उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रमले अवश्य पनि राम्रो परिणाम निकाल्ने छ तर कृषि विकासका केही समस्याहरू पनि छन्। तिनमा कृषिलाई यान्त्रीकरण गर्न वाधा पुऱ्याउने साना साना क्षेत्रफलका खेतहरू-को चकलाबन्दी गर्ने, कृषि ऋणको लागि साहू महाजनकहाँ जान नपरी सहकारी संस्था वा कृषि विकास बैंकले जिल्लाव्यापी रूपमा कृषि ऋण उपलब्ध गराउने, किसानहरूको आवश्यकतानुसार उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधी, सुधारिएका औजारहरू उपलब्ध गराउने र पम्पहरूद्वारा सिचाइ गर्न आवश्यक विद्युत् शक्ति नियमितरूपमा प्राप्त गराउने आदि समस्याहरू नै मुख्य हुन्। यी समस्याहरूको समाधान गर्न संयुक्तरूपमा समन्वयात्मक ढङ्गले यी संस्थाहरू प्रयत्नशील रहनु अति आवश्यक छ।

विकसित कृषिको व्यापक प्रसारले केही हदसम्म कृषिमा सक्रिय रहेका जनसंख्याले फुर्संद पाउने छन्। जिल्लाभित्र यातायात र सञ्चार सुविधाहरूको बिस्तार हुँदै गए अनुसार उद्योग र व्यापारको पनि विस्तार हुँदै गएमा कृषिबाट फुर्संद पाउने जनसंख्याले यसतर्फ काम पाउन सक्ने थिए। तर उद्योग स्थापना गर्नेतर्फ जिल्ला-भित्र कुनै सक्रियता देखिएको छैन। नेपाल औद्योगिक विकास कर्पोरेशनले यहाँ साबुन, कागज, दाना जस्ता कृषि र वन पैदावार उत्पादनमा आधारित मध्यमस्तरका उद्योगहरू स्थापना गराउन प्रोत्साहन दिनु आवश्यक छ। औद्योगिकीकरण तर्फ कदम चाल्न पनि भरपर्दो विद्युत् शक्ति प्राप्त हुने नहुने स्पष्ट हुनु आवश्यक छ। हाल भारत-को कटैया विद्युत् शक्ति वितरण व्यवस्थाबाट प्राप्त भइरहेको विद्युत् शक्तिको भरमा औद्योगिकीकरणको विस्तार सम्भव छैन। यसै गरी बैंकहरूको लगानी गर्ने शर्तहरूमा पनि परिवर्तन गरिनु आवश्यक देखिन्छ। उद्योग स्थापना गर्नेहरूलाई सहुलियत ब्याज दरमा दीर्घकालीन ऋण उपलब्ध गराउनु आवश्यक छ।

मूलरूपमा हेर्ने हो भने प्रत्येक तराई जिल्लामा मोटामोटी रूपमा यस्तै संभावना र समस्याहरू छन्। त्यसकारण सुनियोजित विकास गर्ने क्रममा विकासका सम्भावनाहरूको विस्तृत जाँचबुझ गरी देखिन आएका समस्याहरूको समाधान गर्न राष्ट्रिय स्तरबाटै विचार हुनु पर्ने देखिन्छ। सप्तरी जिल्लामा जनसंख्याको घनत्व बढी भएको, यातायात-सञ्चारमा प्रशस्त लगानी भइसकेको, उन्नत कृषि तरीकाको बढ्दो प्रयोग, औद्योगिकी-करण प्रारम्भिक अवस्थैमा रहेको हुँदा यहाँ सचेत प्रयत्नद्वारा कृषिबाट जनसंख्याको बोझलाई मुक्त गरी उद्योग र वाणिज्यमा लगाउनु अति आवश्यक भइसकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिराहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

परिचय	८६३
प्राकृतिक स्वरूप र सम्पदा	८६४
ऐतिहासिक पृष्ठभूमि	८६८
प्रमुख स्थानहरू	८७०
जनसंख्या र जनजीवन	८७३
आर्थिक व्यवस्था	८७९
यातायात, सञ्चार र बिजुली	८९३
शिक्षा, स्वास्थ्य तथा खानेपानी	८९७
प्रशासन र पञ्चायत	९०१
उपसंहार	९०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

सगरमाथा अञ्चलका सात जिल्लाहरूमध्ये सिराहा जिल्ला सबैभन्दा सानो क्षेत्रफल भएको जिल्ला हो। तर सो अञ्चल भरमा सबभन्दा बढी जनघनत्व पनि यसै जिल्लाको छ। नेपाल अधिराज्यमा सबभन्दा बढी संख्यामा गाउँ पञ्चायतहरू भएको रौतहट जिल्ला पछि यसै जिल्लामा सबभन्दा बढी गाउँ पञ्चायतहरू छन्। मोरङ, पर्सा, धनुषा, सप्तरी जस्ता तराई जिल्लाहरूको दाँजोमा अल्पविकसित स्थितिमा रहेको यो सिराहा कृषि-प्रधान तथा खाद्यान्न-बचत हुने जिल्लाकै रूपमा रहेको छ। यो जिल्लाको अर्थ व्यवस्थामा चामल, सनपाट र सुर्ती जस्ता कृषि पैदावारहरूको नै प्रधानता रहेको छ। यसको औद्योगिक गतिविधि हाल चामल कारखानाको सञ्चालनमा सीमित रहेको छ। सम्पूर्ण भू-भाग नै ग्रामीण क्षेत्रको रूपमा रहेको यस जिल्लाको सदरमुकाम सिराहामा २०३० सालदेखि विद्युतीकरण भएको छ। यो जिल्लाको उत्तरी भेकबाट महेन्द्र राजमार्ग गएको छ। विकासका यस्ता आधारभूत आवश्यकताहरू सिर्जना हुँदै आएको यो जिल्लामा आर्थिक विकासको सम्भाव्यता बढ्दै गएको छ।

वि. सं. २०१८ सालमा मात्र नयाँ जिल्लाको रूप पाएको यस सिराहा जिल्लाको भौगोलिक सीमाना उत्तरमा चुरे पहाड, पूर्वमा वलान नदी, पश्चिममा कमला नदी र दक्षिणमा भारतीय सीमाना सङ्केत गर्ने दशगजा खम्बा हुन्। यसको राजनैतिक सीमाना उत्तरमा उदयपुर जिल्ला, पूर्वमा सप्तरी जिल्ला, पश्चिममा धनुषा जिल्ला र दक्षिणमा भारतको दरभङ्गा जिल्ला हुन्। यस चार किल्लाभित्र यो जिल्लाको क्षेत्रफल १,०१३ वर्ग किलो–मिटर छ। यहाँ १२४ गाउँ पञ्चायतहरू रहेका छन्। २०२८ सालमा यहाँको जनसंख्या ३,०२,३०४ थियो।

यो सिराहा जिल्ला ८०°६' देखि ८६°२७' पूर्वी देशान्तर र २६°३३' देखि २६°५५' उत्तरी अक्षांशको बीच अवस्थित छ। उत्तर-दक्षिण फैलिएको यो जिल्लाको औसत लम्बाइ ३८.४ किलोमिटर र चौडाइ २८.८ किलोमिटर जति छ। यसको उचाइ समुद्र सतहबाट १५० मिटर देखि ३०५ मिटरसम्मको अन्तरमा रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक स्वरूप र सम्पदा

भू-आकृतिको दृष्टिकोणले सिराहा जिल्लाको करीब करीब सम्पूर्ण भाग खास तराईमा पर्दछ । उत्तर-पश्चिम कुनास्थित चुरिया डांडालाई छाडेर बाँकी सबै भाग समथर भूमिले ढाकेको छ । जिल्लाभित्रको जमीनको ढाल उत्तरबाट दक्षिणतर्फ क्रमशः घट्दै गएको छ । उचाइको हिसाबले सिराहा जिल्ला मोटामोटी ७६ मिटर (२५० फीट) देखि ८९५ मिटर (२,९५५ फीट) सम्मको भू-भागमा पर्न आउँछ ।

भारतको गङ्गा नदीको फाँटसित समानता भएको यो मधेश फाँट कुनै समयमा समुद्रको गर्भभित्र रहेको कुरा भू-वेत्ताहरूले सिद्ध गरेका छन् । वर्षेनी हिमालय तथा आसपासका पहाडबाट उत्पत्ति भएका अनगिन्ति नदीहरूद्वारा ल्याइएको मलिलो पाँगा माटो थुप्रिनाले नै यो सतह बनेको हो । यस तराई प्रदेशमा पाइने माटोको गुण अनुसार यसलाई दुई खण्डमा विभाजन गर्न सकिन्छ ।

यस समथर भू-भागको उत्तरमा पर्ने बालुवा, कङ्कड, ढुङ्गा तथा फोस्रो माटोले बनेको भागलाई स्थानीय मानिसहरू भावर प्रदेश भन्दछन् । चुरे डाँडाबाट उत्पत्ति भएका साना-ठूला सबै नदीहरू यस क्षेत्रमा आएपछि जमीन मुनिबाट बगेर जान्छन् । कुनै समयमा यो प्रदेश घना जङ्गलको रूपमा थियो । हाल यस क्षेत्रको वन जङ्गल फँडानी गरी यहाँ खेती गर्न थालिएको छ । उत्तर-दक्षिण यसको चौडाइ करीब १२.८ किलोमिटर (आठ माइल) छ ।

यहाँबाट दक्षिण लागेपछि जिल्लाको दक्षिण भागमा पर्ने अन्तर्राष्ट्रिय सीमानासम्म मलिलो पाँगा माटोको प्रदेश अर्थात् खास तराईको भू-भाग भेटिन्छ । भावर प्रदेशमा सुकेर गएका नदीहरू यस क्षेत्रमा आएपछि जमीनमाथि देखा पर्दछन् । ज्यादै मलिलो माटो तथा निक्कै होचो भागमा परेको हुँदा यो क्षेत्र कृषि उत्पादनको लागि प्रख्यात छ ।

नदी-नालाहरू

यस जिल्लाका मुख्य नदीहरू कमला, मैनावती, गागन, खुट्टी र बलान हुन् ।

कमला नदी

महाभारत पहाडको दक्षिणी ढालबाट उत्पत्ति भई निस्केको ध्वांग खोलासँग मिसिएको यो कमला नदी चुरे पहाडको बीचबाट यस सिराहा जिल्लामा प्रवेश गर्दछ । कमला नदी केही किलोमिटर पूर्वतर्फ बगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैदानमा निस्केपछि ठूलो रूप लिई यस जिल्लाको पश्चिम सीमाना भएर दक्षिणतिर भारतमा प्रवेश गर्दछ। यो कमला नदीबाट यस जिल्लामा धुर्मी र वताहा खोला सहायक नदीको रूपमा निस्केका छन्। कमला नदीमा ज्यादै ठूल-ठूला बाढी आउने गर्दछन्। यस नदीबाट कच्ची कुलो बाँधी सिराहा जिल्लाको करीब १,३०० हेक्टर जमीनमा सिचाइ गरिएको छ।

मैनावती नदी

चुरे पहाडको दक्षिणी फेदीबाट निस्की असनपुर, देवीपुर र लगडीगोड पञ्चायत हुँदै दक्षिणतिर बगेको यो नदी सिराहा जिल्लाभित्रका ठूला नदीहरूमध्ये एक हो। यो मैनावती नदीबाट ल्याइएको कच्ची कुलोले २,४००हेक्टर जति जमीनमा सिचाइ सुविधा उपलब्ध हुने गरेको छ। यही नदीको आसपासमा भएका कच्ची कुलोको माध्यमद्वारा सिचाइको व्यवस्था भएको छ।

गागन खोला

यो नदी पनि चुरे पहाडबाट उत्पत्ति भई मुक्सार, अयोध्यानगर, सुखिपुर पञ्चायत हुँदै दक्षिणतिर बगेको छ। यसको वरपर रसिला खेतहरू छन्। यो नदीमा ठाउँ ठाउँमा कच्ची कुलो निर्माण गरी सिचाइ-गरिएको छ।

खुट्टी नदी

खुट्टी नदी यस जिल्लाको पूर्व दिशामा रहेको छ। यो नदी वलान नदीको सहायक नदी हो। यहाँ खुट्टी सिचाइ आयोजना पनि सञ्चालन भएको थियो तर पानीको अभाव जस्ता कारणले गर्दा यो आयोजनाबाट सिचाइ सुविधा उपलब्ध हुन सकेन।

वलान नदी

यस जिल्लाको पूर्वी दिशामा रहेको वलान नदी सिराहा र सप्तरी जिल्लाको सीमाना हो। यो नदीको उद्‌गम स्थान चुरे पहाड नै हो। यसले पनि जिल्लाको केही भागमा सिचाइ सुविधा पुऱ्याएको छ।

उपर्युक्त नदीहरूको अतिरिक्त वताहा, धुर्मी, सहजा, कल्याणदेही, बाबुराम आदि स- साना खोलाहरू जिल्लाको विभिन्न क्षेत्रमा बगेका छन्। यी खोलाहरूको आसपासमा अक्सर मलिला खेत र बाक्ला बस्तीहरू पाइन्छन्।

हावापानी

नेपाल अधिराज्यको दक्षिण-पूर्वमा परेका अन्य तराई जिल्ला सरह यो सिराहा जिल्ला पनि अर्ध-उष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनसुनी हावापानीद्वारा प्रभावित क्षेत्रमा पर्दछ। गर्मी याममा तापक्रम तातो हावा र जाडो याममा चिसो हावाको प्रभाव रहन्छ। गर्मी याममा तापक्रम ४६ सेण्टिग्रेडसम्म पुग्दछ र जाडोमा भने सात सेण्टिग्रेडसम्म ओर्लन्छ।

यस जिल्लाको वर्षाद गर्मी यामको दक्षिण पश्चिम हावासित आबद्ध छ। यहाँ वर्षाद खासगरी जेठदेखि असोजसम्म हुन्छ। विगत सन् १९६६–१९७० को वर्षाको औसत हिसाबको आधारमा वार्षिक औसत वर्षा लाहान र सिराहामा क्रमशः १,४३१ मिलिमिटर र १,१५८ मिलिमिटर रहेको थियो। यस अवधिको वार्षिक औसत वर्षा लाहानमा ४९ दिन र सिराहामा ६० दिन भएको थियो। यस पाँच वर्षको अवधिमा सिराहामा र लाहानमा सबभन्दा बढी वर्षा १९७० मा भएको थियो जुन वर्ष सिराहामा ६५ दिन र लाहानमा ६४ दिन वर्षा भएको थियो। सिराहा र लाहानमा लिइएको वर्षाको परिमाण तल प्रस्तुत गरिएको छः–

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	सिराहा (१,०७०)	१९६६-१९७० को औसत	लाहान (१,९७०)	१९६६–१९७० को औसत
जनवरी	०.०	२०.६	४.१	२५.०
फेब्रुअरी	१२.३	५.३	०.०	१३.३
मार्च	०.०	२७.७	११.१	२८.६
अप्रिल	१०.३	१५.२	१६.३	१८.५
मे	५३.४	५०.५	४९.२	४१.३
जून	३३४.४	१८४.९	२६६.०	२१०.२
जुलाई	४२२.२	३१५.९	६३८.३	४०८.९
अगष्ट	२६३.८	३५०.८	४८४.०	४४७.२
सेप्टेम्बर	१८९.७	१५६.६	१९३.१	१९७.३
अक्टोबर	३६.८	२५.८	५४.४	४९.६
नोभेम्बर	०.०	२.९	०.०	०.५
डिसेम्बर	०.०	१.९	०.०	१.६
जम्माः–	१,३२२.९	१,१५८.१	१,७१६.५	१,४४२.०

वन तथा वनस्पति

यस जिल्लामा पहिले धेरै जङ्गल थियो। यहाँका जङ्गलहरू मासिँदै गएकोले हाल यस जिल्लाको वन क्षेत्र नगण्य छ। यस जिल्लामा पर्ने मुरे डाँडादेखि दक्षिणको वन उल्लेखनीय छ। यो वन उत्तरमा उदयपुर जिल्ला, पूर्वमा सप्तरी जिल्ला र पश्चिममा धनुषा जिल्लासम्म फैलिएको छ। यहाँको वन कुनै ब्लकमा छुट्टिएको छैन तर वन र जङ्गली पशु-पक्षी समेतको संरक्षणको लागि प्रधान वन कार्यालय, उदयपुर अन्तर्गतका सशस्त्र वन संरक्षकहरूद्वारा गश्ती गर्ने गरेका छन्। यहाँको पातलो वनमा बेजातका दाउरालायक रूख तथा वन बुटा पाइन्छन्। साथै यहाँको वन पैदावारमा बाबियो मुख्य छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको उत्तरी भागमा रहेको वनमा सालको रूख प्रधान रूपमा देखिए तापनि चुरेको फेंदीतिर जामुन, सिमल, लाम्पाते, सिंधुरे आदि रूखहरू सामान्य रूपमा पाइन्छन् । वलान नदीको छेउछाउ र कमला नदीको बगरको आसपासमा ठूल-ठूला घाँसका मैदान छन् र माटो जमेको ठाउँमा खयर र सिसौको वन फस्टाएको देखिन्छ । जिल्लाको दक्षिणपट्टिको प्रायः सम्पूर्ण भाग खेतीमा प्रयोग भएको छ र ठाउँ ठाउँमा पीपलका बोटहरू छहारीको लागि रोपिएका छन् । बगैंचाहरूमा आँप, लिची, केरा आदि रोपिएका छन् । खेती नभएको ठाउँमा झार बुटाहरू पाइन्छन् । तिनमा बयर, अम्बा, धैयारो आदि यत्रतत्र पाइन्छन् ।

यो जिल्लाको वन-जङ्गलमा विभिन्न किसिमका पशु-पक्षीहरू पाइन्छन् । यहाँ पाइने मुख्य जनावर-हरूमा दुम्सी, नीलगाई, मृग, खरायो, चितुवा, चित्तल, बनेल, वन बिरालो आदि मुख्य हुन् । त्यस्तै चराहरूमा मयूर, कालिज, लुइँचे, तितरा, सुगा, मैना तथा ढुकुर आदि पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक पृष्ठभूमि

ई. १७७३ मा पृथ्वीनारायण शाहबाट सिराहा नेपाल अधिराज्यमा समष्टीकरण हुनुभन्दा करीब ६७६ वर्ष अघि (ई. १०९७ तिर) वर्तमान सिराहा जिल्ला तिरहुत राज्यको भू-भाग भएर रहेको थियो। तत्काल सिमरौनगढ (वर्तमान बारा जिल्लाको इलाका) राजधानी रहेको यो तिरहुत राज्य पूर्वतिर वर्तमान सिराहा र सप्तरी जिल्लासम्म फलिएको अनुमान छ। ई. १०९७ मा दक्षिण भारतबाट आएका कर्नाटवंशी राजा नान्यदेव सिमरौनगढमा बसी शासन चलाएका थिए। यिनै कर्नाटवंशी राजाको सन्तानको तिरहुत राज्यमा ई. १३२४ सम्म अर्थात् २२७ वर्षसम्म शासन चल्दै रह्यो। ई. १३२४ मा दिल्लीका सुल्तान गयाशुद्धीन तुगलकबाट तिरहुत राज्यमाथि आक्रमण हुँदा तत्कालीन कर्नाटवंशी राजा हरिसिंह देव काठमाडौं उपत्यकातिर भागेको र उक्त राज्यमा कर्नाटवंशको आधिपत्य अन्त भयो। गयाशुद्धीनको हमला पछि उक्त राज्यमा कुनै प्रभावकारी शासकको शासन रहन सकेन। यो राज्य बरु स-साना स्वतन्त्र रजौटाहरूको नियन्त्रणमा रहन गए।

पाल्पामा ई. १५१८-१५५३ सम्म ३५ वर्ष शासन चलाएका पाल्पाली राजा मुकुन्द सेन (प्रथम)को राज्य कालमा यिनका कान्छा छोरा लोहाङ सेनले पूर्वी तराई विजय गर्ने अभियान अन्तर्गत वर्तमान सिराहा समेतको भू-भागमाथि विजय प्राप्त गरे। यसरी सिराहा पाल्पाली सेन वंशको राज्य अन्तर्गत पर्‍यो। राजा मुकुन्द सेनले बुढेसकालमा आफ्नो विशाल राज्य आफ्ना सन्तानमा भाग-बण्डा गर्दा लोहाङ सेनलाई आफूद्वारा विजय भएको भू-भाग प्राप्त भयो। फलतः कोशी क्षेत्रको निकै ठूलो भू-भागमा राजा भएका लोहाङ सेनको अधीनमा सिराहा रहन गयो।

लोहाङ सेनको मृत्युपछि यिनकै वंशजको आधिपत्यमा यो क्षेत्र रह्यो। लोहाङ सेनको केही पुस्ता पछिका राजा हरिहर सेनको कान्छा छोरा शुभ सेनलाई कोशीभन्दा पश्चिमको भाग प्राप्त हुन गयो। यसरी शुभ सेनको शासन यस क्षेत्रमा चल्यो। शुभ सेनको विरुद्ध नवाव इस्फन्दर खाँले षड्यन्त्र रचे र नवावले मोरङको एक ठूलो तराई भागमा अधिकार जमाए तर पछि विद्याचन्द राईको सहायताले शुभ सेनका दुई छोराहरू महीपति सेन र मानिक सेनमा उक्त राज्य मकवानपुर (तौतर प्रगन्ना भित्र परेको कोशीदेखि पश्चिमको पर्सा जिल्लासम्मको तराई) र विजयपुर (कोशीदेखि पूर्व टिष्टासम्मको तराई क्षेत्र) दुई भागमा विभाजित भई बाँडफाँड भयो। यसरी महीपति सेनको शासन सिराहामा समेत चल्यो।

महीपति सेनका छोरा कामदत्त सेन राजा भएपछि आफ्ना किरात मन्त्री विचित्र राई बलियो हुन पुगे। फलतः राजा कामदत्त सेन एक पटक भोटतिर पनि धपिनु पर्‍यो। यसै बेला मन्त्री विचित्र राईले मानिक सेनका माहिला छोरा जगत सेनलाई विजयपुरको राजा बनाएका थिए। केही समय पछि कामदत्त सेन फर्केर आए तर यिनी आफ्नो पुरानो सीमानाभित्रको मात्र राजा रहे। फलतः जगत सेन कमला र कोशीको बीचको हनुमाननगर इलाकाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भए । हनुमाननगर पहिले सप्तरी जिल्लाको सदरमुकाम भएको र सप्तरी अन्तर्गत सिराहा रहेकोले त्यसबेला सिराहाको राजा पनि जगत सेन नै भएको कुरा विश्वास-योग्य छ । जगत सेनको राज्यमा चौदण्डी र शिकारमारा सम्मिलित थिए ।

जगत सेनको निःसन्तानको अवस्थामा नै मृत्यु भएकोले चौदण्डी र सिराहा-सप्तरी इलाकाको राज्य यिनको भाइ विक्रम सेनको हातमा गयो । यिनी पछि बुद्धकर्ण राई मन्त्री भए र यिनै बुद्धकर्ण राईको षड्यन्त्रबाट कामदत्त सेनको हत्या भयो ।

चौदण्डी र सिराहा-सप्तरी इलाकामा कर्ण सेनले राजकाज चलाइरहेको समय अर्थात् ई.सं. १७७३ मा पृथ्वीनारायण शाहबाट काठमाडौं उपत्यकाको विजय पछि वख्शी अभिमान सिंह बस्न्यातको नेतृत्वमा गोरखाली फौज चौदण्डी दखल गर्न खटाई पठाए । तर पछि उक्त फौजलाई किरात प्रदेश विजय नभएसम्म मकवानपुरमा तयार भई बस्नको लागि आदेश दिइयो । सरदार रामकृष्ण कुँवरको नेतृत्वमा फौज १७७३ सम्ममा अरुणको किनारासम्म पुगेपछि पृथ्वीनारायण शाहबाट सोही वर्ष भारतका गभर्नर जनरल वारेन हेस्टिसलाई विजयपुर र अम्बरपुर (वर्तमान सिराहा र सप्तरी) कब्जा गर्न सकेमा साविक बमोजिस नजराना पठाउने भन्ने व्यहोराको पत्र पठाइएको थियो । सो पत्रको उत्तर प्राप्त हुनुभन्दा अघि अर्थात् १६ जुलाई १७७३ मा वख्शी अभिमान सिंह बस्न्यातको नेतृत्वमा गोरखाली फौजले चौदण्डी र त्यसको तराई भाग (सिराहा-सप्तरी समेत) दखल गरे । उक्त गोरखाली फौजले चौदण्डी राज्य अर्थात् सिराहा सम्मिलित राज्य कब्जा गरिसकेपछि उक्त राज्यका राजा कर्ण सेन ज्यान जोगाई विजयपुर भागेका थिए । यसरी ई. १७७३ मा सिराहा सम्मिलित चौदण्डी राज्यमा सेन वंशको आधिपत्य अन्त भई उक्त इलाका नेपालमा सम्मिलित भयो ।

अभिमान सिंह बस्न्यातको नेतृत्वको फौजले चौदण्डी विजय गरिसकेपछि मौकापारी १७ जुलाई १७७४ मा विजयपुर माथि हमला गरी आपनो अधीनमा ल्याए । गोरखालीहरू चौदण्डी र विजयपुर इलाकाका सम्बन्धमा पनि मालवाजी बुझाउन तयार भएकोले यी इलाका गोरखालीहरूको अधीनमा रहन गए पनि इष्ट इण्डिया कम्पनीलाई कुनै हानि पुग्न नजाने भयो ।

तर १८१४ ई. मा इष्ट इण्डिया कम्पनीसँगको लडाईंका कारणहरूमध्ये यस्ता इलाकाहरू उपर कस्को नियन्त्रण रहने भन्ने कुरा पनि एक कारण बन्न पुगेको थियो । उक्त लडाईं पश्चात् २८ नोभेम्बर १८१५ मा अंग्रेजहरूको प्रस्तावको शर्तमा यी तराई क्षेत्रमाथि इष्ट इण्डिया कम्पनीकै अधिकार हुनु पर्ने र नेपाललाई यस बापत दुईलाख रूपैयाँ सालिन्दा प्राप्त गराइने कुरा उल्लेख भएको थियो । तर यी शर्त नेपाललाई मान्य हुन नजाँदा लडाईं पुनः चल्यो । अन्ततोगत्वा अंग्रेजहरूले उक्त क्षेत्र नेपालकै सीमाभित्र पार्ने र दुईलाख रूपैयाँ सालिन्दा नतिर्ने गरी शर्तमा संशोधन गर्न माने । यस पछि वर्तमान सिराहा र वरिपरिका तराई क्षेत्र नेपालको पूर्ण अधिकारमा रहन आए । पृथ्वीनारायण शाहबाट नेपालमा सम्मिलित गरेको सिराहा हाल नेपाल अधिराज्यको एक जिल्लाको रूपमा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख स्थानहरू

सिराहा

सिराहा जिल्लाको दक्षिण-पश्चिम कुनातिर कमला नदीको किनारमा अवस्थित सिराहा भन्ने सानो ठाउँ यसै सिराहा जिल्लाको सदरमुकाम हो। भारतको जयनगरसित दक्षिणी भाग जोडिएको यो ठाउँको उचाइ समुद्र सतहबाट १२२ मिटर (४०० फीट) छ। २०२८ सालमा यहाँको जनसंख्या ३,१२२ थियो।

सिराहा यस जिल्लाको स्थानीय प्रशासनिक केन्द्र हो। यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालयका अतिरिक्त प्रहरी, मालपोत, अन्तःशुल्क, तथ्याङ्क, शिक्षा, कृषि, भूमि सुधार, हुलाक सम्बन्धी जिल्लास्तरीय सरकारी कार्यालयहरू छन्। यहाँ आकाशवाणीको सुविधा प्राप्त छ। निकट भविष्यमा अस्पतालमा परिणत हुने स्वास्थ्य केन्द्रद्वारा यहाँ जनस्वास्थ्य सेवा उपलब्ध भइरहेको छ। वि. सं. २०३० साल फागुनदेखि यहाँ विद्युत् सुविधा उपलब्ध भएको छ। प्राथमिकदेखि माध्यमिकस्तरसम्मका केही शिक्षण संस्थाहरू पनि छन्। यस सदरमुकाममा सिराहा गाउँ पञ्चायतको अतिरिक्त जिल्ला पञ्चायत र किसान, युवक र महिला संगठनका जिल्लास्तरीय कार्यालयहरू पनि रहेका छन्।

सिराहा यस जिल्लाको लाहानपछिको दोस्रो बजार एवं व्यापार केन्द्र हो। यहाँ थोक र फुटकर पसल ३१, गोला सात, ठूलो चामल कारखाना एक, बिडी कारखाना एक, कृषि खरीद बिक्री संस्थानको बिक्री केन्द्र एक र राष्ट्रिय वाणिज्य बैंकको शाखा एक पनि रहेका छन्। सिराहा बजारलाई जिल्लाको धान बजार पनि भनिन्छ। यसै सिराहा बजार यस जिल्लाको पश्चिम भागको धेरै जसो जनसंख्याको दैनिक आवश्यकताहरूको पूर्ति गर्ने स्थल हो। यो ठाउँमा सिराहा र भारतको जयनगरको बीच सीमाना व्यापार पनि सञ्चालन हुने गरेको छ। यस जिल्लाको अधिकांश निकासी-पैठारी व्यापार भारतसित यसै बजार भएर नै खैरटोका मूल भन्सार मार्फत सञ्चालन हुने गरेको छ।

कमला नदी र बलान नदी प्रखण्डको महेन्द्र राजमार्ग निर्माण हुनुअघि सिराहा यस जिल्लाको मुख्य द्वारको रूपमा रहेको थियो। सम्वत् १९९२–९३ देखि सञ्चालित नेपाल- जयनगर-जनकपुर रेल्वे सेवा दक्षिणी भागबाट सिराहा जान-आउन अद्यापि उपयोगमा आउने गरेको छ। महेन्द्र राजमार्ग यहाँको आवागमनको लागि एक प्रमुख वैकल्पिक माध्यम भएको छ। देशको राजधानी काठमाडौं र सप्तरी जिल्लाको सदरमुकाम राजविराज-को बीचमा हवाइ सेवा यहाँको आवागमनको लागि उपयोगी हुने गरेको छ। सिराहा र जयनगरको बीच रिक्सा, साइकल, मोटर साइकल, जीप, ट्रक जस्ता सवारी र ढुवानीका साधनद्वारा मानिसहरूको आवत-जावत र माल सामानहरूको परिवहन दैनिक प्रक्रिया बनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको सदरमुकाम भए तापनि ग्रामीण क्षेत्रकै रूपमा रहेको सिराहामा स्वास्थ्य केन्द्रलाई अस्पतालमा परिणत गर्ने र सिराहा-जयनगर कच्ची सडकलाई पक्की सडकको रूप दिने योजना छ।

लाहान

यो लाहान पहाडको फेदीमा अवस्थित छ। यो ठाउँ उत्तरी दिशामा भित्रीमधेशको "उदयपुर" र पूर्वी दिशामा सप्तरी जिल्लासँग जोडिएको छ। वि. सं. २०२८ मा यो ठाउँको जनसंख्या ४,७८० थियो।

लाहान यस जिल्लाको सबभन्दा ठूलो बजार र व्यापार तथा औद्योगिक केन्द्र हो। यहाँ ठूला चामल, तेल कारखाना, बिंडी कारखाना, इँटा भट्टा, थोक तथा फुटकर पसल ११५ र गोला १५ रहेका छन्। यो बजार सगरमाथा अञ्चलको पहाडी भागहरूको प्रादेशिक निकासी-पैठारी विन्दु पनि हो। यो बजार पहाडी वस्तुको सटही केन्द्रको रूपमा पनि रहेको छ। यहाँ लाग्ने अर्ध-साप्ताहिक हटिया बजारमा पहाडी क्षेत्रका मानिसहरू विभिन्न वस्तु खरीद बिक्री गर्न आउँछन्। उदयपुर जिल्लामा उत्पादन हुने सनपाट (जूट) को बिक्री पनि लाहानमा हुने गरेकोले यो सनपाट खरीद-बिक्री केन्द्र पनि हो। यस बजारको वैदेशिक व्यापार भारतसित खासगरी यस जिल्लाको पूर्व-दक्षिणमा पर्ने नेपाल-भारत सीमानाको लदनिया मार्गको माध्यमद्वारा हुने गरेको छ। यस जिल्लामा महेन्द्र राजमार्ग निर्माणको पश्चात् यो लाहान बजार निक्कै चल्तीको स्थान हुन गएको छ। यद्यपि ग्रामीण क्षेत्रभित्रै पर्ने यो बजार भविष्यमा संभवतः एक औद्योगिक शहर हुन सक्छ।

सिराहा पछि लाहान यस जिल्लाको दोस्रो प्रशासनिक केन्द्र हो। यहाँ कर कार्यालय, अन्तःशुल्क कार्यालयको शाखा, प्रहरी थाना र नेपाल बैंक लिमिटेडको शाखा समेत रहेका छन्।

गोलबजार

यस जिल्लाको सदरमुकाम सिराहाबाट २२ किलोमिटर (१४ माइल) टाढा रहेको गोलबजार महेन्द्र राजमार्गको मध्यस्थ मार्ग हुनुको अतिरिक्त एक सानो बजार हो। २०२१ सालदेखि मात्र यहाँ खास बस्ती शुरू भएको हो। यसमा महेन्द्र राजमार्गको नै देन रहेको छ। त्यसैकारण यस गोलबजार महेन्द्र बजारको नामले पनि प्रचलित छ। यहाँ चामल कारखानाको अतिरिक्त एउटा बिंडी कारखाना पनि रहेको छ। साथै यहाँ स-साना केही पसलहरू पनि छन्। यहाँ कृषि पैदावारहरूको ठूलो परिमाणमा व्यावसायिक कारोवार सम्पादन हुन्छ। महेन्द्र राजमार्गको माध्यमबाट सिराहा, लाहान, राजविराज आदि स्थानमा जान-आउन मध्यस्थ मार्गको रूपमा रहेको यो गोलबजार निक्कै चल्तीको स्थान बन्न पुगेको छ। यहाँ प्रहरी चौकी र महेन्द्र राजमार्ग सम्बन्धी कार्यालय पनि रहेका छन्। यो गोलबजार भविष्यमा एक औद्योगिक केन्द्र बन्न सक्छ।

अन्य प्रमुख स्थानहरू

यस जिल्लाको मिर्चैया, बलहवा, सुखीपुर, कल्याणपुर, सारस्वर, माढर (चन्द्रगञ्ज) माटो पोखरी, भुक्सार, चैनपुर, नैनपुर, औरही पनि यस जिल्लाका महत्वपूर्ण स्थानहरू मानिन्छन्। यी ठाउँहरूलाई साना–साना बजारहरू भनेपनि हुन्छ। यी बजारहरूमा धानको खरीद-बिक्री खूबै हुने गर्छ। यहाँ हाट बजार पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दछ । सुखीपुर र सारस्वरमा गाई, गोरुको हाट पनि लाग्दछ ।

लक्ष्मीपुर पञ्चायत क्षेत्र अन्तर्गत पर्ने पत्तार पोखरी ऐतिहासिक स्थल मानिन्छ । पत्तारमा हरिसिंह देव राजाको दरबार रहेको थियो भन्ने स्थानीय भनाइ छ । यो स्थलमा एक पुरानो सुन्दर पोखरी पनि छ । यहाँ प्रत्येक वर्षको वैशाख १ गतेदेखि १५ दिनसम्म एक भव्य मेला लाग्दछ । उक्त मेलामा कैयौं दर्शकहरू मेला हुन्छन् र भारतबाट समेत मेला भर्ने मानिसहरू आउने गर्छन् । एक पवित्र स्थल मानिने यो पत्तार पोखरीमा वैशाख १ गते मानिसहरू स्नान गरी सिराहामा अवस्थित सलेष मन्दिरमा दर्शन गर्न जान्छन् । यो सलेष मन्दिरको स्थापना उहिले सलेष भन्ने राजाले गरेका थिए भन्ने किंवदन्ती छ । वैशाख १ गते पत्तार पोखरीमा मानिसहरू नुहाई वैशाख २ गते यो मन्दिरमा दर्शन गर्न आउँदछन् । सोही दिन यहाँ एक भव्य मेला लाग्दछ । लाहनबाट चार-पाँच किलोमिटर टाढा रहेको सलेष फूलबारी पनि दर्शनीय स्थान हो । सिराहाबाट तीन किलोमिटर (झण्डै दुई माइल) जति टाढा रहेको सारस्वर पञ्चायत क्षेत्रमा एक सारस्वर नाथ महादेवको मन्दिर छ । यस जिल्लाको भदैया पञ्चायतमा पकदियागढ नामक माटोको ढिस्को उठेको गढ छ । यो गढमा प्राचीन वस्तु पाइने स्थानीय जन विश्वास रहेको छ । यस जिल्लाका कमलदह र मानिकदह पनि प्रख्यात स्थान हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या र जनजीवन

सातौं राष्ट्रिय जनगणना २०२८ अनुसार यस सिराहा जिल्लाको जनसंख्या ३,०२,३०४ रहेको छ। यसमध्ये १,५३,२९६ जना पुरुष र १,४९,००८ जना महिला छन्। यहाँ महिलाभन्दा पुरुष जनसंख्या ४,२८८ जनाले बढी रहेको छ। जनसंख्याको दृष्टिकोणबाट यो जिल्ला सगरमाथा अञ्चलको दोस्रो र नेपाल अधिराज्यको छैठौं जिल्ला हो।

वि. सं. १९६८ को देशको पहिलो जनगणनादेखि तेस्रो १९८७ सालको जनगणनासम्म तत्कालीन सिराहाको जनसंख्या तत्कालीन सप्तरीको जनसंख्यामा समावेश भएको थियो। पाँचौं राष्ट्रिय जनगणना वि. सं १९९८ देखि सिराहाको जनसंख्या अलग रूपमा रहेको भए तापनि त्यस बखतको सिराहा वर्तमान सिराहा जिल्ला अनुरूप थिएन।

वि. सं. २०१८ सालअघि चार प्रगन्नाहरूका भू-भाग भएको सिराहामा तत्कालीन सप्तरीका दुई प्रगन्ना समाविष्ट भई २०१८ सालमा सिराहा बेग्लै जिल्लाको रूपमा रहन आएको हो। वर्तमान सिराहा जिल्लाका निम्न छ प्रगन्नाहरूको जनसंख्या मोटामोटी तुलनाका लागि तलको तालिकामा दिइएको छः–

विगत दुई जनगणनाकालमा सिराहा जिल्लाको जनसंख्या

प्रगन्ना	२००९	२०२८
महिसाथ	३७,८७२	५१,७८७
रामपुर	३७,१६५	५७,६७१
पिहार	५१,७६६	६६,७६६
धन्छवार	५०,१२३	७५,४५४
पकरिया	३४,९८०	२०,३३७
गुदि गाउँ	१६,९५८	३०,२८९
जम्माः–	२,२८,८६४	३,०२,३०४

वि. सं. २०२८ को जनसंख्याको आधारमा यस जिल्लाको प्रति वर्गकिलोमिटर जनघनत्व २९८ व्यक्ति रहेको छ।

यस जिल्लाको १२४ गाउँ पञ्चायतहरूमा ५,००० जनसंख्या पुगेको पञ्चायत कुनै पनि छैन। यहाँको कुल पञ्चायत संख्याको करीब ५९ प्रतिशत पञ्चायत अर्थात् ७३ पञ्चायतहरूमा २,००० देखि २,९९९ का बीच जनसंख्या रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस जिल्लाको सबभन्दा बढी र कम जनसंख्या भएको पञ्चायत क्षेत्र क्रमशः लाहान बजार पञ्चायत (जनसंख्या ४,७८०) र हरकट्टी (जनसंख्या १,६३२) हुन्। यहाँको प्रगन्नागत आधारमा पञ्चायत अनुसारको जनसंख्या निम्न बमोजिमको छ :–

प्रगन्ना महिसौथ	
१. खिरौना	१,६६७
२. गह्वरिया	१,६६१
३. ठेंगही	१,६६६
४. थलहाकटहा	२,३४६
५. नरहावलकवा	२,४७३
६. पटेर्वा	२,०६०
७. बरहवा	२,१४६
८. बसविट्टा	२,१३५
९. विष्णुपुर	२,२८२
१०. बेल्हा	२,७५०
११. मखनाहा	१,८०८
१२. मलहनिया	२,००६
१३. महिसौथा	२,८५२
१४. माद्दर	२,६०७
१५. मानपुर	१,६४१
१६. राजपुर	२,७५७
१७. लछमिनिया महिसौथ	२,१२५
१८. लक्ष्मीपुर महिसौथ	१,८४८
१९. सारस्वर	३,३३५
२०. सिराहा	३,१२२
२१. सुख चैना	१,७८८
२२. हनुमाननगर महिसौथ	३,४४०
	५१,७८७

प्रगन्ना रामपुर	
१. अर्नामा रामपुर	१,७०२
२. इटारी प्रसाही	२,४२५
३. कल्याणपुर कालखंजी	१,८३१
४ कल्यालपुर जन्दी	३,०१०
५. कर्जह्ला	२,४८८
६. करुन्याही	२,६८३
७. गभहरिया महेशपुर	२,०१२
८. गोतारी	२,६६०
९. चतरी	१,६०५
१०. चिकना	२,६५१
११. डूमरी माल	१,६४१
१२. फूलबरिया रामपुर	३,४६०
१३. बडहवरा माल	३,७७४
१४. विष्णुपुर रामपुर	२,६५७
१५. बोक्राहा	१,०८३
१६. भेंडिया	३,२०८
१७. मझौलिया	२,३४२
१८. मलहनिया खोरी	२,२८५
१९. रामनगर मिर्चैया	४,०५६
२०. राधोपुर	२,२४३
२१. रामपुर बिर्ता	२,७८५
२२. सीतापुर कालावंजीर	२,३६७
२३. सिक्रौन	१,७४३
	५७,६७१

प्रगन्ना पिहार	
१. असनपुर	३,८४७
२. अर्नमा पिहार	२,५७४
३. आसोपुर बलकवा	२,७२६
४. औरही	३,०५०
५. कटाटार तेर्नुवापट्टि	२,४४०

प्रगन्ना धन्छवार	
१. कचनारो	२,७६४
२. खरुव्याही	२,४०३
३. गोविन्दपुर छन्दवार	३,६६७
४. चैनपुर	१,७१४
५. जानकीनगर	२,२४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. कविलासी	१,६४५	६. जिझौला	२,६४०
७. कृष्णपुर	२,२५४	७. तेनुवापट्टि धन्छवार	२,३०७
८. गौरीपुर	२,१५२	८. पर्छडिया थारूटोल	३,४१५
९. चन्दोदयपुर	२,९०७	९. परियारपट्टि	२,४५०
१०. चन्द्रअयोध्यापुर	२,४४२	१०. पोखरभिण्डा	२,१६६
११. चन्द्रलालपुर	२,५६१	११. बस्तीपुर	२,८६६
१२. जमदह	२,३६५	१२. विद्यानगर	२,४२९
१३. दहिपौरी	२,६३८	१३. विष्णुपुर कतिधञ्ज	४,०८७
१४. दुर्गापुर	२,५७१	१४. महेशपुर	२,२२५
१५. देवीपुर	२,०७३	१५. मुक्सार	१,६७४
१६. पिपरा पिहार	३,२८५	१६. मोहनपुर कमलपुर	३,०१७
१७. बल्ली	२,३३१	१७. मौवाही	१,६३३
१८. बेतौना	२,७६५	१८. लक्ष्मीपुर धन्छवार	२,३९०
१९. ब्रह्मपुरी	१,६५७	१९. लक्ष्मीनिया	२,११९
२०. महनौर	२,८१०	२०. तुल्सीपाही तुल्सीपुर	२,२८७
२१. लकडी गोठ	२,०७७	२१. सीतापुर धन्छवार	३,२२१
२२. लगढी गाथीपानी	२,७४२	२२. सिसवनी	२,४३३
२३. लालपुर	२,१८७	२३. सुखिपुर	२,५७५
२४. सह्लैया	२,९२३	२४. हनुमाननगर धन्छवार	२,१५०
२५. सिलोर्वापछबारी	३,०३६	२५. हरकट्टी	१,६३२
२६. हकपारा	२,४०८		
	६६,७६६		६२,८७२

प्रगन्ना धन्छवार

१. अयोध्यानगर	१,८४०
२. फूलकाहाकट्टी	२,८४८
३. नैनपुर	३,२०८
४. पिप्रा	२,०००
५. भवानीपुर	२,६८६
	७५,४५४

प्रगन्ना पकरिया

१. इटहर्वा	१,८८४
२. इर्नेवा	१,९५६
३. गैरसाहा	१,७१४
४. ढाडीवीश्वास पट्टि	२,०४१

प्रगन्ना गुडिगाउँ

१. गाढा	२,४९७
२. गोविन्दपुर	१,७६८
३. ढोढना	२,१८५
४. नहरनिया नवराजपुर	२,२८०
५. नहरारिगौल	२,७९१
६. भगवानपुर	१,८६१
७. भदैया	२,०३५
८. भवानीपुर कालावन्दार	१,८०१
९. मझौरा	१,९८५
१०. लाहान बजार	४,७८०
११. लाहावगोठ	१,८९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. देवनगर	२,५५७	१२. सिंगाराही भरिअव	२,४३८
६. वरमाहन गौधरी	१,७७२	१३. सोनमति मझौरा	१,६७२
७. भवानीपुर ता. सु .	२,३६०		३०,२८०
८. महादेवा पोर्ताहा	२,०६६		
९. सखुवानानका एकट्ठी	१,७६६		
१०. सोडियाइन	२,१२०		
	२०,३६७		

यस जिल्लामा आश्रित जनसंख्या (नौ वर्षसम्मका र ६० वर्षदेखि माथिका उमेर समह) यहाँको कुल जनसंख्याको २४.७ प्रतिशत र साधारणतः काममा लाग्ने क्षमता भएको जनसंख्या (१० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूह) ७५.३ प्रतिशत छन्। २०२८ सालको जनगणनाको आधारमा यस जिल्लाको विभिन्न उमेर समहको जनसंख्याको विवरण तल दिइएको छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०– ५	२८,८०१	१८.८	२९,७७६	२०.०	५८,५७७	१९.३
६–१५	३६,९४६	२४.१	३०,९५०	२१.०	६७,८९६	२२.४
१६ देखि माथि	८७,५४९	५७.१	८८,२८२	५९.०	१,७५,८३१	५८.३
जम्माः	१,५३,२९६	१००	१,४९,००८	१००	३,०२,३०४	१००

यस जिल्लाको कुल जनसंख्यामध्ये स्वदेशमा जन्मेका जनसंख्या ९५.१३ प्रतिशत (२,८७,५८०) र विदेशमा जन्मेका ४.८७ प्रतिशत (१४,७२५) छन्। विदेशमा जन्मेकामध्ये १५ देखि ३९ वर्ष उमेरको समूह सबभन्दा बढी छ। यहाँको जनसंख्यामा नेपाली नागरिक ९९.३ र विदेशी नागरिक ०.७ प्रतिशत छन्। विदेशी नागरिकमा विशेषतः भारतीय छन्।

यस जिल्लाको कुल जनसंख्या ३,०२,३०४ मध्ये ३,०२,०७० जना परिवारमा बस्दछन्। यहाँ कुल परिवार संख्या ५९,६६४ रहेको छ। यहाँको औसत परिवार पाँच सदस्यको छ। यो आकार नेपाल अधिराज्यको औसत परिवार आकार (५.५) भन्दा थोरैमात्र कम छ। यहाँ परिवारका संरचमामा चार जना सदस्य भएको परिवार सबभन्दा बढी र २० जना र सोभन्दा बढी सदस्य भएको परिवार सबभन्दा कम छन् जसको संख्या क्रमशः १०,३७१ र ९३ छन्।

उमेरको हिसाबले १० वर्षदेखि माथिका उमेर समूहलाई आर्थिक दृष्टिबाट सक्रिय हुन सक्ने जनशक्ति मानेको खण्डमा यहाँको कुल जनसंख्याको करीब ७० प्रतिशत (२,१०,१६३) आर्थिक दृष्टिबाट सक्षम जनशक्ति मान्न सकिन्छ। यहाँको २,१०,१६३ जना उपलब्ध जनशक्तिमध्ये १,२६,५३२ जना आर्थिक दृष्टिले काममा लागेका छन्। अर्को शब्दमा यहाँको उपलब्ध जनशक्तिको ६० प्रतिशत मात्र आर्थिक काममा सक्रिय र बाँकि ४० प्रतिशत (८३,७३१) निष्क्रिय छन्। आर्थिक दृष्टिले काममा लागेका जनशक्तिमध्ये पुरुष र महिला क्रमशः ७३ प्रतिशत (९२,८३९) र २७ प्रतिशत (३३,५९३) छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ सक्रिय जनशक्तिको ९५ प्रतिशत कृषि व्यवसायमा नै व्यस्त छन् । कृषि पछिको व्यवसाय क्रमशः वाणिज्य र व्यक्तिगत सामुदायिक सेवा हुन् । अन्य व्यवसाय क्षेत्रमा धेरै कम मानिसहरू लागेका छन् । यहाँ १० वर्षभन्दा माथिको जनसंख्या (२,१०,१६३) मध्ये काममा भएका जनसंख्या (१,२६,४३२) को व्यवसाय वर्गीकरण यस प्रकारको छ :–

व्यवसाय वर्गीकरणको तालिका

व्यवसाय क्षेत्र	संख्या
कृषि, वन र मतस्यपालन व्यवसाय	१,२०,२५२
उद्योग	६७९
बिद्युत ग्यास र पानी	३
निर्माण	३०
वाणिज्य	२,८१४
यातायात तथा सञ्चार	६८
लगानी तथा व्यावसायिक सेवा	४७
व्यक्तिगत सामुदायिक सेवा	२,२४२
जम्माः	१,२६,४३२

भाषा–भाषी

यहाँ राष्ट्रभाषा लगायत अन्य विभिन्न भाषाहरू बोलिन्छन् । यहाँ मैथिली भाषाको नै प्रधानता रहेको छ । यो भाषा यहाँको कुल जनसंख्याको करीब ९० प्रतिशत मानिसले बोल्दछन् । यो भाषा मुख्यतः यादव, कोइरी, सुडी, थारू, चमार, मुसहर, दुसाध, दनुवार, कुर्मी, केवट, धानुख, धांगर, हलखोर र हलुवाई जातिका मानिसहरू बोल्दछन् । यहाँ नेपाली भाषाको स्थान दोस्रो छ । यी भाषाहरूको अतिरिक्त यहाँ सम्बन्धित जातिका समुदायमा तामाङ, मगर, नेवारी, भोजपुरी, अवधी, थारू, राई किराती, गुरुङ, लिम्बू, भोटे, शेर्पा, दनुवार, सान्थली र स्थानीय जिल्ला भाषा पनि बोलिन्छ । नेपाली भाषाको चल्ती भने दिन प्रतिदिन बढ्दो छ । यस जिल्लाको निवासीको भाषागत विभाजन र स्थान निम्न बमोजिमको छः–

भाषा भाषी	जनसंख्या	कुल जनसंख्यामा प्रतिशत
मैथिली	२,७०,०००	८९.३१
नेपाली	१६,५३६	५.४६
मगर	१,५९०	५.३
तामाङ	१,८५७	६.१
अन्य भाषा	१२,३२१	४.१०
जम्माः–	३,०२,३०४	१००

(भोजपुरी, अवधि, थारू, राई किराती, गुरुङ, भोटे, शेर्पा, दनुवार, सान्ली, नेवारी समेत अन्य भाषामा समावेश गरिएको छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यादव, कोइरी, थारू, सुडी, तेली, हलुवाई, दुसाध, मुसहर, बडही, हजाम, बनिया, मुसलमान, दनुवार, बाहुन, क्षेत्री, तामाङ, मगर, लामा, राई आदि विभिन्न जनजातिको बसोबास भएको यस जिल्लामा यादव जातिको जनसंख्याको बसोबास अत्यधिक छ। यहाँ यादव जाति कुल संख्याको ४० प्रतिशत जति रहेको अनुमान छ। यहाँ विभिन्न जातिका मानिसहरू सबै भागमा छ्यासमिस गरी बसेका छन्। खासगरी मुसलमान जाति बढी संख्यामा मानपुर, मखनाहा, बेलाहा, सारस्वर, बकलवा आदि क्षेत्रमा केन्द्रित छन्।

यहाँ पनि आ-आफ्नो कुल, धर्म र चलन अनुसार विभिन्न चाहाड-पर्व मनाइन्छ। यहाँका अत्यधिक निवासीहरू वैशाख संक्रान्ति, अक्ष-तृतीया, एकादशी, श्रावण पूर्णिमा, रक्षा बन्धन, तीज, ऋषि पञ्चमी, दशैं, तिहार, माघे संक्रान्ति, वसन्त पञ्चमी, छठ, होली पूर्णिमा, शिवरात्री र चैत रामनवमी मनाउँदछन्। यहाँका अत्यधिक नारीवर्ग तीज र स्वस्थानी पूर्णिमालाई ठूलो पर्वको रूपमा लिन्छन्। यहाँ नेवारहरू गाईजात्रा पनि मनाउने गर्दछन्। यहाँका मुसलमानहरू मोहरम, ईद, वकरीद आदि पर्व ज्यादै उमङ्गकासाथ मान्ने गर्दछन्। यहाँ बच्चा पैदा हुँदा सुत्केरी बार्ने, मृत शोक बार्ने, बच्चा पैदा हुँदा छैठीको उत्सव मनाउने, अन्न प्राशन, कर्णवेद (कान छेड्ने), चूडा-कर्म, व्रतवन्ध आदि रीतिहरू पनि धेरै जसोमा प्रचलित छन्। यहाँ विभिन्न जातिहरूका बीच धार्मिक एवं सामाजिक सहिष्णुता र उदारता पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक व्यवस्था

कृषि

यस सिराहा जिल्लाको अर्थ व्यवस्थामा कृषिको स्थान सर्वोपरि छ। यहाँको अत्यधिक जनसंख्याको जीविका प्रत्यक्षतः कृषिमा नै आधारित छ। यहाँ आर्थिक दृष्टिले काममा संलग्न जनशक्तिको ९५ प्रतिशत जति कृषि व्यवसायमा लागेका छन्। निकासी व्यापारमा पनि प्रधानता रहेको कृषि क्षेत्रबाट सरकारी राजस्वमा मालपोतको माध्यमद्वारा करीब रू. ४८ लाख सालिन्दा यहाँ उठ्ने गरेको छ।

यस जिल्लामा खेत र पाखा दुवैमा विभिन्न बालीहरू लगाइन्छन्। खेतमा धान, गहुँ, मुगी, बदाम, खेसरी, मसूर, सनपाट (जूट), उखु बालीहरू लाग्दछन्। त्यस्तै पाखामा लाग्ने बाली मकै, कोदो, गहत, तील, मास, रहर, सुर्ती, उखु, हलेदो, अदुवा, तोरी, सर्स्यूं, बदाम, आलस आदि हुन्। धान र गहुँ खेतबाली र मकै र कोदो प्रमुख पाखा बाली हुन्। यहाँको कृषि उत्पादनमा सनपाट र सुर्ती पनि मुख्य मानिन्छन्। अन्य जिल्लामा जस्तै यहाँ पनि विभिन्न समयमा विभिन्न बालीहरू लगाउने, गोड्ने र काट्ने काम हुन्छ। जस्तो जेठ र भदौमा रोपेको धान क्रमशः असार तथा असोजमा गोडिन्छ र साउन तथा पुसमा काटिन्छ। भदैया धान वैशाख-जेठमा रोपेर साउन–भदौ ताका काट्ने काम हुन्छ।

यस जिल्लामा आवादी जमीन यहाँको कुल क्षेत्रफल १,०१,३०० हेक्टरको ८२ प्रतिशत अर्थात् ८२,५१८ हेक्टर (१,२१,४४८ बिघा) छ। उक्त आवादी जमीनको आधारमा प्रतिपरिवारको हिस्सामा १.४ हेक्टर पर्दछ। यहाँ पनि आवादी जमीनलाई खेत र पाखामा छुट्याइएको छ। खेतलाई धनहर जग्गा र पाखालाई भीट भनिन्छ। धनहर जग्गालाई अब्बल, दोयम, सिम र चाहार चार किसिमका र भीटलाई अब्बल र दोयम दुई किसिममा वर्गीकरण गरिएको छ। यहाँ धनहरतर्फ दोयम जमीन कुल धनहर जग्गाको करीब ६२ प्रतिशत हुन आउँछ। भीटतर्फ अब्बल जमीन सबभन्दा बढी छ। यहाँको आवादी जमीन सम्बन्धी तालिका तल दिइएको छ।

आवादी जमीन सम्बन्धी तालिका (क्षेत्र–हेक्टरमा)

जग्गाको किसिम	धनहर जग्गा	भीट	जम्मा
अब्बल	५,४१६	१३,५२६	१८,९४२
दोयम	४२,७२६	५६३	४३,२८९
सिम	१९,९६३	–	१९,९६३
चाहार	३९१	–	३९१
जम्माः–	६८,४९६	१४,०८९	८२,५८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त आबादी जमीनको अतिरिक्त यहाँ गौचर, पर्ती जग्गा र डगरबगर करीब १२,६०० हेक्टर रहेको अनुमान गरिएको छ। यसमध्ये केही आबाद-लायक रहेको छ।

आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लामा प्रमुख बालीहरूले ढाकेको क्षेत्र ७७,७८२ हेक्टर थियो। यहाँ खाद्यान्न बाली क्षेत्र कुल बाली क्षेत्रको करीब ९५ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०२८।०२९ को तुलनामा २०२९।०३० मा मुख्यतः धानको खेती क्षेत्र केही घटेको भए तापनि यहाँको खेतीमा निकै वृद्धि भएको फलस्वरूप यहाँको कुल बाली क्षेत्रमा ४,१०९ हेक्टर वृद्धि भएको थियो। अन्य बालीहरूमा खास तवरले घटबढ भएको देखिदैन। कृषि तथ्याङ्क २०२८ अनुसार यहाँ विगत वर्षहरूको प्रमुख बाली क्षेत्र निम्न तालिकामा दिइएको छ।

प्रमुख बाली क्षेत्रको तालिका

(हेक्टरमा)

आर्थिकवर्ष	२०२४।२५	२०२५।२६	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
खाद्यान्न बाली						
धान	६१,०००	६१,३००	६१,५००	६२,४००	६२,०००	६१,०००
मकै	२,०००	२,२००	२,५००	२,६००	२,६००	२,६००
गहुँ	२,५००	२,६००	३,१००	३,५००	४,०००	८,००२
कोदो	१,१५०	१,१५०	१,१२५	१,१५०	–	१,१५०
जौ	१५०	१२५	१००	१००	–	८०
जम्मा खाद्यान्न बाली क्षेत्र	६६,८००	६७,३७५	६८,३२५	६९,७५०	६८,६००	७३,८३२
नगदेबाली						
सुर्ती	१,१००	१,१२०	१,१५०	१,१५०	–	१,१७०
तोरी	८००	१,०००	१,१००	१,२००	–	१,२००
सनपाट	९५०	१,०००	१,१००	१,२००	–	१,१५०
उखु	२०	५०	७०	८०	–	८०
जम्मा नगदेबालीको क्षेत्र	२,८७०	३,१७०	३,४२०	३,६३०	–	३,६००
विविध						
आलु	१७५	२००	२२५	३००	–	३५०
जम्मा आलुको क्षेत्र	१७५	२००	२२५	३००	–	३५०
जम्मा बालीक्षेत्र	६९,८४५	७०,७४५	७१,९७०	७३,६८०	६८,६००	७७,७८२

कृषि उत्पादन

यहाँ २०२९।०३० को खाद्यान्न उत्पादन (धान, मकै, गहुँ, कोदो र जौ) १,०२,५३० मेट्रिक टन थियो। २०२७।०२८ को दाँजोमा २०२९।०३० मा गहुँको उत्पादन ६,२२२ मेट्रिक टन बढेको भए तापनि धानको उत्पादन २५,०४७ मेट्रिक टन घटेको कारणले कुल खाद्यान्नमा ५,५१७ मेट्रिक टन कम भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही वर्ष नगदेवाली (सुर्ती, तोरी, सनपाट र उखु) को उत्पादन ३,५२८ मेट्रिक टनबाट ३,६०१ मेट्रिक टन पुगेको थियो। यहाँको प्रमुख बाली उत्पादनको आँकडा तल प्रस्तुत गरिएको छ।

प्रमुख बाली उत्पादनको तालिका

(मेट्रिक टनमा)

आर्थिक वर्ष	२०२४।०२५	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
खाद्यान्न बाली						
धान	१,०२,४८०	१,०३,५९७	१,०७,०१०	१,११,०७२	१,१२,८४०	८६,९२५
मकै	२,४००	२,७५०	३,१००	३,५००	३२,५०	३,३८०
गहुँ	२,०००	२,३४०	२,८३०	२,०३०	२,३६०	१,१२५२
कोदो	१,३८०	१,३९१	१,३६१	१,३८०	–	९२०
जौ	१००	८४	६७	६७	–	५३
जम्माखाद्यान्न उत्पादन	१,०८,३६०	१,१०,१६२	१,१४,३६८	१,१८,०४९	१,१८,४५०	१,०२,५३०
नगदेबाली						
सुर्ती	८२५	८४०	८६२	८६८	–	८८९
तोरी	२४८	३००	३६३	३६०	–	४२०
सनपाट	७७९	८२०	९०७	९९६	–	१,०९२
उखु	३१२	७७५	१,१२०	१,३०४	–	१.२००
जम्मा नगदेबाली उत्पादन	२,१६४	२,७३५	३,२५२	३,५२८	–	३,६०१
विविध						
आलु	१,०५०	१,२००	१,३५०	१,८००	–	२,३२८
जम्मा आलु उत्पादन	१,०५०	१,२००	१,३५०	१,८००	–	२,३२८

यहाँको प्रमुख बाली धान नै हो। यहाँको केही क्षेत्रमा प्रत्येक वर्ष दुई धानबाली र अन्य भागमा धान खेती पछि गहुँ, जौ, तोरी, दलहन आदि लगाइन्छन्। भदैया धान वैशाख–जेठ महीनामा लगाई साउन-भदौ र अगहनी धान साउन-भदौ महीनामा लगाई मंसीर-पुस महीनामा काटिन्छन्। भदैया धान नरोपिएको खण्डमा अगहनी धान जेठ–असार महीनामा रोपेर कात्तिक–मंसीर महीनामा काट्ने काम हुन्छ। धान उत्पादन आर्थिक वर्ष २०२७।०२८ मा ६२,४०० हेक्टरबाट १,११,०७२ मेट्रिक टन र २०२९।०३० मा ६१,००० हेक्टरबाट ८६,९२५ मेट्रिक टन मात्र भएको थियो। २०२९।०३० को आर्थिक वर्ष धान उत्पादनको दृष्टिकोणले खराब वर्ष मानिएको थियो। खाद्यान्न आधिक्य मानिएको यो जिल्लाबाट धान उत्पादन राम्रो भएको सालमा सगरमाथा अञ्चलका पहाडी जिल्लाहरू र भारतमा चामलको निकासी हुने गरेको छ।

आर्थिक वर्ष २०२९।३० मा गहुँ बाली अभियान सञ्चालन भएदेखि यहाँ गहुँ बाली क्षेत्र र उत्पादन वृद्धि हुँदै आएको छ। फलतः यहाँ २०२७।२८ को गहुँ बाली क्षेत्र ३,५०० हेक्टर मात्र रहेकोमा २०२९।३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा ६,००२ हेक्टर पुग्यो। साथै २०२७।२८ को गहुँ उत्पादन केवल २,०३० मेट्रिक टनमात्र रहेकोमा २०२९।३० मा यो उत्पादन ११,२५२ मेट्रिक टन पुगेको थियो। यहाँको गहुँ उत्पादन प्रवृत्ति उत्साहबर्धक रहेको स्पष्ट छ।

मकै साधारणतः यस जिल्लाको उत्तरी क्षेत्रको पहाडी फेदीमा लगाइन्छ। २०२९।३० मा मकै २,६०० हेक्टरबाट ३,३८० मेट्रिक टन उत्पादन भएको थियो। यहाँ कोदो १,१५० हेक्टरमा खेती हुने गरेको छ। २०२९।३० मा यसको उत्पादन केवल ९२० मेट्रिक टन मात्र थियो। जौको खेती र उत्पादन यहाँ नगण्य नै रहेको छ।

सुर्ती विशेषतः जिल्लाको उत्तरी भेकमा उत्पादन हुने गरेको छ। २०२९।३० मा यहाँ सुर्ती उत्पादन १,१७० हेक्टरबाट ८८९ मेट्रिक टन भएको थियो। विगत २०२४।२५ देखि सुर्तीको बाली क्षेत्र र उत्पादनमा खास परिवर्तन आएको छैन। धनुषा जिल्लाको सदरमुकाम जनकपुरमा जनकपुर चुरोट कारखाना सञ्चालन हुनु अघि यहाँबाट भारतमा सुर्ती ठूलो परिमाणमा निकासी हुने गर्दथ्यो। यहाँ सुर्ती विकास संस्थानबाट पनि सुर्ती खेती हुने गरेको छ। यहाँको सुर्ती मुख्यतः जनकपुर चुरोट कारखाना र स्थानीय बिंडी कारखानाहरूले उपयोग गर्दछन्।

यस जिल्लाको खासगरी लाहान र सुखीपुरमा सनपात (जूट) उत्पादन हुने गरेको छ। २०२९।३० मा यहाँ सनपाट उत्पादन १,१५० हेक्टरबाट १,०९२ मेट्रिक टन भएको थियो। २०२४।२५ देखि सनपाटको बाली क्षेत्र र उत्पादन क्रमिकरूपमा वृद्धि हुँदै आइरहेको छ। यस जिल्लाको उत्तरी सीमानाको छिमेकी जिल्ला उदयपुर जिल्ला र यस जिल्लामा उत्पादन भएको सनपाट भारतमा निकासी हुने गरेको छ।

वि. सं. २०२९।३० मा उखुको खेती क्षेत्र र उत्पादन क्रमशः ८० हेक्टर र १,२०० मेट्रिक टन रहेका थिए। यहाँ २०२४।२५ मा केवल २० हेक्टरबाट ३१२ मेट्रिक टन उखु उत्पादन भएको थियो। यस जिल्लाको लाहानमा सात-आठ वर्ष अगाडि २,००० किलो चीनी उत्पादन गर्ने क्षमता भएको एक चीनी कारखाना स्थापना भएपछि यहाँको उखु खेतीमा वृद्धि हुँदै आएको थियो। तर त्यसबखत खासगरी यातायातको असुविधाले गर्दा चाहिने मात्रामा उखु उपलब्ध हुन नसकेकोले उक्त चीनी कारखाना बन्द भएको थियो। यहाँको उखु हाल खाडखारी चीनीको उत्पादनको लागि उपयोग गरिएको छ। २०३०।३१ देखि गाँजा खेतीमा प्रतिबन्ध लागेको हुँदा उक्त जमीनमा उखु खेती हुन सक्ने पनि प्रशस्त संभावना रहेको छ।

वि. सं. २०२९।३० सम्म गाँजा यहाँको प्रमुख बालीमध्ये एक मानिन्थ्यो। यो जिल्ला उत्तम गाँजा उत्पादनको लागि प्रख्यात थियो। उक्त वर्षसम्म अन्तःशुल्क कार्यालयबाट इजाजत पत्र लिई प्रतिबिघा रू. ३,५००। दुई किस्तामा तिरी अन्तःशुल्क कार्यालयबाट तोकिएको शर्त बमोजिम गाँजा खेती गरिन्थ्यो। अन्तर्राष्ट्रिय प्रचलन अनुकल २०३०।३१ देखि गाँजाको खेतीमा प्रतिबन्ध लगाइएको छ।

पशुपालन र चिकित्सा

यस जिल्लामा गाई, गोरु, राँगो, भैंसी, खसी, बाख्रा, बोका, भेडा, सुंगुर, हाँस, कुखुरा पालिन्छन्। कृषि गणना २०१८ मा यस जिल्लाको पशु-धन संख्या तत्कालीन सप्तरी जिल्लाको आँकडामा समाविष्ट भएको थियो। यहाँ गाई, गोरु, राँगो, भैंसी अन्य पशुको दाँजोमा सबभन्दा बढी संख्यामा रहेका छन्। यस जिल्लाको उत्तरी भेकमा बाख्रा, बोका पाल्नेको संख्या बढी मात्रामा पाइन्छ। गोरु र पाडो खेत जोत्ने र गाडा तान्ने काममा प्रयोग गरिन्छ। यहाँबाट केही भैंसी, गोरु, बोका, खसी, बाख्रा भारततर्फ पनि निकासी हुने गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशु-पालन नश्ल सुधार कार्यक्रम यहाँ सञ्चालन भइसकेको छैन। यहाँको कृषि विकास कार्यालयबाट उन्नत जातिको पशुहरू विक्री वितरण भएको छ। यहाँ कुखुरा पालन व्यवसाय बढी मात्रामा प्रचलित भइसकेको छैन।

यस जिल्लामा पशु-चिकित्साको निमित्त २०२६ सालदेखि पशु-चिकित्सालय रहेको छ। उक्त पशु-चिकित्सालयबाट गाउँ गाउँमा पशुहरूको औषधोपचारको सेवा पुऱ्याउँदै आएको छ।

फलफूल खेती

यस जिल्लामा मुख्यतः आँप उत्पादन हुन्छ। यस अतिरिक्त अम्बा, लिची, कटहर, ज्यामिर, कागती, मेवा, जामुन पनि केही मात्रामा यहाँ उत्पादन हुन्छ। यहाँ उत्पादन हुने आँप अन्य जिल्ला र भारततर्फ पनि निकासी हुने गरेको छ।

सिचाइ

वैज्ञानिक आधारमा बनेको नहर, कुलोको अभावमा यहाँको अत्यधिक खेती अनिश्चित वर्षा माथि निर्भर छ। यस जिल्लाको पश्चिम सीमानातिर हिउँदको सुखा बेलामा पनि पानी बग्ने कमला जस्ता नदी छन्। यस अतिरिक्त यहाँ मैनावती, सहजा, धुर्मी जस्ता साना नदीहरू पनि छन्। यी नदीहरूबाट यहाँको भूमिलाई सिचाइ गर्न प्रशस्त पानी उपलब्ध गर्न सकिन्छ।

यस जिल्लाको केही जमीनलाई खासगरी हाल कच्ची कुलो, लघु सिचाइ र "पाइप बोरिङ्ग" बाट सिचाइ उपलब्ध भइरहेको छ। यहाँ कमला, मैनावती, सहजा, धुर्मी नदीमा कच्ची कुलो निकाली त्यसबाट करीब ४,०१२ हेक्टर (५,९०० बिघा) जमीनमा बाह्रै महीना सिचाइ गरिएको छ। उक्त कच्ची कुलोको स्रोत कुलो रहेको पञ्चायत र कुलोबाट पटनी हुने जमीनको विवरण तल दिइएको छः—

कुलो रहेको पञ्चायत	कुलोको स्रोत	कुलोको लम्बाइ (किलोमिटरमा)	कुलोबाट पटनी हुने जमीन हेक्टर	बिघा
भेडिया	कमला नदी	४.८	५४४	(८००)
देवीपुर	मैनावती नदी	३.२	६८०	(१,०००)
बरहरा माल	कलमा नदी	४.८	४०८	(६००)
इटाटार तेलुवापर्ट	सहजा नदी	१.६	१३६	(२००)
आसोपुर कलकवा	मैनावती नदी	१.६	२७२	(४००)
महनौर	" "	४.८	४०८	(६००)
चन्द्रलालपुर	" "	३.२	२०४	(३००)
वेतौना	" "	१.६	६८०	(१,०००)
आसोपुर बलकवा र वेतौना	" "	३.२	२०४	(३००)
कल्याणपुर काला बंजार	कमला नदी	२.४	१०२	(१५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोकाहा	कमला नदी	२.४	१०२	(१५०)
राधोपुर	" "	४.७	१३६	(२००)
गमहरिया महेशपुर	घुर्मी नदी	३.२	१३६	(२००)

वि. सं. २०२४ सालमा यहाँ लघु सिचाइ कार्यक्रम अन्तर्गत बेलाहा, सुन्दरपुर, अर्नामा, ठंगही, सन्हैया, बरियारपट्टि र श्रीपुर समेत सात स्थानमा "पाइप बोरिङ" भएको थियो। त्यसमध्ये बेलहार सुन्दरपुरको लघु सिचाइ योजना बाहेक अरू चालू रहेका छन्। यहाँ लघु सिचाइबाट ४,००० हेक्टर जति जमीन सिचाइ गरिएको छ। यसको विवरण तल दिइएको छः–

समाप्त भएका लघु सिचाइ	सिचाइ क्षेत्र
गागन नदी	३०० हेक्टर
बाबुराम नदी	२,५०० हेक्टर
लौनियादाहाल सिचाइ	१,००० हेक्टर
राजुकर पोखरी	१५० हेक्टर
रामपुर पोखरी	५० हेक्टर
जम्माः–	४,००० हेक्टर

यहाँ कृषकहरूले २५० जति ठाउँमा "पाइप बोरिङ" गरी आफ्नो खेतमा सिचाइ सुविधा उपलब्ध गरिआएका छन्। यसबाट करीब ७०० हेक्टर जमीन सिचाइ भइरहेको अनुमान छ।

लाहान नजीक स्थित खुट्टी नदीमा बाँध बाँधी करीब ठूलै क्षेत्रफलमा सिचाइ व्यवस्थाले ढाक्ने लक्ष्य राखी खुट्टी सिचाइ आयोजना सञ्चालन गरिएको थियो। रू. १६,५०,०००। अनुमानित लागत भएको यस आयोजना अन्तर्गत उक्त खुट्टी नदीमा नहरसम्म तयार भएको थियो तर पानीको अभाव जस्ता कारणबाट बाँध बाँधी सिचाइ सुविधा उपलब्ध गर्न सकिएको छैन।

सिराहा र धनुषा जिल्लाको सिचाइ समस्या समाधान गर्ने उद्देश्यले यी दुई जिल्लाको ५० प्रतिशत जमीनलाई सिचाइ गर्ने क्षमता-युक्त कमला नहर आयोजनाको पश्चिमी नहर निर्माण कार्य दोस्रो योजना अवधिमा चालू भएको थियो। यस पछि ०२२ सालमा विभिन्न कारणवश यसमा प्रगति हुन सकेन र काम रोकियो। चौथो योजनामा कमला नहर निर्माण कार्य पुनः सञ्चालन गर्ने लक्ष्य राखिएको छ। यस नहरको प्रथम चरणमा २२,५०० हेक्टर जमीनको लागि सिचाइ सुविधा उपलब्ध हुने अनुमान भएको पाइन्छ। यस निमित्त धनुषा जिल्लाको पोर्ताहा गाउँ नजीक कमला नदीमा बाँध बाँधी दुवै किनारबाट नहर निकाल्ने कार्यक्रम रहेको छ। यो आयोजनाको प्रथम चरणको कामको लागि मात्र पाँच करोड ५० लाख रूपैयाँ लाग्ने अनुमान रहेको देखिन्छ। यो आयोजनाको समाप्तिमा यस जिल्लाको सिचाइ समस्या धेरै समाधान हुने आशा गरिएको छ।

कृषि विकास

यस जिल्लामा कम्पोष्ट तथा हरियो मल जस्ता परम्परागत तरीकाबाट बनाइने स्थानीय मलखाद, गाउँ घरका लोहारबाट पुरानो ढङ्गमा बनाइने हलो कोदालो जस्ता स्थानीय कृषि औजार र परम्परागत कृषि तरीकाको प्रयोग ज्यादातर रहेको छ। यहाँ उन्नत बीउले ढाकेको क्षेत्र निकै कम भएको तथ्य निम्न तालिकाबाट देख्न सकिन्छ :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नत बीउले ढाकेको क्षेत्रको तालिका (हेक्टरमा)

बाली	२०२२।२३	२०२३।२४	२०२४।२५	२०२५।२६	२०२६।२७
धान	६७	२८२	१,८८५	२६९	२५६
मकै	–	–	१६९	२०७	४२८
गहुँ	७	४०	१६०	१,३५५	२,३४३

त्यस्तै यहाँ रासायनिक मलको प्रयोग पनि कम मात्रामा हुने गरेको थियो। यस सम्बन्धी विवरण तल दिइएको छः–

रासायनिक मल प्रयोगको तालिका (मेट्रिक टनमा)

बाली	२०२३।२४	२०२४।२५	२०२५।२६	२०२६।२७
धान	२०	३२	७४	२७
गहुँ	१.६	३१	७४	१८६
मकै	०.१		७	११
आलु	०.२		७	७

केही वर्ष यतादेखि उन्नत बीउ, रासायनिक मल, कीटाणुनाशक औषधि, उन्नत कृषि औजारको प्रयोग बढ्दै गएको छ। सिराहास्थित कृषि विक्री संस्थानको विक्री केन्द्रबाट २०२५।२६ मा रासायनिक मल र उन्नत बीउ क्रमशः १२० र ३९ मेट्रिक टन विक्री भएकोमा २०२९।३० मा उक्त विक्री क्रमशः ३८१ र ६५ मेट्रिक टन पुगेको थियो। पर्सा जिल्लाको सदरमुकाम वीरगञ्जस्थित कृषि औजार कारखानाद्वारा उत्पादित उन्नत खालका हलो, कोदालो, हँसिया, हैरो, थ्रेसर जस्ता कृषि औजार र विदेशमा निर्मित पम्पको प्रयोग पनि यहाँ क्रमिक रूपमा बढ्दै आइरहेको छ।

कृषि ऋण

कृषकहरूलाई कृषि उपकरणहरूको खरीद र अन्य सामाजिक विधि व्यवहार समेतको प्रयोजनका लागि ऋणको आवश्यकता पर्दछ। यस जिल्लामा कृषि ऋणको प्रमुख स्रोत गाउँ घरका साहू महाजन नै मानिन्छन्। सानातिना खेतीपाती गर्नको लागि साहू महाजनबाट कृषि ऋणको लागि संस्थागत व्यवस्था अन्तर्गत कृषि विकास बैंक, सहकारी संस्था र ग्राम समिति कृषि ऋणका मुख्य स्रोतहरू हुन्। यी संस्थाहरूबाट कृषि ऋण बिदा ६.५ प्रतिशतदेखि नौ प्रतिशतसम्म ब्याज लिने गरिन्छ। यहाँ रहेको कृषि विकास बैंकको उप-शाखाले खाद्यान्न र नगदेबाली उत्पादन, कृषि उपकरण, यन्त्र र सिचाइ सामग्रीको खरीद र कृषि उद्योगको सञ्चालन आदि प्रयोजनको लागि ऋण दिने गरेको छ। २०२९।३० मा यस बैंकले यहाँ रू. ९,६३,०००। ऋण दिएको थियो। यहाँको बहुमुखी सहकारी संस्थाले कृषि उपकरण खरीदको लागि नगण्य रूपमा मात्र ऋण उपलब्ध गर्न सकेका छन्। हाल यहाँको ऋणको आवश्यकताको दाँजोमा ऋण सुविधा थोरै मात्रामा उपलब्ध भइरहेको भएतापनि वित्तीय संस्थाहरू कृषि ऋण विस्तृत गर्न सक्रिय रहेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहकारिता

सघन कृषि विकास कार्यक्रम सञ्चालन भएको जिल्लामा जस्तो यस जिल्लामा सहकारी कार्यक्रम प्रारम्भ भइसकेको छैन। यहाँको सुखीपुर र सारस्वरमा रहेका बहुमुखी सहकारी संस्थाहरूको सदस्य संख्या ३२४ र शेयर पूँजी रू. १४,०६७। छ। २०२९।३० मा यी संस्थाबाट कृषि उपकरणहरूको खरीदको लागि आफ्ना सदस्यहरूलाई नगदमा रू. ३६,३४१। र जिन्सीमा धान ३६ मेट्रिक टन (८९५ मन) कृषि ऋण प्रदान भएको छ। हालसम्म यस जिल्लामा सहकारी संघ स्थापना भइसकेको छैन। यहाँ निर्दिष्ट सहकारी संस्थाहरू वृद्धि गर्दै लैजानुको अतिरिक्त जिल्ला सहकारी संघ स्थापना गर्ने लक्ष्य रहेको छ।

कृषि विकास कार्यक्रमको दृष्टिकोणबाट सिराहा जिल्लालाई अन्तरिम जिल्लाकै रूपमा राखिएको छ। यस प्रसंगमा अन्तरिम जिल्ला भनेको सिचाइको संभाव्यता भएको र केही मात्रामा सिचाइको सुविधा प्राप्त, निकतटम क्षेत्रसम्म यातायातको सुविधायुक्त, नजीक क्षेत्रमा कृषि सम्बन्धी संस्थागत सुविधा प्राप्त र उन्नत कृषि पद्धति अपनाउन कृषकहरूमा चाँडै नै जागरुकता बढाउन सकिने संभाव्यता भएको जिल्ला हो। कृषि सम्बन्धी आधारभूत कुराहरूको विकास हुँदै आएपछि यस्तो अन्तरिम जिल्लालाई सघन कृषि कार्यक्रममा परिणत गरिन्छ। कृषि प्रसार विभागको कृषि विकास कार्यक्रम २०२८।२९ अनुसार कृषि सम्बन्धी अन्तरिम जिल्ला (सिराहासमेत) मा निम्न कार्यक्रम सञ्चालन भएको छः–

(क) उन्नत कृषि पद्धति अपनाउन कृषकहरूको अभिरुचि बढाउने तरीका प्रदर्शन, नतीजा प्रदर्शन, अगुवा तालीम जस्ता कृषि प्रसार तरीकाहरूको प्रयोग आदिद्वारा कृषकवर्गलाई उन्नत कृषि पद्धति र उपकरण-हरूको प्रयोग अपनाउन लगाउने कार्यक्रम।

(ख) कृषि विकासको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम।

(ग) कृषि विकासको लागि चाहिने सामग्रीहरू र साधनहरू कृषकवर्गलाई आवश्यकतानुसार चाहिएका समयमा उचित मूल्यमा सरल तरीकाले उपलब्ध गराउने कार्यक्रम।

कृषि विकास कार्यक्रम सञ्चालनको लागि सिराहामा कृषि विकास कार्यालय रहेको छ। कृषि विकासको सिलसिलामा बीजोपचार, माटो उपचार, उन्नत बीउको छनौट, बाली संरक्षण, रासायनिक मलको प्रयोग आदि बारे प्राविधिज्ञहरूबाट प्रसार कार्य, मलखाद,बाली संरक्षण, झार नियन्त्रण सम्बन्धी नतीजा प्रदर्शन, अगुवा तालिम, कृषि मेला प्रदर्शन र कृषि सभा र बाली प्रतियोगिता सम्पन्न हुँदै आएका छन्।

भूमि व्यबस्था

यस सिराहा जिल्लामा आर्थिक तथा सामाजिक दृष्टिकोणबाट महत्वपूर्ण भएको भूमिसुधार कार्यक्रम २०२३ सालमा लागू भएको हो। यहाँ जग्गाको नापी कार्य सम्पन्न भइसकेपछि भूमिसुधारको नतीजा दिगो राख्न समेतको लागि भूमि प्रशासन पनि लागू भएको छ।

यहाँ भूमिसुधार कार्यक्रम अन्तर्गत हदबन्दीभन्दा बढी जग्गा २४३ हेक्टर (३५८ विघा) प्राप्त भएको र ४३ हेक्टर (६३ बिघा) जफत भएको थियो। तर अदालती कारवाईको फलस्वरूप हदबन्दीभन्दा बढी जग्गा १५३ हेक्टर (२२५ बिघा) मात्र कायम हुन आएको छ। यहाँ क्षेत्रिय पुनर्वास टोलीबाट जग्गा बिक्री वितरण हुने कार्यक्रम रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिसुधार अन्तर्गत ऋण रकम निश्चित गर्ने कार्यक्रम अनुसार यहाँ नगदमा रू. २,८०,७६३। र जिन्सीमा १९६ मेट्रिक टन (५,१०४ मन) कृषि ऋण निश्चित भएको छ। साथै साहूलाई बुझाउन नपर्ने ऋण नगद रू. १,४२,९३४। र जिन्सी ५९ मेट्रिक टन (१,५३९ मन) कायम भएको छ।

यस जिल्लामा २०,००० मोहीहरूलाई मोहियानी हकको स्थायी प्रमाण-पत्र वितरण भइसकेको छ। बाँकी मोहीहरूलाई पनि स्थायी प्रमाण-पत्र वितरण हुँदै गरेको छ। भूमिसुधारको उद्देश्य र कार्यक्रमप्रति जागरुकता ल्याइएकोले मोहियानी बेदखली नगण्य मात्र हुने गरेको छ।

आर्थिक वर्ष २०३०।३१ को बालीदेखि यहाँ आवादी जग्गाको वर्गीकरणको आधारमा मोहीले जग्गा-धनीलाई बुझाउनु पर्ने कूत निम्न बमोजिम निर्धारित भएको छः–

जग्गाको किसिम	धनहर खेत	(धान)	भीट पाखो	(मकै)
अब्बल	५६० के. जी.	(१५ मन)	३१७ के. जी.	(आठ मन २० सेर
दोयम	४२९ के. जी.	(११ मन २० सेर)	२४३ के. जी.	(छ मन २० सेर)
सिम	३१७ के. जी.	(आठ मन २० सेर)		
चाहार	२०५ के. जी.	(पाँच मन २० सेर)		

वि. सं. २०२९।३० सालसम्ममा यहाँ अनिवार्य बचतको रूपमा नगदमा रू. ८,३१,७८९। र जिन्सीमा ५०० मेट्रिक टन (१२,९९३ मन) उठ्ति भएको छ। त्यसमध्ये केही रकम कृषि कार्यको निमित्त ऋण उपलब्ध गरिएको छ। जिन्सीको रूपमा उठेको बचत नगदमा परिणत गरी कृषि विकास बैंकमा रू. ७,६५,९६९। र स्थानीय बैंकमा रू. ४७,०५९। समेत जम्मा रू. ८,१३,०२९। निक्षेपको रूपमा राखिएको छ।

यस जिल्लामा जग्गा-धनीको कुल संख्या ७९,७९८ छ। यहाँ २.७ हेक्टर (चार विघा) भन्दा कम जग्गा हुने जग्गा-धनीको संख्या यहाँको कुल जग्गा-धनी संख्याको करीब ९३ प्रतिशत छ। जग्गामा स्वामित्व रहेको आधारमा यिनको वर्गीकरण यसप्रकारको छः–

२.७ हेक्टर (चार विघा) भन्दा कम जग्गा हुने जग्गा-धनीको संख्या	७४,६२४
२.७ हेक्टरदेखि ६.८ हेक्टर (४–१० बिघा) सम्म जग्गा हुने	४,४६४
६.८० हेक्टरदेखि १०.२ हेक्टर (१०–१५ बिघा) सम्म जग्गा हुने	६५९
१०.२० हेक्टरदेखि १९.४ हेक्टर (१५–२८ बिघा) सम्म जग्गा हुने	५१
जम्मा जग्गा-धनी संख्या	७९,७९८

भूमि प्रशासन लागू भएपछि यहाँ जमीनदारी, तालुकदारी र मौजा प्रथा अन्त्य भएका छन्। यहाँ हाल सिराहा मालको स्थानमा खडा भएको कोष तथा तहसील कार्यालयबाट डोर खटाई मालपोत असूल उपर गर्ने गरिन्छ। भूमि प्रशासन कार्यालयले कोष तथा तहसील कार्यालयलाई दिएको लगत अनुसार यस जिल्लाको मालपोतको लगत रू. ४८,३५,७४४। रहेको छ।

उद्योग

यस कृषि-प्रधान तराई जिल्लामा उद्योगको नाममा माटोको भाँडा उत्पादन गर्ने जस्ता कुटीर उद्योगहरू, चामल, तेल र बिंडी कारखानाहरू र इँटा भट्टा प्रतिष्ठानहरू केही संख्यामा मात्र छन्। नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०२८ सालको जनगणना अनुसार यस जिल्लाको उद्योग क्षेत्रमा केवल ९७६ जना अर्थात् जिल्लाभरमा आर्थिक दृष्टिकोणले काममा संलग्न जनशक्तिको ०.८ प्रतिशत जति लागेका छन्। यहाँ आयकर तिर्ने उद्योगपतिहरू पनि केवल ३३ जना मात्र छन्। यहाँका उद्योगहरूबाट अन्तःशुल्क बापत एक लाख रूपैयाँभन्दा केही बढी रकम मात्र प्राप्त हुने गरेको छ। यी मूलभूत तथ्यबाट के स्पष्ट हुन्छ भने यहाँको औद्योगिक स्थिति प्रारम्भिक चरणमा नै रहेको छ।

वि. सं. २०२२ सालमा देशमा सर्वप्रथम सम्पन्न औद्योगिक गणनाको बखत यहाँ चामल कारखाना २९, तेल कारखाना एक, बिंडी कारखाना दुई, इँटा टायल एक र मर्मत कार्यशाला एक समेत जम्मा ३४ वटा उद्योगहरू मात्र रहेको कुरा उक्त औद्योगिक गणनाले देखाउँछ। २०२२ सालको उक्त औद्योगिक गणना पश्चात यहाँ यी परम्परागत उत्पादन क्षेत्रमा उद्योगहरूको संख्यामा ५० प्रतिशतभन्दा केही बढी वृद्धि भएको भएतापनि नयाँ उत्पादन क्षेत्रमा उद्योगहरू देखापरेका छैनन्। यहाँ हाल निम्नबमोजिमका जम्मा ७३ वटा उद्योगहरू छन्:—

उद्योगका प्रकार	संख्या
ठूला चामल कारखाना (तेल उत्पादन संलग्न पाँच एकाई समेत)	९
भाडामा धान कुट्ने, पीठो पिंध्ने स-साना कारखाना	५३
बिंडी कारखाना	९
इँटा भट्टा	२
जम्माः—	७३

यहाँको प्रमुख उद्योग चामल र तेल कारखाना हुन्। यहाँ ठूला साना चामल कारखाना जम्मा ६२ वटा छन्। यी कारखानाहरू यहाँको कुल उद्योग संख्याको ८३ प्रतिशत हुन आउँछ। यहाँका केही चामल कारखानामा तेल पेल्ने र गहुँ पिंध्ने एकाईहरू पनि रहेका छन्। आर्थिक वर्ष २०२९।०३० मा सम्पूर्ण चामल कारखानाहरूले तिरेको अन्तःशुल्क रू. ९१,८५९। मात्र थियो। यहाँको चामल कारखानामध्येका जम्मा नौवटा ठूला चामल कारखानामा ४३० जना कामदारहरूले रोजगारी पाएका छन्। यस जिल्लाका धेरैजसो ठूला चामल कारखानाहरू लाहानमा केन्द्रित छन्। यहाँका ठला चामल कारखाना मुख्यतः निम्न हुन्:—

चामल कारखानाको नाम

गौरी शंकर राइस मिल, सिराहा
पशुपति राइस मिल, लाहान
हनुमान राइस मिल, माछर, चन्द्रगञ्ज
लाहान राइस मिल, लाहान
शंकर राइस मिल, लाहान
उमाशंकर राइस मिल, सारस्वर
कैलास राइस मिल, भाइरचन्द्रगञ्ज
शारदा राइस मिल, ठाडी विश्वासपट्टी

यहाँको दोस्रो मुख्य उद्योग बिंडी उत्पादन हो। हाल यहाँ बिंडी कारखाना केवल नौवटा मात्र छन्। यी कारखानामा १२५ जना व्यक्तिहरूले काम पाएका छन्। आर्थिक वर्ष ०२९।०३०मा यी उद्योगबाट अन्तःशुल्क बापत रू. १७,४३५। प्राप्त भएको थियो। यहाँका यी उद्योगहरूले भारतबाट बिडीको पात र सुर्ती पैठारी गर्ने गरेका छन् तापनि स्थानीय सुर्तीको उपयोग पनि गर्ने गरेका छन्। यहाँका बिंडी कारखाना निम्न हुन्:—

बादल छाप बिंडी फ्याक्टरी, सिराहा
तारा सूर्य बिंडी फ्याक्टरी, मानपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम स्वरूप बिंडी फ्याक्टरी, लाहान
शेर छाप बिंडी फ्याक्टरी, लाहान
दी मनीर बिंडी फ्याक्टरी, लाहान
दी मोती फूल बिंडी फ्याक्टरी, मखनाहा
दुर्गा छाप बिंडी फ्याक्टरी, कल्याणपुर
मुकुन्द बिंडी फ्याक्टरी, गोलबजार
मैना सुन्दरी बिंडी फ्याक्टरी

यस जिल्लाको लाहानमा चौधरी इँटा भट्टा र मखनाहामा कृष्ण इँटा भट्टा समेत जम्मा दुईवटा इँटा भट्टा छन् ।

आर्थिक वर्ष २०२२।०२३ मा यहाँ पशुपति सुगर मिल नामको एउटा चीनी कारखाना खोलिएको थियो । चीनी कारखानाको २,००० किलो चीनी उत्पादन गर्ने क्षमता थियो । तर केही अवधि पछि नै उखुको कमीको कारणसमेतबाट सो चीनी उद्योग बन्द भयो ।

यहाँ माटोको भाँडा, खद्दरको कपडा, कम्बल, टोकरी, ढकी आदि विभिन्न प्रकारका वस्तुहरू उत्पादन गर्ने केही घरेलु उद्योगहरू छन् । तर ती सबै साना आकारका हुनुको अतिरिक्त असंगठित रूपमा नै छन् ।

खासगरी चामल कारखानामा मात्र औद्योगिकीकरण सीमित रहेको यस जिल्लामा औद्योगिक वात।वरण र आधार सिर्जना गरी औद्योगिक विकास सम्भव तुल्याउनु परेको छ । यहाँ चुरोट, जर्दा, हाड, छाला प्रशोधन, मैदा, घ्यू प्रशोधन र वनस्पति घ्यू र चीनी उद्योगहरू खोल्न सकिने धेरै संभावना छ ।

अन्तःशुल्क

यस जिल्लाका उपर्युक्त ७३ उद्योगहरूबाट विगत चार वर्षहरूमा प्राप्त भएको अन्तःशुल्कको तालिका तल दिइएको छः—

स्रोत	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
चामल	४७,९४६	७२,४५४	१,१४,१४८	७२,६२७
तेल	२३,०७०	१६,३००	२०,७६८	२६,२२८
बिंडी	८,११४	७,८४३	११,३२६	१७,४३५
जम्माः—	१,०६,१३०	९६,५९७	१,४६,७४५	१,१६,२९०

व्यापार

यस जिल्लाको दोस्रो प्रमुख व्यवसाय व्यापार हो । नेपालको २०२८ सालको जनगणना अनुसार आर्थिक दृष्टिले काममा संलग्न यहाँको जनशक्तिको २.२ प्रतिशत अर्थात् २,०१४ जना व्यापार व्यवसायमा लागेका छन् । यस जिल्लाको व्यापारिक कारोवार स्वदेशी व्यापारतर्फ उदयपुर, ओखलढुङ्गा, खोटाङ, जनकपुर र सप्तरी जिल्लाहरूसित र वैदेशिक व्यापारतर्फ भारतसित मुख्य रूपमा हुने गरेको छ । दक्षिण सीमाना भारत भएको र यस जिल्लाको सदरमुकाम सिराहा र भारतको जयनगरको बीच सीमाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार पनि सञ्चालन हुने गरेको छ।

यस जिल्लाको बजारहरू लाहान, सिराहा, माड्र, माटो पोखरी, सुखीपुर, भवानीपुर, मिर्चिया, मुक्सार, गोलबजार, चैनपुर, नैनपुर, कल्याणपुर, औरही आदि हुन्। यी सबै बजारहरू धान खरीद-बिक्रीका लागि प्रख्यात छन्। यस अतिरिक्त यहाँ दैनिक आवश्यकताका उपभोग्य वस्तुहरूको बेचबिखन हुने गर्छन्। यी ठाउँहरूमा बराबर हाट बजार पनि लाग्दछन्। यी हाट बजारमा खासगरी स्थानीय उत्पादनका वस्तुहरूको खरीद–बिक्री हुने गर्छ। उपर्युक्त बजारहरूमध्ये लाहान, सिराहा, माड्र जिल्लाकै प्रमुख व्यापार केन्द्रहरूका रूपमा अवस्थित छन्। यी प्रमुख व्यापार केन्द्रहरूमा निम्न बमोजिमका पसल, गोला र थोक बिक्रेता छन्:–

व्यापार केन्द्र	पसल	गोला	थोक बिक्रेता	जम्मा
लाहान	१००	१५	१५	१३०
सिराहा	३०	७	१	३८
माड्र	२०	१	६	२७

उपर्युक्त व्यापार केन्द्रहरूमा खाद्यान्न तथा कृषिजन्य वस्तु, दैनिक जीवनका अत्यावश्यक वस्तु, निर्माणात्मक सामग्री लगायतका विभिन्न वस्तुहरूको आन्तरिक व्यापार सञ्चालन हुने गर्दछ। यी केन्द्र छर-छिमेकी जिल्लाहरूसितको प्रादेशिक व्यापार तथा भारतसितको वैदेशिक व्यापार केन्द्र पनि हुन्। यस जिल्लाको सबभन्दा ठूलो व्यापार केन्द्र लाहान पहाडी क्षेत्रका जरीबूटी, राडी–पाखी र अन्य वस्तुहरूको संकलन केन्द्र पनि मानिएको छ। साथै यो सनपाट बजारको केन्द्रविन्दु पनि हो।

यस जिल्लाको आफ्नो उत्पादनमध्ये वस्तुगत व्यापारमा खाद्यान्न, सुर्ती र सनपाट व्यापार नै मुख्य छन्। नेपालको कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२७।०२८ मा ४,३६४ मेट्रिक टन खाद्यान्न आधिक्य रहे जस्तै खाद्यान्न आधिक्य रहने गरेको यस जिल्लामा मुख्यतः चामलको व्यापार सबभन्दा ठूलो मानिन्छ। चामलको निकासी भारतमा सालिन्दा ठूलो परिमाणमा हुने गरेको छ। यहाँका कृषकहरू र जग्गाधनीहरूले आ-आफ्नो आधिक्य खाद्यान्न साधारणतः चामल कारखाना, गोलावाला र चट्टी (धान किन्नको लागि पसल थापी बस्ने व्यापारी) लाई बिक्री गर्दछन्। यहाँ भदैया धान कात्तिकमा र अगहनी धान पुसदेखि चैतसम्ममा र गहुँ वैशाख–जेठमा खूबै खरीद-बिक्री हुन्छन्। यहाँ सुर्तीको व्यापार पनि अर्को महत्वपूर्ण व्यापार हो। धनुषा जिल्लाको सदरमुकाम जनकपुरमा चुरोट कारखाना स्थापना हुनु अघि यहाँबाट भारतमा निकासी हुने गरेको सुर्तीको अधिकांश भाग हाल जनकपुर चुरोट कारखानामा नै खपत हुने गरेको छ। त्यस्तै गाँजा खेतीमा प्रतिबन्ध लाग्नुभन्दा अघि गाँजाको व्यापार पनि यहाँ प्रशस्त हुने गरेको थियो। उत्तरी सीमानाको छिमेकी उदयपुर जिल्लामा उत्पादित सनपाटको लागि पनि यो जिल्ला नै मुख्य केन्द्र भएकोले यहाँको प्रमुख वस्तुगत व्यापारमा सनपाटको स्थान पनि राम्रो मानिएको छ। यहाँको अन्य वस्तुगत व्यापारमा दैनिक उपभोग्य वस्तु नै प्रमुख छन्। वैदेशिक व्यापार भारतसित नै केन्द्रित हुने गरेको यस जिल्लाको निकासी वस्तुमा चामलको र पैठारी वस्तुमा कपडा र अन्य उपभोग्य वस्तुको नै प्रधानता रहेको छ। यहाँका मुख्य मुख्य निकासी तथा पैठारीका वस्तुहरू निम्न हुन्:–

निकासीका वस्तुहरूमा चामल, धान, सनपाट, सुर्ती, छाला, हाड, जरीबूटी, राडी-पाखी, सुन्तला, घ्यू, राँगा, पाडा-पाडी, खसी-बोका, भेडा, आँप, तोरी, तेल, आलस आदि मुख्य हुन्। त्यस्तै पैठारीका वस्तुहरू लत्ता-कपडा, नून, मट्टीतेल, पेट्रोल, डिजेल, औषधि, भृङ्गारका सामान, यान्त्रिक सामान, फर्निचर, विकास तथा निर्माण सम्बन्धी सामान र अन्य उपभोग्य सामान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्सार

आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्मको चार आर्थिक वर्षको तथ्याङ्कको आधारमा यस जिल्लाको औसत वार्षिक भन्सार आय रू. ८,६१,४७१। हुन आउँछ। यहाँको खैरटो मूल भन्सार कार्यालय र छोटी भन्सार मार्फत सम्पन्न भएको निकासी पैठारी कारोबारबाट भएको विगत वर्षको भन्सार आयको विवरण तल प्रस्तुत गरिएको छ । २०२९।०३०।देखि समुद्रपारका मुलुकहरूसित यहाँको भन्सारबाट आयात निर्यात नभएकोले भन्सारको आय घटेको छ।

भन्सार	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
मूल भन्सार कार्यालय, खैरटो	३,३७,६४५	२,२६,४७९	३,०७,१३२	१,४२,३११
छोटी भन्सार, इनरुवा	४,७८,९८०	२,२६,३८१	२,०१,३५१	२,७५,५९२
छोटी भन्सार, लगडी	१२,८२९	८,८७८	१९,०९५	१२,३२७
छोटीभन्सार, औरही	१५,६४५	८,८८३	२२,६२२	१०,००१
छोटी भन्सार, बरियारपट्टी	८६,३६५	९९,२४८	१,११,२०३	३९,२४६
छोटी भन्सार, नरगी	१,१५,३३४	७०,४९७	८३,६३०	७७,५७७
छोटी भन्सार, झाँझपट्टी	८७,४३१	३१,५१३	३८,७५९	६७,३६०
छोटी भन्सार, ठाडी विश्वासपट्टी	५८,५४७	५४,४०३	६२,५६२	३७,३७९
अस्थायी छोटी भन्सार, कमलपुर	४,२१०	३,५९९	८,१८४	२,६९६
जम्माः–	११,९६,९८६	७,२९,८८१	८,५४,५३८	६,६४,४८९

कर

यस जिल्लामा उठेको आयकरमा व्यापारीहरूको योगदान नै अत्यधिक छ। यहाँको आयकर-दाताको जम्मा संख्या १५५ को करीब ६४ प्रतिशत अर्थात् ९९ जना व्यापारीहरू आयकर-दाता छन्। यस जिल्लाबाट उठ्ने आयकरमा उद्योगपति,व्यापारी र कर्मचारीबाट तिरेको आयकर रकम समावेश भएका छन्। यहाँ आयकर वर्षमा सालाखाला रू. १,२४,६४९। उठ्ने गरेको छ । यहाँ प्रत्येक वर्ष आयकर बढ्दै गइरहेको छ। यहाँको व्यापारबाट हुने अर्को सरकारी राजस्व बिक्री कर हो । यहाँको वार्षिक बिक्री कर सालाखाला रू. १,७५,२२९। पुग्ने गरेको छ ।

बैंक

यस जिल्लाको सदरमुकाम सिराहामा नेपाल राष्ट्र बैंकको सटही प्रबन्ध टोली रहेको छ । यसको शाखा खैरटो, बरियारपट्टी र लाहानमा छन् । उक्त बैंकको सटही प्रबन्ध टोलीले आफ्ना शाखा रूपमा रहेका सटही काउण्टरको प्रबन्ध, रेखदेख,नियन्त्रण र विदेशी मुद्रा र नेपाली मुद्रा पुऱ्याउने काम गरिआएको छ।

यस जिल्लाको सिराहामा राष्ट्रिय वाणिज्य बैंक र लाहानमा नेपाल बैंक छन्। यी वाणिज्य बैंकहरूले निक्षेप संकलन, कर्जा तथा लगानी, रकम स्थानान्तर, बीजक संकलन कार्य, मालसामान निकासीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाध्य बीजकमा पेश्की, मालसामान पैठारी गरिएका बीजकहरूको भुक्तानी, बीजक खरीद सुविधा, आयात कर्ता हिसाब आदि सेवाहरू पुऱ्याउदैं आएका छन्। यी बैंकहरूको मुख्य लगानी धान चामलमा छ।

कृषि विकास बैंकको उप-शाखा सिराहामा रहेको छ। यस बैंकले मुख्यतः कृषकहरूलाई खाद्यान्न र नगदेबालीको उत्पादनको लागि चाहिने बीज-बीजन, मल र ट्राक्टर, पावर टिलर, पम्पसेट र ट्यूबवेल तथा अन्य कृषि उपकरणहरूको खरीदको लागि ऋण सुविधा पुऱ्याउँदै आएको छ। यस बैंकले जम्मा ७४६ जनालाई ऋण सुविधा उपलब्ध गराएको छ। यस बैंकबाट विगत चार वर्षमा प्रदान गरेको ऋणको विवरण यसप्रकारको छः–

आर्थिक वर्ष	ऋण रकम
२०२६।०२७	रू. ३,६१,०००।
२०२७।०२८	रू. ४,२८,०००।
२०२८।०२९	रू. ५,९७,०००।
२०२९।०३०	रू. ९,६३,०००।
जम्माः–	रू. २३,४९,०००।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यातायात, सञ्चार र बिजुली

यातायात

यस जिल्लामा पर्ने महेन्द्र राजमार्ग बाहेक अन्य बाटोघाटो सबै कच्ची नै भए तापनि जिल्लाको सम्पूर्ण भू-भाग समथर भएकोले यातायातको दृष्टिकोणबाट यो जिल्ला सुविधाजनक नै मानिन्छ । यो जिल्लाको दक्षिणी भाग भारतको दरभङ्गा जिल्लाको जयनगर सडकसित जोडिएको र जयनगर उत्तरी बिहारको "रेल-वे टर्मिनल" मध्ये एक भएकोले यो ठाउँ यस जिल्लाको मुख्य द्वारको रूपमा रहँदै आएको थियो। धनुषा जिल्लाको जनकपुरदेखि भारतको दरभङ्गा जिल्लाको जयनगरसम्म वि. सं. १९९२–९३ देखि नै नेपाल जनकपुर-जयनगर रेल्वे सेवा उपलब्ध हुँदैआएको छ । यस जिल्लाको पश्चिमी सीमाना कमला नदीदेखिको पूर्वी सीमाना वलान नदीसम्मको महेन्द्र राजमार्ग यो जिल्लाको लागि एक महत्वपूर्ण वैकल्पिक पथ हुन पुगेको छ । यस राजमार्गको निर्माणको पश्चात् यातायातको दृष्टिकोणबाट यो जिल्ला र देश भित्रका अन्य जिल्लाहरूका बीच संपर्क बढ्न गएको छ । यो जिल्ला देशको राजधानी काठमाडौं र प्रमुख औद्योगिक केन्द्र विराटनगरसित र सगरमाथा अञ्चलको एक मात्र विमान स्थल राजविराज मार्फत हवाई सेवाद्वारा जोडिएको छ । यस जिल्लाको सदरमुकाम सिराहाबाट यहाँका प्रायः सबैजसो गाउँ पञ्चायतहरू जोडिएका कच्ची सडकहरू छन् । यातायात क्षेत्रमा क्रमिकरूपमा अभिवृद्धि हुँदै गएको छ ।

यस सिराहा जिल्लामा पर्ने मुख्य मुख्य सडकहरू निम्न हुन्:–

महेन्द्र राजमार्ग

- सिराहा – जयनगर सडक
- सिराहा – राजविराज सडक
- सिराहा – गोलबजार सडक
- सिराहा – मिरचैया सडक

महेन्द्र राजमार्ग

महेन्द्र राजमार्गको सत्तिघट्टा-ढल्केबार खण्ड पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने झापा, मोरङ, सुनसरी, सप्तरी तथा सिराहा जिल्लाहरू भई गएको छ । यस क्षेत्रमा पर्ने यो राजमार्गको यस खण्डको लम्बाइ २२० किलोमिटर छ । पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने महेन्द्र राजमार्गको यो खण्डको निर्माण २०२४ सालमा शुरू भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्र राजमार्गको केही भाग यस सिराहा जिल्लाको उत्तरी भेकबाट पश्चिमी सीमाना कमला नदीदेखि पूर्वी सीमाना वलान नदीसम्म पूर्व-पश्चिम दिशामा गएको छ। वलान-कमलाको दूरी अर्थात् महेन्द्र राजमार्गको यो प्रखण्ड ४३ किलोमिटर लामो छ। महेन्द्र राजमार्गको यो भाग मध्यस्थ-विन्दु गोलबजार सदरमुकाम सिराहाबाट २१ किलोमिटर टाढा पर्छ। यस अतिरिक्त यस जिल्लाका प्रमुख आन्तरिक सडकहरू जिल्लाको भूभागमा परेको महेन्द्र राजमार्गसित सम्बन्ध रहेको छ।

वलान-कमला नदी भागको महेन्द्र राजमार्ग भएर राजविराज, धरान, विराटनगर र वीरगञ्ज आदि क्षेत्रमा यातायात सेवा सञ्चालन भइरहेका छन्। काठमाडौंबाट यो जिल्ला भएर विराटनगर जाने यातायात सेवा पनि उपलब्ध हुँदा यस जिल्लाको सम्पर्क स्थलमार्गबाट काठमाडौंसित पनि निकटतम हुन गएको छ। महेन्द्र राजमार्गमा पर्ने कमला नदीमा पुल निर्माण हुन बाँकी रहेकोले हाल हिउँदमा मात्र यो भाग चालू छ। यो राजमार्ग सिराहामा आवागमनको लागि निकै सुविधायुक्त भएको छ।

सिराहा–जयनगर सडक

सिराहा भारतको "रेल्वे टर्मिनल" भएको जयनगरसित जोडिएको छ। सिराहाबाट जयनगरको दूरी करीब आठ किलोमिटर छ। यो पुरानो सडक कच्ची अवस्थामै छ। यो सडकको पूरा भाग पीच गर्ने लक्ष्य छ। आर्थिक वर्ष २०२९।३० मा यो सडकको करीब तीन किलोमिटर पीच कार्य सम्पन्न भएको थियो। सिराहा-जयनगरको बीच ट्रक, रिक्सा जस्ता सवारी तथा परिवहनको माध्यमद्वारा मानिसहरूको आवत-जावत र माल-सामानको निकासी पैठारी गरिएकोले यो सडकको ज्यादातर चल्ती छ। महेन्द्र राजमार्गको वलान-कमला खण्ड निर्माण हुनु अघि यही बाटोको माध्यम भई जनकपुर-जयनगर रेल्वे (नेपाल रेल्वे) वा भारतीय रेल्वेबाट जिल्ला भित्र-बाहिर आवत-जावत प्रशस्त गरिन्थ्यो। तर महेन्द्र राजमार्ग यो जिल्ला भएर गएकोले यो बाटोद्वारा आवागमन घट्दो छ यद्यपि निकासी-पैठारी व्यापारको लागि यो मार्ग मूलरूपमा नै रहिरहने गर्छ।

सिराहा–राजविराज सडक

सिराहा– भगवानपुर-राजविराज सडक ५४ किलोमिटर लामो छ। महेन्द्र राजमार्ग निर्माण हुनु अघि यो सडक मुख्य चल्तीको सडक हो। सिराहा पहिले सप्तरी जिल्लाको इलाका भएकोले यो सडक जिल्लाकै आन्तरिक मार्गको रूपमा लिइन्थ्यो। यो सडकमा मैनावती नदी, सहजा खोला, गागन नदी, त्रिशूला नदी, कल्याण देवी नदी, वलान नदी जस्ता धेरै नदीहरू परेको तर पुलको अभावमा वर्षादमा मोटर चल्न सक्तैन।

सिराहा–गोलबजार सडक

यो सडकको लम्बाइ २१ किलोमिटर छ। यो सडक यस जिल्लाभित्र परेको महेन्द्र राजमार्गसँग जोडिएको छ। महेन्द्र राजमार्गको उक्त खण्डको मध्यस्थ मार्गको रूपमा रहेको सिराहा-गोलबजार सडक सिराहाबाट जनकपुर, लाहान, राजविराज जान अत्यधिक प्रयोग हुन्छ। यो सडक जीप, ट्रक, गाडाको आवागमन भइरहेको कच्ची सडक हो। तर यस सडकमा मैनावती जस्तो नदी पनि परेको र कच्ची स्थितिको भएकोले हिउँदमा मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोटर चल्न सक्छ ।

सिराहा–मिर्चैया सडक

यस जिल्लाको अर्को महत्वपूर्ण यो सडक २० किलोमिटरको छ । यो सडक पनि महेन्द्र राजमार्गसँग जोडिने कच्ची सडक हो । यसमा ज्ञानवती खोला, लोहजरा खोला, धुर्मी खोला र वहाला खोला पर्दछन् । यी खोला र नदीहरूमा पुल नभएकोले यो सडकमा हिउँदमा मात्र मोटर चल्न सक्छ ।

यस जिल्लामा मालसामान ढुवानी र यात्रुहरूको आवागमनको लागि सवारीको निमित्त बयल गाडा, घोडा, साइकल, ट्रक, बस, जीप, ट्राक्टर छन् । मुख्यतः महेन्द्र राजमार्ग बन्दै आएकोले मालसामानको ढुवानीमा ट्रक र सवारीको लागि बस, जीप आदि उपयोगमा बढ्दो रूपमा आइरहेका छन् । तर यातायातको साधनमा सबभन्दा बढी बयल गाडा नै छ । २०२३।२४ सालमा कृषि शिक्षा तथा अनुसन्धान विभागको माटो सर्वेक्षण प्रतिवेदनअनुसार यस जिल्लामा तत्काल बयल गाडी करीब ५,००० थिए ।

सञ्चार

यस जिल्लाको सदरमुकाम सिराहामा आकाशवाणी केन्द्र रहेको छ । यस आकाशवाणीबाट सगरमाथा अञ्चलका सबै जिल्लाहरू र देशको राजधानी काठमाडौंसँग सोझै सम्पर्क हुन्छ । यहाँबाट जिल्ला बाहिर सालिन्दा करीब ३,००० खबर जाने गर्दछ । लक्ष्यअनुसार चौथो योजनाको अन्त्यसम्ममा काठमाडौंदेखि सिराहा हुँदै 'माइक्रोवेभ रेडियो लिङ्क' पूरा भई सेवा चालू हुनेछ ।

यस जिल्लामा खासगरी सदरमुकाममा काठमाडौंबाट गोरखापत्र लगायत विभिन्न पत्र-पत्रिकाहरू आउने गर्छन् । साथै यहाँ जयनगरबाट पनि भारतीय पत्र-पत्रिका आउने गर्छन् ।

हुलाक

यस जिल्लामा विभिन्न स्तरका हुलाकहरू निम्नबमोजिम छन्:–

स्तर	रहेको ठाउँ
छोटी हुलाक	सिराहा
शाखा हुलाक	लाहान बजार
शाखा हुलाक	रामनगर मिर्चैया
शाखा हुलाक	भगवानपुर
शाखा हुलाक	बस्तीपुर
अतिरिक्त हुलाक	कलकवा
अतिरिक्त हुलाक	दरियारपट्टी
अतिरिक्त हुलाक	मादर चन्द्रगञ्ज

यस जिल्लाका हुलाकहरूको माध्यमद्वारा वार्षिक करीब दुई लाख चिट्ठी पत्र आवत-जावत हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुमान रहेको छ। धनुषा जिल्लाको जनकपुरबाट सिराहाको भारतीय सीमाना जयनगरसम्म नेपाल-जनकपुर-जयनगर रेल्वेबाट डाँकको ढुवानी गरिएको छ। यस बाहेक मोटरबाट तथा पैदल पनि डाँकको ढुवानी गरिन्छ। सिराहा छोटी हुलाक र लाहान शाखा हुलाकबाट हुलाक आदेश र आन्तरिक बीमा पनि सञ्चालन हुने गरेको छ।

बिजुली

वि. सं. २०२० साल फागुन ७ गतेदेखि यस जिल्लाको सदरमुकाम सिराहामा बिजुली उपलब्ध भएको छ। नेपाल-भारत सीमाना नजीक पर्ने विभिन्न स्थानहरूको विद्युत् शक्तिको खाँचो पूर्तिको लागि दुबै सरकारका बीच २०२८ साल कात्तिकमा भएको सम्झौता अन्तर्गत सिराहामा उक्त विद्युत् शक्ति उपलब्ध भएको हो। यस विद्युतीकरणको निमित्त २०३०।३१ मा रू. ८,५०,०००। को बजेट व्यवस्था भएको थियो।

चौथो योजनामा सिराहा-जनकपुर ३३ के. भी. प्रसारण लाइन आयोजना रहेको छ। यस आयोजना अन्तर्गत सिराहा र जनकपुरका बीच प्रसारण लाइन निर्माण गरी विभिन्न स्थानमा बिजुली वितरण गर्ने लक्ष्य राखिएको छ। यसको अनुमान लागत रू. ५० लाख रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

साक्षरताको दृष्टिकोणबाट सगरमाथा अञ्चलमा चौथो स्थान ओगटिरहेको यो जिल्लामा छ वर्षदेखि माथिको उमेर समूहका जनसंख्या २,४३,७२३ मध्ये केवल २९,२१२ अर्थात् १२ प्रतिशत साक्षर छन्। देशको औसत साक्षरता (१३.९ प्रतिशत) को दाँजोमा, यहाँको साक्षरता झण्डै दुई प्रतिशत कम छ। महिला जनसंख्या भन्दा पुरुष जनसंख्या १८.४ प्रतिशत बढी साक्षर छ। उक्त उमेर समूहको पुरुष जनसंख्या (१,२४,४९५) को २१ प्रतिशत (२६,१२८) र महिला जनसंख्या (१,१९,२३२) को २.६ प्रतिशत (३,०८४) साक्षर छन्।

निम्न उमेर समूहको दृष्टिकोणमा यहाँ छ वर्षदेखि २९ वर्ष उमेर समूहका जनसंख्या १२ प्रतिशत भन्दा बढी साक्षर छन्। ३० वर्षभन्दा बढी उमेरको जनसंख्या तिनको दाँजोमा कम प्रतिशत साक्षर छन्। यहाँको नौदेखि १४ वर्ष उमेर समूहको जनसंख्या सबभन्दा बढी र ६५ वर्षदेखि माथिको उमेर समूह सबभन्दा कम साक्षर छन्। विभिन्न उमेर समूहको साक्षरता तलको तालिकामा दिइएको छः–

साक्षरताको तालिका

	पुरुष			महिला			कुल संख्या		
उमेर समूह	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	१७,३३९	३,५९८	२०.८	१६,२२५	७१५	४.४	३३,५६४	४,३१३	१२.९
१०–१४	१६,०३६	५,८२५	३६.३	१२,४१९	८४७	६.८	२८,४५५	६,६७२	२३.४
१५–१९	११,६३७	३,६८१	३१.६	९,०१४	४९१	५.४	२०,६५१	४,१७२	२०.२
२०–२४	११,४३६	३,२०२	२८.०	१३,४७४	३७८	२.८	२४,८७४	३,५८०	१४.४
२५–२९	१३,५८६	२,९६५	२१.८	१२,२८८	२३१	१.९	२५,८७४	३,१९६	१२.४
३०–३४	१०,३९८	१,६४१	१५.८	१२,२८९	१२६	१.०	२२,६८७	१,७६७	७.८
३५–३९	११,९७५	१,६२७	१३.६	१०,४५८	१०८	१.०	२२,४३३	१,७३५	७.७
४०–४४	८,३८७	९७६	११.६	८,६३८	५९	.७	१७,०२५	१,०३५	६.१
४५–५४	१३,४१४	१,५३७	११.५	११,५३९	७९	.७	२४,९५३	१,६१६	६.५
५५–६४	६,६४३	७१६	१०.८	७,५६१	२९	.४	१४,२०४	७४५	५२
६५ माथि	३,६४४	३६०	९.९	५,३२७	२१	.४	८,९७१	३८१	४.२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०२८ सालको स्नातक मतदाता सूचीअनुसार यहाँका निवासीहरूमध्ये २२० जना स्नातक छन् यस आधारमा यहाँ स्नातक जनसंख्या अनुपात तत्काल १,३६२ हुन आउँछ। यस स्नातक संख्यामध्ये तत्काल १२४ जना स्नातकहरू अर्थात् उक्त स्नातक संख्याको करीब ५६ प्रतिशत जिल्ला बाहिर र जिल्लामा नै ९६ जना अर्थात् ४४ प्रतिशत स्नातकहरू काम गरिरहेको अनुमान भएको पाइन्छ।

यहाँ विद्यालयमा शिक्षा हासिल गर्न योग्य समूह (छ देखि १४ वर्षका उमेर) को केटाकेटीको संख्या ६७,८९६ अर्थात् कुल जनसंख्याको २२.४ प्रतिशत रहेको छ। यहाँ प्राथमिकदेखि माध्यमिक कक्षासम्म विद्यालयमा पढ्न जाने केटाकेटीहरू १२,६३१ छन्। यस दृष्टिकोणबाट यहाँ उपलब्ध त्यस उमेर समूहका केटा-केटीमध्ये १९ प्रतिशत विद्यालयमा पढ्न जाँदा रहेछन्। विद्यालयमा पढ्न जाने विद्यार्थीहरूमा पनि महिला धेरै कम छन्। यहाँ विभिन्न स्तरमा पढ्ने विद्यार्थीहरूको संख्या यसप्रकार छः–

कक्षा स्तर	संख्या
प्राथमिक (शिशु कक्षादेखि कक्षा तीनसम्म)	७,११२
निम्न माध्यमिक (कक्षा चारदेखि सातसम्म)	४,०२१
माध्यमिक (कक्षा आठदेखि १० सम्म)	१,४९८
जम्मा छात्र-छात्राः–	१२,६३१

हाल यस जिल्लामा जम्मा १७७ वटा विद्यालयहरू छन्। ती विद्यालयहरूको वर्गीकरण र तिनको भवन स्थिति यसप्रकार रहेका छन्ः–

विद्यालयको किसिम	संख्या	भवन भएका विद्यालयको संख्या	
		पक्की	कच्ची
प्राथमिक विद्यालय	१३९	२५	११४
निम्न माध्यमिक विद्यालय	२८	१७	११
माध्यमिक विद्यालय	१०	५	५
जम्माः–	१७७	४७	१३०

यहाँका १७७ विद्यालयमा जम्मा ५५५ जना शिक्षकहरू छन्। यसमध्ये तालीम प्राप्त २०६ र तालीम अप्राप्त ३४९ छन्। यहाँ जिल्ला बाहिरका शिक्षक करीब ११० छन्। शिक्षकको विवरण यस प्रकारको छः–

शैक्षिक योग्यता	जम्मा	तालीम प्राप्त	तालीम अप्राप्त
प्रवेशिका परीक्षा मुनिका	१२८	३५	९३
प्रवेशिका परीक्षा उत्तीर्ण भएका	२८१	१३९	१४२
आई. ए. वा सो सरहका	५४	१७	३७
स्नातक वा सोभन्दा माथिका	९२	१५	७७
जम्माः–	५५५	२०६	३४९

आर्थिक वर्ष २०३०।३१ मा पुरुष तथा महिला निरक्षर प्रौढहरूका लागि ५६ वटा कक्षाहरू विभिन्न गाउँ पञ्चायतहरूमा र तीनवटा कारागारमा सञ्चालन भइरहेका छन्।

आर्थिक वर्ष २०२९।३० मा यहाँको शिक्षण संस्थाहरूका लागि श्री ५ को सरकारको बजेट रू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३,६५,४०१। थियो। त्यसमा शिक्षण संस्थाहरूले आफ्नै स्रोत र स्थानीय सहयोगबाट समेत रू. ७,१५,७७१। व्यहोरेका थिए।

वि. सं. २०३० साल साउन १ गते अगाडिसम्म यहाँ एउटा सिराहा इण्टर कलेज नामक महाविद्यालय रहेको थियो। उच्च शिक्षातर्फ राष्ट्रिय शिक्षा पद्धति उक्त मितिदेखि लागू भएपछि उक्त महाविद्यालय स्वतः रहन गएन।

यस जिल्लामा १६ वटा पुस्तकालयहरू छन्:—

भानुभक्त वाचनालय, लाहान बजार	ब्रह्मचारी पुस्तकालय, रामनगर मिर्चैया
रवि पुस्तकालय, काविलासी	महावीर पुस्तकालय जगतपुर, सोठियाइन
चन्द्र हाई स्कूल पुस्तकालय, महीसोवा	सरस्वती पुस्तकालय, वर्छावा
युवक पुस्तकालय, छना, विद्यानगर	शहीद पुस्तकालय, लक्ष्मीनिया
सार्वजनिक पुस्तकालय, माद्दर	जनहित पुस्तकालय, वडहारामाल
जनता पुस्तकालय, कृष्णपुर	जनता पुस्तकालय, गौरीपुर
नव जागृत पुस्तकालय, चन्द्रलालपुर	नवयुवक पुस्तकालय, कजरा जिकोल
युवक पुस्तकालय, देउरापट्टी तुलसीपुर	सार्वजनिक पुस्तकालय, मरवनाहा

स्वास्थ्य

यस जिल्लामा जन स्वास्थ्य सुविधाको निमित्त निम्न बमोजिमका विभिन्न स्वास्थ्य सेवाका निकायहरू निम्नस्थानमा रहेका छन्:—

किसिम	स्थान
सिराहा स्वास्थ्य केन्द्र	सिराहा गाउँ पञ्चायत
भलुवाही स्वास्थ्य चौकी	हनुमाननगर गाउँ पञ्चायत
कल्याणपुर स्वास्थ्य चौकी	कल्याणपुर जण्डी गाउँ पञ्चायत
मलहनियाखोरी स्वास्थ्य चौकी	रामनगर मिर्चैया गाउँ पञ्चायत
गोलबजार स्वास्थ्य चौकी	असुनपुर गाउँ पञ्चायत
नयनपुर स्वास्थ्य चौकी	नयनपुर गाउँ पञ्चायत
अरमाना स्वास्थ्य चौकी	अरमाना गाउँ पञ्चायत
सुखीपुर स्वास्थ्य चौकी	सुखीपुर गाउँ पञ्चायत
लाहान स्वास्थ्य चौकी	लाहान बजार गाउँ पञ्चायत
छरापट्टी स्वास्थ्य चौकी	सानमति मझौरा गाउँ पञ्चायत
बरियारपट्टी स्वास्थ्य चौकी	बरियारपट्टी गाउँ पञ्चायत
भगवानपुर स्व.स्थ्य चौकी	भगवानपुर गाउँ पञ्चायत
आयुर्वेदिक औषधालय	रामनगर, मिर्चैया गाउँ पञ्चायत
औलो उन्मूलन कार्यालय	(सिराहा) लाहान बजार गाउँ पञ्चायत
बिफर उन्मूलन कार्यालय	सिराहा गाउँ पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साथै परिवार नियोजन तथा मातृ कल्याण आयोजना क्लिनिक सिराहा, लाहान तथा कल्याणपुर जण्डी पञ्चायतमा छन्।

यस जिल्लाको सदरमुकाम सिराहामा रहेको स्वास्थ्य केन्द्रलाई १५ शय्याको अस्पतालमा परिणत गर्ने योजना चालू भइरहेको छ। अस्पतालको लागि नयाँ भवन निर्माण भइसकेको छ। हाल उक्त स्वास्थ्य केन्द्रमा एकजना एम. बी. बी. एस. चिकित्सक पनि रहने गरेको छ। अन्य स्वास्थ्य चौकीहरू स्वास्थ्य सहायकहरू अन्तर्गत सञ्चालित छन्। आर्थिक वर्ष २०२९।३० मा सिराहा स्वास्थ्य केन्द्र लगायतका १२ स्वास्थ्य चौकीहरूमा करीब ४५,००० बिरामीहरू स्वास्थ्योपचारको लागि सम्पर्कमा आएका थिए र यिनीहरूलाई विभिन्न औषधि पनि वितरण भएको थियो। यस जिल्लामा आयुर्वेदिक औषधोपचार गर्ने चलन पनि प्रचलित छ। यहाँ धामी-झाँक्रीहरूबाट आफ्नै ढङ्गमा तन्त्र मन्त्रद्वारा झारफुक, पूजापाठ आदिद्वारा स्वास्थ्योपचार गराउने चलन पनि चलिरहेकै छ।

एक दशक अघिदेखि नै यहाँ औलो उन्मूलन कार्यक्रम सञ्चालन हुँदै आएको छ। यहाँ प्रायः औलो उन्मूलन भइसकेको छ। यहाँ औलोग्रस्त रोगी पाइएको छैन। बिफर उन्मूलन कार्यक्रम अन्तर्गत खोपाउने कार्य भइरहेको छ। परिवार नियोजन कार्यक्रम अन्तर्गत गर्भ निरोधक औषधि वितरण गरिंदैछ। यस अतिरिक्त समय समयमा स्वास्थ्य क्याम्प खडागरी भ्यासेक्टोमी पनि गर्ने गरिआएको छ।

यस जिल्लाको जलवायु साधारणतः राम्रो मानिए तापनि यहाँ आउँ र लुतो जस्ता रोगहरू धेरै पाइन्छन्।

खानेपानी

यस जिल्लामा खानेपानीको लागि कलधाराको सुविधा उपलब्ध छैन। इनार, पोखरी, ट्यूबवेल नै यहाँ खानेपानीका प्रमुख स्रोत हुन्। यहाँको खानेपानी साधारणतः राम्रो मानिन्छ। यस जिल्लाको उत्तरी क्षेत्रमा खानेपानीको ज्यादातर अभाव रहने गर्छ। यस क्षेत्रको जमीनभित्र कडा कडा ढुङ्गा भएकोले ट्यूबवेल गाड्न पनि धेरै गहिराइसम्म खन्नु पर्ने भएकोले निकै मुस्किल पर्छ। यस क्षेत्रका ट्यूबवेलबाट पानी आउने पञ्चायत-हरूमा ट्यूबवेल वितरण गर्ने गरिएको छ। यस जिल्लाका स्थानीय पञ्चायतहरूबाट खानेपानीको लागि ट्यूबवेल आयोजना सम्पन्न हुँदै आएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासन र पञ्चायत

प्रशासन

वि. सं. २०१८ साल अघि महिसौथ, रामपुर,पिहार र धन्छवार नामक चार प्रगन्नाहरूको प्रमुख इलाकाको रूपमा रहेको सिराहा तत्कालीन सप्तरी जिल्लाभित्र रही तत्कालीन सप्तरी गोश्वाराबाट प्रशासित हुन्थ्यो। त्यसबखत सिराहामा रहेका प्रमुख अड्डाखानामा माल अड्डा विशेष उल्लेखनीय छ। २०१८ सालमा नेपाल अधिराज्य प्रशासनिक प्रयोजनको लागि १४ अञ्चल र ७५ जिल्लामा विभाजन हुँदा तत्कालीन सप्तरी जिल्लाको गुदी गाउँ र पकरिया दुई प्रगन्नाको पश्चिम भाग सिराहामा समावेश भई बेग्लै नयाँ जिल्लाको रूपमा कायम हुन आयो। त्यस बेलादेखि सिराहा एक जिल्ला प्रशासनिक एकाइको रूपमा रहन आएको छ। यो जिल्ला सगरमाथा अञ्चल प्रशासनको सामान्य रेखदेखमा रहेको छ।

खासगरी २०२२ सालमा प्रशासन विकेन्द्रीकरणको सिलसिलामा स्थानीय प्रशासन व्यवस्था लागू भएपछि यस जिल्लामा जिल्ला प्रशासनिक कार्यालयहरू व्यवस्थित हुँदै आए। जिल्ला प्रशासनको लागि यहाँ प्रमुख प्रशासकीय अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी रहेको छ। प्रमुख जिल्ला अधिकारीको मुख्य काम जिल्लाभर शान्ति सुरक्षा कायम गर्नु, विकास सम्बन्धी कार्यको समन्वय र रेखदेख गर्नु, जिल्लास्तरीय कार्यालयहरूको रेखदेख र नियन्त्रण गर्नु र सरकारी नीति र कार्यक्रम कार्यान्वयन गर्नु हुन्। यहाँ जिल्ला प्रशासनको अतिरिक्त प्रहरी, राजस्व, न्याय, शिक्षा, स्वास्थ्य, कृषि, भूमि प्रशासन सम्बन्धी जिल्लास्तरीय कार्यालयहरू पनि रहेका छन्। यहाँ अवस्थित मुख्य सरकारी कार्यालयहरू, गैर-सरकारी संस्था र स्वशासित संस्थाहरूको फेहरिस्त तल दिइएको छः–

कार्यालय को नाम	कार्यालयको नाम
प्रमुख जिल्ला अधिकारीको कार्यालय, सिराहा	प्रहरी निरीक्षक कार्यालय, सिराहा
सशस्त्र प्रहरी कार्यालय, सिराहा	कारागार कार्यालय, सिराहा
कोष तथा तहसील कार्यालय, सिराहा	अन्तःशुल्क कार्यालय, सिराहा
कर कार्यालय, लाहान	जिल्ला तथ्याङ्क कार्यालय, सिराहा
जिल्ला अदालत, सिराहा	सरकारी वकील शाखा कार्यालय, सिराहा
जिल्ला शिक्षा अधिकारीको कार्यालय, सिराहा	बिफर उन्मूलन कार्यालय, सिराहा
नेपाल औलो उन्मूलन संघ, लाहान	कृषि विकास कार्यालय, सिराहा
सहकारी कार्यालय, सिराहा	कृषि खरीद विक्री संस्था, विक्री केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि विकास बैंक	भूमि प्रशासन कार्यालय, सिराहा
उद्योग वाणिज्य संघ, लाहान	आकाशवाणी कार्यालय, सिराहा
नेपाल राष्ट्र बैंक सटही काउण्टर	राष्ट्रिय वाणिज्य बैंक
नेपाल बैंक लिमिटेड	गुठी संस्थान

प्रहरी

यस जिल्लामा प्रहरी निरीक्षक कार्यालयको अतिरिक्त प्रहरी थाना एक, प्रहरी छोटी थाना एक र प्रहरी चौकी चार छन्। यहाँ सशस्त्र प्रहरी पनि छन्। यसको साथसाथै सुरक्षा गार्डतर्फ कारागार, भन्सार, राष्ट्रिय वाणिज्य बैंक, नेपाल राष्ट्र बैंक, जगेडा गार्ड पनि छन् ।

यहाँ ३०–३५ जना कैदी अटाउने कारागार एक रहेको छ । हाल १०० जना कैदी अटाउने नयाँ कारागार निर्माण भइरहेको छ ।

न्याय

यस जिल्लामा सिराहा जिल्ला अदालत रहेको छ । यस अदालतको लागि दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा जग्गा सम्बन्धी मुद्दा सबभन्दा बढी पर्दछन् । २०२८।२९ र २०२९।३० मा यहाँ जग्गा, लुटपीट, कुटपीट, चोरी तथा लेनदेन मुद्दा बढी परेका थिए ।

पञ्चायत

यस जिल्लामा पञ्चायतको सबभन्दा तल्लो एकाई गाउँ पञ्चायतहरू १२४ छन् । यस जिल्लाबाट राष्ट्रिय पञ्चायतमा अञ्चल सभाबाट निर्वाचित दुई जना प्रतिनिधिले प्रतिनिधित्व गर्दछन् । यस जिल्लामा युवक, महिला र किसान संगठनहरू छन् । यी वर्गीय संगठनहरूको प्रारम्भिक समिति र सदस्य संख्या निम्न-बमोजिम छन् :–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल युवक संगठन	३८	४१८
नेपाल महिला संगठन	१२	१३२
नेपाल किसान संगठन	३१	३४१

यहाँका धेरैजसो गाउँपञ्चायतहरूको आयका स्रोतहरू हटिया कर, रेडियो नवीकरण, काञ्जी हाउस र अन्य दस्तूर छन् । यहाँका धेरैजसो पञ्चायतहरूको आय कम हुन्छ। यहाँ सबभन्दा बढी र कम आम्दानी हुने गाउँ पञ्चायतहरू क्रमशः सुखीपुर र ढोडना गाउँ पञ्चायत हुन् । यिनको वार्षिक आय क्रमशः रू. २७,०००। र रू. १२०। छन् । यहाँको जिल्ला पञ्चायतको औसत वार्षिक आम्दानी रू. १८,०००। हुन्छ। २०२९।३० मा जिल्ला कोषको आम्दानी रू. २२,२३४। थियो । यहाँका वर्गीय संगठनहरूको खास आय स्रोत छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँका गाउँ पञ्चायतहरूबाट पञ्चायत भवन, विद्यालय भवन, सामुदायिक भवन, खानेपानी, इनार, सिचाइ, कुलो आदि केही गाउँ स्तरीय आयोजनाहरू सञ्चालन भएका छन् । गाउँ स्तरीय आयोजनाहरूका लागि श्री ५ को सरकारबाट ५० प्रतिशत अनुदान प्रदान हुँदै आएको छ र गाउँ पञ्चायतहरूबाट ५० प्रतिशत स्थानीय श्रम तथा साधनको व्यवस्था मिलाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यो सिराहा जिल्ला नेपाल अधिराज्यको मोरङ, धनुषा, सप्तरी र पर्सा जस्ता तराई जिल्लाहरूको दांजोमा अल्प विकसित नै रहेको छ। वर्तमान सिराहा जिल्ला २०१८ साल अघि सप्तरी जिल्लाको इलाकाको रूपमा रहेकोले पनि तत्काल यस भू-भागप्रति खास गरी विकासको दृष्टिकोणबाट ध्यानाकर्षित भएको थिएन। यस जिल्लामा विशेषतः विगत दशक अघि महत्वपूर्ण केन्द्रीय स्तरका आयोजनाहरू थालिएका थिए। यस जिल्लाको २२,५०० हेक्टर (६,००० एकड) जमीनमा सिचाइ उपलब्ध गरी ३,०७७ मेट्रिक टन (८०,००० मन) उपजवृद्धि गर्ने क्षमता मानिएको खुट्टी नहर आयोजना प्रारम्भ गरिएको थियो। तर प्राविधिक दृष्टिकोणबाट यो आयोजना अनुपयुक्त भई बन्द हुनगयो। त्यस्तै कृषि विकासका लागि सिराहा र धनुषा जिल्लाको ५० प्रतिशत जमीनमा सिचाइ उपलब्ध गर्ने क्षमतायुक्त कमला सिचाइ आयोजनाको काम कारणवश रोकियो। यद्यपि चालू चौथो योजनाको अवधिमा कमला नहर आयोजनाको काम थाल्ने लक्ष्य रहेको देखिन्छ। यो वृहद् सिचाइ आयोजना सम्पन्न हुँदै गएपछि यस जिल्लाको सिचाइ समस्या धेरै हदसम्म समाधान हुने स्पष्ट छ।

यो जिल्लामा परेको कमला नदीको भागदेखि वलान नदीसम्मको महेन्द्र राजमार्ग यस जिल्लाको लागि समेत एक ठूलो उपयोगी केन्द्रीय स्तरको आयोजना हो। यसबाट यहाँ यातायात जस्तो विकासको आधारभूत आवश्यकता सिर्जना भएको छ। अर्थ व्यवस्थाको उद्योग क्षेत्रमा निकै पिछडिएको यस जिल्लामा यस राजमार्गबाट औद्योगिक विकास सम्भव तुल्याउनुको अतिरिक्त अनेक आर्थिक लाभ प्राप्त हुन सकिने स्पष्ट छ।

यस जिल्लामा परिवार नियोजन तथा मातृ शिशु कल्याण, औलो उन्मूलन, बिफर उन्मूलन, कृषि प्रसार, लघु सिचाइ जस्ता आयोजना सञ्चालन हुँदै गरेका छन्। हाल सिराहा विद्युतीकरण, सिराहा-जयनगर सडक र अस्पताल नै मुख्य नयाँ आयोजनाको रूपमा सञ्चालन भइरहेका छन्। बाँकी आयोजना पनि निकट-भविष्यमा पूरा हुने आशा गरिएको छ।

देशको दोस्रो योजना (२०१९–२०२२) कालदेखि नै स्थानीय विकास आयोजनाहरू स्थानीय पञ्चायतहरूको माध्यमद्वारा सञ्चालन गरी स्थानीय विकास गर्ने नीति अनुरूप यस जिल्लामा विभिन्न गाउँ स्तरीय आयोजनाहरू सञ्चालन हुँदै आएका छन्। यस जिल्लामा सञ्चालन भएका गाउँ स्तरीय आयोजनाहरू मुख्यतः पञ्चायत भवन, विद्यालय भवन, सामुदायिक भवन, खानेपानी, इनार, कुलो, बाँध, पुल आदि हुन्। यहाँ गाउँ स्तरीय आयोजनाहरू लक्ष्यभन्दा कम मात्रामा सञ्चालन भएका देखिन्छन्। यहाँ आय कम हुने गाउँ पञ्चायतहरू पनि भएकोले स्थानीय आयोजनाहरूको लागि आर्थिक साधनकोसमेत कमी रहने गरेको छ।

विकासका लागि आधारभूत आवश्यकता सिर्जना भइनसकेको र निजी क्षेत्र समुदाय पनि सक्रिय हुन नसकेकोले यहाँ सम्भाव्य उद्योगहरू पनि स्थापना भइसकेका छैनन्। यहाँ जनताको क्रयशक्तिमा प्रत्यक्ष अभिवृद्धि गर्ने, रोजगार पैदा गर्ने र स्थानीय साधन उपयोग हुने खालका विकास आयोजनाहरू उत्तिकै आवश्यक छन्। यहाँ विकासको गतिलाई द्रुततर रूप दिन स्थानीय पञ्चायतहरू, स्थानीय प्रशासन, निजी क्षेत्र समन्वयात्मक र सहयोगात्मक भावनामा सक्रिय रहँदै जानेछन् भन्ने आशा गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ संख्या		लहर	अशुद्ध	शुद्ध
१६०		११	१३० वटा शिक्षालयहरू छन्	१३० वटा आफ्नै भवन भएका विद्यालयहरू छन् ।
२१८		१२	फ्ल्यारेट	फ्ल्याट रेट
२३२		६	....चोरी, ठग्ने आदि यिनीहरूमा नभएका बैगुनहरू हुन् ।	....चोरी, ठग्ने आदि बैगुनहरू यिनीहरूमा छैनन् ।
२३३		१७	भूराङ वुरूलाई	मराङवुरूलाई
२३४		६	फर्काउन पर्थ्यो	दिनु पर्छ
२४१		१३	१६,८७१–१२–११	१७,८७१–१२–११
२४२		१५	तथ्याङ्क २०२८	तथ्याङ्क २०२३
२४४		२०	जमीन कम भएको	जमीन धेरै भएको
२५३		१३	२७१ वटा ऋण	२७१ वटा ऋण खाता
२५४		१८	"हेलर"	"हलर"
२६४		७	४०,८४५	१,५५,२१२
२६६		८	१७.८	७१.८
२६७		८	२०२६	२०२९
३०३	सि.नं.	८	घुंपु	धुपु
३०३	सि.नं.	३१	२,७६६	२,९५५
३०३	सि.नं.	३२	२,९५५	२,९७५
३०४		३१	प्रायः बौद्धकालीन	प्राग बौद्धकालीन
३०८		९	खेती गरिन्छ ।	२०२४।२५मा खेती गरिएको थियो।
३१४		७	२६३	७६३
३३१		१०	यानथाक्राबाट	सानथाक्राबाट
३३३		२६	लाग् पर्ने थियो	लाग्नु पर्ने थियो
३३५	अन्य स्थानमा र	१३	पाठीमरा	पाथीभरा
३३८		२१	२७,९६५	३७,९६५
३३९		९	उमेरका बालिकाहरू	उमेरका मानिसहरू
३४०	सि. नं.	३	साँघु	साँघु
३४०	सि. नं.	१५	२,५७६	२,५४४
३४०	सि. नं.	२५	३,४५३	१,४५५
३४०		३३	फेदाम	फेदाप
३४१		५	३६,९६५	३७,९६५
३४२		१३	"चिम्लिङ"	चुम्लुङ
३५२		१६	नम्लिङ वितामादी	माम्लिङ, मादी बिर्ता
३५४		१७	८३९	७३९
३६८		अन्तिम	कावेरी	कावेली
३६९		११	अरुण नदी समायाघाट पुग्छ । यो घाटमा समाया खोला.........	अरुण नदी सभाघाटमा पुग्छ । यो घाटमा सभा खोला... ...
३८१		२०	९,०५९	८,९६९
३८१		२३	५३,१९५	५३,१०५
३९२		२७	धनुकांधले	धनुकाँडले
४०७		२१	रामरिढा	रामरिढ्ढा
४११		१७	२३९	२३१
४११		१८	१,०२५	१,०८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ संख्या		लहर	अशुद्ध	शुद्ध
४११		१८	१२,११	१,२१०
४१३		२	१२६	१२५
४३०		१२	दलारीका	दुलारीका
४५२		११	उत्पादन हुन्छ।	आर्थिक वर्ष २०२७।०२८ मा उत्पादन भएको थियो।
४५३		२	२०२७।०२८	२०२९।०३०
४६२		१	" "	वर्ग मिटर
४६८		२२	यी बाहेक... इत्यादि	यी बाहेक ... इत्यादि विभिन्न जिल्लाबाट यहाँ सङ्कलन गरी बाहिर लगिन्छ।
४७८		२८	बल्किएको	बल्झिएको
५११	सि. नं.	३६	३,७३९	२,७३९
५१५		१०	८,३९६	६८,३९६
५१६		११	४६,०००	४६,३००
५१७		८	जुनेलो	कोदो
५३६		८	२९.० प्रतिशत महिला गरी जम्मा...	२९.० प्रतिशत पुरुष र ७,८११ अर्थात् ९.१ प्रतिशत महिला गरी जम्मा..........
५३६		१४	१,३७८	१३,७८०
५३६		१५	१,१३२	११,३२८
५५५		४	लुंग सोटांग आदि कुलुङ्के	बुंग सोताङ्ग आदि कुलुङ्गे
५५७		११	१३.०	–१३.९
५७४		२९	सुनको वालाको माला	सुनको पाताको माला
५७९		१६	२०२९।०३०	२०२७।०२८
५८४		२२	लाङगाङ	लाङटाङ
५८४		२३	सिंगकिला	सिङ्गलिला
६०१		१०	रामचा	राप्चा
६२०	सि. नं.	१०	खार्ताम्दा	खार्ताम्छा
६२०	सि. नं.	२७	तुंगेद्दा	तुङगेछा
६२०	सि. नं.	३०	३,७१७	३,७७१
६२०	सि. नं.	३६	३,८८०	३,८००
६२०	सि. नं.	४२	१,८५९	१,८९५
६२०	सि. नं.	४४	३,७५९	३,७५६
६३७		८	मझुनी बूढी	मझियानी बूढी
६४०		२१	११,१७५	१३,१७५
६६१		अन्तिम	र (रभुवा) भुवा	रभुवा
६६४		२४	द्वारपामा लिइएको	द्वारपामा सन् १९७० मा लिइएको
६६६		२३	सुनकोशी गढतिर	सुनकोशी गढतीरमा
६७०		८	खेलीबिचारी	खोले बिचारी
६७८		२३	मै तराई	तराईमै
६८२		१३	माया प्रतिका	माया प्रीतिका
६८३		३	हँसियाले	हँसिया र
७२७	सि. नं.	२८	१,७२१	२,५३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ संख्या		लहर	अशुद्ध	शुद्ध
७२७	सि. नं.	३३	भाम्खा	माम्खा
७२८		७	७२,२७४	७३,२७४
७२८		१०	२,२८०	२,२८७
७३४		१०	वैशाख ५१	वैशाख १५
७३५		६	२०२६ सालको	२०२७।०२८ सालको
७३६		१२	उँभो ओरालिन्छन्।	उँधो ओरालिन्छन्।
७४४		३	१०.९	११.०
७४४		१८	७,४०५	७,८०५
७७०		४	मगरातमा, भावरमा	भगरातमा (भावरमा)
७७९	सि. नं.	३	२,६३२	२,९३२
७७९	सि. नं.	१०	जार्ते	जाँते
७७९	सि. नं.	२१	२,३६९	२,३९३
७७९	सि. नं.	२७	मलाया डाँडा	भलया डाँडा
७८४		९	११,७००	११,०००
७८५		७	२,८००	२,६००
७९७		१६	२३	२३३
८२४		अन्तिम	११,४८९	११,६८९
८२६	सि. नं.	७६	मुतही	भुटाही
८२७	सि. नं.	८५	मपना कदेरी	मयना कदेरी
८२७	सि. नं.	८७	मसेरा २,५४४	पसेरा २,२४४
८२७	सि. नं.	९९	१,८८६	१,४८६
८३२		५	२०२८।०२९	२०२९।०३०
८४८		२	२,१६,१५९	३८,५१०
८४८		११	संख्या	साक्षर
८४८		११	संख्या	साक्षर
८४८		११	संख्या	साक्षर
८४८		१२	५,३१२	५,३१९
८४९		२३	११,४८६	११,६८९
८४९		३२	११,४८९	११,६८९
८७५		२९	७५,४५४	१२,५८२
८७६		३	३०,२८०	३०,२८९
८७६		७	२०,३६७	२०,३३७
८७६		२०	१४,७२५	१४,७२४
८७६		३०	१,२६,५३२	१,२६,४३२
८७७		८	६७९	९७६
८८०		१५	८,००२	९,००२
८८१		८	३,१००	३,१२५
८८१		८	३,५००	३,३८०
८८१		९	२,८३०	३,३८०
८८२		२२	खाडखारी	२,८८३
८८५		१३	कृषि विक्री संस्थान	खाँडसारी
८९७		२	२,४३,७२३	कृषि खरीद विक्री संरथान
८९७		१६	२४,८७४	२,४३,७२७
				२४,९१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुरोध

यस "मेचीदेखि महाकाली" पुस्तकमा समावेश भएका विभिन्न विषयका जानकारी-हरूमा कुनै त्रुटि हुन गएको अथवा थप गर्नुपर्ने भए अर्को संस्करणमा समावेश गर्न पाठकवर्गको सुझाव तलको ठेगानामा पठाइदिनु भई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं।

जाँचबुझ केन्द्र
राजदरबार
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आंशिक भार

आंशिक भार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu